श्री १००८ ब्रह्मवित् परमहंस योगी सच्चिदानन्द सरस्वती-
(खप्तडस्वामी) - द्वारा प्रणीत

धर्म-विज्ञान

(नेपालीभाषानुवाद)

द्वितीय खण्ड

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल।

श्री १००८ ब्रह्मवित् परमहंस योगी
सच्चिदानन्द सरस्वती-
(खप्तडस्वामी) - द्वारा प्रणीत

धर्म-विज्ञान

(नेपालीभाषानुवाद)

द्वितीय खण्ड

प्रधान सम्पादक

श्री चूडानाथ भट्टराय

अनुवादकहरू

श्री ओजराज पन्त
श्री घटराज भट्टराई
श्री चूडानाथ भट्टराय
श्री ढुण्डिराज कोइराला
श्री नरकान्त अधिकारी
श्री निर्मल भट्टराई
श्री माधवप्रसाद भट्टराई
श्री मुक्तिराज्येश्वरी भट्टराय
श्री रामबहादुर रावल
श्री वेणीमाधव ढकाल

सम्पादक

श्री कुमारधर शर्मा 'ज्ञानी'
श्री बद्रीचन्द्र खनाल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।

प्रकाशक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल।

294
BHA

प्रथम संस्करण २०४५

286
BHA

मूल्य १०५।-

3372

मुद्रक

मुद्रण तथा प्रकाशन विभाग,

पुतलीबगैंचा, सिंहदरबार,

काठमाडौं, नेपाल।



श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्धनको निम्ति प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन राष्ट्रनायक **श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार**को कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ । आज **राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार**को वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ, उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशको कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरूको सिर्जना गरी आफ्ना-आफ्ना क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं ।

लैनसिंह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख १ गते २०३६

प्रकाशकीय

सत्यलाई पत्ता लगाउने ज्ञान नै विज्ञान हो । आज वैज्ञानिकहरू भौतिक ज्ञानलाई विज्ञान भन्दछन्, प्राचीन ऋषिहरू अध्यात्मज्ञानलाई विज्ञान भन्दछन् । भौतिक ज्ञानको सत्यता प्रयोगशालामा जाँचिन्छ, आध्यात्मिक ज्ञानको सत्यता आत्मामा सिद्ध गरिन्छ । वैज्ञानिकहरूको पद्धति विश्लेषणपरक हुन्छ, अध्यात्मवादीहरूको पद्धति संश्लेषणपरक हुन्छ । दुवैको पद्धति भिन्नाभिन्नै भए पनि उद्देश्य एउटै हो– सुखप्राप्ति । वैज्ञानिकहरू भौतिक सुखको उपहार ल्याउँछन् भने, अध्यात्मवादीहरू आत्मिक सुखको उपहार ल्याउँछन् । विज्ञानको सत्यता प्रयोगमा हुन्छ, व्यवहारमा हुन्छ, परन्तु ज्ञानको सार्थकता त्यसको सदुपयोगमा हुन्छ, सदाचारमा हुन्छ । आध्यात्मिक ज्ञानको दुरुपयोग भयो भने त्यसबाट अन्धविश्वास उत्पन्न हुन्छ र दिव्यताका द्वारा बन्द हुन्छन् । वैज्ञानिक ज्ञानको दुरुपयोग भयो भने मानव-सभ्यता नै नष्ट हुन सक्छ । सदुपयोगको सद्बुद्धि कताबाट आउँछ ? यी दुवै ज्ञानको समन्वयको कुनै सूत्र छ कि छैन ? त्यसको समाधानको एक सूत्र हामीलाई हाम्रा दार्शनिकले दिएका छन्, जसले जगत्को मूलमा परमाणु र त्यसको पनि मूलमा परमेश्वरलाई देखेका थिए । त्यो सूत्र यसप्रकार छ– **यतोऽभ्युदयनिश्रेयसः सिद्धिः स धर्मः** ।

हिन्दूदर्शन विश्वको विविधताको मूलमा एकता देख्ने दर्शन हो । **एकं सद् विप्रा बहुधा वदन्ति**को मन्त्रघोष गर्ने ऋषिले एकलाई र बहुलाई एकै वाक्यमा स्वीकार गरे । **विप्र** शब्द वेदमा जुन विशिष्ट प्रज्ञातिर सङ्केत गर्छ, उपनिषत् त्यसैलाई विज्ञान भन्छ । जहाँ विविधता हुन्छ, त्यहाँ एकता खण्डित नै हुन्छ भन्न सकिन्न र जहाँ एकता हुन्छ, त्यहाँ एक-एकको अस्तित्व नै हुन्न भन्न सकिन्न– सङ्गीतका तालका मात्राको पनि अस्तित्व हुन्छ र ती सब मात्राको मूलमा एक लय सिर्जित नभए तिनको सार्थकता नै रहन्न । विश्वको गतिशीलता यति व्यवस्थित छ कि त्यसैबाट नै यो सङ्गीतमय

बनेको छ । यस विविधभित्रको एक नियमित व्यवस्थालाई आर्यहरूले ऋत भने । ऋत काम चलाउनको निम्ति गरिएको कल्पना हैन, यो त त्यस्तै क्षणमा स्फुरित हुने चेत हो – यस व्यवस्थामा नै विश्व धानिएको छ, यसलाई नै हामी ऋत धर्म भन्दछौं । हामी व्यक्तिगत रूपले स्वयंमा व्यवस्थित छौं, अन्यथा हामी आकस्मिक घटना बन्थ्यौं र विश्रृङ्खलित बन्दथ्यौं । हामी शेष विश्वसँग पनि संयुक्त छौं, अन्यथा हामी एकाकी बनेर निसास्सिन्थ्यौं र निःशेष बनेर रित्तिन्थ्यौं । आफू र अशेष विश्वसँगको एकात्मताको सम्बन्धको बोध गर्न सक्ने क्षमताको विकास मनुष्यमा मात्र छ । किनकि उसको अन्तःकरण नै यस्तो छ । त्यसै अन्तःकरणको विकासले गर्दा नै मनुष्य सभ्यतामा प्रवेश गरेर सभ्य बन्यो, संस्कृतिलाई सँगालेर सुसंस्कृत बन्यो । शिवजीका तीन नेत्र जस्तै मनुष्यको अन्तःकरणका तीन आयाम छन्– **संवेदना या भाव, बुद्धि या ज्ञान, विज्ञान या प्रज्ञा ।** भावनामात्रले अन्धता पनि हुन्छ, ज्ञानको उदयपछि दूरी पनि देखिन्छ र प्रज्ञाप्राप्तिमा मात्र समग्रताको बोध हुन्छ । मनुष्य जस्तो बन्न पनि स्वतन्त्र छ, परन्तु जस्तो पनि बन्न सक्तैन– कता-कता उसको हृदय मान्दैन । हृदय किन मान्दैन ? शायद शेष विश्वसँगको सम्बन्धबोधले गर्दा नै मान्दैन । विश्वसृजनको तालमा नै मानिसको मुटुको मुरली बज्दछ । हामी आफू मात्र सुखी रहन सक्तैनौं, अर्काको दुःख-दर्दले हामी द्रवित हुन्छौं, अर्काको दुःखमा दुःखित हुनमा आत्मतुष्टि पाउँछौं । हामी आफ्नो आचरणको परीक्षण पहिले अरूमा गरेर त्यो सफल भए मात्र आफूमा गर्दैनौं । हाम्रो चरित्रको कसी हामी नै हौं, जो आफूलाई अनुकूल हुन्न, त्यो अरूलाई पनि गर्दैनौं– **आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ।** आज मानवीय मूल्यका कुरा त गरिन्छन्, परन्तु मानवीय हृदय संवेदनशून्य बन्दै छ, अनास्था र अविश्वास वैरभाव र हिंसाले गर्दा मनुष्य स्वयं मनुष्यबाटै त्रस्त छ । हाम्रो हृदय संवेदनशील बन्न सके मात्र आस्था, विश्वास, मैत्री र करुणाजस्ता भावनाहरूका सहस्र मूल फुट्न सक्छन् । हाम्रो भावजगत् यति समृद्ध छ कि त्यसलाई हामी भगवान् नै मान्दछौं– अनन्त प्रेम र अनन्त करुणाका मूर्ति भगवान् ! मानिस जे गर्न पनि स्वतन्त्र छ, तर जे पनि गर्न सक्तैन । कता-कता उसको हृदय मान्दैन, विवेक मान्दैन । उसलाई जताततैबाट सन्देश आइरहन्छन् । ऊ हिमाल हेर्छ– त्यहाँबाट उच्चताको सन्देश सुन्छ । ऊ आफैभित्र यस्ता ध्वनि सुन्छ, जसले कुपथमा जानबाट सचेत गर्छ । कालिदास यसैलाई सङ्केत गरेर भन्छन्– **सतां हि सन्देहपदेषु वस्तुषु प्रमाणमन्तःकरणस्य वृत्तयः ।** ज्ञान नै ज्ञान हो अर्थात् अज्ञान के हो भन्ने पनि त्यो नै जान्दछ र यो सच्चा ज्ञान हो भन्ने बोध पनि त्यो नै गर्छ । मानवीय

ज्ञानको परीक्षण मानवीय आत्मामा नै हुनुपर्छ– मानवीय अन्तःकरणले नमान्ने ज्ञान देखियो भने, त्यसलाई त्यहीं छोपिदिनु नै विवेक हो । किनभने, यस्ता वैज्ञानिक ज्ञान र सामाजिक ज्ञानको दुरुपयोगले फेरि विश्वयुद्ध ल्याउन र मानवताकै विनाश गर्न सक्छ । आज विविध शाखामा पल्लवित ज्ञानको सदुपयोग पनि प्रशस्त मात्रामा भइरहेछ र मानवजातिलाई सुखी बनाउने प्रयत्न पनि भइरहेछ । तैपनि मानिस त्यतिको सुखले किन तृप्त छैन ? तैपनि त्यतिका ज्ञान पाउँदा पनि मानिस किन अशान्त छ ? किनभने पहिले उसको हृदय नै मानिरहेको छैन । यतिका ज्ञान-विज्ञानबाट पनि तृप्त नभएर ऊ आफैभित्र स्फुरित हुन चाहन्छ । ज्ञान केवल चतुरता मात्र हैन, मधुरता रहेन भने त्यो ज्ञान शुष्क हुन्छ । मानिस केवल यन्त्रजस्तो बन्न चाहँदैन, ऊ नितान्त रित्तो बन्न हुँदैन– ऊ आफू र शेष विश्वसँग आत्मीय सम्बन्ध चाहन्छ, त्यति नपाईकन तृप्त हुन्न– अरू जति जाने पनि, जति पाए पनि ऊ समग्रता चाहन्छ, समग्र हृदयले जीवन र जगत्‌लाई आत्मसात् गर्न चाहन्छ । उसको अन्तःकरणमा एक दैवी दीप्ति पनि छ, त्यही दीप्ति नदेखीकन ऊ तृप्ति पाउन्न । यसै दैवी तृप्तिका झल्का, यसै प्रज्ञाका आलोक उसका संवेदन र ज्ञानमा वारंवार परिरहन्छन् र समग्रताको आभास ल्याइरहन्छन्– शिवजीको तेस्रो नेत्रले वाम नेत्र र दक्षिण नेत्रलाई आलोकित गराएजस्तै प्रज्ञा कुनै शुष्क ज्ञान हैन, त्यो खुल्नासाथ सम्पूर्ण जीवन र जगत् मधुर लाग्छ, त्यसैले प्रज्ञा ऋतम्भरा भनिन्छ । हाम्रा ऋषि-मुनि, महात्मा र योगीहरूले यसै प्रज्ञाको साक्षात्कार गरे । त्यसैले उनीहरूका सारा वाणी र व्यवहार धर्मका सन्देश र सरणी बने । प्रज्ञा नै प्रातिभ ज्ञान हो । यही प्रातिभ ज्ञान खुलेका हाम्रा मनीषी र कविहरूको चिन्तन र सिर्जनहरू अध्यात्ममुखी बने । हिन्दूधर्मको मूल त्यही ऋत हो । विश्वव्यवस्थाको अनुकूल चिन्तन र आचरण नै धर्म हो, त्यसको प्रतिकूल चिन्तन र आचरण नै अधर्म हो । ऋत नै आचरणको रूपमा धर्म हो र ऋत नै बोधको रूपमा विज्ञान हो– यस्तो बोध प्राप्त गर्नु नै आनन्द हो र प्रज्ञालाई हामी आनन्दस्वरूप परमेश्वर नै मान्दछौं । विश्वको विविधताको मूलमा यो एक ऋतको दर्शन गर्ने यही समग्रताको दृष्टि र यही आत्मीयताको भावनाले गर्दा नै हिन्दूधर्मले **वसुधैव कुटुम्बकम्, स्वदेशो भुवनत्रयम्, विश्वं भवति एकनीडम्** जस्ता उदात्त भावना र उदार दृष्टि प्राप्त गर्न सकेको हो ।

यजुर्वेदको एक मन्त्र– **उपह्वरे गिरीणां सङ्गमे च नदीनाम् । धिया विप्रो अजायत ।** अर्थात् गिरिका उच्च कन्दरामा र नदीका सङ्गमस्थलमा ध्यानमग्न भएर ऋषिले विप्रता (विशिष्ट ज्ञान, विज्ञान, प्रज्ञा) प्राप्त गरे । यो मन्त्र आज पनि ऋषितुल्य

तपस्वी श्री १००८ ब्रह्मवित् परमहंस योगी स्वामी सच्चिदानन्द सरस्वतीज्यूमा चरितार्थ भएको देखिन्छ । स्वामीज्यूलाई हामी खप्तडबाबा भन्छौं । उहाँले जीवनको अधिकांश भाग खप्तडका हिमाच्छादित अधित्यकामा र हिमालयबाट बग्ने नदीहरूका तीरमा तपस्यामा लीन रहेर सदुपयोग गर्नुभयो र गर्दै हुनुहुन्छ आफ्नै आत्मामा । केही प्राप्त नगरीकन यस्तो एकान्तमा बस्न सकिन्न । यसरी एकान्तमा बस्दा उहाँले जे प्राप्त गर्नुभयो, त्यसको केही अंश लोकलाई पनि दिनुभयो । यो **धर्मविज्ञान** त्यस लोकानुग्रहको परिणामस्वरूप प्रकाशमा आउन पाएको हो । यसभन्दा अघि उहाँले **विचार-विज्ञान** जस्तो मानसिक शक्ति प्रदान गराउने पुस्तक दिइसक्नुभएको छ । पूज्य स्वामीज्यू अध्यात्मविज्ञानका मनीषी मात्र हैन, भौतिक विज्ञानका पनि विद्वान् हुनुहुन्छ । त्यसैले गर्दा उहाँको यो ग्रन्थ आजको सन्दर्भमा बढी विश्वसनीय र बढी उपयोगी बन्न गएको छ । महात्माहरू जे गर्छन्, लोकानुग्रहको निम्ति मात्र गर्छन् । यस लोकानुग्रहको निम्ति हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु ।

यस ग्रन्थका मूल पाण्डुलिपि हिन्दीमा थिए । यसका विभिन्न लेखका अनुवाद उहाँका भक्तहरूले नेपालीमा गर्नुभएको हो र उहाँहरूको नामावली यसै ग्रन्थको प्रारम्भमा सधन्यवाद उल्लिखित छ । यी सम्पूर्ण अनुवादको सङ्कलन गर्न यथासम्भव एकरूपता दिएर सम्पादन गर्ने कार्य प्रज्ञा-प्रतिष्ठानका दुई कर्मचारीको सहयोगसाथ प्रज्ञा-प्रतिष्ठानकै एक आजीवन सदस्यबाट भएको हो । यसरी यस ग्रन्थका चारै भागको सम्पादन गर्ने प्रधान सम्पादक श्री चूडानाथ भट्टराय एवं सम्पादक श्री कुमारधर शर्मा 'ज्ञानी' र श्री बद्रीचन्द्र खनाललाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट धन्यवाद-ज्ञापन गर्न चाहन्छु ।

आज जे कुराको निम्ति पनि विज्ञानलाई मात्र प्रमाण मान्ने प्रवृत्तिको युगमा धर्मभित्र पनि विज्ञान र विज्ञानभित्र पनि धर्म देख्ने यस ग्रन्थको आफ्नै महत्त्व छ र यसले हामीलाई समग्रताको दृष्टिप्रदान गरेर कल्याणमार्गमा लाग्न प्रशस्त प्रेरणा दिनेछ । **धर्मविज्ञान**को यो **द्वितीय भाग** हो र अरू भाग पनि क्रमशः प्रकाशित हुँदै जानेछन् ।

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

५ माघ २०४५

श्री १००८ ब्रह्मवित् परमहंस योगी
सच्चिदानन्द सरस्वती
(खप्तडस्वामी)

यस खण्डमा

थप सानो भूमिका

पूज्यपाद श्री १००८ स्वामी ब्रह्मवित् खप्तडबाबाको बारेमा म अज्ञानले केही भन्नु लेख्नु उपहास-पात्र बन्न जानु हुन्छ । १२-१४ वर्ष परिश्रम गरी करुणावश बाबाबाट धर्ममार्गबाट विमुखहरूको लागि यो **धर्मविज्ञानजस्तो** अनेक-संशयोच्छेदी, परोक्षार्थको दर्शक सबैको आँखा भएको यो शास्त्र बक्सेको छ । **प्रथम खण्डमा** बाबाबाट आज्ञा भएको कुरा संस्मरणार्थ यहाँ उद्धृत गर्न अनुमति माग्छु, जुन यसप्रकार छ–

सर्वश्रेष्ठ महापुरुषहरू शान्त, नीरव र अपरिचित हुन्छन्, विचारको शक्तिसित राम्ररी परिचित हुन्छन् । उनीहरूमा यो दृढ विश्वास हुन्छ– कुनै पर्वतको गुफामा गई त्यसको ढोका थुनी चार-पाँच राम्रा विचारहरूको मनन गरे मात्र संसारबाट बिदा भए पनि ती चार-पाँच विचारहरू अनन्त कालसम्म विश्वमा व्याप्त रहनेछन् । वास्तवमा यस्ता विचारहरू पर्वतलाई पनि चिरेर बाहिर निस्कन सक्तछन्, समुद्रहरूलाई पार गर्छन् र संसारमा व्याप्त हुन्छन् । ती सद्विचारहरू मनुष्यको हृदय र मस्तिष्कमा गहीरोसँग घुस्नेछन्, जसको फलस्वरूप मनुष्यबाट नै नयाँ व्यक्तिहरू उक्त विचारहरूलाई कार्यरूपमा परिणत गर्न पैदा हुन्छन् ।

– धर्मविज्ञान, प्रथम खण्ड, २२५ पृष्ठ

पूज्यपाद श्रीबाबाको यस्तो विचारबाट हामी आशावादी हुन्छौं । महापुरुष-को यस्तो दृढ विश्वासमाथि आस्थावान् हुने प्रेरणा श्रीबाबाको यस ग्रन्थले प्रदान गर्छ । शान्तिक्षेत्र पुण्यभूमि नेपालमा तपोनिष्ठ पूज्यपाद गुरुदेवका विचारको संग्रह हो यो **धर्मविज्ञान** भन्नुमा अत्युक्ति हुँदैन । करुणावतार श्रीस्वामीजीको यो ग्रन्थ नेपालीलाई वरप्रसादको रूपमा मिलेको छ ।

हिन्दूसम्राट् श्री ५ महाराजाधिराज बीरेन्द्रबाट परिव्राट् अनन्तश्री स्वामीजीको लिपिबद्ध विचार-संग्रहलाई नेपाली जनमानसमा पुऱ्याउने पवित्र ध्येयले यस ग्रन्थको प्रकाशन गर्न निर्देशन निगाह बक्स भएकोले नेपाली वाङ्मय आज यो ग्रन्थरत्न पाई जति गहकिलो भएको छ त्यति नै प्रजावत्सल सरकारको माया पाएर नेपाली सनाथ भएका छन् ज्ञान-विज्ञानको क्षेत्रमा भनी बिन्ती चढाउन धक फुकाएर सक्तछु । धर्म-संरक्षण-कार्य गरिबक्सने सरकारको दीर्घायुष्य, आरोग्य र मङ्गलोदयको उत्तरोत्तर समृद्धि भई सरकारको छत्र-छहारीमा नेपाली सुख-शान्तिले बस्न पाऊन् भनी श्रीपूज्यपाद स्वामीजीसँग आशीर्वादको प्रार्थना गर्दछु । जहाँ यस शान्तिक्षेत्रमा धर्मप्राण सम्राट् जनता-जनार्दनको दुःख-निवारण गर्न कटिबद्ध होइबक्सन्छ त्यस देशको नागरिक भई जन्मनु हामी नेपालीको अहोभाग्य सम्झेको छु ।

श्रीस्वामीजीको भक्तिले आफ्नो अमूल्य समय दिई अनुवाद गर्ने मेरा परम आप्त विद्वान्हरूको सहभागितामा यो अनुवाद सम्पन्न भयो । उहाँहरूप्रति श्रद्धावनत भई नतमस्तक छु ।

नेपालीमा यस्तो अभूतपूर्व ग्रन्थ अनुवाद गराई प्रकाशनमा ल्याउन श्रीबाबाबाट स्वीकृति प्राप्त गर्ने संयुक्त अधिराज्यको लागि शाही नेपाली राजदूत उपरथी श्री भरतकेसर सिंहज्यूले नेपाली-भाषाभाषीलाई गुन लाउनुभएको छ । म त झन् उहाँप्रति अऋणी हुनै सक्तिनँ, किनभने यो कार्यभार मलाई उहाँबाटै प्राप्त भयो । सहसचिव श्री पशुपतिभक्त महर्जन पनि यसको प्रकाशनमा अति नै संलग्न हुनुभएको यहाँ उल्लेख गर्नु आवश्यक हुन जान्छ । श्री ५ को सरकार, सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभागको परिवारलाई पनि धन्यवादको पात्र मानेको छु ।

— चूडानाथ भट्टराय

ॐ

यस पुस्तकको सङ्कलन-सम्पादनको प्रेरणा कहिले किन र कसरी ?

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरूप जति विजातीय चीजहरू हाम्रो देशभित्र पसेका छन् तिनमध्ये नास्तिकता पनि एक हो । अचेलका शिक्षित भनिने व्यक्तिहरूमा हामी यसको बढी प्रभाव परेको पाउँदछौं । ज्यादाजसो मानिसहरू यसै भ्रममा परेर ईश्वर, आत्मा, धर्म, कर्मवाद, पुनर्जन्म, देवी-देवता, स्वर्ग-नरकादिका कुराहरूलाई केवल ढोंग र भ्रमोत्पादक देख्दछन् । यस प्रकारको धार्मिक उपेक्षाको छाप यति बढ्दै गइरहेको छ कि धेरैजसो मानिसहरू प्राचीन धर्मग्रन्थहरूको पाठ गर्नु, विद्वान्हरूका कुराहरू सुन्नु अथवा उनीहरूसँग यस विषयमा केही सोध्नु त परै रहोस्, आफै पनि यी कुराहरूबारे विचारसम्म पनि गर्न चाहँदैनन् । उनीहरू आफ्नो स्थूल दृष्टिले संसारको जुन स्थूल रूप देख्दछन्, केवल त्यसैलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँदछन् । अझ यसभन्दा पनि डरलाग्दो कुरा त यो छ– उनीहरू येन-केन प्रकारेण आफ्ना धर्मविरोधी अधूरा सिद्धान्तहरूको प्रचार-प्रसारसमेत गर्ने कुचेष्टा गर्दछन्, फलस्वरूप आज यस प्रकारका अनेकौं लेख तथा पुस्तकहरू पाइन्छन् जुनद्वारा साधारण जन-समुदायमा पर्याप्त भ्रम फैलिरहेको छ । मानिसहरू आफ्नो धार्मिक विश्वास गुमाएर दिन-प्रतिदिन बढी अशान्त भइरहेका छन् । यही हो आजको तथा-कथित वैचारिक स्वतन्त्रताको स्वरूप तथा परिणाम । यी व्यक्तिहरूलाई ऋषि-मुनिहरू-को अनुभव तथा शास्त्र-वचनहरूमाथि विश्वास छैन; त्यसै कारण यस सङ्कलनात्मक ग्रन्थमा शास्त्रीय प्रमाणहरू ज्यादा नदिईकन केवल पदार्थ-विज्ञान तथा मनोविज्ञान-शास्त्रसम्मत बुद्धिगम्य युक्तिहरू र ऐतिहासिक प्रमाणहरू तथा जन-साधारणका अनुभवहरूको आधारको नै विचार-प्रणाली अँगालिएको छ । म जन-साधारणसँग यही प्रार्थना गर्दछु– उनीहरू पक्षपात तथा दुराग्रह छाडेर सारासारको विचार गरून् र सत्यलाई ग्रहण परून् ।

वर्तमान युववर्गहरूमध्ये अधिकांश युवक-युवतीहरूका आचरण एवं कर्महरू देखेर दुःखी भएका कैयौं सज्जनहरू आफ्ना शिक्षित सन्तानहरूको जीवन आलस्यपूर्ण, खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर मर्माहत भई अनेक प्रश्नहरू गर्दछन्। आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त-परिवारका सदस्यहरूले आफ्ना उच्च-शिक्षारत पुत्र-पुत्रीको सम्बन्धमा बडो दुःखी मनले कैयौं कुराहरू भनेका थिए। त्यसै समयदेखि मेरो मनमा प्रस्तुत सङ्कलनात्मक ग्रन्थ लेख्ने इच्छा वारंवार जाग्रत् हुन लाग्यो। मैले उक्त भक्त-परिवारका सन्तानहरूसँग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरूले आत्मग्लानिको अनुभव गर्दै मसँग भने– 'महाराज ! तपाईं नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता-पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदा-हुँदै पनि उहाँहरू हामीसँग असन्तुष्ट झैं हुनुहुन्छ। हामीले आफ्नो अध्ययनको शुरुआतदेखि नै यसै शिक्षाको अध्ययन गऱ्यौं। हाम्रो मन एवं बुद्धिको स्वरूप त्यसै शिक्षाअनुरूप बन्यो। धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरूमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं। हाम्रा माता-पिता हामीबाट हामीले नपढेको नसिकेको ज्ञानको अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्र-भित्रै बडो असमञ्जसमा पर्दछौं। हामीले अध्ययन गरेको विषयमा कसैले हामीसँग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुझ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ। वास्तवमा हामी धर्मको विषयमा जान्न चाहन्छौं र हामीले केही प्रयत्न पनि गऱ्यौं, तर धर्मका सबै मौलिक ग्रन्थहरू संस्कृतमा छन् जुन हामीलाई पढाइएन। तपाईं हाम्रा पूज्य माता-पिताको लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ। अब तपाईं नै हामीलाई उचित उपदेश दिनुहोस्– हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईंको सम्मुख उदाङ्ग पारेका छौं।' अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कलनको लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युववर्गलाई केही प्रकाश मिल्न सकोस्।

वर्तमान शिक्षासम्बन्धी रोग त हाल यति व्यापक भइसकेको छ कि त्योनिको हुनु असम्भव जस्तै देखिन्छ। हुनत गुण र दोष सबै कुरामा हुन्छन्, यस दृष्टिकोणले वर्तमान शिक्षामा केही गुणहरू पनि छन् र तिनबाट लाभ पनि भइरहको छ, तर सूक्ष्म दृष्टिले विचार गर्ने हो भने लाभभन्दा हानिकै मात्रा बढी देखिन्छ। शुरुशुरुमा त मोहवश, मिथ्या सम्मानको कारणले सोचिएन, परिणामबारे विचार गरिएन

र अहिले जब चारैतर्फ यसै शिक्षाद्वारा उत्पादित जनहरूको सङ्ख्या बढिसक्यो र शिक्षाको प्रगतिको नाममा यसलाई विस्तार गर्ने विद्यालय-महाविद्यालयहरू पनि बढिसके, दृष्टिकोणको परिवर्तनले लाखौं युवक-युवतीहरू यसै शिक्षालाई परमलाभकारी मानेर सम्मानको दृष्टिले हेर्न लागिसके, त अब आएर बल्ल ध्यान दिनाले र विचार गर्नाले केही विशेष लाभ होला भने आशा गर्न सकिंदैन । अब त यस रोगका जराहरू ज्यादै भित्रसम्म पुगिसकेका छन् र जबसम्म यसका विषमय कुफलहरूद्वारा हाम्रो समाज जर्जरित भएर निरुपाय भई ईश्वरको शरणमा जाँदैन, तबसम्म यसबाट मुक्त हुनु ज्यादै गाह्रो छ । विश्व-विद्यालयहरूका दीक्षान्त-भाषणहरूमा यस वर्तमान शिक्षापद्धतिलाई बेकारी बढाउने, ईश्वर र धर्ममाथि अविश्वास जगाउने, आमा-बाबु तथा गुरुजनप्रति अश्रद्धा उब्जाउने, प्राचीनताप्रति द्वेष बढाउने तथा घरेलु कला-कौशलका कार्यहरू गर्नमा लज्जा एवं सरलताको अभाव इत्यादि दोषहरू उत्पन्न गर्ने भनेर भन्न त भनिन्छ, तर लाभ केही पनि हुँदैन । यसको कारण पनि प्रत्यक्ष छ– परिणामअनुसार उनीहरू यसका दोषहरूको बयान त गर्दछन्, तथापि दृष्टिकोण अपरि-वर्तित रहेको हुनाले जति विचार गरे पनि तिनलाई यसमा लाभ नै देखा पर्दछ तथा अनेकौं कारणहरूले गर्दा यसको आवश्यकताको अनुभव पनि हुन्छ, अतः कुनै क्रियात्मक सुधार हुन पाउँदैन । जसले आफ्नो दृष्टिकोणमा यस अवस्थालाई परमलाभकारी भन्दछ, उसलाई पनि दोष दिन सकिन्न, किनकि उसको दृष्टिले त्यस्तै देख्दछ ।

जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरूपी शरीरको मेरुदण्ड सम्झेका थियौं, आज त्यसै धर्मको आवश्यकता एवम् ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युववर्गलाई सङ्कोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वत्ता-माथि कलङ्क लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन् । कामो-पभोग नै आज हाम्रो जीवनको चरम लक्ष्य बनेको छ। कामरापयण भएर आज हामी अदूरदर्शी शिक्षाभिमानी भई आपातरमणीय इन्द्रियसुखलाई नै परम सुख मानेर अग्निशिखामा भस्म हुनको लागि अनजान भएर उड्न लागेका छौं । यसमा समयको प्रभाव त निश्चय नै एक कारण हो, तर यसको जगमा रहेको एउटा ठूलो अभिशाप हो– हाम्रो यो धर्महीन वर्तमान शिक्षापद्धति । यस शिक्षालाई एक यस्तो संस्कृतिको प्रेरणा प्राप्त छ जसले हाम्रो आँखालाई तिरमिराइदिएको छ, त्यसैले हामी यस माया-

मरीचिकामा फसेर त्यसलाई अँगाल्नको लागि जोडले दौडिरहेका छौं तथा यसैबाट आज हामी आफ्ना सरल-हृदय बाल-बालिकाहरूको हृदयमा कामोपभोगमय सभ्यताको भीषण विषपान गराएर तिनलाई ध्वंसको मार्गतर्फ धकेलिरहेका छौं र यसैमा तिनको र आफ्नो कल्याण मानिरहेका छौं । जुन देशहरूको यो सभ्यता छ, उनीहरू आज वाक्क भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् तथा हाम्रो संस्कृतितर्फ आशामय दृष्टिले हेरिरहेका छन् । तर हामी अभागीहरू त्यसैलाई अँगाल्नको लागि आँखा चिम्लेर दौडिरहेका छौं । ईश्वरले हाम्रो बुद्धिमाथि रहेको विभ्रमको यो पर्दा कहिले पन्छाउलान् ?

यस लेखमा मेरो अभिप्राय यो कदापि होइन कि म पाश्चात्यशिक्षा-प्राप्त पुरुष तथा स्त्रीलाई मात्र उपयुक्त दोषले युक्त ठान्दछु । मलाई यस्ता कैयौं पुरुषरत्न एवं सम्माननीय नर-नारीहरूसँग परिचय गर्ने सौभाग्य मिलेको छ जो यस शिक्षामा धेरै माथि पुगेका भए तापनि सबै दृष्टिकोणले आदर्श छन् र महत्त्वपूर्ण जिम्मेदारीहरू पूरा गर्दै तपस्वी जीवन बिताइरहेका छन् । यस्ता कैयौं आमा तथा दिदी-बहिनीहरूलाई म चिन्दछु जो पाश्चात्य शिक्षा प्राप्त गरेर पनि परम सती-साध्वी छन् र ईश्वर, धर्म तथा सदाचारप्रति परम श्रद्धा राख्दछन् । परिचय त वास्तवमा थोरैसँग मात्र हुन्छ, मैले नचिनेका पाश्चात्यशिक्षा-प्राप्त पुरुषहरूमध्ये अनेकौं यस्ता शुद्धसंस्कारी महानुभावहरू तथा अनेकौं पवित्रहृदया दिदी-बहिनीहरू होलान्, जसको समुचित आदर मैले गर्नुपर्दछ; तर मेरो विचारमा तीमध्ये अधिकांश उनै छन् जो ज्यादा उमेर पुगेका छन् अथवा जो सौभाग्यवश घरको वा सत्सङ्गको शुद्ध वातावरणमा रहन्छन् र आफ्ना माता-पिताको शुद्ध आदर्शलाई केटाकेटीदेखि नै देखिआएका छन् । तरुण एवं वयस्क आजका छात्र-छात्राहरूमा त यस्ता पुरुष तथा नारीको सङ्ख्या क्रमशः घट्दै नै गइरहेको छ । यो कुरा त सबैले स्वीकार गर्नै पर्दछ तथा प्रत्यक्ष प्रमाणहरू पनि यही कुरा देखाइरहेका छन् ।

धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिक स्तरको ह्रासको प्रमुख कारण हो । आज चाहे जे-जस्तो अवस्था होस्, तर अनादिकालदेखि नै हिन्दूराष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ । आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर, मस्जिद र गिर्जाघरको सीमित क्षेत्रको कुरा सम्झून्, तर हाम्रो राष्ट्रमा त अतिप्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा

यति व्यापक रूपमा फैलिएर रहेका छ जसरी शरीरमा रगत। जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेक्ष राष्ट्रको पनि कल्पना गर्न सकिंदैन। अनुवादको अधूरो प्रणालीले गर्दा आज यस शब्दले युववर्गमा आफ्नो विष बडो भद्दा किसिमले फिजाइदिएको छ, जसले अनुशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइरहेको छ। अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरूका भावलाई पूर्ण रूपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ। **धर्म-निरपेक्ष** यस्तै एक शब्द हो। यसको वास्तविक अर्थ हो– 'सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध श्रद्धा' तथा भ्रामक अर्थ छ– 'कुनै पनि धर्मलाई नमान्नु।' दुर्भाग्यवश आजका युवपीढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ जसको फलस्वरूप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ।

प्राचीन कालमा जीवनका सम्पूर्ण क्षेत्रहरू चाहे त्यो सामाजिक होओस् वा राजनीतिक, वैयक्तिक होस् वा सामूहिक, अक्षुण्ण धर्म-भावनाले ओतप्रोत हुने गर्दथे। एक सामान्य नागरिकदेखि सम्राट्सम्मको सम्पूर्ण कार्य तथा क्रियाकलापमा धर्मको नियन्त्रण थियो र उनीहरूले जेसुकै गरे पनि त्यसको गणना पाप र पुण्य यिनै दुई श्रेणीमा हुन्थ्यो। वास्तविक कुरा त यो हो– हिन्दूधर्मको प्राचीन इतिहासमा हामी सम्पूर्ण कुराहरूको केवल एक मात्र क्षेत्र पाउँदछौं, त्यो हो धर्मको क्षेत्र। राजनीति, समाजवाद व्यापार-व्यवसाय, युद्धविद्या, सङ्गीत, नृत्य, चित्रकलादि, शिक्षा, सदाचार, परम्परा आदि सम्पूर्ण विधाहरू तथा मानवोचित गुण त्यसै धर्मलाई पुष्ट पार्ने उद्देश्यले नै विकसित भएका थिए। एक साधारण कुरा नै लिऊँ– राष्ट्रको योग्य नागरिक बन्नको लागि जे-जे गुणहरूको आवश्यकता हुन्थ्यो, वेदादि शास्त्रहरूमा ती सबै धर्मका अनिवार्य अङ्ग घोषित गरिएका छन्। सत्यभाषण, आवश्यकतानुसार अरूलाई मद्दत गर्नु, मातृभूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार-पालन आदि सबै गुणहरू, जसको लागि आज कानूनी व्यवस्था गर्नुपरिरहेको छ कुनै वेला धर्मका अङ्ग थिए र मानिसहरू तिनलाई यसै विश्वासमाथ पालन गर्दथे कि उनीहरू धर्मार्जनद्वारा पुण्यभागी बनिरहेका छन्।

धार्मिक भावको उपेक्षा हुनाले धर्ममा आधृत जनताको नैतिक स्तर मात्र तल झरेन, अपितु शासनतन्त्रको लागि समेत राजनीतिक शिरोवेदना (Political

Headache) उत्पन्न भएको छ। जनतामा धर्मनिरपेक्ष रुचिको वृद्धिले धर्म-अधर्म, पाप-पुण्यको प्रति विकृत एवं ढोंगी बुद्धि उत्पन्न हुनाले चोरी, ठगी, व्यभिचार, हत्या आदि अपराधहरूमा अवाञ्छित वृद्धि भइरहेको छ। बितेका केही वर्षको तथ्याङ्कबाट स्पष्टसँग यही परिणाम देखिन्छ– अनेकौं प्रकारका वादहरूका चक्करमा फसेर हामीले (संसारले) केही पनि ठोस उपलब्धि हासिल गर्न सकेनौं, तर धेरै कुराहरू भने निश्चय नै गुमायौं। अघि-अघि कुनै पनि काम गर्दा मानिसको हृदयमा यो भावना उब्जन्थ्यो– 'ओहो ! यो त पाप हो।' तर आज यो भावना सर्वथा लुप्त हुँदै गइरहेको छ। धर्म-अधर्मलाई त देखावटीपना बनाइदिए, ढोंग बनाइदिए. अब मनुष्यलाई खराबीबाट जोगाउने को ? कानून ? त्यही लचकदार कानून, जो वकील महानुभावहरूको वाक्पटुतामा फसेर केही समयसम्म छटपटाएर शान्त हुन्छ ? के कानून भन्ने कुरा हरबखत अपराधीसँगसँगै हिंड्छ ? आज प्रायः जहाँतहीं बजारमा मिसावटयुक्त खाद्य सामग्रीहरूको बिक्री भइरहेको छ। प्रत्येक वस्तु, खाद्य सामग्री मात्र हैन औषधिहरूसम्म पनि मिसावटयुक्त नै पाइन्छन्। किन यस कानूनले ती नरपिशाचहरूको हात समातेर भन्न सक्तैन– 'खबरदार ! तिमी यो अशुद्ध र सत्त्वहीन वस्तुहरू खुवाई-खुवाई हाम्रा नागरिकहरूको आयु र स्वास्थ्य बरबाद पारिरहेका छौ।' तर केवल कानूनमात्रमा यो शक्ति छैन। आजको यस कानूनको त विचित्र चाला छ जो सोझा-साझा र निमुखा मानिस त्यसको हातमा पर्दछ ऊ त अकालैमा मर्दछ, तर जो चलाक हुन्छ, समर्थ र सम्पन्न हुन्छ तथा कानूनरूपी अस्त्रलाई चाँदीको झन् चम्किलो अस्त्रले परास्त गर्ने क्षमता राख्दछ, उसलाई कानूनसँग केको डर र केको त्रास !

यी दुष्प्रवृत्तिहरूलाई रोक्न सक्ने शक्ति धर्ममा नै थियो, जसमा आज हामी निरपेक्ष हुँदै गइरहेका छौं। त्यस धर्ममा नै एकान्त तथा शून्यमा सबैको आँखा छलेर कुभलो गर्न खोज्ने मानिसको हात समातेर यो भन्न सक्ने शक्ति थियो– 'ए मूर्ख ! किन यसरी लुकेर पापी प्रवृत्तिमा लाग्दै छस् ? यो कुरा नबिर्सी कि धर्मराजको दरबारमा एकदिन तैंले यस कुराको उत्तर दिनुपर्नेछ। यो नसोच् कि तँलाई कसैले देखेको छैन। सदा स्मरण राख् कि–

द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिलाः।
रात्रिः सन्ध्ये च धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम्॥

अर्थात् द्युलोक, पृथ्वी, जल, अग्नि, हृदयमा बसिरहेको भगवान्को प्रतिनिधि आत्मा, सूर्य, चन्द्र, यम, वायु, रात्रि तथा दुवै सन्ध्याहरूका दैवी शक्तिहरू पनि मानिसहरूले लुकी-लुकी गरेका सम्पूर्ण कार्यहरू अवश्य देख्दछन् । यस प्रकारको भावनाको उदयबाट मानिस ज्यादाजसो पापमार्गबाट पर हुन्थ्यो । प्रत्येक धर्ममा यस्ता अनेकौं घटनाहरूको उल्लेख भएको पाइन्छ कि यस भावनाले मानिसहरूलाई सन्मार्गमा लगायो । कानून यस भावनाको एक उत्तम साधन अवश्य हुन सक्तछ । आफ्नो छल, बल एवं कौशलले यहाँको अदालतलाई छलेर उम्के पनि सर्वव्यापी ईश्वरको त्यस बृहत् अदालतबाट कसरी उम्कलान् र ? यही अटल एवं मानिसको हृदयमा बलियो जरा गाडेको धारणाले नै आजसम्म मनुष्यलाई कुपथमा लाग्नबाट जोगाई आएको छ ।

हिन्दू राजाहरूमध्ये सूर्यवंशी तथा चन्द्रवंशी राजाहरू ज्यादै प्रसिद्ध भएका छन् । आज संसारका सबै राष्ट्रहरूमा चोरी, झूठ, व्यभिचार , हत्या, छलकपट आदिको बोलबाला छ, र सरकार जति-जति नयाँ कानूनहरू बनाएर यी खराबीहरूमाथि रोक लगाउन खोज्दछ यी खराबीहरू त्यति-त्यति नै बढ्दै गइरहेका छन् । संसारको इतिहासमा यस्ता शासकहरूको उदाहरण विरलै पाइन्छ जसले यी लोकविघातक दुष्प्रवृत्तिहरूलाई जरैदेखि उखेलेर फ्याँकेका छन् । महाराज अश्वपति यस्तै विरल राजाहरूमध्ये एक थिए । **छान्दोग्योपनिषत्**मा ती न्याय-परायण तथा प्रजापालक राजाको यो सात्त्विक गर्वोक्ति पाइन्छ–

न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः ।
नाऽनाहिताग्निर्नाऽविद्वान् न स्वैरी स्वैरिणी कुतः ।।

अर्थात्, मेरो राज्यमा न कोही चोर छ, न जुवाडी-जँड्याहा आदि छन् । यस्तो कुनै व्यक्ति छैन जो प्रातः-साँझ यज्ञ गर्दैन । कोही अशिक्षित छैन; तथा जब कुनै पुरुष पनि व्यभिचारी छैन भने व्यभिचारिणी नारी कहाँ हुनु ! विश्वकै इतिहासमा खोज, विश्वासपूर्ण यति व्यापक कुरा भन्न सक्ने राजा हिन्दूदेशको अतिरिक्त अन्त कहीं पाउनेछैनौं । के तिमीलाई आफ्नो पुर्खाको उज्ज्वल कीर्तिमा गर्व हुँदैन ? यदि हुन्छ भने अर्काको अन्धाधुन्ध अनुकरण गर्ने यो बानी किन ? आफै विचार गर ।

अब प्रश्न उठ्छ– धर्म र ईश्वरलाई किन मान्नुपर्दछ ? भोजन किन गर्नु पर्दछ ? पानी किन खानुपर्दछ ? सास फेर्नु किन आवश्यक छ ? किन सुत्नुपर्दछ ?

यी प्रश्नहरूका उत्तर यिनै हुनेछन्– भोकको कष्ट भोजन गर्न विवश पार्दछ, प्यास पानी पिउन विवश बनाउँदछ, जीवन सास फेर्न विवश गर्दछ, थकाइ सुत्नु आवश्यक बनाउँदछ। त्यस्तै संसारमा कष्ट र दुःखको अनुभव एवं कष्ट र दुःखको उपस्थिति ईश्वर तथा धर्म-(व्यवस्था)-लाई स्वीकार गर्न तथा अङ्गीकार गर्न आवश्यक बनाउँदछ। यदि संसारमा दुःख नभएको भए अथवा संसारमा दुःखको निराकरण भएको भए यस प्रश्नको उपेक्षा निश्चय नै गरिन्थ्यो होला, तर आज कुनै दार्शनिक महात्मा वा वैज्ञानिकले हामीलाई यो बताउन सकेको छैन– संसारबाट कष्ट दूर गर्ने स्थायी उपाय के हो ?

यस कुरामा शङ्का छैन– विज्ञानले दुःख-कष्ट कम गर्ने धेरै उपायहरू बतायो, त्यसको साथसाथै शुद्ध भावले निकै हृदसम्म यस दुःखको निदान गर्ने प्रयत्न गऱ्यो जसको लागि हाम्रो हृदयमा असीम कृतज्ञता छ; तर अपशोच ! यति गरेर पनि संसारबाट दुःख घटेन। बाह्य उन्नतिबाट हार्दिक उन्नति हुन सकेन। विज्ञानले सुखका अनेकौं साधनहरू बनायो जसबाट मनुष्यलाई धेरै आराम मिल्यो, बाहिरी दुःख निश्चय नै कम भयो, तर यी कुराहरूबाट हार्दिक शान्ति किन प्राप्त हुन सकेन ? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरू पनि दुःखी नै छन् र उनीहरू प्रश्न गर्दछन्– शान्ति कहाँ छ ?

आफ्ना समयका नास्तिकताका प्रबल समर्थक श्री डेविड ह्यूम- (David Hume)- ले आफ्नो सुप्रसिद्ध पुस्तक Treaties on Human Nature मा राम्रोसित स्वीकार गरेका छन्–

The intense view of these manifold cantradictions and imperfections in human reason has so wrought upen me and heated my brain that I am ready to reject all belief and reasoning, and can look upan no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence and to what condition shall I return ? Whose favour shall I covet ? And whose anger must I dread ? What beings surround me ? And on whom have I any influence or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest darkness, and utterly deprived of the use of every member and faculty.

अर्थात् मनुष्यका युक्तिहरूको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलताहरू देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरूलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्कोभन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ । 'म कहाँ छु र के हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रभावित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालायित छु र कसको रिससँग डराउँछु ? मेरो चारैतर्फ यो के छ ? मैले कसलाई प्रभावित पारेको छु र म के द्वारा प्रभावित छु' – मेरा चारैतर्फ यी प्रश्नहरू खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा (विचारमा) पर्दछु । मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरा मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन् ।

नास्तिकतामा निराशा एवं अन्धकार बाहेक अरू मिल्दछ पनि के र ? तब के तिमी यस नैराश्यपूर्ण अन्धकारमा प्रसन्न रहन सक्तछौ ? अहँ । के तिमी सुखको खोज र इच्छाहरूलाई छाड्न सक्तछौ ? अहँ । अब, संसारमा सुख छैन र सुखको खोजी छाड्न सकिन्न भने के गर्ने ? यसको उत्तर यही नै हुन आउँदछ– या त त्यो मृग जस्तो हुनुपर्‍यो जो प्यासले व्याकुल भई मरुभूमिमा माया-मरीचिकाको पछि-पछि दौडन्छ, तर उसले त्यहाँ कहीं पानी पाउँदैन र छटपटाएर प्राणत्याग गर्दछ, अथवा कसैसँग सोधेर जलको खोजी गर्नुपर्‍यो, जलाशयको पत्ता लगाउनुपर्‍यो । त्यसैले 'सुख कसरी पाइन्छ ?' -को उत्तर यही नै हुन आउँदछ– ईश्वरलाई चिन । ईश्वर नै हाम्रो त्यस आवश्यकताका पूर्ति हुन् ।

वस्तुतः ईश्वरको सत्ताले युक्तिहरूको अपेक्षा राख्दैन, अपितु युक्तिहरू नै आफ्नो अस्तित्वको लागि ईश्वरको अपेक्षा राख्दछन् । युक्तिहरू मानव-मस्तिष्कका उपज हुन् । मस्तिष्कको सम्बन्ध शरीरसँग छ । शरीर संसारसँग र संसार ईश्वरसँग सम्बद्ध छ । ईश्वर नभएका भए संसार पनि हुने थिएन, शरीर पनि हुने थिएन, न त मस्तिष्क नै हुने थियो र मस्तिष्क नभई युक्तिको सृजना कहाँबाट हुने ? अतः ईश्वरको सत्ता युक्तिहरूको अधीनमा छैन, अपितु यी सब कुराहरू उसको सत्ताको अधीनमा छन् । उनी संसारका प्रत्येक परमाणुमा बसेर 'म छु, म छु' भनिरहेका छन्, तर हामी 'नामरूप' हेर्दै उनलाई बिर्सन्छौं । यदि तिमी सिनेमाघरको पर्दामा चित्रहरू आओस् भन्ने चाहन्छौ भने सबै झ्याल-ढोकाहरू बन्द गर । जब बाहिरी प्रकाश रोकिन्छ, तब

चित्र प्रस्ट देखिन्छ । त्यसै प्रकार जब इन्द्रियहरू बाहिरी प्रकाश अर्थात् इच्छाहरूलाई मनमा उतार्न छाड्छन्, तब ईश्वरको सत्ताको प्रमाण पाइन्छ । त्यसलाई प्राप्त गर्ने प्रबल इच्छा हुनुपर्छ ।

सर्वप्रथम हृदयलाई पवित्र गर । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरूलाई प्रथम-नियमरूप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोओस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ्नो प्रभाव एवं आफूप्रतिको विश्वास बढाउन थाल्दछ–

अस्तीत्येवोपलब्धस्य तत्त्वभावः प्रसीदति । 'उनी छन्' –यसमा दृढ विश्वास राख ।

सम्पूर्ण देश तथा समयका मनुष्यहरूले परमात्माको सत्तालाई स्वीकार गरेका छन् । ऋषि-मुनि एवं साधु-महात्माहरूले माथि-तल, बाहिर-भित्र सर्वत्र उनको सत्ताको दर्शन गरेका छन् मानवबुद्धिको यथासम्भव उपयोग गर्ने दार्शनिक, तार्किक तथा वेदान्तज्ञाताहरूले उनको अस्तित्व प्रमाणित गरेका छन् । योगीहरूले त्यस अन्त-र्ज्योतिको अनुभव गरेका छन्, जसको प्रकाशमा उनै प्रिय ईश्वरको अजर सौन्दर्य प्रकट हुन्छ । कविहरूले त्यस सौन्दर्यलाई राम्रा-राम्रा छन्दहरू एवं सुन्दर गद्य-पद्यहरूमा वर्णन गरेका छन् । अज्ञेयवाद तथा नास्तिकहरूको व्यर्थका तर्क-वितर्कभन्दा यी घटना-हरूको प्रमाण निकै बलवर्धक छन्; तर यी सब कुराहरू बाहेक हाम्रो आफ्नै अन्तस्तल-भागको जुन पुकार छ, ईश्वरको अस्तित्वको लागि त्यसभन्दा बलियो अरू के प्रमाण हुन सक्छ ? हाम्रो बुद्धि-विवेकले नै हामीलाई यी कुरा भन्दछ– नियमबद्ध रूपले यस संसार-लाई चलाउने नियमहरूको निर्माता कोही-न-कोही अवश्य छ; कुनै यस्तो चेतनशील समष्टि मन छ जो मानिसहरूको पाप तथा पुण्यका सबै काम-कारबाईहरूलाई प्रस्ट जान्दछ तथा कर्मअनुसारको फल प्रत्येकलाई समय-समयमा प्रदान गर्दछ । प्रकृति जड र मनुष्य स्वार्थी छ, अतः यी दुवैभन्दा माथि कुनै प्रभु छन् जो न जड छ न स्वार्थी, अपितु उनी अनन्त शक्ति-ज्ञानका स्रोत र प्रेमका स्वरूप छन् । हाम्रो हृदय हामीलाई तर्कशास्त्रको कुनै युक्तिको बलले नभ्याउने जोडले, हाम्रो मन्दबुद्धि तथा शङ्कालु विवेकपछाडि नै छाड्ने वेगले तथा गणितका विकट समस्याका समाधानहरू तथा बाटैमा अलमलिइरहने हाम्रा बुद्धिका उपायहरू जहाँको त्यहीं नै रहने गरी प्रत्यक्ष रूपले यही नै सिद्ध गर्दछ–

यदि तिम्रो कोई प्रियतम नभएको भए र यदि उसले तिमीलाई बोलाइ नरहेको भए तिम्रो मनमा प्रेमको प्रकाश कहिल्यै प्रज्वलित हुन सक्ने थिएन । यस्तै प्रेमको भाव उत्पन्न भएपछि कवि टेनिसन Tennyson ले आफ्नो Two Voices नामक कवितामा प्रश्न गरेका छन्–

Who forget that other influence,
The heat of inward evidence,
By which he doubts against the Sense ?

अर्थात्– यो दोस्रो प्रभाव कसले उत्पन्न गऱ्यो ? अन्तःसाक्षीको यो ताप कहाँबाट आयो जसले गर्दा इन्द्रियहरूको साक्षीमाथि पनि विश्वास बाँकी रहेन ?

प्रत्येक मानिसभित्र एक सहज ज्ञानस्फूर्तिको शक्ति हुन्छ, जो अकस्मात् सूर्यको प्रकाशले जस्तै हाम्रो हृदयाकाशलाई प्रकाशित पार्दछ तथा भगवान्को मुख-मण्डलको सौन्दर्य र उनको प्रेममधुर मुस्कानको मोहक छवि देखाउँदछ । आत्मज्ञानको कुराको लागि प्रमाणको के आवश्यकता छ ? यसको लागि प्रमाण हुनै के सक्तछ र ? चिनीको स्वाद जिब्रोमात्रले अनुभव गर्न सक्तछ, के यसको कारण बताउनको लागि पनि कुनै वैज्ञानिकको आवश्यकता पर्दछ ? अनि, वैज्ञानिक के वास्तविक कारण भन्न सक्तछ ? ऊ एक वैज्ञानिकको हैसियतले त केवल यो भन्न सक्तछ– चिनीमा गुलियो-पनको कुनै तत्त्व छ र कुनै ज्ञानेन्द्रियको अग्र भागमा त्यसलाई ग्रहण गर्ने क्षमता छ, तर यति भन्नु केवल शुष्क पाण्डित्य तथा घमन्डी ज्ञान दर्शाउनु मात्र हो । जुन व्यक्तिलाई ईश्वरको सत्ताप्रति विश्वास छैन, त्यही नै संसारको सबैभन्दा ठूलो अभागी हो; किनभने जीवनको जुन वास्तविक प्रयोजन उपभोग र महत्त्व छ उसले त्यसलाई नै गुमाएको छ । पशुहरूमा बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदैन, त्यसैले ऊ ईश्वरलाई चिन्न सक्तैन, तर बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदा-हुँदै पनि जो मनुष्य ईश्वरीय विश्वासदेखि पर रहन्छ, ऊ वास्तवमा आफ्नो ठूलो हानि गर्दछ । श्रुतिमा भनिएको छ–

इह चेदवेदीदथ सत्यमस्ति
न चेदिहावेदीन्महती विनष्टिः ।
भूतेषु भूतेषु विचित्य धीराः
प्रेत्यास्माल्लोकादमृता भवन्ति ॥

अर्थात्– यसै जन्ममा ब्रह्मलाई चिन्न सकिए त ठीक छ, तर उसलाई यस जन्ममा चिन्न सकिएन भने ठूलो हानि छ। बुद्धिमान् मानिसहरू यसलाई समस्त प्राणिमात्रमा उपलब्ध गरी यस लोकबाट गएर अमर हुन्छन्।

विज्ञानले यस विश्वको अद्भुत रचनाक्रमको विवेचना गरेर वास्तवमा धर्मको ठूलो सेवा गऱ्यो। विज्ञानले यो कुरा सिद्ध गरेको छ– विश्व परमाणुहरूद्वारा बनेको छ, प्रत्येक परमाणु (Atom) धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युच्छक्तिको मिश्रण हो र यो एक-एक सौर मण्डलको समान छ, जसमा अतिसूक्ष्म विद्युत्परमाणु (Electrons) आफ्ना अत्यन्त सूक्ष्म अन्तरङ्ग परमाणुहरू- (Protons)-को चारैतिर अति वेगले घुमिरहेको छ। यसप्रकार यो जड संसार गतिमय छ र यो गति विद्युद्विकिरण (Radiation) हो। बस, विज्ञानको विश्लेषण यहींसम्म पुगेर रोकिन्छ तथा विज्ञान यो बताउन असमर्थ छ– यो विद्युद्विकिरण के हो? गतिको यो गतिशीलता कहाँबाट आयो? र संसारको जुन नियमबद्धता देखिन्छ त्यो कहाँबाट आयो? यो विश्वका सबै अंशहरूको आश्रय कसरी सिद्ध भयो। सर्वत्र सौन्दर्यको यो आश्चर्यजनक परिदर्शन कसरी भइरहेको छ? तथा, यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुरा, यो जीवन कसरी सुघटित भएको छ? विज्ञान यी प्रश्नहरूको सामु मौन छ। यो विश्वको रहस्य त्यति नै आश्चर्यजनक छ, जति यसको सौन्दर्य छ। जीवनभन्दा पनि ज्यादा रहस्यमय एवम् आश्चर्यमय मन छ। यदि यस जड विश्वभित्र मन नभएको भए यसले आफूलाई कसरी व्यक्त गर्ने थियो?

वाल्मीकि, व्यास तथा कालिदास या शेक्सपियर, मिल्टन र गेटे, केवल विद्युच्छक्ति या केवल प्राणतत्त्वबाट नै कसरी उत्पन्न हुन सक्ने थिए। मनभन्दा पनि आश्चर्यजनक वस्तु हो– प्रेम। यो प्रेम कहाँबाट उर्लन्छ, जो प्रेमास्पदलाई सुखी, सुरक्षित एवं निर्मुक्त गर्नको लागि आत्मोत्सर्ग गर्नमा दिव्य आनन्दको अनुभव गर्दछ। यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुनै आदर्शको लागि प्रेमावेश हो, हृदयको त्यो उफ्राइ हो जो रत्नजडित राजमुकुटभन्दा काँडाको आसनलाई बढी मूल्यवान् ठान्दछन् र सबैभन्दा आश्चर्यजनक छ सनातन सौन्दर्य तथा प्रेममाथि प्रेमयोगीको आत्मोत्सर्ग। यो संसार यिनको दृष्टिमा– **प्रेममय, प्रेमी र प्रेमास्पद** छ। के यी सबै कुराहरूबाट यो स्पष्ट हुँदैन कि अनन्त-असीम नै यस सान्त-ससीममा मिलेको छ। यद्यपि हामी त्यसलाई तबसम्म देख्न सक्तैनौं, जबसम्म हामी यस जन्म-मरणको चक्रमा बाँधिएका हुन्छौं। हाम्रो चारैतिरका सङ्गीत गुञ्जायमान भइरहेको छ, यसलाई रेडियोले नै उत्पन्न गरेको होइन।

हो, यो सुन्न र बुझ्नको लागि आवश्यकता छ सूक्ष्म चेतनाको, तर यो चेतना पनि उनैको कृपाले प्राप्त हुन्छ । भगवान्‌ले पनि **श्रीमद्‌भगवद्‌गीता**मा भन्नुभएको छ– **दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।**

मेरो यो विश्वास छ– जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशुद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन्, त्यसै गरी उनी चक्षु, श्रवण तथा स्पर्शको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं, अपितु उनलाई देख्न पनि सक्तछौं र उनको वाणी सुन्न समेत सक्तछौं । उनको रूप अनेक र स्वर अनन्त छ । उनको कुनै एक रूप वा वाणीलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान हो । तैपनि यो कुरा सत्य हो – संसारका दिव्य अपौरुषेय ग्रन्थहरू नै उनको वाणीका पहिचान हुन् । यदि यस्तो नभएको भए जोसुकै धोकेबाज एवं पाखण्डी व्यक्ति आफूलाई सिद्ध बताउँदै अज्ञान तथा अन्धविश्वास फैलाउन सक्तथ्यो । हाम्रो कर्तव्य त यति मात्र हो– आफ्नो शरीर, मन तथा इन्द्रियहरूलाई शुद्ध पारौं, किनभने यी भगवान्‌का मन्दिरका द्वार एवं प्राङ्गण हुन् । अनि हृदयको गर्भस्थित मन्दिरमा भगवान् प्रकट हुनु उनको आफ्नै इच्छामा निर्भर छ– **यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम् (कठोपनिषत्)** चित्तशुद्धिको लागि हामीले ईश्वरसँग प्रार्थना गर्नुपर्दछ– जीवनको ऐहिक सुखको लागि होइन अपितु मनको अचञ्चलता, प्रसन्नता एवं दृढताको प्राप्तिको लागि भगवान्‌को पवित्र नामको हामीले निरन्तर जप गर्नुपर्दछ तथा भगवान्‌को लक्षण, गुण एवं उनका करुणामय लीलाकर्महरूको चिन्तन गर्नुपर्दछ– **जपेनैव तु संसिद्ध्येद् ब्राह्मणो नात्र संशयः ।**

हामीले अपौरुषेय ग्रन्थहरू तथा धर्मशास्त्रको अध्ययन गर्नुपर्दछ । **स्वाध्याययोगसम्पत्त्या परमात्मा प्रकाशते ।** अस्तु ।

व्यक्तिगत अनुभवका विषय यति गुह्य एवं गोपनीय हुन्छन् कि तिनको सम्बन्धमा सामान्यतया कसैसँग आलोचना गर्ने प्रवृत्ति नै हुँदैन । मेरो व्यक्तिगत प्रकृति एकातिर जसरी विश्वासशील छ, अर्कोतर्फ त्यसै गरी संशयप्रवण छ । अतएव मेरो आफ्नो जीवनमा जे-जति उपलब्ध गरेको छु र गरिरहेको छु तिनलाई ज्यादै कठोरताका साथ सबै प्रकारका प्रमाणका कसीहरूमा नजाँचीकन मैले स्वयं कहिले पनि सत्य रूपमा ग्रहण गरेको छैनँ या गर्दिनँ । मेरो विचारमा जे सत्य छ त्यो सदैव सत्य नै रहन्छ । अतः परीक्षा गर्नाले त्यसको चमक बढ्ने नै छ; घट्नेछैन ।

युक्ति तथा विचारको प्रमुख काम हो– असम्भावनालाई पर सार्नु । अर्थात् हृदय प्रिय वचन सुनेर स्वभावतः जुन विषयमा श्रद्धाशील हुन्छ, त्यो अयौक्तिक होइन अपितु सम्भावनीय हो, यति कुरा देखाउँदैमा युक्तिविचारको कार्य समाप्त हुन्छ । यसपछि साधन-प्रणालीद्वारा त्यसै श्रद्धालाई विषयीभूत, महापुरुषहरूका उपदेशहरू एवं युक्तिद्वारा समर्थित सत्यको रूपमा प्रत्यक्ष पार्नु आवश्यक छ । यस साधन-प्रणालीमा मूलतः योग नै सर्वप्रधान छ । कर्म, ज्ञान, भक्ति आदि यसकै सहायक साधनहरू हुन् । योगको अवलम्बनद्वारा जब साध्य तत्त्वलाई सम्पूर्ण रूपले प्रत्यक्ष गरिन्छ, तब सबै शङ्काहरू स्वतः दूर हुन्छन् । ज्ञाता र ज्ञेयबीचको भ्रामक भेद हटेपछि विशुद्ध ज्ञानको आकाशमा विशुद्ध चैतन्य-ज्योति स्वयमेव प्रतिष्ठित भएर अखण्ड स्वप्रकाश सत्ताको रूपमा स्थित हुन्छ । यसैले तर्क-वितर्क तथा शङ्का-उपशङ्काको जालबाट मुक्त भएर चाँडै नै कुनै एक साधनामा लीन भइहाल । यसैमा कल्याण छ । इति ।

मेरा परिचित धेरैजसो भावुक युवक भक्तजन यस्ता छन्, जो हिन्दू-धर्मको मौलिक संस्कृत ग्रन्थहरूसँग अनभिज्ञ हुँदा-हुँदै पनि आधुनिक भौतिक एवं व्यावहारिक विद्याहरूमा उच्च शिक्षा प्राप्त गरेका छन्, र संस्कृतका मौलिक धार्मिक साहित्यहरूको अध्ययन-अध्यापनको व्यवस्था स्कूल-कलेजहरूमा नभएको हुनाले गर्न पाएनन् । अब उनीहरू व्यवहार तथा गृहस्थी जीवनको जिम्मेवारीमा व्यस्त भएको हुँदा मौलिक ग्रन्थहरूको अध्ययन गर्ने समय निकाल्न असमर्थ छन् । यति हुँदा-हुँदै पनि धर्मको स्वरूप तथा आध्यात्मिक साधनाको लागि हृदयदेखि नै लालायित रहन्छन्, त्यस्तै जिज्ञासु पाठकहरूको लागि नै यो **धर्मविज्ञान**नामक ग्रन्थको सङ्कलन गरिएको छ । यसमा अत्यधिक अंश कल्याण, सन्मार्ग, अध्यात्मकल्पतरु आदि मासिक पत्रिकाहरूका तथा अन्यान्य भूतकालका विद्वान्हरू र महात्माहरूका उपदेशहरू एवं लेखहरूको सङ्कलन गरिएको छ । दुःखको कुरा छ– ती महापुरुषहरूमध्ये धेरैजसो आज यस संसारमा छैनन् । म ती सबैप्रति अत्यन्त आभारी छु तथा तिनको दिवङ्गत आत्माको अनन्त शान्तिको लागि कृतज्ञतापूर्वक भगवान्सँग प्रार्थना गर्दछु ।

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदार नीति अपनाइएको छ । समयको माग एवम् उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो विचारमा वाञ्छनीय हुँदैन । बीचको बाटो नै ठीक हुन्छ । यति सङ्कीर्ण नबन कि अरू मानिस तिम्रो नजीक नै नआऊन् र यति उदार पनि नबन कि अरूले तिम्रो

अत्यधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिऊन् । सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु –यही नै मध्यम मार्ग हो ।

संस्कृतका प्रौढ विद्वान्हरूको लागि सम्भवतः यो ग्रन्थ ज्यादा आकर्षण-विन्दु नबन्ला, किनकि उनीहरूले मौलिक ग्रन्थहरूको अध्ययन-मनन गरिसकेका हुन्छन् । यस ग्रन्थको ज्यादाजसो उपयोग भौतिक तथा व्यावहारिक शिक्षा पाएका ती विद्वद्वर्गको लागि हुनेछ, जो वास्तवमा आफ्नो धर्म एवं संस्कृतिबारे आधुनिक भाषामै जानकारी चाहन्छन् । यस प्रकारका पाठकहरूको ऋषि-मुनिहरू तथा शास्त्र-वचनहरूमाथि विश्वास हुँदैन, त्यसैले यस ग्रन्थमा यस्ता प्रमाणहरू ज्यादा नदिएर केवल पदार्थ-विज्ञान तथा मानस-विज्ञानशास्त्रद्वारा सम्मत बुद्धिगम्य युक्तिहरू तथा जनसाधारणका अनुभवहरूको आधारमा नै धर्म एवं ईश्वरको विषयमा विचार गरिएको छ । मेरो विनम्र प्रार्थना यही छ– भौतिकवादको पक्षपात र दुराग्रहलाई छोडेर सार एवं असारको विचार गरी सत्यलाई ग्रहण गरून् । केवल वैज्ञानिक तथा युक्ति-प्रधान दृष्टिकोण अँगालिएकोमा संस्कृतका आदरणीय विद्वान्हरूले क्षमा गर्नेछन् ।

भाषाको कठोरताको आभास ठाउँ-ठाउँमा हुनु सम्भव छ । यसका मुख्यतया दुई कारणहरू हुन् सक्तछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाई भाग हिमालयका हिमाच्छादित क्षेत्रहरू तथा पवित्र नदीका तटवर्ती जङ्गल तथा एकान्त स्थानहरूमा नै बिते र बितिरहेका छन् । मेरो बोली-चाली, खान-पान आदि धेरै मात्रामा ग्रामवासी व्यक्तिहरूबाट प्रभावित भएको छ । तिनीहरू शुद्ध भाषा त बोल्न सक्तैनन्, त'र तिनको हृदय अन्य सभ्य मानिसहरूको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसको लागि म क्षमाप्रार्थी छु । दोस्रो कारण विवशताको विषयमा यही भन्नु छ– सबै धर्महरूको उपदेश प्रायः अनुशासनपूर्वक प्रबोधनात्मक शैलीमा दिइएको छ, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै– उठ्नुहोस्, जाग्नुहोस् नभनेर उतिष्ठत, जाग्रत अर्थात् उठ, जाग भनिएको छ । दुर्भाग्यवश यो बनावटी कुराहरूको युगले उपदेश एवं ज्ञानका यस्ता शब्दहरूलाई रूखो एवं कठोर भाषाको श्रेणीमा राखेको छ । म यस कमजोरी तथा विवशताको लागि समालोचक, आलोचक र विशेषतः घोचकहरूसँग क्षमाप्रार्थी छु ।

म आशा गर्दछु– यस सङ्कलित ग्रन्थद्वारा आधुनिक समाजका धर्म तथा ईश्वरसित सम्बद्ध धेरैजसो सन्देशहरूको निराकरण हुनेछ र अनीश्वरवादको घोर अन्धकारतर्फ गइरहेका जनतालाई प्रकाश मिल्दछ ।

यस पुस्तकद्वारा धर्मजिज्ञासु एवं मुमुक्षु व्यक्तिहरूलाई धर्म तथा साधना-पथमा अग्रसर हुनमा सहायता मिलोस्, भगवान्सँग मेरो यही हार्दिक प्रार्थना छ । अब अन्तमा–

'मेरा गुरुदेव ! अब म आफ्नो अन्तिम अभिलाषाको साथै चुप लाग्न चाहन्छु । गुरुदेव ! तपाईंले त सदादेखि सदासम्म चुप रहन नै मन पराउनुभयो । शब्द र सङ्केत तपाईंलाई मनै पर्दैनन् । आजसम्म मैले तपाईंसँग जे-जति भनें, त्यो मेरो धृष्टता थियो । मैले अनेकौं पटक बितेका अनन्त जन्महरूमा तपाईंको यस अनादि, अनन्त मौन मुद्रालाई खलबल्याउने असफल चेष्टाहरू गरें, तर सबै व्यर्थ भए । अब त मेरो मन तपाईंसँग केही पनि भन्न चाहँदैन । त्यसको आवश्यकता पनि त छैन, किनकि बोल्नुको मतलब तपाईंलाई बिर्सनु नै त हो । हे सच्चिदानन्दमय ! तपाईंलाई बिर्सेर जीवनको आनन्द कहाँ पाइन्छ ? अनि हे देव ! तपाईंलाई नबिर्सीकन बोल्नु पनि कसरी ? **देवो भूत्वा देवं यजेत्**– देवपूजनको लागि पहिले आफै देव बन, तब मात्र उसको पूजा हुन सक्तछ । त्यसैले अब म पनि तपाईंजस्तै चूप लागेर पूर्ण मौन भएर, आफ्नो मनलाई पनि 'भयो, चूप लाग' भनेर तपाईंको यस जगदपवादा-धिष्ठानरूप शुद्ध स्वरूपमा आफ्नो यस मौनावेष्टित मनलाई –तपाईंदेखि मलाई अलग्याउने मनलाई– आफ्नो साथ-साथै एक बरफको टुक्रासम्म तपाईंको अनन्त समुद्रमा विलीन गरिदिन्छु । यही एक अन्तिम अभिलाषाको साथै यो सम्पूर्ण क्रिया-कलाप तपाईं शुद्ध स्वरूपलाई अर्पण गर्दछु । अब मेरो लेख्ने-लेखाउने, गर्ने-गराउने, हराउने-पाउने काम सदाको लागि समाप्त हुनेछ ।' साथै पाठकहरूको लागि पनि श्रुति भन्दछ–

उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत् कवयो वदन्ति ।।
ॐ शान्तिः शान्तिः शान्तिः ।

卐

विषयसूची

१) परम धर्म– उपासना र ज्ञान १
२) उपासना २
३) भक्ति २
४) प्रेम ६
५) भक्तिको प्रयोजन २२
६) श्रद्धा २५
७) गुरुको आवश्यकता ४३
८) भक्ति र वर्णाश्रम ६४
९) पुराणमा अवतार-वाद ७०
१०) पुराणमा एकेश्वर-वाद ८०
११) सम्प्रदाय-भेद ८१
१२) नैतिकता, सदाचार र शिष्टाचार ८२
१३) श्रवणभक्ति ८२
१४) कीर्तनभक्ति ८३
१५) स्मरणभक्ति वा नाममहिमा ८३
१६) प्रतिमापूजा (प्रतीकको उपासना) ९५
१७) उपास्य देव (पञ्चदेव) १०२
१८) विष्णुमूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव १०४
१९) शिवमूर्तिमा " " " १०६
२०) सूर्यमूर्तिमा " " " १०९
२१) गणेशमूर्तिमा " " " ११०

२२) शक्तिमूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव
२३) परा भक्ति र अद्वैत ज्ञान ११३
२४) पूजाको रहस्य ११८
२५) मानसिक पूजा ११९
२६) भक्ति-सञ्जीवनी १२१
२७) कर्मयोग १२२
२८) ज्ञानयोग १२४
२९) भक्ति र भक्तिका प्रकारभेद १२७
३०) ज्ञानी भक्त माधवदास १३१
३१) अनन्य भक्त उपमन्यु १३२
३२) श्रवणभक्ति १३४
३३) कीर्तनभक्ति १३६
३४) स्मरणभक्ति (नामभक्ति) १३७
३५) पादसेवन-भक्ति १३७
३६) अर्चनभक्ति १३७
३७) वन्दनभक्ति १३८
३८) दास्यभक्ति १३८
३९) सख्यभक्ति १३९
४०) आत्मनिवेदन-भक्ति १३९
४१) प्रपत्ति १३९
४२) शरणागति १४०
४३) आत्मसमर्पण १४१
४४) प्रतीकोपासना वा प्रतिमापूजा १४२
४५) मूर्तिपूजा र मूर्तिविज्ञान १४४
४६) चित्र र मूर्तिको दर्शनको गुप्त मनोवैज्ञानिक प्रक्रिया १४७
४७) चित्र र मूर्तिहरूको भाषा १४८
४८) उत्तेजक र अश्लील चित्रहरूको प्रभाव १४९
४९) बाल भक्त ध्रुव १५०
५०) सन्ध्या-गायत्री १७७
१८१

५१) भक्ति-मनोविज्ञान १९७
५२) प्रभु-प्रार्थनाको मनोवैज्ञानिक स्वरूप र रहस्य २०८
५३) वैराग्य-जनक प्रार्थना २३६
५४) आसक्ति-हरण प्रार्थना २३८
५५) निष्काम प्रार्थना २३९
५६) विक्षेप-हरण प्रार्थना २४०
५७) क्रोधदमन प्रार्थना २४१
५८) सर्वत्याग-प्रार्थना २४२
५९) अहङ्कार-दमन प्रार्थना २४३
६०) मनोबल-वर्धक प्रार्थना २४४
६१) बौद्ध धर्ममा भक्ति २४८
६२) इसाई धर्ममा भक्ति २५८
६३) भक्त प्रताप राय २६७
६४) भक्त गिरवर २७७
६५) भक्त विसोबा सराफ २९३
६६) भक्त पुरन्दरदास २९९
६७) भक्त गणेशनाथ ३०६
६८) भक्त मनकोजी बोधला ३१३
६९) भक्त रामचन्द्र ३२१
७०) भक्त-परिवार ३२७
७१) भक्त गोवर्धन ३३२
७२) डाकू भक्त ३३९
७३) भक्त नवीनचन्द्र ३५१
७४) दृढनिश्चयी ब्राह्मण भक्त ३५४
७५) भक्त बेङ्कट ३५९
७६) भक्त रानी रत्नावती ३६२
७७) प्रेमिणी हसीना र हमीदा ३६९
७८) बहिनी सरस्वती ३७३
७९) भक्त लीलावती ३७९

८०) एउटा सद्भाव-सम्पन्न शिष्य
८१) सत्यमूर्ति सुकरात ३८७
८२) महात्मा टाल्स्टाय ३९२
८३) महात्मा कन्फ्यूसियस ४०२
८४) महात्मा जरथुस्त्र ४०५
८५) अवतार-वाद ४०८
८६) मूर्तिपूजा ४१३
८७) महात्मा लाओत्जे ४१३
८८) मर्यादा-पुरुषोत्तम श्रीराम ४१४
गुरुभक्ति ४१७
पितृभक्ति ४२०
मातृभक्ति ४२१
भ्रातृप्रेम ४२३
पत्नीप्रेम र एकपत्नी-व्रत ४२५
भक्त-वत्सलता ४२९
शरणागत-वत्सलता ४३०
सखाहरूसँग प्रेम ४३२
दयालुता ४३४
प्रजा-वत्सलता ४३६
८९) उपसंहार ४३८
भोगहरूको तत्त्वज्ञान ४४३
अरूहरूको सेवाको भाव ४४९
शरीर-निर्वाह-क्रिया ४५०

卐

धर्म-विज्ञान

द्वितीय खण्ड

ॐ

परम धर्म – उपासना र ज्ञान

सामान्य र विशेष धर्मको यस विचारपछि अब परम धर्मको विषयमा विचार गर्दछु। सामान्य र विशेष धर्मको राम्ररी पालन गर्नाले चित्तको विकार हटेर जिज्ञासुमा स्थिर अथवा एकाग्र हुने योग्यता आएपछि मात्र त्यस जिज्ञासुलाई उपासना-योग अथवा ज्ञानमा अधिकार हुन्छ, त्यसभन्दा पहिले होइन। निष्कामभाव अथवा अनासक्ति नै वास्तवमा परमार्थ-रूप वृक्षको सुदृढ मूल हो, जसबाट नित्य आनन्दमय फलको आशा गर्न सकिन्छ। यही त्यो आधारशिला हो। कर्मको नैतिकता, योगको यम-नियम र वेदान्त-को साधन-चतुष्टय –यिनबाट ज्ञानका सात भूमिकाको साततले भव्य भवनको निर्माण गर्न सकिन्छ। अन्तःकरणमा तीन दोष रहने गर्दछन् र ती आफ्नो आत्मस्वरूपको साक्षा-त्कार गर्नमा बाधक हुन्छन्। (१) **मल-दोष** अर्थात् दुष्ट वासना मनमा उत्पन्न हुनु; (२) **विक्षेप-दोष** अर्थात् मन चञ्चल रहनु, (३) **आवरण-दोष** अर्थात् आत्मस्वरूपको अज्ञान। निष्कामकर्मद्वारा यी तीन दोषमा पहिलो मल-दोष हटेर चित्त सर्वथा दोषरहित हुन्छ। अझै रजोगुण बाँकी रहने हुनाले विक्षेप-दोष कर्ममा प्रवृत्त गरिरहेको हुन्छ। यो रजोगुण फलाशारहित भएकोले सत्त्वगुणमिश्रित हुन्छ तापनि उपासनाको प्रभावबाट बिस्तार-बिस्तार यो रजोगुण पनि हृदयबाट निस्केर सत्त्वगुण भरिंदै जान्छ। अनि निष्काम जिज्ञासुमा सत्त्वगुण बढ्दा-बढ्दा कुमालेको चक्रको वेग दण्ड झिकेपछि क्रमशः घट्तै गएजस्तै कर्मको वेग पनि कम-कम हुँदै जान्छ। रजोगुणको वेग जति-जति घट्तै जान्छ, उति-उति नै सत्त्वगुण पनि क्रमशः बढ्दै आउँछ र विचार पनि सूक्ष्म हुँदै गएर मानिसमा ईश्वर, मोक्ष र साधन आदिको विषयमा विचार स्वतः नै आउन थाल्दछ। यसैलाई शास्त्रमा जिज्ञासा, विवित्सा वा मुमुक्षा भनिएको छ। त्यससमय भावको स्फुरण स्वतः हुन थाल्दछ। बालक, वृद्ध, युवक, युवती, ब्राह्मण, चाण्डाल, पापी, पुण्यात्मा, पण्डित,

मूर्ख प्रत्येकसँग 'तिमी के चाहन्छौ ?' भनेर सोध्ने हो भने तिनीहरू सबैले एउटै उत्तर दिनेछन् । पण्डितले जे भन्नेछ, त्यही मूर्खले पनि भन्नेछ । पापीले जुन उत्तर दिनेछ, त्यही उत्तर पुण्यात्माले पनि दिनेछ । सारा जीवसमष्टि के चाहन्छ ? यो कल्प-कल्पान्तर, युग-युगान्तर, जन्म-जन्मान्तर पागलजस्तै कसको पछि दौडिरहेछ ? सबका-सब व्याकुल भई लाग्ने त्यो परम वस्तु के हो ? आनन्द! आनन्द !! आनन्द !!! आनन्द किन चाहियो ? फेरि यो प्रश्न उठ्छ । यसको उत्तर छ यही —

आनन्दादेव खल्विमानि भूतानि जायन्ते ।
आनन्देन जातानि जीवन्ति । आनन्दं प्रयन्त्यभिसंविशन्तीति ।

— तैत्तिरीयोपनिषत् ३।६।१

अर्थात् आनन्दबाट नै यी सब प्राणी उत्पन्न हुन्छन्, आनन्दमा नै जीवित रहन्छन्, र अन्तमा प्रयाण गरेर पनि आनन्दमा नै लीन हुन्छन् । जबसम्म परमानन्द प्राप्त हुँदैन, तबसम्म वारवार जन्मनु र मर्नुबाट छुटकारा पाइँदैन । जानी-जानीकन होस् वा नजानीकन, सबै मानिस त्यही गुमेको आनन्दको खोजी गरिरहेछन् । यो आनन्द कसरी प्राप्त गर्न सकिन्छ भनी सबै मानिस यसैको खोजमा छन् । आजको यो जुन भयावह स्थितिमा हाम्रो जन्म भएको छ, यसमा आनन्द अर्थात् परमानन्दको प्राप्ति कसरी हुन सक्तछ ? त्यसै विषयको विचार धर्मको यो **परम धर्म** नामक खण्डमा गरिंदै छ । विचारको सुविधाको लागि पहिले 'परम धर्मअन्तर्गत उपासना र ज्ञानको विषयमा विचार गरिनेछ' भनिएअनुसार अब उपासनाको विषयमा विचारगरिनेछ —

उपासना— उपासना शब्दको व्युत्पत्ति **उप+आसन = उपासन**बाट भएको हो । **उप**को अर्थ समीप र **आसन**को अर्थ बस्नु हो, अर्थात् आफ्नो इष्टदेवताको समीप मनलाई बसाल्नु उपासना शब्दको अर्थ हो । उपासना पनि भक्ति र योगद्वारा दुई प्रकारले गर्न सकिन्छ ।

भक्ति— ईश्वरसम्बन्धी पवित्र प्रेमको नाम भक्ति हो । **भज सेवायाम्** धातुबाट **स्त्रियां क्तिन्** (पाणिनिसूत्र ३।३।९४) सूत्रअनुसार क्तिन् प्रत्यय लागेर भक्ति शब्द बन्दछ । वस्तुतः **क्तिन्** प्रत्यय भाव अर्थमा हुन्छ— **भजनं भक्तिः** । तर व्याकरणको यहाँ कृदन्त प्रत्ययको अर्थ-परिवर्तन एक प्रक्रियाको अङ्ग हो । त्यसकारण त्यही **क्तिन्**

प्रत्यय अर्थान्तरमा पनि हुन सक्तछ। **भजनं भक्तिः, भज्यते अनया इति भक्तिः, भजन्ति अनया इति भक्तिः** इत्यादि **भक्ति** शब्दको व्युत्पत्ति गर्न सकिन्छ।

भक्ति शब्दको वास्तविक अर्थ सेवा हो। यो सेवा अनेक प्रकारले सम्पन्न हुन्छ। कसैमा कुनै प्रकारको भक्ति छ भने त्यसलाई भक्त भन्दछन्। भक्ति र भक्तका अनेक भेद-उपभेद शास्त्रमा बताइएका छन्। विनाभक्ति कुनै पनि इच्छा पुग्न सक्तैन –यो सर्वानुभवसिद्ध छ। भगवत्प्राप्तिजस्तो परम-कल्याणकारी विषय पनि विनाभक्ति सम्भव छैन। विशेष कुरो के छ भने, भगवान् आफ्नो भक्तको भजन गर्छन् र भक्त भगवान्को–

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्।

– श्रीमद्भगवद्गीता ४।११

यसअनुसार भगवान् पनि भक्तको भजन गर्छन्। त्यस्तै, **न मे भक्तः प्रणश्यति** –यस वचनानुसार भगवान् स्वयं आफ्नो भक्तको उत्तरदायित्व आफूमा लिन्छन्। अथवा **भगवति मनःस्थिरीकरणं भक्तिः** अर्थात् भगवान्मा चित्त स्थिर गर्नुको नाम नै **भक्ति** हो। अद्वैतसिद्धिका रचयिता परमहंसपरिव्राजकाचार्य श्रीमधुसूदन सरस्वतीले भक्तिको लक्षण यसप्रकार गरेका छन्। –

द्रवीभावपूर्विका मनसो भगवदाकारतारूपा सविकल्पवृत्तिर्भक्तिः।

अर्थात् भगवद्भावले द्रवीभूत भएर भगवान्सित चित्तको सविकल्प तदाकारभाव हुनुलाई **भक्ति** भन्दछन्।

भक्तिरसायन-(१।३)-मा श्री मधुसूदन सरस्वतीले भक्तिको लक्षण यसप्रकार गरेका छन् –

द्रुतस्य भगवद्धर्माद् धारावाहिकतां गता।
सर्वेशे मनसो वृत्तिर्भक्तिरित्यभिधीयते॥

अर्थात् भगवद्गुणको श्रवणद्वारा प्रवाहित हुने भगवद्विषयक धारावाहिक वृत्तिलाई नै **भक्ति** भन्दछन्।

देवर्षि नारदले भक्तिको लक्षण यसप्रकार गरेका छन्–

सा त्वस्मिन् परमप्रेमरूपा अमृतस्वरूपा च।

– नारदभक्तिसूत्र २

अर्थात् परमेश्वरप्रति हुने परमप्रेमलाई नै **भक्ति** भन्दछन्।

महर्षि शाण्डिल्यले भक्तिको लक्षण यसप्रकार गरेका छन्–

सा परानुरक्तिरीश्वरे (शाण्डिल्यभक्तिसूत्र१।१।२)

अर्थात् ईश्वरप्रति परमानुराग हुनुलाई नै **भक्ति** भन्दछन् ।

विषयभेदले भक्तिको **स्वरूपभेद** र **नामभेद** पनि हुन्छ । **पूज्येस्वनुरागो भक्तिः** पूज्यवर्गमा हुने अनुरागको नाम भक्ति हो-- यस वचनानुसार यो अनुरक्ति भगवद्विषयक, शास्त्रविषयक, गो-ब्राह्मणविषयक र मातृ-पितृविषयक हुनाले भक्तिपदवाच्य हुन्छ । अर्थात् ईश्वरसम्बन्धी पवित्र प्रेमको नाम **भक्ति** हो । सम्बन्धभेदले त्यसै प्रेमका भिन्न-भिन्न नाम हुन्छन्, जस्तो आफूभन्दा कनिष्ठ पुत्रादिमा जुन प्रेम हुन्छ त्यसलाई **स्नेह** अथवा **वात्सल्य** भन्दछन्, आफ्ना समान उमेरकासितको प्रेमलाई **प्रेम** अथवा **मित्रता** भन्दछन् । आफ्ना पूज्यजनमा भएको प्रेम **श्रद्धा** हो, स्वार्थ बुद्धिले सांसारिक पदार्थमा गरिने प्रेम **राग** र ईश्वरमा पवित्र निष्काम भावले गरिने प्रेम **भक्ति** हो । यसबाट अगाडि बढेर **तत्त्वमसि**का उपासक वेदान्तीहरू –

स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते ।

अर्थात् आफ्नो स्वरूपको अनुसन्धान गर्नु नै **भक्ति** हो भन्दछन् । यो भक्तिको लक्षणमा नै चित्त स्थिर रहन्छ । त्यसो त सब प्रकारको उपास्यगत रति परब्रह्म परमात्माको नै अवगाहन गर्दछ, किनभने–

अकामः सर्वकामो वा मोक्षकाम उदारधीः ।
तीव्रेण भक्तियोगेन यजेत पुरुषं परम् ॥

– श्रीमद्भागवत

परब्रह्म परमात्माको अनुराग र श्रद्धापूर्वक पूजन मोक्षकाम, सकाम वा निष्काम– सबैले गर्न योग्य छ । यसकारण –

बुद्धिमान्ले त्यसैको लागि प्रयत्न गर्नुपर्छ जसबाट जन्म-मरणरूप बन्धनको पाश छुट्दछ । जन्ममरणको पाशोच्छेदन गर्नु परब्रह्म परमात्माको अनुग्रहविना बिलकुल असम्भव छ । उनैको अनुग्रह-सम्पादनार्थ भक्तिमार्गको अवलम्बन गर्नु आवश्यक छ ।

आत्मनस्तु कामाय सर्वं प्रियं भवति ।

यस श्रुतिअनुसार आत्मा नै परम प्रेमास्पद हुनाले त्यसैको अन्वेषण (स्वरूपावस्थिति) गर्नु नै **परा भक्ति** हो। यसकारण परा र अपराको भेदले भक्ति दुई प्रकारका बताइएका छन– **परा भक्ति** स्वरूपको अनुसन्धान र **अपरा भक्ति** देवादिविषयक हो ।

कुनै पनि लौकिक वा अलौकिक वस्तुको दर्शन, श्रवण र मनन गरेर तदाकारता धारणा गर्नु चित्तको स्वभाव हो । यसैले भगवद्भक्तहरूले चित्तद्रवीभूत भई भगवद्रूप लिनु नै **भक्ति** हो भनेका छन्–

चित्ते द्रुते प्रविष्टा या गोविन्दाकारता स्थिरा ।
सा भक्तिरित्यभिहिता ॥

चित्त एक भईकन पनि दृश्य-भेद, श्रव्य-भेद र मन्तव्य-भेदले गर्दा त्यो भिन्न-भिन्न आकारमा परिणत हुन्छ । कारण के भने चित्तमा भगवद्भक्ति, विवेक र वैराग्य उत्पन्न भएजस्तै काम, क्रोध आदि पनि उत्पन्न हुन्छन् । यसै कारण आचार्य श्रीमधुसूदन आफ्नो **भक्तिरसायन**मा भन्दछन्–

कामक्रोधभयस्नेहहर्षशोकदयादयः ।
तापकाश्चित्तजतुनस्तच्छान्तौ कठिनं तु तत् ॥

चित्तलाई-(जतु)-लाहाजत्तिकै साह्रो भनिएको छ । यो काम आदि कारण आउनासाथै पग्लिन थाल्दछ । जस्तो पग्लिएको लाहामा कुनै रङ्ग मिलाइदियो भने पछि त्यो साह्रो हुँदा त्यसबाट त्यो मिलाइएको रङ्ग जाँदैन, त्यस्तै काम आदिद्वारा पग्लिएको चित्तमा जुन संस्कार पर्दछ त्यो चित्तवृत्ति शान्त हुँदा पनि त्यहीं नै रहेको रह्यै हुन्छ । यस्तो विकृत भावावेशलाई नै **वासना** भन्दछन् । चित्तले भाव धारण गरेअनुसार त्यसको नाम पनि तत्तत् शब्दद्वारा भनिन्छ । जस्तो कुनै अप्रिय वस्तुसित चित्तको तदाकार भएको वृत्ति **द्वेष** भनिन्छ , त्यस्तै भगवान्को दिव्य मङ्गल-विग्रहको दर्शन, उनको लोकातीत लीलाको श्रवण तथा परम प्रेमास्पद भक्तजनलाई आनन्द दिने कथाको कथनोपकथनद्वारा द्रवीभूत भएको चित्तवृत्तिको नाम **भक्ति** हो । वारंवार भगवद्दर्शन, श्रवण तथा मननबाट द्रवीभूत भएको चित्तवृत्ति हुनु नै भक्तिको आविर्भाव हुनु हो, किन्तु यस भक्तिको आविर्भाव महत् पुण्यबाट नै हुन सक्तछ । कोही पनि आफ्नो हानि गर्न र आफू तिरस्कृत हुन चाहँदैनन् भन्ने कुरो ध्रुव सत्य छ । सबै उत्कर्षतिर नै अनवरत प्रयास गर्दछन्, तथापि कहिलेकाहीं अपकर्षको सामना गर्नुपर्ने स्थिति आइहाल्छ । यसको वास्तविक

तात्पर्य के हो भने व्यक्तिलाई पुण्यको प्रभाव त्यसै उत्कर्षतिर लगिरहेको हुन्छ। भगवत्-प्रसादले पहिले पुण्य आर्जन गर्नमा प्रवृत्त हुन्छ, पछि भक्तवत्सल भगवान् स्वयं दयाद्र भावले भक्तमाथि अनुग्रह गर्छन्। अतएव उपनिषत्मा भनिएको छ– **यमुन्निनीषति तं साधु कर्म कारयति,यमधो निनीषति तमसाधु कर्मं कारयति।** (भगवान् जसलाई उन्नतिको मार्गमा लैजान चाहन्छन्, त्यसलाई उत्तम तथा शास्त्रविहित कर्म गर्नमा प्रेरित गर्छन् र जसलाई अधोगतितिर लग्न चाहन्छन्, त्यसलाई निन्दित तथा शास्त्रविरुद्ध कर्म गर्नमा प्रेरित गर्छन्)। अतः सन्मार्गतिर जानको लागि पहिले भगवत्कृपाको आवश्यकता छ र त्यो कृपा सत् कर्म गरेर त्यसबाट उत्पन्न भएको पुण्यद्वारा मात्र प्राप्त हुन सक्तछ।

मोक्षको निमित्त सबभन्दा ठूलो कुरो भक्ति नै मानिएको छ– **मोक्षकारण-सामग्र्यां भक्तिरेव गरीयसी।** त्यो भक्ति कुन हो ? यसको उत्तरमा भनिएको छ– आफ्नो स्वरूपको अनुसन्धान अर्थात् खोज गर्नु नै भक्ति हो (**स्वस्वरूपानुसन्धानं भक्तिरित्य-भिधीयते**)। यसैलाई भक्तजनहरू **परा भक्ति** भन्दछन्। देवता आदि विषयको भक्ति **अपरा भक्ति** हो। अपरा भक्तिको स्थान अधिकारीको अपेक्षा उच्च छ तापनि केही समय देवताको आराधनामा लागेर शुद्ध अन्तःकरण भएपछि पराभक्तिस्वरूपको अनु-सन्धान गर्नमा लाग्नैपर्दछ। श्रुतिमा **नान्यः पन्था विद्यतेऽयनाय** (अयनाय मोक्षाय अन्यः पन्था स्वरूपानुसन्धानातिरिक्तः न विद्यते) भनिएको छ।

विचार गरी हेरेमा भक्तिका चार सिंढी दृष्टिगत हुन्छन्–

१. **तस्यैवाऽहम्**– म उसैको हुँ– परमात्मादेखि दूरी– यहाँ पर्दा बाक्लो छ।
२. **तवैवाऽहम्**– म तेरै हुँ– परमात्माको निकट– पर्दा केही पातलो भयो।
३. **त्वमेवाऽहम्**– म तँ नै हुँ –परमात्मासित अत्यन्त निकट– पर्दा हटचो।
४, **शिवोऽहम्**–म शिव हुँ –परमात्मासित अभिन्नता।

साधना गर्दा-गर्दा भक्त साधक क्रमशः यी चार सिंढीमध्ये चौथो सिंढी **शिवोऽहम्**मा आउँछ। यही परा भक्ति वा स्वरूपानुसन्धानको भूमिका हो।

भक्ति जुनसुकै प्रकारको होस्, त्यसको लागि दुई अनिवार्य आधारको आव-श्यकता छ, यीविना भक्तिसाधनामा सफलता प्राप्त गर्नु सम्भव पनि छैन। ती दुई आधार हुन् –प्रेम र श्रद्धा।

प्रेम– प्रेमको विषयमा विचार गर्दा हामीले सबभन्दा पहिले प्रेम र

कामनाको जुन भेद छ त्यसलाई राम्रोसँग बुझ्नु आवश्यक छ। **प्रायः हामी प्रेमको नाममा कामको उपासना गर्दछौं। हामीलाई मलिन कामले नचाउँछ र हामी भ्रमवश प्रेमको निर्मल बेदीमा आत्मोत्सर्ग गऱ्यौं भनी फुल्छौं, जगत्को सामु एक परमोज्ज्वल आदर्श स्थापित गरेर जाने स्वप्न देख्दछौं, यसको परिणाम हुन्छ के भने हामी आफू मात्र नगिरेर आफ्ना तथाकल्पित प्रेमास्पदलाई पनि अन्धकारमा धकेल्दछौं, र साथै यसद्वारा जगत्मा पनि यति दूषित परमाणु फैलाउँछौं कि उस्तै सजातीय मन भएका व्यक्तिहरूको प्रसुप्त संस्कार समेत जाग्दछ, तिनीहरूलाई पनि हाम्रो अनुकरण गर्नमा गौरवको अनुभूति हुन थाल्दछ। यसप्रकार प्रेमको पवित्र नाममा कलङ्क त लागिहाल्दछ, तर समाज, राष्ट्र र विश्वलाई तिनमा हाम्रो जहाँ जस्तो महत्त्वपूर्ण स्थान छ, त्यसैको अनुपातमा छिन्न-भिन्न गर्नमा, अनि यी सबको लागि अशान्ति, दुःख, विपत्तिको जाल रच्नमा हामी निमित्त बन्न पुगेका हुन्छौं, यो स्थिति वडो दयनीय हुन्छ।** अतः शुरूमा नै हामी सावधान भई अगि बढ्नुपर्दछ। हामी आत्मनिरीक्षण गर्दै रहौं– हामी कामनाको चङ्गुलमा छौं वा प्रेमको निर्मल आकर्षणले हामीलाई आकर्षित गरिरहेछ।

यो कुरा ध्रुव सत्यको रूपमा स्वीकार गरौं– हामी र हाम्रो प्रेमास्पदको बीच भगवान्को निमित्त स्थान छैन, हामी र हाम्रा कुनै पनि प्रेमास्पदको पारस्परिक सम्बन्ध भगवान्को भावनाले शून्य छ भने बाहिरी ठाँटबाट र ढङ्ग जति नै सुन्दर, सुव्यवस्थित र पवित्र देखिए पनि त्यो वास्तवमा कामको प्रसार सिवाय अरू केही होइन। ऐन्द्रिक विषयहरूले भरिएको कलुषित मनद्वारा यथेच्छ स्थापित गरिएको सम्बन्धमा काम भरिएको हुन्छ नै– यसमा भन्नु नै के छ र! अर्थात् बिलकुल वैध तरीकाले कहीं केही मर्यादाको उल्लङ्घन नहुने गरी स्थापित गरिएको सम्बन्धमा पनि प्रेमको भ्रम काम गरिरहेको हुन्छ। ऋषि-महर्षिहरूलाई यो कुरो पूरा थाहा थियो। उनीहरूले यसको विश्लेषण गरी भनेका छन्–

न वा अरे पत्युः कामाय पतिः प्रियो भवत्यात्मनस्तु कामाय पतिः प्रियो भवति। न वा अरे जायायाः कामाय जाया प्रिया भवत्यात्मनस्तु कामाय जाया प्रिया भवति। न वा अरे पुत्राणां कामाय पुत्राः प्रिया भवन्त्यात्मनस्तु कामाय पुत्राः प्रिया भवन्ति।

– बृहदारण्यकोपनिषत् २।४।५

यो पक्कै हो– पतिको प्रयोजनको निमित्त पति प्रिय हुँदैन, आफ्नै

प्रयोजनको निमित्त पति प्रिय हुन्छ । स्त्रीको प्रयोजनको निमित्त स्त्री प्रिय हुन्न, आफ्नै प्रयोजनको निमित्त स्त्री प्रिय हुन्छे । पुत्रहरूको प्रयोजनको निमित्त पुत्रहरू प्रिय हुँदैनन्, आफ्नै प्रयोजनको निमित्त पुत्रहरू प्रिय हुन्छन् ।

यो कुरो पढ्दा-सुन्दा एकफेर त यो कसरी हुन सक्तछ भन्ने पनि लाग्दछ । के हाम्रो पारिवारिक, कौटुम्बिक सम्बन्ध प्रेमशून्य छ ? होइन, यस्तो कुरो होइन, तर गम्भीरतापूर्वक विचार गर्ने हो भने यो कुरो अक्षरशः सत्य सिद्ध हुन आउँछ । विश्वको धरातलमा विभिन्न देश छन् । त्यहाँका नर-नारीको जीवनलाई लिएर सूक्ष्म विचार गरेपछि भने हामीमा सन्देह रहनेछैन । प्रेमसूत्र तबसम्म जोडिएको हुन्छ, जबसम्म आफ्ना सम्बन्धीहरूबाट सुख पाइने सम्भावना रहिरहन्छ र सुख प्राप्त भइरहन्छ । सुख पाउने आशा र सुख पाउन बन्द भयो भने त प्रेम पनि चटक्कै छुट्दछ, नछुटे पनि शिथिल त भइहाल्दछ ।

यसैनिमित्त ऋषिहरूले राम्रो मर्यादा कायम गरेर यी सब काममूलक सम्बन्धलाई भगवत्प्रेममा परिणत गर्ने सरल एवं सुन्दर व्यवस्था गरिदिएका थिए । तिनीहरूले आदेश दिएका छन्– **पत्नी र पतिले परस्परमा एकले अर्कोलाई भगवान्को रूप सम्झेर प्रेम गर्नुपर्दछ । पुत्रले पितामा भगवान्को भावना गरी उसको सेवा गर्नु पर्दछ, र पिताले आफ्नो पुत्रलाई भगवान्को अभिव्यक्ति सम्झेर उसको लालन-पालन गर्नुपर्छ । जहाँ जोसित सम्बन्ध हुन्छ, उसलाई एकमात्र भगवान्को अभिव्यक्तिको रूपमा देखेर भएको अनुभूतिलाई अटूट रहन दिएर सेवा गर्नमा प्रवृत्त हुनुपर्छ । यस भावनाको निश्चित परिणाम के हुन्छ भने छिटै नै हाम्रो अहङ्कार गल्नेछ; हाम्रो भित्र स्पर्धाको जुन वृत्ति छ, जसले गर्दा हामी अर्को फले-फुलेको देखेर ईर्ष्या गर्दछौं त्यो नष्ट हुनेछ; असूया अर्थात् अर्काको दोष मात्र देख्ने प्रवृत्ति पनि समाप्त नै हुनेछ; मानको गर्व गरेर मानिसलाई तिरस्कार गर्ने जुन हाम्रो प्रवृत्ति छ यो पनि रहनेछैन ।** यही कुरो पुराणमा भनिएको पनि छ ।

नरेष्वभीक्ष्णं मद्भावं पुंसो भावयतोऽचिरात् ।
स्पर्धासूयातिरस्काराः साहङ्काराः वियन्ति हि ॥

– श्रीमद्भागवत११।२९।१५

तात्पर्य के भने अनादिसंस्कारवश, कर्मवश जब हामी यस जगत्मा छौं भने मानिसहरूसँग हाम्रो सम्बन्ध नभई छाड्दैन । तर ऋषिहरूले बाँधेको मर्यादाको अनुसरण गरेको खण्डमा यी काममूलक सम्बन्धको कुनै पनि दोष हामीलाई लाग्न सक्तैन, बरु हामी नै आफ्नो जीवनको चरम लक्ष्यमा पुग्नेछौं । विषलाई शोधन गरेर हामी अमृत बनाउनेछौं, हाम्रो यो कामसम्बन्धको पर्यवसान भगवत्प्रेममा नै हुनेछ; तर हुनेछ त्यस वेला, जब हामी गर्न चाहन्छौं । कहीं आजको जस्तै प्रेमको स्वाङ रचेर कामको जुन प्रवाह चलिरहेछ त्यसमा सुखको अनुभव गर्छौं, र भगवान्लाई बीचबाट अलग गरी हामी पनि त्यस प्रवाहमा बग्छौं भने त बरबाद ! आज के भइरहेछ ? पाश्चात्य देशतिर अलि दृष्टि दिइहेरौं– यौवनको उन्मादमा युवक-युवती परस्पर मिलेर वैवाहिक सम्बन्ध पनि जोड्दछन्, उन्मादको अर्को लहर नउठेसम्म भन्न सकिन्न के-कति र कस्ता-कस्ता सुन्दर अभिनय चलिरहन्छन् । तर स्वार्थमा अलिकति पनि धक्का लाग्यो अथवा त्यसभन्दा पनि बढी अझ राम्रो सुखको साधन कहीं देखिन आयो भने त्यो समस्त प्रेम क्षणभरमा नै हावा बन्दछ । पत्नी अर्को पति रोज्छे र पति पनि अर्की पत्नी रोज्छ, मन त तैपनि पहिले जस्तो थियो उस्तै रहिरहेको हुन्छ । यस्तोमा ठक्कर खान पनि के बेर ! अनि त पुरानो सम्बन्धलाई छाडेर नयाँ सम्बन्ध जोड्ने काम हुन्छ । एक-दुई-तीन-चार गर्दै कति परिवर्तन भइरहन्छन् कति ! प्रत्येक सम्बन्धको शुरूमा त प्रेमको नाटक ठीक-ठीक, साङ्गोपाङ्ग र पूर्ण नै हुन्छ । बाहिरबाट हेर्दा त साँचै नै यसपटक दुई हृदय सधैंको लागि एक हुन लागिरहेछन् कि भनेझैं देखिन्छ, तर कामको क्षेत्रमा जुन भइरहने कुरो हो त्यही नै हुन्छ । अर्को प्रलोभन आइहाल्दछ र दुवै जना नयाँ सुखको खोजमा नयाँ सम्बन्ध खोज्न थाल्दछन् । यस्तो हुँदा पनि, आश्चर्य छ, यस्तो हुनु र यस्तो गर्नु आज सभ्यताको अङ्ग मानिन थालेको छ र यसको विरोध गर्ने, सत्यलाई अगाडि राख्ने व्यक्ति पिछडिएको सम्झिन्छ । हाम्रो संस्कृतिमा पनि यो उन्मादको लहरको छाया पर्न थालेको छ । यसका केही-केही उदाहरण हामी आफ्ना स्कूल-कलेजका छात्र-छात्राहरू र कुनै-कुनै उच्छृङ्खल युवक-युवतीमा पनि देख्तछौं । हाम्रा ऋषिहरूले जुन सुन्दर मर्यादा बाँधेका थिए, प्रत्येक काममूलक सम्बन्धलाई विशुद्धतम बनाउने जुन उनी-हरूको व्यवस्था थियो, त्यसप्रति हाम्रा अधिकांश शिक्षित युवक-युवतीहरूमा श्रद्धा रहेन । आफ्नो अतीतको गौरवमय अध्यात्मप्रवाण इतिहासलाई तिनीहरू अविकसित पुरुषहरूको जीवन सम्झन्छन् । तिनका आदर्श नै त्यही समाज भइरहेछ, जसमा भोग भोग्नको लागि पूरा स्वतन्त्रता दिइएको हुन्छ, र जहाँ नाना प्रकारका विषय प्राप्त गरी

विषयको उपभोग गर्न तँछाड-मछाड पनि चलिरहेको छ। तिनीहरू यस आदर्शअनुसार आफ्नो जीवनको निर्माण गर्दछन्। उनीहरू पुरानो कुरा मन पराउँदैनन्, उनीहरूलाई त चाहिन्छ नवीनता। विकसित युगका कुरा मात्र उनीहरू ग्रहण गर्दछन् र त्यसैले उनीहरूको प्रेमको क्षेत्र पनि यस युगकै अनुरूप हुन्छ। कामको नग्न नृत्यलाई प्रेमको विलास हो भन्ने ठानेर त्यस प्रेमको वेदीमा बलिदान हुनमै आफू अत्यन्त गौरवान्वित भएको महसूस गर्दछन्। यो छ आजको अवस्था। जे होस्, हामीमा जसको विवेक गर्ने शक्ति सर्वथा मरिसकेको छैन र जो आफ्नो जीवनलाई आफ्नो निमित्त मात्र होइन अपितु समाज, राष्ट्र अथवा विश्वलाई नै हित हुने दृष्टिबाट पनि उन्नत भएको देख्न चाहन्छन्, तिनीहरू त सावधान हुनुपर्दछ। कहीं पनि प्रेमको नाता जोड्नुभन्दा पहिले त्यहाँ प्रभुलाई ल्याएर राखौं। यस रूपमा प्रभु नै हाम्रो सामुन्ने हुनुहुन्छ भन्ने भावना अक्षुण्ण रहिरहोस्। अन्यथा यस भावनाले रहित कुनै पनि सम्बन्ध--त्यसको प्रारम्भिक रूप जतिसुकै पवित्र वा सुन्दर किन नहोस्– काममय सम्बन्धमा परिणत नभई छाड्दैन। त्यस्तै यस भावनाको साथै धेरै नभए पनि कम-से-कम एक कुरा अझ ध्यानमा राख विशुद्ध प्रेममा स्वार्थ सिद्ध गर्ने वृत्ति, कुनै प्रकारको स्वसुखको भावना– हामीलाई प्रेमास्पदबाट सुख मिलोस् भन्ने भावना रहन सक्तैन। विशुद्ध प्रेममा त आफ्नो सर्वस्व समर्पण गरेर प्रेमास्पदलाई सुखी बनाउने वासना रहेको हुन्छ, न कि उसबाट सुख पाउने। **जहाँ स्वयं सुख पाउने इच्छा छ, त्यहाँ प्रेम होइन काम हुन्छ; किन्तु यस सम्बन्धमा हामी धेरै पटक धोका खान्छौं।** हाम्रो अहम्भाव हामीलाई ठग्ने काम गरि नै रहन्छ। हामी प्रेम गरिरहेछौं, हाम्रो मनमा एकमात्र प्रेमास्पदको सुखको वासना छ भन्ठान्छौं, तर वास्तवमा हामी गरिरहन्छौं कामनाको उपासना, हाम्रो मनमा प्रेमास्पदबाट स्वयं सुख पाउने गुप्त लालसा भरिएको हुन्छ। यो भ्रमजाल हामीले हटाउनैपर्दछ, यो गुप्त स्वार्थको, स्वसुखप्राप्तिको वृत्तिलाई शीघ्रातिशीघ्र दबाउनैपर्छ, यो गर्न केही गाह्रो अवश्य पर्दछ, तर गर्न आँटेमा नहुने केही छैन। कामलाई, स्वसुखवासनालाई प्रेमको पोशाक पहिराएर हाम्रो सामुन्ने ल्याउने अहंतालाई एकफेर ठीकसित चिनिसकेपछि त्यसदेखि निरन्तर सजग भइरहनुपर्दछ। आपनो प्रेमको सम्बन्धमा हामीले आफूभित्र त्यसको गन्ध पाउनेबित्तिकै त्यसै क्षण त्यसलाई विशुद्ध प्रेमको पवित्र सुवासले ढाकिदिऔं, जसबाट हाम्रा प्यारा सुखी होऊन्। हामीलाई यसदेखि बाहेक अरू केही चाहिंदैन। यसप्रकार यो परम पुनीत सरस सुरभित भावनालाई जाग्रत् गरेर अरू सबै वृत्तिलाई शान्त गरौं। एकचोटि, दसयचोटि, हजारचोटि– जतिचोटि हाम्रो

त्यो अहंता– कामको माया– अँध्यारो फैलाइरहन्छ, त्यति नै चोटि हामी विशुद्ध प्रेमको बत्ती बालेर त्यसको उज्यालोमा प्रेमास्पदलाई देख्न थालौं। अनि त त्यो ज्योति क्रमशः उज्ज्वल, उज्ज्वलतर हुँदै आएर अँध्यारो क्षीण, क्षीणतर हुँदै जानेछ। कुनै दिन त्यो अँध्यारो सर्वथा सधैंको निमित्त विलुप्त भई बाँकी रहनेछन् एकमात्र हाम्रा प्रेमास्पद। प्रेमास्पद को ? प्रभु ! यस स्थितिको संकेत यस श्रुतिमा पाइन्छ। –

यत्र नाऽन्यत् पश्यति नाऽन्यच्छृणोति नाऽन्यद्विजानाति स भूमा ॥

–छान्दोग्योपनिषत्

जहाँ अर्कोलाई देख्दैन, अर्कोलाई सुन्दैन, अर्कोलाई जान्दैन, त्यही भूमा (प्रभु) हो प्रेम र कामको अन्तर हाम्रा आचार्यहरूले विस्तृत रूपमा बताएका छन्। प्रेमका महामहिम पुजारीहरूले सूक्ष्म विवेचनाद्वारा सम्झाएका छन्– कसरी हाम्रो अहंताले कामलाई प्रेमको पोशाक लगाइदिन्छ, तर तिनका विवेचनालाई, तिनले दिएको दिव्य उदाहरणलाई हृदयङ्गम गर्न पनि बडो गाह्रो छ। कामले अभिभूत भएको हाम्रो मनमा ती दिव्य भावको निमित्त स्थान छैन; कामको यति गाढा कालो रङ्ग हामीमध्ये धेरैमा लागेको छ कि त्यसको उल्लेख गर्नु नै व्यर्थ छ। तर हामी जहाँ छौं, हाम्रो मस्तिष्क जुन धरातलमा क्रियाशील छ, त्यसको अनुरूप विवेचन पनि यदि हामीले ग्रहण गर्न खोज्यौं भने हामी पाउन सक्तछौं। वास्तवमा अहङ्कार र स्वार्थ कति प्रच्छन्न हुन सक्तछन्, यसमा पनि अहङ्कार हाम्रो चरित्रको हरेक छिद्र र धाँजाबाट कीटाणु झैं पस्नै नसकिने ठाउँमा चूपचाप भित्र पसी शिर निकालेर कसरी हेर्दछ –यो हामीले सधैं विचार गर्नुपर्दछ। यो कालो सर्प झैं डरलाग्दो छ। यो हाम्रो भएजति सौन्दर्य सबै नष्ट गर्ने रोगको कीटाणु हो। यसलाई त ज्ञानरूप शोधक र निर्विष गर्ने औषधिले नष्ट नै गर्नुपर्दछ।

हाम्रो भ्रान्त मनले यस कुराको उल्टो अर्थ पनि लिन सक्तछ। यसले हामीलाई भन्नेछ के भने जब सर्वत्र सबै सम्बन्ध स्वार्थले पूर्ण छन्, यिनमा विशुद्ध प्रेम छँदैछैन त हिंड, यी सबदेखि अलग होऊ। तर यो पनि मनको धोका नै हो। हामी अलग भएर जाने कहाँ ? जहाँ गए पनि मन त साथैमा रहनेछ ! मनमा भरिएको छ संसार, भरिएको छ स्वार्थ–वासना, काम–लालसा। बाहिरबाट सर्वथा वैरागी बनेर पनि भित्रबाट अत्यन्त कलुषित साम्राज्यमा नै हामी घुमफिर गरिरहनेछौं। हाम्रो भित्रबाट कसैलाई थाहै नहुने गरीकन विषको प्रवाह बगि नै रहनेछ र थाहा छैन कति प्राणीले त्यसको सम्पर्कमा

आएर पतङ्ग झैं डढेर मर्न प्रोत्साहन पाउनेछन् । आवश्यकता त यस कुराको छ कि सच्चा नियतले आत्मपरीक्षण गरी हामी कामरूप विषलाई शोध गरौं । फेरि यो अमृत हुनेछ, हामीलाई नवजीवन दिएर हाम्रो निमित्त तथा अरू कैयौंको निमित्त अनन्त शाश्वत सुख-शान्तिको द्वार खोलिदिनेछ ।

सारांशमा भन्ने हो भने हाम्रो प्रत्येक सम्बन्धमा प्रभुको भावना, उनको अस्तित्व ओतप्रोत भइरहोस् । यो नभएमा हामी कामको क्षेत्रमा बाध्य भएर गिर्नेछौं । स्वार्थको वासना सर्वथा नरहोस्, किनभने प्रेमराज्यमा यसको निमित्त कहीं अलिकति पनि स्थान छैन । त्यहाँ त सर्वत्र अणु-अणुमा एउटै स्पन्दन छ– 'हाम्रा प्यारा सुखी होऊन् । **हामी बाट मात्र हाम्रा प्यारा-(प्रभु)-लाई सुख मिलोस् भन्ने भावना पनि हुनु हुँदैन, यसको फेरमा हामी कहिल्यै पर्नु हुँदैन ।** यहाँ पनि स्वार्थ–कामको माया छ, हाम्रो अहंताको जाल छ । यसबाट पनि हामीलाई निश्चित रूपमा बच्नु छ । सच्चा प्रेमीलाई आफ्नो स्मृति कहिल्यै भयो भने त्यससमय पनि त्यसको हृत्तन्त्रीको तारमा यही स्वरलहरी झंकृत हुन्छ– हाम्रो के छ र ! हामी रहौं या नरहौं ? किन्तु हामीलाई अहिले यति उच्च कुरा जान्ने-सुन्ने, सोच्ने-बुझ्ने आवश्यकता पनि छैन । हामी त अहिले धापमा फसेका छौं । प्रेमको सुन्दर सरोवरमा अवगाहन गर्ने स्वप्न देख्नाले के लाभ ! हाम्रो निमित्त त यही उचित छ, यही नितान्त आवश्यकता छ, के भने हाम्रा जति सम्बन्ध छन् ती सबमा प्रभुको भावना गरेर त्यस भावनाद्वारा शक्तिसञ्चय गरी हामी पहिले कामरूप धापबाट बाहिर निस्कौं । फेरि विशुद्ध प्रेमवादीसित, जसलाई हामी प्रेम गर्दछौं– ती सुखी रहून्, तिनीहरूबाट हामी होइन' –यो विशुद्ध भावजलले घाँटीसम्म लागेको हिलो पखालौं, र अनादि कालदेखि शिरमा लादिएको, गाँठै-गाँठाले भरिएको अहंताको बोझ पनि फ्याँकेर सर्वथा हलुको भई प्रेममन्दिरतर्फ जाऔं । यसबाट हामीलाई लाभ हुने कुरो त छँदैछ, जगत्को निमित्त पनि हाम्रो जीवन जुन अहिले अभिशाप बनेको छ, वरदान बन्नेछ । हाम्रो मार्गको अनुसरण गरेर थाहा छैन अरू पनि कति मानिस कृतार्थ हुनेछन् ।

अब एकजना वीतराग महात्माको भाषामा प्रेमको महिमा सुन्नुहोस्– वास्तवमा प्रेमजस्तो कुनै रसिलो पदार्थ संसारमा न भयो न त हुनेछ । सारा संसार ब्रह्मादेखि लिएर कमिलासम्म प्रेममा नै लग्नू देखिन्छन् । प्रत्येक व्यक्ति बेचैन भएर प्रेमलाई आलिङ्गन गर्नको निमित्त दौडधूप गरिरहेछन् । कोही सुन्दर रूप देखेर त्यसको मोहमा फँसिरहेका छन् भने कोही मीठो कुरामा अड्किरहेका छन् । कोही कोमल स्पर्शमा

अल्झिरहेका छन् भने कोही सुमधुर रसमा लट्टिइरहेका छन् । कोही रसयुक्त सुगन्धमा हुरुक्क भएका छन् भने कोही मान-बढाइको लागि मरि-मेटिरहेका छन् । कतिसम्म वर्णन गर्ने ? मनसमेत गरी छ इन्द्रियले सारा संसारलाई नचाएको छ र यो संसाररूपी नृत्यशालामा सम्पूर्ण भूतजातको नृत्यको जुन विषय छ त्यो केवल प्रेम हो । अहो प्रेम ! तँ यस्तो कुन चीज होस् जसले सम्पूर्ण ब्रह्माण्डलाई आफ्नो निमित्त– **फणि मणिबिनु जिमि जलबिनु मीना** जस्तै तड्पनुपर्ने गरिदिएको छ ? सत्य भन्–तँमा सबैको चित्तलाई भड्काउने यस्तो के जादू छ ?

पाँच वर्षको बालक ध्रुवलाई तैंले राजमहलबाट निकालेर निर्जन वनमा धकेलिस् । प्रह्लादलाई तैंले तप्त खम्बामा बाँधिस्, अग्निमा हालिस् र पत्थरको वर्षा गरिस् । गोपिनीहरूले तेरो निमित्त सब धर्म-मर्यादालाई नमस्कार गरे र ब्रह्मादि देवता जसको भृकुटी-विलास देख्तैमा काम्न थाल्दछन्, त्यस कृष्णलाई पनि बाँदरलाई झैं नचाइस् र कविले पनि भन्ने ठीक मौका पाए–

शेष गणेश महेश दिनेश सुरेशहु जाहि निरन्तर गावैं,
जाहि अनादि अनन्त अखण्ड अच्छेद अभेद सुवेद बतावैं ।
जाहि हिये लखि आनन्द ह्वै जड मूढ हिये रसखानि कहावैं,
ताहि अहीरकी छोहरिया छछियाभर छाँछपै नाच नचावैं ।।

यति मात्र होइन, राजा भर्तृहरि र गोपीचन्द आदिले राजसिंहासनलाई तिलाञ्जलि दिएर शरीरमा खरानी घसे । कोइली तेरै निमित्त कुहूकुहू गरिरहेछ, बुलबुल तेरै निमित्त रोइरहेछ, फूल तैंसँग लागेर हाँसिरहेछ । हाँसेकोलाई रुवाउनु, रोएकोलाई हँसाउनु तेरो खेल हो । ओ प्यारा प्रेम ! तँ बडो रसिलो छस् ! तेरो रस-रूपको अलिकति पनि चस्को जसले पायो, तत्काल त्यो अमृत बनिहाल्यो । तेरो संयोगले कुजातिनी भिल्लिनीको जूठो बयर पनि अमृतरूप सिद्ध भयो, दासीपुत्र विदुरको घरको केराको बोक्राले सुध्दि -बुद्धि भुलायो,दरिद्र सुदामाको कनिकाले त्यो आनन्द दियो कि उनको पाद-प्रक्षालनको लागि कन्हैयाले--

ऐसे विहाल विवाधन सूँ भये कण्टक जाल लभे पुनि जोये ।
हाय ! महादुख पाये सखा तुम आये इतै न कितै दिन खोये ।।
देखि सुदामाकी दीन दशा करुणा करके करुणानिधि रोये ।
पानि परातको हाथ छुओ नहिं नैननके जलसे पग धोये ।।

कसैले ठीक नै भनेका छन् – 'प्रेममा नियम छैन ।' सम्पूर्ण ब्रह्माण्डमा तैंले चटकी–को बाँदरजस्तै ननचाएको कुनचाहिं प्राणी छ । मुर्दा पनि तेरो नाममा स्पन्दित भई उठ्तछ, साँच्चै तीनै लोक मुग्ध पारी बाँचिरहने तँ एक यस्तै अद्भुत पदार्थ छस् । मेरो स्वामी ! तेरो यो विचित्र रीति छ । हाय ! तँ बडो विचित्र छस् । तँसित आँखा चार हुनासाथ लोक--वेदका बन्धन कंसको कारागारमा वसुदेव र देवकीका बन्धन छुटेझैं छुट्छन् । सब वेद र धर्मको फल तँ नै होस् । करुणा गरी अब तँ नै भन्– तँ को होस् ? तेरो स्वरूप के हो ? तँ कहाँ रहन्छस् ? र तेरो के प्रयोजन छ ? यसको उसले जुन उत्तर दियो, त्यसले हृदयलाई शान्त गर्नमा बिजुलीको काम गऱ्यो । उत्तर थियो यही–

'न म सातौं आकाशमा छु, न सात समुद्रपार; न मृगनयनको नयनमा मेरो निवास छ, न शब्दरूपस्पर्शादि विषयमा नै फसेको छु । म त सब प्राणीको हृदयमा बसेको छु । तर कृपण चित्त भएकाहरू मलाई त्यहाँ नपाएर बाह्य पदार्थमा पाउने भ्रममा मेरो खोजी गर्दै भट्कँदै हिंडिरहेका छन् । जसरी मृग आफ्नो नाभिमा भएको कस्तूरी नदेखेर त्यसको खोजमा लग्गू भएर वन-वन चहार्छ , त्यसै गरी पशुजीव पनि आफ्नै भित्र बसेका प्रभुलाई नदेखेर उनको खोजमा बाहिर यता र उति भौंतारिने गर्दछन् । किन्तु अन्तः–स्थित वस्तु बाहिर कसरी प्राप्त हुन सक्तछ ? अन्तमा मबाट वञ्चित रहेर दुःखीको दुःखी नै रहन्छन् । एक प्रसङ्गलाई लिऔं– एकजना बूढीले अँध्यारो रातमा आफ्नो घर-भित्र सियो हराइन् र त्यो खोज्न बाहिर सडकमा लालटिनको उज्यालोमा यताउति हेर्न लागिन् । बूढीले सडकको धूलोमा केही खोज्न लागेको देखेर त्यो बाटो गरी गइरहेको एकजना मानिसले 'के गर्न लागेकी हँ, बूढी आमै ?' भनेर सोध्यो ।

बूढीले 'के गर्थें बाबै ! हराएको सियो खोज्न लागेकी' भनिन् । त्यस मानिसले 'कहाँ हराएको ?' भनेर सोध्यो । बूढीले 'कहाँ हुन्थ्यो बाबै ! घरैभित्र' भनिन् । त्यस मानिसले हाँसेर 'भित्र हराएको वस्तु बाहिर खोज्नु कस्तो मूर्खता हो ?' भन्यो ।

बूढीले मुख बिगारेर भनिन्– 'हो बाबै ! तिमीले भनेको साँचो हो, तर के गर्नु र, घरमा बत्ती बाल्ने सामान छैन । केही न केही त गर्नैपऱ्यो, त्यसैले सडकको धूलोमै भए पनि किन नखोज्ने !'

ठीक यही हालत ती मानिसहरूको पनि छ, जसमा आफ्नो हृदयमा बत्ती बालेर मलाई त्यहाँ भेट्टाउने सामर्थ्य छैन । बाहिर भड्किलो र चहकिलो पदार्थमा मेरो खोजीको

लागि धूलो केलाउँदै बरालिंदै हिंड्छन् । जसरी बाफलाई दबाउन सकिन्न, त्यसरी नै मेरो वेग दब्न सक्दैन । यसकारण संसारमा कुनै पनि भूतप्राणी प्रेमशून्य पाइँदैन, चाहे त्यो प्रेमको विषय आ-आफ्नो बेग्लाबेग्लै किन नहोओस् । प्रत्येक शरीरमा मेरो प्रेमको स्रोत कुनै न कुनै रूपमा झरनाको पानी मूल फुटेर निस्केझैं निस्कन्छ । वास्तवमा प्रेम त स्वाभाविक रूपले प्रत्येक जीवको **आफू**भित्र नै दबेर रहेको हुन्छ, भित्र नभईकन बाहिर आउने नै कसरी ? किन्तु तिनीहरू मेरो पवित्र प्रेमको सदुपयोग गर्न जान्दैनन् । यसकारण कोही धनको लागि प्राण दिन्छन् भने कोही पुत्रको लागि; कोही स्त्रीको लागि मरिरहेछन् भने कोही मानको लागि । मेरो असदुपयोग गर्नाले नै मलाई नपाएर तिनीहरू घोर विपत्मा पर्दछन् । वास्तवमा यो विषयभोग आफ्नो स्वरूपले प्रेमरूप हुन सक्तैन, यद्यपि यसद्वारा प्रभुको प्रकाश यसप्रकार हुन्छ, जुनप्रकार ऐनाद्वारा हाम्रो मुखको; तर ऐना प्रिय हुँदैन, प्रिय त मुख नै हुन्छ । यसप्रकार बाह्य पदार्थ प्रेमस्वरूप होइन, किन्तु आफ्नो वास्तविक प्रेमस्वरूपको अनुहार देखाउने भएकोले नै यो प्रिय भएको हो, आफ्नो स्वरूपले गर्दा त कदापि होइन ।

प्रेमीहो ! विचार गर । कस्तो आश्चर्य, तिमी आफै आफ्नो आन्तरिक वेगले बेचैन भई आफ्नो प्रेमपूर्ण दृष्टिद्वारा बाह्य पदार्थलाई सुन्दर रूप दिएर आफैं त्यसको पछि-पछि दगुर्छौ । वस्तुतः सौन्दर्य पदार्थगत होइन, अपितु तिमी नै आफ्नो मनोहर दृष्टिले वस्तुहरूलाई मनोहर बनाउँछौ । तिनलाई मनोहर बनाउने तिमी आफै हौ र तिनको लागि तड्पेर आफूलाई आकुल-व्याकुल पार्ने पनि तिमी आफै हौ । यदि सौन्दर्य पदार्थगत हुँदो हो त कुनै एक पदार्थ सबको लागि सुन्दर हुने थियो, अथवा जुन पदार्थ जुन व्यक्तिलाई सुन्दर लागेको हुन्छ, त्यो त्यस व्यक्तिलाई सधैं सुन्दर लागिरहनुपर्दथ्यो; किन्तु यहाँ त यी दुइटै नियमको अभाव छ । वास्तवमा सम्पूर्ण सौन्दर्यको स्रोत प्राणीहरूको आ-आफ्नो हृदयभित्रबाट नै निस्कन्छ र प्रत्येक प्राणी आ-आफ्नो दृष्टिद्वारा नै आ-आफ्ना वस्तुलाई सौन्दर्य प्रदान गरिरहेछन् । जस्तो सूर्यको प्रकाश पर्वत, पृथ्वी, वृक्ष आदि सम्पूर्ण जड पदार्थमा परेर तिनलाई प्रकाशवान् बनाउँछ, तर वास्तवमा पर्वत आदि स्वरूपद्वारा प्रकाशवान् छैनन्, स्वरूपतः प्रकाशवान् त सूर्य हुन्छन् । त्यसै गरी प्रत्येक प्राणी आफ्नो अन्तःस्थ प्रेमस्वरूपको ज्योतिद्वारा नै आफ्नो प्रिय पदार्थलाई प्रेममय बनाउँछन्, तर वास्तवमा प्रेमस्वरूप त आ-आफ्ना आत्मा नै हुन्छन् । पुत्रको मित्रसित प्रेम त्यस मित्रको लागि गरिंदैन, अपितु पुत्रको लागि नै गरिन्छ, जब त्यो मित्रपुत्रको

अनुकूल हुँदैन, अनि त्यससित त्यो आफ्नो प्रेम पनि हट्छ । आफ्ना स्त्री-पुत्रादिसित प्रेम स्त्री-पुत्रादिको लागि गरिंदैन, अपितु आफ्नो शरीरको लागि नै गरिन्छ । तिनै स्त्री-पुत्रादि आफ्नो शरीरको अनुकूल नभएको खण्डमा तिनलाई त्याग गरिन्छ । शरीरका अङ्ग-प्रत्यङ्गसित पनि प्रेम ती अङ्ग-प्रत्यङ्गको लागि गरिंदैन, किन्तु आफ्नो जीवनको लागि नै गरिन्छ । खुट्टा आफ्नो जीवनको अनुकूल नभएमा काटिन्छ, हात पनि आफ्नो जीवनको प्रतिकूल भएमा काटिन्छ । आँखा पनि आफ्नो लागि सुखरूप भएन भने निकालिन्छ । जुन अङ्ग आफ्नो जीवनको निकटतर हुन्छ, त्यससित अर्कोको अपेक्षा बढी प्रेम गरिन्छ । हातको लागि खुट्टा काट्ने गरिन्छ । आँखा र दिमागको लागि हातको बलि दिइन्छ । कुनै शत्रुले शिरमा आघात पुऱ्याउने काम गर्न लाग्दा त्यतिखेर त्यस आघातबाट बच्नको लागि कुनै प्रेरणाले हात शिरअगाडि आएर ढालको काम दिन्छ ? यस्तो किन ? के हात दिमाग र आँखाजस्तै यसको आफ्नै अङ्ग होइन ? अङ्ग त हो, तर दिमाग र आँखा जीवनको निकटतर छ; यसै कारण दिमाग र आँखाको लागि त्यसको बलि दिनुपर्छ । यसप्रकार जीवनरूप प्राण पनि जीवनको लागि प्रिय छैन, किन्तु आफ्नो आत्माको लागि प्रिय छ । आफ्नो आत्माको लागि सुखदायी नभएको खण्डमा त्यो जीवनरूप प्राणको पनि बलि दिइन्छ । कैयौं सती स्त्रीको जीवन यसको ज्वलन्त दृष्टान्त हो । आजकल पनि पानीमा डुबेर मर्नु, आगामा जलेर मर्नु र झुन्डिएर मर्नु आदि अकाल मृत्युको चेष्टा तिनको वर्तमान जीवन तिनको लागि सुखरूप भएन भन्ने कुराको प्रत्यक्ष प्रमाण हो । यसबाट के स्पष्ट हुन्छ भने **सम्पूर्ण प्रिय पदार्थ आफ्नो लागि होइन, आफ्नो आत्माको लागि प्रिय हुन्छन् ।**

जुन वस्तु जति-जति आत्माको निकटतर छ, त्यति-त्यति नै त्यसप्रति प्रेम हुने गर्दछ । पुत्रको मित्रमा भन्दा पुत्रमा, पुत्रमा भन्दा आफ्नो स्थूल शरीरमा, आफ्नो स्थूल शरीरमा भन्दा प्राणमा सबभन्दा बढी प्रेम हुन्छ । प्राणमा प्रेम सूक्ष्म शरीरसितको सम्बन्धले गर्दा हुन्छ, र सूक्ष्म शरीरमा आत्माको आभास पर्ने भएकोले प्रेम हुन्छ अर्थात् सूक्ष्म शरीर आफ्नो आत्माको स्वरूप देखाउन ऐनाको काम गर्दछ। यसबाट स्पष्ट हुन्छ – वास्तवमा प्रेमको स्वरूप न कुनै बाह्य पदार्थ हो, न स्थूल शरीर हो, न त सूक्ष्म शरीर नै हो, अपितु परम प्रेमको विषय केवल 'वास्तविक प्रेम, प्रेम स्वरूप अन्तः स्थित आत्मा नै हो' । बाह्य पदार्थ वास्तवमा प्रेमस्वरूप होइनन्, अपितु मेरो वास्तविक प्रेमस्वरूपका छाया हुन् । जुन-जुन पदार्थमा मेरो वास्तविक प्रेमस्वरूपको छाया पर्दछ, ती नै प्रेमका

विषय बन्दछन् । अर्थात् बाह्य पदार्थलाई तिमी जबसम्म आत्मदृष्टिले ग्रहण गरिरहन्छौ, तबसम्म त्यो तिम्रो निमित्त प्रेमस्वरूप भइरहन्छ; कुनै पनि वेला त्यसबाट तिम्रो आत्म-भावना हट्नेबित्तिकै प्रेम पनि पछि हट्तछ ।

प्रिय प्रेमीहो ! तिमीहरू यो रहस्य नजानेर मेरो निमित्त कष्ट उठाए तापनि मलाई पाउँदैनौ, अन्तमा मेरो लागि भोकोको भोकै रहेर दरिद्र नै भइरहन्छौ र मेरो लागि सारा जीवन लगाएर पनि केही पाउँदैनौ । जस्तै कोही आफ्नो मुखको प्रतिबिम्ब ऐनामा समाउन दौडन्छ भने त्यसमा आफ्नो टाउको ठोक्किन्छ सिवाय अरू केही हात लाग्दैन, त्यस्तै तिम्रो प्रिय पदार्थ प्रेमस्वरूप तिम्रो आत्माको मुख (स्वरूप) देखाउने त ऐना नै थियो, तर पनि यहाँ आफ्नो छाया नै सत्य हो भनेर जब तिमी त्यसलाई आलिङ्गन गर्न दौडन्छौ, तब तिमी ऐनामा ठक्कर खान पुग्छौ । यही कुरा स्वामी रामतीर्थले बडो सुन्दर रूपकद्वारा बताउनुभएको छ–

जुरेली एउटा बुलबुल (पुष्पप्रिय, सुन्दर, सानो चरो जुरेली) चारैतिर नाना तरहका ऐना जडिएको पिंजडामा थुनिएको थियो। त्यस पिंजडाको ठीक माझमा ती सबै ऐनाहरूमा छाया पर्ने गरी एउटा सुन्दर फूल झुन्ड्याइएको थियो । त्यो बुलबुल जतातिर आँखा लगाउँथ्यो, त्यतैतिर त्यस फूलको छविले उसको मन हर्दथ्यो। त्यसले सामुन्ने हेऱ्यो र ऐनाको फूल टिप्न दौडँदा ऐनामा ठक्कर खायो। ऊ पछाडि फर्क्यो र त्यस फूलको लागि तुलबुलिइरह्यो। झम्टँदा-झम्टँदा धेरै चोटपटक लाग्यो। यसप्रकार चोट खाँदा-खाँदा जब अकस्मात् उसको दृष्टि माथितिर पऱ्यो। त्यहाँ राम्रो फूल भेट्टायो र प्रसन्न भयो। अनि यताउति गर्न पनि छाड्यो ।

प्रिय प्रेमीहो ! ठीक यही अवस्था तिमीहरूको छ । जुन प्रकार उपर्युक्त बुलबुल चरो आफ्नो नजीकै भएको फूललाई नपाएर त्यसको प्रतिबिम्बसित ठक्कर खाँदै आफ्नो जीवनलाई दुःखी बनाएर बसेको थियो, त्यसै गरी तिमी पनि बाहिर नाना भाँतीका भौतिक भोग्य-पदार्थरूपी ऐनामा आफ्नो आन्तरिक प्रेमस्वरूप आत्माको प्रति-बिम्बलाई नै सत्य ठानेर पुतलीले जस्तै त्यसलाई समात्न दौडेर आफूले आफैलाई भस्म गरिरहेछौ। हो , यिनलाई प्रतिबिम्बरूप जान, यदि बिम्बतिर फर्केर त्यसलाई आलिङ्गन गर्छौ भने त अवश्य छाती ठन्डा हुनेछ, तर तिमी काँचका टुक्रामा यति मुग्ध भयौ कि वास्तविक चिन्तामणिबाट वञ्चित हुन गयौ। विचार गर– प्रेम सधैं अनुकूल पदार्थसित हुने गर्दछ, प्रतिकूल पदार्थमा त प्रेम हुन्छ नै कसरी ? र अनुकूल आत्मरूप

भएपछि मात्र हुन्छ, जुन पदार्थ आफ्नो प्रियरूप आत्माको प्रेममय किरणद्वारा सुशोभित हुन्छ,त्यही अनुकूल विषय हुन्छ। जबसम्म तिनमा अनुकूल बुद्धि भइरहन्छ,तबसम्म मनले तिनलाई प्रेम गरिरहन्छ; जुन वेला तिमीमा आत्मप्रतिकूल बुद्धि हुन्छ, त्यतिखेर मन तुरुन्त तिनबाट हट्तछ। यदि ती वस्तु वस्तुतः प्रेमपात्र हुँदा हुन् त आज पनि तिनमा प्रेम भइ नै रहन्थ्यो; परन्तु वास्तवमा ती प्रेमपात्र थिएनन्, ती केवल आफ्नो आन्तरिक प्रेमप्राप्तिका साधन मात्र थिए, आफ्नै मुख हेर्ने ऐनारूप थिए। तिनमा आफ्नो मुख देखिन्जेलसम्म तिनले काखी च्यापिरहे र आफ्नो मुख देखाउन छाडेपछि त्यागि पनि दिए। यसप्रकार विचारशील प्रेमीहो ! यी भोग्य पदार्थद्वारा पनि आफ्नो हृदयमा स्थित प्रेमस्वरूप आत्मा नै वास्तवमा परम प्रेमको विषय हो। जस्तो भित्तातिर फर्केर हानिएको भकुन्डो भित्तामा ठक्कर खाएर भकुन्डो हान्नेतिर फर्केर आउँछ, अथवा आँखाबाट निस्केको आफ्नो अन्तःकरणको वृत्ति ऐनामा ठक्कर खाएर आफ्नै मुख-लाई विषय गर्दछ, भित्ता र ऐना आफैतिर फर्काइदिने साधन मात्र हुन्, ठीक त्यसै प्रकार यी भोग्य पदार्थमा भएको रागरूप वृत्ति पनि ती पदार्थसित ठक्कर खाएर आफ्नो अन्त-रात्मालाई नै स्पर्श गर्दछ, किन्तु तिनको त्यो प्रेम अविधिपूर्वक भएको छ, अर्थात् म हृदयस्थित परम प्रेमलाई सीधा नभजेर यी भोग्य पदार्थलाई भज्नु नै अविधिपूर्वक मलाई भज्नु हो –

तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ।

अर्थात् आफ्नो नाक सीधा नपक्डेर उल्टो पक्डनु हो। यसको फल के हुन्छ भने मेरो निमित्त आफ्नो प्यास मेट्ने इच्छाले मृगतृष्णाको पानीजस्तै यी भोग्य पदार्थको पछि दौडँदा-दौडँदै आखिर आफ्नो ढाड भाँचेर मबाट वञ्चित नै रहन्छौ। न त म हात पर्दछु, न यी भोग्य पदार्थ नै हात पर्दछ र जब म पक्रिन्छु, तब यी भोग्य पदार्थ कुनै प्रयासविना आफै नै आउँदछन् ।

एक अबोध बालकले आफ्नो छायालाई आफूदेखि भिन्न अर्को बालक सम्झेर त्यसलाई प्रेम गर्न थाल्यो। प्रायः केटाकेटीको आफूसमान केटाकेटीसँग प्रेम हुनु स्वाभाविक नै छ। उसले त्यस छायाको टाउको समात्न खोज्यो, तर ऊ जति-जति गयो, उति-उति त्यो छाया अगि गयो। बालक त्यसको पछि-पछि दौडँदा-दौडँदै थाक्यो, तैपनि छाया हात पर्न सकेन। आखिर त्यो बालक टक्क अडचो। बालक रोकिनासाथ त्यो छाया पनि रोकियो। त्यो आफूनजीकै होला भन्ठानेर त्यो बालक त्यसलाई समाउन फेरि

पनि दौड्यो र दौडँदा त्यो छाया फेरि अगाडि दौड्यो । आखिरमा बालक हैरान भएर त्यसलाई भेट्टाउन नसकी रुन लाग्यो । यो देखेर आमाको मनमा दया लाग्यो र उनले त्यसलाई त्यसैको शिर पक्रन लगाइन् र छायाको शिर स्वतः पक्रियो । ठीक यस-प्रकार, विचारशील प्रेमीहो ! तिमी आफ्नो अन्तःस्थित परमप्रेममाथि अधिकार प्राप्त गरेर संसारका सम्पूर्ण पदार्थबाट प्रेम पाउन सक्तछौ र सम्पूर्ण ब्रह्माण्ड तिम्रो निमित्त प्रेमस्वरूप हुन सक्तछ । यो बाहेक कुनै पनि पदार्थ तिमीलाई सन्तुष्ट गर्न सक्तैन, बरु तिम्रो प्यास नै अधिकाधिक बढाइरहनेछ ।

अहिलेसम्म यस प्रसङ्गमा भनियो– बाह्य पदार्थ प्रेमस्वरूप होइन, किन्तु आफ्नो हृदयमा स्थित आत्मा नै परमप्रेमको विषय हो यसको अर्थ यो नसम्झनू कि केवल कोरा स्वार्थमूलक कथन हो । 'आफैसँग प्रेम गर'– यो सारा संसार कमिलादेखि लिएर ब्रह्मापर्यन्त प्रत्येक प्राणी आफ्नो हरचेष्टामा आफ्नै स्वार्थको गीत अलाप्दै छन्, तब तिम्रो यस भनाइबाट के सिद्ध भयो ? यसप्रकार अर्थको अनर्थ गरेर परम प्रेमको गला नरेट । यो आत्मप्रेम स्वार्थमूलक छैन, किन्तु स्वार्थत्यागको अवधि हो–केवल ठोस समता भएको प्रेम हो । यो आत्मप्रेमको अर्थ इन्द्रिय र शरीरादि अथवा शारीरिक स्वार्थी तत्त्व भएको प्रेम हो । यो आत्मप्रेमको अर्थ इन्द्रिय र शरीरादि अथवा शारीरिक स्वार्थी तत्त्व-हरूसित प्रेम गर्नु होइन, किन्तु मन, इन्द्रिय र शरीरादिको सार तथा आधारभूत परम ज्योति, जो मन आदिको विकारबाट सर्वथा निर्विकार छ, त्यही नै परम प्रेमको विषय हो । शरीरादि विकारी वस्तु त प्रेम गर्न योग्य हुनै सक्तैन, जुन वस्तु हरक्षण बदलिरहेको हुन्छ त्यससँगको प्रेमसुखको साधन हुनै सक्तैन । जोसँग प्रेम गर्नु धोखाको कुरो छ, त्यससित प्रेम गर्नाले उल्टो कलेजा छिया-छिया नभई छाड्दैन । प्रेम गर्न योग्य त त्यही नित्य निर्विकार परम सत्य नै छ, जो नित्य एकरस रहेर सम्पूर्ण पदार्थमा यसै प्रकार परिपूर्ण भइरहेछ । जस्तो कुण्डल आदिमा सुन, घडा आदिमा माटो, कपडामा धागो, छाल-फींज-फोकामा जल रहेको हुन्छ । 'जो एक मेरो व्यष्टि शरीरमा व्याप्त छ, त्यही परम ज्योति समष्टि शरीरमा तृण, मृत्तिका, पाषाण, नदी, पर्वत, वृक्ष, पशु, पक्षी र चारै खानी र चारै वाणीमा व्याप्त रहेको छ । जो ममा छ त्यही सबमा छ । यी नाना रूपमा मेरै आत्मा आफ्नो विभिन्न दृश्यमा दर्शन दिइरहेछन् । यसै प्रकार तरङ्ग-भाव दृष्टिबाट गिर्नु, जलभाव दृष्टिमा अटाउनु, यस दृष्टिबाट सब भूतजातमा त्यस एक अन्तर्यामी देवलाई नै नमस्कार गर्नु, यसै रूपबाट हाम्रो प्रेम अमृतरूप हुन सक्तछ ।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम् ।।

– श्रीमद्भगवद्गीता ९।२९

अर्थात् 'म सम्पूर्ण प्राणीमा समभावले व्याप्त रहेको छु, मेरो न कोही अप्रिय छ र प्रिय, परन्तु (यस समताभावले रहीकन पनि) मलाई जो प्रेमी भक्तिपूर्वक भज्दछ त्यो ममा छ र म त्यसमा छु ।'

भनाइको तात्पर्य के भने म त सधैं नै सम्पूर्ण भूतजातमा समान भावले व्यापक छु, किन्तु नाममात्रका प्रेमीहरूले अभिमान र स्वार्थको पर्दाले आफ्नो मुख छोपिरहेका छन्, यसकारण तिमी मेरो समतापूर्ण व्यापकतालाई देख्न सक्तैनौ, परन्तु जसले उपर्युक्त प्रेमभक्तिद्वारा त्यो स्वार्थ र अभिमानको पर्दालाई आफ्नो मुखबाट हटाएर फ्याकेको छ, त्यही मेरो समतापूर्ण व्यापकतालाई समुद्रले नाना प्रकारको तरङ्गमा समान भावले आनन्द मानेर सब तरङ्गमा आफ्नै रूप देखेजस्तै यथार्थमा देख्दछ । विचार गर ! यसमा त स्वार्थको गन्ध पनि छैन, बरु स्वार्थको हेतु शरीरादिबाट नै आत्मभाव हटेको हुन्छ । हो, यो हाड, मासु, छाला आदिबाट बनेको शरीरमा नै आत्मबुद्धि राखेर बाँदरले जस्तै मुट्ठीभरका नाम-रूप, आदिको चक्करमा जो घुमिरहन्छौं त्यही प्रेम वास्तवमा स्वार्थमूलक हो । यो प्रेम प्रेमपदवाच्य होइन, अपितु द्वेषग्रस्त स्वार्थमूलक कोरा राग हो । यो देख्नमा मधुर छ तापनि विष मिसिएको छ । त्यो विष मिसिएको दूध पिउँदा मधुर हुन्छ तापनि पिउनेको मृत्युको कारण बन्दछ । यसै प्रकार रागमूलक पदार्थमा पनि तिमी आफ्नो मुख त देख्तछौ, तर ती पदार्थ द्वेषग्रस्त हुनाले तिनमा आफ्नो मुख देख्नु आफ्नो मूतमा आफ्नो मुख देख्नुजस्तै हो, जसमा आफ्नो प्रतिबिम्ब स्पष्ट देखिंदैन, र साथै त्यसमा देखिएको आफ्नो मुख पनि अपवित्र भई ग्लानिको पात्र बन्दछ । यसको विपरीत उपर्युक्त निःस्वार्थ प्रेम नै सफा ऐनाजस्तै छ, जसमा देखिएको आफ्नो मुख ज्यौं-का-त्यौं स्पष्ट देखिन्छ र क्षण-क्षण उल्लासको कारण हुन्छ ।

विचारशील प्रेमीहो ! यसप्रकार सब भेदभावनालाई छाडेर समतापूर्ण एकता स्थापित गर्नु नै मेरो परम उद्देश्य हो । किन्तु यो समतापूर्ण प्रेमको स्थिति प्राप्त गर्नको लागि सबभन्दा पहिले धन, स्त्री-पुत्रादि वस्तुले जुन हृदयगत प्रेमलाई बन्धनमा पारेर सीमाबद्ध गरिराखेको छ र त्यसको स्वाभाविक प्रवाहलाई रोकेर त्यसलाई अपवित्र र फोहर बनाएको छ, त्यस बन्धनलाई तोड्नुपर्छ । जसरी

ताल-तलाउको पानी रोकिन जानाले फोहर भई लेदो जमेर सुक्दछ, किन्तु नदी-नालाको पानी बगिरहने हुनाले सधैं निर्मल नै भइरहन्छ, त्यसरी हृदयगत प्रेम पनि तुच्छ स्वार्थको सीमाभित्र आबद्ध रहनाले स्वार्थमूलक रागको रूपमा खडा भएर द्वेषरूपी दुर्गन्ध निकालेर सुक्दछ। यसकारण स्रोत चलोस् र निर्मल होस् भन्नाको निमित्त यी बन्धनलाई तोड्नु अति आवश्यक छ। यसको मुख्य साधन यही हुन सक्तछ के भने निष्कामनाबाट यस प्रेमको नाता ईश्वरसँग (जो सब प्रेमको उद्गमस्थान छ) जोड्नुपर्छ, किनभने जबसम्म यस प्रेमको सम्बन्ध ईश्वरसँग जोडिंदैन, तबसम्म यहाँबाट अलग्गिनु सम्भव छैन। यदि तिमी एकातिर तोड्ने कोशिशमा छौ र अर्कातिर जोड्ने कुरामा ध्यान दिंदैनौ भने तिम्रो कोशिश बेकार नै छ। यो हुन कसरी सक्तछ ? यहाँ तोडेर त्यहाँ जोड्ने र त्यहाँ जोडेर यहाँ तोड्ने, दुवै क्रिया साथ-साथै हुनु आवश्यक छ। मनको स्वभाव नै के छ भने त्यो प्रेमशून्य रहन सक्तैन, किनभने त्यसभित्र वास्तवमा कुनै वस्तु प्रेमस्वरूप विद्यमान छ, जो प्रेमविना रहन सक्तैन। तिमी यसको सदुपयोग गर वा दुरुपयोग, यसको स्रोत चाहे संसारपट्टि खोल चाहे ईश्वरपट्टि, यो तिम्रो इच्छा हो। ईश्वरपट्टि यसको स्रोत खोलेर तिमी आफ्नो लागि मोक्षद्वार खुला पाउन सक्तछौ, र संसारपट्टि यसको स्रोत खोलेमा वारवार जन्म-मरण, जरा-व्याधि आदिको द्वार तिम्रो लागि खुला रहेको हुन्छ। यो हृदयगत प्रेम यति परिपूर्ण छ कि जति यथार्थ रूपले यसको निकास खोलिन्छ, त्यो कहिल्यै खाली नरहेर बरु त्यति नै भरिंदै जान्छ, जसरी झरनाको पानी जति-जति प्रवाहको रूपमा बग्दछ त्यति त्यति नै भित्रबाट वेगसित निस्केर एक नदीको रूपमा त्यसको प्रवाह चल्न थाल्दछ। यदि तिमी यस प्रेमको स्रोतलाई संसारतिर बन्द गर्दछौ र यसलाई परमार्थतिर जाने बाटो दिंदैनौ भने यो रोकेर नरोकिने स्रोत भएकोले बलपूर्वक संसारतिर नै निस्कनेछ। परन्तु यदि तिमी ईश्वरतिर यसको मार्ग खोल्दछौ भने यो संसारतिरबाट स्वतः मोडिएर आफै बन्द हुँदै जानेछ। दृष्टान्तको लागि भनौं– एक अटूट जलाशयसित सम्बन्ध भएको एक सानो कुण्डमा निकासको लागि तल र माथि गरी दुई नल छन्। तलको नल हामीले बन्द गऱ्यौं भने पानी माथिको नलबाट निस्कन्छ र तलको नल हामीले खोल्यौं भने चाहे माथिको नल बन्द नगरौं तापनि पानीको निकास आफैं-आफ माथिको नलबाट बन्द भईतलको नलबाट मात्र यसको प्रवाह चल्दछ। यसप्रकार हृदयगत प्रेमरूपी कुण्डको ईश्वरसम्बन्धी तलको नल खोल्ने हो भने संसार-सम्बन्धी माथिको नलबाट यसको प्रवाह स्वतः बन्द हुन जानेछ। वास्तवमा कुरो के भने यस स्रोतलाई जोडसित ईश्वरतिर खोल्नु आवश्यक छ, संसारतिर बन्द गर्नु आवश्यक छैन,

किनभने सत्य सत्य नै हो र झूटो झूटो नै हो। सत्यमा आकर्षण विद्यमान छ, त्यससित केही सम्बन्ध मात्र जोड्नुपर्दछ, अनि त त्यसले चित्तलाई आफै-आफ चुम्बकले सियोलाई खिचेजस्तै आफैतिर खिच्तछ। वास्तवमा मिथ्या नाम-रूप संसारमा आफू स्वयंको कुनै आकर्षण छैन, किन्तु त्यसमा जुन आकर्षण प्रतीत हुन्छ त्यो सत्यको नाताले भएको छ, जस्तो भ्रमरूप चाँदीमा जुन आकर्षण प्रतीत हुन्छ त्यो सत्यस्वरूप रजतको नाताले भएको छ। दृश्यमान पदार्थमा चित्त तब खिचिन्छ, जब त्यो सत्यस्वरूपले ग्रहण गरिन्छ। अर्थात् जुन सत्यता केवल परमात्मामा छ त्यो सत्यता जब हामी आफ्नो भूलले यी मिथ्या नाम-रूपमा आरोपित गर्दछौं तब हामी ठगिन्छौं, र जब कुनै समयमा तिनमा सत्यताको भ्रान्ति निवृत्त हुन्छ तब चित्तको आकर्षण पनि स्वतः छुट्तछ।

भक्तिको प्रयोजन– मनमा जुन रजोगुण, चञ्चलता अर्थात् विक्षेपदोष छ, त्यसलाई निवृत्त गर्नु नै भक्तिको उद्देश्य हो। यो रजोगुणको निवृत्तिको उपाय त्यसलाई दबाउनु र त्यसलाई बाहिर निस्कने मार्ग नदिनु होइन। यसो गर्नाले त उल्टो हानि नै हुन्छ। जसरी रक्तविकार भई शरीरमा खटिरा निस्कँदा त्यसलाई ठीक गर्ने उपाय त्यसमा जमेको पीपलाई बाहिर निकाल्नु नै हुन आउँछ, पीप जानेबित्तिकै तुरुन्त आनन्द हुन्छ, यसको विपरीत पीपलाई निस्कने बाटो नै नदिएको खण्डमा त्यो हाड गलाएर केही न केही उपायले बाहिर निस्किछाड्दछ, त्यसरी नै यस प्राकृतिक नियमअनुसार रजोगुणको वेगलाई दबाउने नगरेर त्यसलाई ईश्वरको भक्तिद्वारा निकाल्नु आवश्यक छ। हो, कर्तव्य यति नै छ कि त्यस रजोगुणको प्रवाहलाई बदल्नु-पर्दछ। जहाँ यसको प्रवाह संसारतिर चलेको हुन्छ त्यसलाई त्यहाँबाट रोकेर परमार्थतिर लगाउनु आवश्यक छ। पहिले जहाँ 'घर मेरो, कुटुम्ब मेरो, परिवार मेरो, शरीर मेरो, प्राण मेरो' भन्ने कहानी पढ्ने गरिन्थ्यो अब त्यसलाई 'घर तेरो, कुटुम्ब तेरो, परिवार तेरो, शरीर तेरो, प्राण तेरो'– मा बदल्नु आवश्यक छ। भक्तिसम्बन्धी साधन–सामग्री पनि रजोगुणबाट नै उत्पन्न भएको हुन्छ तापनि जुनप्रकार फलामले फलाम काटिन्छ, किन्तु तताएको फलामले तताएको फलामलाई काट्दैन, बरु चिसो फलामले नै तातो फलामलाई काट्न सक्तछ, त्यसै प्रकार रजोगुणबाट नै रजोगुण निवृत्त गर्न सकिन्छ, किन्तु चिसो फलामजस्तै भक्तिप्रधान सत्त्वगुणमिश्रित रजोगुणबाट नै रजोगुणको निवृत्ति हुनु सम्भव छ। यसको आवश्यकता किन छ भने संसारतिर चलाइएको यस रजोगुणको प्रवाहले रजोगुणलाई शान्त गर्न सक्तैन, किन्तु आगोमा घ्यू जस्तै यसको

वेगलाई अधिकाधिक बढाउने नै हुन्छ, किनभने संसार स्वयं रजोगुणको मूर्ति हो। जस्तो आगोबाट ताप हट्दैन किन्तु पानीबाट नै ताप हट्नु सम्भव हुन्छ, त्यस्तै ईश्वरतिर चलाएको यो रजोगुणको प्रवाह नै एकमात्र सांसारिक रजोगुणलाई शान्त गर्ने उपाय हुन आउँछ। किनभने ईश्वर स्वयं ठोस रजोगुणको मूर्ति हो, यसकारण जसरी पानीको सम्बन्धद्वारा आगो शान्त हुन्छ, त्यसरी नै त्यससित सम्बन्ध जोडेर नै यो रजोगुणलाई निवृत्त गर्न सकिन्छ।

उपर्युक्त रजोगुण-साधनको निमित्त सबभन्दा पहिले त भक्तिको प्रादुर्भाव हुनु आवश्यक छ। किनभने मन नाम-रूपको पुतला हो, नाम-रूपमा नै फसेको छ, नाम-रूपकै प्रेमी छ, यसकारण एकाएक यो बेनाम-बेरूपमा जान सक्तैन। किनभने नाम-रूपको सहारा लिएर नै यस नाम-रूपबाट छुटकारा पाउन सक्तछ। यस सिद्धान्तअनुसार नाम-रूपबाट छुटकारा पाउन यो बाहेक अरू कुनै उपाय छैन। यसै आशयलाई स्पष्ट गर्नको लागि शास्त्रकारले भनेका छन्–

तामेव भूमिमालम्ब्य स्खलनं यत्र जायते ।।

अर्थात् मानिस जुन भुइँमा लडेको हुन्छ त्यसै भुइँको सहारा लिएर त्यस भुइँबाट उठ्न सक्तछ, त्यसको सहाराविना त्यस भुइँबाट उठ्नु असम्भव छ। यो दृष्टान्त र सिद्धान्तअनुसार मन नामरूपी भुइँमा लडेको छ। यसकारण ईश्वरसम्बन्धी नाम-रूपको सहारा लिएर नै यी सांसारिक नाम-रूपबाट माथि यो उठ्न सक्तछ। विचार गरेर हेर्ने हो भने जहाँ उपास्य र उपासकको बीच भावरूप भेददृष्टि विद्यमान छ त्यहाँ वैखरी वाणीद्वारा जे-जति भने पनि त्यो सब सगुणताको अन्तर्भूत भएर नै रहन्छ। किनभने मन र वाणीद्वारा जे-जति चिन्तन गरिन्छ, अथवा बोलिन्छ, त्यो कुनै न कुनै विशेषणकै सूचक हुन्छ, निर्विशेष पदमा मन र वाणी पुग्न सक्तै-सक्तैनन्। वाणी प्रतियोगी र व्यवच्छेदकै वाचक हो र जहाँ विशेषण-विशेष्यरूप गुणगुणी भाव विद्यमान छ त्यहाँ निर्गुणतासित के सम्बन्ध छ ? (परस्परविरोधीको नाम प्रतियोगी हो) जस्तो घट आफ्नो घटाभावको प्रतियोगी हो। व्यवच्छेदक त्यस विशेषणलाई भनिन्छ जो अन्य वस्तुदेखि आफ्नो विशेष्यलाई छुट्ट्याउँछ, जस्तो **'कुण्डली पुरुष'**:– यहाँ कुण्डलले अरू पुरुषदेखि कुण्डल लाएका पुरुष भिन्न हुन् भन्ने बुझाउँछ। यसप्रकार शब्दको स्वभाव के छ भने त्यसले कुनै न कुनै विशेषणलाई लिएर परिच्छिन्न वस्तुको ज्ञान गराउँछ, अपरिच्छिन्न वस्तुको ज्ञान गराउनमा शब्द कुनै पनि प्रकारले समर्थ छैन। मतलब के भने

निर्गुण परमात्मामा मन र वाणीको गति छैन । यदि नित्य, अज, अविनाशी शब्दद्वारा त्यसको कथन र चिन्तन गऱ्यो भने यो नित्य, अज आदि त्यसको विशेषण नै हुनेछ, यो त्यसको स्वरूप हुन सक्तैन, र जब यो विशेषण भयो तब अनित्य, जन्म र नाशदेखि भिन्न त्यस परमात्माकै ज्ञान हुन्छ । परन्तु त्यो परमात्मा उसको आफ्नो व्यापकताले गर्दा कुनै पनि विशेषणको विशेष्य हुन सक्तैन, यदि कुनै विशेषण भएको मान्ने हो भने उसको आफ्नो व्यापकता नै भङ्ग भई अनित्य, जन्म र नाश आदि गुणक्रियामा उसको अभाव सिद्ध हुन्छ । तर वास्तवमा कुनै ठाउँमा उसको अभाव छैन । मन र वाणीले कुनै न कुनै विशेषणविना उसको कथन र चिन्तन गर्न सक्तैन, किनभने ऊ स्वयं देश, काल र वस्तु परिच्छेदले युक्त छ । यसकारण वाणी र मनद्वारा जुन कथन र चिन्तन हुन्छ त्यो सगुणताको अन्तर्गत नै हुन्छ । हामी चाहे सगुण भक्तिसित विद्वेष गरी निर्गुण भक्तिको आग्रह गरौं, कुनै पनि प्रकारले घृणा गरौं, तर पनि वास्तवमा आफ्नो आचरणद्वारा त हामी सगुण र साकार भक्तिलाई नै असत् रूपले नै भए पनि सिद्ध गरिरहेछौं । जहाँ सगुणसित विद्वेष छ त्यहाँ निर्गुण भक्तिसितको सम्बन्ध नै के ? निर्गुण भक्ति त तब उत्पन्न हुन्छ जब सम्पूर्ण राग-द्वेषदेखि हृदय निर्मल भएको हुन्छ, सम्पूर्ण संसार नै आफ्नो आचरणद्वारा देवमन्दिर बनेको हुन्छ र प्रत्येक चेष्टा नै भगवान्को पूजारूप बनेको हुन्छ–

आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।
सञ्चारः पदयोः प्रदक्षिणविधिः स्त्रोत्राणि सर्वा गिरो
यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो तवाऽऽराधनम् ॥

यसको विपरीत मनमा कुनै प्रकारको द्वेष राखेर अथवा कुनै मत-मतान्तरको आग्रह गरेर निर्गुण भक्तिको हठ गर्नु त एक प्रकारले उसको र आफ्नो उपहास गर्नु हो । निर्गुण भक्तिको प्रादुर्भाव त त्यसै वेला हुन्छ, जब कोही चित्त हर्नेले आपनो विचित्र छविद्वारा मनमाथि आफ्नो कुनै आधिपत्य नै नहुने गरी चित्तलाई हरेर लैजान्छ । चित्तमाथि अधिकार जमाएर निर्गुण भक्तिको आग्रह गर्नु त भारी भूल हो । यसकारण **श्रीमद्भगवद्गीतामा** भगवान्ले भन्नुभएको छ–

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥ (१२।५)

अर्थात् त्यस अव्यक्तस्वरूपमा आसक्त चित्त भएकालाई क्लेश ज्यादा हुन्छ, किनभने अव्यक्तरूप गति देहधारीलाई दुःखले प्राप्त हुन्छ । अर्थात् जसको देहमा अहम्–अभिमान छ ती यो अव्यक्त गति-(निर्गुण भक्ति)-का अधिकारी हुन सक्तैनन् । सगुण भक्तिद्वारा नै त्यो अधिकारी आफ्नो सुन्दर भावको उद्गार प्रकट गर्न सक्तछ र पवित्र भावोद्गारद्वारा नै सत्त्वगुण हृदयमा भरपूर भएर रजोगुणलाई बाहिर फ्याँक्तछ । शान्तिको लहर हृदयमा उर्लेर आँखाले समेत त्यसको उत्तर दिन्छ । वास्तवमा मनको जडतालाई पगाल्ने साधन साँच्चै भनौं भने सगुण भक्ति नै हो । यसैद्वारा मन र शरीरबाट आफ्नो अधिकार तृणझैं गरी चुँडिन्छ । यस अवस्थामा नै ती वंशीधर शरीर र मनरूपी बाँसुरीलाई आफ्नो हातमा लिन्छन् र त्यस बाँसुरीबाट मनोहर स्वर निकाल्दछन् । अतः भगवान्ले श्रीमुखबाट नै सगुण भक्तिको महिमा **श्रीमद्भगवद्गीता**मा यसप्रकार भन्नुभएको छ–

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥(१२–२)

अर्थ–(सगुण र निर्गुण भक्तिमा उत्तम कुनचाहिं हो भनी अर्जुनले सोधेको प्रश्नको उत्तरमा भगवान् भन्नुहुन्छ–)मेरो सगुण रूपमा मनलाई एकाग्र गरी निरन्तर ममा लागेको जो भक्त अतिशय श्रेष्ठ श्रद्धाले युक्त भएर मलाई भज्दछ, त्यो मलाई अति उत्तम योगी लाग्दछ ।

श्रद्धा–प्रेमको साथसाथै अर्को वस्तु श्रद्धा हो, श्रद्धाविना कुनै पनि साधन सफल हुन सक्तैन । श्रद्धाको साधारण अर्थ विश्वास हो र गुरु र शास्त्रको वचनमा विश्वास हुनु श्रद्धाको मुख्य अर्थ हो । मानसिक प्रकृतिको नियम के छ भने – जस्तो-जस्तो यो जीवको विश्वास हुन्छ, त्यस्तै-त्यस्तै यसको भावना हुन्छ र त्यस्तै त्यस्तै त्यसको गति र चेष्टा हुन्छ, अनि त्यस्तै नै यसको स्वरूप हुन्छ । पुनर्जन्मको मूलको यही रहस्य छ र जस्तो-जस्तो यस जीवनको श्रद्धा हुन्छ, त्यस्तै-त्यस्तै यसको भावना हुन्छ, त्यस भावनाअनुसार-नै यसको कर्म हुन्छ र फेरि ती कर्मअनुसार नै यस जीवलाई त्यस्तै योनि प्राप्त हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने इहलौकिक र पारलौकिक सब प्रकारको वृद्धि क्षतिको मूलमा एकमात्र श्रद्धाकै राज्य छ । भन्नैपर्दछ– वर्तमानमा जुन-जुन जीवलाई जुन-जुन योनि र भोग प्राप्त भइरहेछ, ती त्यसको कुनै-न-कुनै श्रद्धाकै परिणाम हो, अर्थात् श्रद्धारूपी मूलकै ती फल हुन् । अतएव भगवान्ले भन्नुभएको छ–

श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥

– श्रीमद्भगवद्गीता १७।३

सत्त्व, रज र तमको भेदले तीन प्रकारको श्रद्धा निरूपण गरेर भगवान् भन्नुहुन्छ– 'जसको जस्तो श्रद्धा हुन्छ त्यस्तै नै त्यसको स्वरूप हुन्छ, किनभने यो जीव श्रद्धाले बनेको छ ।'–यस तत्त्वको अनुसार श्रद्धाद्वारा दानी पुरुषको श्रवण, कीर्तन र स्मरण गर्नाले कृपण पनि उदार हुन सक्तछ, वीर पुरुषको श्रद्धाद्वारा श्रवण-कीर्तन आदि गर्नाले कातर पनि वीर हुन जान्छ र दयालु पुरुषको श्रद्धाद्वारा श्रवण आदि गर्नाले कठोर पनि दयालु हुन जान्छ । यसको विपरीत कृपणमा श्रद्धा गर्नाले उदार पनि कृपण हुन्छ, कातरमा श्रद्धा गर्नाले वीर पनि कातर हुन्छ र कठोरमा श्रद्धा गर्नाले कोमल पनि कठोर हुन सक्तछ । संसारमा जोसुकै पुरुषलाई सांसारिक विद्या वा व्यवसाय प्राप्त भएको होओस्, त्यो सब त्यसको श्रद्धाकै फल हो । श्रद्धाविना तुच्छ सांसारिक कलाकौशल आदिको प्राप्ति हुनु नै असम्भव छ भने त्यो अगम्य वस्तु- (जो मन-इन्द्रियबाट पर छ)–को प्राप्ति श्रद्धाविना कसरी हुन सक्ला ? अतः भगवान्ले गीतामा ठाउँ-ठाउँमा श्रद्धाको महिमा-वर्णन गर्नुभएको छ–

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः । (४–३९)
अज्ञश्चाऽश्रद्धधानश्च संशयात्मा विनश्यति । (४–४०)
अश्रद्धधानाः पुरुषा धर्मस्याऽस्य परन्तप ।
अप्राप्य मां निर्वतन्ते मृत्युसंसारवर्त्मनि ॥ (९–३)

अर्थात् श्रद्धावान्, तत्पर र जितेन्द्रिय पुरुष नै ज्ञान प्राप्त गर्दछ । श्रद्धा-हीन, अज्ञानी तथा संशयात्मा पुरुष नष्ट हुन्छ । हे परन्तप ! जो यसै धर्ममा पनि श्रद्धाशून्य छन्, ती मलाई नपाएर जन्म मरणरूप संसारमै पुनः फर्कन्छन् ।

उक्त वचनानुसार निष्काम जिज्ञासु जसको अन्तःकरण गुरु र शास्त्रको वचनमा शुद्ध सात्त्विकी श्रद्धाले पूर्ण छ, त्यसले भगवान्को अलौकिक अवतारको अलौ-किक लीलाको श्रवण,कीर्तन आदि नवधा भक्तिद्वारा अन्तिम आत्मनिवेदन- भक्ति प्राप्त गर्न सक्तछ र उपासक- भावले माथि उठेर उपास्यरूप भएर नै उपास्य देवको उपा-सना गर्न सक्तछ र अनि साधकबाट सिद्ध बन्दछ । **देवो भूत्वा देवमर्चयेत्** –यही वास्तवमा निर्गुण उपासना हो र यो सगुण उपासनाद्वारा नै प्राप्त गर्न सकिन्छ । यसबाट देह-इन्द्रिय आदिदेखि अनायास साधकको अधिकार छुट्तछ र अनि ती वंशीधरले यिनलाई

आफ्नो हातले उठाएर मधुर-मधुर शब्द निकाल्न थाल्दछन् । यसको विपरीत यो सगुण उपासनाको परित्याग गरेर निर्गुण उपानाको झूटो हठ गर्नु त प्रलाप मात्र हो ।

यसप्रकार सगुण उपासनाको आवश्यकता स्पष्ट नै देखिन आएको छ । तर जसको चित्त कृपण छ, त्यो यस उपासनाको अधिकारी हुन सक्तैन । जसले संसारको तुच्छ पदार्थमा आफ्नो अधिकार जमाएको छ– 'यी सब मेरा हुन् यो मेरो हो, कुटुम्ब मेरो हो'– इत्यादि रूपले तुच्छ पदार्थलाई पक्डेर जसको हृदय कठोर छ, त्यसको यस मार्गमा के काम ? किनभने नियम यो छ– जति-जति पदार्थमा आसक्ति हुन्छ, त्यति-त्यति नै हृदय पनि कठोर हुन्छ र कठोरताको भक्तिसित विद्वेष छ । **भक्तिको निमित्त त कोमलता को आवश्यकता छ, हृदय कोमल छ भने त्यसबाट गङ्गाको प्रवाह झं प्रेमको प्रवाह चल्दछ ।** अतः पदार्थको ममत्व त्याग्नाले संसारमा जसको निष्काम भावले प्रवृत्ति छ, उदारता-द्वारा जसको द्वेषदृष्टि नष्ट भएको छ, कोमलताले हृदय पूर्ण छ, खान-पान, पहिरन तथा भाषासम्बन्धी व्यवहारमा सरलताको भाव जसभित्र प्रवेश गरेको छ, र आफ्नो वर्णा-श्रम-धर्ममा जसको श्रद्धा छ, त्यही उपासनाको अधिकारी हुन सक्तछ । सर्वप्रथम माता-पिता र आचार्यमा देवबुद्धिले श्रद्धा गरेर नै यस उपासनाको श्रीगणेश हुन्छ । यसै अभिप्रायले शास्त्रले आज्ञा दिएको छ–

मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव ।

अर्थात् माता, पिता तथा आचार्यलाई देवरूपले ग्रहण गर । यसप्रकार जब यी शरीरमा भक्तिभाव उत्पन्न भई आफूभन्दा वयोवृद्ध, वर्णवृद्ध, आश्रमवृद्ध, विद्यावृद्ध तथा ज्ञानवृद्ध शरीरमा प्रणाम, वन्दना र उत्थान आदिद्वारा श्रद्धाभाव प्रकट हुन्छ, तब मात्र यो अधिकारी ईश्वरभक्तिको पात्र हुन सक्तछ । चित्तको कोमलताद्वारा सोपान-क्रमले अहम्भावलाई गलाई सर्वत्र ईश्वर-दर्शन गर्नु नै उपासनाको मुख्य उद्देश्य हो । किन्तु उपर्युक्त ती जीवित शरीरमा चित्त नझुकेर तीप्रति स्तब्धता नै रहिरह्यो भने प्रतिभामा एकाएक ईश्वरबुद्धि कसरी उत्पन्न हुन सक्तछ ? अतः पहिले उपर्युक्त शरीरमा श्रद्धा-भक्तिभाव उत्पन्न हुनु परम आवश्यक छ र यही नै उपासनाको पहिलो खुड्किलो पनि हो–

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि सम्प्रवर्द्धन्ते आयुर्विद्या यशोबलम् ॥

अर्थात् अभिवादन (प्रणाम-वन्दना) गर्ने स्वभाव भएको र सधैं वृद्धको सेवा गर्ने पुरुषलाई चार कुराको वृद्धि हुन्छ । ती हुन्– आयु, विद्या, यश र बल अर्थात् मनोबल नियम के भने– वृद्धको सेवा आदिद्वारा हृदय कोमल भएर सत्त्वगुणको वृद्धि हुन्छ र सत्त्वगुणको वृद्धि हुनाले आयुर्वृद्धि, विद्यावृद्धि, यशोवृद्धि हुन्छ र सत्त्वगुण-द्वारा नै मनोबलको वृद्धि हुन्छ । रजोगुणी अभिमानरूप घमन्ड अथवा शारीरिक पुष्टि-रूप बल बल नै होइन, यो त बहुधा अनिष्टकारक नै हुन्छ । सत्यता, आस्तिकता, दृढ निश्चय र सत्यप्रतिज्ञतारूप बुद्धिबल नै वास्तविक बल हो र उपर्युक्त बलवृद्धि नै उपासनाको सहायक छ । यही बल र बुद्धिले युक्त भएर सर्वप्रथम हामीले श्रद्धाको बीउ रोप्नुपर्दछ ।

यदि हामीले एउटा अन्नको बीउ भुइँमा रोप्यौं भने त्यो एउटै बीउबाट बोट उम्रेर समयमा त्यसमा अन्नका धेरै दाना लाग्दछन् । यसप्रकार हाम्रो अलिकति पनि शुभ वा अशुभ क्रिया, शुभ वा अशुभ संस्कारले हाम्रो शुभ वा अशुभको बीज तयार गर्दछ । यसको साथै यदि हामीले त्यस अन्नको एउटा बीउलाई पनि काममा नलिएर त्यसलाई पानीको संयोग हुनबाट बचाएर त्यसै राखिराख्यौं भने बिस्तार-बिस्तार त्यसमा टुसो पलाउने शक्ति नष्ट भएर जान्छ, त्यसै गरी हाम्रो शुभ वा अशुभ संस्कार-लाई पनि यदि हामीले क्रियात्मक बनाएनौं भने त्यो पनि बिस्तार-बिस्तार क्षीण–क्षीण-तर हुँदै गएर आखिरमा विनष्ट नै हुन्छ । यस नियमलाई ध्यानमा राखेर नै हामीले आफ्नो दिनचर्या बनाई जीवनको गतिविधिको निर्णय गर्नुपर्दछ ।

हामी चाहन्छौं के ! आफ्नो लागि सधैं शुभ चाहन्छौं । कुनै पनि मानिस आफ्नो अलिकति पनि अशुभ चाहँदैन । यस परिस्थितिमा हामीले के गर्नुपर्दछ भने हामी सधैं शुभको नै बीज रोपौं । हाम्रो मनमा, क्रियामा सधैं शुभ नै भरिइरहोस्, बिर्सेर पनि कुनै अशुभ भावना वा क्रियालाई हाम्रो जीवनमा स्थान नदिइयोस् । साथै हाम्रो प्रयत्न पनि के होओस् भने हाम्रा जति शुभ संस्कार छन्, ती यथासम्भव अधिकाधिक क्रियामा परिणत भइरहन् र यसको विपरीत कुनै पनि अशुभ संस्कारलाई कहिल्यै व्यक्त हुने अवसरमा नदिइयोस् । तब हाम्रो जीवन सफल हुनेछ ।

आज हामीलाई सबभन्दा ठूलो आवश्यकता कुन कुराको छ भने हामी आस्तिक बनौं, प्रभुको सत्तामा हाम्रो विश्वास होओस् र यो विश्वास निरन्तर बढि नै रहोस्; किनभने यसै विश्वासको गारोमा नै समस्त शुभको अटाली खडा भई उठ्तछ ।

मान्न त हामीमध्ये धेरैजसो आफूलाई आस्तिक मान्दछौं ,तर यो आस्तिकता आफैलाई धोका दिने कुरो हो । जबसम्म हाम्रो मनमा अत्यन्त मलिन वासनाको भरमार रहन्छ, मन नाना थरीका कामनाले व्याकुल रहन्छ, सानातिना कुराले पनि हामीलाई रिस उठाउँछ; जति पाए पनि सन्तोष कहिल्यै हुँदैन । अझै पाउने लोभ रहिरहन्छ; बातै-पिच्छे अकडिरहन्छौं, आफ्नो अकडको अगाडि हामीसमानको अर्कोलाई पटक्क गन्दैनौं, ज्ञान, विद्या, बुद्धि, धन, जन, बल, प्रभुत्वको मदमा चूर रहन्छौं; मोहको अन्धकारमा यता र उति भौंतारिन्छौं; के हो के होइन, कुनलाई ग्रहण गर्ने, कुनलाई नगर्ने –यो समझमा पनि चढ्दैन; अर्काको अलिकति पनि उन्नति देख्नु त परै रहोस्, सुन्दा पनि हामीलाई डाह र छटपटी हुन्छ, अर्काको उन्नति भएको हामी अलिकति पनि सहन सक्तैनौं, अर्को जतिसुकै असल किन नहोओस्, त्यसको आलोचना नगरी बस्न सक्तैनौं, त्यसमा कुनै न कुनै दोष त नदेखिछाड्दैनौं । जबसम्म हाम्रो यो स्थिति रहन्छ, तबसम्म हामी केवल कुरा गर्नमा आस्तिक छौं। यस्तो आस्तिकताले हामीतिर आइरहेको अशुभको प्रवाह-लाई कदापि रोक्न सक्तैन । हामीलाई त सच्चा आस्तिक बन्नु छ, सच्चा आस्तिकताको बीउ रोप्नु छ । यो बीज नै फुल्ने–फल्नेछ, फुलेर फलेर यसले हाम्रो लागि सर्वत्र शुभको रास एकत्र गरिदिनेछ । अनि मात्र हामी अशुभबाट सदाको निमित्त त्राण पाउनेछौं ।

आस्तिकताको बीउ रोप्नुको अर्थ के भने हामीमा भगवान्प्रति जुन असली नक्कली, धेर-थोर विश्वास छ त्यसलाई हामी क्रियात्मक रूपमा प्रयोग गरौं । यदि हामी कुनै पनि अंशमा आस्तिक छौं भने कम-से कम चार कुरामा त हामीमा केही न न केही सैद्धान्तिक विश्वास हुनैपर्दछ ।

(१)भगवान् सर्वत्र हुनुहुन्छ । उहाँ नभएको यस्तो कुनै ठाउँ छैन । महान्भन्दा महान् र क्षुद्रभन्दा क्षुद्रमा उहाँ नित्य स्थित हुनुहुन्छ । आकाशमा, वायुमा, जलमा, पृथ्वी-मा, पृथ्वीबाट बनेको पहाड, पत्थर र इँटमा, वृक्ष-लता, वनस्पतिमा 'मनुष्य, पशु-पक्षी, कीट- पतङ्ग-भृङ्गमा, जडजस्तो देखिने कुर्सीमा, टेबुलमा, झ्याल-ढोकामा, कल-पुर्जामा, धौती-कमीज-कोट,पतलून-कलरमा, घडी-कलम-मसीदानीमा, कागजमा, यी समस्त भौतिक विकारमा, हाम्रो सम्पर्कमा आउने यी समस्त वस्तुमा, अणु-अणुमा उहाँ पूर्ण भएर रहनुभएको छ । सूक्ष्म भूतमा उहाँ समाविष्ट हुनुहुन्छ, महत्तत्त्व, सत्त्व-रज-तम यी तीन गुणमा र गुणको साम्यावस्था प्रकृतिमा उहाँ परिपूर्ण हुनुहुन्छ–

परावरेषु भूतेषु ब्रह्मान्तस्थावरादिषु ।
भौतिकेषु विकारेषु भूतेष्वथ महत्सु च ॥
गुणेषु गुणसाम्ये च गुणव्यतिकरे तथा ।
एक एव परो ह्यात्मा भगवानीश्वरोऽव्ययः ॥

– श्रीमद्भागवत् ७।३।२०–२१

जे-जति जगत् छ, त्यसको अणु-अणुमा उहाँ व्याप्त हुनुहुन्छ–

ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।

– ईशोपनिषत्

परको कुरा छाडौं, विशाल जगत् र यसका तत्त्वलाई पनि जान देऔं, हामी जोसित सधैं मिलेर रहेका छौं, क्षणभर पनि जसलाई हामी बिर्सन चाहँदैनौं, जो हाम्रो लागि अतिशय प्रेमको वस्तु भएको छ, हाम्रो त्यस शरीरमा पनि **एष इह प्रविष्टः आनखाग्रेभ्यः । (बृहदारण्यकोपनिषत् १–४–७)** उहाँ नखदेखि शिखासम्म पूर्ण भई रहनुभएको छ ।

(२) उहाँ सर्व-शक्तिमान् हुनुहुन्छ । संसारमा जुन कुरो सर्वथा सबको लागि असम्भव मानिन्छ, त्यो कुरो उहाँ एक क्षणको लाखौं-करोडौं अंशमा सम्पन्न गर्न सक्नुहुन्छ । उहाँको शक्तिको कुनै सीमा छैन । **नात्यति कश्चन (कठोपनिषत् २।१। ९)** –उहाँको शासनलाई कोही पनि उल्लङ्घन गर्न सक्तैन ।

तमीश्वराणां परमं महेश्वरं तं देवतानां परमं च दैवतम् ।

–श्वेताश्वतरोपनिषत् ६ । ७ ।

उहाँ ईश्वरका पनि परम महान् ईश्वर हुनुहुन्छ, स्थूल एवं सूक्ष्म जगत्का जति पनि शासक छन् ती सबका शासक उहाँ नै हुनुहुन्छ । उसको शक्ति र सामर्थ्य विचित्र छ। सर्वथा विरोधी गुण उहाँमा एकसाथ एकै समय विद्यमान छ । **तदेजति तन्नैजति तद् दूरेतद्वन्तिके (ईशोपनिषत्५)** –एकसाथ एकै समयमा उहाँ हिंड्नुहुन्छ र हिंड्नुहुन्न पनि । उहाँ दूर हुनुहुन्छ र समीप पनि हुनुहुन्छ । **आसीनो दूरं व्रजति शयानो याति सर्वतः (कठोपनिषत् १।२।२१)** । उहाँ बस्नुभएको छ तापनि दूर जानुहुन्छ, सुत्नुभएको छ तापनि सर्वत्र पुग्नुहुन्छ । **अनेजदेकं मनसो जवीयः (ईशोपनिषत् ४)** । उहाँ गतिहीन हुनुहुन्छ, तर मनभन्दा अधिक वेगशाली हुनुहुन्छ । **तद्धावतोऽन्यानत्यति तिष्ठत (ईशोपनिषत् ४)** । उहाँ बसी-बसीकनै दौडनेहरूभन्दा अगाडि पुग्नुहुन्छ । यसप्रकार उहाँ असङ्ख्य विचित्र शक्तिले सम्पन्न हुनुहुन्छ ।

३. उहाँ सर्वज्ञ हुनुहुन्छ। **यः सर्वज्ञः सर्ववित्** (**मुडण्कोपनिषत् १।१।९**) विश्वको गुप्तभन्दा गुप्त, सूक्ष्मभन्दा सूक्ष्म कुनासम्म अनादि कालदेखि अहिलेसम्म के-के भइसकेको छ, अब के भइरहेछ, र अनन्त कालसम्म के हुनेछ यो सब उहाँ निरन्तर थाहा पाइरहनुहुन्छ। **अयमात्मा ब्रह्म सर्वानुभूः** (**बृहदारण्यकोपनिषत् २।५।१९**) ऊ सबको अनुभव गर्ने गर्दछ।

४. यस्तो महामहिम भईकन पनि उहाँ हाम्रा सुहृत् हुनुहुन्छ। हाम्रा मात्र होइन, **सुहृदं सर्वभूतानाम्**–समस्त भूतप्राणीका सुहृत् हुनुहुन्छ।

उपर्युक्त चार कुरामा हाम्रो जे-जस्तो विश्वास छ, त्यसलाई हामी आफ्नो जीवनको दैनिक कर्ममा समावेश गर्न प्रारम्भ गरौं। प्रभुको सर्वव्यापकता, सर्वज्ञता, सर्वशक्तिमत्ता र सौहार्दमा हाम्रो विश्वास टुटे-फुटेको नै भए पनि त्यसलाई हामी आफ्नो कर्मको साथ यस रूपमा जोड्ने काममा लागौं–

यो नियम बनाऔं– चौबीस घण्टामा दश-बीस-पचास-सयचोटि जतिचोटि जति बेरसम्म बिलकुल सजिलैसँग सम्भव हुन्छ, त्यति नै चोटि, त्यति नै बेरसम्म **प्रभु सर्वत्र हुनुहुन्छ** भन्ने भावना गरौं, र यस भावनानुसार हामी जोसुकै व्यक्तिसँग पनि यथायोग्य व्यवहार गरौं, यसमा ठीक त्यति नै सम्मान प्रेम, आत्मीयता, त्याग आदिको सच्चा भाव भरिएको होस्, जति प्रभुको सम्मुख हुँदा हुन्छ। यस भावनानुसार हामी जुन-सुकै वस्तुलाई देखौं, सुनौं, चाखौं, स्पर्श गरौं, त्यसको गन्ध लेऔं, त्यहाँ त्यस वस्तुमा प्रभुको सत्ताको यति जीवन्त धारणा होओस् कि त्यस वस्तुको यथायोग्य उपयोग गर्दाखेरि हामीमा त्यति नै आनन्दको अनुभूति होओस्, जति साक्षात् प्रभुको सम्पर्कमा आउँदा हुनु सम्भव हुन्छ। एक उदाहरणद्वारा यो यसप्रकार बुझौं। मानौं, हरेक दिन कम-से-कम बीसपल्ट तीस-तीस सेकेन्डसम्म प्रभु सर्वत्र हुनुहुन्छ भन्ने भावनामा रहने नियम लिएका छौं। यो भावना गरिरहँदा हाम्रो एक शिष्य, नोकर वा अफिसको चपरासी गिलासमा पानी लिएर हामीलाई दिन आयो। अब त्यति वेला हामीले प्रभु जब सर्वत्र हुनुहुन्छ त यो नोकरमा पनि अवश्य नै उहाँ नै हुनुहुन्छ भन्ने अनुभव गर्ने प्रयास गर्नुपर्छ। यसप्रकार नोकर वा चपरासीको वेशमा उहाँ नै आउनुभएको हो। उसप्रति हाम्रो मनमा प्रभुलाई देखेर भएजस्तै मानसिक प्रेम, सम्मान, आत्मीयता आदि जागोस्। प्रभु नै हाम्रो भन्दा केही सानो पदको स्वाङ गरेर वा रूप लिएर आउनुभएको हो, यसकारण उसलाई देखेर हामी आफ्नो आसनबाट नउठौं तापनि हाम्रो अन्तस्तल त प्रभुको चरणमा झुकेको हुनै-

पर्दछ । हातमा गिलास लिएको वेला हाम्रो रौं-रौं आनन्दले ठाडा-ठाडा भएको हुनु-पर्दछ । यति मात्र होइन, त्यस गिलासको अणु-अणुमा पनि हामीलाई प्रभुको सत्ता व्यक्त देखियोस् र यस दर्शनले हाम्रा रौं-रौं आनन्दित होऊन् । यदि यस्तो जीवन्त धारणा दिन-रातमा एकपल्ट तीस सेकेन्डसम्म मात्र लियौं भने पनि श्रद्धाको एउटा बीउ त रोप्यौं भन्ने सम्झनुपर्दछ । यो एउटा बीउमा नै, थोरै समयको लागि गरेको श्रद्धाको यस भावना-भित्र जति जीवनी-शक्ति छ, जति प्रगाढता छ, त्यसैको अनुपातमा त्यो हाम्रो लागि कैयौं बीउ प्रस्तुत गरेर अन्यत्र पनि यस्तो श्रद्धा उत्पन्न गर्नमा कारण बन्नेछ, यस्तो श्रद्धा, यस्तो भावना उत्पन्न गर्नेछ । जतिपटक हामी यो बीउ रोप्तै जान्छौं, त्यति नै पटक त्यसभन्दा कैयौं गुना अधिक बीउ हामीलाई प्राप्त हुँदै जानेछ र हाम्रो श्रद्धा यसै गरी उत्तरोत्तर बढ्दै जानेछ ।

यसप्रकार प्रभुको सर्वत्र सर्वसमर्थतासम्बन्धी विश्वासलाई पनि हामी कार्य-रूपमा परिणत गरौं– क्षणभरको लागि किन नहोओस् । प्रभुसँग प्रार्थना गरौं, प्रभुसँग शक्तिको याचना गरौं । शक्तिको केन्द्रबिन्दु प्रभु नै हुनुहुन्छ –यो ध्रुव सत्य हो । आज हामीबाट जुन काम भइरहेछ, त्यो प्रभुको सामर्थ्यबाट नै भइरहेछ । तर हाम्रो अभिमानले गर्दा यो सत्य हाम्रो सामु व्यक्त हुन पाउँदैन, साथै अभिभानले गर्दा नै प्रभुको शक्तिलाई पूर्ण रूपले सञ्चारित हुने मार्ग पनि प्राप्त हुँदैन । अतः हामीले कामको आरम्भमा भगवान्-को प्रार्थना गरी उनको शक्ति-सामर्थ्यको आवाहन गऱ्यौं भने वर्षौंको अथक परिश्रमले पनि पूरा नभएको काम हेर्दा-हेर्दै पूरा हुन जान्छ । अभ्यास गऱ्यौं भने पाइला-पाइलामा भगवान्को सर्वसमर्थताको परिचय हामी पाउनेछौं । यो नितान्त सत्य हो– कसैले कुनै काम गर्दा त्यो, अवश्य नै शुभमूलक होओस् र जगत्मा कुनै पनि प्राणीको अहित गर्ने भावनाले प्रेरित नहोओस्' भन्दै भगवान्को प्रार्थना गरिन्छ भने त्यसमा उसको आश्चर्य-जनक प्रगति हुनेछ । यसनिमित्त हामी पनि यो पद्धति स्वीकार गरौं । जतिचोटि प्रार्थना गर्दछौं, त्यति नै चोटि भगवान्को अमित शक्तिको केही-न-केही परिचय हामीलाई हुने नै छ, हाम्रो श्रद्धा पुष्ट हुने नै छ, यसको बीज पनि बढ्ने नै छ । हो, यस सम्बन्धमा यति कुरामा भने अवश्य पनि ध्यान दिनु आवश्यक छ– जहाँ अश्रद्धाका ठूलठूला सप्रेका रूख लगाइएका हुन्छन् त्यहाँ क्षणभरको प्रार्थनाबाट उत्पन्न भएको श्रद्धाको लहरा, त्यसको फल र फलमा लागेको श्रद्धाका अनेकौं बीज एकचोटि सरसरती हेर्दैमा कहिलेकाहीं देखिंदैन पनि । अतः धैर्य गरेर ती बीजलाई खोज्नुपर्दछ । खोजी गरेमा ती अवश्य पाइने-

छन्; किनभने प्रत्येक प्रार्थनारूप जलले सिञ्चित भएर ती निश्चित रूपले बढ्छन्, फुल्छन् र फल्छन् । यी बीज प्रचुर मात्रामा एकत्रित भए भने जुनसुकै कामको लागि भगवान्को शक्ति-सामर्थ्यमा निर्भर रहनु र उनको शक्तिले शक्तिवान् भएर मात्र काममा प्रवृत्त हुनु हाम्रो जीवनको बानी नै हुनेछ, यो काम हामीबाट हुन सक्तैन, हाम्रो यो काम कसरी होला भन्ने खालको वृत्ति फेरि कहिल्यै उठ्नेछैन । अपितु प्रभुको बलमा के हुन सक्तैन, असम्भव पनि सम्भव हुन सक्तछ भन्ने श्रद्धा निरन्तर जागरूक हुन थाल्नेछ ।

भगवान्को सर्वज्ञताको विश्वासलाई क्रियात्मक रूप दिने आवश्यकता विशेष गरी जुन ठाउँमा हामी अशुभ प्रवृत्तिद्वारा परिचालित हुन्छौं त्यस ठाउँमा छ । हाम्रो अनुभव के छ भने अत्यधिक अशुभ आचरणको फलस्वरूप जब हाम्रो मनमा अत्यधिक मल एकत्रित हुन जान्छ, तब हामी निर्लज्ज हुन्छौं र खुल्लमखुल्ला पाप कर्म गर्नमा पनि लाज मान्दैनौं । तर यसभन्दा पहिले जबसम्म अन्तरात्मातर्फको एउटा नै भए पनि छिद्र खुला भइरहन्छ, भगवान्को प्रेमले भरिएको वाणी सुनिरहिन्छ, अशुभमा अशुभ वुद्धि बनिरहन्छ, तबसम्म अशुभ आचरण गर्नमा लाज लाग्दछ र हामी यथासम्भव लुकेर नै अरूले नदेख्ने गरेर पापकर्म गर्नमा प्रवृत्त हुन्छौं । 'कसैले देखिरहेछ वा थाहा पायो' भन्ने बुझेपछि कतिचोटि त बचिन्छ पनि । अतः भगवान्को सर्वज्ञतामा श्रद्धा गरी यो बीज रोप्न शुरू गरेर अशुभ प्रवृत्तिदेखि बिस्तार-बिस्तार सङ्कोच मान्दै गयौं भने यसबाट दुई कुराको लाभ हुन्छ– एक श्रद्धा बढ्न थाल्दछ र अर्को अशुभबाट पनि हामीलाई क्रमशः छुटकारा मिल्दछ । यस श्रद्धालाई क्रियात्मक रूप दिने तरीका के भने हामी आफ्ना अशुभ प्रवृत्तिहरूको मनैमन एक सूची तयार पारौं । तिनमा जुन-प्रति ज्यादै कम आकर्षण छ तीमध्ये केहीलाई छानौं तथा जुन-जुन वेला ती उठ्नेछन्, त्यसै समय दृढतासाथ स्मरण गरौं– प्रभु यो थाहा पाइरहनुभएको छ, उहाँले देखिरहनु-भएको छ, संसारका अरू कसैले नजानून्, नदेखून्; अनि सबैको दृष्टिमा हामी भलै सत्पुरुष-सज्जन बनिरहौं, किन्तु प्रभुबाट हाम्रो रूप लुकेको छैन । हाम्रो पापकर्म अरू कसैले देख्ता हामीलाई जत्ति लाज लाग्दछ त्यति नै लाज यसको सम्झना हुनेबित्तिकै हामीलाई लागेको हुनुपर्दछ । साथै हठपूर्वक नै सही, एक-दुई-चार-दश बीसचोटि नै यी अशुभ प्रवृत्तिलाई मूर्त रूप लिन नदिएर मनैमा सीमित राख्ने प्रयास गर्नुपर्दछ । यत्तिकैमा यो श्रद्धाको लहरा लहलहाइहाल्छ । अनि त यसको बढेको बीउले सबभन्दा ठूलो

पापकर्म गर्दाखेरि पनि अहो ! भगवान् देखिरहनुभएको छ, जानिरहनुभएको छ भन्ने स्मृति हामीमा जाग्रत् गराउँछ; यसप्रकार एक-दुईचोटि नै भए पनि जहाँ ठूलठूला पापकर्म हुनुबाट रोकियो, यो श्रद्धा बद्धमूल भइहाल्दछ र क्रमशः त्यसबाट शाखा-प्रशाखा निस्केर मनरूपी खेतलाई ढाक्नेछ ।

अन्तमा भगवान्प्रति सौहार्द–श्रद्धा बढाएर जीवनसँग त्यसको सम्बन्ध जोड्ने कुरो छ । त्यसैले हामी के गरौं भने कुतर्क गर्न छाडेर भगवान्को स्नेहमय दानलाई प्रतिक्षण पाइला-पाइलामा अघिदेखि हाम्रो सुख-सुविधाको लागि उहाँद्वारा गरिएको व्यवस्थाको महत्त्व गन्न थालौं । 'अरे ! यो सब संयोगद्वारा त्यसै पनि हुन्छन्, हुँदै गर्छ पनि, ईश्वर त भ्रम हो'– यो विषको विस्फोटबाट यदि हाम्रो भित्री आँखा फुटेर देख्ने शक्ति नै हराएको छैन भने हामी प्रत्यक्ष नै देख्नेछौं– 'अहो ! भगवान्को अनन्त असीम उपकारको गणना हुनै सक्तैन । यस्ता अहैतुक प्रेमी जगत्मा अर्को कोही छँदैछैन ।' अनि त हाम्रा आँखा रसाएर आउनेछन् । आफ्नो नीचता र भगवान्को सौहार्दतिर हेर्दै, आँसु झार्दै हामी पनि गोस्वामी तुलसीदासजस्तै पुकारा गर्नेछौं– 'हे नाथ ! म जस्तो नीचलाई नरकको आगोमा धकेलिदिएर भस्म हुन दिनुहोस् । तपाईं जस्तो परम पवित्र, सुहृत् स्वामीबाट विनाकारण हठपूर्वक विमुख हुनेलाई यही गर्नु उचित छ । दश महीनासम्म गर्भमा राखेर पालन-पोषण गर्नुभयो । मेरो लागि तपाईंले कति हित गर्नुभयो । हे स्वामी ! मजस्तो मन्दमतिलाई पनि तपाईंले विवेक गर्ने शक्ति दिनुभयो, दुष्टलाई पनि सुन्दर शील दिएर भूषित गर्नुभयो । अनगिन्ती अपराध नगरे पनि त्यतातिर नहेरेर समाजमा मलाई आदरको पात्र बनाउनुभयो । तैपनि म उल्टो हिंड्दै छु । प्रभु ! मेरो मूर्खता त हेर्नुहोस्– अन्तर्यामीप्रति पनि ममा कपट छ, सर्वव्यापकदेखि पनि पाप लुकाउने मेरो प्रयास छ, धन्य हुनुहुन्छ तपाईं नाथ ! यति हुँदाहुँदै पनि तपाईं मसँग कहिल्यै अप्रसन्न हुनुहुन्न । 'यी ठूला भक्त हुन्'– यस मान्यताको आडमा मानिसहरू मलाई मान-प्रतिष्ठा दिन्छन्, वास्तवमा तपाईंको स्वभाव छ– आफैंतिर हेर्ने, अर्कोतिर होइन । अनन्त उपकारले हामी सबलाई ढाकिदिए तापनि तपाईं दिंदै गर्नुहुन्छ, तपाईंको स्नेहमय दानको विराम कहिल्यै हुँदैन ।

यसप्रकार उपर्युक्त चारै विश्वासलाई केवल सैद्धान्तिक रूपमा सीमित नराखेर त्यसलाई क्रियात्मक जीवनको अंश बनाऔं । भगवान्को सर्वव्यापकता, सर्वशक्तिमत्ता, सर्वज्ञता र असीम सौहार्दतिर दृष्टि पर्नासाथै श्रद्धाको खेती बिस्तार-बिस्तार

लहलहाउनेछ । यसमा यति फल लाग्नेछन्, यति असङ्ख्य बीज एकत्रित हुनेछन्, तिमी मुक्तहस्त भई आफ्नो सम्पर्कमा आउने सबैलाई भगवद्विश्वासको बीज दान दिन सक्ने हुनेछौ । तब हामीभित्र कुनै कामना रहनेछैन । भगवान्‌को श्रद्धारूपी खेतबाट हाम्रा सम्पूर्ण कामना सधैंको लागि पूर्ण हुनेछन् र हाम्रो लागि क्रोधको अत्यन्ताभाव हुनेछ; किनभने कामना नै छैन भने क्रोध हुने पनि कसरी ? लोभ पनि निवृत्त हुनेछ । पूर्ण सन्तोष भएपछि लोभले ठाउँ पाउने कहाँ ? फेरि हामीमा मद– मोह हुँदैन, ईर्ष्या हुँदैन, भय हुँदैन, चिन्ता हुँदैन, शोक हुँदैन, जन्म हुँदैन, मृत्यु हुँदैन– कुनै पनि विकार रहँदैन, यी सब विकार त अहङ्कारको आधारमा अडेका छन्–

शोकहर्षभयक्रोधलोभमोहस्पृहादयः ।
अहङ्कारस्य दृश्यन्ते जन्म मृत्युश्च नाऽऽत्मनः ।।

– श्रीमद्‌भागवत ११।२८।१५

–श्रद्धाको खेती लहलहाएपछि खेतीका स्वामी भगवान् पनि त्यस शोभाको आनन्द लिनको लागि त्यसै खेतमा आएर विराजमान हुनुहुन्छ। उहाँ आउनुभएपछि अहङ्कार रहँदैन । अहङ्कार गयो कि विकारजति सब विलीन हुन्छन् । अशुभजति सब प्रशान्त हुन्छन् । अवशिष्ट रहन्छन्– एकमात्र भगवान् । न हामी रहन्छौं, न हाम्रो जगत् रहन्छ । यसपछि संसारको दृष्टिमा हाम्रो मन, बुद्धि र शरीरको अस्तित्व केही समयसम्म रहन सक्तछ । तर त्यसबाट पनि त्यो जति समयसम्म रहन्छ भगवद्‌भावको विस्तार निरन्तर भइ नै रहनेछ । परम शुभको, प्रभुमा श्रद्धा गर्नुको र भगवत्सम्बन्धी श्रद्धाको बीज रोपिरहनुको यही परिणाम हुन्छ । यसकारण हामीले श्रद्धाको बीज रोप्नुपर्दछ, थोरै मात्र श्रद्धालाई पनि क्रियामा उतारेर त्यसलाई सधैं बढाउँदै लैजानुपर्दछ ।

सारांशमा भन्ने हो भने प्रेम र श्रद्धाविना भक्तिमार्गमा सफलता प्राप्त गर्नु असम्भव छ । अब भक्तिको विषयमा स्वामी विवेकानन्दको विचार उहाँकै भाषामा दिइन्छ । उहाँ भन्नुहुन्छ –

हाम्रो देशका साधु, महापुरुष एवं शास्त्रहरूमा भक्तिको चर्चा निरन्तर हुँदै आइरहेछ । भक्तिको विशेष रूपले व्याख्या गर्ने शाण्डिल्य र नारदजस्ता महापुरुष-हरूलाई छाडिदिए तापनि स्पष्टतः ज्ञानमार्गको समर्थन गर्ने **व्याससूत्र**का महान् भाष्यकारहरूले पनि हामीलाई भक्तिको सम्बन्धमा धेरै कुरा दर्शाएका छन् । यदि निरपेक्ष भावले विचार गर्ने हो भने स्पष्टतया के थाहा हुन्छ भने ज्ञान र भक्तिबीच

मानिसहरूले अनुमान गरेजति ठूलो अन्तर छैन, किन्तु यी दुवै हामीलाई एउटै लक्ष्यमा पुऱ्याउने मार्ग हुन् । यही हाल राजयोगको पनि छ । त्यसको अनुष्ठान पनि मुक्त हुनाको लागि नै गरिएमा (सिद्धिप्राप्त गर्ने उद्देश्यले होइन) त्यसबाट पनि हामी त्यसै लक्ष्यमा पुग्दछौं ।

भक्तियोगको एक ठूलो लाभ के छ भने त्यो हाम्रो चरम लक्ष्य-(ईश्वर)-मा पुग्ने सबभन्दा सरल र स्वाभाविक मार्ग हो । तर साथै यसबाट एक विशेष भयको आशङ्का के छ भने त्यसले आफ्नो निम्न वा गौण अवस्थामा मनुष्यलाई बहुधा भयानक मतान्ध र कट्टर बनाउँदछ । हिन्दू, मुस्लिम वा इसाई धर्ममा जहाँ-जहाँ यस प्रकारका धर्मान्ध व्यक्तिहरूको दल छ, त्यो सदैव यस्तै निम्न श्रेणीका भक्तहरूद्वारा बनेको छ । त्यो इष्टनिष्ठा, जसको अभावमा यथार्थ प्रेमको विकास हुनु सम्भव हुँदैन, प्रायः अरू सब धर्मको निन्दाकै कारण बन्दछ । प्रत्येक धर्म र देशमा जति पनि दुर्बल र अविकसित बुद्धि भएका मानिस छन् , तिनीहरू आफ्नो आदर्शलाई प्रेम गर्ने एउटै उपाय जान्दछन्, त्यो हो– अरू आदर्श र धर्मलाई घृणाको दृष्टिले हेर्नु । यहीं यस कुराको उत्तर पनि छ– त्यही मानिस जो धर्म र ईश्वरसम्बन्धी आफ्नो आदर्शमा यति अनुरक्त छ, अर्को कुनै आदर्श वा धर्मलाई देख्तैमा वा त्यसको विषयमा कुनै कुरा सुन्दैमा यति हिंस्रक किन हुन्छ ! यस प्रकारको प्रेम त अर्कोको हातबाट आफ्नो मालिकको सम्पत्तिको रक्षा गर्ने कुकुरको सहज प्रवृत्तिसित केही मिल्छ । तर, जे होस्, कुकुरको सहज प्रेरणा मानिसको युक्ति-भन्दा ज्यादै उत्तम छ, किनभने कुकुर कम-से-कम आफ्ना मालिकलाई चाहे त्यो जुनसुकै वेशमा त्यसको सामु आएको किन नहोओस्, शत्रु सम्झेर कहिल्यै भ्रममा परेको हुँदैन । अर्को कुरो, मतान्ध व्यक्तिले आफ्नो भएजति विवेकशक्ति सब गुमाएको हुन्छ व्यक्ति-गत विषयमा उसको यति बढी दृष्टि रहन्छ, 'को के भन्दछ, सही भन्दछ, वा गलत' यो जान्न ऊ पटक्कै चाहँदैन; उसको एकमात्र ध्यान त यो भन्ने मानिस को हो भन्नेमा रहेको हुन्छ । तिमी देख्नेछौ, जो व्यक्ति आफ्नो सम्प्रदाय, आफ्नो मत लिएका मानिसप्रति दयालु छ, सच्चा छ, सहानुभूतिसम्पन्न छ, त्यही व्यक्ति आफ्नो सम्प्रदाय-देखि बाहिरका मानिसप्रति जुनसुकै खराब काम पनि गर्न चुक्तैन । तर यो आशङ्का भक्तिको निम्नस्तरीय अवस्थामा मात्र रहन्छ । यस अवस्थालाई **गौणी** भन्दछन् । परन्तु जब भक्ति परिपक्व भएर त्यस अवस्था –(जसलाई हामी **परा** भन्दछौ)– मा पुग्दछ, तब यस प्रकारको भयानक मतान्धता र कट्टरताको फेरि आशङ्का नै रहँदैन ।

यस **परा भक्ति**बाट अभिभूत व्यक्ति प्रेमस्वरूप भगवान्‌को यति निकट पुग्दछ कि त्यो फेरि अरूप्रति घृणाभाव विस्तार गर्ने यन्त्रस्वरूप हुँदैन ।

यसै जीवनमा हामीमध्ये प्रत्येक व्यक्तिले सामञ्जस्यका साथ आफ्नो चरित्र-गठन गर्नु सम्भव छैन ; तथापि जुन चरित्रमा ज्ञान, भक्ति र योग –यी तीनको राम्रो सम्मिश्रण छ त्यही सर्वोच्च कोटिको हो भन्ने हामो बुझ्छौं । पक्षीलाई उड्न तीन अङ्गको आवश्यकता पर्दछ– दुई पखेटा र पतवारको रूपमा एक पुच्छर । ज्ञान र भक्ति मानौं दुई पखेटा हुन् र योग चाहिं पुच्छर, जो सामञ्जस्य कायम राख्ने काम गर्दछ । जो यी तीन साधन-प्रणालीलाई एकसाथ, सामञ्जस्यसहित अनुष्ठान गर्न नसकेर केवल भक्तिलाई नै आफ्नो मार्गको रूपमा अँगाल्दछ, उसले बिर्सनु हुन्न बाह्य अनुष्ठान र क्रियाकलाप प्रारम्भिक अवस्थामा नितान्त आवश्यक छ तापनि भगवान्‌प्रति प्रगाढ प्रेम उत्पन्न गर्नु बाहेक त्यसको अर्को कुनै उपयोगिता छैन ।

ज्ञान र भक्ति यी दुवै मार्गका आचार्यहरूको भक्तिको प्रभावमाथि विश्वास छ तापनि ती दुवैमा केही मतभेद छ । ज्ञानीको दृष्टिमा भक्ति मुक्तिको एक साधन मात्र हो, तर भक्तको निमित्त त्यो साधन पनि हो र साध्य पनि हो । तर यो मतभेद वास्तवमा नाममात्रको छ । किनभने भक्तिलाई एक साधनको रूपमा लिएपछि त्यसको अर्थ केवल निम्न स्तरको उपासना हुन्छ र यो निम्नस्तरको उपासना नै अगाडि बढेपछि परा भक्तिमा परिणत हुन्छ । ज्ञानी र भक्त दुवै आ-आफ्नो साधनप्रणालीमा विशेष जोड दिन्छन् ; तर तिनीहरू बिर्सन्छन्– पूर्ण भक्तिको उदय भएपछि पूर्ण ज्ञान नमागी-कन नै प्राप्त हुन्छ, र त्यस्तै प्रकारले पूर्ण ज्ञानको साथै पूर्ण भक्ति पनि स्वयं आउँछ । यस कुरालाई ध्यानमा राखेर हामी यो कुरा बुझ्ने कोशिश गरौं । यस विषयमा भगवान् शङ्कराचार्यले **आवृत्तिरसकृदुपदेशात्** सूत्रको व्याख्या गर्दै लेख्नुभएको छ– **तथाहि लोके गुरुमुपासते–राजानमुपासते इति च यः तात्पर्येण गुर्वादीननुवर्तते, स एवमुच्यते-** तथा **ध्यायति प्रोषितनाथा पतिमिति वा निरन्तरस्मरणं पतिं प्रति सोत्कण्ठा स एवम-भिधीयते** (ब्रह्मसूत्र ४।१।१)। अर्थात् मानिसहरू भन्दछन्– त्यो गुरुको भक्त हो, त्यो राजाको भक्त हो, र ती यो कुरो त्यस व्यक्तिलाई सम्बोधन गर्दा भन्दछन्, जो गुरु वा राजाको अनुसरण गर्दछ र जसको जीवनको ध्येय नै त्यसप्रकार अनुसरण गर्ने हुन्छ । 'एक पतिव्रता स्त्री विदेश गएका आफ्ना पतिको ध्यान गर्दछिन्' भनेर जब तिनीहरू भन्दछन् भने यहाँ पनि एक प्रकारले उत्कण्ठायुक्त निरन्तर स्मृतितिर नै लक्ष्य गरिएको छ । तिनका मतानुसार यही भक्ति हो ।

पातञ्जलयोगसूत्रको ईश्वरप्रणिधानाद्वाको व्याख्या गर्दै भोज भन्दछन्- 'प्रणिधान त्यो भक्ति हो, जसमा इन्द्रियभोग आदि सम्पूर्ण फलाकांक्षाको त्याग गरी सम्पूर्ण कर्म ती परम गुरु परमात्मामा समर्पित गरिन्छ–

प्रणिधानं तत्र भक्तिविशेषविशिष्टमुपासनम् । सर्वक्रियाणामपि तत्राऽर्पणम् । विषयसुखादिकं फलमनिच्छन् सर्वाः क्रियाः तस्मिन् परमगुरावर्पयति । (पातञ्जलयोगसूत्र १।२३ को भोजवृत्ति) ।

भगवान् व्यासले पनि यसै सूत्रको व्याख्यामा भन्नुभएको छ–

'प्रणिधान त्यो भक्ति हो जसद्वारा त्यस योगीमा परमेश्वरको अनुग्रह भई त्यसको सम्पूर्ण आकांक्षा पूरा हुन्छ **प्रणिधानाद् भक्तिविशेषाद्वा वर्जित ईश्वरस्तमनुगृह्णात्यभिध्यानमात्रेणेत्यादि** (पातञ्जलयोगसूत्र १।२३ को व्यासभाष्य) ।

भक्तराज प्रह्लादले पनि

या प्रीतिरविवेकानां विषयेष्वनपायिनी ।
स्वामनुस्मरतः सा मे हृदयान्माऽपसर्पतु ॥

– विष्णुपुराण१।२०।१९

अर्थात् 'इन्द्रिय-विषयमा अविवेकी पुरुषको जुन प्रकारको तीव्र आसक्ति हुन्छ, (तिमीप्रति) त्यस्तै प्रकारको (तीव्र) आसक्ति तिम्रो स्मरण गर्दाखेरि मेरो हृदयबाट अन्यत्र कहीं नजाओस् ।'

कति सुन्दर परिभाषा छ यो । यस प्रकारको आसक्ति कोप्रति ? उनै परम प्रभु ईश्वरप्रति । **कुनै अर्को व्यक्ति, चाहे त्यो जति नै ठूलो किन नहोओस्, त्यसप्रतिको आसक्ति कहिल्यै भक्ति भनिंदैन ।** अतः हामी स्पष्ट देख्तछौं, आध्यात्मिक अनुभूतिको निमित्त गरिने मानसिक प्रयत्नको परम्पराको क्रम नै भक्ति हो । यसको प्रारम्भ साधारण पूजा-पाठबाट भई यसको अन्त ईश्वरप्रति प्रगाढ एवम् अनन्य प्रेममा हुन्छ ।

अब यस सम्बन्धमा अद्वैतवादको भनाइ के छ, यो बुझ्ने प्रयास गरौं । हामी देख्नेछौं– अद्वैतमतले द्वैतमतको सम्पूर्ण आशा र कामनाको कसरी रक्षा र पूर्ति गर्दछ, र साथै कसरी ब्रह्मभावापन्न मानवजातिको सर्वोच्च गतिसित सामञ्जस्य राखेर आफ्नो सिद्धान्तको पनि प्रतिपादन गर्दछ । जो व्यक्ति मुक्तिलाभपछि पनि आफ्नो व्यक्तित्व बचाउन चाहन्छ, भगवान्बाट स्वतन्त्र रहन चाहन्छ, उसलाई आफ्नो इच्छा चरितार्थ गरी सगुण ब्रह्मको सम्भोग गर्ने यथेष्ट अवसर प्राप्त हुनेछ । यस्ता मानिसरूको लागि **श्रीमद्भागवतमा** भनिएको छ–

हे राजन् ! हरिको गुण नै यस्तो छ कि सम्पूर्ण बन्धनबाट मुक्त, आत्माराम, ऋषि-मुनि पनि भगवान्को अहैतुकी भक्ति गर्दछन्–

आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे ।
कुर्वन्त्यहैतुकीं भक्तिमित्थंभूतगुणो हरिः ॥

– श्रीमद्भागवत १।७।१०

साङ्ख्यशास्त्रमा यिनै मानिसलाई प्रकृतिमा लीन भएका भनिएको छ; सिद्धि प्राप्त भएपछि यिनीहरू अर्को कल्पमा विभिन्न जगत्को शासनकर्ताको रूपमा प्रकट हुन्छन् । किन्तु यिनमा कोही पनि कहिल्यै ईश्वरको दाँजोमा पुग्नै सक्तैनन् । जो यस अवस्थामा पुगेको छ, जहाँ न सृष्टि छ न स्रष्टा, जहाँ न ज्ञाता छ न ज्ञान र ज्ञेय, जहाँ न म छु न तिमी ? न यो न ऊ, जहाँ न प्रमाता छ न प्रमेय र प्रमाण, त्यहाँ कसले कसलाई देख्ने ? त्यो पुरुष सबभन्दा अतीत भएको छ र त्यहाँ पुगेको छ जहाँ न वाणी पुग्न सक्तछ, न मन नै । यसैलाई श्रुति **नेति नेति** भन्दछ । तर जसले यो अवस्था प्राप्त गर्न सकेको छैन, अथवा जो यसको इच्छा नै गर्दैन, उसले त्यो एक अविभक्त ब्रह्मको प्रकृति, आत्मा र यी दुवैमा ओतप्रोत भएर रहेको र यिनका आश्रयस्वरूप ईश्वर-लाई यो त्रिधाविभक्त रूपमा देख्नेछ । प्रह्लादले आफले आफैलाई बिर्सिंदा उनको लागि देख्ने कुरो न त सृष्टि थियो, न त्यसको कारण; त्यतिखेर उनको लागि देख्ने कुरो केवल नामरूपदेखि अविभक्त एक अनन्त तत्त्व थियो । तर उनलाई म प्रह्लाद हुँ भन्ने कुरो के बोध भएको थियो त्यतिखेर उनको सम्मुख जगत् र कल्याणमय अनन्त गुणागार जग-दीश्वर प्रकट भए । यही अवस्था श्रीकृष्णमा लागेका भाग्यशालिनी गोपिनीहरूको पनि भएको थियो । जबसम्म तिनीहरूमा अहंज्ञान शून्य थियो, तबसम्म तिनीहरू मानौं श्रीकृष्ण नै भएका थिए । तर तिनीहरूले कृष्णलाई उपास्यको रूपमा के देखेका थिए, त्यति-खेर तिनीहरू गोपिनीको गोपिनी नै भए, र त्यसपछि तिनीहरूको सम्मुख पीताम्बरधारी वनमालाविभूषित साक्षात् मन्मथको पनि मनलाई मथ्ने मृदुहास्यरञ्जित कमलमुख श्रीकृष्ण प्रकट भए–

तासामाविरभूच्छौरिः स्मयमानमुखाम्बुजः ।
पीताम्बरधरः स्रग्वी साक्षान्मन्मथमन्मथः ॥

– श्रीमद्भागवत १०।३२।२

अब हामी भगवान् शङ्कराचार्यको कुरा लेऔं । उहाँ भन्नुहुन्छ–

लौ, जो सगुण ब्रह्मको उपासनाको बलले परमेश्वरका साथ एक हुन्छ, तर साथै जसको मन आफ्नो पृथक् अस्तित्व कायम राख्तछ, त्यसको ऐश्वर्य ससीम हुन्छ

वा असीम ? यो संशय उठेपछि पूर्वपक्ष के उपस्थित हुन्छ भने उसको ऐश्वर्य असीम हुन्छ, किनभने शास्त्रको भनाइ छ– 'उसलाई स्वराज्य प्राप्त हुनेछ', 'सबै देवता उसको पूजा गर्दछन्', 'सबै लोकमा उसका कामना पूरा हुन्छन् ।' यसको उत्तरमा व्यास भगवान् भन्नुहुन्छ–

हो, जगत्को सृष्टि आदिको शक्तिलाई छाडेर । मुक्तात्मालाई सृष्टि, स्थिति र प्रलयको शक्ति बाहेक अरू सब अणिमादि शक्ति प्राप्त हुन्छ । रह्यो जगत्को नियन्तृत्व, त्यो त केवल नित्यसिद्ध ईश्वरको हुन्छ । कारण– शास्त्रमा जहाँ जहाँ सृष्टि आदिको चर्चा भएको छ ती सबै ठाउँमा ईश्वरको नै कुरा गरिएको छ । त्यहाँ मुक्तात्मा-हरूको कुनै प्रसङ्ग छैन । जगत्को परिचालन गर्ने कुरो केवल उनै परमात्माको हातमा छ । सृष्टि आदिको सम्बन्धमा सारा श्लोक वा मन्त्र उनैको निर्देश गर्दछन् । नित्यसिद्ध भन्ने विशेषण पनि दिइएको छ । शास्त्रमा पनि भनिएको छ, अरू मानिसहरू -- (सिद्ध हरू)-का अणिमादि शक्ति ईश्वरको उपासना र ईश्वरको अन्वेषणबाट नै प्राप्त हुन्छन् । यी शक्ति असीम छैनन् । यसकारण जगत्को नियन्तृत्वमा ती मानिसहरूको कुनै स्थान छैन । फेरि ती आफ्नो मनको पृथक् अस्तित्व कायम राख्छन् । अतः तिनका इच्छा अलग-अलग हुनु सम्भव छ । हुन सक्तछ, एकले सृष्टिको इच्छा गऱ्यो भने अर्कोले विनाशको । यो द्वन्द्व हटाउने एकमात्र उपाय के छ भने ती सब इच्छालाई अर्को कुनै इच्छाको अधीन गर्नुपर्दछ । अतः सिद्धान्त यही निस्कन्छ, मुक्तात्माको इच्छा परमेश्वरको इच्छाको अधीन छ– **ये निरवग्रहमैश्वर्यं भवति, आहोस्वित् सावग्रहमिति संशयः । किं तावत् प्राप्तम् ? निरङ्कुशमेवैषामैश्वर्यं सगुणब्रह्मोपासनात् सहैव मनसेश्वरसायुज्यं व्रजन्ति, किम् तेषां भवितुमर्हति– 'आप्नोति स्वाराज्यम्'– 'सर्वमस्मै बलिमावहन्ति', 'तेषां सर्वेषु लोकेषु कामचारो भवति' इत्यादि श्रुतिभ्य इत्येवं प्राप्ते पठति– 'जगद्व्यापारवर्जम्' इति जगदुत्पत्यादिव्यापारं वर्जयित्वा अन्यदणिमाद्यात्मकमैश्वर्यमुक्तानां भवितुमर्हति । जगद्व्यापारस्तु नित्यसिद्धस्यैवेश्वरस्य । कुतः ? तस्य तत्र प्रकृतत्वादसन्निहितत्वाच्चे-तरेषाम् । पर एव हीश्वरो जगद्व्यापारेऽधिकृतः, तमेव प्रकृत्योत्पत्त्याद्युपदेशान्नि-त्यशुद्धनिबन्धनत्वाच्च । तदन्वेषणविजिज्ञासनपूर्वकमितरेषामादिमदैश्वर्यं श्रूयते । तेनाऽसन्निहितास्ते जगद्व्यापारे । समनष्कत्वादेव चैषामनैकमत्ये कस्यचित् स्थित्यभिप्रायः कस्यचित् संहाराभिप्राय इत्येवं विरोधोऽपि कस्यचित् स्यात् । अथ कस्यचित् सङ्कल्पमन्वन्यस्य सङ्कल्प इत्यविरोधः समर्थेत् । ततः परमेश्वराकूततन्त्रत्वमेवेतरे-षामिति व्यवतिष्ठते** (ब्रह्मसूत्र शाङ्करभाष्य ४।४।१७) ।

यसर्थ भक्ति केवल सगुण ब्रह्मको गर्न सकिन्छ। देहाभिमानीलाई अव्यक्त गति बडो मुश्किलले प्राप्त हुन्छ– **अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते** (श्रीमद्भगवद्गीता १२।५)

हाम्रो स्वभावरूपी स्रोतसित सामञ्जस्य राखेर भक्ति प्रवाहित हुन्छ। सत्य कुरो के भने ब्रह्मको मानवी भावदेखि भिन्न अर्को कुनै भावको धारणा हामी गर्न सक्तैनौं। तर यही कुरो के हामीले जानेका प्रत्येक वस्तुको सम्बन्धमा पनि घट्तैन ? संसारका सर्वश्रेष्ठ मनोवैज्ञानिक भगवान् कपिलले हाम्रो समस्त बाह्य र आन्तरिक विषयको ज्ञान र धारणामा मानवी ज्ञान एक उपादान मात्र हो भन्ने कुरो शताब्दियौं पहिले दर्शाएका थिए। आफ्नो शरीरदेखि लिएर ईश्वरसम्म हामीले विचार गऱ्यौं भने प्रतीत हुनेछ– हाम्रो अनुभवको प्रत्येक कुरा दुई कुराको मिश्रण हो। एक मानवी ज्ञान। अर्को– अन्य वस्तु। त्यो अन्य वस्तु जेसुकै होओस्, यो अवश्यम्भावी मिश्रणलाई नै हामी साधारणतया सत्य हो भन्ने ठान्दछौं। त्यही ईश्वर हो। वास्तवमा **सत्य** शब्दको प्रयोग यहाँ जुन अर्थमा भएको छ **सत्य** शब्दको त्यसभन्दा बढी कुनै अर्को अर्थ छैन। यही हाम्रो ईश्वरसम्बन्धी दार्शनिक धारणा हो। तर भक्तको लागि यी सब शुष्क विषयको ज्ञान हुनु किन आवश्यक छ भने त्यसबाट उसको इच्छाशक्ति दृढ हुन जान्छ, यसभन्दा बढी त्यसको अर्को कुनै उपयोगिता छैन। किनभने त्यो अशान्तिमय राज्यको सीमादेखि बाहिर निकालेर प्रत्यक्ष अनुभूतिको राज्यमा लैजान्छ। ईश्वरको कृपाले ऊ छिटै एक यस्तो अवस्थामा पुग्दछ जहाँ पाण्डित्याभिमानीहरूको प्रिय अक्षम युक्ति धेरै नै पछाडि छुट्तछ। त्यहाँ बुद्धिको सहारा लिएर अँध्यारोमा हामीले यता-उति छाम्नुपर्दैन। त्यहाँ त अनुभवरूपी सूर्यको उज्ज्वल प्रकाशले सब-कासबलाई आलोकित गरेको हुन्छ। अनि त उसले विचार वा विश्वास गर्न छाडेर प्रत्यक्ष नै देख्तछ र उसले युक्ति–तर्क नगरेर प्रत्यक्ष नै अनुभव गर्दछ। अब तिमी नै भन, के यो ईश्वरको साक्षात्कार, यो अनुभव, यो उपभोग, अरू कैयौं विषयभन्दा अधिक श्रेष्ठ छैन ? यति मात्र होइन, त्यसलाई मुक्तिभन्दा पनि श्रेष्ठ छ भन्ने भक्त पनि छन् त फेरि के हाम्रो पनि जीवनको सर्वोच्च प्रयोजन अथवा पुरुषार्थ यही होइन ? जुन वस्तुबाट मानिसलाई पाशविक सुख प्राप्त हुन्छ केवल त्यही मात्र उपयोगी हो र अरू कुनै केही होइन भनी दृढ धारणा लिने मानिसहरू संसारमा धेरै छन्। यहाँसम्म कि धर्म, ईश्वर, आत्मा आदि पनि उनका लागि कामलाग्दा हुँदैनन्, किनभने त्यसबाट धन वा शारीरिक सुख प्राप्त हुँदैन। जुन वस्तुले इन्द्रियलाई चरितार्थ पार्दैन, जुन वस्तुबाट वासनाको तृप्ति हुँदैन,

3372
ज. दिल्ली रमण रेमी
क्याणी रेमी स्मा
पुस्तकालय

त्यस्ता वस्तु तिनका लागि कुनै कामका हुँदैनन् । फेरि मनको प्रत्येक विशिष्ट आकांक्षानुसार उपयोगिताको रूप पनि बदलिंदै गर्छ । जुन व्यक्तिलाई जुन वस्तुको आवश्यकता पर्दछ त्यही वस्तु त्यसको लागि सबभन्दा बढी उपयोगी लाग्छ । अतः जो खानु-पिउनु, सन्तान उत्पन्न गर्नु र मर्नुसिवाय अरू केही जान्दैन, त्यसको लागि इन्द्रियसुख नै एकमात्र प्राप्त गर्न योग्य वस्तु हुन्छ। यस्ता मानिसको हृदयमा उच्चतर विषयको लागि अलिकति पनि इच्छा जाग्न अनेक जन्म लाग्दछ। तर जसको लागि आत्मोन्नतिको साधन ऐहिक जीवनको क्षणिक सुखभोगभन्दा अधिक महत्त्वपूर्ण छ, जसको दृष्टिमा इन्द्रियको पुष्टि केवल एक अबोध बालकको खेलबाडको समान छ, त्यसको लागि भगवान् र भगवत्प्रेम नै मानव-जीवनको सर्वोच्च एवम् एकमात्र प्रयोजन हो । ईश्वरको कृपाले गर्दा आज पनि यो घोर भोग-विलासपूर्ण संसार यस्ता महात्माहरूबाट एकदम नै शून्य छैन ।

भक्ति दुई प्रकारका हुन्छन् **गौणी** र **परा** भनेर पहिले पनि भनियो । **गौणी**को अर्थ हो साधन-भक्ति अर्थात् त्यसमा हामी भक्तिलाई एक साधनको रूपमा लिन्छौं, र **परा** त्यसको परिपक्व अवस्था हो । यी भक्तिमार्गमा अग्रसर हुनाको लागि साधनावस्थामा केही वाह्य सहायताविना काम चल्दैन भन्ने कुरो क्रमशः हामी बुझ्दै जानेछौं; र वास्तवमा सबै धर्मको पौराणिक तथा रूपक भाग स्वयं नै उपस्थित भई उन्नतिकामी आत्माको प्रारम्भिक अवस्थामा उसलाई ईश्वरतिर बढ्नमा मद्दत दिन्छ । एक महत्त्वपूर्ण कुरा के छ भने ठूला-ठूला धर्मात्माहरू ती नै धर्म-सम्प्रदायहरूमा भए, जसमा पौराणिक भावहरू र क्रिया-अनुष्ठानहरूको प्रचुरता छ । जुन कवित्वमय, सुन्दर र महान् छ, जुन भगवत्प्राप्तिको मार्गमा लड्दै-पड्दै अग्रसर हुन खोज्ने सुकुमार मनको लागि अवलम्बनस्वरूप छ, ती सबै नष्ट गर्ने कोशिशमा शुष्कमतान्ध धर्मप्रणालीहरू लागेका छन् । जुन धर्मप्रणालीहरू धर्मप्रासादको आधारस्वरूप स्तम्भलाई नै गिराउने प्रयत्न गर्दछन्, सत्यको सम्बन्धमा अज्ञान र भ्रमपूर्ण धारणा लिएर जे-जति पनि जीवनको लागि सञ्जीवनीस्वरूप छ, जे-जति पनि मानवात्मारूपी क्षेत्रमा लहलहाएको धर्मलताको लागि पालक र पोषक छ, ती सब नष्ट गर्नमा प्रयत्नशील छन् । ती धर्मप्रणालीहरूमा जे जति बाकी रहेको छ, त्यो केवल बाँकी एक खोक्रोपन—अनन्त शब्दराशि र कोरा तर्क-वितर्कको एक स्तूप मात्र रहेको अनुभव हुन्छ, जसमा शायद एक प्रकारको सामाजिक सफाइ वा तथाकथित सुधारको केही गन्ध मात्र रहेको हुन्छ। जसको धर्म यस प्रकारको छ, तिनमा अधिकांश मानिसहरू जानेर हो वा नजानेर जडवादी छन्, तिनको

ऐहिक वा पारलौकिक जीवनको ध्येय केवल भोग हो– यही तिनका दृष्टिमा मानव-जीवन-को सर्वस्व हो, यही इष्टापूर्ति हो। मनुष्यको ऐहिक सुख–स्वच्छन्दताको लागि बाटो साफ गरिदिनु आदि कार्य नै तिनले मानव-जीवनको सर्वस्व हो भन्ने सम्झेका छन्। अज्ञान र मतान्धताको यो विचित्र मिश्रणमा रँगिएका यी मानिस जति चाँडो आफ्नो असली रङ्गमा आएर नास्तिक र जडवादीको दलमा सम्मिलित हुन्छन् (किनभने ती हुन पनि यही हुन योग्य छन्), संसारको त्यति नै मङ्गल छ। धर्मानुष्ठान र आध्यात्मिक अनुभूतिको एक सानो कण पनि धेरै ठूला-ठूला फोस्रा कुरा र अन्ध भावुकताभन्दा अति नै ठूलो हुन्छ। हामीलाई कहीं एउटै मात्र भए पनि यस्तो आध्यात्मिक दिग्गज देखाइदेऊ, जो अज्ञान र मतान्धताको यस ऊसर भूमिमा उब्जेको होओस्। यदि यसो गर्न सक्तैनौ भने लम्बा-चौडा कुरा गर्न छाड र खोल आफ्नो हृदय-कपाट, जसबाट सत्यको शुभ्र उज्ज्वल किरण तिमीभित्र प्रवेश गर्न सकोस्, र जाऊ ती हिन्दूधर्म-गौरव ऋषि-मुनिहरूको शरणमा, जसको प्रत्येक शब्दको पछाडि अनुभूतिको बल छ। हामी सब अबोध शिशु झैं तिनका चरणमा बसौं र सावधान भएर श्रद्धापूर्वक तिनका उपदेश सुनौं।

गुरुको आवश्यकता– प्रत्येक जीवात्माले पूर्णत्व प्राप्त गर्नु अत्यन्त निश्चित छ र अन्तमा सबैले यो पूर्ण अवस्था प्राप्त गर्ने नै छन्। हामी वर्तमान जीवनमा जे छौं, त्यो हाम्रो पूर्व-जीवनको कर्म र विचारको फल हो, र हामी भविष्यमा जे हुन्छौं, त्यो हाम्रो वर्तमान कर्म र विचारको फल हुनेछ। तर हामी स्वयं नै आफ्नो भाग्यनिर्माण गरिरहेछौं; किन्तु यसो भन्नाको अर्थ हामीलाई बाहिरको सहायताको आवश्यकता नै छैन भन्ने सम्झनु हुँदैन, अपितु धेरैजसो ठाउँमा यस प्रकारको सहायता नितान्त आवश्यक पनि हुन्छ। जब यस्तो सहायता प्राप्त हुन्छ, अनि आत्माका उच्चतर शक्तिहरू र आपाततः अव्यक्त प्रतीत हुने भाव विकसित हुन थाल्छन्, आध्यात्मिक जीवन जाग्रत् हुन्छ र त्यसको उन्नति वेगवान् हुँदै गएर अन्तमा साधक पवित्र र सिद्ध हुन्छ।

यो सञ्जीवनी शक्ति पुस्तकबाट प्राप्त हुन सक्दैन– यो राम्ररी बुझ। यस शक्तिको प्राप्ति त एक पवित्र आत्माले अर्को पवित्र आत्माबाट नै गर्न सक्दछ, अरू कसैबाट होइन। हामी जीवनभरि नै पुस्तकको अध्ययन गरेर ठूलो बुद्धिजीवी नै किन नबनौं, तर अन्तमा हामी आफ्नो अलिकति पनि आध्यात्मिक उन्नति नभएको देख्नेछौं। बौद्धिक उन्नतिको साथ-साथै आध्यात्मिक उन्नति पनि हुन्छ भन्ने कुरो सत्य होइन। पुस्तकको अध्ययन गर्दा त्यसबाट हामीलाई आध्यात्मिक मार्गमा

सहायता भइरहेछ भनी कहिले-कहिले भ्रममा पर्दछौं, तर यदि पुस्तकको अध्ययनबाट आफूमा भएको फलको विश्लेषण गरी हेर्यौं भने त्यसबाट अन्तरात्मालाई होइन किन्तु बुद्धिलाई नै बढी-से- बढी फाइदा भइरहेको हामी देख्नेछौं । पुस्तकको अध्ययन हाम्रो आध्यात्मिक विकासको लागि पर्याप्त छैन । यसै कारण हामीमध्ये धेरैजना आध्यात्मिक विषयमा बडो पाण्डित्यपूर्ण कुरा गर्न सके तापनि ती कुरालाई कार्यरूपमा परिणत गर्ने अथवा अध्यात्मजीवन बिताउने कुरो आउँदा आफूलाई अयोग्य नै देख्तछन् । बुद्धिमा जीवात्माको शक्तिलाई जागृत गर्नको लागि कुनै अर्को पवित्र आत्माबाट नै शक्तिको सञ्चार हुनुपर्दछ ।

जुन व्यक्तिको आत्माबाट अर्को आत्माको शक्तिको सञ्चार हुन्छ त्यही गुरु कहलाउँछ ; जसको आत्मामा त्यो शक्ति सञ्चारित हुन्छ त्यही शिष्य कहलाउँछ । कुनै पनि आत्मामा यसरी शक्ति सञ्चार गर्नको लागि पहिले त जुन आत्मामा यो सञ्चार हुन्छ उसमा स्वयं यो सञ्चार गर्ने शक्ति विद्यमान हुनुपर्दछ र अर्को जुन आत्मामा यो शक्ति सञ्चारित गरिन्छ ऊ यसलाई ग्रहण गर्न योग्य हुनुपर्दछ । बीउ पनि बढिया र सजीव हुने हो र जमीन पनि खनजोत गरिएको हुने हो भने यी दुवै कुरा मिलेर त्यहाँ बीउको अपूर्व विकास हुन्छ ।

'यथार्थ धर्मगुरुमा अपूर्व योग्यता हुनुपर्दछ र शिष्य पनि कुशल हुनुपर्दछ– **आश्चर्यो वक्ता, कुशलोऽस्य लब्धा** (कठोपनिषत्) । दुवै अद्भुत र असाधारण हुँदा अद्भुत आध्यात्मिक जागरण हुन्छ, अन्यथा हुन सक्तैन । यस्तै पुरुष वास्तवमा सच्चा गुरु हुन्छ र यस्तै व्यक्तिलाई आदर्श शिष्य वा आदर्श साधक भन्दछन् । यीदेखि भिन्न अरू सब मानिसको लागि त आध्यात्मिकता भनेको बस एक खेलबाड मात्र हो । उसमा अलि-अलि कौतूहल उत्पन्न भएको छ, अलि-अलि बौद्धिक स्पृहा जागेको छ । तर त्यो अझै पनि धर्मक्षितिजको बाहिरी सीमामा नै अडेको छ । यसको पनि महत्त्व छ भन्ने कुरामा कुनै सन्देह छैन, किनभने हुन सक्तछ– केही समयपछि यही भाव सच्चा धर्मपिपासामा परिवर्तित होओस्; र यो पनि प्रकृतिको एक अति अद्भुत नियम हो– जमीन तयार भएअनुसार बीउ पनि त्यति नै आउनुपर्दछ र आउँछ पनि । जति-जति आत्माको धर्मपिपासा प्रबल हुँदै जान्छ, त्यति-त्यति नै धर्मसञ्चार गर्ने पुरुष त्यस आत्मालाई सहायता दिनाको निमित्त आउनैपर्दछ र आउँछ पनि । जीवात्माको आफ्नो अन्तःकरणमा धर्मलाई प्रकाश गर्ने आकर्षण-शक्ति पूर्ण र प्रबल भएपछि त्यति-वेला यस आकर्षणबाट आकृष्ट भएको प्रकाश दिने शक्ति आफै नै आउँछ ।

परन्तु यस मार्गमा केही खतरा पनि छ । उदाहरणार्थ– गृहीत आत्माले क्षणिक भावुकतालाई कहीं वास्तविक धर्मपिपासा नसम्झोस्, डर त यस कुराको छ । हामी आफ्नै जीवनकालमा परीक्षण गर्न सक्तछौं । हाम्रो जीवनकालमा यसरी कैयौं पटक आफ्नो अत्यन्त प्रिय व्यक्तिको मृत्यु हुन्छ र त्यसबाट हामीलाई बडो दुःख लाग्ने हुन्छ । त्यसवेला हामीलाई यस्तो लाग्दछ– हामी जसलाई पक्डन जान्छौं त्यही हाम्रो हातबाट फुत्केर गइरहेको हुन्छ, मानो आफ्नो पाइतलामनिको जमीन भासिएर गइरहेछ; हाम्रो आँखामा अँध्यारो फैलिन्छ, हामीलाई कुनै दृढतर र उच्चतर आश्रयको आवश्यकता अनुभव हुन्छ, र अनि हामी अवश्य पनि धार्मिक हुनुपर्दछ भन्ने विचार गर्दछौं । केही दिनपछि त्यो भावतरङ्ग नष्ट भएर हामी जहाँको तहीं हुन्छौं । हामीमध्ये धेरैजसो मानिसहरू प्रायः त्यस्तो भावतरङ्गलाई नै वास्तविक धर्मपिपासा सम्झन्छन्; जबसम्म हामी त्यस्तो क्षणिक आवेशको धोकामा रहन्छौं, तबसम्म धर्मको लागि सच्चा र स्थायी व्याकुलता आउँदैन र हामी शक्ति सञ्चार गर्न सक्ने यस्तो पुरुष पनि पाउँदैनौं । **कुनै पनि समयमा हामीमा 'अहो ! सत्यको लागि मैले यति प्रयास गरें, तै पनि केही भएन र मेरो सारा प्रयास नै व्यर्थ भयो' भन्ने भावना उठेछ भने यस्तो शिकायत गरिरहनुको सट्टा हामीले पहिले गर्नुपर्ने कुरो के हो भने हामी आफूले आफैलाई सोधौं, आफ्नो हृदयलाई छामेर हेरौं, हाम्रो त्यो स्पृहा सच्चा थियो वा थिएन विचार गरौं । यस्तो गर्ने गरेमा धेरैजसो सत्यलाई ग्रहण गर्न आफू उपयुक्त नभएको र साथै धर्मको लागि पनि आफूमै सच्चा पिपासा नभएको कुरो हामी थाह पाउनेछौं ।**

फेरि सञ्चारित-शक्ति गुरुको सम्बन्धमा त अरू पनि ठूला-ठूला खतराको सम्भावना छ । कति मानिस त यस्ता पनि छन् जो स्वयम् अज्ञानी भईकन पनि आफूलाई सर्वज्ञ ठान्दछन् । यति मात्र होइन, अरूलाई पनि आफ्नो काँधमा बोकेर लैजान तयार छन् । यसप्रकार अन्धो अन्धाको अगुवा बन्दा दुवै भड्खारोमा पर्दछन्; भनिएकै छ––

अविद्यायामन्तरे वर्तमानाः स्वयं धीराः पण्डितम्मन्यमानाः ।
जङ्घन्यमानाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः ।।

'अज्ञानले ढाकिएको, अत्यन्त निर्बुद्धि भईकन पनि आफूलाई महापण्डित ठान्ने मूढ व्यक्ति अन्धाको नेतृत्वमा हिंड्ने अन्धोजस्तै चारै दिशामा ठक्कर खाँदै व्यर्थमा यता र उति घुम्दछ ।' संसार त यस्तै-यस्तै मानिसहरूले भरिएको छ । हरेक मानिस गुरु हुन खोज्दछ । एक भिखारी लाखौं दान गर्न खोज्दछ । यस्तै हास्यास्पद यो गुरु पनि हो ।

प्रश्न उठ्छ– तब वास्तविक गुरु चिन्ने कसरी त ? सूर्यको प्रकाशमा हिंड्न राँको आवश्यक छैन । त्यसलाई हेर्न दियो बाल्नुपर्दैन । सूर्योदय भएपछि सूर्योदय भयो भन्ने कुरो हामी स्वतः जान्दछौं । यसप्रकार हाम्रो सहायताको लागि गुरुको आगमन हुँदा हाम्रो अन्तरात्माले आफूमा सत्य–सूर्यको किरण परेको आफै जान्दछ । सत्य स्वयं नै प्रमाण छ, त्यसलाई प्रमाणित गर्नको लागि कुनै अर्को साक्षीको आवश्यकता छैन– त्यो स्वयंप्रकाश छ । त्यो हाम्रो प्रकृतिको अन्तस्तलसम्म पुग्दछ र त्यसको समक्ष सारा दुनियाँ 'यही सत्य हो' भन्दछन् । जुन आचार्यको हृदयमा सत्य र ज्ञान सूर्यसमान देदीप्यमान हुन्छ, त्यही संसारमा सर्वोच्च महापुरुष हो र अधिकांश मानवजातिद्वारा त्यसको उपासना ईश्वरको रूपमा हुने गर्दछ । परन्तु उनको अपेक्षा अल्पज्ञान भएका व्यक्तिहरूबाट पनि हामी आध्यात्मिक सहायता लिन सक्तछौं । तर गुरुको विषयमा यथार्थ विचार गर्न सक्ने अन्तर्दृष्टि हामीमा छैन । अतः गुरु र शिष्यको सम्बन्धमा केही परीक्षा र नियम आवश्यक छ ।

शिष्यमा पवित्रता, सच्चा ज्ञानपिपासा र अध्यवसाय हुनु आवश्यक छ । **अपवित्रात्मा कहिले पनि यथार्थ धर्मात्मा हुन सक्तैन । धार्मिक हुन तन, मन र वचनको शुद्धता हुनु नितान्त आवश्यक छ ।** रह्यो अब ज्ञान पिपासाको कुरो । यस सम्बन्धमा यो एक सनातन सत्य छ – **जाकर जापर सत्य सनेहू, सो तेहिं मिलेहि न कछु संदेहू**– हामी जे चाहन्छौं त्यही पाउँछौं । जुन वस्तुलाई हामी आफ्नो अन्तःकरणले चाहँदैनौं, त्यो वस्तु हामीलाई प्राप्त हुँदैन । धर्मको लागि सच्चा व्याकुलता हुनु बडो कठिन कुरो हो । यो त्यति सरल छैन जति हामी बहुधा अनुमान गर्दछौं । **धर्मसम्बन्धी कुरा सुन्दैमा वा धार्मिक पुस्तक पढ्दैमा हृदयमा सच्चा पिपासा छ भन्ने विचार गर्नु हुँदैन । त्यसको लागि त हामीले आफ्नो पाशविक प्रकृतिसित निरन्तर जुझिरहनुपर्दछ सतत युद्ध गरिरहनुपर्दछ र यसलाई आफ्नो वशमा ल्याउन अविरल प्रयत्न गरिरहनुपर्दछ ।** कहिलेसम्म ? जबसम्म हाम्रो हृदयमा धर्मको लागि सच्चा व्याकुलता उत्पन्न हुँदैन, जबसम्म विजयश्री हाम्रो हात पर्दैन । यो एक वा दुई दिनको कुरो होइन, केही वर्ष वा केही जन्मको कुरो पनि होइन, यसको निमित्त, सम्भव छ, हामीलाई सयकडौं जन्मसम्म पनि सङ्घर्ष गरिरहनुपर्नेछ । हुन सक्तछ– **कसैलाई सिद्धि थोरै समयमा प्राप्त होला, तर त्यसको निमित्त अनन्त कालसम्म बाटो हेर्नुपरे पनि हामी तयार रहनुपर्दछ । जुन शिष्य यसप्रकार अध्यवसायसाथ साधनामा प्रवृत्त हुन्छ, त्यसलाई सिद्धि अवश्य प्राप्त हुन्छ ।**

गुरुको सम्बन्धमा थाहा पाऔं– उनलाई शास्त्रको मर्म थाह हुनु आवश्यक छ। त्यसो त सारा संसार नै वेद, बाइबल र कुरान पढ्दछ, तर ती केवल शब्दराशि हुन्, धर्मको सुक्खा कङ्काल मात्र हुन्। जो गुरु शब्दाडम्बरको चक्करमा पर्दछ, जसको मन शब्दको शक्तिमा बहन्छ, त्यसले भित्री मर्म गुमाएको हुन्छ। जो शास्त्रको सच्चा मर्मज्ञ छ, त्यही वास्तवमा सच्चा धार्मिक गुरु हो। शास्त्रको शब्दजाल एक सघन वनजस्तै छ। त्यसमा मानिसको मन बाटो बिराएर यता र उति घुम्दछ र बाटो खोजे पनि पाउँदैन। **विवेकचूडामणि**मा भनिएको छ– **शब्दजालं महारण्यं चित्तभ्रमणकारणम्** –शब्दजाल त चित्तलाई भ्रममा पार्ने एक घना जङ्गल हो। अरू पनि भनिएको छ––

वाग्वैखरी शब्दझरी शास्त्रव्याख्यानकौशलम् ।
वैदुष्यं विदुषां तद्वद् भुक्तये न तु मुक्तये ।।

अर्थात् विभिन्न ढङ्गको शब्दरचना, सुन्दर भाषामा बोल्नु र विभिन्न प्रकारका शास्त्रको मर्मलाई विभिन्न प्रकारले व्याख्या गर्नु– यी सब पण्डितहरूलाई भोगका निमित्त हुन्, यसबाट अन्तर्दृष्टिको विकास हुँदैन। जो यी उपायद्वारा अर्कालाई धर्मको शिक्षा दिन्छ, त्यो केवल आफ्नो पाण्डित्यको प्रदर्शन गर्न चाहन्छ। संसारले ठूलो विद्वान् सम्झेर आफ्नो सम्मान गरोस् भन्ने ऊ चाहन्छ। **संसारका प्रधान आचार्यहरूमा कोही पनि शास्त्रको यस-प्रकार नानाविध व्याख्या गर्ने झमेलामा फसेनन्। तिनीहरूले श्लोकको अर्थमा खिचातानी गरेनन्। तिनीहरू शब्दार्थ र धात्वर्थको फेरमा परेनन्। तैपनि तिनीहरूले संसारलाई अति सुन्दर शिक्षा दिए। यसको विपरीत जोसित सिकाउने कुरा केही छैन ती मानिस-हरूले एकाध शब्द लिएर ती शब्दको उत्पत्ति कसरी भयो, ती शब्दको प्रयोग पहिले कसले गऱ्यो, त्यो के खाने गर्दथ्यो, त्यो कति बेर सुत्दथ्यो आदि-आदि अनर्थक कुरा भरेर तीन भागको एक बृहत् पुस्तक पनि लेखे।**

श्रीरामकृष्ण परमहंस एउटा कहानी भन्ने गर्नुहुन्थ्यो– 'एक फेर दुईजना मानिस बगैंचामा घुम्न गए। ती दुईमा एउटाको विषयबुद्धि अलि बढी थियो। बगैंचामा पस्नेबित्तिकै हिसाब लगाउन थाल्यो – यहाँ आँपका बोट कति छन्, कुन बोटमा कति आँप छन्, एउटा हाँगामा कति पात छन्, बगैंचाको किम्मत कति हुन सक्तछ, आदि-आदि। अर्कोचाहिं बगैंचाको मालिकसँग भेट गरी एक बोटको तल बस्यो र मजा-सित एउटा-एउटा आँप बोटबाट झारेर खान लाग्यो। यी दुईमा कुन बुद्धिमान् हो तिमी आफैं विचार गर। आँप खायो भने पेट त भरिन्छ, केवल पात गनेर हिसाब लगाउनाले

हुने के ? पात गन्ने र अर्कोलाई बेलीविस्तार गर्ने भाव बिलकुल छाड । यी सबको उपयोगिता नै छैन, यो होइन, उपयोगिता त अवश्य छ, तर धर्मको क्षेत्रमा होइन । यी पात गन्नेहरूमा तिमी एउटा पनि आध्यात्मिक महापुरुष पाउँदैनौ । मानव-जीवनको सर्वोच्च ध्येय –मानवको महत्तम गरिमा– धर्म र भक्तिको लागि त्यसरी पात गनेर श्रम गर्ने आवश्यकता छैन । **तिमी भक्त हुन चाहन्छौ भने भगवान् श्रीकृष्ण मथुरामा भएका थिए वा व्रजमा, उनी के गर्दथे र जुन दिन उनले गीताको शिक्षा दिएका थिए त्यस दिन ठीक तिथि के परेको थियो जस्ता कुरा जानिरहनु आवश्यक छैन । गीतामा कर्तव्य र प्रेमसम्बन्धी जुन उदात्त उपदेश दिइएको छ, त्यसलाई आफ्नो जीवनमा उतार्ने प्रयत्न गर, त्यसको आवश्यकता हृदयले महसूस गर । बस, यही तिम्रो लागि आवश्यक छ ।**

गुरुको लागि अर्को आवश्यक कुरो छ –निष्पापता । बहुधा प्रश्न सोधिन्छ– 'गुरुको चरित्र र व्यक्तित्वतिर ध्यान नै किन दिने ? हामीले त उनी के भन्दछन्, उनले भनेको त्यही उपदेश ग्रहण गर्नेतिर ध्यान दिनुपर्दछ ।' यो कुरो केही हदसम्म त ठीक हो जस्तो पनि लाग्दछ; तर यदि कोही हामीलाई गणित-विज्ञान, रसायनशास्त्र वा अन्य कुनै भौतिक विज्ञान सिकाउन खोज्छ भने उसको चरित्र जस्तो भए पनि चल्न सक्छ, किनभने ती विषयको लागि केवल तीक्ष्ण बुद्धिको आवश्यकता पर्दछ; परन्तु अध्यात्मविज्ञानका आचार्य अशुद्ध चित्तको हुने हो भने उनमा लेश मात्र पनि धर्मको प्रकाश पर्न सक्तैन । कुनै अशुद्ध चित्त भएको व्यक्ति हामीलाई के धर्म सिकाउला ? आफ्नो लागि धार्मिक सत्यको उपलब्धि गर्ने र अर्कोमा त्यसको सञ्चार प्रचार गर्ने एकमात्र उपाय छ –हृदय र मनको पवित्रता । जबसम्म चित्तशुद्धि हुँदैन, तबसम्म भगवद्दर्शन अथवा त्यस अतीन्द्रिय सत्ताको आभाससम्म पनि पाइँदैन । अतएव गुरुको सम्बन्धमा हामीले पहिले उनको चरित्र के-कस्तो छ यो थाहा पाएको हुनुपर्दछ, र अनि उनी के भन्दछन् यो पनि विचार गरेको हुनुपर्दछ । उनी पूर्णरूपेण शुद्धचित्त हुनुपर्दछ, अनि मात्र उनको शब्दको प्रभाव पर्दछ र उनी सच्चा सञ्चारिक हुन सक्तछन् । यदि उनी आफैमा आध्यात्मिक शक्ति छैन भने उनी शक्तिसञ्चार कसरी गर्लान् ? उनमा सहजैसित शिष्यको मनमा सञ्चार हुने आध्यात्मिकताको यस्तो प्रबल स्पन्दन हुनुपर्दछ । वास्तवमा गुरुको काम शिष्यमा आध्यात्मिक शक्ति सञ्चार गर्नु हो, न कि शिष्यको बुद्धिवृत्ति अथवा अरू कुनै शक्तिलाई उत्तेजित गर्नु । यो प्रष्ट अनुभव गर्न सकिन्छ– गुरुबाट शिष्यमा साँच्चै एक शक्ति आइरहेछ । अतः गुरु शुद्धचित्त हुनु अत्यन्त आवश्यक छ ।

गुरुको लागि तेस्रो आवश्यक कुरो हो– उद्देश्य । गुरुले धन, नाम या यशसम्बन्धी स्वार्थसिद्धिको निमित्त धर्मशिक्षा दिनु हुँदैन । उनको कार्य त सारा मानव-जातिप्रति विशुद्ध प्रेमद्वारा प्रेरित हुनुपर्दछ । आध्यात्मिक शक्तिको सञ्चार केवल शुद्ध प्रेमको माध्यमबाटै हुन सक्तछ । कुनै प्रकारको स्वार्थपूर्ण इच्छा (जस्तै – मानलाभ अथवा यशको इच्छा आदि) तुरुन्त नै यो प्रेमरूपी माध्यमलाई नष्ट गरिदिन्छ । भगवान् प्रेमस्वरूप छन्, औ जसले यस तत्त्वलाई उपलब्ध गरेको छ त्यो नै मनुष्यको शुद्ध तत्त्व हुने र ईश्वरलाई जान्ने शिक्षा दिन सक्तछ ।

जब तिम्रो पूर्वार्जित पुण्यको परिपाकले सर्वलक्षणसम्पन्न गुरुको प्राप्ति हुनेछ, त्यसवेला तिम्रो उद्धारमा कुनै आशङ्का रहँदैन । जो शास्त्रज्ञ, निष्पाप, काम-गन्धहीन, श्रेष्ठ ब्रह्मवित्तम छ, त्यही सच्चा गुरु हो–

श्रोत्रियोऽवृजिनोऽकामहतो यो ब्रह्मवित्तमः ।

माथि जेसुकै भनिएको होस् त्यसबाट यो सहज नै ज्ञात हुन जानेछ– धर्ममा अनुराग ल्याउनको लागि, धर्मका कुरा सम्झनको लागि र उसलाई आफ्नो जीवन-मा लगाउनको लागि उपयोगी शिक्षा हामी जहाँतहीं जस्तो पायो उस्तै मानिसबाट प्राप्त गर्न सक्तैनौं ।– 'पर्वत उपदेश गर्दछ, कलकल बहने झरना विद्या छर्दै जान्छ र सर्वत्र शुभ नै शुभ छ ।'–

'And this our life exempt from public haunt. Finds tongues in trees, books in the running brooks. Sermons in stones and goods in everything'

– Shakespeare 'As You Like It'.

यी सबै कुरा कवित्वका दृष्टिबाट ज्यादै सुन्दर होऊन्, तर जबसम्म स्वयं मनुष्यमा सत्यको बीज अपरिष्फुट भावले हुँदैन, तबसम्म दुनियाँका कुनै पनि चीज उस-लाई सत्यको एक कण पनि दिन सक्तैन । विचार गर ! पर्वत झरना कसलाई उपदेश दिन्छन् ?–त्यसै मानवात्मालाई, जसको पवित्र हृदय-मन्दिरको कमल फुलेको छ; र उसलाई यसप्रकार सुन्दर रूपले विकसित पार्ने ज्ञानप्रकाश सद्गुरुद्वारा नै आउँछ । जब हृदय-कमल यसप्रकार फक्रन्छ तब ऊ पर्वत, निर्झर, नक्षत्र, सूर्य, चन्द्र अथवा यो ब्रह्ममय विश्वमा जे-जति छन् सबैबाट शिक्षा ग्रहण गर्न सक्छ । परन्तु जसको हृदय-कमल अहिलेसम्म प्रस्फुटित नै भएको छैन त्यो ता यी सबैमा पर्वत आदिकै सिवाय अरू थोक केही देख्तैन । एक अन्धो यदि अजायब-घरमा जाओस् त, उसलाई के होला ? पहिले उसलाई आँखा देऊ, अनि त्यो बुझ्न सक्ला – भिन्न-भिन्न वस्तुबाट के शिक्षा मिल्न सक्तछ ?

गुरु नै धर्मपिपासाका आँखा खोल्ने हुन्छन् । अतः गुरुका साथ हाम्रो सम्बन्ध ठीक उस्तै छ, जस्तो पूर्वजका साथ उसका वंशजको । गुरुप्रति विश्वास, नम्रता, विनय र श्रद्धाविना हामीमा धर्मभाव मौलाउन सक्तैन । यो एक अत्यन्त महत्त्वपूर्ण कुरा हो– जुन देशमा गुरु र शिष्यबीच यसप्रकारको सम्बन्ध छ, त्यसै देशमा मात्र असाधारण आध्यात्मिक पुरुष उत्पन्न भएका छन्: जुन देशमा यस प्रकारको गुरु-शिष्यको सम्बन्धमा उपेक्षा हुन गएको छ, त्यहाँ धर्मगुरु एक वक्ता वा लेक्चरर मात्र भइरहेछन् –त्यहाँ गुरुलाई आफ्नो दक्षिणा वा फिससित मात्र मतलब रहेको हुन्छ र शिष्यलाई गुरुले आफ्नो दिमागमा घुसाउन खोजेको शब्दसित मात्र मतलब रहेको हुन्छ । यो आ-आफ्नो बाटो तय गर्ने कुरो भएको छ । त्यहाँ आध्यात्मिकता भनेको बिल्कुल छँदैछैन भने पनि हुन्छ –न कोही शक्तिसञ्चार गर्ने हुन्छ, न त त्यसलाई ग्रहण गर्ने नै हुन्छ । यस्ता मानिसहरूको लागि धर्म एक व्यवसाय भएको हुन्छ । तिनीहरूको विचार धर्म खरीद गर्न सकिन्छ भन्ने हुन्छ । भगवान्ले गरिदिएको भए धर्म यति सुलभ पनि हुने थियो ! तर दुर्भाग्य के भने यस्तो हुन सक्तैन ।

धर्म नै सर्वोच्च ज्ञान हो, यही सर्वोच्च विद्या हो भन्ने कुरो हमेशा सम्झनुपर्दछ । त्यो पैसाले पाउन सकिंदैन, न पुस्तकबाट नै पाउन सकिन्छ । तिमी चाहे संसारको कुना-कुना खोजी पस, हिमालय, आल्पस र काकेशसको शिखरमा पुग, अथाह समुद्रको तल नाप, तिब्बत र गोबी मरुभूमिको धूलो छान, तर जबसम्म तिम्रो हृदय धर्मलाई ग्रहण गर्न तयार हुँदैन, तबसम्म तिमी धर्मलाई खोजेर कहीं पनि पाउन सक्तैनौ । किन्तु यी विधातृ-निर्दिष्ट गुरु पायौ भने त्यस समय बालकवत् विश्वास र सरलताका साथ आफ्नो हृदय खोलेर साक्षात् ईश्वर-ज्ञान-(भाव)-ले उनको सेवा गर । जो मानिस यसप्रकार प्रेम र श्रद्धाले मुक्त भएर सत्यको खोजी गर्दछ, त्यसको निकट सत्यस्वरूप भगवान्ले **सत्यं शिवं सुन्दरम्**को अलौकिक तत्त्वलाई प्रकट गरिदिंदा उसको जीवन धन्य हुन्छ ।

मानव-जीवनको रहस्य यस संसारको विचित्र अवस्था हो । मनुष्य जन्मन्छ, बढ्छ, विषयभोग गर्दछ, सन्तान उत्पन्न गर्दछ, तिनको पालन–पोषण गर्दछ, धन, जग्गा जमीन, घर र अरू पनि भोगका सामग्री एकत्र गर्दछ, यी संग्रहमा न्याय–अन्यायको परवाह पनि गर्दैन र अन्तमा यी सबलाई यहीं छाडेर आफू असफल र अतृप्त भएको बोध गर्दै, चिन्ता र पापको बोझ टाउकोमा बोकेर यस ससारबाट हिंड्छ । अधिकांश मानिसको

यही दशा छ। यस प्रकारको जीवन र पशु-जीवनमा के फरक छ ? विचार गर, पशुले पनि आफ्नो पेट भर्दछ, सन्तान जन्माउँछ, र अन्तमा मर्दछ। किन्तु कति कुरामा त पशु आजको मनुष्यभन्दा कता-कता असल छ। ऊ भविष्यको चिन्ता गर्दैन, संग्रह गर्दैन र संग्रहको निमित्त अरूको गला रेट्ने काम गर्दैन। फेरि पशुमा त आफ्नो हित वा अहितको विचार गर्ने बुद्धि हुँदैन। मनुष्यलाई त भगवान्ले बुद्धि दिएका छन्। तैपनि ऊ यो मनुष्य-जीवन हामीले किन पाएका छौं भन्ने कुरामा विचार गर्दैन। के खान र कमाउन, भोग भोग्न र एक असहाय प्राणी झैं सबथोक यहीं छाडी मरेर जानको लागि हामीले यो जीवन पाएका हौं ? जुन मनुष्य-जीवन शास्त्रमा देवदुर्लभ भनिएको छ, त्यसको चरितार्थता के भोग भोग्नुमा छ ? यो भोग त हामी अरू योनिमा पनि सजिलैसित पाउँदछौं। जुन सुख इन्द्रलाई अमरावतीमा इन्द्राणीसित रहँदा प्राप्त हुन्छ, त्यही सुख एउटा कुकुरलाई पनि कुकुर्नीसित सहवास गर्दा प्राप्त हुन्छ। जुन स्वाद हामी षड्रसभोजन गर्दा पाउँदछौं, त्यही स्वाद पशु घाँस खाँदा पाउँदछ। जुन आराम हामी मखमलको गद्दीमा लेट्दा थाहा पाउँछौ, त्यही आराम घोडाले धूलोमाथि लडीबुडी खेल्दा पाउँछ। तब पशु र हामीमा अन्तर के रह्यो ? हामी आफूलाई पशुभन्दा श्रेष्ठ किन ठान्दछौं ? आज हामीमा कति जना यस प्रश्नमाथि गम्भीरतापूर्वक विचार गर्दछौं ? वास्तवमा हाम्रो जीवन भोगमय बनेको छ, हामी रातोदिन यस शरीरकै चिन्तामा व्यस्त रहन्छौं। हामीले शरीरलाई नै आफ्नो आत्मा ठानेका छौं। यो शरीरभन्दा पनि तप र कुनै वस्तु छ भन्ने कुरो जान्ने आवश्यकता पनि हामी देख्तैनौं। मरेपछि हामीलाई कहाँ जानु छ, यो जीवनको पर पनि कुनै जीवन छ, यस जीवनमा गरेको पाप र पुण्यको फल हामीलाई यस जीवनपछि पनि मिल्न सक्छ। यी सब कुरा हामी सोच्दै सोच्दैनौं। यस जीवनमा हामी सुखपूर्वक रहौं, हाम्रो मान होस्, हामी बढी-से-बढी भोग गर्न पाऔं --यही हाम्रो जीवनको लक्ष्य हुन गएको छ। परन्तु विचार गर, के यो लक्ष्य ठीक छ ? आज हामीले यसै विषयमा विचार गर्नु छ।

यो जीवन हामीले सांसारिक भोग भोग्नको लागि पाएका होइनौं। भोग सबै अनित्य, अस्थिर र क्षणभंगुर छन्। जसरी जूनकीरीको चमक एक छिनको लागि आफ्नो छटा देखाएर तुरुन्त विलीन हुन्छ, त्यसै गरी विषय-सुख पनि भोग गर्दाखेरि मात्र सुखद प्रतीत हुन्छ– पहिले त्यसको लागि हामी कामनाले जल्दछौं र परिणाम त्यसको दुःखद नै हुन्छ। भोग गर्दाखेरि पनि हामीलाई विषयमा सुखको प्रतीति मात्र हुन्छ। वस्तुतः ती कुरामा सुख छैन। यदि सुख हुँदो हो त त्यो रहिरहन्थ्यो, त्यसको विनाश हुने थिएन। किनभने सत् र असत्को व्याख्या गर्दै भगवान् श्रीकृष्णले गीतामा हामीलाई

सत् वस्तुको कहिल्यै विनाश हुँदैन र असत्को भाव हुँदैन भनी बताउनुभएको छ–

नाऽसतो विद्यते भावो नाऽभावो विद्यते सतः।

– श्रीमद्भगवद्गीता २।१६

यसकारण जुन सुख अटल छ, नित्य छ, ध्रुव र अविनाशी छ, त्यही वास्तविक सुख हो। जुन सुख क्षणस्थायी छ, एक क्षणमा उत्पन्न भएर अर्को क्षणमा विनाश हुन्छ, त्यो सुख सुख नै होइन, त्यो मिथ्या सुख हो– सुखको भ्रान्ति मात्र हो। विषयको सम्बन्धबाट हुने सुखलाई भगवान्ले राजस र परिणाममा विषसमान दुःखदायी हुने कुरो बताउनुभएको छ–

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥

– श्रीमद्भगवद्गीता ८।३८

'जुन सुख विषय र इन्द्रियको संयोगबाट हुन्छ त्यो पहिले भोग गर्दाखेरि त अमृतसमान हुन्छ, तर त्यही परिणाममा विष समान हुन्छ, त्यसकारण त्यो राजस सुख भनिएको छ।'

यसै गरी प्रमाद, आलस्य र निद्राबाट उत्पन्न हुने सुखलाई भगवान्ले तामस र मोहकारक भन्नुभएको छ–

यदग्रे चाऽनुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥

– श्रीमद्भगवद्गीता १८।३९

'जुन भोग गर्दाखेरि र परिणाममा पनि आत्मालाई मोहित गर्दछ, त्यो निद्रा, आलस्य र प्रमादबाट उत्पन्न भएको सुखलाई तामस भनिएको छ।'

विषयमा सुखको प्रतीति मात्र हुन्छ, वास्तवमा त्यसमा कुनै सुख छैन– यो तथ्य बुझाउनको लागि महात्माहरू एउटा दृष्टान्त दिने गर्दछन्। भन्दछन्– कुनै सरोवरको किनारमा एउटा रूखको हाँगामा एक अत्यन्त चहकिलो मणि लट्किरहेको थियो। मणिको प्रतिच्छाया त्यस सरोवरको पानीमाथि परिरहेको थियो। कुनै मानिसको दृष्टि त्यस प्रतिच्छायामा पर्न गयो र उसले त्यस प्रतिच्छायालाई नै मणि हो भन्ने ठानेर त्यो पाउनको लागि वारंवार पानीमा डुबुल्की मार्न थाल्यो। किन्तु मणि त त्यहाँ छँदै

थिएन, त्यो उसको हातमा कसरी पर्दथ्यो ! अकस्मात् उताबाट आएका एकजना महात्माले त्यसको त्यो व्यर्थको प्रयास देखेर त्यससित भने मणि हो भन्ठानेर जे पाउनको लागि वारंवार पानीमा डुबुल्की मारिरहेछौ त्यो मणि होइन, अपितु मणिको प्रतिच्छाया मात्र हो। मणि त माथि रूखको हाँगामा लट्किरहेछ। प्रतिच्छाया हात पार्न तिमी जीवन-भर नै प्रयास गरिरहू, तर त्यो तिम्रो हात पर्नेछैन। मणि नै लिन चाहन्छौ भने प्रतिच्छाया-को लागि व्यर्थ दुःख नगरी माथितिर हेर र रूख चढेर मणि लिएर आऊ।

बल्ल त्यस मानिसलाई आफ्नो भूल थाह भयो र त्यसले त्यो प्रतिच्छाया हात पार्ने भ्रमपूर्ण प्रयासलाई छाडेर ती महात्माले बताएअनुसार गई रूख चढ्यो र मणि पनि पायो। यस्तै जो मानिस सुखको आशा गरी विषयको पछि भौंतारिन्छ त्यसको स्थिति ठीक त्यो मणि पाउने आशामा त्यसको प्रतिच्छाया हात पार्न व्यर्थको प्रयासमा लागेको त्यही मूढ मानिसको जस्तै हुन्छ। आज संसारमा यही भइरहेछ। यसकारण हामीहरू वास्तव सुख पाउनुबाट वञ्चित भई दुःख मात्र पाइरहेछौं। तर दुःख पाईकन पनि विषयबाट सुख पाउने आशा नछाडेर हामी वारंवार त्यसैलाई अँगाल्छौं। यही त हो मोहको महिमा। मदिरा पिएर मतवाला भएको मानिसलाई पूर्वापरको ज्ञान नभएजस्तै हामी पनि मोहरूपी मदिरा पिएर विवेकशून्य भएर विषयको पछि पागल भएर यता र उति व्यर्थको चक्कर लगाइरहेछौं–

पीत्वा मोहमयीं प्रमादमदिरामुन्मत्तभूतं जगत् ।

विषयसुखको अनुभूति हुने हुनाले त्यसमा सुख छ भन्ने कुरो केही क्षणको लागि मानौं तापनि त्यो सुख अल्प छ, अनित्य र क्षणिक छ, सधैं रहिरहने होइन भन्ने-सम्म त स्पष्ट नै छ। यदि त्यो नित्य हुँदो त विषयसुख प्रचुर मात्रामा पुगेका मानिसहरू कहिल्यै दुःखी नभएर सधैं सुखी नै हुन्थे। परन्तु यस्तो देखिंदैन। जोसित जति बढी विषयभोगको सामग्री छ त्यो त्यति नै बढी दुःखी देखिन्छ। कुरो ठीक छ पनि। जुन वस्तु स्वयं अनित्य छ त्यसले हामीलाई नित्य सुख कसरी दिन सक्तछ ! संसारको प्रत्येक पदार्थ नश्वर छ, विनाशतिर गइरहेछ, अपितु प्रतिक्षण त्यसको विनाश भइरहेछ भन्नु-पर्दछ। जस्तो बत्तीको शिखा, अथवा भनौं नदीको प्रवाह एकै किसिमको देखिए तापनि प्रतिक्षण बदलिइरहेको हुन्छ, त्यस्तै संसारको प्रत्येक पदार्थको प्रतिक्षण रूपान्तर भइरहेको हुन्छ। कुनै वस्तुलाई आज हामी जुन रूपमा देख्तछौं भोलि त्यसको अर्कै रूप भएको हुन्छ, पर्सि झन् अर्कै भइसकेको हुन्छ। उदाहरणको निमित्त हामी दूधलाई नै

लेऔं। दूधको जुन आकृति, गुण र स्वाद आज छ, भोलि त्यसको त्यही आकृति, गुण र स्वाद रहेको हुँदैन। पर्सि त्यसको आकृति, गुण र स्वाद झन् फरक हुन पुग्छ। आज जुन दूध हामीलाई अमृतसमान लाग्दछ, भोलि त्यही अमिलो लाग्न थाल्दछ, पर्सि त्यसमा दुर्गन्ध आएर त्यसको गुण र स्वाद बिग्रन्छ, र अझै अरू केही दिन रहन दियो भने जुन दूध कुनै दिन स्वाद र गुणमा अमृतसमान थियो त्यही दूध विषबराबर हुन आउँछ यही कुरो न्यूनाधिक रूपमा संसारका सबै पदार्थको सम्बन्धमा बुझ्नुपर्दछ। कुनैको रूपान्तर चाँडो हुन्छ भने कुनैको ढिलो गरी हुन्छ, किन्तु ढिलो-चाँडो सबैको रूपान्तर हुन्छ। यस्तो क्षणभङ्गुर पदार्थमा हामी नित्य सुखको आशा नै कसरी गर्न सक्तछौं ?

फेरि विषयसितको हाम्रो सम्बन्ध पनि नित्य छैन। आज जुन पदार्थलाई हामी आफ्नो सम्झेर घमन्ड गर्दछौं, त्यससित भोलि नै हाम्रो सम्बन्ध छुट्न सक्तछ। यो शरीर नै पनि हाम्रो होइन, यसलाई लिएर यदि हामी विषयलाई आफ्नो ठान्दछौं भने विषय हाम्रो हुन पनि त कसरी सक्तछ ? यस शरीरसित हाम्रो सम्बन्ध कतिन्जेल रहने हो, त्यो केही थाह छैन। मरेपछि शरीरको साथै हामीले आफ्नो भन्ठानेको ती सम्पूर्ण पदार्थबाट पनि हाम्रो सम्बन्ध आफैं-आफ छुट्दछ। पूर्वजन्ममा हाम्रो जुन-जुन पदार्थ अथवा व्यक्तिसित सम्बन्ध थियो त्यससित आज सम्बन्धको कुरो त परै रहोस्, त्यसको सम्झनासम्म पनि हामीलाई छैन। त्यसै गरी **यस जन्मको पदार्थसित मरेपछि कुनै सम्बन्ध रहँदैन। लाखौं प्रयत्न गरे पनि यिनमा एउटा पनि हाम्रो साथमा जाँदैन र हाम्रो मृत्यु एक-न-एक दिन हुने निश्चित छ। यसलाई हामी एक क्षणको लागि पनि टार्न सक्तैनौं यस्तो स्थितिमा यहाँका पदार्थसित सम्बन्ध जोड्नु, तिनलाई आफ्नो ठान्नु र तिनको संग्रह गर्नमा आयु बिताउनु कहाँसम्म बुद्धिमानी हो**– तिमी आफै विचार गर्न सक्तछौ।

त्यसको अतिरिक्त जति पनि विषयसुख छन् ती सब क्षणिक हुनुको साथै विषयुक्त महजस्तै दुःखले भरिएका छन्। भोग गर्दाखेरि सुखरूप ठाने तापनि परिणाममा त्यो दुःखरूप नै छ। उदाहरणस्वरुप स्त्री-प्रसङ्ग आदि जुन ग्राम्य सुख हो, त्यसले हाम्रो बल, वीर्य, बुद्धि, तेज, आयु आदि सब नाश गरेर शरीरमा पनि शिथिलता र क्लान्ति उत्पन्न गर्दछ। यस्तो स्थितिमा यी क्षणिक विषयभोग गर्नमा नै जीवन बिताउनु मूर्खता नभए अरू के हुन सक्तछ ? अतः विषय सुखलाई त्यागेर वा मर्यादित गरेर जुन वास्तविक एवं स्थायी सुख छ, तथा कहिल्यै नाश पनि हुँदैन र मरेपछि पनि रहिरहन्छ, त्यो सुख प्राप्त गर्न नै हामीले प्राणपणले चेष्टा गर्नुपर्दछ। त्यही सुख

प्राप्त गर्न हामीले दिलोज्यानले कोशिश गर्नुपर्दछ। यही हाम्रो जीवनको लक्ष्य एवम् उद्देश्य हुनुपर्दछ। त्यही परम पुरुषार्थ हो। वेदादिशास्त्र यही प्राप्त गर्न हामीलाई उपदेश दिन्छ। यसको पालन गरेमा मनुष्य सदाको लागि कृतकृत्य हुन्छ, जन्म-मृत्युलाई पार गर्दछ, सब प्रकारको दुःख, भय, शोक र चिन्ताबाट मुक्त हुन्छ, सब प्रकारको बन्धनबाट छुट्तछ। यसैलाई परमात्मा अथवा परमपदको प्राप्ति भन्दछन्। यसैलाई प्राप्त गर्नु हाम्रो सबभन्दा महान् एवं मुख्य कर्तव्य हो र यसैको लागि हामीले देवताहरूको लागि पनि दुर्लभ यो मानवजन्म पाएका छौं।

भोगसुख त हामीलाई देव, तिर्यक् आदि अरू योनिमा पनि प्राप्त हुन सक्तछ। आजसम्म हामीले कति जन्म लिइसक्यौं कुन्नि, अनि कतिपटक हामीले स्वर्गसुख भोग्यौं कुन्नि, कति पटक हामी इन्द्र भइसक्यौं र कति पटक हामी चक्रवर्ती सम्राट् भैसक्यौं कुन्नि। कतिपटक हामीले स्त्रीसुख, सन्तानसुख र जिब्रो आदि इन्द्रियको सुख भोग्यौं, तैपनि यिनबाट हामीलाई तृप्ति भएको छैन। हामी सुखको खोजीमा अझै पनि लागेका छौं। जबसम्म हामीलाई परमात्मरूप नित्य एवं निरतिशय सुखको प्राप्ति हुँदैन, तबसम्म हाम्रो सुखको खोजी भइ नै रहनेछ तापनि हामीलाई तृप्ति कहिल्यै हुने होइन। अनन्त सुखको खोज गर्नु नै जीवको धर्म हो। यो सुख प्राप्त नगरेसम्म त्यसलाई चैन हुँदैन। न त्यसको व्यर्थ यताउति भौंतारिने काम नै बन्द हुन्छ, न त त्यसले विश्राम नै पाउँछ। यसकारण विषयको लागि यताउति गर्न छाडेर त्यस परमसुख-प्राप्तिको लागि मानिसले निरन्तर अथक प्रयास गर्नुपर्दछ र यो प्राप्त नभएसम्म अर्कोतिर ताक्न पनि हुँदैन।

यो परम सुखको प्राप्ति अरू कुनै योनिमा होइन, मनुष्य-योनिमा नै सम्भव छ, किनभने अरू योनि त सबै भोगयोनि हुन्। मनुष्य-जीवनमा गरेको शुभाशुभ कर्मको फल हामी अरू योनिमा भोग्दछौं। कर्म गर्ने अधिकार त केवल मनुष्ययोनिमा नै छ। यसै निमित्त यसलाई कर्मयोनि भन्दछन्, यसै निमित्त यो सबै योनिहरूमा श्रेष्ठ भनिएको यसै निमित्त गोस्वामी तुलसीदासले यसलाई **साधनधाम** र **मोक्षद्वार** भन्नुभएको छ, छ, यसै निमित्त देवताहरू पनि मनुष्ययोनिमा जन्म लिनको लागि लालायित हुन्छन् र यसै निमित्त मनुष्यदेह क्षणभङ्गुर हुँदाहुँदै पनि देवदुर्लभ भनिएको छ। यो देवदुर्लभ देह हामीलाई भगवान्को कृपाबाट नै प्राप्त हुन्छ। जब यो जीव चौरासी लाख योनिमा घुम्दा-घुम्दा हैरान हुन्छ तब भगवान् करुणा गरेर त्यसलाई मनुष्य-शरीर दिनुहुन्छ–

कबहुँक करि करुना नर देही।
देत ईस बिनुहेतु सनेही।

यस्तो देवदुर्लभ मनुष्य-शरीर पाएर जुन काम गर्न हामी यस संसारमा आएका छौं त्यो वास्तविक काम गर्दैनौं भने हामीभन्दा महामूर्ख अरू को होला ? शास्त्र-ले यस्तो मानिसलाई कृतघ्न र आत्मघाती भनेको छ। तुलसीदासले शास्त्रकै अनुवाद गरेर भन्नुभएको छ–

जो न तरे भवसागर नर समाज अस पाइ ।
सो कृत निन्दक मन्दमति आत्माहन गति जाइ ।।

यो मनुष्य-शरीर हामी वारंवार पाइरहँदैनौं । यस्तो दुर्लभ अवसरलाई यदि हामीले आफ्नो हातबाट त्यसै गुमाउने हो भने पछि हाम्रो लागि पछुताउनु सिवाय अरू केही हात पर्नेछैन । मनुष्येतर प्राणीमा न शुभाशुभको, न त कार्याकार्यको नै ज्ञान हुन्छ, न शास्त्रानुकूल आचरण गरेर त्यस परम सुखलाई प्राप्त गर्ने साधन नै बन्न सक्तछ । यसकारण शीघ्रातिशीघ्र यस जीवनमा नै हामीले त्यो परम सुख प्राप्त गर्नुपर्दछ र त्यसको लागि कुनै उपाय छाड्नु हुँदैन । यसैमा हाम्रो बुद्धिमत्ता छ र यसैमा हाम्रो जीवनको सफलता छ । यदि हामीले जीवनमा धेरै भोग-सामग्री जोऱ्यौं, धेरै मान-सम्मान प्राप्त गऱ्यौं, ठूलो नाम कमायौं, हजारौं, लाखौं, विपुल सम्पत्ति, हात्ती, घोडा, कार, कोठी, नोकर-चाकर तथा ज्यादै नै ठूलो परिवारको संग्रह गऱ्यौं, र यदि जीवनको वास्तविक उद्देश्य सिद्ध गरेनौं भने ती हामीले गरेको वा गराएको सब व्यर्थ नै होइन, किन्तु ती सब गर्नमा हामीले जुन पापाचार गऱ्यौं, त्यसको फलस्वरूप हामीलाई नरक-प्राप्ति हुन्छ र हामी नीच योनिमा जन्म लिन पुग्दछौं । यसको विपरीत लौकिक दृष्टिमा यदि हाम्रो जीवन कष्टमा बित्यो, हामीले मान पाएनौं, ठाउँ-ठाउँमा छिः छिः दुरदुर भयौं, हामीलाई कसैले आदर-सत्कार गरेन, कसैले हामीसित कुरो सोधेन, तर यदि हामीले आफ्नो जीवनको सदुपयोग गरेका छौं, जुन कार्य गर्न हामी आएका थियौं त्यो कार्य पूरा गरेका छौं भने हामी कृतकार्य भएका छौं, हाम्रो जीवन धन्य भएको छ ।

अब हामीले दुःखको आत्यन्तिक निवृत्ति र अविनाशी सुख प्राप्त गर्ने उपाय के हो यसमाथि विचार गर्नु छ । हामी देख्तछौं– सबै प्राणी सुख चाहन्छन्, दुःख कोही पनि चाहँदैनन् । तर संसारमा सुख जहाँ खोजे पनि पाइँदैन । जहाँ हेऱ्यो त्यहीं हाहाकार मच्चिएको छ । सबै मानिस दुःख र अशान्तिको ज्वालाले पिल्सिइरहेछन् । कोही हामीले देख्ता सुखी भए पनि त्यही बढी सुखको लागि लालायित भइरहेको हुन्छ, आफ्नो स्थितिदेखि उसलाई सन्तोष छैन, अर्कोलाई आफूभन्दा बढ्ता सुखी

देखेर ईर्ष्याले जलिरहन्छ, अर्कोलाई नीच देखाउनको लागि ऊ नाना उपाय सोचेर बस्तछ, जे-जति पनि मान-मर्यादा र धन-सम्पत्ति उसलाई प्राप्त छ त्यो नष्ट होला भन्ने डर उसमा सधैं भइरहन्छ, अलिकति आफ्नो प्रतिकूल भएको ऊ सहन सक्तैन, प्रतिकूल आचरण गर्ने र आफ्नो कामनापूर्तिमा बाधा पुऱ्याउनेहरूप्रति उसको द्वेषाग्नि धपक्क बल्दछ, मनमा प्रतिहिंसाको भाव उठ्तछ । बदलामा अरूले पनि त्यसप्रति त्यस्तै भाव पोषण गर्दछन् । फलस्वरूप चारैतिर भय, आशङ्का, ईर्ष्या, द्वेष र कलहको वातावरण बन्दछ र त्यसैमा सबै मानिस रातोदिन जल्ने गर्दछन्, दुःखी भइरहन्छन्, अशान्तिपूर्ण जीवन बिताउँछन् र मरेपछि पनि नरकको असह्य यातना भोग्दछन् । यसैले गर्दा जगत्लाई भगवान्ले दुःखालय (दुःखको घर) भन्नुभएको छ । कुनै न कुनै अभावको अनुभव गर्दछन् र अभाव नै दुःखको कारण बन्दछ । यस स्थितिमा यो दुःखमय जगत्प्रतिको आसक्ति त्याग गरेर, त्यसबाट नित्य सुख पाउने आशा छाडेर नित्य सुखको आकार, सुखस्वरूप परमात्माको आश्रय ग्रहण गर्नु, उहाँको तत्त्व बुझेर उहाँकै भक्ति गर्नु, उहाँको नामको जप र उहाँको स्वरूपको चिन्तन गर्नु, उहाँको श्रुतिस्मृतिरूप आज्ञाको पालन गर्नु र उहाँको विधानमा सन्तुष्ट रहनु –यही उहाँको कृपा प्राप्त गर्ने सुगम उपाय हो र उहाँको कृपाबाट नै मानिस सब प्रकारको क्लेशबाट मुक्त भएर परमसुखको अधिकारी बन्दछ, जुन पाएपछि अरू केही पाउनु बाँकी रहँदैन र मानिस सधैंको लागि कृतकृत्य भई द्वन्द्वबाट मुक्त हुन्छ ।

मानिसलाई चिन्ता, शोक, भय, दुःख आदि किन हुन्छ भन्ने यहाँ प्रश्न उठ्तछ । प्रारब्धकर्मको फलस्वरूप नै हामीलाई सुख-दुःख आदि प्राप्त हुने गर्दछ भनौं भने प्रारब्ध भोग त जीवन्मुक्त महापुरुषको पनि शेष रहेको हुन्छ, किनभने विनाप्रारब्धभोग त उनको शरीर नै पनि रहेको हुँदैन भन्ने शङ्का उठ्छ । उनलाई शारीरिक कष्ट,रोग, पीडा आदि पनि भएको देखिन्छ, किन्तु उनलाई सुख-दुःख, हर्ष-शोक आदि हुँदैन । श्रुति भन्दछ–

हर्षशोकौ जहाति (कठोपनिषत् १–२–१२)

तत्र को मोह कः शोकः एकत्वमनुपश्यतः (ईशोपनिषत् ७) इत्यादि ।

श्रीमद्भगवद्गीतामा पनि भनिएको छ–

गतासूनगतासूँश्च नाऽनुशोचन्ति पण्डिताः (२।११)

यस प्रकारका अरू पनि अनेकौं वचन शास्त्रमा पाइन्छन्, यसबाट सिद्ध हुन्छ– ज्ञानी महात्मामा हर्ष-शोक तथा सुख-दुःख आए पनि उनमा तिनको विकार उत्पन्न

हुँदैन, उनको स्थिति सधैं अविचल र सम रहन्छ। यसबाट सुख-दुःख आदि त प्रारब्धको अनुसार नै हुन्छ । तर त्यसबाट सुखी-दुःखी हुनु हाम्रो आफ्नै ज्ञान अथवा अज्ञानको अनुपातअनुसार हुन्छ, अर्थात् हामी सुख-दुःखलाई जुन दृष्टिले ग्रहण गर्दछौं त्यसैअनुसार हामी सुखी वा दुःखी हुने गर्दछौं। हर्ष-शोक आदि हुनमा अज्ञान नै कारण छ। अज्ञानको नाश भएपछि राग द्वेष, चिन्ता, शोक, भय आदिको पनि नाश हुन्छ र अज्ञानको नाश परमात्माको यथार्थ ज्ञानबाट हुन्छ। जसरी अन्धकारको नाश प्रकाशबाट नै हुन्छ, त्यसरी नै अज्ञानरूपी अन्धकारको नाश पनि ज्ञानरूपी सूर्यको उदय भएपछि हुन्छ। अतः दुःख एवं शोकबाट मुक्त हुनको लागि मानिसले आफ्नो सारा समय परमात्माको तत्त्वज्ञान प्राप्त गर्ने साधनामा लगाई त्यसलाई प्राप्त गरेर नै विश्राम लिनुपर्दछ। परमात्माको त्यो यथार्थ ज्ञान विवेक र वैराग्यपूर्वक सद्गुण र सदाचार- (**श्रीमद्भागवद्गीता**मा यसलाई दैवी सम्पत्ति भनिएको छ)-को सेवन गर्नाले प्राप्त हुन्छ र दैवी सम्पत्ति प्राप्त गर्न भगवान्को भक्तिद्वारा सजिलो हुन्छ, यसप्रकार भगवान्को भक्ति नै उनको तत्त्वज्ञान गराउने सर्वोपरि साधन हो। अतः मानिसले श्रद्धा र प्रेमपूर्वक भगवद्भक्तिको नै अभ्यास गर्नुपर्दछ।

भगवान्को भक्ति गर्न मनुष्यमात्रलाई समान अधिकार छ; कुनै पनि वर्णाश्रमको,कुनै पनि जातिको, कुनै पनि समाज र कुनै पनि अवस्थाको व्यक्ति किन नहोओस्, भगवान्को भक्ति गर्नुमा कसैको लागि कुनै रोकावट छैन। भक्ति गर्न न विद्याको न त बुद्धिको नै आवश्यकता पर्दछ। मूर्खमा महामूर्ख र पापीमा महापापी पनि भगवान्को भक्ति गरेर परम पवित्र भई उनको कृपा प्राप्त गर्न सक्तछ । यस कृपाको बलले अनि उसलाई अत्यन्त चाँडो परमात्माको प्राप्ति हुन्छ। भगवान् अर्जुनसित भन्नुहुन्छ–

अपि चेत् सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥

– श्रीमद्भगवद्गीता ९।३०–३१

'अतिशय दुराचारी पनि अनन्य भावले मेरो भक्त भई मलाई भज्दछ भने त्यसलाई साधु नै मान्नुपर्दछ, किनभने त्यो यथार्थ निश्चय भएको छ, अर्थात् त्यसले पूर्णतया परमेश्वरको भजनसमान अरू केही छैन भन्ने निश्चय गरेको छ। यस भक्तिको

प्रभावले त्यो चाँडै नै धर्मात्मा हुन्छ र सदाकाल रहने परमशान्ति प्राप्त गर्दछ । हे अर्जुन ! मेरो भक्त नष्ट हुँदैन यो कुरो तिमी सत्य नै सम्झ ।'

यति मात्र होइन, भक्ति गर्नेलाई स्वयं भगवान् ज्ञान प्रदान गरी त्यसको अज्ञानरूपी अन्धकार सर्वथा नष्ट गरिदिन्छन् । **श्रीमद्भगवद्गीतामै** भनिएको छ–

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥
तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥ (१०।१०–११)

भगवान्को भजन र ध्यान गर्नेले उनको कृपाबाट परम आनन्द एवं परम शान्ति प्राप्त गरोस्, यसमा त आश्चर्य नै के छ । भगवान्का भक्तहरूको आश्रय ग्रहण गरी तिनका वचनअनुसार चल्ने अतिशय मूढ पुरुष पनि दुःखबाट मुक्त भई परमात्मामा मिल्दछ ।

स्वयं भगवान्ले भन्नुभएको छ–

अन्ये त्वेवमजानन्त श्रुत्वाऽन्येभ्य उपासते ।
तेऽपि चाऽतितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥

– श्रीमद्भगवद्गीता १३।२६

'परन्तु यीदेखि भिन्न अर्थात् जुन मन्दबुद्धि भएका पुरुष छन् ती स्वयं यसप्रकार नजानीकन अरूबाट अर्थात् तत्त्वज्ञानी पुरुषहरूबाट सुनेर नै तदनुसार उपासना गर्दछन्; र ती श्रवणपरायण पुरुष पनि मृत्युरूप संसार-सागर निःसन्देह तर्दछन् ।'

भगवान्को निरन्तर भजन गर्नाले सब प्रकारको दुःखको आत्यन्तिक निवृत्ति भई भगवत्प्राप्ति हुन्छ, यसमा युक्ति के छ भन्ने प्रश्न यहाँ उठ्न सक्तछ । निम्नलिखित उत्तरबाट यो कुरो राम्रोसित स्पष्ट हुनेछ । मानिसले आफ्नो जीवनकालमा जुन कुराको निरन्तर अभ्यास गर्दछ, त्यसको अन्तकालमा पनि स्मृति हुन्छ भन्ने कुरो एक मनोवैज्ञानिक सिद्धान्त हो । अन्तकालमा पुरुषलाई जुन वस्तुको स्मृति हुन्छ, मृत्युपछि उसको त्यही स्वरूप हुन्छ–

यं यं वाऽपि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥

– श्रीमद्भगवद्गीता ८।६

यसकारण भगवान् भन्नुहुन्छ, जुन पुरुष अन्तकालमा मलाई सम्झँदै शरीर त्याग गर्दछ त्यसले साक्षात् मेरो स्वरूप लिन्छ भन्ने कुरामा कुनै सन्देह छैन –

अन्तकाले च मामेव स्मरन् मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नाऽस्त्यत्र संशयः ।।

– श्रीमद्भगवद्गीता ८।५

जतिसुकै पापी वा मूर्ख किन नहोओस् यदि भगवान्को स्मरण गर्दछ भने त्यस स्मरण गर्ने अभ्यासले त्यसको पनि निःसन्देह उद्धार हुन्छ भन्ने कुरो यसबाट सिद्ध हुन्छ ।

यसकारण हामीले उठ्दा-बस्दा, खाँदा-पिउँदा, सब समयमा भगवान्को स्मरण गर्ने अभ्यास निरन्तर गरि नै रहनुपर्दछ । यस्तो गर्नाले दुर्गुण-दुराचार जति सब मूलसहित नाश भएर मनुष्य-जीवन सद्गुण र सदाचारपूर्ण भएर ती परम पुरुष परमात्माको तत्त्वको ज्ञान हुन गई सदाको लागि परम आनन्द एवं परम शान्तिको प्राप्ति अनायास र अत्यन्त चाँडो हुन्छ ।

यही कुरो अब अर्को दृष्टिकोणबाट बुझ्ने कोशिश गरौं । हिन्दू-साहित्यलाई प्रायः तीन भागमा विभक्त गर्न सकिन्छ– **कर्मप्रधान वैदिक युग, ज्ञानप्राधान औपनिषद युग** र **भक्तिप्रधान पौराणिक युग** । वैदिक साहित्य चार भागमा विभक्त छ–**संहिता, ब्राह्मण,, आरण्यक र उपनिषत्** । संहिता, ब्राह्मण र आरण्यकमा कर्मकाण्ड र उपनिषत्मा ज्ञानमार्गको विवेचना गरिएको छ । वेदको संहिता भागका मन्त्र समुद्र, अग्नि, वरुण, सविता, रुद्र आदि देवताको स्तोत्र र स्तुतिले भरिएका छन् । यी सब मन्त्रद्वारा वैदिकगण देवताको उद्देश्यले यज्ञ यागादि गरी अभीष्ट-प्रार्थना गर्दथे । एउटै मूल दिव्य शक्ति विभिन्न देवताका नामले अभिव्यक्त छ । परमेश्वर एक र अद्वितीय छ –यस रहस्यको ज्ञान वैदिकगणलाई पूरापूर थियो । वेदमन्त्र भन्दछ–

एकं सद् विप्रा बहुधा वदन्ति । अग्निं यमं मातरिश्वानमाहुः ।

– ऋग्वेद

अर्थात् तत्त्वदर्शीहरू एउटै सत् वस्तुको विभिन्न नामले निर्देश गर्दछन्; तिनीहरू त्यो एउटै सत्तालाई अग्नि, यम र मातरिश्वाको नामले पुकार्दछन् । त्यस्तै, **सुपर्णा विप्रा कवयो वचोभिरेकं सन्तं बहुधा कल्पयन्ति । (ऐतरेयोपनिषत्)**

त्यै एकमात्र अद्वितीय सत्तालाई वेदमा ठाउँ-ठाउँमा हिरण्यगर्भ, प्रजापति, विश्वकर्मा, पुरुष इत्यादि नामले आवाहन गरिएको छ । यस प्रसङ्गमा ऋग्वेदको **हिरण्य-**

गर्भ--सूक्त (१०।१२१) र **पुरुषसूक्त** (१०।३०) आदि हेर्न योग्य छन् । वैदिकगणको प्रधान अनुष्ठेय धर्म थियो– यज्ञ । अभीष्ट देवताको उद्देश्यले यी यज्ञादि कर्म श्रद्धापूर्वक गरिन्थे र यिनमा अर्चना-वन्दना, नमस्कार आदि भक्तिका अङ्ग समन्वित थिए । वेदको संहिताभागमा **भक्ति** शब्दको सुस्पष्ट प्रयोग भएको नदेखिए पनि यस अर्थमा प्रायः **श्रद्धा** शब्दको प्रयोग भएको देखिन्छ, जस्तो–

श्रद्धयाऽग्निः समिध्यते श्रद्धया हूयते हविः ।
श्रद्धां भगस्य मूर्धनि वचसा वेदयामसि ॥
– ऋग्वेद

'श्रद्धाद्वारा नै यज्ञको अग्नि प्रज्वलित गरिन्छ, श्रद्धाद्वारा नै हविको आहुति दिइन्छ । हामी समस्त आराध्यको प्रधानभूता श्रद्धाको स्तवन गर्दछौं ।'

वेदको संहितायुगमा देवविषयक भक्तिमूलक जुन सहज सरल धर्म देखिन्थ्यो त्यही वेदको ब्राह्मणयुगमा आएर जटिल, क्रियाविशेष बहुल यज्ञानुष्ठानमा पर्यवसित हुन्छ । कालक्रमले, यज्ञकर्म नै एकमात्र धर्म हो, त्यसद्वारा नै जीवले स्वर्ग प्राप्त गर्दछ, यो सिवाय अरू केही छैन' भन्ने प्रबल मत हुन आयो । यद्यपि यज्ञको अनुष्ठान आदि देवता-हरूको उद्देश्यले गरिन्छ, तथापि मुख्यतः यज्ञको छ । देवता गौण छन्, प्रयोजक छैनन् । अतः **यजेत स्वर्गकामः** – स्वर्गको कामना गरी यज्ञ गर । यो वेदविधि हो ।

पछि आएर उपनिषत्को युगमा त्यो प्राणहीन वाह्यिकताको विरुद्ध प्रति-वाद गरेको प्रमाण भेटिन्छ । उपनिषत्मा वेदको कर्मकाण्डलाई संसार-सागर तार्नको लागि **अदृढप्लव** (अस्थिर नौका) भनेर निन्दा गरिएको छ –

प्लवा ह्येते अदृढा यज्ञरूपाः । (मुण्डकोपनिषत् (१।२।७)

उपनिषद्युगमा साधकको दृष्टि बहिर्जगत्बाट हटेर अन्तर्जगत्मा केन्द्री-भूत हुन्छ । परम तत्त्वको स्वरूप यो नामरूपात्मक दृश्यप्रपञ्चको अन्तरालमा एक नित्य शाश्वत सत् पदार्थ छ, ज्ञानयोगद्वारा त्यो जान्नुपर्दछ; त्यही ब्रह्म हो । **तद् विजि-ज्ञासस्व तद् ब्रह्म** । यो ब्रह्मविद्या नै उपनिषत् वा वेदान्तको प्रतिपाद्य विषय हो । उपनिषत् भन्दछ– यज्ञादि 'वेदवाद' स्वर्ग साधक भईकन पनि मोक्षसाधक होइन, एकमात्र ब्रह्मज्ञानबाट नै मोक्षको प्राप्ति हुन्छ ।

सगुण ब्रह्मविना भक्तिमूलक उपासना सम्भव छैन, र उपनिषत्मा ब्रह्मको सगुण-निर्गुण, सविशेष-निर्विशेष दुवै प्रकारका भावको विवरण दृष्टिगोचर हुन्छ ।

ब्रह्मस्वरूपको सगुण-सविशेष भावको वर्णनको प्रसङ्गमा उपनिषत्मा अनेक ठाउँमा देव, ईश्वर, महेश्वर आदि शब्द प्रयोगमा आएका छन्। त्यसै प्रसङ्गमा **भक्ति** शब्दको उल्लेख पनि **श्वेताश्वतरोपनिषत्**मा गरिएको देखिन्छ– **यस्य देवे परा भक्तिः।** (६।२३)। **केनोपनिषत्**मा भनेको छ– **तद्ध तद्वनं नाम तद्वनमित्युपासितव्यम्** (४।६) 'ब्रह्म सम्यक् रूपले उपासना गर्न योग्य छ भन्ने दृष्टिले त्यसको उपासना गर्नुपर्दछ।' **कठोपनिषत्**-(१।२।२३)-मा पनि अनुग्रहको स्पष्ट उल्लेख गरेको पाइन्छ–

नाऽयमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन।
यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनूं स्वाम्।

'शास्त्रको व्याख्याद्वारा यस आत्मालाई प्राप्त गर्न सकिंदैन, मेधाद्वारा पनि सकिंदैन, अनेक प्रकारको पाण्डित्यद्वारा पनि सकिंदैन। यसले जसलाई वरण गर्छ अर्थात् जसमाथि कृपा गर्दछ, त्यसले मात्र यसलाई प्राप्त गर्न सक्तछ। त्यसैको सम्मुख मात्र यस आत्माले आफ्नो स्वरूप प्रकाशित गर्दछ।'

भक्तिसाधनाका आश्रय हुनुहुन्छ –प्रेमस्वरूप, करुणामय भगवान्। **बृहदारण्यकोपनिषत्**मा परमात्माको विषयमा भनिएको छ–

एषाऽस्य आत्मा गतिरेषाऽस्य आत्मा सम्पदेषोऽस्य परमो लोक एषोऽस्य परम आनन्दः। (४।३।३२)। अर्थात् यही नै परम गति, यही नै परम सम्पत्, यही नै परम धाम, यही नै परम आनन्द हो।

तैत्तिरोयोपनिषत्मा पनि भनिएको छ–

रसो वै सः। रसं ह्येवाऽयं लब्ध्वाऽऽनन्दी भवति। कोहयेवाऽन्यात् कः प्राण्यात् यदेष आकाश आनन्दो न स्यात्। एष हयेवाऽऽनन्दयति।

'त्यही रस-(प्रेम)-स्वरूप छ। यो जीव रस प्राप्त गरेर सुखी हुन्छ। यदि हृदयाकाशमा यो आनन्दस्वरूप नहुँदो हो त को अपानचेष्टा गर्दथ्यो, को प्राणकार्य गरोस्! अर्थात् कोही पनि निश्वास-प्रश्वासद्वारा प्राणधारण गर्न सक्तैनथ्यो। एकमात्र यो नै जीवलाई आनन्ददान गर्दछ।'

अतएव भक्तिसाधनाको जुन बीज वेदको संहिताभागमा नै निहित छ, त्यही क्रमविकासको बाटो भई उपनिषत्मा आएर अङ्कुरित र पल्लवित भएको देखिन्छ।

पुराणमा त्यो कसरी शाखा-प्रशाखा भएको,फल-फूलले समृद्ध महान् वृक्षको रूपमा परिणत हुन्छ ?– यस विषयको आलोचना पछि गरिन्छ । (यहाँ यो पनि जान्नु आवश्यक छ– कतिपय विदेशी विद्वान् तथा तिनका बुद्धिका दास कतिपय स्वदेशी विद्वान्हरूले पनि वेदहरूमा भक्तिको उल्लेख छैन वा भक्ति शब्द वेदमा आएको छैन भन्ने कुरो सिद्ध गर्न निरर्थक प्रयास गरेका छन् र यसै भ्रान्त धारणाको आधारमा भक्ति हिन्दू-धर्ममा पछि अर्को धर्मबाट लिइएको हो भन्ने भ्रान्त धारणा लिएर भ्रममा रुमल्लिएका छन् । तिनी-हरूले विचार पुऱ्याएर आफ्नो भूल सुधार्नु आवश्यक छ ।)

पुराण **पञ्चम वेद** नामले शास्त्रमा वर्णित छन् । वेदको निगूढ अर्थ बुझ्न पुराणको सहायता लिनुसिवाय अर्को कुनै उपाय छैन । त्यसैले शास्त्रकारहरूले पुराणको अध्ययनमा विशेष जोड दिएर पुराणको अनुशीलन नगरीकन विद्या कहिल्यै पूरा हुन सक्तैन भनेका छन् । दुर्गम वेदशास्त्रको तात्पर्य ग्रहण गरी त्यसैको आदर्शमा जीवन-निर्माण गर्नु जनसाधारणको लागि सम्भव छैन र उसै पनि **स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा** हो वेद । यसै कारण वेदव्यासजीले जनताको कल्याणको लागि वेदमा निहित आध्यात्मिक निगूढ तत्त्वलाई पुराणमा विस्तृत रूपले नाना प्रकारका आख्यान र उपाख्यानद्वारा प्रकाशमा ल्याउनुभएको हो । पुराणमा भक्तिमहिमाको वर्णन विस्तृत रूपमा गरिएको छ । आर्ष आध्यात्मिक साधनाको क्षेत्रमा कर्म, ज्ञान र भक्ति मुक्तिका त्रिविध साधनाको रूपमा स्वीकृत हुँदै आएका छन् । साधकहरू आ-आफ्नो रुचि र अधिकारअनुसार तीमध्ये कुनै एक वा यिनको समन्वय भएको साधनाको अवलम्बन गरी निःश्रेयसको मार्गमा अग्रसर हुन्छन् । पुराणशास्त्रमा कर्मयोग, ज्ञानयोग र भक्तियोग-यी तीनै विषयको शिक्षा छन् तापनि भक्तियोगबाट मनुष्यको लागि तत्काल कल्याण हुने र त्यसको अनुसरण पनि सबै वर्णाश्रमका मानिसहरूले निर्विशेष रूपले सहजै गर्न सक्ने हुनाले भक्तियोगमा नै विशेष जोड दिइएको छ -

मार्गास्त्रयो मे विख्याता मोक्षप्राप्तौ नगाधिप ।
कर्मयोगो ज्ञानयोगो भक्तियोगश्च सत्तम ॥
त्रयाणामप्ययं योग्यः कर्तुं शक्योऽस्ति सर्वथा ।
सुलभत्वान्मानसत्वात् कायचित्ताद्यपीडनात् ॥

–देवीभागवत ७।३७।२

देवी भगवती भन्नुहुन्छ –'हे नगेन्द्र ! मोक्षप्राप्तिको निमित्त कर्मयोग, ज्ञान-योग र भक्तियोग –यी तीनै मार्ग प्रसिद्ध छन् । यी तीन प्रकारका योगमा भक्तियोग

नै अनायास प्राप्त हुन्छ; किनभने यो योग काय, चित्त आदिलाई पीडा नदिईकनै केवल मनोवृत्तिद्वारा सम्पादित हुन सक्तछ, यसकारण यो योग नै सुलभ हो भन्ने सम्झनुपर्दछ । **श्रीमद्भागवत**मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

यत् कर्मभिर्यत् तपसा ज्ञानवैराग्यतश्च यत् ।
योगेन दानधर्मेण श्रेयोभिरितरैरपि ।
सर्वं मद्भक्तियोगेन मद्भक्तो लभतेऽञ्जसा ।। ११।२०।३२

'कर्म, तपस्या, ज्ञान, वैराग्य, योग, दान, धर्म तथा तीर्थयात्रा, व्रत आदि अरू साधनाद्वारा जुन प्राप्त हुन्छ, मेरो भक्त भक्तियोगद्वारा यी सब अनायास नै प्राप्त गर्दछ ।'

पुराणले भक्तिमार्गको द्वार सबै वर्ण र सबै आश्रमको लागि खोलिदिएको छ । **श्रीमद्भागवत** उच्च स्वरमा भन्दछ –

अहो वत श्वपचोऽतो गरीयान् यज्जिह्वाग्रे वर्तते नाम तुभ्यम् ।
तेपुस्तपस्ते जुहुवुः सस्नुरार्याः ब्रह्मानूचुर्नाम गृणन्ति ये ते ।। ३।१३।७

'जसको जिब्रोको टुप्पोमा तिम्रो नाम छ, त्यो चाण्डाल भईकन पनि श्रेष्ठ हुन्छ । जसले तिम्रो नाम लिन्छ, त्यसले यथार्थ तपस्या गऱ्यो, अग्निमा यथार्थ हवन गऱ्यो, त्यसैले तीर्थमा स्नान गऱ्यो, त्यही आर्य (सदाचारी) हो, त्यसैले यथार्थमा वेदाध्ययन गऱ्यो ।

भक्ति र वर्णाश्रम–भगवद्भक्तिको अधिकार र वर्णाश्रम-धर्मबारे संक्षेपमा केही विचार गरौं । आजकल मानिसहरू प्रायः भन्ने वा सुन्ने गर्दछन्–'हामी विषमता हटाउँछौं, सबलाई समान पार्छौं, सम्पत्ति व्यक्तिको नभएर सम्पूर्ण राष्ट्रको हुनेछ, भोजन र वस्त्रको अधिकार सबलाई समान हुनेछ ।'

यो कुरा सुन्दा ज्यादै मीठो र आकर्षक लाग्दछ, तर त्यो व्यवहारमा ल्याउन ज्यादै गाह्रो छ । जब सबको स्वभाव, रूप-रङ्ग, लम्बाइ-चौडाइ, रुचि, बुद्धि, आकृति प्रकृति आदि कुनै कुरा पनि समान छैनन्, एकको स्वभाव अर्कोसँग मिल्दैन, एकको अनुहार अर्कोदेखि भिन्न छ, हस्ताक्षर पनि कसैको कसैसित मिल्दैन, यहाँसम्म कि हातका रेखा पनि सबका सब भिन्न छन्, जब **मुण्डे मुण्डे मतिर्भिन्ना** छ, तब तिमी सबलाई समान कसरी गर्न सक्तछौ ? सबैको जठराग्नि समान छैन, सबैको वात-पित्त-

कफजनित प्रकृति उस्तै छैन, सबैको भोजन, सबैको खाने रुचि र आहारको परिमाण समान छैन, तब ती सबलाई तिमी कसरी समान बनाउँछौ ? उच-नीच, साना-ठूलाको भेदभाव सधैंभरि रहिआएको छ, अहिले पनि छ र पछि पनि सदा रहने नै छ, किन्तु वर्णाश्रम-धर्ममा बडप्पन धनबाट मानिंदैन, त्यहाँ बडप्पनका कारण त्याग र सद्गुण हुन्; जो जति ठूलो त्यागी र सद्गुणी हुन्छ, समाजमा त्यो त्यति नै ठूलो, श्रेष्ठ र पूजनीय मानिन्छ र अरू मानिस त्यसका सहायक हुन्छन् ।

वर्णाश्रम-धर्ममा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र –यी चार वर्ण तथा ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास –यी चार आश्रम छन् । ब्राह्मणको मुख्य धर्म तप र त्याग हो, यसैले गर्दा ऊ सर्वश्रेष्ठ छ । क्षत्रियको धर्म प्रजापालन र त्याग हो । वैश्यको धर्म वाणिज्य र त्याग हो तथा शूद्रको धर्म सेवा र त्याग हो । त्यागको मात्रा निम्नवर्गमा न्यून हुने हुनाले ती वर्ग एक-अर्कोदेखि निम्न मानिएका हुन् । चार आश्रम चारै वर्णको लागि होइन । ब्राह्मण चार आश्रम धारण गर्न सक्तछ । संन्यासको अधिकार नहुनाले क्षत्रियलाई तीन, र वैश्यलाई ब्रह्मचर्याश्रम तथा गृहस्थाश्रम दुई आश्रम ग्रहण गर्ने अधिकार छ.र शूद्र केवल गृहस्थ हुन सक्छ। यसप्रकार त्यागलाई सम्पूर्ण समाजको लक्ष्य मानेर परम पदको प्राप्ति गर्नु नै यस धर्मको मुख्य ध्येय स्वीकार गरिएको छ–

चत्वारो ब्राह्मणस्योक्ता आश्रमाः श्रुतिचोदिताः ।
क्षत्रियस्य त्रयः प्रोक्ता द्वावेको वैश्यशूद्रयोः ।।

–वृद्धयाज्ञवल्क्य

वर्णाश्रम-धर्ममा ब्राह्मणको शीर्षस्थान छ । समाजको मुख हुनाले ब्राह्मण-लाई मुख्य भनेका हुन् । वर्णाश्रम-धर्ममा जन्म, कर्म र संस्कार मुख्य मानिएका छन् । जसको परम्परागत रूपमा द्विजको संस्कार हुँदै आएको छ, जसका आमा-बाबु दुवै द्विज छन् तिनै द्विजोचित संस्कार भएका मात्र द्विज कहलाउने अधिकारी हुन्छन् । तिनले आफ्नो कर्तव्यको पालन गरी आफ्नो वर्णको लागि बताइएको वृत्तिद्वारा नै आफ्नो आजीविका चलाउनुपर्दछ । उदाहरण– ब्राह्मणको कर्तव्य वेद पढ्नु, दान दिनु, यज्ञ गर्नु हो, अतः त्यसले आफ्नो आजीविका पनि वेद पढाएर, यज्ञ गराएर तथा दान लिएर गर्न सक्तछ । यसप्रकार उनका जम्मा छ कर्म छन् । क्षत्रिय र वैश्य वेद पढून्, दान दिऊन्, यज्ञ गरून्; तर वेद पढाउन सक्तैनन्, यज्ञ गराउन सक्तैनन्, न त दान नै लिन सक्तछन् । क्षत्रिय आफ्नो आजीविका, प्रजाको पालन गरी दण्ड र करद्वारा गर्न सक्तछ, वैश्य

कृषि-गोरक्षा र वाणिज्यद्वारा । ब्राह्मणले दान लिनु पनि उत्तम मानिएको छैन । तिनमा जो जति त्यागी हुन्छन्, ती त्यति नै श्रेष्ठ मानिन्छन् ।

स्वधर्मनिष्ठ शूद्र अर्को जन्ममा वैश्यको कुलमा जन्म लिन्छ, स्वधर्मनिष्ठ वैश्य अर्को जन्ममा क्षत्रियको कुलमा जन्म लिन्छ; तथा स्वधर्मनिष्ठ क्षत्रिय अर्को जन्ममा ब्राह्मणको कुलमा जन्म लिन्छ, र तपस्या गर्दा-गर्दै मर्ने स्वधर्मनिष्ठ तथा तपोनिष्ठ ब्राह्मण तपोलोक प्राप्त गरी त्यहाँबाट सत्यलोक गएर आफ्नो ज्ञानलाई पूरा गरेपछि क्रममुक्तिमा प्राप्त हुन्छ ।

वर्णाश्रम-धर्ममा उँच-नीचपन घृणाको दृष्टिले रहेको होइन । पूरा वर्णाश्रमको व्यवस्था शरीरको जस्तै छ । शरीरमा मुख, हात, खुट्टा, शिश्न, गुदा आदि सबै अङ्ग हुन्छन् । सबै अङ्ग शरीरकै त हुन् । किन्तु केही मुखमा हालिन्छ, कुनै जमीनमा हिंड्दछन्, कुनैलाई स्पर्श गरेपछि माटो लगाएर पानीले हात धुनुपर्दछ । चार वर्णबाहेक एक अर्को पञ्चम-वर्ण पनि हुन्थ्यो । त्यसमा दुई प्रकारका मानिस हुन्थे । एक त ती शूद्र हुन् जो सेवा छाडेर चोरी गर्न थालेका थिए, ब्राह्मण-क्षत्रियका चेलीबेटीहरूलाई हरण गरी लैजान्थे अथवा ब्रह्महत्या आदि अन्य जघन्य पाप गरेर पनि प्रायश्चित्त गर्दैनथे । समाज उनीहरूलाई हेय दृष्टिले हेर्दथे; उनका सन्तानहरूलाई गाउँबाहिर राख्थे, उनीहरूबाट फाँसी दिन लगाउनु, मलमूत्र सोहर्न लाउनु या यस्तै अन्य निम्न स्तरका काम गराउने गरिन्थ्यो । उनीहरूलाई छुनु वर्जित थियो । उनीहरू वर्णाश्रमबाट बहिष्कृत मानिन्थे । तथापि तिनीहरू समाजका एक अङ्ग नै थिए । उनीहरूबाट समाजको काम चल्थ्यो । यसकारण उनीहरूलाई पञ्चम वर्ण वा अतिशूद्र भन्ने गरिन्थ्यो । अर्को पञ्चम वर्णमा ती पनि हुन्थे, जो वनमा रहन्थे, जसका वर्णोचित संस्कार हुँदैनथे । जङ्गली जातिहरूमा निषाद, हूण, शवर, किरात, आन्ध्र, पुलिन्द, आभीर, यवन आदि अनेक वर्गका मानिस हुन्थे । तिनका घरद्वार प्रायः हुँदैनथे । यी मानिसहरू जङ्गलमा आफ्नो दल बनाएर घुम्ने गर्दथे ।

वर्णाश्रमीले कसैलाई दण्ड दिंदा वेदबाट बहिष्कार पनि गरिदिन्थे, अर्थात् वर्णाश्रम-धर्मबाट निकालिदिन्थे । राजा सगरले धेरैजसो जातिका क्षत्रियहरूलाई वेदबाट बहिष्कृत गरेर क्षत्रियत्वबाट च्युत गरिदिए । ती सब अर्को देशमा गएर यी दलमा मिल्न गए । भगवान् कृष्णका पुत्रमध्येबाट पनि कोही म्लेच्छका राजा भए । यिनमा क्षत्रियको संस्कार, बल-पौरुष, धर्मभावना त थियो नै, तथापि बडा मानिसहरूको

कोप-भाजन हुन गएर वर्णाश्रम-धर्मबाट निकालिएका थिए । त्यहाँ गएर यिनीहरूले विवाह पनि जङ्गली जातिसित गरे, किनभने वर्णाश्रमी तिनलाई आफ्ना छोरी दिन तैयार थिएनन्, किन्तु संस्कारचाहिं आफ्नो क्षत्रियको अनुसार नै गराउँथे । पुरोहित पनि उपलब्ध भइहाल्यो । राज्य पनि स्थापित गरे । बिस्तार-बिस्तार तिनमा कोही त वर्णाश्रम-धर्ममा मिल्न आए र कोही समुद्रपारका देशमा गएर बसे । आभीर र निषादहरू वनमा रहने भएकाले तिनलाई पञ्चम वर्ण भनेका हुन् । वर्णाश्रम-धर्मको पालन आसेतु-हिमालय–कन्याकुमारीदेखि काश्मीरसम्म नै हुन्थ्यो । समुद्रपार गएपछि द्विजातिले फेरि संस्कार गर्नुपर्दथ्यो । आज जुन राष्ट्र उन्नत मानिएको छ त्यसको इतिहास सबभन्दा बढीमा दुई-अढाई हजार वर्षको छ र पनि तिनीहरू सम्पूर्ण विश्वको इतिहासलाई नै यसैभित्र भित्र्याउन खोज्दै छन् । फलस्वरूप आर्यहरू मध्य एसियाबाट आउनु, केवल रङ्गको भरमा आर्य-द्रविड आदिको भेद हुनु आदि-आदि अनेक कल्पना-जाल फैलाइएको छ । तर तथ्य कुरो– मानव-सृष्टिको आरम्भ सर्वप्रथम भारतवर्षमा नै भएको हो र अनादि कालदेखि चल्दै आएको धर्म (सनातन धर्म) र संस्कृति मौलिक रूपमा वैदिक संस्कृति र धर्म हो । सम्पूर्ण पृथ्वीका मानिसले आचार र धर्मको शिक्षा यसै भारतबाट लिनुपर्दछ भन्ने कुरो मनुले स्पष्ट रूपमा उल्लेख गरेका छन्–

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।

–मनुस्मृति २।२०

भारतवर्षलाई छाडेर बाँकी सबै देशका मानिसहरू या त निषाद अर्थात् माछामा जीवन-निर्वाह गर्ने माझी थिए या वनमा पशुहरूलाई साथमा लिएर घुमेर हिंड्ने आभीर थिए । (तिनका इतिहासको आरम्भ माछा मार्ने वा चौरमा भेंडा-बाख्रा आदि पशु पाल्नेहरूबाट भएको छ । यसको स्पष्ट वर्णन तिनका धर्मग्रन्थ र लोकगीतमा पाइन्छ ।) यी सबसित ब्राह्मण-पुरोहित पनि रहन्थे, जो प्रायः सङ्गत-गुनाको फलस्वरूप तिनीहरूजस्तै आचरण गर्दथे र तिनीहरूसित उनीहरूले बिहावारी पनि चलाएका थिए । यी सबका सब भारतवर्षबाट नै द्वीप-द्वीपान्तरमा बस्न गए । विनाघरद्वारका यी सुखंवासीहरूका यात्रुदल घुमिरहन्थे, र यिनको मूल थलो यही देश थियो । भनाइको तात्पर्य के भने महाभारतकालभन्दा पहिले दुई प्रकारका मानिस थिए, वर्णाश्रमी आर्य र वर्णाश्रमरहित निषाद वा आभीर आदि अनार्य ।

भक्तिमार्ग वर्णाश्रम-धर्मको खण्डन गर्दैन, बरु समर्थन नै गर्दछ । किन्तु परम पदको अधिकारी केवल ब्राह्मण र क्षत्रिय नै हुन सक्तछन् भन्ने कुरो यसले मान्दैन । भक्तिमार्गको सिद्धान्त नै के हो भने तिमी कुनै पनि वर्णको होऊ, कुनै पनि आश्रममा किन नहोऊ, जहाँसुकै होऊ त्यही भगवद्भक्ति गर्नुको साथसाथै निष्काम भावले भगवान्को सेवा सम्झेर वर्णाश्रम-धर्मको पालन गर्दै कालक्षेपण गर्दछौ भने कालान्तरमा तिमी परमपदको अधिकारी हुन सक्तछौ । यदि भक्ति छैन भने तिमी चाहे ब्राह्मण होऊ, देवता होऊ, ऋषि होऊ, विद्वान् वा बहुज्ञ होऊ, भगवान् तिमीसित कहिल्यै प्रसन्न हुँदैनन् । यसको विपरीत यदि भक्ति छ भने तिमी चाहे ब्राह्मण होऊ, क्षत्रिय होऊ, वैश्य होऊ, शूद्र वा अन्त्यज नै किन नहोऊ, निर्मल भक्तिको प्रभावले तिमी परम पदका अधिकारी हुन सक्तछौ । विनाभक्ति सबै अपूर्ण छ–

नाऽलं द्विजत्वं देवत्वमृषित्वं वाऽसुरात्मजाः ।
प्रीणनाय मुकुन्दस्य न वृत्तं न बहुज्ञता ॥
न दानं न तपो नेज्या न शौचं न व्रतानि च ।
प्रीयतेऽमलया भक्त्या हरिरन्यद् विडम्बनम् ॥

–श्रीमद्भागवत ७।७।५१–५२

यदि किरात, हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन, खस तथा अन्य पापयोनिकाहरू पनि भगवान्को भक्तिको आश्रय लिन्छन् भने पवित्र हुन्छन् । भक्तिमार्गमा प्रपन्नतामाथि सबभन्दा बढी जोड दिइएको छ । सच्चा हृदयले मनुष्य मात्र होइन, कुनै पनि प्राणी भगवान्को शरणमा आएर अन्तःकरणले 'हे प्रभु ! म तिम्रो हुँ । तिम्रो शरणमा छु' भन्दछ भने त्यो सबभन्दा निर्भय हुन्छ र त्यसलाई अभयपद वा भगवल्लोकको प्राप्ति हुन्छ ।

किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः ।
येऽन्ये च पापा यदपाश्रयाश्रयाः शुद्ध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥

–श्रीमद्भागवत

सकृदेव प्रपन्नाय तवाऽस्मीति च याचते ।
अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम् ॥

–वाल्मीकीय रामायण

यसप्रकार भक्तिमार्गका आचार्यहरूले वर्णाश्रम-धर्मको खण्डन नगरीकन बरु त्यसलाई मान्यता दिंदै भगवद्भक्तिलाई नै सर्वोपरि मानेका छन् । अरू युगमा वर्णाश्रम-धर्मकै प्रधानता रहे तापनि यस कलियुगमा त भक्ति नै सर्वश्रेष्ठ मानिएको छ । भक्तिमा पनि भगवान्को नामकीर्तनको प्रधानता छ । यस कलियुगमा जो जहाँ होओस्, जुन वर्णमा होओस्, जुन आश्रममा होओस्, त्यहीं रहेर शुद्ध-सदाचारपूर्वक जीवन बिताउँदै भगवन्नामको स्मरण गरिरहन्छ भने त्यसले अवश्य पनि उत्तम गति प्राप्त गर्दछ । कलियुगको लागि यही नै सरल, सुगम, सर्वोपयोगी, सुन्दर साधन छ., परन्तु कलियुगका मानिसहरूको दुर्भाग्य– सर्वोत्तम गति प्राप्त गर्ने यस्तो सरल साधन पाएर पनि उनीहरू भगवन्नामको उच्चारण गरेर भगवान्को भक्ति गर्दैनन् । यसबाट दुःखित भएर भगवान् वेदव्यासले अत्यन्त पीडासाथ भन्नुभएको छ –

यन्नामधेयं म्रियमाण आतुरः
पतन् स्खलन् वा विवशो गृणन् पुमान् ।
विमुक्तकर्मार्गल उत्तमां गतिं
प्राप्नोति यक्ष्यन्ति न तं कलौ जनाः ।।

–श्रीमद्भागवत १२।३।४४

भक्तिको विषय भक्तिमार्ग र वर्णाश्रमको विषयमा विचार गरिसकेपछि अब हामी आफ्नो प्रकृतविषयतिर लागौं । अब वेदमा निषेधमुखले प्रतिपादन गरिएको ब्रह्म र पुराणहरूमा वर्णित भगवान्को विषयमा विचार गरौं । पुराणशास्त्रको विशेष महत्त्वपूर्ण कुरो के भने वेदले **नेति नेति** र **यतो वाचो निवर्तन्तो अप्राप्य मनसा सह** भनेर जुन परम तत्त्वलाई इन्द्रिय तथा मन-बुद्धिको लागि दुर्बोध्य र केवल उत्तम अधिकारी ज्ञानी साधकको लागि मात्र बोधगम्य रूपमा स्थापित गरेको छ, त्यही दुर्विज्ञेय चरम तत्त्वलाई पुराणहरूले भक्तिमार्गको साधनाद्वारा भक्तजनहरूका समस्त इन्द्रियहरूको लागि सुगम बनाइदिएको छ । **पद्मपुराण-उत्तरखण्ड**को **शिवगीता**मा श्रीराम भगवान् शङ्करसँग भन्नुहुन्छ– 'भगवान् शङ्कर ! हजूर स्वयं सच्चिदानन्द हुनुहुन्छ, निष्क्रिय हुनुहुन्छ, निस्तरङ्ग समुद्र जस्तै प्रशान्त निर्दोष, निःशङ्क, सर्वधर्मविवर्जित, मन-वाणीद्वारा अगोचर, सर्वत्र अनुस्यूत भएर प्रकाशमान रूपमा अवस्थित, आत्मविद्या र तपस्याद्वारा बोधगम्य, उपनिषत्का वाक्यहरूको तात्पर्यविषयभूत, अपरिच्छिन्न, सर्वभूतात्मस्वरूप, अदृश्य र दुर्विज्ञेयस्वरूप हुनुहुन्छ भने हजूरलाई कसरी प्राप्त गर्न

सकिन्छ, यो निश्चय गर्न नसकेकोले म व्याकुल भइरहेछु । भगवान् शङ्करले उत्तर दिनुभयो–

श्रुणु राजन् प्रवक्ष्यामि तत्रोपायं महाभुज ।
सगुणोपासनाभिस्तु चित्तैकाग्र्यं विधाय च ।
स्थूलसौराम्भिकान्यायात् तत्र चित्तं प्रवर्तयेत् ॥ १४।५

हे महाबाहो ! राम ! उपाय म भन्दछु, सुन– पहिले सगुण उपासनादि साधनद्वारा चित्त एकाग्र गरी **स्थूलसौराम्भिकान्याय**को अनुसार त्यसलाई मेरो निर्गुण स्वरूपमा लगाऊ । जलाशयसम्म जान सामर्थ्य नभएको, तिर्खाएको मानिसलाई मरीचिकाले पर-पर दौडाएर लैजान्छ र पछि जलाशयको नजीक हुँदा त्यहाँको साँच्चीकै पानी देखाइदिनुका साथै त्यसको तिर्खा पनि मेटिदिन्छ । यसैलाई **स्थूलसौराम्भिकान्याय** भन्दछन् । यसै गरी मुमुक्षु साधकलाई पहिले सगुण उपासनामा आरूढ गराएर चित्तशुद्धि भएपछि निर्गुणोपासनामा प्रवृत्त गराउनुपर्दछ । **अग्निपुराण**मा भनिएको छ–

साधूनामप्रमत्तानां भक्तानां भक्तवत्सलः ।
उपकर्ता निराधारस्तदाकारेण जायते ।
कार्यार्थं साधकानां च चतुर्वर्गफलप्रदः ॥

भक्तवत्सल भगवान्ले साधु र भक्त साधकहरूको निमित्त आफू स्वयं निराकार भईकन पनि तिनका उपास्य देवताको रूप लिएर आविर्भूत भई तिनका लागि उपकारक बनेर तिनलाई धर्म, अर्थ, काम र मोक्ष – यी चतुर्वर्गफल प्रदान गर्दछन् ।

पुराणमा अवतारवाद– अवतारवाद पुराण आदि हिन्दूशास्त्रको प्रधान अङ्ग हो । यस अवतारवादलाई केन्द्र बनाएर भक्तिसाधना र भक्तिधर्मले विशेष परिपुष्टि पाएको छ । पुराणले विश्वातीत ब्रह्मलाई मर्त्यलोकको भूमिकामा ल्याएको छ र सच्चिदानन्दमय भगवान्लाई मनुष्यको बीच पुत्र, भ्राता, सखा, प्रभु र गुरुरूपमा अवतीर्ण गरी भगवान् र मनुष्यको बीचको दुर्लङ्घ्य व्यवधानलाई अद्भुत कुशलताका साथ हटाइदिएको छ, अनि यसरी मनुष्यमा भागवत सत्ताको बोध जाग्रत् गरेर मानव-संस्कृतिलाई एक उच्चतर भूमिकामा प्रतिष्ठापित गरेको छ । यो विश्वमानव-संस्कृतिमा पुराण आदि हिन्दूशास्त्रको एक चिरस्थायी एवम् अविस्मरणीय देन हो ।

अवतारवादको सूचना वैदिक ग्रन्थमै देखिन्छ । पुराणमा विष्णुको वामन-अवतारको वृत्तान्त छ । ऋग्वेदमा पनि विष्णुले तीन पद प्रक्षेप गरी पृथ्वी, अन्तरिक्ष र द्युलोकलाई परिव्याप्त गरे भन्ने कुरो देखिन्छ ।

इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम् ।

– ऋग्वेद १।१२।१७।१८

यो बाहेक **शतपथब्राह्मण**-(१–२–५–१–७)-मा वामन-अवतारको प्रसङ्ग उठेको देखिन्छ । **शतपथब्राह्मण**-(१–८–१ । २–१७)-मा मत्स्यावतार, **तैत्तिरीयारण्यक** (१–२३–१) र **शतपथब्राह्मण**-(७–४–३–५)-मा कूर्मावतारको प्रसङ्ग र **तैत्तिरीय संहिता** (७।१।५।१), **तैत्तिरीय ब्राह्मण** (१–१–३५) र **शतपथब्राह्मण**-(१४–१–२–११)-मा वराह अवतारको उल्लेख गरिएको छ ।

पुराणशास्त्रको मतानुसार भगवान् आफ्नो भक्तप्रति अनुग्रह प्रकट गर्नको लागि नै मनुष्यरूपमा अवतीर्ण भई यस प्रकारको लीला गर्दछन् । यसको श्रवण र कीर्तन गरेर जीव सहजै भगवत्परायण हुन सक्तछ । यस लीलाको रसास्वादन गर्नु नै भक्तिको प्रकृष्ट साधन हो । **श्रीमद्भागवत**मा भनिएको छ–

अनुग्रहाय भक्तानां मानुषं देहमास्थितः ।
भजते तादृशीः क्रीडा याः श्रुत्वा तत्परो भवेत् ।। १०।३३।३७

वास्तवमा परम दयालु पूर्ण ब्रह्म परमात्माले सबमाथि अहैतुकी दया गरेर संसारको परम हितको लागि नै यहाँ अवतार अर्थात् जन्म लिन्छन् । भगवान् यति महान् छन् कि उनको महिमा वर्णन गर्न ब्रह्मा आदि देवता पनि आफलाई असमर्थ ठान्दछन् । **श्रीमद्भागवत**मा ब्रह्माले स्वयं भन्नुभएको छ–

सुरेष्वृषिष्वीश तथैव नृष्वपि
तिर्यक्षु यादस्स्वपि ते जनस्य ।
जन्मासतां दुर्मदनिग्रहाय
प्रभो विधातः सदनुग्रहाय च ।।
को वेत्ति भूमन् भगवन् परात्मन्
योगेश्वरोतीर्भवतस्त्रिलोक्याम् ।
क्व वा कथं वा कति वा कदेति
विस्तारयन् क्रीडसि योगमायाम् ।। १०।१४।२०–२१

'हे जगन्नियन्ता प्रभु! हे विधाता ! देवता, ऋषि, मनुष्य, तिर्यक् र त्यस्तै जलचर आदि योनिमा तिमी अजन्माको जुन अवतार हुन्छ, त्यो असत्पुरुषको मद मथ्न र सत्पुरुषमाथि कृपा गर्नको लागि नै हुन्छ । हे भगवन्! तिमी सर्वव्यापक परमात्मा र

योगेश्वर छौ, जुन समयमा तिमी आफ्नो योगमायाको विस्तार गरी क्रीडा गर्दछौ, त्यस समय तिम्रो लीला कहाँ, कसरी, कति र कहिले हुन्छ यो जान्ने मानिस पनि यी तीन लोकमा को छ ?'

उनै भगवान् हामीसँग खेल खेल्नको लागि हामीजस्तै भएर हाम्रो यस भू-मण्डलमा आउनु यो भन्दा बढी जीवको उपर भगवान्को अरू कुन कृपा होला ? उनी त कृपाका खानी नै हुन् । कृपा गर्नु उनको स्वभाव नै हो । कृपा नगरी कसैसित रहँदा पनि रहँदैनन् । यसकारण जब-जब भक्तमाथि विपत्ति आइपर्दछ, पृथ्वी पापको भारले दब्दछ, साधु पुरुष नराम्रोसित सताइएका हुन्छन्, तब-तब पृथ्वीका भार हटाउनको लागि भक्तको उद्धार गर्नको लागि, साधुहरूको रक्षा गरी दुष्टहरूको अत्याचारको दमन गरेर संसारमा पुनः धर्मको स्थापना गर्नको लागि समय-समयमा यस पृथ्वीमण्डलमा अवतीर्ण हुने गर्दछ । भगवान्ले स्वयं भन्नभएको छ–

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥
यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

–श्रीमद्भगवद्गीता ४।६–८

'म अजन्मा अविनाशिस्वरूप तथा सम्पूर्ण प्राणीको ईश्वर भईकन पनि आफ्नो प्रकृतिलाई अधीनमा राखी आफ्नो योगमायाद्वारा प्रकट हुन्छु । जब-जब धर्मको ग्लानि र अधर्मको वृद्धि हुन्छ, तब-तब म आफ्नो रूप रच्दछु, अर्थात् साकाररूप लिई मानिसको सामुन्ने प्रकट हुन्छु । साधुहरूको उद्धार र पापकर्म गर्नेहरूको विनाश गर्नको लागि म युग-युगमा प्रकट हुने गर्दछु ।'

भगवान् त सर्वशक्तिमान् छँदैछन्, तिनी जे गर्न पनि समर्थ छन्, अवतार नै नलिईकन पनि आफ्नो शक्तिद्वारा, आफ्नो सङ्कल्पद्वारा जे पनि गर्न सक्तछन् भने उनलाई अवतार लिइरहनुपर्ने आवश्यकता नै के छ भन्ने प्रश्न यहाँ उठ्तछ । कुरो बिल-कुल ठीक हो, भगवान् अवतार नलिईकन पनि गर्न सक्तछन् गरि पनि रहेछन्, तर मानिस-माथि विशेष दया गरी आफ्नो दर्शन, स्पर्श र भाषण आदिद्वारा सुगमतापूर्वक तिनीहरू-

लाई उद्धारको सुअवसर दिन र प्रेमी भक्तहरूलाई आफ्नो दिव्य लीलाको रसास्वादन गराउन यस पृथ्वीमा साकार रूपमा प्रकट हुने गर्दछन् । ती अवतार लिएका रूपको र तिनका गुण, प्रभाव, नाम, माहात्म्य र दिव्य कर्मको श्रवण, कीर्तन र स्मरण गरेर सब मानिस सहजैसित संसार-सागरदेखि पार हुन्छन् । यो काम विनाअवतार हुन सक्तैन । यसैनिमित्त भगवान् अवतार लिन्छन् । अर्को प्रश्न उठ्तछ– जुन भगवान् निराकार रूपमा सर्वत्र व्याप्त छन्, ती अल्प झैं कुनै एउटा देशमा कसरी प्रकट हुन सक्तछन्, यदि हुन्छन् भने त्यति समयको लागि अरू ठाउँमा उनको अभाव हुन सक्छ वा उनको शक्ति अत्यन्त सीमित हुन सक्छ– यो कुरो बुझ्नको लागि हामीले व्यापक अग्नि र प्रकट अग्निको दृष्टान्त लिनु आवश्यक छ । अग्नि निराकार रूपले सर्वत्र व्याप्त छ, यसकारण त्यसलाई चकमक पत्थर, दियासलाई आदिबाट चाहेको वेला प्रकट गर्न सकिन्छ । त्यसलाई एक ठाउँमा प्रकट गर्दा त्यतिवेला अर्को ठाउँमा त्यसको अभाव हुँदैन । किन्तु एकै समयमा त्यो कैयौं ठाउँमा प्रकट भएको देखिन्छ । जहाँ प्रकट भए पनि त्यसमा पूरा शक्ति रहेकै हुन्छ । यसरी नै भगवान् पनि निराकार रूपले सर्वत्र व्याप्त भईकन पनि कुनै पनि देश-विशेषमा आफ्नो पूर्ण सत्ताका साथ प्रकट हुन्छन्, र त्यससमय उनको अन्यत्र अभाव भएको हुँदैन; बरु एकै समयमा उनी कैयौं ठाउँमा प्रकट भएको कुरा शास्त्रमा कैयौं ठाउँमा आउँछ ।

श्रीमद्भागवतमा वर्णन गरिएको छ – एकपल्ट भगवान् श्रीकृष्ण द्वारकाबाट मिथिलापुरी आउनुभयो । त्यहाँका राजा बहुलाश्व भगवान्का अनन्य भक्त थिए । त्यहीं श्रुतदेव नाम गरेका एकजना ब्राह्मणभक्त पनि रहन्थे । दुवैजनाले भगवान्सँग आ-आफ्नो घर आउनको लागि प्रार्थना गरे । दुवै भगवान्को भक्तिमा एकभन्दा एक बढी थिए । यसकारण उनले ती दुवैको मन राख्न अर्कोले चाल नपाउने गरी एकै समयमा दुई रूप धारण गरेर एकै साथ ती दुवैको घर गएर दुवैलाई कृतार्थ गर्नुभयो–

भगवाँस्तदभिप्रेत्य द्वयोः प्रियचिकीर्षया ।
उभयोराविशद् गेहमुभाभ्यां तदलक्षितः ॥

–श्रीमद्भागवत १०।८६।२६

एक अर्को प्रसङ्ग पनि **श्रीमद्भागवत**मा आउँछ । भगवान् गृहस्थाश्रममा कसरी बस्नुभएको छ यो हेर्नको लागि देवर्षि नारद द्वारका गए । उनी अलग-अलग सब रानीहरूको महलमा गए र सबै ठाउँमा श्रीकृष्णले गृहस्थधर्मको यथोचित पालन गरि-

रहेको देखे । उनी बिहान उठेदेखि लिएर राति सुत्ने वेलासम्म दैनिक कृत्य सर्वत्र विधि-पूर्वक गर्दथे । नारद यो सब देखेर छक्क परे, भगवान्‌लाई प्रणाम गरी उनको स्तुति गर्दै ब्रह्मलोक गए (**श्रीमद्‌भागवत १०।६९।१३।१४**) ।

ब्रह्माको मोहको प्रसङ्गमा पनि भगवान् बाच्छा र गोपहरूको रूपमा रहनु-भएको र यसप्रकार एक वर्षसम्म अनेक रूपमा रहनुभएको कुरो **श्रीमद्‌भागवत**-(१०।१३)- मा आएको छ।

यस प्रकारको वर्णन भगवान् श्रीरामको सम्बन्धमा पनि आउँछ । श्रीराम लङ्का-विजय गरी चौध वर्षको वनवासको अवधि सकेर अयोध्या फर्कंदा उनले त्यहाँका नगरवासीहरूलाई आफूसित भेट्‌नको लागि अत्यन्त आकुल-व्याकुल देखेर असङ्ख्य रूप धारण गरी क्षणभरमा एकैसाथ सबैसित भेट गरे । **रामायण उत्तरकाण्डमा–**

प्रेमातुर सब लोग निहारी
कौतुक कीन्ह कृपाल खरारी ।
अमित रूप प्रकटें तेहि काला
जथाजोग मिले सर्बाहिं कृपाला ।
छन महिं सबही मिले भगवाना
उमा मरम यह काहुँ न जाना ।

भगवान्‌को लागि यो कुनै ठूलो कुरो होइन । जो यो समस्त विश्वलाई आफ्नो सङ्कल्पको आधारमा अड्याइरहेछन्, जो एक भईकन पनि लीलाद्वारा अनेक भएका छन्, ती यदि यसप्रकार एकै समयमा एकभन्दा बढी रूप धारण गर्छन् भने कुनै आश्चर्यको कुरो होइन । यो काम त एउटा सिद्ध योगी पनि गर्न सक्तछ भने भगवान् त योगेश्वरहरूका पनि ईश्वर र मायाका अधिपति हुन्, उनको लागि यस्तो गर्नु कुन गाह्रो काम हो र !

अब प्रश्न के हुन्छ भने भगवान्‌को अवतार के हाम्रो जन्मजस्तै कर्मद्वारा प्रेरित हुन्छ ? उनको शरीर पनि के हाम्रोजस्तै पञ्चभूतबाट बनेको मायिक हुन्छ ? यसको उत्तर के छ भने भगवान्‌को अवतारमा ती कुरो एउटा पनि हुँदैन । भगवान्‌को अवतार न त कर्मद्वारा प्रेरित भएर हुन्छ, न उनको शरीर नै पाञ्चभौतिक वा मायिक नै हुन्छ । उनको जन्म र उनको कर्म दुवै दिव्य अर्थात् अलौकिक हुन्छन् । उनी काल र कर्मदेखि सर्वथा पर भएकोले उनको अवतार कर्मद्वारा प्रेरित हुँदैन । कर्मको स्थिति

मायाभित्र छ र उनी मायादेखि सर्वदा अतीत छन् । अतः कर्मले उनको स्पर्श पनि गर्न सक्तैन । भगवान् स्वयं भन्नुहुन्छ–

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ।।

–श्रीमद्भगवद्गीता ४।१४

'कर्मको फलमा मेरो कामना छैन, यसकारण कर्म ममा लिप्त हुँदैन, यसप्रकार जो मलाई यथार्थ रूपमा जान्दछ, त्यो कर्महरूद्वारा बद्ध हुँदैन ।'

जब उनलाई तत्त्वतः जान्ने त कर्ममा बद्ध हुँदैन भने उनी कर्मको वश भएर जन्म लिन्छन् भन्ने कुरो त उठ्नै सक्तैन । उनी त स्वेच्छाले भक्तमाथि अनुग्रह गर्नको लागि शरीर धारण गर्ने गर्दछन् । यो कुरो जेलको दृष्टान्तद्वारा सही तरीकाले बुझ्न सकिन्छ । जेलभित्र कैदी पनि रहन्छन्, जेलका कर्मचारी पनि रहन्छन् र जेलमा अफिसर-जेलर पनि रहन्छन्, त्यस्तै कहिले-कहिले जेलमा मालिक राजा स्वयं पनि जेलको हाताभित्र जेलको निरीक्षण गर्न र कैदीमाथि अनुग्रह गर्नको लागि तथा तिनीहरूलाई जेलबाट मुक्त गर्नको लागि जान्छन् । तर राजा जानु र कैदी जानुमा भारी अन्तर छ । कैदी त्यहाँ राजाज्ञानुसार सजाय भोग्नको लागि जान्छ । तोकिएको समयसम्म उसले त्यहाँ आफ्नो इच्छाको विपरीत बाध्य भएर रहनुपर्दछ । किन्तु राजा त्यहाँ सजाय भोग्नको लागि होइन अपितु आफ्नो स्वतन्त्र इच्छाले जान्छन्, आफ्नो इच्छा भएसम्म त्यहाँ रहन्छन् । यस्तै प्रकारले भगवान् पनि प्रकृतिलाई वशमा राखेर आफ्नो स्वतन्त्र इच्छाले जन्म लिन्छन् र लीलाकार्य समाप्त भएपछि विनारोकटोक आफ्नो धाममा फर्केर जान्छन् ।

भगवान्को अवतार-विग्रह पनि हाम्रो शरीर झैं पञ्चभूतद्वारा बनेको मायिक हुँदैन, अपितु चिन्मयसच्चिदानन्दमय भएकोले त्यो अनामय र दिव्य हुन्छ । यस विषयमा ध्यान दिनुपर्ने अर्को कुरो छ– भगवान्को जन्म साधारण मनुष्यको जस्तो हुँदैन । भगवान् श्रीकृष्ण जब कारागारमा वसुदेव देवकीको सामु प्रकट भए, त्यस वेलाको **श्रीमद्भागवत**को प्रसङ्ग हेर्दा र विचार गर्दा मनुष्य थाहा पाउन सक्छ– उनको जन्म साधारण मनुष्यको झैं भएन ।

अव्यक्त सच्चिदानन्दघन परमात्मा आफ्नो लीलाद्वारा शङ्ख, चक्र, गदा, पद्मसहित विष्णुको रूपमा त्यहाँ प्रकट भए । प्रकट हुनु र पुनः अन्तर्धान हुनु उनको स्वतन्त्र लीला हो , त्यो हाम्रो उत्पत्ति र विनाश जस्तो होइन । भगवान्को त कुरा नै अनौठो

हुन्छ। एक सिद्ध योगी पनि आफ्नो योगबलले अन्तर्धान हुन्छ र पुनः त्यसै रूपमा प्रकट हुन्छ। किन्तु उसको अन्तर्धानको अवस्थामा उसलाई कसैले मरेको भन्ने सम्झँदैन। महर्षि पतञ्जलि आदि योगका ज्ञाता एक योगीको यतिसम्म शक्ति भएको कुरो बताउँछन् भने परमात्मा ईश्वरको लागि अन्तर्धान हुनु र पुनः प्रकट हुनु कुन ठूलो कुरो हो र! अवश्य नै भगवान् श्रीकृष्णको अवतार साधारण मानिसको सृष्टिमा जन्म लिएकै समान छ; परन्तु वास्तवमा त्यो जन्म थिएन, त्यो त उनको प्रकट हुनु थियो। यसकारण नै श्रीकृष्णले माता देवकीले प्रार्थना गर्दा आफ्नो चतुर्भुज रूपलाई अदृश्य गरी द्विभुज बालकको रूप धारण गरेका थिए।

इत्युक्त्वाऽऽसीद्धरिस्तूष्णी भगवानात्ममाया।
पित्रोः सम्पश्यतोः सद्यो बभूव प्राकृतः शिशुः ॥

—श्रीमद्भागवत १०।३।४७

यसो भनेर भगवान् हरि चूप लागे र माता-पिताले हेर्दा-हेर्दै आफ्नो माया-द्वारा तुरुन्तै एउटा साधारण बालकको रूपमा परिणत भए।

अर्जुनले प्रार्थना गर्दा भगवान् श्रीकृष्णले पहिले उनलाई आफ्नो विश्वरूप देखाएर पछि फेरि उनैले प्रार्थना गर्दा चतुर्भुज भगवान्को रूप धारण गरी अन्तमा द्विभुज मनुष्यको रूप लिएको वर्णन **श्रीमद्भगवद्गीता**को एघारौं अध्यायमा पनि आउँछ।

श्रीराम यसरी नै चतुर्भुज रूप धारण गरी माता कौशल्याको सामुन्ने प्रकट भई फेरि उनैले प्रार्थना गर्दा द्विभुज बालकको रूपमा बदलिएको कुरा **रामायण**मा पनि आउँछ। यसबाट भगवान् आफ्ना भक्तहरूको इच्छानुसार तिनलाई दर्शन दिएर अन्तर्धान हुन्छन् भन्ने कुरो स्पष्ट हुन्छ।

मनुष्य-शरीरको विनाश भएझैं भगवान्को दिव्य शरीरको पनि विनाश हुन्छ भन्ने ठान्नु हुँदैन। जुन शरीरको विनाश हुन्छ त्यो यहीं नै रहिरहन्छ, किन्तु देवकी-को सम्मुख प्रकट भएको चतुर्भुज रूप र अर्जुनको सम्मुख प्रकट भएको विश्वरूप तथा चतुर्भुज रूप अदृश्य भएपछि तिनलाई यहाँ खोजेर पाइँदैन। यति मात्र होइन, भगवान् श्रीकृष्णले जुन शरीर लिएर लोकहितको लागि यहाँ विभिन्न लीला गरेका थिए त्यो शरीर पनि अन्तमा फेला परेन। उनी आफूले लीला गर्ने गरको त्यही दिव्य शरीरसहित परम धाम गए। त्यसपछि पनि जब-जब भक्तहरूले उनको इच्छा गरे तब-तब त्यही श्यामसुन्दर विग्रहद्वारा पुनः प्रकट भई तिनीहरूलाई दर्शन दिएर कृतार्थ गरे र गर्छन्

पनि। उनको शरीरको विनाश भएको भए यसरी फेरि प्रकट हुनु सम्भव थिएन। यसबाट भगवान्‌को परमधाम-प्रयाणको अर्थ अन्तर्धान हो, मनुष्य-शरीरको विनाश जस्तो होइन त्यो भन्ने कुरो सिद्ध हुन्छ। **श्रीमद्भागवत**मा भनिएको छ–

लोकाभिरामां स्वतनुं धारणाध्यानमङ्गलम् ।
योगधारणयाऽऽग्नेय्याऽदग्ध्वा धामाऽऽविशत् स्वकम् ॥ (११।३१।६)

'धारणा र ध्यानको निमित्त अतिमङ्गलरूप आफ्नो लोकाभिरामा मोहिनी मूर्तिलाई योग-धारणाजनित अग्निद्वारा भस्म नगरीकन नै भगवान्‌ले आफ्नो धाममा प्रवेश गर्नुभयो।'

भगवान्‌को शरीर मायिक हुँदैन। यसको एक प्रमाण यो पनि छ– मायाको बन्धनदेखि सर्वथा मुक्त मुनिहरू पनि उनको त्रिभुवनलाई नै मोहित गर्ने रूप देखेर मुग्ध हुन्छन् र तिनलाई आफ्नो शरीरको सुधीबुधीसम्म पनि रहँदैन। यदि त्यो शरीर मायाद्वारा रचित त्रिगुणमय हुँदो हो त गुणदेखि सर्वथा माथि उठेका आत्माराम, आप्त-काम मुनिहरूको यो अवस्था किन हुने थियो ? अवतारको जन्म–कर्म अलौकिक (दिव्य) हुन्छ।

केनोपनिषत्मा एउटा अत्यन्त सुन्दर कथा छ। कुनै समयको कुरो हो, परब्रह्म परमात्माले देवताहरूलाई असुरहरूसित भएको संग्राममा जिताइदिए। देवताहरूलाई यस विजयमा भारी गर्व भयो। तिनीहरूले यो विजय आफ्नै पुरुषार्थले भएको हो भन्ठाने। यही हालत अरू जीवहरूको पनि छ। वास्तवमा गर्ने-गराउने सब भगवान् नै हुन्, तर पनि जीव आफूलाई अभिमानवश कर्ता सम्झन्छ र फस्छ, तर भगवान् त सर्वज्ञ र दर्पहारी छन्। उनले देवताहरूको अभिप्राय थाह पाए र तिनीहरूको अभिमान तोड्नको लागि एक अद्भुत यक्षको रूपमा तिनीहरूको सामुन्ने प्रकट भए। देवताहरू मायाले मोहित भए र यक्ष को हो भन्ने कुरो थाहा पाउन सकेनन्। भगवान् यदि आफूलाई छिपाउन चाहन्छन् भने उनलाई चिन्न सक्ने ताकत कसको ? उनले स्वयं नै कृपा गरी जसलाई चिनाउन खोज्दछन् ऊ मात्र उनलाई चिन्न सक्तछ, अरू होइन– **सो जानई जेह जनाई।** ती महामायावीले आफूलाई सहसा कसैले पनि चिन्न नसक्ने गरी यो मायारूपी पर्दाभित्र बडो कुशलतापूर्वक छिपाइराखेका छन्। भगवान्‌ले स्वयं **श्रीमद्भगवद्गीता**मा भन्नुभएको छ–

नाऽहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।

आफ्नो योगमायाद्वारा छिपेको म सबैको लागि प्रत्यक्ष हुन्नँ ।

इन्द्रले यक्ष को रहेछ भन्ने कुरो थाहा पाउनको निमित्त अग्नि र वायुलाई पालैसित उसकहाँ पठाए । 'सारा देवता उनैको शक्तिले काम गर्छन्, देवताहरूसँग जति पनि शक्ति छ त्यो सब उनैले दिएर भएको हो, उनको शक्तिविना त एक पत्ता पनि हल्लन सक्तैन' भन्ने कुरा बताउन यक्षले अग्निदेवताको सामुन्ने एउटा तृण राखिदिए र 'यो बाल' भने । सम्पूर्ण ब्रह्माण्डलाई नै जलाउने अभिमान गर्ने अग्निदेवता आफ्नो पूरा ताकत लगाउँदा पनि त्यो सानो तृण जलाउन नसकी आखिर लज्जित भएर त्यसै फर्के । यसपछि वायुदेवताको पालो आयो । उनमा पनि म पृथ्वीभरको पदार्थलाई उडाएर लैजान सक्तछु भन्ने अभिमान थियो । तर यिनले पनि त्यो तृण उडाउन सकेनन् । उडाउन सकून् पनि कसरी ? तिनको शक्ति जति सब ब्रह्म- (जो त्यस शक्तिका उद्गमस्थान हुन्)-ले उनबाट खोसेर लिएका थिए, फेरि उनीभित्र के पो बाँकी थियो र जुन शक्तिको आधारमा उनी कुनै काम गर्न सकून् । भगवान्का भक्तहरूको सम्मुख पनि अग्नि आदि देवताको शक्ति कुण्ठित हुन्छ । एकफेर भक्त प्रह्लादको सामुन्ने पनि अग्निको कुनै जोर चल्न सकेन, अग्नि पनि भक्तको प्रभावले पानी झैं शीतल हुन गएको थियो– **पावकोपि सलिलाऽयतेऽधुना ।**

अबको पल्ट इन्द्र स्वयं यक्षकहाँ गए । यिनलाई देख्नेबित्तिकै यक्ष अन्तर्धान भए । यत्तिकैमा हैवमती उमादेवी (पार्वती) त्यहाँ प्रकट भइन् र जुन यक्ष अहिले भर्खर तिम्रा आँखाबाट ओझेल भयो, त्यो ब्रह्म नै थियो भन्ने कुरो इन्द्रलाई बताइन् । त्यसपछि इन्द्रका आँखा खुले र हाम्रो अभिमान चूर्ण गर्नको लागि नै ब्रह्मले यो लीला रचेका रहेछन् भन्ने कुरो तिनीहरूले बुझे । (**केनोपनिषत्, ख० ३**) । यसप्रकार भगवान्को साकार विग्रहको कुरो केवल पुराणादि ग्रन्थमा नै आएको छ भन्ने होइन, ब्रह्म साकार रूपमा प्रकट हुने कुरा उपनिषत्मा पनि आउँछ । **गीता**को अतिरिक्त **महाभारत**मा अवतारवादका अरू पनि कैयौं पोषक प्रसङ्ग पाइन्छन् । तीमध्ये एक प्रसङ्ग यहाँ दिइन्छ । महाभारतयुद्ध समाप्त भएपछि भगवान् श्रीकृष्ण द्वारका फर्कन लाग्दा महातेजस्वी उत्तङ्क मुनिसित उनको भेट हुन गयो । कुरै-कुरामा मुनिलाई श्रीकृष्णले कौरव र पाण्डवहरूका बीच सन्धि गराउन सकेनन् र दुवैको घमासान युद्ध हुँदा त्यसमा कौरवहरू मारिए भन्ने कुरो के थाहा हुन गएको थियो उनको श्रीकृष्णमाथि एकदम क्रोध उठिहाल्यो उनले भने– कृष्ण ! कौरव तिम्रा सम्बन्धी थिए, तिमीले चाहेका भए युद्ध रोक्न सक्ने थियौ

र यसप्रकार तिनको रक्षा गर्न सक्ने थियौ। परन्तु शक्ति भईकन पनि तिमीले तिनीहरूको रक्षा गरेनौ, यसकारण म तिमीलाई सराप दिन्छु।'

मुनिको क्रोधले भरिएको यो वचन सुनेर श्रीकृष्णले मनमनै हाँसेर भने– 'कुनै पनि पुरुषले तप गरेर मेरो पराभव गर्न सक्तैन। तिम्रो तप खेर जाओस् भन्ने म चाहन्नँ। पहिले तिमी म को हुँ भन्ने कुरो थाहा पाऊ, अनि मात्र मलाई सराप दिने विचार गर।'

यति भनेर भगवान् श्रीकृष्णले आफ्नो महिमा वर्णन गर्दै मुनिलाई भने– 'हे मुनिश्रेष्ठ ! सत्त्व, रज, तम –यी तीन गुण ममा आश्रित छन्, र रुद्र र वसुहरू पनि मबाट उत्पन्न भएका हुन्– यो कुरो तिमी जान। सारा भूत ममा स्थित छ र म सब भूतमा स्थित छु, तिमी यो कुरा राम्ररी बुझ। दैत्य, गन्धर्व, सर्प, राक्षस, नाग र अप्सराहरू पनि मबाट उत्पन्न भएका हुन् भन्ने बुझ। मानिसहरू जुन सत्-असत्, व्यक्त-अव्यक्त तथा क्षर-अक्षरको नामले पुकार्दछन्, ती सब मेरै रूप हुन्। चार आश्रमको जुन धर्म बाट भनिएको छ, त्यो र वैदिक कर्म पनि मैरै रूप हुन्। प्रणव आरम्भ हुने वेद, हवन-सामग्री, हवन गर्ने होता र अध्वर्यु –यी सबै म नै हुँ भन्ने बुझ। उद्गाता सामगानद्वारा मेरै स्तवन गर्दछन्। प्रायश्चित्तमा शान्तिपाठ र मङ्गलपाठ गर्ने पनि मेरै स्तुति गर्दछन्। धर्मको रक्षाको लागि र धर्मको स्थापनाको लागि म धेरै नै योनिमा अवतार लिन्छु। म नै विष्णु हुँ, म नै ब्रह्मा हुँ, म नै उत्पत्ति र प्रलयरूप हुँ। सम्पूर्ण भूतलाई सृष्टि गर्ने, संहार गर्ने मै हुँ। जब-जब युग पल्टन्छ, तब-तब म प्रजाको हित गर्ने इच्छाले विभिन्न योनिमा जन्म लिएर धर्मको मर्यादा स्थापित गर्दछु। म देवयोनिमा छँदा देवताले गर्ने व्यवहार गर्दछु, गन्धर्वयोनिमा लीला गर्दा गन्धर्वकै जस्तो व्यवहार गर्दछु, नागयोनिमा भएको वेला नागहरूकै जस्तो आचरण गर्दछु र यक्ष आदिको योनिमा रहँदा ती-ती योनिका-हरूकै जस्तो व्यवहार गर्दछु। अहिले म मनुष्ययोनिमा भएकोले मनुष्यकै जस्तो आचरण गर्दछु। त्यसकारण मैले कौरवकहाँ गएर उनीहरूसित सन्धिको लागि अनुनय-विनय गरें; परन्तु मोहले अन्धा भएका तिनीहरूले मेरो एउटा कुरो पनि खाएनन्। मैले तिनीहरूलाई डर देखाएर पनि मार्गमा ल्याउने प्रयास गरें; तर अधर्मले अभिभूत भएका र कालचक्रमा फँसेका तिनीहरूले नमानी युद्ध गर्दा आखिर त्यसमा तिनीहरू मारिए। भगवान् श्रीकृष्णको यो वचन सुनेर मुनिका आँखा खुले। त्यसपछि मुनिले प्रार्थना गर्दा भगवान् श्रीकृष्णले उनलाई अर्जुनलाई देखाएजस्तै विराट् रूप देखाए (**महाभारत अश्वमेधपर्व** ५३–५५)।

यस प्रसङ्गबाट भगवान् मनुष्ययोनिमा मात्र होइन, अरू योनिमा पनि अवतार लिन्छन् भन्ने सिद्ध हुन्छ, किनभने योनि सब उनैको हो। सबै रूपमा उनी नै लीला गरिरहेछन्। भगवान्का मत्स्य, कूर्म, वराह, नरसिंह, वामन आदि अवतार यसै प्रकारका अवतार थिए, जसको पुराणमा विस्तृत वर्णन पाइन्छ। यसको अतिरिक्त भगवान्को एक अवतार अर्को पनि छ। यसलाई **अर्चावतार** भन्दछन्। पूजाको निमित्त धातु, ढुङ्गा माटो आदिबाट भगवान्को जुन प्रतिमा बनाइन्छ तिनलाई भगवान्को **अर्चाग्रिवह** भन्दछन्। कहिलेकाहीं उपासकको प्रेमको बल र दृढ निष्ठाद्वारा यी मूर्तिहरू चेतन हुन्छन्, हिंडडुल गर्न, हाँस्न लागेजस्ता देखिन्छन्। यस **अर्चाविग्रह**मा भगवान्को शक्तिको अवतरण हुने हुनाले यसलाई **अर्चावतार** भन्दछन्। यस्ता अनेक भक्तका चरित्रको उल्लेख गरिएको पाइन्छ, जसका इष्टमूर्तिहरू तिनीहरूसँग चेतनवत् व्यवहार गर्दथे। यीमध्ये कुनै पनि अवतारको आश्रय लिई भगवान्को भक्ति गऱ्यो भने उनको कृपा सहजैसित प्राप्त गरी त्यसबाट कृतकृत्य हुन सकिन्छ।

पुराणमा एकेश्वरवाद– पुराण हामीलाई शिक्षा दिन्छ– एकै अद्वितीय परिपूर्ण भगवान् विभिन्न विचित्र लीला गर्न र विभिन्न रुचि, स्वभाव र अधिकारले सम्पन्न साधकको कल्याणको निमित्त अनेकौं विचित्र रूपमा प्रकट भएका छन्। आ-आफ्नो रुचि र शिक्षानुसार जुन साधक जुन नाम र रूपलाई इष्ट मानेर भजन गर्दछ, त्यो त्यही नाम र रूपको अवलम्बन गरी सम्पूर्ण-रूपमय एकमात्र भगवान् प्राप्त गर्दछ। एक अद्वितीय ब्रह्मतत्त्व नै गुण र क्रियाको भेदले अनन्त नाम र अनन्त रूपमा विभक्त भइरहेछ। यसै तत्त्वलाई **देवीपुराण**मा दृष्टान्तद्वारा यसप्रकार बुझाउने काम भएको छ–

यथा तु व्यज्यते वर्णैर्विचित्रैः स्फटिको मणिः ।
तथा गुणवशाद् देवी नानाभावेषु वर्ण्यते ॥
एको भूत्वा यथा मेघः पृथक्त्वेनाऽवतिष्ठते ।
वर्णतो रूपतश्चैव तथा गुणवशाज्जया ॥

–देवीपुराण ३७।९४–९५

'जसरी एकै स्फटिकमणि नाना प्रकारको वर्णमा प्रकाशित हुन्छ, त्यसै गरी देवी भगवती पनि सत्त्वादि गुणको तारतम्यले गर्दा अनेक भावमा वर्णित हुन्छिन्।

एउटै मेघ जसरी वर्ण र आकृतिअनुसार पृथक्-पृथक् रूपमा अवस्थित छ, त्यसरी नै देवी एक भईकन पनि गुणको परिवेशमा पृथक्-पृथक् रूपमा अवस्थित हुन्छिन् ।'

विभिन्न पुराणमा ब्रह्मा, विष्णु र शिवको महिमाको वर्णन गरिएको छ; किन्तु एउटै परम तत्त्वको त्रिविध प्रकाश छ र ती स्वरूपतः अभिन्न छन् भन्ने कुरो पनि पुराणशास्त्रमा वारंवार घोषित गरिएको छ ।

रजः सत्त्वं तमश्चेति पुरुषं त्रिगुणात्मकम् ।
वदन्ति केचिद् ब्रह्माणं विष्णुं केचिच्च शङ्करम् ॥
एको विष्णुस्त्रिधा भूत्वा सृजत्यत्ति च पाति च ।
तस्माद् भेदो न कर्तव्यस्त्रिषु देवेषु सत्तमः ॥

–पद्मपुराण २।५–६

'सत्त्व, रज र तम - यी तीन गुणलाई नै शरीरको रूपमा धारण गर्ने पुरुषलाई कोही ब्रह्मा, कोही विष्णु र कोही शङ्कर नामले निर्देश गर्दछन् । फलतः एउटै सर्वव्यापी पुरुष त्रिविध रूपमा सृष्टि, स्थिति र संहार गर्दछ । यसकारण ज्ञानी पुरुष उपर्युक्त देवत्रयमा भेदबुद्धि गर्दैन ।'

विष्णुपुराणमा लेखिएको छ–

सृष्टिस्थित्यन्तकरणाद् ब्रह्मविष्णुशिवात्मिकाम् ।
स संज्ञां याति भगवानेक एव जनार्दनः ॥ (१।२।६२)

'एकमात्र भगवान् जनार्दनलाई नै सृष्टि, स्थिति र संहाररूप क्रियाको भेदले शिवसंज्ञा प्राप्त हुन्छ ।'

सम्प्रदाय-भेद– ज्ञानमार्गको साधनामा एक अद्वितीय ब्रह्मको मात्र मनन, निदिध्यासन आदि गर्ने विधान छ, तर भक्तिमार्गमा विष्णु, शिव, शक्ति, सूर्य र गणपतिलाई केन्द्र गरी क्रमशः वैष्णव, शैव, शाक्त, सौर र गाणपत्य यी पाँच उपासक सम्प्रदाय प्रचलित छन् र तिनका मतको परिपोषण गर्न विभिन्न पुराण, उपपुराण आदिको रचना भएको छ । यी पाँच उपासक सम्प्रदायमा वैष्णव, शैव र शाक्त – यी तीन सम्प्रदायले विशेष प्राधान्य प्राप्त गरे र प्रत्येकले भक्तिमार्गको साधनामा जोर दिएर आ-आफ्नो सम्प्रदायअनुसार भक्तिमार्गको साधनाको विशेष-विशेष प्रणाली र पद्धति बनाए । पुराणशास्त्रले साधकको उपासनामा सुविधाको लागि आ-आफ्नो इष्टदेवतामा निष्ठा तथा सम्प्रदायको मौलिक एकता र उपास्य देवताको स्वरूपतः अभिन्नताको

विषयमा दृढ रहने शिक्षा दिएको छ । **स्कन्दपुराण**को गणना **शैवपुराण**मा गरिन्छ । यसमा शिवले आफ्नो श्रीमुखबाट शिव र विष्णु स्वरूपतः अभिन्न हुन् भन्ने घोषणा गरेका छन् –

यथा शिवस्तथा विष्णुर्यथा विष्णुस्तथा शिवः ।
अन्तरं शिवविष्णोश्च मनागपि न विद्यते ।।

काशीखण्ड २३।४१

प्रथम श्रेणी–नैतिकता, सदाचार र शिष्टाचार– सगुण उपासनाको प्रथम श्रेणीमा नैतिकता, सदाचार र शिष्टाचारको मुख्य स्थान छ । जुन पुरुषको आहार-व्यवहार नियमित छैन; त्यो भुक्तिमार्गमा कहिल्यै अग्रसर हुन सक्तैन । यो उपासनाको विघ्न हो । यसकारण आहार-व्यवहारलाई नियमित गरी दिनचर्यालाई शुद्ध गर्नु अत्यावश्यक छ । भगवान्‌ले भन्नुभएको छ–

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ।।

–श्रीमद्‌भगवद्‌गीता ६।१७

'जसको आहार-विहार नियमित छ, कर्ममा चेष्टा नियमित छ, र जसको पुत्नु र जाग्नु नियमित छ, त्यसैलाई योग दुःखनाशक हुन्छ (योग शब्दको अर्थ जोडिनु हो, जुन चेष्टाहरूद्वारा मन भगवान्‌सँग जोडिन्छ, ती नै योग शब्दवाच्य हुन्; कर्मयोग, भक्तियोग र ज्ञानयोग यसका भेद मानिन्छन्) ।

द्वितीय श्रेणी–श्रवणभक्ति– यसप्रकार आहार-विहार नियमित राखेर भगवद्‌गुणानुवाद वा भगवद्‌भक्तहरूका चरित्रको निरूपण भएको सद्‌ग्रन्थहरूको अभ्यास गर्नु तथा सत्यप्रिय र मत-मतान्तर अथवा पन्थ-पन्थीको आग्रह नराख्ने, स्वयं जीवनका उपर्युक्त श्रेणीहरू नाघिसकेको र स्वानुभवबाटै अधिकारीको अधिकारानुसार भक्ति-तत्त्वको निरूपण गर्न सक्ने सत्पुरुषहरूको सङ्गत गर्नु–बस, यही उपासनाको **श्रवणरूप द्वितीय श्रेणी** हो । अब जसरी शरीरको पुष्टिको लागि प्रतिदिन अन्नादिको सेवन आवश्यक छ, त्यसै गरी भक्तिको पुष्टि गर्न पनि मनलाई सधैं शुद्ध भावको भोजन उपलब्ध हुनु आवश्यक छ । यो भोजन भावुक पुरुषहरूको सत्सङ्ग र शास्त्रश्रवणद्वारा प्राप्त हुन सक्तछ ।

भक्ति स्वतन्त्र सकल सुख खानी ।
बिनुसत्सङ्ग न पावहिं प्राणी ।।
पुण्य पुञ्जबिनु मिलहिं न सन्ता ।
सत्सङ्गति संसृति करि अन्ता ।।
जलचर थलचर नभचर नाना ।
जे जड चेतन जीव जहाना ।।
मति कीरति गति भूति भलाई ।
जे जेहि जतन जहाँ जब पाई ।।
सो जानहु सत्सङ्ग प्रभाऊ ।
लोकहु वेद न आन उपाऊ ।।

सच्छास्त्रको श्रवण र सत्सङ्गको फल के हुन्छ भने त्यसले गर्दा जन्म-जन्मा-तरदेखि हृदयमा भरिंदै आएको विरोधी संस्कारजति सब हटेर असम्भावना-दोषको निवृत्ति भई त्यसमा भगवत्सम्बन्धी संस्कार भरिंदै आउँछ र सांसारिक वस्तुहरूबाट सुख-साधनताबुद्धि निवृत्त भएर 'भगवान् नै एकमात्र सुखस्वरूप हुन्' भन्ने निश्चय हुन्छ, किनभने संस्कार नै जीवको लागि मुख्य वस्तु हो। जस्तो-जस्तो संस्कार हुन्छ त्यस्तै-त्यस्तै जीवको चेष्टा, गति र दृष्टि हुन्छ । जस्तो भित्र भरिन्छ; त्यस्तै बाहिर निस्कन्छ । सिनेमाको खेलमा जस्तो-जस्तो रूप भित्र फिल्ममा सूक्ष्म रूपले रहेको हुन्छ त्यस्तै बाहिर पर्दामा स्थूल रूपमा देखिन्छ । यसप्रकार जस्तो संस्कार जीवभित्र सूक्ष्म रूपले रहेको हुन्छ, त्यस्तै स्थूल रूपमा त्यसले संसारलाई बाहिर देख्तछ ।

तृतीय श्रेणी–कीर्तनभक्ति– उपासनाको तृतीय श्रेणी हो कीर्तनभक्ति । जे-जति सत्सङ्ग वा सच्छास्त्रको श्रवण गरिन्छ, परस्परमा मिलेर त्यसैको कथन वा चर्चा गर्नु र वारंवार भगवान् वा भगवद्भक्तहरूको गुणानुवादको गायन गर्नुलाई कीर्तन-भक्ति भन्दछन् । जुन संस्कार उपर्युक्त सत्सङ्ग वा सच्छास्त्रद्वारा मृदु रूपले हृदयमा घुसाइएको हुन्छ; त्यो दृढमूल भएर फुल्न फल्न योग्य होओस् –यही कीर्तनभक्तिको उद्देश्य हो । यो कीर्तनभक्ति ती संस्कारमा जलसिञ्चनरूप छ। कीर्तनद्वारा चित्तमा ठूलो प्रभाव पर्दछ । श्रद्धा वा भावनायुक्त भक्तको चित्तलाई कीर्तनले स्तब्ध गरिदिन्छ ।

चतुर्थ श्रेणी–स्मरणभक्ति अथवा नाममहिमा– उपासनाको चतुर्थ श्रेणी स्मरणभक्ति हो, अर्थात् भगवान्को नामलाई वारंवार प्रेमपूर्वक व्यवधानरहित उच्चा-

रण गर्नुलाई जप पनि भन्दछन् । भगवान् श्रीकृष्णले गीतामा जपलाई यज्ञरूपले आफ्नो विभूतिमा आफ्नै रूपले वर्णन गर्नुभएको छ र सब यज्ञमा जपयज्ञलाई बढी महत्त्व दिनुभएको छ– **यज्ञानां जपयज्ञोऽस्मि** ।

सब शास्त्र, मत र पन्थमा मुक्तकण्ठले नामको महिमा गाइएको छ । आधुनिक कालमा भिन्न-भिन्न पन्थका सञ्चालक अवतारस्वरूप महापुरुष र सन्त तथा आचार्यहरूले नामको महिमालाई लिई आ-आफ्नो अनुभव उद्गार चित्ताकर्षक रूपले प्रकट गरी ग्रन्थ-का-ग्रन्थ नामको गुणानुवादले भरेका छन् । संसारमा नाम र रूप, अर्थात् शब्द र अर्थ दुवै वस्तु छन् । नाम र शब्द पर्याय हुन् र रूप र अर्थ एउटै वस्तुका द्योतक हुन् । समस्त प्रपञ्चरूप संसार नाम र रूपको अन्तर्गत रहेको छ। घट यो दुई अक्षर भएको शब्द नाम हो र घट शब्दको अर्थ माटोको भाँडोविशेष हो, त्यो त्यसको अर्थ वा रूप हो । यसै गरी यावत् प्रपञ्च नाम-रूपभित्र रहेको छ, नाम-रूपको बाहिर त केही पनि छैन । विचार गरी हेरेमा रूपको भन्दा नामको महिमा बढी छ–

१. घटरूपको सम्बन्ध एक घटव्यक्तिसित नै छ र घट नामको सम्बन्ध समष्टि घटहरूसित छ, अतः रूपभन्दा नाम व्यापक छ ।

२. रूप स्थूल छ र नाम सूक्ष्म । अर्थात् रूप विषय हो वा प्रकाश्य, नाम विषयी हो वा प्रकाशक, अतः रूपभन्दा नाम सूक्ष्म छ । यो नियम के भने स्थलभन्दा सूक्ष्ममा शक्ति बढी हुन्छ, जस्तो बरफमा भन्दा पानीमा र पानीमा भन्दा बाफमा बल अधिक हुन्छ । अतःरूपजगत्भन्दा नामजगत् बढी प्रभावशाली छ ।

३. नामविना रूपको सिद्धि नै हुन सक्तैन, अर्थात् नामविना हातले समातेको वस्तुको रूप पनि थाहा हुँदैन ।

रूप विशेष नाम बिनुजाने ।
करतलगत न परहिं पहिचाने ।।

कसैलाई भेट्न खोज्दा ऊ हाम्रो सामुन्ने आएर उभिए तापनि उसको नाम थाहा छैन भने उसलाई हामी चिन्न सक्तैनौं । उसको नाम थाहा पाएपछि भने उसप्रति हाम्रो प्रेम एकाएक हुन थाल्दछ । यो नामकै महिमा हो ।

४. नामविना संसारमा कुनै क्रिया-चेष्टा हुन सक्तैन । नाम नरहने हो भने सारा संसार जड रूपमा स्थित हुन्छ । शब्दको प्रयोग नगरी कसैलाई आफ्नो भाव प्रकट

गर्न सकिंदैन, न कसैलाई कुनै काम नै अह्राउन सकिन्छ, यहाँसम्म कि आफैसित भएको वस्तु पनि नामविना आफ्नो हातमा लिन सकिंदैन ।

५. संसारमा जुन विद्युत्बाट अनेकौं काम भइरहेछ, त्यो संसाररूपी स्थूल विद्युत्भन्दा नामरूपी विद्युत् बढी प्रभावशाली छ । नामको प्रभावले कोमललाई कठोर र कठोरलाई कोमल बनाउन सकिन्छ । प्रेमको उद्गारले पूर्ण नामद्वारा पत्थरलाई पनि पगालेर पानीको रूपमा बगाउन सकिन्छ र क्रोधावेशपूर्ण नामद्वारा पानीमा पनि आगो प्रकट गर्न सकिन्छ, तर स्थूल विद्युत्बाट यो काम हुन सक्तैन। उद्धव मथुराबाट कृष्णको सन्देश लिएर व्रजमा गोपीहरूलाई योगको उपदेश दिन आउँदा गोपीहरूको प्रेमविरहरूपी वचन सुनेर यति प्रभावित भए कि उनको आफ्नो सुधीबुधी हरायो र ज्ञानध्यान पनि हरायो । गोपीहरू भन्दछन्– 'हे उद्धव ! प्रियविना ती प्रियको चिट्ठी कहाँ राख्ने ? छातीमा राखौं भने जलेर जानेछ, आँखामा राखौं भने पनि भिजेर गल्नेछ।' अझै पनि त्यो विरहको चित्रले प्रेमीहरूको मण्डलीलाई कीर्तनद्वारा विह्वल पार्न सक्तछ।

पाठकवर्ग अलि ध्यान दिईकन सुन्नुहोस्– ज्ञानका अभिमानी उद्धवको सम्मुख गोपीहरूले कति मधुर व्यङ्ग्य वचनद्वारा कपटी कृष्णको तुलना भमरासित गरिरहेका छन् र जुन-जुन पदार्थमा श्यामवर्ण लागेको छ ती सबमा कपट र कृतघ्नताको आरोप गरी अन्तमा त्यस कृष्णवर्णलाई नै कति विचित्र रसमय भावद्वारा तिरस्कार गरिरहेछका छन् । **श्रीमद्भावगत**को **भ्रमरगीतमा** यसको कति सुन्दरवर्णन छ ! सृष्टिको आदिदेखि अनन्त ऋषि-मुनिहरूको सुन्दर भाव र विचार नामको फोटोरूप पदहरूद्वारा श्रुति-स्मृति आदिको रूपमा हामीकहाँसम्म पुऱ्याइएका छन् र पुगिरहनेछन्– यो सब नामकै प्रभाव हो । भगवान्को सन्देश **श्रीमद्भगवद्गीता** नामले सम्पूर्ण वायुमण्डललाई व्याप्त गरेर रहेको छ र सम्पूर्ण ब्रह्माण्डमा आफ्नो ध्वनिको गुञ्जन गरिरहेछ। यस शब्दब्रह्मलाई मेरो हार्दिक नमस्कार छ ।

६. नामी (रूप-अर्थ) नष्ट भए पनि नाम शेष रहन्छ र नामी एउटा देशमा स्थित रहे पनि नाम देशदेशान्तरमा व्याप्त भएर रहन्छ, यसकारण नामीभन्दा नाम धेरै देश-कालमा व्याप्त रहेको हुन्छ ।

७. जुन रूपको श्रवणजनित अथवा नेत्रजनित संस्कार हृदयमा हुन्छ, त्यस नामको यस्तो अद्भुत प्रभाव हुन्छ कि त्यसको उच्चारण गर्नासाथै त्यसले आफ्नो रूप, गुण, कर्म र स्वभावको संस्कार हृदयमा उद्बुद्ध गरेर त्यो रूप, गुण, कर्म र स्वभावको

चित्र आँखाको सामुन्ने ल्याइदिन्छ। यसबाट तुरुन्त नै तत्सम्बन्धी विचित्र भावको सञ्चार हुन थाल्दछ। नामको उच्चारणबाट संस्कारको उद्बोधन हुछ, संस्कारको उद्बोधन-बाट पदार्थको स्मृति हुन्छ, स्मृतिबाट रूप, गुण आदिको दृश्य अगाडि आउँछ र दृश्य अगाडि आएबाट भावको उद्गार हुन्छ। यी सबको मूलमा एकमात्र नाम नै रहेको छ। यस सिद्धान्तानुसार ईश्वर र उनका विभिन्न अवतारका नामको स्मरणबाट उनको विचित्र रूप तथा उनका विभिन्न गुण, कर्म, स्वभाव र लीलाको दृश्यसम्मुख उपस्थित हुन आउँछ, र प्रेमीहरूको हृदयमा समुद्रका जस्तै प्रेमको लहर उर्लन थाल्दछन्। कृष्ण-नामको उच्चारणले कृष्णका प्रेमीको हृदयमा कृष्णको रूप, गुण, कर्म र स्वभावको फोटो सम्मुख राखिदिन्छ, र यसको प्रभावले उसको हृदय नाच्न थाल्दछ। साँच्चै भनौं भने जीव श्रद्धाकै पुतला हो, जसको जस्तो श्रद्धा हुन्छ त्यस्तै नै भृङ्गी कीटकै जस्तो त्यसको रूप हुन्छ। यो सब नामकै माहात्म्य हो, जुन रूपभन्दा कैयौं गुणा बढी छ। ध्रुव, प्रह्लाद, नामदेव आदि त्यसका प्रत्यक्ष उदाहरण हुन्, जसले नामको प्रभावले रूपलाई पक्रेर बोलाए र प्रत्यक्ष दर्शन गरे। यस कुरामा कैयौं मानिस शङ्का गर्दछन्, देखेको वस्तुमा नै प्रेम हुन्छ, नदेखेको वस्तुमा कसैको प्रेम हुँदैन। ईश्वरलाई कसैले देखेको छैन, यसकारण उसमा प्रेम पनि हुन सक्तैन। यो आस्तिकता-शून्य शङ्का हो, देखेको वस्तुमा मात्र प्रेम हुन्छ भन्ने नियम छैन, सुनेको वस्तुमा पनि प्रेम हुन सक्तछ। सुनेको पारलौकिक स्वर्गादिमा श्रद्धावान् पुरुषको प्रेम हुन्छ तथा ऐहलौकिक विदेशका प्यारिस आदि अन्य भागहरूका भोगकामी पुरुषको प्रीति श्रवणद्वारा नै जन्मन्छ। यसरी नै शुद्ध अन्तःकरण भएका पुरुषहरूको प्रीति श्रवणद्वारा ईश्वरमा हुनु निश्चित छ। नामको महिमाबारे भक्त-शिरोमणि तुलसीदासजीले कति सुन्दर र हृदयस्पर्शी शब्दहरूमा भनेका छन्—

समुझत सरिस अरु नामी।
प्रीति परस्पर प्रभु अनुगामी॥
नाम रूप दोउ ईश उपाधी।
अकथ अनादि सुसामुझि साधी॥

नाम र नामी देख्नमा एकजस्ता देखिन्छन् तापनि दुवैमा प्रीति परस्परमा स्वामी र सेवकको जस्तो हुन्छ, अर्थात् जसरी सेवक स्वामीको पछि-पछि हिंड्दछ त्यसरी न रूप नामको अधीन रहन्छ र नामी नामको पछि-पछि लाग्दछ, जहाँ नाम-कीर्तन हुन्छ त्यहाँ नामी पनि आउँछ। यसकारण विचार गरी हेरेमा नाम र रूप दुवै

त्यही अनिर्वचनीय तथा अनादि ईश्वरका उपाधि हुन्, अर्थात् ईश्वरको स्वरूप जुन बेनाम र बेरूप छ त्यसको बोध भएपछि नाम र रूप त्यसबाट भिन्न हुन्छ, यसै कारण यो ईश्वरको उपाधि हो। यसप्रकार अनिर्वचनीय ईश्वर नाम र रूपद्वारा नै शुद्ध बुद्धिले जानिन्छ।

को बड छोट कहत अपराधु ।
सुनि गुणभेद समुझहिं साधु ॥
देखिय रूप नाम अधीना ।
रूप ज्ञान नहिं नामविहीना ॥
रूपविशेष नाम बिनुजाने ।
करतलगत न परहिं पहिचाने ॥
सुमिरिये नाम रूप बिनुदेखे ।
आवत हृदय सनेह विशेषे ।
नाम रूप अति अकथ कहानी ।
समुझत सुखद न परत बखानी ॥
अगुण सगुण बिच नाम सुसाखी ।
उभय प्रबोधक चतुर दुभाषी ॥
रामनाम मणिदीप धरू जीह देहरी द्वार ।
तुलसी भीतर बाहिरें, जौं चाहसि उजियार ॥
नाम जींह जपि जागहिं योगी ।
विरति विरञ्चि प्रपञ्च वियोगी ॥
ब्रह्म सुखहि अनुभवहिं अनूपा ।
अकथ अनामय नाम न रूपा ॥
जाना चहहिं गूढ गति जेऊ ।
नाम जीह जपि जानहिं तेऊ ॥
साधक नाम जपहिं लव लाए ।
होहिं सिद्ध अणिमादिक पाए ।
जपहिं नाम जन आरत भारी ।
मिटहिं कुसङ्कट होहिं सुखारी ॥

रामभगत जग चारि प्रकारा ।
सुकृति चारिउ अनघ उदारा ॥
चहुँ चतुरन को नाम अधारा ।
ज्ञानी प्रभुहि विशेष पियारा ॥
चहुँ युग चहुँ श्रुति नामप्रभाऊ ।
कलि विशेष नहिं आन उपाऊ ॥
सकल कामनाहीन जे रामभगति रसलीन ।
नाम सुप्रेम पीयूषह्रद तिनहुँ किए मन मीन ॥
अगुण सगुण दोउ ब्रह्मस्वरूपा ।
अकथ अगाध अनादि अनूपा ॥
मोरें मत बड नामु दुहुँ ते ।
किए जेहिं युग निज बस बूते ॥
प्रौढि सुजन जनि जानहिं जनकी ।
कहउँ प्रतीति प्रीति रुचि मनकी ॥
पावक युग सम ब्रह्म विवेकू ।
एक दारुगत देखिये एकू ॥
उभय अगम युग सुगम नाम ते ।
कहहुँ नाम बड ब्रह्म राम ते ॥
व्यापक एक ब्रह्म अविनाशी ।
सत चेतन घन आनन्दराशी ॥
अस प्रभु हृदय अछत अविकारी ।
सकल जीव जग दीन दुखारी ॥
नाम निरूपण नाम जगतन ते ।
सो प्रगटत जिमि मोल रतन ते ॥
निरगुन ते एहि भाँति बड नामप्रभाव अपार
कहउँ नाम बड राम ते निज विचारअनुसार ।
रामभगत हित नर तनुधारी
सहि सङ्कट किये साधु सुखारी ॥
नाम सप्रेम जपत अनयासा ।

भगत होहिं मुख मङ्गलरासा ॥
राम एक तापस तिय तारी ।
नाम कोटि खल कुमति सुधारी ॥
ऋषिहित राम सुकेतुसुताकी ।
सहित सेन सुत कीनि वेवाकी ॥
सहित दोष दुख दास दुरासा ।
दलइ नाम जिमि रवि निशिनासा ॥
भञ्जेउ राम आप भव चापू ।
भवभयभञ्जन नामप्रतापू ।
दण्डक वन प्रभु कीन सुहावन ।
जन मन अमित नाम किये पावन ॥
निशिचरनिकर दले रघुनन्दन ।
नाम सकल कलिकलुषनिकन्दन ॥
शबरी गीध सुसेवकन सुगति दीन रघुनाथ ।
नाम उधारे अमितखल वेदविदित गुणगाथ ॥
राम सुकण्ठ विभीषण दोउ ।
राखे शरण जान सब कोऊ ॥
नाम अनेक गरीब निबाजे ।
लोक वेद वर विरद विराजे ॥
राम भालु कपि कटक बटोरा ।
सेतुहेतु श्रम कीन न थोरा ॥
नाम लेत भवसिन्धु सुखाहीं ।
करहुँ विचार सुजन मनमाहीं ॥
राम सकुल रण रावण मारा ।
सीयसहित जिन पुर पगु धारा ॥
राज राम अवध रजधानी ।
गावत गुण सुर मुनिवर बानी ॥
सेवक सुमरत नामु सप्रीति ।
बिनुश्रम प्रबल मोहदल जीति ॥

फिरत सनेह मगन सुख अपने ।
नामप्रसाद सोच नहिं सपने ।।
ब्रह्म रामते नाम बड वरदायक वरदानि ।
रामचरित शत कोटि में लिय महेश जिय जानि ।।

यसप्रकार निर्गुण र सगुण दुवै रूपबाट नाम ठूलो छ र वर दिनेलाई पनि वरदायक छ । अस्तु ।

नाम-जप तीन प्रकारको हुन्छ–

पहिलो त्यो हो, जुन उच्च वाणीले गरिन्छ । दोस्रो त्यो हो, जुन अरूले नसुनिने गरी ओठ र जिब्रो चलाएर गरिन्छ । तेस्रो त्यो हो, जुन ओठ र जिब्रो चलाउन बन्द गरेर केवल मनमनै गरिन्छ ।

पहिलो प्रकारको जप कनिष्ठ हो, दोस्रो प्रकारको मध्यम र तेस्रो प्रकारको उत्तम हो । कनिष्ठ प्रकारको जप गर्ने अभ्यासबाट मध्यम प्रकारको सिद्धि हुन्छ र मध्यम प्रकारको अभ्यासबाट उत्तमको सिद्धि हुन्छ । जपको सम्बन्ध हृदयसित छ, अन्तमा अभ्यास पक्का भएपछि कण्ठ रोकिन्छ र हृदयभित्र जप भइरहन्छ । कनिष्ठ जपबाट शक्ति बाहिर निस्कन्छ, हृदयमा त्यसको प्रभाव पनि पर्दैन, मन जपमा संयुक्त पनि हुँदैन । यसको दृढ अभ्यासद्वारा हृदयमा मध्यम जपद्वाराभन्दा बढी सापेक्ष प्रभाव पर्दछ, मन अलि-अलि गरी जपमा संयुक्त हुन थाल्दछ र उत्तमद्वारा हृदयमा अझ बढी प्रभाव पर्दछ । कीर्तनद्वारा श्रवणजनित संस्कारमा जुन मल-जल हालिएको थियो, जपद्वारा त्यसलाई हृदयमा दृढमूल गरी उपास्य देवप्रति भक्तिको मूल फुटाउनु जपको उद्देश्य हो । नामको महिमा अपार छ ।

गहिरिएर विचार गरेमा प्रतीत के हुन्छ भने बालक वृद्ध, युवक-युवती, ब्राह्मण-चाण्डाल, पापी-पुण्यात्मा, पण्डित-मूर्ख प्रत्येकलाई अलग-अलग राखेरं 'तिमीहरू के चाहन्छौ ?' भनी सोध्ने हो भने ती सबले एउटै उत्तर दिनेछन् । पण्डितले भन्ने जुन कुरो हो, त्यो मूर्खले पनि भन्नेछ, पापीले दिने जुन उत्तर हो, त्यो पुण्यात्माले पनि दिनेछ । सम्पूर्ण जीव समष्टिरूपमा के चाहन्छ ? यसको पछि कल्पकल्पान्तर, युग-युगान्तर वा जन्मजन्मान्तर उन्मत्त झैं यो जीव भौंतारिइरहेको छ । जसको लागि सबै व्याकुल भइरहेका छन्, त्यो परम वस्तु के हो ? आनन्द! तर आनन्द चाहियो नै किन ? (यो कुरो कहिल्यै सोचिएको छ?) किनभने **आनन्दाद्ध्येव खल्विमानि भूतानि जायन्ते । आनन्देन जातानि जीवन्ति । आनन्दं प्रयन्त्यभिसंविशन्तीति** (तैत्तिरीयोपनिषत् ३।६।१)

आनन्दबाट नै यी भूतहरू उत्पन्न हुन्छन्, आनन्दमा जीवित रहन्छन्, अन्तमा प्रयाण गरेर आनन्दमा नै लीन हुन्छन् ।

जबसम्म त्यो परमानन्द प्राप्त हुँदैन, तबसम्म सबै जना त्यही गुम भएको आनन्दलाई नै खोजिरहन्छन् । त्यो आनन्द कसरी मिल्न सक्तछ –यसै खोजमा सबै जना छन् । जुन कष्टको समयमा हामी जन्मेका छौं, त्यसमा आनन्द प्राप्त गर्ने उपाय के छ ? यही प्रश्न कुनै समयमा मुनिहरूको मनमा पनि उठेको थियो– कुन समयमा थोरै धर्मले पनि धेरै फल दिन्छ ? तिनीहरू यस कुराको स्वयं मीमांसा गर्न नसकेर भगवान् वेदव्यास-को आश्रममा गए । त्यससमय व्यास स्नान गर्न लागिरहेका थिए । मुनिहरू उनको प्रतीक्षा गरेर बसे । व्यासले 'कलि धन्य हो' भनेर डुबुल्की लगाए । 'धन्य शूद्र' भनेर फेरि अर्को डुबुल्की लगाए । पछि फेरि तेस्रो पल्ट 'धन्य नारी' भनेर डुबुल्की लगाएर पानीबाट बाहिर निस्के र मुनिहरू भएको ठाउँमा आए । मुनिहरूले उनको अभिवादन गरे । व्यासको अनुमति पाएर ती सब आ-आफ्नो आसनमा बसे । आसनमा बसेर अनि व्यासले तिनीहरूसँग सोधे– 'भन्नुहोस्, यहाँहरूको यहाँ आउनाको प्रयोजन के हो ?' त्यसपछि तिनीहरूले भने– 'कलि धन्य, धन्य शूद्र, धन्य नारी' भन्दै किन डुबुल्की लगाउनुभयो ? पहिले त्यो बताउनुहोस् । व्यासले भने–

ध्यायन् कृते यजन् यज्ञैस्त्रेतायां द्वापरेऽर्चयन् ।
यदाप्नोति तदाप्नोति कलौ सङ्कीर्त्य केशवम् ॥

–विष्णुपुराण ६।१।१७

कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥

–श्रीमद्भागवत १२।५।५२

सत्ययुगमा ध्यानद्वारा, त्रेतायुगमा यज्ञद्वारा र द्वापरयुगमा पूजार्चनाद्वारा जुन फल प्राप्त हुन्छ, त्यही फल कलियुगमा केवल हरिकीर्तनद्वारा प्राप्त हुन्छ । त्यो फल सबैले अभीप्सा गरेको परमानन्द हो । त्यस परमानन्दमय भगवान्लाई प्राप्त गर्ने उपाय कलियुगमा केवल नाम-सङ्कीर्तन नै छ ।

मुनिहरूले भने– 'तपाईंले धन्य शूद्र किन भन्नुभयो ?' व्यासजीले उत्तर दिए–'ब्राह्मण, क्षत्रिय र वैश्यको वेदविहित कर्महरूमा अधिकार छ । उनीहरू कलि-युगमा वैदिक कर्महरूको ठीक-ठीक अनुष्ठान गर्न समर्थ भएनन् भने चाहिं प्रत्यवायका

भागी हुनेछन् ! परन्तु शूद्रको निम्ति कुनै पनि वेदविहित कर्मको अधिकार नहुनाले ऊ केवल सेवाकर्मद्वारा नै उत्तम गति पाउनेछ। यसै कारण मैले 'धन्य शूद्र' भनेको हुँ।

मुनिहरूले फेरि सोधे– 'धन्य नारी किन भन्नुभयो ?' व्यासले उत्तरमा भने- 'द्विज जातिले सधैं वेदविहित कर्मको साङ्गोपाङ्ग अनुष्ठान गरी जुन फल प्राप्त गर्दछ, त्यही फल स्त्रीजातिले पतिको सेवा गरेर प्राप्त गर्न सक्तछन्। **नाऽस्ति स्त्रीणां पृथग् यज्ञः** 'स्त्रीको निमित्त पृथक् यज्ञ, दान, तप छैन।' नारी केवल पातिव्रतको पालन गरेर नै धन्य हुन्छन्। **सतीनां पादरजसा सद्यःपूता वसुन्धरा** 'सतीहरूको पादपद्मको धूलोले पृथ्वी तत्काल पवित्र हुन्छ।'

यति भनेपछि व्यासले मुनिहरूसित सोधे– 'हजूरहरू यहाँ कुन उद्दश्यले आउनु-भएको हो ?' उनीहरूले त्यसको उत्तरमा भने– 'हामी जुन उद्देश्यले यहाँ आएका थियौं, त्यो प्रसङ्गवश आफैले बताइदिइहाल्नुभयो।' यति भनेर मुनिहरू आ-आफ्ना ठाउँमा गए।

नाम-सङ्कीर्तन कलियुगको एकमात्र साधन हो। केवल नाम-सङ्कीर्तनद्वारा नै मनुष्य कृतार्थ हुन्छ भन्ने कुरामा के वैज्ञानिक तथ्य छ ? –यस विषयमा अब हामी विचार गरौं।

शब्द-(शब्दब्रह्म)-बाट जगत्को सृष्टि हुन्छ भन्ने कुरो शास्त्रद्वारा प्रतिपादन गरिएको सिद्धान्त हो। श्रुतिमा शब्दलाई **प्राणस्पन्दन** नाम दिइएको छ। सब थोक शब्दबाट नै उत्पन्न हुन्छ। त्यही शब्दब्रह्म मानव-शरीरको अन्तर्गत मूलाधारमा परा, नाभिमा पश्यन्ती, हृदयमा मध्यमा र मुखमा वैखरीरूपले क्रीडा गर्दछ। संसार-रचनाको मूलसूत्र छ– **बहु स्याम् प्रजायेयेति**। – 'म अनेक हुन्छु, प्रकृष्ट रूपमा उत्पन्न हुन्छु।' सृष्टितिर उन्मुख गति भएमा वैखरीले वाक्-संसारको रचना गर्दछ। जन्म-जन्मान्तर भ्रमण गर्दै जब जीव बहिर्मुखताको ज्वालाले व्याकुल भएर केन्द्रतिर फर्कन चाहन्छ, तब त्यसलाई शास्त्रले अवलम्बन गरेर केन्द्रमा फर्कने निर्देशन दिन्छ। वैखरीवाक्द्वारा नाम-सङ्कीर्तन गर्दा-गर्दै जब जिब्रो र कण्ठ कृतार्थ हुन्छ, तब वाक् मध्यमामा अर्थात् हृदयमा उपस्थित भइदिन्छ। त्यससमय शरीरमा कम्पन, रोमाञ्च र देहावेश हुन्छ, अर्थात् शरीर ठूलो झैं प्रतीत हुन्छ; शरीर दायाँ-बायाँ, अगाडि-पछाडि कम्पायमान हुन्छ; शिर र मेरुदण्डभित्र झन्नझन्न गर्दछ, र यस्तै अरू पनि कैयौं लक्षण प्रकट हुन्छन्; क्रमशः ज्योति र नाद उपस्थित हुन्छ। अलौकिक शब्द-स्पर्श-रूप-रस र गन्धको आविर्भाव

भएपछि लौकिक रूप-रस आदिप्रति उपेक्षा हुन्छ । भित्र रातो, नीलो, सेतो, पहेंलो आदि अतिशय उज्ज्वल आलोकको प्रकाश लिएर साधक आनन्द-सागरमा डुब्दछ । कोटि-कोटि प्रकारका ज्योति र अनन्त प्रकारको नादको अनुभव हुन्छ । मेघगर्जन, समुद्रको कल्लोल-ध्वनि, भ्रमर-ध्वनि, वेणु-वीणा-तन्त्रीनाद तथा मृदङ्ग-करताल आदिका अनेकौं नाद छन्, जसको गणना गर्न गाह्रो छ । अन्तमा **सोऽहं** नादको अनुभव हुन थाल्दछ । अविराम **सोऽहं** नाद चल्न थालेपछि त्यसलाई रोक्ने सामर्थ्य साधकमा हुँदैन । अन्तमा साधक ॐ-(प्रणव)- नादमा लीन हुन्छ ।

नाद र ज्योतिको अनुभव हुँदा भगवद्दर्शन गर्ने तीव्र आकांक्षा उत्पन्न भई साधक सर्वत्यागी अर्थात् आसक्तिरहित हुन्छ । भक्तले अनन्य भावले भगवान्को चिन्तन गर्न थालेपछि भगवान् हात बाँधेर बस्न सक्नुहुन्न । उहाँ उसको प्रार्थनाअनुसार उसलाई दर्शन दिन्छन्, वर दिन्छन् । तब इष्टमूर्तिमा मन्त्रको लक्ष्य हुन्छ, र साधक जीवन्मुक्त हुन्छ । जीवित रहेसम्म सुषुम्णामा नादमय भएर **ॐकार** क्रीडा गरिरहन्छ । ऊ जल-स्थल-आकाश, मनुष्य-पशु-पक्षी, कीट-पतङ्ग जे-जति देख्तछ, सर्वत्र नै उसलाई भग-वत्स्फूर्ति भइरहन्छ । उसको निमित्त जगत् वासुदेवमय हुन्छ ।

मन्त्रयोगी, हठयोगी, लययोगी, वैष्णव, शैव, शाक्त, सौर, गाणपत्य –यी सबको काम्य वस्तु हो **ज्योति** र **नाद** । नादलाई छाडेर शान्ति प्राप्त गर्ने अर्को बाटो छैन । सबै साधनाको अन्त नादमा – अनाहत ध्वनिको प्राप्तिमा हुन्छ । अनाहत ध्वनि प्राप्त गर्न साधकहरू सब त्यागेर आहार-विहारको संयम गर्दछन् र साधनाको मार्गमा अग्रसर हुन्छन् । साधनापथका सम्पूर्ण विघ्न-बाधाहरूलाई नाघेर उनीहरू नाद प्राप्त गर्न समर्थ हुन्छन् । नाम-सङ्कीर्तन गर्नेले अरू केही गर्नुपर्दैन । नाम-सङ्कीर्तन गर्दा-गर्दै नै स्वयं नाद आएर उसको सामु उपस्थित भइदिन्छ र साधकलाई आलोक, रोमाञ्च र आनन्दमा डुबाइदिन्छ । भगवान्को दर्शन गराइदिन्छ । यसै कारण शास्त्रमा भनिएको छ –

कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखै :।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥

–श्रीमद्भागवत १२।५।५२

यसकारण कलिमा कल्याणको मार्ग नै नाम-सङ्कीर्तन हो । राम्ररी विचार गरी हेर । आज संसारमा दुर्वैतिर अन्धकार छ भन्नुपर्दा दुःख लाग्दछ । बाहिरको घोर अन्ध-

कारमा संसारका नेता तथा राजनीतिका कर्णधारहरू शान्तिलाई छामेर प्राप्त गर्न खोज्दछन् र भित्रको अन्धकारमा तिनीहरू शाश्वत सुखको अन्वेषण गरिरहन्छन्, तर सफलता तिनीहरूलाई कहींबाट पनि प्राप्त हुँदैन । तब यसको उपाय के छ त ? सुन्दर उपाय तुलसीदासले बताएका छन्–

रामनाम मनिदीप धरु जीह देहरी द्वार ।
तुलसी भीतर बाहेरेहुँ जो चाहसि उजियार ।।

'तिमी बाहिर-भित्र दुवैतिर प्रकाश चाहन्छौ भने राम-नामरूपी मणिलाई जिब्रोरूपी द्वारमा राख ।' साँच्चै नै भगवन्नामको महिमा अपार छ । एकदिन जब राक्षसराज हिरण्यकशिपुले भक्तप्रवर प्रह्लादलाई बल्दो आगोमा फ्याँकिदिए र भगवत्कृपाले एउटा रौंसम्म पनि डढेन, तब हिरण्यकशिपुलाई बडो आश्चर्य लाग्यो । उनी आश्चर्यमा परेको देखेर प्रह्लादले भने – 'पिताजी ! राम-नाम जप गर्नेलाई भय कहाँ ? किनभने राम-नाम सब प्रकारको तापशमन गर्ने एकमात्र औषधि हो । फेरि पिताजी ! **प्रत्यक्षे किं प्रमाणम्** ? हेर्नुस्, मेरो शरीरको नजीकमा परेर आगो पनि आज पानी झैं शीतल भइरहेछ ।'

रामनाम जपतो कुतो भयं सर्वतापशमनैकभेषजम् ।
पश्य तात मम गात्रसन्निधौ पावकोऽपि सलिलायतेऽधुना ।।

आज जब कि चारैतिर नाना प्रकारका भयानक एवं घातक रोगले आक्रान्त भएर मानवता पीडित भइरहेछ, विश्वभरि नै हाहाकार मच्चिरहेछ, यो **सर्वतापशमनैकभेषजम्**को प्रयोग किन नगर्ने ? संसारको इन्जेक्शन, कुनै औषधि अथवा कुनै रसायन यो दिव्य रसायनको अगाडि टिक्न सक्तैन । भनिएको पनि छ–

इदं शरीरं शतसन्धिजर्जरं पतत्यवश्यं परिणामपेशलम् ।
किमौषधैः क्लिश्यसि मूढ दुर्मते निरामयं कृष्णरसायनं पिब ।।

विश्वका सन्त, महात्मा एवं पीर-पैगम्बरहरूले वारंवार उच्च स्वरले भनेका छन्– 'परमात्माको नामरूपी रसायनको पान गर ।' किनभने यो पिउनाले कुनै रोग रहँदैन । वास्तवमा कुनै पनि कष्ट, रोग, ताप, शोक आदि तब मात्र आक्रमण गर्दछन्, जब पुनर्जन्म अथवा यस जन्मको पापको फल उदित हुन्छ । यदि कुनै शक्तिविशेषद्वारा पापको क्षय भयो भने जीवले दुःख-कष्ट नै किन भोग्नुपर्दछ ? वेद, पुराण, इतिहास आदिमा भगवन्नामको महिमा भरिएको छ । **नाऽन्यः पन्था विद्यतेऽयनाय ।** अस्तु ।

भक्तिको पञ्चम श्रेणी – प्रतिमा-पूजा (प्रतीकको उपासना) – उपासनाको पञ्चम श्रेणी प्रतिमाको पूजा गर्नु हो, अर्थात् दासभावले इष्टदेवताको मूर्तिलाई इष्ट-देवताको रूपमा पूजा गर्नु हो । प्रतिमा शब्दको अर्थ त्यो साधन हो, जुनद्वारा प्रमाण गर्ने, नाप्ने वा तौलने काम गरिन्छ । जसरी एक किलो ढकले एक किलो वस्तु तौलने काम गरिन्छ, अथवा मिटरले आफूसमान लामो वस्तुको नापो दिन्छ, त्यसरी नै मूर्ति-जत्तिकै गन्हुँगो र मूर्तिजत्तिकै लम्बा-चौडा इष्टदेवताको प्रमाण गर्नु ठूलो भूल हुनेछ । यो प्रमाण गर्ने विधि उपर्युक्त नाप-तौल गर्ने विधिदेखि भिन्न र विलक्षण छ । शास्त्रको विधि, गुरुवचन र आफ्नो हृदयको आस्तिकतापूर्ण श्रद्धायुक्त भावनाद्वारा मूर्तिमा ईश्वरको अस्तित्व निश्चय गर्नु नै यसको प्रमाण गर्ने तरीका हो। ध्यानमा विधि, विश्वास र इच्छा तीन चीज मुख्य छन् र प्रतिमाको पूजा ध्यानरूप नै हुन्छ। गुरु र शास्त्रको आज्ञारूप र कर्तव्यसूचक वचनलाई **विधि** भन्दछन्, आफ्नो आस्तिकता र श्रद्धापूर्ण भावको नाम **विश्वास** हो र अन्तःकरणको कामनारूप रजोगुणको वृत्तिलाई **इच्छा** भन्दछन्, अर्थात् गुरु र शास्त्रका विधिरूप वचन पनि होऊन्, ती वचनमा आफ्नो आस्तिकतापूर्ण विश्वास पनि होओस् र अन्तःकरणमा हाम्रो चित्त ध्यानमा लागोस् भन्ने कामना पनि होओस् । यसप्रकार ध्यानमा यी तीनै चीज हुनु आवश्यक छ । विधि र विश्वास छ इच्छा छैन भने पनि ध्यानको सिद्धि हुन सक्तैन । त्यस्तै विश्वास र इच्छा छ, तर विधि छैन तथा विधि र इच्छा छ, तर विश्वास छैन भने पनि कार्यसिद्धि हुन सक्तैन । यी तीनमा एउटा मात्र छैन भने पनि ध्यानको सिद्धि हुन सक्तैन, ध्यानको निमित्त तीनै चीज हुनु आवश्यक छ । यसप्रकार अभ्यासको बलद्वारा जब मूर्तिदेशमा ईश्वरको अस्तित्व निश्चित गरिन्छ, अनि जो यसमा छ त्यो सबमा छ भन्ने प्रमाणद्वारा सर्वत्र ईश्वर-दर्शन गरियोस् र पञ्चतत्त्वरचित सम्पूर्ण ब्रह्माण्ड नै भिन्न-भिन्न रूपमा ईश्वरको झाँकी देखाउन सकोस् । त्यही यस प्रमाणको विधि र लक्ष्य हो; यसको मतलब सर्वत्र ईश्वरको अभाव गरी केवल प्रतिमादेशमा नै त्यसलाई संकुचित गरियोस् भन्ने होइन । सानो शालिग्रामको डल्लोमा रहेको ईश्वरबुद्धि ईश्वरलाई सानो तुल्याउनको लागि होइन, अपितु सानो शालिग्राममा त ईश्वरको दर्शन पाइन्छ भने पर्वत, वृक्ष, नदी, पशु-पक्षी सबै ईश्वरका स्वरूप हुनुपर्छ र सब देश, सब काल, सब वस्तुमा ईश्वरको सत्ताको दर्शन गर्नुपर्दछ भन्ने धारणा बलियो पार्नको लागि हो । परन्तु यसविपरीत जो 'यै ईश्वर हो र अन्त कतै छैन' भन्ने सङ्कीर्ण दृष्टिले प्रतिमा-पूजनमा परायण हुन्छ, र यसप्रकार ईश्वरलाई केवल प्रतिमामा नै बाँधिदिन्छ, त्यो

आफ्नो हृदयलाई कोमल गर्नुको सट्टा उल्टो पत्थर बनाउँछ, अर्थात् पत्थर-कीट बन्दछ। बालक पाठशाला जाँदा गुरु उसलाई शुरूमा पाटीमा अक्षर लेख्न सिकाउँछन्, पाटीमा उसको हात बसेपछि उसलाई वाक्य लेख्न सिकाउँछन् र फेरि कापीमा पनि लेख्न सिकाउँछन्, तर पाटीमा हात नबसालेर होइन, पाटीमा हात बसालेर नै उसले यस्तो गर्न सकेको हुन्छ। ठीक त्यसरी नै प्रतिमाको पूजा पनि पाटीमा हात बसाल्नुजस्तै हो। प्रतिमामा दृष्टि जमेपछि सर्वत्र ईश्वरको दर्शन गरेजत्तिकै आनन्द लाग्दछ, तर यो प्रतिमाको पूजाद्वारा नै हुन सक्तछ, अन्यथा होइन। प्रतिमा मन अड्याउने एक यस्तो अवलम्बन वा साधन हो जुनद्वारा मनोवृत्तिलाई सबैतिरबाट खिचेर इष्टदेवताको रूपसित जोडिन्छ। यसका तीन अवस्था छन् –

पहिलो– पत्थरको टुक्रा गङ्गामा चिसिनु। दोस्रो– कपडाको पुतलीको भित्र-बाहिर पानीले भिज्नु। तेस्रो– मिस्रीको डल्लो पानीमा पग्लनु। अर्थात् पहिलो अवस्थामा मन परमात्माको चिन्तनले शीतल हुनु, दोस्रो अवस्थामा मनमा भक्तिरूप रस भरिनु र तेस्रो अवस्थामा मन पग्लेर परमात्माको स्वरूपमा लीन हुनु।

उपर्युक्त प्रकारले परमात्माको वास्तविक रहस्य भनियो। प्रतिमाको पूजा ध्यानरूप हो र ध्यान निर्गुण र सगुणको भेदले दुई प्रकारको छ। **पञ्चदेव**-(विष्णु, शिव, गणेश, शक्ति र सूर्य)-का मूर्तिहरूमा निर्गुण भाव के छ? यो त पछि गएर स्पष्ट गर्नेछौं, यसको मनन गर्नाले निर्गुण ध्यानको स्वरूप विदित हुन्छ। परन्तु जो पुरुष अझै सगुणको अधिकारी छ, जसको सगुणमा नै विशेष प्रेम छ, र जुन सगुण भगवान्को श्रवण, कीर्तन र स्मरण गर्दा पहिले जसलाई जुन रूप मन परेर आफ्नो मन अड्याउन सम्बद्ध रूपको अवलम्बन गरेको थियो, त्यसको निमित्त ध्यानको लागि ती इष्टदेवको मूर्ति नै इष्टदेवरूप हुन्छ। फलतः स्मरणद्वारा जुन रूप हृदयमा धारण गरिएको थियो, त्यही रूप अर्चना, पूजा र ध्यानद्वारा हृदयमा यहाँसम्म दृढ हुन पुग्छ कि प्रत्येक पदार्थमा त्यही रूप देखिन थाल्दछ, किनभने संसार नै दृष्टिमय छ, जसको जस्तो दृष्टि परिपक्व हुन्छ, त्यस्तै दृश्य त्यसको सामुन्ने भान हुन थाल्दछ। शरद् ऋतुको पूर्णिमामा रासलीलाको समय जब भगवान् गोपीहरूको आँखाबाट ओझेल भएथे, तब त्यही रूप आँखामा गड्न गएकोले गोपीहरूले प्रत्येक पदार्थलाई कृष्णको रूप सम्झेर ग्रहण गरेका थिए। त्यही सगुण रूपमा प्रतिमा-पूजाको मूल उद्देश्य रहेको छ, जसले गर्दा आफ्नो तन-मनमाथि आफ्नो अधिकार हटेर रजोगुण गलित हुन्छ र निर्गुण ध्यानको वास्तविक अधिकार प्राप्त हुन्छ।

प्रतिमाको पूजा वा मूर्तिपूजा – प्रकृतिको राज्यमा, ईश्वरको सृष्टिमा प्रतिमाको पूजा हुनु अनिवार्य छ। मुसलमान, सिक्ख, इसाई, आर्यसमाज आदि सम्प्रदाय प्रतिमाको पूजाको खण्डन गरून्, व्यङ्ग्यशब्दमा अपमान गरून्, परन्तु मानवको मानसिक प्रकृतिको अनुकूल भएकोले मूर्तिपूजाको लोप हुन सक्तैन। मानिसको मनको स्वभाव नै यस्तो छ– यो प्रेम चाहन्छ र प्रेम नगरीकन रहन सक्तैन। हुन सक्तछ, प्रेमको विषय भिन्न-भिन्न होला, यो कुरा अर्कै हो। कसैको इसामा प्रेम छ भने कसैको मूसामा हुन सक्तछ। कसैको गुरु नानकदेवमा प्रेम छ भने कसैको स्वामी दयानन्दमा हुन सक्तछ। कसैको मन धनुषधारीको शिकार हुन्छ भने कसैको मन छैलछबीलाको हिसीको मोहनीमा फँस्तछ। जस-जसलाई जस्तो-जस्तो मन पर्छ, त्यसैमा त्यसको मन फँसेको हुन्छ। **रुचीनां वैचित्र्यात्** – प्रकृतिअनुसार रुचि भिन्न-भिन्न हुनु स्वाभाविक नै छ। मन परिछिन्न र विषम दृष्टिको छ। यसै कारण कसैमा उत्कृष्ट रूपले पूज्यबुद्धि हुनु र कसैमा अपकृष्ट रूपले अपूज्यबुद्धि हुनु अनिवार्य नै छ। अस्तु।

जसको मन जसमा लाग्छ, मतलब मन लगाउनुसित छ– **यथाभिमत-ध्यानाद्वा** – योगसूत्रको अभिप्राय पनि यही हो। देवबुद्धिले कुनै रूपमा मन लगाउनाको प्रयोजन सांसारिक जञ्जालबाट मन फुत्कोस् भन्ने हो। सबैको मूलमा आखिर वस्तु त एउटै छ र यी सबै रूप मूलमा एउटै वस्तुका **उपलक्षण** हुन्। जस्तो कि कसैले सोध्यो, 'देवदत्तको घर कुनचाहिं हो ?' बताउनेले औंलाले इशारा गरेर भन्यो – 'जुन घरमा कौवा बसेको छ, त्यही देवदत्तको घर हो।' अब कौवा घरमा बसिरहोस् वा उडेर जाओस् घरको ठेगानाचाहिं कौवाले दियो। जसरी कौवा घरको कुनै देशमा छ, अरू देशमा छैन, र कुनै एक कालमा छ, अरू कालमा छैन, तथापि त्यो अरू घरहरूबाट देवदत्तको घरलाई भिन्न हो भन्ने कुरो बताउँदछ। जुन रूपले कौवा देवदत्तको घरको उपलक्षण हो, त्यसै रूपले उपर्युक्त विभूतिहरू, इसा, मूसा, राम, कृष्ण आदि पनि कुनै एउटै वस्तुका उपलक्षण हुन् र घरका ठेगाना बताउनेहरू हुन्, त्यस्तै जिज्ञासुको उद्देश्य पनि घरको ठेगाना पत्ता लगाउनुमा नै छ, तर मन्दमतिहरू दूधमा अमिलो पारिदिन्छन्, फल-स्वरूप देवदत्तको घरको ठेगाना कसैले कौवातिर इशारा गरेर बताइदियो, कसैले बिरालो र कसैले कुकुरतिर संकेत गरेर बताइदियो, तर कुकुर र बिरालोका कुरा लिएर झगडा गर्ने के मतलब? हाम्रो उद्देश्य झगडा गर्नुमा होइन, घर पत्ता लगाउनुमा छ। आफ्नो उद्देश्य छाडेर त्यसको विपरीत मानिसहरू आपस-आपसमा झगडा गरिरहेछन्,

शैव वैष्णवसित लड्दछन् भने शिया सुन्नीसित, सनातनी आर्य-समाजीसित, इसाई मूसाईसित, कहीं रोमन क्याथलिक र प्रोटेस्टयान्टको झगडा भइरहेछ भने कहीं जैन र बौद्धको। वास्तवमा सबै धर्मको मूलमा द्वेष होइन, प्रेम रहेको छ। तर पनि हामी, आफ्नो अज्ञानले गर्दा परस्पर झगडा नै गरिरहन्छौं।

धर्मं यो बाधते धर्मो न स धर्मः कुधर्मं तत् ।
अविरोधी तु यो धर्मः स धर्मो मुनिपुङ्गव ॥

अर्थात् 'जुन धर्मले कुनै अर्को धर्मलाई बाधा दिन्छ, त्यो धर्म धर्म होइन किन्तु अधर्म हो। हे मुनिश्रेष्ठ ! जुन सबैप्रति अविरोधी छ, त्यही धर्म हो।'

जसरी ऐनाले सब प्रकारको प्रतिबिम्बलाई धारण गर्छ र पनि ती कुनैसँग लिप्त भइरहँदैन, त्यस्तै जो न कसैलाई बाधा दिन्छ न त कसैको बाधालाई नै ग्रहण गर्दछ, त्यसैलाई धर्म भन्दछन्। बाधा दिनु पनि कहिल्यै धर्म हुन्छ र ? तर अपशोच ! धर्मको नाममा अनेक झै-झगडा खडा गर्छन् र आवेशमा रगतसम्म पनि बगाएर धर्मलाई अधर्ममा बदलिदिन्छन्। कुनै अर्कोको प्रकृतिमाथि आक्रमण गर्न हामीलाई के अधिकार छ ? अकबरले आफ्ना दरबारियाको जाँच गर्न आफ्नो दरबारमा एउटा सोझो रेखा खिचेर तिनीहरूलाई भने– 'यसलाई छोटो पार।' दरबारियामध्ये कसैले त्यसलाई दायाँबाट र कसैले बायाँबाट काट्न थाले। अकबरले भने– 'यस्तो होइन, यस्तो होइन। नकाटीकन छोटो बनाऊ।' बीरबलले एउटा अर्को रेखा त्यसको तल त्योभन्दा लामो धर्सो तानेर भने– 'लौ, यो हेर्नुहोस्। हजूरको रेखा छोटो भयो।

ठीक त्यस्तै प्रकारले, प्रिय मतावलम्बी हो ! अर्कोको रेखालाई नकाटीकन तिमी आफ्नो रेखालाई लामो बनाऊ, प्रेमको दौडमा तिमी आफूलाई अगाडि बढाऊ, अर्को आफैं-आफ पछाडि पर्नेछ। **ढाई अक्षर प्रेमके पढे सो पण्डित होये।** प्रेम शब्द केवल अढाई अक्षरको छ, जो यसलाई यथार्थ रूपमा पढ्छ अर्थात् ठीक-ठीक व्यवहारमा ल्याउँछ, त्यही पण्डित हो। प्रेमशून्य विषम दृष्टिले अर्कोलाई धक्का दिएर हुने लाभ के ? यो धक्कमधक्काले गर्दा तिम्रो मार्ग रोकिएको छ र तिमी आफैं पनि पिछडिएका छौ। तिमी त धक्कमधक्कामा नै रह्यौ र बाजी अर्कैले जित्यो। वास्तवमा कुरो के हो भने मत-मतान्तर त जितेर लिइने एक कचौराको रूपमा छ, त्यसमा राखी प्रेम-भक्तिरूप अमृत पिउनु नै लक्ष्य हो। प्रेम-प्याला मुखमा पुग्यो कि मस्ती आउँछ र प्याला हातबाट

फुत्कन्छ । अब प्याला सुनको होस् वा माटाको, रहोस् वा फुटोस् । परन्तु अपशोच ! तिमी त असली मधुलाई बिर्सेर प्यालाको कुरामा झगडा गर्न लाग्यौ । धर्मको नाममा अर्काको मन खल्लो पार्नुसित तिमीलाई के मतलब ? तिम्रो सम्बन्ध तिम्रो आफ्नो प्रकृतिसित छ, अर्काको चाहिं उसको आफ्नै प्रकृतिसित छ । यदि अर्को कुनै गलत मार्गमा हिंड्दछ भने उसलाई ईश्वरीय नीतिले स्वतः डन्डा चखाएर सीधा मार्गमा लैजान्छ । ईश्वरलाई धोका दिनु असम्भव छ । प्रकृतिको काम आफ्नो हातमा लिएर आफूले आफैलाई तिमी किन पथभ्रष्ट गर्दछौ ? तिमी आफ्नो सत्यमा डटेर बस, अर्को आफैं-आफ तिम्रो पछि लाग्नेछ । बत्ती आफ्नै प्रकाशमा बल्न लाग्यो भने पुतली स्वतः त्यसमा होमिन आइपुग्छ । विचार गरी हेरेमा आफ्नो सुधार नगरी अर्कालाई सुधार्ने चेष्टा नै यसको मूल हो । वास्तवमा सुधार हमेशा स्वतः हुन्छ । जब हामी आफ्नो सुधार गर्दछौं, तब अर्काको सुधार कुनै प्रयास नै नगरीकन पनि हुन जान्छ; तर यदि हामी पहिले नै अर्काको सुधार गर्नमा लाग्दछौं त न आफ्नो सुधार हुन्छ, न अर्काको नै, बरु कहिलेकाहीं हामी सुधारको सट्टा आफ्नो र अर्काको पनि बिगार गर्दछौं र इहलोक परलोक दुवै गुमाउँछौं । नियम के छ भने कुनै ठाउँको वायु सूर्यको तापले त्यो ठाउँ खाली गरेर माथि उड्छ र अनि चारैतिरबाट फेरि त्यही खाली ठाउँ घेर्न आउँछ । यसप्रकार तिम्रो कर्तव्य के हो भने तिमी माथि उठ, आफ्नो ठाउँ खाली गर, आफै दृष्टान्तस्वरूप बन, अर्को आफैं-आफ तिम्रो खाली ठाउँ भर्न आइपुग्दछ, र आफैं-आफ तिम्रो अनुसरण गर्दछ । तर अपशोचको कुरा के भने ठाउँ त तिमी आफैले भरेर बसेका छौ र आफू बसेको ठाउँ खाली गर्नुभन्दा पहिले नै अर्कोलाई उठाउन चाहन्छौ भने त्यो उठ्दछ नै कसरी ? सुधारक महोदय ! स्वयं विचार गर्नुहोला । प्रसङ्ग त चलिरहको थियो– जसको मनलाई जसको चरित्र मन पऱ्यो, उसको मन उसैसित अल्झन्छ र त्यही चित्र हृदयमा पनि बसेको हुन्छ । अब ती प्रेमीको स्मारकरूपले कुनै वस्तु सन्मुख पर्नासाथ मन प्रस्फुटित हुन्छ र हृदय प्रवाहित भई निस्कन्छ । प्रेमीको झाँकी आँखाभित्रै घुलमिल हुन पुग्यो, आँखा तिरमिराउन थाल्यो । अब पत्र को पढोस् ! ती धार्मिक ग्रन्थ, जसमा इष्टदेवको गुणानुवादको वर्णन छ, सबै उसका पत्र नै त हुन्, तिनैद्वारा त उनको प्रेमको सन्देश पाइन्छ ।

कुनै प्रेमीको फोटो, जसले हाम्रो मन हरेर लिएको छ, जो सधैंभरि हामीदेखि मुख लुकाएर बसेको छ, झट्ट हाम्रो सम्मुख आउँदा हृदय उसको रूप, गुण र स्वभावले भरिपूर्ण भयो; प्रेमगङ्गा आफ्नो किनारा तोडेर बग्न थाल्यो । अब यसलाई कोही

मूर्तिपरकता भनोस् या पत्रपरकता ! यस भावलाई लाखौं प्रयत्न गरे पनि कोही दबाउन सक्तैन । प्राकृतिक नियममाथि कसैको अङ्कुश छैन । वास्तवमा यस स्थितिमा प्रतिमा पूजा अनिवार्य नै छ, किनभने त्यसले इष्टदेवताको रूप, गुण, स्वभाव र लीलाको फोटो हाम्रो सम्मुख ल्याउनमा मद्दत गर्दछ ।

वास्तवमा सत्य नै हाम्रो धर्म हो र सत्य नै ईमान, जे-जति पनि भनौंला सत्य नै भनौंला, कोही असल ठानून् वा खराब । जो यस मूर्तिपूजाको खण्डन गर्दछ, त्यसले कुनै न कुनै प्रकारले आफ्नो मन मारेर लुकी-छिपी यही मूर्तिपूजा गर्ने गर्दछ । एकजना इसाई महाशय गिर्जाघरको ढोकामा के पुगेको थियो माथितिर क्रसको चिह्न देखियो, तत्काल उसलाई इसाको शूलीको सम्झना आएछ र तुरुन्त उसले आफ्नो टोप फुकाल्यो । एकजना मुसलमान मस्जिदमा गयो, काबाको चिह्न देख्यो र केही नबोलीकन उसको मनले स्वतः दण्डवत् गरिहाल्यो । सिक्खहरू गुरुद्वारामा गए, ग्रन्थसाहिबलाई तत्काल ढोगे, ग्रन्थसाहिबमा जुन प्राणरूप वचन छन् तीप्रति शिर नझुकोस् तथापि स्थूल शरीररूप ग्रन्थसाहिबलाई त ढोगिन्छ नै । आर्यसमाजी महाशय पनि यसप्रकार प्रतिमाको पूजा नगरून्, तथापि स्वामी दयानन्दको फोटो देखेर त्यसको मन त अवश्य पनि झुकेको हुन्छ, शरीर झुकोस् वा नझुकोस् । मन पनि नझुक्ने हो भने त ती उनका प्रेमपात्र पनि होइनन् र साथै उनका वचनका अधिकारी पनि होइनन् । मन झुक्यो र शरीर झुकेन भने यसलाई एक प्रकारको कठोरता वा मनको चोरी भन्न सकिन्छ, जुन कुरो उसको उद्धारमा ठूलो प्रतिबन्ध हो । सारांशमा कोही चौकी वा पुस्तकलाई नमस्कार गर्दछ भने कोही शूलीलाई, कोही पत्थरको काबाको चुम्बन गर्दछ भने कोही कागजको ॐलाई, तर मूर्तिपूजा नगरी कोही रहेको हुँदैन । अरू त के कुरा, गर्मीको याममा शीतल पहाडको सफर गर्दा कहीं राम्रो दृश्य देखियो भने मनमा तत्काल त्यसको फोटो उत्रिन हाल्छ । घरमा आएपछि जब-जब त्यस दृश्यको फोटो सामुन्ने आउँछ, तब-तब त्यसलाई सम्झेर हृदय शीतल र प्रसन्न हुन्छ । आफै विचार गर । जब पहाडको फोटोमा त हृदयलाई शीतल गर्ने यस्तो सामर्थ्य छ भने ती जड पहाडले जति पनि हृदयलाई प्लावित गर्न नसक्ने गरी ती चैतन्य जगदाधार विभूतिको फोटो मात्रै बेकम्मा र नीरस हुन पुग्यो त ? यो त हृदयकै जडताको चिह्न मानिनेछ । कोही लाखौं प्रयत्न गरोस्, यो प्रतिमापूजाको भाव जान्न सक्तैन, जाने पनि स्वभावसिद्ध वस्तुको लोप कसरी हुन सक्तछ ? प्रकृतिको गला कसरी रेट्न सकिन्छ ? जसरी अन्नको सहारा नलिई शरीरको स्थिति यथावत्

रहन सक्तैन, त्यसरी नै मन पनि कुनै न कुनै भावमय मूर्तिको सहारा नलिई त्यसै रहन सक्तैन। जब यो यति अपरिहार्य र स्वाभाविक छ भने यसको प्रत्यक्ष रूपले (Directly) सेवन किन नगर्ने ? दिल खोलेर आफ्नो भावोद्गार निकाल्ने अवसर किन नदिने ? कुनै मन्दिरमा नै गएर यो गर्नु आवश्यक छैन, आफ्नो घर र हृदयलाई नै मन्दिर किन नबनाउने ? आफ्नो हृदयरूपी मन्दिरको नै जीर्णोद्धार किन नगर्ने ?

तिमी 'मूर्ति त भगवान्को फोटो हो' भन्दछौ भने कुरो ठीक छ, तर 'सर्वव्यापी भगवान्लाई मूर्तिरूप सम्झेर उनको पूजाआजा गर्नु त पाषाणपूजा नै हो' भन्दछौ भने यसको उत्तर हो– कोही तिम्रो फोटोलाई अगाडि राखेर तिम्रो गुणगान गर्दछ र तिमीलाई फोटोको पछाडि लुकाउँछ भने के तिमी आफ्नो प्रेमीको सुन्दर भावद्वारा द्रवीभूत भएर प्रकट हुँदैनौ ? अनि त्यसलाई प्रेमपूर्वक आलिङ्गन गर्दैनौ ? यसप्रकार जब तिमी भगवान्लाई सर्वव्यापी मान्दछौ भने तब के मूर्तिदेशमा उनको अभाव हुन सक्तछ ? यदि मूर्तिमा उनको अभाव हुने हो भने उनको सर्वव्यापकता भङ्ग हुनेछ। भगवान् मूर्तिमा पनि छन्, त्यसैले भगवद्भक्त श्रद्धापूर्वक आस्तिक भावद्वारा त्यस सर्वव्यापीलाई लक्ष्य गरेर तल दिइएको भावोद्गारद्वारा परमेश्वरको पूजा वा आराधना गर्दछ–

नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुबाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः ॥
यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ॥

'जसका सहस्र मूर्ति छन्, सहस्र पाद, नेत्र, शिर, उरु र भुजा छन् ती अनन्त-लाई हाम्रो नमस्कार छ, तथा जसका सहस्रनाम छन् ती सहस्र कोटि युग धारण गर्ने शाश्वत पुरुषलाई हाम्रो नमस्कार छ।'

'जुन देवलाई शैवहरू शिवको रूपमा, वेदान्तीहरू ब्रह्मको रूपमा, बौद्ध-मतावलम्बीहरू बुद्धको रूपमा, प्रमाण-कुशल नैयायिकहरू संसारको कर्ताको रूपमा, जैनमतको अनुशासनमा बसेकाहरू अर्हत्-(ऋषभदेव)-को रूपमा र मीमांसकहरू कर्मको रूपमा पुज्दछन्, तिनै तीनै लोकका अधिपति श्रीहरि हामीलाई वाञ्छित फल (मोक्ष) प्रदान गरून्।'

तब के उपासकको हृदय द्रवीभूत नभई छाड्ला ? यो कुरो तिमी आफै विचार गर । सर्वान्तर्यामी भगवान् जो मूर्ति र हृदय दवैमा छन्, उपासकको भाव-द्वारा द्रवीभूत भई उसको सम्मुख प्रत्यक्ष नहोलान् ? यसप्रकार तिमीले मूर्तिलाई भगवान्को फोटो नै माने पनि तिम्रो शङ्का निर्मूल हुनेछ । नामदेव, मीराबाई आदि भक्तहरूले आफ्नो विशुद्ध भावले मूर्तिमा नै भगवान्लाई प्रत्यक्ष गरेको कुरो यसको ज्वलन्त दृष्टान्त छ ।

उपास्यदेव (पञ्चदेव)– प्रकृतिको तत्त्वमाथि विशेष ध्यान दिएर प्रकृति-जन्य पञ्चतत्त्व पृथ्वी, जल, तेज, वायु र आकाशको सञ्चालन गर्ने पञ्चदेव विष्णु, शक्ति, सूर्य, गणेश र शिवको रूपमा पञ्च अधिदैव शक्तिको उपासनाको नै विशेष गरेर वर्णन गरिएको छ । यी पञ्चदेवमा पनि कुन उपास्य हो भन्ने विषयमा उपासकको चित्त जुन देवमा स्वाभाविक रूपले स्थिर रहन्छ उसको निमित्त त्यही उपास्य छ भनी निर्णय गरिएको छ । यो कुरो शास्त्रकारहरूले पञ्चदेवमा कुनैलाई ठूलो र कुनैलाई सानो गरौं भन्ने उद्देश्य राखेर गरेको होइन । हुनत महर्षि वेदव्यासद्वारा रचित अठार पुराणको अन्तर्गत विष्णुपुराण, पद्मपुराण, देवीपुराण, शिवपुराण, गणेशपुराण आदि पुराणहरू छन् र यिनमा आ-आफ्ना देवतालाई कारणहरू दिई अरू देवतालाई कार्यरूपमा वर्णन गरिएको छ, तर महर्षि व्यासको तात्पर्य अरू देवताको निन्दा गर्नु होइन, अपितु भावुक प्रवृत्ति भएका पुरुषका निमित्त आ-आफ्ना पुराणमा प्रतिपादन गरिएका देवताको महिमासित व्यासको तात्पर्य छ । अर्को देवताको निन्दा गर्ने तात्पर्य लिने हो भने त उपर्युक्त पञ्चदेवमा कुनै पनि महिमा गर्न योग्य उपास्यदेव नभई सबै निन्दा गर्न योग्य सिद्ध हुनेछन् । यी सब पुराणका रचयिता एउटै हुन् । जसरी पद्मपुराणमा प्रतिपादन गरिएका विष्णु सिवाय अरू देवता सब निन्दित हुने भए र अरू पुराणद्वारा विष्णु निन्दित हुने भए, त्यसरी नै शिवपुराणद्वारा शिवदेखि भिन्न अरू देवता निन्दित हुने भए भने अरू पुराणद्वारा शिव पनि निन्दित हुने भए इत्यादि । अपितु वास्तविक कुरो यो होइन, कुनै देवताको निन्दा गर्नु महर्षि व्यासको तात्पर्य हुन सक्तैन । ऋषि र शास्त्र उदार छन् र ती सब प्रकारका अधिकारीको निमित्त श्रेयःपथप्रदर्शक पनि छन् । प्राकृतिक जगत्मा अधिकारीको भिन्न रुचि र विलक्षणता त स्वाभाविक नै छ । यसकारण जुन-जुन अधिकारीको जुन-जुन देवतामा स्वाभाविक अभिरुचि छ, तिनको कल्याणको निमित्त ती-ती देवताको महिमामा भिन्न-भिन्न पुराणको रचना सुन्दर भावपूर्ण भाषामा गरिएको छ । जसको

बिहा, उसैको गीत भनेजस्तै हो । भनाइको तात्पर्य के भने जसको जुन देवतामा रुचि र प्रीति छ उसले त्यसै देवतालाई कारणब्रह्म अर्थात् सृष्टिको उत्पत्ति, स्थिति र लय गर्ने रूपमा चिन्तन गर्नुपर्छ र अरू देवतालाई कार्यब्रह्मको रूपमा उसको अंश सम्झेर चिन्तन गर्नुपर्दछ । एकमात्र कारणब्रह्मको महिमा र ध्येय निश्चित गर्नुमा नै महर्षि व्यासको तात्पर्य रहेको छ । वास्तवमा ती पाँचलाई लक्ष्य गरी तत्-तदनुगत एक सर्वाधिष्ठान, सर्वाधार, सर्वसाक्षी निरञ्जनदेव नै उपास्य छन्, त्यही देव भावुकको रुचिअनुसार भिन्न-भिन्न रूपमा उसलाई दर्शन दिने गर्छन् भन्ने प्रतिपादन गरिएको मात्र हो । स्वरूपले यी पाँचमा भेद गर्नुको कुनै तात्पर्य छैन । जस्तो **श्रीमद्भगवद्गीता**मा भगवान् स्वयं भन्नुहुन्छ–

यो यो यां यां तनुं भक्तः श्रद्धयार्ऽचितुमिच्छति ।
तस्य तस्याऽचलां श्रद्धां तामेव विदधाम्यहम् ॥
स तया श्रद्धया युक्तस्तस्याऽऽराधनमीहते ।
लभते च ततः कामान् मयैव विहितान् हि तान् ॥ (७।२१–२२)

'जो-जो भक्त जुन-जुन देवताको स्वरूपलाई श्रद्धापूर्वक पूजा गर्न चाहन्छ, त्यस भक्तको त्यस देवप्रति अचल श्रद्धा म स्थिर गरिदिन्छु । त्यो भक्त (मैले दिएको) त्यस श्रद्धाले युक्त भई त्यस देवताको पूजा गर्ने चेष्टा गर्दछ र (त्यस देवताको रूपमा) मैले दिएको ती काम्य पदार्थलाई निश्चय नै प्राप्त गर्दछ ।'

यसबाट के स्पष्ट हुन्छ भने यी सर्वदेवको मूलमा वस्तुतः एउटै चेतनदेव विराजमान छन् र ती भिन्न-भिन्न रूप त पहिल्यै निरूपण भएअनुसार एउटै परमदेवका उपलक्षणस्वरूप हुन् । परन्तु मन्दबुद्धिहरूले वास्तविक रहस्य बुझ्न नसकेर **श्याल-सारमेय-न्याय**द्वारा परस्पर वैमनस्य झिकेर आफ्नो दुरुपयोग गरी धर्मलाई अधर्ममा र अमृतलाई विषमा परिणत गर्दछन् र चन्दनबाट आगो उत्पन्न गर्दछन् । **श्याल-सारमेय-न्याय**को अर्थ के भने स्त्रीको भाइलाई श्याल भन्दछन्, सारमेय कुकुरको नाम हो र न्याय शब्दको अर्थ दृष्टान्त हो । कसैको घरमा कुकुरको नाम 'धावक' थियो र त्यसको छिमेकीको कुकुरको नाम 'उत्फालक' थियो । त्यसै मानिसको श्याल-(सालो)-को नाम 'उत्फालक' थियो र त्यस श्यालको शत्रुको नाम 'धावक' थियो । त्यस घरको कुकुर 'धावक' (जुन सालाको शत्रुको नाम पनि थियो) र त्यसको छिमेकीको कुकुर 'उत्फालक' (सालाको नाम पनि यही

थियो) परस्पर जुद्धा त्यस घरका मालिकले आफ्नो धावकको प्रशंसा गरेर आफ्नो छिमेकीको कुकुर उत्फालकलाई गाली गरे। त्यस मानिसकी स्त्री बिहे भएर घर आउँदा वास्तविक रहस्य नबुझी आफ्नो भाइलाई गरेको निन्दा सुनेर आफ्नो लोग्नेसित झगडा गर्न थालिन्। यसैलाई **श्याल-सारमेय-न्याय** भन्दछन्। यसै गरी वास्तविक तत्त्व नबुझेर मन्दबुद्धिहरू आ-आफ्ना उपास्यदेवको महिमा छाँटेर अरू देवताको निन्दा गर्नमा तत्पर हुन्छन्। परन्तु वास्तवमा महर्षि व्यासको तात्पर्य यी पञ्चदेवमा कुनैलाई उत्कृष्ट र कुनैलाई निकृष्ट बनाऊँ भन्ने कदापि होइन, अपितु कारणब्रह्मलाई ध्येय निश्चित गर्नु नै महर्षिको मुख्य प्रयोजन हो। अर्थात् जसको जुन देवतामा रुचि छ उसले त्यही कारणब्रह्म-(सृष्टिकर्ता, जगन्नियन्ता र संहारकर्ता)-को चिन्तन गर्नुपर्दछ। यही पुराणशास्त्रको निष्कर्ष हो।

गम्भीरतापूर्वक विचार गर्ने हो भने स्पष्ट हुन्छ के भने यी पाँचै देवताका मूर्ति सुन्दर र भावपूर्ण छन्, अर्थात् प्रत्येक मूर्तिमा मूलतः गम्भीरभाव भरिएको छ। अतः ती एउटै परमदेव कारणब्रह्मको स्वरूपका द्योतक हुन्। यसको निरूपण तल संक्षेपमा गरिन्छ–

विष्णुको मूर्तिमा कारणब्रह्मरूप निर्गुण भाव– विष्णु भगवान् अनन्तनागको शय्यामाथि क्षीर-समुद्रमा सुत्नुभएको छ। नीलो वर्ण छ र चतुर्भुजमा शङ्ख, चक्र, गदा र पद्म धारण गर्नुभएको छ उहाँको नाभिकमलबाट रक्तवर्ण चतुर्मुख ब्रह्माको उत्पत्ति भएको हो। लक्ष्मी उहाँको चरण मिचिरहनुभएको छ आदि आदि। भगवान् विष्णुको यस्तो रूपको वर्णन शास्त्रमा गरिएको छ। अब यसको रहस्यको निरूपण गरिन्छ। राम, कृष्ण आदि त विष्णुकै अवतार हुनाले यसै रूपमा ध्यान गर्न योग्य छन्। विष्णु त्यो एउटै चेतनस्वरूपलाई सिद्ध गर्ने व्यापकको नाम हो। अनन्तनागको भाव अनन्त आकाश हो। अनन्त आकाशभन्दा पनि ज्यादै सूक्ष्म र ज्यादै व्यापक हुनाले **अनन्तनागरूप** आकाश भगवान्को शय्याको रूपमा निरूपित भएको छ, अर्थात् जसमाथि विष्णुको शयन भइरहेछ, त्यसमा उहाँको व्यापकता देखाइएको छ। जसरी जड शय्यामा चेतन पुरुषको शयन योग्य नै छ, त्यसरी नै जड आकाशमा चेतनरूप भगवान्को शयन हुनु युक्तियुक्त नै छ, किनभने चेतनविना जडको स्थिति असम्भव छ। जब आकाशभित्र तथा आकाशमाथि उनी विराजमान छन् भने आकाशको कार्य वायु, अग्नि, जल एवं पृथ्वी आदि पञ्चतत्त्वद्वारा रचना भएको स्थूल ब्रह्माण्डको अन्तर्गत सबैमा नै उनी विराजमान छन्

भन्ने कुरोमा सन्देह गर्नुपर्ने नै के छ ? जीव अनादि छ र प्रत्येक जीवको प्रत्येक जन्मको कर्मसंस्कार अनन्त छ र त्यसको जन्म पनि अनन्त नै छ। यसकारण त्यसको अनन्त जन्मको कर्मसंस्कारको अन्त नै कसो हुन सक्ला ? प्रत्येक जीवको कर्मसंस्कार यति अनन्त छ भने अनन्त जीवको अनन्त जन्मको अनन्त संस्कार समुद्रजस्तै अपारावार हुनुमा आश्चर्य नै के छ ? जसरी दूधको प्रत्येक अंशमा नदेखिने गरी रहेको नौनी दूधबाट निस्कन्छ, त्यसै गरी प्रत्येक संस्कार सुख-दुःखरूप फलको कारणबाट हुने गर्दछ। यसकारण त्यही समष्टिगत संस्कारलाई **क्षीर-समुद्र**को रूपमा वर्णन गरिएको छ, अर्थात् त्यो समष्टि-संस्काररूप क्षीरसमुद्रमा ती देव विराजमान भएको देखाएर उनको सर्वव्यापकता र परस्परता सिद्ध गरिएको छ। त्यस क्षीरसमुद्रमा ती देव सुतेका छन्, यहाँ सुत्नुको आशय के हो ? सुत्नुको भाव के भने ती कर्मसंस्कारलाई भगवान् उदासीन रहेर आफ्नो सत्ता-स्फूर्तिभावले फलोन्मुख गरिरहनुभएको छ। भगवान् कसैलाई सुख-दुःख भोगाउने काम गर्दैनन्, किन्तु जीव जस्तो-जस्तो कर्म गर्दछ, त्यसअनुसार नै भगवान्को सत्तास्फूर्तिद्वारा उसलाई सुख-दुःखको भोग मिल्दछ। जस्तै एउटै भूमिमा छरिएका गहुँ, जौ, मकै आदिमा अनेक बीजलाई भूमि आफ्नो समयमा आफ्नो सत्ताको स्फूर्तिले फलोन्मुख पार्छ र फल पनि बीजअनुसार नै निस्कन्छन्। यही **कर्मसंस्काररूप क्षीरसमुद्रमा भगवान्को शयन** गर्नाको भाव हो। **नीलवर्ण**को भाव नीरूप अर्थात् निराकार हो। जस्तो आकाश हेर्दा नीलो रङ्गको देखिए तापनि त्यसको कुनै रूप छैन, त्यस्तै भगवान्को पनि कुनै रूप छैन अथवा नीलो वर्णद्वारा सत्त्वगुणको पराकाष्ठा सिद्ध हुन्छ र बुझिन्छ– भगवान् सत्त्वगुणका मूर्ति नै हुनुहुन्छ। **चतुर्भुज**को भाव अनन्त शक्ति हो। शरीरका सब अङ्गमा बलको आधार-भूत भुजा (बाहु) नै मानिन्छ, यसकारण भुजबल (बाहुबल) नै प्रसिद्ध छ। यसप्रकार चतुर्भुजले परमात्माको अनन्त शक्तिलाई नै सूचित गर्दछ। उनका चार भुजा-(हात)-मा शङ्ख, चक्र, गदा र पद्म छन्। यिनमा शङ्ख र पद्म मङ्गल-सूचक र गदा र चक्र अनिष्टरूप सरापका परिचायक हुन्। यसको भाव के भने त्यो अनन्त शक्तिले आफ्नो अनुसार चल्ने धर्मानुयायीलाई यो लोक र परलोक दुवैमा भलो गर्दछ, तर आफ्नो विरुद्ध चल्ने अधर्मीलाई यस लोकमा आधि-व्याधि र परलोकमा यमको यातना नभोगाई छाड्-दैन। नाभि भन्नाले शरीरको बीचको भाग हो। ती व्यापक विष्णुको प्रत्येक स्थान नै नाभिरूप छ। जस्तो भकुन्डो गोल हुन्छ र त्यसको प्रत्येक स्थान केन्द्र बन्न सक्तछ, त्यस्तै ती अनन्तशायी व्यापक विष्णुको पनि प्रत्येक स्थान नाभिरूप छ मन, बुद्धि, चित्त अहङ्कारका रूपले अन्तःकरण चतुर्भुज हो र समष्टि अन्तःकरण नै ब्रह्मरूप ब्रह्मा

हो। **रक्तवर्ण** रजोगुणको सूचक हो, किनभने रजोगुणबाट नै कर्म गर्नु सम्भव छ। यसकारण सृष्टिकर्ता ब्रह्मा चतुर्मुख र रक्तवर्ण हुनु स्वाभाविक नै छ। यस्ता ब्रह्माको उत्पत्ति भगवान्‌को नाभिस्थलबाट अर्थात् बीचको भागबाट नै हुन सक्तछ, किनभने अन्तः-करण स्वयं जड भएकोले केवल स्फुरणरूप चेतनाको सत्ताबाट त्यसमा कर्मको चेष्टा हुन सक्तछ, यसकारण समष्टि अन्तःकरणरूप ब्रह्माको प्रत्येक कर्म-चेष्टाको बीचमा त्यस परमदेवको स्फुरण हुनु स्वाभाविक नै छ । **लक्ष्मी** भगवान्‌को मायारूप प्रकृति हुन्, जो भगवान्‌को अधीन रहेर नै संसारको उत्पत्ति गर्दछिन्– लक्ष्मीले भगवान्‌को पाउ दाब्नुको भाव यही हो।

मयाऽध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनाऽनेन कौन्तेय जगद्विपरिवर्तते ॥

– श्रीमद्‌भगवद्‌गीता ९।१०

'मेरो अध्यक्षतामा नै प्रकृति चराचर जगत्‌लाई उत्पन्न गर्दछिन्, हे अर्जुन! यसै हेतुले यो संसार विपर्यय-भावमा जाने गर्दछ।'

विष्णुमूर्तिको स्वरूपमा कारणब्रह्मरूप गम्भीर भाव यही हो।

शिवमूर्तिमा कारणब्रह्मरूप निर्गुण भाव–शिव नाम कल्याण-स्वरूपको हो, जो साक्षात् ज्ञानमूर्ति हो र यो प्रत्येक भूतभौतिक प्राणिमात्रको श्रेयःपथप्रदर्शक पनि हो। यो शिवस्वरूपले महापापीलाई पनि महादुःख भोगाएर कल्याण गर्दछ। जसरी राजा र पिता आफूदेखि विमुख भएका प्रजा र सन्तानलाई दण्ड दिएर पनि मूलमा तिनीहरूको श्रेय नै चिताउँदछन्, कहिल्यै अनिष्ट-चिन्तन गर्दैनन्, त्यसरी नै यो ज्ञानमूर्ति पनि सम्पूर्ण प्राणीको कल्याण हुने नै काम गर्दछ ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥

– श्रीमद्‌भगवद्‌गीता ४।३६

तिमी पापीहरूमध्ये महापापी छौ भने पनि ज्ञानरूप नौकाद्वारा निःसन्देह सम्पूर्ण पापबाट नै राम्ररी पार तर्नेछौ।

यसकारण त्यो शिवस्वरूप कल्याणमूर्ति हो र सच्चिदानन्दघनरूप हो। यसैको नाम महादेव हो, जो सबै देवताका पनि देव हुन् र सबैका पूज्य छन्। यी शिव-

स्वरूप त्रिनेत्र हुन्, तीमध्ये दुई नेत्र सम्पूर्ण प्राणीको मस्तकमा संसार खुला छन्, यिनको प्रवृत्ति संसारतिर नै छ र ती अहंता-ममताद्वारा बाँधिएका छन्; यसकारण तेस्रो नेत्र सबैको भित्र विद्यमान भए पनि बन्द रहेको छ। परन्तु यी शिवस्वरूपको तेस्रो ज्ञाननेत्र पनि निरन्तर प्रज्वलित छ। त्यो तेस्रो नेत्रको स्थान मस्तकमा यी दुई नेत्रको माथि छ भनाइको तात्पर्य हो– यी दुई नेत्रमा जुन प्रकाश छ, त्यो यिनको आफ्नो होइन, किन्तु यिनको माथि जुन तेस्रो ज्ञाननेत्र छ त्यसैको ज्योतिद्वारा यी प्रकाशित हुने गर्दछन्। यी शिवस्वरूपले आफ्नो ज्ञाननेत्रद्वारा नै कामलाई भस्म गरेका हुन्।

आत्मा ब्रह्मेति निश्चित्य भावाभावौ च कल्पितौ ।
निष्कामः किं विजानाति किं ब्रूते च करोति किम् ।।

– अष्टावक्र

'आत्मा ब्रह्मरूप हो र सम्पूर्ण भावाभाव पदार्थ कल्पित हुन् भन्ने निश्चय गरेर निष्काम ज्ञानीले के जान्नु के भन्नु र के गर्नु ?'

अर्थात् जसले सबलाई आफू नै जानेको छ त्यसको लागि न केही जान्न बाँकी रहेको हुन्छ, न केही भन्न, न केही गर्न नै। जब कुनै वस्तु आफूदेखि भिन्न भन्ने ठानिन्छ तब कामना उत्पन्न हुन्छ, किन्तु यी शिवरूपले त आफ्नै ज्ञान-प्रकाशद्वारा सबैलाई आफ्नो आत्मा निश्चय गरेर सम्पूर्ण कामना भस्म गरिसकेका छन्। यी शिवस्वरूपको मस्तकमा शान्तिका प्रतीक द्वितीयाका चन्द्रमा शोभायमान छन्, जसको कला नित्य वृद्धिमा प्राप्त हुन्छ। यिनले दुःखरूप विष खाएका छन्। समुद्र-मन्थन गर्दा त्यससमय सब रत्नका ग्राहक खडा भए पनि विषको ग्राहक कोही पनि भएन। सबै डराएका थिए। त्यस-समय सम्पूर्ण दुःखरूपी विष हडप गर्ने तिनै ज्ञानमूर्ति भए। आफूदेखि भिन्न कुनै वस्तु नै नभएपछि दुःखको के डर ? यो त यिनकै आफ्नो आत्मा थियो, **तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः**। अर्थात् जो एकत्व देख्तछ त्यसको लागि केको मोह, केको शोक ? दुःख सधैं कुनै न कुनै वस्तुको इच्छा नै हुन्छ र इच्छा तब हुन्छ, जब इच्छा गरेको वस्तुलाई आफूदेखि भिन्न सम्झन्छ। किन्तु यी शिवस्वरूप आफ्नो एकत्व दृष्टि- (अभेद दृष्टि)-द्वारा सबैलाई आफ्नो आत्मा नै हुन् भन्ने जानेका छन् यसकारण यसको कुनै इच्छा छैन र जब कुनै इच्छा नै छैन, तब दुःख कुन कुराको ? यी शिवस्वरूप दिगम्बर हुन्, सब दिशा यिनको वस्त्र हो, अर्थात् यिनी कुनै दिशामा सीमित छैनन्, सबै दिशा-देखि पर छन्। यसकारण यी सर्वव्यापी देश-परिच्छेदले रहित छन्। वैराग्य नै भूषण

हो यी देवका जसले नागेन्द्रको हार आफ्नो गलामा पहिरेका छन् । नागेन्द्र साक्षात् मृत्युस्वरूप हुन् र पनि उनलाई उनले आफ्नो गलामा बेरेका छन्, अर्थात् काललाई यिनले आफ्नो अधीन गरेका छन् । यसैले उनलाई कालदेखि कुनै डर छैन । यिनी कालातीत भएकोले कालपरिच्छेदले रहित छन् । यिनले आफ्नो शरीरलाई शवभस्मले विलेपन गरेका छन् । नरमुण्डको माला लगाएका छन् श्मशानमा वास गरेका छन् । यी सब वस्तु तीव्र वैराग्यका सूचक हुन् । तात्पर्य के भने जसले संसारसम्बन्धी रोगलाई वैराग्यद्वारा भस्म गरी त्यस भस्मलाई शरीरमा लेपन गरेको छ, अर्थात् त्यस भस्मलाई अङ्गीकार गरेको छ, त्यही शिवस्वरूपको दर्शन गर्ने अधिकारी हुन सक्तछ ।

उनका चार हात छन्, जो उनका अनन्त शक्तिका सूचक हुन् । पार्वती यिनको वामाङ्गमा विराजमान छिन्, अर्थात् उत्पत्ति, स्थिति र लयकारिणी महामाया उनको वामाङ्गमा विराजमान भइरहेकी छन् । वामाङ्गमा विराजमान हुनाको भाव के भने उनको कृपाकटाक्षबाट नै मायाले सबै चेष्टा गरिरहेकी छन्, अर्थात् यो सब उनैको लीला मात्र हो । उनको हातमा भएका त्रिशूल, डमरु आदि वर र सरापका परिचायक हुन् । अर्थात् यी शिवस्वरूपले आफूदेखि विमुख भएका जीवलाई आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी त्रिविध तापरूपी त्रिशूलले छेदन नगरी छाड्दैनन्, यसकारण त्रिशूल उनको हातमा छ, तर आफ्नोअनुसार चल्ने जीवको निमित्त लोक-परलोक प्रदान गर्नु यिनको लागि विलास मात्र हो, अर्थात् बायाँ हातको खेल हो । यसै निमित्त मङ्गलरूप डमरु उनको बायाँ हातमा रहेको छ । यिनी गौर वर्ण हुनु यिनको शान्ति मूर्तिको चिह्न हो । यी देवका वाहन धर्मयुक्त वृषभ हो । धर्मविना ज्ञान हुनु सम्भव छैन, अर्थात् जब हाम्रा सब चेष्टा धर्ममूलक भइदिन्छन्, तब हामीमा वैराग्य उत्पन्न भई ज्ञान प्राप्त हुन सक्तछ । यसै कारण ती ज्ञानमूर्ति धर्ममय वृषभमाथि आरूढ छन् । यसप्रकार ती धर्मरूप वाहनलाई सन्तुष्ट पारेर नै यी विश्व-स्वरूपको प्राप्ति सम्भव हुन सक्तछ । यिनै धर्ममय वृषभको सीङमा पृथ्वी अडेको छ, र जब धर्मको ह्रास हुन थाल्दछ, तब पृथ्वी अर्थात् समष्टि जीव शोकाकुल हुन्छन् । यी शिवस्वरूपको जटाबाट निस्केको ज्ञानरूपी गङ्गाको तीन धाराले तीनै लोक व्याप्त गरिरहेका छन्, अर्थात् सर्वदेश तथा सर्वकालमा सुलभ छ । जसरी तीर्थका पुरोहितलाई दक्षिणा-सङ्कल्पद्वारा सन्तुष्ट नगरी गङ्गास्नानको फल मिल्दैन, त्यसै गरी यो ज्ञानगङ्गारूपी तीर्थका पुरोहित ज्ञानी अनुभवी महापुरुषलाई संसारप्रतिको अहंता-ममतारूपी दक्षिणा-सङ्कल्पद्वारा सन्तुष्ट

गरेर नै यस ज्ञानगङ्गा-स्नानको यथार्थ फल प्राप्त गर्न सकिन्छ । यसप्रकार जसले शुद्ध अन्तःकरणले विधिपूर्वक यो गङ्गास्नान गरेको छ, उसलाई यसको प्रत्यक्ष फल तत्काल प्राप्त हुन्छ, र सुतेको मानिसले ब्यूँझँदा स्वप्नको दुःखबाट मुक्त भई शान्ति पाएजस्तै त्रिविध तापबाट मुक्त भई उसको हृदय शीतल हुन्छ । **शिवपुराण**को **ज्ञानसंहिता**मा भनिएको छ–

ज्ञानमूलं तथाऽध्यात्मं तस्य भक्तिः शिवस्य च ।
भक्तेश्च प्रेम सम्प्रोक्तं प्रेम्णस्तु श्रवणं मतम् ॥
श्रवणस्य सतां सङ्गः सङ्गस्य सद्गुरुः स्मृतः ।
सम्पन्ने च तथा ज्ञाने मुक्तिर्भवति निश्चितम् ॥ (७८।३०–३१)

'आत्मयोग नै शिवतत्त्व-ज्ञानको मूल हो । शिवभक्ति आत्मयोगको मूल हो । भक्तिको मूल प्रेम हो, प्रेमको मूल शिव-महिमा-श्रवण हो, श्रवणको मूल सत्सङ्ग हो, र सत्सङ्गको मूल हो सद्गुरु । ज्ञानसम्पन्न भएपछि साधक मुक्त हुनु निश्चित नै छ ।' **कूर्मपुराण**को अन्तर्गत **ईश्वरगीता**मा ज्ञानी भक्तलाई सर्वोत्तम भनिएको छ–

सर्वेषामेव भक्तानामिष्टः प्रियतमो मम ।
यो हि ज्ञानेन मां नित्यमाराधयति नाऽन्यथा ॥

– कुर्मपुराण उत्तरार्ध ४।२५

'सबै भक्तहरूमा त्यही मेरो प्रियतम भक्त हो, जो सधैं ज्ञानद्वारा मेरो आराधना गर्दछ, अन्य प्रकारले होइन ।' यही शिवमूर्तिमा कारण ब्रह्मरूपअध्यात्म-भावको उपासना हो ।

सूर्यमूर्तिमा कारण-ब्रह्मरूप निर्गुणभाव– सूर्य प्रत्यक्ष प्रकाशमान तेजस्वरूप देव हुन् र सबै नै आधिभौतिक तेजको उद्गमस्थान हो । स्थूल दृष्टिले यो सम्पूर्ण स्थूल पदार्थको कारण हो । दिन-रात र घडी-प्रहर आदि समयको सम्पूर्ण व्यवस्था सूर्य-द्वारा नै सिद्ध हुने गर्दछ तथा ग्रीष्म, वर्षा, शरत्, हेमन्त, शिशिर र वसन्त ६ ऋतुको परिवर्तन पनि सूर्यको अधीनमा नै सिद्ध हुन्छ । सारांश के भने **जायते** (उत्पन्न हुन्छ), **अस्ति** (विद्यमान छ,) **वर्धते** (बढ्दछ), **विपरिणमते** (विकारमा परिणत हुन्छ), **अपक्षीयते** (क्षय हुन्छ), विनश्यति (नाश हुन्छ) –यी छ विकार भएको नै सम्पूर्ण प्रपञ्च हो र यो सब उत्पत्ति, स्थिति र लय हुने कुरा कालकै अधीन छ, जसको कारण सूर्य नै हो । गमन-आगमन, आकुञ्चन- प्रसारण, उत्क्षेपण-अपक्षेपण आदि ब्रह्माण्डमा हुने

सम्पूर्ण क्रिया र चेष्टा पनि सूर्यद्वारा नै सिद्ध हुन्छ। यदि सूर्य नहुने हो भने सम्पूर्ण ब्रह्माण्ड नै चिसिएर जड हुन गई सम्पूर्ण क्रियाको सङ्कोचन हुनेछ। यति मात्र होइन, यो सम्पूर्ण ब्रह्माण्ड नै शब्द, स्पर्श, रूप, रस गन्ध– यी पाँच विषय र गुणको छ र यी पाँचको सिद्धि हुनमा सूर्यको सहायता छ, सूर्यविना एउटाको पनि सिद्धि हुनु असम्भव छ। सूर्यविना वायु चल्न सक्तैन, र फेरि वायु नचलेपछि शब्द पनि एक ठाउँबाट अर्को ठाउँमा पुग्न सक्तैन, किनभने शब्दलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम वायुद्वारा नै हुने गर्दछ। यसकारण वायु नचलेमा शब्दको क्रिया नै बन्द हुन जान्छ। वायुको क्रियाबाट नै स्पर्शगुणको सिद्धि हुन्छ, यदि त्यही नहुने हो भने त्यो सिद्धि पनि हुन सक्तैन। यो सम्पूर्ण कुरो स्वयं सूर्यकै गुण हो। जलको रसगुण पनि सूर्यविना जडता आएर सिद्ध हुन सक्तैन गन्ध-गुणको सिद्धि त झन् जलबाट नै हुन्छ। संसारमा पाँच गुणमध्ये रूपगुण नै मुख्य छ र यी सबको उद्गमस्थान पनि सूर्य नै हुन्। संसारमा जति पनि रूप छन्, ती सब सात रङ्गले ओतप्रोत भई सिद्ध हुन्छन् र ती सात सूर्यबाट नै निस्कन्छन्। यी सात नै सूर्यको रथका सात घोडा हुन्। पदार्थमा जति पनि रूपरङ्ग दृष्टिगोचर हुन्छ ती सब रूपरङ्ग पदार्थगत आफ्ना नभई सब सूर्यका नै हुन्। सब पदार्थ सूर्यबाट नै स्वगत रङ्ग प्राप्त गर्दछन्। यही कुरो आधुनिक विज्ञानले पनि सिद्ध गरेको छ सारांशमा यो संसार गुण-क्रिया-द्रव्यमय नै छ र सम्पूर्ण गुण-क्रिया- द्रव्यप्रति सूर्य कारण बनेको कुरो प्रसिद्ध नै छ। अतः सूर्य कारण-ब्रह्मरूपबाट उपास्य छन्। सूर्य भगवान्का वाहनको वर्णन शास्त्रमा सात घोडा भएको रथ भनी गरिएको छ। यो स्थूल गोलाकार जड सूर्य नै उपर्युक्त सात रङ्ग भएको, सात घोडा भएको रथ हो र त्यो चेतन साक्षी, जसको सत्ता-बाट नै यो सब प्रकाश, रूपरङ्ग र क्रिया प्रकाशित भइरहेछ, त्यही यस रथका रथी हुन्।

यदादित्यगतं तेजो जगद् भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाऽग्नौ तत्तेजो विद्धि मामकम् ॥

– श्रीमद्भगवद्गीता १५।१२

'जुन तेज सूर्यमा रहेर सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गरिरहेछ र चन्द्रमा तथा अग्निमा जुन तेज छ त्यो तेज मेरै हो भनी तिमी जान।'

सूर्यमूर्तिमा कारण-ब्रह्मरूपको उपासना यही हो।

गणेशमूर्तिमा कारणब्रह्मरूप निर्गुण भाव – गणानाम् ईशः गणेशः। गणानां पतिः गणपतिः। अर्थात् गणेश शब्दको अर्थ हो गणपति, गणहरूका ईश्वर वा स्वामी।

गण शब्द समूहलाई बुझाउँछ । यहाँ शिवगण मात्र गणको रूपमा ग्रहण गरिन योग्य छैन, अपितु समष्टि मन, इन्द्रिय आदि अध्यात्मगण, ती मन र इन्द्रियलाई सञ्चालन गर्ने देवतारूप अधिदेवगण र आकाश आदि पञ्चतत्त्वरूप अधिभूतगण पनि **गण** शब्द-को अर्थ ग्रहण गर्न योग्य छन् । यी समष्टि अध्यात्म, अधिदेव र अधिभूत गणका स्वामी नै **गणेश** शब्दको भावार्थ हो । यस्ता सब गणका स्वामी **एकमेवाऽद्वितीयम्**– सत्त्वगुणका मूर्ति र केवल घन (ठोस) सत्त्वगुण नै गणको रूपमा उपास्य छ । गणेश-मूर्तिमा सब अङ्ग सत्त्वगुणकै परिचायक छन् । यो अटल सिद्धान्त के भने जहाँ रजोगुण उत्पन्न हुन्छ त्यहीं सब विघ्न आइपर्दछन् । जब-जब कर्तृत्वाभिमान हुन थाल्दछ तब-तब चञ्चलता, मत्सरता, दर्प, राग, द्वेष र विफलता आदि सब विघ्न आ-आफ्नो ठाउँमा आएर रहन्छन् र जब ती सब विघ्न हर्ने सत्त्वगुणरूप गणेश प्रकट हुन्छन् सब विघ्नहरूको अभाव हुन्छ; अर्थात् सब कर्ता-धर्ता उनै अन्तर्यामी देव नै हुन् । बुद्धिमा रहेर उनै निश्चय गरिरहेछन्, मनमा रहेर उनै सङ्कल्प गरिरहेछन्, अनि ज्ञानेन्द्रिय-हरूसँग मिलेर कर्मेन्द्रियहरूलाई गति पनि उनै दिइरहेका छन् । यहाँसम्म कि प्रत्येक नाडीलाई उनै चलाइरहेछन्, हाम्रो आफ्नो कर्तृत्व त पीठोमा नून जति पनि छैन भन्ने भाव जब हाम्रो हृदयले समाउँछ, तब सब विघ्नको अभाव हुन्छ । दृष्टान्तको रूपमा हामी यसरी बुझ्न सक्छौं– अग्निमा उष्णता र जलमा क्लेद- (गलाउनु)-धर्म नहुँदो हो त हाम्रो जतिसुकै पुरुषार्थ किन नहोओस्, हाम्रो आफ्नो पुरुषार्थले मात्र हामी-लाई पकाइएको भोजन पाउनु सम्भव हुने थिएन । साधारणतया कुनै वस्तुलाई आँखाले देख्न अनेक नाडीमा क्रिया उत्पन्न भएपछि मात्र आँखाले त्यस वस्तुलाई देख्न सक्तछ । यदि आँखाको क्रिया ती नाडीमा उत्पन्न नभएको भए आँखा स्वयं कुनै वस्तुलाई देख्न सक्तैनथ्यो । सारांशमा के भन्न सकिन्छ भने हामीले कर्ता ठानेको समग्र स्थूल र सूक्ष्म शरीर केवल एउटा कठपुतलीजत्तिकै छन् र यिनलाई चलाउने ती सूत्रधार अन्तर्यामी नै छन् । 'वास्तवमा सब कर्तृत्व उसैको हो, लेश मात्र पनि हाम्रो होइन ।' यसप्रकार जब सत्त्वगुण हृदयमा भरपूर हुन्छ, तब कर्तृत्वाभिमानको अभाव भई शान्ति, सन्तोष, सरलता, कोमलता, प्रेम, सफलता आदि गणेशका अनुचर आएर उपर्युक्त सबै विघ्न-लाई हटाउँछन् ।

अहं कर्तेत्यहंमानो महाकृष्णाहिदंशितः ।
नाऽहं कर्तेति विश्वासोऽमृतं पीत्वा सुखी भव ।।

– अष्टावक्र

'हे जनक ! म कर्ता हुँ भन्ने यो अङ्काररूपी कालो सर्पले डसिएका तिमी म केही गर्दिनँ भन्ने विश्वासरूपी अमृत पिएर सुखी होऊ ।'

यसै कारण कर्म गर्दा आरम्भमा, **विघ्नहरण मङ्गलकरण** भनी गणेशको स्तुति गरिन्छ । परन्तु केवल वाणीद्वारा कथन लाभदायक छैन, अपितु त्यसलाई हृदयङ्गम गरेर हृदयले कथन गर्नु आवश्यक छ । केवल रोरी-मौली चढाउँदैमा गणेश प्रसन्न हुँदैनन्, किन्तु मन-बुद्धिको भेंटी चढाउनाले नै उनी प्रसन्न हुन्छन् ।

जहाँ सत्त्वगुण छ, त्यहीं सब मङ्गल छ । जहाँ रजोगुण छ, त्यहीं सब क्लेश र विघ्न । यसकारण यी सर्वविघ्नविनाशकारी मङ्गलदाता सर्वदेव-मनुष्यादिद्वारा वन्दना गर्न योग्य छन् । एक गाथा छ– कुनै समयमा देवताहरूले दैत्यहरूमाथि आक्रमण गरे । परन्तु आफ्नो रजोगुणी अभिमानले गर्दा तिनीहरूले गणेशको पूजा गर्न बिर्सेका थिए । यसकारण तिनीहरू त्यस काममा सफल हुन सकेनन् । अनि त फर्के र तत्काल ती मूर्मिमान् सत्त्वगुणरूप गणेशको पूजा गरे । गणेशलाई आफ्नो हृदयरूपी सिंहासनमा बसाले, र यसले गर्दा तिनीहरूको विजय भयो । यी मूर्तिमान् सत्त्वगुणरूप गणेशको कृपाले नै ज्ञान, कर्म, व्यवहार तथा परमार्थका सब सिद्धि प्राप्त हुन्छन्, यसकारण यिनको शक्तिको नाम **सिद्धि** हो, जसलाई यिनले आफ्नो वामाङ्गमा बसाएका छन् । **सत्त्वात् सञ्जायते ज्ञानम्,** अर्थात् सत्त्वगुणबाट नै सब ज्ञान उत्पन्न हुन्छन्, र रजोगुणरूप मुसोलाई दबाएर गणेश त्यसमाथि आरूढ भइरहेछन् । जस्तो, **रजस्तमश्चाऽभिभूय सत्त्वं भवति भारत (श्रीमद्भगवद्गीता १४।१०)**, अर्थात् रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुणको वृद्धि हुन्छ ।

यी गणेशको एक हातमा अंकुश, एकमा लड्डू, एकमा कमण्डलु र एकमा माला छ । अंकुश विघ्ननाशक चिह्न हो अथवा आफ्ना विरोधीहरूलाई दुःखरूप सरापको सूचना दिन्छ । लड्डूले आफ्ना अनुयायीहरूलाई मङ्गलमय वरको सूचना दिन्छ । कमण्डलु र माला यिनको स्वरूप प्राप्ति गर्न साधनाका सूचक हुन् । कमण्डलुले त्यागलाई बुझाउँछ र मालाले ईश्वरपरायणतालाई । भनाइको तात्पर्य के भने सत्त्वगुणरूप गणेशलाई प्राप्त गर्ने एकमात्र साधन त्याग नै हो । पदार्थको पकड वा त्यसप्रतिको आसक्तिबाट सत्त्वगुणरूप गणेशको प्राप्ति गर्नु असम्भव छ, पदार्थको पकडबाट रजोगुण मात्र प्राप्त हुन्छ । एकमात्र पदार्थलाई छाडेर नै गणेश (सत्त्वगुण) पाउन सकिन्छ । परन्तु त्याग भईकन पनि ईश्वरपरायणता (माला) भएन भने त्यतिखेर पनि उनको

प्राप्ति गर्नु सम्भव छैन । यसउसले त्यागको साथसाथै ईश्वरपरायणता हुनु पनि त्यत्तिकै आवश्यक छ । यी गणेशको गण्डस्थलबाट शान्तिरूपी मधु चुहिरहेछ र यसको सुबासमा लोभिएर शुद्ध अन्तःकरण भएको भावकरूप भमराहरू गुञ्जन गरिरहेका छन्– **प्रस्यन्दन्म-धुगन्धलुब्धमधुपव्यालोलगण्डस्थलम्** । अर्थात् सत्त्वगुणबाट नै शान्ति उब्जन्छ । अतः जसको अन्तःकरण सत्त्वगुणको छ र ज-जसले त्यसबाट उत्पन्न शान्ति सुखको अनुभव गरेका छन्, ती नै ती भमराहरू झैं गणेशको गण्डस्थलबाट चुहेको मदगन्धमा लोभिएर गुञ्जन गरिरहेका छन् र हटाए पनि निवृत्त हुँदैनन् । गणेशको कारण-ब्रह्मरूप अध्यात्म-भावको उपासना यही हो ।

शक्तिमूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव– जसको विद्यमानताले गर्दा पदार्थको अस्तित्व छ र जसको अविद्यमानताले गर्दा पदार्थको अस्तित्व नै लुप्त हुन्छ, त्यही त्यस पदार्थको शक्ति हो; जस्तो, जलमा रस, अग्निमा तेज र पृथ्वीमा गन्ध ।

रसोऽहमप्सु कौन्तेय प्रभाऽस्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ।।

– श्रीमद्भगवद्गीता ७।८

'हे कौन्तेय ! जलमा रस, सूर्य-चन्द्रमामा प्रभा, सबै वेदमा ॐकार, आकाशमा शब्द र पुरुषमा बलको रूपमा म नै छु ।'

तात्पर्य के भने सब पदार्थमा शक्तिरूपले ती परमात्मदेव विराजमान हुनुहुन्छ, उपाधिभेदले गर्दा त्यसै शक्तिका विभिन्न नाम हुन आएका छन् । जसरी जल भिन्न-भिन्न पात्रको उपाधिले पात्रको अनुरूप भिन्न-भिन्न रूप धारण गर्न पुग्छ, तर उपाधि-भेदलाई छाडेर केवल जलको दृष्टिले ती रूपमा कुनै भेद हुँदैन, त्यसरी नै एउटै अचिन्त्य चिन्मात्र शक्ति, जुन सम्पूर्ण ब्रह्माण्डमा नाना नाम-रूपात्मक प्रपञ्चमा व्याप्त भएर स्थित छ, भिन्न-भिन्न नाम-रूपको उपाधिले गर्दा यद्यपि भिन्न-भिन्न प्रतीत हुन्छ तापनि ती सम्पूर्ण नाम र सम्पूर्ण रूपको पछाडि आफ्नो वास्तविक रूपमा त्यो एउटै छ । **दुर्गा-सप्तशती-(अ० ५।१४–७४)**-मा ती देवीको रूप यसप्रकार अनेक रूपमा वर्णन गरिएको छ–

या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।।

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।।
या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तयै नमोनमः ।। इत्यादि

अर्थात् जो देवी सब प्राणीमा माया, चेतना, बुद्धि, निद्रा, क्षुधा, छाया, तृष्णा, लज्जा, शान्ति आदि रूपबाट रहेकी छन्, तिनलाई वारंवार नमस्कार अर्थात् सबमा विभिन्न रूपले त्यो एउटै शक्ति आफ्नो खेल खेलिरहेछ । यही शक्ति सबैद्वारा उपास्य छ । विष्णुको उपाधि गरेर त्यसै शक्तिको नाम **वैष्णवी** (लक्ष्मी), शिवको उपाधि गरेर त्यसै शक्तिको नाम **शिवा** (भवानी), गणेशको उपाधि गरेर त्यसैको नाम **गणेशी** (सिद्धि) र सूर्यको उपाधि गरेर त्यसैको नाम **सौरी** छ । उपाधिभेदले त्यसको नामको भेद भए पनि रूपको भेद छैन । शक्तिलाई विष्णु आदि देवताको अधीन वर्णन गरिएको छ । तर यसको विपरीत देवीको मूर्तिमा देवता देवीको अधीन रहेर तिनको उपासना गरिरहेको देखाइएको छ । मन्दमतिहरू यो आशय नबुझेर भ्रममा पर्दछन्, परन्तु वास्तवमा यसको मूलमा कुनै प्रकारको विरोधको आशङ्का छैन । यसको रहस्य तल स्पष्ट गरिन्छ ।

संसारमा शक्ति र शक्तिमान् दुवै पदार्थ छन् र ती दुवैलाई परस्पर एक-अर्काको अपेक्षा छ । शक्तिदेखि भिन्न शक्तिमान्को कुनै स्वरूप रहँदैन, जस्तो रसविना पानीको कुनै स्वरूप हुँदैन, त्यस्तै कुनै शक्तिमत्स्वरूप आधारविना शक्तिले मात्र कुनै कार्य गर्न सक्तैन र आधारभेदले यिनीहरूबाट भिन्न-भिन्न कार्य हुने गर्दछ । आधारभेदले त्यही बिजुली बल्बमा प्रकाशको काम गर्छ, पङ्खामा हावाको र टेलिफोनद्वारा सन्देश पठाउने गरेर दूतको काम गर्छ आदि-आदि । यद्यपि यस दृष्टिबाट जस्तो अग्नि र उष्णता परस्पर अभिन्न छ, त्यस्तै शक्ति र शक्तिमान्बीच पनि कुनै भेद छैन, तथापि जसको मतमा शक्तिमान् नै मुख्य छ, त्यसको लागि विष्णु, शिव, गणेश र सूर्यलाई यथारुचि कारणब्रह्मको रूपमा निरूपण गरी तिनका भिन्न-भिन्न शक्तिलाई तिनको कृपाकटाक्षको अधीन दर्शाइएको छ, किन्तु जसको मनमा शक्तिको मुख्यता (विशेषता) छ, त्यसको लागि देवीलाई कारणब्रह्मको रूपमा निरूपण गरी शक्ति प्राप्त गरिरहेको दर्शाइएको छ । जसको जस्तो रुचि छ उसले त्यसलाई कारणब्रह्म, अर्थात् उत्पत्ति, स्थिति र लय गर्ने रूपमा र अरू देवतालाई त्यसको अंशरूप कार्यब्रह्मको रूपमा चिन्तन गर्नुपर्दछ ।

मूलमा कुनै भेद छैन । सबको मूलमा एकमात्र अचिन्त्य चिन्मय शक्ति छ र यी सब त्यसका भिन्न-भिन्न रूप हुन् । जसको मन जुन कुरामा प्रसन्न हुन्छ त्यो त्यसैमा मुग्ध भयो । हो, कुरो ठीक छ, किनभने मनलाई प्रसन्न पार्नु त उद्देश्य हुँदै हो, तर अन्यदेखि ग्लानि गर्नु त एकदम ठूलो पाप हो । वास्तवमा यी सबको पछाडि एउटै खेलाडी आफ्नो खेल खेलिरहेछ। अतः उनको कुनै एक दृश्यप्रति प्रेम गरेर अर्कोलाई घृणा गर्नु त्यस खेलाडी-प्रति नै द्वेष गर्नु हो । जस्तै– एउटै महाराजाधिराज कालभेद र कार्यभेदले, अर्थात् दरबार, शिकार, शैर, खेलकूद, व्यायाम आदि भेदले समय-समयमा भिन्न-भिन्न पोशाक पहिरन्छन् । उनका सेवक उनको कुनै एक रूपको पोशाकसित प्रेम गरेर अरू पोशाक-हरूसित द्वेष गर्न थाले भने त तिनीहरू राजाप्रति द्वेष गरेर पापका भागी हुनेछन् । ठीक यसरी नै आफ्ना अन्य रूपप्रति द्वेष देखेर भगवान् आफ्ना यी मन्दबुद्धि प्रेमीहरूमाथि हाँस्छन् र क्रोध पनि गर्दछन्– मेरा विविध झाँकीलाई लिई लडेर यी मूर्खहरूले म वास्त-विक झाँकीवालालाई नै बिर्सिदिएछन् ।

सत्त्व, रज र तमको भेदले त्यस शक्तिका तीन भेद हुन सक्तछन् । विश्वको संहार गर्ने तमोगुण भएको शक्तिको रूप सबै भयङ्कर हुने भएकोले यसलाई **कालीको** रूपमा वर्णन गरिएको छ । विश्वको सृष्टि गर्ने रजोगुण भएको शक्तिलाई **लक्ष्मी** आदि रूपमा निरूपण गरिएको छ । विश्वको स्थिति बसाल्ने सत्त्वगुण भएको शक्तिलाई **गौरी, पार्वती** आदि रूपमा सौम्यभावले निरूपण गरिएको छ । तिनका चतुर्भुज र कहीं कहीं अष्टभुज भएको जुन रूप दर्शाइएको छ त्यो तिनका अनन्त शक्तिका सूचक हुन् । सिंहवाहन पनि यसै आशयको सूचक हो । चर प्राणीमध्ये सिंहमा जुन अद्वितीय शक्ति छ त्यो उसको आफ्नो होइन, किन्तु त्यसमाथि अधिकार देवीकै छ । **सरस्वती, गायत्री** आदिलाई **हंस-वाहन**को रूपमा देखाइएको छ, ती ज्ञानमूर्तिका सूचक हुन्, अर्थात् जसरी हाँसले दूध र पानी मिसिएकोमा सारवस्तु दूध मात्र पिउने गर्दछ, त्यस्तै त्यो ज्ञानमूर्तिले जड-चेतनरूप संसारको मिश्रणबाट सारवस्तुलाई नै लिन्छ ।

सारांश के भने भावपूर्ण ती मूर्ति भएका कुनै अङ्गले परमेश्वरको विचित्र शक्तिलाई, कुनै उनको विचित्र नीतियुक्त कार्यलाई, कुनै उनलाई प्राप्त गर्ने साधनालाई र कुनै उनको वास्तविक स्वरूपलाई दर्शाउँछन् । पञ्चदेवका मूर्तिमा जुन गम्भीर भाव छ त्यसको दिग्दर्शन मात्र गरिएको छ, किनभने भाव राज्यको विस्तारको कुनै अन्त छैन, **नाऽस्त्यन्तो विस्तरस्य मे ।** – भावुकले आफ्नो बुद्धिअनुसार सार ग्रहण गर्न सक्नुपर्दछ ।

शक्ति उपासनाको विषयमा जान्नुपर्छ के भने त्यस परम तत्त्वलाई मातृरूपमा उपासना गर्ने पद्धति वैदिक युगमा नै बीजरूपमा प्रचलित थियो । **शक्तिपुराण**मा मातृ-ब्रह्मको उपासनाले प्रधानता प्राप्त गरेर पौराणिक भक्तिमार्गको साधनाधारामा विशेष रूपले वेगसञ्चार गरिदियो । **ऋग्वेदको वाक्सूक्त वा देवीसूक्त**-(१०।१३५)-मा **अदिति** नामबाट मातृब्रह्मको सुस्पष्ट परिचय पाइन्छ । अदिति हुन् सबै लोकको जननी, विश्वधात्री, मुक्ति-प्रदायिनी, आत्मस्वरूपिणी आदि-आदि । देवी सूक्तमा आद्या शक्ति जगज्जननी देवी भगवतीको स्वरूप र महिमाको वर्णन छ। यसमा स्वयं देवीले नै श्री-मुखबाट भनेकी छन्– 'ब्रह्मरूपा म नै रुद्र, वसु, आदित्य र विश्वेदेवको रूपमा विचरण गर्दछु । म नै मित्र, वरुण, इन्द्र, अग्नि र अश्विनी-कुमारद्वयलाई धारण गर्दछु ।' यही देवी जन-कल्याणार्थ असुर संहारकार्यमा निरत रहन्छिन्, **अहं जनाय समदं कृणोमि** । यिनै जगत्की एकमात्र अधीश्वरी **अहं राष्ट्री** हुन् र भक्तजनलाई भोग र मोक्ष प्रदान गर्ने पनि यिनै हुन्, **सङ्गमनी वसूनाम्** । जीवनको अभ्युदय र निःश्रेयस सब उनैको कृपामा निर्भर रहन्छ– **यं कामये तं तमुग्रं कृणोमि तं ब्रह्माणं तमृषिं तं सुमेधाम्** । 'म ज-जसलाई चाहन्छु, त्यस-त्यसलाई श्रेष्ठ बनाइदिन्छु' (**देवीसूक्त १०।२२५।५।**) । **तैत्तिरीयारण्यक**मा पनि भगवती दुर्गाको स्वरूप र महिमाको वर्णन छ–

तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनीं कर्मफलेषु जुष्टाम् ।
दुर्गां देवीं शरणमहं प्रपद्ये, सुतरसि तरसे नमः ॥ (१०।१)

जो जाज्वल्यमान भइरहेकी छन्, जो स्वयं प्रकाशमान छन्, जसको उपासना ऐहिक र पारलौकिक कर्मको फल पाउन गर्दछन्, म तिनै दुर्गादेवीको शरण पर्छु । 'हे देवी ! तिमी संसार-सागरदेखि पार गर्नेहरूका लागि श्रेष्ठ सेतुरूपा छौ, तिमी नै परित्राण गर्ने भएर रहेकी छौ, म तिमीलाई प्रणाम गर्दछु ।'

केनोपनिषत्मा ब्रह्मविद्या र ब्रह्मशक्ति-स्वरूपणी हैमवती उमाको प्रसङ्ग छ । त्यसबाट आद्या शक्ति नै सब भूतमा शक्तिरूपले अवस्थित छिन् भन्ने कुरो थाहा हुन्छ । उसको शक्तिविना अग्नि एउटा तृणलाई पनि जलाउन सक्तैन, वायु एउटा सानो तृणलाई पनि हल्लाउन सक्तैन । **देवी-भागवत**को अन्तर्गत **भगवती-गीतामा** देवीमा परमेश्वरीत्व-भावको वर्णन यसप्रकार गरिएको छ–

सृजामि ब्रह्मरूपेण जगदेतच्चराचरम् ।
संहरामि महारुद्ररूपेणाऽन्ते निजेच्छया ॥

दुर्वृत्तशमनार्थाय विष्णुः परमपूरुषः ।
भूत्वा जगदिदं कृत्स्नं पालयामि महामते ।। (४।१२।१३)

देवी हिमालयलाई भन्दछिन्– 'म नै ब्रह्मरूपले जगत्को सृष्टि गर्ने हुँ र आफ्नो इच्छाले महारुद्ररूप लिएर संहार गर्दछु । हे महामते ! म नै पुरुषोत्तम विष्णुको रूप धारण गरी दुष्टको नाश गरेर समस्त जगत्को पालन गर्दछु ।' **दुर्गा-सप्तशतीमा** पनि त्यस्तै प्रकारको वर्णन छ–

विष्णुः शरीरग्रहणमहमीशान एव च ।
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ।। (१।८४)

ब्रह्मा स्तुति गर्दछन्–'हे जगन्मातः ! तिमीले म-(ब्रह्मा)-लाई विष्णु र रुद्रको शरीर ग्रहण गर्न लगाएकी छौ । यसकारण तिम्रो स्तुति गर्न सक्ने सामर्थ्य कोसँग छ ?' **शक्तिपुराण**मा मातृभाव गरेर परा शक्ति भगवतीको कारण-भावरूपले उपासनाको सविस्तार वर्णन छ ।

देवी-भागवतको अन्तर्गत **देवीगीता**मा शक्ति-भक्तिमार्गको साधनतत्त्वलाई लिएर विस्तृत रूपले आलोचना गरिएको छ (**देवी-भागवत ७।३७**) । गुणभेदले भक्ति तामसी, राजसी र सात्त्विकी –तीन प्रकारका छन् । तामसी भक्तिद्वारा राजसी भक्तिको र राजसी भक्तिद्वारा सात्त्विकी भक्तिको प्रादुर्भाव क्रमशः हुन्छ । अन्तमा सात्त्विकी भक्ति परा भक्तिमा परिणत हुन्छ । सात्त्विकी भक्तिको साधन गर्दा-गर्दा साधकले क्रमैसँग परम-प्रेमरूपा परा भक्ति प्राप्त गर्दछ । जो यो परा भक्ति, प्राप्त गरेर धन्य भएको छ, **देवी-भागवत**मा त्यसको लक्षणको वर्णन यस प्रकारले गरिएको छ–

अधुना तु परां भक्तिं प्रोच्यमानं निबोध मे ।
मद्गुणश्रवणं नित्यं मम नामानुकीर्तनम् ।।
कल्याणगुणरत्नानामाकरायां मयि स्थिरम् ।
चेतसो वर्तनं चैव तैलधारासमं सदा ।। (७।३७।११–१२)

देवी हिमालयलाई भन्दछिन्– 'हे नगेन्द्र ! अब म परा भक्तिको विषयमा भन्दछु, तिमी ध्यान दिएर सुन । जसलाई परा भक्ति प्राप्त हुन्छ, त्यस साधकले सदा-सर्वदा मेरो गुणश्रवण र मेरो नामकीर्तन गर्दछ । कल्याणरूप गुणरत्नको खानीजस्तै गरी ममा नै उसको मन तेलको धाराजस्तै सधैं अविच्छिन्न भावले स्थित हुन्छ ।'

परा भक्ति र अद्वैत ज्ञान– भक्तिको भूमिकामा द्वैतरूपमा उपास्य-उपासक-भाव विद्यमान रहन्छ, यसैले अद्वैत ज्ञान उत्पन्न हुन सक्दैन; परन्तु यो परा भक्ति अद्वैत ज्ञानकी जननी हो । परा भक्तिको परिणतिमा उपास्य-उपासकभाव दूर हुन्छ; सर्वत्र अद्वैतानुभूति हुन्छ ।

देवी-भागवतमा–

भक्तेस्तु या पराकाष्ठा सैव ज्ञानं प्रकीर्तितम् ।
वैराग्यस्य च सीमा सा ज्ञाने तदुभयं यतः ॥ (७।३७।२८)

'ज्ञानको उदय भएपछि भक्ति र वैराग्यको सम्पूर्णता सिद्ध हुने हुनाले पण्डितहरू भक्ति र वैराग्यको चरम सीमालाई **ज्ञान** भन्दछन् ।'

परानुरक्त्या मामेव चिन्तयेद् यो ह्यतन्द्रितः ॥
स्वाभेदेनैव मां नित्यं जानाति न विभेदतः ॥ (७।३७।१५)

स्वाभेदेनैवेति । अहमेव सच्चिदानन्दरूपिणी भगवती अस्मीति भावनया इत्यर्थः (शैव नीलकण्ठ)–जसलाई भक्ति प्राप्त भएको हुन्छ, त्यो साधक अतन्द्रित भएर परम अनुरागपूर्वक मेरो नै चिन्तन गर्दछ र यसरी चिन्तन गर्दा-गर्दा अन्तमा मलाई आफूदेखि भिन्न नसम्झेर, म नै सच्चिदानन्द-स्वरूपिणी भगवती हुँ भन्ने अभिन्न ज्ञान प्राप्त गर्दछ ।

इत्थं जाता परा भक्तिर्यस्य भूधरतत्त्वतः ।
तदैव तस्य चिन्मात्रे मद्रूपे विलयो भवेत् ॥ (७।३७।२७)

'हे भूधर ! जसमा यथार्थ रूपले यस प्रकारको परा भक्तिको उदय भएको छ, त्यो तत्कालै मेरो चिन्मात्र रूपमा विलीन हुन्छ ।'

यहाँ प्रश्न उठ्दछ, यदि भगवान्‌को अनन्य भक्तले 'हामी चिनी बन्न चाहँदैनौं, चिनीको स्वाद लिन चाहन्छौं' भनी प्रार्थना गर्दछ भने त्यस चरम अवस्थामा अद्वैतको अनुभूति हुने कुरासँग त्यसको कसरी सङ्गति हुन्छ ? यसको समाधान के छ भने वास्तवमा 'चिनी बन्ने' र 'चिनी खाने' भन्ने कुराको विवाद **वाचारम्भण** मात्र हो । शब्दगत पार्थक्यलाई छाडेर दुवैमा तात्पर्यगत पार्थक्य छैन। विचारदृष्टिले भनौं वा ज्ञानदृष्टिले **चिनी हुनु** मोक्ष हो । र भावदृष्टिले वा भक्तिको दृष्टिले **चिनी खानु** मोक्ष हो । दृष्टिभेदले शब्दगत पार्थक्य देखे पनि परमार्थतः दुवै अवस्था **एक** र अभिन्न

छन् । व्यावहारिक जगत्मा हुनु र खानुमा जुन पार्थक्य देखिन्छ, त्यो पार्थक्य पारमार्थिक क्षेत्रमा छैन । जुन प्रकारले एउटै ब्रह्म सविशेष-निर्विशेष र सगुण निर्गुण दुवै छ, त्यसै गरी मुक्तिको अवस्थामा हुनु र खानु दुवै एकैसाथ सम्पन्न हुन्छन् । जसलाई मुक्ति प्राप्त भएको छ, त्यसको लागि ब्रह्म हुनु र ब्रह्मको स्वाद लिनु एउटै कुरो हो । परन्तु भेद-बोध अलिकति मात्र पनि रहन गयो भने पूरा स्वाद लिने भन्ने कुरो सम्भव छैन । स्वामी नरहरिले आफ्नो **बोधसार** ग्रन्थमा त्यस विषयलाई जुन कुरा गरेका छन्, त्यसमा विशेष ध्धान दिनु योग्य छ–

अपरोक्षानुभूतिर्या वेदान्तेषु निरूपिता ।
प्रेमलक्षणभक्तेस्तु परिणामः स एव हि ।।

– बोधसार ३२।१०

'वेदान्तमा जुन अपरोक्षानुभूतिको नामले निरूपित भएको छ, त्यही **प्रेम-लक्षण-भक्ति** वा **परा भक्ति** को परिणति हो ।'

पूजाको रहस्य–उपर्युक्त पञ्चदेवलाई मुख्य रूपले उपास्यदेव भनी निरूपण गरियो । वास्तवमा यो सारा ब्रह्माण्ड नै भगवान्को मन्दिर हो र सम्पूर्ण चराचर भूतजात ती एउटै परमात्माका विभिन्न विभूतिका रूपमा चिन्तन गर्न योग्य छन् । यसै अभिप्रायले शास्त्रकारहरूले नागपूजा, पिप्पलपूजा, गोपूजा आदिको विधान पनि गरेका छन् र सकामीहरू आ-आफ्ना रुचिअनुसार कलम, तरवार आदिको पूजा पनि गर्दछन्; तर कामना गर्ने तिनको चित्त कुनै वस्तुप्रति आसक्त हुनाले त्यसको रहस्य नबुझेर वास्तविक फलप्राप्ति गर्नुबाट वञ्चित नै रहन्छ । वस्तुतः उपर्युक्त सब वस्तु ती एउटै साक्षी चेतनका विभिन्न उपाधि हुन् । ती सब विभिन्न उपाधिको मूलमा भेदरहित त्यो एउटै साक्षी चेतन विद्यमान छ र ती सकामीहरूका भिन्न-भिन्न भाव-अनुसार फल पनि त्यो एक निरुपाधि साक्षी चेतनबाट नै प्राप्त हुने गर्दछ, तर त्यस तत्त्व-वस्तुको ज्ञान नभएकोले तिनीहरू ती जड उपाधिबाट नै फलको सिद्धि भएको भन्ने सम्झ-न्छन् । मतलब के भने यथार्थमा ती भिन्न-भिन्न उपाधिलाई मानेर पनि वास्तवमा तिनीहरू तद्गत चेतनालाई नै मान्दछन्, मनोरथसिद्धि पनि वास्तवमा ती उपाधि-द्वारा नभएर तद्गत चेतनाद्वारा नै हुने गर्दछ । परन्तु जडमति आफ्नो जडताले गर्दा मनोरथ-सिद्धि ती जड उपाधिद्वारा नै भएको हो भन्ने सम्झेर आफूलाई ती उपाधिहरूको पूजा गर्ने सम्झन्छ । यसप्रकार बुद्धिको जडताले गर्दा तिनीहरू वास्तविक फलबाट वञ्चित नै रहन्छन् । यथार्थमा निष्काम भावुक भक्तको लागि उपर्युक्त पूजा अधिक

नजीक अधिक टाढा भिन्न-भिन्न विभूतिमा भगवान्‌को रूप हेरी-हेरी प्रेममा मग्न हुनको लागि नै थियो ।

श्रीमद्भगवद्गीताको दशम अध्यायमा अर्जुनको **केषु केषु च भावेषु चिन्त्योऽसि भगवन् मया**–'हे भगवान् ! कुन-कुन भावद्वारा मैले हजूरको चिन्तन गर्नु-पर्छ ?' यस प्रश्नको उत्तरमा भगवान्‌ले (**गीता**को **दशम अध्याय**मा **श्लोक २०** देखि **३८** सम्म) सम्पूर्ण चराचर जगत्‌मा आफ्नो विभूतिको संक्षेपमा निरूपण गर्दै– **मेरुः शिखरिणामहम्, स्थावराणां हिमालयः, स्रोतसामस्मि जाह्नवी, अश्वत्थः सर्ववृक्षाणाम्, वैनतेयश्च पक्षिणाम्, अनन्तश्चाऽस्मि नागानाम् सर्पाणामस्मि वासुकिः, मृगाणां च मृगेन्द्रोऽहम्, धेनूनामस्मि कामधुक्, ऐरावतं गजेन्द्राणाम्, इन्द्रियाणां मनश्चाऽस्मि, भूतानामस्मि चेतना, वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः** आदि भनेर अन्तमा स्पष्ट गर्नुभएको छ–

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत् स्यान्मया भूतं चराचरम् ॥
नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥
यद् यद् विभूतिमत् सत्त्वं श्रीमदूर्ज्जितमेव वा ।
तत्तदेवाऽवगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥

"'हे अर्जुन ! जे-जति भूतजात छन् तिनका बीज म नै हुँ, चराचर भूतमा मविना सिद्ध हुन सक्ने यस्तो केही छैन । हे परन्तप ! मेरा दिव्य विभूतिहरूको कुनै अन्त छैन, यो मेरो विभूतिको विस्तारको सङ्केत मात्र दिएको हुँ । (सारांश के भने) जुन-जुन वस्तु विभूतियुक्त, कान्तियुक्त अथवा शक्तियुक्त छ, त्यो सब मेरो तेजको अंशबाट उत्पन्न भएको हो भन्ने कुरो जान ।'

भावराज्यको विलक्षण महत्त्व के भने यसप्रकार शुद्ध भावअनुसार गरिएको मूर्तिपूजाले मूर्तिलाई स्पर्श नगरी मूर्तिमान्‌लाई र विभूतिपूजाले विभूतिलाई स्पर्श नगरी विभूतिमान्‌लाई स्पर्श गर्दछ । जो यसलाई जडपूजा भन्दछ, त्यसको बुद्धि नै जड छ र त्यसले प्रकृतिको रहस्यलाई जानेको हुँदैन ।

न काष्ठे विद्यते देवो न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवस्तस्माद् भावो हि कारणम् ॥

अर्थात् देव न काठमा छ, न ढुङ्गामा छ, न त माटोमा नै छ अपितु देव त केवल आफ्नो बुद्धिको शुद्ध भावमा रहेको छ। अरू भिन्न-भिन्न प्रतिमा त आफ्नो भावोद्गारको लागि आधारभूत भएका छन्। यसै कारण देवार्चनमा केवल आफ्नो भाव नै मुख्य कारण मानिएको छ, अर्थात् यो सारा संसार देवमय भए पनि आफ्नो त्यो भाव नभए त्यही ढुङ्गा-माटो आदिको रूप प्रतीत हुन्छ, आफूमा शुद्ध भाव छ भने त्यसको प्रभावले चर्मचक्षुको विषय ढुङ्गा-माटो आदि पनि देवमय रूपमा ग्रहण हुन सक्तछ। उपासनामा भावको शुद्धीकरण हुनु आवश्यक छ।

उपासनाको छैटौं श्रेणी मानसिक पूजा– प्रतिमापूजाको उद्देश्य वारंवार ध्यान, पूजा, अर्चना एवं वन्दनाद्वारा भगवान्को स्वरूप हृदयमा स्थापित गर्नु हो। उपासनाको छैटौं श्रेणी मानसिक पूजा हो, अर्थात् जुन देवताको प्रतिमापूजाको आलम्बनद्वारा ध्यानादि गर्ने गरिएको छ, त्यस देवताको स्वरूप हृदयमा स्थिर भएपछि प्रतिमाको आलम्बनविना मनले नै मानसिक सामग्रीद्वारा हृदयमा त्यस देवताको पूजा गर्नुपर्छ। यसको विधि के छ भने पहिले इष्टदेवताको केही स्तुतिपाठ गरेर त्यसपछि एकाग्र चित्तले आँखा चिम्लेर स्वभावतः आफूलाई मन परेको कुनै पवित्र स्थानमा बसेर चित्त स्थिर गर्नुपर्दछ, अर्थात् त्यस पवित्र स्थानको मनमा कल्पना गरी आफूलाई स्वयं त्यस स्थानमा नै रहेको देखेर इष्टदेवलाई शुद्ध भावले आफ्नो हृदयमा आह्वान गर्नुपर्दछ। हामीले आह्वान गरेपछि हाम्रो इष्टदेवता आफ्नो वाहनमाथि चढेर हाम्रो हृदयमा आइरहेको भावना गर्नुपर्दछ। यो देखेर उनको स्वागत गर्न मनको उत्थान गरी प्रेमपूर्वक वाहनसहित उनको प्रदक्षिणा गर्नुपर्दछ। आफ्नो हृदय जो फुलेको अष्टदल कमलजस्तै छ, आफ्नो इष्टदेवताको लागि आसन हो भन्ने देखेर उनलाई त्यसमा विराजमान हुन मनले प्रार्थना गरेको हुनुपर्दछ। त्यसपछि मनैले उत्तम-उत्तम तीर्थका जलको भावना गरेर उनको पाद-प्रक्षालन गरी त्यो चरणामृतको पान मनैले प्रेमपूर्वक गर्नुपर्दछ। मनैले उत्तम-उत्तम सामग्रीको कल्पना गरेर पवित्र केशर, कस्तूरी मिसिएको गङ्गाजलले उनको स्नान गराई धूप, बत्ती, चन्दन, वस्त्र र आभूषणले सन्तुष्ट गरेर आफूलाई जुन मन पर्छ त्यस्तो मेवा आदि उत्तम-उत्तम पदार्थको नैवेद्य उनलाई भोग लगाउनुपर्दछ। त्यसपछि विधिपूर्वक मनैले उनको आरती गर्नुपर्दछ। फेरि वारंवार नमस्कार प्रदक्षिणा गर्दै मनमनै खुशी भएर उनको चरणमा परी निष्काम भावले उनमा तन्मय हुने प्रार्थना गर्नुपर्दछ।

बाह्य स्थूल सामग्रीद्वारा गरिएको बाह्य देवपूजाको अपेक्षा आन्तर मानसिक सामग्रीद्वारा गरिएको आन्तर देवपूजा सूक्ष्म हुने भई मननरूप हुनाले अधिक प्रभावशाली छ। उग्राउने पशु जसरी पहिले खानेकुरा नचपाई त्यसै निलेर पेट भर्छन् र पछि त्यसैलाई अलि-अलि गर्दै मुखमा निकालेर राम्ररी चपाई-चपाई खान्छ र त्यो खाएको कुरो पचेर त्यसको शरीरको अङ्ग बन्दछ, यस्तै गरी उपासकले पनि पहिले बाह्य मूर्तिपूजाद्वारा आफ्नो मनमा जब पवित्र भाव भर्दछ, तब त्यो उग्राइएको रूपमा यो मानसिक पूजाद्वारा ती भाव राम्ररी चपाई-चपाईकन पचाउन योग्य बनाउँछ, र बल्ल त्यसको मन पुष्ट हुन्छ। वास्तवमा मनोमय र दृष्टिमय नै यो संसार हो; बाह्य पदार्थ मन र दृष्टिका नै परिणाम हुन्। जे-जति भित्र भरिन्छ, त्यही बाहिर निस्कन्छ। यसप्रकार जब मन र दृष्टि त्यस वास्तव इष्टदेवताको रूपले भरपूर हुन्छ, तब बाहिर पनि हरकुरामा त्यही रूप देखिन थाल्दछ। यही उपासनाको फल र अवधि हो। यस रीतिले भाव परिपक्व बनाएर चराचर भूतजातमा भगवान्का विचित्र-विचित्र छविको दर्शन गर्नु नै विषमता नाश गर्ने समता भरिएको प्रेम हो। यद्यपि पूर्ण र वास्तविक समताको यथार्थ उपलब्धि ज्ञानद्वारा जीव र ब्रह्मको अभेद साक्षात्कारमा नै निर्भर हुन्छ, तथापि भावद्वारा यसले त्यो सच्चा समतातिर अगाडि बढेर चाँडै नै त्यसलाई प्राप्त गर्नेछ।

यसप्रकार हाम्रा उपासक-जिज्ञासु भक्तिका छ श्रेणीबाट पार भई **तस्यैवाऽहम्** (म उसैको हुँ) भावदेखि माथि उठेर **तवैवाऽहम्** (म तेरै हुँ) भनी रजोगुणबाट निस्केर सत्त्व-रजमा स्थित रहन्छ। यिनै परमार्थरूपी वृक्षको लहलहाएका हरिया-भरिया शाखा-प्रशाखा र पात हुन् जो देख्नेहरूको चित्त आफूतिर तान्छन्। संसार-सम्बन्धी पदार्थहरूमा आफ्नो प्रेमको लागि जुन अवकाश हृदयमा धारण गरेका थिए र जुन कुरा विषमताको कारण बनेका थिए, भक्तिका उपर्युक्त पवित्र भावहरूले अब त्यो स्थान त्यसबाट खोसेर लिए र सुख-साधनता-बुद्धि अब ती पदार्थमा रहेन। यसप्रकार जब देहको नाताबाट ममता हटेर भगवान्सँग त्यसको नाता जोडिन्छ, तब त्यसको फलस्वरूप अहंतारूपी गाँठो केही खुकुलो हुन थाल्दछ। अस्तु।

भक्ति-सञ्जीवनी– भगवान्सँगको योग वा मिलन नै जीवको सर्वोत्तम लक्ष्य हो। यो लक्ष्य प्राप्त गर्ने अनेक साधन छन्। यिनमा भक्ति नै वर्तमान युगको मुख्य साधन हो। भगवान्को उपासना, भगवान्को सेवा र भगवान्को शरणागति सबै

भक्तिकै अन्तर्गत छन्। साधारणतया भगवान्सँग मिलन चार साधनाको उल्लेख शास्त्रमा छ। ती हुन्—**कर्मयोग, भक्तियोग, ज्ञानयोग** र **प्रपत्तियोग**। वेदको पूर्व भागलाई **कर्मकाण्ड** र उत्तरभागलाई **ज्ञानकाण्ड** भन्दछन्। भक्तिले कर्मकाण्ड र ज्ञानकाण्ड दुवैको समन्वय गर्दछ। कर्म र ज्ञान परस्पर भिन्न भए पनि एक-अर्काको अङ्ग बन्दछ। विनाज्ञानको कर्म केवल कृत्रिम यन्त्रको क्रियाजस्तै प्राणहीन हुन्छ। त्यसमा शक्ति हुँदैन। यसकारण त्यो कर्म अध्यात्मजगत्मा सहायक हुन सक्तैन, र कर्महीन ज्ञान पनि अधिक महत्त्वपूर्ण देखिँदैन। कर्महीन ज्ञानमा सामर्थ्य नहुनाले त्यो केवल शास्त्रार्थ वा वक्तृतामात्रको विषय हुन्छ। शास्त्रार्थ गर्नुमा वा ज्ञानसम्बन्धी प्रवचन गर्नुमा नै ज्ञानको सार्थकता हुँदैन। सम्पूर्ण क्रिया ज्ञानानुवर्तिनी हुनु आवश्यक छ। क्रियात्मक ज्ञान नहुनाले आजकल ज्ञानीमा ज्ञानको कुनै शक्ति भएको देखिँदैन। जहाँ क्रिया ज्ञानको विपरीत भएको देखिन्छ, त्यहाँ त्यस ज्ञानमा वक्ताको विश्वास छैन भन्ने कुरो सम्झनुपर्दछ। भक्ति कर्म र ज्ञान दुवैको सहायक भएर दुवैमा सरसताको वृद्धि गर्दछ। उपासनामा ज्ञान र कर्मको विरोध छैन। कर्म र ज्ञान दुवै मार्गको वर्णन शास्त्रमा पाइन्छ। कर्मयोग र ज्ञानयोग दुवै भक्तियोगका सहकारी हुन्। ज्ञाननिरपेक्ष कर्म स्वर्गप्राप्तिको कारण बन्दछ र कर्मनिरपेक्ष ज्ञान कैवल्यतिर अग्रसर हुने निर्देश गर्दछ; तर भक्तियोग कर्म र ज्ञानको सहायक भएर मोक्षको सहकारी बन्छ। कर्म र ज्ञानको मिलन जहाँ हुन्छ, त्यहाँ भक्ति उद्बुद्ध हुन्छ। तब ज्ञान, कर्म र भक्तिको एउटै लक्ष्य मुक्ति हुन जान्छ। भक्त कर्मकाण्डी हुँदैन, कर्मयोगी हुन्छ, कर्मकाण्डका सम्पूर्ण कर्म सकाम हुन्छन् र कर्मयोगका सम्पूर्ण कर्म निष्काम हुन्छन्। जुन कर्ममा कामना, आसक्ति र कर्त्तृत्वाभिमान रहन्छ त्यो कर्म मोक्षको साधक नभएर बाधक नै हुन्छ। भक्त अनासक्त वा निर्लिप्त भई जीवनका सम्पूर्ण कर्मलाई केवल कर्तव्यको प्रेरणाले वा भगवद्प्राप्तिका लागि गर्दछ। यसबाट उसको सीमाबद्ध बुद्धि वा भोगबुद्धि रहँदैन। राजसिक प्रदर्शन वा वासना उसको कर्मको लागि प्रेरक हुँदैन। भक्ति अथवा सेवाबुद्धि नै उसको कर्मको लागि नियामक बन्छ। भक्तियोगविना कर्मयोगको सफलता सन्दिग्ध हुन जान्छ। कर्मसंस्कार नै जीवात्माको बन्धन हो। उक्त कर्मसंस्कारले नै अविद्यारूपी कारण-शरीरको निर्माण गर्दछ। परन्तु कर्मको स्वरूपतः त्याग गर्नु असम्भव छ। जीवनधारणको लागि पद-पदमा कर्मको प्रयोजन आवश्यक हुन्छ। स्वभावैले कर्म राम्रो वा नराम्रो हुँदैन। जुन उद्देश्य या बुद्धिले कर्म गरिन्छ उसकै एक लहर अन्तःकरणमा उठेर एक तरङ्ग पैदा गरिदिन्छ। त्यसै तरङ्गमा कर्म राम्रो या नराम्रो हुनु निर्भर हुन्छ। स्थूल शरीरद्वारा कर्म गरिन्छ, स्थूल शरीरलाई प्रेरणा मनद्वारा मिल्दछ। मनले मन्द-

कर्मलाई पनि राम्रो बनाएर ग्रहण गर्न सकेमा मन्दकर्म पनि राम्रो बन्न सक्छ । बन्धन र मुक्तिको कारण मन नै हुन्छ । दृष्टिकोण बदलियो भने कुनै पनि कर्म बन्धनको कारण बन्न सक्तैन । कर्मको गति अत्यन्त गहन छ ।

कर्मयोग– प्रारब्ध, सञ्चित र क्रियमाणका भेदले कर्म तीन प्रकारका हुन्छन् । यस जीवनका प्रत्येक क्रियमाण कर्म समाप्त भएर सञ्चितका रूपमा एकत्रित हुन पुग्छ । सञ्चित कर्ममा जो भोगोन्मुख हुन्छन्, तिनै कर्म प्रारब्ध हुन जान्छन् । प्रारब्ध कर्मको भोग अवश्यम्भावी छ । प्रारब्ध कर्मले भोगको समयमा वासनाको स्तर बढाइदिन्छ । वासनाबाट प्रवृत्ति र प्रवृत्तिबाट वासना –यो चक्र दिनरात चलि नै रहन्छ । प्रवृत्ति नै क्रियमाण कर्मको पथ-प्रदर्शक हुन्छ। यसकारण हाम्रो वर्तमान जीवन अतीत जीवनको नै क्रियमाण कर्मको पथ-प्रदर्शक हुन्छ। यसकारण हाम्रो वर्तमान जीवन अतीत जीवनको फल हो, त्यस्तै भावी जीवनको बीजस्वरूप पनि हो । स्थूल शरीरको नाश भइसकेपछि पनि स्थूल शरीरद्वारा गरिएको क्रियमाण कर्म नाश हुँदैन । किनभने कर्म गर्दा मानसिक जगत्मा उसको एक प्रतिक्रिया परेको हुन्छ र उसबाट अन्तःकरणमा सुख वा दुःखको लहर उत्पन्न हुन्छ । सूक्ष्म शरीरमा उसको एक छाप पर्छ । त्यसै छापका साथ सूक्ष्म शरीर भोगको लागि एक अर्को स्थूल शरीरमा प्रवेश गर्दछ । उक्त कर्म वा संस्कार नै वासना वा प्रवृत्तिको कारण बन्दछ । सत्कर्मको संस्कारद्वारा प्रवृत्ति पनि माझिन सक्तछ, असत्कर्मको संस्कारद्वारा प्रवृत्ति कलुषित बन्न सक्छ । सूक्ष्म शरीर आफ्नो प्रवृत्तिअनुकूल योनि-निर्वाचन गर्दछ । जस्तै नीमको बोटमा आँप फल्दैन, त्यस्तै यदि संयोगवश प्रकृतिको प्रतिकूल योनिमा कुनै सूक्ष्म शरीर रहन पुगेमा आमाको गर्भमा नै वा वीर्यकीट-रूपमा नै नाश भइहाल्छ । सत्कर्मको फल स्वर्ग हो, असत्कर्मको फल नरक हो। स्वर्ग र नरक दुवै बन्धनरूप हुन् । तब फेरि कर्मबाट छुटकारा कसरी मिल्छ ? राम्रो र खराब दुवै कर्म आत्माको लागि बन्धन हुन् । राम्रो कर्म सुनको हतकडीले बाँधेर स्वर्गमा लैजान्छ भने खराब कर्म फलामको हतकडीले बाँधेर नरक लैजान्छ । परन्तु कर्मयोग यसबाट छुटकारा दिलाउन हामीलाई एक सुन्दर उपाय बताउँछ। यदि हामी अहङ्कार-रहित, अनासक्त र निर्लिप्त भएर कर्म गर्छौं, मनलाई निर्विकार राख्छौं, त्यस्तै अन्तः-करणमा कुनै लहर उत्पन्न गर्दैनौं भने त्यो क्रियमाण कर्मबाट न प्रारब्धको निर्माण हुन्छ, न त सूक्ष्म शरीरको नै विकास हुन्छ । त्यो कर्म जीवात्माको बन्धन हुँदैन । भुटिएको बीज अनुकूल भूमिमा खसेर पनि उम्रन पाउँदैन । यसप्रकार निष्काम कर्म सूक्ष्म शरीर

तथा प्राणमय एवं मनोमय कोशमा अंकुरित हुँदैन । **श्रीमद्भगवद्गीतामा** भगवान्ले भन्नुभएको छ –

यस्य नाऽहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वाऽपि स इमाँल्लोकान् न हन्ति न निबध्यते ।। (१८।१७)

हे अर्जुन ! जुन पुरुषको अन्तःकरणमा म कर्ता हुँ भन्ने भाव छैन, त्यस्तै जसको बुद्धि सांसारिक पदार्थमा र सम्पूर्ण कार्यमा लिप्त हुँदैन त्यो पुरुष यी सब लोकलाई मारेर पनि वास्तवमा न मार्दछ, न त पापबाट नै बाँधिन्छ । परन्तु यसको विपरीत जुन विषयहरूको चिन्तन गरिन्छ, ती विषयहरूको चिन्तनबाट उसमा आसक्ति उत्पन्न हुन्छ, तब इच्छाको उदय हुन्छ र त्यसै इच्छाले कुन प्रकारले जीवलाई विनाशतर्फ लैजान्छ, त्यसको क्रम **श्रीमद्भगवद्गीतामा** भगवान्ले स्वयं बताउनुभएको छ–

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात् सञ्जायते कामः कामात् क्रोधोऽभिजायते ।।
क्रोधाद् भवति सम्मोहः सम्मोहात् स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति ।। (२।६२–६३)

'हे अर्जुन ! मनसहित इन्द्रियहरूलाई वशमा पारेर पनि जो मत्परायण नभएकोले मनद्वारा विषयहरूको चिन्तन गर्दछ, त्यो पुरुष विषयमा आसक्त हुन्छ र आसक्तिबाट ती विषयहरूको कामना उत्पन्न हुन्छ, कामनाबाट विघ्न उत्पन्न भएपछि क्रोध पैदा हुन्छ । क्रोधबाट अविवेक अर्थात् मूढभाव उत्पन्न हुन्छ, अविवेकबाट स्मृति भ्रमित हुन जान्छ, स्मृति भ्रमित भएपछि बुद्धि अर्थात् ज्ञानशक्तिको नाश हुन जान्छ, बुद्धिनाश भएपछि पुरुष आफ्नो श्रेयःपथबाट खस्तछ ।'.

यसकारण फलासक्तिरहित र निर्लिप्त कर्म गर्नुको नाम नै कर्मयोग हो, तर हामी अनासक्त र निर्लिप्त कसरी हुने ? हाम्रो अन्तःकरणमा जो वासना-सर्पिणी लुकिरहेकी छ, ऊ कर्मको रस पिइरहेकी छ । उपदेश दिनको लागि त हामी भनिदिन्छौं– 'वासनालाई हनन गर, प्रवृत्तिलाई कुल्च; अनासक्त र निर्लिप्त भएर कर्म गर', तर यी उपदेशबाट कर्मयोगको समस्याको समाधान हुँदैन । वासनाको विराट् अन्धकारमा विवेकको पिलपिले बत्तीले केही प्रकाश त दिन्छ, तर भगवत्कृपाविना त्यो प्रकाश चिरस्थायी हुँदैन । कर्मेन्द्रियहरूलाई निराहार राखेर वासना हट्दैन । प्रवृत्तिलाई

जबर्जस्ती रोक्नाले त्यो वैध मार्ग छाडेर अवैध मार्ग ग्रहण गर्नेछ। वासनाहरू असङ्ख्य जन्मका प्रारब्ध कर्मका परिणाम हुन्। तिनलाई हामी केवल उपदेश र वाक्यज्ञानद्वारा नष्ट गर्न सक्तैनौं। प्रवृत्ति प्रकृतिको सूक्ष्म रूप हो। उसलाई कुल्चने चेष्टा प्रकृतिका साथ एक भीषण संग्राम हो। यो सत्य हो– अनासक्त भएर कर्म गर्नाले कर्मले आत्मालाई स्पर्श गर्दैन, तर अनासक्त हुनु नै जीवनमा सबभन्दा ठूलो समस्या हो। बिरालोका घाँटीमा घण्टी बाँध्न सके मुसाहरू सुरक्षित हुने थिए, तर बिरालोका घाँटीमा घण्टी बाँध्ने कसरी ? यहाँ आएर भक्तिमार्ग कर्मयोगको सहायता गर्न सक्छ। एक्लो कर्मयोग जुन समस्याको समाधान गर्न सक्तैनथ्यो, भक्ति आएर उसलाई सुगम बनाइदिन्छ। भक्ति बताउँछ– जीवनका सम्पूर्ण कर्म गर, तर भगवान्‌कै निम्ति भगवान्‌कै आज्ञा सम्झेर।

हामीले भोगवासनाद्वारा प्रेरित भएर होइन कर्तव्यद्वारा प्रेरित भई भगवान्‌को आज्ञा सम्झेर कर्म गर्नुपर्दछ। सम्पूर्ण कर्मलाई यदि हामीले भगवान्‌मा नै समर्पण गरिदियौं भने ता फेरि आत्मालाई बाँध्न हाम्रा समक्ष कर्म नै कहाँ बच्छ र ! जबसम्म हाम्रा अन्तःकरणमा भगवान्‌को साक्षात्कार हुँदैन र हाम्रो मनोमन्दिरको प्रेम-सिंहासनमा श्रीमन्नारायण भगवान् आउनुहुन्न, तबसम्म लाखौं कोशिश गरे पनि मोहपाश छुट्न सक्तैन। इन्द्रियलाई बलपूर्वक विषयभोगबाट रोकेर तथा निराहार रहेर पनि आसक्ति कम हुँदैन; आसक्ति त तब कम हुन्छ, जब परब्रह्मको साक्षात्कार हुन्छ।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥

– श्रीमद्‌भगवद्‌गीता २।५९

अर्थात् भगवान्‌को ध्यान, चिन्तन र स्मरणबाट हृदयका सारा विकार आफै आफ नष्ट हुन्छन्। रामायणमा–

जब लगि हृदयँ बसत खल नाना।
लोभ मोह मच्छर मद नाना ॥
जब लगि उर न बसत रघुनाथ।
धरें चाप सायक कटिसाथ ॥
ममता तरुन तमी अँधियारी।
राग, द्वेष उलूक सुखकारी ॥

तब लगि बसति जीव मनमाहीं ।
जब लगि प्रभु-प्रताप-रवि नाहीं ॥

अन्धकारमय रातमा मानिस एउटा चिप्लो बाटोमा रोकिंदै-रोकिंदै गइरहेको छ । दुवैतिर खाई छन् , अन्धकारमा गोडा चिप्लने डर छ । कामिनी र काञ्चनसँग रमाउने मानिस अन्तर्द्वन्द्वले जर्जरित छ, पीडित छ, व्यथित छ । वासनाले उसलाई पछाडि घिच्याइरहेछ । यस्तो परिस्थितिमा भक्तिको उज्ज्वल आलोक उसलाई पथ-प्रदर्शन गरिरहेको छ । भक्तिले बाटो बिराएको मानवतालाई असत्यबाट सत्यतर्फ, अन्धकारबाट प्रकाशतर्फ र मृत्युबाट अमरत्वतर्फ लैजान्छ ।

ज्ञानयोग– ज्ञानयोगको सफलता पनि भक्तियोगमा नै निर्भर छ, पुस्तकीय ज्ञान केवल शास्त्रार्थको विषय हुन्छ, त्यसबाट उदरपूर्ति वा वक्तृताद्वारा मानिसलाई मनोरञ्जन दिलाउनु बाहेक अरू कुनै खास उपलब्धि हुँदैन । घरभित्र बसेर बत्तीको चर्चा गर्दैमा घरको अन्धकारको नाश हुँदैन । त्यस्तै वाचक ज्ञानको माध्यमबाट भवसागर पार गर्न सकिन्न । ज्ञानयोगको सफलताको लागि वासनाको क्षय गर्नु जरूरी छ। तर अनन्त जन्मको वासना अन्तःकरणमा रहेर जबसम्म कर्मको रसपान गरिरहन्छ तबसम्म यसलाई शान्त गर्नु एक प्रकारले असम्भव नै छ। सम्पूर्ण कामनाहरूलाई शान्त गरेर साधक जब आत्मामा नै सन्तुष्ट हुन्छ, त्यसवेला ऊ स्थितप्रज्ञ बन्दछ । **श्रीमद्भगवद्-गीता**मा भगवान्ले भन्नुभएको छ–

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवाऽऽत्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥ (२।५५)

मनोनाश, वासनाक्षय र तत्त्वज्ञान –यी तीनको जब एकसाथ अभ्यास गरिन्छ, तब ज्ञानयोग प्राप्त हुन्छ । जबतक हृदय वासनाद्वारा सन्तप्त रहन्छ, तबतक मनुष्य निष्काम बन्न सक्दैन । तर भक्तियोगको सहायताले हृदय आफै शान्त हुन्छ । परमात्माको साक्षात्कारद्वारा मायाको बन्धन छिन्न हुन्छ, मन शान्त हुन्छ र कर्मबन्धन शिथिल हुन्छ ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चाऽस्य कर्माणि तस्मिन् दृष्टे परावरे ॥

– मण्डूकोपनिषत् ३।२

भक्तिहीन ज्ञानमार्ग केवल प्रयासको कारण बन्न सक्छ । आफ्नो शक्तिअनुसार भक्ति गर्नु सबैको लागि सहज छ । भक्तिको सहयोगविना ज्ञानमार्ग विघ्नमय हुन्छ । त्यस्तै पाइला-पाइलामा पतनको आशङ्का रहिरहन्छ । ज्ञान भक्तिको पूरक र प्रकाशक हो । ज्ञानहीन भक्ति अन्धविश्वासकी जननी हुन्छे ।

यो कुरा पनि ध्रुवसत्य हो– ज्ञानविना मुक्ति हुँदैन । उपासनात्मक ज्ञानलाई नै मुक्तिको कारण मान्नुपर्छ । निष्काम कर्मद्वारा चित्त शुद्ध भएपछि ज्ञानद्वारा मुक्ति हुन सक्छ । भनिएको पनि छ–

अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते ।

– ईशोपनिषत् १४

उपासनात्मक ज्ञान र भक्तियोगमा कुनै अन्तर छैन । उपासना र सेवाको भेदबाट भक्ति दुई प्रकारका छन् । सधैं भगवान्को चिन्तन, ध्यान, स्मरण, भगवान्मा अनन्य विश्वास र तत्परायण भजनको नाम **उपासना** हो । अटूट तेल-धाराझैं हृदयको अविच्छिन्न गति जब भगवान्को नामकीर्तन वा ध्यानमा लाग्दछ, तब परमात्मा प्रत्यक्ष झैं हुनुहुन्छ । त्यस्तै जीवात्मा आफ्नो छुट्टै अस्तित्व ठान्दैन र परमात्माकै साथ एक हुन जान्छ । यसैलाई ज्ञानयोग वा उपासना भन्दछन् । उपासनाको लागि भगवान्प्रति असीम प्रेम हुनु आवश्यक छ । यही कुरा तुलसीदास भन्नुहुन्छ–

मिलहि न रघुपति विनुअनुरागा ।
किएँ जोग, जप, ध्यान विरागा ।।

तथा

तनते कर्म करहु विधिनामा ।
मन राखहु जहाँ कृपानिधाना ।।
मनते सकल वासना त्यागी ।
केवल रामचरन लय लागी ।।

हृदयको अनुरागविना केवल योग, जप, तप, ध्यान आदिद्वारा भगवान्लाई प्राप्त गर्न सकिंदैन । भगवान्का पाउमा अन्तःकरण लगाइदिनुको नाम नै **योग** हो । जबसम्म मन सांसारिक पदार्थको मोहमा आबद्ध छ, तबसम्म चित्त भगवान्को चरणमा कदापि लगाउन सकिंदैन । यसको लागि ममताको त्याग गरेर मन भगवान्का चरणमा लगाउनुपर्छ ।

उपासनामा भगवत्प्रेमको अत्यन्त आवश्यकता छ । किनभने हामी जोसित सबभन्दा बढी प्रेम गर्छौं, रातदिन जसको ध्यान हामीलाई राम्रो लाग्छ, उसैमा हामीलाई आनन्दको अनुभव हुन्छ । भगवान्माथि यदि हामीले हृदयले प्रेम गऱ्यौं भने उहाँको ध्यान हाम्रो मनबाट कहिल्यै छुट्नेछैन । भगवान्को ध्यान र स्मरणमा लाग्दा हामीलाई आनन्द प्राप्त हुनेछ, भगवान्को चिन्तनमा सधैं मत्त भएर प्रेमानन्दमा मग्न रहनेछौं । भगवान्को चिन्तन छाडेर एकै छिन पनि रहनु हाम्रो लागि असम्भव हुनेछ । अन्तः-करणको सबभन्दा बढी आकर्षणको नाम नै **प्रेम** हो । सांसारिक व्यक्तिहरूको यही प्रेम जब स्त्री-पुत्रादिप्रति हुन्छ त्यसवेला यो **काम** बन्छ । त्यस्तै भगवान्को प्रीतिका लागि भयो भने यसैलाई **प्रेम** भन्दछन् । यस प्रेमलाई सांसारिक वस्तुहरूबाट उठाएर परमात्मामा लगाउनाले त्यो यसमा लाग्न सक्छ । प्रेमविनाको मन भगवान्को चिन्तनमा छिनभर पनि टिक्न सक्तैन, किनभने मनको स्वभाव नै चञ्चल छ । अवलम्बन-शून्य भएपछि मन स्वभावतः विषयहरूप्रति उन्मुख हुन थाल्छ । विषय-लोलुप चञ्चल मनलाई भगवान्मा लगाउन दुई साधना आवश्यक छन् । ती हुन्– **अभ्यास** र **वैराग्य** ।

अभ्यासद्वारा मन बिस्तार-बिस्तार भगवान्मा स्थिर हुन थाल्छ र प्रेम गर्ने उत्साह बढ्छ । वैराग्यद्वारा सांसारिक भोगहरूमा विरक्ति बढ्छ र भगवान्मा अनुराग पैदा हुन्छ । भगवान्प्रति अविचल प्रेम हुनुको नाम नै **परा भक्ति** हो – **सा परानुरक्तिरीश्वरे**– यो **शाण्डिल्य-भक्तिसूत्र** पनि यसै कुराको पुष्टि गर्दछ । भक्तिको दोस्रो रूप हो– **सेवा** । सेवाविना केवल ध्यान, जप, स्मरण आदिबाट मात्र कार्य सिद्ध हुन सक्तैन । उपासना आदि मानसिक सेवा हुन् । शारीरिक र मानसिक भेदबाट सेवा दुई प्रकारका हुन्छन् । भगवान्का पाँच रूप शास्त्रमा प्रसिद्ध छन्– **पर**, **व्यूह**, **विभव**, **अन्तर्यामी** र **अर्चावतार** । शरीरद्वारा केवल अर्चावतारको सेवा हुन सक्छ । उपर्युक्त पाँच रूपमा प्रत्येक रूपको सेवा गर्नु जरूरी छ । भगवान्को अर्चावतार बाहेक जो अन्य चार रूप छन् तिनीहरूको सेवा शरीर वा वाणीद्वारा हुन सक्तैन । मन-मन्दिरबाट वासनाको धूलो बढारेर, भक्तिरूपी पानीले पखाली, ज्ञानालोकको बत्ती बालेर, प्रेम-सिंहासनमा भगवान्को मानसमूर्ति स्थापित गर्नु परब्रह्मको सेवा हो । यसबाट मन परब्रह्मको आलोकद्वारा आलोकित हुनेछ । हृदय परमात्माको चरणमा तन्मय हुनेछ । प्रेम एवं ध्यानको प्रगाढताले भगवान् मानसिक आँखाको अगाडि प्रत्यक्ष झैं हुनेछन् । यही परब्रह्मको मानस सेवा हो । व्यूहरूप भगवान् सृष्टि वा मायाका नियामक हुन् । जो असङ्ख्य ब्रह्माण्ड वा

लीलाविभूतिका स्वामी हुनुहुन्छ, अनि सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध अथवा ब्रह्मा, विष्णु, महेश्वर जसका विभूति हुन्– ती वासुदेव भगवान्‌को शुद्ध आचरणद्वारा, शारीरिक र मानसिक पवित्रताद्वारा मानसिक सेवा गर्दै अन्धकारबाट प्रकाशतर्फ तथा असत्‌बाट सत्‌तर्फ जाने चेष्टा गर्नुपर्छ। श्रीराम-कृष्ण आदिलाई **विभवरूप** भन्दछन्। यिनीहरूको सेवा, पुराण-श्रवण, प्रार्थना, जप, स्तोत्रपाठ, नामकीर्तन आदिद्वारा गर्नुपर्छ। अन्तर्यामी भगवान् सर्वत्र सब प्राणीहरूमा हुनुहुन्छ। यसप्रकार सूक्ष्म, व्यापक र घट-घटवासी भगवान्‌को सेवा तीन प्रकारबाट हुन सक्छ–

(१) त्यस्तो कुनै ठाउँ छैन जहाँ भगवान् अन्तर्यामी रूपले रहनुहुन्न, यस-कारण यस्तो कुनै गुप्त ठाउँ छैन जहाँ मानिस लुकेर कुनै दुष्कर्म गर्न सकोस्। गुप्त स्थानमा मनलाई धोका दिएर कुनै कर्म नगर्नु नै अन्तर्यामी भगवान्‌को सेवा हो।

(२) अन्तर्यामी भगवान् सबै प्राणीहरूमा रहनुहुन्छ, अतः प्रत्येक नर-नारीको शरीर भगवान्‌को नै मन्दिर हो। अतः कसैसँग ईर्ष्या-द्वेष राख्नु, कसैको अमङ्गल सोच्नु, कसैलाई दुःख दिने चेष्टा, मन, वचन र शरीरले कसैको खराबी गर्नु अन्तर्यामी भगवान्‌को अवहेलना गर्नु हो। गरीब र दुःखीहरूको सेवा, सत्य, अहिंसा, न्याय, प्रत्येक नर-नारीको कल्याण र प्रत्येक प्राणीहरूलाई सुखी बनाउने चेष्टा नै अन्तर्यामी भगवान्‌को सेवा हो। जीवात्मा प्रकाशकण हो र परमात्मा प्रकाशको समूह। अतः जीवात्मा परमात्माको अंश हो। यसकारण प्रत्येक प्राणीको शरीर, जहाँ जीवात्मा रहन्छ, परमात्माको नै मन्दिर हो। यसकारण प्रत्येक प्राणीको सेवा भगवान्‌को नै सेवा हो। त्यस्तै कसैको पनि निन्दा या अनिष्ट गर्ने चेष्टा अन्तर्यामी भगवान्‌को अपमान हो।

(३) आफ्नो शरीर पनि अन्तर्यामी भगवान्‌कै मन्दिर हो। यसकारण भगवान्‌को मन्दिरलाई स्वच्छ र पवित्र राख्नु परम कर्तव्य हो। अन्तःकरणरूपी मन्दिरको अन्तर्गृहमा अविद्याको अन्धकार, वासनाको फोहरमैला र अभिमानको दुर्गन्ध रहनु हुँदैन। हृदयमा खराब विचार र कलुषित इच्छा रहनाले अन्तर्यामी भगवान्‌को अवहेलना हुन्छ। काम, क्रोध आदिलाई त्यागेर गरिने सन्ध्या, पूजा, आरती, योग, पुष्पचयन, धूप, दीप, दान आदि अर्चावतारको सेवा हो। यो सेवा प्रतिमा वा मूर्तिमा गरिन्छ। आफ्नो भोजन जब भगवान्‌को भोगको लागि तयार गरौंला, तब अमेध्य, अपवित्र भोजन खानु तिम्रो लागि भगवत्सेवा हुनेछैन। किनभने अमेध्य भोजन भगवान्‌लाई अर्पण गरिंदैन।

भोजन, कर्म, पूजा, दान र तपस्या जे-जति गर्छौं, सबै भगवान्‌मा अर्पण गरिदेऊ। यसो गर्नाले कर्मको भेदले तिमीलाई स्पर्श गर्न सक्तैन । भगवान्‌ले भन्नुभएको छ–

यत् करोसि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत् तपस्यसि कौन्तेय ! तत् कुरुष्व मदर्पणम् ॥

भक्ति र भक्तिका प्रकारभेद–सर्वसुहृत्, सर्वज्ञ, सर्वशक्तिमान् भगवान्‌मा निर्भर रहेर जो भक्ति गर्दछन् तिनीहरू नै भक्त हुन् । ज्ञानयोगको अधिकारीलाई पहिले साधन-चतुष्टय-(विवेक, वैराग्य, षट्सम्पत्ति र मुमुक्षुता)-ले युक्त हुनु जरूरी छ। विनाविरक्ति ज्ञानयोगको अधिकारी कोही पनि हुन सक्तैन र अनधिकारी प्रयत्न गरेर पनि ज्ञानको मुख्य फल पाउन सक्तैन, तर भक्तिको अधिकारी सबै हुन सक्छन् ।

भगवान्‌ले भन्नुभएको छ–

अपि चेत् सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग् व्यवसितो हि सः ॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय ! प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥

– श्रीमद्‌भगवद्‌गीता ९।३०–३१

कुनै अतिशय दुराचारी पनि अनन्यभावले युक्त भएर भक्तिभावले निरन्तर मेरो भजन गर्दछ भने त्यो साधु जस्तै मान्य हुन्छ, किनभने उसको निश्चय यथार्थ हो । अर्थात् उसले राम्ररी नै निश्चय गऱ्यो– भगवान्‌लाई भज्नुजस्तो अरू केही पनि छैन। यसकारण त्यो चाँडै धर्मात्मा बन्न पुग्छ र सदा रहने परम शान्तिलाई प्राप्त गर्छ । हे अर्जुन ! तिमी निश्चयपूर्वक सत्य जान– मेरो भक्त कहिल्यै नष्ट हुँदैन। अरू पनि भनिएको छ – ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, पापयोनि, स्त्री र जस्तै दुराचारी पुरुष पनि भक्तिको अधिकारी हुन्छ । भगवान्‌को भजन गर्ने क्रममा जातिपातिको कुनै मतलब छैन । भक्तिको अधीनमा रहेर भगवान् नीचभन्दा नीचको घरमा पनि पदार्पण गर्नु-हुन्छ । भगवान् भन्नुहुन्छ–

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥

– श्रीमद्‌भगवद्‌गीता ३।१६

हे अर्जुन! **आर्त, जिज्ञासु, अर्थार्थी** र **ज्ञानी** –यी चार प्रकारका भक्त मेरो भजन गर्दछन् । यिनमध्ये निम्न कोटिको भक्त अर्थार्थी हो । त्यसभन्दा श्रेष्ठ जिज्ञासु र त्यसभन्दा पनि श्रेष्ठ ज्ञानी हो । भोग तथा ऐश्वर्य आदिमा इच्छा राखेर जो भगवान्को भक्तिमा प्रवृत्त हुन्छ, उसको लागि भजन गौण र पदार्थलाई पाउनु मुख्य हुन्छ, किनभने ऊ पदार्थ पाउनकै निम्ति भजन गर्दछ, भगवान्को लागि होइन । ऊ आफ्नो बल-बुद्धिमा भरोसा नगरी भगवान्मा नै भरोसा गर्दछ, धनको लागि भक्ति गर्दछ, यसकारण उसलाई पनि भक्त नै भन्दछन् । जसको स्वाभाविक रूपले भगवान्मा विश्वास रहन्छ र जो भगवान्को भजन पनि गर्दछ, परन्तु आफ्नो साथको धन-वैभव नाश हुँदा अथवा शारीरिक कष्ट आइपर्दा त्यो कष्ट दूर गर्नाको लागि जो भगवान्को पुकारा गर्छ, त्यो भक्त आर्त भक्त हो । आर्त भक्त अर्थार्थी झैं वैभव वा भोगको संग्रह गर्न चाहँदैन , तर प्राप्त वस्तुको नाश र शरीरको कष्ट सहन असमर्थ भएर भगवान्को शरण पर्दछ । यसकारण अर्थार्थीको भन्दा उसको कामना कम हुन्छ । जिज्ञासु भक्त आफ्नो शरीर पोस्नको निम्ति केही माग्दैन । ऊ केवल भगवान्को तत्त्व बुझ्नका लागि नै भगवान्मा निर्भर रहन्छ । जिज्ञासु भक्तलाई जन्म-मरणरूप सांसारिक दुःखबाट परित्राण पाउने चाहनाले परमात्मतत्त्व पाउने इच्छा हुन्छ । परन्तु ज्ञानी भक्त सधैं निष्काम रहन्छ । त्यसकारण भगवान्ले ज्ञानीलाई आफ्नो आत्मा नै ठान्नुभएको छ । चिज्जड-ग्रन्थिरहित आत्माराम मुनिगण ज्ञानद्वारा भगवान्को अहैतुकी भक्ति गर्दछन् । किनभने भगवान् यस प्रकारको दिव्य गुणका आधार हुनुहुन्छ । भगवान्ले आफ्नो भक्तको महिमा वर्णन गर्दै **श्रीमद्भागवत**मा भन्नुभएको छ–

"म भक्तको पाउको धूलो-(पदरज)-को इच्छा राखी सदा उसका पछि-पछि घुमिरहन्छु, जसबाट उसको चरणको धूलो उडेर मेरो शरीरमा परी म पवित्र बनूँ । हे ब्राह्मण ! म सधैं भक्तको अधीनमा छु । ममा अलिकति पनि स्वतन्त्रता छैन ।"

भगवान् जसका पछिपछि घुम्छन् उसलाई कुन कुराको चिन्ता ! ज्ञानी भक्तको योगक्षेम भगवान् स्वयं वहन गर्नुहुन्छ, यसको एक दृष्टान्त प्रस्तुत गरिन्छ–

ज्ञानी भक्त माधवदास – माधवदासजी एक कान्यकुब्जी ब्राह्मण थिए । उनले गृहस्थाश्रममा रहेर धेरै धनसम्पत्ति आर्जन गरेका थिए। उनी ठूला धार्मिक एवं विद्वान् थिए । धर्मपत्नीको मृत्युपछि उनी संसारबाट विरक्त बने । संसारलाई निःसार ठानी घर छाडेर जगन्नाथपुरीमा उनी गए । उहाँ गएर समुद्रको किनार एकान्त स्थानमा

ध्यानमग्न भएर बसे। त्यस ध्यानावस्थामा उनलाई आफ्नो शरीरको भानसम्म पनि भएन। यसप्रकार अन्नजल विना उनका कैयौं दिन बिते। तब दयालु भगवान्ले भक्तको अनशन सहन सक्नुभएन र सुभद्रालाई आदेश दिनुभयो–'सुभद्रे ! तिमी उत्तमोत्तम भोजनसामग्री सुनको थालमा राखेर मेरो भक्तकहाँ पुऱ्याएर आऊ।'

सुभद्राजी आज्ञा पाई सुनको थालमा अन्न-व्यञ्जन सजाएर माधवदासजीकहाँ गइन् र उनलाई ध्यानमग्न स्थितिमा देखिन्। सुभद्राजी उनको ध्यान भङ्ग गर्नु उचित नठानेर थाल त्यहीं छाडी फर्केर आइन्।

जब भक्त माधवदासको ध्यान भङ्ग भयो, अगाडि हेर्छन् ता सुनको थालमा भोजन। यो देखेर उनले सोचे–'यो सब भगवान्कै कृपा हो।' यो विचार मनमा आउनासाथ उनी आनन्दाश्रुले विगलित भए। केही समयपछि भोजन गरेर सुनको थाल एक छेउमा राखी उनी फेरि ध्यानमग्न भए। प्रातःकालमा मन्दिरको ढोका खुलेपछि हेर्दा ब्राह्मणहरूले देखे–भित्रबाट एउटा सुनको थाल चोरिइसकेछ। चोर पत्ता लगाउने क्रममा खोज्दै जाँदा उनीहरू भक्त माधवदाससमक्ष पुगे। सुनको थाल त्यहीं देखेर माधवदासलाई चोर सम्झे। फलस्वरूप पुलिस उनलाई बेतको लट्ठीले पिट्न थाल्यो। माधवदासले हाँसी हाँसी बेतको मार सहे। तर के आश्चर्य भयो भने बेतको सारा मार त स्वयं जगन्नाथ भगवान् सहिरहनुभएको थियो। भगवान्ले रातमा पुजारीलाई सपनामा दर्शन दिएर भन्नुभयो–'मेरो भक्त माधवदासउपर जे-जति बेतको मार परेको छ त्यो सबै मैले आफूमाथि नै थापें। तिमीहरूको गर्वनाश गर्नेछु। बच्न चाहन्छौ भने मेरो भक्त माधवका चरणमा पस्नेर क्षमा माग।'

पुजारी ब्यूँझनासाथ माधवदासकहाँ पुगेर उनका पाउमा पर्दै उनले कातर स्वरमा क्षमायाचना गरे। माधवदासले पनि तुरन्त क्षमा गरे।

एकपटक माधवदासलाई अतिसार रोगले सतायो। उनी निकै टाढा समुद्रको किनारमा गएर रहे। उनी यति दुर्बल भए कि उठ्नसम्मको शक्ति पनि उनमा रहेन। यस्तो अवस्थामा जगन्नाथले स्वयं सेवक बनेर उनको सेवा सुश्रूषा गर्नुभयो। जब माधवदासलाई केही होश आयो, उनले तत्काल चिने– हो न हो यिनी स्वयं भगवान् जगन्नाथ नै हुन् कि ! यस्तो विचार गरेर उनले अचानक प्रभुका चरण समाते र विनीत भावले भने–'हे नाथ ! म जस्तो अधमका निम्ति हजूरले यस्तोविधि कष्ट किन उठाउनुभयो ?

प्रभु ! हजूर त सर्वशक्तिमान् हुनुहुन्छ, हजूरले चाहनेबित्तिकै आफ्नो शक्तिद्वारा नै मेरा समस्त दुःख दूर गर्न सक्नुहुन्छ, यसरी कष्ट गर्ने आवश्यकता नै किन पऱ्यो ?'

श्रीभगवान्ले भन्नुभयो– 'माधव ! म भक्तहरूको कष्ट सहन सक्तिनँ। भक्तको सेवाको लागि म आफूबाहेक अरू कसैलाई उपयुक्त ठान्दिनँ, यसकारण मैले तिम्रो सेवा गरेको हुँ । तिमी स्वयं जान्दछौ– प्रारब्ध कर्म भोग नगरी नष्ट हुँदैन । यो मेरो दुर्लङ्घ्य नियम हो । यसकारण म केवल सेवा गरेर भक्तलाई प्रारब्धभोग गराउँछु र जगत्लाई यही शिक्षा दिन्छु कि भगवान् भक्ताधीन छन् ।' यति भनेर भगवान् अन्तर्धान हुनुभयो ।

उपर्युक्त चार प्रकारका भक्तहरूमा प्रथम तीन प्रकारका भक्तहरू **सकाम** हुन्छन् । अन्तिम ज्ञानी भक्तचाहिं **निष्काम** हुन्छन् । **आर्त भक्त**को दृष्टान्त **द्रौपदी, जिज्ञासु भक्त**को दृष्टान्त **उद्धव** र **अर्थार्थी भक्त**को दृष्टान्तमा **ध्रुव** अगाडि आउँछन् । यी सबैका कथा इतिहास, पुराणमा प्रसिद्ध छँदैछन् । **अनन्य भक्त**को उदाहरणमा चाहिं **उपमन्यु** आउँछन् ।

अनन्य भक्त उपमन्यु– भक्त उपमन्युको उग्र तपस्याको खबर देवताहरूको मुखबाट सुनेर भक्तवत्सल भगवान् शङ्कर भक्तको गौरव बढाउन उनको अनन्य भावको परीक्षाको निम्ति इन्द्रको रूप धारण गरेर ऐरावत हात्तीमा चढी उपमन्युसामु उपस्थित हुनुभयो। उपमन्युले इन्द्रलाई देखेर शिर झुकाई प्रणाम गर्दै भने– 'देवराज ! हजूर कृपा गरेर मेरो अगाडि उपस्थित हुनुभएको छ, आउनुहोस्, म हजूरको के सेवा गरूँ ।'

इन्द्ररूप शङ्कर बोल्नुभयो– 'म तिम्रो तपस्याबाट प्रसन्न भएर तिमीलाई वर दिन आएको छु। तिमी मसँग वर माग। तिमी जे चाहन्छौ त्यै दिन म तयार छु।'

इन्द्रको कुरा सुनेर उपमन्युले भने– 'देवराज! म तपाईंबाट केही पनि चाहन्नँ, मलाई स्वर्गादिको इच्छा छैन, म भगवान् शङ्करको भक्त हुँ, यसकारण म शङ्करकै दासानुदास हुन चाहन्छु, जबसम्म भगवान् शङ्कर मलाई दर्शन दिनुहुन्नँ, तबसम्म म तपस्या नै गरिरहनेछु, त्रिभुवनका सार, आदिपुरुष, अद्वितीय अविनाशी भगवान् शङ्करलाई प्रसन्न नगराईकन कसैलाई पनि शान्ति मिल्न सक्तैन । आफ्नै कुनै दोषले गर्दा यस जन्ममा मलाई भगवान् शङ्करको दर्शन नमिले पनि अर्को जन्ममा जे गर्दा भगवान् शङ्करप्रति मेरो अनन्य भक्ति हुनेछ त्यही म भगवान् शङ्करसँग माग्छु ।'

इन्द्ररूपधारी शङ्कर उपमन्युका कुरा सुनेर उनको अगाडि अनेक प्रकारले शिवको निन्दा गर्न लागे। उपमन्युले शिवनिन्दा सुनेर इन्द्रलाई मार्नको निम्ति भस्म हातमा लिए र त्यसलाई अघोरास्त्रद्वारा अभिमन्त्रित गरेर इन्द्रउपर फ्याँके। साथै शिवनिन्दा सुनेको प्रायश्चित्त गर्नको निम्ति आफ्नो देहलाई भस्म गर्न आग्नेयी धारणाको प्रयोग गरे। भगवान् शङ्कर उपमन्युको अनन्य भक्ति देखेर प्रसन्न हुनुभयो। उहाँले आग्नेयी धारणालाई शान्त गरिदिनुभयो भने नन्दीले अघोरास्त्रलाई रोकिदिए। यसै बीचमा उपमन्युले देखे– भगवान् शङ्कर वृषभमा चढेर जगज्जननी उमाका साथ प्रकट हुनुभयो। उपमन्यु गद्गद कण्ठले भगवान्को स्तुति गर्न लागे। शङ्करले भन्नुभयो– 'वत्स उपमन्यु ! म तिम्रो अनन्य भक्ति देखेर अत्यन्त प्रसन्न छु, अब वर माग।'

शङ्करको वचन सुनेर उपमन्युले भने– 'भगवन् ! के मैले अझै केही वस्तु पाउँन बाँकी छ र ? मेरो जन्म सफल भइसकेको छ। यदि प्रभु मलाई वर दिन चाहनुहुन्छ भने– प्रभुकै चरणमा मेरो अविचल भक्ति सदा रहोस्' भगवान् शङ्करले उनलाई देवीको हातमा सुम्पे। देवी उपमन्युलाई अविनाशी कुमारपद प्रदान गरेर अन्तर्धान भइन्। यिनै उपमन्युले श्रीकृष्णलाई शिवमन्त्रको दीक्षा दिएका थिए।

गुणभेदबाट भक्त तीन प्रकार छन्। **सत्त्वगुणी भक्त** देवताको पूजा गर्छ, **रजोगुणी भक्त** यक्ष, राक्षसादिको र **तमोगुणी भक्त** भूत-प्रेतादिको पूजा गर्छ। श्रद्धा र रुचि देखेर भक्त चिनिन्छ। **अनन्य भक्त** चाहिं चातकसमान आफ्ना अभीष्ट देवको ध्यानमा तन्मय रहन्छ। जो व्यक्ति विभिन्न कामनाहरू लिएर विभिन्न देव-देवीको पूजा गर्छ त्यो भक्त होइन उसलाई स्वार्थी र व्यवसायी मान्नुपर्छ। चातक तिर्खाले आकुल भएर पनि नदीनालाको पानी पिउँदैन, मेघतर्फ नै हेर्दछ। यसैप्रकार अनन्य भक्त प्रारब्धवश शरीरमा नाना प्रकारका कष्ट भए पनि आफ्नो इष्टदेवबाहेक अरू कसैको आराधना गर्दैन। सम्पूर्ण कर्मको फल दिने भगवान् नै हुनुहुन्छ। देवताबाट फल त चाँडै मिल्छ, तर भक्तलाई उसबाट देवलोकको प्राप्ति मात्र हुन सक्छ।

श्रीमद्भागवतको सातौं स्कन्धमा **नवधा भक्ति**को वर्णन छ–

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्॥

भगवान्को कथा सुन्नु, नामकीर्तन, सम्झनु, पाउको सेवा गर्नु, पूजा गर्नु, प्रणाम गर्नु, दासभावले सेवा गर्नु, मित्रभाव राख्नु र आत्मसमर्पण गर्नु – यी नौ प्रकारका भक्तिको विस्तारपूर्वक वर्णन **श्रीमद्भागवत**मा पाइन्छ। **गरुड-पुराण**मा आठ प्रकारका भक्तिको उल्लेख छ–

(१) भगवान् विष्णुको नाम र लीलाको कीर्तन गरेर आँसु झार्नु,
(२) भगवान्का दुई चरणलाई नै आश्रय ठानी तदनुसार अनुष्ठान गर्नु,

(३) भगवान्‌ले बताएको शास्त्रको पठन-पाठन भक्तिपूर्वक गर्नु,
(४) भगवान्‌को भक्त-वात्सल्यभावको अनुमोदन गर्नु,
(५) भगवान्‌का लीला र कथा सुन्नमा रुचि राख्नु,
(६) भगवद्‌भावलाई विशिष्टता प्रदान गर्नु,
(७) भगवत्पूजामा नित्य संलग्न रहने, र
(८) भगवान् नै मेरा उपजीव्य (बाँच्ने आधार) हुनुहुन्छ भन्ने भाव राख्नु ।

रामचरित-मानसमा नवधा भक्ति र **नारदीय भक्ति-सूत्रमा** भक्तिका ११ **भेद** बताइएका छन् । **सामान्य भक्ति, साधनभक्ति, गौणी भक्ति, वैधी भक्ति, प्रेमा भक्ति, पराभक्ति, रागात्मिका भक्ति, रागानुगा भक्ति, मिश्रा भक्ति, विहिता भक्ति, अविहिता भक्ति, उत्तमा भक्ति** इत्यादि भक्तिका अनेक प्रकारको उल्लेख शास्त्रहरूमा पाइन्छ । भक्तिको प्रभावबाट अनेक प्रकारका भाव उत्पन्न हुन्छन्, जस्तै– आवेशवश नाच्नु, गाउनु, भूमिमा लड्नु, आङ तान्नु, हुङ्कार आदि । भक्ति भावप्रधान हुन्छ, यसकारण भगवच्चिन्तन गर्दा-गर्दै भगवान्‌मा रति पैदा हुन्छ । उपर्युक्त भावको स्फूर्ति पनि आउँछ बलात् यी भाव ल्याउनाले यी भावुकतामा परिणत हुन्छन् । र रोग उत्पन्न गरेर साधकलाई भक्तिभावबाट वञ्चित गरिदिन्छन् । अतएव सावधान भएर परीक्षा गर्नुपर्छ– भक्तको भाव सत्य हो वा मिथ्या । भावराज्यमा कुन कुन अवस्था आउँछन् । यो भक्त बाहेक अरूले बुझ्नु कठिन छ। **भक्ति, विरक्ति** र **ईश्वरानुभूति**– यी तीन एकै समय हुने गर्छन् । एकलाई छाडेर अर्को रहन सक्तैन । भक्ति भएपछि विषयमा विरक्ति आउँछ। विषयमा विरक्ति आएपछि ईश्वरानुभूति भइहाल्छ । जुन भक्तमा यसको विपर्यय वा व्यतिक्रम देखिन्छ, त्यो भक्त भक्तिको अनुकरण (नक्कल) मात्र गर्दछ-यो जान्नुपर्छ । भक्तिको अभिनय भक्ति होइन । **श्रीमद्‌भागवतमा नवधा भक्ति**को वर्णन यसप्रकार गरिएको छ –

(१) **श्रवणभक्ति**– हरिकथा, पुराण अथवा अध्यात्मनिरूपणको श्रवण श्रवणभक्ति हो । तात्पर्य हो– परमात्मा सगुण र निर्गुण गरी उभयरूप हुनाले सगुण लीलाहरूको श्रवणले सगुणभक्ति-भावको उद्दीपन हुन्छ र अध्यात्मश्रवणबाट ज्ञानबोध हुन्छ । यस किसिमले श्रवणभक्तिबाट ज्ञान र भक्ति दुवै प्राप्त गर्न सकिन्छ । साधनाका सबै बाटा र तिनका सबै साधन तथा यथासाध्य संसारका सबै विद्याहरू, कलाहरू र तत्त्वहरूको कुरा सुन्नोस्, तिनबाट सार लिनुहोस् र असारलाई त्यागिदिनुहोस् । यसैको

नाम श्रवण हो । सगुणको वर्णन र निर्गुणको अध्यात्मज्ञान सुनेर तिनमध्ये दृश्यमान जीव शिवको भेद त्यागी अद्वैतको खोज गर्नु नै श्रवणभक्ति हो । श्रवणभक्तिमा राजा परीक्षित, पृथु, उद्धव, जनमेजय आदि उदाहरण छन् ।

(२) **कीर्तनभक्ति**– सगुण हरिकथा आफै भन्नु, भगवान्का कीर्तनहरूको प्रसार गर्नु र वाणीद्वारा श्रीहरिका नाम र गुणको कीर्तन गर्नु, 'कीर्तनभक्ति' हो । कीर्तनभक्ति गर्नेले धेरै कुरा कण्ठस्थ गर्नुपर्छ । निरूप्य विषयको अर्थ पनि हृदयङ्गम गर्दै निरन्तर हरिकथा भनोस् । विनाकीर्तन नरहोस् । कीर्तनबाट परमात्मा प्रसन्न हुनुहुन्छ, आफ्नो मनलाई समाधान मिल्छ र अरूहरूको पनि उद्धार हुन्छ । कीर्तनमा सङ्गीतको पनि समावेश हुनुपर्छ । वक्ता भक्ति, ज्ञान र वैराग्यको लक्षण बताओस्, स्वधर्मरक्षाको लक्षण बताओस्, साधनमार्गको सङ्केत गर्दै अध्यात्मको निरूपण गरोस् । अद्वैतको निरूपण गर्ने वेलामा यो सतर्कता राख्नुपर्छ कि कतै सगुणको प्रेम नटुटोस् । वक्ताको अधिकार निकै ठूलो छ । साधारण व्यक्ति वक्ता हुन सक्तैन । कीर्तनको महिमा अगाध छ । कीर्तनमा नारद, सरस्वती, शङ्कर, शेष आदि आदर्श छन् ।

(३) **स्मरणभक्ति**– भगवान्को अखण्ड नामस्मरण र समाधान पाउनु स्मरण-भक्ति हो । नित्य नियमपूर्वक नाम स्मरण गर्नुपर्दछ । सुख होस् वा दुःख कुनै पनि समयमा नामस्मरणविना रहनु हुँदैन । सम्पूर्ण सांसारिक काम गर्दा-गर्दै पनि नामस्मरण गर्न सकिन्छ । नामस्मरणबाट सब प्रकारका विघ्न दूर हुन्छन् । सबै सांसारिक बाधाहरू हट्छन् र अन्तमा सद्गति प्राप्त हुन्छ । नामको प्रतापबाट सागरमा ढुङ्गा पनि उत्रन्छ । प्रह्लाद भक्तशिरोमणि बने । व्याधा आदिकवि वाल्मीकि बने । नामस्मरणको अधिकार चारै वर्णलाई छ । यसमा ठूलो सानोको प्रश्न नै उठ्तैन । मनमा भगवान्को रूपको ध्यान गर्दै अखण्ड नामस्मरण गर्नुपर्छ –यही **नामभक्ति** हो । नामस्मरणमा ध्रुव, प्रह्लाद, विदुर आदि उल्लेखनीय छन् ।

(४) **पादसेवन-भक्ति**– मोक्षप्राप्तिको लागि शरीर, वाणी र मनद्वारा सद्गुरु-चरणको सेवा गर्नु पादसेवन-भक्ति हो । जन्म-मरणको चक्कर छुटाउनको लागि सद्गुरु-शरणमा जानु अनिवार्य छ । ब्रह्मस्वरूपको परिचय सद्गुरु नै दिन्छन् । वस्तु चर्मचक्षुद्वारा देखिंदैन । मन उसको चिन्तन गर्न सक्तैन । असङ्ग नभईकन उसको अनुभव गर्न सकिंदैन । अनुभव गर्दै जाँदा सङ्ग (त्रिपुटी) खडा हुन्छ, सङ्गत्याग नगरी हुँदैन । सङ्गत्याग, आत्मनिवेदन, विदेहस्थिति, अलिप्तता, सहजावस्था, उन्मत्तता र विज्ञान –यी सबै

एकरूप नै हुन् । यी समाधिसुख देखाउने सात सङ्केत हुन् । यी र यस्तै अरू सबै अनुभवका अङ्ग पादसेवनबाट नै समझमा आउँछन् । यसकारण यो गुरुगम्य मार्ग हो। भनिन्छ– सत्सङ्गबाट सब कुरा हुन्छ, तर यो औपचारिक कुरा हो । तथ्य यो हो – सद्गुरुका चरण दृढतापूर्वक पक्रनुपर्छ, तब उद्धार हुन्छ । यही **पादसेवन-भक्ति** हो । यही मुक्तिको बाटो हो । पादसेवनमा सीताजीलाई हेर्नुहोस् –

छिन छिन प्रभुपदकमल विलोकी ।
रहिहउँ मुदित दिवस जिमि कोकी ।।

फेरि निषादराजको पादसेवन हेरौं–**पदपखारि जलपान करि..** र अङ्गद तथा हनूमान्को सेवा पनि हेरौं–**बडभागी अङ्गद हनुमाना । चरणकमल चाँपत विधि नाना** ।। त्यस्तै अहल्याको भक्ति पनि हेरौं - **रामचरण दृढ प्रीतिकरि । बलि कीन्ह तनुत्याग** ।। त्यस्तै लक्ष्मणको पादसेवा त जगत्प्रसिद्ध नै छ ।

(५) **अर्चनभक्ति–** भगवान्को पूजा अर्चनभक्ति हो । अर्चन शास्त्रोक्त हुनुपर्छ । शरीर र वाणी, मन र चित्त एवं वित्त र जीवन यी सबैको आसक्तिलाई त्यागेर सद्भावपूर्वक भगवान्को पूजा गर्नु **अर्चनभक्ति** हो । भगवान्को पूजा गरेझैं गुरुको पनि पूजा गर्नुपर्छ । मूर्तिपूजा पनि अर्चनभक्तिअन्तर्गत नै छ । यसबारे अगाडि विस्तार-पूर्वक लेख्नेछु । मनबाट नै पूजा-सामग्रीको कल्पना गरेर शुद्धभावबाट गरिएको मानस-पूजा पनि अर्चनभक्तिअन्तर्गत छ ।

(६) **वन्दनभक्ति–** देवताको प्रतिमा, साधु,महात्मा र सद्गुरुको साष्टाङ्ग नमस्कार वा विधिपूर्वक नमस्कार **वन्दनभक्ति** हो । सूर्य, अरू देवता र सद्गुरुलाई साष्टाङ्ग र अरूलाई साधारण नमस्कार गर्नुपर्छ । जसमा विशेष गुण देखिन्छ उसलाई सद्गुरुको अधिष्ठान मान्नुपर्छ । यसो गर्नाले नम्रता आउँछ, विकल्प नष्ट हुन्छ, र साधु-सन्तहरूसँग मित्रता बढ्छ । यसबाट चित्तका दोष हट्छन् र चित्तको समाधान हुन्छ । नमस्कारबाट पतित पनि पावन बन्छ, सद्बुद्धि विकसित हुन्छ । यसको अतिरिक्त शरणागतिको दोस्रो सरल मार्ग छैन, तर यो अनन्य अर्थात् निष्कपट भावबाट हुनुपर्दछ । साधकहरूको शरणमा आउनासाथ महात्माहरूलाई उसको चिन्ता लाग्छ र उनीहरूलाई आफ्नै रूपमा स्थित गराइदिन्छन्, वन्दनभक्तिको महिमा यस्तो हुन्छ –

एकोऽपि कृष्णस्य कृतः प्रणामो
दशाश्वमेधावभृथेन तुल्यः ।
दशाश्वमेधी पुनरेति जन्म
कृष्णप्रणामी न पुनर्भवाय ॥

(७) **दास्यभक्ति**– देवद्वारमा सधैं सेवाका लागि तत्पर रहनु, प्रत्येक देवकार्य उत्साहपूर्वक पूरा गर्नु, भगवान्का चरणमा सदा दृष्टि राखेर जप-ध्यान गर्नु, देवालयको निर्माण तथा जीर्णोद्धार गर्नु, पूजाको प्रबन्ध मिलाउनु, उत्सव जयन्ती मनाउनु, त्यहाँ आउनेहरूको आतिथ्य गर्नु, र भगवान्का अगाडि करुणास्तोत्र पढेर सबैलाई आन्तरिक सन्तोष दिनु **दास्यभक्ति** हो । यदि यी सब कुरा प्रत्यक्ष रूपमा गर्न सकिंदैन भने मानसिक दास्य भक्ति गर्नू । देवताको जस्तै सद्गुरुको पनि दास्यभक्ति गर्नुपर्दछ । दास्यभक्तिमा हनूमान्, विदुर र भरत प्रसिद्ध छन् ।

मोरे मन प्रभु अस विश्वासा ।
रामते अधिक राम कर दासा ॥

(८) **सख्यभक्ति**– देवताका साथ परम सख्यको सम्पादन गर्नु, उहाँलाई प्रेम-सूत्रमा बाँध्नु र जो जो उहाँलाई प्रिय छन्, त्यही गर्नु **सख्यभक्ति** हो । देवाताका साथ सख्यभावको स्थापनाको लागि आफ्नो सारा सौख्य त्यागिदिनु र सर्वस्व लगाएर भए पनि उहाँबाट अलग नुहुनु **सख्य** हो । यस किसिमको सख्यभक्तिबाट भगवान्लाई बाँधिसकेपछि भक्तको पीर-चिन्ता दूर गर्न स्वयं भगवान् चिन्तित रहनुहुन्छ । लाहाको घरमा पाण्डवलाई जलेर मर्नुबाट कसले बचायो ? आफ्नो अभीष्ट सिद्ध भएन भनेर भगवान्सँग रिसाउनु सख्यभक्ति होइन । भगवान् बडो दयालु हुनुहुन्छ, **कतै आफ्नै छोराको हत्या गर्ने आमा पनि पाउन सकिएला, तर आफ्नो भक्तलाई भगवान्ले नष्ट गरे भन्ने कुरा त न कहीं देखिएको छ न त कहीं सुनिएको नै छ** । प्रेमको निर्वाह गर्न त भगवान् नै जान्नुहुन्छ । शास्त्रको वचन छ – गुरुमा पनि सख्यभक्ति राख्नुपर्छ । सख्य-भावमा अर्जुन, उद्धव, सुग्रीव र निषादराज आदि उल्लेखनीय छन् ।

(९) **आत्मनिवेदन-भक्ति**– भगवान्का चरणमा आफूले आफूलाई समर्पित गर्नु **आत्मनिवेदन** हो । म को हुँ ? भगवान् को हुनुहुन्छ ? अनि उहाँमा कसरी आफूलाई समर्पित गर्ने ? यी सब जान्न लायक कुरा हुन् । विचार गरेर हेरेको खण्डमा स्पष्ट हुन्छ– आफूले आफूलाई भक्त बताउनु र भगवान्लाई विभक्तताद्वारा भज्नु बडो असङ्गत

कुरा हो । भक्त कहिल्यै विभक्त हुँदैन र विभक्त कहिल्यै भक्त हुँदैन । भगवान् को हुनुहुन्छ ? –यस प्रश्नको उत्तर आफैभित्र खोज्नुपर्छ । म को हुँ ?–यसको निश्चयार्थ जुन तत्त्वबाट पिण्ड ब्रह्माण्डको विस्तार भयो, उसैको विचार गरोस् । जुन तत्त्वहरूबाट पिण्ड बन्यो, उसलाई विवेकबाट मूल तत्त्वमा विलीन गर्नुपर्छ । तब स्पष्ट रूपले बुझ्न सकिन्छ– यी तत्त्वमा **म** छैन । यस किसिमबाट पिण्डतत्त्वलाई मूल अद्वितीय तत्त्वमा क्रमशः विलीन गरेपछि **म** शेष रहँदैन । यसप्रकार आत्मनिवेदन सजिलैसित बुझिन्छ । आत्मनिवेदनविना जन्म-मरणको चक्कर छुट्न सक्तैन । आत्मनिवेदनबाट सायुज्य-मुक्ति मिल्छ । आत्मनिवेदनका उदाहरण गोपिनी र बाल गोपालहरू छन्, जसले–

सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच ।।

– श्रीमद्भगवद्गीता १८।६६

आदर्शको पालन पूर्णतः गरेका छन् ।

उपर्युक्त नौ प्रकारका भक्तिलाई तीन भागमा विभक्त गर्न सकिन्छ–

(१) श्रवण, कीर्तन र स्मरण (नाममहिमा) ।
(२) पादसेवन, अर्चन र वन्दन (मूर्तिको उपासना) ।
(३) दास्य, सख्य र आत्मनिवेदन (श्रद्धाविशेष) ।

प्रपत्ति– भगवान्लाई प्राप्त गर्ने एक सजिलो उपाय प्रपत्ति हो । भगवान्-सँग मिल्ने प्रबल व्यग्रतालाई नै **प्रपत्ति** भन्दछन् । भक्त सोच्तछ– 'भगवान् मेरा हुन्, म बाहेक अर्को कोही पनि यसरी सेवा गर्न सक्तैन, भगवान्को सेवाको जिम्मेवारी ममा नै छ । प्रपन्न सम्झन्छ– म भगवान्को हुँ, यसकारण मेरो र मेरो भक्तिको रक्षाको जिम्मेवारी भगवान्मा निहित छ । भक्तलाई बाँदरको उपमा दिन सकिन्छ । बाँदरको बच्चा स्वयम् आमालाई पक्रन्छ, उसका लागि आमालाई कुनै चिन्ता हुँदैन, बाँदर्नी एक रूखबाट अर्को रूखमा दगुर्छे । बिरालोको बच्चो भने एकै ठाउँ रहेर म्याऊँ-म्याऊँ गरिरहन्छ । उसमा आमालाई समाउने, एक ठाउँबाट अर्को ठाउँमा जाने शक्ति रहँदैन । जब आवश्यकता पर्छ, बिरालोले आफ्नो मुखले पक्रेर अर्को स्थानमा लैजान्छ । यसप्रकार प्रपन्नको भक्ति-सञ्चालनको भार भगवान्मा नै निर्भर हुन्छ । मृत्युको समयमा, मूर्च्छित अवस्थामा प्रपन्न जब भगवान्को ध्यान गर्न असमर्थ हुन्छ, तब प्रपन्नको कार्य भगवान् स्वयं सम्पन्न गरिदिनुहुन्छ–

ततस्तं म्रियमाणं तु काष्ठ-पाषाणसन्निभम् ।
अहं स्मरामि मद्भक्तं नयामि परमां गतिम् ॥

साधारण भक्त नोकरसमान हुन्छ । तर प्रपन्न भने पत्नीजस्तै हुन्छ । स्वामी अप्रसन्न भएर ते पनि नोकर अन्यत्र जान सक्छ, तर पत्नी पतिलाई छाडेर कहाँ जाने ? पत्नीको कुनै अर्को आश्रय छैन । यसअनुसार प्रपन्नको लागि सबै भगवान् नै हुनुहुन्छ । प्रपत्तिका दुई भेद छन्–(१) **शरणागति** र (२) **आत्मसमर्पण** । भक्ति गर्नु भक्तको अधीनको कुरा हो, तर प्रपत्ति हुनु ईश्वरको अधीनको कुरा हो । भगवान् श्रीरामले भन्नुभएको छ– केवल एकपटक यदि कुनै मन-प्राणले भनोस्, 'म तिम्रो हुँ,' ता म उसलाई सम्पूर्ण भूतहरूबाट अभय गराउँछु–

सकृदेव प्रपन्नाय तवाऽस्मीति च याचते ।
अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम ॥

– वाल्मीकीय रामायण

शरणागति–विवाहिता पत्नीको समान प्रपन्नको एउटै कर्तव्य छ–**आनुकूलस्य सङ्कल्पः प्रतिकूलस्य वर्जनम्** । पतिको अनुकूल चल्ने सङ्कल्प र प्रतिकूलको त्याग । स्वामीको लागि अनुकूल कार्य गर्ने दृढ सङ्कल्प तथा प्रतिकूल कार्य त्याग्ने दृढ सङ्कल्प शरणागतिको पहिलो सोपान (भन्याङ) हो । पत्नीको रक्षा गर्ने जिम्मेवारी पतिमा रहन्छ । पत्नीले सावधान भएर पतिको अनुकूल आचरण गर्नु उसको कर्तव्य हुन्छ । जुन कर्म पतिलाई अप्रिय हुन्छ सो कर्म पत्नीले गर्नु हुँदैन । भक्तले पनि त्यस्तै कर्म गर्नुपर्छ जसबाट भगवान् प्रसन्न हुनुहुन्छ । जुन कर्म गर्दा भगवान् अप्रसन्न हुनुहुन्छ त्यो कर्म भक्तले गर्नु हुँदैन । शास्त्र नै भगवान्को आज्ञा हो । शास्त्रमा जुन कर्म गर्ने आदेश दिएइको छ त्यो कर्म भगवान्लाई प्रिय हुन्छ, यसकारण जुन कर्म गर्न निषेध गरिएको छ त्यस्तो कर्म त्यागिदिनुपर्छ जसले शास्त्र पढेको छैन, तिनीहरूले जुन कर्म आफ्नो समाज तथा राष्ट्रको लागि कल्याणकारी छन् त्यस्ता कर्मको अनुसरण गर्नुपर्छ, जुन कर्म गर्नाले आफ्नो र अरूको पनि अनिष्ट हुन्छ त्यस्तो कर्म नगर्नु । स्त्री-पुत्रादिको वियोगमा पनि प्रपन्न सम्झन्छ– 'जसको वस्तु थियो उसैकहाँ गयो ।' प्रपन्न भक्तमा एक विशेष गुण रहन्छ, त्यो हो–'भगवान् जे गर्नुहुन्छ सबैको कल्याणका लागि गर्नुहुन्छ; यसकारण जसले भगवान्का हातमा सर्वस्व दान गरिसकेको छ त्यो यदि

प्राप्त वस्तुको वियोगबाट कातर भयो भने सम्झनुपर्छ– उसको दान दान होइन कथन मात्र हो, वास्तविक होइन ।' **श्रीमद्भगवद्गीतामा** भगवान्को अन्तिम आदेश छ– **शरणागति ।**

सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच ॥

– श्रीमद्भगवद्गीता १८।६६

सबै धर्म र र सबै उपाय छाडेर संसारको सारा आशा निराशा छाडेर निश्चल हृदयले केवल भगवान्को शरण परे मात्र भगवान् पापबाट मुक्त गरिदिनुहुन्छ । शरणागतिको झलक उपनिषत्मा पनि स्पष्ट मिल्छ–

यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै ।
तं ह देवात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ।

– श्वेताश्वतरोपनिषत् ६।१८

भगवान् आफ्नो शरणमा आएको कसैलाई पनि न्याग्नुहुन्न ।

कोटि विप्रवध लागहि जाह
आएँ सरन तजउँ नही ताह ।
सम्मुख होई जीव मोहि जवेही
जन्म कोटि अघनासहि तबही ॥

शरणागतिमा अनन्यभाव र अकिञ्चनभाव हुनु आवश्यक छ । शरणागतिमा यदि अहम्भाव रह्यो भने त्यो शरणागति भक्तिमा सहायक हुँदैन । दुर्वासा ऋषि अम्बरीषप्रति दुर्व्यवहार गरेर विपन्न भई भगवान्को शरणमा गएथे । परन्तु भगवान्ले भन्नुभयो– 'तपाईं मेरो भक्तको शरणमा जानुहोस्, म भक्तकै अधीनमा छु । तपाईंलाई भक्तको विरोधमा शरण दिन असमर्थ छु ।'

दुर्वासा अम्बरीषसमक्ष गएर शरण परे र सुदर्शन-चक्रबाट उनले त्राण पाए । यसकारण शरणागत हुन अभिमान त्याग गर्नु आवश्यक छ । जसले शरीर, मन र प्राण आदि सर्वस्व भगवान्मा अर्पण गरिसकेको छ त्यही नै प्रपन्न भक्त हो ।

आत्मसमर्पण– प्रपत्तिको दोस्रो अङ्ग हो आत्मसमर्पण, आफूले आफूलाई भगवान्को चरणमा सुम्पिदिनु । जसरी पत्नी आफ्नो विवाहको समयमा आफूलाई स्वामीका चरणमा सुम्पिदिन्छे, त्यसरी नै आफ्नो शरीर, मन, वाणी सबै परमात्मामा

अर्पण गरिदिनु **आत्मसमर्पण** हो । जुन वस्तु कसैलाई हामी स्वेच्छापूर्वक दिन्छौं, त्यस वस्तुमा जसरी आफ्नो कुनै ममत्व रहँदैन, त्यस वस्तुको नाश भएमा पनि हामीलाई दुःख हुँदैन, त्यसरी नै जो भक्त आफ्नो शरीर, मन, वाणी र अहङ्कार सबै भगवान्मा अर्पण गरेर प्रपन्न बनिसकेको छ, त्यसको लागि भगवत्सेवाको अतिरिक्त अरू बाँकी नै के हुन्छ ? आत्मसमर्पणपछि पनि यदि हामी शरीर र मनलाई कुनै अपवित्र कार्यमा लगाउँछौं भने हामी **दत्तापहारी** (दिएर खोस्ने) हुन्छौं । शरीर र मन त हाम्रा हुँदै होइनन् । हामी तिनमा ममता के गरौं जो हाम्रा हुँदै होइनन्, जसको वस्तु हो त्यो चाहे यिनको रक्षा गरोस् अथवा नाश गरोस्, यसमा हामी बोल्ने को हौं ? कुनै वासनाद्वारा प्रेरित भएर हामी त्यो समर्पित शरीर र मनलाई भोग्य पदार्थहरूमा लगाउन सक्तैनौं ।

भगवान्को आज्ञानुसार उसलाई सत्कर्म वा भगवत्सेवामा नै लगाउन सक्छौं । भगवान्ले भन्नुभएको छ– 'सम्पूर्ण धर्मलाई त्यागेर मेरै शरणमा आऊ ।' यसकारण सबै धर्म त्यागेर भगवान्का शरणमा जाँदैनौं भने हामी शरणागत नभएर यथेच्छाचारी नै हुनेछौं र यसबाट अनर्थ नै हात लाग्नेछ । प्रपन्नको लागि समय र शक्तिको अपव्यय सर्वथा वर्जनीय छ । प्रपन्न एक क्षण पनि व्यर्थ बिताउँदैन । भक्त हरिदासजी एक प्रपन्न भक्त थिए । उनी प्रतिदिन तीन लाख हरिनाम जप्तथे । भावको अङ्कुर मात्र उत्पन्न भएमा पनि क्षमा स्वयम् उपस्थित भइहाल्छ । चैतन्य महाप्रभुले भन्नुभएको छ– जो आफूलाई तृणभन्दा पनि अधिक नीच मान्दछ, जो वृक्ष समान सहनशील छ, अनि अमानी भएर सबैलाई मान दिन्छ, उसलाई भगवान्को नामकीर्तन गर्ने अधिकार छ । क्षमा नरहँदा वा रिस उठ्ता अत्यन्त कष्टले कमाइएको तपोधन नष्ट हुन जान्छ । जसमा छिनभरको लागि पनि वैराग्य छैन, उसलाई भक्ति वा ज्ञानमध्ये कुनै पनि प्राप्त छैन । त्यस्ताका निम्ति भक्ति जगाउन वैराग्य अत्यन्त आवश्यक छ । भक्त पद्मनाभ मनमनमा सधैं सोचिरहन्थे –'भगवान् अवश्य नै मलाई दर्शन दिनुहुन्छ, दर्शन पाउनेबित्तिकै उहाँका चरणमा म लुट्पुटिनेछु । भगवान् मलाई उठाएर आफ्नो हृदयमा लगाउनुहुनेछ । तब म भगवान्को स्पर्श पाएर आनन्द-सागरमा डुबुल्की मार्नेछु । भगवान् मलाई भन्नुहुनेछ– 'तिमी वर माग ।' म भन्नेछु– 'हजूरको सेवा बाहेक अर्को वर म कुनै चाहन्नँ ।' यसप्रकार चिन्तन गर्दै पद्मनाभ समाधिस्थ भएर निकै समय रहे । प्रपन्न भक्तमा नामकीर्तनमा रुचि र अव्यर्थकालत्व (समयलाई व्यर्थ नष्ट हुन नदिनु) यी दुई गुण हुनु आवश्यक छ ।

प्रतीको उपासना वा प्रतिमापूजा– माथि संक्षेपमा नवधाभक्तिको महिमाको वर्णन भइसकेको छ । यसै भक्तिमा नै प्रभुलाई भक्तको अधीन बनाउने शक्ति छ । यसै भक्तिको प्रशंसामा भगवान् श्रीकृष्णले उद्धवजीसँग भन्नुभएको छ– 'उद्धव ! योगसाधन, ज्ञान, विज्ञान, धर्मानुष्ठान, जप, पाठ र तप-त्यागले पनि मलाई त्यति सजिलैसित पाउन सकिन्नँ, जति सजिलैसित दिनानुदिन बढ्दै जाने मेरो अनन्य र प्रेममय भक्तिको माध्यमबाट पाउन सकिन्छ ।'

श्रीमद्भागवतमा भनिएको छ–

न साधयति मां योगो न साङ्ख्यं धर्म उद्धव ।
न स्वाध्यायस्तपस्त्यागो यथा भक्तिर्ममोर्जिता ॥ (११।१४।२०)

त्यागभावना राख्ने यी भक्तहरूको यो निष्काम र सात्त्विक भक्ति बिस्तार-बिस्तार निर्गुणरूप धारण गर्दछ र ज्ञान-वैराग्यकी जननी बनेर आत्मजनित ज्ञान-वैराग्य नामक पुत्रहरूलाई ती भक्तको सहायक बनाइदिन्छिन् । यी साँच्चैका सहायक-हरूको अनुकम्पाद्वारा उक्त भक्तहरूलाई ज्ञेय परमतत्त्वको साक्षात्कार हुन जान्छ र असार संसारबाट विरक्ति पैदा हुन थाल्छ । यही निर्गुण भक्ति **आत्यन्तिक भक्तियोग**को नामबाट स्वीकृत भएको छ । कपिलदेव भगवान् आफ्नी आमासँग भन्नुहुन्छ– 'यही आत्यन्तिक भक्तियोगको माध्यमबाट भक्त तीनै गुणलाई पार गरेर मेरो भावमा आइपुग्छन् ।'

स एव भक्तियोगाख्य आत्यन्तिक उदाहृतः ।
येनाऽतिव्रज्य त्रिगुणं मद्भावायोपपद्यते ॥
– श्रीमद्भागवत ३।२९।१४

सारांश के हो भने आफ्ना प्रभुलाई वश गर्नको निम्ति भक्तिभन्दा ठूलो अर्को उपाय छैन । हाम्रा पूर्वज ऋषिहरूले मूर्तिपूजनरूप भगवदाराधनाको सरल रीति त्यस्ता भक्तहरूका निम्ति बनाएका थिए, जसको बुद्धि सरल थियो र जसको लागि निराकार ब्रह्ममा श्रद्धा विश्वास राख्ने काममा कठिनाइ प्रतीत भइरहेथ्यो । सरल बुद्धि भएका भक्त साकार वस्तुहरू देख्नमा मात्र अभ्यस्त थिए । यसकारण उनीहरूलाई निराकार ईश्वरमा आस्था गर्नु कठिन भइरहेथ्यो । सूक्ष्म बुद्धि भएका महर्षिहरूमा पूर्ण विश्वास थियो, ब्रह्म निराकार भएर पनि विश्वका कण-कणमा व्याप्त छन् । ब्रह्मलाई विश्वको कुनै पनि वस्तुमा आस्था राखेर खोज्ने हो भने पाउन सकिन्छ । यो निश्चय

गरेर कुशाग्रबुद्धि महर्षिहरूले स्थूलबुद्धि हुने भक्तहरूलाई मूर्तिमा ईश्वरको आस्था भरिदिएका थिए । मूर्तिमा आस्था जगाइसकेपछि ती अझ श्रद्धापूर्वक मूर्तिपूजन गर्न लागे । बिस्तार-बिस्तार उनीहरूको हृदयमा मूर्तिप्रति यस्तो अनुराग पैदा भयो, जस्तो आफ्नो सम्बन्धी-(आफन्त)-प्रति पैदा हुन्छ । मूर्तिमा दृढानुराग कायम भएपछि त्यस मूर्तिमा नै आफ्ना प्रभुको शुभ दर्शन पाउन लागे ।

मूर्तिपूजामा एक वैज्ञानिक परम रहस्य निहित छ । मूर्तिहरूकै अर्को नाम अर्चावतार हो । अर्चाको अर्थ हो पूजा–उपासना, उसकै लागि हुने अवतार हो अर्चावतार । गण्डकी नदीमा भगवान् शालग्रामका रूपमा प्रकट हुनुहुन्छ । कैयौं दिव्य धाममा अर्चावतारको दिव्य झाँकी स्पष्ट देख्न सकिन्छ । यस्ता दिव्य धामका अतिरिक्त ब्रजमा पनि अनेकौं स्थल छन् जहाँ उपासकहरूले आफ्नो उपासनाको बलले भगवान्लाई स्वयं प्रकट गराएका छन् । स्वतःप्रकट प्रतिमा पनि भगवान्का अर्चावतार हुन् । ती कसैले बनाएका होइनन्, समयमा आफ्ना भक्तहरूलाई आफू प्रकट भएको निर्देश गर्छन् । भक्त सङ्केतित स्थानमा गई खनेर उनलाई फेला पार्छन् ।

सर्वलक्षणसम्पन्न मनोहर प्रतिमा त्यस वेलासम्म मात्र प्रतिमाको रूपमा परिलक्षित हुन्छ, जबसम्म उपासक उसमा भगवान्को दृढ भावना राख्तैनन् । मूर्तिमा भगवान्को आरोप अथवा मूर्तिमा भगवान्को पूजाको समय यही हो । जब मूर्तिमा भगवान्को आरोपको परिपूर्तिता हुन जान्छ, तब फेरि त्यो मूर्ति काठ-ढुङ्गाको (दारु-पाषाणमय) वा जड हुँदैन । त्यो मूर्ति त आफ्ना उपासकको लागि भगवान् नै हुन जान्छ । भक्त मूर्तिलाई मूर्ति नदेखेर आफ्नो भगवान् नै देख्तछ । उसका अगाडि आरोप र आरोपितको भेद रहँदैन, अनि मूर्ति होइन सर्वशक्तिमान् भगवान् हुन्छ ।

आफै उत्पन्न मूर्तिहरू त्यसै फेला पर्दैनन् । यी उपासकहरूका लागि नै उत्पन्न हुन्छन् । यसकारण यी चाँडै भगवान् कहलिन थाल्दछन् । तसर्थ यस्ता मूर्तिहरू प्रथम कोटिका अर्चावतारको रूपमा स्वीकार गरिन्छन् । यस्ता मूर्ति जहाँ उत्पन्न हुन्छन् ती ठाउँ तीर्थस्थल मानिन्छन् । राजरानी मीरालाई श्रीरणछोडजीले देख्ता-देख्तै आफैमा लीन गरेका थिए । उपासिका मीराको लागि द्वारकाधीश केवल जड मूर्ति मात्र थिएनन्, स्वयं चिन्मय भगवान् थिए । मीराको इच्छा बुझेर द्वारकाधीशले उनलाई आफूमा लीन गरेका थिए । दोस्रो कोटि देवता र सिद्धहरूद्वारा स्थापित मूर्तिहरूको हुन्छ । यिनमा पनि विशेषताहरू हुने गर्छन् । तेस्रो कोटि मानवनिर्मित, विधिपूर्वक

प्रतिष्ठापित मूर्तिहरूको हुन्छ। यी सबैमा विशेषताहरू अवश्य हुन्छन्, तैपनि उपासकहरूद्वारा गरिएको उपासनाको विशेषता सबभन्दा बलियो हुन्छ, जो तिनलाई ईश्वरीय विशेषताद्वारा विशिष्ट पारिदिन्छ। यसै कुरालाई सोचेर एक स्थानमा प्रसिद्ध जर्मन विद्वान् म्याक्समूलरले भनेका छन्– 'भारतको विज्ञान यति उत्कृष्ट छ कि यसले ढुङ्गालाई पनि परमेश्वर बनाइदिएको छ।'

उपासना, भक्ति र ध्यान –यी पर्यायवाची शब्द हुन्। श्रुतिमा यी सबको ठाउँमा **निदिध्यासन** शब्द पाइन्छ। उपनिषत्का श्रुतिहरू सबै -अमूल्य छन्, परन्तु **आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः** अझ बढी अमूल्य प्रतीत हुन्छ। किनभने यसमा भगवान्लाई साक्षात्कार गर्ने साधन बताइएको छ।

भगवत्तत्त्व के हो ? मूर्ति कसरी भगवान् बन्न पुग्छन् ? कहिलेसम्म मूर्तिमा भगवान्को पूजा हुन सक्छ ? भक्तितत्त्व वास्तवमा के हो ?– यी सब कुरा जान्नु-बुझ्नुपर्छ। कुनै पनि परमार्थसम्बन्धी विषयको निरूपणबाट श्रोतालाई नै लाभ हुन्छ भन्ने होइन, वक्तालाई पनि लाभ हुन्छ। याज्ञवल्क्य जनकसँग त्याग र वैराग्यका कुरा गर्दागर्दै आफू पनि सर्वत्यागी बनेका थिए।

मूर्तिपूजनबाट ईश्वरको ज्ञान त्यसै प्रकारले हुन्छ, जुन प्रकारले साना बच्चाहरूलाई अक्षर चिनाउँदा कलमको उल्टापट्टिबाट अक्षरहरूको प्रतिबिम्ब बनाएर त्यसमा उसलाई लेखाइन्छ र बिस्तारै-बिस्तारै उसलाई अक्षरको ज्ञान हुन थाल्छ र ऊ सजिलैसँग अक्षर लेख्न थाल्छ, त्यसरी नै मूर्तिमा भगवत्पूजा गर्ने भक्तहरूलाई पनि त्यस परम तत्त्वको प्राप्ति हुन्छ जुन प्राप्ति अन्य निर्गुण उपासकहरूलाई हुन्छ। सच्चा भाव हुनुपर्छ। शिलामयी, दारुमयी, लौही, लेप्या, लेख्या, सैकती, मनोमयी र मणिमयी गरेर आठ प्रकारका मूर्ति हुन्छन्। जस्तै–

शैली दारुमयी लौही लेप्या लेख्या च सैकती।
मनोमयी मणिमयी प्रतिमाष्टविधाः स्मृता ॥

– श्रीमद्भागवत ११।२७।१८

यी आठ प्रकारका मूर्तिहरूलाई पनि चला र अचला गरेर विभाजन गर्न सकिन्छ। चला मूर्तिहरू ती हुन् जो बट्टा आदिमा राखेर सधैं आफ्नै साथ लिएर हिंडिन्छ, त्यस्ता मूर्तिको आवाहन र विसर्जनसहित वा आवाहन र विसर्जनविना पनि पूजा गर्न सकिन्छ।

अचला मूर्ति ती हुन्– जसमा इष्टदेवको आवाहन र प्राणप्रतिष्ठा गरेर कुनै मन्दिरमा स्थापना गरिन्छ । उनीहरूको पूजामा आवाहन र विसर्जनको आवश्यकता रहँदैन ।

मूर्तिपूजा र मूर्तिविज्ञान– मूर्तिपूजा र मूर्तिविज्ञानमा अत्यन्त गम्भीर मनोवैज्ञानिक रहस्य छ । मानवहरूको प्रसुप्त मनमा कसरी रहस्यमय ढङ्गबाट मूर्तिहरूको प्रभाव पर्छ – यो एक विचारणीय विषय हो । प्रो. लालजीराम शुक्लले आफ्ना एक अंग्रेज मित्रको विषयमा लेखेका छन् -श्री रोनाल्ड निक्सनलाई प्रथम जर्मन युद्धपछि बढी अशान्ति भयो । उनी त्यस युद्धमा हवाईजहाजमा युद्ध-अफिसर थिए । उनले हत्या, मारकाट, मृत्युको ताण्डव, भयानक रक्तपात र सयौं हजारौं लाशहरू देख्नुपरेको थियो । यो भीषण दृश्य देखेर उनको मनमा बडो अशान्ति र उथलपुलथ भइरहेथ्यो । उनको मन नराम्रैसित बेचैन र असन्तुलित भएको थियो । दिनभर बेचैन रहन्थे, रातमा निद्रा आउँदैनथ्यो । अनुहार अशान्त र मन उद्विग्न थियो । उनको मनलाई शान्ति, सन्तोष र धैर्य दिने कुनै कुरा थिएन । उनी अन्यमनस्क र सन्तप्त थिए ।

संयोगको कुरा, एक पटक उनले आफ्नो ध्यान केम्ब्रिज विश्वविद्यालयमा राखिएको एक बुद्ध भगवान्को शान्त, मुस्कुराइरहेको, प्रेरणादायक मूर्तिमा लगाए । त्यसबाट उनलाई जे अनुभव भयो त्यो यसरी लेखेका छन् 'अहह ! कति मनमोहक थियो बुद्धको त्यो अनुहार ! त्यसबाट मानो मूक भाषामा शान्तिदायक सन्देश निक्लिरहेको थियो । हे ईश्वरका छोरा ! तिम्रो जीवन शान्ति र तृप्तिको लागि हो, आनन्दित र प्रसन्न रहनको लागि हो । सधैं मुस्कुराउँदै रहू , सधैं तृप्त रहू, चिन्तालाई त्यागिदेऊ ।'

यस्तो लाग्दथ्यो–त्यस मूर्तिबाट यस्तै उत्साहवर्धक विचार निक्लिरहेको छ । जसरी शीतल फोहराले बिस्तार-बिस्तार अग्नि शान्त हुँदै जान्छ, त्यसरी नै भगवान् बुद्धको मधुर मूर्तिको दर्शन गर्नाले वा त्यसमा आफ्नो ध्यान केन्द्रित गर्नाले श्रीरोनाल्ड निक्सनलाई अकथनीय शान्तिको अनुभव भएथ्यो । त्यसै वेलादेखि निक्सन पूर्वीय साधनाका अनुगामी बने र आफ्नो बाँकी समय यसैमा बिताए । यसै प्रकारको एक अनुभव अमेरिकन लेखक श्री डेल कार्नेजी महाशय लेख्छन्– 'जब कहिलेकाहीं मलाई कुनै सांसारिक चिन्ता वा कठिनाइको अनुभव हुन्छ, म चिन्तातुर हुन्छु, अनि म वाशिङ्गटनको राजप्रासादमा टाँगिएको राष्ट्रपति लिङ्कनको शान्त चित्रमा आफ्नो ध्यान लगाउँछु; त्यसबाट मेरो मनमा शान्त भाव, साहस र नयाँ प्रेरणा आउँछन्, अनि म ताजा बनेर आफ्नो कर्तव्यमा फेरि जुट्छु ।'

हिन्दू चित्र र मूर्तिमा असीम प्रेरणा दिव्यसन्देश लुकेको हुन्छ। यी चित्र वा मूर्ति ती दिव्य महापुरुष, वीर, नेता, धर्मप्रचारक, विद्वान्, पथप्रदर्शक, महात्मा, आचार्य र दिव्य अवतारी पुरुषहरूका हुन्, जो प्राचीन कालमा तपाईं-हामी जस्तै यही भौतिक संसार, यसै समाजका प्राणी थिए, यसै पृथ्वीमा चल्दै-फिर्दै र हामीजस्तै हर्ष, शोक, विषाद, उत्साह, दर्प र सङ्घर्षका लीला गर्दथे। परन्तु तिनीहरू आफ्नो उद्देश्य र विचारका लागि निरन्तर गतिमान् रहे, प्रयत्नशील रहेर मरिमेटेर अमर बन्न पुगे। फलतः जनमानसमा सदाको लागि उनीहरूले स्थान पाए। उनीहरूका शील, गुण, विचार, मान्यता, विश्वास र सङ्कल्प जनताहरूमा स्पष्ट हुँदै गए। फलतः आज पनि प्रत्येक व्यक्ति उनीहरूको चित्रको पृष्ठभूमिबाट उनीहरूमा रहेको गुप्त शक्ति र अतुल सामर्थ्य तथा शक्ति खिच्तछ।

चित्र र मूर्तिको दर्शनको गुप्त मनोवैज्ञानिक प्रक्रिया—चित्र र मूर्तिको दर्शनको गुप्त मनोवैज्ञानिक प्रक्रिया मानवको प्रसुप्त मनमा कुन प्रकारले हुन्छ ? – यस विषयमा अब विचार गरौं। घरमा राखिएका प्रत्येक मूर्ति वा चित्र एक वातावरण तयार गरिदिन्छ। मानिसका चर्मचक्षुहरूद्वारा जो चित्र, मूर्ति वा आकृति, दृश्य अथवा वातावरण प्रतिदिन देखिन्छ, वारंवार हाम्रो दृष्टि जुन चित्रमा पर्छ, ती सबैको गुप्त रूपबाट सूक्ष्म प्रभाव हाम्रो गुप्त मन-(Subconscious Mind)-मा पर्दै गर्छ। हाम्रो मन चित्रहरूले दिएको सन्देश, विचार वा प्रेरणाहरूको ग्रहण चूपचाप गर्दै जान्छ। यी चित्र वा मूर्तिहरूमा चित्रित भावनाहरू, स्थितिहरू र मुद्राहरूको अनुसार हाम्रो मनरूपी पर्दामा पनि त्यस्तै शुभाशुभ विचार उत्पन्न हुन्छन्, त्यस्तै मनःस्थितिबन्छन्। यी मानस चित्रहरू सधैं आफ्ना साथ कुनै विशेषता वा गुण-अवगुण लिएरै रहन्छन्। चित्रहरूका विचार बिस्तार-बिस्तार हाम्रो सम्पूर्ण शरीर मनमा व्याप्त हुन थाल्छन्। मनका कण-कणमा प्रविष्ट भएर उसलाई ताजा र स्फूर्तिमान् बनाइदिन्छन्। मानिसको गुप्त मन क्यामराको सूक्ष्मदर्शी लेन्स जस्तै हो। कुनै क्यामराको शक्ति यति तीव्र हुन्छ कि त्यसबाट अत्यन्त सूक्ष्म र यथार्थ चित्र खिचिन्छ। बाहिरको दृश्य क्यामरामा नेगेटिभ रूपमा आउँछ। फेरि त्यसलाई पोजिटिभमा छापेपछि स्पष्ट आकृति आउँछ। छोटो सानो कागजमा बाह्य जगत् वा व्यक्तिका सबै अवयव वा दृश्य उत्रन्छन्।

यसप्रकार हाम्रो घर, पसल, पाठशालाहरूमा यत्र-तत्र हामी जुन-जुन चित्रहरू देख्तछौं, चुपचाप आफ्नो मनरूपी क्यामरामा अङ्कित गर्दै हिंड्दछौं। जसरी

टेपमा शब्दहरू अङ्कित हुन्छन्, त्यसै गरी चित्रमा अङ्कित हावभाव, मुख मुद्रा, आकृति, शुद्ध वा अशुद्ध विचार, उनमा व्याप्त भावना र आदर्श पनि हाम्रो गुप्त मनमा अङ्कित हुँदै जान्छन् । हाम्रा नजीक वा अगाडि जो चित्र अनेक पटक आउँछन् । ती हाम्रो अन्तः-करणमा चूपचाप राम्रो वा नराम्रो भावना भर्दै जान्छन् । तिनमा अङ्कित व्यक्ति, नेता, देव-देवी, धर्म-प्रचारक, महात्मा, ऐतिहासिक महापुरुष र अन्य आत्माहरूका गुणहरू हामी आफ्नो चरित्रमा धारण गर्दछौं र अज्ञात रूपबाट क्रमशः उनीहरूजस्तै बन्न थाल्छौं । **उपास्यको गुण उपासकमा आउँछ** – यही वैज्ञानिक रहस्य हो ।

चित्र र मूर्तिहरूको भाषा–चित्र र मूर्तिको पनि एक भाषा छ । जसरी लेखक शब्दहरूको माध्यमबाट आफ्ना विचारहरू प्रकट गर्दछ र गायक स्वरको माध्यम-द्वारा आफ्नो सन्देश दिन्छ, त्यसरी नै चित्रकार रङ्ग तथा आकृतिहरूद्वारा आफ्नो भाव प्रकट गर्छ । चित्रकार जुन भाषामा आफ्नो विचार प्रकट गर्छ त्यही उसको चित्र हो । ऊ चित्रका माध्यमद्वारा तपाइँसँग केही कुरा भन्न चाहन्छ– जसलाई बुद्धिमान् दर्शकहरू बुझ्न सक्तछन् । उसका चित्रमा व्याप्त गुप्त सन्देश मानिसहरू ग्रहण गर्न सक्तछन् ।

हाम्रा अवतार, देवता, र रामायण, महाभारत, पुराणहरूमा वर्णित कथाहरूसँग सम्बद्ध धार्मिक चित्रहरूको एक एक आकृतिका हावभाव, अङ्ग-प्रत्यङ्ग, मुखमुद्राहरूमा सर्वत्र दिव्य सङ्केत भरिएको हुन्छ । बुद्धिमान् व्यक्ति यस्ता चित्रहरूबाट पुराना प्रसङ्ग सम्झन्छन् । यिनका गुप्त मर्म जीवनमा उतार्छन् र तिनैद्वारा आफ्नो जीवनलाई त्यस्तै साँचोमा ढाल्छन् ।

पढाउने शिक्षकहरू जान्दछन्– जुन विचार विद्यार्थीहरूको मनमा स्थायी रूपले अङ्कित गर्नु छ ती विचार भित्तामा टाँगिएका नक्सा, तालिका, चित्र, मूर्ति र कालोपाटीमा अङ्कित विविध रेखाहरूद्वारा अङ्कित गरिन्छन् । बालक जुन चित्र वारं-वार देख्तछ उस्तै भाव ग्रहण गर्दै जान्छ । यो बानी ठूला-बडा मानिसमा पनि छ । त्यो पनि आफ्ना नजीक जस्तो चित्र देख्तछ उस्तै बन्दै जान्छ । यी तालिकाहरूको सहायता-बाट शिक्षकको भाषण बालक अविकसित मनले सजिलैसित बुझ्न सकिने हुन पुग्छ । यो शब्द उसका कानले सुन्छन् र आँखाले चित्रबाट एक विशेष भाव लिन्छन् । यसप्रकार चित्र र मूर्तिले हाम्रो पुरानो संस्कारलाई बदलेर नयाँ, शुद्ध, सात्त्विक र पवित्र संस्कारको निर्माण गर्छन् ।

माथि चित्रहरूबाट बालकहरूको कोमल मनमा पर्ने मनोवैज्ञानिक प्रभावहरूतिर सङ्केत गरिएको छ । ठीक त्यस्तै प्रभाव विकसित मस्तिष्कमा पनि पर्दछ । हामी आफ्नो असल-खराब प्रकृतिअनुसार चित्र छान्दछौं । अनि त्यही भाव गुप्त मनमा धारणा गर्दछौं । कहिलेकाहीं प्रौढ व्यक्तिलाई समेत यो ज्ञान हुँदैन–उसले गलत चित्रहरू छनोट गरेको छ र ऊ तिनबाट गलत सङ्केत (Suggestions) पाइरहेछ ।

उत्तेजक र अश्लील चित्रको प्रभाव– सिनेमाहरूमा प्रायः उत्तेजक चल्नेफिर्ने अश्लील चित्र हुन्छन् । अभिनेता र अभिनेत्रीहरूका हावभाव र विविध मुखमुद्राहरू दर्शकहरूको मनमा छिटै अङ्कित हुन्छन्, किनभने चलचित्रका तसबीरहरू बोल्छन्, गाउँछन् र चलफिर पनि गर्छन्; हाउभाउ गर्छन्, परस्पर कुराकानी, नृत्य इत्यादि कार्यकलाप गर्छन् र हामीलाई आफूपट्टि आकृष्ट गर्छन् र लोभ्याउँछन् । प्रायः सिनेमाका चित्रहरू कुरुचिपूर्ण भई कामोद्दीपक दृश्यलाई हाम्रो गुप्त मनले ग्रहण गर्छ । वारंवार अश्लील सिनेमा हेर्ने गर्नाले वासना संस्कारको रूपमा बदलिन्छन् । अनि हामी दैनिक जीवनमा त्यस्तै कार्य गर्न थाल्दछौं । अतः अश्लील एवम् उत्तेजक चित्रहरू हेर्नु पापभन्दा कम होइन । **अश्लील सिनेमाले मानसिक पापको सृष्टि गर्छन्, किनभने यिनैबाट मानिसको नैतिक पतन हुन्छ । एकपटक मनमा कुवासना उब्जेर पापमय वृत्तिहरू उम्लन थालेपछि ठूलो अनर्थ हुन्छ ।** यसकारण यी उत्तेजक चित्रहरूबाट सावधान रहन शास्त्रमा उपदेश दिइएको छ । मानसिक पाप नै वाचिक र शारीरिक पापको मूल हो । तिनबाट सधैं सावधान रहनुपर्छ । तिनको परित्याग गरिदेऊ । मनबाट ती कुवासनाहरूलाई हटाऊ, यिनै तिमीलाई दुष्कर्म गर्न लगाउँछन् । **अपास्मत सर्वदुर्भूतम् (अथर्ववेद ३–७–७)** । हे मानिस ! आफ्ना गुप्त मनका सब दुर्भावना, मनोविकार र दुर्वासनाहरूलाई बाहिर निकालिदेऊ । **तिम्रा बाहिरी शत्रु त्यति हानि गर्न सक्तैनन् जति हानि आन्तरिक शत्रुद्वारा हुन्छ । यसकारण अश्लील र फोहरी, वासना भड्काउने खालका चित्ररूपी शत्रुहरूलाई घर, परिवार, पसल र संस्थाहरूबाट निकालिदेऊ, किनभने यस्तै चित्र नैतिक पतनका मूल हुन् । यसकारण आफ्ना मित्र र चित्रको छनोट सावधानीसँग गर ।**

तपाईं जुन प्रकारले साथी-सँगी, घरका नातेदार, नयाँ सम्बन्धहरू र वरवधू इत्यादिको छनोटमा बडो सावधानी गर्नुहुन्छ, त्यसै प्रकारले चित्रको छनोट हुनुपर्छ, किनभने प्रत्येक चित्र तपाईंको एक मित्र नै हो । यदि मित्र घृणित छ भने त्यसको

कुसङ्गतिबाट निश्चय नै तपाईं अवनतितर्फ लाग्नुहुनेछ । यसकारण यस्तो चित्र छान्नोस् जसबाट मनमा शुभ विचार उत्पन्न होऊन्, मनमा उत्साह, पौरुष, साहस र असल-असल नयाँ प्रेरणा प्राप्त होऊन् ।

सर्वश्रेष्ठ चित्र हिन्दूधर्म, भारतीय संस्कृति, तीर्थस्थान, देवमन्दिर, पावन प्रसङ्गहरूसँग सम्बद्ध हुन सक्छन्, जसबाट देशको, धर्मको र गौरवमय संस्कृतिको सम्झना निरन्तर रहिरहन्छ वेद, पुराण, गीता, रामायण, महाभारत इत्यादि पवित्र ग्रन्थसँग सम्बद्ध असङ्ख्य चित्र तपाईंलाई प्राप्त हुन सक्छन् । देवी-देवता, भगवान् श्रीराम, श्रीकृष्ण, हनुमान्, विष्णु, शिव, आर्दश धर्मगुरु, नेता तथा ऐतिहासिक महापुरुष-हरूका चित्र हामीलाई सत्यपथतिर डोऱ्याउँछन् । प्राकृतिक दृश्यका चित्रले हामीलाई प्रकृतिसँग साहचर्यको निम्ति भव्य प्रेरणा दिन्छन् र हाम्रो दिव्यत्वलाई चम्काउँछन् ।

योगेश्वर श्रीकृष्ण, मर्यादा-पुरुषोत्तम श्रीराम, भगवान् शङ्कराचार्य, भगवान् बुद्ध, वीरवर शिवाजी, महाराणा प्रताप, गुरु गोविन्द सिंह, श्री ५ पृथ्वीनारायण शाह तथा अन्य सिद्ध महात्माहरूको चित्र घरमा राख्नु अनिवार्य छ । घरमा पवित्र आत्मा-हरूको स्थायी र प्रेरक बसोवास यसो गर्नाले हुन्छ र घरको वातावरण पनि शुद्ध रहन्छ । **चित्र छान्दा त्यस्ता चित्र छान जसमा मुखमुद्रा प्रसन्नता, मधुर मुस्कान र उल्लासले भरिएको होओस्, जुन हेर्नाले मनमा स्फूर्ति बढोस् र शान्ति तथा सत्प्रेरणाहरू प्राप्त भइरहून् ।**

सधैं सम्झना राख्नुपर्छ–**अग्निना अग्निः समिध्यते (ऋग्वेद)** । अग्निबाट अग्नि र ठूलो (प्रबुद्ध) आत्माबाट सानो (अप्रबुद्ध)आत्मा प्रदीप्त हुन्छ । महान् पुरुष तथा हिन्दू देवी-देवताहरूका चित्र तथा, दीप्तिमान् आत्माहरूको शान्तिदायक र प्रेरक वातावरणमा रहेर आफ्नो आत्मालाई तपाईं पनि प्रदीप्त बनाउनुहोस् ।

उपर्युक्त विवेचनाबाट शायद हाम्रा आँखा आधुनिकताले तिरमिराएका, पाश्चात्य सभ्यताको अन्धानुकरण गर्ने लाटासुधा भाइहरूले बुझे होलान् – हाम्रा पूर्वजहरूले वैज्ञानिक सूझबूझसाथ मूर्तिपूजा, नित्य देवदर्शन, महात्माहरूको दर्शन र शुद्ध भावले देवमन्दिरमा श्रद्धापूर्वक जाने विधान हाम्रो कल्याणको लागि बनाएका थिए । यसै उद्देश्यले देवालय र मठ-मन्दिरहरूको निर्माण गरिन्थ्यो । तपाईं मठ-मन्दिर-हरूको सुदूर अतीतको संक्षिप्त इतिहास सुन्न चाहनुहुन्छ भने सुन्नुहोस्– हाम्रा पूर्वजहरूले,

ऋषिहरूले, मुनिहरूले, विद्वान्हरूले यस्तो कुनै पनि काम गरेनन्, जसमा मानव-कल्याण-को महान् उद्देश्य अन्तर्निहित नहोओस् । सारा भारतवर्षमा, देशका चारै दिशामा, देशका प्रत्येक अञ्चलमा उनीहरूले मन्दिर, आश्रम एवम् अन्यान्य धार्मिक केन्द्रहरूको स्थापना गरे । यसमा उनीहरूको एक महान् उद्देश्य थियो, जन-कल्याणकारी कार्यक्रमहरूको प्रेरणा थियो । यो कुरा इतिहासमा हामी स्पष्ट रूपमा भेट्टाउँछौं– जो विदेशीहरू हामी-लाई, हाम्रो धर्मलाई, हाम्रो सभ्यता र संस्कृतिलाई माटोमा मिलाउने दृढ सङ्कल्प लिएर यस पुण्यभूमिमा आए, उनीहरूले हामीलाई खतम पार्नुभन्दा पहिले हाम्रा धार्मिक-स्थल, मन्दिर एवम् आश्रम आदिलाई ध्वस्त पार्ने अधिकभन्दा अधिक प्रयत्न गरे। यसबाट हामी राम्ररी नै बुझ्न सक्छौं– हामी हिन्दूजातिका प्राण यिनै धार्मिक केन्द्र थिए । हाम्रो जीवनको सञ्जीवनी शक्ति, हाम्रो संस्कृतिको उत्कृष्टता, हाम्रो धर्मको उदात्त भावना र हाम्रो सभ्यताको सम्पूर्ण भित्ति यिनै मन्दिर एवम् आश्रममा पूर्ण रूपले समन्वित थियो ।

मुसलमान आक्रमणकारीहरूले हाम्रो यस रहस्यलाई बुझेका थिए, यसकारण उनीहरूले सारा भारतवर्षमा असङ्ख्य हिन्दू मन्दिर, मूर्ति, आश्रम र विद्यापीठहरू ध्वस्त पारिदिए, तिनलाई मेटिदिए । तिनका स्थानमा मस्जिद बनाइदिए, मीनारहरू खडा गरिदिए । यसका असङ्ख्य उदाहरण हाम्रा सामु छन् । यस्तो गरेर पनि उनीहरूले हाम्रो संस्कृतिलाई सम्पूर्ण रूपले निर्मूल पार्न सकेनन् । यसको कारण के थियो ? हिन्दूहरूले सन् ७११ देखि सन् १८५७ तक अर्थात् ११४६ वर्षसम्म लगातार आफ्ना यी मन्दिर, आश्रम र धार्मिक केन्द्रहरूको रक्षाका निम्ति अनवरत सङ्घर्ष गरे । आफ्नो रगत यिनैका सुरक्षाका निम्ति बगाए । एक एक मन्दिरको लागि कैयौं मस्तक समर्पित भए । असङ्ख्य हिन्दूहरूले धर्मको रक्षाका लागि आफ्नो प्राण दिए । हिन्दूहरू आफ्नो पूर्ण शक्तिले शत्रुसँग सङ्घर्ष गर्दै आफ्ना यी प्राणकेन्द्रलाई नाश गर्नेहरू सित सङ्घर्ष गरे । हिन्दूहरू मरेर पनि बाँचिरहे र सदाको लागि बाँचिरहनेछन् । **हिन्दूहरूले आफ्नो प्राण दिएर पनि धर्मको रक्षा गरे र धर्मले उनीहरूको रक्षा गऱ्यो । कुनै पनि जाति आफ्नो अस्तित्वको रक्षाको लागि यति लामो समयसम्म लड्न सक्तैन, तर हिन्दूजातिले नै सङ्घर्ष गऱ्यो ११४३ वर्षसम्म ।**

मुसलमानपछि अंग्रेजको आगमन भयो । उनीहरूले पनि हिन्दूहरूको यस सञ्जीवनी-शक्ति-(धर्म)-लाई बुझे, तर सन् १८५६ सम्म धर्मको विषयमा उनीहरूले

कुनै हस्तक्षेप गरेनन् । उनीहरूले बुझेका थिए– हिन्दू-मन्दिरलाई ध्वस्त गर्ने चेष्टा गर्ना-साथ हामीलाई टिक्न गाऱ्हो पर्नेछ । हामीले यस्तो गऱ्यौं भने हामी लगातार हिन्दूहरू-सँग सङ्घर्षरत रहनुपर्नेछ । मुसलमानहरूको इतिहासबाट यो शिक्षा उनीहरूले लिए । उनीहरूले राजनीति र अर्थनीतिका सङ्घटनमा मात्र हस्तक्षेप गरे, तर धार्मिक सङ्घटन-हरूमा सन् १८५६ सम्म कुनै हस्तक्षेप गरेनन् । सन् १८५६ मा यसलाई तोड्ने अलिकित प्रयास के गरेका थिए, सन् १८५७ मा ठूलो सङ्घर्षको सामना गर्नुपऱ्यो । हिन्दूहरूको सन् १८५७ को सङ्घर्ष कतिपय कारण र विश्वासघातीहरूको कुचक्रले गर्दा विफल भए पनि यस सङ्घर्षले अंग्रेजहरूलाई निम्नलिखित दुई यथार्थ तथ्य हृदयङ्गम गरायो । ती यथार्थताहरू यी हुन्–

(१) जबतक हिन्दूहरूका यी धार्मिक केन्द्र, देवमन्दिर, आश्रम आदि रहन्छन्, तबतक जुनसुकै वेला यस प्रकारको सङ्घटन फेरि बन्न सक्छ र उनीहरूको अस्तित्व खतरामा पर्न सक्छ ।

(२) यदि हिन्दूहरूको धार्मिक व्यवस्थामा कुनै पनि प्रकारको हस्ताक्षर गरियो भने कहिल्यै शान्तिसाथ शासनको सञ्चालन गर्न सकिनेछैन, र निरन्तर सङ्घर्षरत रहनुपर्नेछ ।

अंग्रेज बुद्धिमान् थिए । उनीहरूले यथार्थता बुझे । उनीहरूले यो तथ्य छिटै बुझे । **यी देवालय, आश्रम र मन्दिरहरूका स्थापनाका प्रधान उद्देश्य देशका जनसाधारण-लाई व्यापक रूपले शिक्षित गर्नु र देशको जनतासित आफ्नो सम्पर्क सधैं कायम राख्नु हो । देशको जनता विनाखर्च यस्ता पाठशालाहरू र गुरुकुलमा शिक्षा प्राप्त गरेर स्वधर्ममा दृढ हुनेछन् । देशमा साक्षरताको प्रसार र निरक्षताको विनाशको लागि यी मन्दिर र आश्रम प्रमुख केन्द्र हुन् । यहाँ शिक्षा आर्जन गर्न कसैलाई कुनै पनि खर्च गर्नुपर्दैन । यहाँ विद्या बेचिँदैन, दान गरिन्छ । विद्यादान नै यस्ता केन्द्रको स्थापनाको लागि प्रेरणा दिन्छ ।**

अंग्रेजहरूले यस पद्धतिको अध्ययन गरे र विवेचना पनि गरे । उनीहरूले बुझे– जबसम्म हिन्दूहरूको विद्यादान यी मन्दिर र आश्रमहरूमा चलिरहन्छ, तबसम्म हिन्दूहरूको स्वधर्मप्रेम, स्वदेशप्रेम, स्वाभिमान र सामर्थ्यउपर आघात पार्न सकिंदैन । यो तथ्य बुझेपछि उनीहरूले लर्ड मेकालेलाई यस प्रकारको एक शिक्षायोजना बनाउने आदेश दिए, जसबाट देशमा प्रचलित शिक्षापद्धतिको बदला यस्तो शिक्षापद्धतिको तयारी

होओस् जसले हिन्दूहरूको धार्मिक भावनालाई मेट्तै लैजान सकोस् । लर्ड मेकालेद्वारा प्रस्तुत योजनाको आधारमा अंग्रेजहरूले हाम्रा मन्दिर र आश्रमको यस विद्यादानको सदाव्रत मेटाउने कार्यक्रमको आरम्भ गरे। कलकत्ता, बम्बई र मद्रासमा विश्वविद्यालयको नामले शिक्षाकेन्द्रहरूको स्थापना गरे । यी विश्वविद्यालयअन्तर्गत स्कूल, कलेजहरूको जाल देशभर बिच्छ्याइदिए । यी विश्वविद्यालयमा शिक्षा प्राप्त गर्नेहरूलाई क्रमशः व्यापक रूपमा सरकारी नोकरी दिने आश्वासन दिएर यिनलाई परावलम्बी, परमुखापेक्षी दुब्लो-पातलो क्लर्क (कारिन्दा) बनाउने कारखानाको रूपमा सामूहिक योजना चालू गरिदिए । यिनमा इसाई धर्मको शिक्षा दिने आकर्षक प्रबन्ध पनि भयो । हाम्रो इतिहासलाई गलत रूपमा छात्रहरूको अगाडि उपस्थित गर्नको लागि नयाँ ग्रन्थ तयार पारेर नयाँ पाठ्यक्रम प्रचलित गरे । हाम्रा बालक कालिदास र भवभूतिको सट्टामा शेक्सपियर र मिल्टनका गीत गाउन थाले । कृष्णको सट्टा क्राइष्ट दिने व्यवस्था गरिदिए । अंग्रेजहरूले एकतर्फ शिक्षाको यो व्यवस्था गरे, अर्कातर्फ इसाई धर्मप्रचारक संस्था यस देशमा बढी-से-बढी स्थापना गर्नुको साथै तिनका माध्यमबाट गिर्जाघरको अतिरिक्त मिशनरी स्कूलहरू, नर्सिङ्ग होम एवम् अस्पतालहरूको स्थापना गरी जनसाधारणको मन आफूतिर तान्ने उद्योग गरे ।

११४६ वर्षको सङ्घर्षमा हिन्दूधर्मको जुन ध्वंस भएको थिएन, सन् १८५८ देखि १९०० सम्म अर्थात् ४२ वर्षमा त्यसभन्दा बढी ध्वंस पार्ने काम भयो । र त्यही मन्द विष (Slow Poison) आज पनि हाम्रा नसामा तीव्र गतिले चक्कर लगाइहेछ । आज हामी स्वयं नै आफ्नो संस्कृति, सभ्यता र धर्मबाट विमुख भएर आधुनिकताको अभिमानले गर्दा आफूले आफूलाई नै धन्य सम्झी छोइनसक्नु भएका छौं ।

देवालयको स्थापनाको दोस्रो उद्देश्य हिन्दूधर्मको उदात्त सिद्धान्तको व्यापक रूपबाट प्रचार गर्नु थियो । प्राचीन समयमा अर्थात् आजभन्दा ७०–८० वर्ष अघिसम्म पनि मन्दिरका पुजारी महान् विद्वान्, सेवाभावी, भगवद्भक्तिपरायण, कष्टसहिष्णु, परिश्रमी एवं चरित्रवान् व्यक्ति हुने गर्दथे । उनीहरू आफ्नो-आफ्नो अञ्चलका जन-साधारणमा धर्मको प्रचार गर्दथे, धर्मशास्त्रको व्याख्या गर्दथे, ग्रामीण क्षेत्रमा पुराणादि पाठ गर्थे, मन्दिरमा आउनेहरूसँग सुख-दुःखका सहभागी बन्दथे । जन-साधारणको दुःखमा सान्त्वना दिन्थे, सुखमा सुखी हुन्थे, मन्दिर आउने स्त्री-पुरुष र बालकहरूलाई सदाचार, सत्यनिष्ठता एवं सत्यव्यवहारको उपदेश दिन्थे । जन-साधारणका

समस्त व्यक्तिगत मामलामा राम्रो सल्लाह दिएर झगडा सुल्झाउने काम पनि यिनै पुजारी गर्थे। कारण–यिनमा जनताको विश्वास थियो र यिनको आचरणमा श्रद्धा थियो। हिन्दूहरूको धर्मप्रचार गर्ने माध्यम देवालयहरूका पुजारीवर्ग नै हुन्थे । देशमा यस्तो कुनै मन्दिर थिएन जहाँ धार्मिक ग्रन्थको नित्यपाठ, कीर्तन, भजन आदि नहोओस् विद्यादान र धर्मप्रचारको लागि यी देवालयहरू र आश्रमहरूमा आफ्नो पुस्तकालय पनि हुन्थ्यो। यस्ता पुस्तकालयमा हस्तलिखित ग्रन्थ सुरक्षित हुन्थे। विद्यार्थिवर्ग आफ्ना गुरुहरूसँग विद्या सिक्थे र आवश्यकतानुसार आफ्नो व्यवहारको लागि यस्ता ग्रन्थको प्रतिलिपि आफै सारेर लिन्थे । विद्यार्थीहरूको आवासको समस्या पनि यिनै देवालय तथा आश्रमहरू समाधान गर्थे । **नालन्दा**को ध्वंसावशेष आज पनि यस सत्यलाई विश्वका सामु स्पष्ट देखाइरहेछ ।

मन्दिरका पुजारीहरू र ब्रह्मचारीहरूले आयुर्वेदीय चिकित्साको पनि ज्ञान गर्नुपर्दथ्यो । तिनीहरू आयुर्वेदीय चिकित्सा-पद्धतिअनुसार देशकै जडीबूटी-हरूद्वारा आफ्नो क्षेत्रका जनसाधारणको निःशुल्क उपचार गर्दथे। यसबाट यो स्पष्ट हुन्छ– गार्हस्थ्य शिक्षा, धर्मशिक्षा, चिकित्साशिक्षा र अन्यान्य आवश्यकताहरूको पूर्ति पनि यिनै मन्दिरहरू गर्दथे । यहीं मानिसहरू एकत्रित भएर सभा-बैठक गर्ने गर्दथे । यी मन्दिरहरूको सञ्चालनको लागि निकै सरल व्यवस्था थियो। जन-साधारणको तर्फ-बाट प्रत्येक गृहस्थले सिधा (खाद्य सामग्री) दिने प्रबन्ध थियो । ब्रह्मचारिवर्ग घरघर गएर खाद्य सामग्री संग्रह गरेर लिन्थे । वा स्वयं गृहस्थहरूले नै मन्दिरमा ल्याइदिन्थे । खाद्य सामग्रीको कुनै अभाव थिएन। यिनै खाद्य सामग्रीद्वारा पुजारीवर्ग र ब्रह्मचारीहरूको भरण-पोषण हुन्थ्यो । साथै आएका अतिथिहरूलाई पनि भगवान्को प्रसाद प्राप्त हुने गर्दथ्यो । यी देवालय एवम् आश्रमहरूको यस्तो व्यवस्था थियो कि कुनै पनि हिन्दू तीर्थयात्री विनाखर्च, विनाकष्ट भारतभरका सम्पूर्ण तीर्थहरूको यात्रा गर्न सकिन्थ्यो। उनीहरूलाई न बस्ने समस्या हुन्थ्यो, न त खाने नै। उनीहरू मन्दिरमा रात बिताउन सक्थे । भगवान्को प्रसाद लिएर भोक हटाउँथे । हाम्रा पूर्वजहरूद्वारा स्थापित यी देवा-लय र आश्रमहरूको स्थापनाका यिनै प्रमुख उद्देश्य थिए हामीले यो स्मरण गर्नु जरूरी छ – **देवालय र आश्रमका साथ नै हाम्रो अमर संस्कृति सम्बद्ध छ । हाम्रो अस्तित्व र राष्ट्रिय एकताको प्राणकेन्द्रको रूपमा यिनै मन्दिर र आश्रम छन् । यिनैबाट हामी**

जीवनमा अनेक प्रेरणा लिन्छौं । कर्तव्य-मार्गको जानकारी यिनैबाट मिल्छ । युग-युगदेखि यिनीहरूकै सहायताबाट हिन्दूजीवन चल्दै आएको छ ।

यहाँ मूर्तिपूजा वा प्रतीक उपासनाको विषयमा छलफल भइरहेको छ । अब प्रतीक उपासनाको विषयमा स्वामी विवेकानन्दको विचार उनकै शब्दमा लेख्छौं –

'प्रतीकको अर्थ हो– थोरै वा धेरै अंशमा ब्रह्म र ईश्वरको स्थानमा उपास्य रूपले लिन सकिने वस्तु ।'

प्रतीकद्वारा ईश्वरोपासनाको के अर्थ हो ? यस सम्बन्धमा वैष्णवाचार्य रामानुज भन्नुहुन्छ – 'जो वस्तु ब्रह्म होइन, उसमा ब्रह्मबुद्धि गरेर ब्रह्मको अनुसन्धान गर्नु प्रतीकोपासना हो ।' **अब्रह्मणि ब्रह्मदृष्टचाऽनुसन्धानम्** (**ब्रह्मसूत्र ४।२५**)। भगवान् शङ्कराचार्य भन्नुहुन्छ– **मनोब्रह्मेत्युपासीतेत्यध्यात्मम् । अथाऽऽधिदैवतमाकाशो ब्रह्मेति । .... तथा आदित्यः ब्रह्म इति आदेशः । स यो नाम ब्रह्मेत्युपासते । इत्येवमादिसु प्रतीकोपासनेषु संशयः (ब्रह्मसूत्र शाङ्करभाष्य ४।१।५)**। अर्थात् मनलाई ब्रह्मरूपले उपासना गर– यो आध्यात्मिक उपासना हो । आकाश ब्रह्म हो– यो आधिदैविक– मन आभ्यन्तरिक प्रतीक हो र आकाश बाह्य । यिनै दुईको उपासना ब्रह्मको रूपमा गर्नुपर्छ । उहाँ भन्नुहुन्छ– 'यसै प्रकारले आदित्य नै ब्रह्म हो भन्ने आदेश छ – जो नामलाई ब्रह्मको रूपमा भजन गर्दछ।' यी सब वाक्यबाट प्रतीकोपासनाको सम्बन्धमा संशय उत्पन्न हुन्छ । प्रतीक शब्दको अर्थ हो बाहिरतर्फ जानु र प्रतीकोपासना शब्दको अर्थ हो ब्रह्मको स्थानमा यस्तो कुनै वस्तुको उपासना गर्नु जो केही वा अधिक अंशमा ब्रह्मसदृश होओस्, तर स्वयं ब्रह्म नै नहोओस् । वेदमा वर्णित प्रतीकहरूका अतिरिक्त पुराण र तन्त्रशास्त्रमा पनि प्रतीकको उल्लेख छ। सबै प्रकारको पितृ-उपासना र देव-उपासना यसै प्रतीकोपासनाभित्र रहेको छ ।

कुरा के हो भने एकमात्र ईश्वरको उपासना नै भक्ति हो । देवता, पितृ वा अरू कसैको उपासनालाई भक्ति भन्न सकिंदैन । विभिन्न देवताका विभिन्न उपासना-पद्धतिको गणना कर्मकाण्डमा हुन्छ । त्यसबाट उपासकलाई कुनै प्रकारको स्वर्ग-भोगसम्बन्धी विशिष्ट फल मिल्न सक्छ, त्यसबाट न भक्ति हुन्छ न मुक्ति । यसकारण हामीले एक कुरा विशेष रूपले ध्यानमा राख्नुपर्छ– कुनै पनि दर्शनशास्त्रको उच्चतम आदर्श परब्रह्मको उपासकलाई प्रतीककोपासनाद्वारा प्रतीकको स्तरभन्दा तल खिच्दछ र स्वयं प्रतीकलाई नै आफ्नो आत्मा – आफ्नो अन्तर्यामी सम्झन्छ भने त्यो सम्पूर्ण रूपले

लक्ष्यभ्रष्ट हुन्छ । किनभने प्रतीक वास्तवमा कहिल्यै उपासकको आत्मा हुन सक्तैन । परन्तु जहाँ स्वयं ब्रह्म नै उपास्य हुन्छ र प्रतीक उसको प्रतिनिधिस्वरूप अथवा उसको उद्दीपनको कारण मात्र बन्दछ, अर्थात् जहाँ प्रतीकको सहायताबाट सर्वव्यापी ब्रह्मको उपासना गरिन्छ र प्रतीकलाई प्रतीकको रूपमा मात्र नहेरेर उसलाई जगत्-कारण ब्रह्मको रूपमा चिन्तन गरिन्छ, त्यहाँ उपासना निश्चित रूपले सफल हुन्छ । यति मात्र होइन उपासकको मन जबतक उपासनाको प्रारम्भिक वा गौण अवस्थालाई पार गर्दैन, तबसम्म उसको लागि यो बिलकुल अनिवार्य नै हो । अतएव कुनै देवता वा अन्य कुनै पुरुषको उपासना त्यो देवता वा पुरुषको रूपमा नै गरिन्छ भने यस प्रकारको उपासना एक कर्म मात्र हुन आउँछ र त्यो एक विद्या हुनाले उपासक त्यो विशेष विद्याको फल प्राप्त गर्दछ । परन्तु कुनै देवता वा पुरुषको उपासना ब्रह्मरूप मानेर गरिन्छ भने उपासक-लाई त्यही फल प्राप्त हुन्छ जो प्रपन्न ईश्वरोपासनाबाट प्राप्त गर्दछ । यसकारण यो स्पष्ट छ– श्रुति र स्मृतिहरूका अनेक ठाउँमा कुन प्रकारले कुनै देवता, महापुरुष वा अन्य कुनै अलौकिक पुरुषलाई लिइएको छ र उनीहरूलाई उनीहरूको देवत्व आदि स्वभावबाट माथि उठाएर उनीहरूको ब्रह्मरूपबाट उपासना गरिएको छ ? अद्वैतवादी भन्दछन्– 'नाम-रूपलाई अलग गरेपछि के प्रत्येक वस्तु ब्रह्म हुँदैन र ?'

भगवान् शङ्कराचार्य **ब्रह्मसूत्रभाष्यमा** लेख्छन्– **फलमादित्याद्युपासनेषु ब्रह्मै-व दास्यति सर्वाध्यक्षत्वात्, ईदृशं चाऽत्र ब्रह्मण उपास्यत्वं, यतः प्रतीकेषु तद्दृष्टच-ध्यारोपणं प्रतिमादिष्विव विष्णवादीनाम्** (५–१–५)– 'आदित्यादिको उपासनाको फल ब्रह्म नै दिन्छन् किनभने ब्रह्म सबका नियन्ता हुन् । जुन प्रकारले प्रतिमामा विष्णु-दृष्टि आदि गर्नुपर्छ, त्यसै प्रकारले प्रतिमामा पनि ब्रह्मदृष्टि गर्नुपर्छ । त्यसकारण सम्झनुपर्छ– यहाँ वास्तवमा ब्रह्मको नै उपासना भइरहेको छ ।' प्रतीकसम्बन्धमा जो जति भनिएको छ, सब प्रतिमाको सम्बन्धमा पनि लागू हुन्छ । अर्थात् यदि प्रतिमा कुनै देवता वा कुनै महापुरुषको सूचक छ भने यस्तो उपासना भक्तिप्रसूत हुँदैन र त्यो हामीलाई मुक्ति दिन सक्दैन । तर यदि त्यो त्यस्तै एक परमेश्वरको सूचक छ भने त्यस उपासनाबाट भक्ति र मुक्ति दुवै प्राप्त हुन सक्छन् ।

संसारका मुख्य धर्ममध्ये वेदान्त, बौद्ध धर्म र इसाई धर्मका केही सम्प्रदाय कुनै आपत्ति नगरीकनै प्रतिमाहरूको उपयोग गर्छन् । केवल इस्लाम र प्रोटेस्टेन्ट यी दुई नै यस्ता धर्म हुन् जो यी मूर्ति वा प्रतीकको सहयोग आवश्यक मान्दैनन् । तर मुसलमान

प्रतिमाका स्थानमा आफ्ना पीर र शहीदहरूका चिहानलाई पुज्दछन् न । प्राटस्टेन्टहरू धर्ममा सबै प्रकारको वाह्य सहायतालाई त्यागेर बिस्तारै वर्षैपिच्छे आध्यात्मिकताबाट टाढा हुँदै छन् । यहाँसम्म कि आजकल अग्रगण्य प्रोटेस्टेन्ट र केवल नीतिवादी अगस्ट-काम्टेका शिष्य तथा अज्ञेयवादीहरूमा कुनै भेद देखिंदैन । फेरि इसाई र इस्लाम धर्ममा जे-जति-प्रतिमा-उपासना विद्यमान छ त्यो त्यसै श्रेणीको हो, जसमा प्रतीक वा प्रतिमाको उपासना केवल प्रतीक वा प्रतिमाको रूपबाट नै हुन्छ– ब्रह्मदृष्टिबाट होइन । यसकारण त्यो कर्मानुष्ठानसमान नै हो– उसबाट न भक्ति मिल्न सक्छ, न मुक्ति । यस प्रकारको प्रतिमापूजामा उपासक ईश्वरलाई छाडेर अन्य वस्तुहरूमा आत्मसमर्पण गरिदिन्छ, यसकारण प्रतिमा, चिहान, मन्दिर आदिलाई यस प्रकारले उपयोग गर्नुलाई नै साँचो मूर्तिपूजा भन्दछन् । तर त्यो न कुनै पापकर्म हो, न त कुनै अन्याय नै हो, बरु त्यो एक प्रकारको कर्म मात्र हो र उपासकलाई त्यसको फल पनि अवश्य मिल्छ ।

पहिले ईश्वरको अवतार र गुरुका विषयमा लेख्यौं । अब एकपटक फेरि त्यसै विषयलाई सम्झौं । जहाँ प्रभुको गुणगान हुन्छ, त्यो स्थान पवित्र हो भने जो मानिस प्रभुको गुणगान गर्छ त्यो कति पवित्र हुँदो हो । अतएव जसबाट हामी आध्यात्मिक शिक्षा पाउँछौं , उसको नजीक हामी कति भक्तिपूर्वक जानुपर्ला । यो सत्य हो– संसारमा यस्ता धर्मगुरुहरूको सङ्ख्या निकै कम छ, तर संसार कहिल्यै यस्ता महापुरुषहरूले शून्य होला भन्ने पनि होइन । उनीहरू यस मानव-जीवनरूप उद्यानका सुन्दरतम फूल हुन् र अहैतुक-दयासिन्धु पनि हुन् । यो संसार यस्ता आचार्यहरूले रहित हुनासाथ भयङ्कर नरककुण्ड बन्न पुग्दछ र विनाशतिर अत्यन्त तीव्र वेगका साथ बढ्न थाल्छ ।

साधारण गुरुहरूभन्दा श्रेष्ठ एक अर्को श्रेणीका पनि गुरु हुन्छन् । ती गुरुहरू यस संसारका ईश्वरावतार हुन् । उनीहरू केवल स्पर्शबाट, अझ इच्छामात्रले पनि आध्यात्मिकता प्रदान गर्न सक्तछन् । उनीहरूको इच्छामात्रले नै पतितभन्दा पतित व्यक्ति पनि छिनभरमा नै साधु हुन्छन् । उनीहरू गुरुका पनि गुरु हुन् र नरदेहधारी भगवान् हुन् । उनीहरूको माध्यमविना हामी अरू कुनै पनि उपायद्वारा भगवान्लाई प्राप्त गर्न सक्तैनौं र वास्तवमा उनीहरू नै एकमात्र यस्ता माध्यम हुन् जसको उपासना गर्नको लागि हामी बाध्य छौं ।

यी नरदेहधारी ईश्वरावतारहरूको माध्यमविना मानिस ईश्वरको दर्शन गर्न सक्तैन । जब हामी अन्य कुनै साधनद्वारा ईश्वर-दर्शनको प्रयत्न गर्छौं, हामी आफ्नो

मनमा ईश्वरको एक विचित्र खालको रूप बनाउँछौं र सोच्दछौं– हो, यही ईश्वरको सच्चा स्वरूप हो । एक समय एक अनाडी व्यक्तिसँग भगवान् शिवको मूर्ति बनाउन भनियो । कैयौं दिनको घोर परिश्रमपछि उसले एक मूर्ति त तयार पाऱ्यो तर त्यो मूर्ति ठीक बाँदरको जस्तो थियो । यसप्रकार जब हामी भगवान्लाई उहाँको असली रूपमा उहाँको निर्गुण परिपूर्ण स्वरूपमा सोच्न थाल्छौं त अनिवार्य रूपले त्यसमा नराम्रोसँग हामी असफल हुन्छौं, किनभने जबसम्म हामी मानिस हुन्छौं तबसम्म मानिसको उच्चतर रूपमा हामी त्यसको कल्पना नै गर्न सक्तैनौं । एक समय यस्तो आउनेछ– जब हामी आफ्नो मानवी प्रकृतिभन्दा पर पुग्नेछौं, तब हामी उहाँलाई उहाँकै असली रूपमा देख्न सक्नेछौं । जबसम्म हामी मनुष्य हुन्छौं, तबसम्म हामीहरूले उहाँको उपासना मानिसकै रूपमा गर्नुपर्छ । तिमी जतिसुकै लम्बा-चौडा कुरा किन नगर, जतिसुकै प्रयास किन नगर, तर तिमी भगवान्लाई मनुष्यकै रूपमा बाहेक अरू सोच्नै सक्तैनौ । तिमी ईश्वर र संसारका सारा वस्तुहरूबारे विद्वत्तापूर्ण लामा-लामा भाषण नै किन नदेऊ, निकै ठूलो युक्तिवादी नै किन नबन, र आफ्नो मनलाई जतिसुकै राम्रो किसिमले किन नसम्झाऊ, र ईश्वरावतारका यी सब कुरा अर्थहीन र व्यर्थ छन् भनी आफ्नो मनलाई राम्ररी नै किन नसम्झाऊ तर क्षणभरको लागि सहज बुद्धिले विचार चाहिं गर । यस-प्रकारको अद्भुत विचार–बुद्धिद्वारा के प्राप्त हुन्छ ? केही पनि प्राप्त हुँदैन, शून्य, केवल केही शब्दको थुप्रो । अब भविष्यमा कहिल्यै कुनै मानिसले अवतार-पूजाको विरोधमा बडो विद्वत्तापूर्ण भाषण दिइएको सुन्यौ भने तिमी उसकहाँ जाऊ र सोध उसको ईश्वर-सम्बन्धी धारणा के हो ? 'सर्वशक्तिमान्' र 'सर्वव्यापी' आदि शब्दहरूको उच्चारण गर्दा त्यो शब्दको ध्वनिको अतिरिक्त अरू के बुझ्छ ? तब थाहा पाउनेछौ – वास्तवमा ऊ केही पनि बुझ्दैन । त्यो त्यसको कुनै अर्थ लगाउन सक्तैन जो उसको आफ्नो मानवी प्रकृतिबाट प्रभावित छैन । यस कुरामा त उसमा र बाटो हिंड्ने एक अनपढ गँवार व्यक्तिमा कुनै अन्तर छैन । अझ अनपढ गँवार व्यक्ति केही बढी बेश छ । किनभने ऊ शान्त त रहन्छ, ऊ संसारको शान्ति भङ्ग गर्दैन, तर त्यो लामो-लामो भाषण दिने व्यक्ति मानिस जातिमा अशान्ति र दुःख पैदा गर्छ । धर्मको अर्थ हो प्रत्यक्ष अनुभूति अतएव यस अनुभूति र फोस्रा कुराको बीचमा जो विशेष भेद छ त्यसलाई हामीले राम्ररी बुझ्नुपर्छ । आत्माको गम्भीरतम प्रदेशमा हामी जे अनुभव गर्छौं, त्यही प्रत्यक्षानुभूति हो । यस सम्बन्धमा सहज बुद्धि जति दुर्लभ छ त्यति अरू कुनै वस्तु छैन ।

हामी आफ्नो वर्तमान प्रकृतिले गर्दा सीमित रहेर ईश्वरलाई मनुष्यरूपमा मात्र देख्न सक्छौं । मानौं, राँगाहरूलाई भगवान्को उपासना गर्ने इच्छा भयो भने

तिनीहरू आफ्नो स्वभावअनुसार भगवान्‌लाई एक ठूलो राँगाकै रूपमा देख्तछन् । माछाहरूले भगवान्‌को उपासना गर्न चाहे भने तिनीहरू पनि एक ठूलो माछाकै रूपमा नै भगवान्‌लाई सोच्ता होलान् । यसप्रकार मानिस पनि भगवान्‌लाई मानिसकै रूपमा देख्तछ । यी सब विभिन्न धारणाहरू केवल विकृत कल्पनाबाट उत्पन्न भएका हुन् भन्ने सोच्नु हुँदैन । मानिस, राँगा र माछा – यी सब भिन्न-भिन्न भाँडा हुन् । यी सब आ-आफ्नो आकार र जलधारण- शक्तिअनुसार आफू भरिन ईश्वररूपी समुद्रमा जान्छन् । पानी मानिसमा मानिसकै रूप लिन्छ, राँगामा राँगाकै र माछामा माछाकै रूप लिन्छ । प्रत्येक भाँडामा त्यही ईश्वररूपी समुद्रको जल छ । तब त मानिस ईश्वरलाई मानिसकै रूपमा देख्छ, यदि पशुमा ईश्वरसम्बन्धी कुनै ज्ञान छ भने प्रभुलाई उनीहरू आफ्नो धारणाअनुसार पशुको रूपमा नै देख्नेछन् । अतः हामी ईश्वरलाई मानिसरूपको अतिरिक्त अर्को कुनै रूपमा देख्न सक्तैनौं र यसर्थ हामीले मानिस रूपमा नै उहाँको उपासना गर्नुपर्छ । यसबाहेक अर्को कुनै बाटो छैन ।

दुई प्रकारका मनुष्य ईश्वरलाई मनुष्यरूपमा उपासना गर्दैनन् । एउटा नरपशु जसलाई धर्मको कुनै ज्ञान छैन, अनि अर्को परमहंस जो मानवजातिका सम्पूर्ण दुर्बलताभन्दा माथि उठेको छ, र आफ्नो मानवी प्रकृतिको सीमाबाट पनि पारि पुगि-सकेको छ । उसका लागि सम्पूर्ण प्रकृति आत्मस्वरूप भएको हुन्छ । तसर्थ उसले भगवान्-लाई वास्तविक रूपमा नै भज्न सक्तछ । अरू विषयको जस्तै यहाँ पनि दुई चरम भाव एकै देखा पर्छन् । अतिशय अज्ञानी र परमज्ञानी दुवै नै उपासना गर्दैनन्, नरपशु अज्ञान-वश उपासना गर्दैन, र जीवन्मुक्तले त आफ्नो आत्मामा नै परमात्माको प्रत्यक्ष अनुभव गरेको हुन्छ । यसकारण यी दुई थरीको बीचमा रहने कुनै मानिस यदि आएर 'म भगवान्-लाई मानिसका रूपमा भज्दिनँ' भन्यो भने उसमा विश्वास गर्नु हुँदैन । उसको सिद्धान्त अविकसित र खोक्रो बुद्धि भएकाहरूको लागि नै हो । भगवान् मानिसका कमजोरीहरू बुझ्नुहुन्छ र मानवताको कल्याणको लागि मानिसको रूप धारण गर्नुहुन्छ। यी अवतारी महापुरुषहरूको पछि सिद्ध गुरुहरूको स्तर रहन्छ, जो मन्त्रदीक्षाद्वारा शिष्यमा आध्या-त्मिक ज्ञानको बीजारोपण गर्दछन् । यस्ता मन्त्र के हुन् ? हिन्दू दर्शनअनुसार नाम र रूप नै यस जगत्‌को अभिव्यक्तिको कारण हो । मानवी अन्तर्जगत्‌मा एक पनि यस्तो चित्त-वृत्ति रहन सक्तैन जो नाम रूपात्मक नहोस् । यदि यो सत्य हो प्रकृति सर्वत्र एउटै नियम-बाट निर्मित छ भने फेरि नामरूपात्मकतालाई समस्त ब्रह्माण्डको नियम कहनुपर्ला– 'जस्तै माटाको एक पिण्डलाई जानेपछि सम्पूर्ण माटाका चीजहरूको ज्ञान भइहाल्छ'-

यथा सौम्यैकेन मृत्पिण्डेन सर्वं मृन्मयं विज्ञातं स्यात् इत्यादि (छान्दोग्योपनिषत् ६।१।४) । यसै प्रकारले यो देहपिण्ड जानेपछि सम्पूर्ण विश्व-ब्रह्माण्डको ज्ञान हुन्छ। मानौं, रूप वस्तुको बोक्रा हो र नाम वा भाव भित्रको गुदी। शरीर रूप हो र मन वा अन्तः-करण नाम हो र वाक्-शक्तियुक्त सम्पूर्ण प्राणीहरूमा यस नामसित उसको वाचक शब्दको अभेद-सम्बन्ध छ। मानिसभित्र व्यष्टिमहत् वा चित्तमा विचार-तरङ्ग पहिले शब्दका रूपमा उठ्छन् र फेरि पछि त्यसको अपेक्षा स्थूलतर रूप धारण गर्दछन्।

बृहत् ब्रह्माण्डमा पनि ब्रह्मा, हिरण्यगर्भ वा समष्टि-महत्ले पहिले आफ्नै नामको र फेरि पछि रूपको आकारमा अर्थात् यो परिदृश्यमान जगत्को आकारमा अभिव्यक्त गऱ्यो। यो सारा व्यक्त इन्द्रियग्राह्य जगद्रूप हो र यसको पछि छ अनन्त अभिव्यक्त स्फोट। स्फोटको अर्थ हो– समस्त जगत्को अभिव्यक्तिको कारण **शब्दब्रह्म**। समस्त नामहरू अर्थात् भावहरू नित्य समवायी उपादानस्वरूप यो नित्य स्फोट नै त्यो शक्ति हो जसबाट भगवान् यस विश्वको सृष्टि गर्नुहुन्छ, यति मात्र होइन, अपितु भगवान् स्वयं नै पहिले स्फोट रूपमा परिणत हुनुहुन्छ र त्यसपछि आफूलाई त्यसबाट पनि स्थूल, इन्द्रियग्राह्य जगत्को रूपमा परिणत गर्नुहुन्छ। यस स्फोटको एकमात्र वाचक शब्द हो ॐ, र कुनै पनि उपायले शब्दलाई भावबाट अलग गर्न नसकिने हुनाले यो ॐ पनि यस नित्य स्फोटसित नित्य संयुक्त छ। यसकारण समस्त विश्वको उत्पत्ति सबै नाम-रूपको जननीस्वरूप यस ॐकाररूप पवित्रतम शब्दद्वारा नै भएको मान्न सकिन्छ। यस सम्बन्धमा यो शङ्का उठ्न सक्छ– यद्यपि शब्द र भावमा नित्य सम्बन्ध हुन्छ, तथापि एकै भावना अनेक वाचक शब्द हुन सक्छन्, यसर्थ यो ॐ नामक शब्दविशेष नै समस्त जगत्को अभिव्यक्तिको कारणस्वरूप भावको वाचक हुनुपर्छ भन्ने केही छैन। यसको समाधान यो हुन्छ, एउटै ॐ नै यसप्रकार सर्वव्यापी वाचक शब्द हो, अरू कुनै पनि बराबर छैन। स्फोट नै सबै भावहरूको उपादान हो, अनि त्यो स्वयं पूर्ण रूपले विकसित शिष्ट भाव होइन। अर्थात् एक भावलाई अर्कोबाट अलग गर्ने यी सब भेदहरूलाई निकालि-दिंदा जे-जति बाँकी रहन्छ त्यही नै स्फोट हो। यसकारण स्फोटलाई **नादब्रह्म** भनिन्छ।

अब कुरा यो छ – यस अव्यक्त स्फोटलाई प्रकाशित गर्नको लागि यदि कुनै वाचक शब्दको उपयोग गरियो भने त्यस शब्दले स्फोटलाई यति विशिष्ट बनाइदिन्छ कि त्यसको स्फोटत्व नै बाँकी रहँदैन। यसकारण जो वाचक शब्द उसलाई सबभन्दा कम विशेष भावापन्न गर्छ र साथै उसको स्वरूपलाई यथासम्भव पूरा तवरले प्रकाशित

गर्छ, त्यही उसको सबभन्दा बढी सच्चा वाचक हुनेछ; र यो वाचक शब्द हो – एकमात्र ॐ,किनभने यी तीन अक्षर अ, उ र म्, जसको एकै चोटि उच्चारण गर्दा ॐ हुन्छ, समस्त शब्दहरूको साधारण वाचककै किसिमले लिन सकिन्छ। अक्षर अ सबै अक्षरहरूमा सबभन्दा कम विशेषाभावापन्न छ। यसकारण भगवान् कृष्णले **श्रीमद्भगवद्गीता**मा भन्नुभएको छ – **अक्षराणामकारोऽस्मि (१०।३३)** अर्थात् अक्षरहरूमा अकार हुँ – स्फोट रूपबाट उच्चारित जति पनि शब्द छन् उनीहरूको उच्चारण-क्रिया मुखमा जिब्रोको मूलबाट उच्चारण शुरू भएर ओठमा आएर टुङ्गिन्छ। अ जिह्वामूल अर्थात् कण्ठबाट उच्चारित हुन्छ म् ओठबाट उच्चारण हुने अन्तिम शब्द हो र उ त्यस शक्तिको सूचक हो जो जिब्रोको मूलबाट प्रारम्भ भएर मुखबाट गुड्दै आएर ओठमा टुङ्गिन्छ। यदि यस ॐ को उच्चारण ठीकसँग गरेमा यसबाट शब्दोच्चारणको सम्पूर्ण क्रिया सम्पन्न हुन्छ। अर्को कुनै पनि शब्दमा यो शक्ति छैन। यसकारण यो ॐ नै स्फोटको सबभन्दा उपयुक्त वाचक शब्द हो र यही स्फोट नै ॐ को वास्तवकि वाच्य हो, र वाचक वाच्यबाट कहिल्यै अलग्ग हुन सक्दैन। यसकारण ॐ र स्फोट अभिन्न हुन्। अनि स्फोट यस व्यक्त जगत्को सूक्ष्मतम अंश हुनाले ईश्वरको अत्यन्त निकटवर्ती छ, र यो ईश्वरीय ज्ञानको प्रथम अभिव्यक्ति पनि हो। यसकारण ॐ नै ईश्वरको वाचक छ, र जुन प्रकारले अपूर्ण जीवात्माहरू एकमात्र अखण्ड सच्चिदानन्द ब्रह्मको चिन्तन विशेष-विशेष भाव र विशेष-विशेष गुण-हरूले युक्त रूपमा नै गर्न सकिन्छ, उसै प्रकारले उसको देहरूप यस अखिल ब्रह्माण्डको चिन्तन पनि साधकको मनोभावअनुसार विभिन्न रूपमा गर्नुपर्छ।

उपासकको मनमा जब जुन प्रकारको तत्त्व प्रबल हुन्छन्, तब उसै प्रकारका भाव जाग्रत् हुन्छन्। अभिप्राय यो हो, एउटै ब्रह्म भिन्न-भिन्न रूपमा भिन्न-भिन्न गुणहरू-को प्रधानताले युक्त देखिन्छ र त्यही एउटै विश्व विभिन्न रूपमा प्रतिभासित हुनथाल्छ। जुन प्रकारले अल्पतम विशेष भावापन्न तथा सार्वभौमिक वाचक शब्द ॐ को सम्ब-न्धमा वाच्य र वाचक आपसमा अभेद्य रूपमा सम्बद्ध छन्, त्यसै गरी वाच्य र वाचकको यो अविच्छिन्न सम्बन्ध भगवान् र विश्वका विभिन्न खण्डभावमा नै लागू हुन्छ। यसकारण तीमध्ये प्रत्येकको एक विशिष्ट वाचक शब्द हुनु आवश्यक छ। यी वाचक शब्द ऋषिहरूका गम्भीरतम आध्यात्मिक अनुभूतिबाट उत्पन्न भएका हुन्। र ती भग-वान् तथा विश्वका जुन विशेष-विशेष खण्डभावहरूका वाचक छन्, ती विशेषभावहरू-लाई यथासम्भव प्रकाशित गर्दछन्। जुन प्रकारले ॐ अखण्ड ब्रह्मको वाचक छ, त्यसै

गरी अन्यान्य मन्त्र पनि त्यही परम-पुरुषका खण्ड-खण्डभावहरूका वाचक छन् यी सबै ईश्वरको ध्यान र प्रकृत ज्ञानको प्राप्तिमा सहायक छन् ।

वास्तवमा मन्त्रविज्ञान एक महान् रहस्य हो । शब्द नै ब्रह्म हो । जब सृष्टि आरम्भ भयो, तब केही पनि थिएन, पहिले गुण र शक्तिको विकास भयो । गुण र शक्तिलाई लिएर नै सप्तलोकको सृजन, पालन र लय हुन्छ । गुण अव्यक्त जीवजस्तै सबै वस्तुहरूमा विद्यमान रहन्छ, तर शक्तिको सहायताले त्यसको प्रकाश हुन्छ । परमाणु, तन्मात्रा र विन्दुलाई लिएर नै जगत् छ । परमाणुमै गुण निहित हुन्छ । फेरि अहङ्का-तत्त्वको आविर्भावले तन्मात्राद्वारा साकल्यमा जगत्को सृष्टि हुन्छ । विन्दु शब्दब्रह्मको अव्यक्त-निर्गुण एवं चिदंश बीज हो । फलस्वरूप विकास र विनाश नै नित्य सूक्ष्म शक्तिलाई बताउँछ । ब्रह्मा, विष्णु र महेश्वर आदि तथा सरस्वती, लक्ष्मी र काली –यिनै उनका सूक्ष्म शक्तिहरू हुन् । सबै गुण शक्तिसँग मिलेर स्थूल बनेका छन् ।

ब्रह्मा सृष्टिकर्ता र सरस्वती उनकी सृष्टिशक्ति हुन् । सरस्वती नादरूपिणी शब्दब्रह्म हुन् । सरस्वती उही शब्दब्रह्मको चिदंश बीज हो । यही हाम्रो मन्त्रवादको मूलात्मिका शक्ति हो । यही शब्द जुन कामको लागि एक साथ गुथिंदै योगबलशाली ऋषिगणको हृदयबाट उत्पन्न भएर पदार्थ-संग्रहमा शान्तिमान् भएथ्यो, उही मन्त्र-रूपमा ग्रथित भएर विद्यमान रहेको छ । यसकारण मन्त्र शब्द निःसन्देह अलौकिक शक्ति शाली र वीर्यशाली छ । योगयुक्त हृदयको अधिक स्फुरणबाट मन्त्रको प्रभाव प्रतिष्ठित र विकसित हुन्छ । सबै बीजमन्त्र शक्तिका व्यक्त सूक्ष्म बीज हुन् । जस्तै–**क्लीं** कृष्णको सूक्ष्म व्यक्त बीज हो । पिप्पलको बीजको उपमा हेर्नुहोस्– बीजको जुन बोक्रा, भूस र सार छ, उसमा यस्तो अर्को कुन चीज छ जसबाट यस्तो बडो वृक्षको सृष्टि हुन सकोस् । जब रासायनिक विश्लेषणबाट पनि उसमा केही निक्लन सक्तैन, तब उसलाई एक सातासम्म चिसो माटोमा रोप्नाले एक दिन अंकुर कहीँबाट फुटेर निस्कन्छ –बिस्तार-बिस्तार अज्ञात शक्तिको प्रभावले आकाशतर्फ उठ्तै जान्छ ? यो अत्यन्त सानो बीज-भित्र यति ठूलो पिप्पलको वृक्ष कारणरूपमा विद्यमान थियो । प्रकृतिको सहायताले यसै कारणवश वृक्षको उत्पत्ति भयो । यसप्रकार देव-देवीको बीजमन्त्रमा उनीहरूको सूक्ष्म शक्ति रहन्छ । त्यो मन्त्र सुन्दा त सामान्य वर्णमात्र छ, तर क्रियाद्वारा त्यसको शक्ति चैतन्य गराउन जुन देवताको जुन बीज छ, त्यो त्यस दैवी शक्तिको काम गर्नेछ । यसमा कुनै शङ्का छैन । फलस्वरूप मन्त्रमा सिद्धिलाभ गर्नु छ भने मन्त्र जुन अक्षरमा, जुन

भावमा, जुन छन्दमा गुँथिएको छ, त्यसलाई त्यसै भावमा उच्चारण गर्नुपर्छ, यस्तो गरेमा नै मन्त्रसाधनामा सिद्धिलाभ गर्न सकिन्छ । तन्त्रमा भनिएको छ–

मनोऽन्यत्र शिवोऽन्यत्र शक्तिरन्यत्र मारुतः ।
न सिध्यन्ति वरारोहे कल्पकोटिशतैरपि ॥

– कुलार्णवतन्त्र

मन्त्रजप गर्दा मन, परम शिव शक्ति एवं वायु अलग-अलग स्थानमा रहनाले अर्थात् यिनीहरूको एकसाथ संयोग नहुनाले सयौं कोटि कल्पमा पनि मन्त्रसिद्धि हुन सक्तैन । यी सबै कुरा राम्ररी नजानीकन धेरै मानिस भन्छन्–'मन्त्र जप्नाले फल मिल्दैन ।' तर फल त आफ्नै त्रुटिले गर्दा प्राप्त हुँदैन, यो कुरो कोही बुझ्दैन । तब त भनिएको छ–

मन्त्रार्थं मन्त्रचैतन्यं योनिमुद्रां न वेत्ति यः ।
शतकोटिजपेनाऽपि तस्य विद्या न सिध्यति ॥

– सरस्वतीतन्त्र

मन्त्रको अर्थ, मन्त्रको चैतन्य र योनिमुद्रा नजानीकन सय करोड जप गर्नाले पनि मन्त्रमा सिद्धिलाभ हुँदैन ।

अन्धकारगृहे यद्वन्न किञ्चित् प्रतिभासते ।
दीपनीरहितो मन्त्रस्तथैव परिकीर्तितः ॥

– सरस्वतीतन्त्र

प्रकाशशून्य अन्धकार घरमा जसरी केही देखा पर्दैन, त्यसै गरी ज्योतिहीन मन्त्रको जप गर्नाले कुनै फल पाइँदैन । अन्य तन्त्रमा यस्तो पनि बताइएको छ–

मणिपूरे सदाचिन्ता मन्त्राणां प्राणरूपकम् ।

अर्थात् ॐ मन्त्रका प्राणरूप मणिपूरचक्रमा सधैं चिन्तन गर्नुपर्छ । वास्तवमा मन्त्रको प्राण मणिपूरमा अवस्थित छ । त्यो बुझेर कर्म नगर्नाले मन्त्र कहिल्यै चैतन्य बन्दैन । प्राणहीन देह जस्तो अचैतन्य मन्त्रको जप गर्नाले कुनै फल पाइँदैन । तर मन्त्रको प्राण मणिपूरमा कसरी रहेको छ, यो त अनुभवी गुरुहरू नै जान्दछन्, व्यवसायी गुरु जान्दैनन् । यसकारण साधनाभिलाषी जापकगणलाई यदि मन्त्रजप गर्नु छ भने नियमित रूपले मन्त्रको चैतन्य जगाएर जप्नुपर्छ । पुरश्चरण नगर्नाले मन्त्रको

चैतन्य हुँदैन र मन्त्रको चैतन्य नहुनाले मन्त्रसिद्धि पनि हुँदैन। पुरश्चरण केवल मन्त्रको जप मात्र होइन बरु मन्त्र जुन भावले उच्चारण गर्दा स्वरमा कम्पन उत्पन्न हुन्छ, मन्त्र चैतन्य गर्न त्यही सिक्नुपर्छ। गाना सिक्नेहरूले राग-रागिनीको अभ्यास गर्दा जसरी स्थान विशेषबाट स्वर निकाल्नुपर्छ अर्थात् गला साध्नुपर्छ। मन्त्रको उच्चारण गर्दा पनि उसरी नै नाडी साध्नुपर्छ। त्यही नाडी-साधनालाई पुरश्चरण भन्दछन्। **गौतमीतन्त्र**मा भनिएको पनि छ–

मूलमन्त्रं प्राणबुद्ध्या सुषुम्णामूलदेशके ।
मन्त्रार्थं तस्य चैतन्यं जीवं ध्यात्वा पुनः पुनः ।।

अर्थात् मूल मन्त्रलाई सुषुम्णाको मूलदेशमा जीवरूप- (प्राणरूप)न्मा चिन्तन गरेर मन्त्रको अर्थ र मन्त्र-चैतन्यमा ध्यान गर्दै जप गर्नुपर्छ। वैज्ञानिक नियम-अनुसार इथरको भाइब्रेशन-(Vibration of the Ether)-बाट पनि मन्त्रचैतन्य हुन सक्छ।

द्विजहरू ठीक-ठीक प्रणवको उच्चारण गरेर पनि सिद्धिप्राप्त गर्न सक्छन् र मनोलय पनि गर्न सक्छन्। ठीक-ठीक उच्चारण त्यसलाई भन्दछन् जसमा जप्ने समयमा स्वरकम्पन होओस् र त्यसको अर्थको भावना पनि होओस् अनि उसमा मन स्थिर भावले लगाइयोस्। यसो गर्नु नै प्रणवको ठीक ठीक उच्चारण गर्नु हो। जस्तै **अ, उ, म्**– यी तीन अक्षरलाई लिएर **ॐ** शब्द बनेको छ। ब्रह्मा, विष्णु र शिवात्मक यी तीन अक्षर सत्त्व, रज र तम –यी तीन गुणका व्यक्त बीज हुन्। सङ्गीतविशेषज्ञहरूले **उदार, मुदारा** र **तारा** नामले स्वरका यी तीन आघात बनाएका छन्। ॐ यस शब्दको उच्चारण गर्दा जुन स्वरको झङ्कार उठ्छ, त्यसको बीचमा उपर्युक्त स्वरका यी तीन विभाग रहन्छन् एवं जीवको अवस्थानको स्थान स्वाधिष्ठान-(षड्दल कमल)-चक्रबाट नै पहिले स्वरको उत्पत्ति हुन्छ, त्यसपछि अनाहत पद्ममा प्रतिध्वनित भएर सहस्रार चक्रमा ध्वनित हुनेछ। यस अवस्थामा समभावद्वारा स्वरको उच्चारण गर्नुपर्छ। कराएर बोल्नाले मात्र यस्तो उच्चारण हुन्छ भन्ने होइन, मनै-मनले उच्चारण गर्नाले पनि ठीक यस्तो स्वरकम्पन साध्न सकिन्छ। सांसारिक काम गर्दा-गर्दै पनि यस्तो ध्यान र ज्ञानमा मग्न हुन सकिन्छ। सधैं प्रणवका अर्थको ध्यान र प्रणवको जप गर्नाले साधकको चित्त निर्मल बन्न जान्छ। त्यसवेला प्रत्यक्-चेतन, अर्थात् व्यष्टिशरीरको भित्र रहने आत्माको सम्बन्धमा यथार्थ ज्ञान उत्पन्न हुन्छ। ईश्वर र उपासनाको जो सङ्केत भाव अर्थात् ॐ

छ, त्यसको उच्चारणद्वारा ईश्वरको स्वरूप साधकको हृदयमा उत्पन्न हुन्छ । किन हुन्छ ? यो निकै जटिल र कठिन प्रश्न हो, तथापि यो सत्य हो - प्रणव-(ॐ)-को ईश्वरसँग अभेद-सम्बन्ध छ, वाच्य र वाचकको जस्तो सम्बन्ध छ । मन्त्रसिद्धिको लक्षण **तन्त्रसार**मा यसप्रकार लेखिएको छ–

हृदयग्रन्थिभेदश्च सर्वावयववर्धनम् ।
आनन्दाश्रूणि पुलको देहोवेशः कुलेश्वरि ।
गद्गदोक्तिश्च सहसा जायते नाऽत्र संशयः ।।

अर्थात्– जप गर्दा हृदयग्रन्थिभेद, सबै अङ्गमा वर्धिष्णुता अर्थात् वृद्धि, आनन्दले आँसु आउनु, रोमाञ्च, शरीर सनसनाउनु एवं गद्गद बोली अर्थात् बोल्ने वेलामा गला भरिनु आदि लक्षण प्रकट हुन्छन् । यी बाहेक पनि अनेक प्रकारका लक्षण प्रकट हुन्छन् । मनोरथ-सिद्धि नै मन्त्रसिद्धिको प्रधान लक्षण हो । देवदर्शन, देवताको स्वर सुन्नु, मन्त्रको झङ्कार, शब्द सुन्नु आदि र अरू पनि अनेक लक्षण मन्त्र सिद्ध भएपछि प्रकट हुन्छन् ।

पहिले पनि भनिएकै कुरा हो– शास्त्रमा कर्म, ज्ञान र उपासना –यी तीनकै विवेचना छ । यसकारण, सामान्य मानिस यी तीनलाई एकै अवस्थामा सम्झन्छन् । वास्तवमा यी तीनको समान अवस्था छैन । कर्म र उपासना एक कक्षाका हुन् र ज्ञान विशेष कक्षाको हो । कर्म र उपासना दुवै कर्मस्वरूप हुन् । **स्थूलताको विशेषता भएको क्रिया कर्म भनिन्छ र सूक्ष्म क्रिया उपासना भनिन्छ** । जुन कर्ममा ज्ञानको विशेषता छैन ती कर्म कर्मेन्द्रियका समान हुन्छन् । उपासनाद्वारा भिन्न-भिन्न प्रकारका ज्ञानका विशेषता हुन्छन् । यसकारण उपासना ज्ञानेन्द्रियको समान हुन्छ र आत्मज्ञान साक्षि-स्वरूप हुन्छ । उपासनाबाट कर्म र ज्ञान दुवैको सम्बन्ध हुन्छ । तर ज्ञान मायामा हुनाले गर्दा त्यो उपासना भनिन्छ । **कर्म अविद्या, उपासना विद्या** र **ज्ञान पराविद्या** अथवा **स्वरूप** भनिन्छ । अविद्या ज्ञानको घनताले युक्त छ । विद्या घनतारहित अज्ञान हो र पराविद्याचाहिं आत्मज्ञान हो, जो विद्या र अविद्याभन्दा पर छ । कर्म र उपासनामा क्रियाको आवश्यकता हुन्छ । ज्ञानमा क्रियाको आवश्यकता हुँदैन । **ज्ञानयुक्त कर्म फल उत्पन्न गर्छ र उपासना कर्मफललाई दिव्यतामा पुऱ्याउँछ** । उपासनासहित गरिएको कर्म बलिष्ठ हुन्छ । जब अन्तःकरणको शुद्धिको निम्ति उपासना गरिन्छ, तब अन्तःकरणको शुद्धि हुन्छ । फलको निम्ति गरिएको काम जब शास्त्रोक्त विधि र श्रद्धा-सहित हुन्छ, तब कर्मफलको अदृष्टलाई उत्पन्न गर्छ । शास्त्रविधिद्वारा शुद्धिको निम्ति

गरिएको कर्म मल-पाप-दोषलाई निवृत्त गर्छ । अन्तःकरण-शुद्धिको निम्ति गरिएको शास्त्रोक्त उपासना विक्षेप-चञ्चलतालाई दूर गर्छ र आत्मज्ञान-बोध र अज्ञानलाई दूर गर्छ । जसको अन्तःकरण मल र विक्षेप-दोषले रहित छ, उसको प्रवृत्ति ज्ञानमा राम्रोसँग हुन्छ र पहिलेको शुभ संस्कार पनि मद्दतको रूपमा छ भने ता त्यो उत्तम अधिकारी बन्छ । यस्ता उत्तम अधिकारीलाई सुन्नाले मात्र पनि ज्ञान प्राप्त भइहाल्छ र त्यो स्वरूपको दृढताले पूर्ण हुन्छ, असम्भावना र विपरीत भावना उसलाई सताउँदैनन् । मध्यम अधिकारीलाई श्रवण, मनन र निदिध्यासनद्वारा ज्ञान हुन्छ । परन्तु जसमा ज्ञानयोग्य शुद्धता र तीव्रता हुँदैन र जसको मन अत्यन्त चञ्चल छ । उसले उपासना गर्नुपर्छ । उपासना सीधा रीतिबाट ज्ञानप्राप्ति गराउन सक्तैन तापनि जो मलिनता र चञ्चलता बोध हुनमा प्रतिबन्धक हुन्छ, उसलाई निवृत्त गराउँछ । फलको निम्ति कर्म गर्नु जीवको अन्तःकरणरूपी वस्त्रलाई मैला बनाउनु हो र फलका निम्ति उपासना गर्नु जीवको अन्तःकरणरूपी वस्त्रमा भौतिक ऐश्वर्यको रङ्ग चढाउनु हो । अन्तःकरण-शुद्धिका निम्ति कर्म गर्नु जीवको वस्त्रलाई माटो हाल्नु हो । अन्तःकरण-शुद्धिका निम्ति उपासना गर्नु जीवको कपडा साफ गर्नु हो, जीव आफ्ना सब उपाधि-मलिनतालाई छाडेर आफ्नो स्वरूपको बोध गरोस् –यही ज्ञान हो, यसबाट आफ्नो आद्य स्वरूपमा प्राप्त हुन्छ ।

वेदान्तमा उपासना एउटै बताइएको छ; किनभने उपासनामा प्रकार र उपास्यका गुणहरूका भेद भए पनि विद्या एक नै छ । वेद विद्याको एकता देखाउँछ, वेदका सब शाखाहरूमा पनि विद्याको एकता छ । शब्दब्रह्मरूप शास्त्रमा कुशल र ज्ञान-विज्ञानमा तत्पर भएको बुद्धिमान् पुरुष शास्त्रको अभ्यास गरेर र **वेदका भिन्न-भिन्न शाखामा ज्ञान एकै प्रकारको छ** भन्ने जानेर सब शास्त्रहरूको त्याग गर्दछ र **सब शरीरमा एक नै आत्मा गूढरूप-(गुप्तरूप)-ले रहेको छ** भन्ने जानेर अन्तःकरणबाट सधैं आत्माको चिन्तन गर्दछ । जसमा उपास्यको अभेदरूपमा चिन्तन गरिन्छ, त्यो **अहंग्रह** उपासना हो । जस्तै शास्त्र र गुरुबाट **ब्रह्म म नै हुँ** यस्तो सुनेर ब्रह्म– जो उपास्य र उपासक (जीव) छ –यी दुईलाई तत्त्वरूपले एकै ठानेको चिन्तन **अहंग्रह उपासना** हो । यस उपासनामा उपास्य र उपासकको सत्ताको पृथक् भाव हुँदैन । यो उपासना मुख्य हो र ज्ञानसँग सम्बद्ध छ । दोस्रो उपासना तटस्थ भनिन्छ । त्यस उपासनामा एक पदार्थ वस्तुलाई शास्त्रविधिअनुसार अन्य प्रकारको चिन्तन गरिन्छ । जस्तै शालिग्राममा विष्णुको ध्यान गर्नु सगुण हो, र ॐ मा ब्रह्मको चिन्तन गर्नु निर्गुण हो । जस्तै **ॐ अकार,**

उकार, मकार र **अमात्र** रूपले ब्रह्म हो । अथवा एक-एक मात्रालाई माथिका मात्रामा लय गराउँदै अमात्रमा सबैलाई लय गराएर परब्रह्म स्वरूपलाई सम्झनु–**तटस्थ उपासना** हो । यसलाई **प्रत्यक् उपासना** पनि भन्दछन् –जब ॐ कारको उपासक आफूलाई सामिल गर्दै – आफूलाई छुट्टै नसम्झेर उपासना गर्छ, तब त्यो उपासना पनि अहंग्रह-समान हुन जान्छ । उपनिषत्मा उद्गीथ आदि कर्महरूमा शरीरका अङ्गहरूको अवलम्बन गरेर जो उपासना गरिन्छ, त्यो अङ्गाश्रित अथवा अङ्गावबद्ध हुन्छ । अङ्गाश्रित उपासनामा कर्मको विशेषता रहन्छ, तटस्थ उपासनामा उपासनाको र अहंग्रहको ज्ञानको विशेषता हुन्छ । सगुण उपासना-(विद्या)-ले देवयानमार्गमा लैजान्छ, ज्ञानसहित निर्गुण ब्रह्मका उपासकलाई जीवन्मुक्तिको प्राप्ति हुन्छ, अहंग्रह-उपासनाको फल साक्षात्कार हो । तटस्थ उपासनाको फल अदृष्टलाई उत्पन्न गराउनु हो । यसप्रकार तटस्थ र अहंग्रह उपासनामा अन्तर छ ।

उपासनालाई ध्यान पनि भन्दछन् । ध्यान भनेको ज्ञान होइन । यी दुईमा ठूलो अन्तर छ । ध्यान शास्त्रविधि र पुरुषको इच्छाको अधीनमा छ र ज्ञान प्रमाण र प्रमेयको अधीनमा छ । मतलब ध्यान शास्त्रमा बताइएको विधिअनुसार पुरुष आफ्नो इच्छामुताबिक गर्छ, त्यसमा श्रद्धा र हठको आवश्यकता छ, परन्तु ज्ञानमा प्रमाण र वस्तु आवश्यक छ । ज्ञान वस्तुको अधीनमा छ, पुरुषको इच्छाको अधीनमा होइन । ध्यान अन्यको अन्य प्रकारले पनि हुन्छ, र ज्ञान त वस्तुको नै हुन्छ । ध्यान अप्रत्यक्ष र ज्ञान प्रत्यक्ष छ(यसकारण वस्तुरूप छ) र ध्यान ध्यान गर्ने व्यक्तिको बुद्धिअनुसार हुन्छ ।

सामान्य रूपबाट ध्यान तीन प्रकारका छन् । निर्गुण, सगुण र साकार । माया र मायाका गुणले रहित ब्रह्मको ध्यान निर्गुण ध्यान हो । मायाका गुणले युक्त ईश्वरको ध्यान सगुण ध्यान हो र उही ईश्वर, आफ्नो इष्टको ध्यान, जुन आकृति र गुणसहित हुन्छ– त्यो साकार ध्यान हो । कसै-कसैलाई उपनिषत् आदि सुनेर पनि बुद्धिको मन्दता अथवा अरू कुनै प्रतिबन्धले गर्दा महावाक्यको अर्थबाट पनि अपरोक्ष ज्ञान हुँदैन । यस्ता मन्द अधिकारीहरूको निम्ति उपासना ध्यान गर्न योग्य छ (सम्झना राख्नुपर्छ– साधकहरूमा प्रायः ५ प्रतिशत उत्तम अधिकारी पाइन्छन्, बाँकी मन्द अधिकारी उपासनाको निम्ति योग्य हुन्छन्, तर आश्चर्य यो छ– प्रायः ९५ प्रतिशत व्यक्ति भ्रमले आफूलाई उत्तम अधिकारी ठान्दछन् र उपासनामा प्रवृत्त हुनमा आफ्नो मानहानि सम्झन थाल्छन्) । नदीको निरन्तर प्रवाह समान उपास्य आफ्नो इष्टदेवमा चित्त-वृत्ति

एकाकार प्रवाहरूप हुनु नै ध्यान भनिन्छ । कुनै पनि प्रकारको ध्यान किन नहोओस् जो प्रवाहरूप छैन, त्यो ध्यान होइन । जो पुरुष अन्तर्मुख विचार गर्नमा असमर्थ छ, उसले चित्तलाई एकाग्र गर्नुपर्छ । चित्तको एकाग्रता ध्यानको अभ्यासबाट हुन्छ । शास्त्र र गुरुमुखबाट सुनेको ध्यान गर्नुपर्छ, ध्यान गरिने पदार्थ जो ध्येय छ त्यो नै इष्ट हुनुपर्छ । किनभने इष्टको नै ध्यान सम्भव छ । ध्यानमा पूर्ण श्रद्धा आवश्यक छ । परिश्रम श्रद्धारहित भएमा पनि ध्यान गर्न सकिंदैन । श्रद्धाको विशेष आवश्यकता यसकारण छ– उपास्य देव प्रत्यक्ष छैनन् । उनको स्वरूप शास्त्र अथवा गुरुद्वारा जान्न सकिन्छ । त्यसमा श्रद्धा भएन भने ध्यान कसरी होला ? श्रद्धा र प्रेमद्वारा नै ध्यान हुन्छ । एकवृत्तिद्वारा उपास्यको चिन्तन गर्नुपर्छ, संसारको मिथ्या प्रपञ्च– ऐश्वर्यको विकार वृत्तिमा नआओस्, तब ध्यान हुन्छ । ध्यानमा केवल ध्याता, ध्यान र ध्येयको त्रिपुटी रहन्छ । यदि यसभन्दा बढी रहे ध्यान भयो भन्ने नठाने हुन्छ । ध्याता ध्यान गर्ने, शरीरको भानरहित वृत्ति ध्यान र ध्येय उपास्यदेव हुन् । उपास्यदेवको साक्षात्कार उपासनाको अवधि हो । त्रिपुटी मेटिएर एकस्वरूप हुनुको नाम साक्षात्कार हो (ब्रह्मतत्त्वका उपासकलाई वेदान्तशास्त्रको श्रवणद्वारा ब्रह्मको परोक्ष ज्ञान जो हुन्छ) । जबतक ब्रह्मको अपरोक्ष ज्ञान हुन्छ, तबतक उपासना–ध्यान गर्नु योग्य छ ।

परमात्मा व्यापक चैतन्य हुनाले सबमा अनुस्यूत–ओतप्रोत छन् । सब पदार्थ ब्रह्ममा अध्यस्त हुनाले संसाररूपी मोहजालमा डुबेको मनलाई वशमा राख्न नसक्ने मन्द अधिकारी जन-समुदाय-(जसको सङ्ख्या संसारमा ९० प्रतिशतभन्दा पनि बढी छ)-को हितको लागि प्रतिमा पूजन–क्रमको विधान शास्त्रहरूमा गरिएको छ । शिला, धातु, काठ आदिका प्रतिमा बनाइन्छन् । शास्त्रोक्त विधिद्वारा, जसको प्राण-प्रतिष्ठा गरिएको छ, त्यसमा देवताको निवास हुन्छ र पछि त्यो देवरूप मानिन्छ । परमात्मा इन्द्रियादिका विषय नहुनाले त्यसलाई परोक्षताको अनुभव गराउन प्रतिमा-पूजनको विधान देखाइएको छ । किनभने यस्तो विधानविना मानिसहरूलाई मूर्तिमा ईश्वरको भाव हुन सक्तैन र प्रतिमामा श्रद्धा उत्पन्न हुन पनि सक्तैन । दृढ श्रद्धाविना व्यापक परमात्माको यथार्थ ज्ञान हुन सक्दैन । मन्द अधिकारी सूक्ष्म बुद्धि भएका हुँदैनन्, यसकारण उनीहरूको निमित्त स्थूल अवलम्बनको आवश्यकता रहन्छ । यसप्रकार साकार, सगुण या निर्गुणको उपासना आफ्नो बुद्धिअनुसार अवश्य गर्नुपर्छ । उपासना-

द्वारा उपास्यको प्राप्ति अवश्य हुन्छ। शुद्धिको निम्ति पूर्ण श्रद्धा र एकाग्रतासाथ उपासना गरेमा अन्तःकरणको शुद्धि अवश्य हुन्छ। उपासक शास्त्रगुरुबाट सुनेको वा प्रतिमामा देखेको इष्टस्वरूपलाई जब आफ्नो अन्तरमा धारणा गर्छ, उसमा नै आफ्नो चित्तको प्रवाहलाई जोड्छ। तब उसलाई पनि इष्टको प्राप्ति हुन्छ। यहाँ 'मनमा कल्पित मूर्ति अथवा स्मृतिको मूर्तिमा चित्त लगाउनाले ध्येय वस्तुसँग कसरी मेल हुन सक्छ ?' भन्ने शङ्का गर्नु हुँदैन। यसको उत्तर यो हो– स्मृतिको संस्कारसँग मेल हुँदा-हुँदै पनि भाव ध्येय वस्तुको हो चित्तको होइन, यसकारण प्राप्ति ध्येय वस्तुको हुन्छ।

नवीन अभ्यासीहरूलाई ध्यानको विधि आदिको ज्ञान हुनु जरूरी छ। ध्यान गर्नेले सोच्नुपर्छ– जब ऊ ध्यान गर्न बस्छ उसको चित्त सम्प्रसन्न होओस्, कुनै प्रकारको रजोगुण र तमोगुणको विशेषताले युक्त नहोओस्। स्थान एकान्त र पवित्र होओस्। ध्यानमा बस्नुभन्दा पहिले कुनै विशेष कायिक, वाचिक र मानसिक कठिन परिश्रम गरेको नहोओस्। भोजन गरेपछि तुरुन्त ध्यानमा नबसोस्। यस्तै ध्यानबाट हटेर तुरुन्तै खानपान पनि नगरोस्। भोजन गरेर तुरुन्तै ध्यान गर्दा ध्यान हुँदैन, आलस्य आउँछ। यसै प्रकार जब विशेष भोक लागेको छ त्यस वेला पनि ध्यान गर्नु हुँदैन, किनभने भोकमा चञ्चलता बढ्छ र ध्यान हुन सक्तैन। सामान्य (विशेष होइन) भोजनको कम-से-कम दुई घण्टापछि मात्र ध्यान गर्नुपर्छ र ध्यानबाट उठेपछि जबतक शरीर र मन पूर्ण स्वस्थ हुँदैनन्, तबतक खानपान गर्नु हुँदैन। त्यस्तै एक घण्टाजतिमै प्रकृति स्वच्छ हुन्छ। ध्यान-पछि सब नाडीहरूमा मुख खुला रहेका हुन्छन्। त्यस वेला अन्न-जल खाने हो भने यथार्थ-रूपमा आफ्नो स्थानमा पुग्दैनन् र शरीरमा विकृति पैदा गर्छन्। ध्यानबाट मुक्त हुनासाथ हात-गोडालाई आफ्नो स्थानबाट हटाउनु हुँदैन र एकदम उठेर खडा हुनु पनि हुँदैन। किनभने जब ठीक-ठीक ध्यान हुन्छ तब शरीरका धेरै ठाउँमा घुम्ने प्राणको गति मन्द हुन पुग्छ। यस्तो स्थितिमा शारीरिक क्रिया गर्नाले हानि हुने सम्भावना रहन्छ, हात-गोडामा पीडा हुन थाल्छ अथवा अरू कुनै रोग लाग्ने डर हुन्छ। ध्यान प्रत्येक दिन निश्चित समयमा गर्नुपर्छ। जुन समय जसलाई अनुकूल हुन्छ, त्यो समय निश्चित गर्नुपर्छ। ब्राह्म मुहुर्तको समय उत्तम हुन्छ। आज आठ बजे, भोलि १० बजे गरेर समय बदल्नु उचित हुँदैन। **निश्चित समयमा ध्यान गर्नाले राम्रो ध्यान लाग्छ। समय आउनेबित्तिकै ध्यान आफै हुन थाल्छ।**

ध्यानमा बस्ने स्थान एकान्त हुनु जरूरी छ। ज्यादै हल्ला हुने ठाउँ

उचित हुँदैन । स्थान पवित्र तथा गोबरले लिपपोत गरिएको हुनुपर्छ । लामखुट्टे, झिङ्गा आदि नहोऊन् । वायु र उज्यालो सामान्य हुनुपर्छ । विशेष हावा चल्ने ठाउँ ठीक हुँदैन । दुर्गन्धयुक्त ठाउँ पनि उपयुक्त हुँदैन । सब प्रकारको समानता हुनाले जब इन्द्रियहरू आफ्नो स्थानबाट हटेर तुरुन्त मनसँग संयुक्त हुन्छन् , तब ध्यान गर्नमा मद्दत मिल्छ । ध्यान गर्ने ठाउँ सधैं एउटै हुनुपर्छ ।

ध्यान बसेर गर्नुपर्छ । सुती-सुती ध्यान गर्न हुँदैन । सुतेर ध्यान गर्दा निद्रा, आलस्य, तन्द्रा आदि सताउँछन् । ध्यान गर्ने ठाउँमा तल नरम आसन बिछ्याउनु-पर्छ । कम्बल आदि नरम आसन तल नभए गोडामा पीडा हुन थाल्छ । हुन सक्छ भने सर्वप्रथम कुशको आसन, त्यसमाथि मृगको छाला र त्यसमाथि रेशमी कपडा बिछ्याउनु-पर्छ । पूर्व वा उत्तरतर्फ फर्केर ध्यानमा बस्नुपर्छ । ध्यानमा बस्नको लागि **सिद्धासन, स्वस्तिकासन** या **पद्मासन** ठीक हुन्छ । आसन कुनै पनि होओस्, परन्तु शरीर समान रहोस् – यसप्रकार बस्नुपर्छ । दाहिने र बायाँ गोडाको र शरीरका अङ्गहरूको भार पृथ्वीमा समान पर्नुपर्छ । मोडिएका दुई गोडा भूमिमा समान रूपले टिक्नुपर्छ । कम्मर सीधा रहनुपर्छ । कम्मर अगाडि वा पछाडि झुकाउनु हुँदैन । कम्मर झुक्यो भने आलस्य वा निद्रा आउनेछ । यी दुवै ध्यानको लागि विघ्न हुन् । मेरुदण्ड (डँडाल्नु) सीधा राख्नुपर्छ । गर्दन, छाती र कम्मर सीधा राख्नुपर्छ । गर्दन अगाडिपट्टि झुक्यो भने निद्रा आउँछ, सपना हुन थाल्छ, गर्दन पछाडिपट्टि ढल्क्यो भने जडता प्राप्त हुन्छ, ध्यान हुँदैन । ध्यान गर्दा आँखामा बल पार्नु हुँदैन, न शरीरका अरू कुनै अङ्गमा नै जोड या दबाव पार्नु हुन्छ । आँखामा बल परे पीडा हुन थाल्छ, शरीरको भान नहटे वृत्ति अन्तर्मुख हुँदैन । फलतः ध्यान सफल हुँदैन । शरीरको कुनै अङ्गमा बल परे चित्तवृत्ति त्यतैतर्फ लागिरहने हुन्छन् न कि ध्यानमा । फलतः ध्यान सफल हुँदैन । भृकुटीको मध्यमा विशेष जोड दिनाले कपाल (टाउको) दुख्न थाल्छ ।

नासाग्र, भृकुटीमध्य, हृदय, कण्ठ आदि स्थानमा ध्यान गर्दा पनि स्थान-मात्रलाई ग्रहण गर्नुपर्छ । शरीरका अङ्गहरूमा विशेष जोड नपरोस् भन्नेतिर अवश्य ध्यान राख्नुपर्छ ।

ध्यान गर्दा कसरी बस्नुपर्छ, यस विचारपछि ध्यानमा मनलाई कहाँ राख्ने, कुन किसिमले कसको ध्यान गर्ने, यसको अगाडि विचार गरिनेछ । ध्यानबाट निवृत्त भएर पनि केही समय त्यसै आसनमा बसिरहनुपर्छ , मनलाई ध्यानबाट हटाएर शरीरका

सब अङ्गहरूमा क्रमैसँग प्रवेश गराउनुपर्दछ । मस्तकतिरको ध्यान भए मस्तकबाट मनलाई हटाएर घाँटीमा ल्याउनुपर्छ । त्यहाँबाट छाती र हाततर्फ, अनि पेटतर्फ र कम्मरतर्फ, अनि जाँघ, घुँडा र पाउतर्फ लैजानुपर्छ । ध्यान गर्नाले जुन प्राण शरीरमा मन्द हुन्छ अथवा रोकिन्छ त्यो त्यस वेला विशेष गरेर मनकै साथ रहेको हुन्छ । यस किसिमले सबै अङ्गहरूको चिन्तन गर्नाले ५।१० मिनेट वा आधा घण्टामा शरीर जुन अवस्थामा ध्यान गर्नुभन्दा पहिले थियो, त्यस अवस्थामा आउँछ । बिस्तार-बिस्तार हातगोडालाई हटाउँदै स्वस्थ भएर शरीरका अन्य क्रियाहरूमा प्रवृत्त हुनु उपयुक्त हुन्छ ।

उपासना शब्द उप (समीपे) सामुन्ने र आसन (स्थिति) बस्नु यी दुई पद मिलेर बनेको छ । नजीक बस्नु उपासना हो । आफ्नो इष्टको नजीक रहनु अथवा मानसिक भावबाट आफ्नो इष्टको नजीक रहनु उपासना हो । इष्ट अप्रत्यक्ष छ र आफ्नो समान स्थूल शरीरवाला पनि छैन । स्थूल शरीरवाला स्थूल शरीरवालाका साथ बस्न सक्छ । इष्ट स्थूल हुँदैन, उसको नजीक बस्न सक्तैन । यसकारण मानसिक शरीरद्वारा उपासना हुन्छ । यद्यपि जस्तो हाम्रो मानसिक सूक्ष्म शरीर छ, त्यस्तो शरीर इष्टको छैन, तैपनि सूक्ष्मताले गर्दा हाम्रो र इष्टको केही एकता छ ।

सद्गुरुको उपासना स्थूल र मानसिक दुवै प्रकारबाट हुन्छ र स्थूल-मानसिक संयुक्त पनि हुन्छ सद्गुरुको नजीक रहेर उनकै भावले युक्त बन्नु स्थूल मानसिक संयुक्त उपासना हो । सद्गुरुको स्थूल शरीरको नजीक रहनु स्थूल उपासना हो र मनले गुरुको भावको धारण गर्नु अथवा गुरुको शरीर अप्रत्यक्ष होओस् या दूर देशमा होओस् मन लगाएर भाव गुरुतर्फ जो राखिन्छ त्यही मानसिक उपासना भनिन्छ । यस्तो भए तापनि उपासना मानसिक नै हुन्छ । आफ्नो-आफ्नो प्रकृतिअनुसार प्रत्येकको इष्ट भिन्न-भिन्न हुन्छ । कस्तो प्रकृति भएकाको को इष्ट हुन्छ, यसको पनि एक सामान्य नियम छ । शास्त्रमा मुख्य गरेर सगुण उपासनाका पाँच देवताहरू, अर्थात् गणेश, सूर्य, शक्ति, शिव र विष्णु छन् । यी ईश्वरका खास मूर्तिहरू हुन् । ईश्वर एक भए पनि उनीहरूका पाँच मूर्ति बनाउने किन गरिएको छ ? यसको कारण यो हो– पृथ्वी, जल, तेज, वायु र आकाश –यी पाँच तत्त्वबाट मानवदेह तयार भएको छ । यसबाट जुन मानिसभित्र जो तत्त्व प्रबल या प्रधान हुन्छ त्यसअनुसार उसलाई पाँचमध्ये एक मूर्तिमा विशेष रुचि हुन्छ र त्यो प्रायः त्यसैको उपासना गर्दछ । **कपिलतन्त्र**मा लेखिएको छ–

आकाशस्याऽधिपो विष्णुरग्नेश्चैव महेश्वरी ।
वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः ।।

अर्थात्– **आकाशतत्त्व**का साथ **विष्णु**को, अग्नि अर्थात् **तेजस्तत्त्व**का साथ **महाशक्ति–(देवी)**–को, **वायुतत्त्व**का साथ **सूर्य**को, **पृथ्वीतत्त्व**का साथ **शिव**को र **जल-तत्त्व**का साथ **गणेश**को सम्बन्ध छ । यसकारण जसको शरीरमा आकाशतत्त्व प्रधान छ, त्यसको रुचि स्वभावतः विष्णुपूजामा हुन्छ । जसका शरीरमा तेजस्तत्त्व प्रधान छ, उसको रुचि शक्तिको उपासनामा हुन्छ । जसको शरीरमा वायुतत्त्वको प्रधानता हुन्छ, त्यसको रुचि सूर्योपासनामा हुन्छ । जसको शरीरमा पृथ्वीतत्त्वको प्रधानता हुन्छ उसको रुचि शिवपूजामा हुन्छ । त्यस्तै जसको शरीरमा जलतत्त्वको प्रधानता हुन्छ त्यसको रुचि गणेश उपासनामा लाग्छ । यसकारण जसको रुचि जुन देवतामा हुन्छ त्यसको त्यही इष्टदेवता हो । उसले त्यसैको उपासना गर्नुपर्छ । यसकारण एकै ईश्वरको पाँच रूपबाट उपासना गर्नाको कारण प्रकृतिभेद नै हो । यो रहस्य जान्ने पुरुष शिवभन्दा विष्णु ठूला, विष्णुभन्दा शिव ठूला' भन्ने मूर्खतापूर्ण विवादमा फँस्दैन र साम्प्रदायिक भ्रान्तिमूलक पारस्परिक रागद्वेषमा अल्झँदैन ।

मूर्तिको बारेमा कति मान्छे यस्तो शङ्का पनि गर्छन्– प्राणप्रतिष्ठाद्वारा यदि मूर्तिमा प्राण अथवा चैतन्य प्राप्त हुन्छ भने मृत शरीरमा प्राणप्रतिष्ठाद्वारा प्राण किन आउँदैन ? अर्को शङ्का यो सुनिन्छ – कुनै मूर्ति (अत्याचार हुनाले प्राणप्रतिष्ठा भएर प्राण पाएको मूर्ति) आफ्नो रक्षा आफै किन गर्न सक्तैन ? पहिलो शङ्काको उत्तर यो छ– पूर्वाजित कर्मद्वारा जुन शरीरमा जति दिनसम्म रहनुपर्छ त्यसभन्दा बढी समय प्राण त्यस शरीरमा रहन सक्तैन । आयु सकिएपछि मृत शरीर जीवित बन्न सक्तैन । तर यस विषयमा यस्तो पनि सुनिन्छ– असाधारण तपोबल, योगबल र अन्य उपायद्वारा यो (मृतक पुनर्जीवित हुने) नियम पनि कहिलेकाहीं भङ्ग हुन जान्छ, जस्तै– सती सावित्रीले तपोबलद्वारा आफ्ना मृत पतिलाई पुनर्जीवित गराइन् । भगवान् शङ्कराचार्यले आफ्नो प्राणलाई नै मृत राजाको शरीरमा प्रवेश गराएर कैयौं दिनसम्म ती राजालाई जीवित राखे । यस्ता अनेक चमत्कार देखिन्छन् । यसकारण मूर्तिको विषयमा यस्ता अनावश्यक शङ्का गर्नु हुँदैन । अर्को शङ्का 'मूर्ति आत्मरक्षा आफै किन गर्न सक्तैन ?' यसको समाधान यो छ– मूर्तिमा जो शक्ति प्राणप्रतिष्ठाद्वारा स्थापित गरिन्छ त्यो शक्ति आफूउपर अत्याचार गर्नेलाई दमन गर्नका निम्ति (रावणको लागि राम जस्तो) होइन । त्यो शक्ति प्रसुप्त (passive) छ, सक्रिय (Active)

होइन । अर्थात् केवल साधकको भावअनुसार नै यो शक्ति मूर्तिमा एकत्रित हुन्छ । यसमा आफै काम गर्ने प्रारब्धको कुनै संस्कार हुँदैन । यो शक्ति केवल भक्तको प्रार्थनाअनुसार नै फल दिन सक्ने हुन्छ, आफै केही दिन वा गर्न समर्थ हुँदैन । यो प्रसुप्त (**passive**) शक्ति हो । जस्तो आगोमा भोजन तयार पार्ने शक्ति त छ, तर स्वयम् अग्नि भोजन तयार पार्न सक्तैन । भोजन तयार पार्नको लागि त सबै सामान तयार पारेर अग्निलाई त्यसमा प्रयोग गर्नाले नै भोजन बन्न सक्छ । अथवा एउटा फलामको तातेको गोलामा रहेको अग्निलाई लोहार (फलामको काम गर्ने) घनले पिट्छ, अग्नि लोहारलाई बदला लिने भावनाले आक्रमण गर्दैन, ठोकिंदा-ठोकिदै आकाशमा विलीन हुन्छ । यस्तै मूर्तिमा पनि जो प्रसुप्त (**passive**) शक्ति रहन्छ, त्यो भक्तको भावनाअनुसार नै फल दिन सक्छ । यदि कुनै अत्याचारीले मूर्तिलाई फोड्न थाले, ठीकन्ठीक रूपले पूजा नभए, अस्पृश्य स्पर्श भए, अथवा मन्दिरभित्र कुनै पापाचार भए मूर्तिमा रहेको दैवी शक्ति त्यस मूर्तिलाई छाडेर स्वस्वरूप अर्थात् परमात्मामा मिल्न जान्छ । त्यस्तै अत्याचारीलाई पनि शास्त्रविधिअनुसार पापाचरणको फल दुःख, दारिद्रय नरकादि मिल्छ नै ।

सारांश यो हो– सगुण साकार देवको उपासना गर्नेहरूका इष्टदेवका स्वरूप भिन्न-भिन्न हुन्छन् । जस्तै कुनै विष्णुको उपासक छ, कुनै राम-कृष्ण आदिको, कुनै शिवको, कुनै भगवतीको, कुनै कालिकाको, कुनै भैरवको र कुनै हनुमान्को उपासक छ ।

विशेष गरेर इष्टदेव सत्त्वगुणको विशेषतावाला हुन्छ । परन्तु कालभैरव आदिलाई उग्र सम्झेर उपासना गरिन्छ । उनका उपासक पनि उग्र र तमोगुणकै विशेषता भएका हुन्छन् । उनीहरूको उपासना परम पद अर्थात् ज्ञानमा सहायक हुँदैन । इष्टदेव र उपासक दुवै सात्त्विक छन् भने उपासनाको उत्तम फल हुन्छ, अर्थात् उपासक ज्ञानमार्गमा चल्न योग्य बन्दछ ।

अब ध्यान कसरी गर्ने ? –यसबारे विचार गरौं । यदि कसैलाई सर्वप्रथम नै मानसिक ध्यान गर्ने योग्यता छ भने ऊ गर्न सक्छ, परन्तु शुरूमा स्थूल मूर्ति वा चित्रको ध्यान केही महीनासम्म गरेपछि मात्र मानसिक ध्यान गर्ने योग्यता हुन्छ, पहिले नै होइन । ध्यान गर्ने साधकले लौकिक धर्म वा देखावटी धर्मको सम्बन्धमा विशेष प्रवृत्ति र प्रेम नराखोस् । आफ्नो कल्याणको निम्ति मोक्षधर्ममा प्रीति राखोस् । शुद्ध र नियमित भोजन गर्ने होओस् । जहाँ कुनै प्रकारको होहल्ला हुँदैन, त्यहाँ ध्यान गरोस् ।

साँचो बोलोस्, हिंसा नगरोस्, धार्मिक शास्त्रहरूको अध्ययन गरोस् र भगवान्मा भक्ति भएको होओस्, ध्यानको लागि भगवान् विष्णुको एक सुन्दर छायाचित्र लेखोस्, उसलाई आफ्नो ध्यान गर्ने स्थानमा यति उचाइमा झुन्ड्याओस् कि ध्यान गर्ने वेलामा त्यो चित्र शरीर सीधा राखेर बस्ता ठीक आँखाको अगाडि अर्थात् समानान्तर रहोस्, जसले गर्दा ध्यान गर्ने वेलामा गर्दन झुकाएर वा उठाएर हेर्नु नपरोस् । यसकारण त्यस मूर्तिबाट लगभग दुई हात टाढा कम्बल आदिको नरम आसन बिछ्याएर त्यस माथि सरल भावले शरीरलाई सीधा राख्तै स्वस्तिकासनमा बसेर सर्वप्रथम आफ्ना गुरुको स्तुति र ध्यान पाँच मिनेटसम्म गरोस्, यसपछि गुरुदेव इष्टदेवको मूर्तिमा नै विलीन हुनुभएको छ भन्ने भावना गरोस् र फेरि भगवान्को कृपा र शरणागतिको लागि प्रार्थना गरोस् । यसपछि खुलेका आँखाले भगवान्को मूर्तिलाई ध्यानपूर्वक हेर्दै गुरुबाट प्राप्त मन्त्र जप्दै ध्यानपूर्वक मूर्तिलाई हेरि नै रहोस् । हेर्ने विधि यस्तो हुन्छ– सर्वप्रथम चरणहरूलाई ध्यानपूर्वक हेरोस्, दुवै पैतालामा वज्र अंकुश, ध्वजा र कमल आदि आकृतिहरूका रेखा चिह्नहरू छन् । चरणहरूका औंलाहरूका नङ्ग चन्द्रजस्तै उज्ज्वल लाल छन् । त्यसका कान्तिद्वारा भक्तहरूको हृदयको अज्ञानरूपी अन्धकार नष्ट हुन्छ, जुन चरणहरू धोएको पानीद्वारा उत्पन्न भएर बगेकी पतितपावनी गङ्गा सबै नदीमा श्रेष्ठ छन् । यस प्रकारको पापनाशक चरणकमलहरूलाई ध्यानपूर्वक हेरोस् । फेरि दुई घुँडाहरूको ध्यान गरोस् । फेरि अतसीपुष्पका समान शोभा दिने दुई जाँघहरू लाई ध्यानपूर्वक हेरोस्, जसमा लामो पीताम्बर चम्किरहेको छ । यस्तो शोभायमान भगवान्को नितम्बको ध्यान गर्नेतर्फ लागोस् । अनि जसमा यी सब लोक, आत्मयोनि ब्रह्मा उत्पन्न भएका छन्, जो सबको आश्रयस्थान छ, यस्तो नाभिलाई ध्यानपूर्वक हेरोस् । त्यसपछि मरकत-मणिसमान श्यामवर्ण भएका जो स्तन छन्, जो हीराको चमकले चम्किरहेछन्, तिनको ध्यान गरोस् र जसमा महालक्ष्मी निवास गर्दछिन्, जो मानिसलाई प्रसन्न गराउने तथा आँखालाई आनन्द दिने हुन्छ, त्यस पुरुषोत्तमको वक्षःस्थलको ध्यान गरोस् र कौस्तुभमणिलाई आफ्नो शोभाले शोभित गरिरहेको सर्वलोकनमस्कृत कण्ठको ध्यान गरोस् । तदनन्तर जसद्वारा भगवान्ले मन्दराचललाई रगड्दै समुद्रलाई मथेथे, र जसमा उत्तम बाजु-बाला लगाइराखेको छ, यस्ता भुजाहरूको ध्यान गरोस् । त्यसपछि हजारौं धार र असह्य तेज भएको सुदर्शन चक्रको र भगवान्को हातमा रहेको शङ्खको ध्यान गरोस् र तिनै लोकका वीर शत्रुहरूलाई जसले रगतले लतपत पारिदिएको थियो– यस्तो भगवान्को प्यारो गदाको ध्यान

गरोस् । अनि पद्मको ध्यान गरोस् र भ्रमरका समूहले गुञ्जित, भगवान्को वनमालाको ध्यान गर्दै आत्मतत्त्वमय कौस्तुभमणिको ध्यान गरोस् । तदनन्तर भक्त-हरूका उपर अनुग्रह गर्ने इच्छाले अवतार लिने श्रीहरिको मुखको ध्यान गरोस्, जुन मुख मकराकार कुण्डलहरूको प्रकाशले निर्मल भएको गालाले सुशोभित छ र सुन्दर नाक जसको शोभा बढाइरहेको छ, त्यस मुखको शोभा बढाउने दुवै आँखालाई कमल सम्झेर भमरा भ्रमण गरिरहेछन् –तिनको ध्यान गरोस् । साथै दुई आँखामाथि मनलाई हरण गर्ने जो आँखीभौं छन् तिनको पनि ध्यान गरोस् । यसरी नै तीन प्रकारका तापहरूको हरण गर्ने, भगवान्को प्रसन्नता देखाउने माधुरी मुस्कान-(स्मित हास्य)-को ध्यान गरोस् र मुनिहरूका उपर उपकार गर्ने, तप आदि कार्यहरूमा विघ्न पार्नेहरूलाई नाश गर्ने, स्वयं निज मायाबाट रचित हरिका भ्रूमण्डलको ध्यान गर्दै भगवान्को हास्यको ध्यान गरोस् । यस हास्यमा ओठ र ओठ खुल्नाले देखिएका दारिमका दानाजस्ता शोभा-यमान दाँतका पंक्तिहरूको ध्यान गरोस् र मुकुटसहित शिरको पनि ध्यान गरोस् । यसप्रकार तलदेखि माथिसम्मका सबै अङ्गको एकपल्ट ध्यान गरिसकेपछि भगवान्को सम्पूर्ण स्वरूप हेरेर फेरि माथिदेखि तलसम्मका सबै अङ्गको माथिकै क्रमले ध्यान गरोस् । यही रीतिले माथिदेखि तल र तलदेखि माथिसम्मका सबै अङ्गको तीन-चार पटक ध्यान गरोस् । यस्तो गर्दा पट्टाइ लाग्न थालेछ भने केरि भगवान्को मुखमण्डलको ध्यान गरोस् र मन्त्र जपिरहोस् । ध्यान छाड्नुपर्दा भगवान्को सम्पूर्ण स्वरूपको ध्यान गरेर बिस्तारै चित्तलाई हटाई ध्यानबाट मुक्त हुनुपर्छ । प्रतिदिन यसै प्रकारले ध्यान गरोस् । (जसरी विष्णु भगवान्को ध्यान माथि बताइयो, त्यसरी नै भगवान् शङ्कर, श्रीदेवी, गणेश आदिको पनि ध्यान गरोस् । आकृति, स्वरूप, वस्त्रादिको नै उनीहरूमा अन्तर छ, ध्यानप्रक्रियामा अन्तर छैन, सब क्रिया समान नै हुन्छन् । यसप्रकार ५–६ महीना-सम्म ध्यान गरेपछि जब अभ्यास बढ्छ, अनि खुला आँखाले भगवान्को मूर्तिको ध्यान गर्दा बीच-बीचमा आँखा बन्द गरेर त्यस मूर्तिलाई जस्ताको तस्तै आफ्नो हृदयमा देख्ने चेष्टा गरोस् । शुरू-शुरूमा मूर्ति एकैछिन मात्र देखिएर लुप्त हुनेछ । आफूभित्र मूर्ति नदेखे आँखा खोलेर बाहिरको मूर्ति एकाग्रतापूर्वक हेरोस् । २-४ मिनेट हेरेपछि फेरि आँखा बन्द गरेर त्यस मूर्तिलाई आफ्नै हृदयमा देख्ने चेष्टा गरोस् । यसप्रकार सधैं मूर्ति बाहिर देखेर आँखा बन्द गरी आफैभित्र देख्ने अभ्यास बढाउँदै लैजाओस् । जब-जब भित्र मूर्ति देखिंदैन, तब-तब आँखा खोलेर बाहिरको मूर्ति हेरोस् । जब उपासक बाहिरको मूर्ति नदेखेर आफ्नै हृदयमा नै बाहिरको जस्तै मूर्ति देख्न सक्छ, तब उसलाई मानसिक

पूजा वा ध्यानको अधिकार प्राप्त हुन्छ, यसभन्दा अगाडि होइन। यसप्रकार सधैं ध्यानको अभ्यास गर्दै रहनाले जब चित्त राम्रोसँग एकाग्र हुन थाल्छ, तब उपासकको सामुन्ने चित्तको एकाग्रताको प्रकाश हुन्छ। त्यस प्रकाशमा चित्त लगाउनाले उपास्य मूर्तिको प्रतीति हुँदैन, कहिले तारा चम्किरहेको देखिन्छ, कहिले बिजुली चम्केको अनुभव हुन्छ, कहिले सूर्य-चन्द्रको प्रकाश देखिन्छ र एक क्षणमा हट्छ पनि। उपासक यस्तो देख्न फेरि इच्छा गर्छ र उपास्यको भावबाट हट्छ। यी दृश्यलाई आसक्तिपूर्वक नहेरेर आफ्नो लक्ष्यमा नै मानसिक दृष्टि लगाइरहनुपर्छ। अथवा कहिलेकाहीं हल्का स्वप्नावस्था (योग-निद्रा) भएर त्यसमा सुन्दर-सुन्दर मन्दिर, बाग-बगैंचा र महात्माहरूको दर्शन हुन्छ। यस्ता चमत्कारबाट चित्तलाई हटाउँदै गर्नुपर्छ, किनभने यी साधनाका विघ्न-रूप हुन् र तिनलाई चित्तबाट हटाउनैपर्छ। यसप्रकार क्रमशः ध्यानको अभ्यास बढ्दै-बढ्दै एक यस्तो दिन आउनेछ, ध्यानमा सहसा मनोवृत्ति लीन हुन्छ र एक दिव्य, निर्मल, नीलवर्ण, व्यापक आकाश देखिनेछ र त्यसमा इष्टदेवको मूर्ति सिनेमाको पर्दामा देखिएजस्तै प्रकाशमय रूप देखा पर्नेछ। यो दर्शन केही क्षण मात्र हुनेछ र वृत्ति टुट्नेछ।

यस दर्शनबाट चित्त अत्यन्त प्रसन्न हुनेछ र उक्त प्रसन्नता एक-दुई दिनसम्म मात्र रहनेछ, सधैंको लागि होइन। किनभने वास्तवमा यो भगवान्को छायादर्शन मात्र हो, वास्तविक दर्शन होइन। तर यसबाट ध्यानमा श्रद्धा र विश्वासको वृद्धि अवश्य हुन्छ। अब पछिपछि पनि यस छायादर्शनलाई मूर्तिको समान ध्यान गरेर यस मूर्तिलाई ध्यानमा स्थायी बनाइराख्ने प्रयत्न गर। तिम्रो प्रयत्न यति नै हुन्छ। शेष भगवान्को काम हो। आफ्नो काम उहाँ स्वयं गर्नुहुन्छ। भगवान् आफ्नो कर्तव्यमा सदा सजग रहन्छन्। भूल हामी गर्छौं, उहाँ गर्नुहुन्न। यसप्रकार त्यस भगवच्छाया-दर्शनको अभ्यास गर्दा-गर्दै अन्तमा उपासकलाई भगवान्को वास्तविक स्वरूपको दर्शन हुन्छ। र त्यो भक्तराज ध्रुव झैं सदाको लागि कृतार्थ हुन्छ।

बाल भक्त ध्रुव– मनुका छोरा उत्तानपाद राजाकी सुनीति र सुरुचि दुई रानी थिए। सुनीतिका छोराको नाम ध्रुव थियो। सुरुचिका छोराको नाम उत्तम थियो। उत्तानपादको प्रेम बढी सुरुचिमा थियो। सुरुचिले प्रेमले राजालाई यसरी मोहमा पारेकी थिइन् कि सुनीतितर्फ राजा आँखै लगाउँदैनथे। राजा सुरुचिको महलमै रहन्थे र सुनीतिलाई छुट्टै घरमा राखिदिएका थिए। एकदिन राजा सुरुचिका छोरा लिएर खेलिरहेथे। खेल्दा-खेल्दै ध्रुव पनि त्यहाँ आए र बाबुको काखमा गएर बस्न खोजे। परन्तु राजाले सुरुचिको डरले उसलाई काखमा लिएनन्। ध्रुव काखमा

बस्न सकेनन् । सुरुचि त्यहीं उभिएकी थिइन् । आफ्नो छोराको बराबरीको इच्छा राख्ने सौताको छोरालाई उनले गर्वसाथ भनिन्–ए ध्रुव ! तँ राजपुत्र अवश्य होस्, तर राजाको काख र राज्यासनमा बस्ने अधिकारी तँ छैनस्, किनभने तेरो जन्म मेरो गर्भबाट भएन ! तँ बालक छस् । तँलाई यो ज्ञान छैन कि तँ मानरहित स्त्रीबाट उत्पन्न भएको होस् । राजाको काखमा बस्ने दुर्लभ मनोरथ नगर् । तँलाई राजाको काखमा नै बस्ने इच्छा छ भने ईश्वरको आराधना गर्, ईश्वरको कृपाले मेरो कोखबाट फेरि जन्मने काम गर् ।'

विमाताको मुखबाट निस्केका यी वचन ध्रुवलाई वाणजस्ता लागे । उनी लामा-लामा सास लिंदै रुन लागे । जब जोइटिङ्ग्रे राजा चूप रहे, तब ऊ रुँदै-रुँदै आफ्नी आमासमक्ष आए । आमाले ध्रुवलाई काखमा लिइन् । दासीहरूले आएर ध्रुव रुनाको कारण सुनाइदिए । सुनीति निकै दुःखी भइन् । र ध्रुवलाई भन्न लागिन्– बाबु ! यसमा अरू कसैको दोष छैन, सबलाई आफूले गरेको कर्मको फल मिल्छ, जो कसैकाई दुःख दिंदै आएको छ त्यसलाई उसैबाट दुःख प्राप्त हुन्छ । सुरुचिले सत्य नै भनिन्– तँ म अभागिनीको गर्भबाट जन्मिस्, मेरै दूधले पालिइस् । म अभागिनीलाई त दासी भनेर स्वीकार गर्नमा पनि राजालाई लाज लाग्छ । तँ उत्तमको समान राज्यासनमा बस्ने इच्छा गर्छस् भने ईश्वरको आराधना गर् । म पनि भन्छु-तँ ईर्ष्या छाडेर आराधना नै गर् । बाबु ! तेरो दुःख हटाउने कमलनयन श्रीहरि बाहेक अर्को कोही देख्तिनँ ।'

विलाप गरिरहेकी आमाका यस्ता वचन सुनेर ध्रुव धैर्यधारण गरी ईश्वरको आराधना गर्ने अठोट गरेर शहरबाट बाहिर निस्की जङ्गलतर्फ लागे । बाटामा नारदसित उसको भेट भयो । नारद उनको इच्छा बुझेर मनमनै भन्न थाले–ओहो ! क्षत्रियहरूको तेज त हेर, अलिकति पनि अनादर सहन सक्तैनन् । यो पाँच वर्षको बालक छ तापनि सौतिनी आमाको कटुवचन बिर्सदैन ।' नारद मनमनै यति गुनेर ध्रुवलाई भन्न थाले– 'हे कुमार तँ अहिले बालकै छस्, खेल्नु, कुद्नु नै यस वेलाको धर्म हो । तेरा मान वा अपमानको के कुरा! तँ आमाले बताएको जुन ईश्वरलाई प्रसन्न बनाउन चाहन्छस्, अजितेन्द्रिय पुरुषको लागि त्यसको आराधना मेरो विचारमा अत्यन्त कठिन छ । ठूला-ठूला मुनीश्वर जन्म-जन्मान्तर त्यसलाई खोज्दै छन्, तर पाउन सक्तैनन्; तँ यो उद्योग छाडिदे ।'

यसप्रकार नारदले धेरै सम्झाउँदा-बुझाउँदा पनि ध्रुव आफ्नो निश्चयबाट डेग चलेन । तब नारदले उपासनाको विधि बताएर उसलाई **ॐ नमो भगवते वासुदेवाय**

मन्त्र र आशीर्वाद दिए । ध्रुवले नारदजीको प्रदक्षिणा गरेर प्रणाम गऱ्यो । त्यसपछि मधुवनमा गएर उपासना गर्न थाल्यो ।

नारद त्यहाँबाट उत्तानपाद भएठाउँ पुगे । राजाले उनको पूजा गरे र आसनमा बसाए । नारदले भने–'हे राजन् ! तँ किन उदास छस् ?'

राजाले भने–'महामुनि ! म के भनूँ ? म निकै निर्दयी छु । स्त्रीको वशमा छु । पाँच वर्षको बालक घर छाडेर गयो । मैले उसको र उसकी आमाको अनादर गरें । त्यस अनाथ बालकको रक्षा कसरी होला, म स्त्रीद्वारा जितिएको छु । मेरो दुष्टता त हेर्नुहोस्–त्यो बालक मेरो काखमा आउन खोज्यो, काखमा लिनु त परै जाओस् बोली-द्वारा पनि त्यसलाई आदर गरिनँ । '

नारदले भने–'राजन् ! तँ छोराको शोक नगर्, त्यसको रक्षा गर्ने भगवान् हुनुहुन्छ । त्यस बालकको प्रभाव तँ जान्न सक्दैनस् । त्यसको यश ब्रह्माण्डभरमा व्याप्त हुनेछ । दुष्कर कार्य गरेर त्यो चाँडै नै तिमीसित भेट्न आउनेछ ।' यति भनेर नारद त्यहाँबाट हिंडे ।

मधुवनमा पुगेर ध्रुवले नियमित फलफूलको आहार गर्दै भगवान्को उपासना शुरू गऱ्यो । यसप्रकार उपासना गर्दा–गर्दै पाँच महीनामा जब उपासना स्थिर भयो तब ऊ बाहिरका पदार्थहरूबाट सबै इन्द्रिय र मनलाई खिचेर भगवान्को ध्यान गर्न थाल्यो । ध्यानको वेलामा भगवान्को स्वरूप बाहेक केही देखिंदैनथ्यो र अरू कसैको ध्यान आउँदैनथ्यो । एक समय बिजुलीसमान तेजस्वी भगवान्को ध्यान गर्दा-गर्दै मूर्ति सहसा अदृश्य हुन गयो । ध्रुवले हडबडाएर आँखा खोल्यो र देख्यो– त्यही मूर्ति सामुन्ने खडा छ । ध्रुवले आनन्दपूर्वक पृथ्वीमा पस्रेर भगवान्लाई साष्टाङ्ग दण्डवत् प्रणाम गऱ्यो र त्यसै वेला भगवान्को नजीकमा वेदमय वाणीद्वारा भगवान्को स्तुति गर्न लाग्यो । विष्णु भगवान्ले प्रसन्न भएर भन्नुभयो–' हे राजकुमार ! तेरो कल्याण होओस्, मेरो कृपाबाट तँलाई ध्रुवलोक मिल्नेछ, जुन आजसम्म कसैले पाउन सकेको छैन । यसै लोकमा पनि तेरो बाबु तँलाई राज्य दिएर वनमा तपस्या गर्न जानेछन्, तँ धेरै समयसम्म राज्य गर्नेछस्, तापनि मेरो कृपाले तेरो अन्तःकरण विषयभोगमा लिप्त हुनेछैन । तेरो भाइ वनमा शिकार खेल्न जानेछ, वहाँ एक यक्षको हातबाट उसको मृत्यु हुनेछ, सुरुचि पुत्र-शोकले वनतर्फ लाग्नेछ । त्यहाँ डढेलोले जलेर उसको मृत्यु हुनेछ । तँ यस लोकमा सबै प्रकारको सुखभोग गर्दै धेरै-धेरै दक्षिणा दिइने ठूला ठूला यज्ञहरू गर्नेछस् ।' यस्तो

भनेर भगवान् अन्तर्धान हुनुभयो । ध्रुव आफ्ना पिताको नगरमा गयो र यस लोकमा सुख भोगेर शरीरान्त भएपछि ध्रुवलोकमा पुग्यो ।

उपासनाको बलद्वारा ध्रुवले दुवै लोकको सुधार गरे । हिजोआज पनि जो पुरुष शुद्ध र एकाग्र चित्तद्वारा यस प्रकारको उपासना गर्छ उसलाई पनि यस लोकमा र परलोकमा पनि कल्याण हुन्छ । यो विष्णु भगवान्को उपासना-विधि हो । अरू देव-देवीको उपासना पनि यसै प्रकारले हुन सक्छ । केवल उपास्यको स्वरूप र गुणहरूमा अन्तर हुन्छ, बाँकी सबै क्रिया समान हुन्छन् । जो जो मानसिक पूजाको इच्छा गर्छन्, उनीहरू पनि आफ्नो हृदयमा अथवा कुनै मन्दिरमा मनद्वारा गएर मनद्वारा नै यस प्रकारको ध्यानरूप पूजा गर्न सक्छन् । यही मानसिक पूजा भनिन्छ । यो पनि एक प्रकारको उत्तम उपासना हो । मानसिक ध्यान मनद्वारा नै ध्यान गरिन्छ । जब कुनै प्रेमीको विचार आउँछ, तब त्यो प्रेमी सामुन्ने त उपस्थित हुँदैन, परन्तु स्मृतिमा उपस्थित हुन्छ । उही स्मृतिको संस्कार सामुन्ने आएर प्रेमीको स्वरूपलाई मनमा देखाउँछ । यसै प्रकार निश्चित गरिएको स्थानमा इष्टको स्वरूपलाई मनमा धारण गरोस् । यदि कुनै तीर्थ वा मन्दिरमा गएर मानसिक पूजा गर्नु छ त जहाँ बसेको छ त्यहाँबाट मनमनले उठोस् र घरबाहिर निस्कोस् । मनैमनले बाटो हिंड्दै मन्दिर वा तीर्थमा पुगोस् । त्यहाँ पुगेर इष्टदेवको प्रतिमाको अगाडि खडा भएर प्रतिमालाई राम्ररी हेर्दै ध्यान-पूजा गरोस् । घरबाट निस्केदेखि मन्दिरमा पुगुन्जेल र ध्यान गरुन्जेल आफ्नो मानसिक रूपलाई नै आफ्नो रूप सम्झोस्, स्थूल शरीरको भाव नराखोस् । कुनै स्थूल वस्तुको भान हटाउनको लागि यो प्राथमिक क्रिया हो । यसप्रकार भगवान् विष्णुको ध्यान गर्नुपर्छ ।

भगवान् कृष्णको ध्यान गर्नु छ भने साधक मानसिक मूर्ति बनाएर यस-प्रकार ध्यान गरोस्–

नन्द बाबाको आँगनमा बालगोपाल कम्मर मर्काउँदै नाचिरहेका छन् । नयाँ मेघसमान श्याम आभाले युक्त नयन-मनोहारी सुन्दर वर्ण छ । श्याम शरीरमा आमाले लगाइदिएको निकै पातलो रेशमी चमकदार पहेंलो कुर्था देख्ता यस्तो लाग्छ– मानो कालो मेघमण्डलमा इन्द्रधनुष सुशोभित भइरहेछ । सुन्दर साना-साना, रातो आभाले युक्त मनोहर चरण-कमल छन् । पाउका नङको ज्योति चरण-कमलमा परेर अत्यन्त सुशोभित भइरहेछ । चरणमा पाउजेबको र कम्मरमा करधनीको ध्वनि बजि-रहेछ, जो सुन्नेहरूको हृदयमा आनन्द भरिरहेछ । सुन्दर त्रिबलीयुक्त उदर छ । गम्भीर

नाभि छ, हृदयमा गजमोतीका, रत्नका र सुन्दर सुगन्धित फूलहरूका तथा तुलसीका मालाहरू सुशोभित छन् । गलामा गुञ्जाहार (रातीगेडीको हार) छ, कौस्तुभमणि छ, र चौडा छातीमा श्रीबत्सको चिन्ह छ । अत्यन्त रमणीय र ज्ञानिजनको मनलाई मोहित पार्ने मनोहर मुखकमल छ । ज्यादै मीठो मुस्कान छ । कानहरूमा कुण्डल झल-मलाइरहेछन् । गुलाबी रङ्गका गोल गाला कुण्डलहरूको प्रकाशबाट चम्किरहेछन् । लाल ओठ निकै कोमल र मनोहर छन् । चनाखा र कमलजस्ता ठूला-ठूला आँखा छन् । तिनमा आनन्द, प्रेम र रसको विद्युद्धारा निक्ली-निक्ली सबैलाई आफूतर्फ खिचिरहेछन् । नेत्रहरूको मनोहरताले सबको हृदयलाई आनन्द र प्रेमद्वारा भरिदिएको छ । उन्नत ललाट छ । मस्तकमा मुजूरका प्वाँखको मुकुट पहिरेका छन् । विचित्र आभूषणहरूद्वारा नयाँ-नयाँ कोमल पालुवाहरूले सबै शरीरलाई सजाइराखेका छन् । अङ्ग-भङ्गबाट करोडौं कामदेवहरूलाई जित्ने सौन्दर्य प्रवाहित भइरहेछ । उफ्रँदै, कुद्दै, हाँस्दै जोरसँग मधुर आवाज निकाल्दै बीच-बीचमा आमा यशोदातर्फ हेरिरहेछन् । आमा अतृप्त र निर्निमेष नेत्रहरूद्वारा भुवनन्मोहन कृष्णको मनोहर माधुरीले युक्त छविलाई हेर्दै मुग्ध भइरहिछन् ।

यदि भगवान् शङ्करको ध्यान गर्नु छ भने साधक मानसिक मूर्ति बनाएर यसप्रकार चिन्तन गरोस्– सुन्दर कैलासपर्वतमा भगवान् श्रीशङ्कर विराजमान हुनुहुन्छ । रक्ताभ सुन्दर गोरो वर्ण छ, रत्नसिंहासनमा मृगको छाला बिछ्याइएको छ । त्यसैमाथि भगवान् रहनुभएको छ । चार हात छन्, दाहिने माथिल्लो हात ज्ञानमुद्राको छ । तल्लो दाहिने हातमा परशु छ, बाँया माथिल्लो हात मृगमुद्राले सुशोभित छ । तल्लो बायाँ हात घुँडामाथि राखिएको छ । गलामा रुद्राक्षको माला छ, सर्प बेरिएको छ । कानमा कुण्डल सुशोभित छन् । निधारमा त्रिपुण्ड्र शोभा दिइरहेछ । सुन्दर तीन आँखा छन् । आँखाको दृष्टि नासिकामा परेको छ । मस्तकमा अर्धचन्द्र छन् । शिरमा जटाजूट सुशो-भित छ । अत्यन्त प्रसन्न मुख छ । देवता र ऋषि भगवान्को स्तुति गरिरहेछन् । निकै सुन्दर विज्ञानानन्दमय स्वरूप छ । यसै प्रकारले भगवती, सूर्य, गणेश आदि आफ्ना-आफ्ना इष्टदेवको ध्यान गर्नुपर्छ ।

सन्ध्या-गायत्री– सन्ध्योपासन र गायत्रीजपको हाम्रो शास्त्रमा निकै ठूलो महत्त्व बताइएको । द्विजातिमात्रको लागि यी दुई कर्म गर्नैपर्ने कर्तव्यको रूपमा रहेका छन् । श्रुतिभगवती भन्नुहुन्छ– **अहरहः सन्ध्यामुपासीत** – प्रतिदिन सन्ध्या अवश्य

गर्नुपर्छ । शास्त्रमा तीन प्रकारका कर्मको उल्लेख मिल्छ–**नित्य,नैमित्तिक** र **काम्य**। **नित्य कर्म**को अर्थ हो नित्य। नियमपूर्वक नटुटाईकन कर्तव्यबुद्धिले र कुनै फलको इच्छा नराखीकन गरिने कर्म नित्य हो भन्ने शास्त्रको आज्ञा छ।। **नैमित्तिक कर्म** त्यो हो जो कुनै विशेष निमित्तलाई लिएर खास खास अवसरमा आवश्यक रूपबाट (जस्तै–पितृ-हरूको निमित्त श्राद्ध) गरिन्छ। शास्त्रमा **नैमित्तिक कर्म** पनि अवश्य गर्नुपर्छ भनिएको छ। परन्तु **नैमित्तक कर्म** दिनहुँ गर्नुपर्दैन। तेस्रो कर्म हो **काम्य**, जो कुनै कामना राखेर गरिन्छ। यो कर्म गर्नु-नगर्नु कर्ताको इच्छामा निर्भर छ। जस्तै–**पुत्रेष्टियज्ञ** आदि। नित्यकर्मचाहिं प्रतिदिन गर्नुपर्छ, यसमा एक दिनको छुट पनि क्षम्य हुँदैन र प्रत्येक द्विजाति-लाई जसले शिखासूत्र त्याग गरेको छैन अर्थात् चतुर्थाश्रम संन्यासलाई छाडेर पहिला तीन आश्रममा नित्यकर्मको अनुष्ठान गर्नैपर्छ। **नित्यकर्म हुन्–सन्ध्या, तर्पण, बलिवै-श्वदेव, ध्यान, जप, होम आदि**। यी सबैमा सन्ध्या र गायत्रीजप मुख्य छन्; किनभने यो ईश्वरको उपासना हो र बाँकी कर्म देवता, ऋषि र पितृ आदिको उद्देश्यबाट गरिन्छन्, यद्यपि यी सबै परमेश्वरको प्रीतिको लागि नै गर्नुपर्छ। सन्ध्या नगर्नेको लागि शास्त्रमा अनेक दोष लेखिएका छन्।

सन्ध्याहीनोऽशुचिर्नित्यमनर्हः सर्वकर्मसु ।
यदन्यत् कुरुते कर्म न तस्य फलभाग् भवेत् ।।

–दक्षस्मृति

सन्ध्याहीन द्विज सधैं नै अपवित्र हुन्छ र सम्पूर्ण धर्म-कर्म गर्नमा अयोग्य हुन्छ। त्यो कुनै पनि अरू कर्म गर्छ तापनि तिनको फल उसले पाउँदैन। यो मानव शरीर हामीलाई ईश्वरोपासनाकै निम्ति मिलेको छ। संसारको भोग त हामी अरू योनिमा पनि पाउँछौं, तर ईश्वरको ज्ञान प्राप्त गर्नु र उनको आराधना गर्ने अधिकार भने हामीलाई मानवन्जीवनमा नै मिल्छ।

मनुष्यमा जसको द्विजसंस्कार भइसकेको छ, अर्थात् जसले वेदाध्ययन अर्थात् वेदस्वरूप ईश्वरीय ज्ञान प्राप्त गर्ने अधिकार प्राप्त गरिसकेको छ, त्यस्ता व्यक्ति-हरू पनि नित्य, नियमित रूपले ईश्वरोपासना नगरे ता तिनीहरू आफ्नो अधिकारको दुरुपयोग गर्छन्, के उनीहरूलाई द्विजाति हौं भन्ने अधिकार छ ? यसकारण समयको अभावमा त्रिकालसन्ध्या गर्न नसके प्रातःकाल र सायंकालमा त नियमित रूपले अवश्य सन्ध्या गर्नुपर्छ।

सन्ध्यामा क्रियाको प्रधानता त छँदैछ, परन्तु जुन-जुन मन्त्रको जुन-जुन क्रियामा विनियोग छ, त्यही-त्यही क्रिया विधिपूर्वक गर्दै त्यस मन्त्रको शुद्ध उच्चारण पनि गर्नुपर्छ र साथसाथै त्यस मन्त्रको अर्थतिर पनि लक्ष्य गर्दै त्यसै भावमा भावित हुने चेष्टा गर्नुपर्छ । जस्तै **अघमर्षण**का मन्त्रहरूमा यो भावना गर्नुपर्छ जुन– प्रकारले यो अभिमन्त्रित जल मेरो मुखमा परिरहेछ उसै प्रकारले मन, वचन र कर्म बाट बितेको रातमा मैले जे जे पाप गरेको छु ती सबै रातका अभिमानी देवताद्वारा नष्ट भइरहेछन् र यसवेला जुन पाप मभित्र छन् ती सब भगवान् सूर्यको ज्योतिमा विलीन भइरहेछन्, भस्म भइरहेछन् । भगवान्का तेजका सामुन्ने पापहरू टिक्नै कहाँ सक्छन् र ?

हिजो-आज कतिपय मानिस भन्छन्– सन्ध्याको अर्थ हो– ईश्वरोपासना । ईश्वरको दृष्टिमा सबै भाषाहरू समान छन् र सबै भाषामा गरेको प्रार्थना एवं स्तुति उनका समक्ष पुग्न सक्छ, किनभने सबै भाषा उनैले तयार गरेका हुन् र यस्तो कुनै भाषा छैन जुन उनी बुझ्न सक्तैनन् । तब हामी आफ्नो मातृभाषामा नै भगवान्को स्तुति एवं प्रार्थना किन नगरौं ? संस्कृत एवं वैदिक भाषाको अपेक्षा आफ्नो निजी भाषामा हामी आफ्ना भावहरूलाई अधिक स्पष्ट रूपबाट व्यक्त गर्न सक्छौं । जुन समयमा देशमा वैदिक अथवा संस्कृत भाषा बोलिन्थ्यो त्यसवेला मानिसले वैदिक मन्त्रद्वारा सन्ध्या गर्नु ठीक थियो, परन्तु वर्तमान युगमा जब संस्कृत पढ्ने र बुझ्ने मानिस ज्यादै नै कम छन्– यहाँसम्म कि वैदिक मन्त्रको उच्चारणमै पनि मानिसहरूलाई कठिनाइ परिरहेछ– तिनको अर्थ जान्नु र भावमा भावित हुनु त टाढाको कुरा छ भने यस्तो ढर्रा चलाउनाले के फाइदा ? बरु ईश्वर त घटघट व्यापक छन् । उनी त हाम्रो हृदयको सूक्ष्मतम कुरा पनि जान्दछन् । ईश्वरको लागि त भाषाको आडम्बरको आवश्यकता नै छैन । ईश्वरको लागि त हृदयको मूक प्रार्थना नै पर्याप्त छ । वरञ्च सच्चा प्रार्थना त हृदयको नै हुन्छ । हृदय-विनाको भाषा सुगाले बोलेजस्तो हुन्छ, कुनै शब्दको उच्चारणमात्रले के हुन्छ ? यो शङ्का सर्वथा निर्मूल छ । ईश्वरको दृष्टिमा अवश्य नै भाषाको कुनै विशेष महत्त्व छैन । उनको दृष्टिमा सबै भाषा समान छन् र सबै भाषामा गरिएको प्रार्थना उनी सुन्छन् र उत्तर चाहेमा त्यसै भाषामा दिन्छन् पनि । यो पनि ठीक छ– प्रार्थनामा भावको प्रधानता हुन्छ, त्यसको सम्बन्ध हृदयसँग हुन्छ र आफ्नो भाव जति स्पष्ट रूपमा हामी आफ्नो मातृभाषामा राख्न सक्छौं उति स्पष्ट हामी अरू कुनै पनि भाषामा सक्तैनौं । यो पनि

निश्चित छ– हृदयको मूक प्रार्थना जति काम गर्न सक्छ त्यति केही चुनिएका शब्दहरूको उच्चारणमात्रबाट गर्न सक्तैनौं। यी सब कुरालाई स्वीकार गरेर पनि हामी सन्ध्या त्यसै रूपमा गर्ने पक्षपाती छौं, जुन रूपमा सन्ध्योपासना गर्ने शास्त्रीय विधान छ र जुन रूपमा लाखौं-करोडौं वर्षदेखि, अझ अनादिकालदेखि हाम्रा पूर्वजहरू गर्दै आएका छन्।

सन्ध्यामा ईश्वरको स्तुति, ध्यान र प्रार्थना छन्, र उसको उति अंशको पूर्ति आफ्नो मातृभाषामा आफ्नै शब्दमा गरिएको प्रार्थनाबाट अर्थात् हृदयको मूक प्रार्थनाबाट पनि हुन सक्छ। जो मानिस यस रूपमा प्रार्थना चाहन्छन् वा गर्छन् उनीहरू अवश्य यस्तै गरून्। उनीहरूको विरोध हामी गर्दैनौं, बरु हृदयदेखि समर्थन नै गर्छौं, किनभने **वैदिक मन्त्रहरूको उच्चारणको अधिकार सबलाई छैन पनि, न त ती मन्त्रमा सबको विश्वास नै छ।** अन्यान्य मत एवं सम्प्रदायको जस्तो सनातन वैदिक धर्मको मान्यता अन्य धर्मावलम्बीहरूलाई ईश्वरको प्राप्ति हुँदैन, अर्को धर्म मान्ने-हरूको लागि ईश्वरको ढोका बन्द छ भन्ने रहेको छैन अधिकार नहुनाको कारण वैदिक मन्त्रको उच्चारण गर्न सक्तैनन्। अथवा जसको वैदिक मन्त्रमा विश्वास छैन, ती मानिस आफ्नो ढङ्गको प्रार्थनाद्वारा ईश्वरलाई प्रसन्न पार्न सक्छन् र जसलाई वैदिक सन्ध्या गर्ने अधिकार प्राप्त छ ती मानिसहरू पनि यसै रूपमा प्रार्थना गर्न सक्छन्, परन्तु उनीहरूले सन्ध्याको परित्याग गर्नु हुँदैन। सन्ध्याको साथसाथै उनीहरू ईश्वरलाई प्रसन्न गराउनको लागि चाहेजति अरू साधन पनि प्रयोग गर्न सक्छन्। यी सबै साधन एक-अर्काका सहायक नै हुन्छन्, विरोधी होइन। सबैको आफ्नो-आफ्नो अलग महत्त्व छ। ती कुनै पनि कम वा बढी छैनन् भन्न सकिन्छ। यो ठीक हो ईश्वरको दृष्टिमा भाषाको कुनै विशेष महत्त्व छैन र वैदिक भाषा पनि अरू भाषाहरू जस्तै आफ्ना हार्दिक अभिप्रायलाई व्यक्त गर्ने एक साधन मात्र हो। परन्तु वैदिक मतावलम्बीहरूको धारणा यस सम्बन्धमा अर्कै प्रकारको छ। उनीहरूको दृष्टिमा **वेद अपौरुषेय** हो, वेद कुनै मानिसले बनाएको होइन। वेद साक्षात् ईश्वरकै निःश्वास हो। ईश्वरको वाणी हो। **यस्य निःश्वसितं वेदाः।** ऋषिहरू वेदमन्त्रका द्रष्टामात्र हुन्। **ऋषयो मन्त्रद्रष्टारः** –अनुभव गर्ने हुन्, रचयिता होइनन्। सृष्टिको आदिमा भगवान् नारायण सर्वप्रथम ब्रह्मालाई सिर्जन्छन् र उनलाई वेदको उपदेश गर्छन्। **यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै। (श्वेताश्वतरोपनिषत् ६–१८)** यसकारण हामी वैदिक धर्मावलम्बीहरूको लागि बडो महत्त्वको विषय छ

वेद । वेद नै ईश्वरीय ज्ञानको आदिस्रोत हो। वेदबाट नै सम्पूर्ण ज्ञान निस्केको हो। धर्मको आधार पनि वेद नै हो । हाम्रा कर्तव्य-अकर्तव्यको निर्णायक पनि वेद हो । सम्पूर्ण शास्त्र वेदलाई आधार मानेर चल्छन् । स्मृति, आगम, पुराणादि शास्त्रहरूको प्रमाण वेदमूलक छ, जहाँ श्रुति नै बलवान् मानिन्छ । तात्पर्य यो हो– वेद नै हाम्रो संस्कृतिको आधारस्तम्भ हो । जुन वेदलाई हाम्रो शास्त्रमा यति महत्त्व दिइएको छ त्यस वेदका अङ्गभूत मन्त्रहरूको तुलना कुनै भाषा वा वाक्यरचनासँग हुन सक्तैन । भाव व्यक्त गर्न भाषाको सहायता आवश्यक हुन्छ । भाष्य र भावको परस्पर अविच्छेद्य सम्बन्ध छ । हाम्रा शास्त्रहरूले त शब्दलाई पनि अनादि, नित्य एवं ब्रह्मरूप नै मानेका छन् तथा वाच्य एवं वाचकको अभेद स्वीकार गरेका छन् । यसै प्रकार वैदिक मन्त्रहरूको पनि आफ्नो एक विशेष महत्त्व छ । ती मन्त्रहरूमा एक विशेष शक्ति निहित छ, जो तिनको उच्चारणले मात्र प्रकट हुन पुग्छ । अर्थतिर लक्ष्य राख्तै उच्चारण गर्दा त त्यो अझ चाँडै उत्पन्न हुन्छ, यसका अतिरिक्त अनादिकालदेखि यति असङ्ख्य व्यक्तिहरूले त्यसको आवृत्ति र अनुष्ठान गर्दै जाग्रत् पारे । ती सबैको शक्ति पनि त्यसभित्र संक्रान्त भयो । यस अवस्थामा सुगाले झैं नबुझीकनै पनि ती भक्तहरूको स्वरसहित शुद्ध उच्चारण गर्नुमा कम महत्त्व छैन । फेरि अर्थ बुझेर उनको भावमा भावित भएर श्रद्धा र प्रेमपूर्वक मन्त्रहरूको उच्चारण गर्नुको यति धेरै महत्त्व छ कि यसको वर्णन हुनै सक्तैन । यति मात्र होइन, वैदिक मन्त्रहरूको त एक अलग शास्त्र नै छ । यिनको वा एक-एक मात्रा र एक-एक स्वरको यति महत्त्व छ, उच्चारणमा अलिकति पनि त्रुटि भयो भने अभिप्रेत अर्थभन्दा विपरीत अर्थको बोध हुन सक्छ ।

एकः शब्दः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।

'वेदमन्त्रको एकै शब्दको पनि ठीक प्रयोग भएन र तिनका स्वर, मात्रा वा अक्षरको उच्चारणमा त्रुटि हुन गयो भने त्यसबाट अभीष्ट अर्थको प्रतिपादन हुन सक्तैन ।'

यसै कारणले लाखौं-करोडौं वर्षदेखि वैदिकहरूले परम्परागत रूपमा पद, क्रम, घन र जटाले सहित वैदिक मन्त्रहरू सस्वर कण्ठस्थ गर्दै आएका छन् र यसप्रकार उनीहरूले वैदिक परम्परा र वैदिक साहित्यलाई जीवित राखेका छन् । यसकारण वैदिक मन्त्रहरूको उपयोगिताको विषयमा शङ्का नगरी द्विजातिहरूले उपनयन संस्कारपछि सन्ध्याको अर्थसहित मन्त्रहरू सिक्नुपर्छ र फेरि कम-से-कम सायंकाल र प्रातःकाल दुवै सन्धिको समयमा श्रद्धा, प्रेम र विधिको साथ अनुष्ठान गर्नुपर्छ । यस्तो गर्नाले

उनीहरूलाई चाँडै लाभ प्रतीत हुन्छ र पछि पनि उनीहरू यसलाई कहिल्यै छाड्न चाहने-छैनन् । महर्षि याज्ञवल्क्य भन्छन्–

निशायां वा दिवा वाऽपि यदज्ञानकृतं भवेत् ।
त्रिकालसन्ध्याकरणात् तत् सर्वं हि प्रणश्यति ॥ (३।३०८)

'दिन वा रात्रिमा अनजानमा जो पाप गरिन्छ, ती सबै पाप त्रिकालसन्ध्या गर्नाले नाश हुन्छन् ।' महर्षि कात्यायन भन्छन्–

सन्ध्यालोपस्य चाऽकर्ता स्नानशीलश्च यः सदा ।
तं दोषा नोपसर्पन्ति गरुत्मन्तमिवोरगाः ॥ (११।१६)

'जो प्रतिदिन स्नान गर्दछ तथा कहिल्यै सन्ध्याकर्म बिर्सदैन, गरुडसमक्ष सर्पहरू झैं कुनै पनि दोष उसको अगाडि आउन सक्तैन ।

प्रत्येक वस्तुका तीन अवस्था हुन्छन्– उत्पत्ति, पूर्ण विकास र विनाश । जीवनका पनि तीनै अवस्था हुन्छन् । जन्म, पूर्ण युवावस्था र मृत्यु । हामीलाई यी अवस्था-हरूको सम्झना दिलाउन तथा यसप्रकार हामीभित्र संसारप्रति वैराग्यको भावना जाग्रत् गर्न नै मानौं सूर्य भगवान् प्रतिदिन उदय हुने (प्रातःकाल) उन्नतिको शिखरमा आरूढ हुने (मध्याह्नकाल) र फेरि अस्ताउने लीला गर्नुहुन्छ । भगवान्का यी त्रिविध लीलाको साथमा हाम्रा शास्त्रले तीनै कालमा सन्ध्योपासनाको विधि जोडिदिएका छन् ।

भगवान् सूर्य परमात्मा नारायणका साक्षात् प्रतीक हुनुहुन्छ । यसकारण नारायण नै सूर्यरूपमा प्रकट हुनुहुन्छ । अतः पञ्चदेवमा सूर्यको पनि गणना हुन्छ । त्यसै पनि उहाँ भगवान्को प्रत्यक्ष विभूतिहरूमा सर्वश्रेष्ठ, हाम्रो यस ब्रह्माण्डका केन्द्र, स्थूल कालका नियामक, तेजका महान् आकार, विश्वका पोषक एवं प्राणदाता तथा समस्त चराचर प्राणीहरूका आधार हुनुहुन्छ । उहाँ प्रत्यक्ष देखिने सम्पूर्ण देवहरूमा श्रेष्ठ हुनुहुन्छ । यसकारण सन्ध्यामा सूर्यकै रूपबाट नै भगवान्को उपासना गरिन्छ । उहाँको उपासनाबाट हाम्रा तेज, बल, आयु एवम् आँखाको ज्योतिको वृद्धि हुन्छ र मृत्युको समयमा उहाँ हामीलाई आफ्नो लोकको बाटो भगवान्को परम धाममा लैजानुहुन्छ । किनभने भगवान्को परम धामको बाटो सूर्यलोक भएर नै गएको छ । शास्त्रमा लेखिएको छ– योगीहरू तथा कर्तव्यबुद्धिबाट युद्धमा शत्रुको सम्मुख लड्दै प्राण दिने क्षत्रिय वीरहरू सूर्यमण्डललाई भेदन गरेर भगवान्को धामतर्फ जान्छन् । यस प्रकारको उक्ति-

द्वारा पनि त्रिकालसन्ध्याको रूपमा भगवान् सूर्यको उपासना द्विजातिमात्रको लागि अवश्य कर्तव्य मानिन्छ । यसबाट लौकिक र पारमार्थिक दुवै लाभ हुन्छन् ।

सन्ध्यासमयको विषयमा पनि एक लौकिक उदाहरण लिऊँ– कुनै हाम्रा परमपूज्य महापुरुष वा आदरणीय व्यक्ति हाम्रो शहरमा आउँछन् र त्यसको सूचना हामीलाई पहिले नै मिलिसकेको छ भने हामी उनको स्वागतको लागि अर्घ्य, चन्दन, फूलमाला आदि पूजाका सामग्री लिएर पहिले नै विमानस्थलमा पुग्छौं । उत्सुकतापूर्वक उनी आउने बाटो हेर्छौं र आउनेबित्तिकै श्रद्धा र प्रेमले स्वागत गर्छौं । हाम्रो यस व्यवहारबाट ती आगन्तुक महापुरुषलाई निकै प्रसन्नता हुन्छ र यदि हामी निष्काम भावले आफ्नो कर्तव्य सम्झेर उनको स्वागत गर्छौं भने ती महापुरुष हामीउपर झन् प्रसन्न हुन्छन् । हामी यो पनि देख्तछौं– कुनै व्यक्ति आफ्ना पूज्य महापुरुषको आगमनको सूचना पाएर पनि उनको स्वागतको लागि समयमा विमानस्थल वा स्टेशनमा जाँदैनन् र जब उनी गाडीबाट उत्रेर प्लेटफार्ममा पुग्छन्, तब उनीहरू दौडँदै जान्छन् र ढिलाइको लागि क्षमायाचना गर्दै मुन्टो निहुराउँदै उनको पूजा गर्छन् । कुनै त यति अल्छी हुन्छन्– जब हाम्रा पूज्य पुरुष डेरामा पुगिसक्छन् र आफ्नो कार्यमा लागिसक्छन्, तब तिनीहरू बिस्तार-बिस्तार फुर्सदसाथ आफ्ना सबै काम सकेर आउँछन् र ती आगन्तुक महा-पुरुषको पूजा गर्छन् । ती महानुभाव त ती तीनै प्रकारका स्वागत गर्नेहरूको पूजाबाट प्रसन्न हुन्छन् र उनीहरूको उपकार नै मान्दछन्, पूजा नगर्नेको अपेक्षा ढिला वा चाँडो गर्नेहरू पनि बेश हुन् । तर दर्जा वा स्तरको फरक त रहन्छ नै । जो जति तत्परता, लगन, प्रेम र आदरको बुद्धिले पूजा गर्छन्, उनको पूजा उति नै महत्त्वयुक्त र मूल्यवान् हुन्छ र पूजाग्रहण गर्नेलाई पनि उत्तिकै प्रसन्नता हुन्छ ।

माथि जो कुरा आगन्तुक महानुभावको विषयमा लेखियो, त्यही कुरा सन्ध्याको विषयमा पनि सम्झनुपर्छ । भगवान् सूर्यनारायण प्रतिदिन प्रातःकालमा हाम्रो भूमण्डलमा एक महापुरुष झैं पाल्नुहुन्छ । उहाँभन्दा बढी हाम्रा पूज्य पात्र अरू को होला ! यसकारण हामीले ब्राह्म मुहूर्तमा उठेर शौच-स्नानादिबाट निवृत्त भएर वस्त्र पहिरेर उहाँको स्वागत गर्नको लागि उहाँ आउनुभन्दा पहिले नै तयार हुनुपर्छ । आउँदा बडो प्रेमले चन्दन पुष्पादियुक्त शुद्ध र ताजा जलद्वारा उहाँलाई अर्घ्य प्रदान गर्नुपर्छ । उहाँको स्तुति गर्नु, जप गर्नु, भगवान् सूर्यलाई तीन वार गायत्रीमन्त्र जप्दै अर्घ्य प्रदान गर्नु, गायत्रीमन्त्र-(जसमा उहाँलाई परमात्मभावले स्तुति गरिएको छ र

उहाँद्वारा बुद्धिलाई परमात्ममुखी गर्नको लागि प्रार्थना गरिएको छ)-को जप गर्नु, खडा भएर उहाँको उपस्थान गर्नु, स्तुति गर्नु, यिनै सन्ध्योपासनाका मुख्य अङ्ग हुन् । बाँकी कर्म यिनैका अङ्गभूत एवं सहायक हुन् । जो व्यक्ति सूर्योदयको समयमा सन्ध्या गर्न बस्छन्, उनीहरू एक प्रकारले अतिथि स्टेशनमा आइपुग्ने वेलामा र गाडीबाट उत्रने समयमा पूजा गर्न दौडन्छन् र जो व्यक्ति सूर्योदय भइसकेपछि फुर्सदले अन्य आवश्यक कार्य सकेर सन्ध्या गर्न बस्छन्, उनीहरू अतिथि आफ्नो डेरामा पुगिसकेपछि बिस्तार-बिस्तार उहाँको स्वागत गर्न पुग्छन् ।

जो व्यक्तिहरू सन्ध्योपासना गर्दै-गर्दैनन्, उनीहरूको अपेक्षा त उनीहरू पनि बेश छन्, जो ढिलो-चाँडो जेसुकै खाइयोस्, खानुअगाडि सन्ध्या गर्छन् । त्यसबाट कर्मको अनुभव त भइहाल्छ र यसप्रकार शास्त्रको आज्ञापालन पनि हुन्छ । उनीहरू कर्मलोपका दोषी हुँदैनन् । तिनको अपेक्षा तिनीहरू बेश छन् जो प्रातःकालमा ताराहरू लोप भएपछि सन्ध्याको प्रारम्भ गर्छन् । तीभन्दा पनि श्रेष्ठ ती छन्, जो उषाकालमा नै तारा छँदै सन्ध्या गर्न बस्छन्, सूर्योदय नभएसम्म खडा भएर गायत्रीमन्त्रको जप गर्दै र यसप्रकार आफ्नो पूज्य आगन्तुक महापुरुषको प्रतीक्षामा, उहाँको चिन्तनमा त्यति समय व्यतीत गर्छन् र उहाँको पदार्पण, उहाँको दर्शन भएपछि जप बन्द गरेर उहाँको स्तुति, उहाँको उपस्थान गर्छन् ।

यिनै कुरालाई लक्ष्य गरेर उत्तम, मध्यम र अधम गरी तीन प्रकारका सन्ध्या बताइएका छन् । जस्तै–

उत्तमा तारकोपेता मध्यमा लुप्ततारका ।
कनिष्ठा सूर्यसहिता प्रातःसन्ध्या त्रिधा स्मृता ।।

–देवीभागवत ११।१६।४

उत्तमा सूर्यसहिता मध्यमा लुप्तभास्करा ।
कनिष्ठा तारकोपेता सायंसन्ध्या त्रिधा स्मृता ।।

–देवीभागवत ११।१६।५

यसप्रकार जो आफ्नो मान्छे बिदा हुँदा अगावै सबै काम छाडेर उनको साथमा स्टेशन पुग्छ, उनलाई आरामसाथ गाडीमा राखिदिने व्यवस्था गर्छ । गाडी छुटेपछि हात जोड्दै प्लेटफार्ममा खडा भएर प्रेमपूर्वक उसलाई हेरिरहन्छ, गाडी देखिन छाडेपछि स्टेशनबाट फर्कन्छ, त्यही मानिस उनको सबभन्दा बढी सम्मान गर्दछ र

प्रेमपात्र बन्छ । गाडी छुट्ने वेलामा हतारपूर्वक जो मानिस अतिथिलाई बिदा गर्न पुग्छ र जाँदा-जाँदै टाढैबाट अतिथिको दर्शन गर्न पाउँछ, त्यो निश्चय नै अतिथिको दृष्टिमा त्यति प्रेमी ठहरिंदैन, यद्यपि उसको प्रेमबाट पनि महानुभाव अतिथि प्रसन्न नै हुन्छन् र उसमाथि पनि प्रेमपूर्ण दृष्टि नै राख्दछन् । त्यसभन्दा पनि तल्लो तहको प्रेमी त्यो ठहरिन्छ जो अतिथि हिंडिसकेपछि स्टेशनमा बिदाइको लागि पुग्दछ र क्षमा माग्छ । महानुभाव अतिथि उसको आतिथ्यलाई पनि मान्छन् र त्यसमाथि पनि प्रसन्न नै हुन्छन् । यस किसिमले सायंसन्ध्या पनि यस्तै हो।

यहाँ यो सम्झनु हुँदैन– भगवान् पनि साधारण मानिस जस्तै राग-द्वेषले युक्त हुनुहुन्छ, उहाँ पूजा गर्ने माथि प्रसन्न हुनुहुन्छ र पूजा नगर्नेदेखि रिसाउनुहुन्छ वा उसको अहित गर्नुहुन्छ । भगवान्को सामान्य कृपा त सबैमा समान रूपले रहन्छ नै । भगवान् सूर्य उपासना नगर्नेलाई पनि आफ्नो ताप र प्रकाश पुऱ्याउनुहुन्छ, जति उपासना गर्नेलाई पुऱ्याउनुहुन्छ । त्यसमा कम बढी हुँदैन– तर जो मानिस उहाँबाट विशेष फाइदा लिन चाहन्छन्, जन्म-मरणको चक्रबाट छुटकारा पाउन चाहन्छन्, उनीहरूको लागि त उहाँको उपासनाको आवश्यकता हुन्छ नै । त्यसमा आदर र प्रेमको दृष्टिले तारतम्य त हुनैपर्छ । **श्रीमद्भगवद्गीता**मा भनिएको छ–

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये यजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम् ॥ (९।२९)

'म सबै प्राणीमा समभावले व्यापक छु, मेरो लागि न कुनै प्रिय छ न कुनै अप्रिय, परन्तु जो भक्त मलाई प्रेमभावले भजन गर्छन्, उनीहरू ममा छन् र म उनीहरूभित्र प्रत्यक्ष प्रकट छु । यसकारण सायं-प्रातःसन्ध्या प्रेम र आदरपूर्वक ठीक समयमा अवश्य गर्नुपर्छ ।'

महाभारतको आदिपर्वमा जरत्कारु ऋषिको कथा आउँछ । उनी बडा तपस्वी र मनस्वी थिए । उनले सर्पराज वासुकिकी बहिनीसँग विवाह गरे । विवाहको समयमा उनले त्यस नागकन्यासँग यो शर्त गरेका थिए– तिमीले मेरो कुनै अप्रिय कार्य गऱ्यौ भने म तिमीलाई त्यसै क्षण छाडिदिनेछु । एक समयको कुरा हो, ऋषि आफ्नी धर्मपत्नीको काखमा शिर राखिरहेका थिए, उनलाई निद्रा लाग्यो । देख्ता-देख्तै सूर्यास्तको समय भयो । तर ऋषि जागेनन् । ऋषिपत्नीले सोचिन्– 'सायंसन्ध्याको समय भयो, यदि यिनलाई जगाइदिऊँ भने रिसाएर मलाई त्याग्नेछन्, नजगाऊँ भने

सन्ध्याको समय टरेपछि ऋषिको धर्मलोप हुन्छ । धर्मप्राण ऋषिपत्नीले अन्तमा यो निर्णय गरिन्– भलै पतिदेवले मलाई त्यागून् पतिदेवको धर्मको रक्षा गर्नु मेरो कर्तव्य हो, यो सोचेर उनले पतिलाई जगाइन् । ऋषिले आफ्नो इच्छाविरुद्ध जगाएकोले रिस प्रकट गरे र आफ्नो पूर्वप्रतिज्ञाको स्मरण गराउँदै पत्नीलाई छाड्न तत्पर भए । जगाउनाको कारण बताएपछि ऋषिले भने– 'हे मुग्धे ! तिमीले यतिका वर्ष मेरो साथ रहेर पनि मेरो प्रभाव बुझिनौ, मैले आजसम्म कहिल्यै सन्ध्याको अतिक्रमण गरेको छु ? मैले अर्घ्य नदिई के आज सूर्य भगवान् अस्ताउन सक्नुहोला ? कहिल्यै सक्नुहुन्न ।

शक्तिरस्ति न वामोरु मयि सुप्ते विभावसोः ।
अस्तं गन्तुं यथाकालमिति मे हृदि वर्तते ॥

–महाभारत, आदिपर्व

'हे सुन्दरी ! सूर्यमा यति शक्ति छैन, कि म सूतिरहूँ र उनीचाहिं निश्चित समयमा मेरो अर्घ्य नलिईकन अस्ताऊन् । मेरो हृदयमा यस्तो दृढ विश्वास छ ।' वास्तवमा नै जुन भक्तको उपासनामा यति दृढ निष्ठा हुन्छ, सूर्य भगवान् उसको इच्छाको विरुद्ध कुनै कार्य गर्नुहुन्न । हठी भक्तको लागि भगवान्ले आफ्नो नियम पनि तोड्नुपर्ने हुन्छ ।

सन्ध्याको प्रधान अङ्ग गायत्रीजप हो । गायत्रीलाई हाम्रो शास्त्रमा वेदमाता भन्दछन् । गायत्रीजपको शास्त्रमा ठूलो महिमा छ । मनुले भनेका छन्–

यो धत्तेऽहन्यहन्येतांस्त्रीणि वर्षाण्यतन्द्रितः ।
स ब्रह्म परमभ्येति वायुभूतः खमूर्तिमान् ॥ (२–८२)

जो पुरुष प्रतिदिन आलस्य त्यागेर तीन वर्षसम्म गायत्रीको जप गर्छ, त्यो मृत्युपछि वायुरूप हुन्छ र त्यसपछि आकाश झैं व्यापक भएर पर ब्रह्ममा प्राप्त हुन्छ ।

महाभारत शान्तिपर्व-(मोक्षधर्म)- को १९९ देखि २०० अध्यायमा गायत्रीको महिमाको एक बडो सुन्दर उपाख्यान पाइन्छ । कौशिक गोत्रमा उत्पन्न भएका पिप्पलादका छोरा एक ठूला धर्मनिष्ठ तपस्वी ब्राह्मण थिए । उनी सधैं गायत्रीजप गर्थे । लामो समयसम्म लगातार गायत्रीजप गरेपछि सावित्रीदेवीले उनलाई साक्षात् दर्शन दिएर भनिन्– 'म तिमीदेखि प्रसन्न छु' । परन्तु त्यसवेला ती तपस्वी जप गरिरहेथे, उनी चूपचाप जप गर्दै रहे, सावित्रीलाई कुनै जवाफ दिएनन् । वेदमाता सावित्रीदेवी उनको

यो जपनिष्ठा देखेर अझै बढी प्रसन्न भइन् र उसको जपको प्रशंसा गर्दै उभिइरहिन् । जसको साधनामा साध्य चाहे छुटोस्, परन्तु साधन छुट्न हुन्न भन्ने दृढ निष्ठा हुन्छ, त्यसबाट साधन त छुट्दैन, साध्य पनि श्रद्धा र प्रेमले गर्दा त्यसको पछिपछि उसको इशारामा नाचिरहन्छ । साधननिष्ठाको यस्तो महिमा छ । जपको सङ्ख्या पूरा भएपछि त्यो धर्मात्मा ब्राह्मण खडा भयो र देवीको पाउमा परेर उसले प्रार्थना गऱ्यो– 'ममा तपाईं प्रसन्न हुनुहुन्छ भने कृपा गरेर मलाई यो वरदान दिनुहोस्– 'मेरो मन निरन्तर जपमा लागिरहोस् र जप गर्ने मेरो इच्छा उत्तरोत्तर बढ्दै जाओस् ।

ब्राह्मणको यो निष्काम जपनिष्ठा देखेर भगवती अत्यन्त प्रसन्न हुनुभयो र **तथाऽस्तु** भनी अन्तर्धान हुनुभयो ।

ब्राह्मणले फेरि जप थाले । धेरैकालसम्म जप गरिसकेपछि पुरश्चरण समाप्त भयो र साक्षात् **धर्म** प्रसन्न भएर ब्राह्मणलाई दर्शन दिए । उनले स्वर्गादिलोक माग्न भने । परन्तु ब्राह्मणले धर्मलाई उत्तर दिए– 'मलाई सनातन लोकसित के मतलब ! म त गायत्रीजपबाट आनन्द लिन्छु । यत्तिकैमा **काल** (आयुको प्रमाण तोक्ने देवता), **मृत्यु** (प्राणलाई छुटाएर लैजाने देवता) र **यम** (पुण्य-पापको फल दिने देवता) पनि तपस्याको प्रभावले त्यहाँ आइपुगे । यम र कालले पनि उनको तपस्याको प्रशंसा गरे । त्यसै वेला तीर्थयात्राको लागि निस्केका राजा इक्ष्वाकु पनि त्यहीं आए ।

राजाले ती तपस्वी ब्राह्मणलाई धेरै धन दिन चाहे । परन्तु ब्राह्मणले भने– 'मैले त प्रवृत्तिधर्म त्यागेर निवृत्तिधर्म अँगालिसकेको छु । अतः मलाई धनको आवश्यकता छैन । तपाईं केही चाहनुहुन्छ भने मसँग माग्न सक्नु हुन्छ । म आफ्नो तपस्याको प्रभावद्वारा तपाईंको कुन सेवा गरूँ ।

राजाले ती तपस्वी मुनिसँग जपको फल मागे । तपस्वी ब्राह्मण आफ्नो जपको पूरा फल राजालाई दिन तैयार भए । तर राजा त्यो स्वीकार गर्न हिचकिचाए । निकै बेरसम्म दुवैमा विवाद भइरह्यो । ब्राह्मण सत्यको दुहाई दिंदै मागेको वस्तु स्वीकार गर्नुपर्छ भन्थे भने राजा क्षत्रियत्व दुहाई दिई त्यो लिंदा धर्मको हानि हुने आशङ्का व्यक्त गर्थे ।

अन्तमा ती दुईका बीच सम्झौता भयो– ब्राह्मणको जपको फल राजाले स्वीकार गर्ने र त्यसको सट्टामा राजाको पुण्यफल ब्राह्मणले स्वीकार गर्ने । उनको यो निश्चय जानेर विष्णु आदि देवता त्यहाँ उपस्थित भए र दुवैका कार्यको प्रशंसा गरे ।

आकाशबाट पुष्पवृष्टि हुन थाल्यो । अन्तमा ब्राह्मण र राजा दुवै समाधिमा स्थित ठूलो भए । त्यसवेला ब्राह्मणको ब्रह्मरन्ध्रबाट एक निकै ठूलो तेजको पुञ्ज निस्क्यो र सबैले देख्तादेख्तै स्वर्गतर्फ लाग्यो र त्यहाँबाट ब्रह्मलोकमा प्रवेश गऱ्यो । ब्रह्माले त्यस तेजको स्वागत गरेर भने– 'अहा ! जुन फल योगीहरूलाई मिल्छ त्यही फल जप गर्नेलाई पनि मिल्छ ।' यसपछि ब्रह्माले त्यस तेजलाई नित्य आत्मा र ब्रह्मको एकताको उपदेश गरे । तब त्यस तेजले ब्रह्माको मुखमा प्रवेश गऱ्यो र राजाले पनि ब्राह्मणकै जस्तै ब्रह्माको शरीरमा प्रवेश गरे । यसप्रकार शास्त्रमा गायत्रीजपको महान् फल बताइएको छ । जप तीन प्रकारका छन्– **वाचक, उपांशु** र **मानसिक** । पहिलोभन्दा दोस्रो र दोस्रोभन्दा तेस्रो अझ अधिक लाभदायक मानिएको छ । अर्थात् वाचकको अपेक्षा उपांशु, उपांशुको अपेक्षा मानसिक जप लाभदायक छ, जप जति बढी भयो त्यति नै विशेष लाभदायक हुन्छ ।

संसारमा अनेक सम्प्रदाय (Religion) र मत-मतान्तर फैलिरहेका छन् । तर धर्मरहस्य जति आर्यशास्त्रमा गुप्त वा प्रकट भावले छ, त्यति अन्य प्रजाहरूका धर्मग्रन्थमा या सम्प्रदायमा छैनन् । यहाँ व्यवहारमा सानोभन्दा सानो र ठूलोभन्दा ठूलो कार्यमा पनि आत्मोन्नति-श्रेयको निम्ति कुनै न कुनै अंश राखिएकै हुन्छ । यद्यपि मानिस यो रहस्य बुझ्दैन, तथापि लोकाचारमा यसको व्यवहार हुन्छ नै । नबुझी गरिएको कार्यले पनि केही फल दिन्छ नै । अन्य देशवासी यस कुरालाई भ्रम आदि भनेर निन्दा गर्छन् र आधुनिक रङ्गमा रङ्गिएका हाम्रा भाइ पनि उनीहरूका कुरामा लागी बरालिन्छन्, तथापि शुद्ध आर्यसन्तान आफ्नै रहस्यले भरिएको प्रचलन वा संस्कृति-सभ्यतालाई त्याग्दैनन्; किन्तु यस्तो ठान्छन्– मेरो बुद्धि यो रहस्य बुझ्न सक्तैन तापनि ऋषिहरूले समाधिजनित शुद्ध बुद्धि (**ऋतम्भरा प्रज्ञा**)– द्वारा जो निर्णय गरेका छन् त्यो कहिल्यै निष्फल हुँदैन । यदि ती शुद्धात्माहरूको बुद्धिअनुसार हामी पनि शुद्धतामा प्राप्त भयौं भने हाम्रो लागि पनि उनको रहस्य बुझ्न कठिन हुनेछैन । आर्य प्रजाहरू आफ्नो बुद्धिको अपेक्षा ऋषिहरूको बुद्धिमा अडिग अठोट भएका हुन्छन् । आर्य प्रजाको व्यवहारमा व्यावहारिक उन्नतिलाई परम-सुखस्वरूप ठान्ने या अन्तिम फल ठान्ने भाव रहँदैन । आर्य-सन्तानहरूको यो नैसर्गिक वा स्वाभाविक गुण हो । वर्तमानमा समय र संसर्गको प्रभुत्वबाट हाम्रो आर्यभावमा केही शिथिलता आएको भान हुन्छ, तथापि आफ्नो संस्कृति र सभ्यतालाई संरक्षित राख्ने मानिसको पनि कमी छैन । अहिलेसम्म यस्ता धेरै मानिस छन्, जो आफ्नो सांसारिक व्यवहार चलाउँदै आफ्नो आद्य स्वरूपलाई लक्ष्य बनाइरहेका छन् । खानु, पिउनु,

पहिरनु, गृहकार्य, गर्नु, चुल्लाको मुख कतातर्फ राख्नु, सुत्ने वेलामा शिर-पाउ कता कुन दिशामा राख्नु आदि कार्यमा जो विधि छ, यी सबै आत्मिक भावतर्फ लैजाने हुन् र अन्तः करण-शुद्धिका हेतु हुन्। आत्मिक रहस्यको अंशलाई छाडेर भौतिक उन्नतिलाई ग्रहण गर्नु तेल छाडेर पिना रोज्नु जस्तै हो। द्विजातिलाई सन्ध्या गर्न शास्त्रले जो आज्ञा दिएको छ, त्यसमा पनि गूढ रहस्य छ। दुई समयको एक ठाउँमा मेल हुनुलाई सन्धि भनिन्छ वा दुईको विग्रहको विवृत्ति पनि सन्धि हो। मुख्य-सन्धि सूर्योदय र सूर्यास्तका हुन्। रात्रि व्यतीत हुनु र सूर्यको उदय हुनुको तैयारी प्रातः सन्धि हो र सूर्य अस्ताउनु र रात्रिको आगमनको तैयारी सायंसन्धि हो। सन्धि अँध्यारो र उज्यालोको अन्वय भएको र उनका भिन्न भावले रहित हुन्छ। सन्धिमा समानता हुन्छ। अँध्यारो अज्ञानरूप र उज्यालो ज्ञानरूप हुन्छ। यी दुवैको सम अवस्था सन्धि हो। जसमा ज्ञान र अज्ञानको स्थिति छ, जो ज्ञान र अज्ञान दुवैको स्वरूप हो, जो सम छ– यस्तो आत्मतत्त्वको बोध सन्धिमा हुन्छ। जुन अधिष्ठानमा रागद्वेष अध्यस्तसमान भएर अनिर्वचनीय जस्तो प्रतीत हुन्छ, त्यही अधिष्ठानस्वरूप परब्रह्मतर्फ लैजाने सन्ध्या हो। जो एक- अर्कालाई जोड्छ वा मिलाइदिन्छ, त्यसलाई सन्धि भन्दछन्। जसरी चुँडिएको धागोलाई जोड्नु सन्धि हो, त्यसै प्रकारले छुट्टिएको आत्मभाव जोडिएको भान हुनु पनि सन्धि हो। अर्थात् स्वरूपको अज्ञानबाट स्वरूपको विग्रहको जो प्रतीति भइरहेछ उसै स्वरूपको अज्ञानरूप विग्रहको निवृत्ति र स्वरूपको प्राप्तिरूप सन्धिलाई नै सन्ध्या भन्दछन्। व्यावहारिक मानिसहरूका वा तीनै वर्णहरूका र तीनै आश्रममा रहनेहरूको कर्तव्यरूप सन्ध्या हो। सन्ध्यामा मुख्य क्रिया स्थूल र सूक्ष्म भेदबाट दुई प्रकारका छन्। **प्राणायाम** आदि क्रिया **स्थूल** हुन् र मन्त्रमा मुख्य रूप गायत्रीको मननरूप **सूक्ष्म** हो। सन्ध्यामा प्राणायाम, पूरक,कुम्भक र रेचक भेदले त्रिपाद हुन्छ र गायत्री पनि त्रिपाद हुन्छ वा सन्ध्याको मन्तव्य तीन प्रकार तीन पादको छ र सबको अधिष्ठान परब्रह्म चतुर्थपाद अमात्र स्वरूप छ। त्रिपाद व्यावहारिक मानिसले बुझ्नुपर्ने कुरो हो। चतुर्थ ज्ञानीहरूको साक्षिस्वरूप छ। कर्म, उपासना र ज्ञान त्रिपाद छ। गायत्री पनि स्थूल, सूक्ष्म र कारण तीन प्रकारका भावले युक्त छ। गायत्रीको वर्णस्वरूप तीनपाद स्थूल छन्– भूः, भवः, स्वः सूक्ष्म छन् र ॐकार, कारणरूप छ। **अकार, उकार, मकार** र चतुर्थ **अमात्र**सहित **ॐकार कारण हो। ॐकार परब्रह्म हो। भूः, भुवः र स्वः ऋक्, यजु र सामवेद हुन् र गायत्री वेदहरूको विस्ताररूप ब्रह्माण्ड हो। तीनै वेदहरूका बीजरूप भूः, भुवः र स्वः हुन्, ॐकार तीनै व्याहृति र गायत्रीका तीनै पाउलाई मिलाएर गायत्रीलाई वेदको**

मुख जान्नुपर्छ। चारै मात्रासहित ॐकार कारणरूपले ब्रह्मको वाचक हो र ब्रह्म वाच्य हो। भूः, भुवः, स्वः सूक्ष्मरूपले ब्रह्मको वाचक हो र ब्रह्म वाच्य हो। यसकारण गायत्रीभन्दा ठूलो अर्को कुनै मन्त्र छैन। अनादिकालदेखि नै ऋषि-मुनिहरूले गायत्रीको जप र मनन गर्दै आएका छन्। यसकारण पनि गायत्रीको प्रभाव विशेष छ। जुन-जुन ऋषि-मुनिहरूले गायत्रीको जप-मनन गरे, उनीहरूको प्रभाव पनि गायत्रीमन्त्रमै मिल्यो। यसकारण गायत्रीको अनन्त प्रभाव छ। अतः गायत्रीको निरन्तर जप गर्नाले अन्तःकरण-शुद्धिद्वारा परमपद प्राप्त हुन्छ।

ॐ तत्सवितुर्वरेण्यम्– गायत्रीको प्रथम पाद हो, **भर्गोदेवस्य धीमहि**– दोस्रो पाउ हो र **धियो यो नः प्रचोदयात्**– तेस्रो पाउ हो। अर्थ– 'जो ब्रह्म हो, सर्वाधार, दुःखहरूको निवृत्ति गर्न समर्थ छ, व्यापक छ, सब जगत्को स्रष्टा छ र ऐश्वर्यको दाता छ– यस्तो स्वीकार गर्न योग्य, अतिश्रेष्ठ सुख दिनेलाई हामी धारण गर्छौं, जो ब्रह्म चैतन्य परमतेज अन्तर्यामी रूपले हाम्रा बुद्धि-वृत्तिहरूलाई शुद्ध बनाउने प्रेरणा गरून्।'

गायत्री मन्त्रको उपयोग अनुष्ठान, जप, मन्त्र-तन्त्रादिमा पनि हुन्छ र चित्तको एकाग्रताको श्रद्धानुसार फल मिल्छ। ज्ञानीहरूको स्थिति गायत्रीका तत्त्वमा रहन्छ। उपासकहरूलाई उसको रहस्य उपास्य छ र कर्मनिष्ठहरूलाई कर्मको फलदाता देवता गायत्री हुन्। जसको जस्तो ज्ञान र जति श्रद्धा हुन्छ त्यसैअनुसार त्यो फल अथवा परमपद प्रदान गर्ने हुन्छ। जसको जस्तो कर्म छ, ज्ञान छ, त्यसैअनुसार त्यसलाई फलको प्राप्ति र स्थिति हुन्छ। जो तीन थोक छ, उसलाई एक ठान्नु गायत्रीको लक्ष्य हो। उत्पत्ति, स्थिति र क्षय हुँदा-हुँदै पनि एउटैमा हुनाले एक नै स्वरूप हो –यही गायत्रीको लक्ष्य हो। अद्वैत ब्रह्म नै गायत्रीको लक्ष्य हो। सम्पूर्ण जगत्को भिन्नतालाई तीनमा बाँडेर तीनस्वरूप बताइएको छ। ती तीनमा एक भएको जो सदा अविकारी स्वरूप छ– त्यही गायत्रीको लक्ष्य हो। जो तत्त्वद्वारा गायत्रीलाई जान्दछ, मान्दछ, बुझ्दछ र निश्चय गर्छ, त्यो परमपदमा प्राप्त हुन्छ। अनेकताको मिलान एकतामा गर्नु नै गायत्रीको रहस्य हो, यसद्वारा परमपदको प्राप्ति हुन्छ।

उपासनामा ध्यानको नै मुख्य स्थान हुन्छ। भेद र अभेद दुवै निष्ठामा ध्यान सबभन्दा आवश्यक र महत्त्वपूर्ण साधन हो। भगवान्ले पनि **श्रीमद्भगवद्गीतामा** ध्यानको बडो महिमा गाउनुभएको छ। जहाँ-जहाँ ध्यानको उच्चतम उपदेश छ त्यहाँ-त्यहाँ उनले मनलाई आफूमा प्रवेश गराउनको लागि अर्जुनलाई आज्ञा गरेका

छन् । योगशास्त्रमा ध्यानको अति उच्च स्थान छ । ध्यानका अनेक प्रकार छन् । साधकले आफ्नो रुचि, भावना र अधिकारअनुसार तथा अभ्यासको सुगमता हेरेर कुनै एक प्रकारबाट ध्यान गर्नुपर्छ । ध्यान गर्दा निर्गुण निराकार र सगुण साकार भगवान् वास्तवमा एकै हुन् भन्ने सम्झनुपर्छ । परमात्माका अनेक दिव्य प्रकाशमयस्वरूप छन् । हामी तिनमध्ये कुनै एकस्वरूपलाई पक्रेर परमात्मालाई प्राप्त गर्न सक्छौं । किनभने वास्तवमा परमात्मा त्यससँग नै छन् । भगवान्को परमभावलाई बुझेर कुनै पनि प्रकारले उहाँको ध्यान गरियोस्, अन्तमा प्राप्ति एकै भगवान्को हुनेछ– जो सर्वथा अचिन्त्य शक्ति अचिन्त्यानन्तगुणसम्पन्न, अनन्तदयामय, अनन्तमहिम, सर्वव्यापी, सृष्टिकर्ता, सर्वरूप, स्वप्रकाश, सर्वात्मा, सर्वद्रष्टा, सर्वोपरि, सर्वेश्वर, सर्वज्ञ, सर्वसुहृत्, अज, अविनाशी, अकर्ता, देश -कालातीत, सर्वातीत, गुणातीत, रूपातीत, अचिन्त्यस्वरूप र नित्य स्वमहिमामा प्रतिष्ठित सदसद्-विलक्षण एकमात्र परम र चरमसत्य हुन् । अतः साधकले यताउति मन लगाएर आफ्नो इष्ट रूपमा महान् आदरबुद्धि राख्तै परमभावद्वारा उनैको ध्यानको अभ्यास गर्नुपर्छ ।

माथि जुन कुरा साकार उपासनाविधिको वर्णन गरिएको छ, त्यो सगुण उपासना नै हो । उपास्य आकृति भएको हुनाले उपासना साकार भनिन्छ । सगुण उपासना गुणहरूको सूक्ष्म आकृतिले युक्त छ । **अनेक प्रकारका गुणहरूसहित ईश्वरको आराधना गर्नुको नाम सगुण उपासना हो ।** मायोपहित समष्टि चेतन ईश्वर हो । यस ईश्वरको अथवा उसको अवस्थाविशेषको उपासना सगुण उपासना हो । गुण मायिक छन् । परन्तु ईश्वर माया र त्यसका गुणहरूको दबावले रहित छन् । जीवको अपेक्षा ईश्वर सर्वज्ञ छन् । यसकारण जीवभाव भएकाको लागि ईश्वर उपास्य छन् । ईश्वरको जाग्रत् अवस्था जो विराट् नामले चिनिन्छ, त्यसको अभिमान गर्ने ईश्वर वैश्वानर हुन् । त्यसको उपासना सगुण उपासना हो र जब जीव आफूलाई वैश्वानरबाट भिन्न नराखीकन अभेद उपासना गर्छ, तब त्यो **सगुण अभेद उपासना** भनिन्छ र जब उपासक भिन्न रहेर उपासना गर्छ तब त्यो **सगुण भेद उपासना** भनिन्छ । यसप्रकार हिरण्यगर्भ, जो ईश्वरको सूक्ष्म शरीरका अभिमानी छन्, उसको पनि उपासना हुन्छ । समष्टि कारणका अभिमानी ईश्वर हुन् । उनको पनि उपासना हुन्छ । भेद उपासनाबाट उपासकलाई ऐश्वर्यको प्राप्ति हुन्छ र अभेद उपासकलाई उपासनानुसार वैश्वानर, हिरण्यगर्भ अथवा ईश्वरको प्राप्तिरूप फल प्राप्त हुन्छ । **अभेद उपासनालाई शास्त्रमा अहंग्रह उपासना पनि भन्दछन् ।**

माथि उल्लेख भएका सबै सगुण उपासनाहरू कार्यब्रह्मको उपासनारूप हो । **निर्गुण उपासना कारण ब्रह्मको उपासना हो** । सगुण उपासकलाई यथार्थ उपासनाद्वारा ब्रह्मलोक प्राप्त हुन्छ । ब्रह्मलोकको प्राप्तिरूप अपरा विद्या हो र ब्रह्मप्राप्तिरूप परा विद्या हो । अर्थात् कार्यब्रह्म अपरब्रह्म हो र कारण परब्रह्म हो । परमात्मबुद्धिद्वारा ॐकारोपासना, गायत्रीको उपासना, दहर-ब्रह्मोपासना आदि जब कार्यब्रह्मका आश्रय लिएर गरिन्छ, तब त्यो **सगुण उपासना** हो र जब गुण गुणीलाई छाडेर केवल परब्रह्मलाई अहंग्रह भावले गरिन्छ, तब त्यही **निर्गुण** हुन जान्छ ।

सगुण ब्रह्मवेत्ता पुरुषको सङ्कल्पमा प्राकृत पुरुषको सङ्कल्पमा भन्दा विलक्षणता हुन्छ। ब्रह्मलोक प्राप्त गराउने सङ्कल्प बलद्वारा नै त्यसमा प्रयोजनपर्यन्त भोग र भोगका साधनको स्थिरता सम्भावित हुन्छ । त्यो विद्वान् अन्य अधिपतिले रहित हुन्छ र स्वतन्त्र गतिले सबै गतिमा लोक घुम्न सक्छ । किनभने ईश्वरको धर्म नै त्यस विद्वान्मा आविर्भूत हुन्छ । त्यसको सङ्कल्पको भङ्ग हुँदैन । ऊ जब शरीरको सङ्कल्प गर्छ तब शरीरवाला र जब अशरीरको सङ्कल्प गर्छ, तब अशरीरी हुन्छ । शरीरको अभावमा पनि सपनासमान भोग सम्भव छ, त्यो जे-जस्तो सङ्कल्प गर्छ सबै सिद्ध हुन्छ । जगत्को उत्पत्ति, पालन र संहार बाहेक सबै विभूति ईश्वरकै बराबर उसलाई प्राप्त हुन्छन् । प्रलयकालमा जब हिरण्यगर्भको लोकको नाश हुन्छ, तब उपासकलाई ज्ञान भएर विदेह कैवल्य प्राप्त हुन्छ । निर्गुण वा कारणब्रह्मको उपासकलाई सद्योमुक्ति प्राप्त हुन्छ, त्यसलाई ब्रह्मलोकको प्राप्तिरूप क्रममुक्तिमा जानुपर्दैन, किन्तु सबैको अन्तिम जो ज्ञानको फलरूप मोक्ष हो त्यो प्राप्त हुन्छ । उपासक कारणब्रह्मको उपासना गर्छ र ब्रह्मलोकको ऐश्वर्यमा त्यसको भाव छ भने त्यो कारणब्रह्ममा प्राप्त हुँदैन, तर कार्यब्रह्ममा नै प्राप्त हुन्छ । यो प्रतिबन्ध छैन भने कैवल्य प्राप्त गर्छ । वेदान्तमा यद्यपि निर्गुण अहंग्रहरूप कारणब्रह्मको उपासना पनि भ्रमरूप नै मानिएको छ, तापनि फल भ्रमको हुँदैन, किनभने पदार्थको ज्ञान नभए पनि जब कुनै सच्चा पदार्थतर्फ सच्चा भाव दौडन्छ, तब ब्रह्मलाई पदार्थको प्राप्ति त भइहाल्छ । यसै प्रकारले नजानीकन पनि जब शुद्ध भाव र श्रद्धाले परब्रह्मतर्फ लाग्छ, तब परब्रह्मलाई नै प्राप्त गर्छ, यसैलाई संवादी वा कार्यकारी भ्रम भनिन्छ । संवादी भ्रम भ्रम भए पनि उसको फल यथार्थ हुन्छ । श्रवण-मननपछि जो निदिध्यासन हुन्छ, त्यही कारणब्रह्मको उपासना हो । जब बुद्धिको मन्दताले गर्दा त्यसमा स्थिरता हुँदैन, तब उतैको लक्ष्य राख्तै **ब्रह्माऽस्मि**को जो जप गरिन्छ

त्यो पनि अहंग्रह निर्गुण उपासना हो। लयचिन्तनद्वारा अथवा तल-तल रहने तत्त्वहरूलाई लय गर्दै माथि-माथि रहने तत्त्वहरूको चिन्तन गर्दै अन्तिम तत्त्वमा पुग्नु अथवा अन्वय-व्यतिरेकद्वारा अथवा अरू कुनै प्रकारले पनि जो निदिध्यासन गरिन्छ, त्यो सबै निर्गुण उपासनारूप नै हो। निर्गुण उपासना, ब्रह्मोपासना र ॐकारोपासनाको विस्तृत वर्णन अगाडि योग र वेदान्तको प्रकरणमा गरिनेछ। सगुण ध्यानविधिको संक्षिप्त वर्णनपछि अब भक्तिको विषयमा मनोवैज्ञानिक दृष्टिले केही विचार गर्छौं।

भक्ति-मनोविज्ञान– हिन्दू-संस्कृतिमा भक्तिको महत्त्वपूर्ण स्थान छ। हाम्रो साहित्य, सङ्गीत एवं विविध कलामा पनि भक्तिरसको अमिट छाप छ। हाम्रो मातृभूमिका मनोहर मन्दिर, कुम्भहरू जस्ता ठूला मेला, तिहार, पर्वहरूका यात्रा र जागरण तथा विशाल स्तूप, स्तम्भहरू भक्तिको भव्यताका साकार रूप हुन्। **श्रीमद्-भागवत**मा स्वयं भगवान्लाई **भक्तभक्तिमान्** र **भक्तपराधीन**को रूपमा उल्लेख गरिएको छ। सीताको व्यथाबाट पीडित भएका महाकवि भवभूति आफ्नो **उत्तर-रामचरित** नाटकमा–**एको रसः करुण एव निमित्तभेदाद् भिन्नःपृथक् पृथगिवाऽऽश्रयते विवर्तान्** भनेर करुणरसभित्र शृङ्गारादि अरू आठै रस समाविष्ट गर्छन्। मनोविज्ञान पनि भक्तिलाई रसराशि सिद्ध गर्छ। भक्ति मनको एक वृत्ति वा भाव हो। **श्रीशङ्कराचार्य सूत्रभाष्य (२-४-६)**-मा लेख्छन्– **मनस्त्वेकमनेकवृत्तिकम्** अर्थात् मनका अनेक वृत्तिहरू छन्। मनोविज्ञान मनका मुख्य वृत्तिहरू तीन मान्दछ– 'ज्ञान, भावना र क्रिया। यी तीनमध्ये प्रत्येकका अनेक शाखा छन्। यस वृत्तिमयीको विशेषता यो हो कि जुनसुकै मानसिक अवस्था होओस् त्यसमा यी तीन कुराको अविच्छिन्न साहचर्य तथा कुनै एकको प्रधानता रहन्छ। जस्तै राज्यमा प्रधानमन्त्रीको साथमा अरू मन्त्रीहरू सहयोगपूर्वक काम गर्छन् त्यस्तै एक वृत्तिको प्राधान्यमा अन्य दुई वृत्ति पनि सामञ्जस्यपूर्वक व्यवहार गर्छन्। उदाहरणको लागि जो पुरुष **स्वान्तःसुखाय** मीराको भजन गर्दछ, त्यसको वृत्तिमा प्रधानता त भावनाकै हुन्छ, तर उसमा पदहरूको बोध हुने तथा गानाका रूपमा शारीरिक चेष्टाहुने हुनाले अन्य दुवै वृत्तिहरू गौण रूपले विद्यमान रहन्छन्। फुटबल खेल्दा खेलाडीको वृत्तिमा क्रियाको मुख्यता रहन्छ र साथै भकुन्डो फ्याँकेर गोल गर्ने लक्ष्यको ज्ञान निरन्तर रहिरहन्छ र सफल प्रयासमा आनन्द आउँछ, विफल भएमा दुःखको अनुभव हुन्छ। यसै प्रकारले कुनै विद्वान्द्वारा **श्रीमद्भगवद्गीता**को व्याख्या सुन्दा ज्ञानवृत्तिको प्रधानता रहन्छ। तर व्याख्यानमा ध्यान दिंदा र सुन्दा मिल्ने आनन्दमा अन्य

वृत्तिहरू निरन्तर सम्पर्क राख्छन् । सारांशमा नियम यो हो– समष्टि रूपमा तीनै वृत्तिको समाहार प्रत्येक मानसिक व्यापारमा रहन्छ र व्यष्टिरूपमा कुनै एक वृत्ति प्रमुख रहन्छ। प्रमुखताका अनुसार नै अनेक वृत्तिहरूको वर्गीकरण तीन मुख्य वृत्तिअन्तर्गत गरिन्छ (मनोविज्ञानका यी तीन वृत्तिहरूका मूल कारणमा शास्त्रकारले सत्त्व, रज र तम यी परस्पर मिथुनधर्मी तीन गुणको नाम दिएका छन्) । भक्तिमा भावनाको प्रधानता हुनाले त्यो रस मुख्य वृत्तिअन्तर्गत रहन्छ । भक्तितत्त्वलाई राम्रोसँग बुझ्न जान्नु आवश्यक छ– भावनाअन्तर्गत कुन र कस्ता वृत्तिहरू शाखाहरूको रूपमा रहन्छन् ? छोटकरीमा यी वृत्तिहरूलाई यसरी विभक्त गर्न सकिन्छ–

(१) **देहात्मक,** यथा–सर्दी, गर्मी, भोक, प्यास आदि ।

(२) **आवेशात्मक,** यथा–भय, क्रोध आदि ।

(३) **रसात्मक,** यथा–प्रेम, श्रद्धा आदि ।

भावनावृत्तिको सङ्ख्या अन्य दुई मुख्य वृत्तिको तुलनामा निकै बढी छ । आवेशात्मक वृत्तिहरूमा रूप, शोक, भय, काम, क्रोध, लोभ, आशा, ईर्ष्या, घृणा, गर्व, दया, सहानुभूति, ममता इत्यादि सम्मिलित छन् । असल र खराब कर्मको मूलमा यी भावनावेशहरूको प्रेरणा रहन्छ । मानिस कसको प्रेरणाबाट पाप गर्छ , अर्जुनको यस प्रश्नको उत्तरमा भगवान्ले भन्नुभएको छ–

काम एषः क्रोध एष रजोगुणसमुद्भवः ।

–श्रीमद्भागवत ३।३७

आसुरी भावनाले गर्दा नै संसारमा अनेक युद्ध भएका छन् र अगाडि पनि हुँदै जानेछन् । भावनावेशको तुलना आँधीबेरी सँग गरिन्छ । यो प्रचण्ड पवनजस्तै मनस्ताप दिई सारा शरीरलाई प्रकम्पित तुल्याउँछ । उदाहरणको लागि विकासवादका प्रतिपादक श्रीडार्विनले भयले गर्दा जो लक्षण शरीरमा प्रकट हुन्छन् त्यसको रोचक वर्णन (सारांशमा) यसप्रकार गरेका छन्– 'आँखा र मुख फैलिन्छन्, आँखीभौं उठ्छन्, हृदय तेजले धड्कन थाल्छ र मुखको वर्ण पहेंलो बन्छ, रौं ठाडा हुन्छन्, र शरीर काम्न थाल्छ, मुख सुक्छ र बोली अस्पष्ट हुन जान्छ । सास फेर्न कठिन हुन्छ । भयभीत पुरुष कि त तत्काल भाग्छ वा उसको गोडा जमीनमा टाँसिएजस्ता हुन्छन् ।' (Expression of Emotions– Charles Darwin) प्रत्येक भावावेशमा केही न केही अभिव्यक्ति हुन्छ। भावा-वेशमा श्री गौराङ्ग महाप्रभु र रामकृष्ण परमहंस कहिले हाँस्न थाल्थे त कहिले रुन थाल्थे । प्रभुप्रेमको मात लागेकी मीराको पनि यही हालत थियो–

श्रीमद्भागवतमा स्वयं भगवान्ले उद्धवसँग भन्नुभएको छ–

वाग् गद्गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च ।
विलज्ज उद्गायति नृत्यते च मद्भक्तियुक्तो भुवनं पुनाति ।। (११।१४।२४)

अर्थात् जसको वाणी गद्गद हुन्छ, हृदय पग्लन्छ, जो कहिले रुन्छ, कहिले जोडसँग हाँस्छ, कहिले निर्लज्ज बनेर गाउन थाल्छ । कहिले नाच्न थाल्छ, यस्तो मेरो भक्त संसारलाई पवित्र पार्छ । यस्ता लक्षणलाई साहित्यिक भाषामा **अनुभाव** भन्दछन् ।

यहाँ यो प्रश्न उठ्न सक्छ– भक्तिमान् पुरुषको शरीरमा उद्वेगजन्य लक्षण किन प्रकट हुन्छन् ? मानिस दुःखमा रुन्छ, सुखमा नाच्छ, गाउँछ, यस प्रश्नको उत्तर दिन हामीले भावनाहरूको आवेश (Emotion) र रस- (Sentiment)-को गम्भीरता-पूर्वक विचार गर्नुपर्छ ।

आवेश वा आवेग भावनाको बाफ हो । यो प्रकृतिको विधान नै हो– मनोमय कोशमा विकार भएपछि त्यसको प्रतिक्रिया अन्नमय कोश वा स्थूल शरीरमा लक्षणहरू-द्वारा प्रकट हुन्छ । किनभने **प्रकृतिं यान्ति भूतानि** प्रत्येक रसमा अनेक आवेश अव्यक्त रूपमा रहन्छन् र अवसर आएपछि प्रकट हुन्छन् । प्रेमरसमा परिस्थितिअनुरूप कुन कुन आवेगहरूको प्रादुर्भाव हुन्छ, यो उदाहरणद्वारा स्पष्ट गरिन्छ । शकुन्तलालाई लालन–पालन गर्नुभन्दा पहिले महर्षि कण्व **जोरू न जाता, ईश्वरसे नाता** (स्वास्नी न सन्तान, नातामा भगवान्) आहानलाई चरितार्थ गर्दथे । **अभिज्ञान-शाकुन्तल** नाटकको चतुर्थ अङ्कको श्लोकचतुष्टयम्मा कालिदासले ऋषिको मुखबाट जो भाव व्यक्त गराएका छन्, त्यो छोरी-बिदाइ गर्दा हुने दुःखको अमर कथा हो । पहिलो श्लोकमा कण्वले भन्नुभएको छ–

यास्यत्यद्य शकुन्तलेति हृदयं संस्पष्टमुत्कण्ठया
कण्ठः स्तम्भितवाष्पवृत्तिकलुषश्चिन्ताजडं दर्शनम् ।
वैक्लव्यं मम तावदीदृशमहो स्नेहादरण्यौकसः
पीडयन्ते गृहिणः कथं न तनयाविश्लेषदुःखैर्नवैः ।।

अर्थात्– शकुन्तला आज घर जानेछिन् भन्ने विचारले मात्र पनि मेरो हृदय विषादयुक्त छ, आँसु रोकिंदैन, घाँटी अवरुद्ध छ । चिन्ताले गर्दा आँखा जडतुल्य छन् । स्नेहले गर्दा म जस्तो वनवासीको पनि यो अवस्था भएको छ भने गृहस्थहरू आफ्नी छोरीलाई बिदा गर्दा भएको वियोगजन्य नयाँ दुःख कसरी सहन्छन् ?

भवभूतिले सीताको विरहबाट व्याकुल रामको साथमा ढुङ्गालाई पनि रुवाएका छन्–

अपि ग्रावा रोदित्यपि दलति वज्रस्य हृदयम् ।

सारांश यो हो– प्रिय जनको मिलनमा हर्ष र त्यसको वियोगमा विषाद, त्यसको सफल प्रयासद्वारा उल्लास र विफल कार्यद्वारा निराशा, त्यसका उपकारप्रति राग र अपकारकप्रति रोष तथा त्यसको रोगमा नीरोग हुने आशा र अनिष्टको आशङ्का-द्वारा भय आदि आवेगहरूको अनुभूति हुन्छ । प्रेमरस यी आवेगहरूको सतत स्रोत हो, **स्थायी भाव** हो र आवेग **अनुभाव** हो, जो प्रिय जनको परिस्थितिअनुसार आउँदै जाँदै गर्छ । मनोविज्ञानका पण्डित-प्रवर श्यान्ड (Shand) रसलाई कुनै वस्तु वा व्यक्तिमा केन्द्रित आवेगात्मक प्रवृत्तिहरूको ग्रन्थि वा पद्धति (System) मान्छन् । मनोविज्ञानका धुरन्धर विद्वान् म्याक्डूगल (William Mc. Dougall's Social Psychology) भन्दछन्–

"प्रत्येक आवेग कुनै न कुनै सहजात प्रवृत्ति-(Instinct)-सँग सम्बन्ध राख्तछ ।" भयको आवेग तब आउँछ, जब आत्मरक्षाको नैसर्गिक प्रवृत्तिको प्रतिबन्ध प्रतीत हुन्छ । यसको लागि प्राणी–नर वा पशु यन्त्रवत् व्यवहार गर्छ । अनेक महान् पुरुष जो भावुक हुन्छन्, आवेशमा आएर विचित्र व्यवहार गर्न पुग्छन् । **श्रीमद्भगवद्गीता**को वास्तविक आरम्भ अर्जुनको आवेगात्मक अवस्थाबाट नै हुन्छ । अर्जुनजस्ता महारथी वीर पनि प्रियजनको प्रेमले गर्दा युद्धक्षेत्रका सेनाहरूको बीचमा आँसु खसाल्दै हतियार छाडेर बस्छन् । भक्तिमा प्रेमको प्रधानताले गर्दा विविध आवेगको उत्थान हुन्छ र भक्तको शारीरिक लक्षण त्यसको पहिचान हो । प्रेम भक्तिको प्राण हो । नारदजी भक्तिलाई **प्रेमरूपा** नै बताउँछन्– **स्नेहो भक्तिरिति** ।

भक्ति प्रेमरूप हुनाको साथै श्रद्धा–विश्वासरूपिणी पनि हो । जहाँ भक्ति छ त्यहाँ प्रेम, श्रद्धा र विश्वास अवश्य विद्यमान रहन्छ । **विनविश्वास भगति नहीं** (विश्वासविना भक्ति हुँदैन) भनिएको पनि छ । अमेरिकी मनोविज्ञानवेत्ता-(William James Principles of Psychology)-ले विश्वासलाई वास्तविकताको भाव (The Sense of Reality) बताएका छन् कुनै कुरामा विश्वास गर्नुको अर्थ यो हुन्छ– त्यो वस्तुतः विद्यमान छ । संशय वा सन्देह विश्वासको विरोध हो । यस संसारको सम्पूर्ण व्यवहारको आधार विश्वास हो । यसैको लागि **श्रीमद्भगवद्गीता**को वचन छ–

नाऽयं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ।

अर्थात् सन्देहशील पुरुषको लागि न यो लोक छ, न परलोक, अनि न सुख नै छ। हाम्रा सम्पूर्ण दर्शनहरूमा विश्वासकै बलमा नै शब्दलाई पनि प्रमाण मान्ने गरिएको छ। विश्वासको आश्रयमा नै ग्रन्थ, समाचार-पत्र, फिल्म, रेडियो र टेलिभिजन आधुनिक जगत्मा ज्ञानप्रसारका सबल र सफल साधन बनेका छन् । विश्वासको कति बल छ, यसको ज्वलन्त उदाहरण भक्तहरूको जीवनमा सिद्धिरूपमा प्रायः धेरै पटक देखिएको छ ।

श्रद्धाको आरम्भ विश्वासबाट नै हुन्छ । तर दुवैमा केही भेद छ । साधारणतया मालिक नोकरमा विश्वास राख्छ, तर श्रद्धा होइन । **जुन व्यक्तिमा नैतिक वा आध्यात्मिक उत्कृष्टता रहन्छ त्यो हाम्रो श्रद्धाका पात्र हुन्छ।** जुन नैतिक आदर्श मनमा अव्यक्त रहन्छ त्यो हाम्रो श्रद्धेय पुरुषमा साकार भएर प्रत्यक्ष हुन्छ । यस प्रकारको उत्कृष्टता - (Superiority) - मा विश्वास भएर पनि श्रद्धाको प्रादुर्भाव हुन्छ। तब त विश्वरूप दर्शनको पछि श्रद्धाले आप्लावित भएर अर्जुन श्रीकृष्णसँग प्रार्थना गर्छन्–

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं मया प्रमादात् प्रणयेन वाऽपि ।।

–श्रीमद्भगवद्गीता ११।४१

अर्थात्– मित्र सम्झेर यहाँको यो महिमा नजानेर भूलले या प्रेमले 'हे कृष्ण! हे यादव ! हे सखा ! 'भनी जे-जति मैले भनें त्यसको लागि यहाँसँग म क्षमा माग्छु।

क्याम्ब्रिज दर्शनशास्त्रका प्रोफेसर वार्ड - (James Ward Psychological Principles) - को मत छ–

'विश्वासमा हाम्रो भा ववास्तविक स्थिति–(Objective Situation)-मा आधृत हुन्छ। बाह्य जगत्मा जो पदार्थ छन् त्यसतर्फ हाम्रो ध्यान जान्छ, परन्तु श्रद्धामा हाम्रो आत्मनिष्ठ भाव (Subjective attitude) हुन्छ । आदर्शका विचार हाम्रो मनमा उठ्छन् । पुनर्जन्ममा विश्वास राख्नुको अर्थ हो– यस संसारमा पुनर्जन्म हुन्छ । अमुक पुरुषमा हाम्रो श्रद्धा हुनुको अर्थ हो– त्यो हाम्रो आदर्शको प्रतीक छ, अर्थात् हाम्रो भावअनुसार जस्तो त्यो हुनुपर्छ उस्तै हामीलाई लाग्छ । **श्रीमद्भगवद्गीतामा** श्रद्धालाई **स्वभावजा** भनिएको छ।

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ।। (१७।३)

अर्थात्–सबैको श्रद्धा उसको अन्तःकरणअनुरूप हुन्छ । यो पुरुष श्रद्धामय छ, यसकारण जसको जस्तो श्रद्धा हुन्छ त्यो स्वयं पनि त्यस्तै हुन्छ । यूनानी पण्डित प्लेटोले भावहरू - (Ideas) - लाई शाश्वत मानेका छन् र भनेका छन्– सत्यम् (Truth) शिवम् (Goodness) र सुन्दरम्-(Beauty)-को आदर्श पनि सहजात छ । यी हाम्रो अन्तःकरणमा नै निवास गर्छन् । विश्वास र श्रद्धामा एक विशेष भेद यो छ– विश्वास एकाकी वा निःसङ्ग वृत्ति हो, परन्तु श्रद्धाअन्तर्गत अनेक वृत्तिहरूको आवास हुन्छ र तिनीहरू परिस्थितिअनुरूप व्यक्त हुँदै गर्छन् । श्रद्धा प्रेम जस्तै रस मानिन्छ । त्यसमा आभार, आदर, भय, विस्मय र विनयको भावना निहित हुन्छ । जुन श्रद्धालु पुरुषहरूलाई कुनै महात्माका सङ्गत गर्ने सौभाग्य प्राप्त छ , उनको अनुभव छ– महात्माहरूसँग प्रश्न गर्ने वेलामा उनलाई डर हुन्छ– कुनै अनुचित शब्द आफ्नो मुखबाट निस्कने त होइन ? महात्माको असाधारण शक्तिद्वारा विस्मय र उनका अनेक उपकारको सम्झनाले गर्दा आभारको भाव प्रकट हुन्छ । उनको तुलनामा आफ्नो लघुताको विचारद्वारा विनय उत्पन्न हुन्छ र उनको सौम्य मूर्ति देखेर हृदय आदरभावले भरिन्छ । यी सारा भावनाहरूको केन्द्र महात्माको व्यक्तित्व हो । व्यक्तित्वसँग श्रद्धाको घनिष्ठ सम्बन्ध छ । जो नैतिक आदर्श हाम्रो मनमा प्रच्छन्न छ त्यो त्यस व्यक्तित्वमा प्रकट हुन्छ श्रद्धा सर्वोत्कृष्ट धार्मिक भावना हो । भगवान् पनि भन्नुहुन्छ–

श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः ।

–श्रीमद्भगवद्गीता ६।४७

अर्थात् जो– मलाई श्रद्धाले भजन गर्छ, त्यो मलाई सर्वश्रेष्ठ र मान्य छ ।

उपर्युक्त वैज्ञानिक विवेचनाबाट प्रतिपादित हुन्छ– भक्ति भावनाहरूको रसायन हो । भक्ति नै त्यो पुनीत त्रिवेणी-सङ्गम हो जहाँ पावन प्रेम, अटल श्रद्धा र दृढ विश्वासीरूपी नदीहरूको पवित्र जल आएर मिल्छ । भक्तिको शक्ति अपार छ । भक्तिको प्रयोग दुई अर्थमा हुन्छ– एक सामान्य र दोस्रो विशेष । सामान्य अर्थअन्तर्गत गुरुभक्ति, पितृभक्ति, स्वामिभक्ति, देशभक्ति इत्यादि आउँछन् । भक्तिको विशेष अर्थ हो– परमेश्वरको भक्ति । नारदजीले भक्तिलाई **सा त्वस्मिन् परमप्रेमरूपा** अर्थात् परमात्मामा परमप्रेम नै भक्तिको स्वरूप हो भन्नुभएको छ । भगवान्ले पनि **श्रीमद्-भगवद्गीतामा** अनेक पटक भन्नुभएको छ– 'मेरो भक्ति अनन्य हुनुपर्छ ।' अनन्य-भावलाई नै पराभक्ति भन्दछन् । जुन पुरुषको भावनामा सम्पूर्ण संसार प्रभुमय छ, उसको लागि सबै प्रकारका भक्ति ईश्वर-भक्तिमा परिणत हुन्छन् । देशभक्ति भगवद्-

भक्तिको नै प्रकार हुनाले कति पवित्र वातावरण हुन्छ, यो त भगवद्भक्तियुक्त देश-भक्तहरूको जीवन-वृत्तान्तहरूद्वारा नै आउँछ। कुनै पनि देशलाई चरित्रवान् पुरुषको अति आवश्यकता हुन्छ र चरित्र-निर्माणको लागि परमात्माको सत्तामा विश्वास र श्रद्धा अनिवार्य छ। यसकारण **देशभक्तिको लागि ईश्वरभक्ति अनिवार्य छ।**

यहाँ देशभक्तिको ईश्वरभक्तिसँग के सम्बन्ध छ, यस विषयमा पनि कुनै विचार गर्नुपर्छ। नीतिको एक श्लोक छ–

त्यजेदेकं कुलस्याऽर्थे ग्रामस्याऽर्थे कुलं त्यजेत्।
ग्रामं जनपदस्याऽर्थे आत्मार्थे पृथिवीं त्यजेत् ॥

अर्थात् कुलको कल्याणको लागि (आवश्यक भयो भने) एक व्यक्तिलाई त्याग्नू, गाउँको कल्याण हुन्छ भने कुललाई त्याग गर्नू, जनपदको कल्याण हुन्छ भने गाउँलाई त्याग्नू, र आत्माको कल्याण हुन्छ भने संसारलाई नै त्याग्नू। यो आत्मविकासको क्रम हो। बालकपनमा बालक आफूलाई बाहेक अरूलाई देख्न असमर्थ हुन्छ, तैपनि कोही बालक भने अर्को बालकलाई नदिई खान चाहँदैन। अगाडि गएर त्यसको स्वार्थ परिवारमा सीमित हुन्छ। त्यो परिवारकै हानि-लाभ मात्र सोच्दछ र अगाडि अवरोध खडा हुन्छ। किनभने यसभन्दा अधिक व्यापक भावनाको चर्चा परिवारमा हुँदैन। तर जहाँ यो चर्चा हुन्छ, त्यहाँ परिवारको स्वार्थ-भावना क्रमशः ग्राम, जनपद र देशको भक्तिका रूपमा परिणत हुन्छ। यसैको सम्यक् विकास ईश्वर-भक्तिको रूपमा हुन्छ। परन्तु यसको लागि पनि सत्सङ्गको परम आवश्यकता हुन्छ। आजतक जति पनि वास्तविक देशभक्त भए, ती ईश्वरभक्त पनि थिए। जो देशभक्त ईश्वरभक्त थिएनन्, उनीहरूद्वारा देश-भक्तिको मिथ्यावेशमा आएर मानव-समाजमा पारस्परिक प्रेम नबढाएर राग, द्वेष, खिचातानी र भ्रष्टाचारलाई पनि बढाइदिए। त्यसैको फलस्वरूप आज संसार यति अशान्त भइरहेछ। भौतिक सबै सुख-सुविधा भए पनि रातमा शान्त निद्रा आउँदैन। चारैतर्फ अशान्ति र अतृप्ति नै व्याप्त हुन्छ।

राम्ररी बुझ– जीवन टुक्रामा बाँडिन सक्तैन। जस्तै हात, गोडा आदि अवयव शरीरकै अङ्ग हुन्, शरीरबाट अलग भएपछि बेकार हुन्छन्, मुर्दा बन्छन्। त्यसै प्रकार जुन ग्रामभक्ति वा देशभक्ति ईश्वरभक्तिबाट अलग हुन्छ, त्यो बलशाली र कल्याणकारी हुँदैन। त्यसमा तेज र आकर्षण हुँदैन। हर हिटलरले जर्मनीका जनतालाई

देशभक्तिको पाठ पढाएर जातिभक्ति अँगाल्न खूब आग्रह गरे। तर त्यो भक्ति एकाङ्गी थियो, त्यसकारण त्यसलाई हानिको सामना गर्नुपर्‍यो ।

हरेक चीजको मर्यादा हुन्छ। दालमा नून त्यति नै हाल्नुपर्छ, जतिले दाल खान लायक हुन्छ, बढी पर्‍यो भने त्यो खान लायक हुँदैन । त्यसरी नै एकाङ्गी देशभक्तिको प्रवाह रोकिन्छ । स्वच्छता नहुनाले त्यो थुनेर राखिएको पानीजस्तै दूषित हुन्छ । भनिएको पनि छ– **बहता पानी निर्मला, बँधा सो गन्दा होये** । (बहने पानी निर्मल हुन्छ, थुनेर राखिएको चाहिं फोहर हुन्छ) । यस कुराको अनुभव यो संकुचित देशभक्तिमा पनि हुन्छ । आज भिन्ना-भिन्न पार्टीहरूको नाममा आत्मस्तुति र परनिन्दाको जो बोलबाला छ त्यो पनि विकृत देशभक्तिको एक झाँकी प्रस्तुत गर्छ ।

छत्रपति शिवाजीका श्रद्धेय गुरु श्रीसमर्थ रामदासले भनेका छन्– 'हलचल-(प्रवृत्ति)- मा सामर्थ्य छ; जसले गर्नेछ, त्यसले पाउनेछ, परन्तु त्यसमा भगवान्‌को अधिष्ठान हुनुपर्छ ।' यस सदुक्तिमा श्रीसमर्थजीले देशभक्तिको जोशसित ईश्वर-भक्तिको होश मिलाएर दुवैको सुन्दर ढङ्गले समन्वय गरेका छन् ।

देशभक्ति अधिकांश रूपमा भौतिक व्यवहार तथा सुख सामग्रीका साधनसित सम्बद्ध मानिन्छ । परन्तु मानिस पाञ्चभौतिक शरीरको पुतली मात्र होइन, त्यसभित्र आत्मा पनि छ र अन्तःकरण पनि छ । यसकारण आत्मबुद्धिप्रसाद भौतिक सुख-सुविधामा मात्र हुँदैन । यो अर्कै कुनै चीज हो, जुन हामी आफूलाई मिटाएर पाउँछौं । ईश्वरभक्तिमा मानिस आफ्नो अहङ्कारलाई बिर्सन्छ । देशभक्तिको रूपान्तर जब ईश्वरभक्तिमा हुन्छ, तब आत्मप्रसन्नताको अनुभव सहजै हुन थाल्छ र यसबाट देशभक्तको बल र तेज विशेष रूपले बढ्न जान्छ । यसकारण सम्माननीय देशभक्तहरूले ईश्वरभक्तिलाई उपेक्षाको दृष्टिले हेर्नु हुँदैन । दिन-रात भौतिक रचनात्मक कार्यकै चर्चामा मात्र नभुलेर जहाँबाट प्रेरणाको स्रोत बहन्छ उनै श्रीभगवान्‌का चरणमा आफ्नो श्रद्धाञ्जलि अर्पण गरेर, उनकै कृपा प्राप्त गरी हामी आफ्नो दैनिक कार्यलाई आरम्भ गरौं । रातमा उनकै चरणमा आत्मसमर्पण गरेर उनकै काखमा सुतौं । हाम्रो प्राचीन आश्रम- जीवनको विशेषता यही थियो । ईश्वरको आश्रय लिने गरिएकोले आश्रममा पारिवारिक भावना थियो, जसको आवश्यकताको अनुभव आज सबै गर्छन् ।

वसुधैव कुटुम्बकम्को अनुभव गराउनमा यो ईश्वरभक्ति निकै सहायक हुन्छ । यस अणुयुगमा यातायातको साधन तीव्र हुन पुगेकोले यो विशाल विश्व सानो

भई ठूलो शहर जस्तो मात्र लाग्न थालेको छ, जसमा देश-कालको भेद गौणजस्तै लाग्छ। अणुको प्रभाव आकाशतत्त्वमा पर्छ। परन्तु आकाशबाट पर सूक्ष्म भगवत्तत्त्व छ र त्यसको भक्तिद्वारा हामी अणुबमको युगमा पनि निर्भय रहन सक्छौं। **आज एक देशको पृथक् अस्तित्वको कुनै अर्थ छैन। सारा मानवजाति एउटै कुटुम्बजस्तो बनिसकेको छ। भगवान्‌ले गरून्– त्यो दिन चाँडै आओस्, वसुधैव कुटुम्बकम्‌को वास्तविक अनुभव हुन थालोस् र आज यस अणुयुगको देशभक्ति ईश्वरभक्ति नै बनोस्।** किनभने देश र कालको सङ्कोचको दृष्टिले यो विशाल विश्व एकै परिवार नै त हो। यस्तै भयो भने देशभक्ति (विश्वभक्ति) ईश्वरभक्तिको दोस्रो रूप हुन पुग्छ। आज हामी विश्वका नागरिक छौं। संसारका घटनाहरूको असर हामीमा पर्छ। हामी तिनलाई अलग राख्न सक्तैनौं। अतः **देशकल्याणको लागि हामीले विश्वकल्याणको कामना गर्नुपर्छ** र त्यसको पूर्ति विश्वेश्वरको कृपाद्वारा र तिम्रो भावशुद्धिद्वारा नै हुन सक्छ। अतएव देशभक्तिको लागि ईश्वरभक्ति र भावशुद्धि अनिवार्य छ। तब **वसुधैव कुटुम्बकम्‌को** सपना साकार हुनेछ।

आफ्नो पूर्वप्रसङ्गमा आउनुभन्दा पहिले ईश्वरभक्ति र समाजसेवामा पनि केही विचार गरौं– विश्वको प्रत्येक मानव अनादिकालदेखि शान्ति र सुखको खोजमा भौंतारिइरहेको छ। आजको सामाजिक स्थिति त अझ गम्भीर हुन पुगेको छ। आज प्रत्येक मानव शान्तिको खोजमा सुखको आकांक्षा लिएर भौंतारिइरहेको छ। प्रत्येक मानव तथा राष्ट्र अणुशक्तिदेखि भयभीत छ। श्रद्धा-विश्वास लुप्त हुँदै छन्। वर्णभेद र जातिभेदका समस्या ताण्डवनृत्य गरिरहेछन्। हिंसा र प्रतिहिंसाको ज्वाला विश्वलाई विनाशको चुनौती दिइरहेछ। बुद्धि कुण्ठित भएको छ, ज्ञान शब्दमात्रमा सीमित भइसकको छ, निष्काम भावना लुप्त भइसकेको छ। कर्तव्यका बन्धन शिथिल भइसकेका छन्। सामाजिक मर्यादा टुक्रिइसकेको छ। **प्रत्येक मानव छिन-छिनमा बदलिने अनिश्चयात्मिका बुद्धिको आश्रय लिएर वैज्ञानिक प्रमाणहरूको राग अलाप्तै अफ्नो मनोमानी गर्न सक्रिय छ। शास्त्रहरूका प्रमाण उसलाई मान्य छैनन्। फलस्वरूप स्थिति विषमभन्दा विषमतर बन्दै गइरहेछ।**

यस्तो परिस्थितिमा विश्वलाई शान्ति-सन्देश दिने, त्यसमा व्याप्त विषमताहरू हटाएर त्यसलाई आलोकित गर्ने यदि कुनै बाटो छ भने त्यो हो–ईश्वरभक्ति। परमपिता परमात्माको विधान हृदयदेखि स्वीकार गर। आफ्नो कर्तव्य सम्झेर शरीर,

वाणी र मनको पूर्ण लगन, श्रद्धा तथा अनुशासनसाथ त्यो कार्य सम्पन्न गर। भगवान्‌का विधानको विरोध तथा आलोचना गर्ने अधिकार तिमीलाई छैन। यही परमात्माप्रतिको सच्चा भक्ति हो– यस्तो भक्ति, जसलाई अर्जुन, तुलसी, मीरा रैदास, सूर आदि भक्त-हरूले अँगालेका थिए। त्यो भक्ति थियो– आत्मसमर्पणको। आफ्नो सर्वस्व ईश्वरलाई समर्पित गरेर उसका कार्यलाई सम्पन्न गर। अब प्रश्न उठ्छ– 'ईश्वरको कार्य के हो ?' यो सम्पूर्ण सृष्टि ईश्वरको हो। त्यसलाई सुचारु रूपले चलाउने विधान ईश्वरले बनाइराखेका छन्। उहाँ नै त्यसको पालन तथा संहार गर्नेवाला हुनुहुन्छ। तिमीलाई यसमा कार्य गर्न निमित्त मात्र बनाइएको हो। तिमी यस आज्ञाको अवहेलना नगर, न यो ठान– 'यो सृष्टि चलाउने मै हुँ।' यस्तो ठान्दा आसुरी भाव जाग्छ। यसबाट राग-द्वेष पैदा हुन्छन्; सङ्घर्ष हुन्छ, जसको भार तिमीमा पर्नेछ र तिमी दण्डका भागी बन्नेछौ। संसारमा तिमीले जे-जति गर्नु छ त्यो ईश्वरको कार्य सम्झेर निष्काम भावले या कर्तव्य बुद्धिले गर्दै जाऊ। तथा यो सम्झ– भित्र रहने दैवी प्रेरणा नै मलाई यस्तो काम गराइ-रहेछ। यसप्रकार कार्य गर्नुमा जो हानि लाभ हुन्छ त्यो तिम्रो होइन, ईश्वरको हुन्छ। तिमी काम गर्ने मात्र हौ, निमित्त मात्र हौ। **तिमीहरूले सामाजिक सेवा गर्ने समयमा आफ्नो निजी स्वार्थलाई नै प्रधानता दियौ भने त्यसबाट मोह उत्पन्न हुनेछ, मोहबाट राग-द्वेष हुनेछ, क्रोध हुनेछ र क्रोधबाट कर्तव्य-अकर्तव्यको ज्ञान हराउनेछ र तिमी आफ्नै स्वार्थलाई देख्नेछौ। यही स्वार्थ नै सङ्घर्षको कारण हो तथा यो ईश्वरीय आज्ञाको प्रतिकूल छ। सङ्घर्ष हुनाले सामाजिक व्यवस्थाको सन्तुलन बिग्रनेछ र अशान्ति बढ्नेछ यसकारण निष्काम भावले प्रभुसेवा-भावद्वारा या कर्तव्यबुद्धिद्वारा समाजसेवा गर, तिम्रो भलाइ हुनेछ।**

अब हामी फेरि पूर्व प्रसङ्गमा आउँछौ। हामी भक्तिको मनोवैज्ञानिक पक्ष विषयमा विचार गरिरहेका थियौं। भौतिकवादको वर्तमान युगमा भक्तिबारे एक विख्यात विज्ञानवेत्ताले जुन भव्य भाव प्रकट गरेका छन्, त्यसैको उल्लेख गर्दै यस प्रसङ्गको उपसंहार गरौं। उनको नाम डा० क्यारल (Dr. Carrel) हो। चिकित्सामा मौलिक अनुसन्धानको लागि उनलाई सन् १९१२ मा नोबल पुरस्कारको सम्मान प्राप्त भयो। उनी जीवनभरको अन्वेषण र अनुशीलनपछि यस निश्चयमा पुगे– 'प्रभु-प्रार्थनाको शक्ति संसारमा सबभन्दा ठूलो शक्ति हो।'

ईश्वर भक्ति र प्रार्थनाको विषयमा डा० क्यारल- (Dr. Alexis Carrel)-ले आफ्नो ग्रन्थ-(Man the Unknown)- मा जो विचार प्रकट गरेका छन् त्यो प्रत्येक

साधक र दार्शनिकको लागि मनन गर्न लायक छ । उनी भन्छन्– मानिसले आफूले आफैलाई भगवान्मा समर्पण गर्नुपर्छ । प्रार्थना तपस्याको बराबर छ । प्रार्थीले प्रार्थनामा तन्मय हुनुपर्छ र प्रभुसमक्ष उसको स्थिति उस्तै हुनुपर्छ, जस्तो स्थिति चित्रकारको सामुन्ने पटको हुन्छ । अनेक वर्ष परीक्षण गरेपछि उनले आफ्नो अनुभवका आधारमा लेखेका छन्– प्रार्थनाको प्रभावले अनेक असाध्य रोग पूर्णतः निको भएको देखिएको छ । यस प्रकारका आध्यात्मिक क्रियाद्वारा विलक्षण मानसिक र शारीरिक प्रतिक्रियाहरू हुन्छन् । हाम्रो शास्त्रको यो वचन कति सार्थक छ, श्रद्धा गर–

अच्युतानन्तगोविन्दनामोच्चारणभेषजात् ।
नश्यन्ति सकला रोगाः सत्यं सत्यं वदाम्यहम् ॥

–गरुडपुराण

'अच्युत, अनन्त, गोविन्द– यी नामहरूको उच्चारण रूप औषधिद्वारा सब प्रकारका रोगहरूको नाश हुन्छ । यो म सत्य सत्य भन्छु ।'

आफ्नो पुस्तकको अन्तिम अध्यायमा डा० क्यारलले मानवको नव-निर्माणको लागि बताएका छन्–

'संसारको सर्वोदयको लागि हाम्रो ध्यान जड पदार्थहरू र मेशिनहरूबाट हटेर मानिसको आत्मातर्फ आकृष्ट हुनु आवश्यक छ । अन्यथा हाम्रो सभ्यताको यो नृशंस भौतिकवाद मानवतालाई मेटेर नरयन्त्रको सृष्टि रचिदिनेछ ।'

साँच्चै नै यस वैज्ञानिक युगमा मानिसहरूको स्थान यन्त्रले लिइरहेछ । यथा– गणितयन्त्र र अनुवादयन्त्र; साम्यवादी देशमा समेत 'मनुष्ययन्त्र' पनि बन्न थालेका छन् ।

भक्ति हाम्रो जीवनको प्राण हो । जसरी बिरुवाको पोषण जल तथा वायुको आधारमा नै हुन्छ त्यसरी नै हाम्रो हृदय भक्तिद्वारा नै बलवान् र सुखी हुन्छ । भक्तिको स्रोत मानिसका परिस्थितिहरूको प्रभावद्वारा प्रस्फुटित हुन्छ । मानिस प्रायः आफ्नै परिस्थितिहरूको दास हुन्छ । एक उच्च कुलमा उत्पन्न बालक प्रायः सुशिक्षित र सुशील हुन्छ । ऊ आफ्नो कुलको मर्यादाको रक्षाको लागि ठूला-ठूला कार्य गर्न सक्छ । परन्तु जो अर्थहीन छ, ऊ अर्थप्राप्तिका साधनहरूको नै दास हुन्छ । उसलाई अर्थको अभावले पागल बनाइराखेको हुन्छ । सज्जनहरूको सन्तान प्रायः धार्मिक भावनाहरूद्वारा ओतप्रोत हुन्छन् । किनभने चरित्र-निर्माणमा वंश-परम्परा-(Heredity)- को ५०

प्रतिशत उत्तरदायित्व हुन्छ । भक्तहरूका सन्तान प्रायः भक्तिप्रधान हुन्छन् र दुर्जनहरूका सन्तान प्रायः चरित्रहीन हुन्छन् ।

मनोविज्ञानको सिद्धान्त छ– जुन कार्य वारंवार गरिन्छ त्यो अगाडि गएर अभ्यासवश आफै हुन थाल्छ । आफै हुनुलाई नै स्वभाव (Habit) बन्नु भन्दछन् । राम्रो बानी होओस् वा नराम्रो, त्यो प्रायः यसरी नै वारंवार अभ्यासले नै बन्छ । यही कुरा साधु-महात्माहरूका, भक्त सज्जन पुरुषहरूका र भगवान्का चित्र आदि देख्नाले पनि हुन्छ ।

भक्तिका भावनाहरूको उद्गमस्थल हाम्रो मस्तिष्कमा अंकुरित भाव हुन्छन् । ती भाव हाम्रो मनमा परिस्थितिहरूलाई जाग्रत् गर्छन् । कुनै परिस्थितिहरू प्राकृतिक हुन्छन् र कुनै कृत्रिम हुन्छन् । यी कृत्रिम परिस्थितिहरूलाई हामी परिवर्तित गर्न सक्छौं । हामीले सज्जनहरूको सङ्गत गर्नु छ, सद्ग्रन्थहरूको अध्ययन गर्नु छ । यी जस्ता कुनै उपदेशक वा सुधारक अरू कुनै छैन । यसकारण स्वाध्याय र सत्सङ्ग नै हाम्रो भक्तिका भावनास्रोत हुन् ।

प्रभुप्रार्थनाको मनोवैज्ञानिक स्वरूप र रहस्य– प्रार्थना अनेक प्रकारका हुन्छन् । तथापि त्यसका प्रमुख दुई प्रकार छन्– एक– व्यक्तिगत प्रार्थना र दोस्रो– सामूहिक प्रार्थना; अथवा एक– भगवान्सँग कुनै याचना गर्ने वा माग्ने प्रार्थना र दोस्रो– भगवान्-सँग केवल भगवान्कै लागि, भगवत्प्रेमकै लागि गरिने प्रार्थना । यस अन्तिम श्रेणीको प्रार्थनामा न कुनै माग छ, न कुनै याचना छ, बरु अनेक भावहरूद्वारा प्रभुलाई अङ्गीकार गर्नु , प्रभुकै पुनीत चरणमा आफ्नो शरीर, मन र आत्माहरूलाई समर्पित गर्नु छ । बस, उनैमा रमण गर्नु , उनैमा अनुरक्त रहनु, उनैको प्रेमको रसास्वादन गर्नु, आफ्ना सम्पूर्ण जीवन व्यापारहरूलाई प्रभुमै केन्द्रित गरिराख्नु; कहिले पूजा-पाठ-स्तुति-गान गर्नु, कहिले धन्यवाद दिंदै कृतज्ञतापूर्वक नामस्मरण गर्नु, कहिले नामकीर्तन गर्नु, कहिले हृदयको सरल, सच्चा निष्कपट उद्गार उनको अगाडि राख्नु, कहिले केवल प्रेमाश्रु-हरूद्वारा नै उनलाई रिझाउन, समस्त चराचर जगत्लाई उनैको व्यक्त रूप सम्झेर उनको सेवा गर्नु, यही यस **प्रार्थना**को क्रम हो । यसलाई **आराधना** पनि भन्दछन् र यसको अर्को नाम हो **उपासना** । प्रार्थना चाहे व्यक्तिगत होओस्, चाहे सामूहिक, चाहे कुनै लौकिक वस्तु या सुखको प्राप्तिको लागि होओस्, चाहे केवल भगवत्प्रेमको लागि

होओस्,त्यसमा भगवान्को अनुसन्धान अत्यन्त आवश्यक छ । भगवान्को अनुसन्धान जति प्रबल हुनेछ, हाम्रो प्रार्थना पनि त्यति नै बलवती हुनेछ। मानवमात्रको लागि व्यक्तिगत प्रार्थना त्यति नै आवश्यक छ, जति कुनै देश, समाज र राष्ट्रको लागि सामूहिक प्रार्थना । तर सामूहिक प्रार्थनामा सम्मिलित हुनुभन्दा पहिले सबैको लागि व्यक्तिगत प्रार्थना गर्नु आवश्यक छ । किनभने यसबाट सामूहिक प्रार्थनामा बल मिल्छ र शक्ति उत्पन्न हुन्छ ।

व्यक्तिगत प्रार्थनामा हामी केवल आफ्नो श्रद्धा, प्रेम, भक्ति र प्रपत्तिको बलमा भगवान्को अनुसन्धान गर्छौं । तर सामूहिक प्रार्थनामा एकको अतिरिक्त अनेकको बल र अनुभवको लाभ हामीलाई प्राप्त हुन्छ , जसबाट सामूहिक शक्ति प्राप्त हुन्छ र भक्तिभाव-प्रेमभावको एक अनौठो उल्लास उम्लेर आउँछ, यो जनसमुदायको हित-चिन्तन, एकीकरण र सङ्घटनमा जादूजस्तै काम गर्छ । व्यक्तिगत प्रार्थना निर्जन एकान्त स्थानको चीज हो । यसमा तल्लीनता, एकाग्रता र शान्तिको आवश्यकता हुन्छ । जबतक मन स्थिर हुँदैन, तबतक चित्त यताउति जान छाड्दैन, भगवान्को ध्यान हृदयमा जम्दैन, भगवान्प्रति सच्चा भाव जाग्दैन । जबसम्म आतुरता र विह्वलता हुँदैन, सच्चा र साफ हृदय हुँदैन, आर्त र दुःखी चित्त हुँदैन, प्रणयपूर्वक भगवान्को अनुसन्धान हुँदैन, सच्चा श्रद्धा, प्रेम र लगन हुँदैन, तबसम्म हाम्रो प्रार्थनामा बल आउँदैन । व्यक्तिगत प्रार्थना ती बेगर पूरा फलदायक हुँदैन । प्रियतम प्रभुमा दिल लगाउन र आफ्नो हृदयको भाव उनमा प्रकट गर्नको लागि पनि निरन्तर एकान्त स्थान अति आवश्यक छ । एक्लै हुँदा लाज, सङ्कोच हुँदैन, दिल खोलेर प्रियतम प्रभुसँग कुरा गर्न सकिन्छ । आफ्नो दीनता, तन्मयता, आत्मनिवेदनको परिचय बढी स्वतन्त्रता र प्रेमपूर्वक राम्ररी दिन सकिन्छ, जुन जनसमूहको अगाडि सम्भव हुँदैन ।

चित्त, मन, हृदय, वचन र कर्म प्रभुसँग यसप्रकार मिलून्, बेकाममा सोच विचार, फिक्री अथवा निष्फल मनन नहोऊन् र प्रभुबाहेक अरू कुनै वस्तु रहने ठाउँ नहोओस् तथा सरलता र आर्ततापूर्वक दिल खोलेर प्रार्थना गरियोस् त कुनै यस्तो कार्य छैन जो सिद्ध हुन नसकोस् । यस्तो व्यक्तिगत प्रार्थना आफ्नै लागि पनि हुन सक्छ र अर्काको लागि पनि हुन सक्छ । आफ्नो अपेक्षा अर्काको लागि गरिने प्रार्थना अझ बेश हो । यस्तो प्रार्थना चाँडै सुनिन्छ, किनभने त्यसमा स्वार्थको लेश मात्र पनि हुँदैन । अरूलाई दुःखी देखेर दुःखी हुनु, उसको कल्याण चाहनु, उसको लौकिक र पारलौकिक सुखको लागि उसलाई समुन्नत, पवित्र र सदाचारी बनाउनको लागि एवं भगवान्प्रति उसको

अनुराग बढाउनको निम्ति प्रभुसँग विनय गर्नु अतिशय उपकारी र उपयोगी हुन्छ र यस्तो प्रार्थनाको उत्तर चाँडै मिल्छ । श्रद्धावान्‌को भाव नै भगवान्‌लाई वशमा लिन सक्छ । अर्काको लागि प्रार्थना गर्नेहरूमा भगवान्‌को कृपा विशेष हुन्छ र त्यसका सब कामनाहरूको पूर्ति नमागीकन नै हुन्छ ।

यो अनुभवसिद्ध छ र मनोवैज्ञानिक रूपले पनि सिद्ध छ– मानिस कुनै कुरा सोच्तछ भने उसको त्यो भाव नष्ट हुँदैन, अव्यक्त रूपले आकाश-मण्डलमा व्याप्त हुन पुग्छ र त्यो पुनः व्यक्त रूपबाट वाणीद्वारा उच्चरित हुन्छ र साथै क्रियाहरूद्वारा कार्य-रूपमा मूर्तिमान् भएर प्रकट हुन्छन् । यदि यस्ता शुद्ध, सात्त्विक कल्याणकारी भाव सात्त्विक, सदाचारी पुण्यवान् व्यक्ति वा बहुसङ्ख्यक महापुरुषहरू, व्यक्तिहरू र समुदायका शुद्ध अन्तःकरणबाट उठे भने उनीहरूका ती भाव अझ प्रबल र शक्तिशाली रूपले वायुमण्डलमा व्याप्त हुन्छन् । यस्ता भावहरूको सम्मिश्रणद्वारा एक प्रबल विद्युच्छक्ति उत्पन्न हुन्छ., जसद्वारा जगत्‌को उपकार तथा कल्याण हुन्छ । अल्पसंस्कारी जीव पनि यस्ता वातावरणका प्रभावद्वारा प्रभावित हुन्छन्, वायुमण्डलबाट ती भावहरू खिचेर लिन्छन् र सुख, शान्ति र आनन्दको अनुभव गर्छन् । महापुरुष र जीवन्मुक्त महात्मा यस्ता कल्याणकारी विचारहरूलाई आफ्नो व्यक्तिगत प्रार्थनाद्वारा जगत्‌को उपकारार्थ छाडिरहेका हुन्छन्, जसबाट समाज एवं देशको मात्र होइन विश्वभरकै कल्याण हुन्छ । यसै कारण एकान्तवासी महात्मा टाढा रहे तापनि आफ्ना शुभ कामनाहरू, हितचिन्तन तथा शुभ विचारहरूद्वारा समाज, देश तथा राष्ट्र र विश्वभरको कल्याण गर्छन् । हाम्रा महापुरुषहरूका जो व्यक्तिगत प्रार्थनाहरू थिए ती सामूहिक कल्याण, हितचिन्तन, र परोपकारका भावहरू-द्वारा प्रेरित रहन्थे । हाम्रा धर्म-ग्रन्थहरूमा यस्ता अनेक प्रार्थनाहरू पाइन्छन्, जो प्राणि-मात्रलाई स्वच्छ निर्मल बनाउने शुभ आकांक्षाले सम्पूर्ण समाजलाई सुखी बनाउने इच्छाद्वारा गरिएका हुन्छन्–

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

सब प्राणी सुखी होऊन् । सबै नीरोग होऊन् । सबै कल्याणै-कल्याणको दर्शन गर्न पाऊन् । कोही पनि दुःख पाउने नहोऊन् ।

बहु देयं च नोऽस्तु अतिथींश्च लभेमहि ।
याचितारश्च नः सन्तु मा च याचिष्म कञ्चन ॥

–शुक्लयजुर्वेद

दिनका लागि हामीसँग प्रशस्त सामग्री होऊन् । हामी सधैँ धेरै पाहुनाहरूको स्वागत-सत्कार गर्न पाइरहौं, हाम्रा सामु माग्नेहरू आऊन्, तर हामीले माग्नु नपरोस् ।

कति उदार भावना व्यक्त भएको छ ! ! !

हाम्रो सर्वप्रधान गायत्री मन्त्रमा सद्बुद्धि र सत्प्रेरणाको लागि जो प्रार्थना गरिएको छ, उसमा पनि हामी सामूहिक दृष्टि नै राख्छौं– हामी सबैको सद्बुद्धि र सत्प्रेरणाको लागि भगवान्सँग प्रार्थना गर्दछौं, केवल आफ्नो लागि मात्र होइन । यस प्रकारको जनहितकारी व्यक्तिगत प्रार्थनाद्वारा टाढा रहेका मानिसहरूका मनोवृत्तिहरू सजिलैसित बदल्न सकिन्छ । उनीहरूलाई श्रद्धावान्, भक्तिमान् र चरित्रवान् बनाउन सकिन्छ, जो अरू साधनद्वारा त्यति सजिलैसित सम्भव हुँदैन; र व्यक्तिगत प्रार्थनाका साथसाथै सामूहिक प्रार्थना पनि चलिरहेको छ भने त्यसले अर्को पनि आश्चर्यजनक र अद्भुत चमत्कार देखाउँछ ।

दुई-चार भक्त वा जनसमूह कुनै देवमन्दिर, प्रार्थना-भवन वा कुनै निर्दिष्ट स्थानमा सम्मिलित भएर एकसाथ स्तुतिगान वा भक्तिभावद्वारा उनै प्रभुको नाम-सङ्कीर्तन वा यशोगान गर्नुलाई सामूहिक प्रार्थना भन्दछन् । यस्तो सामूहिक प्रार्थनामा विलक्षण शक्ति हुन्छ । यसबाट एकलाई अर्काले मद्दत गर्न बल प्राप्त हुन्छ, आपसमा प्रेम हुन्छ, मन, वचन र कर्मद्वारा अर्कालाई सहायता पुऱ्याउने बानी बस्ने हुन्छ, डाहा, अहङ्कार र अभिमानको नाश हुन्छ र सबैको कल्याण गर्ने भावना उत्पन्न हुन्छ । यसैमा आफ्नो, समाजको र राष्ट्रको उन्नति र कल्याण छ ।

कुनै देशलाई समुन्नत, सुसम्पन्न, सुखमय, सदाचारी तथा शक्तिशाली बनाउनु आवश्यक छ भने त्यस देशका जनताको नैतिक स्तर निकै उच्च हुनुपर्छ, सबैको मनोवृत्ति एक हुनुपर्छ, सबै दुःख, क्लेश, विघ्न, बाधा, वैर, विरोध भुलेर सङ्घशक्ति उत्पन्न गर्नुपर्छ । यो पनि तब मात्र सम्भव हुन्छ, जब सबै एक सूत्रमा आबद्ध हुन्छन्, ईश्वर र धर्मको डर मान्न थाल्छन्, आ-आफ्नो धर्मअनुसार आचरण गर्छन्, कुनै धर्मप्रति दुर्भावना रहँदैन । **जहाँ धर्मनिरपेक्षता र धर्मोदासीनता हुन्छ, त्यहाँका जनता, नेता, कर्मचारी र शासक विदेशी शिक्षा र सभ्यताको प्रभावद्वारा ईश्वर र धर्मलाई उन्नतिको बाधक सम्झछन्, तर कुनै त अज्ञानवश यसलाई मूर्खता र पाखण्डसम्म पनि भनिदिन्छन् । यस दूषित वातावरणको प्रभावद्वारा धर्मको ह्रास हुने हुनाले असत्य, अन्याय,**

पक्षपात, कालोबजारी आदिको बोलबाला हुन थाल्छ; र जो मानिस एक दिन त्याग, बलिदान, निष्काम सेवा र परोपकारको बाटोमा अग्रसर हुन्छन्; उनै दूषित वातावरण र कुसङ्गको प्रभावले ईश्वर र धर्मका अंकुश स्वीकार नगर्नाले अर्थलोलुप, स्वार्थपरायण, अधिकारलिप्सु तथा धर्म र कर्तव्यबाट भ्रष्ट हुन जान्छन्। यश, मान-प्रतिष्ठा, ठाँट-बाँट, धन-सम्पत्ति आर्जन गर्न धर्म, नीति, मर्यादा त्यागेर मिथ्या व्यवहार गर्न थाल्छन्। न ईश्वरको डर हुन्छ, न धर्म र लोकलज्जाको नै। अब तिमी नै भन–यसरी नैतिकता र मर्यादा टिक्न सक्छन् कसरी? यसको मूल कारण एउटै छ, त्यो हो–ईश्वर र धर्मप्रति अविश्वास। ईश्वरीय नियम नियमितता र व्यवस्था हो। प्रकृति त्यसलाई कुनै प्रकारले कायम राख्न चाहन्छ। जहाँ ईश्वर र धर्मको भयले नियम-व्यवस्था रहन्छ, त्यहाँ मानिसलाई स्वेच्छापूर्वक त्यसरी नै चल्न दिइन्छ। जुन देशमा धर्म, ईश्वर र परलोकको डर छैन, त्यहाँ डन्डाको बल र इशाराले मानिसलाई चलाउनुपर्छ र चल्छ; तर डन्डाको इशाराद्वारा चलाइएको मानिसको शरीर भलै चल्ला, तर त्यसको मन डन्डाको इशारा हरसमय स्वीकार गरिरहन सक्तैन। नियम-व्यवस्था बनाइराख्नुको यो अवाञ्छनीय, क्रूर र आसुरी तरीका हो। तर धर्म र ईश्वरको डरले नियम-व्यवस्थाको पालन मन र शरीर दुवैले स्वेच्छापूर्वक मानिस गर्दछ र यही हाम्रो संस्कृतिको स्वर्णिम व्यावहारिक सूत्र हो। यो हामीले राम्ररी बुझ्नुपर्छ।

यस कलियुगमा व्यक्तिगत र सामूहिक प्रार्थना तथा हरिकीर्तनको ठूलो माहात्म्य छ। यस युगमा भगवत्प्राप्ति तथा सबै प्रकारका इच्छाहरूको पूर्ति गर्ने कुनै अर्को सुगम र सरल साधन छैन। अन्य युगमा जुन फल घोर तपस्या र योगसमाधि आदिद्वारा प्राप्त हुन्थ्यो, त्यो कलियुगमा केवल हरिकीर्तनद्वारा प्राप्त हुन्छ–

यत् फलं नाऽस्ति तपसा न योगेन समाधिना।
तत् फलं लभते सम्यक् कलौ केशवकीर्तनात्॥

आजकल प्रार्थनालाई धेरै मानिस गलत सम्झन्छन्। विशेष गरेर बीसौं शताब्दीका युवकहरूको शिक्षित दृष्टिमा प्रार्थना एक अनावश्यक एवं निरर्थक काम हो। कुनै व्यक्ति सम्झन्छन्– प्रार्थना गरेर बालकको मीठो बोलीले झैं ईश्वरलाई फकाउन चाहन्छौं, यो ठीक कुरो होइन। साँचो कुरो त यो हो– प्रार्थना मनको मोदक होइन। सच्चा आन्तरिक प्रार्थना श्रद्धा, विश्वास, शरणागति तथा आत्मसमर्पणको रूपान्तर

हो । महात्मा तुकाराम, चैतन्य महाप्रभु, समर्थ स्वामी रामदास, मीराबाई, सूरदास, तुलसीदास आदि सन्त भक्तहरूका प्रार्थना जगत्प्रसिद्ध छन् ।

कवि टेनिसनले पनि भनेका छन्– विनाप्रार्थना मानिसको जीवन पशु-पक्षीहरूको जस्तै निर्बोध हुन्छ । प्रार्थनाजस्तो महाशक्तिले काम नलिएर आफ्नो फोस्रो शानमा रहेर साँच्चै हामी बडो मूर्खता गर्दै छौं । वास्तवमा प्रार्थना त परमेश्वरसँग वार्तालाप गर्ने एक आध्यात्मिक प्रणाली हो । जुन महाशक्तिबाट यो अनन्त ब्रह्माण्ड उत्पन्न भयो, तथा लालन-पालन भइरहेछ, उससँग सम्बन्ध स्थापित गर्ने सरल र सच्चा बाटो आन्तरिक प्रार्थना नै हो । प्रार्थना केवल प्रार्थना-मन्दिरसम्म मात्र सीमित रहँदैन, बरु जहाँसुकै, जुनसुकै वेला गर्न सकिन्छ । त्यो जति सरल, सच्चा र आन्तरिक हुन्छ, उति नै बढी भगवान्लाई द्रवित पार्न सक्छ । जसले प्रार्थनाको रहस्यलाई बुझेको छ त्यो विनाप्रार्थना रहनै सक्तैन । एक तत्त्वदर्शीको कथन छ– 'प्रार्थना मानिसको मनको समस्त विशृङ्खलित एवम् अनेक दिशाहरूमा भड्किएका वृत्तिहरूलाई एक केन्द्रमा एकाग्र पार्ने मानसिक व्यायामको नाम हो ।' विकृत मन प्रार्थनाद्वारा सुसंस्कृत भएर आत्मिक आनन्द प्राप्त गर्दछ । यसबाट समस्त कष्ट र व्याधिहरू दूर हुन्छन् । र मनमा ईश्वरीय शक्तिको आभास मिल्छ ।

अब हामीले यो बुझ्नु छ– प्रार्थनाको यस अद्भुत शक्तिको मनोवैज्ञानिक आधार वा रहस्य के हो ? मनोवैज्ञानिकहरूको भनाइ छ– प्रार्थना अव्यक्त मनद्वारा उठेको एक चेतन हो । मानिसको चेतन मनभन्दा पर त्यसको गुह्य अथवा अचेतन मन पनि छ । यो अज्ञात चेतना परम लीलामयी छ । त्यसमा एक-से एक-आश्चर्यजनक सामर्थ्यहरूको भण्डार छ ।

हाम्रो एकाग्र मनद्वारा गरिएको प्रार्थना ध्यानलाई चेतन मनतर्फबाट गुप्त मनतर्फ आकर्षित गर्छ । बुद्धि, सद्भाव, आन्तरिक समार्थ्य तथा आन्तरिक शक्तिको केन्द्र यही गुप्त मन हो । गुप्त मनका सामुन्ने चेतन मनको कुनै गणना हुन सक्तैन । यो सधैं रातोदिन निर्विघ्न रूपले कार्य गरिरहन्छ । तर रातमा निद्राको समयमा गुप्त मनको कार्य अझ तीव्र गतिले सम्पन्न हुन्छ । तुलनात्मक दृष्टिले हेर्दा मानिसको यही गुप्त मनमा अनन्त शक्ति रहेको देखिन्छ । निर्बलभन्दा निर्बल मानिसको शक्तिको पनि केन्द्र गुप्त मन नै हो । शक्तिप्रवाह, प्रेरणा, बल त्यसैमा भरिएको छ । त्यही शान्ति, सुख र आनन्दको सञ्चालक हो । त्यही हाम्रो रक्षक वा भक्षक पनि हो । प्रत्येक चेतन भावना यस अचेतन

मनमा प्रवेश गरेर हाम्रो व्यक्तित्वको एक स्थायी वृत्ति बनेर उसलाई प्रभावित गरिरहन्छ। यसप्रकार त्यो मानिसको मानसिक एवं शारीरिक सङ्घटन-कार्यमा समुचित भाग लिन्छ। जब त्यो स्वास्थ्य, शक्ति, बल, सामर्थ्य, बुद्धि तथा अन्य कुनै उत्कृष्ट भावसित सम्बद्ध हुन्छ तब मात्र हामीलाई भित्रबाट एक प्रकारको उत्कर्ष तथा साहस मिल्छ र त्यसका विपरीत भावनाहरू भए भने चाहिं त्यसको प्रभाव पनि निराशाजनक र हानिकारक नै हुन्छ।

प्रार्थनाको मनोवैज्ञानिक आधार गुप्त मन नै हो। मनोविज्ञानको दृष्टिले प्रार्थना, एक प्रकारको आत्मसङ्केत अथवा आत्मसूचना (**Auto-suggestion**) हुन्छ। जीवनमा सङ्केत र सूचनाहरू हामीलाई परिचालित गर्छन्। उदाहरणको लागि तपाईं मन खिन्न भएर बाटोमा हिंडिरहनुभएको छ। अकस्मात् कुनै प्रफुल्लवदन मित्रसँग भेट भयो। उनको मुस्कान तथा उत्साहवर्धक वचनले तपाईंमा बलप्रद औषधिको काम गर्छ र तपाईंको निराशा विलीन हुन जान्छ। यो सङ्केत वा सूचनाको प्रभाव हो। यस्तै नै एक विशेष प्रकारका सूचनाहरू तपाईंले गरेका प्रार्थनाहरू पनि हुन्छन्। तपाईंका आफ्नै भावनाहरू, आफ्नै मुखबाट निस्केका शब्दसमूह चेतन अथवा गुप्त मनमा पुगेर मानसिक स्तरको एक भाग बनिदिन्छन्। जुन विचारको प्रभाव जति शीघ्र गुप्त मनमा पुऱ्याउन सकिन्छ त्यति नै शीघ्र प्रार्थना फलवती हुन्छ। प्रार्थना गर्दाखेरि प्रकटमनको अवस्था अचल एवं केही निष्क्रियजस्तो भएर मन्द हुन जान्छ। यसकारण त्यसवेला एकाग्रता हुनाले सूचनाहरूको प्रवाह, सीधै गुप्त मनमा प्रवेश गर्छ। हाम्रा अन्तरका अचेतन वृत्तिहरू ती सूचनाहरूलाई ग्रहण गर्छन्, विरोधी भावनाहरू उठ्तैनन्। प्रार्थनाकालमा शरीर शिथिल हुन्छ र जति हाम्रो तन्मयता एवं विश्वास हुन्छ त्यति नै बढ्ता हामीलाई आन्तर प्रवृत्तितक पुग्न तथा आफ्नो इष्टभावनाको बीजारोपण गर्न सुगमता हुन्छ। जतिपटक मनलाई शिथिल पारेर आँखा चिम्लेर सबै विरोधी विचारहरू हटाएर हामी प्रार्थनामा चित्त एकाग्र गर्नेछौं, त्यति नै पटक परमात्माको परमपावन संस्पर्शद्वारा रौं-रौंमा पवित्रताको सञ्चार हुनेछ। यस्तै ढङ्गले रोगी स्वास्थ्यको प्रार्थना गरेर रोगमुक्त तथा स्वस्थ हुन सक्छ।

शब्दहरूलाई रटेर सुगाले झैं दोहोऱ्याउनु प्रार्थना होइन। यो त एक प्रकारको अभिनय हो। प्रार्थना त आत्मविश्वासबाट सञ्चित हुनुपर्छ। विश्वास फलदायक हुन्छ। तपाईंको प्रार्थनाका शब्दहरूमा जति श्रद्धा हुनेछ, विरोधी भावनाहरूको जति त्यसमा

कमी हुनेछ, विश्वासद्वारा त्यो जति ओतप्रोत हुनेछ, सर्वशक्तिमान् परब्रह्मसित त्यति नै तादात्म्य स्थापित हुन सक्नेछ । भित्रबाट प्रेरित सच्चा प्रार्थना स्वसङ्केत-(**Auto-suggestion**)-को एक यस्तो पद्धति हो, जसद्वारा हामी स्वयम् आफ्नो गुह्य मनले आफ्नै शक्तिको महासागर खोलिदिन्छौं । ध्यान रहोस्– हाम्रो प्रार्थना आशावादी होओस् । यसमा हाम्रो परम कल्याण छ । हामीले प्रार्थना गर्नुपर्छ –'हे परमेश्वर ! हजूर तेजः-पुञ्ज हुनुहुन्छ, हजूर बुद्धिका सागर हुनुहुन्छ, शक्तिका अपार समुद्र हुनुहुन्छ, हामीलाई पनि तेजले परिपूर्ण पार्नुहोस्, हामीलाई शुद्ध बुद्धि दिनुहोस्, शक्तिले हाम्रा अङ्ग-अङ्ग भरिदिनुहोस् गद्‌गद स्वरले भन्नू– हे दयामय प्रभो ! अब ढीला नगर्नोस्, जीवन छोटो छ । आफ्नो दिव्यज्योतिद्वारा यस जीवनमा दिव्यप्रकाश भरिदिनुहोस् । यसलाई समु-ज्ज्वल बनाएर आफ्नो मन्दिरमा लैजानोस्, सधैंका लागि उहीं बस्न स्थान दिएर कृतार्थ गर्नुहोस् ।

यसप्रकार प्रार्थनाका अरू रूप पनि हुन सक्छन् जुन अगाडि बताइनेछन् । परन्तु सावधान ! प्रार्थनामा कुनै निकृष्ट शब्द वा भाव नरहोस् । निकृष्ट शब्द वा भाव घातक शत्रु हो । हाम्रो प्रार्थना जति सुन्दर श्रद्धा तथा विश्वासले युक्त हुनेछ, त्यति नै सृजनात्मक कार्य गर्नमा समर्थ हुनेछ । यसै मनोवैज्ञानिक आधारमा गायत्रीमन्त्रको विधान छ, जसको अर्थ हो– 'हामी त्यस सुखस्वरूप, श्रेष्ठ, तेजस्वी, पापनाशक, प्रणवस्वरूप परब्रह्मलाई धारणा गर्छौं, जो हाम्रो बुद्धिलाई सन्मार्गतर्फ लगाउने प्रेरणा दिन्छन् ।'

उपर्युक्त मनोवैज्ञानिक दृष्टिकोणबाट यो स्पष्ट हुन्छ– जीवनमा आशावादी प्रार्थनाको आध्यात्मिक प्रयोग वास्तवमा अमृतोपम औषधि नै हो । अतः हामीले विशुद्ध हृदयले प्रभुका अनन्त उपकारहरूको आभार मानेर आफ्नो र प्राणिमात्रको जीवनमा आनन्द र सुख-समृद्धिका लागि प्रार्थना गर्नुपर्छ ।

प्रार्थना मानव-जीवनको एक सहज, स्वाभाविक र आवश्यक अङ्ग हो । मानिस जहिलेदेखि संसारमा आयो, त्यसै वेलादेखि प्रार्थना गर्दै आयो । मानिस मेधावी भएर पनि परिस्थितिवश र प्रकृतिवश जीवनका व्यवहार, व्यापारका समस्याहरूलाई सुल्झाउनमा यदा-कदा आफूलाई असमर्थ र अल्पज्ञ पाउँछ । तब त्यो आफूभन्दा ठूलो सत्ताप्रति श्रद्धावनत भएर त्यसको समाधान खोज्छ । त्यसको हृदय कुनै अपार, अज्ञात सत्तालाई पुकार्छ । त्यही नै उसको प्रार्थना हो । मानिसको मन र हृदयको विकासका

अनुसार उसको प्रार्थनाको रूप बदलिन्छ । प्रार्थनाको कुनै निश्चित सूत्र छैन । सबैको प्रार्थना आ-आफ्ना भिन्न विशेषता राख्छ– कसैको बाह्य रूप प्रकट हुन्छ, कोही अन्तर्मनमा नै प्रार्थना गर्दछन् । आ-आफ्ना निर्दिष्ट मतहरूअनुसार सबै धार्मिक संस्थाहरू र परम्पराहरू प्रार्थनाप्रधान छन् । प्रार्थना सिक्नुपर्दैन, त्यसको मन्त्र रट्नुपर्दैन । यो कुनै क्लिष्ट साधन होइन । प्रार्थना मानव-हृदयको सहज स्वाभाविक भक्ति हो । जो बालक पनि गर्न सक्छ र त्यसको उत्तर पाउँछ । सुनिन्छ– आजकल विज्ञ साधकहरूमा विशेष गरेर पश्चिमी देशहरूमा प्रार्थनाको रूप कुनै कुरा माग्नु नभएर धन्यवादका रूपमा चामत्कारिक ढङ्गले खूब सफल भइरहेछ । त्यसले अब यो भन्छ– परमात्मा हामीभन्दा अलग हुनु-हुन्न र हामी आफ्नो मौलिक रूपले दीनहीन र आश्रित छैनौं । हामीलाई परमात्मासँग केही माग्नु छैन; परमात्माले हामीलाई सबै शक्ति दिनुभएको छ, संसार दिनुभएको छ, हामीलाई मानव-जीवन दिनुभएको छ, हामी यसलाई स्वीकार गरौं, हामी यी सबैका लागि आफूलाई धन्य मानौं र यस्तो दिव्य सुन्दर आयोजनाका लागि परमात्मालाई धन्यवाद दिऔं ।

हिन्दू-धर्मावलम्बी योग-साधना र नवधाभक्ति गर्दछन्, त्यसरी नै अन्यान्य धर्म पनि प्रार्थनाप्रधान छन् । आजकल विज्ञ इसाई समाजमा प्रार्थनाको विशेष विकास भइरहेछ र यस प्रार्थनाको प्रभावले मानिसको रोगनाश, दुःखदर्द-निवारण आदि गम्भीर समस्याहरूमा यदा-कदा तात्कालिक सफलताहरू मिलेका पनि छन् । यूरोप, अमेरिकामा दिन-रात निःस्वार्थ भावले अरू व्यक्तिको दुःख-दर्द, दारिद्र्य हटाउनका लागि प्रार्थना गर्ने ठूला-ठूला संस्था छन् । त्यहाँ अरूकै लागि प्रार्थना गरिन्छ । यो रीति उनीहरूको आफ्नो देशअनुसार उनीहरूको लागि ठीक नै छ । हाम्रो यहाँ घर-घरमा नित्य पूजा-प्रार्थनाको नियम पहिलेदेखि चल्दै आएको छ ।

दुःखसाथ भन्नुपर्छ– धर्म, प्रार्थना र ईश्वरीय तत्त्वका तर्फबाट आज मानव उदासीन छ । यसै उदासीनताले गर्दा नै जगत् आज विनाशको ढोकामा खडा हुन तीव्रतापूर्वक गइरहेछ । मानिसको आत्मविकासको मूलमा जुन अध्यात्मशक्ति, जुन ईश्वरांश, जुन दिव्य बलको आवश्यकता छ, त्यसको मानवजाति उपेक्षा गरिरहेछ । फलस्वरूप जगत् घोर निराशा, अन्धकार, अशान्ति, वैर, विरोध र हिंसाको जालमा फसिरहेछ । यदि जगत्लाई यस दावानल-(डढेलो)-बाट बाहिर निकाल्नु छ भने, त्राण पाउनु छ भने जगत्का प्रत्येक मानवको आफ्नो व्यक्तिगत जीवनमा आत्माको

सच्चा उन्नतिका लागि एकनिष्ठ भएर प्रभु-प्रार्थना गर्ने बानी बसाल्नुपर्छ, जसद्वारा उपेक्षित एवम् अवनत मानवात्मा प्रार्थनाको अगम्य बलका प्रभावले फेरि विशेष उन्नत हुन जान्छ र मानव-जगत्ले सच्चा सुख-शान्ति प्राप्त गर्छ । यस दृष्टिले मानिसहरू र राष्ट्रहरूको जीवनमा पहिलेको अपेक्षा आज प्रार्थना निकै महत्त्वको कुरा तथा अनिवार्य बन्दै गएको छ । अस्तु ।

अब प्रार्थनाको विषयमा केही सहायक कुरा लेखिनेछ । जसद्वारा यो विषय अधिक स्पष्ट रूपले सम्झन सकिनेछ । जुन वेला हाम्रा चारैतिर विपत्तिका बादल मडारिन थाल्छन्, अँध्यारोले छोप्छ, कोही साथमा रहँदैन, बाटो देखाउने पनि कोही हुँदैन, त्यस वेला हामीभित्र थोरै मात्र पनि आस्तिकता रहन्छ भने हामी अचानक भगवान्तिर मोडिएर अनायास पुकार्छौं– 'हे नाथ ! रक्षा गर्नोस्, बाटो देखाउनोस् !' तथा हामीमध्ये धेरैको अनुभव छ– पुकारा गर्नेबित्तिकै अनौठो तरीकाले हाम्रो रक्षा हुन्छ, जसको कल्पना गर्न सकिंदैन । यस्तो किन हुन्छ ? यसै कारण भगवान् आफ्नो सम्पूर्ण ज्ञान, अनन्त सामर्थ्य, अनन्त सौहार्दका लागि सधैं हाम्रा साथ छन् । उनीसँग हृदय मिल्नेबित्तिकै उनको सम्पूर्ण शक्ति हाम्रो आवश्यकता पूर्ण गर्नका लागि प्रकट हुन्छ । उनको अप्रमेय शक्ति अपरिसीम सौहार्द व्यक्त हुने अवसर आउनासाथ काला बादल तितर-बितर हुन्छन् र आकाश निर्मल हुन्छ । भारहरण गर्ने साथी आइपुगिहाल्छन्, सुविस्तीर्ण, निष्कण्टक बाटो देखिन्छ र कृतज्ञतापूर्ण हृदयले प्रभुका चरणमा शिर नुहाउँदै हामी गन्तव्य पथतर्फ लागिहाल्छौं ।

किन्तु प्रभुसँग हाम्रो हृदयको यो संयोग स्थायी हुँदैन । यस क्षणपछि हाम्रो जीवन भगवत्प्रार्थनामय बन्दैन । अनुकूल परिस्थिति आउनासाथ हामी प्रभुलाई भुल्न थाल्छौं । प्रभुको प्रार्थना यस्तो अद्भुत चमत्कारी वस्तु हो– यो स्मृति पनि बिस्तारै बिस्तारै हराउन थाल्छ ।

यीभन्दा भिन्न कुनै यस्ता प्राणी पनि छन् जो स्वाभाविक रूपले प्रायः भगवान्को प्रार्थना गर्छन् । तिनीहरूमध्ये सबै त होइनन्, तर धेरैजसो कस्तो प्रार्थना गर्छन्– यो विचारणीय छ संक्षेपमा भन्दा उनीहरूको प्रार्थनाको रूप यस्तो छ– 'नाथ ! मलाई फलानो वस्तु दिनुहोस्, अमुक प्रकारले अमुक समयमा दिनुहोस् ।' अर्थात् कुन वस्तु पाउने ? यसको निर्णय त हामी गरिदिन्छौं । त्यो वस्तुको प्राप्ति कुन उपायले हुने र कुन समयमा ? –यो पनि हामी पहिले नै भनिदिन्छौं, ज्ञान भगवान्मा

हाम्रो यथार्थ आवश्यक वस्तुको निर्णय गर्ने, त्यसको प्राप्तिको उपाय स्थिर गर्ने, तथा ठीक समयमा हामीलाई ल्याएर दिने ज्ञान र सामर्थ्य नै छैन । हामीले प्रार्थना यसरी गर्नुपर्छ– **हे नाथ ! तपाईंको जे इच्छा छ त्यो मलाई दिनुहोस् । जुन किसिमले दिन चाहनुहुन्छ, उसै प्रकारले दिनुहोस् । जब दिन चाहनुहुन्छ, तब दिनुहोस्,** किनभने उनी-समान वा उनीभन्दा बढी र सर्वज्ञ तथा सर्वथा निर्भ्रम शुभचिन्तक हाम्रो लागि अरू को होला ? तर यसो नगरीकन हामी प्रभुसमक्ष आफ्ना क्षुद्र भावनाहरूलाई मात्र राख्छौं । तथापि यो प्रार्थनाको श्रेणीमा अवश्य छ नै । किनभने त्यसवेला हाम्रो हृदयको प्रभुसँग संयोग त अवश्य हुन्छ नै । भगवान् यस्तो प्रार्थनाले अप्रसन्न बिलकुल हुँदैनन् । बेठीक भए पनि कसैउपर कुनै कारणले पनि प्रभु रिसाउँदैनन्, उनी त कुनै पनि कारणले कसैसँग कहिल्यै अप्रसन्न हुँदैनन्, तर यस्ता प्रार्थनाहरूको यथोचित परिणाम तुरुन्त मिलोस्, यो सम्भव पनि हुन्छ, नहुन पनि सक्छ । **प्रभुका अनन्त मङ्गलमय विधानमा विरोध नपर्ने प्रार्थनाहरू तत्क्षण सफल हुन्छन् । प्रार्थनाहरू जुन प्रार्थीको लागि परिणाममा अहितकर हुन्छन् ती सफल हुँदैनन् । मङ्गलमयबाट अमङ्गलको दान कसरी हुन सक्छ र ?**

उपर्युक्त दुईभन्दा अतिरिक्त कुनै यस्ता मानिस पनि हुन्छन्, जो भगवान्सँग केवल भगवान्को लागि, भगवत्प्रेमकै लागि प्रार्थना गर्छन् । जगत्को कुनै वस्तुको चाहना उनका मनमा हुँदैन । विषयको प्रलोभनले तिनलाई अलिकति पनि सताउँदैन । तिनी-हरूको हृदय सहजैसित सतत भगवान्मा जुटेको हुन्छ ।

यस तेस्रो श्रेणीको प्रार्थनामा त प्रार्थीलाई केही माग्नु आवश्यक हुँदैन । प्रार्थनाका सारा विधि उसको प्रार्थनामा सहज रूपमा विद्यमान हुन्छ । वास्तवमा सच्चा र कल्याणमयी भगवत्प्रार्थना पनि यही हो । मानव-जीवनको सफलता पनि यसै प्रार्थनामा नै छ । क्षुद्र भोगको लागि भगवान्सँग प्रार्थना गर्नु त भगवान्को कृपामयतामा, भगवान्को मङ्गलमय विधानमा अविश्वास गर्नु हो । मानो भगवान्लाई हाम्रो चिन्ता छैन, हामीलाई चाहिने आवश्यक वस्तु उनी दिइरहेका छैनन्, यस्तो भावना हाम्रो अन्त-श्चेतनामा हुन्छ– हामीलाई त त्यहाँबाट अझै अगाडि बढ्नु छ, जहाँ हामी खडा छौं । हामी प्रभुमा सर्वथा निर्भर रहन सक्तैनौं भने पूर्ण निर्भर छौं भन्ने स्वाङ गर्नाले काम चल्दैन । हामीले त हाम्रो मानसिक धरातलअनुरूप नै बाटो अपनाउनुपर्छ । हामीमध्ये धेरैजसो पूर्ण निर्भरताको बाटो ग्रहण गर्न सक्तैनौं, यसकारण पहिलेका दुई प्रार्थना-हरूलाई हामी अँगाल्छौं । किन्तु यी दुई प्रार्थनामा पनि केही जान्न लायक कुरा छन् ।

यी कुराहरू जानेपछि, बुझेपछि यी दुई प्रार्थना अझ मूल्यवान् हुन पुग्छन् । यी प्रार्थना जीवनको तल्लो तहबाट उठाएर भगवान्को दिव्य आलोकमा पुऱ्याइदिन्छन् ।

(१) भगवान्सँग हामी जुन वस्तुको लागि प्रार्थना गर्दछौं, त्यस वस्तुको तीव्र इच्छा हाम्रो मनमा हुन्छ, यदि त्यसविना हाम्रो काम कुनै अरू चीजले पनि चल्छ भन्ने देखिएमा सम्झनुपर्छ– त्यस वस्तुप्रति हाम्रो तीव्र चाहना छैन ।

(२) त्यो वस्तु पाउनु नै पर्छ भन्ने दृढ निश्चय छ । यदि वस्तुप्राप्तिमा संलग्न रहेर क्रमशः उत्साह शिथिल हुन्छ भने मान्नुपर्छ– निश्चय दृढ छैन ।

(३) पूर्ण धैर्य होओस्, प्रार्थना शुरू गरेपछि फल प्रकट हुने समयसम्म अधीरताको छाया पनि मनमा नआओस्, साथै फल प्रकट भयो–भएन हेर्ने वृत्ति नआओस्, बीज रोपेर जलसेचन गरी तुरुन्त उखेलेर हेर्नु उचित हुँदैन– अंकुर पलायो कि पलाएन भनेर ।

(४) प्रार्थनाको तार (प्रवाह) नटुटोस् । फल प्रकट हुने समयसम्म यथासाध्य सधैं तत्परतापूर्ण रूपले प्रार्थना जारी रहोस् ।

(५) यो अखण्ड, अविचल विश्वास मनमा निरन्तर जागरूक रहोस्– प्रभु यहाँ अवश्य हुनुहुन्छ, यो वस्तु हामीलाई उहाँ दिन सक्नुहुन्छ, अवश्य दिनुहुन्छ, जो-सुकै उनका अगाडि जुनसुकै वस्तुका लागि उपस्थित भए पनि तिनलाई त्यो वस्तु उहाँ अवश्य दिनुहुन्छ । हामीलाई पनि उहाँ दिनुहुन्छ । हामीलाई यो वस्तु अवश्य मिल्नेछ, यसमा अलिकति पनि शङ्का छैन ।

(६) **तर प्रार्थनाको समयमा प्रभुसमक्ष त्यस वस्तुका लागि रुनु आवश्यक छैन । प्रार्थनाको रूप त हुनुपर्छ– प्रभुसँग हृदयको मिलन, हृदयको एकीकरण, प्रभुका रूपमा तन्मयता, अंश अंशीमा मिल्नु, प्रभुका ऐश्वर्य, समग्र वीर्य, समग्र यश, समग्र श्री, समग्र ज्ञान र समग्र वैराग्यमा आफ्नो सत्ता बिलाउनु। यस मिलनका आनुसङ्गिक परिणाम हुनेछ– इच्छाको पूर्ति– इष्ट वस्तुको प्राप्ति ।** कल्पना गरौं – भयानक खटिरो आयो, त्यसमा पीप भरिएर आयो, वेदनाले प्राण व्याकुल भयो । यसबाट त्राण पाउन हामी प्रभुसँग प्रार्थना गर्न गयौं । त्यसवेला मानसिक आँखाको अगाडि आफ्नो खटिराको विकराल रूप प्रभुका सामु राख्नु प्रार्थना होइन, यस्तो गर्नु प्रार्थना-पद्धतिबाट टाढा जानु हो । हामीले त निरामय स्वरूपको चिन्तन गर्नुपर्छ, जसमा विकृति छैन, अभाव, दुर्गन्ध एवं मलिनता छैन र अनिन्द्य सुन्दरता छ । त्यो सर्वथा सबैतिरबाट पूर्ण छ ।

जो अनन्त सौरभको निवास छ र परम दिव्य छ, उनको निरामय, सुन्दर, दिव्य ज्योतिर्मय सत्ता हाम्रो शरीरका अणु-अणुमा व्याप्त छ। उसमा यस्तै दृढ भावना हामीले वारंवार राख्नुपर्छ। प्रभुद्वारा अनुप्राणित हाम्रा यस शरीरका अणु-अणु रोगले शून्य, मनोहर, सुन्दर, नित्यपूर्ण, सुबासयुक्त एवं चिन्मय ज्योतिले उद्भासित भइरहेछन्। यस्तो अनुभव गरेर वारंवार अभ्यास गर्नू। खटिराको पीडा हामी बिर्सन्छौं। त्यसका ठाउँमा अविकारी, सम्पूर्ण, नित्य रुचिर, सुरभिमय, परमोज्ज्वल प्रभुको सत्ता व्यक्त हुन थाल्छ ! यस्तो चेष्टा हामीले गर्नुपर्छ। विश्वास र लगनका साथ यस्तो धारणा राखेपछि यस्तो भावना हुनु कठिन छैन। भावना दृढ भएपछि प्रभुको दिव्य चमत्कार त्यस गलित शरीरमा खटिराले व्याकुल छालामा हामीले चालै नपाउने गरी प्रकट हुनेछ। यो कोरा कल्पना होइन, ध्रुवसत्य हो। हाम्रो शास्त्र यस्ता अगणित प्रमाणहरू-ले भरिएको छ। आज पनि यस्ता घटनाहरू प्रत्यक्ष हुन्छन्। यस विज्ञानयुगका प्रतिभाशाली विज्ञानवेत्ताका अगाडि पनि यस्ता घटना घट्छन्। नोबल-पुरस्कार-विजेता संसारप्रसिद्ध वैज्ञानिक एवं डाक्टर सर्जन अलेक्सिस क्यारेल- (Alexis Carrell)-ले भनेका छन्– उनले स्वयम् आँखाले देखे– एकमात्र केवल प्रार्थनाद्वारा मुखको घाउ, शरीरका अन्य घाउ, क्यान्सर, मूत्राशयका रोग र यक्ष्मा आदि रोगहरू-द्वारा पीडित रोगीहरूको रोग निर्मूल भएको छ।

लौ, रोगबाट मुक्त हुने कुरा त ठीक छ, हामीलाई त धन चाहिन्छ, घरमा युवती कन्या छिन्, तिनको विवाह गर्नु छ, पेटभर खानका लागि अन्न छैन। शरीर ढाक्नका लागि पर्याप्त वस्त्र छैन। के भगवत्प्रार्थना मात्रले हामीलाई धन मिल्नेछ ? अवश्य मिल्नेछ, तर प्रार्थना ठीक हुनुपर्छ, अन्य आवश्यक कुराका साथ-साथ प्रार्थनाको वेला आफ्नो दरिद्रताको भावना, आफ्नो कमजोर स्थिति बिर्सिदिनुपर्छ। त्यसका ठाउँमा प्रभुको सर्वसम्पन्न रूप, अनन्त-श्रीसम्पन्न सत्ताको सम्झना गर्नू, त्यसमा आफ्नो मन डुबाउनू, यो अनन्त आकाश, अपरिसीम सागर, विस्तीर्ण भूभाग, उच्च पर्वतमाला, नदी, निर्झर, सरोवर, वन, उपवन, पशु-पक्षी, कीट-पतङ्ग, भृङ्ग, सुन, चाँदी, हीरा, मोती, नीलम, पन्ना आदि अगणित वैभवहरूको निर्माण गर्ने प्रभु हामीभित्र विद्यमान हुनुहुन्छ। उहाँमै आफ्नो मनलाई लीन गरौं। यस्तो भावना राखौं – प्रभुको अनन्त वैभव चारैतर्फ फैलिएको छ, त्यसमा हाम्रो अधिकार छ, किनभने हामी उहाँकै हौं। भगवान्का आँखाद्वारा यो स्पष्ट अनुभव गरौं– प्रभुको अनन्त विभूति हामीलाई त प्राप्त

नै छ, हाम्रा लागि त कुनै अभावको कल्पनै छैन । विश्वासपूर्वक वास्तवमा हामी यस्तो दृढता राख्छौं भने निश्चित छ– हामीलाई आवश्यक धनको व्यवस्था प्रभुको विधानले हुनेछ ।

सारांश यो हो– हामी जुन वस्तु चाहन्छौं, त्यसको अभावका तर्फबाट वृत्तिहरू हटाएर, त्यो वस्तु जुन प्रभुमा पूर्ण रूपबाट नित्य वर्तमान छ, त्यसमा केन्द्रित गर्नू । हामी 'फलानु वस्तु होइनौं, फलानु होइन' यस प्रकारको चिन्तनबाट रोकिएर जहाँ हाम्रो इच्छित वस्तु पूर्ण रूपमा सधैं अवस्थित छ, त्यस्तैको चिन्तन गर्नू ।

(७)यो कुरा ध्यानमा राख्नुपर्छ– हामी विश्वस्रष्टा प्रभुकै एक अंश हौं । अतः प्रभुका गुण हामीमा पनि अंशरूपमा अवश्य विद्यमान छन् । प्रभुले सृष्टिभन्दा पहिले यो सङ्कल्प गर्नुभयो– **एकोऽहं बहु स्यां प्रजायेय**– म एक नै धेरै होऊँ । यस चिन्तन-सङ्कल्पको परिणाम यो भयो– यो विशाल विश्वको सृष्टि भयो, सङ्कल्प मूर्त हुन गयो । चिन्तनद्वारा कुनै वस्तुको निर्माण गर्ने शक्ति हामीभित्र पनि छ । किनभने हामी विश्व-स्रष्टाका अंश हौं । यसकारण हामी पनि चिन्तनद्वारा आफ्नो लागि वस्तुको निर्माण गर्न सक्तछौं, गर्दछौं । यो नियम छ– हाम्रा प्रत्येक विचार मनमा फुरेपछि बाहिर पनि त्यसअनुरूप नै आकार धारणा गर्छ । यदि प्रार्थना-समयमा हामी अभावको, मलिनताको अनुभव गर्छौं, चिन्तन गर्छौं– 'नाथ ! हेर्नोस्, यस वस्तुको अभावमा मलाई कति कष्ट भइरहेछ । हाय ! मेरो कस्तो गए-गुज्रेको अवस्था छ ।' यिनै भावहरूको नै आवृत्ति गरिरहन्छौं । तब अभावजन्य व्यथा र पतनका मूर्तिहरूकै निर्माण हुनेछ । त्यस्तै प्रभु-को पूर्ण, परम-सौन्दर्यमय सत्तासँग हाम्रो हृदयको क्षणिक संयोग भएर पनि यी विचारका अशुभ मूर्तिहरू बीचमा व्यवधान बन्दै जानेछन् । तर ठीक यसका विपरीत हामी प्रार्थना-समयमा यस्तो सोचौं– 'हामीलाई सबै कुरा छन्, सुन्दर छन्, नाथ ! हजूरको कृपाले अति आनन्दमा छु, प्रतिक्षण माथि उठिरहेछु ।' यस्तो विचारको समयमा महामहिम प्रभुसँग हाम्रो सम्पर्क त हुन्छ नै, साथ इष्ट-प्राप्तिजन्य सुखको उत्थानका शुभ मूर्तिहरू पनि निर्मित भइरहन्छन् । यी हाम्रा लागि सहायक बनिरहन्छन् । करुणा-सागर भग-वान्का तर्फबाट जो कृपाका लहरहरू हामीतर्फ आइरहेछन्, उनीहरूलाई यी मूर्तिहरू बडो वेगले आकर्षित गर्न थाल्छन्, हेर्दा-हेर्दै हाम्रा शुभ विचार भगवान्का मङ्गलमय विधानमा जोडिन्छन् र फेरि हाम्रा लागि बाहिर एक शुभले पूर्ण संसार मूर्त हुन्छ । तुरुन्त नै ती प्रतिकूल परिस्थितिहरू हट्छन् । तथा त्यसका ठाउँमा हाम्रो मनोवाञ्छित परिस्थिति प्रकट हुन्छ । भन्नुको तात्पर्य यो हो– कुन वस्तुको लागि प्रार्थना गरेपछि

हाम्रो भित्र जुन विचारद्वारा वस्तु निर्माण गर्ने शक्ति छ, त्यसलाई पनि सहायक बनाउनुपर्छ । यो बाधक नबनोस्, यस कुरामा सावधान रहनुपर्छ, हर्ष, उत्थान, पूर्णता आदिको भावना गर्नु, आफ्नो त्यस शक्तिलाई सहायक बनाउनु र विषाद, निराशा, शोक तथा दुःखको भावना गर्नु उसलाई बाधक बनाउनु हो ।

(८) प्रार्थनाभन्दा पहिले धीरतापूर्वक हामीले विचार गर्नुपर्छ– हाम्रो इष्ट वस्तु जसका लागि हामी प्रार्थना गर्छौं, कतै अर्काको हितको विरोधी वस्तु नहोओस्, मानिलिऔं– यो इच्छा उत्पन्न भयो– फलानो शत्रुको विनाश होओस् । यस इच्छाको पूर्तिका लागि प्रार्थना गर्ने गऱ्यौं भने त यसको पूर्तिका लागि प्रार्थनाको आधार भगवान्मा कहिल्यै मिल्नेछैन । हामी आफ्नो भ्रान्त मलिन मनद्वारा प्रभुमा यस्तो आधारको आरोप गर्छौं, त्यो अर्कै कुरा हो । तर वास्तवमा यस्तो प्रार्थनाको लागि अवकाश भगवान्मा छँदैछैन । प्रभुमा कसैका प्रति शत्रुत्व अथवा द्वेषको कल्पना नै छैन । उनको दृष्टिमा आफूबाहेक अरू के छ र द्वेष गर्नु ? आफूले आफैलाई कसैले द्वेष गर्दैन । यसकारण यस्तो प्रार्थना गर्नेहरूले निराश नै हुनुपर्नेछ । **काकतालीय-न्याय**ले कुनै घटना घट्यो भन्दैमा हामीले त्यसलाई आफ्नो प्रार्थनाद्वारा भएको मान्यौं भने यो हाम्रो बुद्धिको भ्रम हो । वास्तवमा भगवान्मा यस्तो प्रार्थनाको बीजसम्म पनि टिक्ने स्थान हुँदैन । यस्तो इच्छा हाम्रो मनमा जाग्रत् भयो भने इच्छामा हामीले पहिलें नै सुधार ल्याउनुपर्छ । हामी यो इच्छा गरौं– हाम्रा ती विरोधी जसलाई हामी शत्रु मान्छौं, उसको हृदय शुद्ध होओस्, र त्यो हामीलाई प्रिय व्यवहार गरोस् । त्यस्तै यस इच्छाको पूर्तिका लागि हामी प्रार्थना गर्छौं, गर्दै रहन्छौं प्रार्थनाको साँचो लिएर । अनन्त प्रेमार्णव प्रभुमा मनलाई तन्मय गर्नू, यो भावना लिनू–'विश्वका अणु-अणुमा प्रभुको प्रेम भरिएको छ । अणु-अणुबाट दिव्य प्रेम झरिरहेछ, मेरो हृदयमा प्रेमको नदी प्रवाहित भइरहेछ, मेरा चारैतर्फ प्रेमका सागर लहराइरहेछन् ।' कुनै शब्द सुनेमा भावना गर्नू– 'ओहो ! प्रभुको यो प्रेमयुक्त शब्द कति मधुर छ ! कुनै स्पर्श प्राप्त भएमा सोच्नू– 'अहा ! कति प्रेमिल शब्द छ !' जस्तोसुकै रूप किन नदेखियोस् अनुभव गर्नू– 'अहो ! प्रभुको प्रेम त यस रूपका अणु-अणुमा व्याप्त छ !' रसनेन्द्रियलाई जुन रसको अनुभव हुन्छ, नासिकामा जुन गन्धको संयोग हुन्छ, त्यसबारे सोच्नू–'यस रसमा, गन्धमा प्रभुकै दिव्य प्रेम ओतप्रोत छ । तब हामी देख्नेछौं– हाम्रो त्यस विरोधीमा जसको विनाश हामी चाहन्थ्यौं, प्रेममय प्रभुको चमत्कार भइरहेछ,

हाम्रो प्रार्थना सफल भइरहेछ । अभिप्राय यो हो– परहितविरोधी, अपवित्र इच्छामा सुधार गरेर त्यसलाई प्रभुसँग मिलाउने लायक पवित्र बनाएर फेरि हामी प्रार्थना गरौं, तब अवश्य सफलता मिल्नेछ ।

(९) मनबाट यो धारणा निकालिदेऊ– प्रभु हाम्रो प्रार्थनाद्वारा दबेर हाम्रो इच्छापूर्तिका लागि खुशामदले राजी भएर लौकिक पुरुषले कुनै काम गरिदिए जस्तै प्रभु पनि आफ्नो परम मङ्गलमय विधानमा हेरफेर गरिदिनुहुन्छ । प्रभुको मङ्गलमय विधान त निश्चित छ, अनादिकालदेखि निश्चित क्रमले क्रियाशील छ । अनन्त कालतक निश्चित क्रमले क्रियाशील रहनेछ । यसमा हेरफेर प्रायः हुँदैन, गरिंदैन । हेरफेर त हाम्रो इच्छामा हुनुपर्छ, हाम्रो इच्छा भगवान्को मङ्गलमय विधानअनुकूल हुनु आवश्यक छ । तब मात्र त्यस इच्छाको पूर्ति सम्भव छ, अन्यथा छैन ।

(१०) प्रार्थनाभन्दा पूर्व हामी आफ्नो इच्छित वस्तुलाई केही समयको लागि प्रसन्न चित्तले पूर्ण एकाग्र भएर स्मरण गर्छौं, फेरि आफ्नो भाषामा भगवान्को तत्सम्बन्धी रूपको निरूपण एवं मनन तथा भावना आरम्भ गर्छौं । कसैबाट सिकेको भाषामा प्रार्थना गरेपछि त्यसमा प्रायः केही न केही कृत्रिमता आइहाल्छ, जुन प्रभुसँग हृदयको शीघ्र संयोग हुनामा आवरणजस्तै काम गर्न थाल्छ । यसकारण आफ्नै स्वाभाविक भाषाको प्रयोग नै श्रेष्ठ छ ।

(११) यस इच्छापूर्तिको अवधि र पूर्तिको प्रकार, प्रभुको लागि निर्धारित नगर्नू । हाम्रो त्यो इच्छित वस्तु कहिले मिल्नेछ, कुन किसिमले मिल्नेछ, यी दुवै कुरा हामी प्रभुकै मङ्गलमय इच्छामा छाडिदेऔं ।

(१२) जहाँतक सम्भव हुन्छ हामी बढी-से-बढी प्रार्थना गर्ने गरौं, तर यो कुरा प्रभुबाहेक अरू कसैमा प्रकट नहोओस् ।

(१३) सधैं यो विचार गर्दै गर्नुपर्छ– 'म आफ्नो जीवन र व्यवहार प्रेमपूर्वक परमात्मालाई समर्पण गर्छु, मेरो लागि जे-जे उत्तम छ त्यही हुनेछ ।'

(१४) परमात्मा प्रेमस्वरूप हुनुहुन्छ । उहाँको प्रेम ममा प्रकाशित हुन्छ र मलाई निर्देश दिन्छ । यस प्रेममा लवलीन भएर म पूर्णस्वरूप बनूँ र सबै प्रकारका चिन्ताहरूबाट मुक्त होऊँ ।

(१५) मेरो लागि भयको कुनै कारण छैन, परमात्मा सर्वशुभ र सर्वेश्वर हुनुहुन्छ । उहाँ नै मेरा ज्ञानदाता र मार्गदर्शक हुनुहुन्छ ।

उपर्युक्त पन्ध्र कुरामा ध्यान राखेर इच्छित वस्तु प्राप्त गर्न हामी प्रार्थना गर्छौं भने तत्काल लाभ हामीलाई हुन्छ नै, मनले चाहेको वस्तु हामीलाई मिल्ने मात्र होइन, क्रमशः हाम्रा हृदय, मन र प्राणमा प्रभुको दिव्यज्योति भरिन पनि थाल्छ। यी आलोक बनेर उठ्छन्। यो आलोक एकदिन हामीलाई आफ्नो भित्र सधैं रहने प्रभुको मन्दिरको दर्शन गराइदिन्छ। बस, यहींबाट हाम्रो साँचो प्रार्थना भगवान्सँग भगवान्को लागि, भगवत्प्रेमको लागि प्रार्थना आरम्भ हुन्छ। फेरि हाम्रो मनका सम्पूर्ण वृत्तिहरू सबैतर्फबाट समेटिएर प्रभुको दिव्य मन्दिरतर्फ केन्द्रित हुन जान्छन्।

कुनै पनि भावद्वारा हामी प्रभुतर्फ लाग्छौं भने हाम्रो परम कल्याण नै हुनेछ। यदि हामी आफ्नो स्वरूपलाई जानेर प्रभुका साथ हाम्रो जे सम्बन्ध छ त्यो सम्झेर हामी प्रभुतर्फ बढ्यौं भने सर्वोत्तम कुरा हुन्छ। किन्तु यो सबै कुरा नजानीकन कुनै सांसारिक दुःखद्वारा व्याकुल हुँदै त्यस दुःखबाट त्राण पाउने इच्छाले नै अथवा कुनै लौकिक अभीष्ट वस्तु पाउने उद्देश्य बनाएर हामी उनलाई आफ्ना मनमा स्थान दिन थाल्छौं भने पनि हामी कुनै दिन यस प्रक्रियाबाट पनि भगवान्मा अवश्य मिल्न पुग्नेछौं, यसमा अलिकति पनि शङ्का छैन।

जब हाम्रो मानसिक धरातल अत्यन्त नीच छ, अतिशय संकुचित विचारद्वारा हाम्रो मन भरिएको छ त आजको यस्तो युगमा हामी हामीलाई पहिले आफ्नो स्वरूपको ज्ञान होओस्, प्रभुका साथ आफ्नो सम्बन्धको भान हुन लागोस्, त्यसपछि हामी जड जगत्बाट माथि उठेर, निष्काम बनेर केवल प्रेमको लागि नै प्रभुसँग प्रेम गरौं, भजनको लागि नै भजन गरौं भन्ने आशा गर्छौं भने त्यो आशा केवल दुराशा मात्र सिद्ध हुनेछ। यस्तो होओस् भन्ने को चाहँदैन ? प्रभुको उपासनाको , भजनको प्रार्थनाको आदर्श त यही हो। तर सर्वसाधारणको लागि यस आदर्शको अनुसरण सम्भव हुँदैन। त्यसो त हजारौं व्यक्ति यस्ता भेट्टिनेछन्, जो आफू आत्मज्ञानी हौं भन्ने धाक लाउँछन्, किन्तु तिनीहरूमध्ये कुनैलाई पनि वास्तवमा स्वरूप हो वा होइन भनी पहिल्याउनु कठिन छ, किनभने जसलाई हेर्‍यो उही बढी-से-बढी सांसारिक सुख बटुल्नमा नै लागेको देखिन्छ। **आफ्नो यस शरीर-लाई आराम दिन, अथवा शारीरिक कष्ट उठाएर पनि आफ्नो यस कल्पित नामको झूटो ख्याति समाजमा, देशमा, संसारमा फैलाउनको लागि हामी पागलजस्तै बनिरहेछौं।** स्वरूपको ज्ञान भएपछि यो सम्भव नै छैन। **एकातर्फ त हामी धर्माचरण गर्ने, दान-पुण्य गर्ने, देशसेवा तथा समाजसेवा गर्ने, गरीब-दुखीःहरूलाई सुख पुऱ्याउने तीर्थसेवन गर्ने**

र ईश्वरभक्तिसम्बन्धी अनेक कर्महरू गर्ने अभिनय गर्छौं तथा अर्कातर्फ धन बटुल्नमा जति पनि अन्यायपूर्ण साधन छन् तिनमा घृणा, लज्जा आदि सर्वथा छाडेर ती सबलाई अँगालिरहन्छौं । विश्वविद्यालयहरूका दार्शनिक कक्षाहरूमा, वेदान्तका पाठशालाहरूमा आत्माको स्वरूपमा विचार गर्ने, पाठ पढ्न र ठूला सभामा जनतासमक्ष आत्मज्ञानको महत्त्व र त्यागको प्रशंसाको पुल बाँध्दै मनोरञ्जक सुन्दरभन्दा पनि सुन्दर प्रवचन दिन सजिलो हुन्छ । यस्तो मौखिक स्वरूप ज्ञान, शास्त्रीय ज्ञान र देखावटी वैराग्य त हामीमध्ये धेरैमा छ, परन्तु यहाँ प्रस्तुत प्रसङ्गमा यस्तो धरमराउँदो नाममात्रको ज्ञान वैराग्यसँग कुनै तात्पर्य छैन । यहाँ त त्यस यथार्थ स्वरूपज्ञानसँग मतलब छ, जसको आलोकमा बुद्धि यो दृढ निश्चय गर्छ, मन साँच्चै स्वीकार गर्छ–

जन्माद्याः षडिमे भावा दृष्टा देहस्य नाऽऽत्मनः ।
फलानामिव वृक्षस्य कालेनेश्वरमूर्तिना ॥
आत्मा नित्योऽव्ययः शुद्ध एकः क्षेत्रज्ञ आश्रयः ।
अविक्रियः स्वदृग् हेतुर्व्यापकोऽसङ्ग्यनावृतः ॥

–श्रीमद्भागवत ७।७।१८

जन्म, अस्तित्वको प्रतीति, वृद्धि, परिणाम, क्षय र विनाश यी ६ विकार शरीरका हुन् । देहमा नै देखिन्छन् । यी आत्मामा हुँदैनन् । आत्मासित हाम्रो स्वरूपसित यिनीहरूको कुनै सम्बन्ध हुँदैन । जस्तै भगवान् कालको प्रेरणाद्वारा वृक्षमा प्रतिवर्ष फल लाग्छ, फलको अस्तित्वको अनुभव हुन्छ । ती फल बढ्छन्, पाक्छन्, क्षीण हुन्छन् र नाश हुन्छन् । वृक्ष भने यथास्थिति रहिरहेको हुन्छ । त्यस्तै जन्मदेखि लिएर मृत्यु-पर्यन्त ६ प्रकारका विकार देहका नै हुन्छन्, आत्माका होइन, आत्मा त सधैं एकरस बनिरहन्छ (वृक्षसँग आत्माको तुलना यहाँ आंशिक रूपमा मात्र छ, आत्माका लागि तुलनायोग्य वस्तु वास्तवमा अरू कुनै पनि छैन) । यसप्रकार शरीरको धर्मको दृष्टिले त आत्मा विलक्षण नै छ, स्वरूपगत धर्मले गर्दा पनि यो शरीरबाट सर्वथा भिन्न नै छ । आत्मा नित्य छ, उत्पत्ति-विनाश दुवै विकारले रहित छ । तर यो शरीर अनित्य छ, उत्पत्ति-विनाशले युक्त छ । आत्मा अव्यय छ, क्षयनामक विकारले रहित छ, र शरीर क्षययुक्त छ । आत्मा अविक्रिय अस्तित्व, वृद्धि, परिणाम यी तीनै विकारले रहित छ । शरीर यी तीनै विकारले युक्त छ । आत्मा शुद्ध छ; शरीर मलिन छ, आत्मा एक छ, शरीर अनेक । आत्मा क्षेत्रज्ञ ज्ञाता छ, शरीर जड़ क्षेत्र हो । आत्मा आश्रय हो,

शरीर उसको आश्रित हो । आत्मा स्वयंप्रकाश छ, शरीर परप्रकाशित छ । आत्मा कारण हो, शरीर कार्य हो । आत्मा व्यापक छ, शरीर व्याप्त छ । आत्मा असङ्ग छ, शरीर संसक्त छ । र आत्मा निरावरण छ र शरीर आवणरूप छ। यस्तो निश्चय, यस्तो स्वीकृति भएपछि आत्माका उपर्युक्त बाह्र उत्कृष्ट लक्षणहरूलाई यथार्थ रूपमा हृदयङ्गम गरिसकेपछि अनिवार्य परिणाम यो हुन्छ– देह आदिमा अज्ञानजनित **म** र **मेरो** भन्ने जो मिथ्याभाव छ त्यसलाई हामी छाडिदिन्छौं र छाडिदिनैपर्छ ।

एकैर्द्वादशभिर्विद्वान् आत्मनो लक्षणैः परैः ।
अहं ममेत्यसद्भावं देहादौ मोहजं त्यजेत् ॥

–श्रीमद्भागवत ७।७।२०

शरीर आदिमा रहेको **म–मेरो** भन्ने भाव हटाउनु मात्र पर्छ, तत्काल प्रभुका साथ रहेको हाम्रो नित्य सम्बन्धको ज्ञान हामीलाई स्पष्ट भइहाल्छ । यसपछि अनन्त लीलामय प्रभुको इच्छाद्वारा हाम्रो लागि दुइटा बाटा बन्छन्– या त प्रभुको चिदानन्द–सिन्धु उम्लन्छ, त्यसमा भक्तिरसको बाढी नै आउँछ, र त्यसमा डुबेर हामी कृतार्थ बन्छौं । शास्त्रीय भाषामा यसलाई **भक्तिनिष्ठाको मार्ग** भनिन्छ । अथवा प्रभुको चिदानन्द ज्योति हाम्रा कण-कणलाई उद्भासित गरेर हामीलाई आत्म-सात् गर्छ, त्यससित एक भएर त्यसैमा हामी सदाको लागि विलीन हुन्छौं । यो ज्ञान-निष्ठाको बाटो हो ।

स्वरूपज्ञान, यस ज्ञानको आनुषङ्गिक फल देहादिमा **म** र **मेरो** भन्ने मिथ्याभावहरूको नाश, प्रभुका साथ आफ्नो सम्बन्धको स्फुरण, अनि भक्ति वा ज्ञानको प्रादुर्भाव– यो एक क्रम भयो । अब हामी सोचेर हेरौं– स्वरूपज्ञान भन्दा अगाडिको कुरा त टाढै रहोस्, मन-बुद्धिमा यथार्थमा उत्रेको यस्तो स्वरूपज्ञान नै कति मानिसलाई छ र ! यस्ता उदाहरण थोरै भेट्टिनेछन् । भन्नुपर्ने त यत्ति न हो– 'हामी देह होइनौं, प्रभुको सनातन अंश छौं उनकै चिदानन्द सागरकै एक थोपा हौं, उनमा मिल्ने हाम्रो नित्य सिद्ध अधिकार छ । उनीसँग मिलेर नै हामी कृतार्थ हुन सक्नेछौं !' यति नै ज्ञान पनि हामीमध्ये कति व्यक्तिमा छ र ? आज शास्त्र पढेर अनुभवी पुरुषसँग सुनेर यति मात्र विश्वास गर्ने नै पनि हामीमध्ये कति छौं र ? वर्तमान भूगोलमा हामी जति मानिस छौं, तिनमा प्रभुको उपासनालाई आवश्यक कर्तव्य अनुभव गर्नेहरू कति पो छौं र ? उपासनाका लागि नै हामी उपासना गरौं, कुनै कामनाद्वारा प्रेरित भएर

होइन । यस्तो मान्यता र यो सिद्धान्त कति मानिसको छ ? विचार गरेमा यही निर्णय हुनेछ– यस्ता पुरुषको सङ्ख्या ज्यादै कम छ। यसकारण यस परिस्थितिमा श्रेयस्कर मार्ग यही हो– कुनै पनि भावनाद्वारा होओस्, एकपटक हामी प्रभुतर्फ झुकौं। एकपटक उनलाई आफ्नो मनमा स्थान दियौं भने कुनै पनि कारणले एकपटक त हाम्रो मनमा आएर आफ्नो आलोकको अमिट छाप छाड्नुहुनेछ नै र उहाँको सानो ज्योति कुनै अनुकूल वातावरणको आधार पाएर हाम्रो सारा अन्धकार सदाका लागि हट्ने गरी चमक दिन पनि के बेर ! हामी अज्ञाननिद्राबाट जागौं, जीवन कहाँबाट कहाँ पुग्नेछ !

आज सर्वत्र दुःख दैन्यको भरमार छ । लाखौंमा शायदै एक व्यक्ति यस्तो भेट्टिनेछ, जो छातीमा हात राखेर भनोस्– 'मलाई कुनै दुःख छैन' । अन्यथा कुनै न कुनै दुःखले सबैलाई लखेटेकै हुन्छ । शरीर व्याधिग्रस्त छ, पुत्र, कलत्र, बन्धु, बान्धवहरूमा कुनै न कुनै प्रतिकूल छन्, धनको अभाव छ, सम्मान पाइरहेको छैन । हाम्रो देशको विकास कसरी हुन्छ ? संसारको सुधार कसरी हुन्छ ? यस्ता कति कारण छन् कति, जो हामीलाई दुःखी बनाइराख्छन् ! यी दुःखबाट छुट्नका निम्ति हामी कम प्रयास गर्छौं– यो कुरा पनि होइन । जति आफ्नो शक्ति छ, सब खर्च गरिदिन्छौं, तैपनि दुःखबाट मुक्ति पाउँदैनौं । एउटा हटिहालेछ भने पनि अर्को र फेरि अर्को गर्दै खडा भइहाल्छन् । अब कदाचित् यी दुःखहरूबाट त्राण पाउनको लागि पनि हामी प्रभुतर्फ मोडिन सकेमा कृतार्थ हुनेछौं । तर हामी यसो पनि गर्दैनौं । शरीर रोगी भएपछि डाक्टर, वैद्यका पछि लागेर चाहिंदो-नचाहिंदो धन खर्च गर्छौं, तिनीहरू जे औषधि बताउँछन् आँखा चिम्लेर सेवन गर्छौं । तर एकपटक पनि हाम्रो मनमा आउँदैन– सच्चा मनले सरल विश्वासका साथ उनै प्रभुको पुकार गरेर हेरूँ, जुन प्रभुको अनन्त ज्ञानसागरको एक बिन्दुबाट विश्वमा ज्ञानको सञ्चार हुन्छ, जगत्मा जति डाक्टर वैद्य थिए, छन् र हुनेछन्, ती सबैमा रोगको निदान गर्ने समस्त ज्ञान जसको विन्दुमात्र ज्ञानबाट नै आएको छ । जसको अपरिसीम शक्तिको एक क्षुद्र कणद्वारा नै जगत्का समस्त औषधिहरूमा रोगनाशक शक्ति आउँछ– त्यस्ता प्रभुलाई हामी विश्वास गर्दैनौं र डाक्टर, वैद्यका औषधिमा विश्वास गर्छौं । कतिपटक त हामी आफ्नो यस अविश्वासलाई भ्रमवश आफ्नो निष्कामताको नाम दिएर बस्छौं । 'प्रभुसँग रोगमुक्तिका लागि प्रार्थना किन गर्छौं ? त्यसका लागि त प्रभुले औषधिको विधान तयार पार्नुभएकै छ ।' कुरा ठीक पनि हो । तर यो त उनलाई शोभा दिन्छ जसको जीवन हरेक दृष्टिले प्रभुमा

समर्पित भइसकेको छ, जसको व्यावहारिक जीवनमा अनाचार, दुराचारको छाया पनि छैन । जो कहिल्यै कुनै परिस्थितिमा प्रभुसँग कुनै कुरा पनि याचना गर्दैन । तर जब हाम्रो जीवन पापले पूर्ण छ, हामी पाइला-पाइलामा र आफ्ना व्यवहारमा अवैध उपायहरूको आश्रय ग्रहण गर्छौं । प्रभुले बाँधेका मर्यादा तोड्छौं । तब यस आदर्शको हाम्रो लागि के मूल्य रहन्छ ? जे होस् हाम्रो अविश्वास नै हामीलाई प्रभुसम्मुख जान-बाट रोक्छ । यसप्रकार धनका लागि, मानका लागि र आफ्नो अभीष्ट वस्तु प्राप्त गर्नका लागि हामी यस संसारमा आकाश-पाताल गर्छौं जो कहिल्यै गर्नु हुँदैन । यी सब गर्नमा त थोरै पनि संकुचित हुँदैनौं, खराबभन्दा खराब अनाचार र निषिद्ध आचरणको आश्रय लिन्छौं, तर यो सारा जगत् जसको अनन्त वैभव कुनै क्षुद्र अंशको छाया मात्र हो, उनै प्रभुका ढोकासम्म पुग्ने विचार त मनमा उदय हुँदैन । यसलाई हामी यस युगको अभिशाप भनौं वा बुद्धिको जडता –जेसुकै भनौं, आज हाम्रो दशा त यस्तै भइरहेछ ।

अब जसरी होस्, यस पतनको खाडलबाट हामीले माथि उठ्नु छ । जति चाँडो चेत्यौं त्यति नै कल्याण छ । अन्यथा हाम्रा दुःख घट्नुको बदला दिन-दिन बढ्दै जानेछन् । जबतक निरामय प्रभुको शक्तिको स्पर्श गर्दैनौं, तबतक हाम्रा रोग हट्तैनन्, भलै हजारौं अस्पताल खुलून्, सयौं नवीन औषधिहरूको आविष्कार होओस्; जबतक हाम्रो मन प्रभुको एकरस अखण्ड शान्तिको कुनै पनि अंशमा छुन थाल्दैन, तबसम्म यहाँका समस्त साधन हाम्रो हृदयको ज्वालालाई निभाउन व्यर्थ नै सिद्ध हुनेछन् ।

औषधिहरूको, चिकित्साका आधुनिक साधनहरूको विरोध होइन । किनभने ती पनि भगवान्बाट नै आएका हुन् । तिनको पनि आफ्नो स्थानमा उपयोगिता नै छ । तिनको सहायता लिनुपर्छ । किन्तु त्यसका साथसाथ हामी यस्तो चिकित्सामा किन नलाग्ने जो यहाँका सम्पूर्ण रोगमा, दुःखमा त अव्यर्थ नै सिद्ध हुनेछन् र हाम्रो भवरोग पनि शान्त हुनेछ ? अनादिकालदेखि हामी जलिरहेछौं, त्यस जलनलाई पनि हटाएर हामीलाई स्थायी र शाश्वती शान्ति प्रदान गरून् । हाम्रो ज्योतिर्हीन आँखामा श्रद्धाको ज्योति भरियोस् । जसद्वारा हाम्रो यस जीवनमा तथा जीवनपार पनि रोगहरू र दुःखहरूबाट त्राण पाउने उद्देश्यले नै यस्तो प्रत्येक अवसरमा नै यदि हामी प्रभुलाई पुकार्छौं भने सरल विश्वासका साथ एकान्त मनले उनको सहायताका निम्ति आह्वान गर्यौं भने हाम्रा यहाँका रोग, दुःख त हट्छन्-हट्छन् साथै हामीभित्र प्रभुप्रति श्रद्धाको

उन्मेष आउन थाल्छन् र श्रद्धा बढ्दै जान्छ। यति मात्र होइन, अन्तमा कुनै दिन अनादि अज्ञानद्वारा मुर्दा बनेका हाम्रा आँखा पनि खुल्नेछन्। मोहनिद्रा टुटेर हामीलाई यो अनुभव हुन थाल्छ– यहाँ त जगत् नामक कुनै वस्तु यथार्थमा छ वा छैन ! आखिर छन् एकमात्र प्रभु, र छ उनको आनन्दमय लीला। यो अनुभव गरेर हामी सदाका लागि सुखी हुने काम गरौं। तीन तापले रहित भएर आनन्दमय बनौं।

उच्च आदर्श विचार राख्ने व्यक्ति प्रभुको जति स्नेहपात्र हुन्छ, त्यति नै स्नेहपात्र त्यो व्यक्ति हुन्छ जो प्रभुसँग विश्वासपूर्वक यो माग्छ– 'प्रभु ! फलाना कार्यालयमा सय रुपैयाँ खाने पद दिलाइदिनोस्।' यी दुवै व्यक्तिमा प्रभुको अपरिमित, अपरिसीम स्नेहको वर्षा भइरहेको छ। पहिलोलाई सम्मान र दोस्रोलाई उपेक्षा गर्नु प्रभुको लागि कदापि सम्भव हुँदैन। पहिलो उच्च र दोस्रो नीच– यो अन्तर त हाम्रो दृष्टिमा मात्र छ। प्रभुको दृष्टिमा त दुवै प्यारा छन्। दुवै रूपमा उहाँ आफै हुनुहुन्छ। यतिसम्म भन्न सकिन्छ– पहिलोचाहिं प्रभुका स्नेहधारामा बगी आफ्नो यात्रा समाप्त गरेर प्रभुको आनन्द-रस-सिन्धुमा निमग्न हुनका लागि तटको अत्यन्त नजीक पुगिसकेको उनको प्रौढ पुत्र हो भने दोस्रोचाहिं प्रभुको स्नेहमय काखमा खेल्ने अबोध शिशु हो, जो प्रभुको चिउँडो समाएर माटाको एक खेलौना नपाएर दुःखी भइरहेछ। भोलाभाला शिशु नै त ठहरियो, प्रभुको अनन्त पारावारविहीन आनन्द-रस-सागरको कुरा ऊ जान्नसम्म पनि जान्दैन– भर्खरै त उसको यात्रा प्रारम्भ भएको छ। अस्तु।

प्रभुसँग आफ्नो अभीष्टको याचना गर्नमा हामीले अलिकति पनि सङ्कोच मान्नु हुँदैन। यसकारण नै प्रभुसँग जो हाम्रो सम्बन्ध जुट्नेछ त्यो हाम्रो लागि अमूल्य निधि हो। अवश्य नै यिनमा दुई कुराको सावधानी राख्नुपर्छ– एक हामीले मागेको वस्तु यस्तो नहोओस्, जसमा जगत्को कुनै पनि प्राणीको लागि अमङ्गल, अहितको भावनाले युक्त होस्, किनभने यस्तो याचनाको उत्तर प्रभुका तर्फबाट निश्चित रूपमा मिल्दैन तथा दोस्रो कुरा यो हो– मनमा 'प्रभुले दिनेछन् वा छैनन्' यस्तो संशय अलिकति पनि क्षणमात्रका लागि पनि भुलेर पनि कहिल्यै आउन दिनु हुँदैन। 'अवश्य दिनेछन्' यो दृढ निश्चय राखेर हामी उहाँसँग मागौं। तब दुई कुरामा एक कुरा अवश्य हुन्छ। या त प्रभु हामीलाई त्यो वस्तु दिनुहुन्छ, वा त्यस वस्तुलाई पाउने इच्छा हटाएर हृदयलाई शान्ति दिनुहुन्छ। यतिमात्रमै उहाँ चूप रहनु हुन्छ भन्ने होइन। यसका साथ उहाँ यस्तो वस्तु पनि दिनुहुनेछ जो हाम्रो दरिद्रतालाई सदाको लागि भस्म गरिदिनेछ।

यो ठीक छ– अहितकर वस्तु माग्दा दिनुहुन्न– यो त ठीकै हो । स्नेहमयी जननी पनि त आफ्नो अबोध बालकले माग्यो भन्दैमा उसको हातमा चम्किरहेको छुरी दिन्नन्, तर बालक मडारियो, अडियो, कुनै फुल्याइले मानेन भने आमा छुरी हातमा दिन त दिन्छिन्, तर कतै काटि नहालोस् भनेर हात समातिराख्छिन् । तब जगत्का अनन्त आमाहरूको हृदयमा अनादिकालदेखि सञ्चरित वात्सल्य-स्नेह, जुन स्नेहरसको अनन्त-समुद्र प्रभुबाट आउँछ; भूत, वर्तमान र भविष्यका सब आमाहरूका पुञ्जीभूत, एकीकृत वात्सल्य, जसको स्नेहको एक थोपा बराबर पनि ठहरिंदैन, उनै प्रभु के यस्तो गर्न सक्नुहुन्न ? अवश्य गर्न सक्छन् । कुनै अबोध, तर प्रभुमा सर्वथा परायण परम-विश्वासी शिशु मडारिंदा, अड्डी लिन लाग्दा, हलाहल विषलाई भ्रमवश अमृत ठानेर पियाउनका निम्ति हठ गर्ने हुँदा प्रभु पनि यसो गर्न सक्नु हुन्छ । यहाँका आमाहरू त शक्ति-सामर्थ्यमा सीमित हुन्छन्, उनीहरू कुनै अंशतक मात्र आफ्नो लाडिएका शिशुहरूको हठको समाधान गर्न सक्छन् । तर प्रभुको सामर्थ्य त सर्वथा अनन्त र अपरि-सीम हुन्छ । सर्वभवन-समर्थ; अघटन-घटन उनको लागि यस्तो कुरा नित्य हाँसखेल हो । उनी साँच्चै नै लोकको दृष्टिमा हलाहल विषरूपवस्तु दिन सक्छन् । बाह्य दृष्टिमा त्यो वस्तु जस्ताको तस्तै विषरूप नै देखिनेछ, तर त्यो उनका मान्छेको लागि अमृत बन्नेछ, उसलाई अमर बनाइदिनेछ । प्रभुको यो अमित प्रभाव हाम्रो तर्कशील बुद्धिमा स्थान नपाउला, हामी यसमा विश्वास गर्न नसकौंला –यो अर्कै कुरा हो । अथवा 'प्रभुका भक्तमा कुनै हठ त हुँदै-हुँदैन, प्रभुका भक्तले त आफ्नो इच्छा प्रभुको इच्छामा नै मिलाइदिन्छन्, भक्तको बुद्धि परम शुद्ध हुन्छ । त्यो आफ्नो लागि कुनै पनि अहितकर वस्तुको याचना गर्न सक्तैन– यसप्रकार आदर्श भक्तका कुरा बताएर हामी यी कुरा-हरूको खण्डन गरौंला वा नगरेर यस्तो आफ्नो पाण्डित्यको बलले **सर्वसमर्थता** शब्दको व्याख्या गर्दै प्रभुको शक्ति सामर्थ्यलाई आफ्नो मनोमानको एक सीमामा निर्धारित गरौंला तथा प्रमाणको रूपमा कुनै यस्ता युक्तिपूर्ण वाक्यहरूको रचना गरौंला, तिनका उत्तरमा बाध्य भएर 'प्रभु यस्तो त गर्नै सक्दैनन्' भन्नैपर्ने स्थिति आउला । तर यसबाट न प्रभुको अमित प्रभाव नै कम हुन्छ र न त प्रभुको साम्राज्यको यो अनन्त वैचित्र्य नै मेटिन्छ र न 'विश्वासबाट यो त हुन सक्छ र यो हुन सक्तैन' भनी सीमा नै बाँधिन्छ; जो सत्य छ त्यो सत्य नै रहन्छ । हामी उसलाई मानौं, खोजौं, चिनौं, परीक्षा गरौं अर्थवा त्यसतर्फबाट मुन्टो बटारिरहौं, त्यो हाम्रो इच्छा । किन्तु दुराग्रह त्यागेर हामी त्यसको एकपटक कम-से-कम परीक्षा त अवश्य गरौं– हाम्रो बुद्धिमानी यसैमा छ ।

यद्यपि प्रभु एवं प्रभुको शक्ति-सामर्थ्यसम्बन्धी कुरा परम सत्य भएर पनि व्यक्त हुनको लागि श्रद्धाको अपेक्षा अवश्य रहन्छ । किन्तु पक्षपातशून्य परीक्षकलाई त्यसको आभास अवश्य मिल्छ । सर्वसाधारणको लागि त यदि प्रभुको अस्तित्वमा थोरै पनि विश्वास छ भने यही परम-कल्याणकारी साधन हुन आउँछ– प्रभुमा दृढ विश्वास राखेर प्रभुको सहायता हामी कुनै पनि निहुले लेऔं । यसमा फाइदै-फाइदा छ ।

यस्तो पनि भनिन्छ – 'प्रभुको सकाम उपासना गर्नु हुँदैन, किनभने वास्तवमा सच्चा श्रद्धा त हुँदैन र यसकारण इष्ट फल मिल्दैन, अनि उल्टो अश्रद्धा हुन जान्छ।' कुरा एकदम ठीक हो । यस्तो हुन्छ तर हामी यो सोचौं, यसमा हाम्रो के बिग्र्यो र ? पहिले पनि श्रद्धा थिएन, श्रद्धाको एकदम झूटो नक्कल मात्र थियो, श्रद्धा हुनाको भ्रम थियो, किनभने सच्चा श्रद्धा भएपछि प्रभुको तर्फबाट प्रत्युत्तर नआउनु असम्भव छ । पक्कै पनि उत्तर आउँछ । हामीलाई कुनै उत्तर मिलेन, यही यस कुराको ज्वलन्त प्रमाण हो– हाम्रो विश्वास प्रभुमा थिएन, छैन । अब इच्छित उत्तर नआएपछि यदि भ्रम हटेर हाम्रो मनको सच्चा रूप प्रकट भयो भने यसमा लाभ भयो कि हानि ? स्वयं विचार गर्न सकिन्छ । हाम्रो स्थिति जो पहिले थियो सोही अहिले छ । बढी लाभ यो भयो– श्रद्धाको दम्भ अब हामी गर्दैनौं । साथै एक अर्को ठूलो लाभ पनि हाम्रो जानकारीमा नआईकनै भयो । त्यति महीना त्यति दिन या त्यति घण्टा जो प्रभुको सम्पर्कमा बिते, यस निमित्तद्वारा हामीले प्रभुलाई यतिको समयको लागि आफ्नो मनमा राख्यौं, त्यो त्यति मूल्यवान् सम्पत्ति भयो कि त्यसको तुलना नश्वर जगत्को कुनै पनि पदार्थसँग गर्नै सकिन्न । यतिमात्र होइन, यसले साँच्चै हामीभित्र सच्चा श्रद्धाको बीज पनि रोपिदिएको छ । ती बीजमा अङ्कुर आएपछि अश्रद्धाको हाम्रो यो आवरण पनि नष्ट हुनेछ र हामी बाहिर र भित्र समान बन्नेछौं । यसकारण यस्तो अश्रद्धा हुने सम्भावना छ भने यही पनि वरणयोग्य छ । प्रभुसँग नजुट्नुको अपेक्षा उनलाई मेटेर यस्तो अश्रद्धाको मोल लिनु पनि निकै मङ्गलकारक छ । जसरी होस्, परिणाममा जे-जति हात लागोस्, कुनै पनि निहुले हामी प्रभुसँग मिलौं, सार कुरा यही हो ।

अन्तमा एक कुरा अर्को पनि जान्नु आवश्यक छ । रोग ,दुःख आदिबाट सुरक्षा पाउन अथवा आफ्नो ईप्सित वस्तु प्राप्त गर्न हामी प्रभुको सहायता लिन्छौं भने त्यसको रूप कस्तो हुनुपर्छ, तरीका कस्तो हुनुपर्छ; त्यसको किसिम के हो ? त्यसको लागि मौलिक रूपबाट जान्नुपर्छ– प्रार्थनामा एकाग्रता र दृढ विश्वास नै मुख्य नियम हो, यसैमा सफलता निर्भर हुन्छ ।

दुःखमा परेको आफ्नो कुनै स्वजन, सम्बन्धी वा मित्रको लागि पनि हामी प्रभुको सहायताको आवाहन उपर्युक्त भावनाको प्रक्रियाद्वारा गर्न सक्छौं । यस्तो गर्नु आफ्नो यससम्बन्धी मित्रप्रति हाम्रो यस्तो अद्भुत चमत्कारपूर्ण सेवा हुनेछ– जसको कल्पनासम्म पनि हामी गर्न सक्तैनौं । आफ्नो जुन मित्र-स्वजनको लागि प्रभुको सहायता अपेक्षित हुन्छ उसको मानसिक मूर्ति आफ्नो सामु हामी खडा गरौं । मनैमनद्वारा उसलाई देख्तै हामी यो भावना शुरू गरौं– 'यहाँ यसभित्र, बाहिर, माथि, तल, दायाँ, बायाँ सर्वत्र प्रभु भरिएका छन् । उनको आनन्द र शक्ति पनि भरिएको छ । चारैतर्फ दिव्य आनन्दमय प्रकाश भरिएको छ । यस भावनालाई मित्रको मानसिक मूर्तिमा भरिदिऊँ; यहाँसम्म कि मूर्तिको अस्तित्व, स्मृति त विलुप्त हुन्छ र त्यहाँ केवल प्रभु र उनको अखण्ड र अनन्त आनन्द, शाश्वती शान्ति बाँकी हुन्छ । हामीलाई पछि यो जानेर विस्मय हुनेछ– हाम्रो त्यस भित्रको दुःखको अन्त अत्यन्त चमत्कारपूर्ण ढङ्गबाट भइसकेको छ, त्यसको परिस्थिति अचानक, अजीव ढङ्गले सुध्रँदै गयो अथवा बाह्य परिस्थिति त जस्ताको तस्तै छ, तर भित्रको स्वभावमा, मनमा कुनै जादू भएझैं परिवर्तन भएको छ, त्यसको चिन्ता, उद्विग्नता मेटिएको छ र त्यो एक अद्भुत शान्तिको अनुभव गर्न लागि-रहेछ । अवश्य नै यस क्रियामा– यस कुरामा पनि सफलता निर्भर गर्छ । एक स्वयं हाम्रा मनमा प्रभुप्रति कति कस्तो श्रद्धा छ ? र अर्को, सहायताको आवाहन गर्ने वेलामा मनको एकाग्रता कस्तो र कुन स्तरको थियो ? बस, सहायताको आवाहनको प्रकार उपर्युक्त दुई कुरामा नै प्रायः आउँछन् । सफलता यिनैमा निर्भर हुन्छ ।

यसमा कसैको मतभेद छैन । प्रभुका साथ सर्वथा निष्काम सम्बन्ध नै उपा-सनाको पवित्र आदर्श हो । प्रुभुसँग केही माग्नु वास्तवमा अज्ञता नै हो । हाम्रो लागि जे-जे आवश्यक छ त्यो हामीले नमागे पनि प्रभु अगावै प्रदान गर्नुहुन्छ र प्रदान गर्दै रहनुहुन्छ । परम स्नेहमयी जननीले जस्तै हाम्रो लागि सबै कुरा उहाँ पहिले नै सुव्यव-स्थित गरी राख्नुहुन्छ । उहाँसँग हामीले किन माग्ने ? यो बुद्धि पनि हामीभित्र कहाँ छ हामी निर्णय गरौं– हामीलाई के चाहिन्छ र के चाहिंदैन ? तर जब हामीलाई अभावको अनुभव हुन्छ र प्रभुबाट विमुख भएर हामी भड्किरहन्छौं, तब यस परिस्थितिमा जुन निमित्त हामीलाई प्रभुसँग जोड्न सक्छ, त्यसलाई पक्कै पनि ग्रहण गर्नुपर्छ । यो पनि सन्तहरूद्वारा अनुमोदित मत हो । हामीलाई पनि यो अभिप्रेत (इष्ट) हुनुपर्छ–जसरी होओस् हाम्रो मुख पनि प्रभुतर्फ फर्कोस् ।

प्रार्थनामा श्रद्धा, विश्वास र मनको एकाग्रताको अत्यन्त आवश्यक छ। (यहाँनेर **मनको एकाग्रता**बारे केही विचार गर्नुपर्छ)।

मनको के स्वरूप छ ? यस विषयमा यदि विचार गर्ने हो भने यो सिद्ध हुनेछ– भावात्मक नै मन हो। अर्थात् भावहरूदेखि भिन्न मनको अर्को कुनै रूप पाउन सकिंदैन; किनभने जुन समयमा मन भावशून्य हुन्छ, त्यस समयमा त्यो आफ्नो स्वरूपभन्दा अर्को केही पनि रहँदैन। मनको भावशून्यअवस्था सुषुप्ति अथवा लय नै हो। यदि भावहरू विना मनको कुनै स्वतन्त्र अस्तित्व (रूप) छ भने त्यसको पत्तो त्यस कालमा पनि पाउनु-पर्दथ्यो, जब भावहरूको अभाव हुन जान्छ। त्यसको स्पष्ट प्रमाण यो छ–जब जाग्रत् वा स्वप्नमा मन अनेक भाव रूप तरङ्गहरूमा तरङ्गायमान भइरहन्छ, तब उसको स्वरूप पनि पाइन्छ। परन्तु सुषुप्ति अवस्थामा जब भावहरूको लय हुन जान्छ, तब उसको पनि कुनै स्वरूप मिल्दैन। यसद्वारा स्पष्ट सिद्ध हुन्छ– 'मन भावात्मक नै हो र भावविना मनको आफ्नो कुनै स्वरूप छैन।'

भाव के हो ? कुनै पनि आकार, विचार अथवा सङ्कल्पको रूपमा मन स्फुरित हुनु, तरङ्गायमान हुनुलाई भाव भन्दछन्। यता यदि संसारको विषयमा विचार गर्ने हो भने–भावहरूभन्दा भिन्न संसारको पनि आफ्नो कुनै स्वतन्त्र रूप मिल्दैन। जस्तो-जस्तो जसको भाव हुन्छ त्यस्तै-त्यस्तै नै उसको भाव (अर्थात् आफ्नो संसार) हुन्छ। भन्नैपर्छ– यो लोक मात्र होइन किन्तु लोक-परलोक सबै लोकको सृष्टि जीवको आफ्नो-आफ्नो भावको अधीन हुन्छ। जीवका आफ्ना भावहरू विना न यस लोकको सिद्धि हुन्छ, न परलोकको। **उद्भिज्ज, स्वेदज, अण्डज** र **जरायुज** –यी चार श्रेणीहरूमा क्रमशः जस्ता-जस्ता भावहरूको विकास हुँदै जान्छ, त्यस्तै-त्यस्तै नै तिनका आफ्ना-आफ्ना भाव (संसार) विकसित हुँदै जान्छन्। भावहरूको उत्तरोत्तर न्यूनताको दृष्टिले मानिसको अपेक्षा पशु-पक्षी र कीटादिको संसार क्रमैले तुच्छ हुन्छन्। अर्थात् मानिसको संसार अमेरिका-यूरोप-सम्म मात्र विस्तृत छ, तर देवताको संसार सात समुद्र र सात द्वीपसम्म विकसित छ। वर्तमान संसारमा जति पनि द्रव्य, गुण र क्रिया आदि छन् ती सबैका सिद्धि आफ्नो-आफ्नो भावहरूको अधीनमै हुन्छ। अर्थात् ती द्रव्य-गुणादि पदार्थगत होइनन्, आफ्नो भावअनुसार, भावगत नै हुन्। यसकारण एकै वस्तु एकको लागि कटु, अर्काको लागि मिष्ट, एकको लागि उष्ण र अर्काको लागि शीतल तथा एकको लागि शुभ र पुण्य-रूप र अर्काको लागि अशुभ र पापरूप सिद्ध हुन्छन्। यसबाट स्पष्ट हुन्छ– यी सब विलक्षणताहरूमा भावको विलक्षणता नै मुख्य कारण हो।

यसकारण आफ्नो-आफ्नो भावनाअनुसार संसारको स्वरूप भिन्न-भिन्न प्रकारको हुन्छ। सकामीको लागि यो भोगरूप, निष्कामीको लागि उद्धाररूप, भक्तिमान्-का लागि भगवान्को छविरूप, वैराग्यवान्को लागि दुःखरूप र ज्ञानवान्को लागि परमानन्दरूप सिद्ध हुन्छ। अर्थात् यो संसार हाम्रो भोगको लागि नै रचिएको हो। यसकारण भोग भोग्नु नै हाम्रो कर्तव्य हो। यस्तो सकामीको दृष्टि हुन्छ। यसै भावद्वारा ऊ संसारलाई हेर्ने र व्यवहार गर्ने गर्छ।

'संसार बिग्रिरहेछ, यसको सुधार गर्नु हाम्रो कर्तव्य हो'– यस्तो निष्कामीको दृष्टि हुन्छ। यसै भावले ऊ संसारलाई देख्छ, ग्रहण गर्छ। 'यो संसार भगवान्को छविरूप हो, यी सबै रूपमा भगवान् आफ्नै झाँकी देखाउनुहुन्छ'– निष्काम भक्तको यस्तो दृष्टि हुन्छ र यसै भावले संसारलाई हेर्ने गर्छ। 'यो संसार अत्यन्त दुःखरूप छ, वारंवार जन्म, मृत्यु, जरा, व्याधिको चक्रमा परिरहनुपर्छ, कसरी यसबाट छुटकारा पाऊँ'– यस्तो दृष्टि वैराग्यवान्को हुन्छ र यसै भावद्वारा ऊ संसारलाई हेर्छ। 'यो संसार आफ्नो स्वरूपले कहिल्यै केही भएकै छैन, यो त मेरो आत्माको चमत्कार हो। अर्थात् मेरो आत्माको विवर्त हो र परमानन्दस्वरूप हो'– साक्षात्कारवान्तत्त्ववेत्ताको यस्तो दृष्टि हुन्छ र यसै भावद्वारा ऊ संसारलाई हेर्छ।

यसप्रकार हामी यो निष्कर्षमा पुग्छौं– भावविना मनको न कुनै स्वरूप मिल्छ, न भव-(संसार)-को नै। अर्थात् मन र संसारको बीचमा एक मात्र भाव नै छ जो दुवैलाई सिद्ध गरिरहेछ, जसद्वारा दुवैको संयोग हुन्छ र जसको लय भए दुवैको (मन र भव) लय हुन जान्छ।

अब विचार गरौं– भक्तिद्वारा मनको एकाग्रता कसरी सिद्ध हुन्छ ? मन शुद्ध नभईकन वास्तविक एकाग्रता प्राप्त हुँदैन। यसकारणं पहिले स्वार्थत्यागमय शुद्ध विचार र विचारद्वारा सकाम भावहरूलाई हटाउनु र निष्काम भावहरूको प्रवाह चलाउनु नै राम्रो। त्यसपछि निष्काम भावहरूको प्रभावद्वारा जीवनलाई परमार्थोन्मुखी बनाएर आफ्नो लक्ष्य निश्चित गरियोस्। यसप्रकार सांसारिक कामना र वासनाबाट अलग रहेर शुद्ध प्रेमाभक्तिका भावहरूको प्रवाह चलाउनु र कुनै एक भावमा मनलाई अचल पार्नु– वास्तवमा यही मनको एकाग्रता हो, जसद्वारा मलविक्षेपादि दोष निवृत्त हुन्छन् र यी दोषहरू निवृत्त भएपछि स्थिर शान्ति यस प्रकारले प्राप्त हुन्छ, जुन प्रकारले खटिरो बाट पीप निकालिएपछि आराम मिल्छ। यसको विपरीत यस मार्गबाट मुख फर्काएर

क्रियात्मक चेष्टाहरूद्वारा नै मनोनिरोध गरिएमा मलविक्षेपादि दोष विद्यमान रहँदा यी सबै चेष्टा यस्ता हुनेछन्, जसरी घाउ नधोएर पट्टीलाईमात्र धोइन्छ भने भित्रको रोग साफ नहुनाले घाउ राम्रोसँग निको हुने आशा गर्न सकिंदैन । यस्ता क्रियात्मक चेष्टाहरूद्वारा यद्यपि केही समयको लागि मनको निरोध सम्भव हुन्छ, परन्तु व्युत्थान-कालमा मल-विक्षेपादि जस्ताको तस्तै बनिरहनाको कारणले कुनै प्रकारले स्थिर शान्ति प्रदान गर्न सक्तैन । किनभने शुद्ध भावोद्गारविना केवल प्राणनिरोधद्वारा मनलाई त कुनै प्रकारले रोकिएको थियो, जसरी दौडिरहेको घोडालाई पक्रेर सवारलाई रोकिन्छ । यस प्रकारको मनोनिरोध न स्थायी शान्ति दिन्छ, न त मल-विक्षेपादि दोषबाट निवृत्त नै गर्छ, अनि न संसारको मूल परिच्छिन्न अहङ्कारलाई नै कुनै प्रकारले निवृत्त गर्न सक्छ । यसको विपरीत शुद्ध प्रेमाभक्तिका भावहरूको प्रवाहमा नै यस्तो शक्ति छ जुन आपनो प्रभावद्वारा यता मल-विक्षेपादि दोषहरूलाई हृदयबाट निकालेर फ्याँकिदिन्छ र उता परिच्छिन्न अहङ्कारको मूललाई पनि हल्लाइदिन्छ तथा स्थिर शान्ति प्रदान गर्दछ ।

संसारमा प्रेम नै यस्तो वस्तु छ जुन अहङ्कारको बलि लिन समर्थ छ, अर्को कुनै वस्तुमा पनि यस्तो सामर्थ्य छैन । दृष्टान्तरूपमा हामी देख्तछौं– रास-लीलाको समयमा जब भगवान् गोपिनीहरूको दृष्टिबाट छलिनुभयो, तब उनीहरूको हृदयबाट प्रेमाभक्तिको यस्तो भाव फुटेर निस्क्यो कि उनीहरू आफूले आफैलाई बिर्सेर नाना प्रकारका लीलाहरूमा उनीहरू आफैलाई कृष्णरूपमा नै देख्न लागे । कोही कृष्ण-रूपले कालियनागको दमन गर्दथे, कोही आफ्नै कपडाको बाँसुरी बनाएर वंशीनाद निकाल्दथे इत्यादि । यहीभाव रूप समाधि हो, जुन अरू सब समाधिको फल हो । यही वास्तविक चित्तवृत्ति-निरोध हो । यही सांसारिक राग-द्वेषबाट हृदयलाई धोएर सच्चा सुदृढ वैराग्य हृदयमा भरिपूर्ण पार्न सक्तछ । यस वैराग्यद्वारा तत्त्व विचारहरूको प्रवाह हृदयमा उम्लेर आउँछ र तब **यत्र यत्र मनो याति तत्र तत्र समाधयः**को रूपमा सहज समाधि प्राप्त हुन्छ । उपर्युक्त भावसमाधिविना यो सहज समाधि दुष्कर छ । यस भावरूप समाधिमा यो बल छ– यो आफू र आफ्नो संसर्गमा आउनेहरूलाई द्रवीभूत पारिदिन्छ । उद्धवजी जब गोपीहरूलाई ज्ञानोपदेश दिन ब्रजमा जानुभयो, उहाँ गोपी-हरूको शुद्ध प्रेमाभक्तिका भावोद्गारमा पानी-पानी हुनुभयो र उहाँका ज्ञान-ध्यान सब हराए । यही कारण हो– वेदशास्त्र, पुराण, स्मृति आदि सबै सच्छास्त्रहरूमा यस प्रेमा-भक्तिको महिमाको गुणगान गरिएको । सारांश यो हो– भावहरूको शुद्धिविना मनःशुद्धि

हुँदैन र शुद्ध भावोद्गारद्वारा भावहरूको एकाग्रताविना मनको एकाग्रता हुँदैन । जुन प्रकारले फलामले फलामलाई काट्न सक्छ, त्यसै प्रकारले उपर्युक्त रीतिले भावहरूको शुद्धि र एकाग्रताद्वारा तत्त्वनिर्णायक भावहरूलाई जगाएर नै यो भावात्मक संसार निवृत्त गर्न सकिन्छ । मुक्तिको लागि अरू कुनै सरल बाटो छैन ।

सत्यका जिज्ञासुहरूले यी पंक्तिहरूमा गम्भीर विचार गरेपछि आफ्नो बाटो स्वयं निश्चित गर्नुपर्छ । यसप्रकार भावोद्गार र भावशुद्धिको मुख्यतालाई लक्ष्य गरी भावोद्गारमा उपयोगी तथा सहायक विभिन्न प्रकारका प्रार्थनाहरू आगाडि दिइने-छन् । आ-आफ्नो मनको परिस्थितिलाई ध्यानमा राखेर जो जो आफ्नो चित्तको अधि-कारअनुसार रुचिकर हुन्छ त्यस त्यसलाई कण्ठस्थ गर्नुपर्छ । बिहानै उठ्ने बित्तिकै र राति सुत्ने वेलामा पनि स्थिर चित्तले इष्टदेवका मूर्तिलाई हृदयमा ध्यान गरेर दुवै हात जोडेर बिस्तारै विचारपूर्वक मनमनै त्यस प्रार्थनाको मनन गर्नुपर्छ र जुन ठाउँमा मन स्थिर हुन्छ त्यहीं रोकिनुपर्छ । हृदयमा जो अरू निष्काम भाव आउँछन् तिनलाई आउन दिनुपर्छ, रोक्नु हुँदैन ।

वैराग्यजनक प्रार्थना– हे भगवन् ! यस मानवजन्मको फल यो भोग होइन, किन्तु चित्तको शान्ति नै यस जीवनको मुख्य फल हो । यो जन्म हजूरले अपार कृपा गरेर ईश्वरप्राप्तिको लागि एक चिन्तामणिको रूपमा हामीलाई दिनुभएको थियो, जो वास्तवमा मोक्षद्वार हो । परन्तु शोक छ, यसको सट्टामा अहिलेसम्म भोगरूपी विष ग्रहण गरी यो लुटाइरहेका छौं ।

हे प्रभो ! भोग वास्तवमा धोकै मात्र हो । यो हेर्दा भलै सुन्दर लागोस्, परन्तु वस्तुतः यो रोगरूप नै हो ! यसमा कुनै शङ्का छैन । वारंवार जन्म लिनु, जीवनभर अनेक प्रकारका दुःखहरू सहनु, र वारंवार दारुण मरण-दुःखलाई भोग्नु –यी सब दुःखहरूको मूलमा यो बाहेक अरू कुनै कारण छैन । यस जीवनमा पहिले कहिलेकाहीँ यस दुःखरूपी विषयमा सुखबुद्धि मानेर अवश्य मन फसाएको थिएँ । त्यही विष नाना दुःखहरूको रूपमा अहिले प्रकट भइरहेछ । यस अविनाशी जीवलाई यी दुःखहरूको साथ बाँध्नमा यो भोग आफ्नो इच्छाकालमा पनि यस जीवलाई तड्पाउँछ र आफ्नो निराशाकालमा पनि महाकष्ट दिन्छ । यदि कुनै प्रकार यिनीहरूको प्राप्ति भैगयो भने पनि भोग समाप्त भएपछि यो विषय विषरूप नै बन्न जान्छ । कुनै किसिमले पनि हाम्रो लागि सुखस्वरूप ठहरिंदैन । यसप्रकार यिनका तीनै अवस्था दुःखमय छन् ।

यसप्रकार हे प्रभु ! अपशोच छ हामी अहिलेसम्म विषलाई अमृतरूप ठानेर सेवन गरिरहेछौं र अमृतरूप हजूरको चरण-कमलबाट विमुख भइरहेछौं। स्वर्गको सट्टा नरकलाई नै असल मान्न लाग्यौं। जसरी काँच सुन्दर भए पनि पेटमा गएर आन्द्राहरूलाई काटिदिन्छ, ठीक यही अवस्था जीवको विषयको सम्बन्धमा हुन्छ। जुन प्रकारले मृग-तृष्णाको नदी देख्नमा त सुन्दर हुन्छ, परन्तु कुनै तरहले पनि त्यसको प्यास मेटिंदैन, बरु त्यसको पछि पछि दगुर्नाले प्यास झन् बढ्दछ, यसै किसिमले यस मिथ्या सुखलाई सच्चा जानेर सुखी हुनुको सट्टा हामी दुःखलाई झन् बढाइरहेछौं। अपशोच छ हामी अशान्तिमा शान्ति खोज्दै छौं र शान्तिस्वरूप हजूरको चरणकमलबाट विमुख हुँदै छौं। अब हामी सबैतिरबाट हटेर हजूरकै ढोकामा आएका छौं। हजूर दयालु हुनुहुन्छ। हामी दीन छौं। पिताले झैं हाम्रा अपराधमा हजूर क्षमा गर्नोस् र हामीलाई आफ्नो सच्चा बल दिनोस्, जसद्वारा आनन्दस्वरूप हजूरका चरण-कमलको सहारा लिएर यस दुःख-रूप संसार-सागरबाट पार हुन सकौं।

हे भक्तवत्सल ! हजूर शरणागत-प्रतिपालक हुनुहुन्छ। हामी हजरकै शरणमा छौं। **हामी पतित छौं, हजूर पतित-पावन हुनुहुन्छ। हाम्रा अवगुणहरू देखेर हामीलाई उपेक्षा नगर्नोस्, बरु आफ्नै पतित-पावन नामलाई सार्थक पार्नोस्। हामीतर्फ हेर्दा त हाम्रो उद्धारको आशा छैन, हजूर समदर्शी हुनुहुन्छ। आफैतर्फ हेर्नुहोस्। जुन किसिमले फोहोर नालालाई शरणागत ठानेर गङ्गा आफूमा मिलाएर गङ्गा नै बनाउँछिन्, जसरी पारस राम्रो नराम्रो फलामलाई विचार नगरी उसलाई छुँदैमा शुद्ध सुन बनाइ-दिन्छ, त्यसै किसिमले हजूर आफैतर्फ हेरेर हाम्रो उद्धार गर्नुहोस्।** हे नाथ ! अब हजूरका कृपाद्वारा हामीले यो जान्यौं– संसारमा दुःखको कारण अरू केही होइन, केवल पदार्थ-हरूको ममता नै हाम्रो दुःखको कारण बनिरहेछ। धन, पुत्र, स्त्री आदि जो वास्तवमा हाम्रा होइनन्, हाम्रा यस शरीरमा आउनुभन्दा पहिले पनि यी कुनै न कुनै रूपमा थिए, र हजूरक थिए, हाम्रा थिएनन्। जब हामी यस शरीरमा रहँदैनौं, तब पनि यी कुनै न कुनै रूपमा रहने नै छन्, हजूरकै हुनेछन्। बीचमा चाहिं यी पदार्थहरूलाई आफ्नो मानेर हामीले आफूलाई दुःखी बनायौं।

जुन वस्तु पहिले पनि हाम्रो थिएन, भविष्यमा पनि हाम्रो हुनेछैन, त्यो बीचमा मात्र हाम्रो कसरी हुन सक्छ ? बीचमा पनि त्यो वस्तु उसैको हुन्छ, जसको आदि र अन्तमा पनि हुन्छ। बीचमा यो पदार्थ हामीलाई नासोको रूपमा दिइएको हो।

त्यसैलाई हामी भूलले आफ्नो ठानी आफूलाई नै अपराधी बनाउँछौं । अब हामी सच्चा दिलले हजूरको वस्तु हजूरकै चरणमा चढाउँछौं । हजूर हामीलाई त्यो बुद्धि-बल दिनुहोस्– फेरि कहिल्यै यिनलाई आफ्नो मानेर नबसौं, हजूरका आज्ञाकारी मुनीमले जस्तै हजूरको कुटुम्बको सेवा गरौं, हाम्रो बुद्धिलाई हजूर जे आज्ञा दिनुहुन्छ, सच्चाइ-साथ हामी त्यसको पालन गरौं । जो खान्छौं सो प्रभुको प्रसाद होओस्, जो पिउँछौं सो प्रभुको चरणामृत होओस्, जो पाउद्वारा हिंड्छौं सो प्रभुकै परिक्रमा होओस्, हातद्वारा जे गर्छौं त्यो प्रभुकै सेवा होओस्, आँखाले प्रभुकै रूप देखौं, कानले जे सुन्छौं त्यो प्रभुकै गुणानुवाद होओस् । हे प्रभु ! यस्तो कुनै वस्तु मसँग छैन जसलाई म आफ्नो व्यक्तिगत शरीरको नाता आफ्नो मानूँ । किन्तु सर्वममतारूप व्यवहार प्रभुकै नाताबाट होओस् । जसरी सेवक आफ्ना मालिकका सरसामानहरूमा ममताभाव राख्छ, अर्थात् स्वयं मालिक बनेर सरसामानहरूलाई मालिककै नाताले आफ्नो मान्छ, आफ्नो व्यक्तिगत शरीरको नाताले कदापि होइन, त्यसरी नै मेरा सर्वममतारूप व्यवहार प्रभुको सम्बन्धले नै होओस्, अरू कसैको सम्बन्धले होइन ।

आसक्ति-हरण प्रार्थना– हे भगवन् ! हजूर दयालु हुनुहुन्छ, दयाको मूर्ति हुनुहुन्छ । यद्यपि हजूरका हामी अपराधी हौं, परन्तु हौं हजूरकै बालक । हजूर पिताले झैं हाम्रा अपराधहरू क्षमा गर्नुहोस् । हामीबाट भूल भयो–**धन-पुत्रादि हजूरका पदार्थ-हरूलाई हामीले आफ्ना मान्यौं । जसरी रात्रिमा यात्रीहरू वासको लागि धर्मशालामा एकत्रित हुन्छन्, त्यसै गरी यो हजूरको परिवार एकत्रित भएको छ, विहान हुनेबित्तिकै सबै आफ्नो-आफ्नो बाटो लाग्नेछन् । परन्तु यस मूर्ख मनले यिनमा ममता राखेर आफ्नो अधिकार जमाइराखेको छ र यस अपराधले त्यो सन्तप्त पनि भइरहेछ । अब म सच्चा दिलले प्रभुको वस्तु प्रभुकै चरणमा अर्पन्छु,** जब म यस शरीरमा थिइनँ, त्यसवेला पनि यी पदार्थ कुनै न कुनै रूपमा थिए, प्रभुकै थिए र जब म यस शरीरमा रहनेछैन, त्यसवेला पनि यी वस्तु प्रभुकै हुनेछन्--बीचमा मात्र यी सबलाई अँगाल्ने ठूलो अपराध मबाट भएको छ, जसको दुःखरूप फल म पाइरहेछु ।

हे मन ! अब त चेत । हे मूर्ख ! तैंले मलाई निकै दुःखी बनाइस् । बाँदर चना मुठीभरि झिक्दा घडाको साँघुरो मुखबाट हात निकाल्न नसक्ता फसेर जसरी पक्राउमा पर्दछ, चनाको लोभले न मुठी खोल्न सक्छ न हात नै बाहिर निकाल्न सक्छ, उस्तै प्रकारले तैंले पनि स्वयं नै पदार्थहरूलाई मुठीमा भरेर आफूले आफैलाई बाँध्ने

काम गरको छस् । अब ता आसक्तिरूप मुठी खोल्, जसबाट यस संसाररूपी घडाबाट तेरो हात बाहिर निस्कन सकोस् र भगवान्को शरणमा गएर तँ र म दुवै नै शाश्वत शान्ति पाउन सकौं । अब त बिहान हुनै लागेको छ, छिटै चेत् र मुठी खोल् । हे स्वामी ! संसाररूपी हिलोमा फसिरहेछु, पाउ टेक्ने कुनै आधार पाएको छैन । हजूर आफ्ना चरण-कमलको सहारा दिनुहोस्, होइन भने आफ्नो पतित-पावन नाम निरर्थक हुनाले हजूरले पनि पछुताउनुपर्ला । **हे प्रभु ! दया गर्नुहोस्, आफ्नो बल दिनोस्, बुद्धिलाई निर्मल बनाउनुहोस्, जसबाट फेरि कहिल्यै हजूरका पदार्थहरूलाई आफ्नो नठानूँ ।** हे नाथ ! यी भोग त नीच योनिहरूमा पनि हामीलाई प्राप्त थिए, यसकारण यी मानव-जुनीको फल भोग होइनन्, किन्तु हजूरको चरणकमलको प्रीति नै यस जन्मको मुख्य फल हो, जसद्वारा हामी अहिलेसम्म वञ्चित नै छौं । अब हजूर हाम्रो डुङ्गालाई पार लगाउनु-होस् । हाम्रो साधनहीनतालाई देखेर हामीलाई यस्तो सामर्थ्य दिनुहोस्– हामी जे-जे गर्छौं त्यो प्रभुकै सेवाका निमित्त होओस् । जे खान्छौं प्रभुकै प्रसाद होओस्, जो पिउँछौं प्रभुकै चरणामृत होओस्, आँखाले जो हेर्छौं त्यो प्रभुको रूप होओस्, कानले जो सुन्छौं, प्रभुको गुणानुवाद होओस्, पाउले जो हिंड्छौं प्रभुको परिक्रमा होओस्, र हातले जे गर्छौं त्यो प्रभुको सेवा होओस् । हे प्रभु ! यो सब परिवार त शरीरको साथ नै छ; जब यो शरीरले नै साथ दिंदैन, तब यो घर-परिवारले के साथ दिन्छ ? सच्चा नाता प्रभुसँग नै हुन्छ भन्ने कुरा बिर्सेर बसिरहेछु । हे प्रभु ! यस मनले नै धोका दिएको छ, हे नाथ ! यस पापीबाट हाम्रो रक्षा गर्नोस् ।

निष्काम प्राथना– हे भगवन् ! यस मनुष्य-जन्मको फल भोग होइन, किन्तु चित्तको शान्ति नै यस जीवनको मुख्य लक्ष्य हो । हे प्रभु ! यी विषयभोग त अनन्त योनिहरूमा हामीलाई प्राप्त हुन्छन् । अहिलेसम्म यिनीहरू भोगेर शान्ति मिलेको छैन । बरु आगामा ध्यूको आहुतिले झैं यिनीहरूले चित्तलाई अधिकाधिक चञ्चल नै पारे । तब भविष्यमा यिनको सम्बन्धबाट शान्ति प्राप्त हुनेछ भन्ने आशा कसरी गर्न सकिन्छ र ! अपशोच छ हामी अशान्तिमा शान्ति खोज्दै छौं र शान्तस्वरूप हजूरका चरण-कमलबाट विमुख नै छौं । हजूर दयालु हुनुहुन्छ, हामी दीन छौं । हाम्रा अपराधहरूलाई पिताले झैं क्षमा गर्नोस् र हामीलाई हजूरको बल दिनोस्, जसद्वारा हामी सुखस्वरूप हजूरका चरण-कमलको आश्रय पाएर यस दुःखरूप संसार-समुद्रबाट पार हुन सकौं र अक्षय शान्ति प्राप्त गरौं ।

हे नाथ ! हजूरको कृपाद्वारा हामीले अब यो जान्यौ– संसारमा अशान्तिको कारण अरू केही होइन केवल भौतिक पदार्थहरूमा ममता राख्नु नै हो। घरबार, कुटुम्ब, परिवार आदि वास्तवमा हाम्रा होइनन्, हामी यस शरीरमा आउनुभन्दा पहिले पनि यी कुनै न कुनै रूपमा थिए। हजूरकै थिए, जब हामी यस शरीरमा रहँदैनौं, तब पनि यी रहनेछन् हजूरकै हुनेछन्। जो वस्तु पहिले पनि हाम्रा थिएनन्, पछि पनि हुनेछैनन् बीचमा मात्र कसरी हाम्रा हुन्छन्। बीचमा ती वस्तु हाम्रा हुन् भन्नु चोरी हो जो वस्तु पहिले जसका थिए, पछि जसका हुनेछन् बीचमा पनि ती उसैका हुनेछन्। बीचमा कसैको धनमा अधिकार जमाएर बस्दा धन हाम्रो हुन सक्छ भने कोषपाल-(Cashier)- को अधिकारमा आएको सेठको धन कोषपालकै हुनुपर्ने हो, तर हुँदैन, सेठकै हुन्छ। वास्तवमा यो पदार्थ तीनै कालमा हजूरको नै हो। बीचमा मात्र हामीले यिनलाई अँगालेर आफूलाई दुःखी बनायौं। अब हजूर कृपा गरेर हामीलाई यस्तो बुद्धि-बल दिनोस्, जसबाट फेरि कहिल्यै यी पदार्थहरूलाई आफ्नो नठानौं। हजूरको आज्ञाकारी सेवक जस्तै निष्काम भावद्वारा हजूरको परिवारको सेवा गरौं र हानि-लाभ आफ्नो नठानौं।

जुन आज्ञा प्रभु हामीलाई दिनुहुन्छ हाम्रो बुद्धिद्वारा दिनुहुन्छ, त्यसको पालन सत्यतापूर्वक गरौं। मुखले जे बोलौं सत्य बोलौं, हामीद्वारा जे काम हुन्छ त्यो सबैको भलाइको लागि नै होओस्, जे खाऊँ त्यो प्रभुको प्रसाद होओस्, जे पिऊँ त्यो प्रभुको चरणामृत होओस्, हातले जुन काम गर्छौं त्यो प्रभुको सेवा होओस्, गोडाले जो हिंड्छौं त्यो प्रभुको परिक्रमा होओस्, आँखाले जे देख्छौं त्यो प्रभुको रूप होओस्, र कानले जे सुन्छौं त्यो प्रभुकै गुणानुवाद होओस्।

विक्षेप-हरण प्रार्थना– हे भगवन् ! हाम्रा अपराधहरूको लागि क्षमा गर्नोस्, हामीबाट ठूलो भूल भयो, हामी प्रभुका पदार्थहरूलाई आफ्नो सम्झेर रह्यौं र तिनमा अधिकार जमाइरह्यौं। अब हामी सच्चा दिलद्वारा प्रभुका चीज घरबार, कुटुम्ब, परिवार प्रभुकै चरण-कमलमा अर्पण गर्छौं। जुन चीज पहिले पनि हाम्रो थिएन, पछि पनि हाम्रो हुँदैन, बीचमा मात्र त्यसलाई आफ्नो ठानेर बस्नु हाम्रो ठूलो भूल हो। अब हजूर हामीमाथि दया गरेर हाम्रो बुद्धिलाई निर्मल गर्दिनोस्, हामीलाई आफ्नो त्यो बल दिनोस्, जसबाट फेरि कहिल्यै यस अपराधबाट अपराधी नबनूँ। दुःख केवल यही छ– गर्ने-गराउने हजूर हुनुहुन्छ, त्यस्ता हजूरलाई हामीले आफ्नो हृदय-सिंहासनबाट उतारेर हामी स्वयं नै गर्ने-गराउने बनिराखेका छौं। हामी जो-जे चाहन्छौं– त्यो

कहिल्यै हुँदैन, त्यही हुन्छ जो प्रभु गर्न-गराउन चाहनुहुन्छ । यो मन मूर्ख छ जो आफै भूल गरेर प्रभुका विधानमा सन्तुष्ट हुँदैन र बीचमा आफ्नो टाङ अडाएर आफै चिन्ता-रूपी अग्निमा जलिरहन्छ । अरे मूर्ख मन ! तँ किन आफ्ना प्रभुमा भर गर्दैनस् ? उहाँ विश्वम्भर, जो संसारलाई पालन-पोषण गर्ने हुनुहुन्छ, के तँलाई मात्र पाल्दैनन् ? यस्तो अपराध गरेर हे पापी मन ! तैंले आफै नै गलामा बन्धन खडा गरेको छस् । अर्को कोही पनि तँलाई बाँध्नेछैन । यो दोष गरेर तँलाई न यहाँ विश्वास हुन्छ, न उहाँ नै ।

हे प्रभो ! यस मनरूपी बाँदरले हाम्रो यस शरीररूपी रूखलाई हल्लाइ-राखेको छ, एक छिनको लागि पनि यहाँ टिक्न दिंदैन, यही एउटा पिशाच हाम्रो पछि लागिरहेछ, जसले हामीलाई प्रभुका चरण-कमलबाट विमुख बनाइरहेछ । हामीले यसको अगाडि हार खानुपरेको छ र प्रभुका चरण-कमलमा रक्षाका लागि पुकार गरिरहेछौं । प्रभु आफ्नो यस मायालाई समेट्नुहोस् । **वास्तवमा दुःख पनि प्रभुले पठाउनु भएको एक दूत हो, जो हाम्रो कल्याणको लागि नै हुन्छ, र हामी प्रभुको आज्ञा पालन ठीक-ठीक रूपमा गर्न थाल्छौं भने दुःखले कुनै निमित्त नै बन्न पाउँदैन । दुःखको मूलमा केवल संसारको अहन्ता र ममता नै छ र यदि यो अहन्ता-ममता नै प्रभुका चरण-कमलमा समर्पित गरिदियौं भने दुःखको कुनै पनि कारण बाँकी रहँदैन ।** हाम्रो प्रयोजन त केवल प्रभुको इच्छामा सन्तुष्ट रहेर प्रभुसँग लीन रहनुसँग छ । हे प्रभु ! संसारको भोग, जसमा हामी फसिसकेका छौं, नीच योनिमा पनि हामीलाई यो प्राप्त थियो, यसैले यस मानवजन्मको फल त यो भोग होइन, किन्तु प्रभुका चरण-कमलको प्रीति नै यस जन्मको मुख्य फल हो, जसबाट हामी अहिलेसम्म वञ्चित छौं । अब प्रभु दया गरेर हाम्रो डुङ्गालाई पार लगाउनुहोस् र आफ्नो त्यो शक्ति हामीलाई प्रदान गर्नोस् जसको फलस्वरूप हामी संसारको कुनै पनि पदार्थलाई शरीरको नाताले ग्रहण नगरौं, किन्तु प्रत्येक वस्तुलाई हामी प्रभुकै नाताले ग्रहण गरौं । यसप्रकार जुनसुकै काम पनि प्रभुकै भक्तिको लागि होओस्, जे खान्छौं प्रभुकै प्रसाद होओस्, जे पिउँछौं प्रभुकै चरणामृत होओस्, आँखाले जे हेर्छौं त्यो प्रभुकै स्वरूप होओस्, कानद्वारा जे सुन्छौं प्रभुकै गुणानुवाद होओस् गोडाले जो हिंड्छौं त्यो प्रभुकै परिक्रमा होओस् र जे मुखले बोल्छौं त्यो प्रभुकै कीर्तन होओस् । यसप्रकार संसारका कष्टहरूद्वारा नआत्तिईकन कर्तव्यपरायण बनौं ।

क्रोध-दमन प्रार्थना– हे भगवन् ! यस मानिसको जन्मको फल यो विषय-भोग होइन, चित्तको शान्ति नै यस जीवनको मुख्य लक्ष्य हो । हे भगवन् ! क्रोधरूपी

चाण्डाल जब हाम्रो हृदयमा प्रकट हुन्छ, तब हामी तन-मनद्वारा अपवित्र हुन थाल्छौं। यसको सामु हामी हार खान्छौं। प्रभु ! यसबाट हाम्रो रक्षा गर्नोस्। हामी प्रभुका शरणमा छौं। हे मन ! तँ कहिल्यै अब यस भूतको प्रभावमा मूढ नबन्, त्यसवेला तँ अवश्य ईश्वर-गुरुविमुख र नास्तिक भएको थिइस्। यदि कुनै प्रकारको हानि सम्झेर तँ यस पिशाचको प्रभावमा आइस् भने तँ स्वयं नै विचार गर्– हानि-लाभ त जसको पदार्थ हो, उसैको हुन्छ, तँ आफ्नो कर्तव्यमा दृढ बन्, र शान्त चित्तद्वारा प्रभुको आज्ञानुसार त्यसको उपयोग गर्। आफ्नो अपमान ठानेर तँ क्रुद्ध हुन्छस् भने स्वयं नै विचार गर्– सद्गुरुले र ईश्वरा-ज्ञारूप शास्त्रले तँलाई वारंवार उपदेश दिएको छ– तँ नामरूपात्मक देह होइनस्, बरु आत्मा होस्। तब यस आज्ञाको विपरीत तँ आफैलाई देह मानेर त्यसको अनादरमा किन क्रोधद्वारा आफैलाई जलाइरहेछस् ? आफ्नो स्वरूपको विचार गरेर शान्त बन्। आफ्नो स्वरूपमा स्फूर्ति प्रदान गर्नको निम्ति प्रभुका चरणकमलको आश्रय लिने गर्।

सर्वत्याग-प्रार्थना– हे भगवन् ! यो आफ्नो विचित्र मायाको गोरखधन्दा हजूरले नै फैलाउनुभएको छ। यो कुनै प्रकारले पनि सुल्झँदैन। जब-जब सुल्झाउन खोज्छौं, यो उल्टो अल्झँदै जान्छ। हामी त यसमा झन्-झन् अल्झँदै गइरहेका छौं। हजूरको माया दुस्तर छ। प्रभु ! यसले हामीलाई जन्मदेखि भट्काइरहेको छ। हजूरको कृपाले बुद्धि अलिकति मात्र निर्मल भएमा पनि थाहा हुन्छ– हामी अहिलेसम्म ठगिएका रहेछौं। जसलाई हामी भोग ठान्थ्यौं, ती त रोग रहेछन्; जसलाई अमृत ठान्थ्यौं, ती त विष रहेछन्। हजूरको मायाको कहीं पार छैन। जन्म-मरणचक्रको अन्त कहीं छैन। हे प्रभु ! अब कृपा गर्नोस्, आफ्नो मायालाई समेट्नुहोस्। हजूरको त खेलबाड हो, तर हाम्रो लागि त जीउ-ज्यानकै सास्ती भइरहेछ। **हजूरले लीलै गर्ने हो भने हामीलाई पनि त्यस्तै दृष्टि दिनुहोस्, हामी पनि साक्षी द्रष्टा भएर यो खेल हेर्न सकौं।** अब त हामी यस संसार-रूपी नाटकघरमा अभिनेता (Actor) बनेर पिट्ने-पिटाउने झगडा सहन सक्तैनौं। आफ्नो त्यो गीताज्ञान हामीलाई पनि प्रदान गर्नोस् जो अर्जुनलाई दिनुभएथ्यो, जस-द्वारा हामी पनि सबै कुरा गर्दै केही पनि नगर्ने भएर रहन सकौं। त्यही बुद्धियोग हामीलाई पनि दिनोस्।

हे प्रभो ! अब त हामी त्यस मायावी प्रभुलाई हेर्न लालायित छौं, जुन अनन्तको आश्रयमा यो तुच्छ माया पनि अनन्त हुन खोजिरहेछ। हामीलाई कृपा गरेर त्यो बुद्धिबल दिनोस्, जसबाट हामी हजूरको सर्वस्वरूप पूर्ण रूपले जानौं। हातले जे

गर्छौं ; त्यो हजूरको सेवा होओस्, गोडाले जो हिंड्छौं, त्यो हजूरकै परिक्रमा होओस् ; आँखाले जे देख्छौं ; त्यो हजूरकै रूप होओस् ; कानले जे सुन्छौं, त्यो प्रभुको गुणानुवाद होओस् ; जे खान्छौं, त्यो प्रभुको प्रसाद होओस् ; जे पिउँछौं, त्यो प्रभुको चरणामृत होओस् ।

अहङ्कार-दमन-प्रार्थना– हे भगवन् ! तपाईं कल्याणस्वरूप हुनुहुन्छ, कल्याण-सागर हुनुहुन्छ । कल्याणस्वरूप प्रभुमा कुनै प्रकारको भूल, भ्रान्ति कसरी हुन सक्छ ? सूर्यबाट अन्धकार कसरी प्रकट हुन सक्छ ? वास्तवमा त्रुटि त हामीमा नै हुन सक्छ । जो प्रभुको विधानमा असल र खराबको कल्पना गर्छौं र कहिले हाँस्ने र कहिले रुने गर्छौं । जसरी बच्चाको पाकेको खटिरा चिरेर डाक्टरले पीप निकालिदिन्छ, परन्तु अबोध बालक रुँदै, कराउँदै डाक्टरलाई निर्दयी र कठोरहृदय भएको ठान्दछ, त्यसरी नै हे मालिक ! प्रभु पनि हाम्रो संसाररूपी रोगलाई दूर गर्न करुणा गरेर समय-समयमा हाम्रो हृदयमा चिरफार गर्ने कृपा गर्नुहुन्छ, परन्तु हामी आफ्नो अज्ञानले गर्दा प्रभुका उपकारलाई अनुपकार मान्छौं, र उल्टो तपाईंकै अपराधी बन्छौं ।

हे प्रभो ! चारैतर्फबाट ठक्कर खाएर अब हामीले यो निश्चय गर्‍यौं– **संसारमा अरू कुनै दुःख छैन, कुनै पनि रूपमा यो तुच्छ अहङ्कारको उदय हुनु नै दुःख हो । कालिय-दमन जस्तै गरेर यसका फणालाई दबाउनुमै सुःख छ । यो अहङ्कार नै सबै दुःखको खानी हो, जसबाट जन्म-मरणरूपी आपत्तिहरू निस्किरहन्छन् ।** अब अनन्त शान्त समुद्रमा संसाररूपी भार उठाउने र जीवलाई त्यसमा डुबाइदिने यही एक शत्रु छ जीवको । पहिल्यै यो आफ्नो अज्ञानले गर्दा हजूरको स्वरूपबाट भिन्न 'अहं' रूपबाट केही बनेर बस्छ, बाँकी प्रपञ्चलाई आफूबाट भिन्न ठान्छ र यो भेदबुद्धि गरेर कसैमा अनुकूलता र कसैमा प्रतिकूलता ठान्छ । यसप्रकार अनुकूलमा रागबुद्धिले टाँसिन र प्रतिकूलमा द्वेषबुद्धिले त्यागको लागि छटपटाउँछ । यसै रागद्वेषले गर्दा यो कर्तृत्वबुद्धि गरेर, पुण्य-पापद्वारा बन्धनमा बाँधिएर जन्म-मरणका चक्करमा पर्दै माथि र तल हुँदै घुम्छ । वास्तव-मा यदि विचारपूर्वक हेर्ने हो भने यसको कर्तृत्व अलिकति पनि छैन । सबै कर्ता-धर्ता त हजूर नै हुनुहुन्छ । जो काम यसको जानकारीमा हुन्छ तिनमा केवल बीचमा टाङ अडाएर म कर्ता हुँ भन्ने अभिमान गरेर वृथा आफ्नो गलामा फाँसी लगाइरहेछ । भोजन खाए-पछि शरीरमा मलमूत्र, रुधिर, वीर्य आदि सप्त धातु बन्नुपर्यन्त असङ्ख्य अवस्था भोजनका बन्छन् र अनेक क्रियाहरू प्रत्येक घडी शरीरमा भइरहन्छन् जसको यसलाई स्वयं नै ज्ञान छैन, परन्तु ती प्रत्येक अवस्था र क्रियाका आधारस्वरूप तरङ्गहरूमा जलको

समान हजूरको सत्ता विद्यमान छ। हजूरको सत्ताविना कसैको पनि क्रियाको उद्‌बोध सम्भव छैन। फेरि जो काम यसको जानकारीमा हुँदै छन्, तिनमा पनि यसको अभिमान धारण गर्नुबाहेक कुनै लगाव छैन। गोडाले हिंड्‌नमा, हातले हल्लाउनमा, आँखाले हेर्नमा, मन-बुद्धिले सोच्नमा शरीर र मस्तिष्कभित्र असङ्ख्य नाडीहरूमा असङ्ख्य चेष्टाहरू हुन्छन्, जससित यसको कुनै सम्बन्ध छैन। परन्तु हजूर ती प्रत्येक चेष्टाका आधारस्वरूप विद्यमान हुनुहुन्छ, प्रत्येक बौद्धिक विकासमा हजूरको नै ज्योति छ।

अरे! तुच्छ अहङ्कार! अब मैले जानें – तँ निःसार छस् र तँ मेरो अनर्थको लागि नै होस्। तँ हुनु मेरो व्यवहार र परमार्थको नाश हुनु हो। जहाँ तँ आइस् त्यहाँ अनेक आपत्ति र विघ्न आए। यस शरीररूपी घरमा सर्पसमान बसेको तँ नै आफ्नो फुङ्कारले मलाई सन्तप्त पारिरहन्छस्। अब मैले आफ्नो चोर पक्रिसकें। मेरो आत्मधनलाई चोर्ने तँ नै होस् हे प्रभु! हजूर आफ्नो त्यो बल प्रदान गर्नोस् जसको फलस्वरूप हामी यस शत्रुलाई जित्न सकौं, प्रभुका चरण-कमलका अनुरागी बनौं र सच्चा शान्तिका भागी बनौं। हातले जे गर्छौं त्यो प्रभुको सेवा, गोडाले जो हिंड्छौं त्यो प्रभुको परिक्रमा, आँखाले जे देख्छौं त्यो प्रभुको स्वरूप, जे खान्छौं त्यो प्रभुको प्रसाद र जे पिउँछौं त्यो प्रभुको चरणामृत होओस्। सबैलाई आफ्नो आत्मा ठानौं। कसैलाई पनि तुच्छ नठानौं। **जब हामी कसैलाई तुच्छ मान्छौं, तब स्वयं नै तुच्छ हुन पुग्छौं, किनभने वास्तवमा उहाँ हजूर नै विराजमान हुनुहुन्छ र त्यो प्रभुकै एक झाँकी हुन्छ। उहाँ कुनै वस्तुको अनादर हुँदैन, यो केवल आफ्नो अज्ञान-प्रदर्शन मात्र हो। किनभने आफ्नो प्रतिक्रियाद्वारा हामी प्रभुलाई नै अपमान गरेर अपराधी बन्छौं। हरे! हरे! हे प्रभु!!! हामीबाट यस्तो ठूलो भूल फेरि कहिल्यै नहोओस्!!**

मनोबल-वर्धक प्रार्थना– हे अन्तर्यामी देव! हे मेरा साक्षिस्वरूप! हे मेरा आत्मा! हे सर्वात्मा! सबैका कर्ता तिमी नै हौ। प्रभुबाहेक यस संसारमा अरू को छ र? जसलाई कर्तृरूपबाट ग्रहण गर्न सकियोस्। सुख-दुःख सबका दाता तिमी नै हौ र तिम्रा सब चेष्टा हाम्रो भलाइको निम्ति हुन्। दुःख पनि तिम्रै प्रसाद हो, जो तिमी आफ्ना प्रेमीहरूलाई चम्काउनको लागि समय-समयमा कृपा गरेर प्रदान गर्छौ, जसरी कुह्याले घडालाई भट्टामा राखेर पोल्छ। काँचो घडाको के काम? त्यसमा पानी बोक्ने कसरी? अलिकति ठक्कर लाग्नासाथ फुटिहाल्छ। यसरी नै हे मेरा सर्वात्मा! हजूर पनि दया गरेर हाम्रो हृदयरूप घडालाई दुःख-सन्तापरूपी भट्टाभित्र पोल्ने कष्ट गर्दै

हुनुहुन्छ जसले गर्दा यो हृदय सानोतिनो ठक्कर खाँदैमा फुट्न नपाओस् र परमानन्दरूप अमृत धारण गर्नमा समर्थ होओस् । धन्य छ हे कल्याणस्वरूप ! हजूरको चतुरतालाई वारंवार धन्यवाद छ । परन्तु हे सर्वसाक्षी ! अलि कम आँचमा सेक्नोस्, धेरै रापिलो अग्निले गर्दा कतै घडै नफुटोस् । हामी हजूरका साना-साना बालक हौं । हजूरका परीक्षामा पूरा उत्रन योग्य छैनौं । यसै प्रकार हजूरको कृपा हुँदै गरेमा कुनै ठूलो गाह्रो-साह्रो हुनेछैन– हामी मात्र परीक्षामा उत्तीर्ण नहोऔं भन्ने कुरै छैन । तपाईंको दयाले सबै सिद्ध हुन्छ । हनुमान् तथा ग्वालाहरूले तपाईंकै दयाले पर्वतलाई भकुन्डोसमान नचाए । यो दुःख त अत्यन्त तुच्छ छ । तपाईंको कृपाले हाम्रो लागि यो पनि सुखरूप नै हुनेछ । यसलाई हामी एक प्रकारले हजूरकै ठट्यौलो प्रेम मान्नेछौं । राता-राता आँखामा, वज्रतुल्य वचनमा के तपाईं विराजमान हुनुहुन्न ? यदि हुनुहुन्छ भने फेरि हाम्रो लागि दुःख किन ? हामीलाई त्यो दृष्टि किन दिनुहुन्न ? त्यहाँ हामी हजूरको झाँकी देख्न सकौं ।

सब गर्ने गराउने त तपाईंनै हुनुहुन्छ, सब नाच नचाउने हजूर नै हुनुहुन्छ । हामी त केवल कठपुतली हौं । हजूर सूत्रधार हुनुहुन्छ । राजा दिलीप जब वनमा नन्दिनीको सेवा गरिरहेका थिए, तब उनको परीक्षाको लागि धर्मले सिंहरूप धारण गरेर नन्दिनीलाई पक्रे । तब दिलीपले सिंहको सम्मुख आफ्नो शरीरलाई खडा गराए र भने– पहिले यसलाई भक्षण गर, त्यसपछि मात्र त्यसलाई, यो साहस देखेर सिंह तत्काल सौम्य रूपमा प्रकट भयो । यसप्रकार हे अन्तर्यामी प्रभु ! मरूपी नन्दिनीको लागि साहसरूप दिलीप पठाउनुहोस्, जसबाट प्रभुको यो नृसिंहावतार मेरो लागि आनन्दरूप बनोस् । आग्रह हाम्रो, अनुग्रह प्रभुको ।

इष्टदेवको प्रार्थनापछि जप, ध्यान वा विवेक-विचारको मनन गर्नुभन्दा पहिले केही बेर मनसँग पनि विचार-विमर्श गर्नुपर्छ ।

अरे मन ! आज ईश्वरस्वरूप आफ्ना इष्टदेवतालाई साक्षी राखेर सत्य-सत्य तरीकाद्वारा तेरो यस जीवनको हिसाब माग्दछु । निष्कपट भएर मलाई आज बता– यस संसारमा तँ किन आइस् र मनुष्ययोनिमा केको लागि रहिस् वा जेका निमित्त तँ यहाँ आइस् त्यसबारे केही त तैंले गरिस् ? यो त मैले तत्कालै मान्नुपर्छ – केवल सुख प्राप्त गर्नाका निम्ति र यस्तो सुख प्राप्त गर्नाका निम्ति कि जसको क्षय कहिल्यै हुँदैन, केवल यसैको लागि संसारमा तँ आएको होस् ।

ठीक छ– तँ यो भन्– अहिलेसम्म यस लक्ष्यको पूर्तिको लागि तँ कहाँसम्म अगाडि बढिस् वा पछि हटिस् ? म भोकाएको मानिसजस्तै त्यस परम सुखको खोजमा यहाँ आएको थिएँ। अहिलेसम्म मेरो क्षुधानिवृत्तिको लागि के तैंले–

भोगरूपी हाडहरू मात्र मेरो अगाडि राखिस् जसमा तेरै मायाजञ्जालमा भुलेर म आफ्नै मुखको गिजा फोरेर आफ्नै रगत पाइरहेछु (ग्रामीण कुकुर हाड चपाँउछ र उसका मुखमा हाड रगडिनाले रगत निक्लन्छ, त्यही आफ्नै रगतको स्वाद लिन्छ र खाँदै गर्छ। ऊ हाडकै रगत ठानेर वारंवार चपाउँदै गर्छ । यसै प्रकारले जो सुख विषय-सम्बन्धबाट जीवलाई प्राप्त हुन्छ, त्यो सुख विषय-जन्य होइन, मानिसको अन्तरात्माको आभासजन्य मात्र हो। परन्तु मानिस आफ्नो अज्ञानले गर्दा विषयलाई नै सुखस्वरूप जानेर वारंवार त्यसको सेवन गर्छ र दुःखी बन्छ) ! परन्तु मेरो सुखको भोक त अहिलेसम्म एक गाँस बराबर पनि पूरा भएको छैन र म त सम्पूर्ण संसारलाई पाउनको लागि तडपिरहेको छु, जसदेखि उच्च कुनै सुख दुनियाँमा मिल्दैन। परन्तु सुखको बदलामा तैंले त उल्टो तृष्णाको अग्निमा यसरी जलाइस् जसको सम्झनाले पनि अहिले कलेजा जल्छ र यसको कलङ्क त यति कालो हुन्छ, जसको मसी अनेक जन्ममा धोएर पनि जाँदैन ।

अथवा – तैंले मान बढाउने निहुमा अहिलेसम्म मलाई फसाइस् र यो सिकाइस्– म यसभन्दा सुखी हुनेछु, परन्तु सुखी हुनुको बदला उल्टो राग-द्वेषको अग्नि बल्यो र दीनको दीन नै रहें।

अथवा तैंले ममा यस्तो अभिमान भरिदिइस्– **म बुद्धिमा निपुण छु भन्ने**, परन्तु यो बुद्धिको चतुराइ त संसारको लागि होइन, यस चतुराइको उद्देश्य थियो– जड-चेतनमिश्रित यस संसारबाट हंसवृत्ति गरेर दूधसमान परम सार वस्तुलाई खोजेर निकाल्नु, आफैंले आफ्नो घाँटीमा जन्म-मरणको पासो लगाउनु होइन ।

ओहो ! अपशोच छ, यस हिसाबबाट त केही पाइएन, सर्वस्व गुम्यो, केही कमाइएन। श्वासको पूँजी पनि गुमाइयो। तृप्ति कत्ति भएन, उल्टो रोग बढ्यो। तैंले मलाई ठूलो दुःखी बनाइदिइस्। बाछाले झैं दूध पिउनुको सट्टा तँ जूकाझैं मेरो रगत पिउन थालिस् । हाँस बन्नुको सट्टा मांस, मलमूत्रादि ग्रहण गर्ने कागकै रूपमा तँ निक्लिस् ।

हे प्रभो ! म हजूरको शरणमा छु। मेरो रक्षा गर्नुहोस्। मित्रका रूपमा यस शत्रुले मलाई नराम्रोसँग ठग्यो ।

अरे मन ! तँ आफू नै आफ्नो शत्रु नबन्, मित्र बन् । यी आचरणहरूद्वारा तँ पनि त सुखी हुन सकिनस् । दुःख छ, तँ यति प्रमादी किन हुन गइस् , जेले गर्दा आफै आफूलाई बाँधेर आफ्नो सङ्गतले म चेतन पुरुषलाई पनि अनर्थको पात्र बनाइस् । तेरै कारणले मलाई पनि अनेक दुःखको सामान गर्नुपरिरहेछ । अब पनि तँ चेत्छस् भने खास बिग्रिसकेको छैन । **सुवर्ण हिलोमा डुबे पनि त्यसभित्र कुनै विकार पस्दैन, केवल धुनाले मात्रै पनि शुद्ध हुन्छ । अब तँ पनि आफूले आफैलाई शुद्ध गर् र आफ्ना सम्बन्धद्वारा म चेतन पुरुषलाई, मलिन गर्नुभन्दा मेरो सम्बन्धबाट तँ पनि निर्मल बन् ।**

मेरो प्रिय बुद्धि ! म तेरो अतिथि हुँ । मेरो उपकार गर्नु तेरो धर्म हो । तँलाई यस वञ्चक मनको चक्करमा पर्नु छैन । तँ आफ्नो धर्मको विचार राखेर यस्तो सत्य सत्य निर्णय गर् जसद्वारा हामी सबै साथीहरूको उपकार होओस् र हामी सबै सुखी होऔं । यस पापी मनले मेरो बल मबाट चुँडेर लगेको छ जसको फलस्वरूप म अनन्त शक्ति भए तापनि यस दीन-दुःखीको सम्बन्धले गर्दा दीन-दुःखिसमान हुन गएको छु । अब तँ मलाई मेरो बलको जस्ताको तस्तै स्मरण गरा, जसले गर्दा केसरी-(सिंह)-जस्तै यस मनको पिंजरालाई तोडी मुक्त बनूँ र पूर्ण त्यागको बल ममा यसरी भर् जसबाट निर्भय भएर यस मोहमायाको मरुमरीचिकाबाट निक्ली आफ्नो स्वरूपमा प्रवेश पाउन सफल होऊँ । यस तुच्छ शरीरमा अहम्भावलाई भस्म गरेर सबै भूत प्राणीहरूमा अहंरूपले स्थित हुन जाऊँ, र सबै सम्बन्धलाई तोडेर तिमी सबैको आत्मा हुन जाऊ जसबाट हामी सबै सुखी होऔं ।

मेरो प्यारो मन ! अब तँ मेरो साथी बन्, आफ्नो विरोध त्यागेर मेरो बलमा आफ्नो बल मिलाइदे र सफलतापूर्वक विचार गर्– विनात्याग त कुनै प्रकारको निर्वाह नै हुँदैन ।

यदि आर्थिक दृष्टिले कुटुम्बीहरूको कुनै प्रकारको क्लेशको विचार गर्छस् भने के तँ उनका प्रारब्धको स्वामी पनि बन्छस्, अनि ईश्वरको कामलाई पनि आफ्ना हातमा लिन्छस् ? यो त महान् नास्तिकताको अनधिकार चेष्टा हो– यस्तो नगर । र–

यदि ऋणत्रयको विचार सम्मुख आउँछ भने मुख्य ऋण त त्यो हो जो ईश्वरको तर्फबाट जीवमा लगाइएको छ । **मलाई ठीक-ठीक जान**– यो ऋण नतिरी यसको ब्याज-ब्याजमा नै यो संसार-ऋण शिरमा थपिंदै गइरहेछ, ज लाई पूरा-पूरा रूपमा तिर्नु त कठिन छ, यदि कुनै अंशमा तिरे पनि त सञ्चित कर्महरूको अनन्त भण्डार

भरिभराउ छ जुन चुक्ता गर्नु असम्भव नै छ । परन्तु जब हामी यस मुख्य ऋणलाई तिर्नेछौं, त देख्दा-देख्दै सबै ऋण आफै नै तिरिंदै जानेछन् र त्याग नै यस ऋणको पूरापूर चुक्ता हो । र–

तँ शरीरको विचार गर्छस् भने ता **अमर पट्टा** त लेखेर ल्याएको छैन र वास्तवमा त मर्नुभन्दा पहिले नै मर्नु नै अमर हुनु हो। यसकारण शरीरको चिन्ता छाड, शरीरभित्र रहेको अधिष्ठान कूटस्थ चेतनलाई जान् । इच्छा भए त प्रारब्धले यस शरीरको रक्षा गर्छ। उठेर खडा भएस्, मोहनिद्राबाट जाग्, किन संसाररूपी यात्रिशालामा डेरा गर्छस्, सावधानीसँग विचार गर, तेरो शिरमा काल मडारिरहेछ, सुख शान्ति चाहने हो भने हिंड् प्रभुको धाममा, प्रभुकै ध्यान गर्, प्रभुकै जप गर् ।

यसप्रकार मनलाई राम्रो किसिमले प्रबोध-भावनाहरूले युक्त गर्नाले चित्तमा सत्त्वगुणको प्रवाह चलेपछि चित्तको अन्तर्मुखी वृत्तिको प्रवाह चालू हुन जान्छ । तब त्यस अन्तर्मुखी वृत्तिद्वारा जप, ध्यान, वेदान्त, विचार आदि जे-जति साधन प्रयोग गरिनेछन् त्यसमा अवश्य सफलता मिल्नेछ र जप, ध्यान, विचारको प्रवाह स्वतः चालू हुँदै जानेछ। यो एक महत्त्वपूर्ण कुरा हो, जुन सधैं याद गर्नुपर्छ ।

सनातन धर्मअनुसार भक्तिको स्वरूप, लक्षण र साधनहरूको विषयमा संक्षेपमा विचार गरेपछि यस विषयको उपसंहार गर्नुभन्दापहिले अरू धर्ममा भक्तिको के स्वरूप छ ? यस विषयमा संक्षेपमा विचार गरौं--

बौद्ध धर्ममा भक्ति – भगवान् बुद्धको गणना विष्णु भगवान्का अवतार-हरूमा गरिन्छ। भगवान् बुद्ध यज्ञोपवीत धारण गर्दथे । उनका प्रतिमाहरूमा यज्ञो-पवीतको चिन्ह स्पष्ट देखिन्छ। बौद्ध-धर्म विशाल हिन्दू धर्मको एक शाखा हो। त्यसमा परलोक र पुनर्जन्मलाई मान्यता दिइएको छ । यहाँ यो शङ्का उठ्न सक्छ– भगवान् बुद्ध त विष्णुका अवतारमा नवौं अवतार मानिएका छन्, र कर्मकाण्डसम्बन्धी सङ्कल्पमा **बौद्धावतारे** भनी उच्चारण पनि गरिन्छ। तब बौद्ध शास्त्रलाई मात्र हिन्दू धर्ममा किन मान्यता दिइँदैन ? रहस्यमय शङ्का छ । यसको समाधान यो छ– हिन्दू धर्ममा व्यक्ति-वाद छैन। अन्तिम प्रमाण श्रुतिलाई अकाट्य रूपमा मानिन्छ। त्यसको विरुद्ध यदि कुनै मत वा शास्त्र जान्छ भने हिन्दू धर्म त्यसलाई मान्यता दिंदैन। भलै त्यो भगवान्कै वचन किन नहोओस्, बडो साहसपूर्वक छोटो मुखले बढी कुरा बोल्नुपरेको छ, भगवान् राम र कृष्णका वचन हिन्दू धर्ममा किन मान्य छन् ? **वेद-प्रतिपादित हुनाले**–यही एकमात्र

उत्तर हो। यदि उनका वचन श्रुतिविरुद्ध जान्छन् भने त हिन्दू धर्म मान्यता दिन तयार छैन, जस्तो कि बौद्ध शास्त्रलाई; परन्तु उनलाई भगवदवतार मान्नमा कुनै विरोध छैन, विचित्र प्रसङ्ग छ– यो सब यसकारण हो– हिन्दू धर्ममा व्यक्तिवाद छैन। व्यक्तिविशेषको वचन हुनाले यो मान्य नै हुनुपर्छ भन्ने होइन। बरु ईश्वरीय विधानरूप जो श्रुति छ उसबाट प्रतिपादित हुनाले मान्य हुन्छ। अस्तु।

अब बौद्ध धर्ममा भक्तिको के स्थान छ? यसमा विचार गरौं। बौद्ध धर्म प्रायः आचारप्रधान मानिन्छ। ऐतिहासिकहरूको मत छ– जुनवेला भगवान् बुद्धको अवतार भएथ्यो, त्यसवेला तीन मतको विशेष प्रधानता थियो, वैदिक मतमा यज्ञहरूमा पशुहरूको बलि दिने प्रथा बढिरहेथ्यो, जैनहरू केशलुञ्छन आदि कर्मद्वारा शरीरलाई कष्ट दिन्थे र नास्तिक यी दुवैलाई खिल्ली उडाउँदै परलोकको अस्तित्वमा शङ्का गर्दै यस लोकको ऐश्वर्यलाई नै जीवनको आदर्श मानेर प्रचार गर्थे। यस स्थितिमा बुद्धावतार भयो। महाकवि जयदेवले आफ्नो काव्य **गीतगोविन्द**मा लेखेका छन् –

निन्दसि यज्ञविधेरहह श्रुतिजातम्
सदयहृदयदर्शितपशुघातम् ।
केशवधृतबुद्धशरीर, जय जय देव हरे ।

हे देव, हे हरि! हजूरको जय होओस्, जय होओस्। अहा! हजूर यज्ञको विधान गर्ने वेदहरूको निन्दा गर्नुहुन्छ, किनभने हे करुणाका अवतार! हजूरले धर्मको नाममा गरिने पशुवधको कठोरता देखाउनुभयो। यसकारण हे केशव! हजूरले बुद्धशरीर धारणा गर्नुभयो।

यज्ञविधिको निन्दा गरे पनि भगवान् बुद्धद्वारा प्रदर्शित मार्ग लोक-कल्याणको लागि नै थियो। उनले लोकलाई मध्यम बाटोमा चल्ने शिक्षा दिए। सांसारिक जीवन-लाई दुःखमय बताए। **उनका चार आर्यसत्य थिए। दुःख, दुःखको हेतु,, दुःखको उपशम र त्यसको उपाय (दर्शनशास्त्रमा यी हेय, हेयहेतु, हान र हानोपायका रूपमा दर्शनशास्त्रको प्रतिपद्य विषय बताइएका छन्)**। जन्म, जरा, व्याधि र मृत्यु आदि सबै दुःखमय छन्। यस दुःखको हेतु हो भवचक्र, जो तृष्णामूलक छ; यस दुःखको उपशम हो अष्टाङ्ग मार्ग–सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वाक्, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि। यो सम्यक् शब्दको अर्थ विशुद्ध मान्नुपर्छ। अष्टाङ्ग मार्गको अर्थ हो– आठ प्रकारको विशुद्धिमार्ग। परन्तु

बुद्धले आफ्ना उपदेशमा यसको विशिष्ट व्याख्या गरेका छन् । यो अष्टाङ्ग मार्ग बीचको शीलप्रधान मार्ग हो । यसले दुवै सीमाहरूको त्याग गर्ने उपदेश दिएको छ । अर्थात् नास्तिक पथ जो कामभोगप्रधान छ, सर्वथा त्याज्य छ, अनि चित्तको दोषको लागि शरीरलाई यातना दिनु पनि ठीक छैन । यसकारण दुर्वासना चाहे दृष्टि-(विचार)-गत होओस् चाहे वाणीमा होओस्, सङ्कल्प, कर्म, अथवा आजीविका होओस्, उसलाई शमन गरेर चित्तलाई शुद्ध बनाउनुपर्छ । संक्षेपमा भन्न सकिन्छ– बुद्धले बताएको बाटो निरीश्वर साङ्ख्य सिद्धान्तसमान । छ । अन्तर केवल यति छ– साङ्ख्यको योगमार्ग व्यक्तिप्रधान छ र कैवल्यको लागि हो । यसमा प्रकृतिबाट वियुक्त हुने साधनाको उपदेश छ । बुद्धको मध्यम मार्गमा करुणाको साधना नै प्रमुख छ । सम्पूर्ण जीवहरूप्रति कल्याण-भावनाको वृद्धिद्वारा जबतक महाकरुणाको प्राप्ति हुँदैन तबतक मानिस साधनको उच्च कोटिमा पुग्दैन । बुद्ध प्रकृति र उसका कार्यलाई मायात्मक भन्छन् र निःसार बताउँछन्, अनि जीवन उनको मतमा केवल **पञ्चस्कन्ध**–संज्ञा, संस्कार, रूप, वेदना र विज्ञान बाहेक तत्त्वतः अरू कही होइन । उनी यिनीहरूकै समूहलाई आत्मा मान्छन् । आत्मालाई कुनै पृथक् तत्त्व मान्दैनन् । **पञ्च स्कन्ध**हरूको समावेश पनि **भवचक्र**मा नै हुन्छ, यी सबै तृष्णामूलक छन् । तृष्णाको क्षय भएपछि निर्वाणको प्राप्ति हुन्छ ।
यस निर्वाणको स्वरूप महाकवि अश्वघोषका शब्दमा–

दीपो यथा निर्वृत्तिमभ्युपेतो नैवाऽवनीं गच्छति नाऽन्तरिक्षम् ।
दिशं न काञ्चिद् विदिशं न काञ्चित् स्नेहक्षयात् केवलमेति शान्तिम् ॥
तथा कृती निर्वृत्तिमभ्युपेतो नैवाऽवनीं गच्छति नाऽन्तरिक्षम् ।
दिशं न काञ्चित् विदिशं न काञ्चित् कर्मक्षयात् केवलमेति शान्तिम् ॥

जसरी बत्ती निभ्छ, निभ्दा उसको ज्योति न पृथिवीमा जान्छ, न आकाशमा न दिशाहरूमा नै जान्छ, न अवान्तर दिशाहरूमा नै, त्यो स्नेह (तेल) समाप्त भएपछि शान्त हुन्छ, त्यसरी नै कृती (प्राणी) निर्वाणमा प्राप्त भएपछि न पृथ्वीमा रहन्छ, न आकाशमा नै, न दिशाहरूमा जान्छ, न त अवान्तर दिशाहरूमा नै । कर्म तृष्णा क्षय भएपछि ऊ शान्ति प्राप्त गर्छ ।

भगवान् बुद्धले धर्मचक्र-प्रवर्तनको समयमा आफ्ना प्रथम शिष्य- (भिक्षु)-हरूलाई उपदेश दिंदै भन्नुभएको थियो– **चरथ भिक्खवो बहुजनहिताय, बहुजनसुखाय ।**

अर्थात् 'भिक्षुहरूहो ! बढी-से-बढी व्यक्तिहरूको भलाइको लागि सुखको लागि घुम । यसकारण भिक्षुसङ्घको जीवन लोककल्याणकै लागि भयो । लोककल्याणको लागि भिक्षुहरू विश्वमा अगाडि बढ्दै गए । भयानक जङ्गल, पर्वत, समुद्रहरू पार गरेर तत्त्वज्ञानको उपदेश उनीहरूले संसारमा दिए । बुद्धको निर्वाण भएको हजार वर्षकै बीचमा विश्वका धेरैजसो भागमा बौद्ध धर्म प्रचलित भयो ।

यद्यपि बुद्धले कुनै प्रवचनमा ईश्वरको उपासनाको उपदेश दिएनन् र आफूलाई कुनै अवतारी पुरुष पनि भनेनन्, तथापि उनको जीवनकालमा नै उनलाई देवतुल्य मानेर मानिसहरू आदर-सत्कार गर्दथे । साधारण प्रजादेखि लिएर ठूला-ठूला राजा-महाराजा पनि भिक्षुसङ्घको साथमा भगवान् बुद्धको सत्कार गरेर उनका प्रवचन सुनेर आफूलाई कृतार्थ सम्झन्थे । बुद्धको परिनिर्माण भएपछि जो बौद्ध धर्ममा पहिलो पूजा (भक्ति) प्रारम्भ भयो, त्यो थियो **त्रिरत्न-वन्दना** । **बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, सङ्घं सरणं गच्छामि** अर्थात् 'म बुद्धको शरणमा जान्छु, म धर्मको शरणमा जान्छु, म सङ्घको शरणमा जान्छु ।'

बुद्धधर्ममा यही वैधी भक्तिको उदाहरण हो, शरणागतिको विशुद्ध रूप हो **शरणं प्रपद्ये**, यही शरणागतिको भावले बौद्ध धर्मलाई विश्वविख्यात बनाइदियो । यो यही शरणागतिको महिमा थियो । यसले लोकमा त्याग र सेवा धर्मको जागरण ल्यायो । दान र दयालाई प्रसारित गऱ्यो । संयम र नियमको बाटो फराकिलो पाऱ्यो । विश्वका जिज्ञासु, धर्मानुरागी यिनै ऋषि-मुनिहरू रहेको भूमितर्फ लागे । फाह्यान र ह्यूनसाङ जो चीनको पूर्वोत्तर प्रान्तबाट पश्चिमतर्फ कैयौं हज्जार माइल पैदल र घोडामा हिंडेर यस पवित्र तीर्थभूमिमा आएथे, उनीहरूलाई चीन र भारतका बीचमा अर्थात् मध्य एसिया (आजकलको रूस, चीन र तुर्किस्तान) तथा अफगानिस्तानमा सर्वत्र बौद्ध विहार, स्तूप एवं भिक्षुहरूको मठ प्राप्त भएथे । त्यस वेलासम्म इसाई र इस्लाम धर्मको प्रादुर्भाव भएको थिएन, मध्यवर्ती देशका प्रजा र राजा सबै बौद्ध थिए । तथापि उनीहरूले घोर जङ्गल र पहाड पार गर्नुपरेथ्यो । यो अद्भुत शक्ति उनीहरूलाई शरणागति-भक्तिले नै प्रदान गरेको थियो । यसमा सन्देह छैन ।

धर्मको साथमा भिक्षुहरूले आयुर्वेद र ज्योतिष आदि लोकहितकारी शास्त्रहरूको प्रसार पनि ती देशहरूमा गरेका थिए । भगवान् बुद्धले नीतिधर्मको उपदेश गरेथे, धार्मिक जीवनको व्यावहारिकतामा जोड दिएथे । जाति जन्मले होइन कर्मले

हुन्छ भन्ने उनको धारणा थियो । अर्थात् दैवीगुणले युक्त पुरुषलाई ब्राह्मण र आसुर गुण भएकालाई चाण्डाल भनेथे, परन्तु दैवी गुणको उपार्जन र संरक्षण अन्य वर्णको अपेक्षा ब्राह्मणकुलमा उत्पन्न पुरुष सरलता तथा सुगमतापूर्वक ग्रहण गर्छ ।

यो प्रत्यक्ष सिद्ध तथ्य हो जसलाई स्वीकार गर्नुपर्छ । हाम्रा पुराणमा बुद्धलाई विष्णुअवतार मानिएको छ । जहाँ दश अवतारको वर्णन आउँछ । पुराणमा बुद्धलाई नवौं अवतारमा लिइन्छ । यसकारण बुद्ध धर्म सनातन धर्मकै एक प्रशाखा हो । भगवान् बुद्धले गाई र ब्राह्मणको रक्षाको लागि भन्नुभएको छ–

यथा माता पिता भ्राता अन्ज वाऽपि च जातक ।
गावो नो परमा मित्ता यासु जायन्ति ओसधा ।।
अन्नदा बलदा चेता वण्णदा सुखदा तथा ।
एतवत्थं वसं जत्वा मास्सु गावो हनि सुते ।।

'माता, पिता, भ्राता तथा अन्य बान्धवका समान गाई पनि हाम्रो परम मित्र हो । यसबाट जो घीउ आदि औषधि उत्पन्न हुन्छन्, त्यो अन्न, बल, तेज र सुख दिन्छ । यसकारण गाईलाई उपकारी ठान्नुपर्छ र कहिल्यै कष्ट दिनु हुँदैन ।'

न ब्राह्मणस्स पहरेय्य नास्स मुञ्चेथ ब्राह्मणो ।
धि ब्राह्मणस्स हन्तारं ततोधि यस्य मुञ्चति ।।

'ब्राह्मणलाई नमार्नू ; मार्नेमाथि ब्राह्मण पनि हात नउठाओस्, ब्राह्मणमाथि प्रहार गर्नेलाई धिक्कार छ र त्यसमाथि पनि यदि ब्राह्मण हात उठाउँछ भने त्यसलाई पनि धिक्कार छ ।'

यसप्रकार बौद्ध धर्मको शुरूमा केवल शरणागतिद्वारा शील र आचारको प्रचारको प्रधानता थियो । परन्तु भगवान् बुद्धको परिनिर्वाणपछि उनका वचनहरूको सङ्कलन गर्नका लागि राजगृहको नजीक **सप्तपर्णि गुफा**मा ५०० भिक्षुहरूको एक सभा भयो । उनीहरूले बुद्धवचनको सङ्कलन गरेर तिनको एकैसाथ गान गरे । त्यहीं **सूत्रपिटक** र **विषयपिटक**को सृजना भयो । **सूत्रपिटक**मा बौद्धधर्मका मुख्य सिद्धान्तहरूको विषयमा त्यस्तै नाना प्रकारका सदाचरणका सिद्धान्तहरूको विषयमा भगवान्सित जो प्रश्न गरिएका छन्, उहाँले जो जवाफ दिनुभएको छ, तिनको सङ्कलन छ, र **विनयपिटक**मा भिक्षुहरूको आचरणको लागि बताइएका नियमहरूको सङ्कलन छ । यस सङ्गीतपछि

एकसाथ **त्रिरत्न-वन्दना** र **सूत्रपाठ** गर्ने प्रथाको प्रचार भयो । बुद्धवचनहरूको पाठद्वारा पुण्य सञ्चय हुन्छ, यो श्रद्धा विकसित हुँदै गयो र बुद्धधर्ममा भक्तिको स्थूल रूप स्पष्ट हुन थाल्यो ।

भगवान् बुद्धको निर्वाणपछि उनका अस्थिहरूलाई लिएर आठ स्तूप विभिन्न ठाउँमा बनाइए । अशोकले तिनै स्तूपहरूबाट अस्थिहरू निकालेर अस्सी हजार विभाग-हरूमा विभाजित गरे र तिनमध्ये प्रत्येक भागमाथि भारत तथा अरू देशमा स्तूपहरूको निर्माण भयो र ती स्तूपहरूमा धूप, दीप आदिद्वारा पूजा हुन थाल्यो, मानिसहरू यस पूजाद्वारा पुण्यको सञ्चय गर्न र आफ्नो मनोवाञ्छा पूरा गर्न थाले । यसप्रकार सम्राट् अशोकपछि इसाको प्रथम शताब्दीमा सम्राट् कनिष्कको राज्यकाल-सम्म बौद्ध धर्ममा भक्तिको यिनै दुई मूल तत्त्व **श्रद्धा** र **शरणागति** प्रमुख रूपमा बौद्ध सङ्घलाई प्रेरणा र शक्ति प्रदान गर्दै रहे । कनिष्कको समयभन्दा पहिले-पहिले बुद्धको प्रतिमा बनाइए र प्रतिमा-पूजाको प्रचार पनि शुरू भयो ।

इतिहासवेत्ताहरूको मत छ– यसै समयमा बौद्ध धर्ममा एक नयाँ प्रस्थानको उद्भव भयो । जसलाई **महायान**को नामबाट उल्लेख गरिन्छ । **सद्धर्मपुण्डरीक** आदि ग्रन्थ **महायान**का मूलग्रन्थ हुन् र **नागार्जुन, अश्वघोष, असङ्ग** आदि यसका प्रवर्तक आचार्य हुन् **सद्धर्मपुण्डरीक**मा पहिले-पहिले **बोधिसत्त्व अवलोकितेश्वर**को पूजा र स्तुतिको वर्णन पाइन्छ । **सुखावती व्यूह**-(जो यस सम्प्रदायको दोस्रो मौलिक ग्रन्थ हो)-मा दुई **बोधि-सत्त्व अवलोकितेश्वर** र **अमिताभ**को उपासनाको वर्णन छ । यी दुई **सुखावती नामक दिव्य लोकका अधिष्ठातृदेवता** हुन् । **महायान**का ग्रन्थ पालीमा नलेखिएर संस्कृतमा लेखिएका छन् । सम्भवतः **महायान** सिद्धान्तको प्रादुर्भाव कनिष्कपछि नै भयो । कनिष्कभन्दा पहिले ग्रीक सम्राट् मीनांडर बौद्ध धर्ममा दीक्षित भएथे । अतः उनको सम्राज्यमा बौद्ध धर्मको प्रचार भइसकेको थियो । परन्तु त्यो **हीनयान मत** थियो । त्यसमा **त्रिरत्न-वन्दना, पञ्च-शील**को प्रतिज्ञा [**पञ्चशील**–(१) **म प्राणिहिंसा नगर्ने व्रत लिन्छु,** (२) **म अरूले नदिए-को वस्तु नलिने व्रत लिन्छु,** (३) **म झूटो नबोल्ने व्रत लिन्छु,** (४) **म रक्सी आदि नशा लाग्ने वस्तुको सेवन नगर्ने व्रत लिन्छु,** (५) **म नाचगान आदि विलासबाट हट्ने व्रत लिन्छु**] तथा स्तूपको पूजा पनि प्रचलित थियो । कनिष्कपछि जब बुद्धका मूर्तिहरू बन्न थाले, तब तिनको पूजा गर्ने प्रचलन हुन थाल्यो । **महायानको उद्भव मुख्यतः ब्राह्मणहरूद्वारा भयो** र उत्तर-पश्चिम दिशाद्वारा जब फाहियानले भारतको यात्रा गरे, तब उनले बाटोमा

सबै देशमा **हीनयान** र **महायान** दुवै मतका बुद्ध-मन्दिर र सयौं सयौं भिक्षुहरूलाई भेटे। त्यसवेला मूर्तिहरूलाई रथमा सजाएर यात्रा उत्सव धूमधामसँग मनाइन्थ्यो। खोतान शहरको एक उत्सवको वर्णन गर्दै फाहियान लेख्छन्–

"यस देशमा चौध ठूला ठूला बुद्धविहार छन्। चतुर्थ चान्द्रमास प्रतिपदादेखि शहरका प्रधान सडकहरूको सफाइ र त्यहाँ पानी सिंच्ने काम शुरू गर्छन्। अगल-बगलका सडक पनि सजाइन्छन्। नगरका फाटकमाथि किसिम-किसिमका सजावटसहित एक ठूलो मण्डप बनाइन्छ, जसमा राजा, रानी तथा अन्तःपुरका स्त्रीहरू बस्छन्। गोमती-विहारका भिक्षु महायान सम्प्रदायका अनुगामी छन्, राजा तिनमा बढी श्रद्धा राख्छन्। उनी जुलूसमा अगाडि-अगाडि जान्छन्। शहरबाट एक मिल टाढा एकपाङ्ग्रे रथ बनाइन्छ, जो तीस फिटभन्दा बढी अग्लो हुन्छ र हेर्दा एक बुद्धमन्दिरस्तै देखिन्छ। रथको बीचमा बुद्धको प्रतिमा राखिन्छ। त्यसपछि दुई बोधिसत्त्वका मूर्ति र ब्राह्मण देवताहरू (ब्रह्मा विष्णु आदि) रहन्छन्। जब जुलूस नगरका फाटकबाट सय कदम टाढा आउँछ, तब राजा आफ्नो राजमुकुट उतार्छन् र हातमा पुष्प र धूप लिएर अनुचरहरूका साथ नाङ्गा गोडाले अगाडि बढ्छन्, प्रतिमाका नजीक गएर शिर भूमिमा टेकाएर प्रणाम गर्छन्। पुष्पार्पण र धूपदान गर्छन्। जब प्रतिमाहरू नगरमा प्रवेश गर्छन्, तब रानी र अन्तःपुरका स्त्रीहरू पुष्पवर्षा गर्छन्।" (फूकु वोची)

यो खोतान शहर वर्तमान चीनी तुर्किस्तानको पश्चिमी प्रदेशको मुख्य शहर हो। यी सब देशहरूमा आज मुसलमान बस्छन्। यिनका पूर्वज बुद्ध र बुद्धका पूर्वज विष्णु र शिवका पुजारी हिन्दू थिए। चीन र जापानमा मुख्यतः **अवलोकितेश्वर** र **अमिताभ**– यी दुई बोधिसत्त्वको पूजा प्रचलित थियो। परन्तु बौद्धहरू प्रतिमाहरूमा प्राणप्रतिष्ठा गर्दैनन्। यो कुरा बुझ्न उनका दार्शनिक सिद्धान्तमा एक दृष्टि दिनु आवश्यक छ। **महायान अजातवाद सिद्धान्तकै किञ्चित् सूक्ष्म अन्तरका साथ प्रतिपादन गर्छ। लङ्कावतारसूत्र-** (३।८)-मा लेखिएको छ– यो सब दृश्यमान-अदृश्यमान जगत् अनुत्पन्न छ– न भयो, न छ। यी भाव (पदार्थ) गन्धर्वनगर, स्वप्न र मायारूप छन्, कुनै कारणविना नै देखिन्छन्।

समवायाद् विनिर्मुक्तो बुद्ध्या भावो न गृह्यते।
तस्माच्छून्यमनुत्पन्नं निःस्वभावं वदाम्यहम् ॥ (३।८)

"यदि बुद्धिद्वारा भावहरू समवायबाट निर्मुक्त गरिने हो भने त्यसको अस्तित्वको पत्तो नै लाग्दैन। यसकारण तिनलाई म शून्य अनुत्पन्न र निःस्वभाव बताउँछु।'

चित्तमात्रमिदं सर्वं द्विधा चित्तं प्रवर्तते ।
ग्राह्यग्राहकभावेन आत्मात्मीयं न विद्यते ॥ (३।१२१)

यो सब प्रपञ्च चित्तमात्र हो। चित्त नै ग्राह्यग्राहक-भावद्वारा द्विविध रूपमा प्रवर्तित भइरहेछ। यहाँ आत्मा र आत्मीय कुनै वस्तु छैन।

चित्तमात्रं समारुह्य बाह्यमर्थं न कल्पयेत् ।
तथतालम्बने स्थित्वा चित्तमात्रमतिक्रमेत् ॥(१०।२५६)
चित्तमात्रमतिक्रम्य निराभासमतिक्रमेत् ।
निराभासस्थितो योगी महायानं स पश्यति ॥(१०।२५७)

"केवल चित्तमा आरूढ भएर बाह्य अर्थहरूको कल्पनाको त्याग गर्नू, त्यसपछि चित्तमात्रलाई अतिक्रमण गर्दै शून्यतर्फ बढ्नू। शून्यतामा स्थित योगी महायानलाई देख्छ।"

लङ्कावतारसूत्रका यी श्लोकहरूबाट महायानको तत्त्वज्ञानको एक झलक मिल्छ। **तत्त्वलाई शून्य र जगत्लाई मृगमरीचिकासमान मान्नु बौद्ध धर्मको मूल शिक्षा हो। के हीनयान, के महायान र के वज्रयान (या तन्त्रयान)– सबै यस मूल सिद्धान्तलाई मान्छन्**। यसकारण बौद्ध धर्मका तीन प्रस्थानहरूमा मुख्य साधना-योग हो। भक्ति त्यस साधनाको अङ्ग हो। शील र आचार पनि भक्तिका अङ्ग नभएर योगका अङ्ग हुन जान्छन्। हीनयानमा त भक्ति गौण रूपले शरणागति र श्रद्धा, शील र आचारसम्पन्न साधनाका अङ्गको रूपमा देखिन्छ। किनभने यो नभई कुनै प्रगति हुँदैन। जब शील-आचार-प्रमुख बुद्धोपदिष्ट साधनमार्गमा चलेर भिक्षु **अर्हत्** बन्छ, तब उसलाई निर्वाण प्राप्त हुन जान्छ। यही हीनयान साधकको लक्ष्य हो। महायानको साधना यहीं समाप्त हुँदैन– उसको सिद्ध साधक अर्हत् होइन, बोधिसत्त्व हो। उसमा यद्यपि निर्वाणप्राप्तिको योग्यता हुन्छ, तैपनि त्यो महाकरुणाको साधक लोककल्याणको लागि निर्वाणमा अर्थात् विदेह मुक्तिमा प्रवेश गर्दैन, जीवन्मुक्त अवस्थामा नै रहन्छ। वैदिक मतमा त्यसलाई **अधिकारी पुरुष** भनेर कहिएको छ, जो समय-समयमा अंशावतारको रूपमा संसारमा अवतीर्ण भएर लोककल्याण गर्छन्। केवल शब्दको भेद मात्र हो।

बोधिचित्तं समुत्पाद्य सम्बोधौ कृतचेतसा ।
तन्नास्ति यन्न कर्तव्यं जगदुद्धरणाशयैः ।।

सारांश यो हो– जगत्को उद्धारको लागि बोधिसत्त्व सबै कुरा गर्न सक्छन् । यसकारण महायान सम्प्रदायको भक्ति हीनयानको अपेक्षा श्रेष्ठ छ । त्यसको लक्ष्य अर्हत् होइन बुद्धत्वको प्राप्ति हो । यदि बोधिसत्त्व सहायक हुन्छ भने यस लक्ष्यको प्राप्तिमा उनको अनुग्रह किन प्राप्त नगर्ने ? महायानी साधक यस अनुग्रहको उद्देश्यले **अवलोकितेश्वर बोधिसत्त्व**को आराधना गर्दछन् । **कारण्डब्यूह** नामक ग्रन्थमा लेखिएको छ– 'सबै प्राणीहरूलाई सबै दुःखबाट मुक्त गर्न **बोधिसत्त्व अवलोकितेश्वर**को दृढ प्रतिज्ञा जबतक पूरा हुँदैन, तबतक सम्यक्-सम्बुद्धत्व प्राप्त गर्न सकिंदैन (वैदिक धर्ममा यसैलाई ईश्वरको शुद्ध सङ्कल्प मानिएको छ–' म ज्ञान प्रकाशनद्वारा यी लोकहरूको उद्धार गरूँ ।)

तिब्बत, चीन र जापानमा जो बोधिसत्त्व अवलोकितेश्वरको पूजा प्रचलित छ, त्यसको रहस्य यही हो । यसकारण महायान-साधक अर्थार्थी छन् भन्ने स्पष्ट छ । उनीहरू अनुग्रह प्राप्त गरेर आफ्नो प्रयोजन सिद्ध गर्न चाहन्छन् । परन्तु त्यसको प्रयोजन लौकिक र पारमार्थिक दुवै हुन सक्छन् । **अवलोकितेश्वर बोधिसत्त्व**को प्रतिज्ञाबाट को लाभ नउठाउला ? परन्तु यसको लागि उपासनाको आवश्यकता छ । पुष्प, धूप, दीप, नैवेद्य, स्तवनका उपकरणहरूलाई लिएर नै उपासक आफ्नो उपास्य देवको सम्मुख पुग्छ । उपास्यको सम्मुख पुगेपछि अनुग्रहको प्राप्ति अवश्यम्भावी छ । महायानमा भक्तिको एक प्रमुख तत्त्व अनुग्रहको उपलब्धि हुन्छ । यसकारण यसको महायान नाम रह्यो । हिन्दू-धर्मावलम्बी वैष्णवहरूमा जो स्थान **श्रीमद्भागवत**को छ, महायानमा **सद्धर्मपुण्डरीक**को पनि त्यही स्थान छ । ध्यान-सम्प्रदाय, जुन **चीनमा चान** र जापानमा **जेन** नामले पुकारिन्छ र जो त्यहाँको प्रभावशाली सम्प्रदाय हो, भक्तिलाई गौण स्थान प्रदान गर्छ, ध्यानलाई मुख्य मान्छ । **तेन्दाई एवं निचिरेन सम्प्रदाय सद्धर्म-पुण्डरीकका अनुयायी** हुन् । तथापि ती देशहरूमा अवलोकितेश्वरको उपासना सर्वव्यापी छ । यसबाहेक **बोधिसत्त्व** र **अमिताभ**को पनि उपासना प्रचलित छ ।

माथि सम्राट् कनिष्कको उल्लेख भइसकेको छ, कनिष्कको समयमा पनि बौद्ध भिक्षुहरूको एक सङ्गति भएथ्यो, जसमा बौद्ध तत्त्वज्ञान, **अभिधम्मसूत्र**हरूको सङ्कलन भएथ्यो । यो **अभिधम्मपिटक** तेस्रो पिटक थियो । **त्रिपिटक**को रचनापछि योगमार्गतर्फ केही साधकहरूको ध्यान गयो । योग-साधनाहरूद्वारा सजिलैसँग ऋद्धि-

सिद्धि प्राप्त हुन्थ्यो । यस प्रलोभनद्वारा बौद्ध साधक यसतिर लागे र प्रकारान्तरले उनको यस प्रभावबाट बौद्ध धर्मको प्रचारमा सहायता मिल्यो । किनभने साधारण जनता सिद्धिहरू र चमत्कारहरूद्वारा बढी प्रभावित हुन्छन् ।

लगभग तीन-चार सय वर्षसम्म यस योगमार्गको पद्धति गुप्त रीतिबाट प्रचलित रह्यो । परन्तु अन्तमा गुरु-शिष्यपरम्पराद्वारा विकसित भएर यस योगमार्गभित्रबाट **बौद्ध धर्मको तेस्रो प्रस्थान वज्रयान- (तन्त्रयान**)-को प्रादुर्भाव भयो । यो प्रस्थान बौद्ध दर्शनको योगाचार या विज्ञानवादको सिद्धान्तमा अवलम्बित छ । विज्ञानवाद बोधिसत्त्वलाई विज्ञानसन्तानरूप मान्दछ । त्यो शून्यका साथ साथ विज्ञान-(चैतन्य)-लाई पनि स्वीकार गर्दछ । बोधिसत्त्वावस्थामा यो विज्ञान-सन्तान निर्वाणको लागि होइन, बरु लोकोद्धारको लागि चेष्टा गर्छ । यस विज्ञानवादबाट उत्पन्न भएको वज्र-यान एक अर्को नयाँ तत्त्वलाई स्वीकार गर्छ । त्यो हो **महासुख** । वज्रयानको अर्थ हो **शून्ययान** । वज्री अर्थात् शून्यवादी भन्दछन्– 'असङ्ख्य सङ्कल्परूपी अन्धकारद्वारा अभिभूत तूफानमा चम्कने बिजुलीसमान चञ्चल तथा धेरै कठिनाइद्वारा निवृत्त हुने रागादि मलहरूद्वारा अवस्थित चित्त नै संसार हो र चित्त पवित्रताद्वारा दीप्यमान छ, सङ्कल्प-विकल्पबाट मुक्त छ तथा रागादि मलहरूले लिप्त हुँदैन, ज्ञाता वा ज्ञेय छैन, शाश्वत उही निर्वाण छ ।'

वज्रयानको साधनाको विषयमा तिब्बत र चीनमा जनश्रुति पाइन्छ– असङ्गले तुषित नामक देवलोकमा मैत्रेयसँग तन्त्रशिक्षा प्राप्त गरे । तन्त्रयानमा भक्तिका दुई अरू नयाँ तत्त्वहरूको समावेश भयो – **गुरु** र **सिद्धि** । यसकारण तन्त्रयानप्रधान नेपाल र तिब्बतका बौद्धहरूमा त्रिरत्नका साथ **गुरु**को पनि वन्दना प्रचलित छ । वज्रयानका साधक भावनाहरूद्वारा आफ्नो चित्तलाई बोधिचित्तमा परिणत गर्छन् । बोधिचित्त करुणायुक्त र शून्यरूप छ । शेष जगत्को कुनै अस्तित्व छैन । साधकको अगाडि जो उपास्य मूर्ति छ, उसको पनि कुनै अस्तित्व छैन । साधक जब बोधिचित्तका भावनाद्वारा अभिभूत हुन्छ, तब बीजमन्त्रद्वारा शून्यबाट नै उपास्य मूर्तिमा शक्तिको आधान गर्छ । यी सबै तत्त्वतः शून्यरूप हुन् । तब साधकलाई अहंङ्कृति हुन्छ– **या भगवती प्रज्ञापारमिता सोऽहं योऽहं सा भगवती प्रज्ञापारमिता** 'जो देवी हुन् ती मै हुँ र जो म हुँ ती देवी हुन् ।' यस साधनाद्वारा साधक अनेक शक्तिहरू प्राप्त गर्छ । मन्त्रयानका सिद्ध नेपाल-तिब्बतको सीमाप्रान्तका पर्वत-कन्दराहरूमा कहीं-कहीं अहिले पनि

भेटिन्छन्, परन्तु भारतमा यस मन्त्रयानले पछि गएर जुन बाटो लियो, त्यसबाट त त्यहाँ बौद्ध धर्मको नै उच्छेद हुन गयो । **लङ्कावतारसूत्र ८–१** मा भनिएको छ– **मद्यं मांसं पलाण्डुं च न भक्षेयं महामुने** भगवान् बुद्धले भन्नुभएको छ– मद्य, मांस र प्याज खानु हुँदैन । अगाडि गएर त्यसै **लङ्कावतारसूत्र-(८–१०–११)**-मा भनिएको छ–

योऽतिक्रम्य मुनेर्वाक्यं मांसं भक्ष्यति दुर्मतिः ।
लोकद्वयविनाशार्थं दीक्षितः शाक्यशासने ।।
ते यान्ति परमं घोरं नरकं पापकर्मिणः ।
रौरवादिषु रौद्रेषु पच्यन्ते मांसखादकाः ।।

अर्थात् बौद्ध धर्ममा दीक्षित जो दुर्मति भगवान् बुद्धको यस वाक्यको उल्लङ्घन गरेर यस लोक र परलोकको विनाश गर्नको लागि मांसभक्षण गर्छ त्यो मासु खाने पापी परम घोर नरकमा जान्छ, रौरवादि भयानक नरकमा पाक्छ ।

यी घोर तान्त्रिकहरूले बुद्धधर्मका सदाचारका नियमहरूलाई त्यागेर खुल्लमखुल्ला विद्रोह गरे । उनीहरूले प्रचार गरे–

'दुष्कर र तीव्र आचारका नियमहरूको पालन गर्नाले सिद्धि हुँदैन । सब कामनाहरूको उपभोग गर्दै रहनाले चाँडै सिद्ध हुनेछ' (**गुह्यसमाज २७**) । यति मात्र होइन, यी व्यक्तिहरू पञ्चशील पनि त्यागेर भन्न लागे– 'तँले प्राणिहत्या गर्नुपर्छ, झूटो बोल्नुपर्छ, नदिइएको वस्तु पनि लिनैपर्छ, परस्त्रीहरूको सेवन गर्नुपर्छ' (**गुह्य-समाज १२०**) । यी साक्षात् धर्म विरोधी सिद्धान्तहरूले जनताको हृदयबाट वज्रयानका साथसाथ बौद्ध धर्मलाई समेत निष्काशित गरिदिए । बुद्धधर्मको ह्रासको वास्तविक कारण यही हो । सात्त्विक र विचारशील व्यक्तिहरूको हृदयबाट बुद्धधर्म निस्केर गयो ।

इसाई धर्ममा भक्ति– परमेश्वर सर्वशक्तिसम्पन्न प्रभु हुनुहुन्छ । उहाँ आफ्नो अपार सत्तामा स्थिर रहेर पनि आफ्नो सृष्टिद्वारा अलग देखिने लीला गर्न सक्नुहुन्छ तर यो निश्चित छ– कुनै पनि परिस्थितिमा सृष्टि उहाँबाट अलग रहन सक्तैन । परमात्माको उहाँसँग अभिन्न र शाश्वत सम्बन्ध छ । इसाई धर्म पनि यसको अपवाद छैन । सृष्टिका साथ भगवान्को सम्बन्धमा त्यसको अमित विश्वास छ । इसाई धर्मको यो मान्यता छ– सम्पूर्ण सृष्टि परमेश्वरको कृपाज्योतिबाट परम समुज्ज्वल र कृतार्थ छ । भगवान्को कृपाको अनुभव त्यस व्यक्तिलाई हुन्छ जसको

अन्तःकरण निर्मल छ । यस्तै व्यक्ति अरू व्यक्तिहरूलाई पनि परमेश्वरको कृपा-ज्योतिबाट सम्पन्न गराउँछ। **बाइबल**को कथन छ– 'कुनै पनि व्यक्ति आफ्ना हातमा बत्ती बालेर त्यसलाई घडा वा बिछ्याउनाका तलतिर चादरले ढाकिराख्दैन, बरु त्यसलाई पानसमा राखिदिन्छ, जसबाट भित्र आउने प्रकाश प्राप्त गर्न सकिन्छ । **(नयाँ विधान; सन्त ल्यूक ८।१६)** ।

परमेश्वरको भक्ति सार्वदेशिक र अनिवार्य छ । जीवको स्वभाव नै उहाँको भक्ति गर्नु र उहाँको कृपाबाट सम्पन्न र कृतार्थ हुनु रहेको छ । सन्त अगस्तिनले एक ठाउँमा भनेका छन्– 'हे परमेश्वर ! हजूरले हामी सबैलाई हजूरको सेवाको लागि पैदा गर्नुभएको छ, हाम्रो हृदय त्यस वेलासम्म विकल रहन्छ जबतक हाम्रो हृदय प्रभुमा स्वस्थ रूपले लाग्दैन ।' भगवान् भजन गर्नेहरूलाई चाहनुहुन्छ । **बाइवल**को सङ्केत छ– 'तर त्यो समय आउनेछ र अब पनि छ, जसमा सच्चा भक्त आत्मनिष्ठा र सत्यतापूर्वक भजन गर्नेछ । उनी यस्तै भजन गर्नेहरूलाई चाहन्छन् **(नयाँ विधानः जान ४।२३)** ।

भगवद्भजन इसाई धर्मको सनातनता ऐतिहासिकताको मूलाधार हो । आफैलाई भगवान्को पुत्र घोषित गर्ने इसाले भगवद्भजनको उपदेश गरे । उनको पहिलो भनाइ हो– मन यता लगाऊ, परमेश्वरको राज्य नजीक छ **(नयाँ विधान; मैथ्यू ४।१७)** ।

इसाई धर्ममा भगवान्को स्वरूप परमकृपामय तथा परमप्रेममय निरूपित भएको छ । सबै कुरा परमप्रकाशमय ईश्वरबाट उत्पन्न स्वीकार गरिन्छ । परमेश्वरले आफ्नो छोरा इसालाई जगत्को उद्धारको लागि पठाए । इसाई धर्ममा यो मान्यता प्रचलित छ । यस धर्मका मूल प्रवर्तक इसा हुन् भन्ने उनको महत्ता **बाइबल**मा वर्णित छ–

तब इसाले भने– 'म जगत्को ज्योति हुँ, जो मेरो पछिपछि आउँछ, ऊ अन्धकारमा पर्दैन । जीवनको ज्योति पाउनेछ' **(नयाँ विधान; जान ८।१२)**। निःसन्देह ज्योतिर्मय इसाको पछिपछि चलेर, उनको उपासना गरेर असङ्ख्य प्राणीहरूले, ठूला-ठूला सन्त महात्माहरूले परमेश्वरको भक्तिको माध्यमबाट जीवनज्योति पाए । इसाई धर्ममा भक्तिस्वरूपको विवेचन बाइबल, सन्त-महात्माहरूका चरित्र-निरूपण र वाणीमा पर्याप्त मात्रामा पाइन्छ । पन्ध्रौं शताब्दीका प्रसिद्ध सन्त टामस ए. केम्पीले एक ठाउँमा

भनेका छन्– 'जो प्रभुलाई प्राप्त गर्छ, त्यो संसारको सर्वोत्कृष्ट धन र वैभव प्राप्त गर्दछ । जो प्रभुलाई गुमाउँछ, त्यो सबै कुरा गुमाउँछ । प्रभुमा अवस्थित हुनु नै वास्तविक भक्ति हो ।'

इसाई धर्ममा भक्तिको प्राप्ति-(Realization)- को आधारमा प्रार्थना, शरणागति-समर्पण, सन्त-महात्माहरूको सेवा, पापको स्वीकृति (Confession) तपस्या र परमानन्दमय जीवन स्वीकार गरिएको छ । उपर्युक्त भावहरूको सहायताले परमेश्वरको भक्ति सुलभ हुन जान्छ । यिनमध्ये विधिवत् एकको पनि आश्रय लिएमा कृपामय तथा प्रेममय प्रभु प्रसन्न हुनुहुन्छ ।

इसाईहरूको पवित्र धर्मग्रन्थ **बाइबल** परमेश्वरको भक्तिको एक मूल्यवान् निधि हो । त्यसको पाठद्वारा मन परमेश्वरको प्रेममा निमग्न भएर उठ्छ । **इसाई धर्ममा भगवान्, भक्ति र भक्तका प्रति ठूलो सम्मान प्रकट गरिएको छ । यो धर्मग्रन्थ परमात्मासँग प्रेम गर्ने उपदेश दिन्छ** । अस्तु ।

अब 'आधुनिक नयाँ पीढीको पाश्चात्य ढङ्गद्वारा शिक्षित युववर्गको भक्तिको विषयमा के धारणा छ ?'– यसबारे पनि संक्षेपमा केही विचार गरौं । अनेक प्रकारका शङ्काहरू हाम्रा शिक्षित युववर्गबाट धेरै सुनिन आउँछन् । धर्म, दर्शन र संस्कृतिको विषयमा यस प्रकारका सन्दिग्ध धारणाहरूको कारण यी विषयमा अनभिज्ञता नै हो । यस प्रकारका भ्रान्त धारणाहरूका अनेक कारणहरूमा दुइटा मुख्य प्रतीत हुन्छन् । पहिलो हो– अनेक राजनीतिक स्वार्थ र पद्धतिहरूको प्रचारको लागि पनि एक साधनको रूपमा धर्म– दर्शनको उपयोग गर्नु, यस प्रकारको पद्धतिको आरम्भ उन्नाइसौं शताब्दी-देखि नै भएको थियो । भेदभाव मेटाउने तथा एकता र समानताको नाउँमा धर्म र दर्शनका मौलिक सिद्धान्तहरूलाई तोडमोड गरेर भिन्न अर्थ लगाउने एक परम्पराको नै शुरुआत भयो । यसको श्रीगणेश अनुसन्धान-(Research)-को नाममा सर्वप्रथम विदेशी विद्वान्हरूले शुरू गरे र पछि गएर हाम्रा विद्वान् पनि सुगा झैं उही रट लगाउन थाले र अहिलेसम्म पनि रटि नै रहेछन् ।

दोस्रो कारण हो– विश्वविद्यालयहरूद्वारा डाक्टरेटको उपाधि लिनको लागि शोधप्रबन्ध-(Thesis)-को स्वीकृतिको मूल्याङ्कनको अधुरो पद्धति । मलाई एकसमय भारतका एक प्रख्यात विद्वान्-(जसले एक विद्यार्थीको धर्म र दर्शनको विषयमा लेखिएको शोधप्रबन्धलाई स्वीकृति दिएथे)-सँग भेटघाट गर्ने अवसर मिल्यो ।

मैले उनीसँग सोधें– 'यो शोधप्रबन्ध त धर्म र दर्शनसँग मेल खाँदैन, यहाँले यसमा कसरी स्वीकृति दिनुभयो ?' उनले अत्यन्त लाटो जवाफदिए– 'जब एक विद्यार्थीले यति कठोर परिश्रम गरेका छन्, तब उसलाई हतोत्साह किन पार्ने ?' मलाई हाँसो उठ्यो र ठट्टाकै रूपमा मैले भनें– 'हो, गाडी केही तानेर अगाडि बढाओस् वा पछाडितिर धकेलोस् परिश्रम त दुवैबाट भएकै छ । प्रशंसा पनि दुवैको समान रूपले हुनुपर्छ ।' मैले यस्तो भनेपछि उनले अत्यन्त गम्भीर तर खिन्न स्वरमा भने– 'के गर्ने, बेसै भयो एक विद्यार्थी युवकले आफ्नो नामको अगाडि डा. अक्षर लेख्ने सौभाग्य प्राप्त गऱ्यो ।' यसै वेला उनकी श्रीमती चिया लिएर आइन् । उनले अति गम्भीर र खिन्न मुद्रामा नै मसँग चूपचाप चिया पिए । अस्तु । **अत्यन्त भाग्यशाली छ त्यो महानुभाव जसले धर्म र दर्शनशास्त्रको गम्भीर अध्ययन गऱ्यो र त्यसअनुसार नै यथार्थ शोध-प्रबन्ध लेखेर यस धर्म-दर्शनरूपी गाडीलाई खिचेर अगाडि बढायो र जसले कुनै एक विदेशी विद्वान्को नै जूठो सामग्रीमा नाममात्रको शोधप्रबन्ध लेखेर डाक्टरेटको उपाधि त प्राप्त गऱ्यो तर यस गाडीलाई पछिल्तिर धकेलेर विमार्गमा लैजान टाउको फोडेर असफल चेष्टा गऱ्यो, उसलाई कसले भनिदेओस्– तिमी अभागी हौ !**

सारांश यो हो– धार्मिक तथा राजनीतिक कारणहरूद्वारा अधिकांश पाश्चात्य विद्वान्हरूले यो सिद्ध गर्न टाउको फोडी प्रयत्न गरे– जीवनको कुनै पनि क्षेत्रमा जे-जति उत्तम कुरा छन् ती सब यूरोपबाट नै पूर्वी देशहरूले सिके । यसमा पाश्चात्यहरूका अनुयायी पाश्चात्य शिक्षा पाएका हाम्रा विद्वान् त आफ्ना ती ज्ञानदाता-भन्दा पनि चार पाइला अगाडि बढेका छन् । धर्मको सम्बन्धमा पनि तिनले यस्तै धारणा लिएका छन् ।

पहिले पाश्चात्य विद्वान्हरूको यो मान्यता थियो– 'द्रविड भारतीय मूल निवासी थिए । पछि आर्यहरूले आएर यहाँ एक नयाँ संस्कृतिको प्रचार गरे ।' परन्तु अब भनिन्छ– 'द्रविड पनि कतै बाहिरबाट आएका हुन् ।' श्रीरामधारी सिंह 'दिनकर' आफ्नो पुस्तक **संस्कृतिका चार अध्याय**मा लेख्छन्– 'भारतमा बाहिरी जातिहरूको आरम्भदेखि नै ताँती लागिरहेको छ ।' अनेक ग्रन्थहरूको अध्ययनद्वारा उनले पत्ता लगाए– **निग्रो (हब्सी)** जातिपछि **आग्नेय, आग्नेय**पछि **द्राविड** र **द्राविड**पछि **आर्य** जातिका व्यक्तिहरू यहाँ आए ।' के विद्वान् लेखकसँग यो सोध्न सकिन्छ ? **निग्रो** जातिभन्दा पहिले यस देशमा को रहन्थे ? ती कुन जातिका थिए ? के तिनीहरू पूरै

जङ्गली नै थिए ? वा सम्पूर्ण भारतवर्ष मानवजातिले शून्य नै थियो ? परन्तु हाम्रो साहित्यमा त आर्य नामको कुनै पनि जातिको कहीं पनि उल्लेख भेटिंदैन । कुनै यस्तो जाति छ भने त त्यो कतै बाहिरबाट भारत आएको होला । प्राचीन साहित्यमा कहीं-न-कहीं त त्यसको उल्लेख अवश्य हुनुपर्थ्यो । तर दुःख छ पाश्चात्य विद्वान्-हरूको कुरा पक्रेर हामी यहाँका विद्वान् पनि सुगाजस्तै उही कुरा रट्छौं– भारतमा शुरूदेखि नै बाहिरी जातिहरूको ताँती लागिरह्यो ।' वस्तुतः कुरा यो छ– यस भारत-वर्षमा नै सर्वप्रथम मानवसृष्टि भयो र यहींबाट विश्वका विभिन्न खण्डमा गएर बसी धर्म, भक्ति र शिष्टाचारको प्रचार विस्तृत रूपले गर्दै रहे ।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।। (२।२०)

अर्थात् **यस देश-(भारतवर्ष)-मा उत्पन्न ब्राह्मणहरूद्वारा अखिल भूमण्डलका मानिसहरू आफ्ना-आफ्ना आचारको शिक्षा ग्रहण गरून् ।** पाश्चात्य विद्वान् बितेको ८।१० हजार वर्षभित्र सम्पूर्ण इतिहासलाई नै कोच्न चाहन्छन् । हाम्रो यहाँको मतअनुसार वर्तमान सृष्टि लगभग दुई अरब वर्ष पुरानो छ । सृष्टि-प्रलयको चक्र वारंवार चल्दै रहन्छ । यदि यो कुरा विद्वान्हरूको समझमा आयो भने इतिहासका कति कठिन समस्याहरूको समाधान हुनेछ र यो स्पष्ट हुनेछ । **कुनै समयमा समस्त संसारमा एउटै धर्म र एउटै संस्कृति थियो, त्यो हो– वैदिक धर्म र वैदिक संस्कृति ।** हाम्रा आधुनिक विद्वान्हरूले यो अवश्य जान्नुपर्छ । **जुन समयमा युरोप एवम् अमेरिका आदि देशमा रहने सभ्य जातिहरूका पूर्वज अर्धनग्नावस्थामा जङ्गलहरूमा वन्य पशुहरूसरह रहन्थे, त्यसवेला यो देश सभ्यताका उच्चतम शिखरमा आरूढ थियो । वैदिक संस्कृतिको प्रचार टाढा-टाढासम्म भएको थियो यसका चिह्न अहिले पनि अमेरिका आदि धेरै पश्चिमी देशहरूमा पाइन्छन् ।** बौद्धकालीन सभ्यताका चिह्न त प्रचुर सङ्ख्यामा अफगानिस्तान आदि देशहरूमा तथा भारतका समीपवर्ती द्वीपहरूमा पाइन्छन् । चीन र जापान राष्ट्रमा त स्पष्टतः बौद्ध संस्कृतिको प्रभाव परेको देखिन्छ । अप्रत्यक्ष रूपमा त वैदिक संस्कृतिको प्रभाव सबै देश र सबै राष्ट्रहरूमा अमिट रूपमा परेको छ । परन्तु सबै जातिहरूका दिन एकनास हुँदैनन्, कालचक्र कहिले तल, कहिले माथि हुँदै घुमिरहन्छ । **जुन संस्कृतिको पूर्व र पश्चिमका सबै देशहरूमा गहिरो छाप पऱ्यो, त्यही संस्कृति आज समयको फेरले पाश्चात्य संस्कृतिको प्रभावमा आएर आफ्नो स्वरूप लुकाउन लागिरहेछ ।**

चारैतिरबाट त्यसउपर अरू संस्कृतिहरूको आक्रमण भइरहेछ । युगको प्रभावले यस संस्कृतिको ह्रास जतिसुकै किन नहोओस् यस संस्कृतिको लोप हुन सक्दैन । किनभने यसको भित्तो अत्यन्त दृढ छ । वैदिक संस्कृतिको आधार उसको आध्यात्मिकता हो । यही कारण हो जहाँ ग्रीस, रोम, बेबिलोन, मिश्र आदि देशहरूको सभ्यता आज केवल स्मृतिको विषय भइसकेका छन् । वैदिक संस्कृति यतिको विदेशी प्रहार हुँदा-हुँदै पनि आज आफ्नो शिर उत्तिकै ठाडो पारेर उभिएको छ । **यस घोर आशान्तिको युगमा जब सर्वत्र हाहाकार मच्चिइरहेछ, शान्ति चाहने यूरोपनिवासी पनि यस संस्कृतितर्फ उन्मुख भइरहेछन्, आशापूर्ण दृष्टिले हेरिरहेछन् । उनीहरू यसैबाट विश्वशान्ति र विश्वप्रेमको सन्देश प्राप्त हुन सक्छ भन्ने ठान्न लागेका छन् र वैदिक संस्कृतिका प्राचीन र अर्वाचीन आध्यात्मिक साहित्यहरूलाई उनीहरू बडो सोख र श्रद्धाले पढ्न लागेका छन् ।** अस्तु ।

जर्मनीका विख्यात मनीषी प्राध्यापक बेबरले आफ्ना रचनाहरूद्वारा सिद्ध गरेका छन्– 'कृष्णको जन्म इसापछि भयो' । उनले लेखेका छन् **क्राइष्ट** शब्द जसलाई आज पनि फ्रेञ्च भाषामा **क्रीस्ट** उच्चारण हुन्छ, यो **कृष्ण** शब्दको उद्गम स्थान हो । यही **क्रीस्ट** शब्द काल-विपर्यासद्वारा भ्रष्ट भएर **कीट्ट**का रूपमा परिणत भयो र अगाडि गएर कृष्ण हुन गयो । तमिल भाषामा अहिले पनि कृष्णलाई **किट्ट** र बङ्गलामा **कृष्ट** वा **कृष्टो** भनिन्छ । यसबाट यो सिद्ध भएको छ– भक्ति इसाई मतको देन हो । किनभने भारतमा भक्तिको आधार **कृष्ण** नै हो । यो पाश्चात्य विद्वान्हरूको हाम्रो धर्मका विषयमा अनुसन्धानको एक नमूना हो । जुन मतको अनुकरण हाम्रा विद्वान् पनि आँखा चिम्लेर गरिरहेछन् । तर उनीहरू यो विचार गर्दैनन्– पाली भाषाको बौद्ध ग्रन्थ **निद्देस**मा वासुदेव, बलदेवको चर्चा आएको छ । यो ग्रन्थ इसाभन्दा ४०० वर्षपहिले लेखिएको छ । पाणिनिको एक सूत्रमा पनि वासुदेव र अर्जुनको नाम आएको छ । पाणिनिको समय पनि उही शताब्दीकै लगभग मानिन्छ । महाराज चन्द्रगुप्त मौर्य इसापूर्व ३२५ का दरबारमा **मेगस्थनीज** यूनानी राजदूत थिए । उनले लेखेका छन्– त्यसवेला **हरक्यूल**को पूजा शूरसेनीहरू गर्दथे, जसको अधिकारमा मथुराजस्तो विशाल नगरी थियो, जहाँ यमुना नदीको प्रवाह थियो । यस **हरक्यूल** शब्दले प्राध्यापक विल्सन आदि विदेशी विद्वान्हरूको ध्यान आकृष्ट गरेको छ । यद्यपि यी विद्वान्हरूका धारणाहरूमा मतभेद रहेको छ । तथापि यति अवश्य निर्णय भएको छ– 'यस **हरक्यूल** शब्दको प्रयोग

श्रीकृष्ण अथवा बलदेवका निम्ति भएको छ ।' इसापूर्व तेस्रो वा दोस्रो शताब्दीमा **हेलियोडोर**ले वासुदेवको पूजाका लागि वेशनगरीमा **गरुडध्वज** स्थापित गरेका थिए । त्यसका लेखमा वासुदेवलाई **देवाधिदेव** भनिएको छ । **हेलियोडोर** यूनानी वा वैष्णव धर्ममा दीक्षित भएर **भागवत** उपाधिद्वारा विभूषित गरिएका थिए । इसापूर्व कालका घोसुंडा, नानाघाट, भीतरीगाउँ आदि अनेक स्थानहरूका शिलालेखहरूद्वारा वासुदेवको इसापूर्व अस्तित्व सिद्ध भइसकेको छ ।

भारतको बौद्ध स्तूपमा **गजेन्द्रमोक्ष** तथा **भागवत**का कैयौं अरू दृश्य अङ्कित छन् । यो स्तूप पनि इसापूर्व दोस्रो शताब्दीको मानिन्छ । कैयौं **बौद्ध जातक** एवम् अश्वघोषको **बुद्धचरित** काव्य-(जसको रचना इस्वी सन्को प्रथम शताब्दीमा भएको थियो)-मा पनि भागवत तथा अन्य पुराणहरूका कैयौं आख्यानहरू पाइन्छन् । ती आख्यान धेरै पहिलेदेखि प्रचलित थिए होलान् र नै उक्त काव्यमा समाविष्ट हुन सके । प्राध्यापक गोकुलदासले यिनै आधारमा आफ्नो पुस्तक **जातकहरूको गूढ अभिप्राय र महत्त्व-** (Significance and Importance of Jacartas)मा लेखेका छन्– यस अवैदिक बौद्ध प्रमाणहरूद्वारा पनि स्पष्ट हुन्छ **भागवत आदि पुराण इसाभन्दा धेरै पूर्वका हुन्** । यसबाट यो स्पष्ट हुन्छ **इसाई धर्मबाट भक्ति हिन्दूधर्ममा आएको होइन, बरु ठीक त्यसको विपरीत इसाई धर्ममा भक्ति हिन्दूधर्मको देन हो** । हिन्दूधर्म अरू सबैभन्दा युगौं पहिलेदेखि आफ्नो अस्तित्व राख्छ । **वैदिक धर्म र संस्कृति नै मौलिक एवम् आदिम धर्म र संस्कृति हुन् । अन्य सबै धर्महरूमा यसको प्रत्यक्ष वा अप्रत्यक्ष छाप परेको छ**, जसको प्रमाण हरेक देशमा प्रचुर मात्रामा मिल्छ । **डाक्टर बुकानिन, मेजर विल्फर्ड** आदिले लेखेका छन्– 'फिलिस्तिन, शाम, मिस्र, अबिसिनिया आदि देशमा हिन्दू देवदैवीहरूका पूजनका चिह्न अहिले पाइन्छन् ।' **पादरी हेरास**ले आफ्नो पुस्तक (Proto-Indo-Mediterranean Culture) मा सप्रमाण सिद्ध गरेका छन्– प्राचीन भारतीय हिन्दू नै गएर ती देशहरूमा बसेथे, यस्ता अवस्थामा हुन सक्छ इसाको जन्म फिलिस्तिनमा बसेको कुनै हिन्दूको घरानामा भएको होओस् । बाइबिलमा ठाउँ-ठाउँमा भेट्टिने **'गीधा'** को मतलब गीतासँग सम्बद्ध छ । फ्रान्सेली यात्री **क्रेक्वोनियर**ले भनेका छन्– 'तामिलनाडका हिन्दूहरू र फिलिस्तिनका यहूदीहरूका रीति-रिवाज धेरैजसो एकै किसिमका छन् ।'

पादरी **राजगोपालाचारी**को पनि यस्तै मत छ । सबभन्दा आश्चर्यजनक समता त इसाका मूर्तिहरू तथा चित्रमा भेट्टिन्छन् । **फ्लोरेन्स**को एक चित्रमा **इसाको**

माता हिन्दू रानीको वेशमा देखाइएको छन् । उनले हिन्दू गहना र सारी पहिरेकी छन् । उनको मस्तकमा कुङ्कुम लगाइएको छ । यो चित्र इस्वी सन्को पाँचौं शताब्दीको बताइन्छ । मिलनको एक गिर्जाघरमा पनि एक यस्तो नै चित्र छ, जो त्यसै समयको भनिन्छ । म्यूनिकको एक चित्रमा **इसा संन्यासीको वेशमा छन् र उनको निरधामा तिलक पनि छ । फ्लोरेन्सको एक मूर्तिमा उनले जनै लगाएका छन् ।**

आफ्नो जीवनमा १८ वर्षसम्म इसा कहाँ बसे, यसको इसाई ग्रन्थहरूमा कुनै उल्लेख छैन । रूसी विद्वान् डाक्टर **नोटोबीच** यस सम्बन्धमा ४५ वर्षसम्म अनुसन्धान गर्दै रहे । अन्तमा यस निर्णयमा पुगे– '१८ वर्षसम्म भारतमा रहेर इसाले हिन्दूशास्त्रको अध्ययन र योगाभ्यास गरिरहे । यसको प्रमाण उनीहरूले लद्दाखको एक बौद्ध बिहार-(मठ या गुम्बा)-का केही प्राचीन ग्रन्थहरूमा पाए । उनीहरूले यसका तीन फोटो लिए, जसमध्ये एक उनीहरूले पोपलाई पठाए । पोपले त्यसलाई तुरुन्त जलाइदिने आज्ञा दिएर डा. नोटोविचलाई आफ्नो पुस्तक प्रकाशित नगर्नको लागि लेखे । तर उनले त्यसलाई छपाइ नै दिए । त्यसको नाम हो **इसाको अज्ञात जीवन** (The Unknown Life of Jesus)

बङ्गालको नाथ सम्प्रदायमा यो पद बहुतै प्रचलित छ– **(आबे) आरब आशे ईशोद गेल फिरलो मरि ।** अर्थात् ईशनाथ मृत्युपछि जीवित भएर अरब गए । स्वामी अभेदानन्द-(रामकृष्ण मिशन-अध्यक्ष)-को भनाइ छ– **नाथ-नामावलीमा** यो बताइएको छ– 'सूलीमा चढिसकेपछि इसा भारत गए ।' श्रीविजयकृष्ण गोस्वामीले पनि यस्तै लेखेका छन् । अरबीको **तारीख–आजममा** लेखिएको छ– 'इसा काश्मीरको सीमामा बसेका थिए ।' स्व. मौलाना मुहम्मद अलीले **कुरान-शरीफको** आफ्नो अंग्रेजी अनुवादको भूमिकामा भनेका छन्– इसा सूलीमा मरेका थिएनन्, वास्तवमा उनको मृत्यु काश्मीरमा भयो, त्यहाँ उनी योगको अभ्यास गर्दै रहे र समाधि अवस्थामा उनको शरीर छुटचो । तर यस प्रकारका कुराको लागि ऐतिहासिक प्रमाण खोज्नमा सधैं कठिनाइ पर्ने हुन्छ र बराबर सन्देह पनि आइलाग्छ । सबै प्राचीन धर्म, संस्कृति एवं पवित्र ग्रन्थहरूमा एक नै प्राचीन परम्परा कुनै न कुनै रूपमा मिल्छ । यो परम्परा वैदिक नै हुन सक्छ । पहिल्यै सङ्केत गरिइसकेको छ– विभिन्न परिस्थितिहरूको कारण अन्य देशमा त्यसको रूप बदलिदै गयो । तर उसको झलक सबैमा मिल्छ । यदि यो कुरा मान्यौं भने त ऐतिहासिक प्रमाण खोज्न **माथापच्ची** गर्ने कुनै आवश्यकता रहँदैन ।

इसा चाहे भारतमा जन्मेका हुन् वा अन्यत्र उनी चाहे कहिल्यै भारत आएका होऊन् वा नहोऊन्, उनका साथ कुनै हिन्दू सन्तको सम्पर्क भएको होओस् वा नहोओस्–यो त स्पष्ट छ– उनका विचारमा हिन्दू सिद्धान्तको छाप छ ।

भारतमा इसाई धर्मको प्रचार पुर्तगालीहरूद्वारा पन्ध्रौं शताब्दीदेखि आरम्भ भयो । त्यसवेला भारतमा भक्तिभावनाको प्रवाह बडो जोडले चलिरहेको थियो । आधुनिक इतिहासकार पनि अब यो मान्न थाले– इसाई धर्म र इस्लाम धर्मको आविर्भावभन्दा पूर्व केवल अरबमा मात्र होइन, बरु ती सम्पूर्ण अफ्रिकी तथा एसियाली देशहरूमा जो आज मुस्लिम छन्– वैदिक तथा बौद्ध धर्म विकृत रूपमा चलिरहेका थिए । **इस्लामका सूफीहरूले धर्मका केही तत्त्वबाट रहस्यवादको प्रेरणा प्राप्त गरे । भारतमा हिन्दू-सन्तहरूको सम्पर्कमा आउनाले सूफी सन्त उनका विचारहरूबाट निकै प्रभावित भए । सूफी विचारधारामा वेदान्तको पूरापूर छाप छ ।** यस कुरालाई पनि आधुनिक विद्वान् स्वीकार गर्न थालेका छन् ।

वास्तवमा अलिकति गम्भीरतासाथ विचार गर्ने हो भने प्रतीत हुन्छ– यस प्रकारको विचार **फलाना धर्मले फलाना धर्मसँग भक्ति सिक्यो– यो उसैको देन हो आदि विवादग्रस्त विचारा नै निरर्थक छन् । भक्ति कुनै लेनदेनको वस्तु होइन । त्यसको भावना विश्वव्यापिनी छ । त्यसको आधार छ–प्रेम,** जो प्राणिमात्रमा पाइन्छ । हिंस्रक पशुहरू समेत भाले-पोथी परस्पर र आफ्ना बच्चाहरूसँग प्रेम गर्छन् । ब्वाँसोका गुफाहरूमा पनि मानिसका बच्चाहरू पालिएका पाइएका छन् । पशुपक्षीहरू पनि स्वामिभक्त हुन्छन् । तिनमा बुद्धि, विवेक, विचार धेरै हुँदैन, यसकारण तिनमा भक्ति पनि यसभन्दा अघि बढ्न पाउँदैन । यद्यपि कुनै विशिष्ट पशु-पक्षीहरूमा कुनै सीमासम्म भगवद्भक्ति पनि देखिएको छ । भगवदर्पित प्रेम नै भक्ति हो । यसको ठेक्का कुनै व्यक्ति, देश, जाति, सम्प्रदाय वा धर्मसँग छैन । विश्वका अधिकांश व्यक्तिहरू ईश्वरमा विश्वास राख्छन् र कुनै-न-कुनै रूपमा उनको भक्ति गर्छन् । सबै देशहरू, सबै जातिहरू र सबै धर्महरूमा समय-समयमा भक्तिका उन्मादीहरू पाइन्छन् । यस दृष्टिले यसमा कुनै देश, जाति वा धर्मलाई अरू कुराको ऋणी भन्न सकिन्न, तर भक्तिका प्रकार र साधनहरूमा भिन्नता अवश्य हुन्छ, जुन हुनु पनि पर्छ; किनभने सबैको संस्कार, स्वभाव र बुद्धि एकैनासको हुँदैन । तर यसमा सन्देह छैन– **भक्तिबारे जति सूक्ष्म, गम्भीर र विस्तृत विचार हिन्दू-ग्रन्थहरूमा पाइन्छ, त्यति अरू कुनै देश वा जातिका ग्रन्थहरूमा पाइँदैन ।** हिन्दूशास्त्रमा

भक्तिको अत्यन्त गम्भीर एवं विशाल वर्णन पाइन्छ। **शाण्डिल्य** र **नारदभक्तिसूत्र** यसका प्रौढ प्रमाण हुन्। यदि यस विवेचनामा अन्य जाति वा धर्महरूका विचारहरूमा समता देखिन्छ भने अधिकतर सम्भावना यही हो– **सबैको मूल स्रोत एउटै छ र त्यो हो अनादि वैदिक धर्म,** जसको सङ्केत पहिले पनि गरिएको छ। यो अर्कै कुरा हो– समय-समयमा विभिन्न सम्प्रदायहरूका भक्तहरूमा परस्पर भाव एवं विचारहरूको आदान-प्रदान भइरह्यो। ती एक-अर्काबाट प्रभावित पनि हुँदै गए, तर यो भन्नु छ– हिन्दू धर्मले भक्तिको पाठ विदेशीहरूबाट सिक्यो-(जस्तो केही आधुनिक विद्वान्ले सिद्ध गर्ने चेष्टा गरेका छन्)- सर्वथा निराधार र भ्रामक छ। अस्तु।

यहाँसम्म भक्तिको स्वरूप, लक्षण र साधनहरूको विषयमा संक्षेपले विचार गरियो। अब यस विषयको उपसंहारमा कुनै संक्षिप्त भक्त-गाथाहरू र भगवत्कृपाका उदाहरण दिनु उपयुक्त हुनेछ।

भक्त प्रताप राय – भगवान्का सच्चा विश्वासी भक्त प्रेमपूर्वक निरन्तर भजन गर्दै रहन्छन्। परन्तु भजनको बदलामा कुनै कुरा पनि चाहँदैनन्। संसारका सुख र दुःखको त पर्वाह नै हुँदैन। स्वर्गीय सुखलाई पनि तुच्छ सम्झन्छन्। यहाँसम्म कि मोक्ष र साक्षात् भगवत्प्राप्तिको लोभ पनि उनीहरूलाई भजनबाट विचलित पार्न सक्तैन। उनीहरू भजन गर्छन्, के गर्छन् ? उनीहरूसित यसको उत्तर हुँदैन। परन्तु यो निश्चय छ– भजन नगरीकन उनीहरू क्षणभर पनि रहन सक्तैनन्। उनीहरूको लागि भजनलाई छाड्नु त्यत्तिकै असाध्य छ। जति जीवनलाई प्राणलाई छाड्नु कठिन हुन्छ। वस्तुतः यस उदाहरणसित पनि भक्तद्वारा हुने भजनको तुलना गर्न सकिदैन। यो त सम्झनाको लागि एक सङ्केत मात्र हो। **जो व्यक्ति सांसारिक विपत्तिहरू तथा कष्टहरूमा भगवान्-लाई भुल्छन्, सराप्छन्, उनको अकृपा मान्छन् र कहीं-कहीं त भगवान्को दया र उनको अस्तित्वमा समेत सन्देह गर्न थाल्छन्, तिनीहरू वस्तुतः दयनीय छन्। यस्ता व्यक्ति भगवान्का प्रेमी भक्त होइनन्, उनीहरू त लेनदेन गर्ने व्यापारी हुन्।** भक्तराज प्रताप राय एक महान् विश्वासी भक्त थिए। युवावस्थाको केही समयलाई छाडेर उनको जीवनको मध्यकाल सांसारिक दृष्टिले दुःखसागरमा नै डुब्दै उत्रँदै बित्यो। परन्तु यी सधैं आफ्नो आनन्दमा मग्न रहे। कुनै पनि दुःखको साहस थिएन कि उनको हृदयमा प्रभाव जमाओस्।

भक्त प्रताप राय क्षत्रिय थिए । उनका पूर्वजहरू धेरै समयदेखि बङ्गालमा गएर बसका थिए । यिनका भाषा, वेश चालचलन तथा खानपान सादा र शुद्ध थिए । चारैतर्फ शक्ति-उपासकहरूद्वारा घेरिएका भए तापनि उनको परिवारमा शुद्ध आहार-विहार र गोपालजीको भक्ति हुन्थ्यो । यिनका माता-पिता बडा धार्मिक र भक्त थिए । यिनको जमीन थियो र त्यसमा पर्याप्त अन्न हुन्थ्यो, पशुधन पनि पर्याप्त थियो । महाजनको केही काम गर्थे । आफ्नो उचित ब्याजमा आसपासका गाउँलेहरूलाई रुपियाँ दिने गर्दथे । आफ्नो स्थितिमा यिनी मस्त रहन्थे । प्रताप राय आफ्ना आमा-बाबुका एक मात्र प्रिय पुत्र थिए । छोरा-छोरीका लागि सबभन्दा पहिला गुरु आमा-बाबु नै हुन्छन् । बालकलाई प्रेम त अवश्य गर्नुपर्छ, तर त्यस्तो प्यार गर्नु हुँदैन जसले उनीहरूमा खराब आदत आओस् र पछि गएर त्यसको नराम्रो फल उनीहरूले भोग्नुपरोस् ! प्रतापका आमा-बाबु यस कुरामा बडो सावधान थिए । दुई बहिनीका बीचमा प्रताप एउटै छोरा थिए । आमा-बाबुको शिक्षाको प्रभावले उनी सखारै उठ्थे, भगवान्को स्मरण गर्थे, माता-पिताका चरणमा प्रणाम गर्थे, स्नान गरेर तुलसीमा जल चढाउँथे, घरमा राखिएको भगवान्को मूर्तिको पूजा गर्थे, केही जप गर्थे, तब बिहानको खाना खान्थे, सबैसँग मीठो र नम्रता बोली बोल्थे, हठ गर्दैनथे, आमा-बाबुको अगाडि कहिल्यै कडा शब्दले बोल्दैनथे । प्रताप हेर्दा जति सुन्दर देखिन्थे , त्यसभन्दा पनि बढी हृदय र व्यवहारले सुन्दर थिए । उनीसँग जो एकपटक कुरा गर्छ, त्यो मुग्ध भइहाल्छ । आमा-बाबुले उनलाई कष्टहरू सहने बानी पारिराखेका थिए । घाम-पानी सहनु, हिउँदमा जाडो सहनु, आफ्नै हातले सबै काम गर्नु, दिदी-बहिनीहरूसँग ईर्ष्या नगर्नु, साधारण कपडा लगाउनुमा आनन्द मान्नु, शरीरलाई चम्काउने भड्किलो सजावटलाई घृणा गर्नु, कुनै कुरामा पनि सौखिन नबन्नु, र काम गर्नमा नलजाउनु उनका खास गुण थिए । घरमा कुनै चीज उनी एक्लै खाँदैनथे । पहिले आफ्ना बहिनीहरूलाई दिन्थे, अनि आफू हान्थे । दिदी-बहिनीहरू पनि उनलाई खूब माया गर्थे । यसप्रकार प्रतापको बालकपन आमा-बाबुको रेखदेखमा निकै आनन्द-पूर्वक बित्यो ।

प्रतापकी दिदीको नाम लक्ष्मी थियो । बहिनीको नाम माधवी । लक्ष्मीको विवाह त पहिले नै भइसकेको थियो र माधवीको विवाह पनि पछि भयो । अन्तमा प्रतापको पनि विवाह भयो । यसै बीच घरका सबै जिम्मेवारी आइपऱ्यो र सबै काम आफै गर्न थाले । प्रतापको एउटा छोरो पनि भयो । यसै बीचमा उनका पिताको देहान्त भयो ।

पिताको मृत्यु द्वारा यद्यपि उनको शिरको छाता नै हटचो, परन्तु उनको विलक्षण विषय-विरक्ति तथा भक्तिनिष्ठाले उनलाई दुःखी हुन दिएन, उनले सोचे–

'संसारमा स्थिर के छ ? जो जन्मन्छ, उसको मृत्यु अवश्यम्भावी छ। संसारमा सबै संयोग-वियोग साथै लिएर आउँछन् । आत्मा अमर छ, कहिल्यै मर्दैन । अनित्य तथा क्षणभङ्गुर शरीर स्थायी हुँदैन । फेरि चिन्ता कुन कुराको ! पिताजी भगवान्‌का भक्त हुनहुन्थ्यो । भगवान्‌को नाम जप्तै-जप्तै (पिताजीले) मानौं अङ्गबाट सुकेको फूलका माला झिकी फालेको हो कि जस्तो गरी सजिलैसित आफ्नो अनित्य शरीर छाड्दिनुभयो उहाँलाई कुनै कष्ट नै भएन । **मर्दा कष्ट त तिनलाई हुन्छ जसको मन भोगहरूमा फसेको हुन्छ, जो भगवान्‌को दयापूर्ण विधानमा विश्वास राख्तैनन्, जो शरीरलाई नै आत्मा मान्दछन्।** पिताजी त भगवान्‌का अत्यन्त विश्वासी भक्त हुनहुन्थ्यो तथा आत्मनिष्ठ हुनुहुन्थ्यो, उहाँलाई मरणको दुःख किन हुन्थ्यो ? उहाँ भगवान्‌को धाममा पाल्नुभयो । यसबाट उहाँलाई ठूलो आनन्द प्राप्त भयो होला । उहाँको यस आनन्दबाट स्वार्थवश द्वेष गरेर म किन आफ्नो नीचता प्रकट गरूँ ?'

यस प्रकारका विचारहरूद्वारा प्रताप रायले पितृवियोगको महान् दुःखलाई सजिलैसित सहन गरे। अब घर-परिवारको सबै भार उनमा नै आयो । उनी घरका सबै काम गर्दथे । तर जसरी भोगासक्त विषयी मानिसको चित्त सधैं निष्कपट भावले विषयमा नै लागिरहन्छ, त्यस्तै उनको चित्त निरन्तर श्रीभगवान्‌को स्वरूप-चिन्तनमा लागि-रहन्थ्यो । यिनी चम्पाका बगैंचामा चञ्चरीकजस्तै निर्लिप्त भावले सबै काम गर्थे । केही समयपछि आमाको पनि देहान्त भयो । दिन-रात आमाको सेवामा लागिरहने प्रताप रायले मङ्गलमय भगवान्‌को विधान मानेर मातृवियोगजन्य कष्टलाई सहे । अब उनको जीवनमा सधैं नयाँ-नयाँ कष्ट आउन लागे । मानो भगवान् उनको विशुद्ध भक्तिको निकै कडा परीक्षा लिइरहेछन् । सुन पोलिंदा झन्-झन् निक्खरा हुँदै गएजस्तै कष्टहरूले तातेर उनको भक्तिरूपी सुन झन्-झन् बढी निर्मल हुन थाल्यो ।

केही वर्षपछि प्रताप रायको एकमात्र छोराको बाह्र वर्षको उमेरमा नै देहान्त हुन गयो । छोराको मृत्युको समयमा प्रताप र उनकी धर्मपत्नीले जुन धैर्य, भगवन्निष्ठा तथा कर्तव्यपरायणताको परिचय दिए त्यो सर्वथा स्तुत्य छ । उनका छोरालाई सन्निपातको ज्वर आएको थियो । माता-पिताले सकेसम्म उपचार गराए र राम्ररी सेवा पनि गरे । दुवै पति-पत्नी छोराकै खाटनजीकै बसेका थिए । उनीहरू

दिन-रात भगवन्नाम र भगवान्का लीला सुनाउँथे । विरामीका मनमा संसारको असारता र भगवान्को नै एकमात्र नित्य सत्ताको अनुभव गराउने चेष्टा गर्दथे । दिन-रातको हरिचर्चाबाट मरणासन्न बालकको चित्त जगत्बाट हट्यो र ऊ भगवान्मा नै तन्मय भयो । यसै वेला उसले शरीरलाई छाड्यो । यही नै वास्तविक आत्मीयता र सच्चा सेवा हो । एउटै छोरो थियो, परन्तु भगवद्विश्वासी माता-पिताले परस्पर विचार गरेर यो निश्चित गरे– 'यो सब भगवान्को नै लीला हो, भगवान्ले नै यसलाई दिएथे, उसद्वारा आफ्नो सेवा गराउनका लागि लिनुभयो, जबतक उहाँको इच्छा रह्यो, उसद्वारा सेवा गर्ने सौभाग्य उहाँले हामीलाई दिनुभयो । अब उहाँ हामीलाई अर्कै सेवामा नियुक्त गर्न चाहनुहुन्छ, यसमा चिन्ताको के कुरा छ ? संसार त उहाँको लीलास्थली हो । मृत्यु नै के चीज हो, यो त जीवन-नाटकको एक प्राकृतिक पदार्थ हो जो नहुँदा नाटकको शोभा नै हुँदैन, आत्मा मर्दैन, शरीर रहँदैन, मिल्नु, छुट्टिनु सम्बन्ध हुनु र टुट्नु यो सबै यस खेलका अङ्ग हुन् । फेरि रुनु किन ? यस्तो निश्चय गरेर ती दुवै प्रसन्नतापूर्वक भगवान्को भजन गर्न लागे । मानिसहरू उनीहरूको यस स्थितिलाई देखेर चकित रहन थाले ।

केही समयपछि उनकी बहिनीका पति रोगशय्यामा परे । दिदीलाई यो विश्वास थियो– 'मेरो भाइ प्रताप राय ठूलो भक्त छ, उसले भगवान्सँग प्रार्थना गरि-दिए त उनकी बहिनीका पतिको मृत्यु हुनेछैन । लक्ष्मीले भाइलाई यसको लागि अनुरोध गरिन् । प्रताप राय निष्काम भक्त थिए । उनी जान्दथे भगवान्को भक्तिको बदलामा केही चाहनु भक्तिलाई बेच्नु हो । जो व्यक्ति भक्तिका बदलामा, धन, पुत्र, मान, यश, जीवन आदि माग्दछ, त्यो वस्तुतः भगवान्को तथा उनको भक्तिको महत्त्वलाई बुझ्दैन । यस्तो भक्ति उच्च कोटीको हुँदैन । यो त ती विषयको भक्ति हो, किनभने उसले तिनको दर्जा भगवान्को भन्दा पनि माथि मानिराखेको छ । उनी यो पनि जान्दथे– शरीर नश्वर छ, र यहाँका सबै सम्बन्ध आरोपित छन् । यी आरोपित सम्बन्ध भएको आफ्नो तथा आत्मीयका शरीरको लागि भगवान्सँग प्रार्थना गर्नु अज्ञता मात्र हो । परन्तु उनी दिदीको अनुरोधलाई पन्छाउन सक्तैनथे । उनले भने– 'राम्रो कुरा हो, म भोलि भगवान्सँग प्रार्थना गरुँला ।'

प्रताप रायको यस कुराले लक्ष्मीलाई निकै आश्वासन मिल्यो । रातको लगभग तेस्रो प्रहर थियो । प्रताप रायलाई तन्द्राजस्तो लाग्यो । उनले देखे– कोठा ज्योतिले

जगमग भयो । भगवान्‌का दिव्य शरीरधारी चार पार्षद अत्यन्त सुन्दर विमान लिएर खडा छन् र मुस्कुराउँदै भनिरहेछन्– 'वत्स ! तिमी ज्यादै पुण्यशील र भगवद्भक्त छौ । पूर्वजन्ममा नै तिमी भगवान्‌का दिव्य धाममा पुग्ने थियौ, परन्तु तिम्री स्त्री माधवीका साथ तिमी वचनबद्ध थियौ, त्यसकारण एक जन्म तिमीले फेरि लिनुपरेको हो । माधवी पनि परम पतिव्रता छन् । तिमीले देहत्याग गरिसकेपछि उनी पनि सती भएर तिम्रो नै साथमा भगवान्‌को परम धाममा पुग्नेछन् । परन्तु अहिले प्रताप राय यस विधानलाई वदल्न चाहन्छन् । तिम्रो जीवनका लागि भगवान्‌सँग प्रार्थना गर्नेवाला छन्, यदि उनले भगवान्‌सँग तिम्रो जीवन मागे भने भगवान् उनको प्रार्थना सुन्नेछन्, र तिम्रो दिव्यधाम गमन रोकिनेछ । हामी तिमीलाई लिन आएका छौं । परन्तु प्रताप रायको चित्तवृत्ति देखेर रोकिई खडा छौं । भन, भन तिमी के चाहन्छौ ?'

वल्लभको आत्माले भन्यो– 'भगवान् ! मलाई अहिले नै लिएर जानुहोस्, अनन्तकालको साधना आज पूरा हुन लागिरहेछ । यसमा छिनभर पनि विलम्ब किन गर्ने ? प्रताप राय ठूला भक्त छन्, उनी भगवान्‌को मङ्गलमय विधानका विरुद्ध आफ्नो इच्छा किन प्रकट गर्छन् ? तपाईहरू चाँडो गर्नोस्, अब म छिनभर पनि शरीरको बन्धनमा रहन चाहन्नँ ।' यत्तिकैमा प्रताप रायका आँखा खुले । उनले वल्लभका अनुहारतर्फ हेरे । वलल्भ चेतनाहीन थिए । परन्तु उनका अनुहारमा तेज थियो । ओठमा हाँसो नाचिरहेथ्यो । नजीकमा बसेकी माधवीलाई तन्द्रा आएको थियो । ऊ आत्तिदै ब्यूँझी । उसले एकपटक वल्लभको मुखतर्फ हेरी र प्रताप रायसँग भनी– 'दाइ ! मैले एक बडो विचित्रको सपना देखें । भगवान्‌का पार्षद पतिदेवलाई लिन आएका छन् मलाई उनीहरूले वैकुण्ठधामको परम दिव्य आनन्द देखाए र भने– तिमी पनि साथ हिंड परन्तु तिम्रा दाज्यू यसमा बाधक भइरहेछन्, उनलाई सम्झाऊ'– यति भनेर उनी फेरि चेतनाहीन भइन् । थोरै बेरमा फेरि जागेर भनिन्– 'दाइ ! मेरा स्वामी र म मर्दैनौं । हामी त दिव्य आनन्दधामको यात्रा गरिरहेछौं । दाइ ! तपाईं यसमा किन बाधा दिनुहुन्छ ? हाम्रो सुखमा त तपाईंलाई पनि सुखै हुनुपर्छ ।'

माधवीले सपनाको सारा खबर सुनाई, साराका सारा सपना उही थियो जो प्रताप रायले देखेथे । एक कुरा विशेष थियो । माधवीले सपनामा वैकुण्ठधामको यात्रा गरेर त्यहाँको अपूर्व सुख-शोभा पनि देखेर आएकी थिइन् । प्रताप राय चकित भए । उनले मनैमन भने– अहो ! म भगवान्‌को विधानको विपरीत आफ्नो इच्छा प्रकट

गरेर कस्तो मूर्खता गरिरहेथें । **उहाँ निरन्तर हाम्रो परम मङ्गल गर्नमा लागिरहनुहुन्छ । हामी अदूरदर्शी मानिस विषयासक्तिले गर्दा आफ्नो परम मङ्गल देख्तैनौं र गुहुका कीरा झैं विषयरूपी नरकमा नै परिरहन चाहन्छौं ।** अन्तर्यामी सर्व-कल्याणकामी भगवान्सँग कुन कल्याणका लागि प्रार्थना गर्ने ? उहाँसँग केही माग्नु आफूले आफैलाई ठग्नु हो । उहाँले कस्तो कल्याण सोच्नुभएको छ, हामीलाई थाहा छैन । यदि हामी केही पनि माग्छौं भने त्यहाँसम्म हाम्रो बुद्धिको पहुँच हुँदैन । अज्ञानी रोगीले कुपथ्य चाहेझैं भ्रमवश हामी कुनै यस्तो चीजको इच्छा गर्छौं जो भगवान्ले सोचेको कल्याणभन्दा निकै तल्लो तहको हुन्छ । कहीं-कहीं त त्यसभन्दा सर्वथा विपरीत वस्तु नै माग्छौं । भगवान् दयालु हुनहुन्छ । **उहाँ भजनको बदलामा कुनै यस्तो वस्तु दिनहुन्न, जसले हाम्रो अकल्याण गरोस्** । तर हाम्रो परम कल्याणचाहिं यसबाट रोकिन्छ । यसकारण भगवान्सँग केही माग्नु अज्ञता बाहेक अरू केही होइन ।

बस, यसै वेला वल्लभले एकपटक आँखा खोले, र सबैले देख्ता-देख्तै उनको ब्रह्माण्ड फुट्यो । त्यसको साथसाथ मुखबाट ॐको उच्चारण भयो र प्राण निक्लियो । माधवी पतिका साथ सती गइन् । बहिनी र ज्वाइँको यस प्रकारको मृत्यु देखेर प्रताप रायलाई निकै खुशी लाग्यो ।

पहिले भनिसकिएको छ– प्रताप रायकहाँ महाजनीको काम पनि हुन्थ्यो । उनको यो काम पनि एक प्रकारले लोकसेवाकै साधन थियो । वरपरका गाउँमा कसैलाई रुपैयाँको जरूरत परेमा आफ्नो कुनै चीज लिएर यिनीछेउ आउँथे । यिनका साथ रुपैयाँ भएमा उनीहरू जति माग्थे दिन्थे । एक कोठा थियो, त्यहाँ फलामको एक सेफ थियो । त्यसमा आफ्नै हातले आफ्नो चीज राख्तै पैसा लिएर उनीहरू जान्थे । जब रुपैयाँ फिर्ता गर्नुपर्थ्यो आएर आफ्नो चीज लिन्थे र व्याजसहित रूपियाँ दिन्थे । प्रताप राय यस कुरामा खूब विचार राख्थे– व्याजका नाउँमा कसैको बढी रकम त असूल भएन ? व्याज बढी आएको भए फिर्ता दिन्थे । ज्यादै कम व्याज लिन्थे, लोकलाई उनको यस्तो व्यवहारले निकै सुविधा थियो । उनलाई पनि कुनै झन्झट थिएन । केवल खातामा रुपैयाँ र नाम लेखिराख्नुपर्थ्यो । सबै काम विश्वास र ईमानदारीमा चल्थ्यो । प्रताप रायका बाजेकै पालादेखि यस्तो काम चल्दै आएको थियो ।

भवितव्यको कुरा हो । कुनै व्यक्तिका मनमा बेईमानी पैदा भयो । प्रताप रायसँग अकारण डाह राख्नेहरूले उसलाई साथ दिए । उनीहरूले षड्यन्त्र गरेर उनको

विश्वास र सत्यप्रियताबाट अनुचित लाभ उठाएर उनलाई अपमानित गर्न चाहे । चार षड्यन्त्रकारीहरूले समय-समयमा अलग-अलग आएर यिनीसँग रुपैयाँ उधारो लिए । रुपैयाँ लिएपछि एक-एक डिब्बा राखे । तीन व्यक्तिले तीन थैला राखे । डिब्बावालाले भन्यो– 'यसमा मूल्यवान् गहनाहरू छन् ।' थैलावालाले भने– 'यिनमा सुन-चाँदी छ ।' प्रताप रायले सधैं झैं भने– जेसुकै भए पनि राख्नुहोस्, पछि रुपैयाँ बुझाउन आउँदा आ-आफ्नो चिनेर लानू ।' ती चार व्यक्ति सेफमा डिब्बा र थैला राखेर गए । केही दिनपछि डिब्बा राख्नेले आएर रुपैयाँ दिएर भन्यो– यी रुपैयाँ र ब्याज लिनुहोस्, म आफ्नो गहनाको डिब्बा लान्छु ।

प्रताप रायले रुपैयाँ बुझेर लिए र भने– 'लैजाऊ' । उसले डिब्बा झिकेर प्रताप रायको अगाडि आएर खोल्यो र भन्यो– 'गजब भयो । मैले त तिमीलाई भलाद्मी र ईमानदार ठानेको थिएँ, तर तिमी त बेईमान र नीच रहेछौ । गहना निकालेर त्यसको सट्टा कङ्कड भरिदिएछौ । वाह ! यसैले भगवान्का भक्त बनेर घुम्छौ ? सत्यको मूर्ति बनेर हिंड्छौ ? पाखण्डी ! ल्याऊ, मेरा गहना देऊ, होइन भने यस नीच कर्मको फल पाउनेछौ ।'

प्रताप रायले उसको कुरा सुनेर शान्ति र नम्रतापूर्वक भने– 'भाइ ! मैले तिम्रो डिब्बा त छोएको पनि छैन, तिमीले जस्तो राखेथ्यौ त्यस्तै छ ।' उसले भन्यो– 'तब त मैले नै कङ्कड भरेर राखी गएको रहेछु । तिमी त राजा हरिश्चन्द्र न ठहऱ्यौ । ओ भलाद्मी ! अब तिम्रो पोल खुल्यो । पापको घडा आखिर फुटिहाल्छ । भैगो, अब पनि सुरुक्क मेरा गहना ल्याएर दिन्छौ भने बच्न सक्छौ ।' प्रताप रायले लिएकै थिएनन्, गहना कहाँबाट ल्याएर दिने ? यता ऊ जानाजानी बदमाशी गर्न उत्रेको थियो, सम्झाउँदैमा किन मान्थ्यो । ब्यूँझेकालाई को कसरी ब्यूँझाओस् ! उसलाई त कुरा चर्काउनु थियो नै, मनपरी बोल्दै गयो । प्रताप राय शिर झुकाएर चुपचाप सबै सुनिरहेका थिए । यत्तिकैमा थैला राखेर जाने तीन व्यक्ति आए । तिनीहरूले पनि रुपैयाँ दिएर आ-आफ्नो थैला निकाले । थैलामा सुन-चाँदी त थिएन नैं, ती थैलामा पनि ढुङ्गा र कङ्कड भरिएका थिए । अब त एकबाट चार भए । उनीहरूका गाली-गलौज प्रताप रायउपर खनिन थाले । षड्यन्त्रकारीहरूले गरेको व्यवस्था अनुसार अरू आठ-दश व्यक्तिहरू अरू आए र झूट बोल्न लागे – यसले पहिले-पहिले पनि अनेक व्यक्तिलाई यसै गरी धोका दिएको छ । गाउँका सैकडौं मानिसहरू भेला भए । अब प्रताप रायलाई मान्ने कसले ?

त्यस समय बङ्गालमा मुसलमानहरूको राज्य थियो । काजीसमक्ष उजूर पुग्यो । उसलाई कुनै प्रलोभन देखाइयो । न्यायको नाटक रचियो । प्रताप रायलाई जेलको सजाय भयो र उनका घर, खेत, जमीन सब जफत भए । काजी तथा षड्यन्त्र-कारीहरूले त्यो सम्पत्ति आपसमा बाँडेर लिए । प्रताप रायकी पत्नीलाई हात पक्रेर बाहिर निकालिदिए । यस प्रसङ्गमा प्रताप रायलाई आफ्ना र पराया सबैबाट अप-मानित हुनुपऱ्यो । उनी सबैका दृष्टिमा चोर र बेईमान सिद्ध भए । विपत्तिले सीमा नाघ्यो । साधारण व्यक्ति भए यस्तो स्थितिमा भगवान्को भजन छाडिदिन्थ्यो, र गाली गर्दै भन्ने थियो– 'मैले जीवनभर भजन गरें, यदि कतै कुनै भगवान् भए यस्तो अन्याय हुन सक्छ ? त्यसमा पनि मजस्तो भजन गर्नेलाई भगवान्ले बचाउँदैनन् ? द्रौपदी र गजेन्द्रका सबै कुरा झूटा हुन् । यी सब भ्रम हुन् । भगवान् केही पनि होइनन् । तर प्रताप राय त निकै उच्च भक्त थिए ।' **सूरदासकी काली कामरि चढत न दूजो रंग** कहावतअनुसार उनको स्वच्छ, निर्मल चित्ताकाशमा अलिकति पनि विकारको बादल पैदा भएन । उनमा शान्ति जस्ताको तस्तो बनिरह्यो र उनी सदा जस्तै सधैं भगवन्नामको चिन्तन गर्दै रहे । उनको यो अवस्था देखेर कोही भन्थे– 'बडो पक्का चोर हो, हेरन यसको चेहरामा अलिकति पनि उदासपन छैन ।' कोही भन्थे– 'दम्भको मूर्ति हो । अब पनि महात्माकै जस्तो अनुहार पारी बसेको छ । यति ठूलो पाखण्डी त हामीले आजै देख्यौं ।' कोही भन्थे– 'यो त घोर कलियुग हो' जति मुख त्यति कुरा । अनेक गाली र व्यङ्ग्यवाक्यको प्रहार भइरहेथ्यो । परन्तु प्रताप राय आफ्नो भूमिकामा अटल थिए । उनका मुखमा मुस्कुराहट थियो र अपार शान्ति पनि थियो ।

जेल जाने वेलामा उनले आफ्नी स्त्रीसँग भने– 'मालती ! सावधान ! भगवान्को मङ्गलमय विधानमा अलिकति पनि मनमा खिन्नता नलेऊ, पत्तो छैन कुन वेला कुन रूपमा आउनुहुन्छ । तिमी भाइकहाँ गएर बस, भगवान्को विधानले दियो भने फेरि मिलन हुनेछ ।' उनको यो कुरा सुनेर मालतीका आँखाबाट आँसु टप्के । उनी माइतमा भाइकहाँ गइन् । प्रताप राय जेलको कालकोठरीमा बस्न थाले । उनको भजन तथा विश्वासमा अलिकति पनि कमी आएन ।

मालती घरबाट निक्लने वेलामा आफ्ना ठाकुरजीलाई र आफूलाई चाहिने शृङ्गारका साधनको बाकस पछ्यौराले ढाकेर आएकी थिइन् । यो कुरा लोकले थाहा पायो । यसवेला बालक बूढा सबै यिनका विरोधी थिए ।

जनताको मतको वास्तवमा कुनै मूल्य हुँदैन । जनमत त हावाका साथमा बदलिने हुन्छ । गाउँका जो व्यक्तिहरू एक दिन पहिले प्रताप रायलाई महान् र सत्यवादी ठान्दथे तिनै व्यक्ति आज उनलाई धूर्त र बेईमान भन्न थाले । जब आँखै बदलिन्छ, तब आफै-आफ सबै बदलिएको देखिन्छ । कसैले गएर काजीलाई उजूर दियो । काजी त न्यायकर्ता बनेर बसेकै थियो । झटपट मालतीलाई पक्रन पठायो । ठाकुरजीका गहनाहरू खोसेर लिए, अनि जफत भएको सम्पत्ति चोरेको अपराधमा मालतीलाई पनि झ्यालखानामा पठाइदियो । जेलको हाकिम भलाद्मी थियो । उसले मालतीलाई प्रताप रायका साथ नै राखिदियो । भगवान्को विधानले मालती जेलखाना पुग्नु मालती र प्रताप राय दुवैका लागि सुखकर घटना बन्यो । दुवै मिलेर एक चित्तसँग भगवान्को भजन गर्न लागे । प्रताप रायको भाव ज्यादै प्रशंसनीय थियो । एक दिन रातको समयमा प्रताप राय भगवान्को स्तुति गरिरहेथे, मालती पनि चूपचाप चित्तले उनको सुरमा सुर मिलाइरहेकी थिइन् । प्रताप रायले भने– 'भगवन् ! हजूरले ठूलो अनुग्रह गर्नुभयो । सम्पूर्ण झन्झटबाट छुटाएर हामी दुईका लागि जबरजस्ती एकान्तवासको सुविधा दिलाइदिनुभयो । हाम्रो त परम धन हजूरको भजन नै हो । यसै सुविधाले गर्दा यो परम धन हामीलाई विना-प्रयास मिलिरहेछ । हे नाथ ! यस्तो कृपा गर्नुहोस्, जसबाट प्रभुको भजनमा हाम्रो आसक्ति नटुटोस् र दिन-प्रतिदिन बढ्दै जाओस् । यहाँसम्म कि हजूरलाई प्राप्त गरि-सकेर पनि हजूरकै भजन गर्ने बानी बढ्दै जाओस् । हामीलाई अरू केही चाहिएको छैन । प्रभुको दर्शन भलै नपाऔं, तर भजन कहिल्यै नछुटोस् । हामी न प्रभुको दर्शनको लागि योग्य छौं, न प्रभुको दर्शनका लागि हाम्रो अधिकार नै छ, न त हामीलाई प्रभुको इच्छा विना प्रभुको दर्शन गर्ने उत्कण्ठा नै छ । हामी त हे दयामय ! केवल प्रभुको भजन मात्र चाहन्छौं । हजूर दर्शन दिनुहोस् ! तर भजनचाहिं गर्न पाइँदैन भन्नुहुन्छ भने त्यस्तो दर्शन हामीलाई चाहिंदैन । हामीलाई कृपा गर्नुहोस् प्रभो !'

निष्काम भक्तको वाणी सुनेर र उनको हृदयको भाव बुझेर भगवान् निकै प्रसन्न हुनुभयो । जेलको कालकोठरी पनि धन्य हुन गयो । भगवान् उहीं प्रकट हुनुभयो । हजारौं सूर्यको प्रकाश समान त्यहाँ प्रकाश फैलियो । मुरली-मनोहर भगवान् श्रीकृष्णले प्रकट भएर भक्त दम्पतीलाई गौरवान्वित पार्नुभयो । भगवान्को मनोहर स्वरूपको दर्शन गरेर प्रताप राय र मालतीले जगत्का र आफ्ना सारा कुरा बिर्से । उनका आँखा भ्रमर बनेर भगवान्को मुखकमल-मकरन्द अतृप्त भएर पान गर्न लागे । शरीर

आनन्दातिरेकले रोमाञ्चित भयो। आँखाबाट प्रेमका आँसु झर्न थाले। बोली रोकियो। उनीहरू दुवै भगवान्‌का पाउमा परे र कोमल चरणारविन्दको स्पर्श पाएर धन्य बने। भगवान्‌ले भन्नुभयो– 'बाबु प्रताप ! नानी मालती ! म तिमीहरूको निष्ठा देखेर ज्यादै प्रसन्न छु। जो व्यक्ति सांसारिक सुख र आरामका बदलामा मेरो भजन बेच्छन्, ती बहुतै कच्चा हुन्। तिम्रो निकै कठिन परीक्षा भयो। तिमीमा ठूला-ठूला सङ्कट आए। परन्तु तिमी कहिल्यै विचलित भएनौ। कुनै पनि सङ्कट तरोस् भनेर तिमीले प्रार्थना गरेनौ। कुरा यो थियो– म तिमीलाई विशेष रूपले आफ्नो पार्न चाहन्थें। मैले यसबाट **तिम्रा पुराना कर्महरूका बचे-खुचेका फल आत्मीयहरूसँग वियोग, अपमान कलङ्क र कारावासका रूपमा भोगाएर तिमीलाई कर्ममुक्त गरिदिएको छु।** अब तिमी सबै प्रकारले ममा प्रवेश गर्न योग्य भइसकेका छौ। तिमीजस्तै यस्तो निष्ठावान् भक्त मलाई ज्यादै प्यारो लाग्छ। मेरो दर्शन ज्यादै दुर्लभ छ। कुनै साधनाविशेषद्वारा यो हुँदैन। जो व्यक्ति मेरो दर्शनको लागि अत्यन्त व्याकुल हुन्छन्, जसको एक-एक पल एक युग झैं भएर बित्छ, मेरो दर्शन तिनै प्रेमी भक्तको लागि हुन्छ। म तीभन्दा पनि पहिले दर्शन तिनीहरूलाई दिन्छु, जो दर्शनको वास्ता वा चिन्ता गर्दैनन्। केवल अहैतुक प्रेमबाट निरन्तर मेरो अनन्य भावले भजन गर्दछन्। मेरो भजनको प्रतापबाट उनीहरूलाई संसारको कुनै पनि परिस्थितिले प्रभावित पार्न सक्दैन। तिमी मेरा यस्तै भक्तमध्येका हौ। यसकारण मेरा ज्यादै प्यारा छौ। मालती पनि तिमीलाई पति-रूपले प्राप्त गरेर धन्य भएकी छन्। अब तिम्रो जे इच्छा छ सो माँग।'

प्रताप रायले भने– 'हाम्रो सबै इच्छा पूरा भए। अब जे गर्दा प्रभुको भजनमा हाम्रो अझै बढी आसक्ति हुन जान्छ, त्यही दिनोस्। भगवान् **तथाऽस्तु** भनेर मुस्कुराउँदै तुरुन्त अन्तर्धान हुनुभयो। प्रताप रायको अनन्त जन्मको साधना भगवत्कृपाले आज पूरा भयो।

यता केही दिनमा चार षड्यन्त्रकारी र काजीका शरीर कुष्ठरोगले कुहिन लागे। कुष्ठरोगले गर्दा उनीहरूको दयनीय अवस्था भयो। काजीकी पत्नी निकै समझदार थिई। उसले पहिले नै निरपराध प्रताप रायलाई सताउने र उनको घरद्वार लुटेर मालतीलाई अनाथिनी बनाउने कुराको विरोध गरेकी थिई। एकदिन मौका पाएर उसले पतिसँग भनी– 'हेर्नोस् ! हजूरको यो रोग मेरो विचारमा भगवान्‌का भक्त प्रताप रायलाई दुःख दिनाको फल हो। हजूर यदि मेरा कुरा मान्नुहुन्छ भने

उनलाई जेलबाट मुक्त गरिदिनोस् र उनीसँग क्षमा माग्नोस् ।' काजीलाई पत्नीको कुरा ठीक लाग्यो । उसले मालती र प्रताप राय दुवैलाई छाडिदियो । यता चार दुष्टहरूले पनि आफ्नो भूल महसूस गरे । काजीका साथ ती चारजना पनि आएर प्रताप रायका पाउमा परेर आफ्नो अपराध स्वीकार गर्दै क्षमा प्रार्थना गरे । उनीहरूले भने– 'हजूर सर्वथा निर्दोष हुनहुन्छ, हामी नीच हौं, किनभने स्वार्थले गर्दा हजूरमा झूटो कलङ्क लगायौं र हजूरलाई जेल पठायौं । हजूर हामीलाई क्षमा गरेर भगवान्सँग प्रार्थना गर्नोस् र हामी यो अत्यन्त दुष्ट रोगबाट छुट्न पाऔं ।'

प्रताप रायले भने– 'भाइहो ! **तिमीहरूको यसमा कुनै दोष छैन । तिमीहरू त निमित्त मात्र हौ । यी सब हामीले गरेका कर्मका फल हुन् । परन्तु यसबाट हामीलाई ठूलो फाइदा भयो । हाम्रो अनन्त जन्मको तपस्या पूरा भयो । हामी तिमीहरूको यस उपकारका लागि अत्यन्त कृतज्ञ छौं ।**' यति भनेर उनले भगवान्सँग प्रार्थना गर्दै भने– 'भगवन् ! यी पाँचका भूलवश गरिएका अपराधमा क्षमा गर्नोस् । यिनले निकै दण्ड भोगिसके । फेरि हाम्रो त यिनले उपकारै गरे । प्रभुले कृपापूर्वक यिनीहरूलाई रोगमुक्त नगरिदिनुभए हामीलाई ठूलो दुःख हुनेछ । हे प्रभु ! हामी हजूरकै शरणमा छौं, रक्षा गर्नोस्, रक्षा गर्नोस् ।' यति भन्दा-भन्दै अचानक ती पाँचै जनाको शरीर कञ्चन हुन गयो । उनीहरू प्रताप रायका चरणमा परे । अब त गाउँका सबै मानिसहरू, तिनै व्यक्तिहरू ज-जसले झूटो आरोप लगाउँदै प्रताप रायमाथि कलङ्क लगाउन सहायता गरेका थिए, उनीहरू नै आएर प्रताप राय र मालतीको चरण छोएर वारंवार क्षमा माग्न थाले । काजीले उनको जफत भएको सम्पत्ति फर्काइदिए । प्रताप रायले सबै सम्पत्ति गरीबहरूलाई बाँदिडिए र दुवै दम्पती वृन्दावन गए । बाँकी दिन भगवद्भजनमा बिताए र अन्तमा भगवान्मा लीन भए । भक्त र भगवान्को जय !

भक्त गिरवर– नर्मदाको पुण्यतटमा एक सानो गाउँमा गिरवर नामक एक सदाचारी राजपूत रहन्थे । घरमा बूढा बाबु र आमा थिए । गौरी नामकी पतिव्रता पत्नी थिइन् र एक सानो छोरा थियो । छोराको नाम थियो ऊदा । क्षत्रियको वर्णधर्मानुसार आजीविकाको वेला थिएन । यसैले गिरवरको गृहस्थीको आधार खेती नै थियो । भगवान्को कृपाले प्रत्येक वर्ष यति अन्न पैदा हुन्थ्यो लगान आदि तिरी वर्षदिनसम्म त्यसैबाट जीवन-निर्वाह हुन्थ्यो । अन्न अन्न त किन्नैपर्दैनथ्यो, लत्ता-कपडाको आवश्यकता-पूर्ति पनि खेतीकै अन्नबाट मजैसँग हुन्थ्यो ।

गिरवर र गौरी मन लगाएर बूढा आमा-बाबुको सेवा गर्दथे । **माता-पितालाई मन नपर्ने कुनै काम आफूबाट कहिल्यै हुन नपाओस्** भन्ने चिन्ता उनीहरूलाई सधैं लागिरहन्थ्यो । छोरा र बुहारीले गरेको सेवाबाट असाध्य आनन्दित रहेका माता-पिता पनि उनीहरूसँग मिलेर बसेका थिए । **उनीहरू छोरा-बुहारीहरू सुखी रहून् र उनीहरूलाई कष्ट हुने खालको कुनै पनि रुचि आफूमा नआओस् भन्ने चाहन्थे ।** उनीहरू सधैं हृदयैदेखि आशीर्वाद दिइरहन्थे । **सासु-ससुराको सेवा भ्याएर पनि गौरीको हातबाट लोग्नेको टहलमा सानुभन्दा सानु गल्ती पनि हुन पाउँदैनथ्यो । उसको जीवन नै सेवामय थियो । उसलाई सेवा-शुश्रूषा चाख थियो । सासु-ससुरा र पतिको रुचिअनुसारको सुसार आफूबाट पुगिरहोस् भनी उनी सधै सोचिरहन्थिन् । सासु, ससुरा र लोग्नेको पनि गौरीमाथि माया र प्रेम थियो । उनीहरू पनि उसलाई सदा सुखी रहेकी हेर्न चाहन्थे ।** सानु बच्चा ऊदा पनि आमा-बाबुको आज्ञाकारी थियो ।

सबभन्दा ठूलो कुरा थियो– घरमा भएभरका सबै भगवान्का भक्त थिए । सबै मिलेर हरेक दिन भगवान्को पूजा गर्दथे र भगवान्को मूर्तिको सामुन्ने कीर्तन गर्दथे । गिरवर धेरै पढे-लेखेका थिएनन्, तर **विद्याको सबभन्दा ठूलो फल भगवान्-माथिको विश्वास हो** र त्यो उनलाई प्राप्त थियो । **भगवान् चाहे जेसुकै गरून्, सब कल्याणै गर्दछन्** भन्ने उनको अटल विश्वास थियो । उनको त्यो विश्वास यथार्थ अवश्य हो, तर त्यसलाई बढी प्रत्यक्ष बनाएर भगवान् सबलाई देखाउन चाहनुहुन्थ्यो । **भगवान् चाहे जेसुकै गरून्, सब कल्याणै गर्दछन्** भन्ने गिरवरको भनाइ सुन्ने कोही गाउँलेहरू अगाडि न सही, पछाडि त कुरा काट्थे नै– घरमा पूरा सुख छ, खानलाई अन्न छ, अनुकूल स्वास्नी छ, छोरो छ, र बाबु-आमाहरूछँदैछन्; तब त्यसो भन्दाहुँदी पनि के बिग्रन्छ र ! दुःख परेको वेलामा पनि यस्तै भनून् त ! तब मात्र मान्न सकिन्छ– गिरवर साँच्चै यस्तो मान्दो रहेछ । गिरवरले कर्मको फल भोग्ने समय आयो । उनको गौरव-लाई विशेष बढाउने इच्छा भगवान्को रहेछ । घटनाक्रम बदलियो । उनका आमा-बाबुको देहान्त भयो । यसबाट उनी धेरै दुःखित भए । आमा-बाबुबाट कुनै खास सहायता मिल्दथ्यो र त्यो छुट्यो भनेर उनी दुःखित भएका होइनन्, अपितु ठूलो पुण्यबाट मात्र पाइने आमा-बाबुको सेवा गर्ने सुअवसर छुट्यो भनी उनी दुःखी भएका थिए । जीवित छँदै आमा-बाबुको सेवा नगर्ने र उनीहरूको हेला गर्ने मानिसहरू पछि पछुताउँछन्, तर जिन्दगीमा त्यो गर्ने अवसर पछि कहिल्यै फेरि आउँदैन ।

गिरवरलाई त्यस कुराबाट साह्रै दुःख लाग्यो, तर उनको **भगवान् चाहे जेसुकै गरून् त्यसबाट कल्याणै हुन्छ** भन्ने मान्यतामा कुनै फरक परेन । तर त्यसबाट के कल्याण हुन सक्ला भन्ने कुरा उनले बुझ्न सकेनन् । त्यसको केही दिनपछि आठ वर्षको ऊदा एकदिन आमासँग नर्मदामा नुहाउन गएको थियो । आमा लुगा फुकाल्न लागेकी थिइन् । पानीमा पस्नेबित्तिकै ऊदालाई गोहीले खुट्टा समातेर तानी लग्यो । बालक चिच्यायो– 'ओ भगवान् ! हे मालिक ! मलाई बचाऊ !' आमा रुन लागिन् र आफ्नू छोरालाई बचाइदेऊ भनेर ठूलठूलो स्वरले कराएर विलाप गर्न लागिन् । मानिसहरू दौडेर आए, तर उसलाई लिएर गोही त्यसवेला गायब भइसकेको थियो । गौरी रुँदै तथा छाती पिट्दै घर फर्किन् । त्यसवेला गिरवर भगवान्को पूजा गरिरहेका थिए । रुँदा-रुँदै गौरीले सबै खबर सुनाइन् । पूजा सिध्याएर गिरवर उठे । उनको मुखबाट अकस्मात् निस्क्यो– **भगवान् चाहे जेसुकै गरून् त्यसबाट कल्याणै हुन्छ ।** पुत्र-शोकपीडित गौरीलाई आफ्ना शब्दहरू शायद नराम्रा लागे होलान् भनी उनले सङ्कोच माने,तर कुरा त त्यही नै ठीक हो भन्ने आवाज भित्री आत्माबाट फेरि आयो– 'भगवान् अवश्य कल्याण नै गर्नुहुन्छ ।' उनले गौरीलाई भने– 'तिमी किन रुन्छ्यौ ? विचार गर, संसारमा को कसको हो ? यो त धर्मशाला हो । यात्रुहरू आउँदछन्, एक ठाउँमा बस्दछन्, नाना तरहका नाता जोड्दछन् र आ-आफ्नो समय आइपुगेपछि आ-आफ्नो बाटो तताउँछन् । संसारको यो नाता किमार्थ स्थायी होइन । आज जो छोरो बनेको छ, सम्भव छ, ऊ कहिल्यै बाबु बनेको होला र हुन सक्तछ, कहिले हाम्रो शत्रु पनि भएको होला । जीवहरू आ-आफ्नो कर्मको फल भोग्नका लागि तरह-तरहका जुनीहरूमा जन्म लिन्छन् र त्यो भोग टुङ्ग्याएर हिंडिदिन्छन् । यसमा दुःखमनाउ गर्नुपर्ने के कुरा छ ? त्यसैमा दुःख मानेर हुन्छ पो के ?

'याद गर त ! त्यस दिन जुन महात्मा आउनुभएको थियो, उहाँले के भन्नुभएको थियो ? उहाँले भन्नुभएको थियो– **यो घर भगवान्को फूलबारी हो र तिमि यसको सेवा र स्याहार गर्ने माली हो । घरमा जे-जति छ त्यो सब भगवान्को हो । आफ्नू कहिल्यै नसम्झनू ।** तब तिमी किन रोइरहन्छ्यौ ? के छोरो तिम्रो थियो ? ऊ त भगवान्को चीज थियो । माली बगैंचामा आँपको राम्रो बोट लगाउँदछ, त्यसको स्याहार गर्दछ, त्यसलाई ठूलो पार्दछ र त्यसको खूब सेवा गर्दछ । समय भएपछि त्यो फल्दछ । फलेका दानाहरूमा एउटा धेरै राम्रो र धेरै स्वादिष्ठ हुने देखिन्छ । 'यो

सबभन्दा बढिया आँप टिपेर आफ्नै हातले बगैंचाका स्वामीलाई बुझाएर आऊँ'– माली त्यसवेला त्यही त चाहन्छ– 'हुन त सब आँप स्वामीका नै हुन्; तर यो त म आफै दिएर आउँछु ।' 'मालीले कति मेहनत गरेर मन लगाएर त्यति राम्रो आँपको बोट लगाएको छ र त्यसमा फलेको सबभन्दा उम्दाभन्दा उम्दा आँप ल्याएर मलाई अर्पण गरेको छ' भनी मालिक खुशी हुनेछन् । प्यारी ! ऊदा मालिकको बगैंचाको सबभन्दा उत्तम फल थियो । ऊ त मालिकलाई चढाउन लायक नै थियो । उसलाई मालिकले मागेर लिनुभएको छ भने तिमीलाई यसमा दुःख किन लाग्छ ? तिमीले उसलाई यसैको लागि पालन-पोषण गरेको त हो । मालिकको चीज मालिकलाई अर्पित भयो । तिमी यसमा चित्त किन दुखाउँदछ्यौ ?

'आत्मा कहिल्यै मर्दैन भन्ने कुरा तिमीलाई अवश्य थाहा छ । त्यो त अजर-अमर छ । प्रकृतिबाट पैदा भएका पाँच भूतहरूबाट शरीर बनेको हुन्छ । यी पञ्चभूत कहिल्यै नष्ट हुँदैनन् । उनीहरूबाट जुन एउटा पुतली बनेको थियो त्यो फुट्यो । पञ्च-महाभूत– आकाश, वायु, अग्नि, जल र पृथ्वी आ-आफ्ना स्वरूपमा मिले । तब नष्ट के भयो ? वस्तु त नाश भएको छैन । त्यो यहाँ नभए अन्यत्र होला । हेर ! एउटै मालिकका कैयौं ठाउँहरूमा पसलहरू हुन्छन् । मालिकले एक ठाउँको पसलको रुपैयाँ अर्को ठाउँको पसलमा पठाए भने पहिलो ठाउँको पसलको म्यानेजरले त्यसमा चित्त किन दुखाउने ? उसले मालिकको सेवा गर्नु छ । रुपैयाँ त नष्ट भएको छैन । त्यो मालिकको पसलमा नै छ– यहाँ नभए त्यहाँ सही । विचार गर । ऊदाको आत्मा कतै नष्ट भएको छैन । त्यो कतै न कतै भगवान्को राज्यभित्र नै होला र होला भगवान्कै रेखदेखमा । तब तिमी उदास किन हुन्छ्यौ ?

'एउटा अर्को कुरा छ, सुन ! ऊदा त भगवान्को भक्त थियो । ऊ नित्य भगवान्को कीर्तन गर्दथ्यो । गोहीले पक्रेर लग्दा 'हे भगवन् ! हे मालिक ! मलाई बचाऊ' भनेर ऊ पुकार्दैथ्यो भनी तिमी भनिरहेकी छ्यौ । उसले आफ्नो जीवनमा एकाग्र भएर भगवान्का नामको कीर्तन गरेको थियो, फलस्वरूप मर्ने समयमा भगवान्को पुकारा गऱ्यो । त्यो ऊदा अवश्य भगवान्को धाममा नै पुगेको छ । प्रिये ! यस्तो छोराको लागि तिमी किन शोक मान्छ्यौ ? सच्ची आमा ती हुन् जो आफ्नू सन्तानलाई परम प्रसन्न पार्दछिन् । भगवान्को धाम त निश्चय नै नित्य आनन्दमय छ । ऊदा त्यहीं त गएको छ । तब तिमी दुःखी किन हुन्छ्यौ ? अनि को भन्न सक्तछ– ऊदा मरि

नै सक्यो ? सम्भवछ, ऊ बाँचेको होओस् र यसै जिन्दगीमा तिमीलाई उसले फेरि भेटोस् । भगवान्‌को लीला विचित्र छ । जुनसुकै दृष्टिकोणबाट विचार गरे पनि शोक मान्नुपर्ने कारण छैन । विश्वास गर– **भगवान् चाहे जेसुकै गरून्, त्यसबाट कल्याण नै हुन्छ** । शोक छाडेर भगवान्‌को कृपामा भर पर र उनको स्मरणमा मन लगाऊ ।'

लोग्नेले गरेका कुरा सुनेर गौरीको हृदय शान्त भयो । अनि उसले भनी– 'स्वामी ! तपाईंको भनाइ साँचो हो । म मोहवश रोइरहेकी थिएँ । अब मलाई विश्वास भइसकेको छ– **भगवान् चाहे जेसुकै गरून्, त्यसबाट कल्याण नै हुन्छ** । अहिले मेरो मन यही नै भन्दछ– ऊदा मरेको छैन र ऊ झन् बढी उज्ज्वल रूपमा मलाई एक न एक दिन जरूर भेट्ला ।'

'भेटियोस् वा नभेटियोस्, उसलाई भेट्ने चाहना र ऊ नभेटिएमा दुःख हामीले किन **गर्ने** ? भगवान् जस्तो चाहन्छन् त्यस्तो नै होला र त्यसैबाट हाम्रो मङ्गल हुन्छ । भगवान्‌को वस्तु हो, पाइयो भने उसको स्याहार-सुसार गरौंला, नभए भगवान् अर्को जे सेवा सुम्पनुहोला त्यही गरौंला । हाम्रो काम त सेवा गर्नु हो । जो मालिकको सेवा नगरी ठग्छ, त्यो नमकहराम हो र जो मालिकको सम्पत्तिलाई आफ्नू सम्झन्छ त्यो बेईमान हो । सावधानी र ईमानदारीपूर्वक हामी दुवैले स्वामीको सेवा गर्नु छ । हाम्रो लालसा सेवामा नै रहनुपर्दछ, सेवाको किसिम र क्षेत्र जस्तोसुकै किन नहोओस् ! त्यसको किसिम र क्षेत्रको छनौट मालिक नै गर्नुहुनेछ । हामीलाई त सेवाको लागि शक्ति र सुअवसर मिले पुग्यो ।' गिरवरले बडो गम्भीर भएर भने । 'स्वामी ! धन्य छ तपाईंको आस्था !'–यति बोलेर गौरी चूप भइन् ।

गिरवर घाटमा पुगे, उनले राम्रोसँग खोज-तलाश गरे, तर ऊदाको लाश कतै भेटिएन । अनि सबैले भने– 'उदालाई गोहीले खायो । अब भाइ ! शोक मान्न छाडेर भगवान्‌को भजन गर ।' गिरवरले मनभित्रै भने– **भगवान् सब कल्याण नै गर्दछन्** । उनी घर फर्के । माता-पिता त्यतिन्जेल बाँचेको भए उनीहरूलाई साह्रै कष्ट हुने थियो– किनकि उनीहरू ऊदालाई असाध्य माया गर्दथे भन्ने उनलाई विचार आयो । भगवान्‌ले उनीहरूलाई पहिले नै आफ्नो धाममा बोलाएर ठूलो कल्याण गर्नु भएको कुरा त्यसवेला उनको समझमा आयो ।

वृद्ध आमा-बाबु पहिले नै परलोक भइसकेका थिए । छोरा पनि गोहीको मुखमा पऱ्यो । त्यसपछि त गिरवर र गौरीको सेवाका पात्र एक भगवान् मात्र रहन गए । गिरवरले आफ्नो जग्गा अरूलाई अधियामा दिए र आफ्नो सारा समय भगवान्को भजनमा बिताउन थाले । अधियाबाट पनि बर्सेनि पर्याप्त अनाज आउँदथ्यो र त्यसबाट गिरवरको र गौरीको काम मजासँग चल्दथ्यो । उनाउ खर्च केही बाँकी रहेको थिएन । छोराको विवाहको चिन्ता थिएन केवल दुई प्राणीलाई खानसम्मको अन्नको आवश्यकता थियो । हो, भगवान्को सेवाको लागि जरूर केही न केही खर्च हुन्थ्यो, तर त्यो पनि जग्गाबाट आएको अन्नबाट सजिलैसँग टर्दथ्यो । गिरवर साँझ-बिहान दुवै समय तीन-तीन घण्टासम्म एकान्तमा बसेर भगवान्को ध्यान गर्दथे, दिउँसो पुराण सुन्दथे र लगातार **विष्णुसहस्रनाम**को पाठ गरिरहन्थे । सहस्रनाम उनलाई मुखाग्र थियो । गौरी प्रातःकालदेखि रातसम्म भगवान्को सेवामा व्यस्त रहन्थिन् । उनको सारा स्नेह प्रायः सबै ठाउँबाट समेटिएर एकमात्र भगवान्मा लागिसकेको थियो । घरमा कुनै विशेष काम बाँकी नै रहेको थिएन । पति-पत्नी दुवै एक छाक मात्र खान्थे । यसबाट दुवैलाई भजन गर्न प्रशस्त समय मिल्दथ्यो । त्यस किसिमले कैयौं वर्ष बिते । भजनको प्रेम र त्यसको साथसाथै आनन्द र शान्ति पनि उनीहरूमा दिनहुँ बढ्न थाल्यो । एकदिन गिरवरले गौरीलाई भने– 'हेर ! अब त तिमीलाई अनुभव भइ नै सक्यो कि **भगवान्ले चाहे जेसुकै गरून्, कल्याण नै गर्छन् ।** ऊदा भएको भए, के हामीहरू आफ्नो सारा ममता उसबाट हटाएर भगवान्को भजनमा यस किसिमले लगाउन सक्तथ्यौं ? ऊदालाई हामीहरूबाट हटाई भगवान्ले हामीहरूलाई आठौं प्रहर आफ्नो सेवामा लगाएर हामी-माथि ठूलो कृपा गर्नुभयो ।'

गौरीले भनिन्– 'कुरा ठीक हो । वास्तवमा भगवान्ले कृपा गर्नुभएको हो, तर मलाई बीच-बीचमा ऊदाको याद आइहाल्छ ।' गिरवरले भने– 'आमाको हृदय यस्तै हो । यो साधारण कुरा हो, तर तिमी समझदार छयौ । ऊदाको सम्झनाबाट अब केही फाइदा हुन्न । एकमात्र भगवान्मा नै तिमीले मन लगाउनुपर्छ ।' गौरीले जवाफ दिइन्– 'हवस्, अब अझै बढी कोशिश गर्नेछु । भगवान्को कृपा अपार नै छ । तैपनि मेरो यो बचे-खुचेको मोह किन मेटिन्न ?' यसप्रकार साधना गर्दा-गर्दा पति-पत्नी दुवैका तन, मन, धन र प्राण सबै भगवान्मा **श्रीमद्भगवद्गीता**को यस श्लोकअनुसार लागे–

मच्चित्ता मद्गतप्राणाः बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥(१०।९)

उनको चित्त भगवान्मा लाग्यो र उनका प्राण भगवान्लाई अर्पित भए । आपसमा कुराकानी गर्दा पनि उनीहरू भगवान्को प्रेमभावनाको मात्र चर्चा गर्दथे, भगवान्को मात्र कीर्तन गर्दथे, भगवद्भजनबाट मात्र सन्तुष्ट रहन्थे र केवल भगवान्-लाई मात्र माया गर्दथे ।

समय फेरि फेरियो । लगभग दश वर्षपछि देशमा फेरि अनिकाल पऱ्यो । जनावर सब मरे । सब मानिसहरू एक-एक दानाको लागि हुरुक्क हुन लागे । गिरवर र गौरीलाई भगवान्को पूजाआजा चलाइराख्न पनि धौ-धौ पर्न थाल्यो । घरमा जे थियो त्यो बेचेर उनीहरूले केही दिनसम्म हर्जा टारे, तर आखिर उनीहरूले घर नछाडी भएन । भगवान्को मूर्तिको पूजाको अभिभारा तथा पूजामा लाग्ने खर्चको लागि गौरीको सुनको नत्थ पुरोहितलाई सुम्पेर लोग्ने-स्वास्नी दुवै भगवान्को पवित्र नाम लिंदै गाउँबाट निस्के । रातमा दुवै एउटा रूखमनि पल्टे । भगवान्को लीला बडो विचित्र हुन्छ । उनी कुन वेला र कस्तो रूपमा कसरी कृपा गर्दछन् केही भन्न सकिन्न । एउटा विषालु सर्पले आएर गौरीको गोडामा डस्यो । उनी झस्किन् र पुकारा गर्न लागिन्– 'भगवान् ! तिमीले दया गऱ्यौ । सर्पको रूपमा मलाई छोइदियौ, म धन्य भएँ ।' गिरवर उठेर बसे । भयानक कालो विषालु सर्प गइरहेको देखे । गौरी विषले छटपटाइरहेकी थिइन्, तर उनको मुखबाट **हरे राम हरे राम राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे** ध्वनि निस्किरहेको थियो । गिरवरले पनि त्यसै ध्वनिमा आफ्नो ध्वनि मिलाए । विष बढ्नुको साथ-साथै गौरीको कीर्तनको स्वर केही मन्द हुन थाल्यो । अन्तिम साससम्म उनको मुखबाट भगवान्को नाम निस्क्यो । श्वास बन्द भयो । गौरीको मुखमा विचित्र तेज फैलिएको र उनी मुसुमुसु हाँसिरहेकीजस्ती गिरवरले जुनेली रातमा देखे । गिरवरको मुखबाट निस्क्यो– **'भगवान् चाहे जेसुकै गरून्, त्यसबाट कल्याण नै हुन्छ ।'** गौरीको नगीच बसेर उनी रातभर भगवान्को कीर्तन गरिरहे । उज्यालो भयो । सर्पले टोकेर मरेकोलाई पोल्नु हुँदैन भन्ने कुरा उनले सुनिराखेका थिए । त्यसैले गौरीको लाश काँधमा बोकी भगवान्को भजन गर्दै उनले नर्मदा नदीमा बगाइदिए । लाश बगेर गयो । गिरवरको आँखाबाट किन हो कुन्नि, दुई थोपा आँसु टप्के । तर उनले आफूलाई सह्याले । जब लाश देखिन छाड्यो, तब उनी अगाडि हिंडे । अब उनको

मन बिरबितले भरिभराउ भयो। भगवान्‌को लागि छटपटी शुरू भयो। केही दिन यस्तै किसिमले बित्तै गए। भगवान्‌को दर्शनको उत्कण्ठा बढ्दै गयो। साह्रै व्याकुल भएर एकदिन उनी एउटा रूखमुनि बसेर अत्यन्त दयालाग्दो गरी भगवान्‌लाई पुकार्न लागे– 'हे मेरा परमात्मा! अब त एकछिन पनि तिमीविना बस्न सक्तिनँ। म नीच छु, अधम छु, जे-जस्तो छु, तर तिम्रै हुँ। मलाई दर्शन दिएर आफ्नो धाममा लैजाऊ। तिमीविना मलाई सारा संसार फिका लाग्छ। तिम्रो स्वर सुन्दछु, तर तिमी देखा पर्दैनौ। मैले धेरै समयसम्म तिम्रो बिछोड सहें। अब प्रभु! सहन सक्तिनँ। अब त तिमीविना एक पल पनि काट्न सक्तिनँ। नाथ! अब तिमी प्रकट किन हुँदैनौ? म कति तड्पिरहेको छु, तर तिमी लुकी-लुकी तमाशा हेरिरहेका छौ। प्रभु! यो जीव, थाहा छैन, कहिलेदेखि भौंतारिरहेको छ। तिम्रो वियोगको आगो यसको हृदयमा कहिल्यै सल्केन। नभए यसलाई दर्शन नदिईकन तिमी कहिल्यै बस्न सक्तथ्यौ? परन्तु जीव यो आगो कसरी सल्काओस्। तिम्रो विरहको आगोले संसारको सर्वस्व जलाइ-दिन्छ। जीव त संसारको मामूलीभन्दा मामूली कुरा को मोहमा फसेर रहन्छ। त्यो सबै जलेको देखेर ऊ कसरी सहन सक्तछ? तिमी नै दया गरेर यो आगो कहिले बाल्छौ र कहिले त्यसलाई फुकी-फुकी प्रचण्ड पार्दछौ। तिमीले ठूलो कृपा गऱ्यौ, तिम्रो अनु-ग्रहको बयान म कसरी गरूँ? तब त यस अधमको मुटुमा यस्तो सर्वसंहारक ज्वाला दन्काइदियौ। आगो लगाइहाल्यौ त आफ्नो दुर्लभ रूपसुधा-धाराले त्यसलाई शान्त पार। अब यो आगो अरू कुनै प्रकारले निभ्दैन। प्रभु! हे मेरा अन्तर्यामी! आऊ, यो आगो निभाउन आऊ! तर प्रभु! यो आगो निभाउन चाहनु पनि मेरो कमजोरी नै हो। हैन, हैन, आगो झन् बढी प्रचण्ड रूप लेओस्, मेरो अहंता र मेरो ममतालाई जलाएर भस्म पारोस् र एकमात्र तिमी रहिरहू। अनि तिमी आऊ र यस खरानीको राशमा एकमात्र तिम्रै मूर्ति भेट्टिनेछ। बढाऊ-बढाऊ, हे प्रचण्ड आगोमा प्राण हाल्ने महान् अग्नि! आफ्ना ज्वालाहरूलाई बढाऊ।' यस्तो भन्दाभन्दै गिरवर एकछिन बेहोश भए। होश खुलेपछि, सारा जङ्गल अभूतपूर्व ज्योतिले जगमगाइरहेको र चारैतिर अपार आनन्दले भरिपूर्णजस्तो शान्त महान् प्रकाश फैलिएको उनले देखे। भगवान्‌को वृन्दावनधाम नै त्यहाँ ओर्लेको थियो। नर्मदा श्यामसलिला यमुनाको रूपमा बदलिइन्। सामुन्ने एउटा कदमको राम्रो रूख थियो र त्यसको छहारीमा गाई र ग्वालाहरूले घेरिएका नटवर-वेशमा श्रीकृष्ण मोहिनी मुरली बजाइरहेका थिए। मोहनको मोहिनी छवि देखेर र उनको

मुरलीको मधुर तान सुनेर गिरवर मक्ख परे । निर्निमेष आँखा श्यामसुन्दरको रूप-सुधाको अमृतपान गरिरहे । अहा ! भगवान्‌को कस्तो मधुर छवि थियो– नीलो आभायुक्त मनोहर श्याम वर्ण, किसिम-किसिमका आभूषणहरूले सजिएको शरीर, मस्तकमा मुजूरको प्वाँखले सुशोभित मुकुट तथा गलामा मालती र नयाँ गुञ्जा-(रातीगेडी)-का चहकिला माला शोभित भइरहेछ । सुनजस्तो पहेंलो जरीदार पीताम्बर पहिरनु-भएको थियो । साथी श्रीदामको काँधमा बायाँ हात राखेर त्रिभङ्गी मुद्रामा उभिएर मुसुमुसु हाँसिरहनुभएको थियो । उहाँको मधुर मुस्कान ब्रह्मानन्दलाई पनि फिक्का पार्दछ । दाहिने हातमा एउटा अत्यन्त राम्रो कमल थियो । श्याम-सुन्दरको रूपमाधुर्यको दर्शन पाएर गिरवर आनन्द-सागरमा डुबे । उनको शरीर पुलकित भयो, गला बन्द भयो, र आँखाबाट हर्षाश्रुका धारा बग्न लागे । उनी सबै कुरा बिर्सेर कुन आनन्द-साम्राज्यमा पुगे क्यार ! केही बेर भक्तलाई त्यस्तो अवस्थामा राखेर भगवान्‌बाट फेरि मीठो वचनले आज्ञा भयो–'गिरवर ! तँ मलाई अत्यन्त प्यारो छस् । तेरो लागि नै आज यहाँ दिव्य वृन्दावन प्रकट भएको छ । तँ धन्य भइसकिस् । अब तँ मेरो परमधाममा हिंड् । गौरी मरेकी छैन । अझै केही दिनसम्म पार्थिव शरीरमा नै रहनेछ । उसको मनमा पुत्र-दर्शनको कामना थियो र त्यसैले ऊ ऊदालाई भेटेर मेरो धाममा आउली । तँ धन्य भइस् ।'

भगवान्‌बाट त्यति आज्ञा भएपछि गिरवरको रोगन बदलियो । उनी ज्योति-र्मय भए । केही छिनपछि उनको शरीरबाट एउटा ज्योतिको पुञ्ज निस्क्यो । ज्योतिको त्यो पुञ्ज निस्कनासाथ उनको शरीर प्राणरहित भएर भुइँमा ढल्यो र हेर्दा-हेर्दै त्यो एउटा सुन्दर दिव्य शरीरधारी श्रीकृष्ण-सखा गोपबालकको रूपमा परिणत भएर श्रीकृष्णको पाउमा पऱ्यो । भगवान्‌ले धेरै प्रेम गरेर उसलाई उठाई छातीमा लगाउनु-भयो र अनि तत्काल आफ्ना सबै सखा र वृन्दावनसहित भगवान् अन्तर्धान हुनुभयो । गिरवरको लाश जङ्गलमा एउटा रूखमुनि रहिरह्यो ।

उता गौरीको लाश बग्दा-बग्दै नदीमा ढलेको एउटा ठूलो रूखमा अल्झ्यो । आश्चर्यको कुरा ! उसलाई त्यहाँ सात दिनसम्म कुनै जल-जन्तु अथवा मांसाहारी जीवले छुँदासम्म पनि छोएन । आठौं दिन नदीका लहरहरूको वेगले धकेलिंदै-धकेलिंदै लाश त्यस रूखबाट फुस्केर अगाडि बग्न थाल्यो । त्यहाँबाट अलि पर एउटा सिद्ध महात्मा रहन्थे । उनी नदीमा स्नान गर्न गएको वेला नै दैव संयोगले गौरीको लाश बग्दै-बग्दै किनार लाग्यो । महात्माका आँखा त्यतापट्टि लागे । उनले आफ्नो योगबलले सबै

विवरण बुझे र उनलाई जिउँदी ठानेर बाहिर झिके र उनलाई भुइँमा सुताएर हातमा जल लिएर मन्त्र पढ्दै शरीरमा त्यो जल छर्के। जल छर्कनासाथ गौरी भगवान्को नामको उच्चारण गर्दै यसरी उठेर बसिन्, जसरी कुनै निदाएको मानिस अचानक उठेर बस्दछ। गौरीले आफ्नो अगाडि एउटा तेजिला वृद्ध महात्मा देखिन् र उनका खुट्टामा ढोगिन्। महात्माले उनलाई आफ्नो कुटीमा लगेर एउटा मीठो फल दिएर भने–'छोरी ! यो अहिल्यै खाऊ।' आज्ञा पाएर गौरीले फल खाइन् र त्यो खानासाथ उनी पूरा स्वस्थ भइन्, जीउमा तागत आयो र मन चङ्गा भयो। सम्पूर्ण संस्कारहरूको भारीलाई बिसाएझैं मन हल्का भएको उनले अनुभव गरिन्। केही समयपछि उनको फेरि मनले काम गर्न शुरू गऱ्यो र उनलाई उत्तिखेर आफ्ना लोग्नेको स्मरण भयो। गौरीको मनको स्थिति बुझेर महात्माले भने– 'तिम्रा स्वामी ठूला भाग्यमानी थिए, तिमी पनि सारै पुण्यवती रहिछौ, तब त त्यस्ता लोग्ने पायौ, अब पतिको स्मृतिलाई बिर्सेर भगवान्को भजनमा लाग। तिम्रा पतिलाई स्वयं भगवान्ले आफ्नो परमधाममा लगिसक्नुभएको छ।'

यति भनेर महात्माले गिरवरलाई भगवान् श्रीकृष्णको कसरी दर्शन प्राप्त भयो तथा उनी दिव्य देह धारण गरी भगवान्सँग कसरी परमधाम गए भन्ने सम्पूर्ण घटनालाई दिव्य दृष्टिले हेरी सम्पूर्ण वृत्तान्त उनलाई सुनाए। पतिले परम गति पाएको सुनेर साध्वी गौरी प्रसन्न भइन्। आफू साथ लाग्न नपाएकोमा उनलाई अलिकता खेद अवश्य भयो। तर आफू साथमा भइदिनाले पतिलाई भगवान्ले दर्शन नदिएको भए झन् नराम्रो हुने थियो भनी उनले फेरि सोचिन्। आफ्नो कारण आफ्ना लोग्ने परमानन्दबाट वञ्चित भएनन् –यो साह्रै राम्रो भयो। आफ्ना पति सम्पूर्ण ब्रह्माण्डका स्वामी श्रीकृष्णका सखा भएर उहाँको साथ परमधाम पाल्नुभएको छ र त्यहाँ दिव्य आनन्द भोगिरहनुभएको छ भने त्यसभन्दा बढी अरू खुशी आफूलाई के हुन सक्तथ्यो भनी उनले विचार गरिन्।

महात्माले भने–'छोरी ! तिमी चिन्ता नगर। तिमी त मुक्त भइ नै सकेकी छौ। हेर ! यो सारा संसार डोरीमा सर्पजस्तै अध्यारोपित मात्र हो। वास्तवमा उत्पत्ति पनि छैन र विनाश पनि छैन। यहाँ न त कुनै बद्ध छ, न कुनै साधक; न त कुनै मुमुक्षु छ, न कुनै मुक्त। यो नै परमार्थ तत्त्व हो। जगत्को कल्पनालाई छाड। तिमी आत्मस्वरूप हौ र नित्यमुक्त छौ। तिम्रो कुनै आफन्त वा पराई छैन। अर्को कुनै छँदैछैन भने आफ्नो वा पराई कहाँबाट आउने ? यो पनि बुझिराख– आत्माको कहीं आउनु र जानु

छैन । त्यो त एकरस र नित्य छ । यो जुन विभिन्नता देखिन्छ, त्यो केवल अज्ञानले गर्दा देखिएको हो । कुनै वस्तु पनि यस्तो छैन जो आत्माबाट अलग या त्यससँग संलग्न होओस् । केवल एकमात्र आत्मतत्त्व छ । जन्म-मरण वास्तवमा खेल मात्र हुन् । अज्ञानलाई छाडेर तिमी आफ्नो स्वरूपमा स्थित होऊ । यो जगत् केवल व्यवहारमा मात्र छ र परमार्थको दृष्टिले त एक नित्य, जन्मरहित र शाश्वत आत्मतत्त्व मात्र छ र त्यस्तो आत्मतत्त्व तिमी नै हौ । यस किसिमले आत्मतत्त्वलाई बुझी त्यसमा स्थित रहेर व्यावहारिक संसारको कामकाज चलाऊ ।'

गौरीको अन्तःकरण शुद्ध नै थियो र महात्माले दिएको सिद्ध फलले गर्दा उनका सूक्ष्म संस्कार पनि समाप्त भइसकेका थिए । सुक्खा झारपातमा आगोको झिल्का खस्नासाथ जसरी त्यो तत्काल वलेर खरानी हुन्छ अथवा सूर्य उदाउनासाथ जुन किसिमले अन्धकारको अन्त हुन्छ, ठीक त्यस्तै प्रकारले महात्माका ती थोरै शब्दहरूबाट गौरीको अज्ञान सधैंको लागि समाप्त भएर उनलाई सत्यको सही बोध भयो । ज्ञानको उज्यालो आलोकबाट उनको अनुहार उज्ज्वल भयो । चित्तको अपार शान्ति उनको मुखमण्डलमा देखा पऱ्यो । उत्तम अधिकारीलाई उपदेशको अधिक आवश्यकता पर्न आउँदैन । गुरु-मुखबाट निस्केको एउटै मात्र महावाक्य उसको मोहलाई हटाउन प्रशस्त हुन्छ । जे होस्, केही समयपछि महात्माले भन्नुभयो–'गौरी ! जाऊ ! अलि पर तिम्रा पतिको लाश परेको छ । मेरा शिष्य तिमीसँगै जानेछन् । गएर त्यसको अन्तिम संस्कार गर र त्यसपछि प्रारब्ध बाँकी रहेसम्म आफ्नो आत्मस्वरूपमा सधैं अडिग भई उसका भोगहरूलाई द्रष्टारूपले हेर्दै जगत्मा यथेष्ट विचरण गर । तिम्रो एउटा प्रबल पुरानो वासना पूरा भएपछि तिमी तुरुन्त यस शरीरबाट मुक्त भएर परमधाम पुग्नेछौ ।'

मन्त्रमुग्ध भएजस्ती भएर महात्माका प्रत्येक वाक्यलाई सजिलैसँग स्वीकार गरी गौरी त्यहाँबाट हिंडिन् । कुन्नि कहाँबाट आएर चारजना ब्रह्मचारीहरू उनको पछि लागे । एकै छिनपछि गौरी त्यस ठाउँमा पुगिन्, जहाँबाट मीठो वासना फैलि-रहेको थियो । रूखमनि बसेकी दिव्यवसना एउटी देवीलाई उनले देखिन् । गौरी त्यसैतर्फ लागिन् । उनको नगीच पुग्नेबित्तिकै अकस्मात् देवी अदृश्य भइन् । लोग्नेको लाश त्यहाँ लडिरहेको गौरीले देखिन् । अहिले भर्खरै देहबाट प्राण निस्केको जस्तो लाग्दथ्यो, वास्तवमा त्यो सही पनि थियो । ब्रह्मचारीहरूको मद्दत लिई गौरीले विधिपूर्वक पतिको लाशको दाहसंस्कार गरिन् । भस्म नर्मदामा बगाइन् र फेरि

स्नान गरेर मृतकलाई जलाञ्जलि दिइन् । महात्माको कृपाले उनको अन्तःकरण मोहरहित भइसकेको थियो र त्यसैले उनले कत्ति पनि शोक मानिनन् । आफ्नो लोग्नेले सधैं **भगवान् चाहे जेसुकै गरून्, त्यसबाट कल्याण नै हुन्छ** भन्ने गरेको कुरा सर्वथा सत्य रहेछ भन्ने उनको मनमा लाग्यो । मलाई हटाएर भगवान्ले लोग्नेलाई आफ्नो परम-धाम दिनुभयो र मलाई पनि महात्माकहाँ पठाएर अपूर्व ज्ञान दिलाउनुभयो । यो ज्ञान नपाएकी भए लोग्ने बितेको दिन उनलाई कत्रो भयानक दुःखदायी हुने थियो । वास्तवमा भगवान् सम्पूर्णतः कल्याण नै गर्दछन् । यस्तो सोचिरहेको समयमा एउटा ब्रह्मचारीले भने– 'आमा ! अब हामीहरू जान्छौं । यी गेरुवा वस्त्र र यो एकतारे गुरुजीले दिनुभएको छ र गेरुवा धारण गरेर एकतारे बजाउँदै-बजाउँदै व्यावहारिक जगत्मा भगवान्को गुणगान गरेर मानिसहरूको भलाइ गर्नू भनी उहाँबाट आज्ञा भएको छ । त्यसैले आमा ! यी लिनुहोस् ।' हेर्दा-हेर्दै चारै ब्रह्मचारीहरू आँखाले नदेखिने भए । भगवान्ले एकतारेको रूपमा एउटा ठूलो साथी पठाएको जस्तो गौरीलाई **लाग्यो** । उनको मनमा भगवान्का दिव्य गुणहरू फुरे । उनी मस्त भएर तिनको गान गर्न लागिन् । मस्त भएर गौरी हिंडिदिइन् । कहाँ गइरहेकी थिइन्, थाहा थिएन । जहाँ खुट्टा थाक्दथे उहीं रोकिन्थिन्, जे-जस्तो फल-मूल भेट्थिन् त्यही खान्थिन् र जहाँ निद्रा लाग्दथ्यो त्यहीं सुत्थिन् । भगवान्को स्मरण सधैं नै रहिरहन्थ्यो र जागा रहेको अवस्थामा एकतारेमा भगवान्को गुणगान र कीर्तन पनि चलिरहन्थ्यो ।

थाहा नै नपाई कैयौं दिन बिते । आखिर उनी एउटा शहरमा पुगिन् । नगर एकदम सजिसजाउ थियो र चारैतर्फ मङ्गलाचार चलिरहेको थियो । सबै मानिसहरू आनन्दमा मग्न थिए । गौरी आफ्नै आनन्दमा मस्त थिइन् । उनी कुनै अर्कै लोकमा पुगेकी थिइन् । नगरको आनन्दले उनलाई कुनै असर परेको थिएन । मानिसहरूले हेर्दा उनी बहुलाही भएकी थिइन् ।

बूढा राजाका एक्लो पुत्र उदयराजको हिजो मात्र राज्याभिषेक भएको थियो । सुयोग्य कुमारलाई राज्यभार सुम्पेर राजा संन्यास लिएर जङ्गल गइसकेका थिए । नगरमा राज्याभिषेकको उत्सव थियो । त्यसदिन नयाँ राजाको पहिलो दरबार लाग्ने थियो । नगरका मुख्य-मुख्य मानिसहरू दरबारमा सामेल हुन जान लागेका थिए । सारा प्रजामा खुशियाली फैलिएको थियो । नगर तथा गाउँहरूबाट आएका मानिसहरू शहरको सजावट हेर्न यता-उति डुलिरहेका थिए र चारैतर्फ ठूलो घुइँचो लागेको थियो ।

पगली संन्यासिनी पनि आफ्नो राग अलाप्दै जता पायो उतै हिंडिरहेकी थिइन् । हिंड्दा-हिंड्दै उनी एउटा महलको ढोकामा पुगिन् र किन हो कुन्नि त्यहाँ उभिएर उनी अत्यन्त मीठो सुरमा भगवान्को भजन गाउन लागिन् । उनका भजनहरूबाट मानिसहरू त्यतै तानिन लागे र त्यहाँ भीड जम्मा भयो । भजनको सुमधुर ध्वनि महलहरूमा सुनियो । सुरिलो स्वर सुनेर राजमहलका आइमाईहरू अटालीहरूमा चढेर भजन सुन्न लागे । संन्यासिनीको परिचय पाउने इच्छा सबैको भयो ।

राजकुमार राजसभामा जान तम्तयार हुन लागेका थिए । त्यसैबीच एउटा सेवकले आएर बिन्ती गऱ्यो– 'महाराज ! महलको मूल ढोकामा उभिएर एउटी तेजः-पुञ्जमयी संन्यासिनी यति मीठो भजन गाउन लागेकी छिन् कि सबैको मनलाई आफूपट्टि आकर्षित गरिसकिन् ।'

संन्यासिनीको नाम सुन्नासाथ राजकुमार कुनै पुरानो स्मृतिबाट झस्के, उनी जस्तो स्थितिमा थिए, त्यस्तै मूलढोकातिर दौडे र त्यहाँ पुगेर संन्यासिनीलाई ठूलो भक्तिसाथ हेरे । हेर्नासाथ उनका आँखाबाट आँसु आए र उनी संन्यासिनीको चरणमा घोप्टिए । अचानक राजकुमारले आएर त्यस किसिमले गोडामा छाँद हाल्दा गौरीलाई साह्रै सङ्कोच लाग्यो र अलि पछि हटिन्, तर तुरुन्तै उनको स्मृति ताजा भएर आयो । उनले सहसा आँखा उठाएर ठूलो तृष्णामय दृष्टिले राजकुमारको मुख हेरिन् । उनका आँखामा प्रेमाश्रु भरिए । राजकुमारलाई उनले अँगालो हालिन् र भनिन्– 'के म सपना देखिरहेकी छु ? के मेरो ऊदा नै मेरो छातीमा टाँसिएको हो ?' रुँदा-रुँदै राजकुमारले भने–'आमा ! तिम्रो ऊदा ठूलो भाग्यमानी रहेछ, जसलाई आज यस्तो अवस्थामा आमाको पाउको धूलो प्राप्त भयो । खुला सडकमा राजकुमार तथा संन्यासिनीको त्यस्तो व्यवहार देखेर र उनका कुरा सुनेर राजकर्मचारीहरू र राज्यका अरू मानिसहरू चकित भए ।

राजकुमारले संन्यासिनीलाई राजमहलमा लिएर गए र उनलाई उँचो आसनमा राज गराए । उनले रानीलाई भन्नाए– 'सासूको पाउ पर । म मातृहीन टुहुरो आज आमाको काख पाएर कृतार्थ भएको छु र तिमी पनि सासूको सेवा गर्ने सौभाग्य पाएर धन्य भयौ ।'

राजकुमार गौरीको पाउनिर बसे । गौरीको विचित्र दशा थियो । महात्माको उपदेशअनुसार उनी एकतर्फ जगत्लाई सपनासरह सम्झन्थिन् र अर्कोतर्फ पुराना संस्कारहरू खिइसकेको रूपमा आएर उनलाई छोराको मायाले बाँध्न खोज्दछन् ।

उनी चुपचाप बसिरहिन् । राजसभालाई साँझतिर सार्ने आदेश राजकुमारले दिए– 'आज आमाको शुभागमन भएको छ । त्यसैले अहिले सारा राजपरिवार उहाँको सेवामा रहनेछ ।' राजसभा स्थगित भयो । राजकुमारले आमालाई भने– 'आमा ! तिमी किन बोल्दिनौ ? के मलाई बिर्सिसक्यौ ? मैले त साँच्चै नै बिर्सिसकेको थिएँ । तिमीले नै अस्ति रातमा आएर मलाई सबै कुरा सम्झायौ । तिमी कहिले आउँछौ र म कुन वेला तिम्रा चरणको दर्शन पाएर कृतार्थ हुन्छु भनी म त्यतिखेरदेखि नै पर्खी बसेको थिएँ ।'

अब गौरीको पनि वचन खुल्यो । उनले भनिन्– 'म अस्ति तँलाई याद गराउन कुन वेला आएँ र ! तैंले कसरी मलाई बिर्सेको थिइस् ? मलाई पहिले यो सुना– तिरो प्राण कसरी बच्यो र तँ यहाँ कसरी आइस् ?' यो सब सुनेर राजकुमारले भने– 'आमा ! तिमीलाई यादै होला– मलाई गोहीले च्यापेर पानीमा घिसारेर लग्यो । त्यसपछि गोहीले मलाई पानीभित्रै धेरै टाढा पुऱ्यायो । यसैबीच, थाहा छैन कुनचाहिं जनावरले पानीभित्रै गोहीमाथि झम्टा दियो र गोही डरायो । त्यतिखेर म उसको मुखबाट फुत्कें । मलाई धेरै कम होश थियो । यद्यपि म अबुझ थिएँ, तैपनि **भगवान् चाहे जेसुकै गरून्, तर त्यसबाट कल्याण नै हुन्छ** भनी पिताजीले वारंवार भन्ने गरेको मलाई याद थियो । त्यसबाट मलाई धेरै भरोसा लाग्दथ्यो । गोहीबाट छुटेर एकबाजि म माथि उत्रें, तर फेरि तुरुन्तै डुब्न लागेको थिएँ । ठीक त्यसै वेला एउटा नाउ मेरो अगाडि आयो र माझीहरूले मलाई उतारेर नाउमा चढाएर राखे । नाउमा चढाउनासाथ म बेहोश भएँ र कैयौं दिनपछि होश खुल्दा एउटा भव्य राजमहलभित्र एउटा पलङ्गमा आफू सुतिरहेको मैले देखें । धेरै नोकर-चाकरहरू मेरो सेवामा लागि-रहेका थिए र एउटा तेजस्वी वृद्ध पुरुष मेरो सिरानीनिर बसेर मेरो माथा हातले सुमसुम्याइरहेका थिए । मेरा आँखा खुलेका देखेर उनी अत्यन्त खुशी भए र नगीचै बसेका एउटा गोरो वर्णका बूढा संन्यासीलाई उनले भने– 'महाराज ! तपाईंको वचन साँचो साबित भयो । आज ठीक एक्काइसौं दिन हो । म धन्य भएँ । म अपूतोलाई पुत्रदान दिएर तपाईंले कृतार्थ बनाउनु भयो ।' संन्यासी मुसुक्क हाँसे । अनि संन्यासीले आफ्नो हातले मेरो हात समाते र भने– 'बाबु ! भन तिमी कुन जातका हौ ? तिम्रो नाम के हो ? तिम्रा आमाबाबु र तिम्रो गाउँको नाम के हो ? कारण थाहा छैन किन हो त्यसवेला मेरो सम्पूर्ण स्मृति नष्ट भएको थियो । म क्षत्रिय जातको हुँ र मेरो नाम ऊदा हो भन्ने सम्झना बाँकी थियो । पहिले कहाँ थिएँ, कसरी यहाँ आइपुगें र आमा-

बाबु को थिए भन्ने सब कुरा मैले बिर्सिसकेको थिएँ । त्यसैले मैले भनें– 'महाराज ! मेरा आमा-बाबु को थिए र म कुन गाउँमा जन्मेको हुँ– मलाई सम्झना छैन । मलाई यत्ति मात्र याद रहेको छ– म क्षत्रिय हुँ र मेरो नाम ऊदा हो ।'

मेरो कुरा सुनेर संन्यासी महाराज ती वृद्ध पुरुषतिर फर्केर हाँस्न लागे । वृद्ध पुरुषले भने– 'महाराज ! तपाईंले भनेको कुनै चीज पनि अन्यथा हुन सक्तैन । म कृतार्थ भएँ । राज्याभिषेकको अघिल्लो दिनसम्म यसलाई पुरानो सम्झना याद आउँदैन होला जस्तो मलाई लाग्दछ । यो झन् धेरै राम्रो भयो ।' संन्यासी महाराजले मलाई यसरी अर्ती-उपदेश गरे– 'बाबु ! आजउप्रान्त तिम्रो नाम उदयराज रह्यो । महाराज चन्द्रसेन तिम्रा बुवा हुनुहुन्छ । तिम्री मुमा महारानी कमलादेवीको स्वर्गवास भइसकेको छ । अब तिमी यस राज्यका मालिक हौ । महाराजको रेखदेखमा विद्याको धेरै अभ्यास र अध्ययन गर तथा समय आएपछि राज्य-सञ्चालनको कार्यभार सह्यालेर प्रजालाई सुखी राख । तिम्रो रुचि भगवान्मा रहनेछ । मेरो तिमीलाई यही आशीर्वाद छ ।'

यति भनेर संन्यासी महाराज उठे र 'महाराज ! मेरो काम पूरा भयो, अब म जान्छु' भनेर वृद्ध पुरुषसँग बिदा भई हिंडे । महाराज चन्द्रसेनले उनलाई साष्टाङ्ग प्रणाम गरे र उनको आशीर्वाद पाएर आफूलाई धन्य सम्झे । ठीक त्यस समयदेखि म यहाँ आरामसँग बसेको छु । मेरो सेवाको लागि दास-दासीहरू, रेखदेखको लागि सरदार-हरू र पढाइको लागि सुयोग्य गुरुहरू नियुक्त गरिए । विजयनगरका महाराजकी राज-कुमारीसँग मेरो विवाह भएको दुई वर्ष भयो । उनी तिम्रो पाउमा बसेकी छिन् । हिजो मेरो राज्याभिषेक र महाराजको संन्यासको साइत थियो । त्यसैले अस्ति मैले व्रत लिएको थिएँ । रातमा जागरण बसें । रातको चौथो प्रहरमा मलाई तन्द्रा लाग्यो । तिमी यसै वेशमा मेरो अगाडि उभिएको मैले देखें । मैले नचिन्दा तिमीले मलाई तानेर आफ्नो काखमा राख्यौ र पुराना सबै कुराहरू सुनायौ । बस तबदेखि मलाई सब स्मरण भएर आयो । नभए त्यसवेलासम्म सबै कुराहरू, यहाँसम्म कि गोहीले पक्रेको घटनासम्म पनि बिर्सेको थिएँ । मैले गएर हेरें, तर तिमी थिइनौ । तैपनि सपनाको स्मृति जस्ताको तस्तो बसिरह्यो । त्यसै वेलादेखि म तिम्रो दर्शनको लागि व्याकुल थिएँ । हिजो राज्या-भिषेकको दिन थियो, तर मेरो मन तिमीतिर गएको थियो । मलाई अलि उदास देखेर महाराजले त्यसको कारण सोधे । मैले सपनाको वृत्तान्त सुनाएपछि उनले भने–'बाबु !

सम्भव छ तिम्री आमा जीवित नै होऊन् र उनले तिमीलाई दर्शन दिएको होस् । साँच्चै भनौं भने म सन्तानहीन थिएँ र महारानीको स्वर्गवास भइसकेको थियो। दोस्रो विवाह गर्ने मेरो इच्छा थिएन, किनकि मेरो मन पहिलेदेखि नै केही विरक्तजस्तो थियो। महारानी-को मरणपछि म झन् विरक्त भएँ। राज्य छाडेर म संन्यास लिने विचार गर्न लागें। अनि बुबाका गुरु महाराज जो ठूला सिद्ध योगी थिए, एकदिन अकस्मात् पाल्नुभयो। उहाँले भन्नुभयो – 'चन्द्रसेन ! अहिले तिम्रो संन्यासको समय आएको छैन। तिम्रो कर्तव्य अझ पूरा भएको छैन। हिंड मेरो साथ वनमा। उहाँ एउटा अनुष्ठान गरिनुपर्दछ। भगवान् तिमीलाई एउटा सुयोग्य छोरा पठाइदिनुहोला। उसलाई आफ्ना पहिलेका आमा-बाबु र आफ्नो घरको राज्याभिषेकको दिनसम्म विस्मृति रहिरहनेछ। फलस्वरूप यस घरमा उसको ममता रहिरहनेछ। त्यो बालक ठूलो भएपछि अत्यन्त बुद्धिमान्, विद्वान्, भगवद्भक्त र सदाचारी होला। उसबाट तिम्रो कुल उज्ज्वल होला र तिम्रो सङ्गति होला। उसलाई पालन-पोषण गरी सबै किसिमले योग्य बनाएर तथा राज्यको भारा उसलाई सुम्पेर उसै दिन तिमी संन्यास लिनू।' महात्माको कुरा सुनेर म उनको साथ वनमा गएँ। त्यहाँ महात्माले अनुष्ठान गर्नुभयो। अनुष्ठानको साङ्गे भएको दिन नर्मदाजीमा स्नान गरी हामीहरू नाउ चढेर माछालाई अन्न खवाइरहेका थियौं। त्यस-बखत तिमी डुब्न लागेका देखियौ र महात्माको सङ्केत अनुसार तिमी बाहिर निकालियौ। पानीबाट निस्कनेबित्तिकै तिमी बेहोश भयौ। तिम्रा पाउमा घाउ थिए। एक्काइस दिनसम्म तिमी बेहोशै रह्यो। यस अवधिभित्र घाउको उपचार भयो। घाउ भरियो र तिमी होशमा आयौ। आज तिम्रो राजतिलकको दिन हो। सम्भवतः तिम्रो पुरानो स्मृति खुलाउन भगवान्को विधानअनुसार तिम्री आमाले तिमीलाई संन्यासिनीको रूपमा दर्शन दिएको होओस्। तिमीले खुशी मानेर आनन्दसाथ सब काम सम्पन्न गर्नु-पर्दछ।' महाराजका वचनहरूबाट मलाई शक्ति मिल्यो, तर मेरो मन तिमीमा नै लागि-रहेको थियो। आज तिम्रो दर्शन पाएर म कृतार्थ भएँ। आमा ! भन त, तिमी यो पहि-रनमा किन छौ ? बुबा कहाँ हुनुहुन्छ ? तिमीहरूलाई कस्तो ठूलो कष्ट भयो होला। म अभागी भएकोले तिम्रो सेवाबाट वञ्चित रहें। आमा ! आमा ! मलाई काखमा राख।' यति भनेर राजकुमार आमाको काखमा घोप्टियो र उसका आँखाबाट आँसुका धारा बग्न लागे।

गोरीले ज्ञान प्राप्त गरिसकेकी थिइन्, तर त्यसदिन उनको हृदयमा पनि स्नेह प्रबल भएर आयो। हृदयको बाँधलाई बोधले टुट्न त दिएन, तर उनका आँखा

छचल्किए। आमाले हराएको छोरा भेट्टाएर उसलाई अँगालो हालिन् र त्यस वेलासम्मको कुरा सविस्तार सुनाइन्। बाबु गिरवरको देहान्त भएको सुनेर राजकुमारलाई ठूलो दुःख लाग्यो, तर आमाले सम्झाउँदा उनको मन शान्त भयो। कुरा गर्दा-गर्दै साँझ पर्न लाग्यो। बुहारीले साह्रै कर लगाउँदा सासुले स्नान र भोजन गरिन्। साँझपख राजसभाको काम भयो। फेरि रातमा आमा-छोराको कुराकानी चल्न थाल्यो। भगवान्को भक्तिको अत्यन्त राम्रो उपदेश छोरालाई दिएर गौरीले वास्तविक मातृस्नेहको परिचय दिइन्। आमाको उपदेशको राजकुमारमाथि ठूलो प्रभाव पऱ्यो। गौरीले भनिन्– 'छोरा ! तिमीलाई देखेपछि मेरो वासना मेटियो। अब मलाई जान देऊ।' तर उदयराजले कुनै हालतमा पनि आमालाई जान दिन मानेनन्। अन्तमा शहरभन्दा बाहिर एउटा कुटी बनाउने निधो भयो। कुटी बन्यो। गौरी त्यसैमा बस्न लागिन्। स्याहार-सुसारको राम्रो इन्तजाम भयो। छोरा उदयराज र बुहारी सधैं आमाको दर्शन गर्न जान्थे र उनको सेवा गर्न पाएर आफूलाई कृतार्थ ठान्दथे। आमा उनीहरूलाई हरसमय भगवान्को भक्तिको नै उपदेश गर्दथिन्। एकदिन आमाले भनिन्– **'बाबु ! भगवान् चाहे जेसुकै गरून्, तर सम्पूर्णतः कल्याण नै गर्दछन्**– यस मन्त्रलाई नबिर्सनू र सदैव प्रसन्न रहनू। हेर ! भगवान्ले हाम्रो कसरी कल्याण गरे।'

गौरी ज्ञानसम्पन्न त छँदै थिइन् र क्रमशः उनको भक्ति पनि पराकाष्ठामा पुग्यो। भगवान्ले प्रेमवश कृपा गरेर आफ्नो साक्षात् दर्शन प्रदान गरे। ठीक त्यसै समय-देखि गौरीको प्रेममा सुधीबुधी बिलायो र दर्शन प्राप्त गरेको तेस्रो दिनसम्म भगवान्को दर्शन गर्दा-गर्दै शरीर छाडी उनी परमधाम गइन्।

पुत्र उदयराज आफ्नी स्त्रीसहित भगवान्को भजन गर्दै राजकाज गर्न लागे र अन्तमा भगवान्को सच्चा भक्ति प्राप्त गरेर उनीहरू पनि धन्य भए।

भन ! भक्त र भगवान्को जय !

भक्त विसोबा खराफ –

नलिनीदलगतजलमतितरलं तद्वज्जीवितमतिशयचपलम्।
क्षणमपि सज्जनसङ्गतिरेका भवति भवार्णवतरणे नौका॥

–मोहमुद्गर

कति चञ्चल र कति क्षणभङ्गुर छ यो मानिसको जिन्दगी ! कमलको पातबाट पानी पोखिन बेर लाग्छ, तर यो जान बेर लाग्दैन। आँखा चिम्लँदा यहाँ

बटुलिएको सारा कुन्नि कता अलप हुने हो, तैपनि यस मरु-मरीचिकालाई पछ्याउने हुँदा हामी सबै हैरान हुन पुगेका छौं। अँध्यारो घरभित्र लूटमार मच्चिएको छ, त्यस घोर अन्धकारमा आफ्ना हात पनि देखिँदैनन्। **ढोकामा उभिएको कोही चिच्याएर कराउँ-दछ– बाहिर ढोका खोल ! सूर्य उदाइसकेको छ! उज्यालोमा आऊ ! तर कोठाभित्र यत्रो कोलाहल भइरहेको छ–बाहिरको आवाज कोही सुन्न सक्तैन। यो हो हाम्रो भयङ्कर विषयासक्ति** ! सांसारिक मोहनिद्राबाट मुक्त तथा भगवद्भावनामा जागृत सन्त यस संसारका जीवहरूमाथि दया लागेर वेला-वेलामा उनीहरूलाई जगाइरहन्छन्, **ब्यूँझ हे, नर ब्यूँझ रे** गाउँदै ढोका-ढोकामा पुगी उनी जगाउँदछन्, तर ब्यूँझन कसलाई के खाँचो ! सबका सब मोहनिद्रामा सुत्दाको आनन्द लिइरहेका छन्। भगवान्को जस्तै भक्तहरूको चिन्तन पनि जन्म-जन्मातरको कल्मष मेटाएर चिरशान्ति र शाश्वत आनन्द दिन समर्थ छ। त्यसैले सज्जनहरूको एक छिनको सङ्गत पनि संसार-सागरबाट पार लगाउने सक्षम नाउ हो भनी भगवान् शङ्कराचार्यले यसै आशयले **मोहमुद्गर**मा भन्नु-भएको छ। सन्तहरूको सङ्गत दुवै किसिमले हुन्छ, उनीहरूको नगीच रहनाले र उनी-हरूको गुण सम्झनाले अर्थात् गुण-स्मरणले।

महाराष्ट्रमा भक्तिपुरी तुकारामको पण्डरपुरसँगै नागनाथ नामक एक अत्यन्त प्राचीन शिवक्षेत्र छ। त्यो ज्यादै चेतन स्थान हो र भगवान् शङ्करका द्वादश ज्योतिर्लिङ्गमध्यको एक हो। विसोबा यहींका बासिन्दा थिए। उनी जातका त यजुर्वेदी ब्राह्मण थिए, तर काम गर्दथे सराफीको। त्यसैले उनी विसोबा सराफको नामले प्रसिद्ध भएका थिए। घरमा एउटी सती-साध्वी धर्मपत्नी र चारवटा छोरा थिए। जीवन ज्यादै सरल र सेवापरायण थियो र घरका सबै जना साधुसेवी थिए। व्यवसाय चलाइरहे तापनि विसोबाको चित्त सधैं भगवान्मा लागिरहन्थ्यो। उनी एउटा आदर्श गृहस्थ थिए र गार्हस्थ्यको मुख्य कर्तव्य अतिथिसेवा उनलाई प्राणभन्दा प्यारो थियो। पत्नी यति अनुकूल र छोराहरू यति आज्ञाकारी थिए कि खाना पकाइसकेपछि यदि कुनै सन्त महात्मा या पाहुना आइपुगे भने आ-आफ्नो खाना अभ्यागतलाई ख्वाउन र आफू स्वयं भोकै बस्न उनीहरूमा होड चल्दथ्यो। यस्तो होडबाट विसोबालाई बहुत खुशी लाग्दथ्यो। यो कदापि होइन कि खाना खुवाउँदैमा विसोबालाई सन्तोष हुन्थ्यो। उनी आगन्तुकलाई साक्षात् नारायण सम्झेर उनको सब किसिमले सेवा गर्दथे र उनको सुख र सुविधामा पूरापूर ध्यान पुऱ्याउँदथे। 'आज स्वयं श्रीहरिले ममाथि कृपा गर्नुभयो'

–उनी सोच्दथे–'आज जसरी भए पनि यिनको सेवा गरेर जुनीलाई धन्य बनाउनुपर्दछ।' कुनै पाहुना आउनासाथ उनी आफ्नी प्राणप्रिया र बच्चाहरूलाई बिस्तारै भन्दथे–'हेर ! आज स्वयं प्रभु यस रूपमा हाम्रो घरमा पाल्नुभएको छ। यिनको पूजा गर र यिनलाई सन्तुष्ट पार।' घरमा भएका सबै सेवा गर्न पाउनुलाई आफ्नो सौभाग्य सम्झन्थे।

एक समयको घटना हो। दक्षिणमा भयङ्कर अनिकाल पऱ्यो। अन्न प्रायः अप्राप्य हुन आयो। भोकले पीडित नरनारीहरू आएर विसोबाको ढोकामा जय-जयकार सुनाउन लागे। स्वयं नारायणले मबाट अन्नको सेवा स्वीकार गर्ने कृपा गरेको हो भन्ने विचार उनी गर्न लागे। जो आए पनि मनग्गे पाउँथ्यो। गोदामका गोदाम रित्तिदै गए। उनको भएभरको अन्न सिद्धियो। महँगा अन्न किनेर बाँडिन थालिए, तर उता अनगन्ती हूलले दातामाथि धावा बोलेकोजस्तो हुन लाग्यो। माग्नेको सङ्ख्या दिनहुँ बढ्न लाग्यो र विसोबासँग पैसा पनि निख्रन लाग्यो। भिकारीहरू, होइन-होइन, दरिद्रनारायणको घुइँचो रातोदिन द्वारमा पर्खी बस्दथ्यो। आमाको छातीमा दूध नभए तापनि जसरी बालक त्यसलाई चुसिरहन्छ ठीक त्यसै गरी विसोबा निर्धन भइ-सक्दा पनि अभ्यागतहरूको बाढी थामिएन। घरका भाँडा-बर्तन बिकिए, गर-गहना बेचिए र सुक्री-बिक्री हुन सक्ने जे-जे थिए सब बेचिए। आफ्नो इच्छानुसार अँगालेको दरिद्रताबाट विसोबालाई रत्तीभर ग्लानि भएन। दिल खोलेर दुवै हातले उनी उडाउँदै रहे र अन्तमा त्यही भयो जो यस्ता भाग्यमानीहरूलाई हुन्छ। दुनियाँ हाँस्न लागे। लौकिक बुद्धिमान् मानिसहरूले भने पनि, कस्तो मूर्ख रहेछ यो विसोबा ! नगरको सेठ बनेर बसेको थियो, आज सडकको भिकारी भएको छ। अरे भाइ ! दानको पनि कुनै सीमा हुन्छ। दयाको पनि एउटा हद हुन्छ। यस्तो बौलाहा त कहीं देखिएकै छैन, जो आफ्नो घरको अनाज लुटाओस्, स्वास्नीका गहना, यहाँसम्म कि घरका भाँडाहरू पनि बेचेर भिकारीहरूलाई दान दिंदै हिंडोस्। बाटोमा हिंडिरहेको वेला मानिसहरू विसोबाको खिल्ली उडाउँथे, तर उनी यसलाई प्रभुको प्रसाद ठानेर थाप्लो थाप्थे।

दुर्भिक्ष गइसकेको थिएन, विसोबाको हृदय मानिसहरूको बढ्दो दुर्दशा देखेर धुरुधुरु रोइरहेको थियो। घरमा अब पैसा थिएन, अन्न किनेर बाँड्न। परन्तु विसोबा हिम्मत हार्ने जीव थिएनन्। आफ्नो गाउँभन्दा कैयौं कोस टाढा अर्को एक गाउँमा गएर विसोबाले एक पठानसँग कैयौं हजार रुपैयाँ निकै कडा ब्याजदरमा सापटी लिए। पठान विसोबाको पहिलेको अवस्थासित मात्र परिचित थियो। त्यसकारण उसले आना-

कानी नगरीकन रुपैयाँ दियो। विसोबाले तमसुक लेखिदिए। रुपैयाँ लिएर घरतिर फर्कंदा उसको आनन्दको पारावार रहेन। उनी बाटोमा यति रुपैयाँमा कैयौं दिन दरिद्रनारायणको सेवा गर्न सकिनेछ भन्ने सोच्दै आए। सारा रुपैयाँको अन्न किनियो र फेरि बाँडिन थाल्यो। विसोबाको यस निष्ठाले प्रभुको सिंहासन डगमगायो र आफ्ना यस प्यारो भक्तको दर्शन गर्न उहाँ आउनुभयो। कसरी लुकी-लुकी कुन-कुन वा कस्तो-कस्तो वेश लिएर उहाँ आउनुहुन्छ, अपशोच ! उहाँलाई हामी चिन्न सक्दैनौं र उहाँ हाम्रो दैलेदेखि फर्कनु-हुन्छ। हाम्रो बेवास्ता र झर्कोफर्कोदेखि उहाँ कहिल्यै उक्ताउनुहुन्न, उहाँ आउनु-हुन्छ र फेरि आउनुहुन्छ। बिस्तारै घचघच्याएर भन्नुहुन्छ– 'ओ मानव ! खोल, आफ्नो हृदयद्वार खोल; म तिमीलाई भेट्न आएको छु। मलाई तिमी नभई वा तिमीलाई नदेखी चैन हुन्न; खोल त... ... ...।' तर अभागी मान्छे प्रभुको यस्तो आतुर वाणी सुनेर पनि नसुनेझैं गर्छ– अहो ! यस्तोविधी व्यस्त छ यो प्रपञ्चमा, यति लवलीन छ यस दुनियाँमा।

प्रभु आउनुभयो। स्वयं हरि पाल्नुभयो, अनि कुन रूपमा नि ! – त्यो पनि हेर्नुहोस्। 'दाताको जय होओस्, जय होओस् मालिकको ! सरकार ! धेरै दिनदेखि भोको छु पेटमा अन्नको एक दाना पनि परेको छैन। कहीं कोही सोधनीसम्म पनि गर्दैनन्। तपाईंको नाम सुनेर आएको हुँ। एक मुठी अन्न निगाह होओस्। भगवान् तपाईंको भलो गरून्। दाताको जय होओस्, नारायण हरि ! '

भिकारीहरूको भीडमा पछिल्तिरबाट एउटा आर्त चीत्कार आइरहेको थियो। मैलो थाङ्नामा बेरिएको एक नरकङ्काल हात उठाएर बडो कष्टसँग 'दाताको जय !' बोलिरहेको थियो। विसोबाले ऊतिर हेरे र ज्यादै भावपूर्ण हृदयले उसलाई नियाले। चाँडचाँडो सबैलाई दिइसकेपछि उसको पालो आयो। त्यो बिचरो आफ्नो ठाउँमै उभि-एर लडखडाइरहेको थियो। उसमा हलचल गर्ने शक्ति थिएन। विसोबा ऊ भएको ठाउँमा पुगे। शरीरबाट भयानक दुर्गन्ध आइरहेको थियो। उसलाई बोकेर आफ्नो घरमा ल्याए। मनतातो पानीले उसलाई नुहाइदिए लुगा फेराइदिए अनि मस्तकमा चन्दनको लेप लगाइदिए। घरमा बन्न सक्ने खानेकुरो बनाई प्रेमपूर्वक उसलाई भोजन गराए। आफ्नै हातले उसका गोडा धोए। स्त्रीले पङ्खा हम्किन्। भिकारीले पेटभर भोजन गऱ्यो। उहाँलाई यस्तै भोजन विशेष मन पर्छ। उहाँ त भावको भोको हुनुहुन्छ। आज त्रिभुवनका स्वामी भक्तको घरमा भिकारीको वेशमा भोजन गर्न आएछन्। धन्य भक्तको भाग्य !

सच्चा वैष्णव त त्यही हो जसको निमित्त समस्त चराचर जगत्मा विष्णुसिबाय अरू केही रहँदैन । जो जगत्का जीवहरूको उपेक्षा गरेर केवल मूर्तिमा मात्र भगवान्लाई केन्द्रित ठान्दछ त्यो भक्त कसरी हुन सक्छ र कसरी वैष्णव ?

विसोबाको आदर्श अतिथि -प्रेम देखेर भिकारीका रोम-रोम पुलकित भए । उसले गद्गद भएर भन्यो–' बाबु ! म तिमीलाई के आशीर्वाद दिऊँ ? भगवान् तिम्रो भलो गरून् ! '

जुधाउने-बझाउने मानिसहरू मौका खोजिरहन्छन् र कसैलाई सङ्कट आइ-परेको देख्दा उनीहरूलाई आफूले छोरा पाएसरह हर्ष लाग्दछ । विसोबाको दानशीलता उनीहरूको लागि असह्य भयो र छिमेककै गाउँको एउटा पठानसँग रिन लिई उनी त्यस-पटक अन्न बाँडिरहेका थिए भनी गाउँकै केही मानिसहरूले पत्ता लगाए । तब के थियो ? पठानकहाँ गएर उनीहरूले विसोबाको टाट पल्टेकोबारे झ्याली पिट्न थाले । पठानलाई पनि आफ्नो गल्ती अनुभव भयो र ऊ सोझै विसोबाको घर गएर रुपैयाँ तिर्न ताकिता गर्न लाग्यो । त्यसवेला विसोबासँग पैसा कहाँ हुनु र तिर्नु ! तैपनि उनले भने– 'पर्खनुहोस् । सात दिनभित्र केही न केही उपाय गरी तपाईंको पैसा तिरुँला । '

'हुन्न, कदापि हुन्न ! म यी सब बहानाहरू सुन्न चाहन्नँ । मलाई अहिल्यै रुपैयाँ देऊ वा गाउँको कुनै सम्पन्न मानिसलाई धनजमानी राख ।'– पठानले भन्यो । गाउँमा केही भलाद्मीहरू पनि थिए । तिनलाई प्राण गए पनि विसोबा झूटा बोल्दैनन् भन्ने विश्वास थियो । तिनीहरू आएर सम्झाउँदा पठानले मान्यो ।

छ दिन बितिसके । विसोबाले कतै कुनै इन्तजाम मिलाउन सकेनन् । सातौं दिन पनि आयो । विसोबा सोच्न लागे– 'हे नारायण ! आजसम्म तिमीले मेरो एउटा वचन पनि खेर जान दिएनौ । आज मेरो इज्जत जाने स्थिति छ । यो मेरो इज्जत होइन, तिम्रै इज्जत हो । हे हरि ! म त तिम्रै बाटो हेरिरहेछु । तिमी नै मेरा सँगी हौ र तिमी नै मेरा जन्म-मरणका साथी हौ । चाहे जेसुकै होओस् म तिमीलाई छाडेर कहाँ जाऊँ ? यस्तो अलौकिक भाव जुन भक्तमा हुन्छ के भगवान् त्यसको बेवास्ता गर्न सक्नुहुन्छ ? यस्तो कुनचाहिं सङ्कट छ जसबाट भगवान् आफ्ना भक्तको उद्धार गर्न नसकून् ? के भगवान्ले कहिल्यै आफ्नो कुनै भक्तको बेवास्ता गरेको छ ? कस्तो अपरम्पार छ उनको लीला ! एकै क्षणमा असम्भवलाई सम्भव र सम्भवलाई असम्भव बनाइदिनु उनको लागि एक खेल मात्र हो । **घरभित्र बत्ती बल्दा जसरी झ्यालमा पनि उज्यालो देखिन्छ**

मनमा भगवान् प्रकट हुनुभएपछि त्यसै गरी इन्द्रियहरूमा पनि भजनको आनन्द झल्कन्छ । त्यसदिन विसोबा एकान्तमा बसी-बसी प्रभुका नामको स्मरण गरिरहेका थिए, उनका आँखाबाट आँसुका धारा लागेका थिए, बोली गद्‌गद भएको थियो र राम, कृष्ण र हरिको अखण्ड स्मरण भइरहेको थियो ।

भक्तको इज्जत भगवान्‌कै इज्जत हो र भक्तको टेक भगवान्‌कै टेक हो । भगवान्‌ले विसोबाको लागि उनकै मुनीमको रूप धारण गरे र पठानकहाँ गएर ठीक किटान भएकै दिन हिसाब-किताब गर्ने अनुरोध गरे । पठानको आश्चर्यको सीमा रहेन । दुनियाँमा विसोबालाई कसले सापटी दियो होला भनी ऊ विचार गर्न लाग्यो; तर विसोबाको सच्चाइको कारण उसको पत्यार सधैं रहिआएको छ भनी मुनीमले सुनायो । कैयौं मानिसहरूको अगाडि हिसाब भयो र मुनीमले कौडी-कौडी चुक्ता गऱ्यो ।

भोलिपल्ट सबेरै पाठ गर्नलाई **श्रीमद्‌भगवद्‌गीता**को पुस्तक खोल्दा उसलाई अचम्म लाग्यो–उनले लेखेर दिएको तमसुक फट्टा भई उसको **श्रीमद्‌भगवद्‌गीता**को पुस्तकभित्र रहेको छ । उनलाई ठूलो आश्चर्य भयो । उनी सीधा पठान भएको ठाउँमा पुगेर आफ्नो असमर्थता बताउन लागे । पठानको समझमा कुरा चढिरहेको थिएन । उसले भन्यो– 'तपाईं मोफतमा किन चिन्ता गर्नुहुन्छ ? हिजै मात्र आएर तपाईंको मुनीमले मेरो हरहिसाब साफ गरी जानुभयो । गाउँका कैयौं मानिसहरू त्यससमय यहाँ जम्मा भएका थिए, नपत्याए तपाईं तिनीहरूलाई सोध्नुहोस् ।' गाउँका मानिसहरूले कुरा साँचो हो भनी साक्षी बस्दा पनि विसोबालाई आश्चर्य नै लागिरह्यो । उनको समझमा केही आएन । सोझै घर फर्के र आफ्ना मुनीमलाई सोध्न लागे– 'भाइ ! मलाई भ्रममा नराख । ठीक-ठीक भन तिमी हिजो पठानकहाँ कुन बखत गयौ र मेरो ऋण कसरी तिरेर आयौ ?' मुनीम वाल्ल पऱ्यो । के भन्न सक्तथ्यो ! 'होइन महाराज ! म साँचो बोलिरहेको छु । हजूरका चरणको कसम ! यस विषयमा मलाई केही थाहा छैन । म पठानकहाँ गएकै छैन । विश्वास मान्नु होस् ।'

अनि विसोबाका आँखा खुले । एक्कासि उनको मुखबाट निस्क्यो 'हे दीनबन्धु! हे दयासागर ! कस्तो विचित्र छ तिम्रो खेल ? मसँग तिमी यो कस्तो खेल खेलिराखेका छौ ? म अधम... ... ...' भन्दा-भन्दै गला भरियो र वाक्य बन्द भयो । उनी डाँको छाडी रुन लागे । आफूजस्तो अधमको लागि जुन प्रभुलाई त्यत्रो कष्ट झेल्नुपऱ्यो तिनलाई छाडेर कता अनभरिनु भन्ने सोची उनी सोझै पण्डरपुर पुगे र त्यहाँ आफ्नो जीवन हरि-भजनमा बिताउन लागे । हृदयमा नित्य हरिको ध्यान, मुखमा उनको कीर्तन र कानमा

हरिकथाको गुञ्जन रहेको हुन्थ्यो । परम आनन्द मानेर उनैको पूजा गरियोस्, आँखामा उनैको मूर्ति राज भएको होओस्, गोडाले उनकै धामको यात्रा गरोस्, जिब्रोमा उनकै चरणामृतको रस बसिरहोस्, खानुपरे उनकै प्रसाद मात्र खानुपरोस्, साष्टाङ्ग प्रणाम गर्नुपरे उनैलाई मात्र गर्नुपरोस्, केवल उनकै भक्तहरूलाई मात्र अँगालो हाल्नुपरोस् र एक त के आधा पल पनि उनको सेवाविना व्यर्थमा खेर नजाओस् –यो सर्वश्रेष्ठ धर्म हो । यसैमा विसोबाको सबै समय बित्न लाग्यो ।

विसोबा पछि ज्ञानेश्वर-मण्डलमा सामेल भए, योगको साधना गर्न थाले र उनको सिद्ध महात्माहरूमा गन्ती हुन लाग्यो । उनी ज्ञानेश्वर महाराजलाई आफ्ना गुरु मान्दथे । एक ठाउँमा उनले लेखेका छन्–'चाङ्गदेवलाई मुक्ताबाईले अङ्गीकार गरिन् र सोपानदेवले ममाथि दया गर्नुभयो । अब जन्म-मरणको डर रहेन ।' ज्ञानेश्वर तथा सोपानदेव दुवैलाई यिनीहरू मान्दथे । यी विसोबा नै भक्त नामदेवका गुरु थिए ।

भन ! भक्त र उनका भगवान्‌को जय !

भक्त पुरन्दरदास– पन्ध्रौं र सोह्रौं शताब्दीमा विजयनगरको हिन्दू-साम्राज्यले दक्षिण-भारतमा मात्र होइन कि समस्त भारतवर्षमा मध्याह्नको सूर्यसरह आफ्नो प्रकाश फैलाएको थियो । त्यस साम्राज्यको आश्रयमा साहित्य, सङ्गीत, कला र हिन्दू-संस्कृतिले एकपटक फेरि आफ्नो शिर ठाडो पारी कीर्ति-मुकुट लगायो र सारा संसारलाई आफ्नो वैभव देखायो । साहित्यको श्रीवृद्धिको दृष्टिबाट त्यो समय सर्वोत्तम मानिन्छ । त्यसै स्वर्णयुगमा हिन्दी काव्य-साहित्य-जगत्‌का सूर्य सूरदास तथा शशी तुलसीदासजस्ता रससिद्ध कवीश्वर जन्मे ।

सोह्रौं शताब्दीमा कृष्णदेव राय विजयनगरका राजा भए । उनी धुरन्धर साहित्यज्ञ र साहित्यप्रेमी थिए । **तेलगु** र **कन्नड** भाषाका विभिन्न कविहरूलाई उनको दरबारमा आश्रय प्राप्त भएको थियो । उनकै दरबारमा अप्पय्य दीक्षित आदि आठ-जना कविहरू थिए, जो **अष्ट-दिग्गज** नामले प्रख्यात थिए । त्यसै सुशासनमा **कन्नडी भाषामा महाभारत**को अनुवाद गर्ने कुमार व्यास, **तोरवेय रामायण**का लेखक कुमार वाल्मीकि, तथा कनकदास आदि श्रेष्ठ कविहरू थिए, जसका कृतिहरूले गर्दा **कन्नडी साहित्य**ले आजतक आफ्नो शिर ठाडो पारेको छ । कविवर पुरन्दरदास पनि यसै युगका एउटा महान् विभूति थिए ।

साहित्यको उपादान कारण धर्म हो र धर्मविना साहित्यको निर्माण हुनै सक्तैन। संसारका सबै मुलुकहरूमा साहित्यको भव्य भवन धर्मको जगमा नै खडा भएको छ। **कन्नडी साहित्य**को आदिकालमा **जैन साहित्य**को ठूलो विकास भएको थियो। रत्न र पम्पका रचनाहरू विश्व-साहित्यसँग दाँजिन खोज्दछन्। त्यसपछि **शैव लिङ्गायत** साहित्यको उन्नति भयो **शैव साहित्य**का रचनाकारहरूमा श्री वसवेश्वर र सर्वज्ञ महा-देवी नामूद छन्। विजयनगरमा हिन्दू-साम्राज्यको स्थापना भइसकेपछि आश्रय पाएर ब्राह्मण अथवा दास-भक्ति-साहित्यको श्रीवृद्धि भयो। ब्राह्मणहरूको द्वैत साहित्य धेरै नै लोकिप्रिय भयो, किनकि त्यो सरल,सुबोध, सरस र जनताको मुटु छुने खालको थियो। त्यसभन्दा अघि स्मृति तथा दर्शनशास्त्रका जटिल समस्याहरूबाट सर्वसाधारण जनतालाई सन्तोष लागेको थिएन। पारस्परिक विद्वेष, झगडा आदिको रजाइँ थियो। **संस्कृतभाषा**को ज्ञान नहुनाले साधारण जनता अज्ञानान्धकारमा परेका थिए र शास्त्रज्ञ भनाउँदाहरू आ-आफ्ना आचरणहरूद्वारा जनतामा भ्रम फैलाइरहेका थिए। निष्कपट व्यवहार, शुद्ध मनोभाव र भगवद्भक्ति आदि सद्गुणहरू लुप्त भइसकेका थिए। भोगविलास र आमोद-प्रमोदमा नै प्रायः सबै मग्न थिए। यस्तो परिस्थितिमा लोक-हितैषी साहित्य-को ठूलो खाँचो परेको थियो र यसै कारण पथभ्रान्तहरूलाई सन्मार्गमा ल्याउन र जनता-लाई अज्ञानान्धकारबाट हटाउन भक्तिसाहित्यको आवश्यकता पऱ्यो। भगवान्ले भक्त-राज पुरन्दरदासलाई प्रेरित गरेर भक्तिसाहित्यका निर्माताहरूमा उनको स्थान अत्य-धिक उच्च भयो। उनले **कन्नडी साहित्य** तथा जनताको जुन सुन्दर सेवा गरे त्यो वर्ण-नातीत छ। उनले साहित्यमा भक्तिरसको सर्वसुलभ अमृतधारा बगाइदिए। यसको एक-एक घुट्को पिएर अङ्ख्य मानिस तरे। दक्षिण-भारतमा घर-घरमा उनको कीर्तिको गान हुन्छ र उनले बनाएको भजन र कीर्तनका पदहरू गाइन्छन्।

भगवान्को लीलाको पनि कुनै ठेगान छैन। उनी स्वयं आफै वा आफ्ना भक्तहरूमार्फत कुन-कुन वेला कस्तो-कस्तो रूपमा के-के लीलाहरू गर्ने-गराउने गर्द-छन्, त्यसको रहस्य उनीहरू र उनका भक्तहरू बाहेक अरू कोही जान्दैन। पुरन्दर-दास आफ्नो पूर्वजन्ममा अपार दौलतका स्वामी थिए, तर मक्खीचूस थिए होलान् भनी कसले भन्न सक्तछ ! तर वास्तवमा यो कुरा सही थियो। पण्डरपुरको नगीचैं पुरन्दरगढ नाउँको एउटा नगर छ। त्यहाँ एउटा ब्राह्मण बस्दथे जसको नाम थियो वरदप्प नायक। शाके १४०४ तिर उनका एउटा छोरा जन्मे जसको नाम श्रीनिवास नायक राखियो।

छोरा जन्मेको केही वर्षपछि उनको मृत्यु भयो र श्रीनिवास नायक आफ्ना बाबुको अदाच्छे धन-दौलतका मालिक भए । त्यसताक **विजयनगर** र **गोलकुण्डा** दुवै ठूला समृद्धिशाली राज्य थिए । श्रीनिवास नायक त्यहाँका राजाहरूसँग हीरा, मोती र माणिक आदि बहु-मूल्य रत्नहरूको व्यापार गर्दथे । त्यसबाट उनको सम्पत्ति झन् बढ्दै गयो । उनी अपार धन-दौलतका मालिक बने, तर जब-जब मानिससँग पैसा थुप्रन्छ, तब-तब उसको उदारता हट्दै जानु एक किसिमको नियम नै भइसकेको छ । यसैअनुसार श्रीनिवास नायक पनि परम किरन्टोकी भए । एक पैसा दिनलाई पनि उनलाई ज्वर आउँदथ्यो । धनको असाध्य लोभले उनलाई अत्यन्त मोहित पारेको थियो ।

श्रीनिवासले पूर्वजन्ममा गरेको सुकर्मको फल पाउने समय आयो, पूर्वजन्ममा गरेको भजनको प्रभावले सुदिन फिरे । मायामा भुलिरहेको आफ्नो भक्तको मोहनिद्रा हटाउनको लागि भगवान्ले एउटा निकै रमाइलो लीला रच्नुभयो । एकदिन एउटा गरीब ब्राह्मणको भेषमा उनी श्रीनिवासको पसलमा पुगे । ब्राह्मणले श्रीनिवासलाई निवेदन गरे– 'मेरो छोराको व्रतबन्ध गर्नु छ । म साह्रै गरीब छु । तपाईं करोडपति हुनु-हुन्छ । मलाई केही सहायता दिनुहोस् ।' श्रीनिवास नायक सीमामै पुगेका कन्जूस थिए, परन्तु भरसक साधु-ब्राह्मणहरूका अगाडि अविनय गर्दैनथे । त्यसैले उनले भने– 'अहिले फुर्सत छैन, भोलि आउनुहोस् ।' यस्तो भन्नुको मतलब नै अर्को दिन ब्राह्मण नफिरून् र उनलाई केही दिनु नपरोस् भन्ने थियो । तर ब्राह्मण किन मान्दथे ? उनी भोलिपल्टै आइपुगे । श्रीनिवास नायकले फेरि भने– 'के गरूँ, फुर्सत नै पाइँदैन । भइहाल्यो, भोलि पाल्नुहोस् !' एवं प्रकारले तेस्रो,चौथो र पाँचौं दिन भन्दा-भन्दै छैटौं दिनसम्म श्रीनिवासले ब्राह्मणलाई टारे, तर ब्राह्मण पनि यस्ता प्रणका पक्का निस्के कि उनले दिएको भाकामा उनी धाउन छाड्दैनथे । अन्तमा ती ब्राह्मणबाट श्रीनिवासको नाकमा नस पुग्यो । उनी एकदिन झर्केर उठे र खोटा पैसाले टन्न भरिएका दुई थैला ल्याएर ब्राह्मणको अगाडि बजारेर उनले भने– 'यी थैलीहरूबाट जुनचाहिं एक पैसा मन पर्छ त्यो झिकेर लैजानुहोस्, ब्राह्मणभेषधारी भगवान्लाई यावत् कुरा थाहा थियो, तैपनि खुशीले दङ्ग परेजस्तो भाव उनले देखाए । अथवा छ महीनापछि भए पनि उनलाई ती करोडपतिबाट भरिपूर्ण हुने आशा थियो र त्यसमा तुसारो परेजस्तो मुखाकृति उनको भयो । दिक्दार भएर ब्राह्मणले ती थैलीहरू फुकाएनन् र त्यहाँबाट सोझै श्रीनिवासको घरमा उनकी पत्नी लक्ष्मीबाई भएको ठाउँमा पुगे । उनले उनलाई सारा वृत्तान्त सुनाएर भने–'यदि तिमी केही मद्दत गर्न सक्छ्यौ भने गर ।'

लक्ष्मीबाई श्रीनिवास नायक जस्तो कन्जूसकी स्वास्नी भए तापनि धेरै उदार थिइन् । उनले लोग्नेका कर्तव्यहरूपट्टि ध्यान दिइनन् र बाबुले दिएको जन बहुमूल्य फुली उनीसँग थियो त्यसलाई नाकबाट झिकेर **कृष्णार्पणमस्तु** भन्दै उनले ब्राह्मणलाई दिइन्, तर ती विचित्र ब्राह्मण फुली लिन आएका नभई श्रीनिवासको जीवनधारालाई नै अर्को दिशातर्फ पल्टाउन आएका थिए । त्यसैले फुली लिएर उनी श्रीनिवासको पसलमा पुगे र भन्न लागे– 'यो फुली बन्धकी लिएर मलाई चार सय रुपैयाँ दिनुहोस् ।' फुली देख्नासाफ श्रीनिवासले चिनिहाले । उनले तुरुन्त ब्राह्मणलाई भने– 'ठीक छ, यो फुली मसँगै रहोस् । भोलि आएर एक सय रुपैयाँ लैजानुहोला ।' ब्राह्मण मानेर हिंडे । श्रीनिवास नायकले बडो होशियारीका साथ त्यो फुली पसलको बाकसमा बन्द गरी ताल्चा मारेर घर पुगे र आफ्नी स्वास्नीसँग सोधे– 'तिम्रो नाकको फुली कहाँ छ ?' उनी के जवाफ दिन्थिन् ? उनी चूप लागिन् । श्रीनिवास नायक रिसले चूर भए । एक त उनी आफै द्रव्यपिशाच थिए र त्यसमाथि झन् आफूलाई छ दिनसम्म हैरान खेलाउने त्यस बाहुनलाई त्यस्तो कीमती फुली दिनु मामूली कुरा थिएन । उनले रिसाएर स्वास्नीको साँटो लिए– 'म सोधिरहेछु, तिम्रो त्यो नाकको फुली कहाँ गयो, जो तिमी आज बिहानसम्म पनि लगाउँदै थियौ ?' सती, साध्वी र पतिपरायणा लक्ष्मी-बाई डरले थर्कमान भइन् । उनलाई लोग्नेको क्रोधी स्वभाव थाहा थियो । उनलाई भाउन्न भयो । उनी केही बोलिनन् । श्रीनिवास नायक अझ गर्जेर बोले– 'बता, तेरो फुली कहाँ छ ? अहिल्यै ल्याएर दे । नत्र तँलाई जिउँदै गाडिदिनेछु ।' लक्ष्मीबाई त्यसरी नै चूप लागिरहिन्; जुन फुली उनले दान दिइसकेकी थिइन् त्यो कहाँबाट ल्याइदिऊन् । पतिलाई मैले त्यो दान दिएँ भनिन् भने त लोग्नेको रिस झन् खनिनेछ । आखिर उनको मुखबाट निस्क्यो कि फुली भित्र राखेकी छु । त्यसो भनी उनी भित्र गइन् र तत्काल आत्महत्या गर्ने तर्खरमा लागिन् ।

हीराको औंठी उनको औंलामा थियो । उनले त्यो फुकाली ढुङ्गामा घोटेर विष तयार पारिन् । विषको कचौरा हातमा लिएर उनले अनन्य भक्तिसाथ दयामय भगवान्को प्रार्थना गर्न लागिन् –'भगवन् ! मैले तिम्रै प्रीतिको लागि नै त्यो फुली दान गरेकी हुँ । तिमीले द्रौपदीको लाज बचायौ, ध्रुव, प्रह्लाद र अजामिल आदिलाई पार लगायौ । मेरो पनि रक्षा गर्ने नै छौ । तर म मृत्युबाट बच्न चाहन्नँ । मलाई आफ्नो शरणमा लेऊ र मेरो लोग्नेको मतिलाई यति शुद्ध बनाइदेऊ कि उनी तिम्रो स्मरण

गर्दै साधु-ब्राह्मण तथा दीन-दुःखीहरूको सेवा मुक्तहस्त भई गरून् र त्यसबाट उनको धीत नमरोस् ।' यति भनेर लक्ष्मीबाईले कचौरा मुखमा लाउनेबित्तिकै त्यसमा खोऱ्याक्क गरेर कुनै चीज खस्यो । उनी झस्किन् । आँखा खोलेर हेर्दा त कचौरामा उनको उही फुली परेको थियो । आँखा च्याती-च्याती उनले चारैतिर हेरिन्, तर त्यस बन्द कोठा-भित्र कोही थिएन । तब उनलाई साह्रै खुशी लाग्यो । उनको सारा अङ्ग आनन्दले प्रफुल्लित भयो । भक्तवत्सल भगवान्को लीला उनले बुझिन् । उनले गद्गद भएर फेरि भगवान्को स्तुति गरिन् । त्यसपछि त्यो फुली लिएर खुशीले लोग्ने भएको ठाउँमा गइन् ।

श्रीनिवासले फुली राखिसकेको थियो । जब भोलि सय रुपैयाँ लिन ब्राह्मण आउला, तब के गर्ने होला भनी उनी स्वास्नीलाई हप्की-दप्की गरेर फर्केपछि सोचि-रहेका थिए । यसैबीच अगाडि उभिएकी स्वास्नीको हातमा त्यही फुली देखेर उनी छक्क परे । त्यसै फुलीलाई उनले ब्राह्मणबाट लिएर **तिजोरी**मा बन्द गरेका थिए र त्यसको साँचो उनीसँगै थियो । तैपनि उनलाई विश्वास भएन । स्वास्नीको हातबाट फुली टिपेर उनी आफ्नो पसलतिर दौडे । त्यहाँ गएर हेर्दा सेप जस्ताको तस्तो बन्द थियो, तर त्यसभित्रको फुली गायब थियो । श्रीनिवासको मगज चक्कराउन थाल्यो र उनको दरो मन विचलित भयो । उनी सोच्न लागे– 'यो के लीला हो ? त्यो ब्राह्मण को हो ? फुली त्यस बाकसबाट गायब भई लक्ष्मीको हात कसरी पऱ्यो ?' आदि आदि । केही बेरपछि उनी घर फर्के । यता लक्ष्मीबाईलाई पनि आजको घटनाले ठूलो आश्चर्य लागेको थियो । उनी खूब आनन्दसाथ भगवान्को त्यस विचित्र लीलाको चिन्तन गर्दै भगवत्प्रेममा डुबेकी थिइन् । त्यत्तिकैमा गम्भीर मुखाकृति बनाएका श्रीनिवास उनी भएको ठाउँमा आइपुगे । त्यसदिन उनमा एउटा अद्भुत परिवर्तन भइसकेको थियो । संसारको नश्वरता उनका आँखा अगाडि नाचिरहेको थियो । उनी आजको घटना सम्झँदै सोचिरहेका थिए– 'मेरो जिन्दगी पनि के जिन्दगी हो ? म कत्तिको अधम रहेछु, जो आजतक भगवान्को एकपटक पनि ध्यान गरिनँ र कसैलाई एक फुटेको कौडी पनि दान दिइनँ ।' उनले आफ्नी स्वास्नीलाई सोधे– 'लक्ष्मी ! भन! साँचो कुरा के हो ? तिमीले फुली कसलाई दिएकी थियौ ? ती ब्राह्मण को हुन् ? फेरि तिमीले यो फुली कसरी भेट्टायौ ? प्यारी भन ! झट्टै भन ! मलाई यी सबै अचम्मलाग्दा कुराहरू थाहा पाउन कुतकुती लागिरहेछ ।'

लोग्नेको कातर वाणी सुनेर लक्ष्मीलाई रोमाञ्च भयो । उनले ठूलो नम्रता र शान्तिपूर्वक सम्पूर्ण वृतान्त सुनाइन् । कस्तो दयालाग्दो बोलीले ती ब्राह्मणदेवताले उनीसँग सहायता मागे, कसरी लोग्नेको रिसबाट जोगिन उनले विष खान खोजिन् र फेरि कुन तरीकाले उनको विषको कचौरामा त्यो फुली अपर्झट आएर खस्यो –यी सबै कुरा लक्ष्मीबाईले एक-एक गरी लोग्नेको अगाडि निवेदन गरिन् । तब के थियो ? स्वास्नीका कुरा सुन्नासाथ श्रीनिवासको मनोवृत्ति पूरै बदलियो । उनले दुवै हात जोडी तिनलाई मस्तकमा लगाएर भने– 'धन्य छौ प्रभु ! तिमीले ब्राह्मणवेश बनाएर मजस्तो अधम लोभीसँग माग्यौ, तर मैले लोभवश तिम्रो कुनै सेवा गरिनँ । नाशवान् धनको प्रलोभनमा फसेर मैले तिमीलाई बिर्सें । मेरी जहानले तिमीलाई केही दिन खोज्दा पनि मैले रिसले आँखा देखिनँ । तैपनि तिमीले मेरो यस्तो नीचताको वास्ता राखेनौ र झन् उल्टो मेरी प्राणप्रिया पत्नीको प्राण बचायौ र मलाई नरकमा धकेलिनुबाट जोगायौ ।' श्रीनिवास यसो भन्दाभन्दै बेसुद्धी भए । उनका आँखाबाट आँसु झर्न लागे । उनी आँखा झिमिक्क नपारी आफ्नी स्वास्नीलाई हेरेकोहेर्‍यै भए । लक्ष्मीबाईले भगवान्का अनेक सुललित लीलाहरूको बयान गरेर पतिलाई ब्यूँताइन् । उनी त्यहाँबाट उठेर स्नानागारमा गए । नुहाइसकेपछि स्वास्नीसहित उनले अनन्य भक्तिभावले भगवान्को पूजा गरे, अपराधहरूको क्षमाको लागि आँसु भरिएका आँखाले स्तुतिहरू, गरे र त्यसै वेला हातमा तुलसीदल र जल लिएर आफ्नो सर्वस्व दान गर्ने सङ्कल्प गरी **कृष्णार्पणमस्तु** भने ।

श्रीनिवास नायकले गरीब-गुरुवा, ब्राह्मण र कङ्गालहरूलाई आफ्नो सबै श्रीसम्पत्ति बाँडिदिए । कन्जूसीरूप पापको पूरा प्रायश्चित्त गरेर उनी साधु बने । आफू, स्वास्नी र छोराहरूको लागि काना-कौडी बाँकी नराखी परिवारसहित उनी घरबाट निस्के । लक्ष्मीबाईले केवल आफ्नो सुनको सिन्दूरे बट्टा आँचलमा गाँठो पारिन्, तर बाटामा श्रीनिवासले देख्दा त्यो पनि फ्याँक्न लगाए । मानिसहरूले उनलाई धेरै सम्झाउने-बुझाउने काम गरे, तर केही लागेन । उनी सच्चा अपरिग्रही बनेर पण्डरपुर पुगे । त्यहाँ गरीबीले गर्दा कठिनभन्दा कठिन कष्टहरू भोग्नुपर्‍यो, तर उनी कत्ति पनि डगेनन् । बिहान विट्ठल स्वामीको कीर्तन गर्दै उनी दैलो-दैलो घुम्दथे र जे भेटिन्थ्यो त्यसबाट नै तृप्त भएर बाँकी सबै समय श्रीविट्ठल स्वामीको पूजा र भजनमा मस्त रहन्थे । यस किसिमले श्रीनिवास बाह्र वर्षसम्म पण्डरपुरमा रहे र त्यसपछि त्यहाँ

मुसलमानहरूको उपद्रव भएकोले विजयनगर गए । विजयनगरका राजा कृष्णदेव राय रत्नको व्यापारले गर्दा श्रीनिवाससँग पहिले नै परिचित थिए । जब उनले श्रीनिवासलाई त्यस रूपमा देखे आश्चर्यको सीमा रहेन । राजाका गुरुको नाम स्वामी श्रीव्यास राय थियो । उनी संस्कृतका ठूला विद्वान्, अतिश्रेष्ठ र अनेक धर्मग्रन्थहरूका रचयिता थिए । उनका अनेक शिष्य थिए । श्रीनिवासले विजयनगरमा आएर उनकै शरण लिए । उनलाई गुरु बनाए । श्रीस्वामीजीले आफ्ना ती अधिकारी एवं सुयोग्य शिष्यलाई वेद, पुराण, श्रुति-स्मृति आदिको अध्ययन गराउनुभयो र उनको नाम पुरन्दर विट्ठल राखेर आफ्नो ज्ञान,बुद्धि, बल र अनुभवद्वारा जनता-जनार्दनको सेवा गर्दै जगत्-पिताको महिमा गाउनको लागि आज्ञा दिनुभयो । पुरन्दर विट्ठलले गुरुका चरण ढोगे र उनको आज्ञा शिरोधार्य गरे । अगाडि गएर उनी पुरन्दरदासको नामले प्रसिद्ध भए । दासको अर्थ सेवक हुन्छ । वास्तवमा यस जगत्मा ईश्वरत्व र दासत्व यी दुइटा भाव मात्र छन् । भगवान् जगदीश्वर र अरू सबै दास हुन् । यस विश्व-ब्रह्माण्डका सबै प्राणीहरू भगवान्का दास हुन् भन्नुपर्दछ । जो ती भगवान्लाई आफ्ना स्वामी र आफूलाई उनको दास मानेर भगवान्को महिमा गाउँदै उनको आज्ञानुसार आफ्नो जीवन बिताउँदछन्, उनीहरू नै उत्तम हुन् र उनीहरूको जीवन नै सार्थक हो । शास्त्रको यही आदेश छ । अनुभवी सन्त महात्माहरूको यही उपदेश छ ।

पुरन्दरदास यस्तै हरिदासहरूमध्येका एक हुन् । उनको त्याग अनौठो थियो । सर्वस्वदान गरिसकेपछि उनको बाँकी जीवन भिक्षाले नै कटचो । उनकी धर्मपत्नी सतीश्रेष्ठ लक्ष्मीबाईको निष्ठा पनि विचित्र थियो । लोग्नेले बुझाएको जस्तोसुकै अन्नलाई पनि उनी ठूलो प्रेमले पकाउँदछिन् । सबभन्दा पहिले अतिथि-अभ्यागतलाई र त्यसपछि पति र छोराहरूलाई खुवाउँथिन् र सबभन्दा पछि आफू खान्थिन् र जल-जन्तुहरू खाऊन् भनेर उब्रे-पाब्रेको लगेर तुङ्गभद्रा नदीको चक्रतीर्थमा हालेर आउँथिन् । 'अर्को दिनको लागि कुनै चीज नबचाउनू' भनी लोग्नेले उनलाई आदेश दिएका थिए । त्यस आज्ञाको उनी कडा नियमसाथ पालना गर्दथिन् । लगभग चालीस वर्षपर्यन्त तीर्थाटन गर्दै उनले लोककल्याणको काम गरे र अस्सी वर्षको अवस्थामा सन् १५६२ मा भगवद्धाम प्राप्त गरे ।

भन ! भगवान् र उनका भक्तको जय !

भक्त गणेशनाथ– छत्रपति शिवाजी महाराजको समयको कुरा हो बालाघाट जिल्लामा सरसी र उज्जैनी नामका नगरहरूको नजीक एउटा सानो गाउँ थियो । त्यहीं भक्त गणेशदत्त नाथको जन्म भयो । बालककालदेखि नै उनको प्रेम भगवान्-सम्बन्धी विषयहरूमा बढी थियो। उनका आमाबाबु परम वैष्णव थिए र त्यसैले बालकको शिक्षा-दीक्षा पनि समझदार भएपछि स्वाभाविक रूपमा हरिचरणमा सहज प्रेम हुने किसिमले भयो। दूध खुवाउँदा पनि आमा कृष्ण, गोविन्द, नारायण, वासुदेव र दामोदर भनी भनी उसको मुखमा म्वाई खान्थिन् र यसरी मानौं दूधसँगसँगै उनी आफ्नो बालक-लाई श्रीकृष्णप्रेमको अमृतपान गराउँथिन् । आमाको दूधसँगै जसलाई हरि-रस चुस्ने सौभाग्य प्राप्त हुन्छ ती वास्तवमा ठूला भाग्यमानी नै हुन् । किनकि त्यसवेला पिएको प्रेम-रस रौं-रौंका टुप्पासम्म फैलिन्छ र त्यसले सारा जीवनलाई प्रभुमय बनाइदिन्छ । अन्यथा भगवान्मा विश्वास हुनु धेरै दुर्लभ कुरा हो । भगवान्माथि विश्वास हुनु पूर्व-जन्मको कुनै महान् पुण्यको फल हो भन्ने बुझ्नुपर्दछ ।

महाप्रसादे गोविन्दे नाम्नि ब्रह्मणि वैष्णवे ।
स्वल्पपुण्यवतां राजन् विश्वासो नैव जायते ।।

श्रीशुकदेवजी राजा परीक्षित्लाई भन्नुहुन्छ– 'भगवान्को महाप्रसादमा, भगवान्मा, भगवान्को नाममा, ब्रह्म अथवा ब्रह्मवेत्ता वा वेदमा तथा वैष्णवहरूमा थोरै पुण्य भएका मानिसहरूको विश्वास हुँदैन ।'

गणेशनाथ केही बढेपछि आमा उनको गोडामा पाउजेब पहिराउँथिन्, हातमा चाँप लगाइदिन्थिन्, कपालमा मुजूरको प्वाँख सिउरिदिन्थिन् र बडो प्रेमले करताल बजाएर गाइरहन्थिन्–

राम राघव ! राम राघव ! राम राघव ! रक्ष माम् ।
कृष्ण केशव ! कृष्ण केशव ! कृष्ण केशव ! पाहि माम् ।।

आमा गाइरहन्थिन् र गणेशनाथ नाचिरहन्थे । बीच-बीचमा आफै पनि **लाम लाघव लाम लाघव** भन्दै जान्थे, खित्का छाड्दथे । यस्तो धेरैजसो सधैं हुने गर्दथ्यो । यसबाट बालककालदेखि नै गणेशनाथको हृदय हरिनामको रसिक भइसकेको थियो ।

आफ्नो कृपापात्रलाई सर्वतोभावेन आफूपट्टि आकृष्ट राख्नलाई परमात्माले त्यसका समस्त सांसारिक बन्धनहरूलाई टुक्रा-टुक्रा पारिदिन्छन् । गणेशनाथ मुश्किल-

मुश्किलले बोल्ने र बुझ्ने के भएथ्यो, उनका आमा-बाबु परलोक भए, तर परमात्माका पाउमा अलिकति पनि विश्वास भइसकेको मानिसलाई संसारको जस्तोसुकै विपत्तिले पनि डगाउन सक्तैन । **श्रीमद्भगवद्गीतामा** भनिएको छ–

यस्मिन् स्थितो न दुःखेन गुरुणाऽपि विचाल्यते । (६।२३)

अनि गणेशनाथ किन हडबडाउँदथे ? जसको मस्तकमा प्रभुको हात रहेको हुन्छ, त्यसलाई केको चिन्ता ? जो दुःख दिन्छ, त्यही दुःखमा सह्माल्छ पनि । वास्तवमा त्यसलाई दुःख भन्नु संसारी मानिसहरूको भूलै हो । विषयहरूको अभाव र विषयभोग गर्न पाउने शक्तिको अभावलाई हामी अज्ञानीहरू दुःख भन्दछौं । यो अवश्य भूल नै हो । हामीले यसलाई प्रभुको संकेत र आफूतिर आकृष्ट गराउन प्रभुले पठाएको निमन्त्रणा हो मान्नुपर्दछ । हामीले यस दिव्य निमन्त्रणालाई स्वीकार गरी सम्पूर्ण भावले प्रभुको शरणमा जानुपर्दछ, किनकि शाश्वत शान्ति त्यहाँ मात्र छ । यस्तै होस् !

गणेशनाथलाई भगवान्का नामको रस बसिसकेको थियो । उनी त्यस आपत्लाई प्रभुको प्रसाद सम्झेर पहिलेभन्दा झन् बढी प्रेमले प्रभुको भजन गर्दथे र मस्त रहन्थे । छरछिमेकमा साधु महात्माहरूका आश्रमहरू थोरै थिए । त्यहाँ गएर गणेशनाथ भगवान्को कीर्तन गर्दथे । सत्सङ्गमा उनी यति रमाउँथे कि त्यसलाई छाडेर अन्त कतै जान मनै लाग्दैनथ्यो । रात-दिन मग्न रहन्थे । जुन सत्सङ्गको महिमा शास्त्र र मुनिहरूले गाएका छन् र गाउँदा-गाउँदा जति गाए पनि अघाउँदैनन्, त्यो कति दुर्लभ छ ! संसारका विभिन्न किसिमका जुनीहरूमा घुमिरहने मानिसहरूका बन्धनहरू भगवान्को कृपाले जब छिनिने समय आइपुग्दछ, तब मात्र उनीहरूलाई सत्सङ्ग प्राप्त हुन्छ र जब साधु-समागम हुन्छ, तबमात्र साधुहरूका शरण, कार्यकारणका नियन्ता परमेश्वरमा मति स्थिर हुन्छ । **श्रीमद्भागवतमा** भनिएको छ–

भवापवर्गे भ्रमतो यदा भवेज्जनस्य तर्ह्यच्युत सत्समागमः ।
सत्सङ्गमो यर्हि तदैव सद्गतौ परावरेशे त्वयि जायते मतिः ॥(१०।५१।५४)

सत्सङ्ग पाएपछि भगवद्भक्ति विकसित हुन्छ, साधुहरूको समागम पाएपछि गणेशनाथको भक्ति उर्लेर आयो । उनी रात-दिन भगवन्नामको जप गर्थे र विलज्ज भएर भगवान्को नाम जोड-जोडले उच्चारण गर्दै नाच्थे, गाउँथे, हाँस्थे, रुन्थे । उनी काठको कुण्डल धारण गरी लगौंटी मात्र लाएर रहन लागे । ठिहिऱ्याउने हिउँद, गर्मी

र वर्षामा पनि उनी एउटा लँगौटी मात्र लगाएका हुन्थे र सधैं प्रेमपूर्ण वाणीले हरिनामको भजन गर्ने गर्दथे । भगवान्‌को मूर्तिको अगाडि उनी प्रेमले विह्वल भएर नाच्दथे र करुणाले भरिएका शब्दमा आफ्ना देवताका चरणमा प्रार्थना गर्दथे–

संसारकूपे पतितो ह्यगाधे मोहान्धपूर्णे विषयातिसक्तः ।
करावलम्बं मम देहि नाथ गोविन्द दामोदर माधवेति ।।

'यस अगाध संसार-समुद्रमा डुब्न लागेको विषयासक्त म अधमलाई आफ्ना हातको सहारा दिएर हे नाथ ! उतार्नुहोस् । हे गोविन्द ! हे दामोदर ! हे माधव ! म यहाँकै शरण परेको छु ।'

त्यससमय गणेशनाथको लागि एउटा काम मात्र बाँकी थियो र त्यो थियो प्रेमपूर्वक भगवान्‌को नामकीर्तन । दिनमा उनी छेउको जङ्गलमा जाने गर्दथे र त्यहाँ एकान्तमा ठूलो स्वरले कीर्तन गर्दथे । उनी साँझमा गाउँतिर फर्कन्थे र हरि कथा सुनाउने गर्दथे । भगवान्‌को लीलामा जसको रस बसेको हुन्छ, त्यसलाई संसारका सबै रसहरू खल्ला लाग्दछन् । भगवान्‌का लीलाहरूबाट जुन आनन्द पाइन्छ त्यो अन्यत्र कहाँ मिल्ने ? गजेन्द्रमोक्ष तथा द्रौपदी-चीरहरणका कथाहरू सुनाउने वेलामा गणेश-नाथको सुधी-बुधिरहँदैनथ्यो र उनी दयालाग्दो गरी घुँक्क-घुँक्क रुन्थे–

गोविन्द द्वारकावासिन् कृष्ण गोपीजनप्रिय ।
कौरवैः परिभूतां मां किं न जानाति केशव ।।
हे नाथ हे रमानाथ व्रजनाथार्तिनाशन ।
कौरवार्णवमग्नां मामुद्धरस्व जनार्दन ।। (महाभारत, सभापर्व ६७)

बीच-बीचमा उनी विशेष भावाविष्ट भएर नाच्तथे र सारा जनता प्रेमले विह्वल भएर उनको स्वरमा स्वर मिलाएर गाउन लाग्दथे । नाम-सङ्कीर्तनको रस बडो अनौठो हुन्छ । एकपटक जसलाई यसको रस बस्दछ, त्यो जन्म-जन्मान्तर नामको दास बन्दछ । नाम-सङ्कीर्तन गरेर प्रभुका चरण-कमलमा जसको दृढ अनुराग हुन जान्छ र जसको चित्त प्रेमले पग्लिसकेको हुन्छ, त्यस्तो भक्त पागलसरह कहिले खित्का छाडी हाँस्दछ, कहिले रुन लाग्दछ, कहिले रुँदा-रुँदै चिच्याउँदछ, कहिले गीत गाउँदछ, कहिले मस्त भएर नाच्दछ, कहिले भगवान्‌को मनोहर मूर्तिको ध्यान गर्न लाग्छ, कहिले मानिस-

हरूका गोडा ढोगी-ढोगी उनीहरूको वन्दना गर्दछ र कहिले फेरि लगातार लामा-लामा सास फेर्दछ र लोक-लज्जाको कुनै वास्ता नराखी कराई-कराई 'हे हरि ! हे जगत्पते ! हे नारायण ! 'आदि पुकार्दछ ।

तन-मनको सुद्धी समाप्त भएको यस्तो प्रेमी भक्तलाई संसारको कुनै नियम पनि लाग्दैन । यस्तो श्रेष्ठ भक्त त भगवान्का चक्रपाणि, गोपीवल्लभ, राधारमण आदि सुन्दर सुमनोहर नामहरू उनका अर्थहरूको विषयमा गाउँदै तथा उनका अलौकिक दिव्य लीलाहरूको सङ्कीर्तन गर्दै निर्लज्ज निरीह र निःसङ्ग भावले पृथ्वीमा डुल्ने गर्दछ । **श्रीमद्भागवत**मा भनिएको छ–

शृण्वन् सुभद्राणि रथाङ्गपाणे
र्जन्मानि कर्माणि च यानि लोके ।
गीतानि नामानि तदर्थकानि
गायन् विलज्जो विचरेदसङ्गः ॥ (११–२–३९)

साधना-मार्गका सबभन्दा ठूला विघ्न मान र प्रतिष्ठा हुन् । ठूलाभन्दा ठूला महात्मा पनि आफ्नो साधनालाई मान-प्रतिष्ठा र पूजा-प्रशंसाको वेदीमा बलि चढाई दिन्छन् । **मान-प्रतिष्ठा मीठो छुरी हो र त्यो हो विषको रसले भरिएको सुनको घल्चा।** एकफेरा मात्र पनि मान-प्रशंसाको कुरा सुनेर साधकको हृदय पग्लन्छ र आत्मप्रतिष्ठामा मिठास लाग्दछ भने साधकको पतन भइहाल्छ । त्यसैले साधनाको बाटोमा पाइला-पाइलामा सावधानीको आवश्यकता छ । सावधानी नै साधना हो । 'आफ्नो हृदयको कुनै कुनामा कामना लुकी-छिपी रहेको त छैन ?' भनी साधकले सदा विचार गरिरहनु-पर्दछ । उसले आफैमाथि निगरानी राख्नुपर्दछ । भगवान्को भरपर्दो आश्रय रहिरह्यो भने विपत् र विषमताहरू केही गर्न सक्तैनन् । संसारको कुनै प्रलोभनले कहीं हृदयलाई लोभ्याउन नपाओस् भन्ने ध्यान सधैं रहनुपर्दछ । अस्तु ।

गणेशनाथलाई संसारबाट सर्वथा वैराग्य भइसकेको थियो र सुख-दुःख, मान-अपमान, राग-द्वेष आदि द्वन्द्वहरूबाट मुक्त भइसकेका थिए । उनलाई सुन र सुन्दरी-प्रति यत्तिको बेवास्ता थियो कि उनी त्यसपट्टि हेर्दै-हेर्दैनथे । सुन्दर लुगा, मीठो खाना तथा धन-सम्पत्तितिर त आँखै जाँदैनथ्यो । एकपटक छत्रपति शिवाजी तीर्थयात्रामा पण्डरपुर पुगे । साधु गणेशनाथको नाम सबै जान्दथे । शिवाजी महाराज उनको दर्शन गर्न गए । त्यस-वेलामा गणेशनाथजी कीर्तनमा व्यस्त थिए । को आयो र को गयो

भन्ने उनलाई के पत्तो । खुट्टामा चाँप बाँधेर गणेशनाथ बेसुद्धी भई नाच्दै भगवान्‌को नामको कीर्तन गरिरहे । रात धेरै बितिसकेपछि कीर्तन समाप्त भयो । शिवाजीले गणेशनाथजीका पाउमा मुकुट राखेर हात जोडी नम्रता र आदरका साथ भने– 'महाराज ! कृपा गरेर मेरो शिविरमा पाल्नुहोस् र आज राति त्यहाँ आराम गर्नुहोस् ।' यस्तो मान-प्रतिष्ठालाई देखेर गणेशनाथको हृदय रोयो, तर शिवाजीको आग्रह पनि अटल थियो । नगई हुँदै नहुने देखेपछि गणेशनाथले एउटा जुक्ती निकाले । प्रशस्त कङ्कड छानेर उनले आफ्नो लुगामा पोको पारे । त्यो देखेर शिवाजीलाई अचम्म लाग्यो र उनले त्यसको कारण थाहा पाउन सोधेपछि भक्त गणेशनाथले भने– भगवान्‌को नाम लिनको लागि ।

मान-प्रतिष्ठाको लपेटोले बेर्न खोज्दछ भने भगवान्‌को नामको आश्रय लिनुपर्दछ र ठूलो स्वरले भगवान्‌को नाम जप्नुपर्दछ । संसारका प्रलोभनहरूबाट भगवान् मात्र जोगाउन सक्तछन् र उनको हात सर्वत्र र सधैं भक्तको मस्तकमा रहेकै हुन्छ । गणेशनाथ शिवाजीको शिविरमा पुग्छन् त के देख्छन्–फूलहरूको बिछ्यौना बिछ्याइ-इएको छ, अत्तर-पाना राखिएको छ र नाना पक्वान्न-मिष्टान्न राखिएका छन् । गणेशनाथको हृदय सन्न भयो । उनी सोच्न लागे– हाय ! म किन यहाँ फस्न आइपुगें ! जसरी शेर सानो बाच्छोलाई समातेर आफ्नो गुफामा लैजान्छ र बाच्छो भयभीत आँखाले शेरलाई वारंवार हेर्दछ र भाग्ने औसर तथा बाटो खोज्छ, त्यसरी नै भक्त पनि मान-प्रतिष्ठारूपिणी राक्षसीदेखि डराउँछन् र उसबाट छुटकारा पाउन भगवान्‌सँग आर्त प्रार्थना गर्छन् ।

गणेशनाथजीलाई त्यस सुख-भोगसँग के मतलब ! उनलाई त्यहाँ नरकको कठोर यातनाको अनुभव भयो र रातभर राम-राम गर्दै उनले समय काटे, फूलको शय्यामा ढुङ्गाका टुक्रा-टाक्री छरे र त्यसबाट एउटा एउटा टिपेर भगवान्‌को नाम लिंदै भगवान्‌को स्मरणमा आँसु खसालिरहे । नींद उनलाई कसरी लाग्दथ्यो ! रुँदै भगवान्‌को नाम लिंदै कङ्कड टिप्दै र फेरि छर्दै गरिरहेका गणेशनाथलाई बिहान उनको दर्शन गर्न आएका शिवाजीले देखे । शिवाजीले कर जोरी श्रद्धा-विनयपूर्वक सोध्नुभयो– 'महाराज ! राम्रोसँग निद्रा त पऱ्यो ? कुनै किसिमको असुविधा त भएन ?' गणेशनाथजीले स्नेहा-कुल शब्दहरू भने–'अँ, मेरो आजको रात सफल रह्यो– रातभर हरिस्मरण गरिरहें । यसभन्दा ठूलो सुख अरू के होला ?' त्यसपछि महात्मा गणेशनाथजीले शिवाजीलाई

विषयसुखको तुच्छता र भगवत्सुखको श्रेष्ठता प्रेमपूर्वक बुझाउनुभयो । अनि शिवाजीका आँखा खुले । गणेशनाथजीले आँखाभरि आँसु पारी गद्‌गद स्वरमा भने–

कदा वृन्दारण्ये विमलयमुनातीरपुलिने
चरन्तं गोविन्दं हलधरसुदामादिसहितम् ।
अये कृष्ण स्वामिन् मधुरमुरलीवादन विभो
प्रसीदेत्याक्रोशन् निमिषमिव नेष्यामि दिवसान् ।।

'यमुनाको रमाइलो किनारा होओस्, वृन्दावनका सुन्दर वनहरूमा हलधर र सुदामा आदि प्यारा गोपालहरूको साथ तपाईं बाँसुरी बजाएर डुलिरहनुहोस्, हे मेरा प्राणनाथ ! हे मेरा मदन-मोहन ! ओ मेरा चित्तचोर ! मेरो लागि यस्तो दिन कहिले आउला, जब म तिम्रो यस प्रकारको छविलाई हृदयमा धारण गरेर पागल-समान कृष्ण-कृष्ण चिच्याएर आफ्नो जीवनका सम्पूर्ण समय एक पलक समान बिताउँला !

शिवाजीले हात जोरेर क्षमा माग्नुभयो । त्यो सुनेर गणेशनाथजीले भने–

धर्मं भजस्व सततं त्यज लोकधर्मान्
सेवस्व साधुपुरुषान् जहि कामतृष्णाम् ।
अन्यस्य दोषगुणचिन्तनमाशु मुक्त्वा
सेवाकथारसमहो नितरां पिवत्वम् ।। (श्रीमद्‌भागवत ४।८०)

'धर्मको आचरण गर र विषयवासनारूपी जुन लोकधर्म छ त्यसलाई छाड । सत्पुरुषहरूको सधैं सङ्गत गर र भोगको इच्छालाई हृदयबाट हटाएर बाहिर फाल । अरूका गुण र दोषहरूको विचार एकदम त्याग । श्रीहरिको सेवा र कथाको रसरूपी रसायनलाई सधैं पिइरहू । यसैलाई मात्र मैले मनुष्यमात्रको कर्तव्य सम्झेको छु ।'

आफ्नो साधनालाई बाधा दिने आफ्नो कीर्ति र ख्याति बढेको देखेर गणेशनाथले सबै छोडछाड गरेर जङ्गलमा बस्नु नै मनासिब ठाने । साधनाहरूविना एक क्षण पनि साधु-महात्माहरूलाई असह्य हुन्छ । त्यसपछि गणेशनाथ जङ्गलमा नै रहेर अहोरात्र प्रभुको नाम-कीर्तन गर्न लागे । उनका कीर्तनको प्रभाव यत्तिको राम्रो पर्न थाल्यो कि त्यहाँका जङ्गली पशु-पक्षीहरू पनि उनको छेउ-छाउमा भेला हुन लागे र विमुग्ध दृष्टिले उनको कीर्तन हेर्दै त्यहीं स्थिर हुने भए ।

गणेशनाथजीको भक्तिको प्रभाव यत्तिको बढयो कि उनले जसलाई हातले छोयो त्यो प्रभुको प्रेममा पागल नभई छाड्दैनथ्यो । त्यस्ता मस्तानाहरूको सङ्ख्या बढ्दै गयो । केही मानिसहरूलाई ठट्टा गर्ने विचार आयो। त्यहाँको एउटा रूखलाई आफ्नो शिष्य बनाएमा मात्र उनलाई सिद्ध-महात्मा मान्ने भनी उनीहरू गणेशनाथकहाँ गएर भन्न लागे । गणेशनाथजीलाई त्यस व्यङ्ग्यसँग के लिनु थियो ? तर हुने-हुनामी अर्कै थियो। कीर्तनको सुरमा जब मस्त भएर नाच्न थाले अचानक उनको हातले त्यो जीर्ण वृक्ष छुन पुग्यो । तत्काल त्यो बूढो रूख फेरि हरियो भएको मानिसहरूले देखे । गणेशनाथजीले भने-- 'यो बिचरो जीर्ण वृक्ष धेरै दिनदेखि भोकले तडपिरहेको छ । यसलाई भोजन दिनु-पर्छ र त्यसवेला त्यहाँ जे-जति अन्न-जल थियो, त्यो सबै दिनको लागि जसै हात बढाएका थिए तब मानिसहरूले देखे– रूखको फेदको एक ठाउँ गाँस टिप्न मुख बाएकै हो कि भनेझैं खोलियो । मानिसहरू आश्चर्यमा परे र फेरि गणेशनाथजीका साथ मिलेर कीर्तन गर्न लागे ।

प्रभुको प्रेमको मात लागेकाहरू जहाँ रहन्छन् त्यस ठाउँका परमाणुहरूमा पनि कृष्णको प्रेम भरिभराउ रहन्छ र त्यहाँ भएका सबै 'हरि ! हरि ! '-को तालमा नाचि-रहन्छन् । एक पटक कीर्तन गर्दा-गर्दै गणेशनाथजी बेसुद्धी भए र चिच्याएर कृष्ण-कृष्ण, हरि-हरि र गोविन्द-गोविन्द कराउन थाले । अब के थियो ? त्यहाँका ढुङ्गाहरू पनि जोरले जुध्न थाले र गणेशनाथजीको कीर्तनको मोहनी लागेर आनन्दमा डुब्दै नाच्न लागेको मानिसहरूले त्यहाँ देखे र सुने । समस्त प्रकृति प्रभुको रासक्रीडामा सामेल हुनको लागि आनन्द र प्रेममा तल्लीन भई नाच्न थाल्यो । प्रभुको नामको यस्तै नै प्रभाव पर्दछ । संसारका सबै प्राणीहरू–चर तथा अचर सबै यस प्रेमरसलाई भेट्टाउन व्याकुल छन् । यस नामरसको चस्का नलागुन्जेल संसारको दौडादौड छ । हरिको रसले मोहित भइसकेपछि सबै चीज खालि हरि नै हरि हुन पुग्छन् । त्यसै वेलादेखि अत्यधिक प्रेमले नामको रस लिंदै, प्रभुको साक्षात् दर्शन पाउँदै र बाहिर र भित्र उसैलाई देख्दै, सुन्दै तथा स्पर्श गर्दै हामीहरू गाउन लाग्दछौं –

हरेर्नाम हरेर्नाम हरेर्नामैव केवलम् ।
कलौ नाऽस्त्येव नाऽस्त्येव नाऽस्त्येव गतिरन्यथा ॥

–नारदपुराण १।४१।१५

भन भगवान् र उनका भक्तको जय !

भक्त-मनकोजी–बोधला– भक्त मनकोजीको जन्म भारतको बरार प्रान्तको धामनगाउँ नामको शहरमा भएको थियो । उहाँ त्यहाँको मुखिया हुनुहुन्थ्यो । उहाँकी पत्नीको नाम मामाताई थियो । उनी बाहिर-भित्र सबैतिर सुन्दर थिइन् । ती पतिव्रता स्त्री पतिको तन-मनले अनुसरण गर्दथिन् । यिनका यमाजी एउटा इन्द्रियजित् र वैराग्य-वान् छोरा थिए र सर्वसुलक्षणा भागीरथी नामकी छोरी पनि थिइन् । चारैजनाको मन विषयभोगबाट हटेको थियो । रात-दिन भगवान्को भजन गर्नु र घरका सबै काम-काज भगवान्कै प्रेमको लागि यथायोग्य भ्याउनु उनीहरूको मन परेको काम थियो । घरमा प्रशस्त धन थियो,अन्नका कोठा भरिएका थिए तथा गोठमा गाई,भैंसी र गोरुहरूका ताँती लागेका थिए । हरेक एकादशीमा पण्ढरपुर गएर भगवान्को दर्शन गर्ने बोधलाको नियम थियो । एकादशीमा चन्द्रभागामा स्नान गरी भगवान्को दर्शन गर्ने, रातभर जागरण बस्ने र द्वादशीको दिन चन्द्रभागाको तीरमा ब्राह्मण-भोजन गराउने तथा गरीब-गुरुवालाई अन्न बाँड्ने र त्रयोदशीको दिन घर फर्कने– यी नियमहरू वर्षौंदेखि चलिरहेका थिए । एकफेरा देशमा ठूलो अनिकाल पऱ्यो र अन्नविना मानिस र आहाराविना पशुहरू मर्न थाले । सबै जीव-जीवात्माहरूमा आफ्ना भगवान्को स्वरूप देख्ने बोधलालाई त्यो सब सह्य भएन । उनले आफ्नी पत्नी मामाताईसँग एकान्तमा भने–'प्यारी ! देशमा घोर अनिकाल परेको छ । यसवेला हाम्रा भगवान्ले दरिद्र र भोका प्राणीहरूको रूप धारण गरेर हामीहरूलाई आफ्नो पूजा गराउन खोजिरहेका छन् । हाम्रो घरमा भएको जे-जति धन, गहना र अनाज छ त्यो सबै भगवान्कै हो । आज उनकै चीजबाट उनको पूजा गर्ने अवसर आएको छ । यस्तो मौकालाई हातबाट गुम्न दिनु हुन्न । **भोकाहरूलाई अन्न, प्यासाहरूलाई पानी, पशुहरूलाई आहारा, नाङ्गाहरूलाई लुगा, रोगीहरूलाई औषधि र आश्रयहीनलाई आश्रय दिनु नै भगवान्को साँचो पूजा हो; तर यस्तो पूजा गर्दा घमन्ड लाग्नु हुँदैन ।** कसैको अपमान नहोओस् । मीठो बोलीले सबैको सत्कार गरेर भगवान्लाई यथायोग्य भेट चढाउनुपर्दछ । सबैमा रमण गर्ने मेरा राम यस्तो पूजाबाट औधी प्रसन्न हुन्छन् । त्यसैले तिमी अहिल्यैदेखि यस पूजामा लाग । अबेर गर्नु उचित छैन ।'

पतिको आज्ञाको पालना गर्ने निर्लोभ र सती मामाताईलाई पतिका कुराले धेरैखुशी लाग्यो र उनी हात खोलेर दीन-दुःखीहरूको सेवामा तन-मन-धनले लागिन् । बोधलाको घर गरीब नर-नारीहरूको आश्रयधाम बन्यो । सारा देशमा त्यो कुरा फिजियो । चारैतिरबाट भोका मानिसहरू हूलका हूल आउन लागे र मामाताई

अत्यन्त प्रसन्नतासाथ उनीहरूलाई सत्कारपूर्वक अन्न र वस्त्र बाँड्न थालिन् । बाँड्दा-बाँड्दै कुबेरको भँडार त रित्तिन्छ भने बोधलाको घर के हो र ! अन्नका सबै गोदामहरू खाली भएपछि बोधलाले सम्पत्ति बिक्री गर्न शुरू गरे । उनले आफ्ना भएभरका गहना र ज्वारातहरू बेचे र अन्न किनेर गरीबहरूलाई बाँडिदिए । घरका लुगा-कपडा र भाँडा-बर्तन पनि रहेनन् । आखिरमा घरमा एक दिनको लागि पनि खाना बचेन र जनावरहरूको लागि आहारा बचेन । अनि उनले पशुहरू पनि बाँडिदिए । दरिद्रतादेवी आफ्नो दलबलसहित बोधलाको घरमा आई बसिन् । बोधला आफ्नी स्त्रीका साथ मजदूरी गरेर आफ्ना र बच्चाहरूको पेट पाल्न लागे । यस अवस्थामा पनि बोधला र उनकी पत्नीलाई जुन सन्तोष र आनन्द थियो, त्यसको तुलना ठूला-ठूला महलमा रहने, सब प्रकारका भोगहरूले सम्पन्न कुनै पनि महान् धनवान् व्यक्तिको आनन्दसँग गर्न सकिंदैन । बोधला र उनकी पत्नीको आनन्द सात्त्विक निर्मल र आदर्श छ र त्यसको आधार महान् त्याग र भगवत्सेवा हो; परन्तु धनीको भोगानन्दको आधार भने पापको कारणरूप क्षण-भङ्गुर भोग र अभिमान हो । भोगको आनन्द अर्कै जातको हो र त्यागको आनन्द त्यसभन्दा विलक्षण बेग्लै जातको । **भोगको आनन्दको पर्यवसान नरक र दुखःमा छ, तर त्यागको आनन्दको परमप्राप्ति भगवान्को परमधाम र आत्यन्तिक नित्य परमानन्द हो । त्यागको आनन्द नै असली आनन्द हो । भोगानन्द त आनन्दको छाया मात्र हो ।** यसैकारण भगवान्का भक्त प्रायः भोगी नभएर त्यागी हुन्छन् । उनीहरू ज्ञानको अभिमानदेखि पनि डराउँछन्, किनभने उनीहरूलाई अभिमानबाट भगवान् कहिल्यै मिल्दैनन् भन्ने थाहा छ । **भगवान्को प्राप्ति त प्रेमद्वारा नै हुन्छ र प्रेम अभिमान रहुन्जेल हुँदैन ।** अस्तु । बोधलाको प्रेमदेखि प्रसन्न भएर भगवान्ले एकान्तमा उनलाई दर्शन दिए । यसले गर्दा उनको आनन्द अझै बढ्यो ।

एकादशीमा बोधलालाई पण्ढरपुर जानु थियो, तर उनीसँग एक पैसा पनि थिएन । पत्नीलाई ठूलो चिन्ता लाग्यो । बोधलाले भने– तिमी फिक्री किन मान्छ्यौ ? म जङ्गलबाट सुकेका दाउराको एक भारी पण्ढरपुर लिएर जाउँला र त्यो बेचेर आफ्नो काम चलाऔंला ।' यति भनेर आफ्नो नियमका पक्का बोधला हिंड्दिए । बाटोमा बटुलेर एकभारी सुक्खा दाउरा टाउकोमा बोकी निश्चिन्त भावले भगवान्को प्रेमपूर्वक कीर्तन गर्दै उनी पण्ढरपुर पुगे । त्यसदिन उनको हृदयमा ठूलो आनन्द थियो । भगवान्को कृपाले आफू भोग र मायाको बन्धनबाट मुक्त भएको बुझेर उनी प्रफुल्लित भएका थिए । पण्ढर-

पुर पुगे र उनले दाउराको भारी तीन आनामा बेचे र पैसा लिएर चन्द्रभागाको किनारा-मा पुगे । एक आना घाटेलाई दिए र दुई आनाको पूजा सामग्री लिएर भगवान्‌को दर्शन र पूजा गरे । दिनभर उपवास र रातभर जाग्राम बसी बेहान फेरि जङ्गलबाट एक भारी दाउरा ल्याएर तीन आनामा बेची चन्द्रभागाको तीरमा गएर तीन आनाको पीठो किनेर सधैंको नियमअनुसार ब्राह्मण-भोजन गराउने इच्छाले ब्राह्मणको खोजीमा लागे । पर्खंदा-पर्खंदा दुई प्रहर बिते, तर कुनै ब्राह्मण पनि पाएनन् । उनले अनेकौं ब्राह्मणहरूसँग अनुरोध गरे, तर पीठो मात्र लिन कसैले मानेनन् । बोधला मनमनै सोच्न लागे– ठीकै हो । पीठो मात्र लिएर ब्राह्मण के गरून् ? मसँग न नून छ, न तरकारी, न घ्यू छ, न दाल छ । दक्षिणा दिन पनि एक पैसा छैन । चन्द्रभागाको किनारामा जहाँ ठूलठूला दक्षिणा दिएर यतिका ब्राह्मणभोजन गराउने धनीहरू जम्मा भएका छन्, त्यहाँ म गरीबको सुक्खा पीठो कुनचाहिं ब्राह्मण लेला ?'

यो सोच्दा-सोच्दै उनका आँखामा आँसु आए । यता उनको हृदय पग्लना-साथ उता भगवान् पनि पग्ले र भक्तको प्रेमपूर्ण नैवेद्य स्वीकार गर्नको लागि बूढा दरिद्र ब्राह्मणको वेशमा भगवान् त्यहाँ प्रकट भएर बोधलासँग भन्न लागे- 'अरे ओ भक्त ! मलाई धेरै भोक लागेको छ । तिमीसँग केही छ भने मलाई चाँडै देऊ ।' ब्राह्मणको बोली सुनेर आखिर भगवान्‌ले ब्राह्मणलाई पठाइदिनुभयो भन्ने सम्झी बोधलाले भगवान्‌को ठूलो कृपा माने । ब्राह्मणको वेशमा साक्षात् नारायण नै उनको प्रेममय पीठो लिन पाल्नुभएको उनलाई के थाहा ? कहीं केवल पीठोको कुरा सुनेर उनी पनि नलेलान् र नराम्रो होला भन्ने ठानी बोधलाले भने –'महाराज ! मसँग अलिकता पीठो मात्र छ र अरू केही पनि छैन ।' भगवान्‌ले भने – 'अरे बाबा ! जे छ त्यहीं किन दिंदैनौ? दाल, चामल, घ्यू र सक्खर मैले कहाँ मागेको छु ? मलाई त भोक लागेको छ र पीठोका सुक्खा रोटी बनाएर अहिले नै खानेछु । ल्याऊ चाँडै देऊ ।' बोधलाले पीठो दिए । ब्राह्मणलाई आफ्नै अगाडि भोजन गराउने र दक्षिणा दिएर बिदा गराउने उनको नियम थियो । तर त्यसदिन पीठो मात्र दिएर त्यहीं बनाएर भोजन गर्नको लागि ब्राह्मणलाई भन्न सक्ने बोधलाको हिम्मत भएन । अन्तर्यामी भगवान्‌ले उनको मनको कुरा बुझेर भन्नुभयो– 'ए भाइ ! उभिएर के हेर्छौ ? देख्दैनौ म भोकले मरिरहेको छु ? चाँडै कहींबाट दुई-चार गोबरका गुइँठा मागेर ल्यायौ भने म अहिले नै तिम्रो अगाडि रोटी बनाएर खानेछु ।' आफ्नो मनःकामना पूरा हुन लागेको देखेर बोधला खुशी भए र यात्रूहरूसँग केही गुइँठाहरू मागेर ल्याए ।

ब्राह्मण चन्द्रभागामा नुहाएर चिसो लुगा नफेरीकन नै रोटी पकाउन बसे। बोधलाले कहींबाट आगो मागेर ल्याए। ब्राह्मणले पीठो मुछ्न शुरू गरे। धन्य हुन् सर्वलोकमहेश्वर ! जो समस्त ऐश्वर्यको आधार हुन्, जसका चरणको सेवाबाट लक्ष्मी एक क्षण पनि पर हुन चाहन्नन्, जसका नामको स्मरण हुनलाई ठूलठूला महापुरुषहरू आफ्नो सौभाग्य ठान्दछन् र जसका प्रेमको खातिर वेदज्ञ ऋषिहरू वेदमन्त्रले अग्निमा आहुतिहरू अर्पण गर्दछन् उनी नै त्यसदिन भक्तले दिएको पीठोलाई आफ्ना हातले मुछिरहनु भएको थियो। भगवान्को बानी नै यस्तो छ, त्यसैले त उनी विदुरको साग-पातमा रशबरीका बयरहरूमा रिझिनुभएको थियो। प्रेमले अर्पण गरिएको एक-एक पात उनलाई प्यारो लाग्दछ। उनी स्वयं नै घोषणा गर्छन् –

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥

–श्रीमद्भगवद्गीता ९।२६

'भक्त भक्तिपूर्वक पात, फूल, फल, जल आदि जेसुकै मलाई अर्पण गर्दछ, त्यस प्रेमी भक्तले अर्पण गरेको त्यो वस्तु म स्वयं प्रकट भएर भोजन गर्दछु।'

ब्रह्माण्डको ऐश्वर्यकी अधीश्वरी महालक्ष्मी हुन्। उनको कृपा नभई कसैलाई कुनै चीज पनि मिल्न सक्तैन, तर भगवान्का प्यारा भक्तहरूले चढाएको दुर्लभ वस्तुको भाग लिन भने उनी पनि ललचाउँछिन्। देवी रुक्मिणीले सुदामाका कनिका भगवान् श्रीकृष्णको हातबाट खोसेर लिएकी थिइन्। त्यसदिन त्यहाँ पनि रुक्मिणीको मन लोभियो। झटपट दाँत फुक्लेकी बूढी बनेर बूढा ब्राह्मणको छेउमा राज भइन् र भन्न लागिन्–'मलाई नदिएर के तपाईं आफ्ना यजमानले दिएको अन्न आफै मात्र खानुहोला ?' भगवान् मुसुक्क हाँसे। भोजन बन्न थाल्यो।

त्यस पीठोले एउटा मान्छेको पेट भर्न पनि गाह्रो पर्ला भनी बोधलाले विचार गरे –तब ती दुई के खालान् ? सारा विश्वको पेट भर्ने विश्वम्भर उनी नै थिए भनी बोधलालाई थाहा थिएन। रोटीहरू तयार भए लक्ष्मीका हातबाट बनेका रोटीहरू तीन लपेसमा पस्किए भगवान्ले आज्ञा गर्नुभयो–'भक्तजी ! तिमी पनि साथ-साथै प्रसाद खाऊ !' उनीहरूकै पेट भर्न अपुग हुने अवस्थामा आफू के खाउँला भन्ने सोची बोधलाले भने–'भगवन् ! हजूर र माताजी भोजन गर्नुहोस्। म उब्रे-पाब्रेको पुराको प्रसाद पाइहालुँला।' भगवान्ले रहस्यमय हाँसो हाँसेर भन्नुभयो–'ठीक कुरा हो।'

जगन्नाथ तथा जगन्माता दुवैले पेटभरि ज्यूनार गर्नुभयो र बोधलाले हेर्दा-हेर्दै त्यहाँ दुवै अदृश्य हुनुभयो । बोधलाको लपेस रोटीले भरिएको थियो । उनी आश्चर्यले उफ्रे। ब्राह्मणको रूपमा साक्षात् आफ्नै स्वामी पाल्नुभएको रहेछ भनी बोधलालाई निश्चय भयो । उनी खुशीले गद्गद भए र प्रसाद खाएर स्तुति पाठ गर्दै मन्दिरमा गए । मन्दिरमा पुगेर जब उनले भगवान्को दर्शन गरे, तब उनलाई भगवान् मुस्कुराइरहनुभएको प्रस्ट थाहा भयो । बोधलाले गद्गद भएर भने–'भगवन् ! धन्य हो हजूरको कृपा ! हजूर प्रेमको अगाडि केही पनि देख्नुहुन्न । यसैले त ठूला-ठूला धनीहरूका विशाल चतुर्विध भोग्य सामग्री छाडी हजूरले प्रेमवश मेरो पीठाको रोटीको भोग लगाएर म अकिञ्चन-लाई कृतार्थ गरिदिनुभयो । भगवान्ले भने–'भाइ ! म सर्वत्र जान चाहन्छु, परन्तु ठूला-ठूला भोग लाग्दा मलाई टेर्ने कसले ?'

बोधलाले भने– 'महाराज ! यस्तो पनि कहिल्यै हुन सक्तछ ?' भगवान्ले आज्ञा गर्नुभयो– हुन्छ, भोलि नै यो तमाशा हेर । फलाना सेठ कहाँ भोलि एक हजार ब्राह्मणहरूलाई भोजन गराइनेछ । उनीहरूको लागि किसिम-किसिमका मिठाइहरू आजैदेखि तयार गरिन लागेका छन् । ब्राह्मणहरूलाई निमन्त्रणा दिन लागिएको छ । म पनि त्यहाँ जानेछु । तिमी पनि टाढा उभिएर तमाशा हेर्नू ।' बोधलाले भने– 'राम्रो कुरा हो प्रभु !

दोस्रो दिन ठीक समयमा बोधला पुगे लाम-का-लाम मानिसहरू देखे । हजार लपेसहरू ओच्छाइए । सेठका मुनीमहरू आमन्त्रित ब्राह्मणहरूको नामावली हेर्दै बसाउन लागे । कुनै उनाउ व्यक्ति आउन नपाओस् भन्ने निगरानी पुऱ्याउन सेठ खडा थिए । त्यत्तिकैमा उनै बूढा र कुप्रा ब्राह्मण कम्मरमा एउटा टाटको टुक्रा बेरी लट्टी टेक्दै आइपुगे । उनले सेठलाई भने–'सेठजी ! साह्रै भोक लागेको छ ।' सेठले भने– 'तपाइँलाई निम्तो दिइएकै छैन । यहाँ निमन्त्रित ब्राह्मणहरूबाहेक अरू कसैलाई भोजन गराउन सकिन्न ।' ब्राह्मणले भने– 'सेठजी ! गरीब हुँ । धेरै भोको छु । तपाईंकहाँ एक हजार ब्राह्मणहरू खाइरहका छन् भने एक बढी नै भए तापनि के भो र ?' सेठले घुड्की लगाउँदै भने– 'हुन्न, हुन्न, नबोलाइएका भिखारीहरूलाई खुवाउन लागियो भने यतिलाई ख्वाइयो भनी पत्ता लाग्ने कसरी ? जाऊ, जाऊ ! यहाँ केही पनि पाइँदैन ।' ब्राह्मणले भने– 'भोकले प्राण उड्न लागेको छ । हिंड्न सक्दिनँ । म त खाएर नै जानेछु ।' यति भनेर ब्राह्मण एउटा लपेसमा बसे । त्यो देखेर सेठ रिसले चूर भए । उनले हकारेर भने– 'ए ! यहाँ को छ ? यस बूढालाई पक्रेर निकालिदे ।' चौकीदार

दौडेर आयो र ब्राह्मणलाई पक्रेर घिच्याउन थाल्यो। ब्राह्मणले भने– 'भोकले मरिरहेछु भाइ। केही दया गर।' सेठजीको रिस अझै बढ्यो। उनले भने– 'निकाल यसलाई घोक्याएर। यसको बाबुले पैसा जम्मा गरेको थियो यहाँ, अहिले यसरी लिन आउनलाई ? अलच्छिना कहींको ! शैतान । आफूखुशी गएर पङ्क्तिमा बस्ने। यसको बाबुकै घर हो जस्तो पो ठान्छ यो !' बोधला टाढा उभिएर त्यो तमाशा हेरिरहेका थिए। सेठका पालेहरूले ब्राह्मणलाई घिसारेर बाहिर निकालिदिए।

बाहिर निस्केर ब्राह्मण बोधलालाई हेर्दै मुस्कुराएर बोले– 'देख्यौ त ? यहाँ हामीजस्तालाई कसले खुवाउँदछ ? लौ, अब अर्को तमाशा हेर।' हेर्दा-हर्दै ठूलो हुरी बतास चल्यो। छप्पर उड्यो, लपेसहरू बपत्ता भए, मिठाई यता-उता छरिए र प्राण बचाउन ब्राह्मणहरू भागे। सठको ब्राह्मण-भोजनमा दक्षको यज्ञमा जस्त विध्वंस भयो। भगवान्‌बाट आज्ञा भयो– 'प्रिय बोधराज ! म अभिमानी र दम्भी मानिसहरूको भोजन स्वीकार गर्दिनँ। मलाई तिमीजस्तो भक्तले दिएको रुक्खा-सुक्खा रोटी मीठो लाग्दछ। अभिमानको परिणाम पनि तिमीले देखिहाल्यौ।' बोधलालाई भगवान्‌को कृपा प्राप्त भयो र उनी कृतार्थ भए।

भगवान्‌लाई ढोगी बोधला तेस्रो दिन आफ्नो गाउँतिर हिंडे। दुई दिनदेखि केही खाएका थिएनन्। भोक र प्यासले प्राण छटपटिन लागेको थियो। संसारको पालन गर्ने भगवान्‌लाई भक्तको दुःख असह्य भयो। उनले भक्तको योगक्षेमको ठेक्का नै लिइराखेका छन्। छिनभरमै बाटोमा एउटा रमाइलो बगैंचा लाग्यो। स्वयं बैकुण्ठ-नाथ माली बनेका थिए र जगज्जननी महालक्ष्मी रुक्मिणी मालिनी। कुवाबाट पानी तानेर सिंचाइ गरिरहेका थिए। बोधलाले त्यहाँ पुगेर देखे– 'यो नयाँ बगैंचा कहिले लगाइएछ ? म यो बाटो बीसौं पटक हिंडिसकें र यहाँ एउटा रूखसम्म पनि थिएन! मायाले काम गऱ्यो। बोधलाले विचार गऱ्यो– बिर्सिसकेंहुँला। उनी भोक र प्यासले व्याकुल थिए, तर अर्काको बगैंचामा कसरी जाने ? अतएव दुःख र सुखमा समान रहने बोधला भगवान्‌को नाम जप्दै अगाडि बढे। मालिनी बनेकी रुक्मिणीले टाउकोमा एउटा छाप्री उठाइन्। त्यसमा रोटी, ताजा दूध र अनेक प्रकारका मीठा फल थिए। छिटै बोधला भएको ठाउँमा पुगे र छाप्री एक छउमा राखर नम्र बोलीमा मालिनीले भनिन्– 'भक्तजी ! तपाईं साह्रै थाकेको देखिनुहुन्छ। बगैंचामा गएर अलिकता आराम गर्नुहोस्। त्यहाँ मालिक तपाईंलाई पर्खिरहनुभएको छ। यो खाना

मैले भर्खरै ल्याएको हो । केही खाएर पिएर जानुहोस् । तपाईं पण्ढरपुरनाथको यात्री हुनुहुन्छ । त्यसैले स्वामीले भक्तिपूर्वक तपाईंलाई बोलाएको हो । उहाँ गोरु-हरू हेरिरहनुभएको छ । नभए उहाँ आफै पाल्नुहुने थियो । आफ्नो पाउको धूलोले हाम्रो झुप्रोलाई पवित्र पार्नुहोस् ।'

बोधला आमाका पवित्र र मीठा वचनहरू सुनेर गद्‌गद भए । उनी बगैंचामा गए । चतुर मालीले उनको धेरै सत्कार गरे र रोटी, दूध, फल आदि खुवाए र चिसो पानी ख्वाई उनलाई बिदा गरे । बोधला बगैंचाबाट बाहिर निस्किनेबित्तिकै सबै बगैंचा तथा माली-मालिनी जादू सरह अदृश्य भए । बोधलालाई कृपानाथको कृपाको एउटा अर्को प्रत्यक्ष प्रमाण मिल्यो । उनी गद्‌गद स्वरले भगवन्नामको कीर्तन गर्दै घर पुगे ।

यसपालि बोधलाको खेतीपाती धेरै राम्रो भयो । बोधला बालीको कुरुवा बसेका थिए । त्यत्तिकैमा चराहरूले बाली खाएको देखे । बोधला तिनीहरूलाई धपाउन हिंडे, तर जुन भगवान् एउटा बीजबाट अनेकौं बालाहरूमा अन्न भरिपूर्ण पार्नुहुन्छ उनै भगवान्‌ले ती चराहरूलाई पनि पठाएको हुँदा उनले तिनीहरूलाई फेरि किन धपाउने भन्ने विचार उनको मनमा उत्तिखेरै आयो । यस्तो विचार गरी बोधला निश्चिन्त भएर कीर्तन गर्न लागे । चराहरू चरीवरी आफै उडे । एकै छिन-पछि उनकी पत्नी खेतमा आइन् । खती अलिकता उजाड भएको उनले देखिन् । पतिले भिखारीहरूलाई केही बालाहरू टिपेर दिए होलान् भनी उनले सोचिन् । घरमा दरिद्रता थियो नै । स्त्रीको मनमा विश्वासको कमीको कारण केही चिन्ता लाग्यो । उनले भनिन्- 'तपाईं यसरी खेतको बाली पनि भिखारीहरूलाई लुटाउन लाग्नुभयो भने हामीहरू के खाऔंला र लगान कसरी तिरौंला ? यदि अब यहाँले आफ्नो हातले बाला एउटा पनि टिपेर कसैलाई दिनुभयो भने भगवान्‌को शपथ ।' यति भनेर उनी हिंडिन् ।

बोधला खेतमा बसेका थिए । यात्रुहरूको एक दल पण्ढरपुर गइरहेको थियो । साधुहरू भोकै थिए । उनीहरूले भने- 'भक्तजी ! अनिकालमा तपाईंले हाम्रो प्राण बचाएको हो । आज हामीलाई साह्रै भोक लागेको छ । तपाईं उचित ठान्नहुन्छ भने दुई-चार अन्नका बाला टिपेर हामीलाई दिनुहोस् । हामीहरू आगोमा भुटेर खाऔंला ।' बोधलाले भने- 'मेरी सती पत्नीले मलाई किरिया खुवाएकी छ ।

त्यसैले म आफै त टिप्दिनँ, तपाईं आफै टिप्ने भए टिप्नुहोस् ।' निर्बाध आज्ञा पाएर साधुहरू खेतमा पसे । सैकडौं साधुहरू थिए । हर्दा-हेर्दै सारा खेत सखाप भयो । बोधला निश्चिन्त भएर भगवान्को गुणगान गरिरहका थिए । साधहरू खाई-पिई हिंडिदिए । पछि बोधलाको छोरो आफ्नी आमाको साथ आयो र खेत एकदम सखाप भएको देखेर दुवैलाई ठूलो दुःख लाग्यो । तर त्यो दुःख क्षणिक थियो । पण्ढरपुरका भोका यात्रूहरूले अन्न खाएको हो भन्ने बोधलाको मुखबाट सुनेपछि खेतको बाली धेरै राम्रो काममा लाग्यो भन्ने सम्झी उनीहरू पनि सन्तुष्ट भए । धन्य हो त्यस्तो परिवार !

बोधलाको खेतमा केही पनि बाँकी रहेन भन्ने खबर गाउँमा फैलियो । मानिसहरू किसिम-किसिमले कुरा काट्न लागे । कसैले भने– 'बोधला बडो भक्त छ र उसको दयालुपनाबाट भगवान् उसमाथि प्रसन्न छन् ।' अर्कोले भन्यो– 'त्यसैले त भगवान् उसलाई चिताएजति दिइ पनि हाल्छन् ।' पाँचै औंला समान हुँदैनन् । गाउँमा बोधलाको डाहा गर्ने केही दुष्ट स्वभावका मानिसहरू पनि थिए । उनीहरूमध्ये एउटाले भन्यो– 'हेरौंला, अबको पालो भगवान् उसलाई कसरी बचाउँदछन् । लगानको रुपैयाँ तिर्दा भक्तजीका आँखा खुल्लान् ।' दुष्टहरूले जाल रचे । जबसम्म बोधलासँग लगान असूल गरिंदैन तबसम्म हामीहरू केही तिर्दैनौं भनी उनीहरूले लगानी-अधिकृतलाई गएर भने । त्यसैले बोधलासँग सबभन्दा पहिले लगानी असूल गरियोस् भनी उनीहरूले अडङ्गा लगाए । उनीहरूका प्रस्तावलाई मन्जूर नगर्नेले पहिले बोधलाको लगान तिर्नुपर्छ भनी उनीहरूले गाउँका सबैलाई सुनाई दिए । लगानी-अधिकृतले आफ्नो सिपाही बोधलाको घरमा पठाएर लगानीको रुपैयाँ चाँडै तिर्न ताकिता गरे । बोधलाको घरमा न रुपैयाँ थियो, न गहना, न त अन्न नै थियो । लगानी कसरी चुक्ता गरून् । भोलिपल्टसम्मको भाका मागी सिपाहीलाई फिर्ता पठाए । उनकी पत्नीसँग केही रुपैयाँ थिए । ती रुपैयाँ लिएर छिमेकको गाउँको साहुकहाँ गएर उनले भने– 'ब्याज पहिले नै लिएर मलाई यति रुपैयाँ सापटी देऊ ।' साहुले कुरा स्वीकार गऱ्यो र पछिल्लो दिन आउनको लागि भन्यो । तर बोधलाको खेतमा कत्ति पनि अनाज नभएको कुरा जब उसले बुझ्यो, तब उसको मन बदलियो । उसले दोस्रो दिन बिहान बोधलालाई कोरा जवाफ दियो । गाउँमा सापटी दिने अर्को कोही थिएन । बोधला तब गरून् त के गरून् ? चुपचाप भगवान्का नामगुणको कीर्तन गर्दै बोधला ऋण काढ्न नगीचैको एउटा अर्को गाउँमा गए । यता

मानिसहरूले बोधला भागे भनी हल्ला मचाइदिए । त्यो सुनेर तहसीलको सिपाही लीलामको पुर्जी लिएर आइपुग्यो । उसले बोधलाकी स्वास्नी र दुवै बालकहरूलाई घरबाट निकाली घरमा ताल्चा मारिदियो र गाई-बाखीहरूलाई लीलाममा चढाइदियो । भक्तको त्यस विपत्तिलाई तब भगवान्ले सहन सकेनन् । उनले अर्को गाउँको एउटा मानिसको रूप धारण गरे र रुपैयाँ लिएर लगानी-अधिकृतकहाँ गई अभिवादन गर्दै भने– 'हजूर ! यी लगानीको रुपैयाँ मनकोजी बोधराज पटेलले पठाएका हुन्, बुझेर भरपाई दिनुहोस् ।' अधिकृतले रुपैयाँ गनेर भरपाई दियो । घरको ताल्चा खुलाइदियो र लीलामको कागज बदर गराइदियो । तब लाचार भएर गाउँवालाहरूले सबै लगानी चुक्ता गर्नुपर्‍यो । त्यस अप्ठ्यारो समयमा बोधलालाई कताबाट रुपैयाँ प्राप्त भयो भन्ने कुराको उनीहरूलाई धेरै ठूलो आश्चर्य लागिरहेको थियो ।

बोधलाले अर्को गाउँबाट सापटीमा रुपैयाँ पाएका थिए । उनी रुपयाँ लिएर तहसीलदारकहाँ पुगे । अबेर पुगेको कारण क्षमा माग्न लागे । अफिसरले भने– 'अहिल्यै तिमीले पठाएको फलाना मानिसले रुपैयाँ चुक्ता गरिसकेको छ । तिम्रो घरका मानिसहरूले रुपैयाँ पठाइदिएको होला । गएर बुझ ।' घरमा त एक पैसा पनि थिएन र लगानी तिर्न कहाँबाट पैसा आयो होला भनी बोधला सोच्न लागे । घरमा पुगेर सोधपूछ गर्दा उनकी पत्नीले भनिन्– 'हामीहरूलाई केही थाहा छैन । तपाईंले कतैबाट ल्याएर रुपैयाँ तिर्नुभयो होला र त्यसैले घरको लीलाम बदर भयो होला भन्ने हामीले सोचेका थियौं ।' तब उनले त्यस मानिससँग सोधे जो अधिकृतलाई रुपैयाँ बुझाएर आएको थियो । उसले भन्यो– 'मसँग त एउटा कौडी पनि छैन । मजस्तो गरीब मानिसले तपाईंको सापटी कहाँबाट तिर्नु ? फेरि म आज घरबाट बाहिर निस्केकै छैन ।'

त्यो सारा लीला आफ्ना श्यामसुन्दरको थियो भनी तब बोधलालाई बोध भयो । उनको समस्त परिवार भगवान्को प्रेममा मग्न भएर कीर्तन गर्न लाग्यो । देख्ने मानिसहरू अचम्म मानी आएर भन्न लागे कि बोधलाको खेत अन्नले भरिपूर्ण भएको छ ।

भन भक्त र उनका भगवान्को जय !

भक्त रामचन्द्र– दक्षिण भारतको करवीर, वर्तमान कोल्लापुरको नगीचको एउटा गाउँमा एउटा ब्राह्मण परिवार रहन्थ्यो । लोग्ने-स्वास्नी दुई र एउटा सानो

बालक थिए । ब्राह्मण-वृत्तिद्वारा घरको निर्वाह हुन्थ्यो । घरमा तुलसीको बोट थियो र भगवान् शालग्रामको पूजा हुन्थ्यो । स्वास्नी आज्ञाकारिणी थिइन् । लोग्ने स्वास्नीको रुचिको आदर गर्ने खालका थिए । दुवै धार्मिक थिए । आ-आफ्नो कर्तव्यको विचार पुऱ्याउँथे र दुवैको आपसमा धेरै उच्च हिन्दू आदर्शअनुसारको स्वाभाविक प्रेम थियो । भगवान्को कृपाले एउटा सन्तान पनि भइसकेको थियो । दम्पती सुखी थिए । तर दिन बदलिइरहन्छ । सुखको उज्यालो दिन एक्कासि दुःखको अमावास्याको अन्धकारमा बदलिन्छ । जीवन सुखमा नै बित्ला, आनन्दका ती दिन कहिल्यै नहट्लान्, प्रेम-मदिराको त्यो नशा कहिल्यै नउत्रला र त्यसैमा मस्त भइरहुँला जिन्दगीभरि भनी मानिस सोच्दछ । तर विधाताको विधानले कुरा बिग्रन्छ । कत्रो आशाले, भित्री हृदयको कत्रो मायाले, हृदयको कत्रो अमृतमय प्यारको पानीले जुन जीवनको आधारको बोटलाई पटनी गरिन्छ, त्यही एकाएक छिन्न भिन्न भएर हाम्रा हृदयका समस्त तार-हरूलाई भताभुङ्ग पारिदिन्छ । जन्म-मृत्युको चक्र चौबीसै घण्टा चलिरहन्छ र धरै नै प्रस्ट भावले यो घोषणा गर्दछ– **जीवन क्षणभङ्गुर हो, सुख अनित्य हो र आशा दुष्परिणामी हो ।** चाहे ज होओस्; गाउँमा एक पटक हैजा फैलियो र एक्कासि प्राण-प्रतिमा ब्राह्मणी कालको कराल मुखमा बिलाइन् । ब्राह्मण अत्यन्त दुःखी भए । मातृ-हीन शिशुको पनि नराम्रो अवस्था भयो । केही दिनपछि ब्राह्मण पनि हैजाको पन्जामा पर्‍र दूधमुखा सानो अढाई वर्षको बालकलाई छाडर जान बाध्य भए । मन शिशुमा अड्क्यो, तर मृत्युको अकाट्य शक्तिको सामुन्ने केही पनि जोर लाग्न सक्तैन ।

गाउँको छेउमा एउटा साधु रहन्थ । समथ महात्मा थिए । कसले जानोस्, उनलाई कहाँबाट प्रेरणा भयो ? उनी त ममतालाई पार गरी अर्को तटमा पुगिसकेका थिए । उनको मनमा दया पनि मायाको एउटा त्याज्य वृत्ति नै थियो । तर ब्राह्मण-दम्पतीको मृत्यु र शिशुको दुर्दशाको समाचारले उनको मनमा दयाको सञ्चार गरायो । चाहे त्यो बाधितानुवृत्तिबाट नै भएको होओस् । साधुबाबाले दौडेर बालकलाई आफ्नो कुटीमा बोकेर ल्याए । बडो प्रेमले हजारौं आमाको स्नेहले उनी उसलाई पालन-पोषण गर्न लागे । बालकलाई नुहाउनु-धुवाउनु, खुवाउनु, पिलाउनु र उसको हेरचाहा गर्नु उनको मुख्य काम नै हुन गयो । धन्य छ भगवान्को लीला !

महात्माको कुटी एकान्तमा थियो । त्यसको तलतिर नदी बग्दथ्यो । चारैतिर रमाइलो वन थियो । ठूलो सात्त्विक वातावरण थियो । संसारी काम, क्रोध, लोभ,

असत्य र हिंसा त्यहाँ पुग्नै सक्तैनथ्यो, हेर्नै पाइँदैनथ्यो । कुत्सित क्रिया र दूषित चेष्टा गर्ने त्यहाँ आउँदै-आउँदैनथ्यो । भोग-विलासको सर-सामान सपनामा पनि देख्न पाइँ-दैनथ्यो र खानपानमा पवित्रता तथा सादापन थियो । सुत्ने-उठ्ने र आहार-विहारको परिमाण तोकिएको थियो । सबैभन्दा ठूलो कुरा त्यहाँ भगवान्को आराधना, भगवच्चर्चा र भगवच्चिन्तन हुने गर्दथ्यो । मन र इन्द्रियहरूको सामुन्ने यस्तो कुनै दृश्य देखा नै पर्दैनथ्यो, जसबाट मनमा विकार उत्पन्न हुने सम्भावना होओस् । काम, क्रोध, असत्य र हिंसा आदि दोषहरू मनका धर्म होइनन् । इन्द्रियहरूका कुचेष्टा यिनका स्वभाव होइनन्, यी त विकार हुन् र आगन्तुक दोष हुन् जो मुख्यतया सङ्ग-दोषबाट उत्पन्न हुन्छन् र फेरि तदनुकूल चेष्टाहरूबाट बढ्दै-बढ्दै चित्तमा यहाँसम्म आफ्नो ठाउँ ओगट्न पुग्छन् कि उनीहरू चित्तबाट अलग्ग देखिँदै-देखिँदैनन्, चित्त र इन्द्रियहरूका सहज स्वाभाविक धर्म र स्वरूप नै लाग्छन् । अस्तु ।

जन्मदेखि नै आमा-बाबुको सच्चेष्टा तथा सन्तको कुटीको शुद्ध वातावरण र सत्सङ्गको प्रभावले गर्दा बालकको जीवनमा कुनै नयाँ दोष आएकै थिएन । पूर्व संस्कारजनित दोषहरू पनि दबेर क्षीण हुन गए र धेरै नष्ट नै हुन गए । खराब विचार, खराब भावना र खराब कामहरूदेखि भनौं उनी अपरिचित नै रहे । महात्मा उनलाई पढा-उनुको साथसाथै पारमार्थिक साधनामा पनि लगाइराख्दथे । पूर्वजन्मको कुनै सम्बन्ध थियो अथवा विशुद्ध भगवत्प्रेरणा थियो भन्न सकिन्न, महात्मा आफ्नो सारा साधना र सारा ज्ञान ती बालकको निर्मल हृदयमा एकै पटकमा भरिदिन चाहन्थे । परिणाम-स्वरूप सोह्र वर्षको उमेरमा नै ती बालक एक महान् साधक बने । अहिंसा, सत्य, प्रेम, संयम उनको स्वभाव बन्न पुग्यो । भगवान्को भक्तिको मूल उसको भित्रबाट फुट्यो र सबैलाई पवित्र पार्न लाग्यो । सत्यको प्रतापले उनको वाणी अमोघ भयो र त्याग तथा संयमको महिमाले उनको प्रत्येक इच्छा फलीभूत हुन गयो । उनी बाहिर र भित्र-बाट सच्चा महात्मा बन्न पुगे । उनको चेहरा ब्रह्मतेजले जगमगाउन लाग्यो ।

सबैको समय निश्चित हुन्छ । महात्माको जीवनको अवधि पनि पूरा भयो । उनी यो असार संसार छाडेर हाँस्दै-हाँस्दै भगवान्को परमधाममा पुगे । बालक निरा-श्रित त भए, तर महात्माजीको कृपाले कुनै शोक भएन । भगवान्को विधान उनले शान्त हृदयले शिरमा थापे ।

महात्मा उनलाई रङ्गनाथ भन्दथे । यसले गर्दा उनको त्यही नाम प्रसिद्ध हुन गयो । उनी रात-दिन भगवान्‌को भजन-ध्यानमा रहन्थे । भगवान्‌को कृपाले जे-जस्तो पाइन्थ्यो, त्यसैबाट गुजारा गर्दथे । उनको जीवनको प्रत्येक पल भगवान्‌को सेवामा अर्पित थियो । उनको तपस्याको तेजको ख्याति टाढा-टाढासम्म फैलियो । मानिसहरू दर्शन गर्न आउन लागे । उनले दिनको एक प्रहर यस्तो छुट्याए जसमा मानिसहरूसँग भगवच्चर्चा हुन्थ्यो । बाँकी सारा समय एकान्तमा बित्थ्यो । एकफेरा एउटा दुःखी मानिस उनीकहाँ आए । उनले उनलाई एकान्तमा आफ्नो दुःख सुनाए। दुःख थियो धनको इच्छाको । रङ्गनाथलाई उनको दुःखबाट दुःख लाग्यो । उनले मन-मनै भने– 'प्रमादवश यो यति दुःखी भइरहेको छ । धनमा सुख भएको भए जुन मानिसहरूसँग प्रशस्त पैसा हुन्छ, तिनीहरूको जिन्दगी त सुखमय हुनुपर्दथ्यो , तर उनीहरू पनि दुःखी नै देखिन्छन् । **अज्ञानजनित असन्तोष नै दुःखको कारण हो।** त्यो मेटिएको खण्डमा मानिस प्रारब्धअनुसार जुनसुकै अवस्थामा किन होओस् सधैं खुशी रहन सक्तछ ।' रङ्गनाथले उनलाई सम्झाउने कोशिश गरे । बडो प्रेमले सबै कुरा सुनाए, तर उनलाई सन्तोष भएन । उनले भने– 'एकफेरा यहाँले आफ्नो मुखले भनिदिनुभएमा मलाई प्रशस्त धन प्राप्त होला । बस यत्तिमा म कृतार्थ बन्ने छु ।' रङ्गनाथले भने–'पहिलो कुरा– मैले भन्दैमा हुन्छ नै के ? अर्को, म प्रत्यक्ष देखिरहेछु र अनुभव गर्दछु कि बढी धनबाट तिम्रो दुःख बढ्नेछ, घट्नेछैन, तब म तिम्रो वास्तविक हित चाहँदा-चाहँदै तिमीलाई त्यो मिलोस् भन्ने इच्छा कसरी गर्न सक्तछु ? यसको साथै एउटा अर्को कुरा छ- धन प्राप्त हुनु वास्तवमा तिम्रो प्रारब्धको अधीन छ । धन प्राप्त हुनमा तिम्रो कुनचाहिं प्रबल कर्म बाधक भइरहेको छ त्यो थाहा छैन । मैले भनेअनुसार धन प्राप्त भएन भने तिमीलाई भगवान्‌माथि नै अविश्वास हुन सक्तछ । त्यसैले भाइ! तिमी एउटा काम गर । सर्वात्मभावले भगवान्‌को शरण परी आफ्नो सारा परिस्थिति उनको सामुन्ने राख र उनी तिम्रो लागि जे कल्याणप्रद सम्झून् त्यही गरून् भनी उनीसँग बिन्ती गर । वास्तवमा अहिले पनि उनी तिम्रो-मेरो कल्याण नै गरिरहेका छन्, तर विश्वास हुँदैन र यसैले दुःख हुन्छ । भाइ ! अब भगवान्‌को विधानमा खुशी रहू । यही मङ्गलमय छ ।'

यसप्रकार धेरै सम्झाउँदा पनि जब उनलाई सन्तोष भएन, तब परमतपस्वी रङ्गनाथले उसलाई एकपटक आँखा चिम्लनको लागि भने । आँखा चिम्लेपछि

उनले देखे– उसले चिने-जानेका ठूलठूला धनी मानिसहरू जसलाई ऊ खूब सुखी सम्झन्थ्यो दुःखको भीषण नरकको आगोमा जलिरहेका थिए । उनीहरूमध्ये एउटा भनिरहेको थियो– 'साँचो हो, धनको यो भयङ्कर परिणाम हो । मैले धनको घमन्डले पागल भएर ठूलो अहङ्कार गरेको थिएँ । मैले कसैलाई पनि गनिनँ । धन जसरी बढ्दै गयो मेरो लोभ पनि त्यसरी नै बढ्दै गयो । मैले छल, बल र चतुर्याइँबाट अर्काको धन पनि हरण गरें । मानिसहरूमा ठूलो धर्मात्मा र सुखी मानिन्थें । तर त्यस समयमा पनि मलाई जलन भइरहेको थियो र आज त यस नरकाग्निमा यस्तो भयङ्कर यातना भोगिरहेको छु । यसबाट म जलिरहेको छु । दुःखबाट छुट्कारा चाहने कुनै पनि मानिस यस्तो भयङ्कर परिणाममा पुऱ्याउने धनको लोभ नगरोस् । यदि न्याय र सत्यद्वारा धन प्राप्त भएमा पनि त्यसमा आफ्नो अधिकार नठानी त्यसलाई भगवान्को सम्पत्ति सम्झोस् र दीन-दुःखी प्राणीहरूको सेवाको रूपमा प्रसन्न मनले त्यसको सदुपयोग गरिरहोस् । **धनबाट ममा पन्ध्र दोष– दम्भ, दर्प, अभिमान, क्रोध, हिंसा, ममता, मोह, लोभ, काम, असत्य, प्रमाद, कुसङ्ग, जुवा, विलासिता र इन्द्रियासक्ति उत्पन्न भए । मैले धनको नशाले अन्धो भएर थाहा छैन के के गरें । त्यसवेला त्यसको यो भयङ्कर फल सुझेन, तर आज म त्यसैको परिणाम यो नरकाग्नि भोगिरहेको छु । वास्तवमा आफ्नो लागि मानिसलाई त्यति मात्र धनको प्रयोजन हुन्छ, जतिबाट अन्न र वस्त्रको काम चलोस् । धेरै धनको लालच त भोग-विलासको कारणले मात्र हुन्छ । म त्यसवेला यस कुरालाई बिर्सिरहेको थिएँ । हे भगवन् ! यहाँबाट कुनै प्रकार छुटकारा मिलेमा पीडा हट्ने थियो ।'**

अर्कोले भन्यो– 'म धेरै धनी थिएँ र जनसुकै किसिमले धन बटुल्नु नै मेरो जीवनको उद्देश्य बनेको थियो । धनलाई मैले कहिल्यै गरीबहरूको सेवामा लगाइनँ । यसले गर्दा यसभन्दा अघि सर्पको जुनी पाएँ र अब यो दुर्गति भोगिरहेको छु ।' केही नरकवासी प्राणीहरू अरू पनि कैयौं कुराहरू सुनाएपछि नारकीय यातनाहरूको कारणले गर्दा ह्वाँ -ह्वाँ रुन लागे । उनीहरूको आर्तनाद सुन्न नसकिने थियो । साह्रै नै करुण दृश्य थियो । त्यसपछि त्यो दृश्य एक्कासि हटचो र उनका आँखा खुले । उनले देखे– महात्मा रङ्गनाथजी ठूलो करुण दृष्टिले उसतिर हेरी मुस्कुराइरहेका छन् । देखेको दृश्य र भक्त रङ्गनाथजीको दयादृष्टिको उनमा निकै राम्रो प्रभाव पऱ्यो । आश्रमको सात्त्विक वातावरण र सत्सङ्गको स्वाभाविक असर त थियो नै । भगवत्कृपाले उनको

धनकामना नष्ट भयो । उनले भने– 'गुरुदेव ! मलाई यस्तो उपाय बताइदिनोस्, जेले गर्दा मेरो मानवजन्म सफल होओस् । मलाई धनमान चाहिंदैन, म चाहन्छु भगवत्प्रेम, भगवान्को अव्यभिचारिणी भक्ति । तपाईं दया गर्नुहोस् ।'

उनको नाम थियो रामचन्द्र । रामचन्द्रको हृदयको सुन्दर परिवर्तन देखेर रङ्गनाथजी निकै प्रसन्न भए । भगवान्को कृपाको प्रत्यक्ष प्रभाव देखेर उनी गद्गद भए । उनले भने–'भाइ रामचन्द्र ! जुन वेलासम्म चित्तमा भोगको कामना भरिइरहन्छ, त्यस वेलासम्म उसको अन्धकार मेटिंदैन र त्यस्तो अन्धकार रहेसम्म शोक-सन्तापबाट कहिल्यै छुटकारा पाइँदैन । भोगवासनाको नाश सच्चा वैराग्यवान् प्रभुप्रेमी सन्तको सङ्गबाट हुन सक्तछ । भगवान्को भक्ति हुनुपर्छ । विषय-वैराग्यविना भक्ति हुनै सक्तैन । विषयमा प्रेम भइरहेसम्म भगवान्मा प्रेम कसरी होओस् र जसमाथि प्रेम नै छैन त्यसलाई पाउने प्रयास पनि कसरी होओस् ? साँचो कुरा त यो हो– **भगवान् नै हाम्रा प्राणाधार हुन्, परम आत्मीय हुन्, सुख-दुःख दुवैका नित्य साथी हुन्, आफन्त हुन् र परम प्रियतम हुन् । एकफेरा उनलाई कुनै प्रकारले चिन्न जान्न सकियो भने उनीतर्फ हृदय आकर्षित नभई रहनैं सक्तैन । उनीसित एक पटक चिनजान हुनुपर्दछ । अनि त प्राण आफ उनको लागि रुन लाग्छ । उनलाई प्राप्त नगरी एक छिन पनि चैन पाउँदैन, कुनै कुरा पनि राम्रो लाग्दैन । सबै थोक छाडेर, सारा बन्धन तोडेर चित्तका सम्पूर्ण वृत्ति एकमुखी भएर उनीपट्टि नै बग्न थाल्नेछन्– प्रचण्ड वेगले अत्यन्त द्रुतगामी भएर । असह्य हुनेछ उनको निमेष-मात्रको वियोग पनि । यस्तो हुनु नै मनुष्य-जीवनको पूर्ण सफलताको पूर्वरूप हो । मानिसले आफ्नो जीवनमा यसैको लागि पूरा प्रयास गर्नुपर्दछ । यसको उपाय हो भगवान्को भजन ।** म तिमीलाई द्वादशाक्षर मन्त्र बताउँदछु । तिमी सुन र सुन्दरी तथा मान र प्रतिष्ठाको मोह छाडेर नित्य यस मन्त्रको पवित्र र श्रद्धापूर्ण चित्तले यथासम्भव धेरै जप गर्ने गर । मन्त्र हो– **ॐ नमो भगवते वासुदेवाय** । होशियार ! ठूलठूला प्रलोभन आउलान् तिमीलाई डगाउन, तर कुनै प्रकारले लालचमा पनि नफस्नू । **भगवान् करुणामय छन् । तिम्रो निष्ठा सच्चा भएमा उनी आफ्नो दर्शनले तिमीलाई कृतार्थ पार्नेछन् ।**

रामचन्द्र पनि अझै अविवाहित थिए । उनीसँग बाबुले छाडेको केही धन त थियो, तर पहिले कुनै पनि तरीकाले प्रशस्त धन कमाउने र त्यसपछि विवाह गरेर मोज उडाउने उनको इच्छा थियो । गृहस्थधर्मको पालनको भन्दा इन्द्रियभोग, मोज तथा शोखमाथि उनको दृष्टि धेरै बढी परेको थियो । उनी विलासमय जीवन बिताउनको

लागि नै धनसंग्रह गर्न चाहन्थे भन्नु नै उपयुक्त थियो। उनले अनेकौं उपायहरू गरे। जसले जे बताए पनि गरिहाल्थे। अन्तमा भक्त रङ्गनाथको वाक्सिद्धिको कुरा सुनेर कुनै पूर्वपुण्यको प्रभावले उनी उनकहाँ आएका थिए र यिनको अमोघ सङ्गतिले उनको मोहनिद्रा टुट्यो। उनी ब्यूँझेर घर फर्केर महात्माको आज्ञानुसार भगवत्कृपा प्राप्त गर्नको लागि द्वादशाक्षर मन्त्रको जप गर्न लागे। जति-जति जप बढ्न लाग्यो, त्यति-त्यति नै उनको आनन्द बढ्न थाल्यो। जुन लक्ष्मी उनीबाट टाढा-टाढा रहन्थिन्, तिनै लक्ष्मी अब त नबोलाउँदा पनि उनकहाँ आउन लागिन्, तर बडो दृढ बनिरहे आफ्नो व्रतमा। उनी जति-जति हट्दथे, भोग-सामग्रीहरू उति नै उनको सामुन्ने आएर उपस्थित हुन्थे। तर उनले कसैपट्टि कहिल्यै दृष्टि दिएनन्। मानिस र देवताहरूले उनलाई घर-जग्गा, महल-सहल, स्त्री-पुरुष, धन-दौलत तथा मान-प्रतिष्ठाका ठूलठूला प्रलोभनहरू देखाए। सबै चीजहरू मानौं प्रत्यक्ष भएर उनको सेवा गर्न तत्पर भए, तैपनि उनले तिनको त्यसै गरी त्याग गरे, जसरी मानिस आफ्नो बान्तालाई त्याग्दछ।

उनको साधना सफल भयो। एकदिन उनी एउटा पवित्र एकान्त ठाउँमा सन्ध्या-वन्दनादि गरिसकेपछि ध्यानस्थ भएर श्रीभगवान्को पवित्र मन्त्रको जप गरिरहेको वेला साक्षात् भगवान् नारायण त्यहाँ प्रकट हुनुभयो। रामचन्द्र ध्यानसुखमा मग्न थिए। भगवान्को प्रेरणाले आखिर उनका आँखा खुले र उनी साधुरक्षक भगवान्को दिव्य स्वरूपको दर्शन पाएर कृतार्थ भए। आँखासम्म पनि नझिम्काईकन रूपसुधाको पान गर्न लागे। कुनै किसिमले पनि तृप्ति हुँदैनथ्यो। धेरै बेरपछि उनको वाणी खुल्यो र भगवान्को स्तुति गर्न लागे। खुशी भएर भगवान्ले उनलाई आफ्नो प्रेमभक्ति दान गर्नुभयो। जीवन सफल भयो।

भन ! भगवान् र भगवान्का भक्तको जय !

भक्त-परिवार– भक्त लाखाजी जातका गौड ब्राह्मण थिए। राजपूतानाको एउटा सानो गाउँमा उनको घर थियो। लाखाजी विशेष पढेका त थिएनन्, तर **विष्णुसहस्र-नाम** र **श्रीमद्भगवद्गीता** उनलाई कण्ठस्थ थिए, तथा भगवान्मा उनको अटूट विश्वास थियो। खेतीपातीको काम गर्दथे। उनकी पत्नी खेमाबाई परमसाध्वी र पतिव्रता थिइन्। घरको सारा काम-काज आफै गर्दथिन् र साथै खेतीको काममा पतिलाई पूरा सहायता

पुऱ्याउँथिन् र पतिको सेवा नगरी उनको नित्यको व्रत नै पूरा हुँदैनथ्यो । उनी सधैं सबेरै नुहाएर पतिको दाहिने गोडाको बूढी औंला धोएर पानी खान्थिन् । लाखाजीलाई सङ्कोच लाग्दथ्यो । उनी हुन्न पनि भन्दथे, तर खेमाबाईको आग्रहको अगाडि उनको केही चल्दैनथ्यो । उनका दुई सन्तान– एक छोरा र एक छोरी थिए । छोराको नाम थियो देवा र छोरीको गङ्गाबाई । छोराको विवाहको कुनै हतार थिएन, तर धर्मभीरु ब्राह्मण-लाई छोरीको बिहेको ठूलो चिन्ता थियो । कोशिश गर्दा-गर्दा नजीकै एक गाउँमा योग्य वर भेट्टाइयो । वरका बुबा सन्तोषी ब्राह्मण थिए । सम्बन्ध जोडियो र समयमा लाखाजीले बड़ो लगनका साथ आफ्नी छोरी गङ्गाबाईको विवाह गरी उसलाई ससुराली अन्माएर पठाए । त्यसवेला गङ्गाबाईको उमेर बाह्र वर्षको थियो । देवा, उमेरमा जेठो थियो तापनि उसको विवाह छोरीको विवाहको दुई वर्षपछि गरियो । बुहारी घरमा आई । बुहारीको नाउँ थियो लक्ष्मी । उसको स्वभाव साक्षात् लक्ष्मीकै जस्तो थियो । यसप्रकार लाखाजी सबै किसिमले सुखी थिए । नित्य प्रातःकाल **श्रीमद्भगवद्गीता**को एक पूरा आवृत्ति र रातमा सुत्नुभन्दा अघि **विष्णुसहस्रनाम**को पचासपटक पाठ गर्नु उनको नियम थियो । उनको मुखबाट पाठ चलिरहन्थ्यो र हातबाट कामकाज । यो नियम जुन वेला उनी दश वर्षका थिए त्यसै समयदेखि बाबुले सिकाएका थिए, जो अखण्ड रूपमा जीवनभर चल्यो । यसै नियमले उनलाई भगवद्विश्वासरूपी परम ऐश्वर्य प्रदान गऱ्यो ।

दिन सधैं एकनास रहँदैनन् । प्रारब्धको कुन संयोगले कसरी दिन बदलिन्छन् भन्न सकिंदैन । लाखाजीका ज्वाइँलाई सर्पले डस्यो र विधिको विधानवश पच्चीस वर्षको चढ्दो उमेरमा आफ्नी बाइस वर्षकी स्वास्नी तथा आमा-बाबुलाई छाडी उनी बिते । लाखाजीले यो समाचार सुनेपछि आफ्नी स्वास्नी, छोरा र बुहारीलाई बोलाएर ठूलो धैर्यको साथ भने– 'हेर ! सांसारिक दृष्टिबाट हामीहरूको लागि यो धेरै नै दुःखको कुरा भएको छ । ज्वाइँ मर्नुभयो, यस कुराको दुःख होइन । जीवन-मरण सबै प्रारब्धको अधीन छ । यसलाई कसैले टार्न सक्तैन । दुःख त यस कुराले भयो कि गङ्गाबाईको जीवन दुःखरूप भयो । यदि हामीहरूले आफ्नो व्यवहार र वार्ताबाट गङ्गाबाईको दुःख मेटाउन सक्यौं भने हाम्रो सारा दुःख दूर हुनेछ । उसको दुःख हटाउने उपाय हो उसलाई हामीहरू यहाँ ल्याऔं र हामीहरू स्वयं विषयभोगलाई त्यागेर उसलाई पनि भगवान्को सेवामा लगाउने प्रयास गरौं । भोगहरूको प्राप्तिबाट दुःखहरूको नाश हुँदैन, न त भोग-हरूको नाशमा नै वास्तविक रूपमा दुःख हुन्छ । दुःखका कारणहरू त हाम्रा मनका अनेकौं

प्रकारका मनोरथ हुन् । एउटै भोग पनि नरहोस्, अति आवश्यक वस्तुहरूको पनि अभाव होओस्, तर मन अभावको अनुभव गर्दैन, सधैं सन्तुष्ट रहन्छ र त्यसमा अनेक प्रकारका मनोरथहरू उठ्दैनन् भनें कुनै दुःख रहँदैन । यस्तै किसिमले भोगहरूको प्रशस्त प्राप्ति भएको खण्डमा पनि जबसम्म कुनै वस्तुको अभावको अनुभव भइरहन्छ र त्यसलाई प्राप्त गर्ने कामना लागिरहन्छ त्यस समयसम्म दुःखहरू मेटिन सक्तैनन् । हामीहरूले प्रयत्न गरेर यदि गङ्गाबाईको मनबाट उसका पतिको अनुभवलाई भुलाउन सक्यौं र उसको आसक्ति सदा-भावरूप परमपति भगवान्का चरणहरूमा जगाउन सक्यौं भने ऊ सुखी हुन सक्तछे । यद्यपि यहाँका सारा सम्बन्धहरू यसै शरीरलाई लिएर कायम भएका छन् तथापि जुन वेलासम्म सम्बन्धहरू रहिरहन्छन्, त्यस समयसम्म हामीहरूले आपसमा यस प्रकारको व्यवहार बर्तनुपर्छ जसबाट हामीहरूको मन भोगहरूबाट हटेर भगवान्मा लागोस् र हामीहरू परमकल्याणरूप श्रीभगवान्लाई प्राप्त गर्न सकौं । **कल्याणकारी असली माता, पिता, पुत्र, भाइ, स्त्री तथा स्वामी ती नै हुन्, जो आफ्ना सन्तानलाई, माता-पितालाई, भाइ-बहिनीहरूलाई र पति-पत्नीलाई, अनन्त दुःखस्वरूप जगज्जालबाट छुटाएर अचिन्त्य आनन्दस्वरूप भगवान्को बाटोमा उँभो लगाइदिन्छन् ।** हामीहरू पनि शोक छाडेर नित्य शोकरूप संसार-सागरबाट गङ्गाबाईलाई पार लगाउने प्रयास गरौं ।'

लाखाजीको परिवारको उनका वचनमा पूरा विश्वास थियो । अतः ती वचनहरू सुनेर तिनीहरू सबैमा ठूलो प्रभाव पऱ्यो । उनीहरूले भने– 'तपाईं गङ्गाबाईलाई यहाँ लिएर आउनुहोस् । हामीहरू तपाईंको आज्ञानुसार भोगहरूलाई त्यागेर उसलाई भगवान्को बाटोमा लगाउनेछौं । यसैबाट हाम्रो, उसको र सबैको कल्याण होला ।'

लाखाजी सम्धीको घर गए र त्यहाँको दृश्य देखेर छक्क परे । गङ्गाबाई आफ्ना सासू-ससुरालाई संसारको क्षणभङ्गुरता र मिथ्या-सम्बन्धको रहस्य सम्झाएर उनीहरूलाई सान्त्वना दिइरहेकी र उनीहरू उसको कुरा मानेर रुन छाडी भगवान्का नामको कीर्तन गरिरहेका उनले देखे । आफ्नी छोरीको त्यो स्थिति देखेर लाखाजीलाई दुःखमा पनि सुख लाग्यो । मानों, उनलाई विषबाट अमृत मिल्यो । उनले सम्धीलाई भेटे । उनलाई देखेर शोक-सागर उर्लेर आयो, तर गङ्गाबाईका उपदेशहरूको सम्झना हुनासाथ तुरन्त शान्त भयो । सम्धीले लाखाजीलाई भने– 'लाखाजी ! तपाईं धन्य हुनुहुन्छ, जो यस्ती साध्वी कन्या तपाईंको घरमा जन्मी । जवान छोराको मृत्युको शोक कत्तिको भयानक हुन्छ भन्ने तपाईंलाई थाहा छ, तर धन्य छ तपाईंकी छोरी जसले

विवेकद्वारा पतिवियोगको दुःख आफूले त सही-सही, साथै हामीहरूलाई पनि यस्तो उपदेश गरी कि पुत्रशोकको हाम्रो कठोर दुःख पनि दूर भयो । हामीले बुझ्यौं – जगत्को यो सारा सम्बन्ध आरोपित हो । जसरी कुनै खेलमा बेग्ला-बेग्लै वेश लिएर मानिसहरू आउँछन् र आ-आफ्नो खेल पूरा गरेर जान्छन्, त्यसरी नै यस संसाररूपी खेलमा हामीहरू आउँछौं, सम्बन्ध जोड्छौं र खेल पूरा हुनासाथ गइहाल्छौं । **यहाँ कोही कसैको पिता या पुत्र छैन, एकमात्र परमेश्वर नै सबका परमपिता हुन् । हामी सबैले उनैको आराधना गर्नुपर्छ** । तपाईं आउनुभयो, आफ्नी यी साध्वी कन्यालाई तपाईं आफ्नो घर लैजानुहोस् । हामी दुई स्त्रीपुरुष पुष्कर-राजमा गएर भगवद्भजनमा नै शेष जीवन बिताउन चाहन्छौं । तपाईंकी छोरी हामीसँग जान आग्रह गर्छिन्, तर हाम्रो मनमा भगवान् यस्तै प्रेरणा गरिरहेछन्– उनी तपाईंकै साथमा रहून् । अँ, यतिचाहिं अवश्य चाहन्छौं– यिनी आफ्नो भावनाले हाम्रो कल्याण गरिरहून् । तपाईं फर्कनुभए हुन्छ । हामीहरू तपाईंप्रति धेरै कृतज्ञ छौं, किनकि तपाईंकी छोरीले नै हाम्रा आँखा खुलाएकी हुन् र हामीहरूलाई वैराग्य र विवेकको परम धन दिएर भगवान्को अनन्य भक्ति प्रदान गरेकी हुन् ।'

सम्धीका कुरा सुनेर लाखाजी आश्चर्यमा डुबे । उनलाई आफ्नो विवेक-वैराग्य तिनका सामुन्ने फिका लाग्न थाल्यो । उनी आफ्ना ज्वाइँको मरणको शोक बिर्सेर आफ्नी छोरी तथा सम्धी-सम्धिनीको जस्तो स्थिति प्राप्त गर्न चाहन्थे । त्यसभन्दा पनि अझै बढी उच्च उनीहरूको स्थिति देखेर उनलाई बडो आनन्द लाग्यो । उनले सम्धी तथा सम्धिनीलाई आनन्दपूर्वक पुष्करराज पठाइदिए । घरमा जे-जति थियो, त्यो बिक्री गरेर उनीहरूको गुजेस्ताको लागि उनीहरूलाई रुपैयाँ दिए र गङ्गाबाईलाई साथ लिएर घरतिर प्रस्थान गरे ।

गङ्गाबाईलाई प्रसन्न चित्त देखेर लाखाजीले सोधे– 'छोरी ! तिम्रो यस्तो विचित्रअवस्था देखर म आश्चर्यमा डुबिरहेको छु । तिमीलाई कसरी सम्झाएर धैर्य दिलाउँला भनी अनेकौं प्रकारले सोच्दै म आएको थिएँ, तर तिम्रो स्थिति देखेर त म छक्क परेको छु भन छोरी ! तिमीलाई यस्तो ज्ञान कहाँबाट कसरी भयो ?'

गङ्गाबाईले भनी– 'बाबा ! यो सबै तपाईंको भक्ति र भजनको प्रताप हो । तपाईं नै नित्यप्रति सम्पूर्ण **श्रीमद्भगवद्गीता**को र **विष्णुसहस्रनाम**को पचास आवृत्ति पाठ गर्नुहुन्छ । त्यसैको प्रतापले भगवान्ले मलाई श्रद्धा-विश्वास प्रदान गर्नुभयो र आफ्नो

कृपाको दर्शन गराउनुभयो। तपाईंको कृपाबाट भाइ र म दुवैले **विष्णुसहस्रनाम** कण्ठ गरिसकेका छौं। यहाँ आएर जति मबाट हुन सक्तथ्यो त्यति **विष्णुसहस्रनाम**को मनैमनमा लगातार पाठ गर्ने गरेकी थिएँ। तपाईंका ज्वाइँको मृत्युभन्दा तीन दिनअघि भगवान्ले मलाई सपनामा दर्शन दिएर भने– 'छोरी ! तेरा पतिको आयु पूरा भइसक्यो। ऊ मेरो भक्त हो। तेरो साथको कुनै पूर्वसम्बन्धको संयोग शेष थियो। त्यसै कारण उसले जन्म लिएको थियो। आजको तीन दिनपछि साँपले डस्नेछ। त्यसवेला तँ यसलाई मेरो **सहस्रनाम** र **गीता** सुनाइरहेस्। यसो गर्दा उसको कल्याण हुनेछ र उसलाई मेरो धाम प्राप्त हुनेछ। तँलाई शोक नहुने वरदान म दिन्छु। तँलाई सच्चा वैराग्य र ज्ञान प्राप्त होला। तेरा उपदेशहरूबाट तेरा सासू-ससुरा पनि कल्याणमार्गमा लागेर अन्तमा मलाई प्राप्त गर्नेछन् र जिन्दगीभर मेरो भक्ति गर्दै तँ आफ्ना आमा, बाबु, दाजु र भाउजूको साथ मेरो परमधाममा पुग्नेछस्।' बाबा ! यति भनेर भगवान् अदृश्य हुनुभयो। मेरो निद्रा खुल्यो मानो, मलाई त्यसै समयमा ज्ञानको प्रकाश प्राप्त भयो। म सारा शोक र मोहबाट छुटेर लोग्नेको कल्याणमा लागें। मैले व्रत लिएँ र रात्रिमा जागा रहेर पतिदेवलाई **श्रीमद्भगवद्गीता** र **विष्णुसहस्रनाम** सुनाइरहें। तेस्रो दिन पतिदेव स्नान गरेर तुलसीलाई जल चढाइरहेका थिए। म उहाँको समीप उभिएर **विष्णुसहस्रनाम**को पाठ गरिरहेकी थिएँ। उहाँ पनि भगवान्को नाम लिइरहनुभएको थियो। त्यसै समयमा अचानक आएर एउटा कालो सर्पले उहाँको गोडामा डस्यो र हेर्दा-हेर्दै ब्रह्माण्ड फुटेर उहाँको प्राण गयो। उहाँको अन्तिम सासबाट **हे नारायण** नाम निस्केको मैले सुनें र उहाँका कानमा **विष्णुसहस्रनाम**का **माधवो भक्तवत्सलः** नामहरू प्रविष्ट भए। उहाँका आँखा खुले र भगवान् चतुर्भुज रूपमा उहाँको आँखासामुन्ने राज भएको मैले देखें। यत्तिकैमा ठूलो आवाज सुनियो र उहाँको कपाल फुट्यो। बाबा ! पतिदेवको यस मरणले मेरो मनमा भगवान्प्रति विश्वास पूरा भरिदिएको छ। अब म त उसैमा मग्न भइरहेकी छु। तपाईं मलाई मद्दत गर्नुहोस् जसले गर्दा सधैं म यसैमा मग्न रहिरहूँ। तपाईंहरू मलाई सहयोग अवश्य नै गर्नु हुने नै छ।' पुण्यमयी गङ्गाबाईको पुण्यपूर्ण वाणी सुनेर लाखाजी गद्गद भइरहेका थिए र उनका आँखाबाट आँसु बगिरहेका थिए।

बाबु-छोरी घर आए। आमा, दाजु र भाउजूलाई भेटेर गङ्गाबाईले झन् उल्टो उनीहरूलाई सान्त्वना दिइन्। लाखाजी र उनकी पत्नी उसै दिनदेखि विरक्त भई रातोदिन भगवद्भजनमा दिन बिताउन लागे। घरको सारा हेरचाह गङ्गाबाई गर्न

लागिन्। दाजु र भाउजू पनि प्रत्येक काम उसलाई सोधेर गर्न लागे। उही घरकी मालिक्नी थिइन् र थिइन् दाजु-भाउजूलाई परमार्थपथको मार्ग देखाई विघ्न-बाधाहरूबाट जोगाएर अगाडि बढाउने चतुर मार्गप्रदर्शिका। दाजु-भाउजू दुवै गङ्गाबाईले भनेअनुसार आमा-बाबुको सेवा गर्दथे, गङ्गाबाईको सेवा गर्दथे र सधैं भगवान्को स्मरण गर्दै भगवत्सेवा-को भावनाले घरको सारा काम गर्दथे। उनीहरूले भोगहरूलाई त्यागिदिएका थिए र पूरापूर सीधा-साधा तथा संयमी जीवन उनीहरू बिताउँथे। उनीहरूको घर सन्तहरूको पवित्र आश्रम बनिसकेको थियो। दैवी सम्पदाका गुणहरू परिवारका सबैमा नै स्वाभाविक भइसकेका थिए। घरमा दुवै समय भगवान् बालकृष्णको पूजा गरिन्थ्यो र सबै उनलाई भोग लगाइसकेपछि प्रसाद खान्थे। यसप्रकार सबको जीवन पवित्र भयो। लगभग पच्चीस वर्षपछि लाखाजी र उनकी पत्नीले भगवान्को मूर्तिको सामुन्ने भगवान्का नामको जप गर्दै एकै दिन शरीर त्यागे। उनका सुपुत्र देवाजीले शास्त्रोक्त विधिअनुसार उनको अन्त्येष्टि-संस्कार तथा श्राद्धक्रिया गरे। छोरा, बुहारी तथा छोरीले उनको लागि तीन हजार **विष्णुसहस्रनाम** पाठ गरे।

आमा-बाबुको देहान्त पछि बहिनी, दाजु र भाउजू तीनैजना भगवान्को भजनमा लागे। दाजु-भाउजूले विशेष आग्रह गरेकोले प्रकट भएर दर्शन दिनको लागि एकदिन गङ्गाबाईले भगवान्सँग प्रार्थना गरिन्। भगवान्लाई प्रार्थना लाग्यो र प्रत्यक्ष प्रकट भएर भगवान्ले आफ्ना तीनैजना भक्तहरूलाई दिव्य स्वरूपको दर्शन दिए। तीनैजना भगवान्को प्रत्यक्ष दर्शन पाएर कृतार्थ भए र आफ्नो बाँकी जीवन भगवत्सेवा मा नै लगाएर आखिर उनीहरू भगवान्को परम धाम पुगे।

भन–भक्त र उनका भगवान्को जय !

भक्त गोवर्धन–विशालपुरीमा गोवर्धन नामका एउटा नवयुक पण्डित बस्दथे। ब्राह्मण सदाचारी, विद्वान्, तर्कशील र केही विद्याभिमानी थिए। उनकी पत्नी पनि बडी साध्वी थिई। उसमा भगवान्को विश्वास र भक्ति थियो। पति-पत्नीमा पवित्र प्रेम थियो। घर त्यत्तिको सम्पन्न नभए तापनि दुवै खूब सुखी थिए। उनीहरूकहाँ कहिले-काहीं एउटा विरक्त महात्मा आउने गर्दथे। गोवर्धनका बाबु महात्माका साह्रै भक्त थिए। उनले उनको ठूलो सेवा गरेका थिए। उनको बाहिरी वेशभूषाको अनुकरण गरेर होइन कि उनले देखाएको पवित्र मार्गको अनुसरणद्वारा नै महात्मालाई सच्चा सेवा गरेको हुन्थ्यो। गोवर्धनका बाबु यस्तै श्रेष्ठ सेवक थिए। उनैको सम्बन्धले महात्मा

कहिलेकाहीं उनीहरूको घरमा पाल्नुहुने कृपा गर्नुहुन्थ्यो । धेरै दिनयतादेखि महात्मा पाल्नुभएको थिएन । गोवर्धनको छिमेकी नन्दराम साह्रै असदाचारी र कुमार्गगामी थियो । ऊ गोवर्धनलाई देखेर डाहा गर्दथ्यो र उनलाई पनि आफूसरह नै बनाउन चाहन्थ्यो, तर बीच-बीचमा महात्माको सङ्गत पाइरहँदा गोवर्धनको चित्तवृत्तिमा मलिनताको छाप पर्दैनथ्यो र त्यसैले छिमेकी नन्दरामको केही चल्दैनथ्यो ।

यता वर्षौंसम्म महात्माको सङ्गत छुट्यो । गोवर्धन सदाचारी विद्वान् त थिए, तर भजनपरायण थिएनन् । उनमा तर्क बढी र भक्ति कम थियो तापनि महात्माको सङ्गतको प्रभावले उनका भित्रका काम-क्रोधादि दोषहरू दबिरहन्थे । तर सत्सङ्ग छुट्नाले र नन्दरामको कुसङ्गत पाउनाले उनका दबेका दोषहरू प्रबल रूपमा फुटेर आए । गोवर्धन बिस्तार-बिस्तारै जँड्याहा, जुवाडी र व्यभिचारी हुन पुगे । बिचरी पत्नी धेरै दुःखी थिई । उसको मनमा ठूलो सन्ताप थियो, भगवान्मा विश्वास थियो । उसले एकदिन दुःखी भावले मन-मनै रुँदै भगवान्सँग प्रार्थना गरी– 'भगवन् ! मेरा पतिदेव कुसङ्गतमा परिसके । महात्मा यहाँ लामो समयदेखि पाल्नुभएको छैन । तपाईं दीनबन्धु हुनुहुन्छ । म दुःखिनी अबलालाई दया गर्नुहोस् । महात्मालाई यहाँ पठाइदिनुहोस् र मेरो लोग्नेको जीवन सुधारिदिनुहोस् । तपाईं सर्वसमर्थ हुनुहुन्छ, कृपासागर हुनुहुन्छ र जीवमात्रको सुहृत् हुनुहुन्छ । तपाईंलाई सबै जीवहरूको सुहृत् मान्नेलाई तुरन्त शान्ति प्राप्ति हुन्छ भनी तपाईंले स्वयं भन्नुभएको छ - **सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति** । प्रभु! म तपाईंलाई सुहृत् मान्दछु । तपाईं मलाई शान्ति प्रदान गर्नुहोस् ।' भगवान् सच्चा पुकार तुरन्त सुन्नुहुन्छ । पुरुष, स्त्री, ब्राह्मण, चण्डाल, पण्डित, मूर्ख जोसुकैले जुनसुकै वेला दुःखी भएर सच्चा हृदयले उहाँलाई पुकारेमा भगवान् तुरन्त सुन्नुहुन्छ र त्यसको मनःकामना सफल पार्नुहुन्छ । यो त हाम्रो दुर्भाग्य हो कि यस्ता सदा सर्वत्र साथमा रहने सर्वशक्तिमान् सुहृदयमाथि विश्वास नगरी नश्वर भोगहरू र स्वार्थी जगत्का सम्बन्धहरूमा विश्वास गर्दछौं र सङ्कटको समयमा मात्र उनको सामुन्ने दुःखी मनले बिन्ती गरी निराशा र तिरस्कारको विषालु सर्पलाई हृदयको हार बनाउँदछौं ।

महात्मा समाधिस्थ अवस्थामा धेरै टाढा नदीतटमा एकान्तवास गर्नुहुन्थ्यो । अकस्मात् उहाँलाई आफ्नो सेवकको छोरा गोवर्धनको सम्झना भयो । उहाँको हृदय अशान्त भयो– 'म धेरै दिनदेखि विशालपुरी गएको छैन । गोवर्धनको कस्तो स्थिति होला, थाहा छैन । कहीं ऊ कुसङ्गतको शिकार त बनेन ! नभए मेरो मनमा वारंवार उसको

लागि किन व्याकुलता भइरहेको छ ?' महात्माको मनमा जगत्को सत्ताको सर्वथा अभाव भइसकेको थियो। अनि सत्ताको सङ्कल्प गर्ने मनको पनि अभाव भएको थियो। पहिले दृश्यको अभाव थियो, अब द्रष्टा पनि हरायो। बाँकी रहेको थियो त्यही जो छ। ऊ के हो र कस्तो छ, कसले बताउने ? न कुनै जान्न योग्य छ, न त जान्ने नै बस, त्यसैमा एकात्मता प्राप्त गरेर महात्मा निर्विकल्प समाधिमा रहनुभएको थियो। त्यसदिन अकस्मात् उहाँको समाधि टुट्यो र गोवर्धनको सम्झना भयो। सम्झना पनि यस्तो जसलाई बिर्सेर बिर्सन सकिन्न। मानो, कुनै आसक्तिवश केही भइरहेको थियो। सत्यसङ्कल्प सर्वनियन्ता भगवान्को नै प्रेरणा थियो, किनकि गोवर्धनकी साध्वी पत्नीले महात्मालाई पठाइदिएर आफ्ना पतिको जीवन सुधार्न भगवान्सँग प्रार्थना गरेकी थिई।

निपुण लक्ष्यवेधीको वाण सोझै निशानातिर गएजस्तै महात्मा सीधा विशालपुरीतर्फ लाग्नुभयो। उहाँ विशालपुरी पुग्नुभयो। त्यसवेला आधा रात बितिसकेको थियो। सिद्ध महात्माको सर्वज्ञ दृष्टिले त्यसवेला गोवर्धनलाई शहरको उत्तरतिर बसेको टोलमा मायावती वेश्याको घरमा देखिहाल्यो। उहाँ सोझै त्यहीं पुग्नुभयो। बाहिरको ढोका खुला थियो। भित्र पसेर उहाँले कोठाको द्वारमा ट्वाक-ट्वाक गर्नुभयो र भन्नुभयो –'गोवर्धन ! ढोका खोल।' गोवर्धन त्यसवेला रक्सीको नशामा चूर भएर आफैलाई बिर्सेर बसेको थियो, पराधीन थियो, सर्वथा बहिर्मुख भइरहेको थियो, तर महात्माका सिद्ध शब्दहरूको बेवास्ता गर्न उसले सकेन। उसलाई रोक्न वेश्याले पनि साहस गर्न सकिन। गोवर्धनले ढोका खोलिदियो। जुनेली रात थियो। ढोका खोल्नेबित्तिकै आफ्नो सामुन्ने एउटा परमतेजःपुञ्ज, जटाधारी महात्मा उभिएको देख्यो। उहाँको शरीर र आँखाबाट एउटा स्निग्ध, सुशीतल र तेजिलो अमृतको धारा निक्लिरहेको थियो। पहिले त गोवर्धनलाई केही डरजस्तो लाग्यो, भ्रान्ति भयो, र मनमा केही उद्वेग उठ्यो, तर तुरन्तै उसले महात्मालाई चिन्यो। उसको सबै नशा उड्यो। ऊ चिच्याएर चरणमा पऱ्यो।

सन्त र भगवान्को कृपाबाट के हुँदैन ? भयङ्कर दुराचारी पनि चुटकीमा साधु-शिरोमणि बन्न सक्तछ। ओ सीधा मानिस ! तँ कत्रो विकट भ्रमको भँवरीमा फँसिरहेको छस्। संसारका पदार्थहरूमा सुख छ –यो कस्तो असत्य मृगतृष्णाको विश्वास हो! वारंवार ठक्कर खान्छस्, निराश हुन्छस्, पछारिन्छस्, र चोट पाउँछस्, तैपनि मोहवश उनैतिर नै दौडी-दौडी जान्छस्।

मायावती पनि ढोकाको नजीक उभिएकी थिई। महात्माको अमोघ दर्शनको

प्रभाव थियो, उसको हृदय पनि पग्लन थाल्यो । जीवनभरका सबै पापहरू मानौं त्यस क्षणमा रूपधारण गरेर उसको अगाडि उभिए । ऊ काँपी । हृदयमा पश्चात्तापको प्रचण्ड आगो दन्कन थाल्यो । सारा पापको थुप्रो जलेर भस्म भयो । हृदयको भावरूपी नौनी पग्ल्यो र आँसुको धाराको रूपमा त्यो आँखाको बाटो गरी बग्न थाल्यो । उसको हृदय शुद्ध भएको मानियोस् वा नमानियोस् सो थाहा नभए पनि ऊ पनि अगाडि सरेर महात्माका पाउमा परी र आँखाका जलधाराहरूबाट उनका पवित्र पदकमललाई पखाल्न लागी । महात्माको वरद हस्त उठ्यो । महात्मा निहुरे । वरद हस्तले दुवैका मस्तकलाई छोयो र बोले–'बाबुहरूहो ! उठ, नडराऊ । भगवान्को कृपाशक्तिको सामुन्ने तिम्रा पापहरूको के जोर चल्छ ? जतिसुकै बाक्लो, गहिरो र धेरै पुरानो अन्धकार भए तापनि प्रकाश पर्नासाथ त्यो लुक्दछ । त्यहाँ **सूर्य उदाए भने अन्धकारले कहीं लुक्ने ठाउँ पनि पाउँदैन । भगवान्को कृपा कहिल्यै नअस्ताउने प्रचण्ड तथा सुशीतल प्रकाशमय सूर्य हो । पापान्धकारमा कत्ति पो ताकत छ जो क्षणभर पनि उसको सामुन्ने टिक्न सकोस् !** म भगवान्को अतुलनीय कृपाशक्तिको प्रेरणाबाट नै मध्यरातमा यहाँ आएको हुँ । तिमी दुवै पवित्र भयौ । उठ ! भगवान्को भजन गर र जन्म तथा जीवनलाई सफल पार ।' दुवै उठेर हात जोडे र कठपुतलीसरह सामुन्ने उभिए । दुवैका आँखाबाट आँसु झरिरहेका थिए ।

महात्माले भने– 'गोवर्धन ! तिमी घर जाऊ र आफ्नी साध्वी पत्नीलाई सान्त्वना देऊ । आजदेखि मायावती तिम्री गुरुबहिनी भई । यसलाई आफ्नी सहोदर बहिनी मान । यो अब काबेरीको किनारामा गएर भगवान्को भजन गर्ली । कुनै कुसङ्गतमा परेर यो यस हालतमा पुगी । तिम्रा बाबु मेरा असाध्य आज्ञाकारी थिए, सन्त थिए र भगवत्प्राप्त पुरुष थिए । उनका शुभ संस्कारहरू तिमीभित्र थिए, तर तिमीले विद्याको अभिमानले गर्दा भगवान्को भक्ति गरेनौ । तर्कको ताकतमा केवल जगत्को अस्तित्वको खण्डन मात्र गरिरह्यौ । तिमीले मायाधीश्वर सच्चिदानन्द भगवान्लाई पनि मायाको नै कार्य बतायौ । त्यसैले तिमी माझी नभएको नाउसरह यस पापसमुद्रमा डुब्यौ । **जो अतुल शक्ति भगवान्को सहारा नलिएर आफ्ना चार अक्षरहरूको घमन्डमा डौडने उफ्रने गर्दछन्, तिनले उल्टो आफैले च्यापुले माटो खानुपर्दछ । त्यस्ताको पतन नै हुन्छ । अन्धकारको प्रवेश त्यहीं हुन्छ जहाँ प्रकाश हुँदैन । पहिले नै भगवान्को भरोसाको दिव्य रसिलो ज्योति बालिनुपर्दछ र अडिग विश्वासको शुद्ध स्नेहबाट सेचन गर्दै त्यो सधैं जस्ताको तस्तो प्रज्वलित राखियो भने त्यहाँ कहिल्यै**

पापान्धकारको प्रवेश हुनै सक्तैन । पाप नभए ताप पनि हुँदैन । चोर-डाँकूहरूको प्रवेश अँध्यारोमा नै हुने गर्दछ ।

'तिमी त आज पनि भगवान्‌लाई पुकार्दैनौ र उनको शरण पर्दैनौ । तर तिम्री स्वास्नी धेरै भक्तिमती छ । उसको भगवान्‌माथि अटल विश्वास छ । उसको विश्वास-युक्त दुःखी पुकारले भगवान्‌को आसन हल्लायो र भगवान्‌को प्रेरणाले नै समाधिबाट उठेर म यहाँ आएँ । म भगवान्‌को सत्य प्रेरणाले यहाँ आएको हुँ । त्यसैले त तिमी दुवैको हृदयमा लामो समयदेखि पोषित अनाचार र दुराचारको रास पनि सूर्यको प्रखर प्रकाशबाट अन्धकारको थुप्रो मेटिएझैं यति चाँडै मेटियो । भगवान् प्राप्त भएमा पाप-हरू नष्ट हुन्छन् । यसमा त भन्नु नै के छ र । भगवान्‌लाई पाउने इच्छाले नै पापहरूलाई जलाइदिन्छ । आज मसँग आएको भगवान्‌को प्रेरणा अघटित दर्शन पाएर नै तिमी कृतार्थ भयौ । यो भगवान्‌को अनन्त कृपाको दिग्दर्शन हो । यस कृपाप्राप्तिको कारण हो – तिम्री साध्वी पत्नी । तिमीले भगवान्‌लाई पुकारेनौ । तर तिम्री स्वास्नीले विश्वासपूर्ण पुकार गरी । उसको इच्छा थियो– दीनबन्धु भगवान् कृपा गरेर मबाट तिम्रो सुधार गरून् । त्यही भयो । म त समाधिस्थ थिएँ । यहाँ किन आउँदथें । साध्वी ब्राह्मणीद्वारा वशीकृत भगवान्‌को कृपाशक्तिले जगाएर मलाई यता पठायो । सच्चा आत्मीय, आफन्त, बन्धु र प्रिय तीनै हुन् जो आफ्ना आत्मीय, आफन्त, बन्धु र प्रियलाई कुमार्गबाट हटाएर विषयविषको मदिराको विषालु नशाबाट छुटाएर भगवान्‌को बाटोमा लगाउँदछन् र भगवान्‌सँग कातर प्रार्थना गरेर उनलाई भगव-त्प्रेमको अमृतधाराको पान गराउँदछन् । तिम्री स्वास्नी धन्य छ र तिमी पनि धन्य छौ जो यस्ती पत्नीको पति हुने सौभाग्य तिमीले पाएका छौ । सावित्रीले यमराजको एक पासोबाट आफ्ना स्वामी सत्यवान्‌लाई छुटाएकी थिइन्, तर तिम्री साध्वी स्वास्नीले तिमीलाई अनेकौं जन्म-जन्मान्तरहरूमा जानुबाट छुटाएर अनेकौं अनन्तौं मृत्युहरूबाट जोगायो । साध्वी स्वास्नी के गर्न सक्तिन ?

'यी मायावती पूर्वजन्ममा ठूली भक्तिनी थिई । यहाँ पनि पवित्र ब्राह्मण कुलमा यसको जन्म भयो । तर आमा, बाबु र लोग्ने परलोकवासी भएपछि दुराचारी मानिसहरूले यसलाई आफ्नो जालमा फँसाए । यो सोझी थिई र सादा हृदय भएकी थिई । त्यसैले सजिलैसँग कुसङ्गतमा फँसी । जुन कुसङ्गतले तिम्रो पतन गऱ्यो त्यसै कुसङ्गतले उसको पनि पतन गऱ्यो । यस्तो कुनचाहिं खराबी छ जो कुसङ्गतबाट हुन

सक्तन र यस्तो कुन पतन छ जो कुसङ्गबाट हुन सक्तैन । मूर्ख मानिसहरू धनादिको लोभले कुसङ्गतमा परेर आफ्नै हातले आफ्नै खुट्टामा बञ्चरो हानेर आफै आफूलाई पतनको गहिरो खाल्टोमा धकेलिदिन्छन् । मायावती पनि कुसङ्गतमा परेर गिरी । तर उसको हृदयमा पश्चात्तापको आगो बलिरहेको थियो । **पापी दुई प्रकारका हुन्छन् । एक यस्ता जो परिस्थितिवश कुसङ्गतमा परेर पापको हिलोमा धस्सिन्छन्, तर त्यो पाप उनको हृदयमा सधैं शूलसरह बिझिरहन्छ । तिनीहरू पश्चात्तापको आगोले तप्त भई मनमनै क्रन्दन गर्दै पतित-पावन भगवान्लाई पुकारिरहन्छन् । अर्का ती हुन् जो पाप गर्नुमै दक्षता, चतुर्याइँ र जीवनको सफलता मानेर मनभित्र गौरवको अनुभव गर्दछन् ।** यस्ता मानिसहरू वारंवार भयङ्कर नरक-यातनाहरूको र नारकीय जुनीहरूका विभिन्न प्रकारका दुःख र कष्टहरूको शिकार बन्दछन् । तर जो (पहिलो) पश्चात्ताप गरेर र दीनबन्धु भगवान्को अनन्य विश्वास गरर उनलाई पुकार्छन् त्यस्ताको पुकार भगवान् सुन्नुहुन्छ तथा आफ्नो कृपाले अमृतधारामा स्नान गराएर उहाँ त्यस्तालाई तुरन्त परमसाधु बनाइदिनुहुन्छ । **श्रीमद्भगवद्गीता**मा यी दुवै प्रकारका पापीहरूको स्थिति र गतिको राम्रो वर्णन गरिएको छ–

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ।। (७।१५)
तानहं द्विषतः क्रूरान् संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ।
आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ।। (१६।१९-२०)

मायाबाट ज्ञान हरण भएका, आसुरी स्वभावको आश्रय लिने, बुद्धिहीन, अधम र पापी मानिसहरू मेरो भजन गर्दैनन् । यी द्वेष गर्ने, निर्दयी, पापी र नराधमहरूलाई संसारमा वारंवार म आसुरी योनिहरूमा खसाउँदछु । हेर अर्जुन ! ती मूर्ख मानिसहरू मलाई नपाएर एउटा जन्ममा मात्र होइन जन्म-जन्मान्तरसम्म आसुरी जुनी पाउँदछन् र पछि त्यसभन्दा पनि नीच गतिमा पर्दछन् ।

अपि चेत् सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ।।
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ।।

'महापापी मानिस पनि अनन्य भक्त भएर (मैमा मात्र विश्वास गरर) मलाई भज्दछ भने उसलाई साधु नै मान्नुपर्दछ, किनकि उसको निश्चय यथार्थ हो। ऊ चाँड धर्मात्मा बन्दछ र सनातनी शान्तिमा पुग्दछ। अर्जुन ! तिमी यसलाई निश्चय मान– मेरा भक्तको नाश हुँदैन।' अस्तु।

मायावतीले हिजै मात्र रोई-रोई भगवान्‌लाई पुकारा गरेकी थिई। भगवान्‌ले पनि उसको पुकार सुन्नुभयो। गोवर्धन र मायावतीका आँखाबाट समान किसिमले आँसुका धाराहरू बगिरहेका थिए। उनीहरूका समस्त पापहरू उसैमा बगेर गए। दुवैले भाइ र बहिनीसरह आपसमा मिलेर महात्माको सामुन्ने हात जोरे। महात्माले आफ्नो गलाको माला दिई मायावतीलाई आशीर्वाद दिए र काबेरीको किनारामा गई भजन गर्ने आदेश दिए। गोवर्धनलाई आफ्नो घर जाने आदेश दिए र बिहानीपख आफै पनि उसको घरमा आउने वचन दिए। गोवर्धन र मायावतीको अगाडिबाट मायाको पर्दा हटयो। उनीहरू कृतार्थ भए। **सन्त र भगवन्तको कृपाशक्ति कल्याण-कार्यमा अमोघ हुन्छ।**

गोवर्धनकी स्वास्नीको आँखामा नींद थिएन। ऊ रोई-रोई करुणामय भगवान्‌लाई पुकार गरिरहेकी थिई। यत्तिकैमा गोवर्धनले आई ढोकामा ट्वाक ट्वाक गऱ्यो र बोलायो। लामो समयदेखि गोवर्धन धेरै कम घर आउने गर्दथे र जब कुनै बखत आउँदथे, तब रक्सीको नशामा चूर भएर बरबराउँथे, बकवास गर्दथे, झर्कन्थे, च्याँट्ठिन्थे र पछारिन्थे। बिचरी ब्राह्मणी सह्माल्दथी, नुहाइदिन्थी, खुवाउँदथी, सेवा गर्दथी र सम्झा-उँदथी, तर बदलामा उसलाई मिल्दथ्यो– तिरस्कार, अपमान, वाग्वाण र कहिलेकाहीं पिटाइ-चुटाइ पनि। ब्राह्मणी सबै सहन्थी। लोग्नेको असहाय अवस्थाको विचार गरी रुन्थी र साह्रै आर्त भावले भगवान्‌लाई पुकार्दथी। त्यससमय भने उनी पूरा चङ्गा थिए। उनको आवाजबाट नै उसको स्वाभाविक स्थितिको पत्ता लाग्दथ्यो। तर त्यससमय स्वाभाविकताको साथ केही अर्को जातीय अस्वाभाविकता पनि थियो– त्यो थियो पवित्र हृदयको भगवद्‌भक्तिको स्वच्छ अमृत-प्रवाह। ब्राह्मणी स्वर सुन्नासाथ मानौं कृतार्थ भई। उसले दौडेर द्वार खोली। गोवर्धन स्वास्नीको साथ घरभित्र पसे। ऊ उनका पाउ परेर रुन लागी। उता कृतज्ञ-हृदय गोवर्धनका आँखाबाट पनि आँसुको झरी पऱ्यो। गोवर्धनले उसलाई उठाएर स्नेहपूर्वक आफूसँग बसालेर गद्‌गद हुँदै सबै कथा सुनाए। ब्राह्मणी भगवान्‌को कृपाको चमत्कार देखेर कृतार्थ भई र आफ्नो

बाँकी जिन्दगी सदैवको लागि प्रभुमा समर्पित गरी । सारा रात सन्त-चर्चा र भगवच्चर्चामा बित्यो । बिहान स्नानादि कामबाट निवृत्त भएर गोवर्धन भगवान्‌को पूजाको कुरा सोचिरहेकै वला महात्मा पाल्नुभयो । पति-पत्नी उनका पाउ परे । दुवैको हृदय कृतज्ञता, उल्लास र सर्वसमर्पणको निश्चयले भरिएको थियो । महात्माले दुवैलाई भगवद्भक्तिको उपदेश तथा षोडशनामको–

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।।

कालिसन्तरणोपनिषत्को उपदेश दिनुभयो र भन्नुभयो– 'अब तिम्रो कहिल्यै पतन हुँदैन । तिमीहरू दुवै भगवान्‌का दिव्य धामको र स्वरूपको प्राप्ति गर्नेछौ ।' तदनन्तर भिक्षा आदि गरेपछि महात्मा आफ्नो स्थानमा फिरे ।

यता यी दुवै भगवद्भक्तिमा तल्लीन भए । ब्राह्मणीको जीवन भक्तिमय थियो नै । ब्राह्मण पनि परम भक्त बने र अन्तमा भगवान्‌को प्रत्यक्ष दर्शन पाएर दुवै दिव्य-धाममा पुगे । त्यहाँ उनले नित्य पार्षदको गति प्राप्त गर ।

भन– भगवान् र भगवान्‌का भक्तको जय !

डाक भक्त– पुरानो जमानाको कुरा हो । एउटा गृहस्थको घरमा भगवत्कथाको धेरै राम्रो आयोजना भइरहेको थियो । वैशाखको महीना थियो र शुक्ल पक्षको रातको समय । अतिथि-अभ्यागतहरूको सुख-सुबिस्ताको लागि हरतरहको तयारी गरिएको थियो । अनेकौं प्रकारका सुगन्धी फूलहरूको बास्नाले वातावरणै मगमगाइरहेको थियो । भगवान्‌को भोगको लागि आँप, अंगूर, अनार, स्याउ आदि फलहरू तयार पार्न लागिएका थिए । सारा सामग्रीहरू तयार भएपछि विधिपूर्वक भगवान्‌को पूजा सम्पन्न भयो । भगवान्‌को मनोहर मूर्ति, भगवत्कथाको श्रवण, सुगन्धी फूलहरूको सुबास र शान्तिमय वातावरणको प्रभावले सबै उपस्थित सज्जनहरू अलौकिक आनन्द अनुभव गर्न लागे । सबै मानिसहरू त्यस पवित्र उत्सवको काममा यति संलग्न र तन्मय भए कि उनीहरूलाई समयको कुनै याद विचार रहेन । कथावाचक पण्डित विद्वान् त थिए नै, राम्रो गायक पनि थिए । उनी बीच-बीचमा भगवत्सम्बन्धी भावपूर्ण पदहरूको मीठो स्वरले गायन पनि गर्दथे । पहिले उनले **श्रीमद्भागवत**को आधारमा संक्षेपमा भगवान्‌को जन्मको कथा सुनाए । अनि नन्दोत्सवको वर्णन धेरै नै राम्रो

ढङ्गले गरे । श्रोतृगण व्यवहारको चिन्ता र शरीरको सुद्धी बिर्सेर भगवदानन्दमा मस्त भए । धेरैजसोको शरीरमा रोमाञ्च आयो । कतिपयका आँखाहरूमा आँसु छचल्कियो । सबै तन्मय भइरहेका थिए ।

त्यसै वेला राम्रो मौका देखेर एउटा डाकू त्यस धनी गृहस्थकहाँ घुस्यो र चुपचाप धन-रत्न खोज्न लाग्यो । तर भगवान्‌को यस्तो लीला कि धेरै कोशिश गर्दा पनि उसको हातलागी केही भएन । ऊ जुन वेला केही न केही हात पार्नको लागि यता-उति खोज्न लागिरहेको थियो, त्यसै वेला उसको ध्यान एकाएक कथातर्फ लाग्यो । कथावाचक पण्डितजी महाराज ठूलो स्वरमा भनिरहेका थिए– 'बेहान भयो। पूर्वदिशा मनोरम ज्योति र अरुणको लालिमाले रङ्गियो । त्यसवेला व्रजको दृश्य अलौकिक भैरहेको थियो । त्यहाँको एक-एक पात चम्किरहेको थियो, मानौं श्रीकृष्ण चाँडोभन्दा चाँडो आएर आफ्ना आँखाको प्यासलाई तृप्त गराउलान् भन्ने आसले चराचुरुङ्गीका बथान झन्-झन् बढी जोरले चिरबिराइरहेका थिए । अब हाम्रा श्रीकृष्ण हामीहरूलाई आनन्दित पार्न आउनै लाग़ेका होलान् भनी गाई र बाच्छाहरू नन्दबाबाको महलतिर टाउको उठाई तिर्खालु दृष्टिले हेरिरहेका थिए । त्यसै बखत भगवान् श्रीकृष्णका मन पर्ने साथीहरू– श्रीदामा, सुदामा, र वसुदामा आदि ग्वाला केटाहरूले आएर भगवान् श्रीकृष्ण र बलरामलाई धेरै प्रेमपूर्वक डाके–'हाम्रा प्रिय कन्हैया ! आऊ न । अहिलेसम्म तिमी सुति नै रहेका छौ ? हेर, गाईहरू तिमीलाई नदेखी हम्माइरहेका छन् । हामीहरू कहिलेदेखि उभिरहेका छौं। हिंड ! गाई चराउन वनमा जाऔं। दाउदादा ! तिमी यति अबेर किन गर्छौ ?' ग्वाला केटाहरूको यस्तो पुकार र हतार सुनी नन्दरानीले आफ्ना प्यारा छोराहरूलाई अत्यन्त मीठो बोलीले उठाइन् । अनि आमाले मायाले उनीहरूलाई नौनी, मिस्रीको र किसिम-किसिमको पक्वान्न खुवाएर ठूलो स्नेहले उनीहरूलाई वस्त्राभूषणले सिंगारिन् । कीमती गहनाहरू, हीरा-जवाहरात र मोती जडाउ स्वर्णालङ्कार आफ्ना नानीहरूलाई पहिराइन् । मुकुटमा, बाजूबन्दमा र मालामा जुन मोतीहरू जगमगाइरहेका थिए, तिनको अगाडि बिहानको उज्यालो फिक्का परिरहेको थियो । यसप्रकार राम्रोसँग सिंगारेर नन्दरानीले आफ्ना प्यारा पुत्रहरूको शिर सुँघिन् र अनि उनीहरूलाई गाईहरू चराउनको लागि धेरै प्यारले बिदा गरिन् ।'

यति कुराहरू डाकूले पनि सुन्यो । अरू त उसले केही सुनेको थिएन । तब

ऊ सोच्न लाग्यो,– 'ओहो ! यो त धेरै राम्रो मौका हो । म स-साना चीज-बीजहरूको लागि यताउता मरी-मरी चक्कर खान्छु । यो त अपार सम्पत्ति हात लाग्ने अवसर हो। केवल दुइटा बालक मात्र त छन् । उनका दुवै गालाहरूमा दुई-दुई चड्कन लगाउना-साथ उनी आफ-से-आफै आफ्ना गहनाहरू फुकालेर मलाई सुम्पिदेलान् ।' यस्तो सोचेर त्यो डाकू धनी गृहस्थको घरबाट बाहिर निस्क्यो र कथा सिद्धिने समय पर्खेर बस्यो ।

डाकूको आनन्दको सीमा थिएन । कथावाचक पण्डितजीले भगवान् श्रीकृष्ण र बलरामजीको सुन्दर शरीरमा सिंगारिएका गहनाहरूबारे जे भनेका थिए त्यो सम्झी-सम्झी ऊ खुशीले फुलेको थियो । 'आहा ! ती गहनाहरू कति चम्किला होलान् । ती खोसेर ल्याउनासाथ नै म ठूलो धनी बनुँला । अनि त मेरो सुखको बयान गरीं साध्य हुँदैन'– ती गहनाहरूबारेको सोचाइले उसको हृदयमा प्रकाशको रेखा खिचियो । गहनाहरूसँगसँगै भगवान्का दिव्य स्वरूपको पनि चिन्तन हुने नै भयो । ऊ आफ्नो दुःख-दरिद्रता बिर्सेर सुख-समुद्रमा डुब्ने र उत्रने गर्न लाग्यो । धेरै रात बितेपछि कथा समाप्त भयो । भगवान्को नाम र जय-जयकारका नाराले आकाश गुन्जियो । भक्त गृहस्थ धेरै नम्रताले ठाकुरजीको प्रसाद ग्रहण गर्नको लागि सबै श्रोताहरूसँग अनुरोध गर्न लाग्यो । प्रसाद बाँडिन लाग्यो । आनन्दको धारा बग्न लाग्यो । जता हेरे पनि मानिसहरू भगवान्को प्रसाद पाएर मस्त भइरहेका थिए । एकातिर यो सब भइरहेको थियो, तर डाकूको मनमा ती कुराको कुनै वास्ता थिएन । ऊ त कथावाचकतर्फ वारंवार हेरिरहेको थियो । उसका आँखा कथा-वाचकको गतिविधिमाथि जमेका थिए । प्रसाद खाएर केही बेरपछि पण्डितजी आफ्नो डेरातिर हिंडे । डाकू पनि उनको पछि-पछि हिंड्न लाग्यो । जब पण्डितजी खुला मैदानमा पुगे, तब डाकूले पछाडिबाट केही ठूलो स्वरले डाँको छाड्यो– 'ओ पण्डितजी! पर्खनोस् ।' पण्डितजीसँग दक्षिणाका रुपैयाँ-पैसा पनि थिए । उनी अलि डराएर अझै चाँड-चाँडो हिंड्न लागे । डाकूले दौडँदै भन्यो– 'ओ पण्डितजी! पर्ख । यसरी भागेर बच्न सक्दैनौ ।' छुट्कारा पाइँदैन भनी पण्डितजीले बुझे । उनी लाचार भएर पर्खे । डाकूले उनीनेर पुगेर भन्यो– 'हेर्नुहोस् पण्डितजी ! तपाईं जुन कृष्ण र बलरामको कुरा भनिरहनुभएको थियो र उनका लाखौं-करोडौं रुपैयाँका गहनाहरूको वर्णन गरिरहनुभएको थियो, तिनको घर कहाँ हो ? ती दुवै गाई चराउन कहाँ जान्छन् ? तपाईं सबै कुरा ठीक-ठीक बताउनुहोस् । यदि अलिकति पनि आलटाल गर्नुभयो भने, हेर्नुहोस्, मेरो हातमा कति मोटो डन्डा छ, त्यसले तपाईंको टाउको चूर्ण पार्ला ।'

उसको लम्बा-चौडा, दैत्याकार शरीर अति नै दृढ छ– पण्डितजीले देखे । दह्रो हातमा मोटो लट्ठी थियो, आँखाबाट क्रूरता टप्किरहेको थियो, हो न हो ऊ कुनै डाकू नै हो भन्ने उनले सोचे । अनि साहस बटुलेर उनले भने– 'तिम्रो उनीसँग के काम छ ?' डाकूके कड्केर भन्यो– 'जरूरत छ ।' पण्डितजीले सोधे– 'जरूरत बताउनमा के कुनै बाधा छ ?' डाकूले जवाफ दियो– 'पण्डितजी ! म डाकू हुँ । म उनका गहनाहरू लुट्न चाहन्छु । गहनाहरू मेरा हात परेमा तपाईंलाई पनि अवश्य नै केही दिउँला । हेर्नुहोस् ! आलटाल नगर्नुहोस् । जस्ताको तस्तो भन्नुहोस् ।'

यो वज्रमूर्ख हो भनी पण्डितजीले बुझिहाले । तब उनले अलि साहस गरेर भने– 'तब त यसमा के कुराको डर ? म तिमीलाई सबै बेलीविस्तार लाइदिउँला । यहाँ बाटोमा मसँग पुस्तक छैन । मेरो डेरामा हिंड । पुस्तक हेरेर म सबै ठीक-दुरुस्त बताइदिउँला ।' डाकूलाई भगवान् श्रीकृष्ण र बलराम दुवैको स्वरूपको शोभाको वर्णन सुनाउन लागे । उनले भने– 'श्रीकृष्ण र बलराम दुवैका चरणकमलहरूमा सुनका सुन्दर पाउजेबहरू छन्, जो आफ्नो छमछम ध्वनिले सबैको मनलाई मोहित पार्दछन् । श्याम-वर्णका श्रीकृष्ण पहेंलो र गौरवर्णका बलराम नीलो रङ्गको वस्त्र पहिरनुहुन्छ । दुवैको कम्मरमा बहुमूल्य मोतीजडाउ सुनका कन्धनीहरू सुशोभित छन् । गलामा हीरा-जवाहरातका सुनका मालाहरू छन् । छातीमा कौस्तुभ मणि झलमलाइरहेको हुन्छ । त्यस्तो मणि संसारमा अन्यत्र कहीं छँदैछैन । हातमा रत्नजटित सुनका कङ्गन, कानमा मणिका कुण्डल, शिरमा मनोहर र मुग्ध पार्ने चूडा । काला-काला घुम्रेका केश, ललाटमा कस्तूरीको टीका, ओठमा मुसमुसे हाँसो र आँखाबाट मानौं आनन्द र प्रेमको वर्षा भइरहेको छ । श्रीकृष्ण आफ्ना करकमलहरूमा सुनको बाँसुरी लिएर उसलाई ओठमा लगाइरहन्छन् । उनको शरीरको शोभाको सामु करोडौं सूर्यको कुनै गन्ती छैन । रङ्गी-बिरङ्गी सुगन्धित फूलका मालाहरू, सुगाको जस्तो सलक्क परेको नाक र कुन्दपुष्पजस्ता सेता दाँतका लहर –अत्यन्त लोभलाग्दो रूप छ । हेर भाइ ! जब उनी त्रिभङ्ग-ललित भावले उभिन्छन्, जति हेरे पनि आँखा अघाउँदैन । बाँकेबिहारी श्रीकृष्ण जुनवेला आफ्नो बाँसुरीले **राधे-राधे**को मीठो तान छोड्दछन्, त्यससमय ठूलठूला ज्ञानीहरू पनि समाधि छाडेर दौडन्छन् । यमुनाको किनारमा वृन्दावनको कदम्बको रूखमुनि धेरैजसो उनको दर्शन पाइन्छ । वनमाली श्रीकृष्ण र हलधर बलराम.....।' यत्तिकैमा डाकूले सोध्यो– 'अँ त पण्डितजी ! सब गहनाहरू मिलाएर कति रुपैयाँका होलान् ?' पण्डितजीले भने–

'ओहो ! यसको कुनै गन्ती नै हुन सक्तैन । करोडौं-अरबौंभन्दा बढी !' डाकूले भन्यो– 'तिमीले जति गहनाहरूको नाम लियौ के गहनाहरू तीभन्दा पनि बढी छन् ?' पण्डितजीले भने– 'के भन्ठान्यौ त? संसारको समस्त सम्पत्ति एकतर्फ र कौस्तुभ मणि अर्कातर्फ । तैपनि तुलनाचाहिं हुन सक्तैन ।' डाकूले आनन्दले गद्गद भएर भन्यो– 'ठीक छ ! ठीक छ ! अरू पनि भन्नुहोस् । त्यो कस्तो छ ?' पण्डितजीले भने– 'त्यो मणि जुन ठाउँमा हुन्छ सूर्यको जस्तो प्रकाश भइहाल्छ । त्यहाँ अँध्यारो रहन सक्तैन । त्यस्तो रत्न पृथ्वीमा अन्यत्र कहीं छँदै छैन ।' डाकूले भन्यो– 'त्यसो भए त त्यसको मोल ज्यादै धेरै होला । के भन्नुभएथ्यो ! एक फेरा राम्रोसँग बुझाइदिनुहोस् त । अँ, एउटा कुरा त मैले बिर्सिहालें । मैले कतातर्फ जानुपर्‍यो ?' पण्डितजीले सबै कुरा दोहर्‍याएर बुझाए । डाकूले भन्यो- 'हेर्नुहोस् पण्डितजी ! म तुरन्त आएर तपाईंलाई केही दिनेछु । यहाँबाट धेरै टाढा त छैन हगि ? एकै रातमा पुगुँला, कसो ? ठीक अँ अँ ! एउटा कुरा अर्को पनि भन्नु-होस् । के उनीहरू दिनहुँ गाई चराउन जान्छन् ?' पण्डितजीले भने- 'हो त नि ।' डाकूले भन्यो– 'कुन वेला आउँछन् ?' पण्डितजीले जवाफ दिए– 'ठीक प्रातःकाल । त्यसवेला अलि-अलि अँध्यारो नै हुन्छ ।' डाकूले भन्यो– 'ठीक छ । मैले अब बुझें । लौ त, अब मैले कता जानुपर्दछ ?' पण्डितजीले भने– 'लगातार उत्तरतर्फ लाग ।' पण्डितजीलाई प्रणाम गरेर डाकू हिंड्यो ।

पण्डितजी मनमनै हाँसे– 'हरे ! यो कस्तो पागल रहेछ ।' अलि बेरपछि उनलाई चिन्ता लाग्यो– 'यो मूर्ख दुई-चार दिनसम्म त उनीहरूलाई खोज्नतिर लाग्ला । फेरि फर्केर कहीं त्यसले ममाथि नै अत्याचार गर्न लाग्यो भने एउटा अर्को बाटो बताइ-दिउँला । ऊ दुई-चार दिन भौंतारिएला, तबसम्म कथा समाप्त गरेर म यहाँबाट हिंडिदिउँला । त्यसबाट छुटकारा पाउने अरू उपाय के छ र ?' पण्डितजी अलि-अलि निश्चिन्त भए । डाकू आफ्नो घर गयो । उसको भोक, प्यास र नींद सब उड्यो । ऊ रातोदिन गहनाहरूको कुरा सोचिरहन्थ्यो । चहकिला गहनाहरूले लादिएको आँखा र मन हर्ने दुवै बालकहरू उसका आँखा अगाडि नाचिरहेका हुन्थे । बिर्सियो भने हात परेको सम्पत्ति गुम्ला भनेर उसको मन एकछिन पनि यताउता हुँदैनथ्यो । भगवान्को दिव्य अङ्ग र त्यसमा सजिसजाऊ गहनाहरूको चमक-दमक उसका आँखाको अगाडि सधैं झिलीमिली भई नाचिरहन्थ्यो । त्यसै ध्याउन्नामा रात बितेको उसलाई अत्तोपत्तो भएन । सूर्योदय भयो । तैपनि उसलाई एउटै चिन्ता र एउटै ध्याउन्न । संसारका मानिसहरू

आ-आफ्नो काममा लागिसके । कोही मनोरञ्जन गरिरहेको थियो, कोही आलस्यले दिन काटिरहेको थियो, हावा चलिरहेको थियो, नदी बगिरहेको थियो, चराचुरुङ्गी चिरबिराइरहेका थिए र डाकू मनैमन श्याम-किशोरका ओजस्वी शरीरहरूबाट गहनाहरू फुकाल्नमा व्यस्त थियो । परेली झिमझिम गर्दागर्दै एकक्षण सरह सारा दिन बित्यो । तर डाकूको मनमा एउटै धून थियो । लगन होओस् त यस्तो ! मस्ती होओस् त यस्तो ! अँध्यारो भयो । डाकूले लठ्ठी उठाएर काँधमा राख्यो । ऊ उत्तर दिशातर्फ हिंडिदियो । त्यो उत्तर दिशा पनि उसैको सुरको नै थियो । अरूहरूले देख्दा शायद ऊ दक्षिणतिर लागिरहेको थियो । उसलाई त्यस कुराको पनि सुद्धी थिएन कि उसका खुट्टा जमीनमा टेकिरहेका थिए अथवा काँडाहरूमा । ठीकै हो–

जाहि लगू लगी घनश्यामकी !
धरत कहूँ पग परत कितैहूँ भूलजाय सुधि धामकि ।।
छवि निहार रहीं रहत सार कछु घडी पल निसिदिन जामकी ।
जित मुंह उठै तितै ही धावै सुरतिन छाया धामकी ।।
अस्तुति निन्दा करौ भले ही भेंड तजी कुल गामकी ।
नारायण बौरी मइ डाले रहिन काहू कामकी ।।

हिंड्दा-हिंड्दा एउटा ठाउँमा डाकूका आँखा खुले । उसले साह्रै राम्रो हरा-भरा जङ्गल देख्यो । नगीचै एउटा नदी कलकलाउँदै बगिरहेको थियो । उसले सोच्यो र निधो गऱ्यो– 'यही हो, यही हो ! तर त्यो कदम्बको रूख कहाँ छ ? डाकू साह्रै सावधानी-पूर्वक एक-एक रूखको नगीच पुगेर कदम्बको रूख ठम्याउने कोशिशमा लाग्यो । उसले, थाहा छैन, कति रूखहरूलाई छाम्यो र कतिका पातहरू हेऱ्यो । अन्तमा त्यहाँ उसले एउटा कदम्ब भेटाइहाल्यो । तब उसलाई बेहद आनन्द लाग्यो । उसले सन्तोषले सास फेऱ्यो र यताउता आँखा लगायो । एउटा सानो पर्वत, घना जङ्गल, गाई चर्ने चौर पनि देख्यो । हरिया-हरिया दूबो अँध्यारोमा मिस्सिइसकेका थिए । तैपनि उसको मनको सामुन्ने गाईहरू चर्ने र चराउनेहरूको दृश्य झल्कि नै रह्यो। कहिले बिहान होला र कहिले आफ्नो काम फत्ते होला भन्ने एक मात्र विचार डाकूको मनमा लागेको थियो । त्यस दिन बिहान हुनलाई कति अबेर भइरहेको थियो भनी ऊ छिन-छिनमा होशियारीसाथ हेर्थ्यो र विचार गर्दथ्यो । पला-पलामा उसको उत्साहको वृद्धि हुन्थ्यो । आफ्नो मनोरथ पूरा हुने समय समीप आइपुगेको उसले देख्यो । ऊ कदम्बको रूखको हरेक हाँगा

निग्रालेर हेरी त्यसमा चढी यस कुराको परीक्षा गर्न लाग्यो कि आफू त्यहाँ बसेर उनीहरू दुवै आउनासाथ झटपट हाम्फाल्न र गहनाहरू खोस्न सजिलो पर्ला कि नपर्ला । म उनीहरूलाई कसरी पक्रुँला, र कसरी गहनाहरू खोसुँला भनी ऊ वारंवार अठोट गर्न थाल्यो । जति-जति रात बित्दै गयो, उति-उति उसको चिन्ता, उद्वेग, उत्तेजना, आग्रह र व्याकुलता बढ्दै जान्थ्यो । कौस्तुभमणि उसको आँखाको सामुन्ने चम्केको उसलाई कहिलेकाहीं भान पर्दथ्यो । उसले विचार गऱ्यो- 'कौस्तुभ मणिले अँध्यारो हटाउँदछ । मणिको उज्यालोमा यदि ती बालकहरूले मलाई देखे भने त सारा तम्तयारी चौपट होला । मलाई देखेर उनीहरू भाग्न कोशिश गर्लान् । हो त, म अहिल्यै कदम्बको सबभन्दा अग्लो हाँगामा चढूँ र पातहरूमा लुकेर उनीहरूलाई पर्खूं । ऊ रूख चढ्यो । थोरै बेर मात्र भएको थियो कि त्यत्तिखेर उसको मनमा लाग्यो- 'होइन, होइन ! यहाँबाट ओर्लन नभ्याउँदै उनीहरू भागिसक्लान् । यहाँ बस्नु ठीक होइन ।' ऊ ओर्ल्यो र सोच्न लाग्यो- 'केही बुटाहरूको झ्याङमा चुपचाप उभिइराखूँ र आउनासाथ झम्टेर उनीहरूलाई पक्रूँ ।' ऊ गएर रूखहरूको आडमा उभियो । उभिनासाथ उसको मनमा विचारहरूको आँधी-बेरी उठ्यो- 'हुन्न, हुन्न ! यहाँ उनीहरू दुवैले मलाई देख्ने सम्भावना छ । त्यसो भएमा सारा सोचे-विचारेको काम चौपट होला । अँ, अगाडिको खाल्टोमा लुकूँ । हो, ऊ आउनासाथ बाँसुरी बजाउला । वंशीको सुर सुन्नासाथ दौडेर उसलाई म पक्रुँला ।' यो विचार गरी डाकू खाल्डोमा गएर लुक्यो । एकछिन पछि नै उसको मनमा आयो- 'कहीं बाँसुरीको स्वर मेरो कानमा परेन भने ? बाहिर बस्नु नै ठीक छ ।' तब बाहिर निस्केर वारंवार कान लगाएर बाँसुरीको धुन अडकल्न लाग्यो । जब उसले कुनै आवाज सुनेन, तब ऊ फेरि कदम्बमा चढ्यो र हेर्न लाग्यो कतै उज्यालो त छैन र कतैबाट बाँसुरीको आवाज त आइरहेको छैन । उसले आफ्नो मनलाई सम्झायो- अझै बिहान हुन विलम्ब छ । बाँसुरीको धुन सुन्नेबित्तिकै म झम्टा दिनेछु ।' यसप्रकार सोच्दै साह्रै उत्सुकतासाथ त्यो डाकू बिहानको उज्यालोलाई पर्खी बस्यो ।

हेर्दा-हेर्दै पूर्वदिशाको मुख मानौं कसैले होलीको रङ्गले रँगाइदियो । डाकूको हृदयमा झन् छटपटी बढ्यो । ऊ रूखबाट जमीनमा हाम्फाल्यो, तर बाँसुरीको आवाज नसुनिएकोले ऊ फेरि उफ्रेर कदम्बमा चढ्यो । त्यहाँ पनि कुनै किसिमको आवाज सुनिएन । उसको मुटु क्षण-क्षणमा चिरिँदै थियो । त्यतिखेर उसको हृदय आकुल भयो, तर यो क्या हो, ? साँच्ची नै उसको आस पूरा भयो । टाढा, धेरै टाढा बाँसुरीको सुरिलो आवाज-

स्वरलहरी उठिरहेको थियो । रूखबाट ऊ हाम्फाल्यो । तर उसको हृदयमा फेरि अविश्वासको रेखा तानियो । कहीं मलाई भ्रम त भएको होइन?' ऊ झटपट रूखको सबभन्दा अग्लो हाँगामा चढ्यो । 'हो, ठीक हो ! ठीक हो ! बाँसुरी नै हो ! हेर, त्यो स्वर त झन् नगीच हुँदै आइरहेको छ ।' आनन्दको आवेशमा डाकूको सुद्धी-बुद्धी हरायो र ऊ बेहोश भएर भुइँमा खस्यो । केही क्षणमा नै उसको मूर्छा हटयो र आँखा खुले । ऊ उठेर उभियो र नगीचै जङ्गलमा एक किसिमको दिव्य शीतल प्रकाश चारैतिर फैलिएको देखियो । त्यस मनोहर उज्यालोमा दुईवटा विश्वविमोहन बालकहरू आफ्ना अङ्गको अलौकिक छटा फैलाइरहेका थिए । गाई र ग्वाला-केटाहरू उनका अगाडि-अगाडि केही टाढा पर पुगिसकेका थिए । डाकूले उनलाई देख्यो र हकार्न पनि नपाउँदै उसको मन मक्ख पऱ्यो– 'अहाहा ! कस्ता राम्रा मुहार छन् यिनका । आँखाबाट त अमृत नै बर्सिरहेको छ र यिनका त अङ्ग-प्रत्यङ्ग बहुमूल्य गहनाहरूले ढाकिएका छन् । ओहो ! यति साना-साना सुकुमार बालकहरूलाई आमा-बाबुले कसरी गाई चराउन पठाएका होलान् । ओहो ! मेरो त मन मुग्ध हुन लागेको छ । यिनीहरूलाई हेरि नै रहन चाहन्छ मन । यिनीहरूका गहनाहरू उतार्ने कसरी ? यिनीहरूलाई अझै बढी सिंगार्नुपर्छ । नाइँ, म यिनका गहना खोस्दिनँ । हुन्न, हुन्न ! गहना लुट्दिनँ । तब फेरि आइस् किन ? ठीक छ, म गहना खोसुँला, तर यिनीहरूलाई मार्नेछैनँ । बाफ-रे-बाफ ! मबाट यो काम हुन सक्तैन । धत्तेरी ! यो मोह-माया कस्तो ? म डाकू हुँ, डाकू । म र दया ? बस, बस म अहिल्यै गहना खोसिहाल्छु ।' यति भन्दा-भन्दै ऊ श्रीकृष्ण र बलरामतिर दौड्यो । भगवान् श्रीकृष्ण र बलरामका समीप पुगेर उनीहरूको साहस देख्दा उसको चेत एकपटक फेरि गुम्यो । खुट्टा लरखराए र ऊ ढुनमुनियो । फेरि उठ्यो र केही बेरसम्म एक टक लगाई हेरिराख्यो । आँखा आँसुले भरिए । फेरि कुन्नि के विचार गऱ्यो ? हातमा लट्ठी समातेर उनीहरूको सामुन्ने गयो र कड्क्यो-- 'खडा रहू । सबै गहना फुकालेर मलाई देऊ ।'

श्रीकृष्ण– हामी हाम्रा गहनाहरू तिमीलाई किन दिऊँ ।

डाकू– दिंदैनौ त ? मेरो लट्ठी हेर ।

श्रीकृष्ण–लट्ठीले के हुन्छ ?

डाकू– ओहो ! के हुन्छ ? गहना दिएनौ भने तिमीहरूका टाउका फुटाउँला । अरू के होला? श्रीकृष्ण– नाइँ, हामीहरू गहना दिंदैनौं ।

डाकू– ऐल्यै कान समातेर निमठुँला र सबै गहना खोसेर तिमीहरूलाई नदीमा फ्याँकिदिउँला ।

श्रीकृष्ण– (ठूलो स्वरले) वाफ-रे-वाफ, ओ बाबा ! अरे बाबा !

झम्टेर डाकूले आफ्ना हातले श्रीकृष्णको मुख थुन्न खोज्यो, तर छुनासाथ उसको सारा शरीरमा बिजुलीजस्तो दौड्यो । ऊ बेहोश भएर धडाम्म धरतीमा लड्यो । केही छिनमै होश फर्केपछि उसले श्रीकृष्णलाई सोध्यो– 'ओ ! तिमी दुवै को हौ ? म जति-जति तिमी दुवैलाई हेर्दछु, त्यति-त्यति बढी तिमी मलाई सुन्दर, मधुर र मनोहर किन लाग्दछौ ? मेरा आँखाका परेला झिमझिम हुन बन्द भइसके । हाय ! हाय ! मलाई रुन किन मन लागिरहेछ ? मेरो आङका सबै रौं किन ठाडा भइरहेछन् ? बुझें, मैले थाहा पाइसकें, तिमी दुवै देवता हौ; मानिस होइनौ ।'

श्रीकृष्ण– (मुस्कुराउँदै) होइन, हामीहरू मानिस हौं । हामी ग्वाला-केटाहरू हौं । हामी व्रजका राजा नन्दबाबाका छोरा हौं ।'

डाकू– आहा ! कस्तो मुस्कान छ ! जाऊ, जाऊ ! तिमीहरू गाई चराऊ । म अब गहना चाहन्नँ । मेरा आशा-दुराशा र मेरा चाहना सब मेटिए । बरु, तिमीहरूका सुन्दर शरीरमा थप गहनाहरू म आफ्नै हातले पहिराउन चाहन्छु । जाऊ ! जाऊ ! अ, एकपटक आफ्ना दुवै राता-राता चरण-कमलहरू मेरो माथमा राखिहाल । हो, हो ! हात यतातिर ल्याऊ । एकबाजि तिमीहरूका स्निग्ध हत्केलाहरूमा म्वाइँ खाएर म मेरा प्राणलाई तृप्त पारूँ । ओहो ! तिम्रो स्पर्श कति शीतल, कति मीठो ! धन्य ! धन्य ! तिम्रो मीठो छुवाइले हृदयको ज्वाला शीतल भइरहेको छ । आशा-अभिलाषा मेटिए । जाऊ, हो हो ! तिमी अब जाऊ । मेरो भोक-प्यास नामेट भयो । अब कहीं पनि जाने इच्छा रहेन । म यहीं बस्छु । तिमी दुवै दिनहुँ यही बाटो गरी आउँछौ हैन ? दिनको एकपटक एकै छिनको लागि । हो, दिनदिनै मलाई दर्शन दिंदै रहू । हेर, नबिर्सनू । कुनै दिन आएनौ– दर्शन दिएनौ भने, याद राख, मेरो प्राण छटपटाएर उडिहाल्नेछ ।

श्रीकृष्ण– अब तिमी हामीहरूलाई कुट्न त कुट्दैनौ ? गहना त खोस्दैनौ ? हो ? यस्तो कबूल गर्छौं भने हामीहरू दिनहुँ आउन सक्तछौं ।

डाकू– प्रतिज्ञा, सयपटक प्रतिज्ञा ! अरे, भगवान्को कसम ! तिमी दुइटालाई म कहिल्यै कुट्नेछैन । तिमीहरूलाई कुट्न सक्ने कोही छ जगत्मा ? तिमी-हरूलाई देख्नासाथ सारा शक्ति गायब हुन्छ । अनि मन नै हराउँदो रहेछ । अनि कसले कुट्नें ? लौ, तिमीहरू गइहाल ।

त्यसपछि श्रीकृष्णले भने– यदि हामीहरूले तिमीलाई गहनाहरू दियौं भने, लिन्छौ ?

डाकूले जवाफ दियो– गहना ! गहना ! अब गहनाहरूको के काम ? अब त केही पनि लिने इच्छा छैन ।

श्रीकृष्ण– किन छैन ? लिहाल । हामी आफै तिमीलाई दिइरहेका छौं नि ।

डाकू– तिमीहरू नै मलाई दिन्छौ भने लिनै पर्ला, तर तिम्रा आमा-बाबु रिसाउलान् । तिमीलाई पिटे भने ?

श्रीकृष्ण– होइन, होइन, हामी राजकुमार हौं । हामीसँग यस्ता कति गहना छन् कति । तिमी चाहन्छौ भने अझै धेरै गहना दिन सक्तछौं । लिहाल ।

डाकू– अहँ, लिएर म के गरूँ ? तर तिम्रो कुरा हार्न पनि त सकिंदैन । के तिमीहरूसँग अरू गहनाहरू पनि छन् ? साँचो भन ।

श्रीकृष्ण– 'छन्, नभए दिन्छौं त ? लौ, तिमी यी गहना लेऊ ।' भगवान् आफ्नो अङ्गबाट गहनाहरू फुकालेर दिन लागे । डाकूले भन्यो–'हेर भाइ ! यदि तिमी दिनै चाहन्छौ भने यो मेरो यो दुपट्टा लेऊ र त्यसमा आफ्नै हातले बाँधिदेऊ । तर हेर नानी हो ! मेरो लालच ठानी यदि तिमीहरू मनले नमानी दिइरहेका छौ भने मलाई गहनाहरू चाहिंदैनन् । मेरो इच्छा त अब बस एउटै छ– दिनको एकपटक तिम्रा मनोहर मुहार हेर्न र आफ्नो टाउकोलाई तिम्रा पैतालाहरूमा छुवाउन पाऊँ ।'

श्रीकृष्णले भने– 'होइन, होइन ! मन नभएको हुँदै होइन । तिमी फेरि आउनू । तिमीलाई अरू पनि गहनाहरू दिउँला ।' श्रीकृष्णले उसको पछ्यौरामा सबै गहनाहरू बाँधिदिए । डाकूले गहनाको पोको हातमा लिएर भन्यो– 'के त भाइ ! म फेरि आएँ भने तिमी मलाई अरू पनि गहना दिन्छौ त ? चाह गहना नदिनू, तर दर्शनचाहिँ जरूर दिनू ।'

श्रीकृष्णले भने– अवश्य ! गहना पनि र दर्शन पनि, दुवै ।

डाकू गहना बोकेर आफ्नो घरतिर लाग्यो ।

खुशीले मस्त डाकू आफ्नो घर फर्क्यो । दोस्रो दिन रातमा कथावाचक पण्डितजीकहाँ गएर सबै बेलीविस्तार लायो, गहनाको पोको उनको अगाडि राख्यो र भन्यो– 'हेर्नहोस्, हेर्नुहोस् पण्डितजी ! कतिका गहना ल्याएको छु । तपाईंको जति इच्छा छ, लिनुहोस् । पण्डितजी ! उसले अरू गहना दिन कबूल गरेको छ ।' पण्डितजी त त्यो

सब देखी-सुनी छक्क परे । उनले ठूलो आश्चर्य लागेर सोधे– 'मैले जसको कथा सुनाएको थिएँ, उनकै गहना लिएर आइस् ?' डाकूले भन्यो– 'हो त नि । हेर्नुहोस्; यो हो सुनको बाँसुरी ! यो हो माथाको मोहन चूडामणि !' पण्डित वाल्ल परे । धेरै घोत्लिए र खूब विचार गरे , तैपनि कुनै टुङ्गोमा पुग्न सकेनन् । 'जो अनादि-अनन्त पुरुषोत्तम हुनुहुन्छ र ठूलठूला योगीहरू सम्पूर्ण जगत्लाई त्यान्द्रोसरह त्यागी भोक, प्यास तथा नीदको वास्ता नराखी हजारौं-हजार वर्षसम्म जसको ध्यान गर्ने प्रयास गर्छन् र पनि दर्शन पाउँदैनन्, त्यस्ताको दर्शन यस डाकूले पायो ! उनका गहनाहरू पनि लिएर आयो ! लौ न, कस्तो कुरा ! असम्भव ! हुनै सक्तैन । तर यो के अचम्म ! यो चूडामणि ! यो बाँसुरी ! यी गहना ! सबै अलौकिक छन् । यसले यी कता र कसरी भेट्टायो ? केही पनि सुद्धीमा चढ्दैन ।' छिनभर अडेर पण्डितजीले भने– 'भाइ ! के तिमी मलाई उनको दर्शन गराउन सक्तछौ ?' डाकूले भन्यो– 'किन नसक्नु ? भोलि नै हिंड्नू मसँग ।'

पण्डितजी पूरा अविश्वास मानी त्यो घटना पत्ता लगाउन डाकूको साथमा हिंडेर दोस्रो दिन थलोमा पुगे । एउटा रमाइलो वन, एउटा सानो नदी बगिरहेको, फराकिलो मैदान र कदम्बको रूख पनि पण्डितजीले देखे । त्यो व्रज थिएन, र यमुना पनि होइन, तर थियो काटीकुटी उस्तै । रात बित्यो । उज्यालो हुनुभन्दा अघि नै डाकूले भन्यो– 'हेर्नुहोस् पण्डितजी ! तपाईं नौलो मानिस हुनुहुन्छ । तपाईं कुनै रूखको आडमा लुकिरहनुहोस् । ऊ कहीं तपाईंलाई देखेर आएन भने नि ? अब बिहान हुनै लागेको छ । अहिल्यै आउनेछ ।' डाकू पण्डितजीसँग कुरा गरि नै रहेको थियो, मुरलीको मोहक स्वर उसको कानमा पऱ्यो । उसले भन्यो– 'सुन्नुहोस्, सुन्नुहोस् ! पण्डितजी ! बाँसुरी बजिरहेको छ । कति मीठो ! कति मोहलाग्दो ! सुनिरहनुभएको त छ ?' पण्डितजीले भने– 'कहाँ हूँ ? म त केही सुनिरहेको छैनँ । के तिमी पागल भएका छौ ?' डाकूले भन्यो- 'पण्डितजी ! पागल होइन । एकछिन पर्खनुहोस् । ऐल्यै तपाईं उसलाई देख्नुहोला । पर्खनुहोस्, म रूख चढेर हेर्छु ऊ अहिले कति पर छ ।'

डाकले रूख चढेर हेऱ्यो र भन्यो- ' पण्डितजी ! पण्डितजी ! अब ऊ उति टाढा छैन ।' ओर्लेर उसले अलि टाढा उस्तै नै अनौठो उज्यालो फिंजिएको देख्यो । ऊ खुशीले फुलेर कराउन थाल्यो, 'पण्डितजी ! हो! यही हो उसको शरीरको दिव्य ज्योति, जो सारा वनलाई चम्काइरहेको छ ।' पण्डितजीले भने- 'म त केही देख्दिनँ ।' डाकूले भन्यो– 'के भनेको पण्डितजी ? ऊ यति नजीक छ र यस्तो उज्यालो छ, तैपनि तपाईं

देख्न सक्नुहुन्न ?' अरे ! तपाईं जङ्गल, नदी, नाला सबका सब देखिरहनुभएको छ ? उसलाई चाहिं देख्नुहुन्न ? पण्डितजीले सकारे– 'हो भाइ ! म त देख्दिनँ । हेर ! यदि यथार्थमा उनी छन् भने आज उनी जे दिन चाहन्छन् त्यो सब यस ब्राह्मणको हातमा हालिदेऊ भनी उनलाई भन है ।' डाकूले मञ्जूर गऱ्यो ।

त्यतिन्जेल भगवान् श्रीकृष्ण र बलराम आएर डाकूसँग उभिए । डाकूले भन्यो– 'आऊ 'आऊ ! म आइपुगें । तिमीहरूलाई पर्खी बसेको थिएँ ।' श्रीकृष्णले भने– 'गहना लिन्छौ ?' डाकूले भन्यो– 'भो भाइ ! म गहना लिन्नँ । जो तिमीले दिएका थियौ ती पनि तिमीलाई दिन फिर्ता ल्याएको छु । तिमी आफ्ना सबै बुझ । तर भाइ ! यी पण्डितजी मेरो कुराको विश्वास खाँदैनन् । विश्वास पार्नलाई नै मैले यिनलाई सँगसँगै ल्याएको हो । म तिम्रो बाँसुरीको धुन सुन्दछु, तिम्रो शरीरको शोभाले चम्किरहेको वन देख्दछु र तिमीसँग बात मार्दछु, तर पण्डितजी यो सब देखि-सुनिरहेका छैनन् । यदि तिमी यिनलाई देखिएनौ भने यिनी मेरा कुरा पत्याउने छैनन् ।'

श्रीकृष्णले भने–'ए भाइ ! यिनी अझै मेरो दर्शनको अधिकारी बनेका छैनन् । बूढा, विद्वान् अथवा पण्डित हुँदैमा हुन्छ र ?'

डाकूले जिद्दी गऱ्यो– 'होइन भाइ ! म त तिमीमा मरिमेट्छु । यिनको लागि जे भन्छौ सोही गरूँला । तर एकपटक यिनलाई जरूर आफ्नो दर्शन गराऊ ।'

श्रीकृष्णले हाँसेर भने– 'ठीक छ । तिमी मलाई र पण्डितजीलाई सँगसँगै छोऊ ।'

डाकूले यस्तो गर्नासाथ पण्डितजीको दृष्टि दिव्य बन्यो । उनले मुरलीमनोहर पीताम्बरधारी श्यामसुन्दरको मनोहर रूपको दर्शन गरे । अनि त दुवै कृतार्थ भएर भगवान्का चरणमा लोटे ।

भक्त-वाञ्छा-कल्पतरु भगवान् श्रीकृष्णको लीला नै यस्तो छ । उनी कतै प्रकट हुन्छन् भने कतै उनी 'काने-काने पिच्च' खेलिरहेका हुन्छन् । जसले विश्वासको आँखाले उनलाई खोज्दछ, उसलाई उनी हूबहू त्यसै रूपमा भेटिन्छन् जुन रूपमा उसले चाहेको हुन्छ । डाकू र पण्डितमा उनको लागि कुनै फरक छैन । एकमात्र विश्वास चाहिन्छ प्रेम चाहिन्छ र चाहिन्छ लगनशीलता । के हामीहरू पनि त्यस डाकूले जस्तै, होइन, होइन ! भक्तराज डाकूले जस्तै विश्वासका आँखाले भगवान्लाई देख्न सकौंला ? अवश्य नै ।

भन– भक्त र उनका भगवान्को जय !

भक्त नवीनचन्द्र– जगदीशपुरीको नजीक एउटा गाउँमा एक ब्राह्मण रहन्थे। ब्राह्मण बडा सदाचारी, भगवद्भक्त र सन्तोषी थिए। शरत् ठाकुर उनको नाउँ थियो। ब्राह्मणी पनि धेरै सुशीला र सती थिइन्। ठूलो यजमानी थियो। धेरै ठूलठूला मानिसहरू उनका शिष्य थिए। त्यस जमानामा ब्राह्मण पुरोहितहरू जस्ता सदाचारी विद्वान् हुन्थे त्यस्तै श्रद्धालु र उदार हुन्थे यजमानहरू पनि। नमागीकनै यजमानहरूबाट शरत् ठाकुरलाई (बङ्गालमा ब्राह्मणको लागि ठाकुर सम्मानसूचक शब्द हो) प्रशस्त पैसा आउँदथ्यो। शरत् ठाकुरको एक्लो छोराको नाउँ थियो नवीनचन्द्र। ऊ सोझो मनको थियो तापनि आमा-बाबुको एक्लो छोरो भएकोले उसमाथि अनुशासन थिएन। घरमा मनग्गे धन थियो नै। नवीनको शोख र सम्पत्ति देखेर उसबाट अनुचित फाइदा लिन अल्लारे दुराचारी केटाहरूको दल दिशा-पिशाबमा भनभनाउने झिंगाहरूजस्तै आएर उसको दायाँ-बायाँ जम्न थाले। सङ्गको रङ्ग चढ्छ नै। नवीनमा पनि कुसङ्गतको असर नपरिछाडेन। आमा-बाबु मायाले गर्दा मुख फोर्न नसक्ने थिए।

यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता।
एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम्॥

जवानी, धन-दौलत, मालिकपन र अविवेकितामध्ये एउटैले पनि अनर्थ गर्दछ भने जहाँ चारै जुट्छन् त्यहाँको कुरा नै के?

नवीनचन्द्र पनि यसअनुसार अनर्थको बाटोमा लाग्यो। केही काल त यस्तै गरी बित्तै गयो, तर जब अनीतिको बाढी उर्लंदै आउन थाल्यो, तब शरत् ठाकुरको माथा रन्थनियो। उनलाई छोराका कुकर्महरूले गर्दा दुःख लाग्यो र पछुतो पऱ्यो आपनो लापरवाहीमाथि। उनी सोच्न थाले–'म पहिलेदेखि नै सतर्क भएको भए नवीनको यो दशा हुने थिएन। तर अब के गर्ने? मैले भन्दैमा अब नवीन मानिहाल्ला भन्ने सम्भावना त रहेन।' शरत् ठाकुरलाई चिन्ता लाग्यो। उनले स्वास्नीलाई आद्योपान्त सुनाए। बिचरी उनी पनि विचार गर्न लागिन्, तर कुनै उपायको सुद्धी चढेन। दुवै दीन भएर भगवान्लाई पुकार्न लागे।

भगवान् भक्तप्रेमी हुनुहुन्छ। उहाँले भक्त शरत् ठाकुरको पुकार सुन्नुभयो। केही दिनपछि नै घुम्दै-फिर्दै शिवचन्द्र स्वामी नाउँका एक महात्मा उनको गाउँमा पाल्नुभयो र चतुर्मासा व्रत लिएर उहीं नदीको किनारको एउटा रूखमुनि बस्नुभयो।

महात्मा सिद्ध हुनुहुन्थ्यो। गाउँका मानिस र आइमाईहरू दर्शन गर्न आउन लागे। उनी दिनभर मौन रही ध्यान गर्दथे। केवल एक घन्टा मौन खुल्दथ्यो। टाढा-टाढासम्म महात्माजीको ख्याति चल्यो। छरछिमेकका गाउँहरूबाट पनि दर्शनार्थीहरू झर्न लागे। शरत् ठाकुर पनि जाने गर्दथे। एक दिन शरत् महात्माजीलाई नवीनको हाल सुनाएर रुन लागे। महात्माजीले भने– 'नडराऊ! उसका संस्कार धेरै राम्रा छन्। ऊ ठूलो भक्त बन्ला। एकफेरा उसलाई मकहाँ लिएर आऊ।' शरत्लाई ठूलो आश्वासन मिल्यो।

सम्झाई-बुझाई शरत् ठाकुरले नवीनलाई महात्माजी कहाँ ल्याए। महात्माजीले उसको टाउको र पिठ्यूँ हातले मुसारेर भने– 'बाबु! मेरो कुरा मान्छौ के? नवीनले मन्त्रमुग्धजस्तो भई भन्यो, 'अवश्य मानुँला भगवन्!'

महात्मा–'त्यसो भए आजदेखि दिनहुँ यहाँ आउने गर।'

नवीन–'आउँला प्रभु!'

महात्मा–'यहीं बस्नुपर्छ।'

नवीन–'बसुँला भगवन्!

अनि महात्माले भने– 'मसँग बस्नेले मेरो कबोल पूरा गर्नुपर्छ।'

नवीनले भन्यो– गरुँला, भगवन्! भन्नुहोस् शर्तहरू के हुन्?'

'कैले पनि रक्सी नखानु, झूठो नबोल्नु, सूर्य उदाउनुभन्दा अघि उठ्नु, सन्ध्या गर्नु, अग्निहोत्र गर्नु, आमा कात्यायनीको पूजा गर्नु, **ह्रीं श्रीं कात्यायन्यै स्वाहा** मन्त्रको दिनहुँ विधिवत् जप गर्नु र हविष्यान्न खानु–बस, यी आठ वटा शर्तहरू छन्'– महात्माजीले बताउनुभयो।

'जो आज्ञा! म पूजा र अग्निको सामान लिएर आऊँ?'–नवीनले भन्यो। नवीनलाई 'सब सामान मै मगाइदिउँला' भनेर महात्माले ठाकुरलाई सामान मगाउन सङ्केत गरे। त्यसै वेला सब सामान आइपुग्यो। नवीन त्यहीं रहन लाग्यो। त्यसै दिनदेखि उसको कायापलट भयो। भगवती कात्यायनीको पूजा र जप, नियमित अध्ययनशील जीवन, तथा महापुरुषको सत्सङ्ग! भगवान्को कृपाले नवीनचन्द्रलाई सम्पूर्ण साधनहरू सहजै सुलभ भए। केही दिनभित्रै उसको चेहरा शुक्लपक्षको चन्द्रमाजस्तो चम्कन थाल्यो।

एक दिन नवीनले भन्यो– 'महाराज ! तपाईंले यति कृपा गरिसक्नुभएको छ भने एउटा अर्को पनि गरिदिनुहोस् । मलाई संन्यास-दीक्षा दिएर कृतार्थ पार्नुहोस् ।'

महात्माजीले भने– 'बाबु ! जगदम्बाको जो इच्छा होला त्यही हुनेछ । उनीले चाहिन् भने तिमीलाई समुचित किसिमले भोगत्यागी बनाएर आफ्नो सेवक-श्रेणीमा लेलिन् । तिमी त बस, बाबु ! उनकै भइरहू । हेर ! यहाँको सत्सङ्गले तिम्रा दोष र भोगवासनाहरू दबेका छन् र क्षीण पनि भएका छन्, तर तिनको अझै पूरा नाश भएको छैन भन्ने तिमीलाई थाहा छैन । जगदम्बाको कृपाले जब साँचो वैराग्यको आगो बल्ला, तब आफ-से-आफ सारा भोगवासनाहरूको कसिङ्गर जल्नेछ । बाबु ! एउटा म्यानमा दुइटा तरबार रहन सक्तैनन् । त्यस्तै गरी भोगवासानहरू रहँदा-रहँदै वैराग्य हुन सक्तैन र जबसम्म वैराग्य हुँदैन तबसम्म त्यागको स्वाङको के मूल्य ? भोगबाट उब्जेका दुःखहरूसँग डराएर कहिलेकाहीँ जो विरक्ति हुन्छ, त्यो असली वैराग्य होइन । आवेशमा नआएर, घरबार छाड्नुको नाम नै सच्चा वैराग्य हो । धन-सम्पत्ति, स्वास्नी-सन्तान, मान-बढाइँ आदि सुख-सयलको चाहना मनमा लुकिरहन्छ र वेला-मौकामा धेरै ठूलठूला प्रलोभनलाई सामुन्ने ल्याएर साधकलाई डगाउने कोशिश गरिरहन्छ । यो त सत्य नै हो– भोग हरहालतमा दुःख नै जन्माउँदछ । तर आमा जगदम्बाको कृपा-विना भोगवासनाबाट छुटकारा पाउनु अत्यन्त नै कठिन छ । तिमी आमालाई खुशी पार । आमा खुशी भएर जुनवेला जे आज्ञा गर्लिन् त्यही गर । आमा त खुशी नै भइरहन्छिन् । पुत्र जतिसुकै कुपुत्र भए तापनि आमाको स्नेहमय हृदय कहिल्यै सुक्दैन । आमाको काख सन्तानको लागि सधैंभरि खाली हुन्छ । बस, जब तिमी आमाको – एक मात्र आमाको काखमा बस्न चाहौला तब मात्र आमा तिम्रो अगाडि साक्षात् भएर तिमीलाई आफ्नो काखमा उठाउलिन् र हृदयमा लगाउलिन् । बाबु ! धैर्य गर । आमाको महिमा बुझेर 'आमा-आमा' पुकार गरी बस । तिम्रो कल्याण होला । आमा र बालकको बीचमा तेस्रोको जरूरत छैन । उनी तिम्री आमा, तिमी उनको बालक !'

महात्माजीको वाणी सुनेर नवीनको हृदय रसाएर भरियो । उसका आँखाबाट आँसुका धारा लागे । ऊ अनन्य भावनाले भवानीको सेवा गर्न लाग्यो । शरत् ठाकुर र उनकी पत्नी दुवै नै पुत्रको परिवर्तनले परम प्रसन्न भए ।

भजन गर्दा-गर्दा नवीनको अन्तःकरण पवित्र भयो । उनी भजनको मूर्ति बने । आमाको भजन गर्दा-गर्दै उनी कैले रुन्थे, कैले हाँस्तथे, कैले नाच्दथे र कैले आमा-आमा पुकारी यता-उता दौडन्थे । बस्तथे त अखण्ड समाधि लाग्दथ्यो ।

एक दिन प्रातःकाल जगदम्बा कात्यायनी स्वयं प्रकट भइन् । नवीनले आँखा खोलेपछि देखे– साह्रै सफा उज्यालो थियो, जगदम्बा सिंहमा राज भएकी थिइन्, मुखमण्डल प्रसन्न थियो, सुन्दर तीन नेत्र थिए, गलामा हार सुहाएको थियो, भुजाहरूमा रत्नका बाजूबन्द र कङ्कण थिए, राम्रो जटामाथि मनोहर मुकुट थियो, पाउमा पाउजेब बजिरहेका थिए, दिव्य रेशमी वस्त्र पहिरेकी थिइन्, माथमा अर्ध चन्द्र शोभित भइरहेको थियो, करोडौं चन्द्रमाको जस्तो शरीरको समुज्ज्वल सुशीतल प्रभा थियो; खड्ग, खेटक, वज्र, त्रिशूल, वाण, धनुष, पाश, शङ्ख, घण्ट र पद्मले सुशोभित दशवटा भुजाहरू थिए, माताका वात्सल्यपूर्ण नेत्रहरूबाट मीठो स्नेहको अमृतधारा झरिरहेको थियो; ओठहरूमा मीठो मुस्कान थियो, तथा सन्तानलाई अभयदान दिंदै आफ्नो काखमा लिएर नित्यानन्द प्रदान गर्नकै लागि हो कि भनेझैं गरी आँचल पसारेर उभिएकी थिइन् । नवीन आमाको मुखमुद्रा देखेर निहाल भए । आनन्दको आँसु बग्न लाग्यो । शरीर पुलकित भयो । गला बन्द भयो । धेरै बेरपछि आमाको प्रेरणाले धैर्य आउँदा नवीनले स्तुति गरे । आमाले उठाएर उनलाई हृदयमा लगाइन् र माथा हातले मुसारेर उनले भनिन्– 'बाबु ! तिमी धन्य भयौ । तिम्रा गुरुजी आज अलप होलान् । तिमी पूर्वजन्ममा मेरा भक्त थियौ । गुरुजी तिम्रा बाबु थिए, मेरो कृपा पाइसकेका थिए । तिमी कुनै प्रतिबन्धकवश जगत्मा जन्म्यौ । गुरुजीलाई मैले नै पठाएकी हुँ । अब तिमी मेरो कृपाले कृतकृत्य भयौ । मेरो आज्ञाले घर गएर विवाह गर र जिन्दगीभर मेरो सेवा गर्दै अन्तमा मेरो सच्चिदानन्द धाममा पुग्नेछौ । तिम्री पत्नी हुने पनि मेरी सेविका हुन् । तिमी घरमा रहेर पनि पानीमा कमल जस्तै असङ्ग नै रहनेछौ ।' यति भनेर आमा अन्तर्धान भइन् ।

गुरुजी पनि अदृश्य भएको नवीनले देख्यो । माताको आज्ञानुसार नवीन घर फर्के । आमा-बाबुलाई सबै वृतान्त सुनाए । उनको खुशीको कुनै सीमा रहेन । ठूलो धूमधामको साथ तारा नाउँकी सुशीला कन्यासँग नवीनको विवाह भयो । तारा र नवीन दुवै मातृमन्त्रको दीक्षा लिएर जिन्दगीभरि माताको भजन गर्दै रहे र अन्तमा भगवद्दिव्यधाममा प्राप्त भए ।

भन– जगदम्बा भवानीको जय !

दृढनिश्चयी ब्राह्मण भक्त– कृष्णनगरको समीप एक गाउँमा एउटा ब्राह्मण बस्दथे । उनी पुरोहित्याइँको काम गर्दथे । एक दिन यजमानकहाँ पूजा गराएर घर फर्किरहेको वेला बाटोको एक छेउमा बसेर साग बेचिरहेकी आइमाईलाई उनले देखे ।

ठूलो घुइँचो लागेको थियो । कोही साग जोखाइरहेको थियो भने कोही मोलतोल गरिरहेको थियो । पण्डितजी दिनहुँ त्यही बाटो हिंड्दथे र त्यसलाई पनि त्यहीं देख्दथे । एकदिन कुनै चिनापर्चीको मानिसले साग किन्न लागेको देखेर पण्डितजी पनि त्यहीँ उभिए । त्यस आइमाईसँग ढुङ्गाको एउटा ढक थियो र ऊ त्यसैले पाँच सेर किन्नेलाई पाँच सेर तथा एक सेर किन्नेलाई एक सेरका दरले जोखिरहेकी उनले देखे । एउटै ढक सबै तौल-जोखमतो एकनासले काममा लगाइएको देख्दा पण्डितजीलाई ठूलो आश्चर्य लाग्यो । उनले त्यसलाई सोधे– 'तिमी ढुङ्गाको त्यस एउटै ढकले जोखेर कसरी सबलाई दिन्छ्यौ ? के सबैको तौल ठीक मिल्छ ? पण्डितजीसँग परिचित मानिसले भने– 'हो पण्डितजी ! यो ठूलो आश्चर्यको कुरा हो । हामीहरूले कैयौं पटक योसँग किनेको सागलाई अर्को ठाउँमा जोखाएर जाँचिसक्यौं, पूरा तौल हुन्छ ।'

पण्डितजीले केही बेर पर्खी त्यसलाई सोधे– 'नानी ! यो ढुङ्गा मलाई दिन्छ्यौ ?' उसले भनी– 'हुन्न बा ! तिमीलाई दिन्नँ । मैले बडो मुश्किलले यो पाएको हो । मेरा ढकहरू जब हराउँदथे घर फर्कंदा मलाई आमा र दाजु पिट्दथे । तीन वर्षअघिको कुरा हो । मेरा ढकहरू हराए । घर पुगेपछि दाजुले मलाई कुटे । म रुँदै-रुँदै आएर घाटमा बसें र मनभित्रै भगवान्‌लाई पुकारा गर्न लागें । उत्तिखेरै यो ढुङ्गा मेरो खुट्टामा लाग्यो । मैले यो उठाएर भगवान्‌लाई भनें– 'प्रभु ! मलाई तौलन आउँदैन । तपाईं यस्तो कृपा गर्नुहोस् जसले गर्दा यसैबाट सबै जोख-तौल हुन सकोस् । बस, त्यस वेलादेखि मैले यसलाई राखिछाडेकी छु । अब मलाई अलग-अलग ढकहरूको जरूरत हुँदैन । यसैबाट सबै काम चलिहाल्छ । भन्नुहोस् ! तपाईंलाई कसरी दिऊँ ।'

पण्डितजीले भने– 'म तिमीलाई प्रशस्त पैसा दिउँला ।' उसले सोधी– 'कति रुपैयाँ दिन्छौ, तिमी ! मलाई वृन्दावन जाने खर्च दिन्छौ ? सबै मानिस वृन्दावन पुगिसकेका छन्, तर म मात्र जान सकेकी छैन ।'

ब्राह्मणले सोधे– 'कति रुपैयाँ भए तिम्रो काम चल्ला ?' उसले जवाफ दिई– 'पूरा तीन सय रुपैयाँ चाहिन्छ ।' ब्राह्मणले सोधे– 'भयो नानी ! यो त भन, तिमी यो ढुङ्गा कहाँ राख्छ्यौ ?' उसले भनी– 'यसै टोकरीमा राख्छु बा ! अन्त कहाँ राखूँ ?'

ब्राह्मण घर फर्केर आई चुपचाप बसे । ब्राह्मणीले लोग्नेलाई सोधिन्– 'यसरी विरक्त झैं किन बसेको ?' ब्राह्मणले भने– 'आज मेरो मन खिन्न छ । मलाई तीन सय रुपैयाँको जरूरत छ ।'

स्वास्नीले भनिन्– 'के भो त ? तपाईंले नै त मलाई गहना बनाइदिनुभएको हो। खास जरूरत परेको छ भने लैजानुहोस्, यी गहना लिएर जानुहोस्। भाग्यमा भए फेरि बनिहाल्ला।' यति भनेर ब्राह्मणीले गहना फुकालेर दिइहालिन्।

ब्राह्मणले गहना बेचेर रुपैयाँ जम्मा पारे। दोस्रो दिन बिहानै साग बेच्नेकहाँ पुगेर उसलाई रुपैयाँ दिए र सट्टामा त्यो ढुङ्गा आफूले लिए। गङ्गाजीमा गएर त्यो राम्ररी धोए र नुहाईवरी उनी आफ्नो घर फर्केर आए। यता पछाडिबाट एउटा सुकुमार बालक आएर ब्राह्मणीलाई सुनाएर गयो– 'पण्डितनी बज्यै ! तिम्रो घरमा आज भगवान् आउन लाग्नुभएको छ। घरलाई राम्रोसँग झाडी-बढारी ठीक पार।' सोझी ब्राह्मणीले घरमा सफा-सुग्घर गरी पूजासामग्री सजाएर राखिन्। ब्राह्मण आए र त्यो देखी चकित भए। ब्राह्मणीलाई सोधेपछि उनले एउटा सानो बालकले आएर सुनाएको कुरा बताइन्। त्यो सुनेर ब्राह्मणलाई झन् बढी आश्चर्य भयो। पण्डितजीले त्यस शिलालाई सिंहासनमा राज गराएर पूजा गरे र अनि माथिल्लो खोपामा राखे। रातमा सपनामा भगवान्ले भने– 'तँ मलाई तुरुन्त फिर्ता गरेर आ, नभए तेरो भलो हुनेछैन। सर्वनाश हुनेछ।' ब्राह्मणले भने– 'चाहे जे होस्, म तिमीलाई फर्काउन्नँ।' घरमा जे-जति पत्र-पुष्प भेटिन्थे ब्राह्मण त्यसैबाट पूजा गर्न लागे। दुई-चार दिनपछि फेरि सपना भयो–'मलाई फालेर आ; अन्यथा तेरो छोरा मर्ला।' ब्राह्मणले भने– 'मरे मरोस्, तर म तिमीलाई फ्याँक्दिनँ।'

एक महीना पनि पूरा बित्न नपाउँदै ब्राह्मणको छोरा मऱ्यो। केही दिनपछि फेरि सपना भयो– 'तँ मलाई फिर्ता गरेर आ, होइन भने तेरी छोरी पनि मर्ली।' दृढनिश्चयी ब्राह्मणले पहिलेको जस्तै जवाफ दिए। केही दिनपछि छोरी मरी। फेरि सपनामा सुने– 'यस पटक तेरी पत्नी मर्ली।' ब्राह्मणले त्यसको पनि उही जवाफ दिए। तब उनकी ब्राह्मणी पनि मरिन्, तर उनी अटल र अडिग रहे। मानिसहरूले उनलाई पागल नबन भनी सम्झाए। केही दिन बितेपछि सपनामा फेरि भनियो– 'हेर ! अझ पनि मान। मलाई फिर्ता गर्दै, नभए सात दिनभित्र तेरो टाउकोमा चट्याङ बज्रिनेछ।' ब्राह्मणले जवाफ दिए– 'बज्रन देऊ, तर म तिमीलाई त्यस सागवालीको फोहर टोकरीमा राख्न दिने होइन।'

उनले मोटो कपडामा बेरी भगवान्लाई आफ्नो टाउकोमा बलियो गरी बाँधे। उनी सबै समय, उनलाई यसरी नै शिरमा कसेर बाँधी राख्न थाले। गडगडाएर बिजुली चम्कन्थ्यो, उनको नजीकै पुग्दथ्यो, तर फर्कन्थ्यो। तीन दिन मात्र बाँकी

रहेको थियो । एक दिन ब्राह्मण गङ्गा तटमा सन्ध्या पूजा गरिरहेकै थिए कि दुइटा राम्रा बालकहरूले उनको नजीक आएर पानीमा हाम्फाले । उनीहरूमा एउटा साँवलो र अर्को गोरो थियो । उनको जीउमा हिलो लागेको थियो । उनीहरूले यस्तो किसिमले फाल हाले कि पानी उछिट्टिएर पण्डितजीको आङ्मा पऱ्यो । ब्राह्मणले भने– 'तिमीहरू को हौ भाइ ? के यसरी पानीमा हाम्फालिन्छ ? हेर ! मेरो आङ्मा पानी पऱ्यो । यति मात्र होइन, मेरा भगवान्लाई पनि छिटा परे । देख्दैनौ, म पूजा गरिरहेको छु ?' केटाहरूले भने– 'ओहो ! तिम्रा भगवान्मा पनि छिटा परे ? बाबा ! हामीले देखेनौं । तिमी नरिसाऊ ।'

पण्डितजीले भने– 'होइन भाइ ! म कहाँ रिसाएको छु ? भन त, तिमी कसका छोरा हौ ? यस्तो सुन्दर रूप त मैले कैल्यै देखेको छैन । कहाँ रहन्छौ, भाइ ? आहा ! कस्तो अमृतजस्तो मीठो बोली छ ।'

केटाहरूले भने– 'बाबा ! हामीहरू त यहीं रहन्छौं ।' पण्डितजीले भने– 'भाइ ! के फेरि पनि म तिमीहरूलाई कैल्यै हेर्न पाउँला ?' केटाहरूले भने– 'किन नपाउनु, बाबा ? बोलाउनासाथ हामीहरू आइपुगौंला नि ।' पण्डितजीले नाउँ सोध्दा उनीहरूले जवाफ दिए– 'हामीहरूको कुनै एउटै नाउँ छैन । जसलाई जे मन पर्छ त्यसै नामले हामीहरूलाई बोलाउँदछन् ।' यति भनेर साँवलो केटो बोल्यो–'लेऊ, यो मुरली । जरूरत परेमा यो बजाउनू । बजाउनेबित्तिकै हामीहरू आउनेछौं । अर्को गोरो केटोले एउटा फूल दिंदै पण्डितजीलाई भन्यो– 'बाबा ! यी फूल आफूसँग राख । तिम्रो कल्याण होला ।' उनीहरू जबसम्म त्यहाँबाट हिंडेनन्, ब्राह्मण आँखा नझिम्काईकन ट्वालट्वालती उनैतिर आँखा लगाइरहे र मनमनै सोचिरहे–' आहा ! कति राम्रा छन् दुवै, फेरि कहिले यिनको दर्शन पाइएला ?'

ब्राह्मणले फूल समातेर सोचे– 'फूल त धेरै असल छ । कस्तो मनोहर बास्ना चलिरहेछ यसबाट ! तर मलाई यसको के काम र अनि राख्ने कहाँ ? बरु राजालाई दिनु बेश । नौलो चीज हो । उनी खुशी होलान् ।' यस्तो विचार गरेर पण्डितजीले लगेर फूल राजालाई टक्रयाए । राजा धेरै खुशी भए । उनले त्यसलाई दरबारमा लगेर जेठी रानीलाई दिए । त्यसै बीच आइपुगेर कान्छी रानीले भनिन्– 'मलाई पनि एउटा यस्तै फूल मगाइदिनुहोस् । नभए त म आत्महत्या गर्नेछु ।'

राजसभामा पुगेपछि सिपाहीहरूलाई राजाले तत्काल ती पण्डितलाई खोजी

ल्याउन पठाए । खोज्दा-खोज्दा सिपाहीहरूले शिरमा शिला बाँधेका ब्राह्मणदेवतालाई रूखको छहारीमा बसी गुनगुनाइरहेका देखे । उनीहरूले ब्राह्मणलाई राजाकहाँ लगे । राजाले भने– 'पण्डितजी ! त्यस्तै एउटा अर्को फूल चाहियो ।' पण्डितजीले भने– 'महाराज ! मसँग त त्यो एउटै फूल मात्र थियो, तर सकभर म कोशिश गरुँला ।' ब्राह्मण ती केटाहरूको खोजीमा हिंडे । अकस्मात् उनलाई मुरलीवालाको कुरा याद आयो । उनले मुरली बजाए । तुरन्त गौर-श्याम जोडा प्रकट भयो । ब्राह्मण रूप-माधुर्य-पानमा मस्त भए । केही बेरपछि उनले भने– 'भाइ ! त्यस्तै एउटा अर्को फूल पनि चाहियो । तिमीले दिएको फूल मैले राजालाई दिएको थिएँ । राजाले त्यस्तै एउटा अर्को फूल मागेका छन् ।'

गोरो ठिटोले भन्यो– 'फूल भने हामीसँग छैन, तर हामीहरू तिमीलाई यस्तो ठाउँमा लैजान्छौं, जहाँ यस्ता फूलको बगैंचा छ । तिमी आँखा बन्द गर ।' ब्राह्मणले आँखा चिम्ले । बालकहरूले उनको हात समातेर एकैछिनमा कुन बाटोबाट हो कुन्नि कहीं पुऱ्याए । एक ठाउँमा पुगेर ब्राह्मणले आँखा उघारे । देखेर मोहित भए । धेरै रमाइलो ठाउँ थियो । चारैतर्फ राम्रा-राम्रा रूख र लहराहरू फूलका बास्नाले मगमगाइरहेका थिए । बगैंचाको बीचमा एउटा ठूलो मनोहर दरबार थियो । ब्राह्मणले देखे– ती बालकहरू अदृश्य भइसकेका छन् । उनी साहस गरेर अगाडि बढे । दरबारभित्र गएर हेर्न लागे । सबै किसिमले अति सुन्दर स्थान थियो । बीचमा दिव्य रत्नहरूको सिंहासन थियो । त्यो खाली थियो । पण्डितजीले त्यसलाई मन्दिर सम्झेर नमस्कार गरे । प्रणाम गर्दा खेरि उनको शिरमा बाँधेको भगवान्को शिला खुलेर भुइँमा खस्यो । पण्डितजीले त्यो टिप्न जसै हात बढाए शिला फुट्यो र त्यसबाट भगवान् लक्ष्मीनारायण निस्केर शून्य सिंहासनमा विराजमान हुनुभयो ।

भगवान् नारायणबाट मुसुमुसु हाँस्दै ब्राह्मणलाई आज्ञा भयो– 'हामीले तिमीलाई कति दुःख दियौं, तैपनि तिमी अटल रह्यौ । त्यसैले तिमीलाई सशरीर यहाँ लिएर आयौं । तिमी धन्य छौ ।

ये दारागारपुत्राप्तान् प्राणान् वित्तमिमं परम् ।
हित्वा मां शरणं याताः कथं तांस्त्यक्तुमुत्सहे ॥

'जो भक्त स्त्री, पुत्र, घर, गुरुजन, प्राण, धन, इहलोक र परलोक सबै छाडेर हाम्रो शरणमा आएका छन् तिनलाई हामी कसरी छाड्न सक्छौं । यता हेर– यहाँ

उभिरहेका छन् तिम्री सहधर्मिणी, तिम्री छोरी र तिम्रो छोरो । यिनीहरू पनि मलाई प्रणाम गरिरहेछन् । तिमीहरू सबैले मलाई प्राप्त गऱ्यौ । तिम्रो एक्लो दृढताले सबका-सब परिवार मुक्त भयो ।

भन श्रीकृष्ण-बलराम भगवान्‌को जय !

भक्त बेङ्कट–दक्षिण-प्रदेशमा पापघ्नी नदीको किनारको एक सानो गाउँमा बेङ्कट नाउँ गरेका एउटा ब्राह्मण बस्दथे । ब्राह्मण भगवान् रङ्गनाथका बडा भक्त थिए । उनी रातोदिन भगवान्‌का पवित्र नामको भजन गर्दथे । ब्राह्मणकी पत्नीको नाउँ रमाया थियो । उनी पनि लोग्नेजस्तै भगवान्‌को भजन गर्ने गर्दथिन् । आमा-बाबु मरिसकेका थिए र कुनै सन्तान थिएन । त्यसैले ब्राह्मण-ब्राह्मणी दुईजना मात्र थिए घरमा । दुवैको-आपसमा ठूलो माया थियो । उनीहरू आफ्नो व्यवहारद्वारा एकले अर्कोलाई सुख पुऱ्याइरहन्थे ।

पिता राजपुरोहित थिए । यसैले उनलाई आफ्ना यजमानहरूबाट यथेष्ट धन-सम्पत्ति आएको थियो । उनी धेरै सदाचारी, विद्वान्, भगवद्‌भक्त र ज्ञानी थिए । मर्ने समयमा उनले बेङ्कटलाई भनेका थिए– 'छोरा ! मेरो पूजाकोठाको दक्षिणपट्टिको कोठाको माझमा भुइँमा सात घडा असर्फी गाडिएका छन् । मैले ठूलो परिश्रम गरेर सम्पत्ति आर्जन गरेको हुँ । मैले आफ्नो जीवनमा यसको सदुपयोग गर्न सकिनँ भन्ने मलाई साह्रै दुःख छ । बाबु ! **धनका तीन गति हुन्छन् । आफ्नै हातबाट त्यसलाई भगवान्‌को सेवामा अर्पण गर्नु धनको सबभन्दा उत्तम गति हो । आफ्नो र आफ्ना सन्तानको लागि शास्त्र सङ्गत सुख-भोगमा खर्च गर्नु धनको मध्यम गति हो र तेस्रो अधम गति त्यस धनको हुन्छ जो न भगवान्‌का सेवामा लाग्छ, न त सुख-भोगको लागि काम लाग्दछ । त्यो गति हो– अरूबाट धन-हरण हुनु अथवा आफ्नो वा अरूको हातबाट खराब काममा धन खर्च हुनु । भगवान्‌को कृपाद्वारा यदि सत्त्वगुणी सुपुत्र पाएको छ भने बाबु मरेपछि त्यो धन सत्कार्यमा लाग्दछ, होइन भने त्यही धन कुपुत्रबाट खराबभन्दा खराब काम– रक्सी, वेश्या र जुवा आदिमा खर्च भएर अनेकौं कुलहरूलाई नरक धकेल्ने कारण बन्न पुग्दछ ।** छोरा ! तिमी सपूत छौ र यसैले मलाई तिमी धनको दुरुपयोग गर्नेछैनौ भन्ने विश्वास छ । यो सारा धनलाई भगवान्‌को सेवामा लगाएर तिमीले मलाई शान्ति दिलाउलाऊ भन्ने म चाहन्छु । बाबु ! **धन तब असल हुन्छ, जब उसबाट भगवत्स्वरूप दुःखी प्राणी-हरूको सेवा हुन्छ । त्यसैले मात्र धनीहरू भाग्यमानी भनिन्छन्, नत्र धनजस्तो खराब**

चीज अरू कुनै छैन । धनको एक नशा हुन्छ, जसले मानिसको विवेकलाई हरण गरिदिन्छ र अनेकौं प्रकारले अनर्थ गराएर उसलाई अपराधहरूको खाल्टोमा जाकिदिन्छ । भगवान्‌ले भक्तराज उद्धवजीलाई आज्ञा भएको छ–

स्तेयं हिंसाऽनृतं दम्भः कामः क्रोधः स्मयो मदः ।
भेदो वैरमविश्वासः संस्पर्धा व्यसनानि च ॥
एते पञ्चदशानर्था ह्यर्थमूला मता नृणाम् ।
तस्मादनर्थमर्थाख्यं श्रेयोऽर्थी दूरतस्त्यजेत् ॥

– श्रीमद्‌भागवत ११।२३।१८-१९

'चोरी, हिंसा, झूट, पाखण्ड, काम, क्रोध, घमन्ड, मद, ठूलो-सानो र आफ्नो-परायाको भेदबुद्धि, वैरभाव, अविश्वास, होड, लम्पटता, जुवा तथा रक्सी– यी पन्ध्र अनर्थहरूका जरा मानिसहरूमा यो धन नै मानिन्छ । त्यसैले आफ्नो कल्याण खोज्ने मानिसले यस अर्थनामधारी अनर्थलाई टाढैबाट त्यागिदिनुपर्दछ ।

'छोरा ! म यो कुरा बुझ्दथें । त्यसैले आजसम्म मैले तिमीलाई यस धनको कुरा बताइनँ । म चाहन्थें– यो धनले आफ्नै हातले भगवान्‌को सेवामा अर्पण गरूँ, तर संयोगहरू यस्ता हुँदै आए कि मेरो इच्छा पूरा हुन सकेनन् । **मानिसले दान र भजन जस्ता सत्यार्थहरूलाई भोलिको भरोसामा छाड्नु हुँदैन, तुरुन्तै गरिहाल्नुपर्छ, नभए भोलि के हुन्छ, कसलाई थाहा** ? यसै 'भोलि-भोलि'-मा नै मेरो जिन्दगी बित्यो । मेरो प्यारो बेङ्कट ! संसारमा सबै बाबुहरू धन कमाएर आफ्ना छोराको लागि छाडेर जान चाहन्छन्, तर म यस्तो चाहना गर्दिनँ । बाबु ! **धनले मानिसमा दुर्बुद्धि उब्जाउँदछ** भनी प्रत्यक्ष देखिराखेको छु । त्यसैले म तिमीलाई धनको धनी होइन कि भजनको धनी देख्न चाहन्छु । तसर्थ यो सम्पूर्ण धन भगवान्‌को सेवामा लगाइदिनू भनी तिमीलाई अर्ती दिइराखेको छु । तिम्रो गुजेस्ताको लागि घरमा जे-जति पैतृक सम्पत्ति छ, खेत-जग्गा छ, र थोर बहुत यजमानी छ, त्यही नै प्रशस्त छ । जीवन सादा, संयमी र ब्राह्मणोचित त्यागले सम्पन्न बनाइराख्नू । सदा सत्यको सेवा गर्नू र गर्नू श्रीरङ्गनाथको भजन । यसैबाट तिमी कृतार्थ होलाऊ र यसैले तिमी पितृहरूलाई तार्ने बन्लाऊ । बाबु ! मेरो यस अन्तिम शिक्षालाई सधैं याद गर्नू ! तिम्रो कल्याण होस् ।'

बेङ्कट आफ्ना बाबुभन्दा पनि बढी विवेकी थियो । उसले भन्यो– 'बा ! तपाईंको यस शिक्षाको एक-एक अक्षर अनमोल छ । सच्चा हितैषी बाबुबेगर यस्तो शिक्षा

को दिन सक्छ ? मोहवश संसारका भोगहरूमा फँसाएर जन्म-मृत्युको चक्करमा हाल्ने आमा-बाबुहरू त धेरै हुन्छन्, तर अज्ञानको बन्धनबाट छुट्ने सजिलो उपाय बताउने तपाईं जस्ता बाबु बिरलाकोटी नै हुन्छन् । मलाई यो धन नदिएर तपाईंले मेरो ठूलो उपकार गर्नुभएको छ । तर बा ! मेरो कमजोरी देखेर नै तपाईंले धनका यतिका खराबीहरू बताएर धनलाई महत्त्व नदिनुभएको हो भन्ने लाग्छ। वास्तवमा भजनानन्दीहरूको ध्यान धनपट्टि जाओस् किन ? धन र धूलोमा फरक नै के छ र ! जेसुकै होओस्, म यहाँको आज्ञालाई शिर चढाउँदछु र तपाईंको सन्तोषको लागि धनमा ध्यान दिएर त्यसलाई तुरन्त नै भगवान्को सेवामा लगाइदिनेछु । अब तपाईं यस धनको ध्याउन्ना छाडी भगवान् श्रीरङ्गनाथको ध्यानमा लाग्नुहोस् र शान्तिपूर्वक उनको परम धाममा पुग्नुहोस् । मेरी आमाले मलाई जसरी जस्तो आशीर्वाद दिनुभएको थियो त्यही आशीर्वाद तपाईं पनि अवश्य दिएर जानुहोस् । म कहिल्यै भगवान्लाई नभूलूँ, मेरो जीवन भगवत्परायण होओस् र तपाईंकी यो बुहारी पनि भगवान्को सेवामा नै संलग्न रहेर आफ्नो जीवन सफल पारोस् ।

बाबुले 'तथाऽस्तु' भनेर भगवान्मा ध्यान लगाए र भगवान्का नामको शब्द निकाल्दा-निकाल्दै उनको ब्रह्मरन्ध्र फुट्यो । एउटा उज्यालो झैं ज्योति मस्तकबाट निस्केर आकाशमा फिजिएको बेङ्कट र उनकी स्वास्नीले देखे ।

बेङ्कटले शास्त्रको मर्यादानुसार बाबुको संस्कार गरे । फेरि श्राद्धमा समुचित ब्राह्मण-भोजन आदि गराएर अशर्फी भरिएका गाग्रीहरू झिके र बाबुको आज्ञानुसार समस्त धन गरीबहरूको सेवाको माध्यमबाट भगवान्को सेवामा लगाए । त्यस समयदेखि उनकी स्वास्नी रमायाको निष्ठा अझै बढी बलियो भयो। उनीहरूले आफ्नो सारा जीवनलाई साधनामय तुल्याए । पत्नी आफ्ना पतिको साधनालाई सहायता पुऱ्याउँदथिन्, पत्नीको साधनामा पति सहायक बने । कुनै कारणवश दुईमध्ये एकमा कुनै दोष देखिएमा अथवा कुनै अलिकति पनि खस्ने सम्भावना भएमा अर्कोले उसलाई उचित परामर्श दिएर, विनयपूर्वक सम्झाएर र प्रेमपूर्वक सावधान गराएर रोक्ने काम हुन्थ्यो । दुवै एउटै भगवत्पथमा लागेका थिए र दुवैलाई दुवैबाट नै बल मिल्दथ्यो । यही सच्चा दाम्पत्य हो ।

एकदिन दुवैजना भगवान्को प्रेममा तन्मय भएर, भगवान्लाई सम्मुख मानेर, उनलाई भित्री आँखाले देखेर नाचिरहेका थिए औ मस्त भएर कीर्तन गरिरहेका

थिए । भगवान् यसै त हरक्षण भक्तको नजीक रहनुहुन्छ, तर त्यसदिन त उहाँ पनि त्यहाँ प्रत्यक्ष नै प्रकट भएर उनीहरूकै तालमा नाच्न लाग्नुभयो । भक्तहरू भगवान्मा मुग्ध थिए र भगवान् भक्तहरूमा । त्यो आनन्दको नाच कुन्नि कति बेरसम्म चलिरह्यो । भगवान्को इच्छाले जब बेङ्कट र रमायालाई बाहिरी ज्ञान भयो, तब उनीहरूले देखे– दुवैका एक-एक हात आफ्नो एक-एक हातले समाती भगवान् रङ्गनाथ उनीहरू दुवैका बीचमा उभिएर मुसुमुसु हाँसिरहनुभएको छ । भगवान्लाई प्रत्यक्ष देखेर दुवै कृतार्थ भए । अपार आनन्द भयो । उनीहरूका अङ्ग प्रेमको आवेशले शिथिल भए । दुवैजना भगवान्का चरणमा परे । भगवान्ले उठाएर दुवैका मस्तक आफ्ना दुवै जाँघमाथि राख्नुभयो र आफ्ना कोमल करकमलले उनीहरूलाई सुम्सुम्याउनुभयो । त्यतिखेर दिव्य विमान लिएर पार्षदगण आइपुग्यो । भगवान् आफ्ना ती दुवै भक्तहरूका साथ विमानमा राज भएर वैकुण्ठ जानुभयो । भगवान्को संस्पर्शबाट दुवैका शरीर पहिले नै चिन्मय दिव्य भइसकेका थिए भन्ने कुरा भन्नै परेन ।

भन – भक्त र उनका भगवान्को जय !

भक्त रानी रत्नावती–राजस्थान आम्बेरका प्रसिद्ध महाराज मानसिंहजीका भाइको नाम राजा माधोसिंह थियो । उनकी रानीको नाम थियो रत्नावती । रत्नावतीको शरीर जति राम्रो थियो, त्यतिकै उनको मन पनि सद्गुण र सुविचारहरूले सुसज्जित थियो । पतिका पाउमा उनको धेरै प्रेम थियो । स्वभाव यति मीठो र पवित्र थियो कि जो उनीसँग कुरा गर्दथ्यो उही उनलाई श्रद्धा गर्न लाग्दथ्यो । महलका नोकर्नीहरू त उनको सद्व्यवहारबाट मुग्ध भएर उनलाई साक्षात् आमा सम्झन्थे । रत्नावतीजीको महलमा एउटी दासी ज्यादै भक्तिमती थिई । भगवान् श्रीकृष्णको मूर्ति उसको अघिल्तिर विराजमान थियो, ऊ धेरै प्रेमले केही गुनगुनाइरहेकी थिई, शरीर रोमाञ्चित भई आँखाबाट आँसुका धारा बगिरहेका थिए, लामा-लामा सास फेर्दै सुँक्क-सुँक्क रोइरहेकी थिई– रानी रत्नावतीले यस्तो अवस्थामा उसलाई कैयौंपटक एकान्तमा देखेकी थिइन् । कहिलेकाहीं उसलाई यस्तै अवस्थामा मूर्छा परेकी पनि देखेकी थिइन् । ऊ मामूली नोकर्नी थिई, तर **भगवान्को दरबारमा रानी र दासीको भेदभाव हुँदैन । उनका ढोका त सबैका लागि खुला रहेका हुन्छन् । जो एकान्तमा भगवान्को प्रेमको लालसा गर्दछ, उसैले त्यसलाई भेट्टाउँदछ। भगवान् ऊ को हो, कुन जातको हो र के काम गर्छ भन्नेतिर ध्यान दिनुहुन्न। उहाँ त केवल उसको हृदयको पवित्रता, अनन्यता र सच्चा लगनशीलता नै हेर्नुहुन्छ** अनि त उसलाई प्रेमदान गर्न एकछिन पनि बेर गर्नहुन्न । ऊसँग साक्षात् भेटी

उसलाई आफ्नो लोक पवित्र पार्ने लीलामा सामेल गर्न सङ्कोच मान्नुहुन्न । रानी रत्नावतीको त्यो भाग्यमानी पुण्यवती नोकर्नी पनि भगवान्‌की एउटी यस्ती पवित्र प्रेमिका थिई । अखिल-रसामृत सिन्धु भगवान् उसको अगाडि अनेकौं प्रकारले लीला गरेर उसलाई आनन्द-समुद्रमा डुबाइराख्नुहुन्थ्यो । रानीको हृदय उसतिर तानियो । उनी वारंवार उसको त्यो अलौकिक अवस्था हेर्ने कोशिश गर्थिन् र हेर्दा-हेर्दै रानीको मनमा पनि प्रेम रसाउन थाल्यो । हाम्रो शरीरभित्र हृदयमा जुन किसिमका विचारहरूका परमाणु भरिएका हुन्छन्, त्यस्तै प्रकारका परमाणुहरू स्वभावतः हाम्रा रौंका प्वालहरूबाट सधैं बाहिर निस्किरहन्छन्– पापी विचार भएका मानिसहरूका शरीरबाट पापका परमाणु, पुण्यात्माका शरीरबाट पुण्यका, ज्ञानीहरूका शरीरबाट ज्ञानका र प्रेमी भक्तहरूका शरीरबाट प्रेमका । यो विज्ञानद्वारा प्रतिपादित सत्य हो । यी परमाणुहरू आफ्नो शक्तिको तारतम्यअनुसार अनुकूल अथवा प्रतिकूल वायुमण्डलअनुरूप बाहिर फैलन्छन् र त्यस वायुमण्डलमा जे-जस्तो हुन्छ ती सबैमा आफ्नो असर पार्दछन् । यो नियमको कुरा हो– जसको भित्र जुन भावका परमाणुहरू धेरै मात्रामा अधिक घना हुन्छन् र जो उसको भित्रबाट धेरै निस्कन्छन् ती धेरै प्रभावकारी हुन्छन् । त्यस प्रेममयी नोकर्नीको हृदय पवित्र प्रेमले भरिएको थियो । भरिएको मात्र थिएन कि त्यसमा प्रेमको भेलजस्तो आएको थियो । प्रेम उसमा अटाउँदैनथ्यो र जबर्जस्ती बाहिर छचल्किन्थ्यो । त्यस प्रेमले रानीमा आफ्नो प्रभाव जमायो । एकदिन दासीको मुखबाट अत्यन्त व्याकुलताले भरिएको 'हे नवलकिशोर हे नन्दनन्दन ! हे व्रजचन्द्र !'-को पुकार सुनेर रानी पनि विह्वल भइन् । उनलाई यस दुर्लभ दशामा पुग्न पाउँदा अत्यन्त आनन्द लाग्यो ।

अब रानी त्यस दासीलाई पछ्याउँदै वारंवार सोध्ने गर्न थालिन्– 'तँलाई यस्तो प्रेम कसरी प्राप्त भयो ? भगवान्‌को नाममा यति धेरै माधुर्य तैंले कसरी भर्न सकिस् ? आहा ! कति जादू छ ती नाममा ! म तेरो मुखबाट जब – 'हा नन्दनन्दन ! हा व्रजचन्द्र !' भन्ने शब्द सुन्छु, तब देहको सुद्धी भुल्छु, मेरो हृदय बलात् ती मधुर नामतिर आकृष्ट हुन्छ र आँखाबाट आँसु निस्कन्छ । भन्, भन् न मलाई यो माधुर्य निरन्तर कसरी प्राप्त हुन्छ; म कसरी उनको मोहिनी मूर्ति देख्न पाउँला; जसका नाममा यत्रो आकर्षण छ, यस्तो विधि माधुर्य छ र यति धेरै रस भरिएको छ, भन् म उनलाई कसरी देख्न पाउँला ? अनि कसरी उनको मुरलीको मधुर तान सुन्न पाउँला ? मलाई भगवान्‌को प्रेमको त्यो रहस्य बता, जसमा तँ निरन्तर डुबिरहन्छेस्, अनि जसको कण-कणको दर्शन टाढैबाट गर्दा मेरो पनि यस्तो दशा भएको छ ।'

दासीले शुरू-शुरूमा त आलटाल गरी, तर रानीले पिछा गर्न नछाडेपछि एकदिन भनी– 'महारानी ! हजूर यो कुरा मसँग नसोधिबक्स्योस् । हजूर राजमहलका सुखहरूको भोग गरिबक्स्योस् । किन व्यर्थै यस मार्गमा आएर दुःख निम्त्याइबक्सन्छ ? यो बाटो काँडै-काँडाले ढाकिएको छ । यसमा सुखको नामनिशानसम्म पनि कतै छैन । पाइला-पाइलामा अत्यन्त दुःखी हुनुपर्छ, तब बल्ल यसको नजीक पुग्न सकिन्छ । पुगेपछि भने अलौकिक आनन्द पाइन्छ, बाटाका कठिनाइ यति भयानक छन् कि तिनका कुरा मात्र सुन्दा पनि मुटु काम्न थाल्छ । रातोदिन छातीमा आगो दन्किरहेको हुन्छ, आँसुका धारा बगिरहन्छन्, तर यो रस आगो निभाउँदैन, बरु घीउ बनेर त्यसलाई झन् दन्काउँछ । सुकसुकाउनु र पुर्पुरो पिट्नु त नित्यको काम हुन पुग्छ । हजूर महारानी होइबक्सन्छ, भोग-सुखमा हुर्किबक्सेको छ । यो पन्थ त विषय-वैरागीहरूको हो, जो संसारका सारा सुख-भोगहरूबाट मुक्त भइसकेका छन् वा मुक्त हुन तयार छन् । अनि कदाचित् मोहनको अलिकति मात्र पनि माधुर्य देख्न पाइयो भने त सर्वस्व नै हातबाट चिप्लेर जानेछ । त्यसकारण न यी सब कुरा सोध्नु ठीक छ, न त त्यसतिर हेर्नु नै । किनभने–

हेरत बारहिं बार उतै कित बाबरी बाल कहाँ धौं करैगी ।
जो कबहूँ रसखानी लखै फिरि क्योंहु न बीररी धीर धरैगी ।।
मानि है काहूकी कानि नहीं जब रूप ठगी हरिरङ्ग ढरैगी ।
यति कहूँ सिख मानी भटू यह हेरनि तेरेइ पैंडे परैगी ।।

प्रीतिकी रीति अनीति है प्रीति करौ जिनि कोई ।
सुख दीपक कैसे बरै विरहनाग जहँ होई ।।
विद्या आदर लक्ष्छमी और ज्ञान गुन गर्व ।
प्रेम-पौरि पग धरत ही गये ततच्छन सर्व ।।
नेह-नेह सब कोउ कहै नेह करौ मति कोई ।
मिलें दुःखी बिछुरें दुःखी, नेह सुखी नहोई ।।
नेह स्वर्गमे ऊत-यौ भूपर कीनो गौन ।
गली-गली ढूँढत फिरैं बिनसिरको घर कौन ।।
प्रेम कठिन संसारमें ना कीजे जगदीस ।
जो कीजै तौ दीजिय तन मन धन अरु सीस ।।
नारायण घाटी कठिन जहाँ प्रेमको धाम ।
विकल मूरछा सिसकिबो ये मगके विश्राम ।

प्रेम-सरोवर यह अगम यहाँ न आवत कोई ।
आवत सो फिरि जात नहीं, रहत यहीं को होई ।।

त्यो सब सुनेर रानीको उत्कण्ठा, अझ बढ्यो । उनी ठूलो आग्रहले श्रीकृष्ण-प्रेमको रहस्य सोध्न लागिन् । अन्तमा, उनको मन भोगबाट विरक्त देखेर तथा उनलाई अधिकारी बुझेर कृष्णप्रेममा डुबेकी दासीले उनलाई श्रीकृष्णप्रेमको दुर्लभ उपदेश दिई ।

अब त नोकर्नी गुरु बनी । रानी गुरुबुद्धिले उसको आदर सत्कार गर्न लागिन् । विलास-भवन भगवान्को लीला-भवन बन्न पुग्यो । रातो-दिन हरिको चर्चा र उनको अनुपम रूपमाधुरीको बखान हुन लाग्यो । सत्सङ्गको प्रभाव अवश्य पर्दछ, सच्चा भगवत्प्रेमीहरूको सत्सङ्गको त झन् के बयान गर्नु । रानीको मनरूपी भमरा श्यामसुन्दर व्रजनन्दनको मुखकमलको मकरन्दको पान गर्नको लागि व्याकुल भयो । उनी रोएर गुरुलाई भन्न लागिन्– 'कुनै उपाय गरेर मलाई मोहनको दर्शन गराऊ । अनि मात्र यो जिन्दगी टिक्ला । ओहो ! उनी मेरो मुटुमा आएर अडेका छन् ।'

नोकर्नीले भनी– 'महारानी ! दर्शन सजिलो छैन । जो मानिसहरू राजपाट छाडेर धूलोमा लेट्दछन् र अनेकौं उपायहरू गर्दछन्, ती पनि रूपमाधुर्यको दर्शन पाउँदैनन् । हो, उनलाई वशमा गर्ने एउटै उपाय छ– त्यो हो प्रेम । तपाईंले चाहनुभयो भने प्यारले उनलाई आफ्नो वशमा पार्न सक्नुहुन्छ । भगवान् भन्दा बढी कीमत वस्तु अरू कुनै छैन भन्ने रानीको मनमा ठहर भइसकेको थियो । यसलोक र परलोकको सब थोक दिएर भगवान् भेट्टिएछन् भने ज्यादै सस्तोमा पाइयो । जसको मनमा यो निश्चय हुन्छ कि श्रीहरि अनमोल धन हुन् र उनी नै आफ्ना परम प्रियतम हुन्, ऊ उनको लागि कुनचाहिं त्यागलाई ठूलो कुरा ठान्दछ ? तन, मन, भोग र मोक्ष– सबै चीज समर्पण गरेर पनि ऊ आफूसँग दिनको लागि के छ र भन्ठान्छ ? वास्तविक कुरा पनि यस्तै हो । भगवान् तन, मन, साधन र प्रयत्न वा भोग र मोक्षको सट्टा थोरै पाउन सकिन्छन् ? उनी कृपा गरेर मात्र दर्शन दिन्छन् र कृपाको अनुभव उनैलाई हुन्छ जो संसारका सुखभोगहरूलाई तुच्छ सम्झेर केवल भगवान्लाई प्रेम गर्न चाहन्छन् । रानी रत्नावतीको मनमा यस्तो प्रेमको भावना अलिकता जागा भयो । उनी दासी-गुरुको रायअनुसार नीरको एउटा सुन्दर मूर्ति बनाउन लगाएर तन-मन-धनले उनको सेवा गर्न थालिन् । अब उनी जाग्रत् र स्वप्न दुवै अवस्थाहरूमा भगवत्प्रेमको अपूर्व आनन्द लिन लागिन् । राजरानी भोगबाट मुख फर्काएर भगवत्प्रेमको पवित्र पथमा हिंड्न लागिन् । एकको साथमा अर्को

सजातीय वस्तु आफै आइहाल्छ । भजनसँगसँगै सन्त-समागम पनि हुन थाल्यो । सहज कृपालु महात्माहरू पनि कहिलेकाहीं दर्शन दिन लागे ।

एकदिन एउटा सिद्ध महात्मा पाल्नुभयो । उहाँ वैराग्यको मूर्ति हुनुहुन्थ्यो र रहनुहुन्थ्यो भगवत्प्रेममा मस्त । आफ्नो रानीपना सत्सङ्गमा बाधा भइरहेको छ भन्ने रानीको मनमा लागेको थियो । तर यो रानीपना आरोपित नै त हो ? यो मेरो स्वरूप त हुँदै होइन । यसलाई पक्रेर आफ्नो बाटोमा एउटा ठूलो तगारोको रूपमा किन रहन दिऊँ ? – उनले दासीगुरुलाई सोधिन्– 'भन् त मेरो यस शरीरको कुनचाहिं अङ्ग रानी हो, जसले गर्दा मलाई सत्सङ्गबाट वञ्चित हुनुपर्दछ ?' दासी मुसुक्क हाँसी । रानीले त्यसदिन पदमर्यादाको बन्धन तोडिन् । दासीले रोकी, तर उनी मानिनन् । गएर महात्माको दर्शन गरिन् र सत्सङ्गबाट लाभ हासिल गरिन् । त्यस जमानामा राजपरिवारमा कडा पर्दाप्रथा थियो । त्यही चर्चा चल्न लाग्यो । रत्नावतीका स्वामी राजा माधोसिंह दिल्लीमा थिए । रानी कुलको लज्जा र मर्यादा छाडी भिक्षुहरूको भीडमा गएर बसेकी छिन् भनी मन्त्रीहरूले उनलाई चिट्ठी लेखे । पत्र माधोसिंहको समीपमा पुग्यो । पढ्नासाथ उनको तन-मनमा आगो सल्केजस्तो भयो । आँखा राता भए । रिसले जीउ काप्न थाल्यो । दैव संयोगले रत्नावतीको कोखबाट जन्मेको माधोसिंहको छोरा कुँवर प्रेमसिंह त्यहाँ आइपुगे र उनले बाबुका चरणमा शिर राखेर ढोगे । प्रेमसिंहमा पनि आमाको केही न केही असर थियो । उसको ललाटमा टीका र गलामा तुलसीको माला सुहाइरहेको थियो । एक त राजालाई रिस उठिरहेको थियो, झन् छोरालाई त्यस्तो वेशमा देखेर उनी असाध्य क्षुब्ध भए । राजाले अवज्ञापूर्वक हेला गर्दै भने- 'आ साधुनी ो छोरो !' बाबुको भावभङ्गी देखेर एवम् उनको तिरस्कारयुक्त वचन सुनी राजकुमार अत्यन्तै दुःखी भएर त्यहाँबाट चुपचाप हिंडिदिए ।

अरूसँग बुझी बाबुको रिसानीको कारण प्रेमसिंहले पत्ता लगाए । प्रेमसिंह संस्कारी बालक थिए । उनको हृदयमा पूर्वजन्मको भक्तिभाव थियो र थियो आमाको शिक्षा । उनले विचार गरे–'मलाई साधुनीको छोरो भनी बुबाले अत्यन्त उत्तम आशीर्वाद बक्स्यो । अब त म साधुनीको छोरो साधु नै बन्नेछु ।' यति सोचेर उनी आमाको भक्तिपूर्ण भावनामाथि धेरै नै प्रसन्न भए र तत्काल उनले आमालाई चिट्ठी लेखे–

'मुमा ! हजूर धन्य हो, जो हजूरको मनमा भगवान्को भक्ति जागा भएको छ र मन भगवान्मा लागेको छ । भगवान्को ठूलो कृपाले नै यस्तो हुन्छ अब त भक्तिलाई

सर्वथा सच्चा बनाएर नै छाड्नुहोला । प्राण जाओस्, तर टेक नजाओस् । बुबाले मलाई आज 'साधुनीको छोरो' भन्नुभयो । त्यसैले अब त साँच्ची नै साधुनीको छोरो बन्न र रहन चाहन्छु । बिन्ती ! मेरो यो प्रार्थना खेर नजाओस् ।'

पत्र पढ्नासाथ रानीलाई प्रेमावेश आयो– 'आहा ! साँचो छोरा जरूर त्यही हो जो आफ्नी आमालाई भगवान्तर्फ लाग्न प्रेरणा दिन्छ र उसको हौसला बढाउँछ ।' उनी प्रेमको पथमा चढिसकेकी थिइन् । त्यस दिनदेखि राजकीय वेश छाडिदिइन् र राजकीय गहना र वस्त्र त्यागिदिइन् । सुगन्धी तेल र अत्तर नहाल्ने भइन् र सादा लुगा लगाएर भजन-कीर्तन गर्न थालिन् । छोरालाई पत्र लेखी पठाइन्–'म आजदेखि साधुनी भइसकें । प्रेमपूर्वक आएर जाँच ।' कुँबर प्रेमसिंह पत्र पाउनासाथ आनन्दले नाचे । कुरा राजासम्म पुग्यो । उनी साह्रै रिसाएर छोरालाई मार्न तयार भए । मन्त्रीहरूले उनलाई धेरै सम्झाए, तर उनले मानेनन् । उता प्रेमसिंहलाई पनि रिस उठ्यो । आखिर मानिसहरूले सम्झाई-बुझाई दुवैलाई शान्त पारे । तर राजा माधोसिंहको मनमा रानीप्रति जो रिस थियो, त्यो शान्त भएन । उनी रानीलाई मार्ने विचारले राति नै दिल्लीबाट हिंडे । उनी आम्बेर पुगेर मानिसहरूलाई भेटघाट गर्न लागे । उनीहरूले रानीका कुरा सुनाए । रानीका विपक्षीहरूले केही बुट्टा भरेर कुरा लाए । फलस्वरूप राजाको क्रोध झन् बढ्यो । कैयन् कुचक्रीहरूसँग मिलेर माधोसिंह रानीको हत्या गर्ने तरीका सोच्न लागे । आखिर षड्यन्त्रकारीहरूले निश्चय गरे– पिंजरामा थुनिएको सिंहलाई लगेर रानीको महलमा छाडिदिऊँ, सिंहले रानीलाई मार्नेछ, तब सिंहलाई पक्रेर, 'सिंह पिंजराबाट उम्केर भागेकोले यस्तो दुर्घटना हुन गएछ' भन्ने हल्ला फिजाइदिऊँ । त्यस निश्चयअनुसार नै काम भयो । महलमा सिंह छाडियो । रानी त्यसवेला पूजा गरिरहेकी थिइन् । सिंह देख्ने-बित्तिकै कराएर दासीले भनी– 'हेर्नुहोस् ! सिंह आयो ।'

रानीको अवस्था बडो विचित्र थियो । हृदय आनन्दले भरिएको थियो र आँखामा प्रेमका आँसु थिए । सबै इन्द्रियहरू सेवामा लागेका थिए । उनले पटक्क सुनिनन् । यत्तिकैमा सिंह केही नजीक आइपुग्यो । दासीले फेरि चिच्याएर भनी–'रानीसाहब ! सिंह आइसक्यो ।' रानीले साह्रै शान्तिपूर्वक भनिन्– 'अत्यन्तै आनन्दको कुरा हो । आज मेरो भाग्यले मेरा प्रह्लादका स्वामी श्रीनृसिंहजी पाल्नुभएको छ । आऊ, यिनको पूजा गरौं ।'

यति भनेर पूजाको सामग्री लिएर रानी ठूलो सम्मानपूर्वक पूजा गर्न दौडिन् । सिंह समीप आइपुगिसकेको थियो, तर अब ऊ सिंह थिएन । रत्नवातीको अगाडि त

साक्षात् श्रीनृसिंह नै उपस्थित भएका थिए । रानीले अत्यन्त सुन्दर, मनोहर र आकर्षक रूपमा परम-शोभा-सम्पन्न भगवान् नृसिंहदेवको दर्शन गरिन् । प्रणाम गरेर उनले पाद्य-अर्घ्य दिइन्, माला पहिराइन्, चन्दन टक्याइन्, धूप-दीप चढाइन्, भोग लगाइन् र प्रणाम आरती सम्पन्न गरेर उनको स्तुति गर्न लागिन् ।

सिंहरूप प्रभुले केही क्षणपछि नै महलबाट बाहिर निस्केर रत्नावतीलाई सिंहद्वारा मराउन खोर लिएर आएकाहरूलाई तत्काल यमलोक पुऱ्याइदिनुभयो र स्वयं साधारण सिंह बनेर खोरमा पस्नुभयो ।

मानिसहरूले दौडेर गई राजा मानसिंहलाई समाचार सुनाए– 'रानीले सिंहलाई श्रीनृसिंह भगवान् मानेर पूजा गरिन् । सिंहले उनको पूजा स्वीकार गऱ्यो र बाहिर निस्केर मानिसहरूलाई माऱ्यो । रानी अब आनन्दसाथ बसेर भजन गरिरहेकी छन् ।' तब माधोसिंहका आँखा खुले । भक्तको गौरव उनले बुझे । सारा दुर्भावना क्षणमै नष्ट भएर गयो । राजा दौडेर महलमा गए र प्रणाम गर्न लागे । रानी भगवान्को सेवामा तल्लीन थिइन् । दासीले भनी–'महाराज प्रणाम गरिरहनुभएको छ ।'तब रानीले त्यता ध्यान दिइन् र भनिन्–'महाराज श्रीनन्दलाललाई प्रणाम गरिरहनुभएको छ ।' रानीको दृष्टि त्यसबखत भगवान्मा गडेको थियो । राजाले नम्रतापूर्वक भने–'एकपटक मपट्टि त हेर ।' रानीले भनिन्– महाराज ! के गरूँ, यी आँखा यहाँबाट हट्दैनन् । म लाचार छु ।' राजाले भने–'सारा राज्य र धन तिम्रै हो । तिमी जसरी चाहन्छौ त्यसरी नै यसलाई काममा लगाऊ ।' रानीले जवाफ दिइन्–'स्वामिन् ! मेरा त एकमात्र धन, यी मेरा श्यामसुन्दर नै हुन् । मलाई यिनको साथमा धेरै नै आनन्द लाग्दछ । मलाई यिनैमा लागि-रहन दिनुहोस् ।' राजा प्रेम र आनन्दले गद्गद भए र रानीको भक्तिको प्रभावले उनको चित्त पनि भगवान्तिर तानिन लाग्यो । **जसकी पत्नी भक्त छ, उसमाथि भगवान्को कृपा किन नहोओस् ? घरमा एउटै भक्त भएमा पनि उसले कुललाई तार्दछ ।**

एकपटक महाराज मानसिंह आफ्ना कान्छा भाइ माधोसिंहको साथ कुनै ठूलो नदी नाउद्वारा तरिरहेका थिए । तूफान आयो र नाउ डुब्न लाग्यो । मानसिंहले आत्तिएर भने– 'भाइ ! अब त बच्ने कुनै उपाय छैन ।' माधोसिंहले भने– 'तपाईंकी भाइ-बुहारी अर्थात् मेरी पत्नी ठूली भक्त छ । उसको कृपाले हामीहरू पार लागौंला ।' दुवैले रानी रत्नावतीको ध्यान गरे । जादू गरेजस्तै नाउ पल्लो किनारमा पुग्यो । नयाँ जन्म पाएर आनन्दले मग्न भए । त्यो त मामूली नाउ थियो र नदी पनि मामूली नै

थियो। भगवान्‌का सच्चा भक्तको आश्रय पायो भने घोरभन्दा घोर पापी पनि सजिलैसित दुस्तर भवसागरको पारि पुग्छ । विश्वास हुनुपर्छ ।

अनि त मानसिंहको मनमा पनि रानीको दर्शन गर्ने लालसा जाग्यो। आएर उनले दर्शन गरे। रानीको जीवन प्रेममय भयो। उनी आफ्ना प्रियतम श्याममा बिलाएर तथा उनीसँग मिलेर एकाकार भइन् ।

भन – आनन्दकन्द भगवान् श्यामसुन्दरको जय !

प्रेमिणी हसिना र हमीदा– भगवान्‌को लीला विचित्र हुन्छ। सूक्ष्म जगत्‌मा देश-कालको व्यवधान पनि सूक्ष्म नै हुन्छ। 'भगवान्‌को योगभ्रष्ट भक्त कर्मको दुर्विपाक-वश भिन्न देश र भिन्न धर्ममा जन्म लिएर पनि भगवान्‌तिर कसरी तानिन्छ'– यसको राम्रो उदाहरण महाभाग्या दुई यवन बालिकाहरूको जीवनबाट यहाँ प्रस्ट बुझिन्छ। त्यसैले त भगवान्‌बाट आफै नै आज्ञा भएको छ–

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ।।
पूर्वाभ्यासेन तेनैव ह्रियेत ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्माऽति वर्तते ।।

-श्रीमद्‌भगवद्‌गीता ४३।४६

'हेर कुरुनन्दन ! त्यहाँ त्यो (योगभ्रष्ट) पूर्वदेह जात त्यही बुद्धिसंयोग प्राप्त गर्दछ र संसिद्धिको लागि पहिलेभन्दा बढी प्रयत्न गर्दछ, किनकि त्यो भ्रष्ट योगी इच्छा नहुँदा-नहुँदै पनि त्यसै पूर्वाभ्यासद्वारा आकृष्ट हुन्छ र योगको जिज्ञासु शब्दब्रह्म-लाई अतिक्रम गरेर जान्छ, अर्थात् परब्रह्ममा मिल्दछ।'

टाढा अरब देशमा खस नामक एउटा नामी खलक थियो। त्यसको सरदार कुशल व्यापारी र सबै प्रकारको धन-दौलतले सम्पन्न थियो। उसकी हसीना नाउँकी सुशीला र स्वभावले नै मीठो बोली भएकी छोरी थिई। यसै हसीनाकी एउटै उमेरकी हमीदा नाउँकी सँगिनी थिई। ऊ उसको प्रत्येक रहस्यसँग परिचित थिई। हरेक साँझ यी दुवै नजीकको रमाइलो बगैंचामा गएर पुष्पचयन गर्थे। मीठा-मीठा फल खान्थे र केटाकेटीले खेल्ने खेल खेल्थे। त्यसपछि घर फर्केर आफ्ना सुयोग्य बाबुहरूका धर्मग्रन्थ **अमरिल कैस** प्रेमले सुन्ने गर्दथे। यसप्रकार यी दुवैको नाममा बालककालदेखि ईश्वरानुराग

उम्रन लागेको थियो। एकसमय संसार-भ्रमण गर्दै हरिचरणानुरागी कुनै सन्त अरब देशमा आइपुगे। त्यहाँ भाग्यवश उनको हसीनाका बाबुसँग भेट भयो। सन्तले उनको सत्कार स्वीकार गरे र त्यहाँ सत्सङ्ग हुन लाग्यो। हुँदा-हुँदै उनले परम रमणीय व्रजधामको साथ-साथै वृन्दावन-विहारीको परमोत्कृष्ट देवदुर्लभ रहस्यको वर्णन गरे। भित्र बसेर हसीना यो सब सुनिरहेकी थिई। त्यस मधुर चर्चाको उसमाथि ठूलो असर पऱ्यो। महात्माजी अन्यत्र पाल्नुभयो। यता हसीनाको हृदय-सागरमा प्रेमका लहरहरू उर्लन लागे। ऊ सौन्दर्य-माधुर्य-सुधा-रससागर सच्चिदानन्दघन श्रीनन्दनन्दनको सुन्दर दर्शनको लागि छटपटाउन लागी। रात-दिन उनैको ध्यान! उनैको नै चिन्तन! उसको त्यस्तो हालत देखेर एकदिन बाबुले अत्यन्त स्नेहपूर्वक सोध्यो– 'छोरी! तँलाई के भयो? न तँलाई गर्मीको फिक्री छ, न त वर्षाको ज्ञान। न भोक, न प्यास नै! तेरो जीउ कति दुब्लो भइसक्यो! कुनै भूत-प्रेत त लागेन?' बाबुको कुरा सुनेर हसीनाले सिर्फ यति मात्र भनी– 'रसिक-शिरोमणि सन्त भगवान् श्रीकृष्णचन्द्रको मधुर गुणानुवाद गाएर गएदेखिन् उनै श्रीकृष्णको दर्शनको लागि मेरो चित्त व्याकुल भइरहेछ। रात-दिन मलाई उनकै ध्याउन्ना छ। एक-एक छिन, उनको दर्शनविना युगजस्तो लाग्दछ। अब त जुन वेला उनै श्यामसुन्दरको दर्शन पाइएला, तब मात्र मेरो आत्मालाई खुशी लाग्नेछ। त्यसैले बुबा! तपाईं यस शरीरलाई भारतवर्षको दिव्य श्रीवृन्दावनधाममा तुरन्त पुऱ्याइदिनुहोस्। नभए मेरो प्राण अब चाँडै नै छुट्न चाहन्छ।'

त्यसताक आजभोलि झैं धर्मको नाममा कुनै दुराग्रह थिएन। हसीनाको बाबुले आफ्नी छोरीको अभिलाषाको स्वागत गऱ्यो र भन्यो– राम्रो साथी भेट्टाउनासाथ तिमीलाई त्यहाँ पठाइदिउँला।' भाग्यवश त्यसै समय एउटा काफिला (व्यापारी यात्रीहरूको दल) बगदाद गइरहेको थियो। हसीनाको बाबुले राम्रो मौका आएको देख्यो। हसीनालाई उसको भाइ अब्दुल्ला र सँगिनी हमीदाको साथमा पठाउने तयारी हुन लाग्यो। दुवै कुमारीहरू आ-आफ्ना बाबुका गोडामा ढोगी उनीहरूबाट आशीर्वाद लिएर आफ्ना प्राणका पनि प्राण श्रीकृष्णको दर्शन गर्नको लागि खुशी भएर त्यस यात्रु-दलको साथ लागे। त्यसै बाटोमा एउटा नदीको किनारमा वास बसे। दिन सुन्दर शरद् ऋतुका थिए। अत्यन्त आनन्ददायक जून टहटह लागिरहेको थियो। किसिम-किसिमका जङ्गली फूलहरूको बास्नाले मन खुशी भइरहेको थियो। जता हेऱ्यो उतै रमाइला दृश्य देखिन्थे। त्यसवेला ती दुवै सँगिनीहरू त्यस नदीको तटको एकान्त ठाउँमा प्राकृतिक दृश्य हेर्न गए। सुन्दर लहरा र मनोहर रूखहरूलाई देखेर सन्तबाट सुनेका व्रजलताहरूको

याद आयो । हसीनाले आफ्नी प्यारी सखी हमीदालाई भनी– 'यस एकान्त ठाउँमा जहाँ चारैतर्फ शान्तिको साम्राज्य छ, कृपा गरेर ती सन्तबाट सुनेको व्रजको शोभाको एक फेरा मीठो बयान त गर । आहा ! यही त्यो शरत् थियो, जब प्रेमानुरागिनी महाभाग्यवती व्रज-गोपिकाहरूसित मदन-मोहन श्रीकृष्ण रासेश्वरी श्रीराधिकालाई साथ लिएर महारास गर्नुहुन्थ्यो ।' त्यो भावुकताकी मूर्ति हमीदाले जब श्रीकृष्णका अङ्ग-अङ्गका रूपको र परम गुप्त गोलोकको अनन्त माधुर्यको विशद वर्णन गरी, ती दुवै तन्मयताको अवस्थामा पुगेर मानौं आफै रासका नायिका हुन पुगे । सारा दृश्य उनका आँखासामु नाच्न लागे । उनीहरूले के देखे भने प्रेमामृत महासिन्धुस्वरूप सौन्दर्य-माधुरीनिधि भगवान् नन्दनन्दन श्रीकृष्णचन्द्र र रासेश्वरी ज्योतिर्मयी महाशक्ति श्रीराधिकाजीका साथ त्यसै रमणीय माधुरीकुञ्जमा राज हुनुभएको छ । नवनील-नीरद-वर्ण थियो, कम्मरमा राम्रो काछनी बाँधेका छन्, दुवै कानमा सुन्दर कुण्डल छन्, र गलामा दिव्य फूल, रत्न र रातीगेडीका मालाहरू सुहाएका छन् । माथामा मयूरपङ्खको मनोहर मुकुट छ । घुम्रेका काला जुल्फी भमराका ताँतीको शोभालाई माथ गरिरहेका छन् । अधर-पल्लवमा मुरली शोभायमान छ । करोडौं-करोडौं कामदेवलाई लज्जित पार्ने युगलमूर्तिको रूपमाधुरी छ । श्रीराधिकाजी सर्वाङ्ग सुसज्जित छिन् । नीलवस्त्र पहिरेकी छिन् । उनको सर्वाङ्गमा संलग्न परमभाग्यवती व्रजसेविकाहरू योगिदुर्लभ दर्शन गरी आनन्दले विह्वल भइरहेका छन् । दुवै सँगिनीहरूले प्राण प्रियतमको मानस दर्शन पाए र तदाकारवृत्ति भएर उसैमा स्थित भए । त्यससमय उनीहरूलाई वाह्य जगत्को ध्यान रहेन ।

यता यी दुवै परमहंसोचित ध्यानमा डुबेका थिए, उता काफिलाको खबर पाएर खानाबदोश-(कतै घरबार नभएकाहरू)-को एउटा दल हातहतियार लिएर त्यस दलमाथि जाइलाग्यो । दुवै पक्षका बीच धेरै बेरसम्म लडाइँ भयो । डाकूहरूले अधिकांश व्यापारीहरूलाई सखाप पारे र उनीहरूको धन लूटपिट गरी डाकूहरू यताउता लुकेर बसे । केवल हसीनाको भाइ र केही आइमाईहरू मात्र बचे । तिनीहरूको चिच्याहट र रुवाइ सुनेर ती दुवैको समाधि टुटचो । उनीहरू तुरुन्तै त्यस ठाउँमा पुगे, जहाँको जमीन हत्याकाण्डको रक्तले रँगिएको थियो । उनीहरू सोच्न लागे– 'हे भगवन् ! यति छिटो यो के भयो ? हामीहरूमाथि दैवको यो कस्तो निष्ठुरता ! तर ईश्वरको लीला त विचित्र हुन्छ । त्यसैमा उनीहरूको हित निहित थियो । ती डाकूहरूमध्ये दुई-चार त्यहीं नजीकै उभिएका थिए । ती दुवै सुन्दरीहरूलाई देखेर उनीहरूको मनमा लोभ

उब्ज्यो। उनीहरूले आपसमा कुरा गरे– 'आहा ! सर्वोत्तम धन त यही नै हो। यी दुवैलाई लगेर बगदादमा बेचौं । यिनीहरूको मोल पनि धेरै पाइएला ।' उनीहरूले ती दुवै अबलाहरूलाई जबर्जस्ती पक्रे र हाजीहरूको वेशमा उनीहरू यता-उता घुम्न थाले । हसीनाले कुनै युक्तिद्वारा एउटी मालिनीमार्फत आफ्नो आपत्को खबर त्यस देशका खलीफालाई लेखी पठाइन् । खलीफाले खबर पाउनासाथ ती छद्मभेषधारी डाकाहरूलाई पक्रन लगाए र ती दुवैको उद्धार गरेर आफ्नो महलमा पठाए । उनीहरूलाई देखी बेगम-(रानी)-ले ठूलो स्नेहसाथ उनका आँखा र मुख चुमी काखमा राखेर सोधी– 'नानीहो ! तिमीहरूलाई के आपत्ति पऱ्यो ? तिमीहरूको कहाँ जाने विचार थियो ? यहाँ कसरी-आइपुग्यौ ?' उनीहरूले आफूमाथि आइपरेको समस्त घटना आद्योपान्त बताए । त्यो करुण कहानी सुनेर बेगमको मुटु पग्ल्यो । बेगमले उनीहरूलाई आफ्नो घर फर्की जान भनिन् । तर उनीहरूले भने– 'हामीहरूको मन त श्यामसुन्दरको लागि उन्मत्त भइसकेको छ । यहाँभन्दा बढी विपत्ति परे पनि हामीहरू सहनेछौं, तर वृन्दावन जरूर जानेछौं ।' उनीहरूलाई आफ्नो सिद्धान्तमा अडिग देखेर बेगमले ती दुवै कुमारीहरूलाई युद्ध-विशारद सिपाहीहरूका साथ व्रजभूमितिर पठाइदिइन् । ती दुवै त्यहाँ पुगेर कुनै मन्दिरको ढोकामा मस्तक झुकाएर भित्र चोकमा पसे । त्यत्तिकैमा कुनै मानिसले पुजारीलाई खबर दियो । उनले देखे– दुइटी यवनकन्याहरू मन्दिरको आँगनमा आएका छन् । तिनीहरूलाई राता आँखा पल्टाएर हेर्दै उनले भने– 'तिमीहरू को हौ ? यस मन्दिरमा तिमीहरूको के काम छ ? तिमीहरूले मन्दिर जम्मै बिटुल्याइदियौ । निक्लिहाल बाहिर ।'

ती बिचरीहरू आगो बनेका ती पुजारीलाई देखेर डराए । उनीहरूले पुजारीसँग अनेक बिन्ती भाउ गरे, तर जब पुजारीले मानेनन्, तब ती बिचरीहरू दुःखी भएर फर्के । तैपनि उनीहरूको मन त श्रीकृष्णको रूपमाधुरीमा लागेको थियो । कालिन्दीको किनारमा पुगेर एउटा कदम्बको छायामुनि बसेर दुवै आफ्ना प्यारा कृष्णको चिन्तन गर्न थाले । दिन बित्यो । रात पऱ्यो । मानिसहरू आ-आफ्ना घरमा सुत्न पुगे । आधा रातको समय भयो । त्यत्तिकैमा उनीहरूले देखे– यमुनाजीमा एउटा राम्रो नाउ आइ-रहेको छ । त्यसमा श्रीराधिकासहित श्रीकृष्ण भगवान् विराजमान छन् । साथमा केही सँगिनीहरू चमर र पङ्खा हम्कने आ-आफ्नो सेवाकार्यमा मग्न छन् । नाउ आएर किनार लाग्यो । तीमध्ये एउटी सखीको दृष्टि ती दुइटी कन्याहरूमा पऱ्यो । ओर्लेर उसले हसीना-लाई सोधी– 'ओहो ! तिमीहरू मध्यरातमा यहाँ बसेर के गरिरहेका छौ ? तिमी को हौ ? यो तिम्रो साथी को हो ? कुन देशबाट आएकी हौ ? तिम्रो के मनोरथ हो ?'

हमीदाले नम्रतापूर्वक प्रणाम गरेर त्यस सखीलाई भनी– 'हामी दुवै वृन्दावनको माहात्म्य सुनेर अनन्त कष्टहरू झेल्दै अरब देशबाट भगवान् श्रीकृष्णको दर्शन गर्न यस व्रजभूमिमा आएका हौं। मेरो नाउँ हमीदा हो। यी मेरी मालिक्नी हसीना हुन्। यिनका बुबा एकदिन आफ्ना महलमा बसेका थिए। त्यहाँ भारतका कुनै महात्मा घुम्दै आइपुगे। उनले अखिल ब्रह्माण्ड-नायक, नटवर, त्रिभुवन-सुन्दर, नन्दनन्दनको शोभाको वर्णन गरे। त्यो सुन्नेबित्तिकै हामीहरूको विचित्र दशा भयो र कुनै किसिमले हामीहरू यहाँसम्म आइपुग्यौं। अब यति बताउनुहोस्, ती दीननाथ हामीहरूलाई दर्शन दिएर कहिले कृतार्थ गर्नुहोला ?'

उनीहरूको सरलता र साँचो स्नेहबाट मुग्ध भएर सखीले तुरन्त नै जवाफ दिई– 'यी जो मणिजडाउ सुनको सिंहासनमा विराजमान भएका छन्, यी नै श्यामसुन्दर हुन् र उनका बायाँपट्टि परमसुन्दरी महारानी राधिकाजी हुन्। यी दुवैका चारैतिर यी ललितादि सखीहरू आ-आफ्नो सेवाकार्यमा संलग्न छन्। यी दीनदयालु हुन्। आफ्ना भक्तहरूको पहिले परीक्षा लिन्छन् र तब समय भएपछि तुरन्त सहायता गर्न दौडेर आइपुग्दछन्। तिमीहरूको सम्पूर्ण वृतान्त उनलाई अवगत छ। त्यसैले तिमीहरूमाथि खुशी भएर दर्शन दिनलाई नै पाल्नुभएको हो।'

यति भनेर त्यस सखीले ती दुवैलाई श्रीकृष्ण र राधिकाका चरण-कमलका नगीच लगी। दुवै चरणमा घोप्टो परे। जीवनको सुखसाध पूरा भयो। जीवन र जन्म सार्थक भयो। अनि त दुवै आवागमनबाट मुक्त भई निकुञ्जविहारीको नित्य विहारमा सामेल हुन पुगे। धन्य हुन् ती यवनकन्याहरू !

भन – वृन्दावन-विहारी भगवान् श्रीकृष्णको जय !

बहिनी सरस्वती– सरस्वती आमा-बाबुकी अत्यन्त प्यारी छोरी थिइन्। त्यसैले उनको पालन पोषणमा आमा-बाबुले कुनै कसर बाँकी राखेका थिएनन्। उनको अलिकता पनि चित्त दुख्ने काम आमा-बाबुलाई सह्य हुँदैनथ्यो। एक्ली सन्तान थिइन्, घर सम्पन्न थियो, र आमा-बाबुको हृदयमा स्नेहको नदी उर्लन्थ्यो। बाह्र वर्षको उमेरमा उसको विवाह एक सम्पन्न घरको सुदर्शन नामक लडकासँग भयो। तीन वर्षपछि द्विरागमन भयो। सरस्वतीको विवाह र द्विरागमनमा धेरै ठूलो रकम खर्च गरियो। प्रशस्त मात्रामा रुपैयाँ र लुगा-कपडा दाइजो दिइयो।

सरस्वती वास्तविक रूपमा योगभ्रष्टा थिइन् । माइतीमा पन्ध्र वर्षसम्म उनको शरीर र मनलाई चोट पुऱ्याउने कुनै सानो घटनासम्म पनि भएन । उनी सबै प्रकारले बडो आरामसँग रहिन्, तर उनको मन कहिल्यै संसारका भोगहरूमा फसेन । आरामको लागि प्रशस्त सामग्रीहरू थिए, तर उनको मन तिनबाट उदासीनजस्तै भइरहन्थ्यो । आमा-बाबुको मन नदुखोस् भनी उनी देखावटी तवरले सबै थोक स्वीकार गर्दथिन्, तर उनको मन तिनलाई स्वीकार गर्दैनथ्यो । घरमा श्रीगोपालको मन्दिर थियो । श्रुतदेव नाउँका बूढा पुजारी धेरै नै भक्तिभावले गोपालजीको पूजा गर्दथे । उनको कुनै सन्तान थिएन । उनलाई गोपालजीमा नै वात्सल्यभाव थियो । उनी ठूलो स्नेहले गोपालजीलाई भोग लगाउँथे । उनको मनमा गोपालजी सुनको निर्जीव मूर्ति नभई सच्चिदानन्दघन भगवान् हुनुहुन्थ्यो । कुरा मनको मात्र होइन, भक्त श्रुतदेवको शुद्ध भावनाअनुसार भगवान् उनीसँग स्थूल व्यवहार पनि त्यस्तै गर्नुहुन्थ्यो , तर यस कुराको रहस्य श्रुत-देवले कसैलाई बताएनन् । सरस्वतीका आमा-बाबु, श्रीकीर्ति र मतिमान् पनि त्यस रहस्यसँग अपरिचित थिए । सरस्वती कम उमेरमै पनि मन्दिरमा गएर बस्दथिन्, खेल्दथिन् र पुजारीले गरेको पूजा-आरती तथा भोग-राग ठूलो रुचिसाथ हेर्दथिन् । सानी बच्ची सम्झेर पुजारी उनीसँग कुनै कुरा पनि लुकाउँदैनथे । त्यसको अतिरिक्त सरस्वतीप्रति उनको ठूलो स्नेह थियो । उनी उनलाई आफ्नै औरस पुत्रीभन्दा पनि बढी ठान्दथे । उनी छोरी र ठाकुरजी श्रीगोपालजी प्राणप्रियतम पुत्र भन्ने भावनाले पुजारीको स्नेह दुवैमा बाँडिएको थियो । उनको यस्तो नाताबाट सरस्वती र गोपाल-जीमा पनि दाजु-बहिनीको सम्बन्ध हुन गएको थियो । सानी बालिका आफ्ना गोपाल-दाइलाई ठूलो माया गर्दथिन्, बाल्यभावले खुवाउँदथिन्, पियाउँथिन्, उनको साथमा खेल्दथिन् र शुद्ध प्रेमालाप गर्दथिन् ।

सरस्वतीको बुद्धि धेरै तीखो थियो । उनी पुजारीसँग गीता, रामायण, पुराण_तथा अरू शास्त्रहरू ठूलो लगनशीलताका साथ पढ्दथिन् र समय-समयमा श्रीभगवान्को स्वरूप र लीलाबारे सोच्ने गर्दथिन् । श्रुतदेवजीलाई उनी आफ्ना बाबुभन्दा बढी मान्दथिन् र उनका उपदेशहरू र वचनहरूलाई कार्यरूपमा परिणत गर्ने प्रयास गर्दथिन् । त्यसैले उनको जीवन पवित्र भक्तिमय भइसकेको थियो । उनको सरल आग्रह-बाट प्रसन्न भएर भगवान्ले साक्षात् प्रकट भई भोग ज्यूनार भयो र त्यसको केही दिनपछि साउने पूर्णिमाको दिन उनको हातबाट रक्षाबन्धन ग्रहण गर्नुभयो । श्रुतदेवजी त्यसबाट अत्यन्त प्रसन्न हुनुभयो । त्यसपछि त श्रीगोपालजी र सरस्वतीको दाजु-बहिनीको नाता

यति प्रष्ट र सुदृढ भयो कि दुवै पटक-पटक भेटघाट गर्दथे र आपसी सुख-दुःखको चर्चा गर्दथे । अनि सरस्वती बहिनीले सम्झेको वेलामा गोपालदाइ उनीकहाँ आइपुग्नुपर्ने भन्ने कबोल गराई उनकै रायअनुसार सरस्वतीले विवाह गर्न मानिन् । सरस्वतीलाई आफ्नो बालककालमा आमा-बाबुबाट जुन सबै प्रकारको सुख-सुविधा प्राप्त थियो, त्यसमा गोपालदाइकै चमत्कार थियो र सरस्वतीको विवाह र द्विरागमनमा पनि उनको ठूलो हात थियो। दाइजोको सरसामान, अतिथिहरूको स्वागत-सत्कार, सबैको सात्त्विक प्रसन्नता आदिको व्यवस्था सरस्वतीका बाबु मतिमान्लाई छक्क पार्ने खालको थियो। कहाँबाट कसरी र कहिले के जुट्दथ्यो त्यसको उनलाई पत्तै थिएन। कुन्नि कहाँबाट उनका त्यत्तिका कार्यकुशल साथीहरू र त्यतिका सुमुखी युवतीहरू शुभ कार्यमा सहयोग पुऱ्याउन घरमा आइपुगे । त्यो सरस्वतीका दाजु गोपालको कृपाशक्तिको खेल थियो भन्ने उनलाई थाहा थिएन ।

द्विरागमन भयो । सरस्वती आफ्नो घर गइन् । गोपालदाइ बहिनीलाई पुऱ्याउन गोप्य रूपमा सँग-सँगै पाल्नुभयो र दुई-तीन दिन उहीं रहेर उनलाई सम्झाई-बुझाई फर्कनुभयो । सरस्वतीका लोग्ने सुदर्शन धेरै नै सात्त्विक प्रकृतिका सज्जन पुरुष थिए । उनमा यस संसारको छल-कपटको कतै गन्धसम्म पनि थिएन । बाबुको घर सम्पन्न थियो । आमा-बाबु निष्ठावान् धार्मिक थिए । घरमा सबै प्रकारको सुख थियो । सरस्वतीको जीवन आनन्दसँग बितिरहेको थियो। गोपालदाइ बीच-बीचमा आएर बहिनी-सँग भेटघाट गर्ने गर्नुहुन्थ्यो, कुराकानी गर्दा-गर्दै उनलाई उपदेश दिनुहुन्थ्यो र आफ्नो स्वरूपको तत्त्व बुझाउने गर्नुहुन्थ्यो ।

एकदिन सरस्वतीले भनिन्– 'दाइ ! म सानी थिएँ र त्यससमय केही बुझ्दिनथें । तिम्रो सानु मूर्ति मलाई धेरै प्यारो लाग्दथ्यो । पुजारीजीले पूजा गर्दा मानौं तिमी हाँसिरहन्थ्यौ र उनले भोग लगाउँदा तिमी खान्थ्यौ जस्तो मलाई लाग्दथ्यो। मेरो बाल-सुलभ श्रद्धा थियो। अनि एकदिन म नै भोग लगाउँछु भनी जब मैले पुजारीसँग हठ गरें, उनले मलाई धेरै सम्झाए, तर मैले आफ्नो हठ छाडिनँ । त्यसवेला तिमी मानौं पुजारीलाई भनिरहेका थियौ–– सरस्वती भोग लगाउन चाहन्छे भने तिमी किन रोक्छौ ? मलाई यसको हातबाट भोग ग्रहण गर्दा ठूलो प्रसन्नता हुनेछ । थाहा भएन, उनले तिम्रो कुरा सुने वा सुनेनन्, तर भोग लगाऊ भनी तुरन्त मलाई भने र कुन्नि किन हो त्यति भनेर उनी बाहिर निस्के। मैले भोग चढाएँ र पर्दा लगाएँ, तर तिमीले खाएनौ।

दाइ ! मलाई त्यसदिनको कुराको राम्रो सम्झना छ । जब म रुन लागें, तब तिमी त्यस मूर्तिबाट प्रकट भएर मैले चढाएको नैवेद्य खुशीसँग खान लाग्यौ । त्यसदिन मलाई अत्यन्तै आनन्द आयो । त्यसको छ महीनापछि नै, मैले आग्रह गर्दा तिमीले मबाट रक्षाबन्धन गरायौ । अनि त तिमी मसँग कुराकानी गर्न थाल्यौ । तिमी को थियौ भन्ने मलाई थाहा थिएन । यति मात्र थाहा थियो– तिमी मेरा दाजु पर्छौ । यही नै पुजारीजीले मलाई बताएका थिए । आमाले मलाई कैयौं पटक सोध्नुभएको थियो र बुबाले पनि कहिलेकाहीं कुरा चलाउनुभएको थियो; तर तिमीले बताउन हुन्न भनेका थियौ र त्यसैले मैले कसैलाई केही भनिनँ । तिमीले भनेकोले म यहाँ आइसकें, तैपनि वास्तवमा तिमी को हौ भनी जान्ने इच्छा अब मेरो मनमा लागिरहेको छ । तिमीलाई भगवान् भन्दछन् । पुजारीजी पनि तिमीलाई भगवान् नै मान्दछन् र मेरा आमा-बाबुको अगाडि तिमी मूर्ति नै बनिरहन्छौ । दाइ! भन, के साँच्चै तिमी भगवान् नै हौ ? भगवान् नै हौ भनें मेरो दाइ कसरी? के तिमीलाई म दाइ नमानूँ ? यस्तो सोच्दा मेरो मन किन हो कुन्नि कस्तो डराउँदछ ! दाइ ! आफ्नो रहस्य मलाई भन । आज म थाहा नपाई छाड्दिनँ ।'

सरस्वती बहिनीको कुरा सुनेर गोपालदाइ खूब हाँसे र भन्न लागे– 'सरस्वती बहिनी ! सत्ते सत्ते म तिम्रो दाइ हुँ । यसो त म सारा संसारको बन्धु हुँ, तर तिम्रो त दाइ नै हुँ । मप्रति तिम्रो जुन अटल प्रेम छ, त्यसले मलाई तिमीले सधैंको लागि आफ्नो दाइ बनाइसक्यौ । बैनी ! प्रेम आत्माको स्वरूपभूत गुण हो– धर्म हो । जस्तै दूधको सेतोपना र आगोको पोल्ने शक्तिको तिनीहरूसँग अभिन्न सम्बन्ध छ, त्यस्तै नै आत्माको अभिन्न सम्बन्ध प्रेमसँग हुन्छ । तर बुद्धू जीवको चित्त अशुद्ध भएकोले उसको प्रेमको विषय अर्कै हुन्छ । ऊ आफ्नो स्वरूपभूत आत्मालाई प्रेम नगरी तुच्छ र अनित्य भोगपदार्थहरू– स्वास्नी, पति, पुत्र, धन, मान, प्रतिष्ठा आदिमा प्रेम गर्दछ र यी नाशवान् पदार्थहरूमा प्रेम गर्ने नै कारणले ऊ वारंवार वञ्चित रहन्छ । यस्तो प्रेमको कारणको परिणामस्वरूप उसलाई निराशा, असफलता, वियोग, मृत्यु, नाश र रुनु-कराउनु नै हात लाग्दछ । तर जब मेरो कृपाले जीवको चित्त शुद्ध हुन्छ, तब उसको दृष्टि आफ्नो स्वरूपतिर लाग्छ र त्यसमा विशुद्ध प्रेमको स्फुरण हुन्छ । अनि ऊ आत्मातिर फर्कन्छ र आत्मामा प्रेमको स्थापना गर्दछ । आत्माजस्तै बन्दछ । तदनुसार नै प्रेमसाधनको बलबाट तब उसलाई थाहा हुन्छ– म-(भगवान्)- नै समस्त आत्माहरूको आत्मा हुँ । म नै सबैको एकमात्र स्वरूपाश्रय हुँ । तब उसले बुझ्दछ– एकमात्र भगवान् नै आफ्ना प्रेमास्पद हुन् । यस्तो अवस्थामा उसको चित्त मेरा नै दिव्य गुणहरूपट्टि आकर्षित हुन्छ,

मेरो नै दिव्य सौन्दर्य-माधुर्यमाथि मुग्ध हुन्छ र अनि ऊ सम्पूर्ण जगत्‌भित्र तथा बाहिर केवल मलाई देख्ने हुन गई ममा नै आफ्नो प्रेम मिलाइदिन्छ । तब मेरो कृपाले म के हुँ र कस्तो छु –यस तत्त्वको यथार्थ बोध उसलाई हुन्छ ।

'सरस्वती बहिनी ! म को हुँ भनी तिमी मलाई राम्रोसँग बुझिदनौ मलाई प्यार गर्छौ । तिम्रो मनमा मबराबर न घरद्वार छ, न आमा-बाबु छन्, न धन-ऐश्वर्य छ, न मान-सम्मान छ र न त स्वर्ग-मोक्ष नै । तिम्रो ममा यत्रो अपार अनुराग छ । त्यो हुनु उचित नै हो । यो कुरा कोही बुझोस् वा नबुझोस्, सबको प्रेम आत्मामा हुन्छ र म त आत्माको पनि आत्मा हुँ । यसको अतिरिक्त, जसले मलाई एक पटक देख्दछ, ऊ अनन्य प्रेम नगरी बस्न नै सक्तैन । म छु नै यस्तो वस्तु ! आत्माराम मुनिहरू पनि मेरा गुणहरूमा मुग्ध भएर मेरो अहैतुकी भक्ति गर्दछन् । यो प्रेम कुनै वृत्ति होइन, मेरो स्वरूपशक्ति हो । प्रेमवृत्ति त यसैको एउटा साधारण र साह्रै सानो प्रकाश मात्र हो । दाइको पवित्र भावनाले मप्रति जुन तिम्रो अद्वितीय प्रेम छ, त्यसले तिमीलाई मेरो यथार्थ स्वरूपको ज्ञान आफै गराउला ।

'वास्तवमा कसैले पनि मेरो स्वरूपको पत्ता आफ्नो पुरुषार्थबाट लगाउन सक्तैन । मेरो स्वरूप मन, बुद्धि र वचनबाट देख्न सकिंदैन । म नै नित्य सत्य हुँ , सनातन हुँ, पूर्ण हुँ र परात्पर हुँ । जे-जति दृश्यमान छन्, ती सबको नत मभन्दा बेग्लै सत्ता छ, न त्यो खरायोको सिङ अथवा इन्द्रजालजस्तो सर्वथा असत् नै हो । यो जे छ, त्यो सब मै हुँ, तर जुन रूपमा यो देखिन्छ, त्यस रूपमा होइन । यस दृश्यमा परिवर्तन हुन्छ, तर प्रत्येक दृश्यको पछाडि म सधैं सत्यरूपमा रहेको हुन्छु । यो परिवर्तन त मेरो लीलाविलास हो । प्रलयमा जगत् ममा नै लीन हुन्छ र सृष्टिको शुरूमा फेरि मबाटै उत्पन्न हुन्छ । अनन्त विश्व-ब्रह्माण्डहरू सब मभित्रै छन्, म अनन्त विश्व-ब्रह्माण्डहरूमा छु, र म नै तिनीहरूभन्दा परको अचिन्त्य रूप हुँ । जे-जति प्रत्यक्ष वा अप्रत्यक्ष छ, जे-जति जगत् अथवा जगदतीत छ, र जे-जति छ या छैन, ती सब म नै हुँ । म सधैं अप्रकट रहन्छु र सदा प्रकट पनि । परमाणु-परमाणुमा मेरो नै नित्य आनन्दनृत्य चलिरहेको छ । सुन्दर सृष्टि र भयानक संहार सब मेरा नै लीलास्वरूप हुन् । यति सब हुँदा-हुँदै पनि म तिम्रो आफ्नै अत्यन्त प्यारो गोपालदाइ हुँ । तिमी मलाई सधैं दाइ मान र म तिमीलाई सधैं बहिनी मानुँला ।

'एक कुरा अरू सुन ! हेर ! तिम्रो यो लोग्ने मेरो पुरानो भक्त हो । पहिले ऊ अवन्तिकापुरीमा ब्राह्मण थियो । त्यहाँ पनि तिमी उसैकी धर्मपत्नी थियौ र मेरी

परमभक्ता पनि । मेरो कुनै लीला-सङ्केतबाट तिमी दुवैले फेरि यहाँ जन्म लिनुपर्‍यो । अब तिमीहरू दुवैको जीवन मेरो भक्ति गरेर सफल होला र मेरो दुर्लभ परम धाम पुगौला । तिमी पक्का मान– एकपटक जो मेरो भक्त बन्दछ, ऊ सधैं मेरो नै हुन्छ । मेरो निमित्त सबै प्रकारका भोगहरूको आसक्ति छाडेर तथा सब थोक त्यागेर मेरा नै भइ-सकेका तिमीजस्ता महान् भाग्यमानी भक्तहरूलाई म कहिल्यै छाड्दिनँ ।

विस्मृत्य सकलान् भोगान् मदर्थे त्यक्तजीवितान् ।
मदात्मकान् महाभागान् कथं तांस्त्यक्तुमुत्सहे ॥'

यति भनेर गोपाल दाइले सरस्वतीको टाउकामा हात राख्नुभयो । हात राख्नेबित्तिकै उनको बुद्धिमा भगवान्‌को तत्त्वरूप स्वरूप प्रकट भयो । केही क्षणपछि बुद्धि पनि असमर्थ हुन पुग्यो । अब अगाडिको कुरा कसले बताउन सकोस् ! भगवान्‌सँग सरस्वतीको कसरी र कुन किसिमको एकात्मता भयो, यसको कसैलाई पत्ता छैन, तर उनी समाधिस्थजस्ती भइन् । श्रीभगवान्‌को वरद हस्त उनको मस्तकमाथि थियो र उनी निर्जीव पुतलीसरह निस्तब्ध थिइन् । त्यतिवेला उनी कहाँ थिइन्, के अनुभव गरिरहेकी थिइन् र अनुभव गर्न सक्ने कुनै सत्ता पनि थियो वा थिएन– केही पत्तो थिएन, तर केही बेरपछि जब उनी जागा भइन्, तब उनमा अपूर्व विलक्षणता देखियो । उनको मुखाकृति नै बदलियो । उनीबाट मानौं स्निग्ध र शीतल तेजोराशि तथा निर्मल शान्तिको धारा बगिरहेको थियो । भगवान् उनीपट्टि हेरेर मुसुमुसु हाँसिरहनुभएको थियो र उनी पनि हाँस्न लागिन् । त्यसपछि भगवान् अन्तर्धान हुनुभयो । भगवान्‌बाट साक्षात् दर्शन र उपदेश पाएर सरस्वती कृतार्थ भइन् ।

यता भगवान्‌ले सरस्वतीका पतिको निमित्त पनि कुनै यस्तो कृपापूर्ण प्रेरणा प्रदान गर्नुभयो , जसले गर्दा उनलाई आफ्नो पूर्वजन्मको सम्झना भयो र उनी सबैको मोह छाडेर केवल भगवान्‌को भजनमा लागे । अनि त गोपालजी उनको अगाडि पनि प्रकट हुन थाल्नुभयो । एउटै साध्य, एउटै साधन र एउटै मार्गको अवलम्बन गरेर दुवै भगवान्‌का परम प्रेमी बने । उनीहरूसँग जे-जति थियो त्यो सब भगवान्‌को पूजाका उपकरण बने र उनीहरू जे-जस्तो गर्दथे त्यो सब भगवत्परायण भएर भगवान्‌को पूजाको लागि नै गर्दथे । उनीहरूको बेग्लै कुनै काम रहन गएको थिएन । यसप्रकार भगवान्‌को भक्तिले ओतप्रोत भगवन्मय जीवन बिताएर उनीहरूले भगवद्धाम प्राप्त गरे र आफ्नो जीवन सफल पारे ।

भन– भगवान् र गोपालनन्दनको जय !

भक्ता लीलावती– दक्षिणमा चन्दननगरको नगीच एउटा सानो गाउँ मधुपुर छ । त्यसै गाउँमा लगभग दुई सय वर्षअघि एउटा ब्राह्मण-दम्पती रहन्थ्यो , वास्तविक अर्थमा ब्राह्मण । नाम थियो– नारायणकान्त र रत्नेश्वरी । गाउँमा एउटा संस्कृत-पाठशाला थियो । त्यसैमा नारायणकान्त पढाउँदथे र यदृच्छाले जे पाइन्थ्यो त्यसैमा पति-पत्नी सुखले जीवन गुजारा गर्दथे । आवश्यकताहरू कम थिए र जीवन सादा थियो । ब्राह्मणीले आँगनमा कपासका केही बिरुवाहरू लगाइराखेकी थिइन् । तिनबाट जति कपास हुन्थ्यो त्यो काटेर धागो बनाई ब्राह्मणी गाउँभरका आफ्ना यजमान-हरूको लागि जनै तयार पार्दथिन् । यही ब्राह्मणीको मनोरञ्जन थियो । ब्राह्मण देवता जब पाठशाला जान्थे, ब्राह्मणी चर्खा लिएर बस्दथिन् । यता चर्खाबाट दूधको पातलो सिर्कोजस्तो सेतो धागो निस्कन्थ्यो र उता ब्राह्मणी मनमनै **हरे राम हरे राम राम राम हरे हरे** गुनगुनाउँदथिन् ।

साँझपख, नारायणकान्त जब पाठशालाबाट फर्कन्थे रत्नेश्वरी ममतापूर्वक उनीकहाँ पुग्थिन्, उनको ओढ्ने र पुस्तक सह्माल्दथिन्, दौडेर पानी ल्याउँथिन् र उनका गोडा धोएर आँचलले पुछ्दथिन् । यस काममा उनलाई सुख मिल्दथ्यो । दिनभरको एक्लोपनलाई उनी त्यस क्षणको प्रतीक्षा र लालसामा सुखले सहेर बस्दथिन् । ब्राह्मणी-लाई यदि दुःख थियो भने, बस् एउटै कुराको । त्यो थियो– उनको कुनै सन्तान थिएन । दाम्पत्य जीवन बिताएको धेरै वर्ष भइसकेको थियो । ब्राह्मणलाई आफ्नो जीवनसँग पूर्णतः सन्तोष थियो, किनकि उनी भगवान्को विधानमा नै आफ्नो परम कल्याण ठान्दथे । ब्राह्मणीलाई पनि आफ्नो जीवनदेखि दिक्दारी अथवा असन्तोष त थिएन, तर हृदयको कुनामा विरक्तिको छाया अवश्य थियो । उनी सायङ्काल तुलसीमठमा जब घ्यूको दियो बाल्न जान्थिन् । प्रायः सधैं मनैमन तुलसीका चरणमा आफ्नो दुःख निवेदन गर्दथिन् । आफूले एउटा सन्तान पाए कति रमाइलो होला भनी सोच्दथिन् । दिनभर म ऊसँग खेल्थें, बेलुका म तुलसी महारानीको आरती गर्न आउँदा ऊ पछाडिबाट मेरो आँचलको छेउ समाती-समाती माँ-माँ भन्दो हो, र म उसलाई देखेर, उसलाई खुवाएर तथा ऊसँग खेलेर सुखी हुन्थें ।

नारायणकान्तलाई सपनामा पनि कुनै नपुग्दोको सम्झना हुँदैनथ्यो । उनी सबै किसिमले सुखी र निस्फिक्री थिए । ब्राह्मणको परम धर्म सन्तोष हो । त्यो उनीसँग मनग्गे थियो, तर ब्राह्मणीको मनको उदासपना बिस्तारै-बिस्तारै हाहाकारमा परिणत

हुँदै गयो । एकदिन उनले पतिलाई भनिहालिन्– कुनै साधु-महात्मासँग सन्तान हुने उपाय सोध्नुपर्छ, नभए हामी दुवैको उमेर ढल्किसक्नेछ । उनको कुरालाई सुन्या-नसुन्यै गरी ब्राह्मणले भने– 'कस्ती पागल रहिछौ ! कतै मन्त्रबाट पनि सन्तान हुन्छ ? प्रभु श्रीहरि नै एकमात्र दाता हुनुहुन्छ । त्यसैले धैर्य राखेर उनैका इच्छाहरूमा सुख मान । ती मङ्गलमयका समस्त इच्छा र क्रियाहरूमा हाम्रो परम मङ्गल भरिएको छ । उनीप्रति कहिल्यै मन अशुद्ध नपार ।' तर ब्राह्मणीलाई ती कुराहरूबाट शान्ति भएन । उनले तुरन्तै नै मायालु शब्दहरूमा भनिन्– 'त्यसो हो भने, फेरि उनै प्रभु श्रीहरिका चरणमा किन हामीहरू बिन्ती नचढाऔं ? उनी सबैको सुन्दछन् भन्ने सुनेकी छु । श्रीवैद्यनाथधाममा बसी जो अनुष्ठान गर्दछ ऊ या त सन्तान पाउनें बरदान पाउँदछ या यस जन्ममा ऊ सन्तान पाउन सक्तैन भनी सपना हुन्छ भन्ने मलाई यस गाउँका कतिपय स्वास्नी मानिसहरूले भनेका छन् ।' ब्राह्मणीको हठ पूरा भयो । वैद्यनाथधाम गएर तपस्या गर्ने कुरा ब्राह्मण-देवताले माने ।

त्यो जमाना रेल, मोटर या हवाईजहाजको थिएन । सैकडौं मिल लामो बाटो पैदल नै पार गर्नुपर्दथ्यो । त्यसैले चन्दननगरबाट वैद्यनाथधाम पुग्न ब्राह्मण-दम्पती-लाई लगभग तीन महीना लाग्यो । त्यहाँ पुगेर भगवान् वैद्यनाथको मन्दिरको नगीचै उनीहरू बसे । तपस्या प्रारम्भ भयो । चौबीस घण्टामा सिर्फ एकपटक मध्याह्नमा उनीहरू अलिकता दूध र फल खान्थे । नारायणकान्त **श्रीगोपालसहस्रनाम**को पाठ गर्दथे र रत्नेश्वरी ध्यानपूर्वक सुन्ने गर्दथिन् । यस्तो क्रम पूरा पाँच सातासम्म चल्यो । पाँचौं साताको समापनमा उनीहरूले यथाशक्ति हवन तथा ब्राह्मण-भोजन गराए । रातमा–'तिमीहरू घर फर्क र आजको एघारौं महीनामा तिमीहरूको घरमा सुन्दर, सुयोग्य र धर्मशील कन्या जन्मनेछ र ऊ माइती र घर दुवै कुलहरूको लागि धर्मज्योति बन्नेछ' भन्ने सपना उनी-हरूलाई भयो । भोलिपल्ट उठ्दा नारायणकान्त र रत्नेश्वरीको मनमा आशाको अमर वेली लहलहाउन लाग्यो । उनीहरूले आनन्दको उमङ्गमा मधुपुरीतिर प्रयाण गरे ।

समय पुगेपछि रत्नेश्वरीको कोखबाट एउटी कन्या जन्मी । देवताको प्रसाद-स्वरूप त्यस कन्याको जन्मसमयमा गाउँघरमा बढाइँका साथ आनन्द मनाइयो । नाम राखियो लीलावती । लीलावती लीलावती नै थिई । बालककालमा नै उसमा कतिपय विलक्षण गुणहरू देखा परे । धेरै कम रुन्थी । ब्राह्मणदेवता साँझ-बिहान पूजामा बसेको बेला ऊ चूपचाप उनका शालग्रामलाई ध्यानपूर्वक हेरिरहन्थी । बेलुका जब आमा

तुलसी महारानीलाई बत्ती बाल्न जान्थिन् त्यसवेला पनि ऊ घुँडाले घस्रेर तुलसीमठसम्म पुग्दथी र आमाको आँचलको छेउ समातेर धरमराउँदै उभिन्थी। आमा मायाले उसलाई उठाएर बोक्थिन्, उसैको हातबाट दियो राख्न लगाउँदथिन् र 'ऊ असल घरमा परोस्, उसलाई सुन्दर निर्मल बुद्धि प्राप्त होओस्,' भनी उसको मस्तक मठमा टेकाई तुलसीसँग आशीर्वाद माग्दथिन् ।

बिस्तार-बिस्तार लीलावती बुझ्ने भई । घरमा शालग्रामको उपासना हुन्थ्यो। स्नान-सन्ध्या सिद्धयाएर पिता पूजामा लाग्दथे । लीलावती फूल टिपेर ल्याउँदथिन्, माला गाँस्दथिन् र सो लिएर बाबुकहाँ पुग्दथिन्। नारायणकान्त नित्य नियमसँग **श्रीविष्णुसहस्रनाम** पाठ गर्दथे । लीलावती बसी-बसी ध्यानसँग सुन्दथी । अनुष्टुप् छन्दका सजिला कैयन् श्लोकहरू उसलाई कण्ठ भइसकेका थिए, तर बिहान सबेरै आमाले गुनगुनाउने नामधुन उसलाई सबभन्दा प्यारो र मीठो लाग्दथ्यो । ब्राह्ममुहूर्तमा उठेर आमा उसलाई काखमा सुताउँथिन् र साह्रै नै मीठो स्वरले श्रीहरिका नामहरूको गान गर्दथिन्–

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।।

रघुपति राघव राजा राम ।
पतित पावन सीता राम ।।

नारायण नारायण जय गोविन्द हरे ।
नारायण नारायण जय गोपाल हरे ।।

राधाकृष्ण जय कुञ्जबिहारी ।
मुरलीधर गोवर्धनधारी ।

श्रीकृष्ण गोविन्द हरे मुरारे ।
हे नाथ नारायण वासुदेव ।।

जय राम जय राम जय जय राम ।
श्रीराम जय राम जय जय राम ।।

छोराछोरीहरूको लागि जग्गा-जायदाद छाडेर जाने आमा-बाबुहरू धेरै छन्, तर आपना सन्तानहरूको निमित्त भगवद्भक्ति छाडेर जानेहरू दुर्लभ छन् । नारायणकान्त र रत्नेश्वरीको प्यारमा भगवद्भक्ति भरिभराउ थियो र त्यसै कारणले लीलावतीको जीवनधारा पनि सहजैसँग त्यसतर्फ मोडियो । समय भएपछि उसको विवाह भयो । भाग्यले उसलाई एउटा सुसम्पन्न घर मिल्यो । कन्यालाई अन्माउने बेला आमाको मुटु

कस्तो व्यथाले पीडित हुन्छ त्यो आमाकै हृदयले मात्र जान्दछ । शकुन्तला दुष्यन्तको घर जान बिदा हुन लाग्दा तपोधन कण्वको हृदय पनि द्रवित भएको थियो । त्यस्तै किसिमसँग त्यसदिन नारायणकान्त र रत्नेश्वरीको हृदयमा अपार व्यथा थियो । आफ्नो घर फेरि शून्य हुनेछ– यो सोच्नासाथ आमा बिलौना गर्न लाग्दथिन्, तर फेरि 'छोरी त पराई घरकै शोभा हो' भन्ने याद हुन्थ्यो । 'आज मेरी लीला लोग्नेको घर गइरहेकी छ । तर म यसलाई जाँदी देखेर किन दुःख मानूँ ?' आखिर बिदाइको वेला आमाले उसलाई अँगालो मारिन् र बाबुले असीम आशीर्वाद तथा प्रेमको वर्षा गरे....।

तर.. संसार गजब छ । ठूला-बडा पनि यसको चपेटामा पर्छन् । जतिसुकै होशियार किन नहोओस्, गाजलको कोठाभित्र पस्दा एउटा न एउटा दाग अवश्य नै लाग्ला । बिरलै मानिस त्यस गाजलको कोठाबाट बेदाग निस्कन सक्तछ । कोही एक ठाउँमा फस्छ भने अर्को कुनै अर्कै ठाउँमा फस्छ । सुनको घेरा तोडिएछ भने सुन्दरीरूप जाल थापिएको भेट्टाइनेछ । त्यो जाल काटिएछ भने पनि कीर्तिको विषालु कुञ्ज आफ्नो छायामुनि बोलाउन थाल्दछ । घर आएपछि लीलावतीलाई पनि यस संसारको नशा यस प्रकारले लाग्यो कि उनी पहिलेका संस्कारहरूलाई बिर्सन पुगी । पतिदेव राजपुरोहित थिए । घरमा लक्ष्मीको विलास थियो । कुनै कुराको कमी छँदै थिएन । सेवा-शुश्रूषाका लागि दास-दासीहरू थिए। लीलावती भोगका ती प्रलोभनहरूको अगाडि झुक्या-झुक्यै भई । असाध्य गाह्रो हुन्छ ती प्रलोभनहरूलाई जित्न । पाँच-सात वर्षमा दुई सन्तान पनि पैदा भए– गोपालकृष्ण र कालिन्दी । लोग्नेको लागि भोगविलासको साधन जुटाउनु र बच्चाहरूलाई सुखमा भुलाई राख्नु सिवाय लीलावतीको लागि अब अरू कुनै काम बाँकी रहेको थिएन । बिहान अबेरसम्म सुतिरहन्थी र घरको कामधन्दा नोकर-नोकर्नीहरूको जिम्मा छाडिदिन्थी। पतिदेव पनि उसको इशारामा नाच्ने मानिस थिए। ऊ जे भन्दथी, उनी त्यही गर्दथे । जुन भमरा सुक्खा काठलाई आफै धुल्याउन सक्तछ, त्यही नरम कमलको बीचमा बसेर प्रीतिको रीतिमा भुल्न पुग्दछ । केशरलाई अलिकता मात्र पनि धक्का लगाउँदैन ।

इन्द्रियहरूमाथि नियन्त्रण छैन र मुखमा हरिनाम छैन भने यस्तो जीवन खानेकुराको साथै झिङ्गा निल्नु जस्तो हुन्छ । त्यस्तो भोजनबाट कहीँ सुख पाउन सकिन्छ? झन् बडो विचित्रको कुरा त यो हो कि संसारको भोग-विलासमा डुबेका मानिसहरू पनि आफूलाई सुखी मान्दैनन् । तिनीहरूको भित्र पनि अभावको भट्टा आजीवन जलि-

रहन्छ । 'यो छ भने त्यो छैन'– चलि नै रहन्छ । आज यस्तो, भोलि उस्तो ! कारण, यो जीवजगत् विलासहरूवाट तृप्त हुनै सक्तैन, हुनै सक्तैन । भित्रको हंस परमहंस हुनलाई हतारिरहन्छ । ऊ संसारका फोहर पदार्थहरूमा रम्न सक्तैन र बाँधिएर बस्न पनि सक्तैन । त्यसैले त जीवनको प्रत्येक पाइलामा जगत्का भोग-विलासहरूमा डुबेर पनि हामीहरू आफूलाई दुःखी र अभावग्रस्त पाउँदछौं । हाम्रो अभाव र हाम्रो एक्लोपन प्रभुलाई नपाई मेटिन सक्तैन । उनै प्याराको लागि भित्रको सारा होहल्ला हो । उसको लागि हृदयमा बेचैनी रहन्छ । तर मानिसले यस कुरालाई तबसम्म बुझ्न सक्तैन, जबसम्म ऊ राम्रोसँग संसारका ठक्कर खाँदैन । लीलावती संसारका रागरङ्गमा विनासुद्धी बगिरहकी थिई, बिलकुल बेसुध । एकदिन एक्कासि उसकी कालिन्दीलाई हैजा लाग्यो । गोपालकृष्णलाई पनि हैजाले पक्र्यो । दुवै मरणासन्न थिए । लीलावती निरुपाय भइ-रहेकी थिई । कुनै औषधि काम गरिरहेको थिएन । मध्यरात भयो । लीलावती आफ्ना बच्चाहरूको खाटनगीच बसी आँसु काढिरहेकी थिई । एक-एक क्षण गनिरहेकी थिई । मानिस जब दुःखहरूबाट बेरिएर चारैतिरबाट असहाय हुन्छ तब स्वभावतः उसलाई भगवान्को सम्झना हुन्छ । ठूलठूला नास्तिक पनि त्यस्तो वेला 'हे प्रभो ! हे भगवन् !' भन्दै पुकार्दछन् । त्यसदिन लीलावती पनि दुःखहरूले जेलिएर र चारैतिरबाट निरुपाय भएर टीठलाग्दो स्वरले प्रभुलाई पुकारिरहेकी थिई । रोइरहेकी थिई र प्रभुको पुकारा गरिरहेकी थिई– 'हाय ! सुखमा म तिमीलाई बिर्सी बसें । आज जब दुःखहरूले चारै-तिरबाट घेरिरहेका छन्, तब एकमात्र तिम्रो सम्झनाकै सहारा बचेको छ । हे प्रभु ! मेरा यी बच्चाहरूलाई बचाउनुहोस् ।' उसको प्रार्थना विफल भएन । **प्रार्थनामा एउटा अद्भुत दिव्य शक्ति हुन्छ । सच्चा प्रार्थनाद्वारा प्रभुको स्पर्श पाइन्छ नै ।**

भगवान् भक्तलाई गृह-प्रपञ्च गर्न नै दिनुहुन्न र सब झन्झटहरूबाट अलग्ग राख्नुहुन्छ । यदि उसलाई वैभवशाली बनाउनुभयो भने घमन्ड उसलाई घेरा हाल्छ । गुणवती स्वास्नी यदि उसलाई दिनुभयो भने त्यसैमा उसको आशा लागिरहन्छ । त्यसैले कर्कशा उसको पछाडि लगाइदिनुहुन्छ र उसको बानी यस्तो छ– जसलाई एक पटक अङ्गीकार गर्नुहुन्छ र जसको हात समात्नुहुन्छ, त्यसलाई एक छिन पनि छाड्नुहुन्न । उहाँ सानो-ठूलोको भेदभाव गर्नुहुन्न । जहाँ भक्ति फेला पार्नुहुन्छ त्यहीं डेरा जमाउनुहुन्छ । दासीपुत्र विदुरकहाँ उहाँले केराको बोक्रा खानुभयो, दैत्यकहाँ प्रकट भएर प्रह्लादको रक्षा गर्नुभयो , रैदास सार्कीसँग छाला रँगाउने गर्नुभयो र कबीरसँग लुकेर उनका कपडा बुनेर जाने गर्नुभयो । धर्माको घरमा पानी भर्नुहुन्थ्यो र नरहरि सुनारको साथमा

सुनारीको काम गर्नुहुन्थ्यो। जनाभक्तसँग गोबर बटुल्नुहुन्थ्यो र नामाभक्तसँग निःसङ्कोच भई भोजन गर्नुहुन्थ्यो। एकनाथको घरमा चुलो-चौका पोत्ने र भाँडा मल्ने गर्नुहुन्थ्यो। ईश्वर वारंवार आफ्ना भक्तलाई भन्नुहुन्छ– 'तँ दुनियाँबाट मुख फर्काई मपट्टि लाग्। मतिर नआई तँलाई शान्ति र सुख मिल्न सक्तैन। कहिलेसम्म तँ मबाट टाढा चक्कर खाइरहन्छस् र मसँग विमुख भइरहन्छस् ?' अनि जुन क्षणमा भक्त सर्वतोभावले प्रभुको आश्रय लिन्छ, त्यसै क्षणदेखि परमेश्वर उसको रक्षा र योग-क्षेमको सबै भार आफै बोक्नुहुन्छ।

लीलावतीलाई आफ्नो बितेको जिन्दगीमाथि भयानक पछुतो पऱ्यो। त्यतिका दिन विस्मरणमा बिते– त्यो सोची-सोची उनी डाँको छाडी रुन्थी र छाती पिट्थी। **साँचो पश्चात्ताप नै जिन्दगीलाई शुद्ध पार्ने अमोघ उपाय हो।** हृदयको लागि यस्तो अनुतापभन्दा ठूलो आड अर्को के हुन्छ ? जगत्का प्रलोभन र आकर्षणको रक्सी पिएर मदमत्त जीव जब बेहोश हुन पुग्दछ, तब दुःखहरूको स्नेहसिक्त प्रहारद्वारा प्रभु उसलाई ब्यूँताउनुहुन्छ र पश्चात्तापको तीर्थमा उसलाई स्नान गराउनुहुन्छ। पछुताउँदै जीव भन्न लाग्द छ– 'म त अनाथ हुँ, अपराधी हुँ, कर्महीन हुँ, र मन्दमति तथा जडबुद्धि हुँ। हे कृपानिधान ! हे माता-पिता ! मैले आफ्नो बोलीले तिमीलाई कहिल्यै याद गरिनँ। मैले तिम्रो गुनगान न त सुनें, न गाएँ। आफ्नो हित छाडेर विषयहरूको मोहिनीमा नै भौंतारिएर रहें। सन्तहरूको सङ्गत मलाई कहिल्यै राम्रो लागेन। अर्कालाई दुःख दिंदा कहिल्यै दया लागेन। केवल जीउ पाल्नको लागि रातोदिन दलिइरहें क भनूँ र के याद गरूँ'–मगजमा चढ्दैन। म आफैले आफ्नो सत्यानाश गरें। म आफै आफ्नो साटो फेर्ने वैरी बनें। हे भगवन् ! तिमी दयाका आधार हौ। मलाई यस भवसागरबाट पार उतार।' यस्तो अनुतापको तीर्थजलमा नुहाइसकेपछि जीवको सबै नशा उत्रन्छ र उसको सारा चिन्ता प्रभुका चरणमा निवेदित हुन्छ।

त्यो प्रभात वास्तवमा लीलावतीको जीवन-प्रभात थियो। एउटा सन्त अलमस्त भएर आफ्नो तानपुरामा गाउँदै गइरहेको उसले मिरमिरे उज्यालोमा देखी–

हरे राम हरे राम राम राम हरे हरे।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे॥

वास्तवमा यो सांसारिक क्रियाकलाप साह्रै खराब आपत्ति हो। संसारले जब प्रपञ्चमा फसाउँछ, तब चाँडै छाड्दैन र प्राण लिइछाड्छ। अन्तिम साससम्म

प्रपञ्च पछि लागिरहन्छ । पोथी भालूले झैं काउकुती लगाउँदै ज्यान लिइछाड्छ । यसबाट जीउ जोगाउन एउटै मात्र उपाय छ– भगवद्भजन ! भगवद्भजन !

लीलावतीका आँखा– भित्री आँखा खुलिसकेका थिए । बाहिरको सारा खेल बाह्य आँखा देख्तछ र भित्रको लीला भित्री आँखा । जसलाई भित्रपट्टि हेर्ने लत लागेको हुन्छ, त्यो यी बन्दै मेटिँदै जाने चित्रहरूबाट आँखा हटाउँदछन् र साँचो देख्नु त त्यही नै हो । लीलावतीका पुराना संस्कारहरू जागा भएर उठे– बाबुको **विष्णुसहस्र-नाम**को पाठ र आमाको **नारायण नारायण**को नामधुन सब एक-एक गरी ठीक त्यस्तै जागा भए, जस्तै सूर्य बादलको पर्दा हटाएर चियाउँदछ । अन्तःकरणमा जब सूर्यनारायणको उदय हुन्छ, तब त जन्म-जन्मान्तरदेखि सञ्चित अन्धकार सधैंको लागि भाग्दछ । लीलावतीले भगवान् श्रीबालकृष्णको एउटा सुवर्ण प्रतिमा बनाएर प्राणप्रतिष्ठा गराइन् । उनी बेहान सबेरै स्नानादिबाट निश्चिन्त भएर भगवान्लाई स्नान गराउँदथी र फेरि षोडशोपचारले पूजा गर्दथी, पतिसेवामा र बच्चाहरूको लालन-पालनमा कतै कुनै शिथिलता आएन । हो, ती सबैको गति प्रभुका चरणतर्फ मोडियो । प्रभुलाई भोग लगाउनुपर्छ भन्ने उत्साहले अब ऊ भोजन तयार पार्दथी । पहिलेभन्दा धेरै मन लगाएर र बढी उल्लासले ऊ सबै कामहरू गर्दथी । हो, ती समस्त कामहरूको केन्द्र अब स्वयं भगवान् हुनुभयो, जगत् भएन । यस्तै त गर्नुपर्दछ । कामहरू त गर्नु नै पर्दछ । कर्महरूबाट मुक्ति कहाँ छ र ? हुन नै कसरी सक्तछ ? जगत्का विषय प्रपञ्चमा अल्झेको जीव-जगत्को केन्द्रवरिपरि कोलको गोरुजस्तै चक्कर लगाएको लगायै गरिरहन्छ, तर भवबन्धनबाट मुक्त जीव यी सब कर्महरू र तिनका फल-परिणामहरूलाई प्रभु श्रीहरिका चरणमा अर्पण गरेर उनको आशीर्वाद-प्रसादको आनन्द प्राप्त गर्दछ । विषयी र मुक्तमा यही फरक हुन्छ ।

लीलावती आफ्ना सबै काम गर्दथी– ठूलो उल्लासले गर्दथी । पतिको सेवा, बच्चाहरूको सह्यार– कहीं कुनै कुरामा अब उसबाट प्रमाद हुँदैनथ्यो र यो सब हुन्थ्यो श्रीहरिको प्रीतिको निमित्त । पहिलेको हेरी अहिले एउटै कुरामा फरक पर्न आएको थियो । त्यो थियो भगवान्को नामस्मरणको चस्का । **श्रीविष्णुसहस्रनाम**को पाठ त गर्ने नै गर्दथी, तर त्यसभन्दा पनि बढी यो गरी कि अखण्ड नाम-जपको चस्का लगाई । त्यही उसको साधन-सर्वस्व थियो । नामस्मरणको चस्का लगाउन धेरै गाह्रो हुन्छ, तर एकपटक जब यो चस्का लाग्छ, तब एक निमेष पनि नाम स्मरण नगरी बस्न सकिंदैन ।

चित्तमा रूपको ध्यान र मुखमा नामको जप –यही नामस्मरण हो। अन्तःकरणमा ध्यान जम्दै जाओस्, ध्यानमा चित्त रम्दै जाओस् र चित्त तन्मय हुँदै जाओस् –यही वाणीमा नाम बस्नाको लक्षण हो। चित्तमा ध्यान नभए नहोओस्, तर वाणीमा त होओस् –यो नाम-स्मरणको पहिलो खुड्किलो हो। अनि वाणीलाई नामको चस्का आफै लाग्छ। नामको रस जब एक फेरा राम्रोसँग मिल्छ, तब छुटाउँदा पनि छुट्दैन। यही नै नामको महत्त्व हो।

लीलावतीको स्थिति बिस्तारै-बिस्तारै प्रगाढ हुँदै आयो। वाणीमा नाम र चित्तमा रूप राम्रोसँग उन्नन थाल्यो। उसको हृदयको आँगनमा उही श्रीबालकृष्ण रातोदिन क्रीडा गरिरहन्थे। कहिले चन्द्रमासँग खेल्न चाहन्थे भने कहिले स्तनपान गर्न चाहन्थे। आमा भित्रभित्रै कहिले उसलाई म्वाइँ खान्थी त कहिले उनका खजमजिएको कपाल सम्याइदिन्थी, कपाल बाटिदिन्थी। भित्रभित्रै उसको सेवा-परिचर्या र लाड-प्यारमा लागिरहन्थी– यति बढी लाग्थी कि बाहिरको कार्यभार बिस्तारै-बिस्तारै शिथिल हुँदै गयो। छोराछोरी समझदार भइसकेका थिए। संसारको समस्त जिम्मेदारीबाट ऊ मुक्त भइसकेकी थिई। पतिदेव पनि उसको यस्तो गहिरो भक्तिले आफूलाई धन्य मान्दथे। लीलावतीको विकट साधनाको कारण समस्त परिवारमा र समस्त घरको वातावरणमा भगवद्भक्तिको बास्ना भरिंदै थियो।

हरिबोधिनी एकादशीको रात थियो। घरमा प्रभु श्रीबालकृष्णको झाँकी सजाइएको थियो। आधा रातसम्म सबै जाग्राम बसे। अनि चरणामृत बाँडियो। लीलावतीको हृदयमा त्यस रात विचित्र प्रकारका लहरहरू उठिरहेका थिए। उसले कह्नैयालाई कसेर छातीमा टाँसेकी थिई र त्यसदिन उसलाई आफ्नो दूध खुवाउनें अठोट गरिसकेकी थिई। बिस्तारै-बिस्तारै उसले के देखी भने बालकृष्णको सुवर्ण-प्रतिमा जो त्यसदिन अनुपम प्रकारले सिंगारिएको थियो, किलकारी मार्न थाल्यो। वात्सल्य प्रेमले गर्दा लीलावतीको स्तनमा दूध भरिएर आयो। दूध चुहिन लाग्यो र उसको छाती भिजाउन थाल्यो। तब के देखी भने त्यो यशोदाको लाल आमा लीलावतीको दूध खान अगाडि बढिरहेको थियो। खप्न नसकी ऊ दौडेर उसलाई छातीमा टाँस्न पुगी र दूध खुवाउन लागी। मातृस्तनमा मुख लगाउनासाथ आमाको छातीमा दूध भरिएर आयो। आमा-बच्चा दुवैले माया-ममतामा चुर्लुम्म डुब्दै एक-अर्काको इच्छा पूरा गरे।

भोलिपल्ट बिहान पूजा-कोठाको ढोका खोल्दा देखियो– लीलावती श्रीबाल-

कृष्णको मूर्तिलाई काखमा कसेर च्यापी बेहोश भएकी थिई– सधैंको लागि बेहोश । त्यो बेहोशी जो होशको चरम सीमा हो र जहाँ पुगिसकेपछि यस दुनियाँको होश तथा होशियारीबाट सधैंको लागि छुटकारा पाइन्छ । त्यसै बेहोशीमा लीलाले सदाको निमित्त डुबुल्की लगाइन् ।

भन– भक्त र उनका भगवान्‌को जय !

एउटा सद्भाव-सम्पन्न शिष्य– गीतामा भनिएको छ–

यं यं वाऽपि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।।

एकदिन महात्माले आफ्ना शिष्यलाई भन्नुभयो– 'तँ यस मल-मूत्रको भाँडोमाथि यति मोह किन गर्छस् ?' – स्वामी निरञ्जनानन्द आफ्नो शुश्रूषामा लागेको सेवारामसँग स्नेहपूर्वक झर्के– 'शरीरलाई महत्त्व दिन छाड् । यो त आज या भोलि नाश हुने नै छ । तँ साधु केको लागि भइस्– यसमा विचार गर ।'

'महाराज ! म आफै त साधु भएको होइन । तपाईंले नै यी गेरुवा वस्त्र लगाइदिनुभएको हो । यी वस्त्र मलाई किन दिनुभएको हो तपाईं नै जान्नुहोला, सेवाराम गुरुको अगाडि प्रशस्त ढिटो भइसकेको थियो । कुनै पनि कुरा भन्न उसलाई धक लाग्दैनथ्यो । उसलाई त्यसवेला नराम्रो लाग्दथ्यो, जुनवेला गुरुदेव उसलाई आफ्नो सेवा गर्नबाट रोक्न चाहनुहुन्थ्यो । त्यसवेला पनि ऊ झर्केको स्वरमा भनिरहेको थियो– 'तपाईंको यो शरीर तपाईंको लागि कस्तो छ– यो तपाईंले नै जान्ने कुरा हो । म आत्मा-परमात्मा केही बुझ्न सक्तिनँ । मलाई मेरो नारकीय जीवनबाट तपाईंले आफ्नो यसै शरीरद्वारा उद्धार गर्नुभएको हो । त्यसैले म यसको थोर-बहुत सेवा गरूँ – यत्ति नै मेरो लागि धेरै हुन्छ ।'

सेवाराम, यो नाम पनि स्वामी निरञ्जनानन्दले राख्नुभएको हो । आमा-बाबुले राखेको उसको नाम के हो, थाहा थिएन, तर मानिसहरूमा ऊ दारुणसिंहको नामले प्रख्यात थियो । त्यस इलाकाको सबभन्दा भयङ्कर गुण्डा थियो दारुणसिंह । जुवाको अखाडा चलाउँदथ्यो त्यो । थानाका थानेदार–सिपाहीहरू मानौं उसको खल्तीभित्र पसेका थिए । चोरी, कुटपीट, रक्सी र अरू अनेकौं उपद्रवहरू– के के गरेन त्यस दारुण सिंहले ? शहर मात्र होइन, छर-छिमेकका अनेकौं गाउँहरूका मानिसहरू समेत उसको नाउँले काम्दथे ।

भयानक शरीर र उद्दण्ड स्वभावको दारुणसिंह रोगशय्यामा लड्यो । अनियन्त्रित भोगको परिणाम नै असाध्य रोग हो । उसको पछि लागिरहने, उसको हाँकमा प्राण दिने, उसका आसेपासे चेलाहरूले देख्या-नदेख्यै गरे । दुर्गन्धमय खटिराले भरिंदा उसकहाँ पानी खुवाउन आइटोपल्नेसम्म पनि कोही भएन ।

स्वामी निरञ्जनानन्द शहरबाहिर बस्दथे । खरको कुटी स्थानीय मानिस-हरूले उनको लागि बनाइदिएका थिए । साह्रै वृद्ध शरीर थियो र अब हिंडडुल गर्न सक्तैनथ्यो । घुम्दै-फिर्दै कैयौं वर्षअघि त्यहाँ आइपुग्नुभएको थियो । स्थानीय श्रद्धालु-हरूको आग्रहले त्यहाँ रोकिनुभएको थियो । केही न केही औषधि पनि जान्नुहुन्थ्यो र अत्यन्त विरक्त तथा अर्काको दुःख देख्न नसक्ने सन्त हुनुहुन्थ्यो ।

'गुण्डा दारुणसिंह आफ्नो कर्मको फल भोगिरहेको छ । सडी-सडी कुकुरको मरण मर्न लागेको छ ।' नगरका उत्पीडित मानिसहरूले दारुणसिंहले पाएको यस यातनामा खुशी मनाउनु अस्वाभाविक कुरा थिएन । उनीहरू ठाउँ-ठाउँमा यही चर्चा चलाइ-रहेका हुन्थे । यो चर्चा स्वामी निरञ्जनानन्दका कानमा पर्नासाथ उहाँको सन्त हृदय पग्ल्यो । उत्तिखेरै दारुणसिंहकहाँ पुग्नुभयो । स्वामीजीको धक मानेर मानिसहरूले त्यस दुर्गन्धी रोगीलाई कुनै किसिमले उठाएर स्वामीजीको कुटीमा पुऱ्याइदिए । त्यसपछि रातदिन एक गरेर स्वामीजीले जुन सेवाशुश्रूषा उसको गर्नुभयो, त्यो सेवा र त्यो तत्परता कुनै स्नेहमयी तथा अत्यन्त स्नेहमयी आमामा पुत्रप्रति मात्र हुन्छ । अन्तमा दारुणसिंह स्वस्थ भयो । बिस्तारै-बिस्तारै तङ्ग्रियो पनि, तर ऊ अब दारुणसिंह रहेन । स्वामीजीले उसको नाम सेवाराम राखिदिनुभयो र उसलाई गेरुवा वस्त्र दिनुभयो । ऊ कुटी र त्यसको वरिपरिको जमीन सफा गर्नमा र स्वामीजीको सेवामा लाग्यो । स्वामीजीको लागि जो भिक्षा आउँदथ्यो त्यसैबाट उसको पनि गुजेस्ता चलिहाल्दथ्यो । रातदिन तीन-चार घण्टा मात्र गुन्द्रीमा पीठ टेकाउँदथ्यो । खडाको-खडै सधैं सेवा ! अर्को कुनै काम नभएमा रुमालले स्वामीजीको शरीरमा बस्ने झिङ्गा धपाइरहन्थ्यो ।

सेवारामको स्वभाव अझै पनि रुखो थियो । अनेकौं पटक उसले स्वामीजीसँग झगडा गरिसकेको थियो । खास गरी ऊ त्यसबखत रिसाउँदथ्यो, जब उसलाई स्वामीजी आफ्नो स्वास्थ्यको बेवास्ता गरी श्रद्धालुहरूको सन्तोषको लागि धेरै अबेरसम्म बसिरहनुभएको छ र बोलिरहनुभएको छ भन्ने लाग्दथ्यो । आगन्तुकहरूसँग पनि ऊ अनेकौं पटक झर्कन्थ्यो ।

सेवाराम केही साधन-भजन गरोस् भन्ने स्वामीजीको ठूलो चाहना थियो। कम-से-कम सत्सङ्गको समयमा शान्त भएर त सुनोस्, तर सेवाराम भन्दथ्यो– 'यो सब उपदेश, ज्ञान र भक्तिको कुरा मेरो समझमा आउँदैन। यसमा कपाल दुखाउनुभन्दा त कुटाको वरिपरिको घाँस काटेर सफा गर्नु मलाई धेरै जरूरी देखिन्छ।' तर स्वामीजी साह्रै वृद्ध हुनुहुन्थ्यो। उहाँको भनाइ ठीकै थियो– वृद्ध शरीरले आज नभए भोलि त जानु नै छ। सेवारामलाई उहाँको सेवा गर्ने सौभाग्य सात महीना मात्र प्राप्त भयो, स्वामीजीको निर्वाण भइहाल्यो।

चित्रगुप्त दोधारमा थिए।

भगवन्! यस मानिसको यस्तो कुनचाहिं पुण्य-कर्म हो जसको फलस्वरूप संयमनीपुरीका स्वामी तपाईं नमस्कार गरेर सम्मानित गर्दै हुनुहुन्छ? चित्रगुप्तले नम्रतापूर्वक धर्मराजसँग प्रार्थना गरे। स्वामी निरञ्जनानन्दको शरीर पृथ्वीमा छुटेपछि उहाँको सेवामा रहेको सेवारामको हृदयको धडकन शोकको कडा वेगले बन्द भयो। जीवनभर असत्कर्ममा प्रवृत्त त्यसलाई यमराजका दूतहरूले पक्रेर यमपुरी ल्याए। चित्रगुप्त आफैले उसको लागि अनेक नरकहरूको व्यवस्था गरेको थियो। त्यति हुँदा-हुँदै पनि त्यसको जीवलाई यमराजले आसनबाट उठी अभिवादन गर्नुभएकोमा चित्रगुप्त चकित भए– कहीं उनको विधान गलत थिएन?

'तपाईं यी महानुभावको कर्म-विवरण देखाउनुहोस् त!' –धर्मराजले प्रश्नको उत्तर दिनुको सट्टा त्यो विवरण लिनुभयो आफ्नो हातमा। चित्रगुप्तलाई तब झन् बढी नै आश्चर्य लाग्यो, जब आएको जीवको लागि नारकीय यातनाहरूको जुन व्यवस्था गरिएको थियो त्यसलाई यमराजले अझै केही बढाइदिनुभयो।

'यी पुण्यकर्महरू, अन्य सेवकहरू तथा प्रशंसकहरूका विवरणहरूमा समाविष्ट होलान्?' धर्मराजले चित्रगुप्तलाई कर्म-विवरण फिर्ता गर्दै एउटा अर्को आश्चर्यलाग्दो आदेश दिनुभयो– 'स्वामी निरञ्जनानन्द तत्त्वज्ञ पुरुष थिए। उनका सञ्चित कर्म ज्ञानसमकालदग्ध भइसकेका थिए। प्रारब्धलाई खुशीसाथ उनले भोगेका थिए, तर ज्ञानोत्तरकालमा उनका शरीरबाट जो कर्महरू भएका थिए तीमध्ये शुभ कर्म जति उनका सेवक र प्रशंसकहरूलाई तथा अशुभ कर्म निन्दक र उत्पीडकहरूलाई नियमानुसार जाने गर्दछ। असङ्गकर्ताको स्पर्श त यी कर्म गर्नै सक्तैनथे। स्वामीजीको साँचो मनले सेवा गरेको थियो सेवारामले।' यमराजले आदेश दिनुभयो– 'स्वामीजीका जुन शुभ

कर्महरू सेवारामको कर्म-विवरणमा समाविष्ट गरिएका छन् तिनलाई अरूहरूका विवरणहरूमा गाभिदिनू ।' चित्रगुप्त त्यस आदेशबाट अत्यन्त छक्क परे ।

'यी महानुभाव यहींबाट नै निर्वाण पाउनेछन् ।' चित्रगुप्तलाई चकित र अवाक् उभिएका देखेर धर्मराजले भन्नुभयो– 'त्यसैले मैले यिनलाई उठी नमस्कार गरेर सत्कार गरेको हुँ ।'

'ऋते ज्ञानान्न मुक्तिः – श्रुति यो भन्दछ कि ज्ञानविना मोक्ष हुँदैन र यस सेवारामले त कहिल्यै श्रवणसम्म पनि गरेको छैन' –चित्रगुप्तले सोधिहाले– 'यिनको मुक्ति सम्भव छ ?'

'असम्भव भए, आफ्नो लोकको यातना भोगाइसकेपछि, तपाईं यिनलाई कुनचाहिं देह दिने स्थितिमा हुनुहुन्छ ?'

धर्मराजले प्रश्नको उत्तरमा प्रश्न नै गर्नुभयो । चित्रगुप्त कर्म-विवरण केलाएर हेर्न लागे । कुनै प्राणी नरक पर्छ भने नरक-यातनापछि उसलाई कुनचाहिं पार्थिव देह दिइनुपर्छ भन्ने निर्णय त्यसै वेला गरिनुपर्दछ । यमराजले त्यस प्राणीको सम्मानमा उठेर चित्रगुप्तलाई आश्चर्यमा नपार्नुभएको भए अहिलेसम्ममा उसका आगामी जन्महरूको निश्चय आफ-से-आफ भइसकेको हुन्थ्यो ।

मानिस आफ्नो जीवनको एकै दिनमा वा एकै छिनमा यस्तो शुभ अथवा अशुभ काम गर्न सक्तछ जसको फल उसले लाखौंलाख जन्महरूमा भोग्नुपर्छ । संसारमा सबै प्राणीहरूका शरीर कमजोर हुन्छन् । यहाँ एउटा सानो सीमासम्म सुख वा दुःख भोग्न सकिन्छ । एउटा मानिस परमाणुबम खसालेर लाखौं प्राणीहरूलाई भस्म पार्न सक्तछ, तर उसलाई त केवल एकपटक मात्र प्राणदण्ड दिन सकिन्छ । त्यस्तै किसिमले इन्द्रियसम्बन्धी सुख पनि पार्थिव देहमा कम मात्रामा नै भोग्न सकिन्छ । कोही जिब्रोलाई तृप्त पार्ने कामको पछाडि लाग्यो भने पनि कहाँसम्म ? पेट नभरिएसम्म । धेरै दिनसम्म यस्तो गरिरहेमा विरामी भइहाल्ला । खाना नै छुट्ला उसको ।

मानिसका अशुभ कर्महरू यति बढी हुन्छन् कि संसारको कुनै पनि शरीरमा तिनको फल भोग्नु सम्भव हुन सक्तैन । त्यस स्थितिमा ऊ नरक जान्छ । नरकमा उसले पाउँदछ– **यातनादेह** । लाखौं पटक काट्दा, पोल्दा र पिस्दा पनि त्यो शरीर न काटिन्छ, न पोलिन्छ, न पिसिन्छ । सिर्फ त्यस शरीरको अभिमान काटिने, पोलिने वा पिसिने कठोर वेदनाको अनुभव भइरहन्छ । यस किसिमले जब उसको कर्मभोग यस्तो सीमामा

पुग्छ जसको फल भोग्न पृथ्वीका पशु, पन्छी, कीरा र पुतली आदिका शरीरहरूमा बसी शक्य हुन्छ, तब ऊ पृथ्वीमा जन्म पाउँदछ । यस्तै कुरा अत्यन्त शुभ कर्महरूका फलको विषयमा पनि हुन्छ। जब ती यति बढी हुन्छन् कि तिनको सुख-भोग कुनै पार्थिव शरीरमा मिल्नु सम्भव हुँदैन , तब कर्ता स्वर्ग जान्छ । स्वर्गमा उसलाई भोगदेह मिल्दछ । त्यस देहमा तृप्ति र रोग हुँदैन । लगातार भोगको आनन्द आइरहन्छ र भोग्दा-भोग्दा कम हुँदै गई पार्थिव शरीरमा पनि भोग्न सकिने भएपछि पृथ्वीमा उसको जन्म हुन्छ । अस्तु ।

यो सब त हो, तर मानिसको लागि एउटा विशेष नियम हुन्छ । मानिस मर्ने समयमा जे चिन्तन गर्दछ, पृथ्वीमा उसलाई पहिलो जन्म त्यस चिन्तनअनुसार नै दिन कर्मनियन्ता बाध्य छ । त्यसैले पितृलोक बनेको छ । कल्पना गरौं– कुनै मानिस कसैको चिन्तन गर्दै मर्दछ । मरेपछि ऊ आफ्ना स्वर्ग वा नरकको भोग पूरा गर्दछ । तब उसले पृथ्वीमा त्यसको संसर्गमा जन्म लिनुपर्दछ जसको चिन्तन गर्दै ऊ मरेको थियो । तर जसको चिन्तन गर्दै ऊ मरेको थियो र पहिलो प्राणी स्वर्ग वा नरकमा छ भने तब यस दोस्रो जीवले पितृलोकमा पर्खनुपर्दछ । एक प्रकारको प्रतीक्षालय हो पितृलोक ! अस्तु ।

'यो जीव नरक आएको छ । त्यसैले नरकको दुःख भोग गरिसकेपछि यसले कुनै अशुभ जुनी नै पाउनुपर्दछ' –चित्रगुप्तले कर्म-विवरण हेर्दै सजिलोसँग भने । नरकको भोग सिध्याइसकेपछि पनि जीवसँग अशुभ कर्महरू नै त बाँकी रहन्छन् । अतः धरतीमा कीरा, फट्याङ्ग्रा, पशु, पन्छी तथा यातना भोगिरहेका अरू प्राणीहरू नरकबाट नै आएका हुन् भन्ने अनुमान गर्नु सजिलो छ । यहाँ यश, ऐश्वर्य तथा आनन्दको भोग त स्वर्गबाट आएकाहरूको भाग्य हो । त्यसैले चित्रगुप्तको विचार ठीक तरीकाको थियो ।

'तपाईं यस महानुभावको अन्तिम चिन्तनमाथि ध्यान दिइरहनुभएको छैन ।' –धर्मराजले चित्रगुप्तलाई दिशाबोध गराउनुभयो ।

'हो त !' चित्रगुप्त झस्के– 'स्वामी निरञ्जनानन्दजी त ब्रह्मलीन भइसक्नु भएको थियो । उहाँको चिन्तन गर्दा-गर्दै यिनले शरीर छाडे । अब विधानअनुसार यिनलाई त्यो दिन हामी बाध्य छौं जो यिनको अन्तिम चिन्त्य हो ।

धर्मराजले सूत्र सुनाउनुभयो- जो प्रकृतिको क्षेत्रभन्दा पर पुगिसकेका छन् ती वा तिनको सान्निध्य हामी कसैलाई कसरी दिन सक्तछौं ?' चित्रगुप्तले टाउको निहुराए । 'अब अन्तिम चिन्तनअनुसारको जन्म हामी दिन सक्तैनौं र बाध्य भएर मुक्त

गर्नुपर्ने हुन्छ' –धर्मराजले कुरा प्रस्ट पार्नुभयो– 'कुनै भुक्तात्माको चिन्तनमा लागेका महात्मामा आसक्त प्राणीले प्राण छाड्दछ उसलाई स्वतः मोक्ष मिल्दछ ।'

'तर यिनलाई ज्ञान त....' चित्रगुप्तले आशङ्का प्रकट गरे ।

धर्मराजले भन्नुभयो– 'ज्ञान त श्रवण-सापेक्ष हो र कुनै अधिकारी यहाँ आयो भने उसलाई उपदेश दिन म यहाँ नियुक्त भएको छु ।'

यमराज महाभागवत हुन् भन्ने कुरा चित्रगुप्तलाई यकीन थियो । त्यसैले उनी ज्ञानोपदेश गर्न चाहन्छन् भने त्यसको लागि उनी सहज समर्थ थिए ।

'यदि यी महानुभाव यहाँ नआएर अमरावती गएका भए ?' चित्रगुप्तको यस प्रश्नको आशय थियो– यदि सेवाराम आफ्नो जीवनमा शुभकर्मा भएर यस्तै किसिमले स्वामीजीको चिन्तन गर्दै मरेका भए यमलोक त आउने थिएनन् । शुभकर्मको फल भोग्न स्वर्ग जान्थे । स्वर्गको सुख भोगपछि उनी के हुन्थे ?'

'जीव आफ्नो शुभाशुभ कर्मको फलस्वरूप नरक, स्वर्ग वा ब्रह्मलोकसम्म जान्छ । माथिका अरू लोकहरू अथवा तलका रसातल, पाताल आदिमा पनि जान सक्तछ ।' –धर्मराजको स्वर गम्भीर भयो– 'किञ्चित्कर्मशेष अथवा महापुरुषहरूमा आसक्त कुनै प्राणी त्यहाँ आइपुग्यो भने त्यसलाई त्यहीं तत्त्वोपदेश प्राप्त हुन सकोस् भनेर नै तयी लोकहरूमा देवराज इन्द्र, भगवान् ब्रह्मा, ऋषिगण अथवा अधोलोकमा भक्त श्रेष्ठ प्रह्लाद, दानवेन्द्र मय, नागराज वासुकि, भगवान् शेष आदि कारक पुरुषहरू हुनुहुन्छ । उसलाई संसारमा पठाउनु त विधानको विपरीत हुन्छ ।'

भन– गुरुभक्त महात्माको जय !

अब एक-दुई पाश्चात्य महात्माहरूको विषयमा लेख्छौं–

सत्यमूर्ति सुकरात– सत्यप्रेमी पुरुष तथा सन्त महात्मा हरेक देश, जाति र धर्ममा जन्मिरहन्छन् । सुकरात तिनैमध्ये एक हुन् । उनको सिद्धान्त थियो–

निन्दन्ति नीतिनिपुणा यदि वा स्तुवन्तु
लक्ष्मीः समाविशतु गच्छतु वा यथेष्टम् ।।
अद्यैव वा मरणमस्तु युगान्तरे वा
न्याय्यात् पथः प्रविचलन्ति पदं न धीराः ।।

–भर्तृहरि

'संसारका नीतिनिपुणहरू चाहे निन्दा गरून् अथवा स्तुति, लक्ष्मी प्राप्त होऊन् वा गुमून् तथा तत्कालै मरण होओस् अथवा युगौंपछि, धीर पुरुष न्यायपथ– सत्य-पथबाट कत्ति पनि विचलित हुँदैनन् ।' यस्तै प्रकारले सुकरातको जीवन सत्यको खोजी, सत्यको प्रचार, सत्यको लागि सर्वस्वको त्याग र सत्यको लागि हरेक किसिमको कष्ट-सहनको मूर्तरूप थियो । उनको जन्म इसापूर्व ४६९ वर्षमा यूनानको एथेन्सनामक नगरमा भएको थियो । बाबु मूर्तिकार र आमा प्रसूतिपरिचारिका (नर्स) थिइन् ।

यूनानको इतिहासमा त्यसवेला एथेन्स साहित्य, राजनीति, कविता, इतिहास, शिल्पकला, मूर्तिकला, चित्रकला आदिमा आफ्नो वैभवको चरम शिखरमा थियो र त्यस नगरमा ती विषयहरूमा यस्ता उच्च कोटिका विद्वान् थिए जो आज पनि आफ्ना विषयहरूमा जगद्गुरु मानिन्छन् । सुकरात तीमध्ये अनेकौंका साथ सम्पर्कमा रहेका थिए र ती सबैका ज्ञान र सद्गुणहरूको तुलना गर्दा सुकरातको ज्ञान ती सबैको भन्दा माथिल्लो थियो भन्ने कुरा पत्ता लाग्दछ ।

सुकरात बालककालदेखि नै सत्यप्रेमी र सत्यनिष्ठ थिए । उनी जुन कुरा सत्य र न्याय्य ठान्दथे त्यो भन्न र गर्नमा रत्तीभर धक या डर मान्दैनथे । जसलाई उनी सत्य वा न्याय सम्झन्थे त्यसबाट उनलाई कुनै पनि शक्ति अलिकति मात्र पनि विचलित गर्न संसारको प्रलोभन या भय देखाएर समर्थ भएन। सुकरात अत्यन्त क्रोध रहित र क्षमावान् पुरुष थिए । एकदिन उनकी स्वास्नीले रिसले चूर भएर फोहर पानीको भाँडो ल्याएर उनको टाउकोमा खन्याइदिइन् । सुकरात हाँसे र बोले– 'जो गर्जन्छ त्यो बर्सदैन भन्ने मैले आजसम्म सुनिराखेको थिएँ, तर आज उल्टो कुरा भयो– जो गर्जन्छ त्यो बर्सन्छ पनि ।' स्वास्नी बिचरी चूप लागिन् ।

इसापूर्व ४०६ मा दशजना सेनापतिहरू एक अपराधको विषयमा विचारार्थ संसत्मा प्रस्तुत गरिए र उनीहरूलाई लगाइने अभियोगको ठेगान पनि सिनेट-(व्यवस्थापिका सभा)-ले लगाओस् भन्ने निर्णय पनि भयो । उनीहरूलाई सजाय गर्ने अथवा सफाइ दिने निर्णय एथेन्सका बासिन्दाहरूले वादी र प्रतिवादी दुवै पक्षहरूको भनाइ सुनेर मतदानद्वारा गरून् भनी व्यवस्थापिका सभाले प्रस्ताव पारित गऱ्यो । त्यो प्रस्ताव ज्यादै अन्यायपूर्ण र विधिविपरीत थियो। सामान्य रूपमा जुन अभियोगको निर्णय न्यायाधीशबाट हुनुपर्दथ्यो त्यसको निर्णय साधारण जनमतबाट गराउनु अन्यायपूर्ण थियो । अर्को कुरा, एथेन्सको कानूनअनुसार प्रत्येक मानिसको लागि व्यक्तिगत अपराध हेरी

बेग्लाबेग्लै निर्णय गरिनुपर्दथ्यो, न कि सामूहिक रूपमा एकनास । जुन दिन त्यस अभियोगको विषयमा मतदान हुने थियो त्यसदिन सुकरात व्यवस्थापिका सभाका प्रधान थिए । जनसाधारण अभियुक्तहरूमाथि रिसाएको थियो । अनेकौं सदस्यहरूले त्यस प्रस्तावलाई विधिविपरीत ठानेर त्यसमाथि गरिने मतदानको विरोध गर्न चाहेका थिए, तर उनीहरूलाई तर्साएर चुप गराइएको थियो । सुकरातलाई पनि पदच्युत गर्ने, थुन्ने, र ज्यान सजाय दिने धम्की दिइयो, तर उनले ती सबको कत्ति पनि परबाह नराखी त्यस प्रस्तावलाई मतदानमा राखेनन् । अर्को दिन अर्कै व्यक्तिको प्रधान हुने पालो आयो । उसले जनसाधारणको डर, त्रासले गर्दा त्यस प्रस्तावलाई मतदानमा राख्यो र ज्यान सजायको पक्षमा मत प्राप्त भएपछि सेनापतिहरूलाई मृत्युदण्ड दिइयो । आफूमाथि अभियोग लाग्दा सुकरातले त्यस घटनाको उल्लेख गर्दै भने– 'न्याय र विधिको रक्षाको लागि हरप्रकारको सङ्कटको सामना गर्नु र जेल एवं मृत्युको डरले तपाईंको अन्यायपूर्ण प्रस्तावमा भागीदार नहुनु मैले आफ्नो कर्तव्य ठानें ।'

त्यस घटनाको दुई वर्षपछि इसापूर्व ४०४ मा गणतन्त्रको अन्त भयो र तीसजना मानिसहरूको अल्पमत-तन्त्र शासन शुरू भयो । त्यस शासनको प्रधान थियो क्रिटियस नामक एक व्यक्ति । क्रिटियस र उसका साथीहरूको त्यो शासन भय र त्रासमय थियो । राजनीतिक विरोधीहरूको र व्यक्तिगत वैरीहरूको हत्या गरिन्थ्यो । त्यस्तै प्रकारले प्रतिष्ठित नागरिकहरूको र धनको लागि मानिसहरूको हत्या गराइन्थ्यो । अनेकौं निर्दोष मानिसहरूलाई झुट्टा अभियोगमा फँसाएर उनीहरूको वध गराइन्थ्यो । त्यसै उद्देश्यको पूर्तिको लागि उनीहरूले सुकरात र चारजना अरू मानिसहरूलाई परिषद्-भवनमा बोलाए र केही मानिसहरूलाई मार्नको लागि पक्रेर ल्याउने आदेश दिए । त्यस आदेशको उल्लङ्घनको अर्थ हुन्थ्यो मृत्युदण्ड । अर्का चार मानिसहरूले आज्ञाको उल्लङ्घन गर्न सकेनन् र उनीहरूलाई पक्रेर ल्याइयो, ज्यान-सजायको वास्ता नराखी आज्ञाको उल्लङ्घन गरेर सुकरात घर फर्केर गए । उनले क्रिटियस र उसका साथीहरूको शासनको र राजनीतिक हत्याहरूको सिंहजस्तो गर्जन गरेर अत्यन्त कठोर शब्दहरूमा निन्दा गरे । यदि त्यस शासनको तुरुन्तै अन्त नभएको भए सुकरातको त्यसै समय हत्या भइसकेको हुन्थ्यो । त्यसैले त्यस घटनाको उल्लेख गर्दै उनले भने– 'मैले केवल शब्दहरूद्वारा मात्र होइन अपितु आफ्ना कामहरूले पनि यो प्रस्ट पारिसकेको छु कि म मरणलाई तृण बराबर पनि ठान्दिनँ, तर मैले अनुचित काम नगर्ने पूरा होशियारी राख्दै आएको छु ।'

सुकरातभन्दा अघि यूनानका दार्शनिकहरू विश्वका मूल तत्त्वहरूबारे चन्तन गर्दा ती मूल तत्त्वहरू वायु, अग्नि र जल हुन् भन्ने निष्कर्षमा पुगेका थिए। उनीहरूले 'विश्वका पदार्थहरू कसरी उत्पन्न हुन्छन्, कसरी अस्तित्व धारण गर्दछन् र किन अस्तित्व राख्दछन्' भन्ने प्रश्नहरूको समाधान पत्ता लगाउने प्रयास गरेका थिए। तर ती समाधानहरूबाट इसापूर्व पाँचौं शताब्दीका एथेन्सवासीहरू सन्तुष्ट थिएनन्। त्यसवेला एथेन्सवासीहरू न्याय-अन्याय, उचित-अनुचित, कल्याणकारी तथा उपयोगी आदि विषयहरूको अवैज्ञानिक विवेचना गर्न लागेका थिए। त्यसताक यस्ता शुष्क तार्किकहरू (Sophists)प्रकट भइसकेका थिए जो पैसा लिएर ती विषयहरूको शिक्षा दिने गर्दथे, तर तिनीहरूलाई ती विषयहरूको कुनै प्रस्ट या गम्भीर ज्ञान थिएन। सुकरातले यूनानका प्राचीन सात सन्तहरूको **आत्मालाई चिन** (Know thyself) जस्ता सूत्र-वचनहरूको अध्ययन गरेका थिए र त्यसको उनमा असर परेको थियो। त्यसैले उनले बालककालदेखि नै मानवताको अध्ययन आरम्भ गरेका थिए। पवित्रता-अपवित्रता, श्रेष्ठता-नीचता, न्याय-अन्याय, संयम-असंयम, साहस-कायरता, राज्य-शासन-राजनीति, आत्मा, देवता तथा परमात्मासित सम्बद्ध अनुसन्धान उनले तर्क र युक्तिद्वारा प्रारम्भ गरेका थिए।

सुकरात संसारको सर्वश्रेष्ठ ज्ञानी हो भनी देवता- (Oracle of Delphi)-ले चेरीफोन नामक एक मानिसलाई बताएको कुरा सुकरातलाई बालककालमै उसबाट ज्ञात भइसकेको थियो। स्वयं सुकरातको ईश्वर सँग घनिष्ठ सम्बन्ध थियो र बाल्यावस्था-देखि नै उनी ईश्वरको दिव्यवाणी सुन्ने गर्थे। प्रायः प्रत्येक कामको परीक्षा गर्ने आदेश उनलाई ईश्वरबाट प्राप्त भयो। त्यस आदेशानुसार नै उनले आफ्नो समयका कवि, कलाकार, राजनीतिज्ञ तथा दार्शनिकहरूसँग भेटघाट र कुराकानी गरी अनुभव गरे– उनीहरूको ज्ञान थोत्रो थियो। उनले अनुभव गरे– 'म पनि अज्ञानी हुँ र यिनीहरू पनि अज्ञानी हुन्, तर ममा र यिनमा यत्ति नै फरक छ कि यिनीहरू अज्ञानी हुँदा-हुँदै पनि आफूलाई ज्ञानी मानेर मिथ्या अभिमान गर्दछन्, तर म स्वयम् आफूलाई अज्ञानी सम्झन्छु र सधैं सच्चा ज्ञानको खोजमा लागिरहन्छु। केवल यत्ति नै अंशमा म यिनीहरू-भन्दा बढी ज्ञानी हुँ। मलाई सर्वश्रेष्ठ ज्ञानी हो भन्नुमा देववाणीको यही अभिप्राय हुन सक्तछ।'

सुकरातले स्वयं आफलाई अरूसरह अज्ञानी भन्नु वास्तवमा उनको नम्रता हो। अरूहरूको अज्ञानलाई त्यसैले प्रकट गर्न सक्तछ जो वास्तवमा उनीहरूभन्दा बढ्ता

ज्ञानी हुन्छ । त्यसबाहेक अरूहरू एक-एक विषयका पण्डित थिए, तर उनी अनेकौं विषयका ज्ञाता थिए । ईश्वरको अनन्त ज्ञानको तुलनामा त्यसो हुँदा-हुँदै पनि उनले आफूलाई अज्ञानी भनेको ईश्वरको अनन्त ज्ञानको तुलनामा हो । उनले भनेका छन्– पूर्णज्ञानी केवल ईश्वर मात्र हो ; मानिस अल्पज्ञ नै हुन्छ । म जस्तो मानिस पनि जो संसारको सबभन्दा बढी ज्ञानी मानिन्छ, जब अल्पज्ञ छ तब मनुष्यमात्र नै अल्पज्ञ हुन्छ अस्तु ।

जुन मानिसहरूसँग सुकरातले कुरा गरे र जसका अल्पज्ञानको उनले भन्डा-फोर गरे तिनीहरूमध्ये कैयौं यस्ता थिए जसले **आफ्नो अज्ञानलाई स्वीकार गरेर उनीबाट धेरथोर सिके, तर अनेकौं यस्ता थिए जसलाई आफ्नो लोक-प्रतिष्ठाको अभिमान थियो र तिनीहरूलाई आफ्नो अज्ञान प्रकट हुँदा मर्मवेदना पऱ्यो । त्यसकारण उनीहरू सुकरातका विरोधी भए र उनीहरूले सुकरातमाथि दुइटा अभियोग लगाए । पहिलो- उनले एथेन्सका देवताहरूमा अविश्वास गरेर नयाँ देवताहरूलाई माने । दोस्रो- उनले नवयुवकहरूलाई पथभ्रष्ट पारे ।**

सुकरात देवताहरूको अस्तित्वमा सच्चा हृदयले विश्वास गर्दथे । त्यसै कारण उनले आफ्नो विषयमा सर्वश्रेष्ठ ज्ञानी हो भन्ने देववाणीको परीक्षा गराउन प्रारम्भ गरे । तर देवताहरूको जुन अनैतिकतापूर्ण रूप ग्रीक पुराणहरूमा भरिभराउ थियो र जसलाई एथेन्सवासी जनसाधारण मान्दथ्यो उसलाई उनी मान्दैनथे । उनी त्यसमा सुधार गर्न चाहन्थे । देवताहरूको विषयमा उनको उच्च भावना थियो र उनी जीवनभर तथा मृत्युपछि पनि परलोकमा उनीहरूका साथ सधैं रहने अभिलाषा राख्दथे । उनको ईश्वरमा पनि पूरा विश्वास थियो । उनी उसलाई शिव, कल्याणकारी मान्दथे । उनको ईश्वर जो सदा श्रेष्ठ कर्म मात्र गर्दछ र नीच काम गर्दै-गर्दैन त्यो, केवल त्यहीमात्र पूर्ण ज्ञानी, सच्चा ज्ञानी र सर्वज्ञ हो । मानिस अल्पज्ञ हो । मानवात्मा ईश्वरको अनुसन्धान र उसको आज्ञापालन गर्दा-गर्दै ऊजस्तै हुन्छ र त्यही नै मानव-जीवनको लक्ष्य हो भन्ने सुकरातको मान्यता थियो । त्यसैले ईश्वराज्ञा सर्वोपरि हुन्छ र त्यसको पालन गर्नु प्रत्येक मानिसको कर्तव्य हो । सुकरात आफ्ना कामहरूलाई ईश्वरको आज्ञाबाट उसैको सेवाको रूपमा गर्ने गर्दथे । उनले उसको आज्ञापालनमा आफ्नो आहुति दिए । अतः सुकरातमा लगाइएको देवताहरूमा अविश्वासको आरोप सर्वथा अनुचित थियो ।

नवयुवकहरूलाई पथभ्रष्ट पार्ने अभियोगको उत्तर दिंदै सुकरातले भने– देवता- (Oracel of Delphi)- ले मेरो विषयमा 'म संसारको सबैभन्दा ठूलो ज्ञानी

हुँ' भनेको जब मैले सुनें, तब ईश्वरको आज्ञाले त्यस कथनको परीक्षा गर्नु आफ्नो कर्तव्य ठानें । मैले ज्ञानी हुन् भन्ने प्रसिद्धि पाएका अनेकौं राजनीतिज्ञ, कवि, कलाकार र अरू मानिसहरूसँग कुरा गरें । मेरो कुराकानीबाट उनीहरूको ज्ञान प्रकट भयो । नवयुवक-हरूलाई मेरो कुरा मन पऱ्यो र उनीहरूले पनि आपसमा तथा अरूहरूसँग जो आफूलाई ज्ञानी ठान्दथे, ती नै प्रश्नहरू गर्न प्रारम्भ गरे जुन म गर्ने गर्दथें । मेरा र नवयुवकहरूको यस आचरणबाट ती मानिसहरू जो अज्ञानी हुँदा-हुँदै पनि आफूलाई आफै ज्ञानी ठान्ने घमन्ड गर्दथे, मेरा वैरी बने र मैले नवयुवकहरूलाई पथभ्रष्ट पारें भनी भन्न लागे । तर म त ज्ञानको प्रेमी (Philosopher) [ग्रीक भाषामा 'फिलासफी' शब्दको अर्थ हुन्छ 'ज्ञानको प्रेम' (Love of wisdom)तथा 'फिलोसफर' शब्दको 'ज्ञानको प्रेमी'(Love of wisdom)] र सत्यको खोजी गर्ने मानिस हुँ । अतः साँचो ज्ञान प्राप्त गर्नको लागि ज्ञानी कहलाएको जोसुकैसित पनि केही सिक्न कुराकानी गर्दछु । यदि सत्यको खोजी गर्न र ज्ञान प्राप्त गर्नको लागि कुनै ज्ञानी मानिने मानिससँग कुराकानी गर्नु अपराध हो भने म यो स्वीकार गर्दछु ।

'यदि तपाईंहरू मलाई 'सुकरात ! अहिले हामी तिमीलाई छाडिदिन्छौं, तर एक शर्तमा– तिमी आफ्नो ज्ञानको प्रेम र सत्यको खोज बन्द गर, यदि तिमी फेरि कहिल्यै यो काम गरिरहेको फेला पऱ्यौ भने तिमीलाई ज्यानसजाय हुनेछ ।' भन्नुहुन्छ भने म यही जवाफ दिनेछु– 'एथेन्सवासीहरू ! म तपाईंहरूको धेरै आदर गर्दछु र तपाईं-हरूलाई धेरै माया गर्दछु, तर तपाईंहरूको यस्तो आदेशको पालना नगरी ईश्वरको आज्ञा-पालन गर्नेछु । मेरो यो दृढ विश्वास र सुनिश्चित अनुभव छ– कि मलाई यो काम ईश्वरले दिएको हो, तपाईंहरूले होइन । त्यसैले मेरो शरीरमा अलिकति मात्र शक्ति रहेसम्म पनि र आखिरी साससम्म पनि म आफ्नो ज्ञानप्रेम , तपाईंहरूलाई उपदेश दिने काम र तपाईंहरूमध्ये जुनसुकैलाई भेटी यस सत्यको घोषणा गर्ने काम बन्द गर्नेछैनँ । जुनसुकै वेला पनि जब तपाईंहरूमध्ये कुनैलाई भेट्टाउँला, तब म उहाँलाई भनुँला, जस्तो म अहिलेसम्म भन्दै आएको छु– 'मेरा आदरणीय मित्र ! तपाईं यस्तो विचित्र धन, यश, मान, पद र प्रतिष्ठाको पछि लाग्नुभएको छ, के त्यसबाट तपाईंलाई लाज लाग्दैन ? तिमी ज्ञान र सत्यलाई प्राप्त गर्ने र आफ्नो आत्मालाई पवित्र पार्ने चिन्ता किन गर्दैनौ ? मेरो धारणा छ– म यहाँ रहेर ईश्वर र तपाईंहरूको सेवा गरिरहनुभन्दा ठूलो सौभाग्यको कुरा एथेन्सवासीहरूको लागि अरू हुन सक्तैन । कारण– मेरो सारा जीवन चारैतर्फ

घुमी-घुमी तपाईं हरू सबलाई यो शिक्षा दिनमा बित्छ– तपाईं हरूको सर्वप्रथम र मुख्यतम कर्तव्य हो आफ्नो आत्मालाई पवित्र पार्नु र जबसम्म यस्तो हुँदैन तबसम्म शरीर, धन आदिको चिन्ता नगर्नु। म तपाईं हरूलाई सदैव भनिराखेको छु– सद्गुण धनद्वारा आउँदैन, अपितु धन र प्रत्येक श्रेष्ठ पदार्थ जो मानिससँग हुन्छ, (चाहे व्यक्तिगत होओस् चाहे सार्वजनिक) त्यो सद्गुणबाट आउँदछ। यदि म आफ्नो यस कथनबाट नवयुवकहरूलाई पथभ्रष्ट बनाउँदछु भने बहुत ठूलो अपराधी हुँ। तर म यसभन्दा फरक बोल्दछु भनी यदि कोही भन्दछ भने ऊ झूठ बोल्दछ। त्यसैले म भन्दछु– तपाईं मलाई छाड्नुहोस्, वा नछाड्नुहोस् यो निश्चय ठान्नुहोस्– आफ्नो जीवन-प्रणाली वा कार्य-प्रणालीमा परिवर्तन ल्याउन सक्तिनँ, चाहे यसको लागि मलाई अनेकौं पटक मर्न किन नपरोस् !'

यी शब्दहरूका साथ उनले ईश्वर न्यायाधीशहरूमाथि निर्णय छाडे।

यस स्थितिमा २२० मतको विरुद्ध २८१ मतद्वारा उनलाई मृत्यु दण्ड दिइयो। एथेन्सको विधानअनुसार उनलाई आफ्नो लागि अर्को दण्डको सुझाउ दिने अधिकार थियो। उनले भने– 'मैले कहिले पनि सुखको जीवन बिताउन विचार गरिनँ। मैले अधिकांश मानिसहरूले महत्त्व दिने गरेको सबै वस्तुहरूको उपेक्षा गरें, जस्तै – धन, पारिवारिक सुख सैनिक नेतृत्व, रोचक वक्तृत्व, राजनीतिक पद, क्लब, दल-निर्माण आदि। यसको सट्टा मैले तपाईं हरूमध्ये प्रत्येककहाँ पुगी-पुगी यो सम्झाउने प्रयास गरें– बाहिरी पदार्थहरूको चिन्ता गर्नुको अपेक्षा आफूलाई पवित्र, ज्ञानी र पूर्ण बनाऊ र यस प्रकारको शिक्षा दिंदा मैले कसैसँग पैसा लिइनँ। यो मैले एथेन्सवासीहरूको श्रेष्ठतम सेवा गरेको हो। यस्तो जीवनको लागि मैले त्यही पुरस्कार पाउनुपर्दछ, जो मेरो लागि उपयुक्त होओस्। म जस्तो निर्धन मानिसलाई, जो जनताको सेवामा आफ्नो सम्पूर्ण समय र शक्ति लगाइरहन्छ तथा तपाईं हरूलाई शिक्षा दिन जसलाई अवकाशको आवश्यकता छ, कुनै श्रेष्ठ वस्तु मिल्नुपर्छ। त्यो हो ओलम्पिक खेलका विजयीको समान पुरस्कार। ओलम्पिकका विजयी त केवल आपाततः तपाईं हरूलाई खुशी तुल्याउने प्रतीत हुन्छन्, तर म तपाईं हरूलाई सच्चा सुख दिन्छु। मैले जीवनमा कुनै पनि अनुचित काम गरेको छैनँ। त्यसैले सही रूपमा म यही सुझाउ राख्न सक्तछु कि ओलम्पिकका विजयीलाई झैं मलाई आदर-सत्कार गरियोस्।

'यदि म धनी भएको भए, दण्डको लागि प्रशस्त धन दिन सक्ने थिएँ। मैले एथेन्सवासीहरूको अहोरात्र सेवा गरें, तर उनीहरूबाट मैले एक पैसा पनि लिइनँ। अतः

म एक मिना-(सिक्का)-भन्दा बढी दिन सक्तिनँ। मेरा मित्र प्लेटो आदिले ३० मिनाको सुझाउ राख्नू भनी मलाई भनेका हुन् र उनीहरू त्यसको लागि जमानी बस्नेछन् – तर यसको अर्थ यो होइन कि म छुटेपछि आफ्नो सत्यान्वेषणको काम बन्द गर्नेछु। यदि तपाईं-हरू यस बन्देजमा स्वीकार गर्नुहुन्छ भने म त्यसलाई इन्कार गर्दछु।' जन्म-कैद र देश-निकालाको सुझाउलाई पनि उनले अस्वीकार गरे। आफ्नी स्वास्नी र बालबच्चाहरूलाई झिकाएर मृत्युदण्डबाट बच्नको लागि न्यायाधीशहरूलाई दयाको लागि बिन्ती गर्ने अधिकार थियो, तर त्यस्तो गराउनु उनले आफ्नो र एथेन्सवासीहरूको अपमान ठाने। उनी आफू कुनै यस्तो परम्परामा सहायता पुऱ्याउन चाहँदैनथे जसबाट न्यायाधीशहरूको दयाका भावनाहरूलाई उत्तेजनाको मौका मिलोस् र उनीहरूलाई निष्पक्ष निर्णय गर्नमा बाधा परोस्।

आखिर न्यायाधीशहरूले मृत्युदण्ड नै तोके।

सुकरातले अन्तमा भने– 'अब म बिदा भएर मर्ने र तपाईंहरू बाँचिरहने समय आइपुग्यो। जीवन असल हो वा मरण –यो केवल ईश्वर नै जान्दछन्।' अन्तिम रूपमा मृत्युदण्ड निश्चित भइसकेपछि उनलाई झ्यालखान पठाइयो र उनका खुट्टामा नेल ठोकिए। तर त्यसताक एउटा धार्मिक पर्व परेकोले उनलाई २१ दिनसम्म फाँसी दिन सकिएन। एकदिन सबेरै यिनको शिष्य क्रीटो उनीकहाँ पुग्यो। सुकरात त्यसवेला सुतेका थिए। उनी नउठुन्जेल ऊ पर्ख्यो। जागा भएपछि क्रीटोले भन्यो– 'यत्रो भयानक सङ्कटको समयमा पनि तपाईं यति सुखपूर्वक सुत्नुभयो– यो आश्चर्यको कुरा हो। त्यसो त, पूरा जिन्दगीभर मैले यहाँलाई प्रसन्नचित देखेको छु। तर अहिले तपाईं कति सरलता र शान्तिको साथ यो सङ्कट सहिरहनुभएको र प्रसन्न भइरहनुभएको छ यो देख्दा मलाई धेरै आश्चर्य लाग्दछ।'

सुकरातले जवाफ दिए– 'यस उमेरमा मर्ने कारणबाट यदि मलाई रिस उठ्यो भने यो मेरो लागि धेरै मूर्खताको कुरा हुनेछ।'

क्रीटोले बिन्ती गऱ्यो– 'मैले यहाँको लागि जेलबाट निस्केर थिसिलीमा पुग्ने प्रबन्ध गरिसकेको छु। तपाईं त्यहाँ पाल्नुहोस्। त्यहाँ तपाईं मेरा मित्रहरूसित सुखपूर्वक रहनुहोला। त्यहाँ तपाईंलाई कुनै कष्ट हुनेछैन र तपाईंको धेरै स्वागत हुनेछ।'

सुकरातले भने– 'हामीले केवल यही विचार गर्नुपर्छ – हामीहरू उचित काम गरिरहेका छौं वा अनुचित। म अहिले पनि उही हुँ जो पहिले थिएँ। विचार गर्दा जो

सत्यतम ठहरिन्छ, केवल त्यही मात्र म सुन्न सक्तछु, अरू सक्तिनँ । यस दुर्घटनाले गर्दा म आफ्ना पहिलेका विचारहरूलाई बदल्न सक्तिनँ । म लुकेर यहाँबाट भाग्नु कुनै प्रकारले पनि उचित होइन । यो अनुचित कार्य हो । त्यसैले यो मान्दिनँ ।'

मृत्युको दिन उनका केही शिष्यहरू उनी कहाँ पुगे । त्यसबेला उनी ओछ्यानमा बसेका थिए । भर्खरै मात्र नेलहरू खोलिएका थिए र दुखिरहेको थियो । हातले खुट्टा सुमसुम्याउँदै उनले शिष्यहरूलाई भने– 'हेर ! मानिसहरू जसलाई सुख भन्दछन्, त्यो कति विचित्र पदार्थ हो । त्यसको दुःख- (जो त्यसको विरोधी हो)- सँग कस्तो विचित्र सम्बन्ध छ । यी दुवै मानिसकहाँ सँगसँगै आउँदैनन् । तर एउटाको लागि प्रयास गर्छ र त्यसलाई प्राप्त गर्दछ भने त्यसले अर्को अवश्य लिनुपर्छ । ईश्वरले यदि यो देखेका भए यस प्रकारको कथाको निर्णय गरिदिन्थे– 'एकपटक यिनको आपसमा झगडा भयो । झगडा गर्दै उनीहरू ईश्वरसमक्ष पुगे । जब ईश्वर यिनको झगडा टुङ्गयाउन समर्थ भएनन्, तब उनले दुवैका छेउ परस्पर जोड दिए । त्यसैले मनुष्यकहाँ जब यिनीहरूमध्ये एउटा आउँदछ भने अर्को आउनु पनि निश्चित हुन्छ । मसँग पनि यस्तै भयो । भर्खरै मात्र मेरा खुट्टामा नेलले दुखाइरहेको थियो र अब नेल हट्दा र सुमसुम्याउँदा सुख आइपुग्यो ।

त्यसपछि दिनभर आत्मा, मृत्यु र परलोकविषयक चर्चा चलिरह्यो । सुकरातले भनें– 'मृत्युको अर्थ हो– आत्मा र शरीर अलग अलग हुनु । आत्मा शरीर मरेर मर्दैन । त्यसको अस्तित्व रहन्छ । त्यो अमर छ । जो मानिस खन्चुवा, भोगी, कामी र शराबी हुन्छन्, तिनीहरू सम्भवतः यस्ता पशु जुनिहरूमा जान्छन्, जस्तै– गधा । जो अन्यायी, अत्याचारी र डाँका हुन्, उनीहरू यस्ता जुनी पाउँदछन्, जस्तै–ब्वाँसो, बाज र चील । जसले न्याय र संयमको अभ्यास गरेको छ, तर सत्य तथा ज्ञानको खोज गरेको हुँदैन, त्यस्ताहरू यस्ता मधुर र सामूहिक जीवन भएका जुनीहरूमा जान्छन्, जस्तै– माउरी र कमिला अथवा यस्तो मनुष्यजुनी पाउँदछन् जहाँ उनीहरू असल नागरिक बन्न सकून् । तर सत्यान्वेषी र ज्ञानप्रेमी व्यक्ति (Philosopher) खानपिन, वस्त्र, जुत्ता, अलङ्कार आदिको चिन्ता गर्दैन । ऊ यिनीहरूलाई त्यति मात्र स्वीकार गर्दछ, जति तिनीहरूलाई स्वीकार गर्नु नितान्त आवश्यक हुन्छ । ऊ यिनलाई घृणा गर्दछ । ऊ सद्-गुणको लागि प्रयास गर्दछ । ज्ञान नै सद्गुण हो र सद्गुण नै ज्ञान हो । अज्ञान दुर्गुण हो र दुर्गुण अज्ञान हो । तर्क र युक्तिद्वारा आत्माको अगाडि सच्चा सत्य प्रकट हुन्छ र आत्मा सर्वोत्तम रूपमा तबमात्र तर्क गर्न सक्तछ जब कि चक्षु, श्रोत्र आदि इन्द्रियहरूको क्रिया

तथा सुख-दुःख आदि द्वन्द्व उसमाथि प्रभाव पार्दैनन् । जब आत्मा, जहाँसम्म उसको लागि सम्भव हुन्छ, स्वयम् आफूलाई समस्त शारीरिक संस्पर्श र संवेदनाहरूबाट मुक्त बनाउँदछ र यसप्रकार आफूलाई शरीरबाट पृथक् गरेर आफ्नो स्वरूपमा स्थित हुन्छ, तबमात्र ऊ सत्यको लागि सच्चा रूपमा प्रयत्न गर्न सक्तछ । आत्मालाई शरीरबाट मुक्त गरेर मात्र हामीहरू शुद्ध ज्ञान पाउन सक्तछौं र तब मात्र आत्मा सबै पदार्थहरू, जस्तो उनीहरू वास्तवमा छन्, त्यस्ता नै यथार्थ रूपमा देख्दछ । यही नै आत्माको विशुद्धीकरण हो । जो यस्तो गर्दछ उही साँचो सत्यप्रेमी, ज्ञानप्रेमी र दार्शनिक (फिलोसफर) हो । ऊ जीवन रहँदै त्यस शुद्ध ज्ञानको समीप पुग्दछ र ईश्वरको इच्छाले शरीर छुटेपछि त्यस शुद्ध ज्ञानमा प्राप्त हुन्छ र त्यस लोकमा पुग्दछ जो शुद्ध र ज्योतिर्मय छ । जहाँ ऊ भ्रम, अज्ञान, भय, कामनाहरू र हरप्रकारका दोषहरूबाट मुक्त भएर सत्यमा स्थित रहन्छ । जहाँ देवता र सच्चा ज्ञानीहरू निवास गर्दछन् । जहाँ श्रेष्ठ, शिव, कल्याणकारी, सच्चा ज्ञानी, सर्वज्ञ बस्दछन्, त्यहाँ उसको आत्मा शरीरको बन्धनबाट सधैंको लागि मुक्त भएर रहन्छ । यदि ईश्वरको त्यस्तै इच्छा भयो भने मेरो आत्मा पनि चाँडै त्यहीं पुग्नेछ ।'

यसप्रकार कुराकानी हुँदा-हुँदै सूर्यास्तको समय आइपुग्यो । सुकरातले स्नान गरे । उनको सामुन्ने विषको प्याला आइपुग्यो । सुकरातले प्रार्थना गरे– 'हे देवताहरू ! मेरो बिन्ती छ– यहाँभन्दा अगाडिको मेरो यात्रा कल्याणकारी होओस् ।' यति भनेर उनले विषको कचौरा मुखमा लगाएर पूरा शान्ति तथा प्रसन्नता साथ विष पिए । उनीसँग बसेका मानिसहरू रुन लागे । सुकरात स्वयं शान्त र प्रसन्न रहे, उनले अरूहरूलाई शान्त रहने आदेश दिए । उनी अलिकता हिंडडुल गरेर पल्टे । उनको मुख कपडाले छोपियो । केही बेरपछि उनको शरीर चेतनाशून्य भयो र आत्मा शरीरलाई छाडेर चिराभीप्सित लोकमा हिंड्यो । अस्तु ।

सुकरातले नीति, राजनीति, दर्शन, अध्यात्मजस्तो कुनै विषयको व्यवस्थित शास्त्रको रचना पनि गरेका थिएनन् । तर उनको पूरा जीवन यी विषयहरूको गहिरो सत्यको खोजीमा बित्यो र उनले आफ्नो तर्कद्वारा आफ्नो समयका विद्वान्हरूको पण्डितम्मन्य बुद्धिबाट अज्ञानान्धकारको आवरण हटाएर उनीहरूलाई सत्यको खोजमा प्रवृत्त गराए । सुकरातको लगत्तै पछि, व्यवस्थित शास्त्रका जुन निर्माता प्लेटो र अरस्तुजस्ता विद्वान् भए, उनीहरूका जनक सुकरात नै थिए । यूरोपमा आज जो साहित्य, कला, दर्शन, विज्ञान, आदिमा यति बढी खोज तथा प्रगति देखिन्छ, त्यसका प्रवर्तक सत्यमूर्ति सुकरात नै हुन् । यिनमा सच्चा बहादुर सिपाहीको साहस र निर्भयता थियो,

सच्चा देशभक्तको देशप्रेम र बलिदान थियो, सच्चा कर्मयोगीको निष्कामता, निःस्वार्थता र निडरता थियो, सच्चा दार्शनिकको खोजी थियो, सच्चा महात्माको जस्तो मन, वचन र कर्मको एकता तथा त्याग थियो, अध्यात्मजिज्ञासा र सूक्ष्म दृष्टि थियो, तथा थयो सच्चा ईश्वरभक्तको ईश्वराज्ञापालन, आज्ञापालनमा पूर्ण आत्मसमर्पण र सर्वस्व त्याग गर्ने प्रबल इच्छा। अर्का शब्दहरूमा भनौं, एउटा सिद्ध महापुरुष नै आफ्नो समयको आवश्यकतानुसार सुकरातको रूपमा प्रकट भएका थिए र आफ्नो अभिनय पूरा गरेर हिंडेका थिए। धन्य हो !

महात्मा टाल्स्टाय– उनी बौद्धिक ओजले भरपूर, शारीरिक दृष्टिकोणले आफ्ना सामानकालिकहरूमध्ये स्वस्थ, वंश र प्रतिभाले गर्दा अत्यन्त प्रतिष्ठित, एउटा ठूलो जमिन्दारीका मालिक, आर्थिक चिन्ताहरूबाट मुक्त, रूसी भाषाका महान् लेखक तथा विश्वसाहित्यका प्रतिष्ठित यशस्वीहरूमध्ये एक थिए। उनको पूरा नाम काउन्ट लियो टाल्स्टाय (Count Leo Tolstoy) थियो। उनको वाह्य जीवन समृद्धिमय थियो, तर उनलाई मेरो जीवनको धारा रोकियो भन्ने लाग्यो। उनलाई जीवन अन्धकारले घेरिएको देखा पर्न लाग्यो। आफैले उब्जाएको निराशाबाट उनी त्रस्त हुन पुगे। बाह्य जीवनबाट उनलाई ग्लानि हुन गयो र उनी यति आतङ्कित हुन पुगे कि **अन्ना कैरेनिना**को पात्र लेविनाको रूपमा आफ्नो मनोदशाको चित्रण गर्दा टाल्स्टायले लेखेका छन्– 'प्रत्येक प्राणीको लागि र स्वयं उसको लागि पनि जीवन पीडा, मृत्यु र निरन्तर क्षयको अतिरिक्त अरू केही पनि होइन। त्यसैले उनले निश्चय गरिसकेका थिए कि त्यसरी उनी जीवित रहन सक्तैनन्। या त जीवनको कुनै अर्थ थाहा पाउनुपर्‍यो, या उनी आफूलाई गोली हान्नेछन्।'

यस आन्तरिक सङ्घर्षले उनलाई द्रष्टा, चिन्तक र जीवनतत्त्वको सत्यको अन्वेषी बन्न फेरि विवश गरायो। उनका स्वलिखित कागजहरूमध्ये एक **अज्ञात प्रश्नावली**-मा यस्तो लेखिएको छ–

(१) म किन बाँचिरहेको छु ?
(२) मेरो र अरू सब मानिसहरूको अस्तित्वको कारण तथा प्रयोजन के हो ?
(३) आफ्नो अन्तरमा असल र खराबको जुन विभाजनको म अनुभव गर्दछु, त्यसको अर्थ के हो र यस्तो किन हुन्छ ?
(४) मैले कसरी बाँच्नुपर्दछ ?
(५) मृत्यु के हो ? त्यसबाट म आफूलाई कसरी बचाउन सक्तछु ?

टाल्स्टायले आफ्नो जीवनका तीस वर्ष यसै तत्त्वलाई चिन्ने र बुझ्ने तरखरमा बिताए– उनी स्वयं र यो सारा संसार व्यवस्थित ढङ्गले कसरी जिउन सक्तछ ।

टाल्स्टायले जीवनको सत्य अर्थको अन्वेषण प्रारम्भ गरे, जसको दर्शन हल्का रूपमा हामीहरू उनको **युद्ध र शान्ति** (War and Peace) उपन्यासमा देख्दछौं । जीवनको अर्थको ठीक व्याख्या बुझ्नको लागि उनी दर्शनतर्फ झुके । शोपेनहावर, प्लेटो, कान्ट र पास्कलका दर्शनग्रन्थहरूबाट उनलाई प्रश्नहरूको सही उत्तर मिलेन । विज्ञान पनि उनको मनको समस्याको समुचित समाधान गर्न समर्थ भएन । दर्शन र विज्ञानका सिद्धान्तधाराहरूलाई प्रत्यक्ष जीवनभन्दा धेरै पारि टाढा बगिरहेका देखे । उनी यो कुरा-बुझिहाल्न चाहन्थे– पार्थिव दृष्टिकोणबाट, कार्य-कारणको दृष्टिकोणबाट तथा देश-कालको दृष्टिकोणबाट मेरो जीवनको के अर्थ हो ? अन्तमा उनी धर्मतिर मोडिए । ज्ञान-विज्ञानका कुराहरूबाट उनलाई निराशा हात परेको थियो । धर्म-श्रद्धाको खोजीमा उनी लीन रहन लागे । उनी शान्तिमय जीवन चाहन्थे र भन्थे– 'म आफ्नै नास्तिकताबाट आफूलाई बचाउन चाहन्छु ।' उनको परिपक्व प्रतिभा निर्णायक कार्यबाट हटेर धार्मिक चिन्तनमा लीन हुन लागिरहेको थियो । उनको टेबुलमा **आध्यात्मिक ग्रन्थ** र **बाइबल** सिवाय अरू केही अध्ययनको लागि राखिएको हुँदैनथ्यो । धर्मको गहिरो अध्ययनबाट उनमा भावना जाग्रत् भयो– **बाइबल**को धर्म-(Gospel)-को रहस्यवादको रूपमा होइन, अपितु जीवन-दर्शनको रूपमा सत्यको शिक्षा सर्व-साधारणलाई दिइनुपर्दछ । केवल पैसाबाट मात्र दुःखी प्राणीहरूमा परिवर्तन ल्याउनु पर्याप्त हुँदैन । म यस निष्कर्षमा पुगेको छु– **हाम्रो धन नै सर्व-साधारण मानिसहरूको पीडाको कारण हो ।**

अधुरो विज्ञानको विषयमा टाल्स्टायले आफ्नो पुस्तक **धर्म के हो** ?-(What is religion)-मा लेख्नुभएको छ– 'धर्मको युग बितिसक्यो । विज्ञान सिवाय अरू कुनैमा विश्वास गर्नु मूर्खता हो । जुनजुन वस्तुको हामीलाई जरूरत हुन्छ, ती सब विज्ञान-बाट प्राप्त भइहाल्छन् । मानिसको जीवनका प्रदर्शक केवल विज्ञान नै हुनुपर्दछ ।' यस प्रकारको विचार या भनाइ ती वैज्ञानिकहरूको या ती साधारण मानिसहरूको हो, जसलाई विज्ञानको गन्धसम्म पनि लागेको हुँदैन, तर जो वैज्ञानिकहरूमाथि विश्वास गर्दछन् र जो वैज्ञानिकहरूको स्वरमा स्वर मिलाई सही थाप्दछन्– धर्म एउटा अनावश्यक वस्तु हो र हाम्रो जीवनको प्रदर्शक विज्ञान नै हुनुपर्दछ । यसको अर्थ त यही नै भयो कि हाम्रो जीवनको प्रदर्शक कुनै पनि हुने भएन, किनकि स्वयं विज्ञानको यत्ति मात्र उद्देश्य

हो कि उसले ती सबै वस्तुहरूको अध्ययन गरोस् जो वर्तमान छन् । त्यसैले विज्ञान जीवनको पथ-प्रदर्शक कहिल्यै हुन सक्तैन ।

टाल्स्टायले आफ्नो **धर्म के हो ?** नामक पुस्तकमा एउटा अर्को विचित्र कुरा देखाउनुभएको छ– 'जब-जब वैज्ञानिकहरू अथवा उनका अन्धविश्वासी अनुयायीहरूले धर्मको बहिष्कार गर्ने प्रयत्न गरे, तब-तब तिनीहरूले धर्मको बहिष्कार गर्न सकेनन्, तर उनीहरू आफै एउटा निम्न कोटिको धर्मका उपासक हुन पुगे ।'

वास्तवमा धर्म र विज्ञानको प्रेरणाशक्ति एकै प्रकारको हो । विज्ञान र धर्मको उदय किन र कसरी ? भन्ने आश्चर्यमूलक जिज्ञासाबाट हुन्छ । विज्ञानविना धर्म अड्न सक्तैन र धर्मविना विज्ञान अधुरो रहन्छ । अब प्रश्न उठ्दछ– 'यदि धर्म र विज्ञानको उद्देश्य एउटै हो भने फेरि विरोधाभास कसरी ?' शुरू-शुरूमा जब मानिसहरू कोही धर्मलाई र कोही विज्ञानलाई जीवनको महत्त्वपूर्ण र प्रमुख समस्या मानी चल्दछन्, तब जीवनसम्बन्धी समस्याहरूमा विरोध तथा विपरीतताको आभास देखिनु अनिवार्य हुन्छ । कारण यो हो कि मानिस अपूर्ण छ र सत्यपथको पथिक हुँदा-हुँदै पनि उसले सत्यको नित्यताको सर्वाङ्ग स्वरूपलाई होइन केवल आंशिक रूपलाई देख्न सक्तछ । त्यसैले आ-आफ्नो सत्यको अधुरो मापदण्डलाई लिएर सत्यान्वेषणका पथिकहरू परस्पर भिडन्त गर्दछन् । विज्ञानी मानिसहरू भौतिक जगत्को परिसीमाबाट बाहिर निस्कँदैनन् । हाम्रो ज्ञानको पूर्णता, हाम्रो सत्य शोधनको अधुरोपन, हाम्रो अनुदारता तथा आफ्नो प्रचारको हाम्रो उत्साह, हामीलाई अन्धा बनाइदिन्छ । त्यसैले आजसम्म हामीहरूले विज्ञान र धर्मको एकीकरण गर्न सकेका छैनौं । धर्म र विज्ञानको यस विरोधको फल यो निस्कन्छ– विज्ञानीहरू धर्मको नाउँ सुन्दा र धार्मिकहरू विज्ञान सुन्दा पड्किन्छन् । यो त प्रस्ट नै छ– **विज्ञान बुद्धिप्रधान र धर्म भावनाप्रधान हो जब बुद्धिप्रधान सिद्धान्त भावरहित हुन पुग्छ, तब त्यसको स्वरूप महानाशकारी हुन जान्छ । अर्कोतर्फ वैज्ञानिक विचारहरू र शोधित अन्य तत्त्वहरूबाट विरहित धर्म अन्धविश्वास र रूढिवादको रूप लिन्छ ।**

कुनै पनि वस्तु देख्दा मानिसको मनमा स्वाभाविक तरीकाले दुइटा प्रश्नहरू उदाउँदछन् – एउटा, **कसरी ?** र अर्को **किन ?** अर्थात् त्यो वस्तु कसरी र किन बन्यो ? यी दुवै प्रश्नहरूको उत्तरमा धर्म र विज्ञानको सीमा समाप्त हुन्छ । **जहाँ विज्ञान र दर्शनको सीमा समाप्त हुन्छ त्यहाँबाट धर्म शुरू हुन्छ र त्यो धर्म यस विज्ञानको विरोधी या नाशक होइन अपितु यसको परिपूरक हुन्छ ।**

दुःखसाथ भन्नैपर्दछ– **आजको युग हृदयशून्य, तर्कप्रधान तथा बुद्धिवादको वैज्ञानिक युग हो। यसमा सबै थोकलाई तर्कको कसी लगाइन्छ, जसले गर्दा हामीहरू सत्यबाट टाढा भौंतारिंदै छौं।** व्याकरणको रीतिबाट वर्णव्यत्यय गर्दा तर्कबाट कर्तशब्द बन्दछ जसको अर्थ काट्नु हुन्छ। यस तर्करूपी मूसाले मानवको तरल, सरल, सरस र सुखद सर्वभूतहित-भावनामाथि कडा कुठाराघात गरेर त्यसलाई पिसिदिएको छ, जसको परिणामस्वरूप मानव दानवभन्दा पनि बढी खराब हुन गएको छ। पारस्परिक विश्वास र सहानुभूति हराइसकेको छ। तर कुनै पनि तर्कप्रधान वैज्ञानिकको सामुन्ने जब मृत्युको समस्या खडा हुन्छ, तब उसको वैज्ञानिक अनुसन्धान ठप्प हुन्छ र ऊ दार्शनिक पद्धतिबाट जीवनको विश्लेषण गर्न लाग्दछ। तब उसको विचार-पद्धति सही हुन्छ र ऊ यस समस्याको समाधानको लागि दार्शनिक तत्त्वज्ञानको नजीक पुग्दछ। आध्यात्मिक अन्तर्दृष्टिमा नै यो सामर्थ्य छ जसले मानिसलाई सनातन शान्ति दिन सकोस्। आर्य-तत्त्वज्ञानको अध्ययनले यो आध्यात्मिक मानव-जीवन आफ्नो यस सहज प्रज्ञालाई प्राप्त गर्दछ, जसले तर्कलाई अलग गरिदिन्छ र जसको सामुन्ने तर्कको क्रिया महत्ताको क्षेत्र अत्यन्त मर्यादित हुन्छ।

वैज्ञानिक अन्तमा अनुभव गर्दछ– उसले आफ्नो वैज्ञानिक शोधबाट मानव-जातिको वास्तविक हितसाधन गरेन र आध्यात्मिक तत्त्वदर्शी अनुभव गर्दछ– उसले **मानवजातिको वास्तविक हित गऱ्यो।** यस्ता तत्त्वदर्शी पुरुष जीवनको परम उद्देश्य प्राप्त गरी आफ्नो प्रयासको महान् अनुभवलाई आफ्नो पछाडि छाडेर जान्छन्, जो पछिका मानिसहरूको लागि पवित्र मार्गदर्शक बनिरहन्छ। अस्तु।

महात्मा कन्फ्यूसियस– इस्वीपूर्व छैटौं शताब्दीमा तीन महापुरुष पैदा भए, जसले जनसमाजलाई सत्यपथमा अग्रसर गराए। उनीहरूमध्ये भगवान् बुद्ध यहाँ जन्मनुभयो, कन्फ्यूसियस चीनमा तथा जरथुस्त्र इरानमा। संसारमा मानवताको विकासमा यी तीनैको अपूर्व देन छ। यीमध्ये बुद्ध र जरथुस्त्रका विचार मूलतः वेदबाट उद्भूत भएका हुन्, तर कन्फ्यूसियसको जो देन थियो त्यो थोरबहुत चीनको प्राचीन शास्त्रबाट प्रभावित भए तापनि मौलिक थियो। कन्फ्यूसियसले चीनलाई जुन प्रकारको शिक्षा दिए, सारा चिनियाँ समाज त्यसै साँचोमा ढल्यो। कन्फ्यूसियसको मानव-समाजसम्बन्धी शिक्षाको प्रसारको दृष्टिबाट उनको गिन्ती संसारका श्रद्धेय महापुरुषहरूमा हुन्छ। उनको शुद्ध नाम खुङफूत्जे हो। कन्फ्यूसियस त त्यसको विकृत अंग्रेजी रूप हो। खुङ नाम

हो र फूत्जे उपाधि हो। फूत्जेको अर्थ हो दार्शनिक या प्रभु। अतः पूरा नामको अर्थ भयो– दार्शनिक खुङ। कन्फ्यूसियसको जन्म इस्वीपूर्व ५५१ मा लू राज्यको त्जे माछ्येन नामक गाउँमा भएको थियो। उनको बाल्यावस्थाका दिन खेल्नमा बिते। १५ वर्षको उमेरमा उनले पढ्न शुरू गरे र १९ वर्षको उमेरमा उनको विवाह भइहाल्यो, जसबाट उनका एउटा छोरा र दुइटी छोरी भए। उनलाई आफ्नै राज्यमा कोठारी- (Store-keeper)-को काम मिल्यो। त्यसपछि उनी राजकीय उद्यान र पशुशालाका अध्यक्ष बनाइए। २२ वर्षको उमेरमा उनले जिज्ञासु युवकहरूको लागि एउटा प्रौढ पाठशाला खोले, जहाँ सदाचरण र अनुशासनका सिद्धान्तहरूको शिक्षा दिइन्थ्यो। उनी आफ्ना शिष्यहरूसँग प्रशस्त सहायता प्राप्त गर्दथे, तर योग्य जिज्ञासु छात्रहरूबाट थोरै नै फीस पाए तापनि उनीहरूलाई फिर्ता पठाउँदैनथे। जसमा ज्ञानार्जनको लालसा र क्षमता हुँदैनथ्यो, त्यस्तालाई उनी कदापि पाठशालामा रहन दिंदैनथे। बिस्तारै-बिस्तारै उनको पाठशाला जम्न लाग्यो र उनका शिष्यहरूको सङ्ख्या ३००० लगभग पुग्यो।

५१७ इ. पू. मा उनी लू राज्यको राजधानीमा गए। त्यहाँ उनले राजकीय पुस्तकालयमा बसेर सङ्गीतशास्त्रको अध्ययन गरे। राजाले उनको स्वागत गरे र उनलाई राजस्व-विभागको अधिकृत बनाउन खोजे, तर कन्फ्यूसियस त्यो स्वीकार नगरी घर फर्के र घरमा उनले १५ वर्ष स्वाध्यायमा बिताए। उनको विश्वास थियो– **मानिसहरूमा स्वभावतः शुभ गुणहरूप्रति पक्षपात हुन्छ र आदर्श-जनहरू या गुरुजनहरूको चरित्रमा एउटा शक्ति हुन्छ जो सर्वसाधारणलाई अनुकरण गर्न प्रेरित गर्दछ**। सारा मानवजाति पाँच प्रकारका सम्बन्धहरूमध्ये कुनै-न-कुनैसँग सम्बद्ध हुन्छ, जस्तै– राजा-प्रजा, पिता-पुत्र, पति-पत्नी, छोटा-बडा, दाजु-भाइ र मित्र-मित्र। यीमध्ये पहिला चार सम्बन्धहरू शासक र शासितका रूपका हुन्छन् र पाँचौं सम्बन्ध बराबरीको हुन्छ।

यिनमा जसको सम्बन्ध शासकको हुन्छ; उसले व्यवहारमा उदारता र सत्यताको निरन्तर आश्रय लिनुपर्दछ, तथा शासित सम्बन्धवालाले सत्यता र कर्तव्यपरायणताको आश्रय लिनुपर्दछ। मित्रहरूको लागि समानताको आधारमा प्रेमपूर्वक एकअर्काको उन्नति गर्ने लक्ष्य राख्नु आवश्यक छ। यसप्रकार आफ्नो सम्बन्ध र कर्तव्यको ध्यान राखेर यदि सबै मानिस चल्न लागे भने एक आदर्श राज्यको निर्माण हुन सक्दछ र यस प्रकारको राज्यमा सबैलाई सुख र शान्ति हुन सक्दछ।

५२ वर्षको उमेरमा कन्फ्यूसियस चुङ तु नगरको प्रधान न्यायाधीश बनाइए। केही समयपछि उनी दण्डविभागको मन्त्री बनाइए। उनको नीतिबाट त्यस राज्यमा अपराधहरूको प्रायः समाप्ति भयो। उनले भ्रष्टाचारको अपराधमा एउटा ठूलो अधिकृतलाई सजाय गरे। बेईमानी र शोषणनीति त्यस देशबाट लुप्त भयो। जनतामा, पुरुषहरूमा श्रद्धा र विश्वासको वृद्धि भयो र महिलाहरूमा पवित्रता र शालीनता बढ्यो। लू राज्यको यस प्रकारको उन्नति भएको देखेर छिमेकी राज्य त्स्चीका शासकहरूका कान ठाडा भए। उनीहरूलाई आशङ्का भयो कि त्यस्तै अवस्था रहिरह्यो भने उनीहरूका राज्यका प्रजा पनि कन्फ्यूसियसको प्रभावमा पर्नेछन्। अतः उनले लू राज्यको प्रधान शासकको सेवामा नृत्य र गान विद्यामा अद्वितीय केही सुन्दरी रमणीहरू, र केही असल घोडा नजराना पठाए। लू राज्यको शासक रमणीहरूको जालमा फस्यो। शासकहरूले प्रत्यक्ष रूपमा नै कन्फ्यूसियसका सिद्धान्तहरूको अवहेलना गर्न शुरू गरे। त्यसैले उनले आफ्नो पदबाट राजीनामा गरे। ५६ औं वर्षको उमेरमा उनी त्यो राज्य छाडी चीन देशमै भ्रमण गर्न हिंडे। १२ वर्ष विभिन्न राज्यहरूमा घुमेपछि ४८३ इ. पू. मा घर फर्के र ७३ वर्षको अवस्थामा यस नश्वर देहलाई त्यागे। उनको मृत्युपछि देशमा राजकीय शोक मनाइयो। उनको दृष्टिमा मानवताका पाँच स्तम्भ छन्–(१) प्रेम, (२) न्याय, (३) श्रद्धा, (४) विवेक र (५) निष्ठा। **प्रेम नै मानवताको मूल हो। न्यायद्वारा समाजमा मानिसको स्थान र तदनुसारको कर्तव्य तथा अधिकारको निर्णय हुन्छ। श्रद्धाद्वारा अधिकारको रक्षा र कर्तव्यपालनको प्रेरणा प्राप्त हुन्छ। विवेकद्वारा असल-खराबको पारख हुन्छ र निष्ठाद्वारा सबैलाई जीवनको यथार्थको अनुभव हुन्छ।**

कन्फ्यूसियसको आचारवादमा मुख्यतः प्रकृतिपूजा र पितृपूजाको समावेश हुन्छ। तात्कालिक चीनमा राजादेखि रङ्कसम्म सबै त्यस द्विविध पूजाहरूको अनुष्ठान विभिन्न प्रकारले गर्दथे।

उनले तीन ग्रन्थहरूको सम्पादन गरे। यी वस्तुतः अति प्राचीन कालका लिखित अनेकौं पुस्तकहरूका संग्रह मात्र हुन्–(१) शू किङ्ग (२) शी किङ्ग र (३) यी किङ्ग। उनका विचार संक्षेपमा यी हुन्–

दुराचारी मानिसलाई उत्कृष्ट पद दिनु हुँदैन, यस्तो गऱ्यो भने मानिस आफ्नो सुधार गर्लान् कसरी ?

ईश्वरको आज्ञा के हो ?– यो जबसम्म समझमा आउँदैन, तबसम्म कुनै श्रेष्ठ मानिस जन्मँदैन।

मानिस जति सौन्दर्यको चाहना गर्दछ, त्यत्ति सद्गुणको चाहना गर्ने प्रायः पाइँदैन। के सद्गुण टाढाको वस्तु हो? म सद्गुणी बनूँ भन्ने इच्छा गर अनि हेर– सद्गुण तिम्रो साथ हुनेछ। अधम विचार मनमा कहिल्यै नल्याऊ।

सद्गुण थोरै र अधिकार बढी, बुद्धि सानो र योजना ठूलो, र शक्ति कम र बोझा भारी, जहाँ यस्तो-यस्तो परिस्थिति हुन्छ त्यहाँ निष्फलता नआओस्! – यस्तो हुनै सक्तैन।

उत्तम मानिस सद्गुणको चिन्तन गर्दछ र निकृष्ट मानिस सुख-सुविधाको चिन्तन गर्दछ।

जुन व्यवहार तिमी आफूप्रति रुचाउँदैनौ, त्यो अरूप्रति नगर।

ठूलो मानिस आपनो दोष देख्दछ र छोटो मानिस अर्काको।

विद्या विचारद्वारा पचाइएन भने त्यसको आर्जन गर्न गरिएको परिश्रम व्यर्थ हुन्छ।

मानिसको सेवा गर्न सक्तैनौ भने तिमी देवताको के सेवा गरौला?

महात्मा जरथुस्त्र– जरथुस्त्र बलखको राजा विश्तस्पाका छोरा हुन्। इतिहासकारहरूको अनुमान छ– जरथुस्त्रको जन्म सिकन्दरको आक्रमणभन्दा ३०० वर्षअघि भएको थियो। सुनिन्छ– उनी यस पृथ्वीमा अवतीर्ण हुनासाथ हाँसे। पारसीहरूको धर्मग्रन्थ **अवेस्तामा** लेखिएको छ– जुनवेला जरथुस्त्र घराधाममा अवतीर्ण भए, प्रकृतिमा सर्वत्र आनन्द छायो।

प्रज्ञा र सत्यमा अनुरक्ति भएकोले गर्दा उनले जनसम्पर्क त्यागी जङ्गलको बाटो समाते र एउटा पहाडमाथि एकान्त जीवन बिताउन लागे। एकपटक जङ्गलमा आगो लाग्दा त्यस पहाडको चारैतिर आगो फैलियो, तर जरथुस्त्र कुनै प्रकार त्यहाँबाट निरापद निस्के र मैदानमा जनसमूहको सामुन्ने उनले पहिलो उपदेश दिए। त्यो पहाड इराकको सीमामा पर्दथ्यो र त्यससमय त्यस देशमा दारियसका बाबु ह्यस्तस्पस राज्य गर्दथे।

१३ औं शताब्दीमा लेखिएको **जरदुश्तनामानामक** फारसी किताबमा लेखिएको छ– जरथुस्त्रले जिन्दगीमा अनेकौं चमत्कारहरू गरे। उनीद्वारा मानिसहरू रोग र पीरबाट मुक्त भएको अनेकौं कथाहरू प्रसिद्ध छन्। जरथुस्त्र-मतको प्रसिद्ध ग्रन्थ **अवेस्ता** भनिन्छ। **अवेस्ताका** पाँच भाग छन्– (१) **यस्न**– यी वस्तुतःमन्त्र हुन्,जो विभिन्न

देवताहरूलाई खुशी पार्न यज्ञहरूमा पढिन्छन् ।(२) **विश्पेरेद** र(३) **बेन्दी देदमा** यज्ञका विधानहरू छन् ।(४) **यस्तमा** देवताहरूका स्तुतिहरू छन्; जुन गाएर पढिन्छन् । पाँचौं **खुर्द अवेस्ता** हो जो **अवेस्ताको** सारसंग्रह हो । **खुर्दको** अर्थ हो सानु । अतः यो **अवेस्ताको** छोटो रूप हो, जुन सर्वसाधारणको लागि रचिएको थियो । उपर्युक्त चार भाग चाहिं विशेषतः ती पुरोहित-वर्ग र सम्पन्न मानिसहरूको लागि हुन्, जो विभिन्न प्रकारका यज्ञको अनुष्ठान गर्दछन् ।

आश्चर्यको कुरा हो कि– जरथुस्त्री मतका देवताहरू प्रायः वैदिक देवताहरू नै छन् । त्यसवेला भारतको पश्चिमोत्तर देशहरूमा अग्निपूजा र सूर्यपूजा कुनै–न–कुनै रूपमा प्रचलित थियो । **अवेस्तामा** पछि **मिथ्र** र **वेरेथ्रश्न** देवताको पूजाको प्रधानता देखा पर्दछ । यी दुवै देवता वेदका **मित्र** र **वृत्रध्न** अर्थात् इन्द्र हुन् । यस मतका मुख्य देवता हुन्– **अहुर** या **अहुरमज्द** । यी दैवी शक्ति देवता हुन् र सत्य, सदाचार, दया, पुण्य आदि शुभकार्यहरूका प्रेरक हुन् । यिनको विरोधी **अहिर्मन** झूट, दुराचार, निर्दयता र पाप आदि अशुभ कर्मको प्रेरक हो । जरथुस्त्री मतअनुसार, सत्य, सदाचार, दया, पुण्य आदि शुभ कर्महरूमा नै जीवन लगाउनु मानवता हो र यसको विपरीत कामहरू गर्नु दानवता हो । जरथुस्त्री मत पनि बौद्ध धर्म झैं एउटा तात्कालिक सामाजिक कुरीतिहरूको विरोधी र सुधारवादी मत थियो । त्यसले घुमक्कड जीवनलाई त्यागी कृषिकार्यमा लागेर पारिवारिक जीवन अँगाल्नुलाई उपयोगी बताएको छ । गोरक्षा र पशुरक्षा गर्ने तथा कुरीतिहरू त्यागेर सभ्य जीवन बिताउने शिक्षा दिएको छ । उनका **अहुरमज्द** देवता वेदहरूका असुरदेव हुन् । **असून् प्राणान् ददातीति असुरः** जो प्राणीहरूलाई प्राणवन्त बनाउँदछन्, ती देवता नै असुर हुन् । **अवेस्ताको** भाषामा उनैलाई अहुर भन्दछन् । **मज्दको** अर्थ हो पूज्य । अहुरमज्द मानिसहरूलाई पुण्यात्मक प्रवृत्तिमा लगाएर उनको उद्धार गर्दछन् । यस कार्यमा बाधक हुन्छ **अहिर्मन** । उसले अशुभ प्रवृत्तितिर मनलाई लोभ्याउँदछ । यी दुवै तत्त्वलाई कालान्तरमा हजरत महम्मद साहब **खुदा** र शैतानको संज्ञा दिन्छन् । यो खुदा शब्द जरथुस्त्र मतबाट लिइएको हो, किनकि यसमा **अहुरमज्द खोदाएको** उल्लेख पाइन्छ ।

मानवताको दृष्टिबाट जरथुस्त्री मत मानव-समाजलाई सदाचार र धर्मको क्षेत्रमा उन्नत पार्न सफल भयो । जरथुस्त्री मतको एउटा शाखा पछि इसाको १४ औं शताब्दीमा मिथ्र (वैदिक मित्र) देवताको पूजाको प्रचार गर्न लाग्यो र त्यसको प्रचार

जर्मनीदेखि लिएर समस्त रोमन साम्राज्यमा भयो। यी मिथ्र देवता वेदहरूका सूर्य देवता नै हुन्। उनै मिथ्र कहलाए। यसप्रकार पश्चिमका देशहरूमा सूर्यको पूजाको साथ-साथै सात्त्विक आचारको प्रचार गरे र मानवतालाई उन्नत पार्नमा पर्याप्त योगदान गरियो।

यसै प्रसङ्गमा एउटा अत्यन्त आश्चर्यजनक एवं मनोरञ्जक सत्यको उल्लेख गर्दछु, जसलाई लिएर विश्वका इतिहासकारहरू आफ्ना बुद्धिअनुसार कल्पनाको आँधीमा खूब उडेका छन् र विश्वविद्यालयहरूले पनि सबैका थेसिस (thesis) स्वीकार गरेर हजारौं पी एच. डी. एवं डाक्टरेटका उपाधिहरू वितरण गरेका छन्। प्राचीन विश्वको इतिहासबाट विदित हुन्छ – मानवजातिको जन्म एउटै स्थानमा भएको थियो, जहाँबाट त्यो समान भाषा र धार्मिक भावनाहरू लिएर विश्वमा फैलेको छ। मानिसको शारीरिक गठन पनि एकनासको छ। देश-विदेशको जलवायुले उसको रूप-रङ्ग र भाषामा अन्तर उब्जायो। विश्वमा प्रचलित सबै महान् धर्महरूको एकमात्र उद्देश्य भगवत्प्राप्ति अथवा मुक्ति हो– निर्वाण, निजात या **Salvation** हो। प्रत्येक धर्मको अनुयायी आफ्नो धर्मलाई आदि र सर्वश्रेष्ठ मान्दछ, तर इतिहास बताउँदछ– **विश्वमा प्राप्त धार्मिक साहित्यमा वेदभन्दा प्राचीन अरू कुनै साहित्य उपलब्ध छैन**। यो घोषणा एक जर्मन विद्वान् **Max Mullar** को हो।

सनातन शब्दको अर्थ हो– सधैं वर्तमान र निश्चल। प्रत्येक धर्मको आविर्भाव र प्रचारको इतिहासबाट वैदिक धर्म नै सबभन्दा प्राचीन र आदि मानवधर्म सिद्ध हुन्छ। वैदिक धर्म प्राचीन आर्यहरूको धर्म हो, जो यहाँबाट नै गएर विश्वका अनेकौं भागहरूमा बसे। यहाँका नै आर्यहरूको, कुनै कारणविशेषले केही मानिसहरूमा आपसी वैमनस्य हुँदा एउटा शाखा इरान-(पारस)-मा बस्यो र उनीहरूले आफ्ना नेता जरथुस्त्रद्वारा प्रचारित असुरधर्मलाई स्वीकार गरे। सम्भवतः **इरान** शब्द पनि **आर्यान्**को नै विकृत रूप हो। त्यस देशको वास्तविक नाम पारस हो, जो पछि फारस कहलाउन लाग्यो। देव-असुर दुवै भाइ-भाइ आर्य नै त हुन् – कालन्तरमा जब देवासुर-संग्रामहरूले उग्र रूप धारण गरे, तब असुरहरूले आफ्ना वेशभूषा, खानपान र आचार-विचार प्रशस्त फरक पारे र देवनागरी अक्षरहरूमा हेरफेर गरी संस्कृत शब्दहरूको रूप परिवर्तन गरे, जसबाट पारसी (फारसी) भाषाको शुरूआत भयो। यथा– क = ग, **सुकरा**लाई सुगरा, **सुलेखा**लाई जुलेखा, **वक्ष**लाई वस, **सप्ताह**लाई हप्ता, **आपत्**लाई आफत, **स्वतः** लाई खुद, **समक्षीरा**लाई हमशीरा, श्वसुरलाई खुशर, **दुहितर**लाई दुख्तर आदि-आदि। जेन्दा-

वस्थाका अनुवादकर्ता डा. मार्टिन हागले आफ्नो पुस्तक Itally's Essays मा लेखेका छन् .–

"As the Ionians, Dorians, Aeolians etc. were different tribes of the Greek Nation, whose general name was Hellenic, so the ancient Brahmans and Parsis were two tribes of the nation which is called Aryas, both in the Vedas and the Zend Avestha"

"The Verses of the Zend Avestha are full of Aryan glory composed in the same metres as that of the Vedas"

एसियाटिक सोसाइटीका संस्थापक सर विलियम जोन्सले लेखेका छन्– "जब मैले **जेन्द अवेस्ता**को मनन गरें, तब मलाई यो देखेर आश्चर्य भयो – दशमा सात-आठ शब्द त शुद्ध संस्कृतका थिए र तिनको व्याकरणरूप पनि समान थिए।" एक पारसी विद्वान् डा.एस.ए. खपडियाले आफ्नो पुस्तक Teachings and Philosophy of Parsi Religion मा लेखेका छन्–

"The mission of Zoroster was only to restore the purity of the primitive Aryan Religion or the Ancient monotheistic religion of the Aryas"

एक अर्का पारसी विद्वान् खुरशेदजी एन्. सरिभाइले पनि आफ्नो किताब Zorostrianism in the Light of Thesophy मा लेखेका छन्– शुद्ध वैदिक धर्म र शुद्ध जोरोस्त्रियन धर्म एउटै हो। जोरोस्त्रियन धर्मको उत्पत्ति प्राचीन वैदिक धर्ममा घुसेका अन्धविश्वासहरू र रूढिबूढीलाई सुधार्न भएको हो, जस्तो कि बुद्धधर्म।

इतिहासअनुसार जोरोस्त्रियन धर्मपछि यहूदी धर्म -(Judaism)- को जन्म भयो। यसका संस्थापक महात्मा मूसा मानिन्छन्। मूसाको जन्म १५७१ इ. पू. मा भएको थियो र उनलाई दैवी प्रेरणा १४९१ इ. पू. मा प्राप्त भयो। उनले आफ्नो धर्मग्रन्थ **पेन्टा टू एक**– (पन्था तु एकः)- को रचना गरे, जुन अरू विद्वान् इजरा..... सन् ४५० इ. पू. मा रचिएको मान्दछन्। यहूदीका पूर्वजहरू भेंडा र बाख्रा चराउँदै देश-देशावर-हरूमा घुमी हिंड्दथे र ती देशहरूका शासकहरूद्वारा सताइन्थे। उनका धर्मग्रन्थ भ्रमण, अपमान,यातना तथा तिरस्कारका कथाहरूले भरिपूर्ण छन्। श्री एच. जी. वेल्सले आफ्नो **विश्व इतिहास**मा लेखेका छन्– इजिप्टका शासकहरूले यहूदीहरूलाई जबर्जस्ती शारीरिक परिश्रम गराए, यहाँसम्म कि उनीहरूलाई पशुसरह रथमा जोताए। अन्तमा उनीहरू भागेर प्यालेस्टाइन-(पुलस्त्यायन)-का पहाडी भागहरूमा गएर बसे। त्यसपछि सन्

५८७ इ. पू. मा बेबिलनका शासक नवचन्द्रेश्वर -(Nabuchad Negger)-ले यहूदीहरूमाथि आक्रमण गरी उनीहरूको जेरुसलमस्थित मन्दिरलाई नष्ट गरिदियो र अधिकांश यहूदीहरूलाई बेबिलन ल्याएर कैद गऱ्यो । पछि, इजरा र नेहमियो नाउँका दुईजना यहदी पारसका आर्य-सम्राट्को सेवामा नियुक्त थिए, उनीहरूको अनुनय-विनयमा पारसी सम्राट्ले बेबिलनबाट यहूदीहरूलाई कारागारबाट मुक्त गरायो र उनीहरूलाई आफ्नो देशमा बस्न र एक साहित्यको निर्माण गर्नमा मद्दत गऱ्यो ।

यहूदीहरूले आफ्ना धर्मग्रन्थको रचनामा पारसी धर्मबाट सहायता प्राप्त गरेका हुन् । इसाई र इस्लाम धर्म दुवै यहूदी धर्मबाट निस्केका हुन् । यहूदीको धर्मग्रन्थ Old Testament अर्थात् इसाईहरूको **पुरानो बाइबल** हो । यहूदीहरूका धर्मप्रचारक मूसा मुसलमानहरूकै धार्मिक नेता हुन् । यस ऐतिहासिक विवरणबाट वैदिक धर्म नै प्राचीनतम एवं सनातन सार्वभौम मानवधर्म सिद्ध हुन्छ । यो धर्म कुनै देशविशेष या जातिविशेषको धर्म यसकारण भन्न सकिन्न कि यस धर्मका अनुयायीहरूले कुनै धर्म-प्रचारकको प्रचारमा कहिल्यै विघ्न-बाधा पुऱ्याएनन्, अपितु त्यसमा तिनले सबै प्रचारकहरूको सम्मान गरे । किनकि सब धर्महरूका विचारधाराको यही नै एकमात्र स्रोत हो ।

सबै धर्महरूका समानताहरू यसप्रकार छन्– ईश्वरको शुद्ध स्वरूप वेद-अनुसार निराकार, निर्विकल्प एवं सर्वव्यापक छ, तर ऋषि-मुनिहरू त्यसको वर्णन नाना रूपमा गर्दछन्– **स ब्रह्म, विष्णु :, स रुद्र, स शिवः, सोक्षरः, स परमः स्वराट् । स इन्द्रः, सा कात्यायनिः स चन्द्रमाः । (कैवल्योपनिषत्) ।**

पारसी धर्मानुसार ईश्वरले आफ्ना बीस नाम गनाएका छन् । ऊ सारा संसारको रचयिता हो । उसले साकार रूपमा जरथुस्त्रसित कुरा गरेका छन् (यश्न १२)– यहूदी, इसाई र मुसलमानहरू एउटा ईश्वरमा विश्वास गर्दछन्, त्यसको साकार रूप पनि मान्दछन् । ईश्वरले साकार रूपमा आएर बागे-अदनमा आदम र हब्बालाई गाली गरेका थिए । कुरानअनुसार खुदा सातौं आकाशमा एउटा गद्दीमा विराजमान छन्,जसलाई आठ फरिश्ताहरूले थामिराखेका छन् । कोहेतुरमा उनी मूसासँग कुराकानी गरिरहेका देखाइएको छ । यी सबै धर्मअनुसार ईश्वर अग्निरूप पनि हो । इसाई आफ्नो प्रार्थनामा भन्दछन् –

Thou art, oh God, the life and light
Of all the wondrous world we see,
Thy glows by day and smiles by night
All are but reflections cought from thee.

अवतारवाद– वैदिक धर्ममा राम, कृष्ण, शिव, शक्ति तथा बुद्ध र महावीर पनि ईश्वरका अवतार मानिएका छन् । यहूदीहरूले मूसालाई, इसाईहरूले इसालाई र मुसलमानहरूले मोहम्मद साहबलाई ईश्वरका प्रतिनिधि स्वीकार गरेका छन् ।

जलप्रलयको कथा, जो **शतपथ-ब्राह्मणमा** दिइएको छ, जसमा मत्स्यरूप भगवान्‌को आदेशले मनुले आफ्नो नाउलाई उत्तर गिरिको उच्चतम शिखरमा गएर बाँधेको थियो, त्यसैलाई जरथुस्त्रले दोहऱ्याए र त्यसमा प्रत्येक जीवित प्राणीको एक-एक जोडा एउटा खाल्डोमा राखियो । यसैको पुनरावृत्ति यहूदी, इसाई र मुसलमानहरूको नूहको नाउ -(**Noah's Arc**)-को सम्बन्धमा गरिएको छ ।

मनु वर्तमान मानवसृष्टिका आदिपुरुष मानिएका छन् । नूह पनि मनुको रूपान्तर हो । नूहका दुइटा छोरा साम र हाम भनिन्छन्, जसबाट सामति र हामति दुई उपजातिहरू बने । मनुका वंशमा पनि चन्द्रवंश र सूर्यवंश छन् । चन्द्रलाई सोम र सूर्यलाई हेम पनि भन्दछन् । यहूदीहरूले सोमको साम र हेमको हाम बनाइदिए आश्चर्य मान्नैपर्दैन ।

मूर्तिपूजा– ईश्वरोपासनाको लागि प्रत्येक धर्मावलम्बीहरूले पूजास्थान-हरूको निर्माण गराएका छन् । कुनै लक्ष्यविना साधना अपूर्ण रहन्छ । वैदिक आर्य आफ्नो त्रिकाल सन्ध्या सूयाभिमुख भएर गर्दथे र आफ्ना मन्दिरहरूमा विभिन्न **देवी-देवताहरूका मूर्तिहरू** स्थापित गर्दथे, जुन साधनाका लक्ष्य हुन् । यस्तै किसिमले कैथलिक इसाईहरूका गिर्जाघरहरूमा **मरियम** र **इसा मसीहका मूर्तिहरू** पाइन्छन् र मुसलमानहरूका मस्जिदहरूमा **काबे**को प्रतीक हुन्छ, जसको ध्यान गरेर **सिजदा** गरिन्छ । सैकडौं मुसल-मानहरू, दरगाह र मजाराहरूको दर्शन गर्दछन् र तिनमा फूल-मालाहरू चढाउँदछन् तथा दियो बाल्दछन् । यो पनि एक प्रकारको मूर्तिपूजा नै हो ।

ईश्वर-प्रार्थनामा वैदिक धर्मावलम्बीहरू आफ्ना विभिन्न अङ्गहरूलाई स्पर्श गरेर अर्थात् अङ्गन्यास गरेर उनलाई पवित्र र दृढ पार्ने भावना र कामना गर्दछन् तथा अन्तमा आफूलाई प्रभुमा समर्पण गर्दछन् । पारसीहरूले यस क्रियामा उठ्नु-बस्नु पनि सम्मिलित गरे, जसको अनुवृत्ति यहूदी र मुसलमानहरू पनि गर्दछन् । इसाईहरू घुँडा मात्र टेक्दछन् ।

प्रत्येक धर्ममा सामूहिक प्रार्थनाको ठूलो महत्त्व छ । यस सामूहिक भजन-कीर्तनमा भावसमाधि उत्पन्न हुन्छ । यसै कारण इसाई र यहूदीहरूका गिर्जाघरहरूमा तथा मुसलमानहरूका मस्जिदहरूमा आइतवार, शनैश्चरवार र शुक्रवार सामूहिक प्रार्थना हुन्छ । यस किसिमले मौलिक रूपमा सबै धर्महरूमा एकता छ । अस्तु ।

माहात्मा लाओत्जे– एसिया महाद्वीपका प्रायः सबै भागहरूमा जगत्, जीवात्मा र परमात्माको तत्त्व-विवेचनको परम्परा धेरै अघिदेखि चली आएको हो। तिनमा भारत र चीनको दर्शन अथवा विचारक्षेत्रमा प्रधानता स्वीकार गर्नुमा कुनै मतभेद छैन। समय-समयमा ठूलठूला महर्षिहरू र दार्शनिकहरूले जन्म लिएर मानिसका विचारहरूमा मौलिक क्रान्ति खडा गरे। यस्तै विचारकहरूमा परम मनीषी महात्मा लाओत्जेलाई विशिष्ट स्थान प्राप्त भएको छ। उनले मानवलाई परमात्माको रहस्य सम्झाए र जीवनलाई सरल, निर्मल तथा निष्कपट बनाउने उपदेश दिए। उनी चीनमा ताओ धर्म-(भागवत धर्म)-का प्रवर्तक थिए। महात्मा कन्फ्यूसियस उनका सामानकालिक थिए र उनको तत्त्वचिन्तनलाई लाओत्जेले धेरै प्रभावित पारेका थिए। दार्शनिक लाओत्जेले चीनलाई ईश्वरी मार्गमा हिंड्ने उपदेश दिए। उनको ताओ-धर्म मानवताको धर्म हो। यसको प्रस्ट निर्देशन छ– ईश्वर नै अन्तिम र परम ध्येय हो र समस्त प्राकृतिक विधानमा उसैको परम सत्ता दिव्य ज्योति परिव्याप्त छ। जो ईश्वर के हो र मनुष्य के हो भन्ने कुरा बुझ्छ, त्यो सिद्ध हो। यी दुवै महान् तत्त्वहरूको रहस्य बुझिसकेपछि ऊ थाहा पाउँदछ– परमात्मा आफ्नो मूल हो र आफूले मानवताको सीमामा संयमी बनेर जीवन बिताउनु-पर्दछ। संक्षेपमा ताओ-धर्ममा मानवताको यही स्वरूप छ। यही लाओत्जेका उपदेशको सारांश हो। चिनिया भाषामा धर्मको लागि **त्सुंग चिओ** शब्दको प्रयोग हुन्छ, जसको आशय उपदेशप्रति सम्मान हुन्छ। ताओ-धर्म पनि महात्मा लाओत्जेका उपदेश मात्र हुन् मानवको लागि। उनी मानवताका देवदूत थिए।

परमेश्वरको सृष्टि र प्रकृतिको स्वरमा स्वर मिलाई समरस रहने मानवलाई अलौकिक आनन्द प्राप्त हुन्छ भनी महात्मा लाओत्जेले अनुभव गरे। मानवले प्रकृतिको गतिमा बाधा नहाली त्यसको समय-समयको परिवर्तनसँग सामञ्जस्य कायम गरी जीवनमा सरलता र निष्कपटताको झरना बहाउन सक्तछ। उनी रहस्यवादी महात्मा थिए र उनले मानवतालाई आफ्ना रहस्यमय पारमार्थिक अनुभूतिहरूले सम्पन्न तुल्याए। उनले बताए– ताओ परम सत्य हो, कालातीत हो, समस्त सृष्टिको निर्माता सनातन, नित्य, निराकार, चिन्मय तत्त्व हो, तथा समस्त चराचरमा त्यही व्याप्त र अभिव्यक्त छ। मानवता त्यसैको सत्ताबाट प्राणमय भएको छ। ताओको ज्ञान प्राप्त गरिसकेपछि, मानव सम्पूर्ण ज्ञान प्राप्त गरिसक्तछ र फेरि उसलाई जान्न केही बाँकी रहँदैन। ताओ तत्त्व ो दर्शन त्यही मानव गर्न सक्तछ, जसको हृदयमा लेशमात्र पनि स्वार्थको भावना रहेको हुन्न। ताओ-

परमात्मतत्त्व अतल गहनताभन्दा पनि गहन छ र त्यो समस्त आध्यात्मिकताको प्रवेश-द्वार हो। यस्तो शिक्षा लाओत्जेले आफ्ना अनुयायीहरूलाई दिए।

मानौं लाओत्जे हिन्दू सन्त-महात्माहरूका नै चिनिया संस्करण थिए। आफ्नो १०८ वर्षको लामो जिन्दगीमा उनले केवल यसै तथ्यमा विचार गरिरहे– मानव आफ्नो सरल सदाचारी जीवनद्वारा कसरी ताओको सिद्धान्त– दिव्य ईश्वरी पथमा लागेर परम श्रेय पाउन सकिन्छ ? संक्षेपमा, उनको परिचय यति मात्र हो– उनी चीन महा-देशको चू राज्यका निवासी थिए। उनी इस्वी सन् ६ संय वर्षअघि होनान प्रान्तको क्वे-ते नगरबाट केही टाढा एउटा साधारण गाउँमा जन्मेका थिए। आफ्नो चिन्तनपूर्ण जीवनका केही वर्ष उनले चाऊको राजकीय पुस्तकालयमा बिताए। उनले **ताओ-ते-किङ्ग** नामक ग्रन्थको रचना गरे। यसमा उनका आध्यात्मिक जीवन र उपदेशहरूमाथि राम्रो प्रकाश पारिएको छ। उनले मानिसलाई आध्यात्मिक जीवनको विज्ञान विचारको प्रका-शमा बुझाउने पूरापूर प्रयत्न गरेका छन्। उनले प्रकृतिको प्रगतिअनुसार हिंड्ने शिक्षा दिए। यही उनको मानवता हो। प्रकृति र सृष्टिको सिद्धान्तको उल्टो हिंडाइलाई उनी हिंसात्मक काम मान्दथे। उनले मानवताको परिचय अध्यात्मविज्ञानबाट गराए। उनले बताए– समस्त सृष्टिको सञ्चालन अनादि, निराकार र सर्वव्यापी शक्तिका हातबाट हुन्छ। त्यस शक्तिको नाउँ ताओ हो। ताओबाट यिन र याङ्ग –प्रकृति र पुरुषको उत्पत्ति भयो। यी दुवैबाट स्वाभाविक रूपमा सारा सृष्टि चलिरहन्छ। ताओबाट उत्पन्न समस्त चराचर निरहङ्कार र कर्तृत्वको अभिमानबाट पर छन्। त्यसरी नै मानवले पनि अहङ्कारशून्य र सरल हुनुपर्दछ। सारा समाजलाई व्यवस्थित र सुन्दर बनाउनको लागि यो आवश्यक हुन्छ कि त्यसको लगाम विचारकहरू, सन्तहरू तथा महात्माहरूको हातमा रहोस्। लाओत्जेले जीवनभर यसप्रकार समस्त मानवताको हितको चिन्तन गरे।

महात्मा कन्फ्यूसियस विचारक लाओत्जेप्रति ठूलो श्रद्धा गर्दथे। उनी उनलाई भेट्न गए। लाओत्जेले उनलाई **यी चीन-**(परिवर्तनका नियम)-नामक पुस्तक पढिरहेको देख्दा उनले भने– आजको मानवता र न्याय आफ्नो अस्तित्वमा छैन, तिनको नाममात्र रहेको छ। ती केवल निर्दयता र अन्यायका कामहरूमाथि पर्दा हाल्ने साधन भइरहेका छन्। ती मानव-हृदयलाई चोट पुऱ्याउने यन्त्र हुन्। अव्यवस्था जति आज बढेको छ, त्यति पहिले कहिल्यै थिएन। परेवा आफूलाई सेतो बनाइराख्न सधैं बिहान स्नान गर्दैन

र काग आफ्नो कालो आकार स्थायी राख्न स्वयं आफूलाई कालो रङ्गले रँगाउँदैन । त्यसैले ताओ-मत नै सद्गति दिन सक्तछ । ईश्वरीय सत्-सिद्धान्तलाई नै पूरा प्रयत्नले अँगाल्नुपर्दछ । यही मानवताको श्रेय हो ।

लाओत्जेले चाउ राज्यको राजधानीमा पुस्तकालयाध्यक्षको पदमा काम गरे। उनी आफूलाई जनसम्पर्कबाट टाढा राखेर आत्मचिन्तनमा लीन रहन चाहन्थे । उनले शासकलाई अनेकपटक सतर्क पनि गराएका थिए– 'भौतिकता बढिरहेको छ। त्यो शासनको लागि शुभ होइन । आध्यात्मिक जीवन अँगाल्दा मात्र मानवताको संरक्षण हुन सक्तछ ।' तर उनको चेतावनी निष्फल भयो । राज्यको विनाश हुन लागेको देखेर उनले राजधानीबाट बाहिर जाने निश्चय गरे । होनानको उत्तरी पश्चिमी सीमा हाँकूमा पुग्दा सीमारक्षक यिन-हिवीले तपाईं राज्य छाडेर एकान्तसेवनको लागि गइरहनुभएको छ र मेरो लागि एउटा किताब लेखिदिनुपर्‍यो भनी बिन्ती गर्‍यो। उनले देखे– आकाश र पृथ्वीको उत्पत्ति हुनुभन्दा अघिदेखि नै नाम र आकारभन्दा पर एउटा नित्य,नवीन, अपरिवर्तनशील, शाश्वत र परम गुप्त सत्ताको अस्तित्व छ । त्यही ताओ हो । ईश्वरपट्टि फर्क र शान्तिमा अवस्थित होऊ । जीवन आउँदै-जाँदै गर्छ । जन्म-मरण र प्रत्यावर्तनको क्रम चलिरहन्छ । शान्ति नै जीवनको सङ्गीत हो । सहज समर्पण-तत्त्व हो । नित्य वस्तु-तत्त्व परमेश्वरमा पूर्ण समर्पण नै परम शान्ति हो । यो शान्ति नै सनातन चिन्मय ज्योति हो ।

महात्मा लाओत्जेले मानवताका सिद्धान्त प्रेम, नम्रता र सदाचारपूर्ण संयमित जीवनको रूपमा निर्धारित गरे । साधारण मानिससरह रहेर प्रेममय जीवन बिताउन उनले ठूलो जोड दिएका छन् । उनले भने– 'मसँग तीनवटा निधिहरू छन्, तिनलाई म ठूलो होशियारीसाथ राख्दछु । पहिलो प्रेम हो, दोस्रो नम्रता हो र तेस्रो हो– संसारमा समयानुकूल सदाचारपूर्ण जीवन बिताउनु ।'प्रेमबाट वीरता आउँदछ, नम्रताले महान् बनाउँदछ, र संयमित समयानुकूल जीवनबाट अधिकार-स्वत्वको रक्षा हुन्छ । उनले मानवमात्रलाई निष्काम र निःस्वार्थ जीवन अँगाल्न सिकाए । उनी सदाचार र मानवतालाई प्रदर्शनको वस्तु होइन कि जीवनको प्रकाश ठान्दथे । उनले असल खराब दुवैको सट्टा असल गर्नु नै मानवताको सदाचार ठहराए । लाओत्जेको मानवता-सिद्धान्त सर्वमान्य छ । धन्य होऊन् !

यहाँसम्म भगवद्भक्तहरू र सन्त-महात्माहरूका संक्षिप्त जीवनी तथा उपदेशहरूको यत्किञ्चित् वर्णन भयो । जुन भगवान्को लागि उनीहरूले आफ्नो जीवन

अर्पण गरेका थिए र गरिरहेका छन्, उनैका पवित्र, पतित-पावन तथा मोक्षदायक गुण र चरित्रको सम्बन्धमा केही लेख्दछु–

भगवान् राम मर्यादा-पुरुषोत्तम कहिनुहुन्छ। उहाँको नाम, रूप, गुण, लीला, प्रेम र प्रभावका अमृतमय कथाहरूको श्रवण, पठन र मनन नै परम कल्याणप्रद छ। उनै प्रभुका स्वरूपलाई लक्ष्य बनाएर, उनका गुण चरित्रलाई सर्वदा आदर्श मानेर तथा उनका वचनलाई परम धर्म सम्झेर जुन मनुष्य तदनुसार आचरण गर्दछ, ऊ कृतार्थ र धन्य हुन्छ।

मानिसहरू धेरैजसो यस्तो भन्ने गर्दछन्– उनीहरू भगवान्को नामको जप धेरै दिनदेखि गरिरहेका छन्, तर जति लाभ बताइन्छ त्यति उनलाई भएन। यसको उत्तर यही हो– भगवान्का नामको महिमा अपार छ। त्यसको जति गान गर्न सकियो त्यति नै थोरै हो। नामजप गर्नेहरूलाई लाभ देखिदैन। यसमा प्रधान कारण हो दश नामापराधहरूलाई नछाडी जप गर्नु। नामापराध यी हुन्– १. सत्पुरुषको निन्दा, २. अश्रद्धालु समक्ष नाममहिमा खोल्नु, ३. विष्णु र शङ्करमा भेदबुद्धि, ४. वेदमा अश्रद्धा, ५. शास्त्रमा अश्रद्धा, ६. गुरुमा अश्रद्धा, ७. नाममाहात्म्यमा अर्थवादको कल्पना, ८. शास्त्रनिषिद्ध कर्मको आचरण, ९. नामको आडमा शास्त्रविहित कर्मको त्याग तथा १०. अरू धर्मसँग नामको तुलना। यी दश अपराधहरूलाई त्यागेर जप गर्दा शास्त्रवर्णित फल अवश्य मिल्दछ। यी दश अपराधहरूलाई सर्वथा त्यागेर नामजप गर्नेहरूलाई प्रत्यक्ष महान् फल पुग्नुमा त सन्देह नै कहाँ रहन्छ र ? केवल श्रद्धा र प्रेम –यी दुई कुराहरूमा विचार पुऱ्याएर जो अर्थसहित नामको जप गर्दछ, उसलाई पनि प्रत्यक्ष परमानन्दको प्राप्ति अति चाँडै हुन सक्तछ। नामजपको साथै परमात्माको अमृतमय रूपको ध्यान गर्दै रहँदा छिन-छिनमा उनका दिव्य गुण र प्रभावहरूको स्मृति हुन्छ र त्यस स्मृतिले अपूर्व प्रेम र आनन्द उत्पन्न गर्दछ। रामायणमा नाममहिमाबारे भनिएको छ–

भायँ कुभायँ अनरव आलस हूँ।
नाम जपत मङ्गल दिसिदस हूँ।

तब श्रद्धासहित नामजपबाट मात्र फल हुन्छ, त्यसै जप्दा फल हुँदैन भन्ने कुरा कसरी हुन सक्तछ ? त, यसको उत्तर यो हो– भाव-कुभाव आदि कुनै प्रकारले पनि नाम जप्दा दशै दिशाहरूमा कल्याण हुन्छ। यस कुरामा त श्रद्धा हुनैपर्दछ। यसमै श्रद्धा नभए त त्यस्तो फल कसरी प्राप्त हुन सक्तछ ? यसबारे यदि कोही 'विचारद्वारा त म श्रद्धा गर्न चाहन्छु,तर मन मान्दैन। यसको लागि के गरूँ' भन्छ भने यसको उत्तर यही हो–

बुद्धिको विचारद्वारा विश्वास गरेर नै नाम-जप गर्दै जानुपर्दछ । भगवान्‌मा विश्वास तथा नामजपको प्रभावले गर्दा पछि गएर पूर्ण श्रद्धा र प्रेम आफै प्राप्त हुन सक्तछन् । तर अर्थसहित जप गरिएको खण्डमा झन् चाँडै परमानन्दको प्राप्ति हुन सक्तछ ।

धेरैजसो मानिसहरू भन्दछन्– 'हामीहरू वर्षौं देखि मन्दिरहरूमा भगवान्‌को दर्शन गर्न जान्छौं, तर हामीलाई कुनै विशेष लाभ भएन । यसको के कारण हो ?' त, यसको उत्तर यही हो– विशेष लाभ नहुनुमा एक कारण त हो श्रद्धा र प्रेमको कमी तथा दोस्रो कारण हो भगवान्‌को विग्रह-दर्शनको रहस्य नजान्नु । मन्दिरमा भगवान्‌को दर्शनको रहस्य हो– उनका रूप, लावण्य, गुण, प्रभाव तथा चरित्रको स्मरण मनन गरेर उनका चरणमा आफूलाई अर्पण गर्नु । तर यस्तो हुँदैन । यसको कारण रहस्य र प्रभाव बुझ्नुमा त्रुटि हुनु नै हो । मन्दिरमा गएर भगवान्‌का रूप र गुणहरूको स्मरण गर्नुपर्दछ र भगवान्‌सँग प्रार्थना गर्नुपर्दछ, जसबाट उनका मधुर स्वरूपको चिन्तन सधैं भइरहोस् र उनको आदर्श लीला तथा आज्ञानुसार आचरण भइरहोस् । जो यस्तो गर्दछन्, उनलाई भगवत्कृपाबाट अति चाँडै प्रत्यक्ष शान्ति प्राप्त हुन्छ । देहत्यागपछि परमगति पाउनमा त सन्देह नै कहाँ रहन्छ र !

श्रीभगवान्‌का अनन्त गुण छन् । तिनको वर्णन कसैले गर्न सक्तैन । भगवान् जीवहरूमाथि दया गरेर अवतार धारण गर्नुहुन्छ र यस्तो लीला गर्नुहुन्छ, जसको श्रवण, गायन र अनुकरणद्वारा जीवहरूको परम कल्याण हुन्छ । मर्यादा पुरुषोत्तम भगवान् श्रीराम यस्तै परम दयालु अवतार हुन् । यिनका गुण, प्रभाव, आचरण, लीला आदिको महिमा शेष, महेश, गणेश र सरस्वती पनि गाउन सक्तैनन् भने मानिसहरू के गाउन सक्लान् ! तथापि जुन महापुरुषले आफ्नो वाणीलाई पवित्र पार्न महाराजका केही गुणहरू शास्त्रहरूमा गाएका छन् । तिनकै आधारमा यहाँ केही लेख्ने चेष्टा गरिएको छ ।

भगवान् रामका गुण र चरित्र परम आदर्श थिए र तिनको यति प्रभाव थियो कि तुलना हुनै सक्तैन । उहाँका आफ्नै कुरालाई छाडौं, उहाँको शासनकालमा सारा प्रजामाथि उहाँका गुणहरू र चरित्रहरूको यस्तो विलक्षण प्रभाव पऱ्यो कि रामराज्यमा त्रेतायुग सत्ययुगभन्दा पनि उत्तम हुन पुग्यो । रामराज्यको वर्णनमा भनिएको छ– 'सबै मानिसहरू आ-आफ्नो वर्णाश्रमानुकूल वेदमार्गमा चल्दछन् र सुख पाउँदछन् । भय, शोक, रोग तथा दैहिक, दैविक र भौतिक ताप कतै छैन । राग-द्वेष, काम-क्रोध, लोभ-

मोह, झूट-कपट, प्रमाद आलस्य आदि दुर्गुणहरू देख्न पनि पाइँदैनन् । सबै मानिसहरू आपसमा प्रेम गर्दछन् र स्वधर्ममा दृढ छन् । धर्मका चारै चरण– सत्य, शौच, दया र दानले जगत् परिपूर्ण छ । सपनामा पनि कतै पाप छैन । स्त्री-पुरुष सबै रामभक्त छन् र सबै परम गतिका अधिकारी छन् । प्रजामध्ये न कसैको कम उमेरमा मरण हुन्छ, न कुनै पीडा छ । सबै राम्रा र नीरोग छन् । दरिद्र, दुःखी, दीन र मूर्ख कोही छैन । सबै नर-नारी दम्भरहित, धर्मपरायण, अहिंसावादी, पुण्यात्मा, चतुर, गुणवान् र गुणहरूको आदर गर्ने, पण्डित, ज्ञानी तथा कृतज्ञ छन् ।

बरनाश्रम निज निज धर्मनिरत वेदपथ लोग ।
चलहिं सदा पावहिं सुखहि नहीं भय शोक रोग ।।
दैहिक, दैविक, भौतिक तापा ।
रामराज नहीं काहुहि व्यापा ।।
सब नर करहिं परस्पर प्रीति ।
चलहिं स्वधर्म-निरत श्रुति नीति ।।
चारउ चरन धर्म जगत माहीं ।
पूरिरहा सपने अघ नाहीं ।।
रामभगतिरत नर अरु नारी ।।
सकल परम गतिके अधिकारी ।।
अल्प मृत्यु नहीं कवनिउ पीरा ।
सब सुन्दर सब विरुज-सरीरा ।।
नहीं दरिद्र कोउ दुखी न दीना ।।
न कोउ अबुध न लच्छनहीना ।।
सब निर्दम्भ धर्मरत पुनी ।
नर अरु नारि चतुर सब गुनी ।।
सब गुनग्य पण्डित सब ग्यानी ।।
सब कृतग्य नहीं कपट सयानी ।।

"सबै उदार, परोपकारी, ब्राह्मणसेवी तथा तन, मन र वचनले एकपत्नीव्रत छन् । आइमाईहरू सबै पतिव्रता छन् । ईश्वरको भक्ति र धर्ममा सबै नर-नारी यसरी संलग्न छन्, मानौं भक्ति र धर्म साक्षात् मूर्तिमान् भएर उनीहरूमा वास गरिरहेका

छन् । पशु-पक्षी सबै सुखी र राम्रा छन् । पृथ्वी हराभरा र वृक्षादि सधैं फुलि - फलि-रहन्छन् । सूर्यचन्द्रमादि देवता नमागीकनै समस्त सुखदायी वस्तु प्रदान गर्दछन्, समस्त देशमा सुख-सम्पत्तिको साम्राज्य फैलेको छ । श्रीसीता, तीनै भाइहरू र सबै प्रजा श्रीरामको सेवामा नै आफ्नो सौभाग्य ठान्दछन्, तथा श्रीराम सधैं उनीहरूको हितमा लागिरहनुहुन्छ ।"

रामराज्यको यो व्यवस्था महान् आदर्श हो । आज पनि संसारमा जब कोही कुनै राज्यको प्रशंसा गर्दछ, या महान् आदर्श राज्यसम्बन्धी कुरा गर्दछ भने भन्दछ– 'बस, त्यहाँ त रामराज्य छ ।'

जसका गुणहरूद्वारा प्रभावित राज्यमा यस्तो हुन्छ उनका गुण र चरित्र कस्ता होलान् यसको अनुमान गर्दा मात्र पनि हृदय भक्तिले गद्‌गद भएर आउँछ । भगवान्‌का गुणहरू र चरित्रहरूको अलिकता स्मरण-मनन पनि महान् कल्याणकारी र परम पवित्र हुन्छ । यसै विचारले यहाँ उनका केही गुणहरूको संक्षेपमा वर्णन गरिन्छ–

गुरुभक्ति– भगवान् श्रीरामको गुरुभक्ति आदर्श छ । गुरुप्रति कति आदर-बुद्धि, कत्तिको विश्वास हुनुपर्छ, उनको सेवामा कस्तो प्रसन्नता हुनुपर्छ र उनीसँग बोलचाल गर्दा कस्तो विनय हुनुपर्दछ –यी सब कुराहरूको आदर्श श्रीरामको गुरुभक्तिमा पाइन्छ । मुनि विश्वामित्रलाई उहाँले शिक्षागुरुको रूपमा मान्नुभएको छ । विद्यानिधि भगवान्‌ले उहाँबाट विद्याग्रहण गर्नुभयो । मुनिसँग श्रीराम-लक्ष्मण दुवै भाइ जनकपुर पाल्नुभएको छ र गुरुको आज्ञाले नगरको शोभा हेर्ने बहानाले नगरवासी नरनारीहरूका आँखालाई परम लाभ प्रदान गर्न जनकपुरतिर प्रस्थान गर्नुहुन्छ । त्यहाँ केही अबेर हुन्छ । तब मनमा सङ्कोच गर्नुहुन्छ– गुरुजी रिसाउनुहुन्छ कि ! यस प्रसङ्गमा तुलसी-दास भन्नुहुन्छ–

कौतुक देखि चले गुरु पाहीं ।
जानि विलम्ब त्रास मनमाहीं ॥
जासु त्रास डर कहुँ डर होई ।
भजन प्रभाउ देखावत सोही ॥
समय सप्रेम विनीत सकुच दोउ भाई ।
गुरुपदपङ्कज नाई सिर बैठे आयसु पाई ॥

मानौं प्रेमले जितिएका दुवै भाइ रातमा विनयपूर्वक र प्रेमपूर्वक गुरुजीका चरण-कमल मिच्नुहुन्छ ।

तेई दोउ बन्धु प्रेमजनु जीते ।
गुरुपदकमल पलोटन प्रीते ।।

मुनि श्रीवसिष्ठजी उहाँका कुलगुरु हुनुहुन्छ । उहाँ सब किसिमले गुरुको सेवा गर्नुलाई मानौं आफ्नो सौभाग्य सम्झनुहुन्छ । वनमा जब वसिष्ठजी भरतको पक्ष लिएर भगवान्सँग भन्नुहुन्छ–

सबके उर अन्तर बसहु जानहु भाउ कुभाउ ।
पुरजन जननी भरत हित होई सो कहिअ उपाउ ।।

तब भगवान् श्रीभरतजीमाथि गुरुको स्नेह देखेर भरतजीको भाग्यको सराहना गर्दै भन्नुहुन्छ–

जे गुरुपद अम्बुज अनुरागी । तिलोकहुँ वेदहुँ बडभागी ।।
राउर लापर अस अनुरागू । को कहिसकइ भरतकर भाग ।।

तब वसिष्ठजी भन्नुहुन्छ–

नाथ तुह्मारेहि हाथ उपाउ ।।
सबकर हित रुख राउरि राखें ।
आयसु किएँ मुदित फुर भावें ।।
प्रथम जो आयसु मो कहुँ होई ।
माथें मानि करौ सिख सोई ।।

एकपटक वसिष्ठजी उहाँका चरण-कमलमा जन्म-जन्मान्तरसम्म प्रेम लागिरहोस् भन्ने वर माग्न आउनुहुन्छ र भगवान्लाई एकान्तमा भेट्नुहुन्छ । त्यस समयमा पनि मर्यादा-पुरुषोत्तम भगवान् गुरुभक्तिको आदर्श स्थापित गर्नको लागि–

अति आदर रघुनायक कीह्ना ।
पद पखारि पादोदक लीह्ना ।।

–उहाँको अत्यन्त आदर गर्दै पाउ पखालेर चरणामृत लिनुहुन्छ । धन्य !

पितृभक्ति- मर्यादा-पुरुषोत्तमको पितृभक्ति पनि अद्भुत छ । बाबुको प्रस्ट आदेशको पालना गर्ने त के कुरा, पिताको सङ्केत मात्र पाएर पनि उहाँले खुशीसाथ १४ वर्षको लागि अयोध्यालाई त्याग्नुभयो । दशरथले वनगमनको लागि प्रस्ट शब्दमा आज्ञा दिएका थिएनन् । कैकेयी आमाबाट मात्र उहाँलाई बुवा दशरथको मौन सम्मतिको पत्ता लागेको थियो । त्यसलाई उहाँले स्वीकार गर्नुभयो । ठूलोभन्दा ठूलो विपत्लाई पनि

सौभाग्य सम्झेर त्यसलाई शिरोपर गर्नुभयो । जब आमा कैकेयीले साह्रै कठोरतासाथ सबै बेहोरा सुनाइन्, तब उहाँले ठूलो खुशीसाथ नम्रतापूर्ण शब्दहरूमा उत्साह देखाउँदै भन्नुभयो –

अहं हि वचनाद् राज्ञः पतेयमपि पावके ।
भक्षयेयं विषं तीक्ष्णं पतेयमपि चार्णवे ।।

–वाल्मीकिरामायण, अयोध्याकाण्ड

"हे आमा ! बुबा महाराजको आज्ञाले म आगोमा पस्न सक्तछु, कडा विष खान सक्तछु र समुद्रमा हाम्फाल्न सक्तछु ।"

सुनु जननी सोई सुत बडभागी ।
जो पितु मातु वचन अनुरागी ।।
तनय मातु पितु तोष निहारा ।
दुर्लभ जननी सकल संसारा ।।
मुनिगन मिलनु बिशेषि वन सबहि भाँति हित मोर ।
तेहि महँ पितु आयसु बहुरि सम्मत जननि तोर ।।
भरत प्रानप्रिय पावहिं राजू ।
विधि सबविधि मोहि सनमुख आजू ।।
जौ नजाऊ, वन ऐसेहु काजा ।
प्रथम गनिआ मोहि मूढ समोजा ।।

आमा कौसल्यासँग जब उहाँ बिदा माग्न जानुभयो, तब उहाँलाई ठूलो दुःख लाग्यो । उहाँले आफ्नो दुःख पोखेर श्रीरामलाई रोक्न चाहनुभयो । तब उहाँले भन्नुभयो–

नाऽस्ति शक्तिः पितुर्वाक्यं समतिक्रमितुं मम ।
प्रसादये त्वां शिरसा गन्तुमिच्छाम्यहं वनम् ।।

–वाल्मीकिरामायण, अयोध्याकाण्ड

"आमा ! बुबाको आज्ञाको उल्लङ्घन गर्ने शक्ति ममा छैन । गोडा ढोग्छु । हजूर खुशी हुनुहोस् । म वन जान चाहन्छु ।" यसै किसिमले उहाँले लक्ष्मणजीलाई धर्मको महिमा र गुरुजनको आज्ञाको पालनको महत्त्व सम्झाउँदै भन्नुभयो–

धर्मो हि परमो लोके धर्मे सत्यं प्रतिष्ठितम् ।
धर्मसंश्रितमप्येतत् पितुर्वचनमुत्तमम् ॥
सोऽहं न शक्ष्यामि पुर्नानियोगमतिर्वातितुम् ॥
पितुर्हि वचनाद् वीर कैकेय्याऽहं प्रचोदितः ॥

—वाल्मीकिरामायण, अयोध्याकाण्ड

"संसारमा धर्म नै श्रेष्ठ छ । धर्ममा नै सत्य (सत्यस्वरूप परमात्मा) प्रतिष्ठित छ। बुबाको यो वचन पनि धर्मयुक्त छ। त्यसैले श्रेष्ठ छ। त्यसैले पितृवचनलाई नाघ्न सकिनँ। हेर भाइ ! बुबाको आज्ञानुसार आमा कैकेयीले मलाई वनमा जानको लागि आदेश दिनुभएको हो ।"

सत्यः सत्याभिसन्धश्च नित्यं सत्यपराक्रमः ।
परलोकभयाद् भीतो निर्भयोऽस्तु पिता मम ॥

—वाल्मीकिरामायण, अयोध्याकाण्ड

"हे भाइ ! मेरा बुबाज्यू नित्य सत्यवादी, सत्यप्रतिज्ञ र सत्यपराक्रमी हुनुहुन्छ। सत्यच्युत हुने डरले, परलोकको भयले डराइरहनुभएको छ। उहाँको यो डर मबाट टाढा हटाइनुपर्दछ। उहाँ निर्भय हुनुहोओस्। अर्थात् म वनमा जाऊँ, जसले गर्दा उहाँको वचन झुटा नहोओस् ।"

उहाँ आफ्ना शोकमग्न बुबालाई भन्नुहुन्छ– महाराज ! यति सानो कुराको लागि यति दुःख पाउनुभयो। मलाई पहिले कसैले यो कुरा सुनाएन। महाराजलाई यस्तो हालतमा देखेर मैले आमा कैकेयीलाई सोधें र उहाँबाट सबै प्रसङ्ग सुनेर साह्रै खुशी हुँदै मेरा सब अङ्ग-प्रत्यङ्ग शिथिल भएका छन्, अर्थात् मलाई ठूलो शान्ति मिलेको छ। बुबाज्यू ! साइतको समयमा, स्नेहवश शोक गर्नु छाड्नुहोस् र हृदयदेखि खुशी भएर मलाई आज्ञा दिनुहवस् ।...

मङ्गल-समय सनेहवस सोक परिहारय तात ।
आयुस देइआ हरषि हिय कहि पुलकि प्रभुगात ॥

धन्य हो उहाँको पितृभक्ति, जसले गर्दा सत्यव्रती दशरथजीले उहाँको स्मरण गर्दा-गर्दै शरीर छाड्नुभयो ।

मातृभक्ति– उहाँको मातृभक्ति निकै नै उँचो छ। जन्म दिने आमा कौसल्याप्रति त उहाँको महान् आदरभाव छँदै नै छ। विशेष कुरा त यो छ कि उहाँलाई भन्दा बढी

आदर उहाँ ती आमा कैकेयीलाई गर्नुहुन्छ, जसले उहाँप्रति कठोर वचन बोल्नुभयो र वनमा पठाउनुभयो । जब आमा कौसल्याले उहाँलाई वन जानबाट रोक्नको लागि बाबुको भन्दा आमाको आज्ञा ठूलो हुन्छ भन्नुभयो, तब उहाँले आमा कैकेयीकै आज्ञा हो भनी बताउनुभयो । आमा कौसल्याले त्यसलाई स्वीकार गर्नुभयो र भन्नुभयो–

जौं पितु मातु कहेउ वन जाना ।
तो कानन सत अवध समाना ।।

भरतसँगै जब कैकेयी वनमा पुग्नुहुन्छ, तब श्रीराम सबैभन्दा पहिले उहाँलाई नै भेट्नुहुन्छ र सम्झाएर उहाँको सङ्कोचलाई हटाउनुहुन्छ ।

प्रथम राम भेंटी कैकेयी । सरल सुभाय भगति मति भेई ।।
पगपरि कीन्ह प्रबोध बहोरी । कार करमविधि सिर धरि खोरी ।।

फेरि चरणमा परेर काल, कर्म र विधाताको टाउकोमा सबै दोष थुपारेर उनलाई सान्त्वना दिनुभयो । पञ्चवटीमा एक दिन कुरा गर्दा-गर्दै लक्ष्मणजीले भरतजीको बडाइ र आमा कैकेयीको निन्दा गर्दै भन्नुभयो–

भर्ता दशरथो यस्याः साधुश्च भरतः सुत : ।
कथं नु साऽम्बा कैकेयी तादृशी क्रूरदर्शिनी ।।

–वाल्मीकिरामायण, अयोध्याकाण्ड

"जसका पति महाराज दशरथ र पुत्र सज्जन भरत हुनुहुन्छ, त्यस्ती आमा कैकेयी यस्ती कसरी भइन् ?"

यो सुन्नासाथ भगवान् श्रीरामबाट आज्ञा भयो–

न तेऽम्बा मध्यमा तात गर्हितव्या कदाचन ।
तामेवेक्ष्वाकुनाथस्य भरतस्य कथां कुरु ।।

"हे बाबु ! तिमीले माहिली आमा कैकेयीको कहिल्यै निन्दा गर्नुहुँदैन । इक्ष्वाकुकुलनाथ भरतको नै कथा भन ।"

अरू त के, लङ्का-विजयपछि जब दिव्य धामबाट दशरथ पाल्नुभयो, तब उहाँसँग हात जोडेर श्रीराम प्रार्थना गर्नुहुन्छ – 'हे धर्मज्ञ ! हजूर, आमा कैकेयी र भाइ भरतसँग खुशी हुनुहवस् । हजूरले आमा कैकेयीलाई 'म तिमीलाई

पुत्रसहित त्याग गर्दछु' भन्ने जुन सराप दिनुभएको थियो, त्यस भयङ्कर सरापले, हे प्रभु ! पुत्रसहित आमालाई छुन पनि नपाओस् ।'

इति ब्रुवाणं राजानं रामः प्राञ्जलिरब्रवीत् ।
कुरु प्रसादं धर्मज्ञ कैकेय्या भरतस्य च ।।
सपुत्रा त्वां त्यजामीति यदुक्तं कैकेयी त्वया ।।
स शापः कैकेयी घोरः सपुत्रां न स्पृशेत् प्रभो ।।

-वाल्मीकिरामायण, युद्धकाण्ड (१२२।२४-२५)

अयोध्या फर्केपछि पनि सबभन्दा पहिले श्रीराम आमा कैकेयीलाई नै भेट्नुहुन्छ र सम्झाइ-बुझाई उनलाई खुशी पार्नुहुन्छ । मातृभक्तिको यसभन्दा ठूलो अरू के उदाहरण हुन सक्ला ।

भ्रातृप्रेम– मर्यादा पुरुषोत्तम श्रीरामको भ्रातृप्रेम पनि अतुलनीय थियो । रामको भ्रातृप्रेमको आदर्शलाई संसारले आदर्श मानेमा सबै झगडा मेटिएर सारा संसारमा शान्ति हुने थियो । थोरैजसो राक्षसकुल मात्र कलहप्रिय रहन्थ्यो । श्रीराम बालकालदेखि नै तीनवटै भाइहरूलाई अत्यन्त माया गर्नुहुन्थ्यो । सधैं उनीहरूको हेरचाह गर्नुहुन्थ्यो, उनीहरूलाई सुख दिनुहुन्थ्यो, उनीहरूलाई खुशी पार्ने चेष्टा गर्नुहुन्थ्यो, वेला-वेलामा आफू स्वयं हारेर उनीहरूलाई खेलमा जिताउनुहुन्थ्यो र तीनै भाइहरूसँगै ज्यूनार गर्नुहुन्थ्यो । विवाह पनि चारैको साथै भएको थियो ।

जब महाराज दशरथजीले रामजीको राज्याभिषेकको आयोजना गर्नुभयो, तब त्यो सुनेर उहाँको मनमा ठूलो खेद लाग्यो । उहाँलाई अत्यन्तै पछुतो लागेर भन्नुभयो– 'हाम्रो उज्ज्वल कुलमा यो एउटा प्रथा साह्रै अनुचित छ, जसअनुसार अरू भाइहरूलाई छाडेर केवल जेठो दाजुलाई राज्य दिइन्छ। ओहो ! हामीहरू सबै सँगै जन्म्यौं तथा खानु-पिउनु, सुत्नु-जाग्नु, बालककालका खेल, कर्णवेध र उपनयन-संस्कार सब सँगै भए । विवाहोत्सव पनि सबैको सँगसँगै भयो । अब यो राज्य म एक्लैलाई मात्र किन प्राप्त हुन्छ ?'

जन्मे एकसँग सब भाई । भोजन सयन केलि लरिकाई ।।
करनबेध उपवीत विवाहा । सङ्गसङ्ग सब भए उछाहा ।।
विमलवंश यह अनुचित एक । बन्धु बिहाई बडेकि अभिषेक ।।

श्रीरामलाई आफ्नो राज्याभिषेकको प्रस्ताव अत्यन्तै अनुचित लाग्यो । केबल बाबुको आज्ञा, प्रजाको हित र भाइहरूको खुशीको लागि उहाँले आफ्नो राज्याभिषेकलाई स्वीकार गर्नुभयो । त्यसैले वन जाने वेला भरतले राज्य पाउने कुरा सुनेर उहाँलाई ठूलो खुशी लाग्यो। वनमा उहाँले लक्ष्मणजीलाई प्रस्ट शब्दमा भन्नुभयो– 'हेर लक्ष्मण ! म सत्यपूर्वक र हतियारहरूलाई छोई किरिया खान्छु– म धर्म, अर्थ, काम, समस्त पृथ्वी र अरू जे-जति पनि चाहन्छु, त्यो सबै तिमी भाइहरूको लागि हो । म भाइहरूको संग्रह र सुखको लागि राज्यको चाहना गर्दछु । हे लक्ष्मण ! भरत, तिमी र शत्रुघ्नलाई छाडेर यदि मलाई कुनै सुख मिल्यो भने त्यसमा आगो लागोस् ।'

धर्ममर्थं च कामं च पृथिवीं चाऽपि लक्ष्मण ।
इच्छामि भवतामर्थे एतत् प्रतिशृणोमि ते ।।
भ्रातॄणां संग्रहार्थं च सुखार्थं चाऽपि लक्ष्मण ।
राज्यमप्यहमिच्छामि सत्येनाऽयुधमालभे ।।
यद्विना भरतं त्वां च शत्रुघ्नं वाऽपि मानद ।
भवेन्मम सुखं किञ्चिद् भस्म तत् कुरुतां शिखी ।।

–वाल्मीकिरामायण, अयोध्याकाण्ड

श्रीराम लक्ष्मणको अगाडि भरतको प्रशंसा जति गरे पनि अघाउनु हुन्न र भरतको गुण, शील तथा स्वभावको बखान गर्दा-गर्दै प्रेमसागरमा डुब्नुहुन्छ ।

कहत भरत गुण सीलु सुभाऊ । प्रेमपयोधिमगन रघुराउ ।।

चित्रकूटमा जब भरतले श्रीरामलाई फर्काउन अत्यन्त अनुरोध गर्नुभयो, तब उहाँले भन्नुभयो– 'भरत ! सुन । बुबाज्यूले मेरो प्रेमको प्रण पूरा गर्नको लागि प्राण त्यागिदिनुभयो, तर सत्यको रक्षाको निमित्त मलाई वनमा पठाउनुभयो । यस्ता सत्यवादी बाबुको वचनलाई टाल्न मलाई ठूलो सङ्कोच हुन्छ । तर त्यसभन्दा पनि बढी धक मलाई तिम्रो लाग्दछ । तिमी सङ्कोच नमानेर जे भन्छौ म त्यही गर्न तयार छु । प्रसन्नताका साथ भन'–

मन प्रसन्न करि सङ्कोच तजि कहहु करौं सोइ आजु ।
सत्यसन्ध रघुबचन सुनि भा सुखी समाजु ।।

भरत पनि उहाँकै भाइ त थिए । उनले स्वामीलाई सङ्कोचमा पार्नु अनुचित सम्झेर उहाँले नै सङ्कोच छाडी आज्ञा दिन अनुरोध गरे । श्रीरामको भ्रातृप्रेम यहाँनिर पराकाष्ठामा पुग्दछ । जन्म दिने आमाका वचनहरू नमानी वन पाल्नुभयो, तर अब भरत जे भन्दछन् सो-सो गर्न उहाँ तयार हुनुहुन्छ भनी भरतलाई भन्नुहुन्छ ।

श्रीरामले पिताको आज्ञालाई निमित्त बनाएर वसिष्ठ, जनक आदि मान्य-जनहरूलाई र भरतलाई सम्झाई-बुझाई सन्तुष्ट पार्नुभयो र अन्तमा जसरी भए पनि राज्यको पालन भरतको जिम्मा लगाउनुभयो । राज्य र भोग तुच्छ वस्तु हुन् भन्ने कुरा आफ्नो व्यवहारबाट प्रत्यक्ष सिद्ध गरी त्यागको एउटा महान् आदर्श उहाँले खडा गर्नुभयो । भरत पनि त्यागमूर्ति थिए । उनले प्रभुको आज्ञा मानेर केवल राज्यको पालन मात्र स्वीकार गरे, राज्य होइन । उनी १४ वर्षको अवधिभर अयोध्याराज्यमा यसप्रकार निर्लिप्त रहे, जसरी चाँपोको बगैंचामा भमरो रहन्छ ।

लङ्का विजयपछि जब विभीषण एकपटक लङ्कामा पाल्नुहुन उहाँलाई बिन्ती गर्छन्, तब उहाँ भन्नुहुन्छ– भाइ ! तिम्रो खजाना र घर सबै मेरै त हो । त्यो तिमी साँचो ठान, तर भाइ भरतको अवस्थालाई सम्झी मेरो एक-एक निमेष कल्पसरह बित्न लागेको छ । ऊ शरीर सुकाएर तपस्वीको वेशमा निरन्तर मलाई नै स्मरण गरिरहेको छ । हेर मित्र ! अब त त्यो यत्न गर, जसबाट म उसलाई तुरुन्त हेर्न पाऊँ । हे भाइ ! यदि म अवधि बितेपछि गएँ भने प्यारो भाइलाई जीवित भेट्टाउनेछैनँ ।' यसरी बोल्दा भरतको प्रेमको स्मरण गरी प्रभुको शरीर वारंवार पुलकित हुन लाग्यो–

बीते अवधि जाऊँ जौं जिअत नपावउँ वीर ।
सुमिरत अनुजप्रीति प्रभु पुनि-पुनि पुलक-शरीर ।।

जब अयोध्या पुग्नुहुन्छ, अनि त प्रेमको सागर उर्लन्छ । भुइँमा लोटेका भरतलाई जबर्जस्ती उठाएर उहाँ हृदयमा लगाउनुहुन्छ । शरीर रोमाञ्चित हुन्छ र कमलसदृश नेत्रहरूबाट प्रेमाश्रुका धारा बग्न लाग्दछन् । पछि जब राज्याभिषेकको तयारी हुन्छ र सबको स्नान र सफाइ हुन्छ, तब प्रभु स्वयम् आफ्ना हातले भरतका जटाहरू फुकाल्नुहुन्छ र तीनवटै भाइहरूलाई राम्रोसँग स्नान गराउनुहुन्छ–

पुनि करुनानिधि भरतु हँकारे ।
निज कर राम जटा निरुआरे ।।

अह्लवाए प्रभु ती निउ भाई ।
भगत-वछल कृपाल रघुराई ।।

लक्ष्मण जब शक्ति लागेर मूर्छा पर्दछन्, त्यसवेला रामको अवस्था त भ्रातृप्रेमको अति नै राम्रो आदर्श बन्दछ । उहाँ विलाप गर्नुहुन्छ–

परित्यक्षाम्यहं प्राणान् वानराणां तु पश्यताम् ।
यदि पञ्चत्वमापन्नः सुमित्रानन्दवर्धनः ।।

–वाल्मीकिरामायण, अयोध्याकाण्ड

'यदि सुमित्राको आनन्द बढाउने लक्ष्मणको प्राण गयो भने म पनि बाँदर-हरूले देख्दा-देख्दै आफ्नो प्राण छाड्नेछु ।'

गोस्वामी तुलसीदासजीले यहाँनेर श्रीरामको प्रलापको जुन वर्णन गर्नु-भएको छ, त्यसबाट भ्रातृप्रेमको राम्रो शिक्षा पाइन्छ । श्रीरामबाट राज्यग्रहण, वास्तवमा भाइहरूलाई सुख पुऱ्याउनको लागि नै भएको थियो । उहाँ समय-समयमा जुन आदेश-उपदेश गर्ने गर्नुहुन्थ्यो, त्यो पनि भाइहरूको भलाइको निमित्त नै । उहाँको व्यवहार यस्तो हुन्थ्यो, जसबाट भाइहरूलाई कत्ति धक लाग्दैनथ्यो । एकपटक भरत केही सोध्न चाहन्थे र सङ्कोचवश आफै नसोधेर उनले जब हनुमान्जीद्वारा सोध्न लगाए तब भगवान्बाट आज्ञा भएको थियो–

तुह्म जानहु कपि मोर सुभाउ ।
भरतहि मोहि कछु अन्तर काउ ।।

धेरै के, उहाँ आफ्ना भाइहरूको गुणगान तथा उनीहरूको स्मरणमा नै सुखी रहनुहुन्थ्यो–

भरतसरिस को रामसनेही ।
जगु जप राम राम जप जेही ।।

श्रीहनुमान्जीले भन्नुभएको छ–

रघुवीर निज मुख गुन गन कहत अगजन नाथ जो ।
काहेन होइ विनीत परम पुनीत सद्गुनसिन्धु सो ।।

यसप्रकार भ्रातृप्रेमको आदर्श उभ्याएर उहाँले परमधामको यात्रा पनि आफ्ना भाइहरूका साथसाथै गर्नुभएको हो । आज पनि यी चारै भाइहरूको आदर्श प्रेम जगत्मा सबैको लागि महान् शिक्षाप्रद बनेको छ र सधैं बनिरहनेछ ।

पत्नीप्रेम र एकपत्नीव्रत– भगवान् श्रीरामको सीताजीप्रति जुन आदर्श प्रेम थियो त्यो उहाँको महान् एकपत्नीव्रतको साक्षात् उदाहरण हो । उहाँ सीताजीको सुखको लागि नै उहाँलाई सँगै वन लैजानुहुन्छ र त्यहाँ अनेकौं प्रकारका इतिहास, धर्म-शास्त्र आदि सुनाएर उहाँलाई सुख पुऱ्याउनुहुन्छ । जब रावणबाट सीताजीको हरण हुन्छ, तब साधारण मानिससरह **ये यथा मां प्रपद्यन्ते, तांस्तथैव भजाम्यहम्** 'जो मलाई जसरी भज्दछन्, उनलाई म उसै गरी भज्दछु' भनिएअनुसार अनेक तरहले विलाप गर्दै आफ्नो विरहवेदना पोख्नुहुन्छ । यहाँसम्म कि उहाँको त्यो विरहवेदना देखेर जगज्जननी सतीसम्मलाई पनि मोह हुन्छ । श्रीराम पागलसरह–

हा गुनखानि जानकी सीता ।
रूप सील व्रत नेम पुनीता ।।

आदि बिलौना गर्नुहुन्छ र लहराहरू, रूखहरू, चराहरू, जन्तुहरू तथा भवराका ताँती-हरूसँग सीताजीको ठेगान सोध्नुहुन्छ । आकाश-मार्गबाट खसालिएका सीताजीका वस्त्रहरू र गहनाहरू जब सुग्रीव उहाँलाई बुझाउँछन्, तब उहाँ तिनलाई छातीमा लगाएर चिन्ता गर्न लाग्नुहुन्छ– **पट उर लाइ सोच अति कीन्हा** । जब हनुमान्जी लङ्का जानु-हुन्छ, तब उहाँमार्फत जुन सन्देश उहाँ पठाउनुहुन्छ त्यो त यति सुन्दर र यत्तिको उच्च छ कि त्यसमा प्रेमको समस्त रूप नै समावेश भइदिन्छ । उहाँ भन्नुहुन्छ– 'हे प्रिये ! मेरो र तिम्रो प्रेमको तत्त्व जान्दछ केवल एउटा मेरो मन, र त्यो मन सधैं बस्दछ तिमीसँग । बस, यत्तिमा नै मेरो प्रेमको सार बुझ ।'

प्रेम तत्त्वकर मम अरु तोरा ।
जानत प्रिया एक मन मोरा ।।
सो मनु सदा रहत तोहि पाहीं ।
जानु प्रीति रसु एतनेहि माहीं ।।

महारानी जानकीको पतिव्रता-धर्मको गौरवलाई झन् बढी उज्ज्वल पार्न, प्रजालाई खुशी राख्ने बहानाले जब उहाँ वनमा छाडिइन्, तब पछि अश्वमेधको समयमा

सीताजीको स्वर्णप्रतिमा बनाएर श्रीरामले आफ्नो एकपत्नीव्रतको अत्यन्त पवित्र आदर्श-खडा गर्नुभयो । धन्य !

भक्त-वत्सलता– भक्त-वत्सलता त भगवान्‌को विख्यात बाना नै हो । यस्तो कुनै काम हुँदैन जो भगवान् आफ्ना भक्त वा सेवकको लागि गर्न सक्नुहुन्न । वस्तुतः भगवान्‌का अवतारको मुख्य कारण भक्तहरूमाथि दया गर्नु नै हुन्छ । **परित्राणाय साधूनाम्** । जब भक्त भगवान्‌लाई भेट्न व्याकुल भएर उहाँको पुकारा गर्दछ, तब भगवान् आफै पाल्नुहुन्छ । दण्डकारण्यमा अगस्त्यजीका शिष्य सुतीक्ष्णनामक एक मुनि रहनुहुन्थ्यो । उहाँ श्रीरामका ठूला अनन्य भक्त हुनुहुन्थ्यो । उहाँले भगवान् दण्डकारण्यमा पाल्नुभएको समाचार सुन्नुभयो । उहाँ दर्शनको लागि व्याकुल हुनुभयो र पागलसरह उठेर दौडनुभयो । उहाँ प्रेममा यसरी मग्न हुनुभयो कि शरीरको सुद्धिसम्म पनि हरायो । श्रीशिवजी भन्नुहुन्छ–

निर्भर प्रेम मगन मुनि ग्यानी ।
कहिन जाइ सो दसा भवानी ।।
दिसि विदिसि पन्थ नहीं सूझा ।
को मैं चलेउँ कहाँ नहीं बूझा ।।
कबहुँक फिरि पाछें पुनि जाई ।
कबहुँक नृत्य करई गुन गाई ।।

भक्तवत्सल भगवान् आफ्ना प्यारा भक्तको यस्तो दशा रूखको आडबाट हेरी-हेरी मुग्ध भइरहनुभएको छ । उहाँको अत्यन्त प्रेम देखेर भगवान् उहाँको हृदयमा प्रकट हुनुभयो । मुनि हृदयमा भगवान् अवधनाथको दर्शन पाएर पुलकित हुनुभयो र बाटोमा नै बसिरहनुभयो । भगवान् नजीक गएर मुनिलाई ध्यानबाट जगाउनुहुन्छ, तर ध्यानानन्दमा मग्न मुनि जाग्नुभएन । तब श्रीरामजीले उहाँको हृदयबाट आफ्नो रामरूप हटाउनुभयो, बल्ल मुनिले व्याकुल भएर आँखा खोल्नुभयो र देख्नुभयो– आँखाका सामुन्ने सुखधाम राम उभिनुभएको छ । मुनि कृतार्थ प्रेममग्न भएर चरण पर्नुभयो–

आगें देखि रामतनु स्यामा ।
सीता अनुजसहित सुखधामा ।।

परेउ लकुट इव चरनन्हि लागी ।
प्रेममगन मुनिवर बडभागी ।।

यसै किसिमले शबरीकहाँ स्वयं पाल्नुभई भगवान्‌ले उनको आशा पूर्ण गर्नुभयो–

जातिपाति कुलधर्म बडाई ।
धनबल परिजन गुन चतुराई ।।
भगतिहीन नर सोहइ कैसा ।
बिनुजल वारिद देखिअ जैसा ।।

भनेर उनको प्रशंसा गर्नुभयो । उनका प्रेमपूर्ण बयर जति खाँदा पनि उहाँ अघाउनुभएन । काकभुशुण्डिलाई त अवतारै पिच्छे आफ्नो परम मधुर बाललीलाको आनन्द प्रदान गर्नुहुन्छ । धन्य !

श्रीहनुमान्‌जीको त उहाँ आफूलाई ऋणी मान्नुहुन्छ । भन्नुहुन्छ–

सुनु कपि तोहि समान उपकारी ।
नहीं कोउ सुरनर मुनि तनुधारी ।।
प्रति उपकार करौं का तोरा ।
सनमुख होइ न सकत मन मोरा ।।
सुनु सुत तोहि उरिन मैं नाहीं ।
देखेउँ करि विचार मन माहीं ।।

भगवान् हनुमान्‌लाई भन्नुहुन्छ–

चरिष्यति कथा यावदेषा लोके च मामिका ।
तावत् ते भविता कीर्तिः शरीरेऽप्यसवस्तथा ।।
लोका हि यावत्स्थास्यन्ति तावत् स्थास्यन्ति मे कथाः ।।
एकैकस्योपकारस्य प्राणान् दास्यामि ते कपे ।
शेषस्येहोपकाराणां भवाम ऋणिनो वयम् ।।
मदङ्गे जीर्णतां यातु यत्त्वयोपकृतः कपे ।
नरः प्रत्युपकाराणामापत्स्वायाति पात्रताम् ।।

–वाल्मीकिरामायण, उत्तरकाण्ड

'हेर हनुमान्! यस लोकमा जबसम्म मेरो यो कथा चलिरहला, तबसम्म तिम्रो कीर्ति रहला र तिम्रो शरीरमा प्राण रहला एवं जबतक यो जगत् रहला, तबतक मेरो कथा रहनेछ । तिम्रो एउटा उपकारको सट्टा मैले आफ्नो प्राण दिएँ भने पनि तिम्रा बाँकी उपकारहरूको लागि त म तिम्रो ऋणी नै बनिरहनेछु । हे हनुमान् ! तिमीले मेरो जे-जति उपकार गरेका छौ, त्यो मेरो शरीरमा नै जीर्ण हवस् । यस्तो अवसर नै नआओस्, जब तिमीलाई आफ्ना उपकारहरूको बदला पाउन योग्य पात्र बन्नुपरोस्, किनकि **आपत्ति परेर नै मानिस प्रत्युपकारको पात्र बन्दछ** ।'

शरणागता-वत्सलता– भगवान्को शरणागत-वत्सलता त प्रसिद्ध नै छ । उहाँको घोषणा छ–

सकृदेव प्रपन्नाय तवाऽस्मीति च याचते ।
अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम ।।

–वाल्मीकिरामायण, युद्धकाण्ड

'जो एकपटक भए पनि मेरो शरण परेर ,म तिम्रै हुँ भन्दछ र यस्तो भनेर मबाट अभय माग्दछ त्यसलाई सबै भूतहरूबाट निर्भय गराउँदछु । यो मेरो व्रत हो ।'

रावणलाई राम्रो सल्लाह दिनुभएको बदलामा लात पाएर विभीषण अनेकौं प्रकारका सात्त्विक मनोरथ सँगालेर भगवान्को शरणमा जानुहुन्छ । शिविरको ढोकामा पुग्दा बाँदरहरू उहाँलाई घेर्दछन् । भगवान्को समीप समाचार पुग्दछ । भगवान् श्रीरामजी आफ्ना मन्त्री, साथी र सेनापतिहरूको सम्मति चाहनुहुन्छ । **वाल्मीकि-रामायण**अनुसार त्यहाँ अङ्गद, जाम्बवान्, मैन्द, नल, हनुमान् आदि सबै आ-आफ्ना राय दिन्छन् । हनुमान्को बाहेक अरूहरूको राय विभीषणको विपरीत नै हुन्छ । **राम-चरितमानस**अनुसार सुग्रीव भन्नुहुन्छ– 'राक्षसको माया जानिसक्नु हुँदैन । यो किन आएको हो, बुझिदैन । रावणले पठाएको यो दुष्ट हाम्रो भेद लिन आएको होला । मेरो मन त यस्तो भन्दछ कि यसलाई कैद गर्नुपर्दछ–

जानि नजाइ निसाचर माया ।
कामरूप केहि कारण आया ।।
भेद हमार लेन सठ आवा ।
राखिअ बाँधि मोहि असभावा ।।

भगवान् श्रीरामजीले भन्नुभयो– 'मित्र ! तपाईंको नीति त ठीक हो, तर शरणागतको भय हर्ने मेरो प्रण छ–

सखा नीति तुह्म नीकि विचारी ।
मम पन सरनागत-भयहारी ॥
सरनागत कहुँ जे तर्जहिं निज अनहित अनुमानि ।
ते नर पाँवर पापमय तिह्नहिं विलोकन हानि ॥
कोटि विप्रवध लागहिं जाहू ।
आएँ सरन तजहुँ नहीं ताहू ॥
सनमुख होइ जीव मोहि जबहीं ।
जनम कोटि अघ नासहिं तबहीं ॥

'अतएव सुग्रीव ! जाऊ। उसलाई लिएर आऊ।' सुग्रीव आदिले स्नेहवश आपत्ति देखाउँदा श्रीरामले स्पष्ट शब्दमा भन्नुभयो–

जो सभीत आवा सरनाई ।
रखिहउँ ताही प्रानकी नाई ॥

यहाँसम्म भन्नुभयो–

आनयैनं हरिश्रेष्ठ दत्तमस्याऽभयं मया ।
विभीषणो वा सुग्रीव यदि वा रावण स्वयम् ॥

–वाल्मीकिरामायण, युद्धकाण्ड

'हे वानरश्रेष्ठ सुग्रीव ! (तिमी किन आत्तिन्छौ?) यो व्यक्ति विभीषण वा रावण आफै भए पनि ल्याऊ। मैले उसलाई नै भए पनि अभय दिएँ।'

सुग्रीवले उसलाई ल्याए। भगवान्‌ले उसलाई शरणमा लिई कृतार्थ पारिदिनुभयो।

लङ्कामा लडाइँको समयमा एकपल्ट रावणले क्रुद्ध भई विभीषणमाथि शक्ति छाडे। शक्ति लाग्नासाथ विभीषणको मरण भइहाल्नेछ भन्ठानेर शरणागतवत्सल भगवान् रामले विभीषणलाई पछि पारी स्वयम् अगाडि आएर शक्ति आफ्नो वक्षस्थलमा थाप्नुभयो–

आवत देखि शक्ति अति घोरा ।
प्रनतारति-भञ्जन पन मोरा ॥
तुरत विभीषण पाछें मेला ।
सन्मुख राम सहेउ सोइ सेला ॥

विभीषणले राज्य त पाए नै, साथै भगवान्‌को भक्ति पनि ।

सखाहरूसँग प्रेम– यसो त भगवान् सबैका सुहृत् र स्वाभाविक मित्र नै हुनुहुन्छ, तर लीलामा उहाँ मित्रहरूका साथ कस्तो व्यवहार गर्नुहुन्छ– यहाँ यही नै हेर्नु छ । मनुष्यहरूलाई त सबैले आफ्ना मित्र बनाएका नै छन् । भगवान्‌ले राक्षस र भालुहरूसम्मलाई पनि आफ्ना सखा बनाउनुभयो र तिनीहरूलाई धन्य तुल्याई परमगति प्रदान गर्नुभयो । हनुमान्‌जीको प्रेरणाद्वारा दुःखमा बढेका सुग्रीवलाई अग्नि साक्षी राखी उहाँ आफ्ना मित्र बनाउनुहुन्छ र उनको दुःख सुन्नासाथ उहाँका भुजाहरू फरफराउन थाल्दछन् र उहाँ भन्नुहुन्छ–

सुनु सुग्रीव मारिहउँ बालिहि एकहिं बान ।
ब्रह्म रुद्र सरनागत गएँ न उबरिहिं प्राण ॥

त्यसपछि मित्रधर्मको उल्लेख गर्दै उहाँ भन्नुहुन्छ–

जे न मित्र दुख होहिं दुखारी ।
तिन्हहि बिलोकत पातक भारी ॥
निज दुख गिरिसम रज करि जाना ।
मित्रक दुख रज मेरु समाना ।
जिन्हकें असि मति सहज न आई ।
ते शठ कत हठि करत मिताई ॥
कुपथ निबारि सुपन्थ चलावा ।
गुन प्रगटै अवगुनन्हि दुरावा ॥
देत लेत मन संक न धरई ।
बल अनुमान सदा हित करई ॥
बिपतिकाल कर सतगुन नेहा ।
श्रुति कह सन्त मित्र गुन एहा ॥

मित्रको यो लक्षण सदा ध्यानमा राख्नु योग्य छ ।

यसपछि भगवान् सुग्रीवलाई आश्वासन दिंदै भन्नुहुन्छ–

सखा सोच त्यागहु बल मोरें ।
सब विधि घटब काज मैं तोरें ।।

मित्र सुग्रीवको सुखको निमित्त धेरै ठूलो अपवाद सहेर पनि श्रीभगवान् उसको शत्रु दाजु बालिको वध गरिदिनुहुन्छ र सुग्रीवको मैत्रीलाई कायम राख्नुहुन्छ ।

निषादलाई सखा बनाएर यति उच्च बनाइदिनुभयो कि स्वयं वसिष्ठ महाराजले उसलाई अङ्कमाल गरेर छातीमा टाँस्नुभयो–

प्रेम पुलकि केवट कहि नामू
कीन्ह दुरतें दण्ड प्रणामू ।।
राम सखा रिषि बरबस भेंटा
जनु महि लुठत सनेह समेटा ।।

जब भगवान् स्वयं कुनै प्रकारको विचार नगरी सखाभावले निषादलाई हृदयमा लगाई भेट गर्नुहुन्छ भने वसिष्ठजीले यसप्रकार भेट गर्नुभयो भन्ने कुरामा आश्चर्य पनि के भयो र !

हिंसारत निषाद तामस वपु पशुसमान वनचारी ।
भेट्यो हृदयँ लगाइ प्रेमवश नहीं कुल जाति विचारी ।।

लङ्काविजय गरेर अयोध्या फर्केपछि उहाँ आफ्ना यी वानर, भालु र विभीषणादि सखाहरूलाई बोलाएर उनीहरूद्वारा गुरुजीका चरणमा प्रणाम गराउनुहुन्छ र परिचय दिंदै भन्नुहुन्छ–

ए सब सखा सुनहु मुनि मेरे
भये समर सागर तहँ बेरे ।।
मम हित लागि जन्म इन्ह हारे ।।
भरतहु ते मोहि अधिक पिआरे ।।

राज्याभिषेकपछि आफ्ना यी सब मित्रहरूलाई बोलाएर प्रेमपूर्वक उनीहरूलाई भन्नुभयो–

अनुज राज सम्पति वैदेही
देह गेह परिवार सनेही ।।

सब मम प्रिय नहीं तुह्महि समाना
मृषा न कहउँ मोर यह जाना ।।

फेरि वस्त्राभूषण झिकाई तीनै भाइसहित स्वयं भगवान् श्रीरामले आफ्नै हातले तिनलाई वस्त्राभूषण लगाएर बिदा गर्नुभयो । धन्य !

दयालुता– भगवान् श्रीरामलाई दयासागर भनौं भने पनि उहाँको अपरिमित दयाको तिरस्कार नै हुन जान्छ । जीवहरूमाथिको उहाँको दया कल्पनातीत छ । मानिसले जतिसुकै उच्च कल्पनाले उहाँको दयालुताको अनुमान लगाए पनि भगवान्को दया त्यसभन्दा अनन्त गुना बढी मात्र होइन कि असीम र अनन्त पनि छ । भगवान् वस्तुतः दयामय नै हुनुहुन्छ–

है तुलसिहि परतीति एक प्रभु मूरति कृपामयी है

श्रीमद्भगवद्गीतामा भगवान् भन्नुहुन्छ– **सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति** । मलाई सबै भूतहरूको सुहृत् ठानेर मनुष्य शान्ति प्राप्त गर्दछ ।

अवश्य नै भगवान्को दया दुई रूपहरूमा सामुन्ने आएको छ । कहीं उहाँ प्रेमको रूपमा दर्शन दिनुहुन्छ, कतै दण्डको रूपमा । राक्षसहरूलाई भगवान्ले मार्नुभयो, तर होइन, वास्तवमा तारिदिनुभयो । भगवान्को क्रोध पनि मुक्तिदाता हो । भगवान्को हातबाट जति राक्षसहरू मरे, सबैले दुर्लभ गति प्राप्त गरे । केही नमूना हेर्नुहोस्–

ताडका– **एकही बान प्राण हरि लीह्ना ।**
दीन जानि तहि निज पद दीह्ना ।।

विराध– **तुरत ही रुचिर रूप तेहिं पावा ।**
देखि दुखी निजधाम पठावा ।।

खर-दूषण– **राम-राम कहि तनु तजहिं पावहिं पद निर्वान ।**

मारीच– **अन्तर प्रेम तासु पहिचाना ।**
मुनिदुर्लभ गति दीह्नि सुजाना ।।

कुम्भकर्ण– **तासु तेज प्रभु वदन समाना ।**

रावण– **तासु तेज समान प्रभु आनन ।**

सबै राक्षसहरू– **रामाकार भए तिह्नके मन ।**
मुक्त भए छूटे भवबन्धन ।।

दया गरेर भगवान्ले यी सबलाई मारेर तारिदिनुभयो ।

प्रेमद्वारा त उहाँले धेरैलाई आफ्नू गराउनुभयो । सारा वानर भालुहरूलाई त्यो गौरव दिनुभयो, जुन ठूला-ठूला मुनिहरूलाई पनि दुर्लभ हुन्छ ।

प्रभु तरु तर कपि डार पर ते किए आपुसमान ।
तुलसी कहूँ न रामसे साहिब शीलनिधान ॥

गौतम मुनिकी पत्नी अहल्या पतिको सरापले गर्दा शिला भएकी थिइन् । ती बिचरीमा यति पनि शक्ति थिएन कि आर्त भएर भगवान्को पुकार गर्न सकून् । तिनको दीन दशा देखेर दयामय भगवान्ले स्वयं नै उनीछेउ गएर चरणस्पर्शद्वारा उनको उद्धार गर्नुभयो र केवटलाई चरण पखाल्न लगाई आफ्नो सुरमुनिदुर्लभ चरणोदक दिएर उसलाई परिवारसहित तारिदिनुभयो ।

पद पखारि जलुपान करि आपुसहित परिवार ।
पितरु पारु करि प्रभुहि पुनि मुदित गयउ लेइ पार ॥

दण्डकवनलाई स्वयं गएर शापमुक्त पार्नुभयो । त्यहाँ एक स्थानमा ऋषिहरूको हाडको थुप्रो देखेर प्रभु दयावश हुनुभयो ।

अस्थिसमूह देखि रघुराया । पूछि मुनिन्ह लागि अति दाया ॥

मुनिहरूले दुःखी मन गरी भने– भगवन् !

निसिचर-निकर सकल मुनि खाए ।
सुनि रघुवर नयनजल छाए ॥

राक्षसहरूको समूहले सारा मुनिहरूलाई खाइदिए । हाडहरूको यो थुप्रो तिनै मुनिहरूको अस्थि हो । यो सुनेर उनका दुःख देखी श्रीरामको आँखामा आँसु भरियो र उहाँले प्रतिज्ञा गर्नुभयो–

निसिचरहीन करहुँ महि भुज उठाइ पन कीन्ह ।

दीन सुग्रीवलाई बालिको महान् अत्याचारबाट बचाउनुभयो । अङ्गदलाई दीन ठानेर आफ्नो गराउनुभयो र उसैलाई युवराजपद दिलाउनुभयो ।

गिद्धराज जटायुमाथि जो दया भयो, त्यो त सर्वथा अनौठो छ । रावणद्वारा घाइते भएर जटायु दीन दशामा लडिरहेछन् । श्रीराम उनको नजीक पुग्नुहुन्छ र उनको दीन दशा देखेर दुःखी हुनुहुन्छ, उठाएर उनलाई आफ्नू काखमा लिइहाल्नुहुन्छ र आँखा-

भरि आँसु गरी आश्वासन दिंदै आफ्नो कोमल करकमलले उनको मस्तक सुम्सुम्याउँदै निजलाई सुखी तुल्याउनुहुन्छ । कुनै कविले कति सुन्दर वर्णन गरेका छन्–

दीन मलिन दयालु विहँग पर्‍यो महि सोचत खिन्न दुखारी ।
राघव दीनदयालु कृपालुको देख दुखी करुना भइ भारी ।।
गीधको गोदमें राखि कृपानिधि नैन सरोजनमें भरि वारी ।
वारहिंवार सुधारहिं पङ्ख जटायुको धूरि जटानसों झारी ।।

श्रीराम भन्नुहुन्छ– 'हे तात ! तपाईं यहाँ नै अरू केही दिन जीवन-धारण गर्नुहोस् र मलाई पिताजीको सुख दिनुहोस् ।' गिद्ध महाचतुर थिए, उनले भने–

जाकर नाम भरत मुख आवा ।
अधमउ मुक्त होइ श्रुति गावा ।।
सो मम लोचन गोचर आगें
राखौं देह नाम केहि खाँगें ।।

यति भनेर भगवान्कै काखमा उहाँतर्फ नै निर्निमेष हेर्दै मुखले श्रीरामको पवित्र नामको उच्चारण गर्दै जटायुले मुनिदुर्लभ शान्ति प्राप्त गरे। त्यसपछि ती दयामय प्रभुले आफ्नै हातले तिनको अन्त्येष्टिक्रिया त्यस किसिमबाट गरिदिनुभयो जुन किसिमले आफ्नू पिताको गरिन्छ ।

पितु ज्यों गीध क्रिया करि रघुपति अपने धाम पठायो ।
ऐसे प्रभुहिं बिसारि तुलसी शठ तूँ चाहत सुख पायो ।।

प्रजावत्सलता– भगवान् श्रीराम आफ्ना सुन्दर व्यवहार र वत्सलतापूर्ण क्रियाहरूद्वारा प्रजाको यति धेरै प्रेमभाजन हुन पुग्नुभयो, जुन उहाँको वनगमनका वेलाको तैयारीबाट विदित हुन्छ । राज्याभिषेकको उत्सवले गर्दा तमाम प्रजामा आनन्द फैलेको छ । प्रजामा हर्षको सागर उर्लन्छ । अचानक दृश्य बदलिन्छ । श्रीराम लक्ष्मण र सीताजी-लाई साथ लिई मुनिवेशमा वनतर्फ जान लाग्नुभएको छ । प्रजाले यो दृश्य हेर्न सकेनन् । प्रजा पनि यस किसिमको विरहदुःख खप्न नसकेर उनीहरूकै साथ लागे । श्रीराम तिनीहरूलाई धेरै किसिमबाट सम्झाउनुहुन्छ तापनि प्रेमवश कोही पनि अयोध्यामा बस्न चाहँदैन ।

सबहिं बिचारु कीन्ह पनमाहीं ।
राम लखन सिय बिनु सुख नाहीं ।।
जहाँ उम तहँ सबुइ समाजू ।
बिनुरघुवीर अवध नहीं काजू ।।

यही निश्चय गरेर बालक र वृद्धहरूलाई घर-घरमै छाडी सबै मानिसहरू श्रीरामका साथ लागे ।

बालक बृद्ध बिहाइ गृहँ सब साथ ।

आखिर श्रीरामजी तिनीहरूलाई सुतेका अवस्थामै छाडेर अगाडि बढ्नुपऱ्यो । जब श्रीभरतजी चित्रकूट जान लागे, तब प्रजामा श्रीराम-दर्शनको यति उत्सुकता बढ्यो कि घरको रखवारीको लागि कसैले घर बस्न स्वीकार गरेनन् । जसलाई घर बस्नको लागि भनिन्थ्यो उही आफ्नो गर्धन काटिन लागे जस्तो अनुभव गर्थ्यो ।

जेहि राखहि रघु घर रखवारी ।
सो जाइन जन गरदनि मारी ।

सबै भरतजी सँगै चित्रकूट गए ।

जब श्रीराम लङ्काविजय गरेर फर्कनुभयो, त्यसवेला प्रजाको हर्षको सीमा नै रहेन । समाचार पाउनासाथ ती सबै नर-नारीहरू जो जसरी बसेका थिए, त्यस्तै अवस्थामा उठेर दौडे । श्रीरामजीलाई लक्ष्मणजी तथा जानकीजीसहित देखेर अयोध्या-वासी हर्षित भए । तिनको वियोग-जनित विपत्ति नष्ट भयो । सब मानिसहरूलाई प्रेम-विह्वल तथा भेट्नलाई अति आतुर देखेर भगवान् श्रीरामले एक चमत्कार गरिदिनुभयो । त्यसवेला कृपालु श्रीरामजीले असङ्ख्य रूपहरूमा प्रकट भएर सबैसँग एकैसाथ यथायोग्य भेट गर्नुभयो । श्रीरामले कृपादृष्टि लगाई सबै नर-नारीहरूलाई शोकरहित तुल्याइदिनुभयो । भगवान्ले क्षणमात्रमा नै यसप्रकार सबैसँग भेटघाट गर्नुभयो । शिवजी भन्नुहुन्छ– हे उमा ! यो रहस्य कसैले थाहा पाएनन्–

प्रभु विलोकि हरषे पुरवासी ।
जनित वियोग विपति सब नासी ।।
प्रेमातुर सब लोग निहारी ।
कौतुक कीन्ह कृपाल खरारी ।।

अमित रूप प्रगटे तेहि काला ।
जथाजोग मिले सबहि कृपाला ॥
कृपादृष्टि रघुवीर विलोकी ।
किए सकल नर-नारी बिसोकी ॥
छनमहिं सबहि मिले भगवाना ।
उमा मरम यह काहुँ न जाना ॥

साँच्चिकै सोध्नुहुन्छ भने प्रजाको सुख र सन्तोषका निमित्त नै श्रीरामले राज्यपद स्वीकार गर्नुभयो र वास्तवमा यही आदर्श हो । जो प्रजाको सुखका निमित्त नै राजा बन्दछ त्यही आदर्श राजा हो । अवधवासीहरूको त कुरै भएन, जहाँ प्रेमपरवश स्वयं भगवान् राजा बन्नुभएको छ । श्रीशिवजी भन्नुहुन्छ–

उमा अवधवासी नरनारि कृतार्थ रूप ।
ब्रह्म सच्चिदानन्दघन रघुनायक जहँ भूप ॥

उहाँको प्रजावत्सलताको एउटा यस्तो उदाहरण छ जसको तुलना संसारमा कतै छैन । जुन सीताजीका निमित्त स्वयं वन-वनमा विलाप गर्दै भौंतारिनुभयो, जसका निमित्त रावणसँग घोर युद्ध गर्नुभयो, तिनै सीताजीलाई प्रजारञ्जनका निमित्त हृदयलाई अत्यन्त कठोर बनाई निर्दोष जान्दा-जान्दै पनि उहाँले वनमा पठाइदिनुभयो । धन्य !

श्रीरामका गुणहरूको गाथा गाएर को पूरा गर्न सक्छ ! उहा परम दयालु, परम प्रेमी, परम सुहृद्, परम संयमी, परम कल्याणाश्रय, महान् वीर्यवान्, महान् बुद्धिमान्, शस्त्रविद्याविशारद, सौन्दर्य-माधुर्यको निधि, कान्तिमान्, धृतिमान्, जितेन्द्रिय, अत्यन्त गम्भीर, परम विनयी, महान् धीर, अनुपम प्रियदर्शन, मधुरभाषी, महान् क्षमाशील, परम उदार, परम ब्रह्मण्य, आदर्श सत्यवादी र सत्यव्रती, कुसुमभन्दा पनि कोमल तर कर्तव्यपालनमा वज्रभन्दा पनि कठोर, परम यशस्वी, सर्वशास्त्र-तत्त्वज्ञ, महान् प्रतिभाशाली, आदर्श पुत्र, आदर्श शिष्य, आदर्श पति, आदर्श दाज्यू, आदर्श स्वामी, आदर्श राजा, आदर्श मित्र, आदर्श शूरवीर, आदर्श आश्रयदाता, आदर्श गुणवान्. आदर्श सदाचारी, आदर्श धर्मव्रती, आदर्श त्यागी, नीति-परायण, साधुजन-प्रिय, परम प्रतापवान्, धर्मरक्षक, सर्वप्रिय, सर्वान्तर्यामी र सर्वशक्तिमान् हुनुहुन्छ ।

सत्यवादिताको सम्बन्धमा त उहाँले स्वयं घोषणा गर्नुभएको छ–

रामो द्विर्नाऽभिभाषते ।

—बाल्मीकिरामायण, अयोध्याकाण्ड

"राम दुईपटक बोल्दैन" अर्थात् एकपटक जो भनिदिनुभयो त्यो निश्चित भयो ।

धर्म-परायणताको क्रियात्मक उदाहरण त उहाँको समस्त जीवन नै हो । साक्षात् भगवान् हुनुभए तापनि धर्मको मर्यादारक्षाका निमित्त उहाँ नियमित रूपले सन्ध्या, अग्निहोत्रादि कर्म स्वयं गर्नुहुन्छ । वर्णाश्रमका अनुसार ब्राह्मणहरू ऋषिहरू तथा गुरुजनहरूको पूजा गर्नुहुन्छ, यज्ञयागादि गर्नुहुन्छ, मन्दिरहरूको स्थापना र मूर्ति-पूजा गर्नुहुन्छ, श्राद्ध-तर्पणादि क्रिया सावधानीसाथ गर्नुहुन्छ ।

चित्रकूटमा भरतजीका साथ गएका ऋषिमध्ये जाबालिनामक एक ऋषि हुनुहुन्थ्यो । उहाँ महाराज दशरथजीको सभाको एक प्रधान सदस्य हुनुहुन्थ्यो । श्रीराम-जीको अयोध्या फर्कने कुराबारे सम्झाउँदै उनले केही यस्तो कुरा गर्नुभयो जुन नास्तिक-वादको समर्थन गर्दथ्यो । उहाँका कुरा सुनेर मर्यादा-पुरुषोत्तम श्रीराम सहजै उहाँमाथि केही रुष्ट हुनुभयो र उहाँले मुनिलाई लतारेर चर्कै कुरा भन्नुभयो—

निन्दाम्यहं कर्म कृतं पितुस्तद्
यस्त्वामगृह्णाद् विषमस्थबुद्धिम् ।
बुद्ध्याऽनयैवंविधया चरन्तं
सुनास्तिकं धर्मपथादपेतम् ॥

"यस किसिमको बुद्धिले आचरण गर्ने तथा परम नास्तिक एवं धर्ममार्गबाट हट्नुभएका तपाईंलाई मेरा पिताजीले जो आफ्नू याजक बनाउनुभयो, म उहाँको यस कार्यलाई निन्दा गर्छु, किनभने तपाईं कुबाटोमा स्थित बुद्धि भएका हुनुहुन्छ।" यी कुराबाट श्रीराम नास्तिकवादलाई कति खराब ठान्नुहुन्थ्यो, विदित हुन्छ । नास्तिकवादको निन्दा गर्दा श्रीरामले ती पिताका कामहरूको निन्दा गर्नुभयो, जसका वचनहरूको रक्षाका खातिर आज वनमा बसिरहनुभएको छ । 'म नास्तिक होइन, मैले त केवल तपाईंलाई फर्काउने तर्कको किसिमबाट ती कुराहरू भनेको थिएँ र मेरो मत यो होइन' भनी अन्तमा जाबालि ऋषिले भन्नुभयो र गुरु बसिष्ठजीद्वारा जाबालिको यस कथनको समर्थन भएपछि भगवान् श्रीराम शान्त हुनुभयो ।

भगवान् श्रीरामका सबै भाव विलक्षण छन् । उहाँको जन्म, बालभाव, कुमारभाव, मिथिलाको मधुरभाव, वनको तापसभाव, लङ्काको वीरभाव, राजभाव, प्रेमभाव– सबै आदर्श महान् र अनुकरणीय छन् । उहाँको आदर्श जीवनबाट जो लाभ उठाउँदैन, त्यो अत्यन्त मन्दभागी हो । भगवान् श्रीरामका सबै गुण र आचरण आदर्श छन् । उहाँमा एउटा पनि यस्तो कुरा छैन, जो परम आदर्श र अनुकरण गर्न लायक नहोओस् । कहीं कुनै कुरा असङ्गत वा आफ्नो मनको प्रतिकूल भएजस्तो लागेमा त्यसको प्रधान कारण हो– श्रद्धाको कमी । श्रद्धा कम भएमा भगवान्को तत्त्व, रहस्य, गुण र प्रभावको ज्ञान हुँदैन, यसै कारणले उनको लीलामा भ्रमवश मनमा शङ्का हुन जान्छ । कुनै लीला नबुझिएको खण्डमा त्यसलाई छाडेर अन्यान्य आचरणहरूको अनुकरण र उनका उपदेशहरूको पालन अवश्य नै गर्नुपर्छ । भगवान्ले आफ्ना भाइहरूलाई र प्रजालाई जो परम-सुन्दर उपदेश दिनुभएको छ तिनको अक्षरशः पालन गर्ने चेष्टा गर्नुपर्छ र प्रभुको आज्ञा या उनको आचरणअनुसार यत्किञ्चित् पनि चेष्टा हुन गयो भने यसमा प्रभुको नै कृपा हो भन्ने ठान्नुपर्छ । भगवान्को यस कृपाको वारंवार लक्ष्य र अनुभव गर्दै क्षण-क्षणमा मुग्ध हुनुपर्छ । भगवान्को प्रत्येक लीलामा प्रेम, दया, क्षमा, सत्य आदि गुण भरिएका छन् । उहाँको अपिरिमित प्रभाव सब लीलाहरूमा व्याप्त छन् । यो निश्चय गरेर प्रत्येक क्रियामा उहाँको आदर्श व्यवहार, उहाँको महान् गुण, उहाँको प्रभाव, तत्त्व र रहस्यको चिन्तन गर्दै तथा उहाँको अमृतमय रूप-लावण्ययुक्त मनोमोहिनी मूर्तिको प्रत्यक्षवत् ध्यान राख्दै सदा प्रसन्न हुनुपर्छ । ती पुरुष धन्य हुन् जो साक्षात् पूर्णब्रह्म परमेश्वरको नाम, रूप, गुण, चरित्र, प्रभाव, तत्त्व र रहस्य सम्झी प्रेम र आनन्दमा तन्मय हुँदै संसारमा उनको अनुकरण गरी घुम्छन् । यो पृथ्वी धन्य हो जहाँ यस्ता पुरुष निवास गर्छन् । यस्ता साक्षात् कल्याणमय पुरुषहरूको जो दर्शन, भाषण, स्पर्श, स्मरण र सङ्गलाभ गर्छन्, ती पनि पवित्र भइहाल्छन् । यस्ता पुरुषहरूको चरण जहाँ पर्न जान्छ, त्यो देश तीर्थ हुन जान्छ र त्यहाँ प्रेम, आनन्द र शान्तिको स्रोत बग्न थाल्दछ । त्यो कुल धन्य, जगत्पूज्य र परम पवित्र हो जहाँ यस्ता भगवत्प्राण पुरुषरत्न उत्पन्न हुन्छन् । भगवान् शिव भन्नुहुन्छ–

सो कुल धन्य उमा सुनु जगतपूज्य सुपुनीत ।
श्रीरघुवीर-परायन जेहिं नर उपज विनीत ।।

उपसंहार– पाठकहरूलाई स्मरण होला– उपासना दुई भेदहरूमा विभक्त गरिएको थियो– एक **भक्ति** दोस्रो **योग** । भक्तिको संक्षिप्त विचार यहाँ समाप्त हुन्छ। यस विषयको उपसंहारभन्दा पहिले स्पष्ट शब्दमा यति भन्नैपर्ला– **भगवत्प्राप्तिमै मानव-जीवनको सार्थकता छ** । मानव-शरीर परमात्माको प्राप्तिका निमित्त पाइएको छ। परमात्माको प्राप्ति नै जीवन्मुक्ति, तत्त्वज्ञान, मोक्षप्राप्ति, प्रेमप्राप्ति, पूर्णताप्राप्ति र कृतकृत्यता आदि नाउँले अभिहित हुन्छ। स्थूल रूपले मानव र मानवेतर प्राणीहरूमा कुनै अन्तर छैन । सबैका शरीर पाञ्चभौतिक छन् । तिनमा शरीरधारी जीवमात्र एक परमेश्वरको अंश हो, चिन्मय हो– **ममैवांशो जीवलोके (श्रीमद्भगवद्गीता १५)** – योनिहरू दुई प्रकारका छन्– १. **भोगयोनि** २. **कर्मयोनि**। मानवयोनि कर्मयोनि या साधनयोनि हो। यसै योनिलाई तुलसीदासजीले **स्वर्ग नरक अपवर्ग निसाना** भनेका छन् । मानवयोनिको यो महत्ता छ कि यसै योनिमा गरिएका कर्मानुसार मुक्ति अथवा देवयोनि, स्थावरयोनि, पशु-पन्छी, कीट-पतङ्गादि योनिहरू प्राप्त हुन्छन् । मनुष्य-योनिमा गरिएका कर्महरूका अनुसार नै भोगहरूको विधान हुन्छ। मानवयोनिमा कर्म गर्ने पूर्ण स्वतन्त्रता छ। अन्य योनिहरूमा जीव आफ्ना पूर्वकृत शुभाशुभ कर्महरूका अनुसार प्राप्त भएका सुखदुःखादि भोगहरू भोग्दै संसारचक्रमा घुमिरहन्छ।

आकर चारि लच्छ चौरासी ।
जोनि भ्रमत मह जीव अविनासी ॥

अन्य योनिहरूमा जीवलाई कर्म गर्ने स्वतन्त्रता नभएबाट त्यहाँ त्यसका निमित्त मुक्तिमार्ग अवरुद्ध भएका हुन्छन् । जीवमात्रमाथि अकारण स्नेह राख्नुहुने भगवान् सर्वेश्वर कुनै दिन कृपा गरेर जीवलाई सदाका निमित्त दुःख-परम्पराबाट छुटकारा पाउन प्रयत्न गर्ने अवसर प्रदान गर्न मनुष्ययोनि प्रदान गर्नुहुन्छ–

कबहुँ करि करुना नरदेही ।
देत ईस बिनुहेतु सनेही ॥

केही मानिसहरूको भनाइ छ– मानवले आफ्नो जीवनको एक ध्येय बनाउनु-पर्छ। ध्येय बनाएबाट तदनुसार चेष्टा हुन्छ– क्रिया हुन्छ। उनको यो कथन ठीक पनि हो, तर विचार गरी हेर्दा थाहा पाइएको छ– भगवान्ले पहिले नै मानव-जीवनको ध्येय निश्चित गरिदिनुभएको छ। भगवान् पहिले जीवका निमित्त ध्येय निश्चित गर्नुहुन्छ, तदनन्तर उक्त ध्येयको सिद्धिको निमित्त त्यस जीवलाई मानव-शरीरको प्राप्ति गराउनु

हुन्छ । अतः मानवलाई कुनै नयाँ ध्येय बनाउने आवश्यकता छैन । आवश्यकता छ पूर्व-निश्चित ध्येय या लक्ष्यलाई चिन्ने । भगवान्‌ले सोद्देश्य मानवजन्म दिएका छन् । **यो जीव आफ्नो कल्याण-साधन गरोस्** भन्ने विचार गरीकन भगवान्‌ले उसलाई मनुष्य-योनिमा पठाउनुभयो र मुक्ति या उद्धारका समस्त साधन यस योनिमा जुटाइदिनुभएको छ– यस्ता साधन जो अत्यन्त सुलभ, र सर्वथा महत्वपूर्ण छन् । यसैले मानवयोनि **साधनधाम मोक्षको द्वार** तथा **भवसागरको नौका या जहाज** भनिएको छ–

साधनधाम मोच्छ करद्वारा ।

नरतन भव वारिधि कहुँ बेरो । सन्मुख मरुत अनुग्रह मेरो ।।'

अब यहाँ प्रश्न उठ्दछ – जब मानिस एक निश्चित ध्येय लिएर उत्पन्न हुन्छ, तब त्यो उक्त ध्येयलाई नसमातेर अन्य दिशाहरूमा किन भौंतारिन लाग्छ ? जब ऊ परमात्माको प्राप्तिको पुनीत लक्ष्यलाई लिएर आउँछ, तब त्यस लक्ष्यको प्राप्तिका साधनहरूमा नै किन लाग्दैन ? उसबाट किन त्यस ध्येयको विरुद्ध क्रियाको सम्पादन हुन थाल्दछ ? यी प्रश्नहरूको एकमात्र उत्तर यही हो– ऊ आफ्नो पूर्व-निर्धारित लक्ष्य बिर्सिदिन्छ, उसलाई त्यसको विस्मृति भइहाल्छ । यो विषय अर्जुनको उदाहरण अघि सारेर बुझ्न सकिन्छ । जब भगवान् श्रीकृष्णले अर्जुनलाई सोध्नुभयो– "अर्जुन ! के तिमीले गीताका उपदेश एकाग्र भएर सुन्यौ ? के तिम्रो अज्ञानजनित मोह नष्ट भयो ?" तब अर्जुन हर्षविस्फारित नयनहरूले भगवान्‌पट्टि हेर्दै यसप्रकार उत्तर दिन्छन्– "भगवन् ! मेरो मोह नष्ट भयो । मैले स्मृति प्राप्त गरें । यो सब हजूरकै प्रसादबाट हुन आयो । अब म आफ्नो पूर्वस्थितिमा आइपुगेको छु ।"

यहाँ **स्मृति**को अर्थ न त **अनुभव** हो न **नूतन ज्ञान** नै । पहिले कुनै समयमा कुनै अनुभूति भएको थियो, कुनै ज्ञान भएको थियो, तर त्यो मोहको आवरणले आच्छादित भएर विस्मृत हुन गएको थियो । भगवान्‌को ज्ञानोपदेशद्वारा मोहको त्यो आवरण नष्ट हुन गयो र पूर्वचेतना पुनः प्रकाशित भयो– बिर्सिएका कुरा सम्झिए । वैशेषिकहरूले पनि स्मृतिको लक्षण यस्तै नै मानेका छन्– **संस्कारमात्रजन्यं ज्ञानं स्मृतिः** । (तर्कसंग्रह) ।

यसै प्रकार योगदर्शनका रचयिता महर्षि पतञ्जलिले पनि **अनुभूति विषयासम्प्रमोषः स्मृतिः** (अनुभव गरिएको विषय ननासिनु अर्थात् प्रकट हुनु स्मृति हो) भन्ने लेखेर पूर्वानुभूत विषयका साथै नै स्मृतिको तादात्म्य हुनु बताएका छन् । अर्जुनको **स्मृतिर्लब्धा (श्रीमद्भगवद्गीता १८।)**– यो वचन पनि यसै अभिप्रायको पोषक हो । यसबाट ज्ञात हुन्छ– अर्जुनले निश्चित रूपले लक्ष्य बिर्सिसकेका थिए । त्यस लक्ष्यको

विस्मृतिमा मुख्य कारण थियो मोह, जसलाई भगवान्‌ले नै **कश्चिदज्ञानसम्मोहः प्रणष्टस्ते धनञ्जय** भनेर प्रश्न गर्नुभएको थियो । **मोह** शब्दको प्रयोगले अरू पनि स्पष्ट रूपबाट उपर्युक्त भावको पुष्टि गर्दछ । व्याकरणका अनुसार **मोह** शब्द **मुहवैचित्ये** धातुबाट बनेको छ । **वैचित्ये** पदमा ध्यान दिएमा यो पत्ता लाग्दछ– **विचेतनता–विगत चेतनता**को नाउँ नै मोह वा **वैचित्य** हो । अतः सिद्ध हुन्छ– पहिले त अर्जुनको चेत रहेको थियो, तर पछि त्यो मोहले ग्रस्त हुन पुग्यो । मोह छुट्नाको अर्थ हो– पूर्वचेतनाको प्राप्ति । जबसम्म त्यसको बुद्धि मोहको भासबाट निस्कँदैन, तबसम्म त्यो भगवदाज्ञा-पालनका निमित्त प्रवृत्त हुँदैन । **श्रीमद्भगवद्गीता** -(९।५२)- मा भगवान्‌ले– **यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति** भनेर यसैपट्टि अर्जुनलाई सङ्केत गर्नुभएको छ । पूर्णतः मोहनिवृत्त भएमा मात्र सम्यक् रूपमा चेतनाको प्राप्ति हुन्छ । अब अर्जुन मुक्तकण्ठले भन्दछन्– **स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ।। (श्रीमद्भगवद्गीता १८।)** उपर्युक्त विवेचनाबाट पत्ता लाग्दछ– जीवनको लक्ष्य, उद्देश्य अथवा ध्येय त पहिलेदेखि नै तयार भएको हो, त्यो बनाउनुपर्ने होइन । त्यसलाई चिन्नुपर्छ मात्र । चिनिसकेपछि त्यसको प्राप्तिको साधन सरल हुन पुग्छ । मुश्किल त चिन्न नसकुन्जेलसम्मको हो । मोहको यस्तो प्रबल महिमा छ कि मानव-जीवन प्राप्त गरिसकेपछि सचेत भएर मुक्तिका निमित्त प्रयत्न गर्ने मानिसलाई पनि कुनै वेला असावधान भेट्टायो भने त्यसले थिचिहाल्छ । उदाहरणको रूपमा महाभारतमा हामी देख्छौं– समरका सारा तयारीहरू पूर्ण गर्ने काममा अर्जुनको पूरा हात रहेको छ । कुरुक्षेत्रको धर्मभूमिमा कौरव र पाण्डवका सेनाहरू व्यूहाकार उभिएर शङ्खनादद्वारा युद्धको सूचना दिन्छन्, अर्जुन पनि आफ्नो देवदत्त शङ्खको नाद गर्दछन् । शस्त्रसम्पातको आरम्भ हुने वेला भइसकेको छ । अर्जुन पूर्ण सचेत छन्, तथा कर्तव्यपरायण क्षत्रिय झैं भगवान् कृष्णलाई आदेश दिन्छन्– **सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत । (श्रीमद्भगवद्गीता १)** 'भगवन् ! मेरो रथ दुवै सेनाहरूका बीचमा उभ्याइदिनुहोस् । म हेरूँ कि यस युद्धमा मैले कुन-कुन मानिसहरूसँग लडाइँ गर्नु छ ?' जोशले भरिएको यस्तो वीरोचित वचन सुनेर भगवान् रथ तत्काल दुवै सेनाहरूको बीचमा उभ्याई अर्जुनलाई कुरुवंशीहरूतर्फ हेर्न आज्ञा दिनुहुन्छ । अर्जुन जसै दुई सेनाहरूका बीचमा आफ्ना कुटुम्बीहरू, स्नेहीहरू, गुरुजनहरू तथा स्वजनहरूलाई नै युद्धका निमित्त सज्जित

भएका देख्दछन् त उनको मन विषादले भरिन्छ । युद्धको परिणाम युद्धभन्दा पनि भयङ्कर र दारुण प्रतीत हुन्छ । यस कुलक्षयबाट उनलाई सुखको कल्पना नभएर सर्वनाशको परम्परा खोलिएको अनुभव हुन्छ । उनको लागि आफ्नो जीवनको कुनै मूल्य रहेन र यस कुटुम्बह्रासको अपेक्षा आफ्ना निमित्त मृत्युको आकांक्षा श्रेयस्कर प्रतीत हुन लाग्दछ । उनलाई कर्तव्यमा अकर्तव्य, श्रेयमा अश्रेय र अर्थमा अनर्थको दर्शन हुन थाल्यो । ममता र आत्मीयताले गर्दा उनले यस्तो युद्धबाट विरत हुनुलाई नै श्रेष्ठतम कर्तव्य ठाने । भगवान् श्रीकृष्णले अर्जुनको यस दुर्धर्ष मोहलाई **क्लैव्य, कश्मल** आदि शब्दहरूद्वारा तथा **अनार्यजुष्टम् अस्वर्ग्यम् अकीर्तिकरम्** आदि पदहरूद्वारा त्यसको भयङ्कर परिणामहरू देखाएर निन्दा गर्नुभयो । तर अर्जुनउपर मोहको यस्तो गहिरो रङ्ग चढेको थियो कि उनले आफ्ना भावनाहरूलाई श्रेष्ठ माने र फेरि केही बोलेर तिनैको पिष्टपेषण गरे । पुष्ट प्रमाणहरूद्वारा आफ्ना वचनहरूमाथि जोर दिंदै भने– 'पूजाका योग्य पितामह भीष्म र आचार्य द्रोणलाई कसरी वाणद्वारा मार्न सकिन्छ ? मारेर गुरुजन-हिंसाको जघन्य अपराधपछि मलाई उहाँहरूको रगतले मुछिएको अर्थ-काममय भोग मात्रै त प्राप्त होला । धर्म, अर्थ वा मुक्ति त पाइने होइन !' यसप्रकार अर्जुनमाथि मोहले यस्तो अधिकार जमायो कि उनी कर्तव्यविमुख हुन गए । अन्ततः भगवान्ले गीताज्ञानको महान् उपदेश दिएर उनको मोह निवृत्त गरिदिनुभयो । यस-प्रकार गीता प्रत्येक मोहग्रस्त मानवको मोहनिवारक अमोघ उपाय हो ।

मानव जबसम्म आफ्ना निमित्त सुनिश्चित ध्येयको पूर्तितिर अग्रसर हुँदैन, तबसम्म त्यो अन्य सामान्य जीवयोनिहरूबाट विशिष्ट कोटिमा पुग्न सक्तैन । अतः मनुष्यले आफ्नो उद्धार वा कल्याणको लागि आफ्नो विस्मृत चेतना पुनः प्राप्त गर्न प्रयत्नरत हुनामा नै मानवताको सार्थकता सम्झनुपर्छ । जुन कामका निमित्त यो दुर्लभ मनुष्य-शरीर प्राप्त भएको छ,त्यसको साधन नगरी मानव-शरीर, इन्द्रिय र प्राणहरूलाई मुख्यतः मान्नाले भोग-सामग्रीहरूमा आसक्त भएर मानवले सो कुरा बिर्सिदिएको छ । जनसाधारणको यस्तै स्थिति प्रायः देखिन आएको छ । वस्तुतः ध्यान दिएर हेरेको खण्डमा थाहा पाइन्छ– मनुष्यको जति क्रियाशीलता यस विरोधी दिशामा छ, त्यति नै विवेकपूर्ण क्रियाशीलताद्वारा मुक्ति, अथवा उद्धारको मार्ग पनि प्रशस्त हुन सक्छ । तर भइरहेको के छ ? मानव आफ्नो लागि कहिले स्वर्गको, कहिले अर्थको, कहिले भोगको र कहिले यशको प्राप्तिको निमित्त नाना प्रकारका योजनाहरू बनाउनमा व्यस्त छ । यसप्रकार

त्यो सम्झन्छ– जीवनको मूल्य केवल यत्ति नै हो। यसप्रकार फेरि स्वयंलाई आवागमन-चक्रमा हाल्ने कुचक्र ऊ स्वयं नै तैयार पार्छ। **श्रीमद्भगवद्गीतामा** भनिएको छ –

उद्धरेदात्मनाऽऽत्मानं नाऽऽत्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥

(अध्याय ६)

अर्थात् मनुष्यले स्वयम् आफ्नो उद्धार गरोस्, स्वयम् आफूलाई अवनतिको खाडलमा पर्न नदेओस्। त्यो स्वयम् आफ्नो बन्धु तथा स्वयम् आफ्नो शत्रु हो।– आजको मानवले आत्माको उद्धारका निमित्त यत्न नगरेर स्वयम् आफूप्रति शत्रुता गरिरहेछ। आज जसलाई अलिकता भौतिक सम्मान प्राप्त छ, ऊ अझ बढी सम्मानको खोजीमा छ। धनिक अझ बढी धनको खोजीमा छ। ग्रन्थकार मृत्युपछिको अमर कीर्तिको अभिलाषामा डुबेको छ। ठूलठूला भवनका निर्माताहरू आफ्नो भौतिक कीर्ति चिरस्थायी तुल्याउने स्वप्न देख्छन् र धर्मोपदेष्टा आफ्नो प्रसिद्धिको वातावरण बनाउनामा संलग्न छन्। यसप्रकार मानवको सारा प्रयत्न ध्येयको प्राप्तिको लागि नभएर त्यसको उल्टो दिशातिर जानको लागि भइरहेछ। परिणाम छर्लङ्ग छ– त्यस दिशामा जति विशेषताको उत्कट आकांक्षा गरिन्छ, मानवताको वास्तविक लक्ष्यभन्दा ऊ त्यति नै बढी टाढा भइरहेछ, किनभने यी सारा कुराहरू व्यक्तित्व-(अहङ्कार)-लाई दृढ गराउन सहायक छन्, वास्तवमा मनुष्यले व्यक्तित्वलाई हटाएर त्यस स्थानमा आफ्नो स्वरूपको प्रतिष्ठा गर्नुपर्थ्यो। उसको सारा प्रयत्न चिन्मयताको प्राप्तिको निमित्त हुनु उचित हो।

जस्तै कोई मानिस तीर्थस्नानलाई जान्छ। मेलाभन्दा टाढा कुनै धर्मशालामा वास गर्छ। धर्मशालाको जग्गालाई आफ्नो लागि उपयोगी बनाउने, भान्साको राम्रो प्रबन्ध गर्ने तथा अन्यान्य सुखभोगका सामान जम्मा गर्ने आदि काममा यति तन्मय हुन्छ कि तीर्थस्नान, देवदर्शन, तीर्थदर्शन, मेला-महोत्सव र साधु-समागम आदि कुनै काम पनि ऊ गर्न पाउँदैन। यस्ता मान्छेलाई हास्यास्पद नै त भन्नुपर्‍यो नि। यस्तै किसिमबाट मनुष्य आएको त छ भगवत्प्राप्तिको लागि, तर व्यस्त भयो संग्रह र भोग भोग्ने आदि काममा। भोगको प्राप्ति हाम्रो लक्ष्य होइन, तर प्रयत्न भने त्यसैका निमित्त हुन्छ। **भगवान्को प्राप्ति नै मानव-जीवनको मुख्य लक्ष्य हो, तर त्यसको लागि कुनै प्रयत्न भइरहेको छैन। शरीर, इन्द्रियहरू, प्राण, मन, बुद्धि, धन, वैभव, भोग आदि पदार्थ साधन मात्र हुन्, तर यिनलाई साध्य बनाएर जुन वास्तविक साध्य हो, त्यसको उपेक्षा सबै किसिमबाट**

गरिएको छ ।

भगवान्‌ले जीवको कल्याणको लागि चार पुरुषार्थ निश्चित गरिदिएका छन्– धर्म, अर्थ, काम र मोक्ष । यी चारै पुरुषार्थहरूको विस्तारका क्षेत्र हुन्– चारै वर्ण र चारै आश्रम । पुरुषार्थहरूद्वारा नै यिनको अनुष्ठान हुन्छ । चार पुरुषार्थ नै चार इच्छा-हरू हुन् र यिनको प्राप्तिका दुइटा साधन मान्न सकिन्छ । काम र अर्थको प्राप्तिमा प्रारब्धको प्रधानता रहन्छ तथा धर्म र मोक्षको प्राप्तिमा उद्योगको अर्थलाई कामप्रवण बनाइयो भने, कामको पूर्तिप्रति उन्मुख गरिदियौं भने अर्थको नाश भइहाल्छ । धर्मलाई कामसँग मिलाइदिएको खण्डमा त धर्मको नाश हुन्छ । यसको विपरीत यदि अर्थलाई धर्ममा मिलाइदियौं भने त्यो धर्मको रूपमा परिणत हुन्छ । धर्मलाई अर्थमा लगाइ-दिएको खण्डमा त्यसले अर्थको रूप धारण गर्ला । यसप्रकार धर्म र अर्थ एक-अर्काका पूरक र उत्पादक हुन् । तर यिनीहरूलाई कामसँग जोड्ने प्रयत्न गऱ्यौं भने दुवैको नाश हुन्छ र कामनाको अभावमा गरिएको धर्म र अर्थ दुवैको अनुष्ठान मुक्तिमा सहायक हुन जान्छ । निष्काम भावले गरिएको कामको आचरण (विषय-सेवन)-ले पनि मुक्तिको मार्ग प्रशस्त गर्नेछ । त्यसकारण मानवले निष्काम भावले आसक्तिरहित भई धर्मपूर्वक अर्थ-कामको आचरण गर्नुपर्छ । अर्थको सद्व्यय गर्नुपर्छ र अनासक्त भावले धर्मानुकूल कामसेवनमा प्रवृत्त हुनुपर्छ । यस्तै प्रगति नै सत्य मानवताको दिशामा प्रगति कहिन्छ ।

यस्तै प्रकारले चारै वर्णहरू आफ्नो **श्रीमद्भगवद्गीतामा** उपदिष्ट धर्मको पालना गर्दै साँच्चीकैको मुक्ति अथवा सिद्धि प्राप्त गर्न सक्छन् । जसलाई आत्माको कल्याणको साधन गर्नु छ, त्यसले आफ्नो निमित्त यस द्वन्द्वात्मक जगत्‌को आँधीबेरीमा प्रभावित नभएर निश्चित कर्तव्यमार्गमा हिंड्नुपर्छ र सिद्धि प्राप्त गरेर मात्र सास फेर्नुपर्छ । भगवान्‌ले **श्रीमद्भगवद्गीतामा** भन्नुभएको छ– **स्वे स्वे कर्मण्यभरतः संसिद्धिं लभते नरः** (१८।४५) अर्थात् आफ्नो काममा अनासक्त भावले लागिरहने मानव सिद्धि प्राप्त गर्छ ।– ठीक यसरी नै चार आश्रम पनि मानवको ध्येयपूर्तिमा पूर्ण सहायक हुन्छन् । आश्रमहरूमा दुई आश्रम मुख्य हुन्– गृहस्थाश्रम र संन्यासाश्रम । ब्रह्मचर्याश्रममा गृहस्थाश्रमको तैयारी गरिन्छ र वानप्रस्थाश्रममा संन्यासाश्रमको । ब्रह्मचर्याश्रम प्रथम आश्रम हो । यसमा प्रविष्ट भई विद्योपार्जन र धर्मानुष्ठान गरेर यदि यहाँ नै कर्म- अर्थ-कामको इच्छाप्रति निर्वेद उत्पन्न भयो भने त सोझै **नैष्ठिक ब्रह्मचर्य**को व्रत लिएर मानव एक यसै आश्रममा रही आफ्नो कल्याण-साधन गरिहाल्छ । अर्थ-कामको इच्छा

विवेक-विचारद्वारा यस आश्रममा भेट्टाउन सकिएन भने त्यस **उपकुर्वाण ब्रह्मचारीका** निमित्त गृहस्थाश्रम राखिएको छ । यस आश्रममा बसेर मानव भोगहरूको तत्त्वज्ञान प्राप्त गर्न धर्मानुकूल अर्थ-कामको आचरण गरोस् । यो पनि साध्यको दिशातर्फको प्रवर्तन हो, जसबाट **धर्म ते विरति जोग ज्ञाना । ज्ञानमोच्छप्रद वेद बखाना** भन्ने कुरा सम्भव हुन्छ, किनभने धर्मानुसार गृहस्थाश्रमको अनुष्ठान गर्नाले वैराग्य हुनु अनिवार्य छ । सीमित भोगको अर्थ नै गृहस्थाश्रम हो । लक्ष्यलाई ध्यानमा राखी भोगहरूको तत्त्व जान्न विधि-विधानद्वारा सीमित भोग भोगेर गृहस्थ पुरुष तिनका तत्त्व बुझिसकेपछि ती भोगहरूबाट उपरत होओस् र परमात्माको प्राप्तिको साधनमा तत्परतासाथ लागोस् भनेर नै असीमित भोगहरूको प्रतीकको रूपमा सीमित भोग गृहस्थलाई प्राप्त हुन्छ । ती प्राप्त भोगपदार्थहरूद्वारा निष्काम भावले जनता-जनार्दनको सेवामा प्रवृत्त भएर त्यो सेवारूप साधनद्वारा पनि गृहस्थ परमात्मालाई प्राप्त गर्न सक्छ । जनता-जनार्दनको सेवा गर्ने वेलामा सेवाको सामग्री (धनादिउपकरण) तथा सेवाको साधन-(अन्तःकरण इन्द्रियादिहरू)-लाई पनि तिनैको (सेव्यको नै) सम्झनुपर्छ । 'यो सेवासामग्री जसको हो उनैको सेवामा लगाइरहेछु' भन्ने भाव दृढ भएपछि ती उपकरणहरूबाट आफ्नो सम्बन्ध-विच्छेद भइहाल्नेछ । **त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये** भन्ने भावले ती सब सेव्यमा समर्पित हुनेछन् । यस्तो भावना भएपछि बोध हुनेछ– आफूसित जति अवशिष्ट भोगसामग्री र तिनको संग्रह छ, ती केवल सेवाको उद्देश्य पूरा गर्न मात्र हो । तब तीप्रति आफ्नो ममताको सर्वथा अभाव हुनेछ । यसबाट जीवको जडता जड संसारमा मिल्नेछ र सर्वथा सम्बन्ध-विच्छेद भएपछि चेतन स्वरूपमा स्वतः स्थिति हुनेछ ।

यस तत्त्वलाई अधिक बोधगम्य बनाउने दृष्टिले यहाँ यो जान्नुपर्छ– इन्द्रियहरूको उपयोग तीन प्रकारको हुन्छ । (१) भोगहरूको तत्त्व जान्न, (२) तिनीहरूद्वारा अरूहरूको सेवा गर्न तथा (३) परमात्माको प्राप्तिको लागि शरीर-निर्वाह-क्रियाको सम्पादन गर्न । अब यिनको भिन्नाभिन्नै विश्लेषण गरिन्छ–

(१) **भोगहरूको तत्त्वज्ञान**– यहाँ तत्त्व जान्नुको अर्थ हो– भोगहरूमा सीमित सुख छ भन्ने कुरा बुझ्नु । भोगहरूमा सीमित सुखको मात्रा के हो? यसको अनुभवको निमित्त पनि हामीले त्यो भोगको अभावको दुःखको अनुभव गर्नुपर्नेछ, किनभने भोगको अभावको दुःख जति धेरै हुन्छ भोगले त्यति नै सुख प्रदान गर्नेछ । त्यसकारण अभावको पनि आवश्यकता पर्ने भयो । अभाव भएन भने सुख पनि हुने भएन । फेरि भोग भोग्दा

भोगशक्तिको नाश हुन्छ र भोगेच्छाले उत्तरोत्तर वृद्धि प्राप्त गर्छ। भोग्य पदार्थ अनित्य हुनाले नाशवान् छ, प्रतिक्षण नष्ट भइरहन्छ। भोग्य पदार्थहरू नष्ट भएपछि तिनको भोग्ने संस्कारहरूको स्मृति कष्टकारक हुन्छ। भोगहरूको तत्त्वको ज्ञान भोगहरू भोग्नाले उपलब्ध हुन्छ। गृहस्थाश्रमको मुख्य उद्देश्य यही हो।

(२) **अरूहरूको सेवाको भाव**– जबसम्म मानवलाई अनुकूल र प्रतिकूल पदार्थ-हरूको ज्ञान हुँदैन, तबसम्म त्यसले प्रतिकूल पदार्थहरू र क्रियाहरूको त्याग गरी अनुकूल पदार्थ र क्रियाहरूद्वारा अरूहरूको सेवा गर्न सक्तैन। **सेवा गर्दा सेवाका वस्तुहरूलाई व्यष्टिको नसम्झेर समष्टिको सम्झनुपर्छ। यसो हुँदा तिनीहरूप्रति भएको उसको ममता र आसक्तिको बन्धनबाट ऊ मुक्त हुन्छ। जबसम्म ममता र आसक्ति रहन्छ, तबसम्म अनुकूलता र प्रतिकूलताको द्वन्द्व बनिरहन्छ।**

(३) **शरीर-निर्वाह-क्रिया**– यसको अर्थ हो राग-द्वेषरहित भएर विषयहरूको सेवन गर्नु। भगवान्ले **श्रीमद्भगवद्गीतामा** भन्नुभएको छ–

रागद्वेषविमुक्तैस्तु विषयानिन्द्रियैश्चरन्।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति॥ (२।६४)

"आफ्नो वशमा गरिएका राग-द्वेषरहित इन्द्रियहरूद्वारा विषय सेवन गर्ने जीवात्मा पुरुष प्रसाद-(अन्तःकरणको प्रसन्नता)-मा प्राप्त हुनेछ।"

विषयहरूको राग-द्वेषपूर्वक चिन्तन गर्नाले मनुष्यको पतन हुन्छ, किनभने विषयहरूको ध्यानले प्राप्त मानव-हृदयमा आसक्तिको अंकुर उत्पन्न गरिदिन्छ र आसक्ति सबै अनर्थहरूको जड हो। यहाँसम्म कि आसक्तिद्वारा बुद्धि नष्ट भएपछि मानवको चरम विनाश भइहाल्छ। बुद्धिनाशात् प्रणश्यति तर रागद्वेषरहित भएर विषयहरूको सेवनले पनि प्रसादको प्राप्ति गराउँछ। यो विषय सेवन राग-द्वेषको त्याग र संयमका साथ केवल शरीर-निर्वाहमात्रको निमित्त हुनु जरूरी छ, भोगबुद्धिद्वारा होइन। तब मात्र यो मुक्तिको कारण हुन सक्छ। अस्तु।

गृहस्थाश्रमीले गृहस्थधर्मको पालन गरेर पनि परमात्माको प्राप्ति गर्न सक्छ– यो कुरा माथि भनिसकियो। अथवा उनले वानप्रस्थाश्रममा प्रवेश गरेर त्यहाँ तितिक्षा र संयमको उत्कट साधनामा लागेर परमात्माको प्राप्ति गरून् अथवा संन्यासको

योग्यता प्राप्त गरेर संन्यासाश्रममा प्रवेश गरून् । त्यहाँ बाहिरी र भित्री तवरले पनि त्यागी भएर निरन्तर ब्रह्मचिन्तन गर्दै परमात्माको प्राप्ति गरून् ।

जड-चेतनको ग्रन्थिको नाम नै जीव हो । त्यसैले मानवमा जड अंशलाई लिईकन सुखभोग तथा संग्रहको इच्छा हुन्छ र चेतन अंशलाई लिईकन मुमुक्षा अर्थात् भगवान्को प्राप्तिको इच्छा हुन्छ । **मुक्ति र भुक्तिका इच्छाहरूमा भोगहरूको इच्छा जति प्रबल भए पनि त्यसले परमात्माको प्राप्तिको इच्छालाई मेट्न सक्तैन । जडताले चेतनालाई केही कालसम्म भलै आच्छादित गरोस्, तर त्यसको अस्तित्व मेट्न सक्दैन । बरु परमात्माको प्राप्तिको इच्छा प्रबल र उत्कट भयो भने भोगेच्छाको अस्तित्व लुप्त भएर जान्छ । किनभने भोग र त्यसको इच्छा दुवै नै अनित्य हुन् र परमात्मा र उनी प्रति प्रेम–यी दुवै नित्य हुन् । परमात्माको प्राप्तिको इच्छा नै भगवान्को प्रेमको स्वरूप बन्न जान्छ । प्रेम र भगवान् दुवै एक हुन्** । जबसम्म भोगहरूको यत्किञ्चित् इच्छा हुन्छ, त्यतिन्जेलसम्मलाई साधनावस्था भन्दछन् । जब परमात्माको प्राप्तिको इच्छा, मोक्षको इच्छा, प्रेमपिपासा मुख्य इच्छा बन्न पुग्छ, तब भोगेच्छा मेटिन्छ । त्यो मेटिएपछि नित्यप्राप्त परमात्माको प्राप्ति हुन्छ । यसप्रकार मानव सजिलैसँग आफ्नो लक्ष्य प्राप्त गर्छ र कृतकृत्य, प्राप्त-प्राप्तव्य र ज्ञात-ज्ञातव्य भइहाल्छ । अर्थात् उसले गर्न लायक सबै कुरा गरिसक्यो, प्राप्त गर्न योग्य सम्पूर्ण लक्ष्य पाइसक्यो र जान्न योग्य सब कुरा जानिसक्यो । यसैमा मानव-जीवनको सार्थकता छ ।

卐

3372

मुद्रक– मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं।